## पहिलो परिच्छेद

# शोधपरिचय

शोधपरिचय शीर्षकको यस पहिलो परिच्छेदअन्तर्गत **आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना** शीर्षकको प्रस्तुत विद्यावारिधि शोधकार्यसँग सम्बन्धित नारीवादी चिन्तन र नेपाली उपन्याससम्बन्धी पृष्ठभूमिलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ । त्यसपछि यस शोधका समस्या र उद्देश्यको कथनका साथै पूर्वकार्यको परिचयात्मक समीक्षा प्रस्तुत गरिएको छ अनि सम्बन्धित पूर्वकार्यको समीक्षा गरी यस शोधको औचित्यको पुष्टिका (१.१-१.६) साथै शोधसीमाङ्कन पनि गरिएको छ । त्यसपछि यस परिच्छेदअन्तर्गत प्रस्तुत शोधकार्यको शोधविधि र सैद्धान्तिक आधारको उल्लेख गरी शोध प्रतिवेदनस्वरूप यस शोधप्रबन्धको परिच्छेद-विभाजन र स्वरूपको पनि उल्लेख गरिएको छ (१.७-१.१०) ।

## १.१ पृष्ठभूमि

नारी (महिला,स्त्री या आइमाई) जीवनका बारेमा नारी हितकै कोणबाट नारीकै केन्द्रीयतामा गरिने चिन्तन नै नारीवाद हो । कसैले यसलाई समुदाय राजनीतिका अर्थमा लिएका छन्  अनि कसैले चाहिँ यसलाई चिन्तनका रूपमा अघि बढाएका छन् र त्यसले नारीवादी सिद्धान्तको प्रादुर्भाव गराएको छ । नारीहरू सम्बन्धित रहेका हरेक सामाजिक सन्दर्भसँग नारीवादको साइनो गाँसिइसकेको छ । हाल आएर समाजका हरेक सन्दर्भलाई पर्गेल्ने विभिन्न दृष्टिकोणमध्ये नारीवादी दृष्टिकोण पनि महत्त्वका साथ स्थापित भइसकेको छ ।

भाषिक कलाका रूपमा चिनिने साहित्य पनि अनेकौं सामाजिक सन्दर्भ मध्येको एक हो । यससँग मानव हुनुका नाताले नारीहरू पनि संलग्न बनेका  छन् र त्यसैगरी नारीवाद पनि सम्बन्धित हुन पुगेको छ। साहित्यमा नारीवाद सिर्जना र समालोचना दुवैतर्फ सम्बन्धित भइसकेको छ । परम्परागत साहित्य अधिकांशतः नारीप्रतिका सौन्दर्यपरक तथा शृङ्गारिक रुचि र कामवृत्तिबाट विशेष स्पर्शित रही नारीप्रतिका हेय भावनाबाट समेत सिर्जिएका छन् र नारीत्व एवं नारी अस्तिताका  विरोधी पनि रहेका त्यस्ता सिर्जनालाई चुनौती दिन एकातिर नारीवादी सिर्जनाकै जरुरत पऱ्यो भने अर्कातिर ती परम्परागत लेखन के कारणले कसरी नारीविरोधी भए भन्ने कुरा पर्गेल्नका लागि नारीवादी समालोचनाको आवश्यकता पऱ्यो । नारीवाद व्यापक सामाजिक र लैङ्गिक दृष्टिकोण पनि हो र यो अरू साहित्यिक सिद्धान्त झैं साहित्यिक सिद्धान्तसमेत हो । फरक यत्ति हो, यसले साहित्यको रूप पक्षलाई प्रथम महत्त्व प्रदान नगरी लैङ्गिक विभेदप्रतिको असहमतिको अन्तर्वस्तुलाई नै महत्त्वका साथ हेर्दछ किनभने लैङ्गिक विभेद पनि साहित्यको रूप पक्षमा भन्दा त्यसको अन्तर्वस्तुमा नै देखिने गर्छ । विश्व साहित्यमा पहिले सामाजिक सन्दर्भमा

प्रस्फुटित भई संरचनावादभन्दा पछाडि देखा परेको यो सिद्धान्त महत्त्वपूर्ण उत्तरआधुनिक साहित्यिक सिद्धान्तमध्येको एक पनि हो ।

पूर्व र पश्चिमका सामाजिक मूल्य र मान्यताहरू पर्याप्त भिन्न छन् । दुवैतिर आ-आफ्नै ढङ्गले नारीसम्बन्धी सोचको विकास हुँदै आएको छ । नारी चिन्तनको यो परम्परा निकै लामो छ तापनि यससम्बन्धी ठोस चिन्तन प्रारम्भ भएको भने त्यति लामो समय भएको छैन । पूर्वीय जगत्मा नारीवादी चेतनाको सन्दर्भले अद्यापि प्रभावकारी धरातल प्राप्त गर्न नसके तापनि पश्चिमी जगत्को संसर्गले यता पनि नयाँ सामाजिक मूल्य र मान्यताहरू विकसित हुने क्रमको थालनी भएको छ । पश्चिममा भने नारीवादी चिन्तनले एउटा ठोस धरातल प्राप्त गर्न सुरु गरेको एक शताब्दी नाघिसकेको छ । कतिपय मानिसहरू पश्चिममा सिमोन दि बुभायरको **द सेकेन्ड सेक्स** (सन् १९४४)बाट नारी चिन्तनको परम्परामा नवीन र निर्णायक मोड आएको भनिठान्छन् तर यो मोड उनको पुस्तक प्रकाशित हुनुभन्दा छ दशक अगाडि नै देखा परिसकेको थियो । मार्क्सवादको उदयपश्चात् एङ्गेल्सद्वारा लिखित **परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति** नै नारीवादी चिन्तनको त्यो आधारग्रन्थ हो जसले नारी चिन्तनका परम्परागत समस्त चिन्तनहरूका स्थानमा वैज्ञानिक र वस्तुवादी चिन्तनलाई भित्र्यायो । प्रस्तुत लेखले नारीको तत्कालीन स्थितिको मात्र विश्लेषण नगरी ऐतिहासिक सन्दर्भमा नै त्यसको व्याख्या र विश्लेषण गरेको छ । यस लेखले मानव-समाज निर्माणको प्रारम्भिक चरणदेखिकै अवस्थामा नारीको अवस्था र उनीहरूको फेरिँदै गएको भूमिकामाथि वैज्ञानिक ढङ्गले प्रकाश पार्दै निजी सम्पत्तिको अवधारणा, वैवाहिक एकनिष्ठता र मातृत्वको जिम्मेवारी र कार्यक्षेत्रगत सङ्कुचन, पुरुष समुदायद्वारा अवसरको फाइदा उठाउँदै आफूलाई स्थापित तुल्याउने क्रमको थालनी, यस्तै सन्दर्भमा राज्यको उत्पत्ति आदि घटनाले नै नारीको अस्तित्वलाई ओझेलमा पार्दै लगेको हो भन्ने कुरालाई विश्लेषणसहित प्रस्तुत गरेको छ । वास्तवमा नारी चिन्तनको यसै गोरेटोलाई पृष्ठभूमिमा राखेर नारीको अवस्थाको विश्लेषण गर्दै जाने हो भने नारी समस्यासम्बन्धी प्रश्नहरू अधिकांशत : उत्तरित हुन पुग्दछन् ।

आन्दोलनका रूपमा त नारीवाद १९ औं शताब्दीको मध्य (सन् १८४८को सेनेका फल्स कन्भेन्सन) देखि पाश्चात्य जगतमा चर्चित भइसकेको हो । त्यसै सामाजिक-राजनीतिक आन्दोलनको पृष्ठभूमि प्राप्त गरेर सन् १९६०को दशकदेखि नारीवादी समालोचनात्मक चिन्तनको पनि विकास भयो र बेट्टी फ्राइडनको **फेमिनिन मिस्टिक** (सन् १९६३) लाई आधुनिक नारीवादी चिन्तनको प्रारम्भबिन्दु मानिन्छ ।

नारीवादी चिन्तनले पितृसत्तालाई आधारभूत व्यवधानका रूपमा लिन्छ। यसले नारी अस्मिता र मूल्यका केन्द्रीयतामा हरेक साहित्यिक लेखनको मूल्याङ्कन गर्दछ । महिला पितृसत्तावादी हैकमका जाँतामा कसरी पिंधिएकी छ भन्ने कुराको निक्यौल र त्यसमाथिको प्रहार नारीवादी समालोचनाको मूल आधार हो । नारीवादी समालोचनाले महिला लेखकका लुप्तप्राय: कृतिको पुनर्प्रकाशन, विभिन्न साहित्यिक रचनामा प्रस्तुत नारी चरित्रको अध्ययन, महिला लेखकका कृतिहरूको मूल्याङ्कनजस्ता काम नारीवादी सैद्धान्तिक आधारमा गर्ने गर्दछ । समग्रमा नारीवादी समालोचना नारी महत्त्वको व्यापकतालाई समेट्ने समालोचना हो । पाश्चात्य नारीवादी

समालोचनाका फाँटमा केट मिलेट, मिचेल ब्यारेट, जुलिया मिचेल, हेलेन सिक्सस, एलेन सोवाल्टर, जरमाइन ग्रिर, मेरी इगल्टन, कोरा कपलान, जुडिथ न्युटन, सान्द्रा गिलबर्ट, सुसन गुबर, तोरिल मोइ, एनेट आदि थुप्रै नारीवादी चिन्तकहरूको उपस्थिति रहेको छ । सन् १९८० को दशकदेखि नारीवादी समालोचनाले आफूलाई पूर्ण रूपमा स्थापित मात्र गरेन, यसले विश्वमा नै आफ्नो पकडलाई दरो बनायो । ईसाको एक्काइसौं शताब्दीको यस क्षणमा आइपुग्दा नारीवाद समालोचनाका फाँटका थोरै उत्कृष्ट सिद्धान्तमध्येको एक बन्न पुगेको छ ।

पाश्चात्य नारीवादी चिन्तकहरूले साहित्यका प्रायः सबै विधामा आधारित रहेर नारीवादी समालोचनालाई अगाडि बढाए तापनि मुख्य रूपमा भने आख्यानलाई नै विशेष रुचाएको देखिन्छ । पात्रको चारित्रिक विकास आख्यानमा, अझ खासगरी उपन्यासका वृहत् फलकमा निकै राम्रोसँग हुने भएकाले पनि नारीवादी चिन्तकहरूले उपन्यासलाई चयन गरेको देखिन्छ किनभने त्यस्ता रचनामा नै नारीहरूको चारित्रिक स्थितिलाई पूर्ण रूपमा नियाल्न सकिन्छ । एकातिर पुरुष उपन्यासकारहरूका उपन्यासका नारी चरित्रहरूले समाजको नारीसम्बन्धी दृष्टिकोणलाई प्रस्तुत गरिराखेका हुन्छन् भने अर्कातिर महिला उपन्यासकारका उपन्यासका नारी चरित्रले नारीका जीवनका सामाजिक र मनोवैज्ञानिक यथार्थ अनुभवहरूको प्रतिनिधित्व गरिराखेका हुन्छन् । यसैले नारी र पुरुष दुवैथरि लेखकहरूद्वारा लिखित उपन्यासहरू नारीवादी समालोचनाका निम्ति आधारभूत सामग्री हुनसक्छन् । यस शोधप्रबन्धमा पनि 'नारीवादी चेतना' पहिल्याउन र त्यसको विश्लेषण गर्नका निम्ति 'आधुनिक नेपाली उपन्यास'लाई आधार सामग्रीमा रूपमा ग्रहण गरिएको छ । यसरी यस अनुसन्धानको क्षेत्र एकातिर **नारीवाद** रहेको छ भने अर्कातिर **आधुनिक नेपाली उपन्यास** रहेको छ । नेपाली साहित्यिक लेखनमा स्पष्ट रूपमा नारीवादी चिन्तन भित्रिएको २०४० को दशकको अन्त्यदेखि र फस्टाएको त अझ २०५० को दशकदेखि मात्र हो । नारीवादी समालोचनाको फाँट त अत्यन्त शून्यप्राय : नै छ । यसैले **आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना** शीर्षकमा शोधकार्य गर्ने क्रममा यस शीर्षकको मर्मलाई पछ्याउने नेपाली समालोचनाको भने अभाव नै रह्यो ।

## १.२ शोधको समस्याकथन

प्रस्तुत शोधकार्यअन्तर्गत निम्नलिखित छवटा बुँदाहरूलाई मूल समस्याका रूपमा लिई तिनको समाधानात्मक अध्ययन प्रस्तुत गरिएको छ :

१) पाश्चात्य जगत्मा नारी जागरण, नारीमुक्ति आन्दोलन र नारीवादको प्रारम्भ र विकासको स्थिति के कस्तो रह्यो ?

२) पाश्चात्य जगत्मा नारीलेखन र नारीवादका सिर्जनात्मक पक्षहरूको विकास के कसरी भयो ?

३) पाश्चात्य नारीवादी समालोचनाका प्रमुख सिद्धान्तहरू के-कति र के-कस्ता छन् ?

४) नेपालमा नारी जागरणको प्रारम्भ र नारीवादी चेतनाको विकास के-कसरी हुँदै आएको छ ?

५) पुरुष एवं नारीलिखित नारीकेन्द्री तथा नारी नारी समस्यापरक प्रमुख उपन्यासहरू के-कति र के-कस्ता छन् ?

६) नेपाली उपन्यासमा नारीवादी चेतनाको स्वरूप के-कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्यकथन

माथिका छ बुँदे प्राज्ञिक समस्याहरूको समाधान हुने गरी निम्नलिखित उद्देश्यहरूको प्राप्तितर्फ प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ :

१) पाश्चात्य जगत्मा नारी जागरण, नारीमुक्ति आन्दोलन र नारीवादको स्थितिको प्रारम्भ र विकासको सर्वेक्षण गर्नु,

२) पाश्चात्य जगत्मा नारीलेखन र नारीवादका सिर्जनात्मक पक्षहरूको विकासको सर्वेक्षण गर्नु,

३) पाश्चात्य जगत्का नारीवादी साहित्यिक सिद्धान्तको प्रारम्भिक निरूपण र त्यसका शाखा-प्रशाखाको सूक्ष्म अध्ययन गर्नु,

४) नेपालमा नारी जागरणको प्रारम्भ र नारीवादी चेतनाको विकासको स्थितिको सर्वेक्षण गर्नु,

५) पुरुष एवं नारीलिखित नारीकेन्द्री तथा नारी समस्यापरक प्रमुख नेपाली उपन्यासहरूको सर्वेक्षण गर्नु,

६) नारीकेन्द्री र नारी समस्याकेन्द्री आधुनिक नेपाली उपन्यासहरूमा नारीवादी चेतनाको स्वरूप पहिल्याउनु र समाधानका उपायका सूचकको अन्वेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नारीवाद यस युगको प्रिय विषयक्षेत्र एवं रुचिको आन्दोलन हुँदाहुँदै पनि र नारी चेतनाका स्वरहरू सुन्न पाइँदापाइँदै पनि नेपाली साहित्यको नारीवादी आलोचनाका क्षेत्रमा भने अपेक्षाकृत काम हुन सकेको देखिँदैन । नेपाली साहित्यमा वि.सं.२०४० को दशकको उत्तरार्द्धदेखि नारीवादसँग सम्बन्धित कामहरू विस्तारै प्रारम्भ हुन थालेका छन् ।

समग्र साहित्यकै फाँटमा हेर्दा आलोचनात्मक लेखनका काम अपेक्षित मात्रामा हुन सकेका छैनन् । नारीवाद एवं उपन्यास विधालाई जोडेर हेर्दा त झन् निराशालाग्दो स्थिति नै छ । यसैले नारीवादी सिद्धान्तकै आलोचनाहरूमा गरिएका समालोचनाको खोजीतर्फ नलागी उपन्यासका

बारेमा गरिएका समालोचनामध्येबाट नारीवादी कोणबाट सकारात्मक लागेका सन्दर्भहरूलाई यहाँ पूर्वकार्यका रूपमा लिई तिनको समीक्षा गरिएको छ ।

इन्द्रबहादुर राई (वि.सं.२०३०)द्वारा लिखित **नेपाली उपन्यासका आधारहरू** नामक समालोचनात्मक ग्रन्थमा जम्मा दुईवटा स्थानमा प्रस्तुत भएका नारीसम्बन्धी दृष्टिकोणलाई नारीपक्षीय कोणबाट महत्त्वपूर्ण मान्न सकिन्छ । **शिरीषको फूल** उपन्यासको समालोचना लेख्ने क्रममा राईले त्यस उपन्यासकी प्रमुख नारी चरित्र सकमबरीको मृत्युलाई लिएर चिन्तनशील हुने क्रममा बरी आफ्नै आदर्शअनुरूप मरी, सुयोगको प्रेमका निम्ति साँचिएर बाँच्न चाहिन पनि र आत्महत्या पनि गरिन भन्दै उसको मृत्युलाई गौरवपूर्ण ढङ्गमा अर्थ्याएका छन् (पृ.२०३) । त्यस्तै उनले विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** उपन्यासको विश्लेषण गर्ने क्रममा उपन्यासकारको नारीसम्बन्धी दृष्टिकोणसँग असहमति प्रकट गरेका छन् । उनका अनुसार विश्वेश्वरले यस उपन्यासमा नारी अस्तित्वलाई इन्द्रमायाका माध्यमले कतै पत्नी, कतै प्रेमिका र कतै माताका हैसियतमा सङ्कुचित गर्न खोजेकोमा असहमति प्रकट गर्दै नारीजीवन यी तीनवटा घुम्तीमा मात्र परिभाषित हुन नसक्ने कुरा उल्लेख गरेका छन् (पृ.२६५) । नारीवादी कोणबाट हेर्दा राईको यो टिप्पणी सकारात्मक रहेको छ ।

इन्द्रबहादुर राई (वि.सं.२०३३)कै अर्को ग्रन्थ **टिपेका टिप्पणीहरू**मा सङ्कलित **भ्रमरका नारीहरू** शीर्षकको समालोचनामा समालोचकले माया भन्ने नारी पात्रका सन्दर्भमा शेखरलाई माध्यम बनाएर पुरुष अरू बाँकी कुरामा आधुनिक भएर पनि नारीसम्बन्धी सोचाइमा भने आधुनिक हुन नसकेको तथ्यलाई अगाडि सारेका छन् (पृ. १७७) ।

जगन्नाथ शर्मा त्रिपाठी (२०३७)ले आफ्नो ...**शिरीषको फूल' एक परीक्षण** शीर्षकको विश्लेषणात्मक समालोचनामा पारिजातको उपर्युक्त उपन्यासमा न त शङ्कर लामिछानेले उक्त पुस्तकको भूमिकामा लेखे झैं बुद्धको शून्यवादको प्रभाव छ न त समालोचक ताना शर्माले भने झैं कामुको अस्तित्ववादको प्रभाव छ भन्ने कुरालाई ती दर्शनका उद्धरण र विश्लेषणमार्फत पुष्टि गर्दै यस उपन्यासका पात्रको चरित्र अर्थ न बर्थको रहेको (पृ.२१) उल्लेख गरेका छन् । उपर्युक्त कुनै पनि विशेषता नबोकेको यस उपन्यासमा प्रस्तुत भएकी प्रमुख नारी चरित्र सकमबरीमा भएको लाछीपन उपन्यासकार पारिजातमा कल्पना पनि गर्न सकिँदैन भनेका छन् । 'लाछी' शब्दको प्रयोगद्वारा उनले पारिजातको उपन्यासकी प्रमुख नारी चरित्र बरीको चारित्रिक वैशिष्ट्यमाथि असन्तुष्टि प्रकट गर्दै एउटी कर्मठ, जीवनमुखी, बलिष्ठ नारी चरित्रको अपेक्षालाई अगाडि सारेका छन् (पृ.२९) । त्यस्तै बरीमार्फत प्रकट गरिएको मिठो खाना बन्नका लागि नारीकै हात चाहिन्छ भन्ने नेपाली संस्कारको पनि आलोचना गरेका छन् (पृ.३३) । समालोचक त्रिपाठीका समालोचनामा प्रकट भएका यस्ता अभिव्यक्तिलाई नारीपक्षीय चिन्तनकै प्रकटीकरण मान्नुपर्दछ ।

कृष्णचन्द्रसिंह प्रधान (वि.सं.२०४०)ले **सिर्जनाको सेरोफेरो** भन्ने पुस्तकमा **पल्लो घरको झ्याल** उपन्यासको प्रमुख नारी चरित्र मिसरीको चारित्रिक प्रस्तुतिका बारेमा असहमति प्रकट गर्दै मिसरीलाई परिस्थितिका सामु झुकाएर उसको अहं, संस्कार, व्यक्तित्व सबैबाट रित्याई

उपन्यासकारले आफ्नो सिद्धान्तको प्रतिपादन गरेका छन् भन्ने तथ्य अगाडि सारेका छन् (पृ.१५६) । उनले **अनुराधा** उपन्यासकी प्रमुख नारी चरित्र अनुराधाको चारित्रिक प्रस्तुति जाग्रत नेपाली महिला समाजको सम्भावित नारी व्यक्तित्वको प्रतिनिधिका रूपमा गरिएको र नेपाली समाजमा सामाजिक अनैतिकता र व्यक्तिगत स्वतन्त्रता अपहरण गर्ने परिपाटीका विरुद्ध लड्ने यस्तै आधुनिक नारीको खाँचो भएको कुरा औंल्याएका छन् (पृ.१६२) । **तीन घुम्ती**की इन्द्रमायाको चरित्राङ्कनलाई भने यिनले छली, भ्रान्त र कृत्रिम ठहऱ्याएका छन् (पृ.१७५) । समालोचक प्रधानका समालोचनामा गरिएका नारीबारेका टिप्पणीहरू वस्तुगत, समाजपरक र न्यायमूलक ढङ्गका देखिएका छन् ।

हीरामणि शर्मा (वि.सं.२०४१)को **समालोचनाको बाटोमा** नामक पुस्तकमा विभिन्न उपन्यासको समालोचना गर्ने क्रममा नारीका बारेमा पनि आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । शर्माले परम्परागत विवाह प्रथाका माध्यमले नारीलाई भोगविलास र वासना परिपूर्तिको साधन ठानेर नारीमाथि घोर अन्याय गर्दै आएको, विवाहसम्बन्धी अनुशासन र मर्यादा पनि नारी-पुरुषलाई बेग्लाबेग्लै भएको तथा नारीलाई पुरुषको नियन्त्रण र दासता स्विकार्न विवश बनाइएको छ भन्ने आफ्ना नारीपक्षीय दृष्टिकोणलाई **एक चिहान** उपन्यासको विवेचनाका क्रममा प्रस्तुत गरेका छन् (पृ.६५) । नारीसम्बन्धी यस्ता नयाँ दृष्टिकोणलाई उनले नितान्त वैज्ञानिक, व्यावहारिक, युगानुकूल र समाजोपयोगी ठानेका छन् (पृ.७१) । उनले **स्वास्नीमान्छे** र **एक चिहान** उपन्यासका उपन्यासकार हृदयचन्द्रलाई नारी विद्रोहमूलक उपन्यासका माध्यमबाट नेपाली नारी समाजलाई सङ्गठित रूपमा अत्याचारी पुरुषका विरुद्ध सङ्घर्ष गर्न लगाई नेपाली समाजमा नारी स्वाधीनता आन्दोलन चर्काउन खोज्ने र समाजमा नारीको स्वतन्त्र अस्तित्व जीवित राख्न खोज्ने उपन्यासकारको उपाधि प्रदान गरेका छन् (पृ.७२) । समीक्षाका सन्दर्भमा पौड्यालले नारीले सृष्टिको गहन दायित्व सम्हालेकोमा उसको उच्च मूल्याङ्कन गरेका छन् (पृ. ७२) । समालोचक पौड्यालले **एक चिहान**को समालोचनामा समाजपक्षीय कोणबाट नारी चरित्रको विश्लेषणभन्दा पनि नारीपक्षीय कोणबाट चाहिँ समाजको विश्लेषण गरेकाले यो समालोचना नारीवादी चेतनाका दृष्टिले महत्त्वपूर्ण रहेको छ । उनले **तीन घुम्ती** उपन्यासकी प्रमुख चरित्र इन्द्रमाया नारी जीवनको स्वतन्त्र अस्तित्व सुरक्षित राख्न  खोज्ने र पुरुषका सरह  सामाजिक हक र अधिकारको दावी गर्ने नारी पात्र होइन भनेका छन् (पृ.७७) । इन्द्रमायाको विद्रोह नारी समाजको व्यापक उद्धारका लागि नभएर व्यक्तिगत जीवनको अस्तित्वका लागि भएकाले उसको आदर्श व्यक्तिगत मात्र हो, सामाजिक होइन भनेका छन् (पृ.८१) । यसरी समालोचक पौड्याल प्रगतिवादी दृष्टिकोणले साहित्यको मूल्याङ्कन गर्ने व्यक्ति भएकाले नारीपक्षीय कोणबाट यिनी सचेत र सम्यक् दृष्टिकोणयुक्त देखिन्छन् । यिनका नारीपक्षीय विचारहरू नारीवादका निकट देखिन्छन् र यिनी नारीवादी समालोचक पक्कै होइनन् तापनि नारीवादी समालोचना र प्रगतिवादी समालोचनाका बिच अरू समालोचना सिद्धान्तका सापेक्षतामा साह्रै कम दूरी रहने कारणले नारीवादी कोणबाट हेर्दा यिनका नारीसम्बन्धी दृष्टिकोणहरू सकारात्मक लाग्दछन् ।

समालोचक रामप्रसाद श्रेष्ठ (वि.सं.२०४५)ले **यथार्थवाद र तीन घुम्ती** शीर्षकको समालोचनामा नेपाली साहित्यमा कायम भएको उक्त उपन्यास र त्यसकी प्रमुख नारी चरित्र इन्द्रमायालाई महानतम मान्ने परिपाटीका विरुद्ध आफ्ना तार्किक विचारहरू प्रस्तुत गरेका छन् । उनले इन्द्रमायाका तीन निर्णयले उसको आफ्नो निजी समस्यालाई सामाजिक स्थिति र सम्बन्धहरूका अन्य समस्यासँग अन्तर्सम्बन्धित रूपले व्याख्या गर्ने अवकाश नदिने हुनाले ती निर्णयका घेराभित्र आधुनिक नारी जीवनलाई बाँध्न सकिँदैन भन्ने दृष्टिकोण अगाडि सारेका छन् (पृ.४५३) । उनी उक्त उपन्यासकी इन्द्रमायालाई 'यौन' र 'मातृत्व' - दुई अर्थमा प्रस्तुत गरेर सम्पूर्ण नारीको पूर्ण अस्तित्वको न्यूनीकरण गरिएको छ भन्छन् । उनले यस उपन्यासको नारीको सम्पूर्ण मनोवैज्ञानिक अस्तित्वको व्याख्या जैविक, प्रकृतिप्रदत्त सहज स्वभावबाट गर्न सकिन्छ भन्ने दृष्टिकोणको खण्डन गरेका छन् (पृ.४९५) । समालोचक श्रेष्ठले इन्द्रमायासम्बन्धी उपर्युक्त धारणाहरू प्रगतिवादी दृष्टिकोणले अघि सारेका छन्, नारीवादी दृष्टिकोणले होइन तापनि यसले मार्क्सवादी नारीवादी चिन्तनकै पक्षपोषण गरेको छ । यसरी हेर्दा प्रगतिवादी साहित्यिक सिद्धान्त नारीवादको अनुकूल सिद्धान्तका रूपमा अगाडि आएको देखिन्छ ।

समालोचक खेम कोइराला (वि.सं.२०४७)ले **उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला** नामक समालोचनात्मक ग्रन्थमा इन्द्रमायालाई उपन्यासकार विजय मल्लको उपन्यास **अनुराधा**की प्रमुख नारी चरित्र अनुराधाको विकसित रूप मान्दै गृहत्यागलाई इन्द्रमायाको नारीमुक्ति अभियानको पराकाष्ठा हो भनेका छन् (पृ.६५) । समालोचक कोइरालाले यसरी इन्द्रमायाका जीवनका घुम्तीहरूलाई बलजफत नारीमुक्ति आन्दोलनसँग जोड्न खोजेर पितृसत्ताको विरोध भनेको मातृसत्ताको स्थापनाको चाहना हो भन्ने भ्रमपूर्ण बुझाइ राख्ने बुद्धिजीवीहरूको प्रतिनिधित्व गरेका छन् । पुँजीवादी दृष्टिकोण राख्ने व्यक्तिहरू नारीमुक्ति या नारीवादी आन्दोलनलाई यौनपरक दृष्टिले मात्र आँक्दछन् र यौनस्वतन्त्रता नै उनीहरूको नारीवादी आन्दोलनको पराकाष्ठा हो । उपन्यासकार कोइराला र समालोचक कोइराला दुवै यही दृष्टिकोणका अनुयायी देखिएका छन् । कोइरालाका उपन्यासमा नारीवादी चेतना अस्तित्ववाद, मनोविज्ञान, यौन स्वतन्त्रताजस्ता कुराहरू सँगसँगै आएको देख्ने (पृ.१०२) समालोचक कोइरालाको नारीवादको आदर्श यौन स्वच्छन्दतामा प्रतिस्पर्धा नै हो । उनले यसै ग्रन्थको अर्को स्थानमा **हिटलर र यहुदी** उपन्यासको समीक्षाका क्रममा पुरुषका लागि परस्त्रीगमन झैँ नारीका लागि परपुरुषगमन पनि अस्वाभाविक वा अनैतिक कुरो होइन भनेका छन् (पृ ८४) । पुरुष विकृत आचरणमा आबद्ध छ भने नारी पनि त्यस्तै आचरणमा उत्रिनुलाई लक्ष्य बनाउने नारीवाद नारीवादको विकृत रूप मात्र हो र समालोचक कोइरालाले यसैलाई नारीवादको आदर्श ठान्ने भ्रम पालेका छन् ।

कृष्ण धराबासी (वि.सं.२०४८)ले आफ्नो समीक्षात्मक पुस्तक **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू**मा विश्वेश्वरलाई नारीमुक्ति आन्दोलनका हिमायतीका रूपमा स्थापित गर्ने प्रयत्न गर्दै इन्द्रमायाको यौन स्वेच्छाचारितालाई अस्तित्ववादको परिभाषाभित्र आबद्ध गर्ने प्रयास गरेका छन् । अझ त्यसमाथि उनले यसभन्दा ठूलो नारी उन्मुक्ति र स्वतन्त्रताको स्वर अर्को हुन सक्दैन भनेर ठोकुवासमेत गरेका छन् (पृ.१३) । उनले नारीवाद भन्ने शब्द प्रयोग नगरीकन विश्वेश्वरलाई

नारीवादी उपन्यासकारका रूपमा स्थापित गर्न खोजेका छन् तापनि यौनवादी सर्वोपरिता नारीवाद सिद्ध हुन सक्तैन । बरु मानवसभ्यता वा मानव अस्तित्वको मूल जरो नै नारी हो र उसैद्वारा नै यो अनवरत छ भनेर लेख्ने समीक्षक धराबासीको चाहिँ नारीवादसँग निकै टाढाको भए पनि साइनो गाँसिन खोजेको देखिन्छ ।

केशवप्रसाद उपाध्याय (वि.सं.२०५०)ले आफ्नो **विचार र व्याख्या** नामक समालोचनात्मक ग्रन्थमा **तीन घुम्ती**का उपन्यासकार कोइरालालाई सङ्केत गर्दै नारी स्वतन्त्रताका दिशामा पितृसत्ता तगारो भएको कुरालाई स्पष्ट शब्दमा व्यक्त गर्दै पितृसत्तालाई नछोईकन नारीको स्वतन्त्रताको चाहनाको वकालत गर्नुलाई वृथाचिन्तन ठानेका छन् (पृ.२८०) । उनले विश्वेश्वरले अघि सारेको यौन स्वच्छन्दता यथार्थमा नारीमुक्तिको मार्ग नभएको मात्र होइन समाजप्रति अनुत्तरदायीसमेत रहेको सत्यलाई सचेततापूर्वक अगाडि सारेका छन् (पृ.२९८) । यसरी समालोचक उपाध्यायको नारी चेतना सामाजिक परिस्थितिमा आधारित र समाजोत्तरदायी ढङ्गको देखिन्छ ।

वासुदेव त्रिपाठी (वि.सं.२०५१)ले **पारिजात स्मृतिग्रन्थ**मा सङ्कलित **पारिजातले सिर्जेको साहित्यिक शिखरशृङ्खला : एक चर्चा** शीर्षकको समालोचनामा पारिजातको प्रगतिवादी औपन्यासिकताको शीर्षस्थ कृति चाहिँ **अनिँदो पहाडसँगै** हो भन्दै यसलाई **शिरीषको फूल**पछिको अर्को दोस्रो उत्कृष्ट कलाकृतिको संज्ञा दिएका छन् । उनले पारिजातका **परिभाषित आाखाहरू** उपन्यास र **बोनी** (पछि उपन्यासको संज्ञा पाएको तर पहिला कथाशृङ्खलाका रूपमा प्रकाशित) कृतिमा चाहिं अप्रतिबद्ध स्वतन्त्र वामपन्थी-जनमुखी-यथार्थवादी लेखनस्वरूप उनको नारीवादी मन र सामाजिक विश्लेषणको चासो विशेष तीव्र हुन पुगेको भेटिन्छ भनेका छन् । उनले पारिजातमा भेटिने नारीवादी निरन्तर चासो उनको साहित्यिक सृजनशीलताको पनि एक महत्त्वपूर्ण र प्राप्तिपूर्ण पक्ष पक्कै हो भन्दै पारिजातका कृतिलाई नारीवादी चेतनाका कोणबाट विश्लेषण गर्न सकिने सम्भावनाको स्पष्ट सङ्केत गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधान (वि.सं.२०५२)ले आफ्नो समालोचनात्मक ग्रन्थ **नेपाली उपन्यास र उपन्यासकार**मा हृदयचन्द्रसिंह प्रधानले आफ्ना उपन्यासमा प्रस्तुत गरेका समस्त विवशताका परिवेश, शोषित वा असहाय बन्देजविरुद्ध विद्रोहभाव राख्ने नारी पात्रप्रति सहमति जनाएका छन् । त्यस्तै प्रधानले नेपाली समाज नारीलाई वेश्या बनाएर घृणा र बन्न लगाएर तिरस्कार गर्छ भन्दै पितृसत्ताका आडमा पुरुषले देखाउने अर्घेल्याइँको पनि विरोध गरेका छन् (पृ २५३) ।

राजेन्द्र सुवेदी (वि.सं.२०५३)ले आफ्नो पुस्तक **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**मा **पल्लो घरको झ्याल** उपन्यासको विश्लेषण गर्ने क्रममा नारी आफ्नो मानसिकताको निर्मितिका निम्ति स्वयं उत्तरदायी छैन, यहाँको संरचना नै दोषी छ भन्ने ठहर प्रस्तुत गरेका छन् (पृ.१७७) । उनको समालोचकीय चेत **अनुराधा** उपन्यासको समीक्षाका क्रममा नारीवादी कोणबाट युक्तिसङ्गत देखा परेको छ । उनले अनुराधाको चरित्रलाई नारीवादी चेतनाका कोणबाट नियालेका छन् र उक्त चरित्रको सही मूल्याङ्कन प्रस्तुत गरेका छन् । कुनै पनि नारीले गरेको प्रत्येक विद्रोहलाई नारीवादी मान्न सकिँदैन । नारीवादी चेतनाको निक्यौल निरपेक्ष ढङ्गले हुन सक्तैन । उनले प्रस्तुत उपन्यासमा लैङ्गिक मनोकुण्ठा मात्र मुखर बन्दै जानाले नारीवादी चिन्तन गौण बनेको र

महिलामाथि ज्यादति गर्ने पुरुषपक्षीय आचरणका विरुद्ध विद्रोह व्यष्टि नारीले होइन समष्टि नारीले गर्नुपर्नेमा यस उपन्यासमा त्यसो गर्न नसकेकाले उपन्यासभित्र नारीवादी चिन्तनको असफलता नै प्रतिबिम्बित भएको कुरा व्यक्त गरेका छन् (पृ.१९३)। समालोचक सुवेदीलाई यसरी नारी अस्मिताका कोणबाट उपयुक्त चिन्तन अँगाल्न उनले वरण गरेको प्रगतिवादी चेतले सघाएको देखिन्छ ।

ईश्वर बराल (वि.सं.२०५६)ले आफ्नो पुस्तक **छरिएका समीक्षा**मा भवानी भिक्षुद्वारा लिखित **आगत** उपन्यासकी नारी चरित्र सम्झनाको चारित्रिक प्रस्तुतिमाथि टिप्पणी गर्दै “उसका यस्ता आकाशपातालका कुरा कामवासनाले जर्जर आइमाईका हुन्, पुरुषसित सङ्घर्ष गरेर नारीका निम्ति समान अधिकार खोज्ने ऊर्जस्विनीका होइनन्” (पृ.३२०) भनेर लेखेका छन् । सम्झनाका चरित्रमा देखिएको आक्रोश र आक्रामकता आत्मव्याघाती हुन्, युगान्तकारी सामाजिक विद्रोह र विकास गर्न तम्सने नारीका होइनन् भन्दै उपन्यासमा प्रस्तुत हुने नारी चरित्रमा चारित्रिक ऊर्जस्वितको अपेक्षा अगाडि सारेका छन् (पृ.३२१)। बरालको समालोचनामा देखिएको यस दृष्टिकोणले उनलाई नारीप्रति सदाशयता प्रकट गर्ने समालोचकका रूपमा प्रस्तुत गरेको छ ।

ईश्वर बराल (२०५८)ले आफ्नो पुस्तक **आख्यानको उद्भवमा प्रतिसन्धिकालीन उपन्यास : एकादेशकी महारानी'**मा नोकरचाकर र श्रीसम्पत्ति ठेलेर छोरीलाई विदेशीका घर हल्नाका सट्टा एक गरिब र शिक्षित नेपालीलाई अथवा टुँडिखेलमा कवाज खेलिरहेको कुनै सिपाहीलाई समातेर अघि लगाइदिएको भए बेस हुने थियो (पृ.१४) भनेर नारी पक्षधरता प्रकट गरेका छन् । त्यस्तै **बरी किन मरी ?** शीर्षकको समालोचनामा बरीले नारीसहज क्रियाधर्मको परित्याग गर्नु नै उसको चारित्रिक दुर्घटनाको कारण हो भनेका छन् (पृ.२०)। बरीका चरित्रमा जुन खरोपन, निर्भीकता र दृढता थियो त्यसलाई बरालले नारी स्वभावका विपरीत मानेका छन् (पृ.२३) जसलाई सामन्तवादी सौन्दर्यचिन्तन नै मान्नु पर्दछ । समालोचक बरालले चुम्बनोपरान्त मोहले छाडिएको सुयोगवीरलाई लाछीको संज्ञा दिँदै पुरुषवादी चेत चाहिँ प्रकट गरेका छन् र यो सिङ्गो समालोचना नै पुरुषवादी चेतको प्रकटीकरण हो ।

डि.आर. पोखरेल (वि.सं.२०६२)ले आफ्नो पुस्तक **पारिजातको साहित्यिक मूल्याङ्कन**मा **अनिँदो पहाडसँगै** उपन्यासको मूल्याङ्कन गर्ने क्रममा उपन्यासमा सुवानीको भूमिका अग्रणी भए तापनि प्रवेश सुब्बा लगायतका व्यक्तिहरूले उससित जुन कुकृत्य गरे, त्यसपछि भने उसको भूमिका खस्किनु उसको चरित्रमाथि भएको अन्याय हो भनेका छन् । बलात्कारको घटनापश्चात् तुरुन्तै गिर्दो मनोबलको स्थितिमा नै एम.आर.ले सुवानीलाई काठमाडौंको कार्यक्षेत्र छुटाएर तराईको गाउँमा पठाउने निर्णय गर्नुलाई पनि उचित, विवेकपूर्ण र क्रान्तिकारी कदम मान्न सकिँदैन भन्ने समालोचक पोखरेलको दृष्टिकोण रहेको छ । उनका अनुसार प्रवेश सुब्बालाई सार्वजनिक रूपमा नङ्ग्याइनुपर्थ्यो, उसलाई माफी माग्न लगाएर सुवानीको मनोबललाई दृढ बनाइनुपर्थ्यो (पृ.१०८)। पोखरेलको यो दृष्टिकोण नारीपक्षीय मात्र नभएर वस्तुवादीसमेत रहेको छ ।

भवानीप्रसाद पाण्डे (वि.सं.२०६४)ले आफ्नो पुस्तक **पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद**मा स्रष्टा पारिजातमा अन्तर्निहित कल्पनाशक्ति र नारी संवेदनाले पनि उनका उपन्यासमा उत्कृष्ट कलात्मक रूप प्राप्त गरेको छ भनेका छन् (पृ.३७३)। उनका अनुसार पारिजातका उपन्यासमा सबै प्रकारका चरित्रहरू प्रस्तुत भए तापनि नारी चरित्रलाई बढी सशक्त बनाउँदै विशिष्टीकरण गरिएको छ। पाण्डेले पारिजातका उपन्यासहरूमा महिला के हो, उसका इच्छाआकाङ्क्षा र मूल स्वभावहरू कस्ता हुन्छन् भन्ने कुराका साथै हाम्रो समाज र घरभित्र उनीहरूले भोग्नुपर्ने पारिस्थितिक बाध्यता, तिरस्कार र यातनाको प्रत्यक्ष शब्दचित्र खिचिएको हुन्छ (पृ.४५२) भन्ने दृष्टिकोण अगाडि सार्दै उनलाई नारीपक्षधर स्रष्टाका रूपमा प्रस्तुत गरेका छन्।

ऋषिराज बराल (वि.सं.२०६४)ले आफ्नो पुस्तक **साहित्य र समाज**मा विश्वमा चलेको नारीवादी आन्दोलन  र नारीवादी साहित्यिक लेखनका बारेमा चर्चा गर्दै नेपालबाट प्रकाशित हुने गरेको **अस्मिता** पत्रिकाले अगाडि सारेको नारीवादी चिन्तन भ्रामक रहेको टिप्पणी गरेका छन्। यस पुस्तकमा उनले मार्क्सवादले अगाडि सारेको भन्दा बढी नारीपक्षीयता समाजका लागि उपयुक्त नहुने धारणा पनि प्रस्तुत गरेका छन् (पृ.७६-७७)। यस पुस्तकमा सङ्कलित **नारीवादी समालोचना कि नारीमुक्ति समालोचना** शीर्षकको उक्त लेखले महिलाहरूको स्वअस्मिताचेतले उत्प्रेरित आन्दोलनको समर्थन गरेको देखिंदैन।

उपन्याससम्बन्धी उपर्युक्त अध्ययनबाट नारीपक्षीय चेतनाको दृष्टिले सकारात्मक मूल्याङ्कन गर्न सकिने समालोचनाको सङ्ख्या थोरै रहेको तथ्य ज्ञात हुन्छ। त्यसमा पनि एकातिर सम्बन्धित समालोचकले वरण गरेको राजनीतिक आस्था र अर्कातिर समालोचक पुरुष हुनुको अर्थ पनि नारीसम्बन्धी दृष्टिकोणमा भिन्नता देखाउन सहयोगी बनेको छ। यी सबै समालोचकीय टिप्पणीमध्ये इन्द्रबहादुर राई, वासुदेव त्रिपाठी, कृष्णचन्द्रसिंह प्रधान, जगन्नाथ शर्मा त्रिपाठी, हीरामणि शर्मा पौड्याल, राजेन्द्र सुवेदी आदि समालोचकका महिला पात्रसम्बन्धी विश्लेषण नारीवादी चेतनाका दृष्टिले बढी औचित्यपूर्ण ठहरिएका छन्। यसरी हेर्दा नारीवादी चेतनाको व्याख्या विश्लेषण गर्ने क्रममा प्रगतिवादी दृष्टिकोण राख्ने समालोचक नै तुलनात्मक रूपमा बढी सफल देखिएका छन्।

समग्रमा हेर्दा आधुनिक नेपाली उपन्यासका सम्बन्धमा नारीवादी कोणबाटै गरिएको अध्ययन उति पाइँदैन। यहाँ नेपाली उपन्यास विशेषमा प्रस्तुत उपन्यासकारको नारीसम्बन्धी दृष्टिकोणका बारेमा मात्र चर्चा गरिएको भेटिन्छ र त्यो पनि आंशिक टिप्पणी मात्रै भएका छन्। कुनै उपन्यासकारको वा कुनै उपन्यासका नारीसम्बन्धी दृष्टिकोणलाई नारीवादी कोणबाट समग्र रूपमा अध्ययन र मूल्याङ्कन गरिएको सामग्री नेपाली साहित्यमा छँदैछैन भन्ने कुरालाई यी पूर्वकार्यका समीक्षामार्फत किटेरै भन्न सकिने अवस्था रहेको छ। उपर्युक्त पूर्वकार्यका सन्दर्भमा जे जति चिन्तन नारीवादी दृष्टिकोणका निकट देखिएका छन् तीमध्ये ज्यादाजसो प्रगतिवादी चिन्तनबाटै उत्प्रेरित भई लेखिएका छन्।

## १.५ शोधको औचित्य र महत्त्व

पूर्वोक्त समालोचनात्मक अध्ययनमा नारीका सम्बन्धमा फुटकर दृष्टिकोण त आएका छन् तर सिङ्गो कृति वा कृतिकारको दृष्टिकोणको अध्ययन नारीवादी सिद्धान्तअनुसार गरिएको छैन। त्यस्तै नारी पात्रका अध्ययनका क्रममा नारीका तिनै चित्रित स्थितिप्रति कारुणिक सहानुभूति त व्यक्त गरिएको पाइन्छ तर नारीवादी चिन्तनका विविध दृष्टिकोण प्रयोग गरेर भने कुनै पनि औपन्यासिक कृतिको मूल्याङ्कन भएको छैन। अधिकांश लेखन प्रायः काव्यशास्त्रीय मूल्य र मान्यताका आधारमा एवं अन्य आधुनिक उत्तरआधुनिक साहित्यिक सिद्धान्तका दृष्टिकोणबाट त गरिएको छ तर यस क्रममा नारीवादी दृष्टिकोण भने प्रायः उपेक्षित नै रहेको देखिन्छ। नेपाली साहित्यका चिन्तक समालोचक मूलतः पुरुष नै भएकोले आजसम्मको समालोचकीय लेखन पनि मूलतः पुरुषवादी नै रहिआएको छ। विश्व साहित्यमा उत्तरोत्तर विकसित हुँदै गएका विभिन्न नवीन वादमध्येको नारीवादमा आधारित अध्ययन-अनुसन्धान समग्र नेपाली साहित्यमा उपन्यासका अतिरिक्त अन्य विधाका सन्दर्भमा पनि अत्यन्त प्रारम्भिक चरणमा नै छ। यी प्रारम्भिक चरणका अध्ययन अनुसन्धानमा व्यक्त पुरुषवादी दृष्टिकोणको पनि समीक्षा गर्दै नारीवादी चेतनाका विविध कोणबाट नारीपरक नेपाली उपन्यासलाई नारीवादी नवीन सन्दर्भमा केलाउँदै आधुनिक नेपाली उपन्यासको सर्वेक्षण एवं विश्लेषण गर्नुमा प्रस्तुत शोधको औचित्य र महत्त्व रहेको छ।

## १.६ शोधकार्यको सीमाङ्कन

क) शोधकार्यको शीर्षकमा नै आधुनिकता भनेर किटान गरिएकाले १९९१ साल यताका उपन्यासको मात्रै सर्वेक्षण गरिएको छ।

ख) शोधकार्यको शीर्षकमा नै नेपाली भनेर किटान गरिएकाले नेपालका अन्य भाषामा लेखिएका उपन्यासलाई नसमेटी नेपाली भाषामा लेखिएका उपन्यासको मात्र अध्ययन गरिएको छ।

ग) प्रस्तुत शोधकार्यको दर्ता २०५९ सालको साउने सत्रमा गरिएकाले २०५८ सालसम्मका उपन्यासलाई मात्र अध्ययनमा समावेश गरिएको छ।

घ) शोधकार्य गर्ने क्रममा नारीकेन्द्री र नारी समस्याकेन्द्री बाहेकका अन्य उपन्यासलाई समावेश गरिएको छैन।

ङ) नारीकेन्द्री र नारी समस्याकेन्द्री रहीकन पनि समग्रमा औपन्यासिक स्तर कायम गर्न नसकेका उपन्यासलाई यस अध्ययनमा समेटिएको छैन।

च) नारीवादी चिन्तनको स्वरूप उपन्यासको अन्तर्वस्तुमा नै खोज्न सकिने भएकाले उपन्यासका रूपपक्षको अध्ययन गरिएको छैन।

छ) नेपाललाई नै कार्यपीठिका बनाइएका उपन्यासलाई मात्र यस अध्ययनमा समेटिएको छ।

ज) पौराणिक र ऐतिहासिक कथास्रोत भएका उपन्यासलाई यस अध्ययनमा समावेश गरिएको छैन ।

झ) नमुनाका रूपमा उदारवादी नारीवादको **रूपमती**, क्रान्तिकारी स्वच्छन्दतावादी नारीवादको **स्वास्नीमान्छे**, स्वच्छन्दतावादी नारीवादको **शान्ति**, मनोविश्लेषणात्मक नारीवादको **अनुराधा**, अस्तित्ववादी नारीवादको **तीन घुम्ती** र मार्क्सवादी नारीवादको **अनिँदो पहाडसँगै** उपन्यास गरी फरकफरक धाराका एक-एकवटा गरी छवटा उपन्यासको मात्र विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि र सैद्धान्तिक आधार

### १.७.१ सामग्री सङ्कलन विधि

**आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना** शीर्षकको प्रस्तुत शोधकार्यका क्रममा पूर्वोक्त समस्याकथन र उद्देश्यकथनका साथै पूर्वकार्य समीक्षाका आधारमा नारीवादसम्बन्धी मान्यता र नारीवादी साहित्य समालोचनालाई मुख्य सैद्धान्तिक आधार तुल्याई नेपाली उपन्यासको नारीपरक कृतिगत फाँटको र तत्सम्बन्धी नेपाली समालोचनाको क्षेत्रको विस्तृत सर्वेक्षणका आधारमा सामग्री सङ्कलन गरी तिनको विश्लेषण र निष्कर्षण गर्ने शोधविधि अँगालिएको छ । यस क्रममा प्रस्तुत शोधकार्यको सामग्रीसङ्कलन मूलतः पुस्तकालयीय स्रोतमा आधारित छ । यस शोधकार्य अन्तर्गतका कृतिगत सर्वेक्षण र विश्लेषणका क्रममा समावेश गरिएका नेपाली उपन्यासलाई नारी जागरण, नारीपरक आन्दोलन, नारीगत सिर्जना एवं नारीवादी सिद्धान्तका विभिन्न प्रमुख मान्यताका सन्दर्भमा चयन गरिएको छ । साथै नेपाली नारी जागरण, आन्दोलन र नारीवादी प्रभावका साथै नेपाली महिला आन्दोलनका बारेमा सामग्री सङ्कलन गर्ने क्रममा पुस्तकालय स्रोतका अतिरिक्त माओवादी जनयुद्धका सहभागी सत्य पहाडी र गणेश भण्डारीलगायत स्रोत व्यक्तिहरूसँगका मौखिक अन्तर्वार्तालाई पनि लिइएको छ ।

नेपाली साहित्य र समालोचना जगत्मा स्थापित काल विभाजनलाई नै स्वीकार गरी यहाँ नेपाली उपन्यासको आधुनिक कालको प्रथम सोपानका रूपमा रुद्रराज पाण्डेद्वारा लिखित **रूपमती** उपन्यासलाई लिइएको छ र यस शोधकार्यमा आधुनिक नेपाली उपन्यासको छुट्टै समयनिर्धारण गर्ने प्रयास गरिएको छैन । यहाँ आधुनिक नेपाली उपन्यासका आधा सयभन्दा बढी नारी समस्यापरक कृतिहरू विवेच्य सामग्रीका रूपमा रहेका छन् भने विषय, शिल्प र विचारका आधारमा रुद्रराज पाण्डेको **रूपमती**लगायत जम्मा छजना नेपाली उपन्यासकारका उपन्यास प्रयोजनपरक श्रेणीकृत र ऐतिहासिक प्रतिनिधित्वमूलक छनोटका आधारमा सघन तथ्याङ्कनका स्रोत रहेका छन् ।

### १.७.२ विश्लेषणको सैद्धान्तिक आधार

उपर्युक्त विभिन्न स्रोतहरूबाट प्राप्त सामग्रीहरूको वस्तुगत अध्ययन, विश्लेषण र सामान्यीकरणसमेत गरी शोध निष्कर्षसम्म पुग्नका लागि मूलतः उपन्यासकृतिमा प्रस्तुत भएका नारीसम्बन्धी परिसूचक, यावत् सन्दर्भहरूको टिपोट तथा तिनको वर्गीकरण र विश्लेषण गरी

नारीवादी समालोचना सिद्धान्तका पर्याधारसँग समन्वित गरी समाजपरक समालोचनालाई पनि वस्तुनिष्ठ ढङ्गले उपयोग  गर्ने चेष्टा गरिएको छ ।

आधुनिक नेपाली उपन्यासको नारी सन्दर्भको वैज्ञानिक विश्लेषण होस् भन्नका लागि सम्बन्धित  उपन्यासहरूका उपन्यासकारको पृष्ठभूमि र शीर्षकको विश्लेषण सम्पन्न गरिसकेपछि तथा उक्त उपन्यासका स्थानगत सन्दर्भ, कालगत सन्दर्भ र सामाजिक-आर्थिक तथा वर्गीय सन्दर्भको राम्रोसँग छानबिन र निर्क्यौल गरिसकेपछि मात्र तिनै कुराका पृष्ठभूमिमा सम्बन्धित उपन्यासमा प्रस्तुत भएका मूल नारी पात्र र नारी समस्याको तथ्याङ्कन गरिएको छ । त्यसपछि ती समस्यामा परेका नारी चरित्रलाई के कस्तो परिणति प्रदान गरिएको छ र उक्त परिणतिमार्फत के कस्तो सन्देश दिइएको छ भन्ने सन्दर्भमार्फत यी उपन्यासको नारीप्रतिको चिन्तनलाई केलाइएको छ । उपन्यास नारीवादी प्रकृतिको छ कि छैन भनेर केलाउनका लागि नारी नारीका बिचको सम्बन्धको स्वरूप, नारीप्रतिका पुरुष पात्रका दृष्टिकोण, पुरुषप्रतिको नारीको दृष्टिकोण र सिङ्गो औपन्यासिक परिवेशमा रहेको नारीको अवस्थितिको अध्ययन गरिसकेपछि उक्त उपन्यासमा उपन्यासकार स्वयंको नारीप्रतिको दृष्टिकोण चाहिँ कस्तो छ भनेर केलाउने काम यहाँ निष्कर्षण गरिएको छ । यति अध्ययन भइसकेपछि मात्र यहाँ नारीवादी कोणबाट सम्बन्धित उपन्यासका बारेको निष्कर्ष निकालिएको छ । उक्त उपन्यासगत निष्कर्ष नारीप्रतिको लेखकीय दृष्टिकोणबाट पनि प्राप्त भएको ठहर्दछ । यहाँ नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई नारीवादी प्रवृत्तिका रूपमा लिइएको छ र त्यस दृष्टिकोणको विश्लेषणमार्फत यहाँ सम्बन्धित उपन्यासमा देखिएको नारीवादी प्रवृत्ति कुन धाराको हो भनेर निर्क्यौल गरिएको छ । यहाँ 'पृष्ठभूमि' (१:१)मा उल्लिखित नारीवादी समालोचनात्मक चिन्तन नै मुख्य शोधसैद्धान्तिक आधार रहेको छ र त्यसको विशद् चर्चा आगामी परिच्छेद दुईमा गरिएको छ । साथै यहाँ शोधपरक समालोचनात्मक परिपूरकका रूपमा इतिहासपरक र समाजपरक एवम् नीतिपरक मनोविज्ञानपरक समालोचनाका साथै नीतिवाद र आदर्शवाद तथा यथार्थवादका र मार्क्सवादको अनि औपन्यासिक विधागत शीर्षक र कथानक तथा परिवेश एवम् पात्रविधान र सन्देश एवं सामाजिक भाषिकासम्बन्धी विभिन्न अन्य समालोचनात्मक विश्लेषणका उपकरण, पद्धति र प्रक्रियालाई पनि यथावश्यक संयोजित गरिएको छ ।

## १.९ शोधप्रबन्धको परिच्छेद विभाजन र स्वरूप

प्रस्तुत शोधप्रबन्धको आमुख भागपछिको मूल पाठ मूलतः छवटा परिच्छेदमा विभाजित छ र त्यसपछि यहाँ सन्दर्भ सामग्री सूची राखिएको छ । यस शोधप्रबन्धको समष्टि ढाँचा निम्नलिखित प्रकारको रहेको छ -

**आमुख भाग**

क) शोधप्रबन्ध समितिको सिफारिस

ख) अनुमोदन पत्र

ग) प्रतिबद्धता पत्र

घ) कृतज्ञता ज्ञापन

ङ) शोधसार

च)सङ्क्षेपीकृत शब्द सूची

छ) विषय सूची

**मूल पाठ**

१. शोधप्रबन्धको परिचय

२. पाश्चात्य नारीवादी सन्दर्भ र सैद्धान्तिक मान्यता

३. नेपालमा नारी जागरण र नारीवादी चेतनाको विकास

४. नारी समस्यापरक प्रमुख नेपाली उपन्यासहरूको सर्वेक्षण

५. नारीवादी प्रमुख नेपाली उपन्यासहरूको विश्लेषण

६. उपसंहार : सारांश तथा निष्कर्ष

**सन्दर्भ सामग्री सूची**

१. देवनागरी लिपिका सन्दर्भसामग्रीसूची

२. रोमेली लिपि (अङ्ग्रेजी भाषा)का सन्दर्भसामग्रीसूची

उपर्युक्त शीर्षकहरूमध्ये पहिलो परिच्छेद **शोधपरिचय**अन्तर्गत शोधविषयको परिचय, समस्याकथन, उद्देश्यकथन, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र सैद्धान्तिक आधार, शोधप्रबन्धको परिच्छेद विभाजन र स्वरूप तथा निष्कर्ष दिइएको छ ।

दोस्रो परिच्छेद **पाश्चात्य नारीवादी सन्दर्भ र सैद्धान्तिक मान्यता**अन्तर्गत पाश्चात्य जगत्मा नारी जागरण र नारीमुक्ति आन्दोलन तथा नारीवाद, पाश्चात्य नारीलेखन र नारीवादी सिर्जनात्मक पक्षहरू, पाश्चात्य नारीवादी समालोचनाका प्रमुख सिद्धान्तहरू र उपन्यास विश्लेषणका प्रतिमानलाई प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेद **नेपालमा नारी जागरण र नारीवादी चेतनाको विकास**अन्तर्गत नेपाली परम्परागत समाजमा नारीको स्थिति र नारी जागरण, नेपाली नारी जागरण र नारीवादका प्रसारमा पाश्चात्य र एसियाली प्रभाव र नेपाली बौद्धिक, सांस्कृतिक र साहित्यिक क्षेत्रमा नारीवादको विकासलाई प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेद **नारी समस्यापरक प्रमुख नेपाली उपन्यासहरूको सर्वेक्षण**अन्तर्गत पुरुषलिखित नारी समस्यापरक प्रमुख नेपाली उपन्यासहरूको सर्वेक्षण र नारीलिखित नारी समस्यापरक प्रमुख नेपाली उपन्यासहरूको सर्वेक्षणलाई प्रस्तुत गरिएको छ ।

यसैगरी पाँचौं परिच्छेद **नारीवादी प्रमुख नेपाली उपन्यासहरूको विश्लेषण**अन्तर्गत **रूपमती, स्वास्नीमान्छे, शान्ति, अनुराधा, तीन घुम्ती र अनिँदो पहाडसँगै** उपन्यासहरूको नारीवादी प्रवृत्तिको विश्लेषणलाई प्रस्तुत गरिएको छ ।

अन्तिम अर्थात् छैटौ परिच्छेदमा **शोधकार्यको उपसंहार तथा निष्कर्ष**लाई प्रस्तुत गरिएको छ। त्यसभन्दा पछाडि आगामी शोधकार्यका सम्भावित शीर्षकहरू प्रस्ताव गरिएका छन्। शोधकार्यको सबभन्दा अन्त्यमा देवनागरी लिपि र रोमेली लिपिका (अङ्ग्रेजी भाषाका) **प्रमुख सन्दर्भ सामग्रीको सूची** प्रस्तुत गरिएको छ।

**दोस्रो परिच्छेद**

# पाश्चात्य नारीवादी सन्दर्भ, सैद्धान्तिक मान्यता र उपन्यास विश्लेषणका प्रतिमान

प्रस्तुत 'पाश्चात्य नारीवादी सन्दर्भ, सैद्धान्तिक मान्यता र उपन्यास विश्लेषणका प्रतिमान' नामक दोस्रो परिच्छेदमा प्रथमतः पाश्चात्य जगत्मा नारी जागरण र नारीमुक्ति आन्दोलनका सन्दर्भमा नारीवादको मान्यताको अभ्युदयको चिनारी दिई पाश्चात्य जगत्का नारीलेखनका विभिन्न युगको चर्चा गरी नारीवादका साहित्यिक सिर्जनात्मक पक्षहरूको चर्चा गरिएको छ र त्यसपछि पाश्चात्य नारीवादी समालोचनाका विभिन्न धार र धाराहरूका साथै अन्य सान्दर्भिक कतिपय सहसम्बद्ध सैद्धान्तिक पक्षहरूको पनि विवेचना गरी आखिरमा यस नारीवादी समालोचनाका प्रमुख प्रवृत्ति र प्रतिमानहरूतर्फ औंल्याइएको छ । यी मुख्य प्रतिमानहरूलाई औपन्यासिक विधागत र समाजशास्त्रीय विवेचनाका पूर्वोक्त विधि समेतका आधारमा यस शोधकार्यमा निर्धारित नेपाली उपन्यासको विश्लेषणका निम्ति उपयोग गरिएको छ ( २.१-२.४ )। यसरी यो परिच्छेद प्रस्तुत शोधकार्यको सैद्धान्तिक पर्याधारको ऐतिहासिक विवृत्तिसहित हाल प्रचलित ती प्रमुख नारीवादी पाश्चात्य मान्यता र प्रवृत्तिहरूको रेखाङ्कनतर्फ लक्षित रहेको छ जुन यस शोधसँग सम्बद्ध नेपाली नारीपरक उपन्यासको नारीवादी विवेचनाको सैद्धान्तिक मानदण्डका रूपमा यहाँ अग्रप्रस्तुत भएको छ ।

## २.१ पाश्चात्य जगत्मा नारी जागरण र नारीमुक्ति आन्दोलन तथा नारीवाद

पूर्व पश्चिम दुवैतर्फ सामन्तवादी युगसम्म कुनै पनि सामाजिक अधिकार नहुनाले महिलाहरू उत्पीडित र प्राय : कमै सचेत थिए। धर्म, कानुन र सामाजिक विधानहरूले उनीहरूको नारीचेतलाई लुप्तप्राय बनाइदिएको थियो। तत्कालीन विश्वका धेरैजसो धर्म, दर्शन, साहित्य, चालचलन आदिले महिलालाई साह्रै अवहेलना गरेको पाइन्छ र त्यस क्रममा संसारको भौतिक दूरीले पनि उक्त दृष्टिकोणमा भिन्नता ल्याएको भेटिँदैन। मनुदेखि अरस्तुसम्म, हिन्दू धर्मदेखि क्रिस्चियन धर्मसम्म, प्रसिद्ध साहित्यकार बाल्जाकदेखि मानवतावादी रुसोसम्मका विचारमा महिलामाथि न्यायपूर्ण दृष्टिकोण रहेको उति पाइँदैन । हिन्दू धर्ममा मनुले नारीलाई स्वतन्त्रता दिनु नहुने कुरा बताएका छन् भने **तुलसी रामायण**मा नारीलाई ढोल, मूर्ख, शुद्र र पशुसँग तुलना गर्दै प्रताडनाको अधिकारीका रूपमा प्रस्तुत गरिएको छ। इसाईं धर्मले हौवा (आदिम स्त्री) का कारणले सिङ्गो संसार विपदमा फसेको बताइएको छ। चीनको कन्फ्युसियस धर्मले पनि महिलाहरू जीवनमा तीनवटा पुरुष (पिता, पति र पुत्र) का अधीनमा बस्नुपर्ने कुरा बताएको छ (ली, सन् १९९३ : ४८) ।

विश्वका विभिन्न स्थानका दार्शनिकहरूको महिलाप्रतिको दृष्टिकोण पनि धार्मिक दृष्टिकोणजत्तिकै सङ्कुचित देखिन्छ। प्लेटोले दार्शनिक विमर्श र बौद्धिक चिन्तन मानवसुलभ कार्यमध्ये सर्वोत्तम हो तर दास र नारीबाट यी कुरालाई टाढै राख्नुपर्छ (अनामिका, सन् २००१ : १७) भनेका थिए। अरस्तुले नारीलाई पदार्थ र पुरुषलाई गतिको संज्ञा दिएका छन् (बुभायर, सन् १९९८ : ३३)। पाइथागोरसले पुरुषलाई व्यवस्था र प्रकाशसित तुलना गरेका छन् भने नारीलाई अव्यवस्था र अन्धकारसित तुलना गरेका छन्। समाजशास्त्री अगस्ट कोम्टेले पुरुष र नारीमा आधारभूत अन्तर भएको कुरा बताउँदै शारीरिक, मानसिक, नैतिक वा कुनै पनि प्रकारले नारीको पुरुषसित समानता नभएको कुरा बताएका छन् (अनामिका, सन् २००१ : २१)। फ्रान्सका प्रसिद्ध उपन्यासकार बाल्जाकले पुरुषको दिलको धड्कन बढाउनेबाहेक अन्य कुनै रूपमा नारीको महत्त्वलाई स्वीकार गरेनन्। उनले नारीलाई जड सम्पत्ति बताउँदै त्यसलाई मनोमानी प्रकारले हाँक्न पुरुषले स्त्रीलाई कडा नियन्त्रणमा राख्नुपर्ने अनि अशिक्षित र सम्भव भएसम्म कुरूप पारेर राख्नुपर्ने कुरामा जोड दिए (सिंह, २०४९ : २)। मानवतावादी दर्शनका प्रवर्त्तक रुसोले समेत “महिलाले शिक्षामात्र होइन, उनीहरूको प्रत्येक अस्तित्वको त्यो हदसम्म महत्त्व राख्दछन्, जुन हदसम्म तिनीहरूले पुरुषलाई लाभ पुऱ्याउँछन्” (इनसाइक्लोपोडियो सोसल साइन्सेज म्याकमिलन : पृ. ४४५) भनेका छन्।

सामन्तीतन्त्रमा महिलाहरू सामाजिक मात्र होइन राजनीतिक परिस्थितिमा पनि ठगिएका थिए। त्यसबेला महिलालाई राजनीतिक अधिकार दिने-नदिने विषयमा छलफल गर्नुसमेत अवाञ्छनीय ठानिन्थ्यो। १९११ मा इरानमा संविधान निर्माणका सन्दर्भमा महिलाहरूलाई मतदान दिने प्रस्तावको विरोध गर्दै त्यो बेला इरानका धार्मिक नेता सेख आसामोल्लाहले भनेका थिए- “हामीले यो प्रश्नमाथि विचारै गर्न हुन्न, किनभने यो इस्लामिक संसद्को आचारसंहिताको विरुद्ध छ” (सिंह, २०४९ : २)। सन् १९२८ मा जापानमा महिलाहरूका लागि मतदानको अधिकारको मागको विरोध गर्दै त्यहाँका गृहमन्त्रीले महिलाहरूलाई संबोधन गर्दै आफ्ना घरमा गएर केटाकेटीका कपडा धोऊ, त्यही तिमीहरूलाई उपयुक्त काम र स्थान हो भनेका थिए (पृ. : २)।

उपर्युक्त अभिव्यक्तिहरूमा कुनै पनि विद्वान्ले दासयुगमा भएको दासविद्रोहमा हजारौं महिला सहिद भएको र युग परिवर्तनका सन्दर्भमा उनीहरूको योगदानसमेत अविस्मरणीय रहेको सन्दर्भलाई कतै पनि स्मरण गरेका छैनन्। यसो गर्नुको तात्पर्य महिलालाई जसरी पनि हीन सावित गर्नु हो भन्ने कुरामा कसैको दुईमत हुन सक्तैन। यस सन्दर्भको उचित विश्लेषण गर्दै कात्यायनीले लेखेकी छन्–

> आदिम कम्युनहरूको कालको स्थितिको विस्मरणपछि महिला समुदाय अन्यायपूर्ण सामाजिक व्यवस्थाहरूका विरुद्ध गरिएका सङ्घर्षहरू र क्रान्तिहरूमा भूदास या दासजस्ता वर्गहरूको सदस्यका रूपमा सहभागी त भए तर पुरुषहरूका तुलनामा आफ्नो हीनता र सामाजिक पारिवारिक स्थितिका विरुद्ध या आफ्नो स्वतन्त्र अस्मिता एवं सामाजिक स्थितिका निम्ति त्यसले

पुँजीवादको आविर्भावभन्दा पहिले सङ्घर्ष गरेन, किनभने त्यसबेला यसको वस्तुगत आधार नै समाजमा मौजुद थिएन ।

(कात्यायनी, २०४९ : ५) ।

सामन्तवादको गर्भमा पुँजीवादको भ्रूण विकसित हुँदै जाने क्रममा महिलाहरू पनि सामाजिक उत्पादनमा सहभागी हुनथाले र त्यसपछि मात्र उनीहरूले आफूमाथिको शोषणको स्थिति बुझ्न थाले । यही बुझाइले उनीहरूमा आफ्ना अधिकारका बारेमा चेतना जाग्रत भयो । पाश्चात्य जगत्मा पुनर्जागरणकालमा मानववादी क्रान्तिकारी दर्शनको आविर्भाव भयो जसले धर्मका स्थानमा मानवलाई स्थापित गऱ्यो । त्यस दर्शनले सामाजिक व्यवस्थाका अलौकिक मूल्यमान्यताका स्थानमा लौकिक मूल्यमान्यता स्थापित गरेपछि त्यसले महिलालाई पनि सकारात्मक चेतना प्रदान गऱ्यो । तात्कालिक रूपमा १६ औं शताब्दीमा धर्म सुधारकालको सिलसिलामा प्युरिनिज्म र काल्बिनिज्मको प्रभावमा महिलाहरूको सामाजिक स्थिति धेरै नराम्रो देखिएको भए तापनि एकातिर दर्शनको स्तरमा मानवतावादको विचारधारा र अर्कातिर सामाजिक उत्पादनमा लगातार बढ्दो महिलाहरूको सहभागिताले तिनीहरूको मुक्तिको चेतनालाई लगातार विकसित गरिरहेको थियो जसको पहिलो होहल्लापूर्ण अभिव्यक्ति बुर्जुवा क्रान्तिहरूको पूर्वसन्ध्यामा प्रबोधनकालको समयमा अगाडि आयो (कात्यायनी, २०४९: ६) ।

अब पाश्चात्य जगत्मा संयुक्त राज्य अमेरिका र युरोपमा आएको नारी जागरण र नारीमुक्ति आन्दोलनको ऐतिहासिक सन्दर्भमा प्रकट र स्थापित भएको नारीवादी मान्यताबारे तल क्रमशः चर्चा गरिनेछ ।

### २.१.१. **अमेरिकामा नारी जागरण र नारीमुक्ति आन्दोलन**

संयुक्त राज्य अमेरिकामा महिलाहरूले राजनीतिक, आर्थिक र सामाजिक समानताका प्राप्तिका निम्ति गरेको सङ्घर्ष संयुक्त राज्यजत्तिकै पुरानो छ । समाजको परिवर्तनसँगसँगै श्रमशील मानव समुदायमाथि शोषणको मात्रा पनि बढ्दै गयो र महिला समुदायमाथिको शोषण अझ बढी चर्को बन्यो । औद्योगिक विकास, व्यापारका नवीन रूपहरूको आविर्भाव, वैज्ञानिक उन्नति आदि कारणले मा नवमाथिको धार्मिक बन्धन पनि आफै खुकुलो हुँदै गयो र जीवनका सङ्घर्षहरूले उनीहरूमा शोषण-उत्पीडनविरोधी चेतना विकसित हुनथाल्यो । यसको असर नारी समुदायमा पनि पऱ्यो र उनीहरूले पनि साझा हितका लागि सङ्गठित सङ्घर्षको सुरुवात गरे । कात्यायनी अगाडि लेख्छिन्–

महिलाहरूले समान अधिकारको माग सबभन्दा पहिले बुर्जुवा (पुँजीवादी) व्यवस्था अस्तित्वमा आउने प्रक्रियाको सुरुको समयमा नै उठाएका हुन् । अमेरिकाली क्रान्ति (१७७५-८३) को सिलसिलामा मर्सी बेरेन र एविगेल एडम्सको नेतृत्वमा महिलाहरूले मत दिने अधिकारका साथै सामाजिक समानताको माग गर्दै जर्ज वासिङ्टन र टमस जेफर्सनलाई महिलाहरूको

स्वतन्त्रताको कुरालाई संविधानमा समावेश गर्नका निम्ति दबाब दिए तर बुर्जुवा वर्गको एउटा ठूलो भागले यसको विरोध गरेका कारणले यो सम्भव हुन सकेन ।

(२०४९ : ६-७)

तीमध्ये न्युयोर्कको सेनेका फल्स नामक सानो सहरमा सन् १८४८ मा भएको महिला अधिकारसम्बन्धी सम्मेलनलाई प्रथम अमेरिकी विशिष्ट साङ्गठनिक सङ्घर्षको कोसेढुङ्गाका रूपमा लिने गरिन्छ । उक्त प्रथम अमेरिकी महिला आन्दोलनमा एलिजावेथ केडी स्ट्यान्टन, लुक्रेसिया मोट आदि महिलाहरू सम्मिलित थिए जो पछि गएर चर्चित महिला नेतामा दरिए । सेनेका फल्सको घोषणापत्र संयुक्त राज्य अमेरिकाको घोषणापत्रको संवेदनाको ढाँचामा तयार पारिएको थियो । त्यसपछि त्यसै बैठकले महिलामाथि हुने गरेका कानुनी, आर्थिक र सामाजिक विभेदको अन्त्यका लागि एउटा सूची नै पारित गरेको थियो । त्यसको लगत्तै दुई हप्तापछि नै न्यूयोर्कको रोचेस्टरमा बसेको एउटा ठूलो बैठकमा महिलाहरूद्वारा अझै बढी क्रान्तिकारी प्रस्तावहरू तयार गरिए र यी प्रस्तावहरू त्यतिबेला निकै विवादास्पद बनेका थिए । यी दुवै सामग्रीले त्यस बेलाका महिलामाथि लादिएका नैतिक बन्धनका साथै पारपाचुके र आपराधिक कानुनप्रतिको विरोध तथा शिक्षाप्राप्ति एवं चर्चमा सहभागिताको आकाङ्क्षा एवम् स्वास्थ्य, कानुन एवं राजनीतिक क्षेत्रमा प्रवेश गरेर व्यक्तित्व विकास गर्न पाउने नारीवर्गीय अभिलाषालाई समेटेका थिए । उक्त सम्मेलनले दावी गरेका लक्ष्यहरूमध्ये धेरैमा आजका महिलाहरू सक्रिय रहेका छन् (म्याक्लेन र कन्नर, सन् १९९५ : २) ।

महिला अधिकार प्राप्तिका निम्तिको सङ्घर्षले सन् १८४८ को सो सम्मेलनपछि अनियमित रूपमै भए पनि निरन्तरता भने पाइरह्यो । यस्ता प्रयत्नलाई तीन भागमा विभाजन गर्न सकिन्छ- क) प्रारम्भिक महिला आन्दोलन (सन् १८४८-७५) ख) उत्पीडनविरोधी आन्दोलन (सन् १८९०-२५) र ग) महिला अधिकार आन्दोलन (सन् १९६६ देखि हालसम्म) । महिला अधिकारको आन्दोलन र यसको दर्शनले खास गरी तीनवटा सन्दर्भलाई लक्षित गरेको देखिन्छ- अ) राजनीतिक अवसर, आ) शिक्षा एवं रोजगारीका अवसर र इ) प्रजनन वा पुनरुत्पादनसम्बन्धी स्वतन्त्रता सहितको पारिवारिक र व्यक्तिगत अधिकार ।

अमेरिकाको न्युयोर्कमा कपडा कारखानाका महिलाहरूले तलबको वृद्धिका साथै १५/१६ घण्टाको प्रचलित कामको समयलाई घटाएर १० घण्टामा झार्न माग राख्दै सन् १८५७ मा हड्ताल गरे तर सरकारले त्यस आन्दोलनलाई दबायो । तत्काल कुनै प्रतिफल प्राप्त गर्न सफल नभए तापनि यो नै विश्वका महिलाहरूलाई उत्प्रेरित गर्ने पहिलो सङ्गठित आन्दोलन थियो (अस्मिता, २०५० : ९) ।

एलिजावेथ मिलर, लुसी स्टोन तथा अन्य महिलाहरूको नेतृत्वमा सन् १८६५ मा राजनीतिक अधिकारका लागि असफल आन्दोलन भएको थियो । सोही वर्ष सामाजिक क्षेत्रमा महिला स्वतन्त्रताका लागि पत्रकार एमेलियो ब्लुमरले घुँडासम्मको स्कर्ट लगाउने विचार गरिन् तर त्यो विचारको अमेरिकाभर व्यापक विरोध भयो (अस्मिता, २०५० : ९) ।

द नेसनल उमन सफ्रेज एसोसिएसन (The National Woman Suffrage Association-NWSA) र द अमेरिकन उमन सफ्रेज एसोसिएसन (The American Woman Suffrage Association-AWSA) को स्थापना सन् १८६९ मा भयो । सन् १८७० को दशकको मध्यतिरदेखि महिला समूहहरूले सेनेका फल्स सम्मेलनले पारित गरेका कुराहरूको वकालत गर्न प्रारम्भ गरे । उनीहरूले खासगरी महिला उत्पीडनलाई प्राथमिकता दिए । त्यसबेला पुरुष आधिपत्य र महिला अधीनस्थताका रूपमा प्रकट भएको लैङ्गिक विभेद स्वाभाविक नभएर शक्तिको दुरूपयोगद्वारा सिर्जना गरिएको हो भन्ने बुझाइको पृष्ठभूमिमा महिला अधिकारसम्बन्धी क्रियाकलापहरू हुनेगर्थे । स्टेनटन र सुसन बी. एन्थोनीले पछिल्ला केही दशकसम्म महिला अधिकारका सम्बन्धमा दबाब दिने कार्यलाई निरन्तरता दिए र तिनले केही सफलतासमेत हात पारे । त्यसबेला उनीहरूको विचारलाई धेरैले निकै उग्र मानेका थिए । नारी आन्दोलनका गतिविधिहरूलाई सार्वजनिक स्थलहरूमा सञ्चालन गर्ने अनुमति थिएन । नाम चलेका पत्रपत्रिकाले त्यस्ता समाचारहरू छाप्दैनथे । त्यस्तो परिस्थितिमा पनि आन्दोलन भने रोकिएन । आन्दोलनका समाचारलाई बुलेटिनका रूपमा छाप्दै र विभिन्न सहरहरूमा भेला आयोजना गर्दै यसको प्रचारकार्यलाई निरन्तरता दिइयो । कार्यसुगमताका लागि र जनसमर्थन प्राप्त गर्नका लागि पनि यस आन्दोलनलाई दासप्रथाविरोधी आन्दोलनसँग गाँसियो ।

दि उमन्स क्रिस्चियन टेम्परेन्स युनियन (The Woman's Christian Temperance Union WCTU) को स्थापना भएको थियो जसले मद्यपान हटाउने कुरामाथि विशेष जोड दिएको थियो । सन् १८९० मा NWSA र AWSA नामक उपर्उल्लिखित दुईवटा महिला सङ्गठनहरू गाभिएर एउटै बन्यो र त्यसको नाम नेसनल अमेरिकन उमन सफ्रेज एसोसिएसन (National American Women Suffrage Association -NAWSA) भयो । यस सङ्गठनले प्रत्येक वर्ष संसद्मा महिला हकअधिकारका विषयहरूको उल्लेख गर्दै मताधिकारको मागपत्र प्रस्तुत गर्ने कामलाई निरन्तरता दिइरह्यो ।

अमेरिकाको न्युयोर्कमा श्रमिक महिलाहरूको इतिहासमा नै नभएको ठूलो हडताल, जुलुस र आमसभाको आयोजना सन् १९९७ को ८ मार्चका दिनमा गरिएको थियो (तुम्बाहाङ्फे, २०५९ : १६) । यसअघिसम्म नारी आन्दोलनका रूपहरूमा सभा, गोष्ठी, हस्ताक्षरसङ्कलन, मागपत्र पेस गर्नेजस्ता तरिकाहरू नै मुख्य थिए तर यसपछि भने उनीहरूले आफ्ना न्यायोचित र प्रिय मागहरूलाई सरकारले पटक्कै ध्यान नदिएको हुँदा मजदुरहरूले जस्तै जुलुस, प्रदर्शन, धर्ना , अनसन र जेल भरजस्ता आन्दोलनात्मक रूपहरूलाई अँगाल्न थाले (प्रभात, २०५२ : ११७) । यसरी नै सन् १९०९ को ८ मार्चका दिन अमेरिकाको सिकागो सहरमा श्रमिक महिलाहरूको झन् ठूलो पङ्क्तिले विशाल विरोधप्रदर्शन गऱ्यो । उक्त विरोधप्रदर्शन सङ्गठित, अनुशासित एवं व्यवस्थित थियो जसलाई सम्पूर्ण न्यायप्रेमी जनताले स्वागत गरेका थिए (महिला आवाज, २०४५ : २७) । यसरी आन्दोलनका झन्-झन् प्रभावकारी नयाँ-नयाँ रूपहरू देखिँदै जान थालेपछि सन् १९२० को अगस्ट २६ का दिन अमेरिकी संविधानको उन्नाईसौं संशोधनद्वारा महिलाहरूलाई मताधिकार दिन अमेरिकी संसद् बाध्य भयो । सेनेका फल्स सम्मेलनले उठाएको एउटा प्रमुख माग

पूरा गराउन अमेरिकी महिलाहरूले बहत्तर वर्ष निरन्तर सङ्घर्षमा होमिनु पर्‍यो । यसरी अमेरिकी नारीमुक्ति आन्दोलनको एउटा महत्त्वपूर्ण चरण पूर्ण भयो । अमेरिकी जगत्मा देखिएका नारी जागरण र नारी-मुक्ति आन्दोलनको इतिहास यही हो । यसपछि अमेरिकामा नारीवादी आन्दोलनको प्रारम्भ भएको देखिन्छ ।

महिला मताधिकार आन्दोलनको समाप्तिपछि महिलाहरूको सङ्गठित प्रतिरोध क्रियाकलापले सन् १९६० सम्म काम गर्‍यो । सन् १९६० मा प्रारम्भ भएको महिला अधिकार आन्दोलन 'युवा' र 'वयस्क' गरी दुई समूहमा विभाजित देखिन्थ्यो । 'युवा' समूहको आन्दोलनले आमूल परिवर्तनको पक्षधरता अँगालेको थियो भने 'वयस्क' समूहको आन्दोलनले परम्परागत किसिमले आफ्ना मागहरूलाई अघि सार्थ्यो तर यी दुई समूहको छुट्टाछुट्टै अस्तित्व धेरै लामो समयसम्म विभाजित रहन सकेन । युवाहरूको समूह वयस्कहरूको समूहसँग मिलेर साना-साना र महिला माथिको घरेलु हिंसा, बलात्कार, महिला स्वास्थ्यजस्ता आ-आफ्ना रुचिका क्षेत्रका आन्दोलनमा सक्रिय हुन थाले र व्यापक महिला अधिकारवादी आन्दोलनमा समाहित भए ।

युवा समूहका महिलाहरू पहिला अन्य प्रकारका प्रतिरोधी आन्दोलनहरूमा समाहित थिए । सन् १९६० तिर धेरै युवा महिलाहरूमध्ये कोही नागरिक आन्दोलनमा थिए भने धेरै चाहिँ कलेजका विद्यार्थी नै थिए, केही भर्खर स्नातक भएकाहरू थिए । यस्ता संस्थाहरूमा कार्यरत रहँदा तिनले आफ्ना सहकर्मी पुरुषहरूले महिलाहरूको योगदानको कदर गर्न नसकेको महसुस गरे । शताब्दी अगाडिका स्टेनटन र मोट जस्तै तिनीहरू पनि आफ्नो अधिकारको विस्तृतिको खोजीतर्फ अग्रसर भए । यसै क्रममा नागरिक आन्दोलनका साउदर्न क्रिस्चियन लिडरसिप काउन्सिल (Southern christion leadership council- SCLC), द कङ्ग्रेस अफ रेसियल इक्वालिटी (The Congress of Racial Equality- CORE) र द स्टुडेन्ट ननभायोलेन्ट कोअर्डिनेटिङ कमिटी (The Student nonviolent Co-ordinating committee-SNCC) जस्ता सङ्गठनको स्थापना भइराखेको थियो । यस्ता केही सङ्गठनमा ब्ल्याक पावर फेज (Black Power Phase) को प्रारम्भ भएपछि गोरा आन्दोलनकारीहरू वाम विद्यार्थीहरूको युद्धविरोधी खेमातिर धकेलिए । यस्ता आन्दोलनहरूमा पनि महिलाहरूले यौनिकताका सन्दर्भमा तीतो अनुभव गर्नुपर्‍यो । पूर्वनागरिक-आन्दोलनकर्मी रहेका जो फ्रिमन र सुलामिथ फायरस्टोनले सम्मेलनले यौनिकताका सन्दर्भलाई सम्बोधन गरोस् भनेर आवाज उठाए । उनीहरूलाई 'चुप लाग फुच्चीहरू' (Calm Down Little Girl) भनेर बोल्न दिइएन (एमसिग्लेन, सन् १९९५ : ११) । सम्मेलनले यिनीहरूसँग सरोकार नराखेपछि फ्रिमन सिकागोको र फायरस्टोन न्युयोर्क सहरको रेडिकल उमन्स ग्रुप (Radical Women's group) मा मिसिन पुगे ।

देशका अन्य स्थानमा के भइराखेको छ भन्ने जानकारीविना नै महिलाहरूले संयुक्त राज्यका विभिन्न सहरहरूमा बैठक गर्न थाले । महिला स्वतन्त्रताका निम्तिको यो जुक्ति मुख्य रूपमा विद्यार्थी आन्दोलनमा सल्कियो र यसले प्रतिसंस्कृतिको उत्थान गर्न थाल्यो । 'प्रजातान्त्रिक समाजका लागि विद्यार्थी' समूहका र अन्य वामपन्थी समूहका महिलाले गरेको महिलाहरूको व्यवस्थित सङ्गठन देशभरि नै छरियो । यसरी चेतना अभिवृद्धिका निम्ति प्रयत्नशील महिलाहरूको

यस समूहले जीवनमा आइपर्ने समस्याहरू व्यक्तिगत असफलताका कारणले नभएर हेपाहा संस्कृति (dominant culture) का कारणले उब्जिएका हुन् र ती सबै महिलाका साझा समस्या हुन् भन्ने विचारलाई फैलाउने काम पनि गऱ्यो। सन् सत्तरीको दशकको मध्यतिर सक्रिय महिलाहरूको यस्ता स्थानीय समूहका क्रियाकलापले नारीवादी महिलाहरूको स्वास्थ्य हेरचाह केन्द्र, युद्धपीडित महिलाको पुनः स्थापना, नारीवादी महिलाहरूको पुस्तक सङ्कलन केन्द्र स्थापना गर्ने क्रममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ।

वयस्क महिलाहरूको अर्को समूह पनि आफ्नै किसिमले महिला उत्थानका निम्ति सक्रिय थियो। सन् १८९० देखि नै महिलाका थुप्रै राष्ट्रिय सङ्गठनहरू बनेका थिए। सन् १९२० पछि तीमध्येका केही सङ्गठन महिला अधिकारका पक्षमा राजनीतिक किसिमले सक्रिय भए। नेसनल लिग अफ उमन भोटर्स [National League of Women Voters (LWV)], नेसनल फेडरेसन अफ बिजिनेस एन्ड प्रोफेसनल उमन्स क्लब्स [National Federation of Business and Professional Women's Clubs (BPW)], नेसनल काउन्सिल अफ नेग्रो उमन [National Council of Negro Women (NCNW)] जस्ता समूहहरूले लामो समयदेखि नै कानुनी क्षेत्रमा महिलाको हैसियत वृद्धिका निम्ति प्रयत्न गर्दै आएका थिए। यी समूहहरूले सामाजिक आन्दोलनमा आधारित सम्भाव्य नेतृत्व त प्रदान गरे तर तिनलाई काम गर्नका निम्ति अरूले घच्घच्याउनुपर्ने आवश्यकता भने थियो।

यसरी सन् १८४८ मा सम्पन्न सेनेका फल्स सम्मेलनले अगाडि सारेको महिलाको मताधिकार प्राप्तिका निम्ति पौने शताब्दी कुर्नुपऱ्यो। महिला आन्दोलनका दुई चरण पूरा गरेपछि मात्रै मताधिकार र अन्य राजनीतिक प्रक्रियामा पुरुषसमान हैसियत प्राप्त गर्न महिलाहरू सक्षम भए। अमेरिकी संविधानको १९ औं संशोधनले स्वीकृति पाएपछि महिलाको समूह भिन्न-भिन्न लक्ष्यप्राप्तिको उद्देश्य लिएर विभाजित भयो। समाजवादी नारीवादीहरू सुरक्षात्मक कानुनी प्रक्रियाका लागि गरिँदै आएको आफ्नो कामलाई नै निरन्तरता दिन चाहन्थे। यो संविधानको समानाधिकारसम्बन्धी संशोधनमाथिकै थप प्रयास हो र यो महिलाहरूको राष्ट्रिय राजनीतिक समूह (NWPC) को प्रमुख उद्देश्य पनि हो। उक्त समूहले महिला आन्दोलनको यस चरणमा कडा मेहनत पनि गरेको हो तर इतिहासबाट पाठ नसिक्नाले तिनीहरू असफल भए। आफ्नो अभियानलाई राज्यस्तरमा विस्तार गर्ने क्रममा सुसङ्गठित प्रतिपक्षले उनीहरूको प्रयत्नलाई असफल बनाइदियो।

महिला अधिकारवादी आन्दोलनको विकासका दृष्टिले सन् १९७० देखि ८२ सम्मको अवधि महत्त्वपूर्ण रह्यो तर यस अवधिका प्रमुख प्रयत्नहरू भने राजनीतिक अधिकार प्राप्तिका सम्बन्धमा सम्झौता गर्नैमा केन्द्रित रहे। NWPC जस्ता समूहहरू राजनीतिक प्रक्रियामा महिलाहरूको बढोत्तरीका सन्दर्भमा मुख्य केन्द्रमा रहे। सन् १९८५ मा एनिली (ENILY) नामक समूह अस्तित्वमा आयो जसले निर्वाचनमा सहभागी हुने महिलाका लागि आर्थिक सहयोग गर्‍यो र सन् १९९२ को निर्वाचनमा यसले महिला उम्मेदवारलाई राम्रैसँग सघायो पनि। सन् १९८९ र १९९० को एउटा घटनाले आन्दोलनबाहिर रहेका महिलालाई पनि आन्दोलित हुन प्रेरित गऱ्यो। अनिता

हिल नामकी महिलाले क्लारेन थोमसका विरुद्ध दर्ता गरेको यौन दुर्व्यवहारसम्बन्धी सुनुवाइमा न्याय पाइनन् र न्यायपालिकामा रहेको पुरुष वर्चस्व नै त्यसो हुनुको कारण थियो । यही कारणले महिलाहरू संसद्मा महिलाको उपस्थिति बाक्लो बनाउन प्रतिबद्ध बन्न पुगे । लाखौं डलर सङ्कलित भयो र महिला उम्मेदवारका निम्ति मत सुरक्षित बन्यो ।

अमेरिकी महिला आन्दोलनको सन्देश सुस्पष्ट छ। त्यहाँ पनि महिलाहरू एकातिर आयआर्जनको काम र अर्कातिर गृहस्थी एवं मातृत्वको जिम्मेवारीको दोहोरो भूमिकाले उत्पीडित छन् र तिनलाई सहयोगको खाँचो छ । महिलाका जीवनको भूमिकामा परिवर्तन ल्याउने अपेक्षाले बढीभन्दा बढी महिलालाई आन्दोलित तुल्याएको छ । सन् १९८० पछिको महिला आन्दोलन भने एउटै विषयमा मात्र केन्द्रित रहेन । अमेरिकी महिला आन्दोलनको यो इतिहास हेर्दा न त महिलाको सामाजिक हैसियत नै तुरुन्तै पहिलो दर्जामा पुग्ने देखिन्छ  न त महिला आन्दोलन नै कमजोर हुनसक्ने परिस्थिति छ ।

## २.१.२ **युरोपमा नारी जागरण र नारीमुक्ति आन्दोलन**

युरोपमा नारी जागरणको प्रारम्भ त्यहाँ भएको औद्यागिक क्रान्तिको इतिहाससँग जोडिएको पाइन्छ । औद्योगिक कारखानामा श्रमिकका रूपमा महिलाको प्रवेश, न्यून ज्याला तथा श्रमिक सङ्गठनमा पुरुष सहकर्मीद्वारा प्रवेशमा लगाइएको रोक, कारखानाको मालिकले गर्ने श्रमशोषण र मजदुरहरूले महिलालाई गृहस्थीकर्ममा सीमित हुन उत्प्रेरित गर्ने क्रमसँगै उनीहरूमा जागरण पैदा भएको देखिन्छ ।

युरोपमा औद्योगिक क्रान्ति हुनुभन्दा निकै अगाडि सन् १४१२ मा फ्रान्समा जन्मेकी जोन अफ आर्कले बेलायतको प्रभुसत्ताका विरुद्ध राष्ट्रियता र स्वतन्त्रताका निम्ति तत्कालीन राजालाई लड्न प्रेरित गरेर सफलता हासिल गराएकी समेत थिइन् तर उनलाई १९ वर्षको उमेरमा धार्मिक कुकृत्य र बोक्सीको आरोपमा सन् १४३१ मा जिउँदै जलाएर मारियो (अस्मिता, अङ्क १९, २०५० : ८) । तत्कालीन परिवेशमा त्यस्तो साहस गर्ने जोनलाई निश्चय नै गौरवपूर्ण रूपमा लिनुपर्छ तापनि उनको त्यो कार्य नारी समुदायको हीनता र सामाजिक-पारिवारिक स्थितिका विरुद्ध थिएन ।

सामन्तवादको अन्त्य नभइसकेको र पुँजीवादको प्रारम्भ भइसकेको सङ्क्रमण कालमा महिलाहरू सामाजिक उत्पादनहरूमा संलग्न भइसकेका थिए । एकातिर यही संलग्नताका कारणले र अर्कातिर विकसित भइरहेको मानववादी दर्शनले महिलालाई एउटा नयाँ अनुभूति प्रदान गरिरहेको थियो । त्यस अनुभूतिलाई नारी जागरणको पूर्वाभास भन्न सकिन्छ । पुँजीवादी समाज व्यवस्थाको यही प्रारम्भ बिन्दुदेखि नै महिलाहरूले समान अधिकारको माग गर्न थालेका हुन् । सामन्ती स्वेच्छाचारिताका विरोधी तथा मानववादका समर्थक बुर्जुवा (पुँजीवादी) दार्शनिकहरूले महिलाका पक्षमा आफ्ना दृष्टिकोण अगाडि सार्ने क्रममा एकजना फ्रान्सेली विचारक ए. कोन्दोर्सेले कानुनी समानता तथा शिक्षाका माध्यमबाट महिलाको मुक्ति सम्भव छ भन्ने विचार अघि सारेका थिए । महिलाका समस्याको कारक बनेको आर्थिक आधारतर्फ भने उनको ध्यान जान सकेको देखिँदैन (कात्यायनी, सन् १९९२ : ७) । १९ औं शताब्दीका ब्रिटिस  दार्शनिक, अर्थशास्त्री

एवं समाजशास्त्री जेम्स स्टुअर्ट मिलले पनि (सन् १८६९ मा) **अन द सब्जेक्सन आवर उमन** भन्ने आफ्नो पुस्तकमा कोन्दोर्सेकै विचारहरू प्रस्तुत गरेका छन् (पृ.७) ।

युरोपमा फ्रान्सेली क्रान्तिसँगसँगै सङ्गठित महिला आन्दोलनको पनि प्रारम्भ भएको हो । दासप्रथाविरोधी विभिन्न आन्दोलनहरूमा सक्रिय भइसकेका महिलाहरू फ्रान्सेली क्रान्तिमा संलग्न हुनु नौलो कुरा पनि थिएन । उमन्स रिभोल्युसनरी क्लब्स नाम भएको महिला सङ्गठन युरोपकै इतिहासमा पहिलो महिला संस्था थियो । समानताका निम्ति सङ्घर्षरत महिलाहरूको पहिलो पत्रिकाको प्रकाशन पनि त्यही समयमा फ्रान्समा नै भयो । त्यसैताका युरोपमा अस्तित्वमा आएको रुसोको मानववादी दर्शनलाई लिङ्गभेद नगरीकन व्यवहारमा ल्याइनुपर्छ भन्ने मागलाई अघि सार्दै सो क्लब त्यसबेला फ्रान्समा भएका सबै प्रकारका राजनीतिक सङ्घर्षमा सामेल भयो (कात्यायनी, सन् १९९२ : ८) ।

एथेन्समा पुरुष मात्र नागरिक ठानिन्थे र जन्मेको १० दिनपछि उसको जन्म नागरिकका रूपमा हुन्थ्यो तथा उसलाई त्यो नागरिकता पिताद्वारा प्राप्त हुन्थ्यो । तत्कालीन एथेन्स र प्लेटोको गणराज्यमा आत्मनिर्भर व्यक्ति मात्र नागरिक हुन्थे । परनिर्भर व्यक्ति तथा विवाहित वा विवाह गर्न लागेका महिलाहरू आत्मनिर्भर मानिँदैनथे, त्यसैले उनीहरू नागरिक मानिँदैनथे । वर्षौंपछिका हेलेनिस्टिक राजतन्त्र र रोमन साम्राज्यमा भने महिला र दासहरूलाई पनि नागरिकता प्राप्त भयो (विस्नर, सन् २००१ : १६१) ।

नागरिकहरूलाई राज्यले विविध सुविधा दिने गरेकामा नागरिकको सङ्ख्या अधिक भएपछि त्यो असम्भव हुन गएकाले १६ औं शताब्दीमा नागरिकताका कुरामा परिवर्तन गरियो । ग्रिक दर्शन र रोमन कानुन दुवैले महिलाहरू मानसिक रूपमा कमजोर हुन्छन् भन्ने कारण देखाएर उनीहरूलाई राजनीतिबाट अलग्याउनुका अतिरिक्त वैधानिक अवसरहरू पनि सीमित गरियो तथा उनीहरू दोस्रो दर्जाका नागरिक मानिए (विस्नर, सन् २००१ : १६१-१६२) । सत्रौं र अठारौं शताब्दीको युरोपमा पनि नारीहरू पुरुषभन्दा हीन हुने हुनाले उनीहरूलाई नागरिक बनाउनु हुँदैन भन्ने तर्क अघि सारियो । संयुक्त राज्य अमेरिकामा सम्पत्ति भएका पुरुष र सम्पत्ति भएका अविवाहित महिलाहरूले भोट दिने अधिकार पाएका थिए । अन्तर्राष्ट्रिय विस्तृति नपाएको यो मताधिकार तत्कालका लागि एउटा संयोग मात्र थियो । यसैले त्यो फेरि लुप्त भयो । १९ औं शताब्दीमा यो अधिकार पुरुषमा मात्र सीमित गराइयो र महिला, बालबालिका, अपराधी एवं मानसिक रूपले बिरामी भएकाहरूलाई यसबाट बञ्चित गरियो । यो कुरा अमेरिकामा मात्र सीमित नभएर इजिप्ट, इरानसम्म पनि फैलियो र महिलाहरूलाई भविष्यका नागरिकको हेरचाहमा समर्पित हुन भनियो (पृ.१६२) ।

महिलाको नागरिकताको यो सन्दर्भ सन् १७९२ मा एउटा ठूलो बहसको विषय बन्यो र फ्रान्सेली क्रान्तिको पहिलो वर्षमा नै पेरिसमा यसले एउटा नाटकीय रूप ग्रहण गऱ्यो । महिलाहरूले राजालाई दिनका लागि एउटा कार्यालयीय पत्र तयार गरे र राजालाई पेरिस फर्कने माग गर्दै पेरिसदेखि भर्सेलिजसम्म पैदल मार्च गरे । उनीहरूले बैठक गरे, संवैधानिक राजतन्त्रका

पक्षमा हस्ताक्षर गरे, सशस्त्र जुलुसमा भाग लिए, आफ्नो बेग्लै राजनीतिक समाजको निर्माण गरे। यस्ता क्रियाकलापमार्फत उनीहरूले आफूलाई नागरिकका रूपमा स्थापित गरे। सोही अभियानकी ओलम्पी दी गाउजेसले **डिक्लेरेसन अफ द राइट्स अफ द म्यान एन्ड द सिटिजन** (Declaration of the Rights of the Man and the Citizen) को नमुनामा 'महिलाहरू र महिला नागरिकहरूको अधिकारहरूको घोषणा' तयार पारिन् र त्यसलाई सन् १७९१ मा राष्ट्रिय सभामा प्रस्तुत गरियो। यसमा महिलामाथिको पुरुषको शासनको विरोध गर्दै महिला एवं पुरुषका बिचमा पूर्ण सामाजिक र राजनीतिक समानताको माग गरिएको थियो। त्यसबाट क्रान्तिकारी र यथास्थितिवादी दुवैथरि स्तब्ध बनेका थिए। सन् १७९२ मा बेलायतकी महिला मेरी उल्स्टन क्राफ्ट (Marry Woolstonecraft) ले **अ भिन्डिकेसन अफ द राइट अफ उमन** (A Vendication of the right of women) भन्ने पुस्तकमा ओलम्पी दी गाउजेसका दस्तावेजका कुराहरूलाई परिष्कृत र विस्तृत रूपमा प्रस्तुत गरिन् (ब्रिटानिका इन्साइक्लोपेडिया, भोल्युम १०, सन् २००४ : १९६)। १९ औं शताब्दीको नारीवादी आन्दोलनका लागि यसले एउटा आधारशिला तयार पारिदिएको थियो। यसले आन्दोलनकै समयमा महिलाहरूलाई मताधिकार प्रदान गर्नुका साथै पारपाचुके गर्न सहज बनाइदिएर सम्पत्ति राख्ने अधिकार पनि दियो। पछि सन् १८०४ को नेपोलियन कोडले महिलाका सबै अधिकार खोसेर उसलाई श्रीमान्को अधीनस्थ गरिदियो (विस्नर, सन् २००१ : १६३ -१६४) ।

राजनीतिक एवं राष्ट्रवादी आन्दोलनमार्फत स्थापित प्रजातान्त्रिक सरकारले १९ औं शताब्दीमा महिला अधिकारको आन्दोलनको झिल्कोलाई सल्काउने काम गऱ्यो। उपनिवेशवादको विरुद्धको प्रतिक्रिया र अठारौं शताब्दीको क्रान्तिले धेरैजनालाई सामाजिक एवं राजनीतिक परिवर्तनको आह्वान गर्न उत्प्रेरित गऱ्यो। महिलाहरूको यही मताधिकार र राजनीतिक अधिकारसम्बन्धी आन्दोलनले मात्र इतिहासकारहरूको ध्यान आकृष्ट गऱ्यो र यसलाई कलेजको पाठ्यपुस्तकमा 'पहिलो तह' (first stage) को नाम दिएर समावेश गरियो। मताधिकार आन्दोलनका कथाहरू सुसन वी. एन्थोनी र सिल्भियो पङ्खुर्स्ट जस्ता व्यक्तिका नामोच्चारण एवं नेसनल उमन्स सफ्रेज एसोसियसन (National women's Suffrage Association) र उमन्स सोसियल एन्ड पोलिटिकल युनियन (Women's social and political Union) को सन्दर्भलाई सँगै जोड्न थालियो। महिला अधिकार समूहहरूका क्रियाकलापहरू एउटा देशबाट अर्को देशमा सर्दै गए, बेलायतमा भोक हड्ताल, नागरिक अवज्ञा आन्दोलन, विन्तिपत्र, मन्त्रणा, प्रतिरोधपत्र आदि विभिन्न ढाँचाको प्रयोग गरेर आन्दोलनहरू थालिए (विस्नर, सन् २००१ : १६४-१६५)।

महिलाहरूको यो पहिलो चरणको आन्दोलनको स्वरूप अन्तर्राष्ट्रिय थियो, युरोप र अमेरिकामा मात्र सीमित थिएन। मताधिकारको बहसका अतिरिक्त शिक्षा, सम्पत्तिमाथिको अधिकार, समान विवाह र पारपाचुके कानुन, महिला कामदारहरूको सुरक्षाजस्ता महिला प्रश्नहरू अन्तर्राष्ट्रिय विषय नै थिए जसलाई आ-आफ्ना देशका आवश्यकता अनुसारको प्राथमिकता प्रदान गरिन्थ्यो। युरोपमा आफ्नो सम्पत्ति माथिको अधिकार र आफ्नो ज्यालामाथि आफ्नै नियन्त्रण रहनुपर्छ भन्ने कुराले प्राथमिकता पाएका थिए। भारतमा सती प्रथाको अन्त्य र विधवा विवाह,

संयुक्त राज्य अमेरिकामा कामको अवस्थामा प्रगति र महिलाको आर्थिक अधिकारलाई सीमित गर्ने नागरिक संहिता (civil code) को पुर्नसंरचना जस्ता कुराले प्राथमिकता पाएका थिए (विस्नर, सन् २००१ : १६५) ।

बेलायत र अमेरिकामा महिलाहरूको प्रयत्न व्यक्तिगत स्वतन्त्रतातर्फ उन्मुख थियो भने सिङ्गो युरोप महादेश लगायतका स्थानहरूमा महिलाहरूको कर्तव्य र बाध्यताका कुराहरूलाई बढी महत्त्व दिइएको थियो । त्यसबेलाका समाजसुधारकहरूले पनि महिलाको घरपरिवारप्रतिको जिम्मेवारीलाई घटाउने प्रयास नगरेको देखेपछि तत्कालीन महिला आन्दोलनकारीहरूले तिनीहरूकै आवाजमा आवाज मिलाउँदै आफूहरूलाई परिवार एवं बालबच्चाको कल्याणका लागि घर सफा गरेजस्तै भ्रष्ट राजनीतिलाई सफा गर्नका लागि मताधिकार चाहिएको कुरा बताए । साथै आफूहरूले महिलामाथि हुने लैङ्गिक मापदण्डमा सुधार ल्याउने कुरा अघि सारे । सुधारकहरूले उनीहरूका कुरालाई सहारा दिँदै जातीय एवं वर्गीय सन्दर्भलाई अघि सार्दै मध्यम वर्गीय श्वेत महिलाहरू मजदुर, बसाईंसराइ गर्दै आएका तथा अश्वेतहरूभन्दा धेरै जिम्मेवार हुने कुरा बताए । समाज सुधारकहरूसँग चोचोमोचो मिलाएकै कारणले अस्ट्रेलिया र न्युजिल्यान्डका महिलाहरूले तुलनात्मक रूपमा छिटो मताधिकार प्राप्त गरे (विस्नर, सन् २००१ : १६५) ।

बुर्जुवा महिला आन्दोलन र सङ्गठनहरूमा सन् १८०४ को नेपोलियन कोडले प्रतिबन्ध लगाएपछि निष्प्राण भएको महिलाहरूको राजनीतिक एवं नागरिक अधिकारमा केन्द्रित सङ्घर्षलाई युरोपमा भएका सन् १८४८-४९ का क्रान्तिकारी तथा १८४८ मा पेरिसमा भएको सर्वहारा विद्रोह एवं विभिन्न देशहरूमा भएका मजदुर आन्दोलनहरूले नयाँ ऊर्जा प्रदान गर्‍यो । सन् १८४८ मा फ्रान्समा फेरि महिला क्लबहरूको गठन भयो । जर्मनी र अस्ट्रियामा पनि राजनीतिक अधिकार प्राप्तिका निम्ति महिलाहरूको युनियनको गठन भयो । सन् १८४८ मा अमेरिकाको न्युयोर्कमा भएको महिलाहरूको सेनेका फल्स सम्मेलनको प्रभाव युरोपभरि फैलियो र त्यहाँ महिला आन्दोलन नयाँ गतिमा क्रियाशील बन्यो (इन्साइक्लोपेडिया ब्रिटानिका, सन् २००४ : ३०) ।

महिला मुक्ति आन्दोलनलाई ठोस धरातल प्रदान गर्ने काम मार्क्सवादीहरूले गरेको देखिन्छ । मार्क्सको 'पुँजी' भन्ने पुस्तकमा पनि महिलाका पराधीनताका विरुद्ध आवाज उठाइएको थियो मात्र होइन त्यसबाट मुक्तिको मार्ग पनि देखाइएको थियो । त्यस्तै एङ्गेल्सको **परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति** भन्ने पुस्तकले अझै विस्तृतिमा गएर मातृसत्ता, पितृसत्ताको आगमन, महिलाको दासत्व र परिवारको उत्पत्तिजस्ता सन्दर्भहरूको ऐतिहासिक भौतिकवादी दृष्टिले व्याख्या-विश्लेषण एवं समाजमा वर्गीयताको अन्त्य नभई महिला मुक्ति सम्भव नहुने कुराको खुलासा गर्दै महिला मुक्ति आन्दोलनलाई वर्गीय मुक्ति आन्दोलनसँग जोड्ने काम गरियो । बुर्जुवा आन्दोलनकालमा महिलाको मुक्ति आफ्नै लागि मात्र हो भन्ने दर्शन थियो भने समाजवादी चरणमा प्रवेश गरेपछि भने यसले सामाजिक मुक्ति आन्दोलनको एउटा अङ्गको हैसियत प्राप्त गर्‍यो । महिलाहरूका प्रश्नमा मार्क्सवादी दृष्टिकोणलाई जोडेर व्याख्या गर्ने तथा वैज्ञानिक समाजवादका सिद्धान्तमा आधारित बेग्लै किसिमको सर्वहारा नारी आन्दोलन अगाडि बढाउने क्रममा सन् १८७९ मा प्रकाशित अगस्ट बेबेलको **उमन एन्ड सोसियलिजम** (Women and Socialism) भन्ने पुस्तकको

योगदान महत्त्वपूर्ण छ (कात्यायनी, सन् १९९२ : १६)। पुँजीवादी समाज व्यवस्थामा कमाइ गर्ने महिलाहरू एकातिर निकृष्टतम श्रम शोषणमा पर्छन् भने अर्कातिर यौन शोषणका सिकार पनि हुने गर्दछन् ; सम्पन्न वर्गका महिलाहरू पनि घरेलु दासता र पुरुष स्वामित्वको भारबाट थिचिएर अपमानजनक जीवन बिताइरहेका हुन्छन् ; यसैले पुँजीवादी समाजमा हरेक वर्गका महिलाहरूको जीवनस्थिति सम्मानजनक हुने सम्भावना नभएकाले उनीहरूको साँचो अर्थको मुक्तिका लागि पुँजीवादी समाज व्यवस्थाको अन्त्य गर्नेतर्फको अग्रसारिता नै सबभन्दा उपयुक्त हुन्छ भन्ने दृष्टिकोण नै यी तीन जना (मार्क्स, एङ्गेल्स र बेबेल) दार्शनिकको दर्शनको सार देखिन्छ।

युरोपीय दार्शनिक प्रुधों र उसका चेलाहरू समाजोपयोगी कामहरूमा महिलाको सहभागिताको विरोध गर्दथे र उनीहरू महिलाको प्रमुख जिम्मेवारी परिवार र केटाकेटीको स्याहारसुसार हो भन्दथे। यस चिन्तनलाई मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओहरूले माटामा मिलाउनुका अतिरिक्त महिलाको पूर्ण मुक्तिविना सर्वहारावर्गको पूर्ण मुक्ति सम्भव छैन भन्दै महिला मुक्तिलाई अत्यन्तै महत्त्व प्रदान गरेका छन्। महिला मुक्ति आन्दोलनको यो समाजवादी धारलाई अगाडि बढाउने क्रममा क्लारा जेट्किन (सन् १८५५-१९३३) को महत्त्वपूर्ण भूमिका छ। उनी एङ्गेल्स र काउत्सीसँगै द्वितीय अन्तर्राष्ट्रिय काङ्ग्रेसकी सङ्गठनकर्ता पनि थिइन्। त्यसमा उनले महिला अधिकारको प्रश्न उठाएकी थिइन्। सन् १९०७ मा भएको प्रथम अन्तर्राष्ट्रिय महिला सम्मेलनमा उनी सचिव चुनिइन् र त्यस पदमा सन् १९१७ सम्म बसिन्। त्यस सम्मेलनले महिला आन्दोलनलाई समाजवादी आन्दोलनकै अङ्गका रूपमा अगाडि बढाउनुपर्ने आवश्यकतामाथि जोड दियो। सन् १९१० मा कोपेन हेगेनमा सम्पन्न महिलाहरूको द्वितीय अन्तर्राष्ट्रिय सम्मेलनले क्लारा जेट्किनको प्रस्तावमा ८ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवसका रूपमा मनाउने प्रस्ताव पारित गऱ्यो (सिंह, २०४९ : ५)। यसपछि युरोपमा महिला आन्दोलनमा समाजवादी र प्रजातन्त्रवादी गरी दुईवटा धारहरू स्पष्ट देखिए र तिनले विस्तारै विश्वव्याप्ति प्राप्त गरे। यिनै दुईवटा धारलाई महिला विश्व दृष्टिकोणका रूपमा लिने गरिन्छ।

युरोपका महिलाका कानुनी हैसियतमा १९ औं शताब्दीको उत्तरार्द्धमा र बीसौं शताब्दीको प्रारम्भिक दशकहरूमा उत्साहजनक सुधारहरू भए। बेलायतमा सन् १८४८ मा महिलाको एक दिनको काम गर्ने समय १० घण्टा निश्चित गरियो। फ्रान्समा सन् १८९२ मा बनेको श्रम कानुनमा दिनमा महिलाको कार्यावधि ११ घण्टा तोकियो र १९०४ मा त्यसलाई घटाएर १० घण्टा गरियो। त्यहाँ महिलाको मताधिकारसम्बन्धी विधेयक सन् १८४८ मा पेस गरिए पनि एक शताब्दीपछि सन् १९४४ मा आएर मात्र सो अधिकार उनीहरूलाई प्राप्त भयो। १९ औं शताब्दीका मध्यतिर विश्वका धेरै ठाउँमा मताधिकारवादीहरूका सङ्गठन स्थापित भए। उनीहरूको पहिलो अन्तर्राष्ट्रिय सम्मेलन १९८८ मा वासिङ्टन डि.सी. मा र १९९० मा ब्युनर्स आयर्समा भयो। उनीहरूमाथि भौतिक आक्रमण पनि हुन्थ्यो र कतिपय देशमा महिला मताधिकारविरोधी सङ्गठनहरू पनि खडा गरिए जसमा महिला पुरुष दुवै उत्तिकै मात्रामा सामेल थिए। महिला मताधिकारवादीहरू अन्तर्राष्ट्रिय घटनाक्रमहरूसँग पनि आफूलाई जोड्ने गर्दथे। त्यस क्रममा उनीहरू प्रथम विश्वयुद्धसँग पनि गाँसिएका थिए। मताधिकार आन्दोलनको अन्तर्राष्ट्रियकरणले

विश्वका विभिन्न मुलुकले विभिन्न समयमा मताधिकार प्राप्त गर्दै गए । न्युजिल्यान्ड सन् १८९३, फिनल्यान्ड सन् १९०६ मा र स्विजरल्यान्ड बाहेकका थुप्रै युरोपीय देशहरूले प्रथम विश्वयुद्धपछि अर्थात् सन् १९३० देखि १९४० का बिचमा सो अधिकार प्राप्त गरे । सन् १९१७ को ८ मार्चका दिन महिलाहरूले रूसमा जारशाहीका विरुद्ध विशाल प्रदर्शन गरे । जारशाही ढलेपछि उनीहरूको राजनीतिक एवं आर्थिक अधिकार सुनिश्चित भयो (कात्यायनी, सन् १९९२ : २६) ।

युरोपमा महिलाको जागरण नागरिकताको प्रश्नबाट प्रारम्भ भएको नारी जागरणको चिन्तनको पहिलो धार बुर्जुवा चिन्तनको थियो । सन् १८४८ को अमेरिकाको सेनेका फल्स कन्भेन्सनको प्रभाव र मार्क्स एङ्गेल्सको चिन्तनको प्रभावस्वरूप त्यस नारी जागरणले आन्दोलनको रूप लियो तथा यसले कामकाजी महिलाका समस्यालाई केन्द्रमा राख्यो । महिलाहरू जतिजति घरबाहिरको संसारमा सक्रिय हुँदै गए उतिउति उनीहरूसँग सम्बन्धित नयाँ-नयाँ समस्याहरू देखिए र तिनले नारी आन्दोलनको विषयगत व्यापकता हासिल गरे । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारका विभिन्न विषयहरूमा समेत उनीहरूको आन्दोलन विस्तारित हुनपुग्यो । महिला मताधिकार युरोपलगायत विश्वभरिमै महिलाहरूले सबभन्दा बढी सङ्घर्ष गर्नुपरेको र समय खर्चिएको विषय  थियो । सो आन्दोलनमा उनीहरूले देखाएको असीम धैर्यले उनीहरूलाई सफलता पनि दिलाएरै छाड्यो । युरोपमा भएका अनेकन् क्रान्तिहरूले महिला आन्दोलनलाई झन्-झन् धारिलो बनाउँदै लगेको र तीव्रता प्रदान गरेको देखिन्छ । युरोपमा भएका महिला आन्दोलनका केही पाटालाई मात्र यहाँ प्रस्तुत गरिएको छ । यी सबै दृष्टान्तबाट आफ्ना समस्यासँग जुध्नका लागि महिलाहरू आफै आन्दोलित हुनुपर्छ र त्यो आन्दोलन सङ्गठित पनि हुनुपर्दछ भन्ने सन्देश प्राप्त हुन्छ । युरोपियन महिलाले आफ्ना जीवनमा जे जति प्राप्ति गरेका छन् ती सबै उनीहरूकै अथक् सङ्घर्षका परिणाम हुन् । पूर्वी युरोपका केही मुलुकमा स्थापना भएको समाजवादले महिलाका धेरै समस्याहरूको समाधान भएको थियो तर तिनको पुँजीवादतर्फका संसरणले ती मुलुकका महिलासमस्या अझै जटिल बनेका छन् । विश्वमा पुँजीवादी साम्राज्यवादको बढ्दो दबदबाले पुराना समस्याका ठाउँमा नयाँ र जटिल समस्याहरू जन्मिएका छन् । महिलाले जति नै सङ्घर्ष गरे तापनि पुँजीवादी विशिष्टताको परिणाम भने तिनले भोग्नैपर्ने हुन्छ । पुँजीवादी उपभोक्तावादी संस्कृतिले महिलालाई सतही ढङ्गले हेर्दा स्वतन्त्रता प्रदान गरेको जस्तो लागे तापनि सूक्ष्म ढङ्गले विचार गर्दा रूपमा नग्नतातर्फ उन्मुख त्यो संस्कृति सारमा बन्धनसिवाय केही होइन ।

### २.१.३ पाश्चात्य जगत्मा नारीवाद

नारीवाद भन्ने शब्द र त्यसको सिद्धान्त दुवै कुराको उद्गमस्थल पाश्चात्य जगत् नै हो । त्यहाँ नारी जागरणको प्रारम्भ १५ औं शताब्दी र नारी आन्दोलनको आरम्भ १९ औं शताब्दीबाटै भए तापनि ती जागरण र आन्दोलनले 'नारीवाद' को स्वरूप भने पाइसकेका थिएनन् । उक्त शब्दको प्रयोगको प्रारम्भ त्यहाँ पनि धेरैपछि मात्र भएको हो । यो शब्द सर्वप्रथम फ्रान्समा सन् १८७१ मा एउटा पुरुषको स्वास्थ्य परीक्षणसम्बन्धी विवरणमा उल्लेख भएको थियो (फ्रिडम्यान,

सन् २००२ : २) । त्यसको लगत्तै अर्को वर्ष सन् १८७२ मा अलेक्जेण्डर दुमास नामका नारीवादविरोधी लेखकले एउटा राजनीतिक पर्चामा उक्त शब्दको प्रयोग गरे (पृ.२) । यीमध्ये नारीवादी भन्ने शब्द अघिल्लोमा पुरुषमा नारी शरीरका विशेषता देखिने क्रममा र पछिल्लोमा नारीका स्वभावमा पौरुष प्रवृत्ति देखिएका सन्दर्भमा नारीवाद भन्ने शब्दको प्रयोग भएको पाइन्छ । नारीवाद शब्दको प्रथम प्रयोगमा अल्मल देखिएको छ र आज यस शब्दले जुन अर्थ बोकेको छ त्यो अर्थ भने त्यस शब्दले त्यसबेला बोकेको थिएन । यो शब्द प्रयोगको प्रारम्भको यही अर्थगत विभ्रमको परिणामस्वरूप नै भन्नुपर्छ सन् १९७० को दशकका प्रारम्भका वर्षहरूसम्म पनि नारीवादी आन्दोलनमा सक्रिय रहेकै महिलाहरूले समेत पनि आफूलाई नारीवादी भन्दैनथे (पृ. ३ ) । अङ्ग्रेजी भाषामा भने नारीवाद भन्ने शब्द सन् १८९० मा पितृसत्ताका निश्चिन्तता भङ्ग गर्ने, लैङ्गिक समानतामा विश्वास गर्ने र परिवर्तनशील समाजबाट लैङ्गिक दमन हटाउने भन्ने अर्थमा प्रयोग भएको देखिन्छ (सेल्डन आदि, सन् २००५ : १२५) ।

नारीवाद शब्दको प्रयोगको प्रारम्भ नै पश्चिमी जगत्मा नारीवादी चेतनाको प्रारम्भबिन्दु होइन । नारीवादी आन्दोलनको सङ्गठित प्रारम्भ अमेरिका र युरोप दुवै ठाउँमा सन् १८४० को दशकमा भएको थियो । नारीवादी चेतनाको प्रयोग लेखनमा सन् १७९२ को बेलायतकी मेरी उल्स्टन क्राफ्टको **ए भिन्डिकेसन अफ द राइट्स अफ उमन भन्ने** नाउँको कृतिबाट नै भइसकेको हो । लैङ्गिक सन्दर्भको आफ्नो सामाजिक, राजनीतिक अधिकारको खोजी र दाबी गर्ने काम महिलाहरूबाट अझ १५औं शताब्दीबाटै भइसकेको हो । हजारौं वर्षदेखि जसरी महिलाहरू बेनाम थिए, त्यसैगरी उनीहरूको आन्दोलन पनि सयौं वर्ष बेनाम रह्यो । जुनजुन विषय लिएर विश्वमा महिलाहरू आन्दोलित हुन्थे तिनै विषय तिनको नाम बन्थे । नारीवाद अहिले महिलाहरूका हरेक आन्दोलनलाई समेट्न सक्ने एउटै छाता नामका रूपमा विश्वभरि नै प्रतिष्ठित भइसकेको छ ।

पाश्चात्य मुलुकमा नारीवादी जागरणको धेरै समयपछि यसले लेखनमा आउने अवसर पायो । त्यसको पनि धेरै वर्षपछि सङ्गठित आन्दोलनको स्वरूप पायो र त्यसको पनि लगभग आधा शताब्दीपछि यसले नाम पायो । त्यसको पनि नौ दशकपछि नारीवाद सिद्धान्तीकृत भयो । अर्थात् सन् १९६० का प्रारम्भमा साहित्यिक र सांस्कृतिक विश्लेषणका स्वरूपमा नारीवादी समालोचना र सिद्धान्तको स्थापना भयो (बेन्स्टेक, सन् २००२ : १५३) । यही क्रममा नारीवादको इतिहासको खोजी भयो र यसलाई विभिन्न तीन चरणहरूमा विभाजन गरियो । भर्जिनिया उल्फ, सिमोन दि बुभायर पहिलो चरणका प्रतिनिधि मानिए । सन् १९६० देखिको समयलाई दोस्रो चरण मानियो र यसको विभाजक रेखा बन्यो अमेरिकाकी बेट्टी फ्राइडनको **ए फेमिनिन मिस्टिक** (सन् १९६३) । यही चरणमा अमेरिकाकै मेरी इलमनको **थिङकिङ एबाउट उमन** (सन् १९६८) र केट मिलेटको **सेक्सुअल पोलिटिक्स** (सन् १९७०), बेलायतकी जर्माइन ग्रिरको **द फिमेल इनुच** (सन् १९७०) जस्ता विश्वप्रसिद्ध कृतिहरू लेखिए । यसको आयु लगभग दुई दशक रह्यो । सन् १९८० पछि नारीवादका धेरै भँगालाहरू फाटे र यसलाई नारीवादको तेस्रो धार भनियो । यसपछि महिला र तिनका समस्यालाई हेर्ने परिप्रेक्ष्यमा भिन्नता आयो । सबै महिला एकै किसिमले शोषित छैनन् र महिलाबाटै महिला शोषित-पीडित पनि बनेका छन् भन्दै नारी समस्यालाई वर्ग, जाति र

संस्कृतिका आधारमा हेर्न थालियो । अघिल्ला दुई चरणका नारीवादलाई पहिलो विश्व (अमेरिका + युरोप) को र तेस्रो चरणको नारीवादलाई तेस्रो विश्वको नारीवादका रूपमा पनि हेर्ने गरिन्छ । सन् १९६० पछिका नारीवादका धार (दोस्रो र तेस्रो) लाई बौद्धिक नारीवाद पनि भन्ने गरिन्छ जुन बढी नै सिद्धान्तीकृत हुन पुगेको छ ।

नारीवाद बौद्धिक विलासका लागि नभएर महिलाका जीवनको आवश्यकताले जन्मिएको हो । संसारमा सङ्ख्यामा कम नभएर पनि जीवनमूल्यमा भने साह्रै तल्लो स्तरमा पुगेको पीडाबोधले महिलालाई भित्रैदेखि हल्लाएको थियो । संसारको त आफ्नो एउटा इतिहास थियो तर त्यो इतिहास महिलाको नभएर पुरुषको मात्र थियो अर्थात् त्यसमा महिलाको उपस्थिति साह्रै हीन रूपमा गराइन्थ्यो किनभने त्यसका लेखक पुरुष हुन्थे । त्यहाँ बोक्सीहरू हुन्थे र ती पुरुषद्वारा मारिन्थे; महिलाहरू संवेदनशील, कामुक र खतरासँग खेल्ने हुन्थे तर ती पुरुषद्वारा उपयोग गरिन्थे र प्रताडित हुन्थे; महिलाहरू एक अर्कालाई प्रेम गर्थे तर पुरुषहरू त्यसलाई व्यक्त गर्न प्रतिबन्ध लगाउँथे; महिलाहरू पत्नी र आमा हुन्थे किनभने पुरुषहरू त्यही चाहन्थे; महिलाहरू काम गर्थे तर पुरुषहरू तिनको क्षमतालाई विकसित हुनै दिँदैनथे आदि आदि । महिलाहरू दोस्रो तहका मानिन्छन् र तिनीहरूलाई बोल्न दिइँदैन किनभने तिनीहरू पुरुषको रुचिमा निर्मित र तिनकै अधीनस्थ संसारमा बाँचिरहेका छन् । देखादेखी र हुनै नसक्ने कुरामा समेत पनि महिला र पुरुषमा विभेद गरिएपछि ती विभेदका विरुद्ध विभिन्न समयमा महिलाहरूले आवाज उठाउन थाले र त्यही आवाजका पक्षमा सङ्घर्ष गर्न थाले । त्यस सङ्घर्षले बर्सौं बिताएपछि र नारीवादी सिद्धान्तसमेत जन्मिने चरणमा पुगेपछि र जन्मँदै गरेपछि उनीहरूले ‘हाम्रो आफ्नै इतिहास लेखिनुपर्छ ’, ‘हाम्रो आफ्नै छुट्टै भाषा हुनुपर्छ’, ‘आफ्नो शरीरमाथि हाम्रै अधिकार कायम हुनुपर्छ’ भन्ने कुरालाई अघि सारे । नारीमाथिका पुरुषका हरेक प्रकारका अधीनस्थताहरू समाप्त गर्नु नै नारीवादको मूल सार देखिन्छ ।

पाश्चात्य मुलुकमा पहिला व्यवहारमा र पछि मात्र सिद्धान्तका रूपमा जन्मिएको ‘नारीवाद’ ले सिङ्गै विश्वमा आफ्ना बलियो स्थान कायम गरिसकेकाले त्यसको अर्थ र परिभाषा पनि खोज्नुपर्ने हुन्छ । वास्तवमा व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वले महिला र पुरुषका बिचमा गरेको भेदभावको तिक्त प्रभावका विरुद्ध छेडिदिएको आन्दोलनको नाम नै नारीवाद हो जसले सामाजिक परिवर्तनको अभियन्ताका रूपमा आफूलाई सक्रिय बनाउँदै ल्याएको छ । हजारौं वर्षदेखि समाजमा व्याप्त पितृसत्ताका विरुद्ध उठेको एउटा आन्दोलनको नाम नै नारीवाद हो । ‘पितृ’ शब्दमा जोडिएको ‘सत्ता’ शब्दले राजनीतिक प्रवृत्तिको झल्को दिन्छ भने त्यसका विरुद्ध खडा भएको ‘नारीवाद’ को ‘नारी’ मा जोडिएको ‘वाद’ ले पनि राजनीतिक आभास नै प्रदान गर्दछ । यसैले ‘नारीवाद’ महिलाका तर्फबाट गरिएको सामाजिक तहको राजनीति नै हो । लामो समयदेखि समाजमा रहिआएको एउटा पक्ष (पुरुष) को एकल वर्चस्वलाई दुई पक्ष (महिला+पुरुष) मा विभाजन गर्ने उद्देश्यले प्रेरित क्रियाकलाप अवश्य नै राजनीतिक हुन्छ । राजनीतिसँग समर्थन र विरोध दुवै कुरा जोडिएका हुन्छन् र त्यो नारीवादसँग पनि जोडिएको छ । नारीवादीहरू महिलाको पक्षपोषण गर्दछन् र त्यस क्रममा उनीहरूको स्वाभिमान जेजस्ता व्यवधानसँग जुध्न

पनि तत्पर हुन्छ । नारीवाद राजनीति भएर पनि यसको लक्ष्य भने व्यक्तिगत हितभन्दा सामूहिक हित नै हुन्छ । यसैले नारीवादीहरूको सङ्गठन सक्रिय र बलियो हुन्छ र यो दीर्घकालिक लडाइँ भएकाले यसमा तात्कालिक लाभहानिका कुरा जोडिएका हुँदैनन् । पाश्चात्य जगत्मा यसको अभ्युदय हुँदा पनि र लामो समयको निरन्तरको सङ्घर्षपछि पनि यसका अभियन्तामा दिक्दारी नआएको कुराको पुष्टि यसको दिनपरदिन बढिरहेको प्रभाव र आन्दोलनमा देखिएको सशक्तताले गरिराखेको छ र यो सिधै सामाजिक सुखसमृद्धिसँग गाँसिएको कुरा हो । लैङ्गिक विभेदको समाप्तिविना समाज सुखी हुनै सक्तैन । यसैले जबसम्म सामाजिक परिवर्तन हुँदैन तबसम्म यो आन्दोलन पनि जीवितै रहन्छ ।

नारीवादले महिलालाई विषयका केन्द्रमा राख्दछ । अर्थात् किनारामा रहेको महिलाको अस्तित्वलाई केन्द्रमा ल्याउने काम नारीवादले गर्छ । नारीवाद भन्ने शब्द अस्तित्वमा आइसकेपछि त्यसका केन्द्रीयतामा खास गरी महिलाहरूले नै थुप्रै लेखेका छन् र ती साहित्यका सिर्जना र समालोचना दुवै विधाका छन् । नारीवादका विभिन्न पक्षलाई समेटेर लेखिएका थुप्रै साहित्यिक कृतिहरूले नारीवादी साहित्यको भण्डारलाई निकै समृद्ध बनाइसकेका छन् । एकातिर नारीका पक्षमा क्रमिक रूपमा सामाजिक परिवर्तन पनि हुँदै जानु र अर्कातिर साहित्यको अर्को समृद्ध परम्परा कायम हुनु निश्चय नै पाश्चात्य नारीवादको देन हो । पूर्वीय देशहरूमा पनि यो परम्परा पश्चिमको उपहारका रूपमा प्रस्तुत भएको छ । घरेलु कामहरूको एकतर्फी जिम्मेवारीको बोझका विरुद्ध नारीवादी आन्दोलनको प्रारम्भदेखि नै उठ्दै आएको आवाजले भने पश्चिमी जगत्मा आजसम्म पनि पालो पाउन सकेको देखिँदैन । यसैले त्यस नारीवादले समयक्रममा अनेकन् नवीन विषयहरूलाई पक्रँदै गएको भए तापनि त्यो आदि प्रश्न (घरेलु जिम्मेवारी) बाट भने आजसम्म पनि मुक्ति पाउन सकेको छैन ।

पश्चिमी नारीवाद प्रारम्भमा स्थूल किसिमको थियो । यो सूक्ष्म बन्दै गएपछि यो विस्तारै सडक आन्दोलनमा मात्र केन्द्रित नभएर लेखनमा पनि उत्रियो र उक्त लेखनले कलात्मक रूप लिँदै गएपछि त्यो साहित्यिक बन्यो । एकातिर यो सामाजिक-राजनीतिक आन्दोलनका रूपमा पनि रहिरह्यो भने अर्कातिर लेखनको विषय पनि बन्यो । यसमा मनोवैज्ञानिक पक्ष पनि थपिएपछि यो अझै मसिनो भयो र यो सर्वसाधारणको स्तरभन्दा माथिको बौद्धिक बहस बन्न पुग्यो । समय क्रममा यसले अझै सूक्ष्मता पक्रियो र यो महिलाहरूकै बिचको भिन्नताका आधारमा विश्लेषित हुनथाल्यो । यसरी पश्चिममा सडक आन्दोलनका रूपमा जन्मिएको नारीवाद समयक्रममा सांस्कृतिक अध्ययनको स्वरूपसम्म फराकिइसकेको छ ।

नारीवादी आन्दोलनले प्रारम्भमा नारीको पुरुषभिन्न सामाजिक अवस्थितिलाई पुरुषसँग दाँजेर हेरी दुवै लिङ्गका बिच समानताको माग गऱ्यो । महिला र पुरुषका बिचको असमान सामाजिक सम्बन्धलाई बदल्नका निम्ति महिलाप्रति विशेष पक्षधरता अँगालेर, पुरुषका सापेक्षतामा बढी प्राथमिकता दिएर व्यवहार गरिनुपर्ने आशय पनि उक्त आन्दोलनमा थपियो । कोही सुधारात्मक किसिमले विस्तारै महिलाको जीवन स्थितिमा परिवर्तन ल्याउनुपर्छ भन्न थाले भने कोही चाहिँ क्रान्तिकारी परिवर्तनका पक्षधर देखिए । क्रान्तिकारी परिवर्तनका पक्षधरहरूका बिचमा पनि हाँगा

फाट्यो र एकथरि पुरुषको अस्तित्वलाई आफ्नो जीवनमा स्विकार्नै नसक्ने भए भने अर्काथरि पुरुषको समेत साथ लिएर क्रान्तिकारी परिवर्तनका पक्षमा सक्रिय बने। यस क्रममा एकातिर समलैङ्गिक नारीवादको प्रादुर्भाव भयो भने अर्कातिर मार्क्सवादी नारीवाद जन्मियो।

सामाजिक आन्दोलनमा देखिएका नारीवादका सबै पक्षको उपस्थिति सहज रूपमा नै साहित्यमा पनि देखा पर्‍यो। नारीवादी साहित्यले मूल रूपमा शोषणदमनमा आधारित सामाजिक अवस्थितिको अस्वीकृतिमूलक अध्ययन गर्दछ। नारी-विषय पुरुषको विषय नभएकाले यसका भागमा परेको हीनत्व र पुरुष-विषय पुरुषकै विषय भएकाले यसका भागमा परेको उच्चत्वको अध्ययनमा नारीवादी साहित्यको विशेष सक्रियता देखिन्छ। यसले नारी विषयको प्राथमिकताका साथ उठान र महत्त्व प्रदर्शन गर्दै सिर्जनाका माध्यमले नारीवादी विचारको सम्प्रेषण गर्दछ। नारीवादभिन्न साहित्यले लेखक र पाठक दुवै रूपमा पुरुषको मात्र कल्पना गर्थ्यो भने नारीवादी साहित्यले चाहिँ लेखक र पाठक दुवैका स्थानमा नारीकै खोजी गर्दछ। यस क्रममा सिर्जना र समालोचना दुवै विधामा महिला लेखकको ऐतिहासिक अध्ययन गर्ने कार्यको प्रारम्भ भएको देखिन्छ। विश्वकै महिलाको प्रमुख ऊर्जा या त पितृसत्तालाई रिझाउँदा या त त्यससँग जुध्दा खर्चिइरहेको छ। महिलाहरूसँग लैङ्गिक ढङ्गले विभेदमुक्त समाजको स्थापना नभइन्जेल यसो गर्नुको अर्को विकल्प पनि छैन। पश्चिमी जगतको नारीवादको अवस्थालाई यसरी नै बुझ्न सकिन्छ।

## २.२ पाश्चात्य नारीलेखन र नारीवादका सिर्जनात्मक पक्षहरू

अब पाश्चात्य जगत्का विभिन्न प्रदेश र भाषाका नारी स्रष्टाहरूको लेखनको विकासका विभिन्न युगहरूको सङ्क्षिप्त सर्वेक्षण गर्दै त्यहाँका सिर्जनाक्षेत्रमा वर्तमान युगसम्ममा क्रमशः विकसित भएको नारीवादका विभिन्न पक्षका साहित्यिक रचनाहरू तल क्रमश : चर्चा गरिंदैछ।

### २.२.१ प्रारम्भिक युग

विश्वकै इतिहासमा साहित्य लेखनको परम्परामा पुरुषभन्दा महिला पछाडि अस्तित्वमा आएका हुन्। साहित्यको इतिहास लेख्ने काम पनि पुरुषले नै पहिला गरे र त्यस क्रममा महिलालेखन प्रायः उपेक्षित रह्यो। यसरी महिला लेखनको पुरानो इतिहास लुप्त भयो र साहित्यका फाँटमा महिलाको उपस्थिति कम देखियो। एकातिर पुरुषका तुलनामा पछि र कम लेख्नु, अर्कातिर तिनको इतिहास सुरक्षित नहुनुका पछाडि सामाजिक परिस्थितिले पर्याप्त भूमिका खेलेको छ। अहिले विश्वकै सन्दर्भमा पाश्चात्य मुलुकको विकास अतुलनीय छ र पनि त्यहाँका महिलाहरूले आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरिरहनु परेको छ। एक्काईसौं शताब्दीका महिलाको त यो स्थिति कायम छ भने शताब्दीयौं अगाडि अझ दयनीय हुनु अस्वाभाविक होइन। नागरिकता, मताधिकार, कामको अवसर, समान ज्याला, सङ्गठन आदिका अधिकारजस्ता कुरामा पश्चिमका महिलाले शताब्दीयौंदेखि सङ्घर्ष गर्दै र सफलता हासिल गर्दै आएका हुन्। राज्यपक्ष सधैं महिलाका विरोधमा हुन्थ्यो र समाजमा रहेका पुरुषको त कुरै भएन, महिलासमेतले पनि

विरोध गर्थे । हरेक अधिकार प्राप्तिका लागि लड्दा-लड्दा तिनै लडाइँले नै उनीहरूमा थप अधिकारप्राप्तिका निम्ति चाहना जगाउन थाल्यो । यसरी लड्नेहरूको सङ्ख्या बढी हुँदै गएपछि सङ्गठनले जन्म लियो र सङ्घर्ष अझै बढी उपलब्धिमूलक हुनथाल्यो । यसरी सङ्गठित सङ्घर्ष गर्न थालेको धेरै समयपछि बल्ल आन्दोलनले 'नारीवाद' भन्ने नाम पायो । त्यसको पनि कैयौं वर्षपछि यसका सिद्धान्त जन्मिए र यसले बौद्धिक आन्दोलनको स्वरूप ग्रहण गऱ्यो । महिलाले साहित्यमा कलम चलाउन थालेकै समयमा त तिनको लेखनको स्वरूप पुरुषभिन्न थिएन तर तिनका जीवनमा सामाजिक सङ्घर्षले स्थान पाउन थालेपछि भने सङ्घर्ष पनि लेखनको विषय बन्न थाल्यो । यस्तो लेखन प्रारम्भमा फाट्टफुट्ट देखा परे तापनि २१ औं शताब्दीसम्म आइपुग्दा भने नारीवादी सिर्जनाको एउटा समृद्ध भण्डार नै बनिसकेको छ र यस आन्दोलनका थुप्रै साहित्यकारहरू विश्वप्रसिद्ध पनि बनेका छन् । नारीवाद वर्तमान साहित्य लेखनको एउटा प्रमुख सिद्धान्त र धारासमेत बनिसकेको छ ।

पाश्चात्य नारीलेखनको इतिहास लगभग २५०० वर्ष पुरानो देखिन्छ । सफ्फोलाई यस इतिहासको सबभन्दा पुरानो नारी हस्ताक्षरका रूपमा लिने गरिन्छ । यिनी ई.पू. छैटौं शताब्दीकी ग्रिसेली कवि हुन् जसको प्रसिद्धि गीतिकविका रूपमा अद्यावधि छँदैछ (बेनस्टोक र अन्य, २००२ : १) । प्लेटोले समेत उनलाई दसौँ देवी (Tenth Muse) को संज्ञा दिएका छन् । रोममा पनि थुप्रै महिला लेखकले प्रसिद्धि पाएका थिए र ई. पू. पहिलो शताब्दीकी सल्पिसिया तिनैमध्येकी एक प्रसिद्ध गीतिकवि हुन् ।

शिक्षाको अवसर नभएको त्यस्तो समयमा महिलाले लेखनजस्तो सामाजिक कार्यमा हात हाल्नु पनि साहसकै कुरा थियो । धार्मिक सम्प्रदायमा आबद्ध व्यक्तिहरू नै प्रायः शिक्षित हुन्थे । यसैले सफ्फोपछि लगभग एघार सय वर्षको महिला लेखनको शून्यतापछि केही भिक्षुणीहरूले साहित्य सिर्जना गरेको देखिन्छ । ती हुन् फ्रान्सकी हेलोइज (सन् ११००-११६३), जर्मनीकी हिल्डेगार्ड (सन् १०९८-११७९), इटालीकी क्याथरिन (सन् १३४७-१३८०), इङ्गल्यान्डकी डेम जुलियन (सन् १३४२-१४१६), इङ्गल्यान्डकै मार्गेरी केम्प (सन् १३७३-१४३९) । यीमध्ये जुलियन र मार्गेरी निरक्षर थिए । मध्यकालीन युरोपमा साक्षरता साह्रै कठिन कुरा पनि थियो । त्यतिखेर ल्याटिनेली भाषा लेखपढ गर्न सक्नुलाई नै साक्षरता मानिन्थ्यो । यसैले त्यतिखेर लेखपढ गर्न जान्ने मान्छेलाई आफूले बोलेको कुरा लेखाउनु लाजको कुरा मानिँदैनथ्यो । यसैले मार्गेरीले अङ्ग्रेजीमा आत्मवृत्तान्त लेखाइन् जुन महिला स्रष्टाको पहिलो आत्मवृत्तान्त थियो (बेनस्टोक र अन्य, २००२ : २) । त्यस्तै जुलियनले पनि **सोइङ्ग** (Showing) को लेखन अरूद्वारा गराइन् ।

मध्यकालीन युरोपको साक्षरता प्रतिशत अत्यन्त न्यून थियो । त्यसताकाका धार्मिक व्यक्तिहरू मात्र आफ्नो मातृभाषा र ल्याटिनेलीमा लेखपढ गर्न सक्थे । अरू मानिस प्रायः लेख्न जान्दैनथे, पढ्थे मात्रै । त्यतिखेर अङ्ग्रेजी र फ्रान्सेली भाषा पढ्न सक्नु मात्रै पनि गौरवको कुरा मानिन्थ्यो । त्यतिखेर सम्भ्रान्त परिवारका महिला, पुरुष दुवै पढ्न सक्थे र केही लेख्नुपऱ्यो भने अरूलाई भाडामा लिन्थे । चौधौं शताब्दीमा भएको धार्मिक आन्दोलनले महिला र पुरुष दुवैलाई

पुस्तकहरू सार्न र तिनलाई चारैतिर फिंजाउन प्रोत्साहित गऱ्यो । युरोपको मध्यकालको अन्त्यतिर मध्यम वर्गका महिलाहरू आफ्ना लागि अरूका धार्मिक किताब सारेर राख्न सफल भए ।

पुस्तक वाचन गरेर समूहमा सुनाउने परम्परा भएका कारणले महिलाहरू पनि साहित्यसँग परिचित बने । १६ औं शताब्दीको अन्त्यतिर बेलायतकी महारानी एलिजावेथलाई **फेरि क्विन** पढेर सुनाउँदा त्यस समूहमा बस्ने सबै महिला-पुरुष आफू पढ्नै नजान्ने भए पनि साक्षर कहलाउँथे । मध्ययुगको उत्तरार्द्धकी क्रिस्टिन डी पिसान (सन् १३६५-१४३०) को **सिटी अफ लेडिज** त्यस्तो पहिलो प्रसिद्ध नारीवादी पुस्तक बन्यो जसलाई बेलायतमा व्यापक रूपमा पढियो । महिला शिक्षाको वकालत गर्दै लेखिएको उक्त पुस्तक अङ्ग्रेजी भाषामा अनुवाद गरेर सन् १५२१ मा छापिएको मातृभाषाको समेत पहिलो पुस्तक थियो (बेनस्टोक र अन्य, सन् २००२ : ३) ।

छापाको युग आएपछि धेरै महिलासँग आफ्नै पुस्तक हुन थाल्यो, धेरैजना पढ्न पनि सक्थे । जो पढ्न सक्तैनथे उनीहरूका निम्ति समूहमा उच्च स्वरमा पुस्तकको वाचन गरिन्थ्यो । मेरी रोथको **युरेनिया** भन्ने पुस्तक सन् १६२१ मा छापियो । त्यसपछि १६५० देखि न्युक्यास्टलकी अधिराजकुमारी मार्गरेट केमेन्डिसका निबन्ध, कविता, नाटक, समालोचना आदिका पुस्तकहरू धमाधम हस्तलेखनद्वारा प्रचारित हुन थाले । यसरी छापा माध्यमको प्रारम्भ र विकास भएपछि मात्रै नारीवादी साहित्यको पनि विकास हुनसक्यो । ब्रान एन्स्लेद्वारा अनुदित क्रिस्टिन डी पिसानको **सिटी अफ लेडिज** सन् १५२१ मा प्रकाशित भएपछि मार्गरेट मोर रोपर र उनका विद्वान् पिता सर थोमस मोर (जसले शपथग्रहण नगरेका कारणले रोमन क्याथोलिक सहिद हुनुपरेको थियो ।)का जीवनको अन्तिम हप्तामा गरेका पत्र संवादहरूलाई मार्गरेटका श्रीमान् विद्वान् विलियम रोपरले आफ्नो ससुराको जीवनीमा छापेका छन् । पारिवारिक स्नेहका अतिरिक्त बाबुछोरीका बिचको यस्तो बौद्धिक सम्बन्धलाई जनाउने यो नै पहिलो पत्राचार थियो । तिनै मार्गरेटले १९ वर्षकै उमेरमा प्रसिद्ध डाक्टर इरामस रोटरडमसद्वारा ल्याटिनेली भाषामा लेखेको **अ डेबट ट्रिटिज अपन द प्याटर नोस्टर** (ईश्वरको प्रार्थना) भन्ने पुस्तक अङ्ग्रेजीमा अनुवाद गरिन् र त्यो त्यस्तै सन् १५२४ र १५२६ का बिचतिर प्रकाशित भयो । यो अनुवाद अनुवादक महिलाकै जीवनकालमा छापिएको प्रथम पुस्तक पनि हो जसमा सांस्कृतिक मूल्य र लैङ्गिक भूमिकाका बारेमा प्रशस्त सुझावहरू दिइएका छन् (बेनस्टोक र अन्य, २००२ : ४) । त्यसबेला महिलाका निम्ति समाजमा अनगिन्ती नैतिक बन्धनहरू थिए र मार्गरेटले ती बन्धनलाई अस्वीकार गरेकी थिइन् । उनले आफूलाई मूल लेखक इरामसका पछाडि लुकाएर ती कुराहरू अनुवादका सहारामा व्यक्त गरेकी थिइन् र आफ्नो मौन जस्ताको त्यस्तै राखेको बहाना गरेकी थिइन् तर ती कुराको रहस्य पछि मार्गरेटका पिताको जीवनी लेखकले खोलिदिए ।

युरोपमा १६ औं शताब्दी क्रिस्चियन धर्ममा चुर्लुम्म डुबेको थियो । जीवनका हरेक सन्दर्भ गएर सिधैं चर्च, प्रिस्ट, क्राइस्ट, मेरी, बाइबल जस्ता कुरासँग जोडिएका हुन्थे । धार्मिक नियम कानुन नै राज्यका पनि नियमकानुन थिए । विसपहरू नै न्यायकर्ता पनि थिए । सामाजिक परिवर्तनका कुरा पनि धर्मका मात्र गर्न पाइन्थ्यो । साहित्य लेखनको मूल आधार पनि धर्म नै हुन्थ्यो । यति भएर पनि यस शताब्दीलाई सुधारवादीको संज्ञा दिने गरिन्छ । समाजमा सामन्ती

संस्कार प्रबल रहेकाले यस कालमा गरीखाने वर्गका महिलाले साहित्यमा खासै योगदान गरेको देखिँदैन । खासगरी राजपरिवार, उनीहरूका नातादार, धनी व्यापारी वर्गका नारीहरू नै लेखनमा सक्रिय रहेको देखिन्छ ।

बेलायतको राजा हेनरी तृतीयकी पत्नी आन बाइलन प्रोटेस्टेन्ट धर्ममाथि सहानुभूति राख्ने भएकाले आफ्नो छोटो शासन कालमा सोही सम्प्रदायका मानिसलाई नै बढी प्रोत्साहित गरिन् । हेनरीकी अन्तिम पत्नी क्याथरिन यस सुधार कालकी केन्द्रीय व्यक्तित्व बनिन् । उनका समयमा आन अस्क्यु (सन् १५२१-४६) र आन भाउघन लक (सन् १५३२-९०) नामका महिला लेखकहरूले आधुनिक अङ्ग्रेजीमा नारीवादको प्रारम्भ गरे जसलाई पछि गएर नारीवादको पहिलो धार (first wave) को संज्ञा दिइएको छ (बेनस्टोक र अन्य , सन् २००२ :१०) । आन अस्क्युलाई उनी प्रोटेस्टेन्ट भएका कारणले पूर्वाग्रहपूर्वक ज्यूँदै जलाएर मारियो । त्यसपछि आन भाउघन लक रानी एलिजाबेथको शासनकालको प्रथम वर्षमै उदाएकी हुन् । उनले धार्मिक गीत शृङ्खला (sonnet sequence) को रचना गरेकी थिइन् र त्यसलाई सफ्फोल्ककी राजकुमारीका नाममा समर्पण गरेकी थिइन् । उनका चारवटा  धार्मिक प्रवचनको अनुवादलाई जोन क्यालमिनले सन् १५६० मा प्रकाशन गरेका थिए । त्यसैगरी उनको **अन द मार्क्स अफ द चिल्ड्रेन अफ गड** (On the marks of the children of God)को अनुवाद जिन टाफिनले सन् १५९० मा प्रकाशित गरे । यो नै साहित्यिक नारीवादको प्रथम पाइला थियो (बेनस्टोक र अन्य, सन् २००२ : १२) । अर्की कवि एमिलिया लानरले सफ्फोल्ककी राजकुमारीकी छोरी सुसन बर्तीको कथालाई आफ्नो कविताको केन्द्र बनाएर उक्त पुस्तकको समर्पण पनि तिनै राजकुमारीलाई गरेकी छन् । आपसमा राम्रो चिनजान र सम्पर्क भएका एउटै वर्गका र तीन पुस्ताका आन एस्क्यु, आन लक, एमिलिया लानर नामक महिला कविहरूले नै बेलायतमा साहित्यिक नारीवादको प्रारम्भ गरेका थिए । एमिलियाले त्यतिखेरको प्रचलनका विरुद्ध गएर आमा र छोरीका कथालाई आफ्नो लेखनको विषय बनाएकी थिइन् । अर्थात् उनको लेखनमा विषयवस्तुका रूपमा महिलाका कुराले प्रवेश पाएको थियो । राजा हेनरीकी जेठी छोरी रानी मेरी, पछि उनैकी कान्छी छोरी एलिजावेथले बेलायतको शासनसत्ता सम्हालेपछि १६ औं शताब्दीपछिका महिलाको जीवनस्तर एवं लेखनमा पनि सकारात्मक प्रभाव देखियो । एमिलिया लानरहरूले धर्म, सत्ताको अधिकार र शक्तिलाई विषयवस्तु बनाएका थिए भने एलिजावेथकालीन इसाबेला हिल्ट्नी (सन् १५६५-७५) र लेडी मेरी रोथ (सन् १५८७-१६५३) भने फरक समाजबाट आएका थिए र उनीहरूले आफ्ना सिर्जनामा महिलाका दृष्टिकोणबाट प्रेमलाई प्रस्तुत गरेका थिए  (बेनस्टोक र अन्य, सन् २००२ : १४) ।

पेमब्रुककी राजकुमारीले रबर्ट गार्नियरको फ्रान्सेली भाषाको **एन्टोनी र क्लियोपाट्रा**को कथालाई **एन्टोनिअस** नाममा सन् १५९२ मा प्रकाशित गरेर आफूलाई प्रेम विषयमा डुबाइन् । त्यसपछि उनले फेरि फिलिप डी मोर्नेको **डिस्कोर्स अफ लाइफ एन्ड डेथ** (Discourse of life and death) को पनि अनुवाद गरिन् तर उनको जीवनको महत्त्वपूर्ण प्राप्ति चाहिँ गीतिकविता नै हो । उनी कहिलेकाहीँ छन्दमा कविता लेख्थिन् । उनले आफ्नो भाइको मृत्युको शोकमा **द डलफूल ले अफ क्लोरिन्डा** नामक गीतिकविता लेखिन् जसलाई एलिजाबेथकालीन महान् कवि एडमन्ड

स्पेन्सरले आफ्नो **एस्ट्रोफेल** भन्ने कृतिसँगै सन् १५९५ मा प्रकाशित गरे । त्यसपछि उनले रानी एलिजावेथको प्रशस्ति गाउने परम्परासँग आफूलाई पनि गाँसिन् । उनले थेनट र पियर्सलाई पात्र बनाएर न्यायकी देवी अस्ट्रियाका प्रशंसामा १० वटा संवाद लेखेकी छन् । उनका काका फिलिप सिड्नीले ४३ वटा पद्य लेखेर अधुरै रहेको काव्यलाई उनले ४४ देखि १५० सम्मका श्लोक थपेर पूरा गरिन् । सिड्नी प्रेमब्रोकका गीतिकविताहरूको प्रशंसा लानर, बेन जोन्सन, जोन डन, जर्ज हर्बर्टजस्ता कविहरूले गरेका छन् । आफूलाई लेखकका रूपमा चिनाउन खोज्ने यिनी नै प्रथम महिला थिइन् (बेनस्टोक र अन्य, सन् २००२ : १८) । उनले आफूले सम्पादक, अनुवादक र सबभन्दा महत्त्वपूर्ण त गीतिकवि भएर लेख्न चाहने अरू महिलाहरूका लागि एउटा गतिलो स्थान तयार पारेकी छन् । उनी अङ्ग्रेजी साहित्यिक परम्पराकी आदिमाता मानिन्छिन् ।

एमिलिया बस्सानो लानर (सन् १५६९-१६४५) नै काउन्टेस (राजकुमारी) को शैलीलाई पछ्याउने प्रथम महिला हुन् । उनको **सल्भ दिउस रेक्स जुडावरम** (सन् १६११) नामक कवितात्मक ग्रन्थलाई महिलाका दृष्टिकोणबाट प्रस्तुत गरिएको छ र महिलाका पक्षमा यसले स्पष्टसँग बोलेको पनि छ । इभका पक्षबाट बोल्दै आफ्ना तर्कहरू अघि सार्ने यस ग्रन्थलाई पहिलो नारीवादी साहित्यको संज्ञा दिन सकिन्छ । त्यस्तै उनको **टु द भर्चुज रिडर** (To the virtues Reader) भन्ने गद्यमा पुरुषको साथमा लागेर अरू महिलामाथि आक्रमण गर्ने महिलाहरूको शेखी झारिएको छ ।

प्रकृति, राम्रो गुण र महिलाको लैङ्गिक अपराधमाथिको लामो समयदेखिको बहसमा लानरले पनि भाग लिएकी थिइन् । पन्ध्रौं शताब्दीकी क्रिस्टिन डी पिसान पनि यस बहसमा सहभागी भएकी थिइन् । महिलाका बारेमा बनेका ठट्यौली प्रयोग गरेर अर्को लिङ्गका मानिसलाई दुःख दिँदा पढेका मूर्खहरू मक्ख पर्थे । सन् १५८९ मा जेन एङ्गरले यस्तो प्रवृत्तिका विरुद्ध प्रहार गरिन् । यो प्रवृत्ति सत्रौं शताब्दीमा एलिजाबेथको मृत्यु भएर जेम्स राजा हुँदासम्म कायम थियो । राजा जेम्सले पुरुष र केही महिलाको समेत साथ लिएर यस्तो प्रवृत्तिलाई होच्याउने काम गरे । राजा जेम्स स्वेतनामले सन् १६१५ मा **द एरेन्जमेन्ट अफ ल्युड, फ्रोवार्ड एन्ड आइडल उमन** (The Arraignment of Lewd, Froward and Idle Women) भन्ने कृतिमार्फत महिलामाथि आक्रमण गरेपछि त्यो कृति चाँडै प्रसिद्ध बन्यो । साथसाथै यसमाथि आक्रमणको सिलसिला पनि चल्यो । यस्ता आक्रमण महिला लेखकले महिलाका पक्षमा गरेका थिए (बेनस्टोक र अन्य, सन् २००२ : २०) ।

एचेल स्पेटको **ए मज्जल फर मेलस्टोमल** (or 'black–mouth' 1617) भन्ने पुस्तक स्वेतनामप्रतिको सोझो प्रतिक्रिया थियो । यिनी प्युरिटिन प्रोटेस्टेन्ट राचेल स्पेटकी छोरी थिइन् जो आफ्ना पिताको अनुमति लिएर मात्र आफूले लेखेका कुरा प्रकाशित गर्थिन् । यदि उनले महिलाविरोधी अभिव्यक्तिहरू भेटिन् भने त्यसलाई सामान्यीकरण गरिदिन्थिन् । उनले यदि महिलालाई पुरुषको साथी र सहयोगी हुनका लागि बनाइएको हो भने श्रीमान्हरूले घरगृहस्थीको सारा जिम्मेवारी श्रीमतीका काँधमा मात्र थोपर्नु आलोचनाको विषय हुन्छ भनेर लेखेकी छन् । पुरुषले पनि घरभित्रको काम गर्नुपर्छ भनेर दिइएको यो सुझाव पहिलो छापिएको सुझाव हो । उनले आफ्नो पुस्तक **द लज रिजोलुसन अफ उमन्स राइट्स** (सन् १६३२, एलिजाबेथको

शासनकालको अन्त्यतिर लेखिएको हुनसक्ने कृति) मा संसद्मा महिलाको आवाज नभएको र महिलाहरू कि त विवाहित छन् कि त भोलि विवाहित हुन सक्छन्, यसैले तिनीहरूको इच्छा तिनकै श्रीमान्को विषय हुन्छ, अरूको होइन भनिएको कुराको विरोध गर्दै ईश्वरले इभलाई दिएको सजाय अहिलेका महिलाले किन भोग्ने भनेर आवाज उठाएकी छन् ।

एलिजाबेथ टानाफिल्डकेरी (सन् १५८५-१६३९) अरू भाषाका पुस्तक ल्याटिनेलीमा अनुवाद गर्थिन् । उनी ल्याटिनेली भाषामा दक्ष थिइन् । उनी शास्त्रीय पुस्तक मात्र नभएर क्याथोलिक चर्चका फादर र समकालीन धार्मिक विवादहरू पनि बुझ्थिन् । उनी बौद्धिक ढङ्गले आत्मनिर्भर हुन चाहन्थिन् । यसैले उनले लेख्न थालिन् । केरीले **म्यारियम** (Mariam), **फेयर क्विन अफ ज्युरी** (Fair Queen of Jewry) शीर्षकका नाटकहरू लेखिन् जसको प्रकाशन लेखेको १० वर्षपछि सन् १६१३ मा मात्र भयो । यो महिलाले अङ्ग्रेजीमा लेखेको पहिलो मौलिक नाटक थियो । उनको यस कार्यलाई निरन्तरता दिँदै ल्याटिनेली लेखक सेनेका (जो प्रेमब्रोककी अर्की राजकुमारी थिइन्) ले **एन्टोनिअस** (Antonious) को अनुवाद गरिन्, **मुस्तफा** (Mustapha) नामक नाटक लेखिन् जसको विषयवस्तु **म्यारियम**कै जस्तो थियो । यसमा हेरोड (Herod) ले आफ्नी पत्नी म्यारियम र उनको परिवारप्रति राखेको ईर्ष्याको उल्लेख गरिएको छ । सन् १६२० देखि केरीले आफ्नो देशमा रहेको भन्दा फरक खालको दृष्टिकोण दिन थालिन् र समाजको पितृसत्तात्मक संरचनाको विरोध पनि गर्न थालिन् ।

बेलायतको गृहयुद्धले सन् १६४२ देखि १६४९ सम्म परिवारलाई पुरुषविहीन बनायो र सम्पत्तिको रक्षा गर्न समस्या पार्‍यो । त्यतिखेरका सबै सन्दर्भ खतरनाक थिए तर सम्पन्न महिलाहरूका लागि केही पनि असम्भव थिएन । राजा क्रमबेलको सन् १६५८ मा मृत्यु भएपछि चार्ल्स द्वितीय राजा भए । उनी महिलाहरूको सङ्गतमा रमाउँथे र उनका पत्नीहरूको सङ्ख्या पनि कम थिएन । यही समयमा महिलाहरू सर्वप्रथम मञ्चमा अभिनय गर्न उत्रिएका थिए र तिनैमध्येकी नेल गिन (Nell Gwyn) पनि एक थिइन् । त्यतिखेर छापामा बहुसङ्ख्यक महिलाहरूको उपस्थिति थियो । गृहयुद्धमा पर्चाका माध्यमले शब्दको उपयोग हतियारको जत्तिकै भएको थियो ।

क्याथरिन फिलिप (सन् १६३२-६४) कवि र नाटककार पनि थिइन् । उनले आफ्नो लिङ्गका पक्षमा क्रान्तिकारिता देखाएकी थिइन् । अर्की कवि एन ब्राडस्ट्रिट (Anne Bradstreet) को परिवारले एटलान्टिकमा नयाँ समाज बनाउनका लागि चार्ल्स प्रथमकै पालामा बेलायत छाडेको थियो । उनले त्यहीबाटै बेलायतमा प्रकाशनका लागि कविता पठाइन् र सन् १६५० मा छापियो । यिनै महिला लेखकहरूले अङ्ग्रेजीभाषी संस्कृतिमा नारीवादी साहित्यको निर्माण गरेका हुन् । पछिका महिला लेखकहरूलाई सामाजिक-सांस्कृतिक लडाइँ लड्नका लागि यिनै महिला लेखकले पृष्ठभूमि पनि प्रदान गरे । क्याथरिन फिलिपलाई उनका समकालीनहरू अतुलनीय कविका रूपमा प्रशंसा गर्थे । उनको लेखनको मूल विषय महिला-मित्रता हो । उनले १५ वर्षकै उमेरमा आफ्नी साथीलाई सम्बोधन गर्दै विवाहको खतराका बारेमा कविता लेखेकी थिइन् । उनका मित्रतामा आधारित कविताहरूले अधिकांशतः महिलालाई नै सम्बोधन गरेका छन् । उनले फ्रान्सेली

नाटककारको **द डेथ अफ पम्पे** (The Death of Pompey) नामक नाटकको अङ्ग्रेजीमा अनुवाद गरिन् जसलाई १६६३ को फेब्रुअरीमा डब्लिनको रङ्गमञ्चमा प्रस्तुत गरियो । यिनी नै पहिली महिला हुन् जसको लेखनले मञ्चनको अवसर पायो । यिनी आफ्नै जीवन कालमा चर्चित र प्रसिद्ध बनेकी प्रथम महिला पनि हुन् । उनी आफ्ना समकालीन पुरुष हेनरी भाउघन (Henry Vaughan) र जोन ड्राइडन (John Dryden) द्वारा पनि प्रशंसित थिइन् ।

आन ब्राडस्ट्रिट तत्कालीन बेलायतको दुर्गम स्थानबाट आएकी हुन् र उनी फिलिपकी समकालीन हुन् । उनका पिता थोमस डुड्लेले उनलाई राम्रोसँग ल्याटिनेली पढाएका पनि थिए र परिष्कारवादी लेखकका उत्कृष्ट कृतिहरूसँग पनि परिचित गराइदिएका थिए । उनको लन्डनबाट प्रकाशित **द टेन्थ म्युज लेट्ली स्प्रङ्ग अप इन अमेरिका** (The Tenth Muse Lately Sprung up in America -१६५०) भन्ने पुस्तक रातारात प्रसिद्ध बन्यो र बेलायतका सन् १६५८ का सर्वाधिक चर्चित पुस्तकको सूचिमा समावेश भयो । सोही किताब केही अरू कवितासमेत थपेर सन् १६७८ मा अमेरिकाबाट प्रकाशित गरियो । उनका कवितामा १८ औं शताब्दीको अमेरिकाको चित्र पाइन्छ । उनको **क्वाटरनियन** (Quaternion) भन्ने कविताहरूको सङ्कलनमा लामा-लामा चारवटा फरक-फरक विषयका कविता समेटिएका छन् र यी महाकाव्य समकक्षी छन् । यी कविताका माध्यमले उनी कवि मिल्टन, आफ्नै समकालीन लुसी हचिन्सन (Lucy Hutchinson) र मार्गरेट क्याभन्डिस जस्ता लामा कविताका रचयितासँग समतुल्य देखिएकी छन् । यिनी अमेरिकाकी प्रथम नारीवादी साहित्यकार हुन्  । यिनी गार्हस्थ्य भूमिकासँग बाँधिएकी क्रान्तिकारी चरित्रकी लेखक हुन् ।

अफ्रा बेन (Aphra Behn) को आफ्नो सार्वजनिक व्यक्तित्वको सुरुवात सन् १६७० मा **द फोर्स म्यारिज** (The Force Marriage) भन्ने नाटकको प्रदर्शनबाट भएको हो । यसबाट उनले प्रसिद्धि, पैसा र प्रोत्साहन  सबै कुरा पाइन् र सन् १६७१ मा उक्त नाटकको प्रकाशन पनि गरिन् । उनले नाटक लेखनलाई निरन्तरता दिइन् । कतिपय सफल भए र कतिपय चाहिँ विफल पनि भए । सन् १६८२ पछि उनी कविता र कथाको प्रकाशनतर्फ लागिन् । सन् १६८५ मा कवितासङ्ग्रह र १६८८ मा दुईवटा उपन्यास **ओरोनोको** र **द फेयर जिल्ट** (Oroonoko & The Fair Jilt) प्रकाशित भए । यिनी प्रथम पेसेवर महिला लेखक हुन्  ।

### २.२.२ **माध्यमिक युग**

व्यापारिक वृद्धि, मध्यम वर्गको उत्थान र व्यावसायिक लेखनको प्रारम्भ अठारौँ शताब्दीमा भयो । राजनीतिक पारदर्शिताले गर्दा देशका विभिन्न क्षेत्रमा सकारात्मक असर पारेको थियो । सर फ्रान्सिस बेकन (Sir Francis Bacon) र सर आइज्याक न्युटन (Sir Isaac Newton) जस्ता व्यक्तिको उपस्थितिले पनि बेलायतलाई वैज्ञानिकताको नयाँ आयाम दिएको थियो । प्रकाशन गृहहरूको वृद्धिले गर्दा अब लेखन जीविकाको एउटा राम्रो माध्यम बनेको थियो । त्यसैले अब महिलाहरू पनि आफ्ना पिता वा श्रीमान्को कमाइलाई अझ बढी सहयोग पुऱ्याउन लेखनतर्फ

प्रवृत्त हुनलागे। उपन्यास लेखनको विकासले महिलाहरूलाई लेखनमा प्रवेश गर्न अझै सजिलो बनायो।

महिलालाई औपचारिक शिक्षा दिनुपर्ने कुरामा सत्रौं शताब्दीको अन्त्यतिरदेखि आवाज उठ्न थाल्यो। महिलाहरू स्वयं पनि आफ्नो व्यक्तित्वको विशिष्टता हासिल गर्ने प्रयत्नमा लागे। आफ्नो छुट्टै पहिचान स्थापित गर्ने क्रममा लेखन एउटा राम्रो माध्यम बन्यो। त्यसैले महिला साहित्यकारका कोणबाट १८ औं शताब्दी अझै समृद्ध रह्यो। कवि आन्ना फिन्च (Anne Finch), लेडी मेरी वर्टले मोन्टेग (सन् १६८९-१७९२), एलिजा हेउड (सन् १६९०-१७५६) अठारौं शताब्दीको पूर्वार्द्धका नारीवादी साहित्यका प्रतिनिधि लेखक हुन्। हेउडले **लभ इन एक्सेस** (सन् १७१९) नामक बहुचर्चित उपन्यास लेखिन्। आफ्नो लेखकीय जीवनका तीन दर्जन वर्षहरूमा उनले मोटामोटी ६० वटा जति कथा लेखिन् र ती सबै कथाका विषयवस्तु चाहिँ महिला अनुभूतिका सीमा र खतरालाई बनाइएको छ (बेनस्टोक र अन्य, सन् २००२ : ३५)। यसबाहेक उनले निबन्धहरू पनि लेखेकी छन् जसमा महिलाले आफ्नो शिक्षार्जनको सीमितताभित्र पनि कसरी परिवारले गरिदिएको विवाह, विश्वास गर्न नसकिने श्रीमान् एवं परिवार र समाजका आकाङ्क्षाका भुमरीभित्र जीवन निर्वाह गर्नुपर्छ भन्नेजस्ता कुराहरूलाई विषयवस्तुका रूपमा समावेश गरिएको पाइन्छ।

बेलायतमा 'ब्लु स्टकिङ सर्कल' नामको एउटा समूह थियो जसमा महिला लेखक र तिनका लेखकीय कामलाई प्रोत्साहित गर्ने खालका पुरुषहरू पनि सामेल थिए । यस समूहका महिलाहरू समाजको परम्परागत अपेक्षाका विपरीत बौद्धिक समाजमा सक्रिय बनेका थिए। यस समूहका संस्थापकहरूमा एलिजावेथ कार्टर (सन् १७१७-१८०६), क्याथरिन टालबोट, हेस्टर मुल्सो च्यापोन (सन् १७२७-१८०१) र एलिजावेथ मोन्टेग थिए। एलिजावेथ कार्टर आफ्नो समयकी धेरै पढेकी महिला थिइन्, ग्रिक र ल्याटिनेली शास्त्रहरूमा त उनी पारङ्गत नै थिइन्। उनी मूल रूपमा कवि थिइन्। यस समूहकी अर्की सदस्य च्यापोनको फ्रान्सेली, ल्याटिनेली र इटालेली भाषामा दक्षता थियो। यिनी पत्रसाहित्य लेखकका रूपमा प्रसिद्ध थिइन् (बेनस्टोक र अन्य, सन् २००२ : ३०)। उनी महिलाहरूलाई आफूहरूमा हुने अनुभूति प्रदर्शनका लागि नभएर उपयुक्त कामका लागि हो भनेर सम्झाउँथिन्। आफू बाबुआमाले छानेको केटासँग विवाह गर्नुपर्छ भन्ने परम्पराको विरोधी थिइन् र यसको सार्वजनिक घोषणा नै गरेकी थिइन् (बेनस्टोक र अन्य, सन् २००२ : ३०)। एलिजावेथ मोन्टेग यस समूहकी केन्द्रीय व्यक्तित्व थिइन्। सामुअल जोन्सनले त उनलाई 'ब्लु स्टकिङकी रानी' भन्ने संज्ञा नै प्रदान गरेका थिए। उनले आफ्नो घर नै सो समूहका महिला र आफ्ना अन्य केही पुरुष साथीका निम्ति खुला राखेकी थिइन्। उनको **एन एस्से अन द राइटिङ एन्ड जेनस अफ सेक्सपियर** (सन् १७६९) भन्ने पुस्तक प्रकाशित भएपछि उनको बौद्धिक छवि स्थापित बनेको थियो। उनको यो कृति फ्रान्सेली र इटालेली भाषामा समेत प्रकाशित भएपछि त उनी सेक्सपियरेली समालोचकका रूपमा प्रसिद्ध बनिन्। उनी सबैभन्दा बढी महिलाहरूसँगको मित्रतालाई महत्त्व दिन्थिन्। उनी 'महिला कलेज' स्थापना गर्ने पक्षमा थिइन् र उनले अविवाहित

महिलाका लागि एउटा घरको स्थापना गर्ने कुरामा सरसल्लाह पनि गरिन् । उनी आउँदो पुस्ताका महिलालाई पनि समाजमा स्थापित बनाउनका लागि प्रयत्नरत थिइन् ।

उपन्यासको युग प्रारम्भ भएपछि नयाँ उत्साहका साथ महिला उपन्यासकारहरूको ठूलो समूह ह्वात्तै देखा पर्‍यो । सन् १७६० र १७९० का बिचमा दुई तिहाइदेखि तीन चौथाइ सङ्ख्यामा महिला उपन्यासकार थिए । ती उपन्यासहरू पत्रात्मक, दैनिकी र गार्हस्थ्य व्यवहारका कुरा प्रस्तुत गर्ने शैलीमा आएका थिए । यी उपन्यासहरूको जोड सामाजिक यथार्थको प्रस्तुतिमा रहेकाले यिनलाई परिष्कारवादी शिक्षामा समावेश गरिएको थिएन । त्यसैले शास्त्रीय साहित्य र दर्शनको शिक्षा लिन अस्वीकार गर्ने महिलाहरूले साहित्यिक अध्ययनबाट बाहिरिनुपर्ने परिस्थिति धेरै समय टिकेन । महिला संवेदनालाई उपेक्षा गर्ने लामो परम्पराको उपहास गर्ने अवसर अबका महिला लेखकले उपन्यासका माध्यमले पाए । उपन्यासको उदयमा महिलाहरूको योगदान उल्लेखनीय रहेको छ । यसपछिका उपन्यासमा महिला चरित्रको सम्मानजनक उपस्थिति देखिन थाल्यो । अब साधारण र असाधारण महिलाहरूका आत्मसंस्मरण, संस्मरण र दैनिकीहरूले पनि साहित्यका फाँटमा प्रवेश पाए । सराह केम्ब्लेका यात्रा संस्मरणहरूले औपनिवेशिक अमेरिकाका संवेदनालाई प्रस्तुत गरेका छन् । उपन्यास लेखनका माध्यमले महिलाहरूले महिला-समुदायको सकारात्मक छवि प्रस्तुत गर्ने अवसर पाएका थिए । सराह फिल्डिङ (सन् १७१०-१८०४), फ्रान्सेस ब्रुक (सन् १७२४-८९) अठारौं शताब्दीको मध्यतिरका प्रसिद्ध महिला उपन्यासकार थिए । यी उपन्यासकारले आफ्ना उपन्यासमा महिलाको आन्तरिक जीवनको अभिव्यक्ति दिने, महिला चरित्रको उदात्तीकरण गर्ने र महिलाको जुन छवि बनेको छ त्यसका लागि महिला स्वयं नभएर पुरुषको कार्यचाहिँ जिम्मेवार छ भन्ने खालका दृष्टिकोण अघि सारेका छन् । यी मध्येकी उपन्यासकार फ्रान्सिस बर्ने त्यसबेलाका सर्वोत्कृष्ट उपन्यासकारमध्येमा पर्थिन् जसका उपन्यासले नारीहरूलाई नारीवादी व्यवहार गर्नसमेत सिकाउँथे । उनीभन्दा पछिल्लो पिंढीका महिला उपन्यासकारहरूमा बर्नेको उपन्यास लेखन पद्धतिको सोझो प्रभाव परेको देखिन्छ । १९ औं शताब्दीका प्रारम्भका ती उपन्यासकार हुन् - साहम्मा स्पेन्सर, मारिया एडवर्थ र जेन अस्टिन ।

अमेरिका युरोपको अधीनबाट मुक्त हुने प्रयत्न गरिरहेको थियो । अमेरिका र बेलायतको मित्रता भाँडिएको थियो । आर्थिक एवं सांस्कृतिक दुवै रूपले साहित्यको बजार छरपस्टिएको थियो । साहित्यका पाठक बढिराखेका थिए र त्यसमा पनि महिलाको सङ्ख्या अधिक थियो । राजनीतिले लैङ्गिक समानतामा जोड दिएकाले नारीत्वका बारेको धारणा पनि बदलिइरहेको थियो । शिक्षक परिचारिका, अभिनेतृ र घरेलु नोकरका रूपमा महिलाहरू पेसामा बाँधिने क्रमको थालनी भएको थियो । पैसा कमाउनका लागि साहित्य, अझ त्यसमा पनि उपन्यास लेख्ने प्रवृत्ति बढिरहेको थियो र अब विस्तारै केटाकेटीका पुस्तक, अनुवाद तथा यात्रा विवरणको लेखनतर्फ पनि महिलाहरू सक्रिय हुँदै थिए । यसरी १९ औं शताब्दीको समृद्ध महिला लेखनका लागि वातावरण तयार पार्ने काम १८ औं शताब्दीको अन्त्यतिरै प्रारम्भ भइसकेको देखिन्छ (बेनस्टोक र अन्य, सन् २००२ : ४४) ।

राजनीतिक र सांस्कृतिक परिदृश्यको बदलिँदो क्रमले काला महिलालाई पनि प्रथम पटक लेखनमा उतार्ने काम गऱ्यो । लुसी टेरी (सन् १७३०-१८२१) नामकी महिलाले अफ्रिकन-अमेरिकन कविता **बार्स फाइट** सन् १७४६ मा तयार गरिन् । पाँच वर्षकै उमेरमा नयाँ बेलायतमा भित्रिएकी लुसीले त्यहीँ नै लेख्न-पढ्न सिकिन् र सन् १७४६ मा २६ पङ्क्ति भएको ब्यालेडको रचना गरिन् । सुरुमा त यो कविता  छापिएन तर यसको प्रसिद्धिले गर्दा यो सन् १८५५ मा चाहिँ छापियो । त्यसैगरी सात वर्षको उमेरमा दासका रूपमा अफ्रिकाबाट अमेरिका लगिएकी फिल्लिस ह्विट्ली (सन् १७५४-८४) ले पनि लुसीले जस्तै मालिकका कृपाबाट लेखपढ गर्न सिक्न पाइन् मात्र होइन, बाइबललगायत होमर, बबिट, मिल्टन र पोपका रचना र विज्ञान, इतिहाससमेत पढ्न पाइन् । यही कारणले उनले आफ्नो पहिलो कविता **एलिजी**को रचना गरिन् । जिजसको प्यारो नोकर जर्ज ह्विटफिल्डको मृत्युको शोकमा रचिएको यो कविता अमेरिकामा सन् १७७० मा पर्चाका रूपमा छापियो र सन् १७७१ मा बेलायतमा पनि यो छापिएपछि ह्विट्ली अन्तर्राष्ट्रिय चासोको विषय बनिन् । उनको पहिलो कविता छापिएताका अफ्रिकाबाट अमेरिकामा वार्षिक ७०००० दास भित्र्याइन्थे । अरूको सहयोगले उनको **पोएम्स अन भेरिअस सब्जेक्ट्स, रेलिजियस एन्ड मोरल** भन्ने पुस्तक  सन् १७७३ मा छापियो । उनको यस कृतिले कालाहरू पनि गोराजत्तिकै प्रतिभाशाली हुन्छन् र उनीहरू पनि कलात्मक कार्य गर्न सक्छन् भन्ने प्रमाणित भयो (पृ.४५) ।

अमेरिका र फ्रान्समा भएको प्रजातन्त्र प्राप्तिको लडाइँले महिलाको १९ औं शताब्दीको साहित्यिक प्राप्ति पनि प्रभावित बन्यो । १९ औं शताब्दी स्वच्छन्दतावादी युग थियो जसले मानिसको दैनिक जीवनलाई महत्त्व दिन्थ्यो । यसले कल्पना शक्तिलाई निकै महत्त्व दिन्थ्यो । स्वच्छन्दतावादी अवधिभरिमा करिब हजार जति महिला लेखक देखा परे र २० जनाजति त निकै प्रसिद्ध पनि बने । जोना बेलीले उपेक्षा गरिएको नाटकका क्षेत्रमा प्रभुत्व जमाइन् । त्यस्तै कवि एवं उपन्यासकार फेलिसिया हेमन्स प्रसिद्धिमा कवि बाइरनभन्दा अलिकति मात्र पछाडि थिइन् । जेन अस्टिन उपन्यासका क्षेत्रमा गरेको योगदानले परिचित बनेकी थिइन् । इतिहासमै यसरी पहिलो पटक कतिपय सन्दर्भमा त पुरुषलाई समेत उछिनेर महिलाहरूको साहित्यिक उत्पादन स्थापित बन्यो । ती महिलाहरू राजनीतिक आन्दोलनमा, मुक्ति आन्दोलनमा र नारीवादी आन्दोलनमा सक्रिय थिए । महिला स्रष्टाले सबै विधामा स्मरणीय योगदान गरेका छन् र गद्य कथामा त प्रभुत्व नै जमाएका छन् ।

व्यक्तिगत अधिकार र समानताको धारणालाई १८ औं शताब्दीको अन्त्यतिर भएका आन्दोलनले  अगाडि साऱ्यो । यस बेलासम्म पनि अधिकांश महिलाको शिक्षार्जनको स्थल घर नै थियो । महिलाहरू बौद्धिक हुँदैनन् भन्ने सोच धराशायी बन्दै थियो । महिलाहरू पनि लिन्डनमा हुने गरेका राजनीतिक-सांस्कृतिक बहसमा सहभागी भएर निबन्ध र साहित्यका माध्यमले राजनीतिक टिप्पणीकार बन्न थालेका थिए । मेरी ह्यास (सन् १७६०-१८४३), एलिजाबेथ इन्चबल्ड (सन् १७५३-१८२१) र हेलेन मेरिया विलियम्स (सन् १७६२-१८२७) हरू क्रान्तिकारी दार्शनिक विलियम जुडविनको बौद्धिक जमातमा सहभागी थिए । यिनै गुडविन मेरी उल्स्टन क्राफ्टको (सन् १७५९-९६) को दोस्रो श्रीमान् बनेका थिए । यस समयको लेखनलाई प्रतिरोध साहित्य भनेर चिनिन्छ  ।

अमेरिकामा भएको दासमुक्ति आन्दोलनका समयका पुरुष लेखकहरू पर्चा, संसद्को भाषण, इतिहास, प्रतिवेदनहरू लेख्थे तर त्यसको उल्टो महिला लेखक भने एकातिर दासप्रथाका विरुद्ध कविता लेख्थे र अर्कातिर राजनीतिक सक्रियता देखाउने क्रममा अनुरोधपत्र लेख्थे तथा पश्चिम भारतबाट आयात गरिएको चिनी बहिष्कार गर्थे (बेनस्टोक र अन्य, सन् २००२ : ४८)। विलियमसँगै हेन्ना मोरले पनि सोही अभियानको कवितालाई सन् १७८८ मा **द ब्ल्याक स्लेभ ट्रेड** शीर्षक दिएर एउटा कविता लेखिन्। बिलियमले यस अभियानमा मोरका अतिरिक्त अन्ना लटेसिया बारबोल्ड, आन यर्स्ले, मेरी रविन्सन र अरू महिला कविलाई पनि सम्मिलित गराए।

अमेरिकामा नारीवादको जग बसाल्ने काम अठारौँ शताब्दीको अन्त्यको आन्दोलनमा भएको महिला सहभागिताले गऱ्यो। शिक्षाप्राप्तिको प्रयत्न र वैधानिक सुरक्षाका सन्दर्भमा महिलाहरूले आफूहरू पनि दास भएको कुरा अघि सारे। महिला आन्दोलनले आवाज भने मेरी उल्स्टन क्राफ्टको अ **भिन्डिकेसन अफ द राइट्स अफ उमन**को सन् १७९२ मा भएको प्रकाशनपछि मात्रै पायो तर उल्स्टन क्राफ्टको यो प्रयास निर्विवाद भने रहेन। उनले आफ्नो पुस्तकमार्फत सामाजिक संरचनालाई दिएको चुनौतिपछि होरेस बालपोलले उनलाई 'पेटीकोट लगाएको जङ्गली कुकुर' (Hyena in Petticoats) को संज्ञा दिएर उनको क्रान्तिकारिता र नारीत्वलाई समाप्त गर्ने प्रयत्न पनि गरे। अठारौं शताब्दीका एलिजाबेथ कार्टर, एलिजाबेथ मोन्टेग, हेस्टर मुल्सो च्यापोन, हन्ना मोरजस्ता प्रभावशाली महिला स्रष्टाहरूले उनको विचारको समर्थन त गरे तर उनीहरूले आफ्ना साहित्यिक लेखनमा महिलाको सतीत्व, श्रद्धालुपन र नैतिकताको छवि भने कायम रहनुपर्छ भन्ने जिकिर गर्न पनि छाडेनन्। यसको विपरीत आन्दोलनकालीन क्रान्तिकारिताको प्रभावमा रहेकी एल्स्टन क्राफ्टले नारीसम्बन्धी परम्परागत आदर्शलाई चुनौति दिइन् (बेनस्टोक र अन्य, सन् २००२ : ५३)।

आन्दोलनकारी समयका सबै महिला स्रष्टाहरू नारीवादी धारणाका पक्षमा थिए भन्न सकिने स्थिति थिएन। कतिपयलाई त आफ्नो लैङ्गिक अवस्थितिको ख्यालै पनि हुँदैनथ्यो। सन् १८०४ मा मारिया एडवर्थले महिला स्रष्टाहरूको छुट्टै पत्रिका प्रकाशन गर्ने प्रस्ताव राख्दा उनकै समकालीन बर्बोल्डले लेखिन्: "महिला स्रष्टाहरूको छुट्टै संस्था बनाउनुपर्छ भन्ने कुनै बाध्यता छैन। भिन्न संवेदना र भिन्न सम्बन्धले महिला र पुरुष स्रष्टाका बिचमा फाटो मात्रै ल्याउँछ। महिला-पुरुषलाई संयुक्त चाखले बरू ऐक्यबद्ध गराउँछ" (बेनस्टोक र अन्य, सन् २००२ : ५३)। वास्तवमा हेयज, विलियम आदि धेरै महिला स्रष्टाले उल्स्टन क्राफ्टको कटु आलोचना नै गरेका थिए। सिड्नी विन्सन (सन् १७७६-१८५९) ले "राजनीति कहिल्यै पनि महिलाको विज्ञान बन्न सक्तैन, बरू देशभक्ति चाहिँ महिलाको संवेदना बन्न सक्छ" भनेर टिप्पणी गरेकी थिइन् (बेनस्टोक र अन्य, सन् २००२ : ५३)। कतिपयले त दासताविरोधी आन्दोलनका विरुद्ध गुटबन्दी गर्दै महिलाको शिक्षाको सीमितताको वकालतसमेत गरेका थिए।

उपन्यासको आन्दोलनको शताब्दीका रूपमा १९ औं शताब्दीलाई लिइन्छ। यस समयमा उपन्यासको बाढी नै आएको थियो। महिला मात्रै पनि लगभग २०० जना जति उपन्यास लेखनमा सक्रिय थिए। अभिनेता तथा लेखक सुसान्ना रोसन (सन् १७६२-१८२४) को **चार्लोट्टे : अ टेल अफ**

**ट्रुथ** (Charlotte : A Tale of Truth) भन्ने उपन्यास सन् १७९१ मा लिन्डनबाट प्रकाशित भयो। पहिलो र दोस्रो संस्करण त त्यति धेरै बिकेन तर उनले आफ्नो दोस्रो संस्करणको भूमिकामा यस उपन्यासको कथा कुनै महिलाको साँच्चैको जीवनकथा भएकाले आफ्ना निष्पक्ष पाठकले त्यसलाई कल्पना नभएर यथार्थका रूपमा लिइदिऊन् भन्ने आग्रह गरिन् र १७९७ को तेस्रो संस्करणमा उपन्यासको नाम परिवर्तन गरेर **चार्लोट्टे टेम्पल** (Charlotte Temple) भन्ने राखिन्। १९ औं शताब्दीको अन्त्यसम्म आइपुग्दा यसका २०० संस्करण बिकिसकेका थिए। यो १९ औं शताब्दीको अमेरिकाको सर्वाधिक बिक्री भएको पुस्तक हो । दोस्रो बढी बिक्री भएको उपन्यास पनि महिलाकै थियो। त्यसको लेखक वेब्स्टर फोस्टर (सन् १७५८-१८४०) थिइन् र उपन्यासको नाम **द कक्वेट** (The Coquette) थियो। सन् १७९७ मा बोस्टनमा छापिएको यस उपन्यासको कथा पनि यथार्थतामा आधारित र संवेदनशील किसिमको थियो।

बेलायतकी मारिया एडवर्थ (सन् १७६८-१८४९) ले आफूलाई ख्यातिप्राप्त उपन्यासकारका रूपमा स्थापित गरिन्। उनका **बलिन्दा** (सन् १८०१), **लियोनारा** (सन् १८०६), **हेलेन** (सन् १८३४) लगायतका उपन्यासले पहिरनप्रिय समाज र संवेदनशीलताको आलोचना गरेका छन् (पृ. ५५)। फयान्नी बर्ने, जेन अस्टिन (सन् १७७५-१८१७, फ्राङ्केन्स्टिन (सन् १८१८), मेरी सेले (सन् १७९७-१८५१) आदि यस युगका विश्वप्रसिद्ध उपन्यासकार हुन्। प्रायः हरेक महिला उपन्यासकारले आफ्ना उपन्यासको केन्द्रीय भूमिका महिलालाई नै प्रदान गरेका छन्। तिनले महिलाका जीवनका यथार्थ र आश्चर्यजनक सन्दर्भलाई उपन्यासमा विशेष महत्त्वका साथ प्रस्तुत गरेका छन् ।

नाटक विधा पश्चिममा पनि बढी रङ्गमञ्चीय रही सिर्जनाका प्राथमिकतामा नपरेको देखिन्छ। यसमा कहिले उपन्यासको दबदबा हुने त कहिले कविताको दबदबा हुने देखिन्छ। यस्तै परिस्थितिमा पनि जोना बेली (सन् १७६२-१८५१) ले आफ्ना समयको नाटकको नेतृत्व गर्ने नाटक लेखिन्। १६ वटा नाटककी लेखक बेलीले आफ्ना दर्शक र समालोचकबाट राम्रो प्रशंसा पाएकी थिइन्। सर वाल्टर स्कटले त उनलाई सेक्सपियर र म्यासिनरकै समययताकी बेलायतकी सर्वोत्तम नाटक लेखक मानेका छन्। उनका नाटक पहिला प्रकाशित हुन्थे र पछि मञ्चन गरिन्थे जुन कुरा परम्पराभिन्न थियो। उनका नाटकहरू बेलायत र अमेरिकाका उत्कृष्ट मञ्चहरूमा सन् १८०० देखि १८२६ सम्म मञ्चन गरिएका थिए। उनको पहिलो नाटक **डे मनफर्ट** २९ अप्रिल १८०० मा मञ्चित भएको हो र त्यसै नाटकदेखि नै उनको विशेष प्रसिद्धिको प्रारम्भ भएको हो।

उन्नाइसौं शताब्दीमा उपन्यासको जत्तिकै कविताको पनि प्रभुत्व रहेको छ। अन्ना लटेसिया बार्बोल्ड, फेलिसिया हेमस, लेटिटिया एलिजावेथ लिन्डन, हन्ना मोर, मेरी रविन्सन, अन्ना सेवार्ड (सन् १७४२-१८०९), चार्लोट्टे स्मिथ (सन् १७४९-१८०६) र मेरी टिर्घ (सन् १७७२-१८१०) नामक महिला कविहरूको प्रभावकारी कविताहरूको एउटा सङ्ग्रह छापिएको छ जसमा गीतिकविता (Sonnet) लाई पनि समावेश गरिएको छ। बहुमुखी प्रतिभा भएका धेरै महिलाहरूले एकभन्दा बढी विधामा ख्याति प्राप्त गरेका छन्। यो संयुक्त कविता सङ्ग्रहबाहेक प्रायः यी सबै कविहरूका अन्य विशिष्ट पुस्तकहरू पनि प्रकाशित भएका छन् र यिनीहरू आफ्ना ती कामका माध्यमले युरोप र अमेरिकामा मात्र नभएर विश्वभरि नै प्रसिद्ध बनेका हुन् ।

पश्चिमी जगत्मा १९ औँ शताब्दीमा अन्य प्रकाशनहरूको पनि बाढी नै आएको देखिन्छ । विभिन्न किसिमका प्रकाशनहरू पछिल्लो पुस्ताका महिलाहरूले समकालीन साहित्य र संस्कृतिको गति पक्रिने तथा प्रसिद्धि कमाउने माध्यम बने । यिनीहरूले आफ्ना कामको प्रकाशन र वितरण गर्न पाए । साहित्यिक पत्रिकाहरूमा लेख्ने, विभिन्न पुस्तक र संस्थाहरूका विभिन्न वार्षिक प्रकाशनका लागि लेखकीय योगदान दिने तथा यात्रासंस्मरण लेख्ने कामहरूमा महिलाहरूले आफूलाई व्यस्त बनाउन पाए । यिनका साथै बालसाहित्य र गीतको रचना गर्ने काममा पनि महिला स्रष्टाहरू सक्रिय देखिए । सम्पादनका सन्दर्भमा विशेष गरी महिलाहरूका योगदानलाई विशेष प्राथमिकता दिए । सन् १८३२ यता राजनीतिक, सांस्कृतिक र साहित्यिक परिवर्तनका लागि योगदान गर्नेहरूमा महिलाको सङ्ख्याको वृद्धि निकै भयो । क्रान्तिकारी राजनीति, मुक्ति-आन्दोलन र नारीवादी आन्दोलनहरूमा महिला स्रष्टाहरू विशेष सक्रिय बने । महिला लेखकहरूले साहित्यका सबै विधामा कलम चलाए र गद्याख्यानमा चाहिँ प्रभुत्व नै जमाए ।

## २.२.३ पूर्वआधुनिकः भिक्टोरिया युग

रानी भिक्टोरियाले बेलायतमा शासन गरेका ६३ वर्षहरू (सन् १८३७-१९०१) निकै फरक किसिमका थिए । यो समय औद्योगिक दृष्टिले सङ्क्रमणकालीन, उपनिवेशविस्तार, सामाजिक अपेक्षा, लैङ्गिक भूमिकाका धारणाहरू विकसित हुँदै गरेको समय थियो (बेनस्टोक र अन्य, सन् २००२ : ६६) । बेलायतमा औद्योगिक विकास र सहरीकरणमा तीव्रता आइरहेको थियो । रेल्वे, पानीजहाज र रासायनिक उत्पादनले जीवनशैलीमा परिवर्तन ल्याइराखेको थियो । सन् १८९० यता विश्व जनसङ्ख्याको एक चौथाइ बेलायती साम्राज्यभित्र परेको थियो । अमेरिका र बेलायत दुवैतिर परिवर्तन तीव्र गतिमा आइरहेकै थियो । दुवै महादेशमा दासप्रथा कागजी रूपमा सन् १८०८ मा हट्यो । बेलायतले सन् १८३३ मा सो प्रथाको उन्मूलन गऱ्यो भने अमेरिकामा सन् १८६१-६५ को गृहयुद्ध नभईकन दासप्रथाको पूर्ण उन्मूलन भएन ।

बेलायत र अमेरिका दुवैतिरका महिलाहरूले सम्पत्तिमाथिको अधिकार र मताधिकारका लागि काम गर्न थाले । रानी भिक्टोरियाको शासन समाप्त हुँदा नारीवादीहरू प्रसन्न भए । जोन स्टुवार्ट मिलले विवाहले महिलालाई कानुनी बन्धन दिएको छ भन्ने कुरा अगाडि सारेको पाइन्छ । उनका अनुसार अब घर-घरका श्रीमतीहरूबाहेक कतै पनि वैधानिक दासहरू बाँकी छैनन् (बेनस्टोक र अन्य, सन् २००२ : ६७) । बेलायतमा सन् १८५७ मा पारपाचुके पहिचानमा आयो, विवाहित महिलाको सम्पत्तिसम्बन्धी कानुन सन् १८७० मा आयो र सन् १८८२ को कानुनले महिलाको आफ्नो सम्पत्ति र ज्यालामाथि उनीहरूकै अधिकार स्थापित गरिदियो । सन् १८४८ को सेनेका फल्स घोषणाले अमेरिकी स्वतन्त्रताको घोषणालाई महिलासम्म पुऱ्यायो । शताब्दी लामो मताधिकार र शिक्षाधिकारको आन्दोलनले सन् १८३७ मा नयाँ बेलायतमा महिलाका लागि शिक्षण संस्था स्थापना गरेर शिक्षार्जनको ढोका खोल्यो भने सन् १८४८ मा बेलायतमा महिलाको शिक्षाका लागि क्विन्स कलेजको स्थापना भयो (बेनस्टोक र अन्य, सन् २००२ : ६७) ।

महिलाहरूले प्राप्त गरेका शिक्षाको अवसर र सांस्कृतिक सन्दर्भमा उनीहरूप्रतिको बदलिँदो धारणाले गर्दा महिलाले गर्ने साहित्यिक सिर्जनालाई पर्याप्त प्रभावित तुल्याएको छ। पश्चिमी मुलुकको बढ्दो साक्षरता प्रतिशत र प्रकाशनको सुविधाले महिला सिर्जनाको विकास हुन सकेको हो। बेलायतको साक्षरता प्रतिशत सन् १९०० देखि नै ९०% मा पुगिसकेको थियो भने मध्यम वर्गको सङ्ख्या वृद्धिले बेलायत र अमेरिकामा गद्य र पद्यको बिक्रीमा सकारात्मक प्रभाव पारेको थियो। मध्यदेखि १९ औं शताब्दीको अन्त्यसम्म भएको उपन्यास विधाको विकासमा महिला लेखकको हस्तक्षेपकारी भूमिका रहेको छ।

महिला उपन्यासकारहरूले औद्योगिक पुँजीवादले गरेको लैङ्गिक विभेदमाथि प्रश्न उठाएर उपन्यास लेखेका छन्। बेञ्जामिन डिजरायली (**सिविल**, **अर द टु नेसन्स**-सन् १८४५), चार्ल्स किङ्सले (**एल्टोन लोक**, **टेलर एन्ड पोयट**-सन् १८५०) र चार्ल्स डिकेन्स (**हार्डटाइम्स**-सन् १८४५) जस्ता पुरुष उपन्यासकारले जस्तै केही महिलाले पनि सामाजिक प्रतिरोधका उपन्यास लेखेका छन्। जस्तो -फ्रान्सिस ट्रोलोप (**मिखाइल आर्मस्ट्रङ**, **द फ्याक्टरी बोय**-सन् १८४०), रेवेक्का हार्डिङ डेभिस (**लाइफ इन द आइरन मिल्स**-सन् १८६१)। यी उपन्यासकारले महिलाका बारेमा मात्र नभएर पुरुष र केटाकेटीका समस्याका बारेमा पनि आफ्ना उपन्यासमा कुरा उठाएका छन्।

प्रसिद्ध उपन्यासकार जर्ज इलियट (मेरी आन इभन्स, सन् १८१९-८०) को उपन्यासले सामाजिक परिवर्तनका लागि आन्दोलन उठायो। उनका **आदम बेड** (सन् १८५९), **द मिल अन द फ्लस** (सन् १८६०) र **सिलास मार्नर** (सन् १८६१)हरू औद्योगिक समाजस्थापना पछिको सङ्क्रमणकालीन अवस्थामा आएका थिए (वेनस्टोक र अन्य, सन् २००२ : ६९)। **फेलिक्स हल्ट** (सन् १८६६) र **मिडलमार्च** (सन् १८७२) चाहिँ सुधार विधेयकले तल्लो वर्गका मानिसलाई छोएको समयमा आएका थिए। जर्ज इलियटका उपन्यासलाई 'जुक्तिपूर्ण उपन्यास' को संज्ञा दिएको पाइन्छ। उनले भिक्टोरियन युगको विज्ञान र धर्म तथा विवाह र यौनिकताका बिचको विरोधाभासलाई आफ्ना कृतिमा प्रस्तुत गरेकी छन् ।

महिला र पुरुषका निम्ति अलग-अलग परिवेशको निर्माणका निम्ति १९औं शताब्दीको मध्यतिर विकसित पुँजीवादले महत्त्वपूर्ण भूमिका खेलेको छ। घरेलु, संवेगात्मक, सेवादायी व्यक्तिगत कुराहरू महिलाका भागमा र व्यापार , पेसा, राजनीति, युद्धजस्ता सार्वजनिक कुराहरू पुरुषका भागमा परे । विभिन्न उपन्यासकारले यही विभाजनलाई आफ्नो आदर्श बनाए। कतिपय महिलाले भने यसको विरोध गरेर लेखेका छन्। जस्तो- चार्लोट्टे ब्रोतेंले **जेन आयर** भन्ने उपन्यासमा महिला-पुरुष बिचको परम्परागत कार्यक्षेत्र विभाजनलाई स्विकारेकी छैनन्। उनले आफ्ना नारी पात्रलाई परम्परागत आदर्शको भारी बोकाएकी छैनन्। महिलाको भूमिकालाई परम्पराले चाहेभन्दा भिन्न किसिमले प्रस्तुत गर्ने उपन्यासकारका रूपमा मार्गरेट वलिफन्ट (सन् १८२८-९७) लाई लिन सकिन्छ जसले आफ्नो ५० वर्षको लेखकीय जीवनमा सयवटा उपन्यास लेखेकी थिइन् ।

सन् १८२० देखि १८७० का बिचमा लेखिएका महिलाको पारिवारिक जीवनका कथाले भरिएका उपन्यासलाई 'महिलाको आख्यान' (Women's Fiction) भन्ने नाम दिइएको छ। यस्ता उपन्यासमा महिलाको पारिवारिक जीवनबाहेक उनीहरूको देशले त्यतिखेर बोकिराखेका विषय, आदिवासी अमेरिकीको विस्थापन, दासत्व विरुद्धको राष्ट्रिय विरोधाभासजस्ता विषय पनि समावेश गरिएका हुन्थे (पृ. ७३-७४)। यस्ता उपन्यास लेख्ने प्रमुख महिला स्रष्टामा क्याथरिन सेडविक (सन् १७८९-६७), मारिया कमिन्स (सन् १८२७-६६), क्यारोलिन चेसेब्रो (१८२५-७३), सुसन वार्नर (१८१९-८५), सारा पार्टन (१८११-७२), अगस्ट इभान्स (सन् १८१९-०९), एलिजा एन्ड्रयुज (सन् १८४०-३१), इ डी एन साउथवर्थ (सन् १८१९-९९), सराह वर्ने जेवेट (सन् १८४९-०९) आदिको नाम विशेष उल्लेखनीय छन्।

दासमुक्ति र महिला अधिकार आन्दोलन सन् १८४० बाट प्रारम्भ भएको हो। समानता र व्यक्तिगत स्वतन्त्रताजस्ता कुराले महिलाको आन्दोलनलाई मुक्ति आन्दोलनसँग जोडेको थियो। गृहयुद्धपूर्व मार्गरेट फुलर, लुक्रेसिया मोट, लुसी स्टोन, एलिजावेथ केडी स्टेनटन यी आन्दोलनमा सक्रिय थिए। दासत्वविरोधी आन्दोलनमा सन् १८४० मा स्टेनटन र मोटको भेट भएपछि 'सेनेका फल्स कन्भेन्सन' को अवधारणा आएको हो । यी आन्दोलनका क्रममा काला जातिका महिला पनि लेखकका रूपमा अगाडि आएका छन्। ह्यारिट इ विल्सन (सन् १८०८ -७०) उपन्यास प्रकाशित गर्ने काला जातिकी पहिली महिला उपन्यासकार हुन्। उनको **आवर निग** उपन्यास सन् १८५९ मा प्रकाशित भएको थियो। दासत्व र लैङ्गिकतालाई जोडेर उपन्यास लेख्ने काला जातिकी प्रथम उपन्यासकार हुन् ह्यारियत ज्याकोब्स (सन् १८१३-९७) जसको उपन्यासको नाम हो **इन्सिडेन्ट इन द लाइफ अफ स्लेभ गर्ल** (सन् १८६१)। यस उपन्यासले 'दासत्व मानिसका लागि डरलाग्दो हुन्छ तर महिलाका लागि त्यो झनै डरलाग्दो हुन्छ' भन्ने सार प्रस्तुत गरेको छ।

कवि फ्रान्सेस हार्पर (सन् १८२५-१९११) दासत्व, गृहयुद्ध र महिला अधिकारका पक्षमा लेख्थिन्। उनको पोएम्स अन मिसेलानस सब्जेक्ट (१८५४) भन्ने कवितासङ्ग्रह प्रकाशित भएको थियो। गृहयुद्धपछि आदिवासी अमेरिकालीप्रतिको अन्यायपूर्ण व्यवहारलाई विषय बनाएर सराह विन्नेमुक्का हपकिन्स (सन् १८४४-९१) ले **लाइफ एमङ्ग द प्युट्स** (सन् १८८३) शीर्षकमा आत्मसंस्मरण लेखेकी छन्। त्यस्तै हेलेन हन्ट ज्याक्सन (सन् १८३०-८५) ले आदिबासी अमेरिकालीले क्यालिफोर्निया मिसनमा गरेको दुर्व्यवहारको प्रस्तुति गरेकी छन् । यीबाहेक काला जातिका केही पुरुषहरूले पनि महिला अधिकारका पक्षमा साथ दिएका थिए। दासताविरोधी र महिला अधिकारसम्बन्धी आन्दोलनमा काला महिलाहरूको सहभागिता अत्यन्त सीमित थियो। महिला अधिकारसम्बन्धी आन्दोलन वर्गीय र जातीय झन्झटबाट मुक्त थिएन ।

भिक्टोरियन युगमा कविता लेख्ने महिलाहरूलाई कवयित्री भनेर सम्बोधन गरिन्थ्यो र त्यसो भनिनु सम्मानको कुरा थियो। त्यसबेलाका पुरुष कविहरूले जस्तै महिला कविहरूले पनि स्वच्छन्दतावादलाई नै स्वीकारे । उनीहरूका यस्ता कविताको विषय नारीत्व, प्रेम, विवाह आदि हुन्थे। उनीहरूका कवितामा बेलाबखत आत्मसंचेतनाका कुरा पनि आइरहन्थे। त्यसबेलाका महिला कविहरूमा लदिया सिगोर्नी (सन् १७९१-१८६५), एलिजाबेथ ब्यारेट ब्राउनिङ (सन् १८०६-

६१) र क्रिस्टिना रोजेट्टी (सन् १८३०-९४) पर्दछन् । यिनीहरू प्रायः प्रेमका चाहनाका, पीडाका कविता लेख्थे ।

महिला स्रष्टाहरूले सन् १८६० यता आफ्ना अआख्यानात्मक कामहरूमा महिलाका विषयलाई प्रस्तुत गर्न थाले । कवि डोरा ग्रिनबेलले आफ्नो **आवर सिङ्गल उमन** (सन् १८६२) भन्ने कवितामा महिला शिक्षा र मताधिकारलाई विषय बनाइन् । अगस्ता वेब्स्टर (सन् १८३७-९४) ले पनि विश्वविद्यालय शिक्षामा र भोट दिने कुरामा महिलाका अधिकारका कुरा उठाइन् । अर्की कवि एमि लेभी (सन् १८६१-८९) ले भने महिलाको कामेच्छालाई कविताको विषयवस्तु बनाइन् । अन्य केही कविले पनि यही विषय रोजेको देखिन्छ । जस्तो- एल्ला ह्विलर विलकक्स (सन् १८५०-८४), क्याथरिन ब्राडले (सन् १८४६-१४), एडिथ कुपर (सन् १८६२-१३), एमिली डिकिन्सन (सन् १८३०-८६) यस समयका सबैभन्दा बढी प्रसिद्ध र स्तरीय कवि हुन् ।

## २.२.५ नवआधुनिक काल

विश्वको साहित्यिक इतिहासमा नवआधुनिक कालअन्तर्गत आधुनिकतावादको लहर १९ औँ शताब्दीको अन्त्यमा आयो । यो अन्तर्राष्ट्रिय र अन्तरअनुशासनात्मक आन्दोलनले कलात्मक प्रस्तुतिको यथार्थवादी चरणलाई चुनौती दियो । सामाजिक उन्नतिमा विश्वास राख्ने यो वाद सामाजिक-सांस्कृतिक प्रस्थापनाको सहयोगी थियो । यस वादको उद्देश्य नयाँ शताब्दीमा अस्तित्व र जीविकामा, कला र अभिव्यक्तिमा नयाँपन ल्याउनु थियो । पर्याप्त शिक्षा प्राप्त नगरेका कारणले महिलाहरूलाई आधुनिकतामा अभ्यस्त हुन कठिन थियो तापनि यस प्रवृत्तिलाई उनीहरूले निकै कष्टपूर्वक आत्मसात् गरे । यिनीहरू आधुनिकतावादका प्रस्थापनाका उदाहरण बन्न सक्ने सिर्जना प्रस्तुत गर्न सफल पनि भए ।

आधुनिक युग १९ औँ शताब्दीको वैज्ञानिक र समाजशास्त्रीय आविष्कारको प्रभावमा हुर्केको थियो । चार्ल्स डार्बिन, ग्रेगर मेन्डेल, हेभलक एलिस, एडवर्ड कार्पेन्टर, सिग्मन्ड फ्रायड र कार्ल युङ्ग, हेनरी बर्गसन्सका कामहरूको नयाँपनको फलस्वरूप समयले एउटा नवीन मोड लिएको भनेको नै आधुनिकतावादको प्रारम्भ हो । यस प्रारम्भको प्रभाव साहित्यका अतिरिक्त पेन्टिङ, फोटोग्राफी, सङ्गीत, नृत्य, वास्तुशास्त्र सबैमा परेको थियो । यी विषयहरूले सिर्जनात्मक साहित्यलाई पनि अन्तरअनुशासनात्मक दिशामा प्रवृत्त हुन उत्प्रेरित गरे ।

भिक्टोरियन शासनकालको महिला र पुरुषका बिचमा भएको कामको क्षेत्र विभाजन यस कालमा आइपुगेपछि भङ्ग भयो र नारीका पक्षमा सांस्कृतिक रूपान्तरणको प्रारम्भ भयो । सन् १८७०-८० का दशकमा जन्मिएका महिलाहरू गार्हस्थ्य संस्कृतिबाट टाढिन थाले र पारिश्रमिकविहीन सामाजिक मन्त्रालयको जिम्मेवारी लिन अस्वीकार गर्न थाले । यतिखेरका महिलाको माग शैक्षिक समानता, पेसातर्फको प्रयत्न, मत दिने अधिकार, आफ्नो सम्पत्ति आफ्नै नाममा राख्ने अधिकार र यौन स्वतन्त्रताका विषयमा केन्द्रित थिए । यस समयका महिला स्वतन्त्र, स्पष्टवादी र महत्त्वाकाङ्क्षी थिए । तिनीहरू पुरुषको पेसागत आजीविकाको एकाधिकारमा हमला गर्न पुगे । महिलाहरू पनि पुरुषसमान हुनुपर्छ भन्ने नारीवादी सिद्धान्तको अपेक्षालाई उनीहरूले

व्यावहारीकरण गरे । लिङ्ग र वर्गको पुरुषीकरणको संरचना भत्काउनलाई महिलाहरूले पुरुषका व्यक्तिगत क्लब र पुराना विद्यालयको सञ्जाल भत्काउन लागे । त्यसैले त्यसबेलाको महिलाको यस्तो अग्रसरतालाई पुरुषहरूले असहिष्णुतापूर्वक 'दैत्यको राज्य' भन्ने नाम दिए । बेलायतमा महिला-पुरुष दुवै गरेर सन् १९००मा साक्षरता प्रतिशत ९७ पुगेको थियो । अब हरेक क्षेत्रमा महिलाहरूले पुरुषसँग सहकार्य गर्न थालेका थिए ।

समाजको यो बदलिँदो परिवेशका कारणले महिला लेखकहरूले एउटा यस्तो जमात फेला पारे जो यौनिकता, नारीत्व, कुमारीत्व, मातृत्वचेतना र पितृत्वका बारेमा लेख्न इच्छुक थिए । सन् १८९० देखि नयाँ महिलाहरूले उच्च साहित्यको परम्पराभित्र पसेर त्यसलाई खल्बल्याउन थाले । नयाँ महिलाहरूको लेखनको केन्द्रीय सार नारीवाद र सामाजिक सुधार थियो (बेनस्टोक र अन्य, सन् २००२ : ९२) । आयरल्यान्डमा जन्मिएकी डेम रेवेक्का वेस्ट (सन् १८९२-८२), चार्लोट्टे पर्किन्स गिलम्यान (सन् १८६०-३५), सुसन ग्लासपेल, इलेन ग्ल्यासगो (सन् १८७३-४५), के बोयले (सन् १९०२-९२) , रेडक्लिफ हल (सन् १८८०-४३) जस्ता यस समयका प्रसिद्ध महिला साहित्यकारहरूले परम्परागत लैङ्गिक भूमिकालाई पूरै नकारेका छन् र आफ्ना कथा उपन्यासमा सशक्त नारी चरित्रहरू उभ्याएका छन् ।

मनोविश्लेषणात्मक उपन्यासलेखन पनि आधुनिक युगको एउटा साहित्यिक विशेषता हो जसमा महिलाहरूले पनि आफूलाई पर्याप्त सक्रिय बनाएका थिए । चेतनप्रवाह शैलीले त्यतिखेर पर्याप्त स्थान पाएको थियो । यसलाई सर्वप्रथम फ्रान्सेली उपन्यासकार एडोर्ड डुजिर्डिनले आफ्नो **वेल टु द नो मोर** भन्ने उपन्यासमा सन् १८८८ मा प्रयोग गरेका थिए । अङ्ग्रेजीमा चाहिँ डोरोथी रिचार्डसन (सन् १८७३-५७) ले सर्वप्रथम भित्र्याइन् । 'चेतनप्रवाह' भन्ने नाम खुट्याउने काम चाहिँ बेलायती उपन्यासकार मे सिनक्लेर (सन् १८६३-४६) ले सन् १९१८ मा गरिन् । धेरै आधुनिक महिला साहित्यकारले महिलाको मनोवैज्ञानिक यथार्थलाई आफ्ना कृतिमा चित्रित गरे । भर्जिनिया उल्फले आफ्ना उपन्यास **मिसेस ड्यालोय** (सन् १९२५), **टु द लाइटहाउस** (सन् १९२७), **द वेभ्स** (सन् १९३१) मा मानवीय सञ्चेतनालाई प्रस्तुत गरेकी छन् ।

जिन रिज (सन् १८९०-७९), गर्ट्रुड स्टेन, हिल्डा डोलिट्टे, एडिथ ह्वार्टन, एलिजावेथ बोयन, बिल्ला क्याथर, क्याथरिन एन्ने पोर्टर (सन् १८९०-८०) र क्याथरिन म्यान्सफिल्ड (सन् १८८८-२३) ले कुनै न कुनै प्रकारले मनोविश्लेषणको आधुनिक स्तरलाई आफ्ना कृतिमा प्रस्तुत गरेका छन् । त्यस्तै केट चोपिन (सन् १८५०-०४), एडिथ ह्वार्टन् (सन् १८६२-३७), एलिजावेथ बोबेन (सन् १८९९-७३), जोना गेल (सन् १८७४-३८), मेरिडेल ले स्वेर (सन् १९००-९८), इम्मा गोल्डमन (सन् १८६९-४०), मार्गरेट स्याङ्गर (सन् १८७९-१९६६) जस्ता महिला साहित्यकारले आधुनिक कालीन साहित्यको समृद्धिमा योगदान गर्नुका साथै महिला-विषयको प्रस्तुतिमा नयाँपन दिएर महिला समुदायको एउटा विशिष्ट स्तरलाई स्थापित गरेका छन् ।

आधुनिक कालमा पत्रकारिता, प्रकाशन, पुस्तक बिक्री, कलासमृद्धि जस्ता क्षेत्रलाई महिलाले आफ्नो पेसा बनाएका थिए । अन्य पेसामा आबद्ध तथा साहित्यमा कलम चलाइराखेका

महिलाहरूले पनि पत्रिकामा स्तम्भलेखनको काम गर्थे । यसका अतिरिक्त पूर्णरूपमा पत्रकारितामा संलग्न हुनेमा जेनेट फ्लानर (सन् १८९२-२५), ह्वारियट मोनरो (सन् १८६०-३६) आदि पर्दछन् । उनीहरूले प्रकाशन गृह खोल्ने, साहित्यमा संलग्न महिलाहरूलाई पत्रकारिता लेखनतर्फ अग्रसर गराउने काम गरे । यी सबैका केन्द्रमा नारी समुदायको कल्याण, तिनको प्रभावकारी भूमिकाको खोजी आदि कुरा रहेका थिए । लोला रिज (सन् १८७३-४१) आफू पनि  कवि थिइन् र उनले एलिनर वैली (सन् १८८५-२८) र म्यारियन मुर (सन् १८८७-७२) सँग सम्पर्क गरेर पत्रिका सम्पादन गर्ने जिम्मा दिइन् ।

खासगरी पेरिसमा मानिसहरूका व्यक्तिगत घरहरूमा सीमित सङ्ख्याका मानिसहरू जम्मा भएर सङ्गीत बजाउने, कविता पढ्ने तथा दर्शन र राजनीतिमाथि बहस गर्ने काम गरिन्थ्यो जसलाई 'लिटरेरी स्यालुन' (Literary Salons) भनिन्थ्यो । त्यस्ता समूहमा स्थापित व्यक्तित्वहरूले नयाँ व्यक्तिहरूसँग अन्त्यक्रिया गर्दथे । ललितकलाका सर्जकहरू पनि यस्ता समूहमा रहन्थे । कवि एवं संस्मरणकार नतालिया क्लिफोर्ड बर्ने (सन् १८७६-७२) ले आफ्नो घरमा सो स्यालन खोलेकी थिइन् र त्यो सन् १९०२ देखि १९७० सम्म सञ्चालनमा थियो । पेरिसमा यसभन्दा कम औपचारिक र कम चर्चित अरू स्यालुन पनि थिए ।

साहित्यमा विभिन्न प्रयोगहरू गर्ने कामको थालनी पहिलो विश्वयुद्धको समयदेखि कविता विधाबाट भयो । सर्वप्रथम त कवितालाई छन्दबाट मुक्ति दिलाउने काम भयो । त्यसपछि १९ औँ शताब्दीका राष्ट्रभक्ति, भावुकताजस्ता कुराहरूलाई अस्वीकार गरियो जुन कुरा स्वच्छन्दतावादी चरणका विशेषता थिए । त्यसैगरी फ्रान्सेली वैशिष्ट्यका रूपमा रहेको विम्बवाद पनि छाडियो । यस समयका मुक्त छन्दमा लेख्ने बहुचर्चित महिला कविमा एच.डी., गर्टुड स्टेन र मिना लोयको नाम आउँछ । यस  समयमा कविता लेखनमा धेरै परिवर्तन आयो जसमध्ये कविताको विस्तृत रूप (लामो कविता) पनि एक हो । महिलाहरूको कवितालेखनको विषय भने विवाहको राजनीति, मातृत्व र गार्हस्थ्य यथार्थ नै थिए । यसका साथै परम्परागत विषय भनिएका प्रेम, घाटा, मृत्यु, प्रकृति, सौन्दर्य, यौन आदिलाई मुक्त छन्दका महिला कविहरूले पनि अँगालेका थिए  । जुना बर्नेज, मिना लोय र गर्टुड स्टेन आदिले महिलाको यौनिकतालाई उच्च महत्त्व दिएका थिए । बर्नेजले महिलाका सुन्दरता, निष्क्रियता र ग्रहणशीलताजस्ता परम्परागत छविलाई समाप्त गर्दै 'नयाँ महिला' को नयाँ छवि प्रस्तुत गर्ने प्रयत्न गरिन् । यी महिलाहरू आफ्ना भावनालाई कवितात्मक स्वरूप दिने क्रममा नारीवादी दृष्टिकोण अँगाल्दथे । बेलायती लेखक चार्लोट्टे म्यू (सन् १८६९-२८) र अन्ना विकधाम (सन् १८८४-४७) र अमेरिकाली एलिनर वाइली (सन् १८८५-२८) र कवि लरियट लियोनिक फुलर आदम्स (सन् १८९९-१९८८) हरूले पुरानै विषयवस्तुलाई नारीवादी कोणबाट पुनर्प्रस्तुति दिएका छन्  । यही आधुनिक कालमा केही महिला कविले गीतिकविता पनि लेखेका छन् भने केहीले कवितालाई नाटकीय प्रस्तुति पनि दिएका छन् ।

सहरिया अमेरिकी-अफ्रिकीहरूको सङ्ख्या बढिरहेका मध्यम वर्गीयहरू बस्ने ठाउँ न्यूयोर्क सिटीबाट हर्लेम रेनासा युगको प्रारम्भ भयो । काला कलाकारहरूले राजनीतिबाट फरक एउटा ठाउँ कलाले ओगट्न सक्छ भन्ने विश्वास काला आधुनिकतावादीहरूको थियो । अफ्रिकन छवि,

सङ्गीत, भाषा र लोक परम्पराका सन्दर्भमा हार्लेम रेनासा पेरिस, लिन्डन, आम्स्टरडम, बर्लिन र रोमसम्म पुग्यो र यसले अफ्रिकन-अमेरिकन लेखक, पेन्टर, नर्तक र सङ्गीतकारहरूलाई अन्तर्राष्ट्रिय सन्दर्भसँग सम्बद्ध बनायो। अफ्रिकन-अमेरिकन कला र संस्कृतिप्रति आम मानिसको चेतना अभिवृद्धि गर्न सामाजिक-राजनीतिक सन्दर्भसँग यसलाई जोडियो। यसलाई 'न्यु निग्रो मुभमेन्ट' का रूपमा लिइन्छ। त्यस आन्दोलनका पुरुषद्वारा यसमा सक्रिय महिलाहरूको योगदानलाई छाँयामा पारिएको छ। फेरि पनि केही नाम त फुत्किएकै छन्। एलिस दनबाट नेल्सन (सन् १८७५-१९३५), जोरा निल हर्स्टनजस्ता केही नाम छन् जसले यस अवधिमा महत्त्वपूर्ण योगदान गरेका छन्। अझ जोरा निल रेनासा अवधिमा निकै चिनिएकी काला जातिकी महिला लेखक हुन्। यिनी जातीय र नारीवादी चेतनाका कारणले चर्चित बनेकी हुन्। उनको लेखनमा जातीय र नारीवादी चेतना नै केन्द्रीय विषयवस्तुका रूपमा रहेका हुन्छन्। जर्जिया डगलस जोन्सन, मारिता बोनर वकोमी (सन् १८९९-१९७१), एन्जेलिना बेल्ड ग्रिम्क, न्यान्सी कनर्ड (सन् १८९६-१९६५), जेसी रेडमन फउसेट (सन् १८८२-१९६१), नेल्ला लार्सेन (सन् १८९१-१९६४), जुलिया पिटरकिन (सन् १८८०-१९३५) आदि महिला लेखकहरू हार्लेम रेनासासँग सक्रिय रूपमा जोडिएका थिए। यस अवधिमा काला जातिका महिला-पुरुष दुवैथरिले आफ्नो व्यक्तित्वको विकास गर्ने अवसर पाएका थिए। कलाका विभिन्न क्षेत्रमा भएको तिनीहरूको सक्रियताले एकातिर कला क्षेत्रको विकास भयो भने अर्कातिर त्यस जातिका मानिसहरूको ख्याति पनि चारैतिर फैलियो। यसैले हार्लेम र रेनासा काला जातिका मानिसलाई इज्जत बढाउने एउटा माध्यम बन्यो। यसका कारणले काला महिलाहरूले पनि आफ्नो जातीय र नारीवादी चिन्तनलाई कलाका विभिन्न क्षेत्रसँग गाँस्ने अवसर पाए।

दोस्रो विश्वयुद्धको समाप्तिपछि बेलायत र अमेरिकामा थुप्रै कुराहरूमा परिवर्तन देखा पऱ्यो। युद्धको समयमा पुरुषहरू जति युद्धमा होमिएपछि तिनले गर्दै आएका सम्पूर्ण कामहरू महिलाहरूले सम्हालेका थिए। अझ त्यसमाथि उनीहरूले सशस्त्र समूहहरूको विभिन्न किसिमको सेवा पनि गरेका थिए। कारखाना र पारिवारिक व्यापार पनि उनीहरूले नै सम्हालेका थिए तर युद्ध सकिएपछि कृतघ्नहरूले महिलाहरूलाई फेरि गृहस्थीकर्ममा नै फर्काए। पछि जीविकोपार्जनका कामको अवसर पनि युद्धबाट फर्किएका सैनिकहरूले नै पाए। दम्पतिहरूलाई धेरै बच्चा जन्माउन प्रोत्साहित गरियो र सरकारले बच्चाको हेरचाह गर्ने कामका लागि आर्थिक सहयोग गऱ्यो । युद्धले गर्दा विशाल बेलायतको आर्थिक अवस्था धराशायी भयो।

सामाजिक नीतिमा महत्त्वपूर्ण परिवर्तन गरेका राष्ट्रपति फ्रयाङ्कलिन रुजभेल्टको सन् १९४५ मा भएको निधनले महिला र अल्पसङ्ख्यक जनतालाई नकारात्मक असर पाऱ्यो। फ्याङ्कलिनको शासनकालमा उनकी पत्नी एलिनर रुजभेल्टले समानतावादी समाजको सहयोगका लागि आन्दोलनको एउटा अमेरिकन नमुना दिएकी थिइन्। उनले प्राथमिक महत्त्व दिएका नागरिक अधिकार, शिक्षाप्राप्तिको प्रयत्न, प्राकृतिक स्रोतहरूको संरक्षण, वातावरणीय सुरक्षा, आत्मनिर्णयको अधिकारजस्ता कुराहरू विशेष गरी नारीवादीहरूका लागि पछिल्लो २० वर्षसम्म सामाजिक नीतिको बहसका केन्द्रमा रहे । उनले यी विषयहरूलाई प्रकाशित गर्नका लागि दैनिक पत्रिकामा

स्तम्भलेखन पनि गरिन् र पुस्तकहरूको प्रकाशन पनि गरिन्। उनले अभिभावकहरूसँग उनीहरूका बच्चालाई सामाजिक आन्दोलनमा अग्रसर हुन उत्प्रेरित गर्न अनुरोध पनि गरिन्। व्यापक सामाजिक विषयहरूमा यस्तो सहभागिता पछिल्ला राष्ट्रपतिहरू केनेडी र जोनसनका शासनकालमा देखिएन ।

युद्धोत्तर महिला लेखनमा युद्धले केन्द्रीय स्थान पायो । गर्टुड स्टेनको **वार्स आइ ह्याम नन** (सन् १९४५) देखि के बोइलेको **द स्मोकिङ माउन्टेन : स्टोरिज अफ जर्मनी ड्युरिङ द अक्कुपेसन** (सन् १९४७) सम्मका पुस्तकहरूमा उनीहरूले आफ्ना युद्धकालका अनुभूतिहरू प्रस्तुत गरेका छन् । सन् १९५० देखिको समय अमेरिकाली महिला लेखनको समृद्ध समय हो । यस अवधिको लेखनले लेखकहरूलाई विषयवस्तु र शैलीमा खुलापन ल्याउन र पाठकहरूमाथि विश्वास गर्न सुझाव दिएको थियो । यस समयमा अभिव्यक्ति स्वतन्त्रता खतरामा परेको थियो । सरकार र प्रज्ञा प्रतिष्ठानहरूले सञ्चारमाध्यमबाट कम्युनिस्ट प्रभाव छाँट्न खोजेको, सन् १९५३ मा सोभियत सङ्घलाई गोप्य सूचनाहरू बेचेको आरोपमा इथेल रोजेनबर्ग र उनका श्रीमान् जुलियसलाई दिइएको जेल सजाय र महिला एवं पुरुष समलैङ्गिकहरूलाई विभिन्न राज्यमा रोजगारीको अवसरका विरुद्ध केन्द्रीय सरकारले गरेको घोषणाजस्ता तीनवटा कुराले अभिव्यक्ति स्वतन्त्रता कुण्ठित भएको कुराको पुष्टि गरेको थियो ।

एनिस निन (सन् १९०३-७७) युद्धकालमा नै युरोप छाडेर न्यूयोर्क गइन् र आफ्ना दैनिकीहरूलाई पुस्तकाकार रूपमा प्रकाशित गर्न थालिन् । यसले उनको सृजनशीलता र उनको जीवनमा लेखनको महत्त्वलाई छर्लङ्ग्याएको थियो । उनका दैनिकीले थुप्रै महिला पाठक पायो र उनी सञ्चार माध्यमहरूमा व्याप्त हुन थालिन् । उनको चित्रण स्वच्छन्द यौनवादीका रूपमा गरियो । महिला आन्दोलनबाट बाहिरिएका महिला नेताहरूले नारीत्वको सो छविका कारणले धेरै दुःख भेल्नुपऱ्यो किनभने सञ्चार माध्यमहरूले ती नारीवादी र महिलाका विषयको विज्ञ थिए भन्ने कुराको प्रचार गरेका थिए (बेनस्टोक र अन्य, सन् २००२ : १२४) ।

महिलालिखित कविताका दृष्टिले सन् १९५० को दशक महत्त्वपूर्ण अवधि रहेको छ। म्यारियन मुरको **कलेक्टेड पोइम्स** (सन् १९५१), एन्ड्रिन रिचको **ए चेन्ज इन त वर्ल्ड** (सन् १९५१) जस्ता पुस्तकहरू त्यसबेलाका चर्चित पुरस्कारबाट सम्मानित भएका थिए । सन् १९५० को सुरुमै थुप्रै महत्त्वपूर्ण आधुनिक महिला कविहरूको कविता-सङ्ग्रह छापियो । एड्नासेन्ट भिन्सेन्ट मिलेको **कलेक्टेड पोइम्स** सन् १९५२ मा प्रकाशित भयो । लुइस बोगनको सन् १९२३ देखि १९५३ सम्मका कविताहरूको सङ्ग्रह **कलेक्टेड पोइम्स** सन् १९५४ मा प्रकाशित भयो ।

आख्यानतर्फ गेन्डोलिन ब्रुक्सको अफ्रिकन अमेरिकाली महिलाको नारीत्वका बारेको उपन्यास **मौडमार्था** (सन् १९५२), मेरी म्यक्यार्थीको व्यङ्ग्यात्मक उपन्यास **द ग्रोम्स अफ एकेडेमी** (सन् १९५२), फ्लानरी ओ कनरको **वाइज ब्लड** (सन् १९५२), क्याथोलिक आन्दोलनकारी र पत्रकार डोरोथी डे (सन् १९९७-१९८०) को आत्मसंस्मरण **द लङ लन्लिनेस** (सन् १९५२) प्रकाशित भए ।

दोस्रो विश्वयुद्ध सकिएको पाँच वर्षपछि अर्थात् सन् १९५० तिर एउटा शङ्काको वातावरण व्याप्त थियो जसले शीतयुद्ध खडा गऱ्यो र अमेरिकामा साधारण बन्दै गइरहेको वातावरणलाई छोप्ने काम गऱ्यो र कोरियामा कम्युनिजम स्थापना गर्ने प्रयत्न भयो। संयुक्त राज्य अमेरिका दक्षिणपूर्वी एसियामा कम्युनिजमलाई असफल बनाउनका लागि एक दशक लामो (सन् १९६५-७५) इन्डोचाइना युद्धमा व्यस्त बन्यो। सन् १९५० को प्रारम्भतिरकै 'रक्तभय' (red scare) का कारणले सांसद् जोसेफ एमक्यार्थीले सरकार, सञ्चार, सेना र मनोरञ्जनस्थलमा कम्युनिस्टहरूको गोप्य घुसपैठ भएको तथा उच्चशिक्षा उनीहरूका समर्थक फलाउने स्थल भएको र कम्युनिस्ट होहल्लाले आम जनतालाई आकर्षित गर्ने प्रयत्न भएको कुरा लेखेको थियो। यही शङ्काका भरमा धेरै कलाकार, लेखक, विद्वान्, ट्रेड युनियनका सदस्य, अफ्रिकन-अमेरिकन तथा पुरुष एवं महिला समलिङ्गीहरू कालो सूचीमा पारिएका थिए। विभिन्न मानिससँग कम्युनिस्ट पार्टीसँग सम्बन्ध भएका आफ्ना समकालीन र साथीहरूको नाम भन्न आग्रह गरिएको थियो (पृ.१२६)। सदनमा चुनिएकी मार्गरेट चेस स्मिथ एम्क्यार्थीको पहिली महिला आलोचक थिइन्। त्यसपछि मेरी एम्क्यार्थी (सन् १९१२-८९), लिलियन हेल्मन (सन् १९०६-८६) र निबन्धकार एवं सांस्कृतिक आलोचक दियाना ट्रिलिङ्गले स्मिथको पाइला पछ्याएका थिए। सन् १९४८ मा नै कालो सूचिमा पारिएकी हेल्मन नाटक लेखकका रूपमा उच्च सम्मानित थिइन् र आफ्नो जीवनकालमै उनका आठवटा नाटकले उनलाई आर्थिक पृष्ठभूमिमा विविध चरित्रचित्रण र सशक्त नारी पात्रको प्रस्तुतिले विशेष प्रसिद्ध बनाएको थियो। उनले सातवटा चलचित्र नाटक पनि लेखिन् र पछिल्लो जीवनकालमा संस्मरणका चारवटा ग्रन्थको प्रकाशन गरिन्।

हेलमनका पुस्ताका कालो सूचीमा परेका लेखकहरू आर्थिक सङ्कटमा परे तापनि उनीहरूको लेखकीय योगदान भने ओझेल परेको थिएन। बरु यसको उल्टो कतिपय त वीराङ्गनाका रूपमा देखा परे। हेलमन नै कतिवटा पुरस्कारबाट सम्मानित भइन्।

एम्क्यार्थीको लेखनले सन् १९६० र १९७० को नारीवादी आख्यानको मार्गरेखा कोऱ्यो। सन् १९६० र १९७० मा भएको कालाहरूको कला-आन्दोलनले कालाहरूको दासतामुक्ति र नवनिर्माणपछिको अनुभूतिलाई आफ्नो विषयवस्तु बनायो। त्यतिखेरको महिलालेखनको आधारभूत विषय चाहिँ परिवार, समुदाय, महिला-पहिचान, आमा र छोरीका बिचको सम्बन्ध, यौनिकता, गरिबीको डर, पेसागत अग्रगमनको आशा आदि हुने गर्थे। नागरिक अधिकार प्राप्तिको सङ्घर्षका कुरा कविता र सङ्गीतमा प्रतिबिम्बित हुन्थे। निराशाका वर्षमा जन्मिएका र दोस्रो विश्वयुद्धपछिको समयमा वयस्क भएकाले अफ्रिकाली-अमेरिकालीहरूले आधुनिक कालको शैलीगत चमत्कारलाई सङ्गीत, भाषण र नृत्यसङ्गीतका आफ्ना लेखनमा उतारे।

लोराइन ह्यान्सबरी (सन् १९३०-६५) अफ्रिकन-अमेरिकन नाटककी पुर्खा थिइन् र यिनी काला युवा नाट्यकर्मीहरूकी मार्गदर्शक थिइन्। गेन्डोलिन ब्रुक्स (सन् १९१७) पुलिट्जर पुरस्कार (सन् १९५०) जित्ने प्रथम अफ्रिकी-अमेरिकी महिला थिइन्। सन् १९६० मा काला लेखकहरू काला कला सिर्जना गर्न साहित्यिक आन्दोलनसँग गाँसिए। 'कालो साहित्य' कालाहरूप्रति सम्बोधित, कालाहरूलाई नै विषय बनाइएको र कालाद्वारा लेखिएको साहित्य हो। नागरिक

आन्दोलनको सन् १९६६ देखि ६९ सम्मको समयमा लेखकहरूले रगत नै लेखे। यो प्रवृत्ति गेन्डोलिन ब्रुक्सकै दोस्रो विश्वयुद्धताका लेखिएका कविताहरूमा पनि पाइन्छ। उनकै **किचनेट बिल्डिङ** (सन् १९४५) मा गार्हस्थ्य यथार्थले गरिबी र अपूर्ण सपनालाई इङ्गित गर्दछ भन्ने कुराको व्याख्या गरेकी छन् (बेनस्टोक र अन्य, सन् २००२ : १२९)। उनले जस्तै लुसिली क्लिफ्टन (सन् १९३६) ले पनि आफ्नो लेखनमा घरेलु वास्तविकता प्रस्तुत गर्दै छरिँदै गरेका अफ्रिकाली-अमेरिकाली परिवारले भोग्दै गरेको गरिबी र हिंसाको पर्दाफास गरेकी छन्। काला केटाकेटीहरूले आफ्ना संसार र इतिहासलाई चिनून् भनेर उनले केटाकेटीका पुस्तक पनि लेखिन्। लुसिलीकै समकालीन अर्की महिला लेखक जुन जोर्डन (सन् १९३६) पनि नारीवादी र सामाजिक न्यायका निम्ति प्रतिबद्ध थिइन्। यही समूहमा नागरिक अधिकार आन्दोलनकी एलिस वाकर पनि थिइन् जो कालाहरूको अधिकारको पक्षपाती र मध्यम वर्गीय गोराहरूले अँगाल्ने गरेको नारीवादको स्वरूपप्रति आक्रामक थिइन् (बेनस्टोक र अन्य, सन् २००२ : १३१)। यस पुस्ताका अरू सक्रिय कार्यकर्ताहरूको सोनिया स्यान्चेज (सन् १९३५), निक्कि गियोमानी (सन् १९४३) र दार्शनिक, कार्यकर्ता र शिक्षक एन्जेला डेभिस (सन् १९४४) पर्दछन्। यी महिलाहरू पुँजीवाद र निरङ्कुश एकदलीय शासनविरोधी थिए र यिनीहरू सामाजिक न्यायका निम्ति भूमण्डलीकृत सङ्घर्ष, मानवअधिकार र समानताप्रति कटिबद्ध भएर लागेका थिए। यिनीहरूको काम प्रथम विश्वको आर्थिक दमन, बालबालिका-महिलामाथिको घरेलु हिंसा, दासता र लादिएको सैनिक शासनसँग गाँसिएको थियो।

एञ्जेला डोभिस सन् १९६८ मा कम्युनिस्ट पार्टीसँग गाँसिएपछि तत्कालीन गभर्नर रोनाल्ड रेगनद्वारा सन् १९६९ मा उनलाई झण्डै प्राज्ञिक पदबाट निष्काशन गरिएको थियो। उनलाई मृत्युदण्डसम्म हुने खालका हत्या, अपहरणका आरोपहरू लगाइए। यी अनुभवले उनलाई कैदीहरूको अधिकारसम्बन्धी पुस्तक **इफ दे कम इन द मर्निङ (सन्** १९८१) लेख्न लगाए। त्यस्तै उनले महिला आन्दोलनमा रहेको जातीय र वर्गीय पक्षपातलाई समेटेर **उमन, रेस एन्ड क्लास** भन्ने पुस्तक लेखिन् । यसैलाई पछ्याएर उनको अर्को पुस्तक **उमन, कल्चर एन्ड पोलिटिक्स** सन् १९८९ मा प्रकाशित भयो।

गियोभानी, सान्चेज र डेभिसको काला-सचेतन आन्दोलनले डा. मार्टिन लुथर किङ्गको अहिंसावादी अभियान र विकासशील नारीवादी आन्दोलनले अरू काला महिला लेखकहरूलाई पनि प्रभावित गऱ्यो। कवि माया एन्जेलो (सन् १९२८) को पसिद्ध र थुप्रै ग्रन्थमा आएको आत्मसंस्मरण **आइ नो ह्वाइ द केज्ड बर्ड सिङ्स** (सन् १९७०) ले हामीलाई उनको युवा जीवनको कथा भन्छ। मार्टिन लुथर किङ्गका आग्रहमा उनी 'दक्षिणी क्रिस्चियन नेतृत्व परिषद्'को उत्तरी संयोजक भइन्। त्यसपछि उनी हार्लेम लेखकहरूको समूहमा आबद्ध भइन् जहाँ उनले साहित्यिक क्षमताको विकास गर्न सकिन्। यस समूहले उपन्यासकार पाउले मार्सल (सन् १९२९) लाई पनि आफूसँग आबद्ध गरायो जसले **ब्राउन गर्ल, ब्राउन स्टोन** (सन् १९५९) भन्ने उपन्यास लेखिन्।

नारीवादी अभियानले एटलान्टिकका दुवैतिरका महिलालाई राजनीतिक प्रक्रियाभित्र तानेको छ र महिलाहरूको कामको अवस्था तथा तिनका परिवारको जीवनयापनको अवस्थालाई विकसित

गराउनुपर्ने कुरालाई आफ्नो कार्यतालिका बनायो । संयुक्त राज्य अमेरिकाको बौद्धिक नारीवादले सन् १९६९ मा सान्डियागो स्टेट युनिभर्सिटीमा महिला अध्ययन विषयको स्थापना गऱ्यो र प्रत्येक वर्गीय एवं जातीय समुदायका महिलासम्म यसलाई पुऱ्याउने अभ्यासको थालनी पनि गऱ्यो । यस समयको सबैभन्दा महत्त्वपूर्ण राजनीतिक प्राप्ति भनेको सन् १९७२ को शैक्षिक संशोधन अन्तर्गतको नागरिक अधिकार कानुनको सातौँ शीर्षकमा सामूहिक रूपमा स्थापित शैक्षिक कार्यक्रममा हुने लैङ्गिक विभेद र शीर्षक नौमा खेलकुद कार्यक्रमहरूमा हुने गरेको लैङ्गिक विभेदको विषय समावेश हुनु नै हो । यी शैक्षिक सुधारका कुराले स्नातक र त्यसभन्दा तल पढ्नेहरू जसलाई आर्थिक सहयोगको जरुरत हुन्छ उनीहरूलाई सहयोग गर्ने तथा अल्पसङ्ख्यक समूहका व्यक्तिहरूलाई आकर्षित गर्ने एवं तिनलाई पेसामा आबद्ध हुन सहयोग गर्ने कार्यक्रम अघि साऱ्यो । कार्यक्रम परिवर्तित सन्दर्भले सुत्केरी बिदा र शिशु हेरचाहको सुविधासम्बन्धी नीतिका कुरामा पनि राजनीतिक दबाबको सिर्जना गऱ्यो ।

महिलाहरूका लागि राजनीतिक फाइदा विस्तारै देखिन थाल्यो, वैधानिक प्रयत्न र अरू किसिमका आन्दोलनले मतदाताको सूचीकरण, पीडित महिला तथा बालबालिकाका लागि संरक्षण केन्द्र र चेतना-विकास केन्द्रहरूको स्थापना हुन सक्यो । यसबेलाको सबभन्दा शक्तिशाली आन्दोलन भनेको महिला लेखकद्वारा लेखिएका पुस्तक नै हुन् जसमा सीमान्तीकृत, विभेदीकृत एवं आफ्नो व्यक्तिगत तथा पेसागत लक्ष्यप्राप्तिमा सीमित गरिएका विषयहरू समाविष्ट हुन्थे (बेनस्टोक र अन्य, सन् २००२ : १३१) । यस्तोमा सर्वप्रथम पत्रकार एवं सक्रिय कार्यकर्ता बेट्टी फ्राइडन (सन् १९२१) को **द फेमिनिन मिस्टिक** (सन् १९६३) भन्ने पुस्तकको नाम आउँछ । यस पुस्तकले मध्यम वर्गीय महिलाहरूले आफ्ना श्रीमान् र बच्चाका आवश्यकता पूर्ति गर्ने क्रममा तिर्नु परेको मनोवैज्ञानिक एवं सामाजिक मूल्यको पर्दाफास गरिएको छ । त्यतिखेर यो पुस्तक सबैभन्दा बढी बिक्री हुनेमा परेको थियो । ‘द नेसनल अर्गनाइजेसन फर उमन’ (NOW) को स्थापना कालमा यसका २८ जना सदस्य थिए र फ्राइडन यसको प्रथम अध्यक्ष भएकी थिइन् । अहिले यसका कैयौं हजार सदस्य भइसकेका छन् ।

महिला विद्वान् एवं स्रष्टाहरूले दोस्रो विश्वयुद्ध कालको मध्यम वर्गीय संस्कृतिका विरुद्ध नारीवादी आख्यान एवं आन्दोलनको सैद्धान्तिक लेखनलाई अघि सारेका छन् । आफ्ना विरोधमूलक आकाङ्क्षा बुझ्न र महिला एवं पुरुषका बिचको परम्परागत सम्बन्धलाई पुनर्परिभाषित गर्न इच्छुक महिलाहरूको जमात यी लेखनका पाठक बने । यी प्राज्ञिक सम्झौता एवं आख्यान लेखनले महिलामा चेतनावृद्धि गर्ने र साना केटीहरूमा आफ्ना विरोधमा रहेका सामाजिक, सांस्कृतिक र राजनीतिक सन्दर्भहरू बुझाउने लक्ष्य राख्नुका अतिरिक्त बौद्धिक लेखमार्फत पितृसत्ताको इतिहासलाई औंल्याउन खोजेको देखिन्छ । उनीहरूले युद्धपछिका महिलाको अवस्थिति र सामाजिक ढङ्गको चेतना अभिवृद्धिसम्बन्धी विषयलाई आफ्नो लेखनको केन्द्र बनाएर महिलाको साहित्यलाई नयाँ दिशा दिएका छन् । विश्वविद्यालयकी प्राध्यापक एवं पत्रकार जर्माइन ग्रिर (सन् १९३९) ले लेखेको **द फिमेल इनुच** (सन् १९७०) भन्ने पुस्तक नारीवादको दोस्रो धारको जग हो जसले साहित्य र कलामा महिलाको लैङ्गिक प्रतिनिधित्वको स्वरूपलाई देखाइदिएको छ । १२ वटा भाषामा

अनुदित यस पुस्तकका पाठक संसारभरि नै छन् । उनले अङ्ग्रेजी र अमेरिकी साहित्यमा कहिल्यै समावेश नगरिएका महिला लेखकलाई स्थापित गर्ने प्रयत्न गरेकी छन् । उनको पुस्तक **सेक्स एन्ड डेस्टिनी : द पोलिटिक्स अफ फर्टिलिटी** (सन् १९८४) पारिवारिक संरचनाभित्रको यौनिकताको नारीवादी समीक्षा हो । ग्रिरको पत्रकारिताले तेस्रो विश्वका गरिबी, रोग र महिलाको स्वास्थ्यको विषयलाई केन्द्रमा राखेको देखिन्छ ।

केट मिलेटको **सेक्सुअल पोलिटिक्स** (सन् १९७०) अमेरिकामा ग्रिरको समानान्तरमा देखा परेको पुस्तक हो जुन उनको विद्यावारिधिको प्रयोजनका लागि कोलम्बिया युनिभर्सिटीमा लेखिएको थियो । यसमा अङ्ग्रेजी साहित्यमा रहेको पितृसत्तात्मक धारणालाई छर्लङ्ग पारिदिएको छ । त्यस्तै कोलम्बिया युनिभर्सिटीकै स्नातक विद्यार्थी एरिका जङले **फियर एन्ड फ्लाइङ** (सन् १९७३) भन्ने उपन्यास प्रकाशित गरेकी छन् । मारिलिन फ्रान्सेली (सन् १९२५) ले **द उमन्स रुम** नामको अर्द्ध आत्मसंस्मरणात्मक उपन्यास प्रकाशित गरेकी छन् । यसमा हार्वर्ड विश्वविद्यालयको अङ्ग्रेजी विभागमा युवा आमा र स्नातक विद्यार्थी छन् जसले महिला आन्दोलनको अवज्ञा गरेर पुरुषको विशिष्टता स्थापित गर्ने र महिलालाई बहिष्कार गर्ने अभ्यासको जित भएको आविष्कार गरेका छन् । यस उपन्यासले महिला विद्यार्थीहरू उनीहरूका पुरुष सहपाठीभन्दा मेहनती र ज्ञानयुक्त भए तापनि यस्ता शैक्षिक संस्थाले भने उनीहरूको कदर गर्दैनन् भन्ने कुरा अगाडि ल्याएको छ । मारिल्यान फ्रान्सेलीकै समकालीन कवि एन्ड्रियाना रिच (सन् १९२९) ले हार्बर्ड विश्वविद्यालयकै प्राध्यापककी श्रीमती र युवा आमा हुँदाका आफ्ना वर्षहरूको बयान गर्दै **अफ उमन बर्न**मा लेखेकी छन्–

> मैले आफ्नो जीवनको पुनर्निर्माण गर्नुपर्छ, तर त्यतिखेर मैले बुझिनँ कि त्यस समयका अरू मध्यम वर्गीय समुदायमा जस्तै त्यस प्राज्ञिक समुदायमा पनि भिक्टोरियन समयका फुर्सदिला महिलाहरूबाट जस्तै अपेक्षा रहन्छ जसअनुसार घरकी परी र भिक्टोरियन भान्से, आया,धोबी,बच्चाहरूको शिक्षिका र नर्स सबै विशेषता महिलामा हुनुपर्छ ।

(बेनस्टोक र अन्य, सन् २००२ :१३४)

रिचको आत्मसंस्मरणात्मक निबन्ध **ह्वेन वी डेड अवेकन : राइटिङ एज रिभिजन** (सन् १९७२) मा पितृसत्ताको शक्तिशाली आलोचना गरिएको छ । उनको विवाह भत्किएपछिको कविता **डाइभिङ् इन्टु द रेक** (सन् १९७३) हो । पछिल्लो पुस्ताका महिला स्रष्टामा एन्ड्रि लर्ड (सन् १९३४-९२) र एलिस वाकर (सन् १९४४) को नाम आउँछ । क्यारेल वट्स (सन् १९३८) ले कलाकार एकलकाँटे हुन्छन् भन्ने लोकोक्तिलाई अस्वीकार गरेकी छन् । उनको **ए गार्डेन अफ अर्थली डिलाइट** (सन् १९६७) सामाजिक र आर्थिक निम्नवर्गको कथा हो र **एक्सपेन्सिभ पिपुल** (सन् १९६८) व्यङ्ग्य हो । उनले राष्ट्रिय पुस्तक पुरस्कार प्राप्त गरेको तेस्रो उपन्यास **देम** (सन् १९६९)ले सहरी हिंसालाई चित्रित गरेको छ । यी तीनवटा उपन्यासले सांस्कृतिक सङ्कटका बेलाको अमेरिकी जीवनको विस्तृत चित्र प्रस्तुत गरेका छन् ।

विशाल बेलायतमा रङ्गमञ्चको केन्द्रीयता नारीवादीहरूका लागि एउटा सवारीसाधनजस्तो बनेको छ। नाटक र टेलिभिजन लेखक क्यारिल चर्चिल (सन् १९३८) यस क्षेत्रकी अगुवा हुन् जसले व्यक्तिगत अधिकार र ऐतिहासिक वस्तुको परीक्षणमाथि आधारित संयुक्त वृत्तचित्र तयार पारेकी छन्। बेलायतमा भएको नारीवादी आन्दोलनको उच्च प्रचारप्रसारमा आधारित रहेर उनले **लाइट साइनिङ इन बकिङ ह्याम्सफायर** र **भिनेगर टम**मा सत्रौं शताब्दीको बोक्सीको सिकार गरेको देखाइएको छ जसलाई नारीवादीहरूको घुमन्ते समूहले 'दैत्यको शासन' भन्ने नाम दिएको छ। उनका **टप गर्लस्** (सन् १९८२) र **सिरियस मनी** भन्ने दुईवटा नाटकमा लोभका बारेमा प्रकाश पारिएको छ। चर्चिलले नारीवादी कार्यकर्तालाई प्रोत्साहित गर्ने गरेर, महिला अभिनेतालाई महत्त्वपूर्ण भूमिकाको सिर्जना गरिदिएर, केटीहरू र महिलाहरूका लागि आदर्श व्यक्तित्व प्रस्तुत गरेर, यौनिकता, जातीयता र वर्गका बारेमा आम जनतामा चेतना अभिवृद्धि गरेर सबै महिलालाई जीवनको पूर्णतासहितको स्वावलम्वी जीवन बाँचेको अनुभूति दिएकी छन् ।

महिलाहरूले जातीय, वर्गीय र लैङ्गिक सन्दर्भमा मात्र आफ्नो लेखन केन्द्रित नगरेर सामाजिक कल्याणका सन्दर्भमा पनि लेखक एवं कार्यकर्ताको भूमिका निर्वाह गरेका छन्। कलेज र विश्वविद्यालयका प्राध्यापकहरूले आफ्ना कक्षाकोठाहरूमा समेत सामाजिक चेतनाको अभिवृद्धि गर्ने कुरालाई निरन्तरता दिएका छन्। उनीहरूले पृथ्वीलाई समेत नारीकरण गरेर 'आमा धर्ती' भन्दै 'आफ्नी आमालाई माया गर' भनेका छन्। त्यसका साथै विश्वका विभिन्न देशमा भइरहेको युद्धका विरुद्ध पनि चेतना अभिवृद्धि गर्ने काम गरेका छन्। यस अभियानमा के बोयले, डेनिस लेभरटम (सन् १९२३), तिली बल्सेन (सन् १९१३), मार्था गेलहर्न (सन् १९०८), मेरी एम्क्यार्थी, लिलियन हेल्मन, राचेल कार्सोन (सन् १९०७-६४), म्यारियल रुकेसर (सन् १९१३-८०), एनी दिलार्ड (सन् १९४५) आदि महिला लेखकले कविता, उपन्यास, कथा निबन्धका माध्यमले प्राकृतिक वातावरणीय चेतना, युद्धविरोध र गरिबीविरुद्धको चेतना अभिवृद्धि गर्ने खालका साहित्यिक सिर्जना गरेर सामाजिक काममा समेत आफ्नो सक्रियता देखाएका छन्।

आत्मस्वीकारोक्तिमूलक आत्मसंस्मरण र दैनिकी लेखनमा पनि महिला साहित्यकारहरूको अग्रसरता देखिएको छ। भर्जिनिया उल्फका अनुसार महिलाहरू आफ्ना आमादेखि नै चिन्ताग्रस्त हुन थाल्छन्। संवेगात्मक सम्बन्धमाथिका आत्मस्वीकारोक्तिलाई महिलाहरूले सन् १९५० देखि नै लिपिबद्ध गर्न थालेका हुन् र त्यो प्रसिद्ध पनि छ। सन् १९५० को दशक र १९६० को प्रारम्भताकाको घरेलु सीमितताले आफूमा उमारेको रीस र अप्रसन्नतालाई पनि महिलाले लेखनमा उतार्न थाले। सिल्भिया प्लाथ (सन् १९३२-६३) र अन्न सेक्सटन (सन् १९२८-७४) ले पनि एक्लोपना, रक्सीसेवन बौद्धिक संवेगको अभाव, श्रीमान् श्रीमतीका सम्बन्धका बिचको दूरी, घरेलु हिंसाजस्ता अर्ध सहरीकरणका पारिवारिक जीवनका विनिर्माणात्मक असरलाई आफ्ना कृतिमा उल्लेख गरेका छन्। महिलाहरूको स्वतन्त्रता आन्दोलन पनि यस समस्याको केन्द्रमा रहेको छ। आधुनिकताले समेत पनि परम्परागत ढङ्गले नै स्वीकार गरेको महिलाको 'पदार्थीकरण' (Objectivity) लाई यिनीहरूले अस्वीकार गरेका छन्। आफ्ना बच्चा जन्मेपछि प्लाथ र सेक्सटन मनोवैज्ञानिक ढङ्गले ध्वस्त भए र उनीहरूले आत्महत्या गरे। प्लाथको मृत्युभन्दा दुई हप्ता अगाडि

छापिएको **द बेल जार** (सन् १९६३) उनको आत्मसंस्मरणात्मक उपन्यास हो जसमा उनले आफू स्मिथ कलेजको स्नातक हुनुभन्दा अगाडिकै समयदेखिको आफ्नो विषादावस्थासँगको लडाइँलाई खुलस्त पारेकी छन् । महिलाका जीवनको अन्तरतम अभिव्यक्तिको यसै शृङ्खलामा मार्गे पियर्सी (सन् १९३६), लुइस ग्लाक (सन् १९४३), जोन डिडियन, भर्जिनिया उल्फ, रिता माये ब्राउन (सन् १९४४), जेनेट विन्स्टरसन (सन् १९५९) आदि महिला लेखकहरू देखिएका छन् । यिनका लेखनहरू कलेजका विद्यार्थी, गृहिणी र पेसामा आबद्ध महिलाहरूले समेत खुब रुचिपूर्वक पढे र तिनले आफ्ना भित्रीभन्दा भित्री गोप्य कुरालाई अभिव्यक्त गर्ने  प्रेरणा ग्रहण गरे जसले उनीहरूको सिर्जनात्मक क्षमता वृद्धि गऱ्यो । २१ औँ शताब्दीमा यस्तो अआख्यानात्मक लेखनले पनि उपन्यासको जत्तिकै ख्याति पाएको देखिन्छ ।

साहित्यलेखनले बेलाबखत कुनै समुदाय वा स्थानलाई पनि आफ्नो केन्द्रमा राख्ने गरेको देखिन्छ । यस्तो लेखनले खासगरी पिछडिएको समुदाय र स्थानलाई महत्त्व दिने गरेको छ । महिलाहरूले यस्तो सन्दर्भमा लिङ्ग, वर्ग र जातिका बारेमा आफ्नो लेखन केन्द्रित गर्दै पछिल्लो पुस्ताका महिलालाई समेत प्रभावित गर्ने प्रयत्न गरेका छन् । यस्ता लेखकहरूमा अन्ना टेलर (सन् १९४१), युडोरा बेल्टी (सन् १९०९-०१) फ्लानेरी वक्नोट (सन् १९२५-६४), कार्सन म्याकुलर्स (सन् १९१७-३७), जेनस्माइले (सन् १९४९), बार्बरा पिम (सन् १९१३-८०), मार्गरेट ड्राबल (सन् १९३९) आदि पर्दछन् ।

वृटिस साम्राज्यविस्तार र उपनिवेशको विस्तारले अङ्ग्रेजी भाषाका महिला लेखकलाई आफ्ना लेखनकर्मका लागि प्रोत्साहित गरेको थियो । उत्तर औपनिवेशिक अनुभूतिलाई डोरिस लेसिङ (सन् १९१९), नदिन गर्डिमोर (सन् १९२३), अनिता देसाईं (सन् १९३७), रुथ प्रावर झब्भाला (सन् १९२७) र अरुन्धती रोय (सन् १९६०) हरूले आफ्ना सिर्जनामा प्रस्तुत गरेका छन् । बसाइसराइँ गर्नेहरूको पनि एउटा छुट्टै पीडाको कथा हुन्छ जसलाई अमेरिकी आख्यान र संस्मरणमा केन्द्रीय विषय बनाइएको पाइन्छ । म्याक्सिन हङ्ग किङ्गसटन (सन् १९४०), एमि ट्यान, लेस्ली मर्मन सिल्को (सन् १९४८), लुसी अर्डिच (सन् १९५४), सान्ड्रा सिनोर्स (सन् १९५४), एडविग डेन्टिक्याट (सन् १९६९) र जमैका किनकेड(सन् १९४९) बसाइसराइलाई मूल विषय बनाएर सिर्जना गर्ने स्रष्टाहरू हुन् ।

अफ्रिकन अमेरिकन काला महिलाहरूको विषयलाई २०औँ शताब्दीको अन्त्यतिर अगाडि बढाउने काला नारीवादी महिला साहित्यकारमा एलिस वाकर (सन् १९४४), मेरी इभान्स (सन् १९२३), टोनी मोरिसन (सन् १९३१), रिता डोभ (सन् १९५२) आदि पर्दछन् । यिनीहरूले आफ्ना निबन्ध, कविता, कथा, उपन्यास आदिमार्फत आफ्नो समुदाय (काला महिला)का जीवनका अनेकन् परिस्थितिलाई प्रस्तुत गरेका छन् ।

स्वच्छन्दतावाद अहिलेका नारीवादी लेखकहरूका बिचमा पनि १९ औँ शताब्दीको उपन्यासमा झैँ प्रिय बनेको छ । किशोरीहरू र महिलाहरूका आकाङ्क्षालाई परिभाषित गर्न सक्ने यसको शक्तिका कारण पनि नारीवादीहरू यसप्रति रुचिशील देखिएका हुन् । "त्यसपछि तिनीहरू

सधैँभरि सुखपूर्वक रहन थाले" भनेर लेखन समाप्त गर्ने स्वच्छन्दतावादी परम्परागत चलन नै अहिलेको नारीवादी कार्यक्रमको एउटा बनोट र सांस्कृतिक रूपान्तरणको एउटा मार्ग बनेको देखिन्छ । यस विषयको व्याख्या गर्नेहरूमा गेल गडबिन (सन् १९३७), ए. एस्. ब्याट (सन् १९३६), मुर्डोच (सन् १९१९-९९), अनिता ब्रुकनर (सन् १९३८), जिन रिज (सन् १८९०-१९७९), फे बेल्डन (सन् १९३१), मार्गरिड एटबुड (सन् १९३९), एन्जेला कार्टर (सन् १९४०-९२) आदि पर्दछन् । कार्टरले विश्वयुद्धपछिको पेसाबद्ध महिलाको प्रतिनिधित्व गराएकी छन् जो पारिवारिक (खासगरी वैवाहिक जीवनको) जिम्मेवारीबाट मुक्त रहन मन पराउँछन् । थुप्रै नारीवादी समालोचकहरूले यी उपन्यासले उत्तर पुँजीवादी समाजका महिलाको चित्र उतार्न खोजेका छन् भन्ने कुरा बताएका छन् । पुँजीवादी समाजका प्रारम्भतिर एउटी युवा महिलाले आफ्नो प्राथमिक कर्तव्यका रूपमा विवाह गर्न सक्ने, मातृत्व हासिल गर्न सक्ने र गृहस्थीको जिम्मेवारी सम्हाल्न सक्ने प्रावधान थियो । शिक्षाको अवसरमा वृद्धि भएपछि महिलाका लागि विभिन्न पेसा-व्यवसाय खुलेपछि, प्रविधिको विकासले फुर्सदको क्षण सिर्जना गरेपछि, लामो जीवनको अपेक्षा बढ्न थालेपछि महिलाहरूमा स्वतन्त्रताको चाहनाको विकास भयो र उनीहरूले आफ्ना जीवनमा अघिल्ला पुस्ताका महिलाको जीवनको भन्दा फरक स्थिति खोज्न थाले । बेलायती साहित्यिक नारीवादले दिएका सुझावलाई यी नयाँ नारीवादी महिलाको सोचले छायामा पार्न थालेको छ । बीसौँ शताब्दीको उत्तरार्धका महिलाले स्वतन्त्रताका मूल्यमा एकाकीपन र पृथकीकरणको अनुभूति पाउनेछन् ।

इतिहासको हरेक अवधिमा महिला लेखनमा ठूल्ठूला मोडहरू रहेका छन् । महिला लेखकहरू आफ्नो सांस्कृतिक एवं भाषिक पृष्ठभूमिका कारणले विभिन्न वर्ग, जाति, जात, उमेर आदिका आधारमा एक अर्काबाट फरक छन् । आफ्ना पूर्वजहरूभन्दा बढी शिक्षित छन्, महिला एवं पुरुष लेखकहरूका कामको समृद्ध परम्पराबाट तिनीहरूले पनि फाइदा उठाउन सक्छन् । यी महिलाहरू परिवर्तन, पुनर्प्रस्तुति र परम्परागत एवं अपरम्परागत साहित्यिक स्वरूपका माध्यमले लेखनको नयाँ मार्गको आविष्कार गर्न सक्रिय छन् । लेखनको विषय र स्वरूपका प्रतिबन्धको झ्याउलो नबेहोरीकन महिलाहरूले प्रत्येक विषय र रूपमा आफ्नो दावी प्रस्तुत गरिसकेका छन् । साहित्यिक परम्परामा आफ्नो अस्तित्वको दाबी गर्ने सन्दर्भमा महिलाहरूले शक्ति खर्च नगरे हुन्छ, किनभने तिनीहरू त्यहाँ जमिसकेका छन् ।

## २.३ पाश्चात्य नारीवादी समालोचनाका प्रमुख सिद्धान्तहरू

'नारीवाद' भन्ने शब्दको प्रयोग महिला आन्दोलनमा सक्रिय भएका महिलाहरूका लागि प्रिय बन्दै गयो । यो शब्द सन् १८७१ मा पहिलोपटक प्रयोगमा आएको (फ्रिडम्यान, सन्  २००२ : २) र सन् १८९० देखि महिला आन्दोलनका सन्दर्भमा अङ्ग्रेजी भाषामा पहिलो पटक प्रयोग गरिएको थियो (रमन सेल्डन, सन्  २००६ :१२५) । यसको प्रयोग पनि दिन परदिन बाक्लिँदै गयो । सन् १९६० को दशकमा नारीवादी सिद्धान्त र समालोचनाको जन्मपश्चात् त नारीवाद भन्ने शब्द

प्रयोग नगरीकन यस सन्दर्भका कामहरू विरलै हुन्थे । साहित्य र समाज शास्त्रमा यस शब्दको प्रयोग तुलनात्मक रूपमा बढी हुन थाल्यो । यस शब्दको विकल्प खोज्नेभन्दा पनि यसलाई अझ बढी घोत्लिएर, अझै मसिनो ढङ्गले विश्लेषण गर्ने काम हुन थाल्यो जसको फलस्वरूप यसमा अनेकन् विविधताहरू देखिन थाले ।

त्यसो भए 'नारीवाद' भनेको चाहिँ के हो त ? **अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरी**ले लेखेको छ -"महिलाले पनि पुरुषले जत्तिकै अधिकार र अवसर पाउनुपर्छ भन्ने लक्ष्य र विश्वास राखेर गरिएको सङ्घर्ष नै नारीवाद हो" (पृ.४६६) । त्यस्तै **अङ्ग्रेजी नेपाली साझा सङ्क्षिप्त शब्दकोश**ले नारीवादको अर्थ "स्त्री  हकको पक्षपात" (पृ.१७१) भनेर लेखेको छ । **वृटानिक रेडी रिफरेन्स इन्साइक्लोपेडिया** (भोल्युम ४, सन् २००५ : ३०) ले लेखेको छ -"महिलाको समान अधिकारको खोजीमा गरिएको सामाजिक आन्दोलन नै नारीवाद हो" ।

'नारीवाद' शाब्दिक रूपमा भन्दा पनि पारिभाषिक रूपमा चाहिँ अर्थ्याइने शब्द हो । समाजमा रहेको महिलाको असमान राजनीतिक परिस्थितिका विरुद्ध प्रश्न उठाउने क्रममा नारीवाद (शब्द होइन, काम मात्रै) को जन्म भएको देखिन्छ र यो महिलाको नागरिकता प्राप्तिका अधिकारसँग जोडिएको छ । त्यसैले महिलाको सामाजिक राजनीतिक हैसियतका बारेको विचार र कर्म नै नारीवाद हो ।

'नारीवाद' पौरुष पक्षपातका विरुद्धको चुनौती हो । हरेक सामाजिक, राजनीतिक सन्दर्भमा पुरुष पहिलो हैसियतमा बसेको छ र महिला किनारामा पुऱ्याइएकी छ अर्थात् महिला हरेक सन्दर्भमा सीमान्तीकृत छ । हरेक सन्दर्भको मूलधारमा पुरुष ढसमस्स बसेको छ । अर्थात् 'मूल धार' (mainstream) भनेकै 'पुरुषधार' (malestream) भएको देखिन्छ । हरेक सन्दर्भका मूल धारमाथिको पुरुषको एकलौटी आधिपत्यका विरुद्ध महिलाहरू क्रियाशील हुँदा नारीवादको जन्म भएको देखिन्छ । यसरी नारीवाद भनेको मूल धारको शब्दगत र कर्मगत आलोचना हो भन्ने बुझिन्छ । 'भत्काऊ र बदल' भन्ने सन्दर्भमा क्रिस बिस्लेले एउटा रमाइलो उदाहरण दिँदै भनेकी छन्-"परम्परागत विचार ऊनको स्वेटर हो त्यसलाई नफुयाँक, बरु त्यसलाई उधार र फेरि धेरैवटा स्वरूपमा पटक-पटक बुन" (बिस्ले, सन् १९९९ : ५) ।

मूल धारको दृष्टिकोणमा पुरुष दमित हुँदा त्यो दुःखान्त बन्दछ तर महिला दमित हुँदा त्यो परम्पराको निरन्तरता मात्र हुन्छ । अर्थात् त्यसो हुनु कुनै आश्चर्यको विषय होइन । यही मूल धारले महिलालाई पुरुषको सहयोगीका रूपमा परिभाषित गर्छ र यो कुरा राजनीतिक विचारको केन्द्रीय विषयभित्र पर्दैन भनेर पन्छ्याउँछ । महिलालाई पुरुषको आंशिक सहयोगीका रूपमा लिइन्छ । यस क्रममा महिलाहरू पुरुषलाई प्रसन्न पार्ने, सेवा गर्ने, बच्चा जन्माउने भनेर परिभाषित हुने गर्थे र आज पनि त्यसै गरिन्छ । अरस्तुले तार्किक क्षमता दासमा हुँदैहुँदैन, महिलामा लाभदायक स्वरूपको हुँदैन र बच्चाहरूमा अविकसित हुन्छ भनेका छन् (बिस्ले, सन् १९९९ : ६) । त्यसैगरी उनैले महिलामा आत्मनियन्त्रण गर्ने क्षमता नभएकाले उनीहरू अस्थिर प्रकृतिका हुन्छन् भनेका छन् । सेन्ट अगस्टिनले देवताको स्वरूपमा पुरुष मात्रै छ  भनेका छन् (

पृ.६) । यी अभिव्यक्तिले महिलाले प्राप्त गरेको दोस्रो दर्जाको परिचय दिएका छन् र पुरुषहरू (केही महिला पनि) को यो संस्कार अझै मेटिन सकेको छैन ।

मूल धारको अर्को दृष्टिकोण अनुसार महिला पुरुषभन्दा फरक त हुन् तर पूरक किसिमका (बिस्ले,सन् १९९९ : ७) । व्यवहारमा महिलालाई पुरुषभिन्न मात्रै नभनेर पुरुषविपरीत पनि भनिएको छ । जसले गर्भधारण गर्दैन त्यो पुरुष हो भनिन्छ र औद्योगिक मुलुकमा उही नै स्तरीय कामदारका रूपमा गनिन्छ । महिलाहरू अतार्किक हुन्छन् र आफ्नो जैविक अवस्था र प्रकृतिले गर्दा उनीहरू पारिवारिक घेराभित्र सीमित हुन्छन् पुरुषलाई खुसी पार्न र योग्य सहयोगी बनाउने उद्देश्यले महिलाहरूलाई शिक्षित बनाइन्छ; महिलाहरू सामाजिक र राजनीतिक विचारका निम्ति विषय बन्न सक्दैनन् मात्र होइन, उनीहरू यस क्षेत्रमा सहभागी हुन र योगदान गर्न पनि अक्षम हुन्छन् भन्ने तर्क मूल धारको छ । नारीवादले मूलधारका यस्ता सोचाइलाई चुनौति दिन्छ । महिलाहरू नारीवादी सिद्धान्तका केन्द्रमा छन् र उनीहरू नै सिद्धान्तका निर्माता पनि हुन् । महिलाहरू सिद्धान्तका विषय र वाहक दुवै हुन् । महिलालाई किनारमा धकेल्ने, अझ अदृश्य नै बनाउने तर पुरुषलाई चाहिँ प्रथम महत्त्वका साथ केन्द्रमा विराजमान गराउने विचारको आलोचना गर्दै नारीवाद महिलालाई केन्द्रीय महत्त्व प्रदान गर्दछ ।

यही तथाकथित मूल धारले महिला र पुरुषका बिचमा द्विचर विरोधका कुरालाई निकै बलियोसँग अघि सारेको छ । यस क्रममा महिलालाई पुरुषको ठीक विपरीत राखिएको छ र पुरुषका भागमा सकारात्मक एवं महिलाका भागमा नकारात्मक तथा कम महत्त्वका कुराहरू पारिएका छन् । नारीवादीहरूले यस विभाजनलाई विषम मानेका छन् । यस विभाजनमा पनि पश्चिमाहरूमा रहेको पुरुष नै केन्द्रीय विषय हो भन्ने पूर्वाग्रहले काम गरेको देखिन्छ । द्विचर विरोधको यस अवधारणालाई लैङ्गिक ढङ्गले नै यसरी तहगत स्वरूपमा अगाडि सारिएको देखिन्छ । यो विचार पुरुषसम्बद्ध छ र यस विपरीतका कुराहरू 'अरू' (महिला) तर्फ सङ्केतित छन् । पश्चिमी विचारका द्विचर विरोधका केही उदाहरण यसप्रकार छन् -

महिला / पुरुष
विषयी / विषय
प्रकृति / संस्कृति
जनावर / मानिस
आवेग / कारण
भावना / तर्क
परनिर्भर / आत्मनिर्भर
अन्तर्सम्बन्धित / स्वायत्त
बन्धन / स्वतन्त्रता
निष्क्रिय / सक्रिय
निजी / सार्वजनिक
निश्चित / सार्वभौम

अनुपस्थित / उपस्थित
अँध्यारो / उज्यालो
खराब / असल
इभ / आदम

लैङ्गिक अवस्थितिको यस्तो किसिमको विभाजनले समाजमा महिलाको स्थान र महिलाप्रतिको दृष्टिकोण कस्तो छ भन्ने बुझाउँछ। यस विभाजनले पुरुषलाई सिधै सर्वमान्यता प्रदान गरेको छ। यस संसारमा नारीवादी आन्दोलन किन उठेको हो भन्ने कुरा पनि यसैले अर्थ्याएको छ। यिनै कुराहरू व्यवहारमा लागू गरेर किनारमा पुऱ्याइएको महिलालाई पूरै निजी कित्तामा राखेर परिदृश्यबाट बेपत्ता बनाइएको छ र सर्वत्र पुरुषकै मात्र वर्चस्व व्याप्त छ। यही लैङ्गिक विभेदले शक्तिलाई पुरुषमा केन्द्रित गरेको छ। यसैले नारीवाद यस्तो पुरुषपक्षीय सोचाइलाई पूरै अस्वीकार गर्दछ र नयाँ बाटोको खोजी गर्दछ।

महिलासम्बन्धी समाज र राजनीतिसम्बद्ध यस्ता विचारहरू साहित्यमा पनि जस्ताको तस्तै प्रतिबिम्बित भएको पाइन्छ। साहित्यको मूल धार पनि पुरुषपक्षीय छ अर्थात् मूल धारको साहित्य भन्नु र पुरुष साहित्य भन्नु एउटै कुरा हो। साहित्यको मूल धारको अर्थ हो-पुरुषले पुरुषका बारेमा पुरुषकै निम्ति लेख्नु। यस्तो पुरुषपक्षीय लेखनले साहित्यबाट पनि महिलालाई सीमान्तीकृत गरेको छ र अदृश्य जगत्मा पुऱ्याएको छ। यसैले नारीवादका भागमा पनि महिला र महिलाको विषयलाई अदृश्य स्थानबाट केन्द्रमा तानेर ल्याउने जिम्मेवारी परेको छ। केन्द्रमा ढसमस्स बसेको पुरुष किनारमा पुग्ने छ। केन्द्र एवं किनारको यस लडाईंले निरन्तरता पाइरहने छ तर पितृसत्ताले आफू किनारमा पुग्नसक्ने खतरालाई ठम्याउन सकेको छैन। सत्तामा भएका कारणले सामाजिक एवं राजनीतिक लिङ्गभेद समाप्त गर्नतर्फ प्रवृत्त हुने कर्तव्य पुरुषको हो, महिलाको होइन। पुरुषले यस्तो बोध गरेर कर्तव्यपथमा अग्रसर हुने हो भने नारीवादको आवश्यकताबोध पनि हुनेछैन।

लैङ्गिक असमानताका सन्दर्भमा दुईवटा कुरा देखा परेका छन्- एउटा हो पुरुष प्रमुख र महिला सहायक, अर्को पुरुषसँग सम्बन्धित हरेक कुरा ठीक र राम्रा, महिलाका सन्दर्भका हरेक कुरा बेठीक र नराम्रा। जैविक ढङ्गले महिला र पुरुषका बिचमा भिन्नता छन् र पितृसत्ताले यस्तो विविधतालाई पनि 'राम्रो' र 'नराम्रो' भनेर विभेद गरेको छ। पुरुषसँग भएका कुरा महिलासँग नहुनु उसको अयोग्यता ठहरिन्छ भने महिलासँग भएका कुरा पुरुषसँग नहुनु पनि उसको अयोग्यता ठहरिनु पर्ने हो तर यस्तो भइरहेको छैन। यहाँनिर प्रश्न उठ्छ महिलाको सङ्घर्ष कहाँ केन्द्रित हुनुपर्ने हो भनेर-महिला पनि पुरुष समान हुनुपर्छ भन्ने कुरामा कि महिलामा भएका भिन्नतालाई महत्त्व दिलाउने कुरामा ? समानता र भिन्नताको बहसको टुङ्गोमा पुग्ने कुरा कठिन पनि छ र सरल पनि छ। यी दुईवटामा एउटाको मात्र पक्ष लिन खोजियो भने कठिन छ तर असमानता र भिन्नता दुवैलाई पितृसत्तासँग लगेर जोडियो भने निष्कर्ष सजिलो छ। जुन कारणले दुई (स्त्री र पुरुष) लिङ्गका बिचमा असमानता कायम हुन पुगेको छ त्यही कारणले महिलामा भएको जैविक भिन्नताले मूल्य नपाएको हो।

अब यिनै सन्दर्भमा पाश्चात्य नारीवादी समालोचनाका मूल मान्यताका साथै उदार, मार्क्सवादी, आमूल र समाजवादी भनिने नारीवादका विशेष स्थापनाका साथै सहसन्दर्भित मनोविश्लेषणात्मक, उत्तरसंरचनावादी, उत्तरआधुनिकतावादी र जातीय-सांस्कृतिक-कालावादी, काला नारीसमलैङ्गिक, उत्तरउपनिवेशवादी, उत्तरनारीवादी र तेस्रो धार भनिनेसमेत नारीवादी समालोचनात्मक पक्षका बारेमा पनि तल विवेचना गरिएको छ ।

## २.३.१ पाश्चात्य नारीवादी समालोचना

नारीवादको प्रारम्भ सन् १९६० को नारी आन्दोलन होइन । नारी आन्दोलन धेरै अघि सुरु भएको हो । त्यसले 'नारीवाद' भन्ने नाम चाहिँ धेरै पछि पायो । यस कुराको साक्षीका रूपमा पश्चिममा भएको नारी आन्दोलन; विभिन्न चरणमा तिनले पाउँदै आएको सफलता र मेरी एल्स्टन क्राफ्ट-भर्जिनिया उल्फ-सिमोन द बुभायरका लेखनलाई लिन सकिन्छ ।

नारीवादी साहित्यिक समालोचना चाहिँ सिधै सन् १९६० को नारीवादी आन्दोलनको उत्पादन हो (बेरी, सन् २००२ :१२१) । सन् १९६० को आन्दोलन चाहिँ प्रारम्भदेखि नै साहित्यिक रहिआएको छ ।

नारीवाद र नारीवादी साहित्यिक समालोचनाले 'के छ' भन्दा पनि 'के छैन' का कोणबाट कुनै पनि कुराको विश्लेषण गर्छ (गेरिन, सन् १९९९ : १९६) । नारीवादी समालोचना अरू किसिमका समालोचनाभन्दा फरक हुन्छ । नारीवादी समालोचनाले अरू किसिमका साहित्यिक सिद्धान्त र समालोचनामाथि आक्रमण गर्छ जुन राजनीतिक प्रकृतिको हुन्छ । यो परम्परागत साहित्यिक समालोचनाको विपरीत दिशातर्फ हिँड्छ । यसले सीमान्तीकृत महिलाहरूको दोस्रो दर्जाको सामाजिक हैसियतसँग सिधै सम्बन्ध गाँस्छ । अधिकांश नारीवादीहरू समाज पुरुषका पक्षमा संरचित भएकाले यो पितृसत्तात्मक रहेको छ भन्छन् । समाजको यही संरचना नै साहित्यमा पनि प्रतिबिम्बित हुने हुनाले त्यस्तो साहित्य नारीवादी समालोचनाको निशाना बन्दछ ।

नारीवादी समालोचकहरू पितृसत्तात्मक समाजका मूल्यमान्यताहरूको भण्डाफोर गर्नु नै आफ्नो लक्ष्य रहेको कुरा स्विकार्छन् । उनीहरू महिलालिखित साहित्यको खोजी गर्दै तिनको पुनर्मूल्याङ्कनसमेत गर्दछन् । त्यसपछि उनीहरू ती साहित्यिक पाठ र समालोचना समेतमा सामाजिक, सांस्कृतिक र मनोलैङ्गिक सन्दर्भहरूको परीक्षण गर्दछन् । नारीवादी समालोचकहरूले यसरी लैङ्गिक, सामाजिक, राजनीतिक सन्दर्भहरूको अध्ययन गर्ने हुनाले तिनको अध्ययनलाई कसै-कसैले गैरसाहित्यिक पनि भन्ने गरेका छन् ।

अमेरिकी नारीवादी समालोचना क्षेत्रकी अग्रणी एलेन सोवाल्टरले महिलालिखित साहित्यको ऐतिहासिक विकासक्रमलाई तीन भागमा बाँडेकी छन् । सन् १८४०-८० को समयावधिलाई उनले 'फेमिनिन फेज' भित्र राखेकी छन् । यस अवधिको लेखनले दमनको परम्पराको प्रतिबिम्बन गरेको छ । सन् १८८०-१९२० को समयावधिलाई उनले 'फेमिनिस्ट फेज' भित्र राखेकी छन् । यस अवधिको लेखन अल्पसङ्ख्यकको अधिकारको वकालत गर्दै त्यसको रक्षाको लागि अग्रसर भएको

छ। सन् १९२० देखि यताको समयावधिलाई उनले 'फिमेल फेज' को संज्ञा दिएकी छन्। यस समयको लेखनले पुरुष लेखनमा स्पष्टसँग देखिने महिलाप्रतिको घृणाभावलाई महिलालेखन एवं महिलाको पुनः आविष्कारले प्रतिस्थापन गर्दै आफूलाई प्रतिपक्षका आसनमा राखेको छ। महिला लेखकको अस्तित्वलाई सीमित गर्ने परम्परागत साहित्यिक इतिहासमाथि एलेन आक्रमण गर्दछिन्। एलेनले महिलालिखित साहित्यिक परम्पराले पुस्तौँपुस्तादेखि नै एउटा विशेष ढाँचा, सार, समस्या र छवि प्रस्तुत गर्दै आएको कुराको व्याख्या गरेकी छन् (गेरिन, सन् १९९९ : १९८)।

पुरुष इतिहासकारले सधैँ ओझेलमा पार्ने गरे तापनि पश्चिममा महिला लेखनको एउटा समृद्ध परम्परा छ जसमा सफ्फोदेखि जर्ज इलियट, मेरी उल्स्टन क्राफ्ट, भर्जिनिया उल्फ, रेवेक्का वेस्ट, चार्लोट्टे पर्किन्स गिलम्यान आदिको नाम लिन सकिन्छ। नारीवादी साहित्यिक समालोचना लेखनको प्रारम्भ पनि समकालीन महिला आन्दोलनताका नै भएको हो। सिमोन दि बुभायर, केट मिलेट र बेट्टी फ्राइडनहरूले पुरुष लेखकले सिर्जना गरेको सांस्कृतिक संरचनाभित्र महिलाको 'आत्मान्वेषण' गरेका छन्। साहित्य र संस्कृतिको विश्लेषण गर्ने क्रममा ती नारीवादी समालोचकहरूले पुरुषले नारी चरित्रमार्फत कसरी आफ्नो डर र पीडालाई प्रतिबिम्बित गर्छन् भन्ने कुरा अगाडि राखेका छन्। नारीवादी समालोचकहरूले पुरुषलिखित पाठलाई शक्तिको नमुनाका रूपमा हेरेका छन् (गेरिन, सन् १९९९ : १९८)।

सिमोनले **सेकेन्ड सेक्स** (सन् १९४९) मा महिला पुरुषले चित्रण गरेको भन्दा फरक हुने कुरा बताएकी छन्। पुरुषले महिलाका बारेमा लेख्न खोजे पनि लेख्दै जाँदा त्यो मानव चित्रणसम्ममा सीमित हुने कुरा लेखेर सिमोनले आधुनिक नारीवादको आधारभूत समस्यालाई अगाडि सारेकी छन्। फ्राइडनले अमेरिकाली गृहिणी र आमाको शक्तिशाली छविलाई **फेमिनिन मिस्टिक** (सन् १९६३) मा प्रस्तुत गरेकी छन्। उनले अमेरिकी पत्रिकाहरूमा क्षुद्रीकरण गरेर प्रस्तुत गरेको महिला छविको विश्लेषण पनि गरेकी छन्। केट मिलेटको **सेक्सुअल पोलिटिक्स** (सन् १९६६) नारीवादी साहित्यिक समालोचनामध्येमा सबैभन्दा बढी पढिएको पुस्तक हो। मिलेटले फ्राइडनको भन्दा फरक किसिमको मत प्रस्तुत गरेकी छन्। उनले 'सेक्स' जैविक संज्ञा हो र 'जेण्डर' सांस्कृतिक ढङ्गले स्वीकार गरिएको लैङ्गिक पहिचान हो भनेकी छन् (गेरिन, सन् १९९९ : १९९)। मिलेटका अनुसार राजनीतिको पहिचान भनेको शक्ति हो र पुरुष आधिपत्य हाम्रो समाजको शक्ति हो। उनले साहित्यलाई पितृसत्ताको सामूहिक संचेतना मानेकी छन्। पुरुषले महिलामाथि कायम गरेको आन्तरिक उपनिवेश वर्ग विभाजनभन्दा पनि बढी सतर्कतापूर्वक गरिएको र अरू कुनै पनि किसिमको विभाजनभन्दा अझै सूक्ष्म पीडादायी छ भन्ने कुरा यस पुस्तकमा प्रस्तुत गरेकी छन्।

एलेन सोवाल्टरले महिला र पुरुषका बिचको भिन्नता पत्ता लगाएर त्यसलाई चारवटामा विभाजन गरेकी छन् : जैविक, भाषिक, मनोवैज्ञानिक र सांस्कृतिक। अर्थात् यिनै चारवटा कुराले गर्दा महिला र पुरुष फरक हुन पुगेका हुन्। उनले जैविक सन्दर्भलाई यस भिन्नताको चरम सन्दर्भ मानेकी छन्। यदि कुनै पनि किसिमले शरीरलाई साहित्यमा प्रतिबिम्बित गरियो भने त्यसले महिलाको अस्तित्वलाई घटाउँदै लगेर शरीरमै मात्र सीमित गरिदिनेछ भन्ने उनको ठनाइ छ। यसो भनेर साहित्यमा शरीरको प्रस्तुति हुनै नहुने भन्ने भनाइ पनि उनको होइन। उनले

महिला कविहरूको शरीर प्रस्तुतिसम्बन्धी स्पष्टवादिताको प्रशंसा गर्दै महिलाको शरीर सन्दर्भभन्दा बाहिर बसेर लेखिएको साहित्य पनि नटिक्ने बताएकी छन्। भाषिक सन्दर्भमा उनले महिलाले पुरुषको भाषा बोल्दा विदेशी उच्चारण गरेको जस्तो सुनिन्छ भनेकी छन्। यदि महिलाले पुरुषकै भाषा बोल्ने क्रमलाई निरन्तरता दिइरहे भने उनीहरू नारीवादी विमर्शभित्र प्रवेश गर्नै सक्तैनन् भन्ने उनको दृष्टिकोण छ। उनले लैङ्गिक भिन्नता भनेकै भाषिक भिन्नताका लागि हो भनेकी छन्। उनले मनोविश्लेषणात्मक नमुनामा लैङ्गिक भिन्नता अनुभूतिको गहिराइका आधारमा हुने भनेकी छन्। सोवाल्टरको सर्वाधिक महत्त्वपूर्ण योगदान सांस्कृतिक नमुनाका प्रस्तुतिमा देखिएको छ। महिलाको सामाजिक सरोकारमा वर्ग, जाति, राष्ट्र र ऐतिहासिक भिन्नता हुँदाहुँदै पनि सामूहिक अनुभवले उनीहरूलाई एकत्व प्रदान गरेको छ भन्ने उनको दृष्टिकोण छ (लज, सन् १९८८ :३३६)।

लेखन भनेको लेखन हो, त्यसमा नारी र पुरुषको भिन्नता हुँदैन भन्नेहरूको सङ्ख्या पनि कम छैन। लिङ्गगत तहसम्म महिला पक्षधरता अँगाल्ने पुरुषहरू पनि यसै भन्छन् तर नारीवादी समालोचकहरूलाई यो कुरा स्वीकार्य हुँदैन। महिला र पुरुषमा जैविक भिन्नता भएकाले उनीहरूको अनुभूतिमा पनि भिन्नता हुन्छ। यसैले नारीलेखन र पुरुषलेखनमा पनि भिन्नता हुन्छ। पुरुष समालोचकहरू महिला पक्षधर भएर समालोचना त गर्छन् तर नारी अनुभूतिसँग उनीहरू असंलग्न रहन्छन् र यसो हुनु स्वाभाविकै पनि हो। अनुभूति र पक्षधरताको संलग्नताविनाको लेखन नारीवादी हुन सक्तैन। अर्थात् पुरुषहरूले आफूले जानेसम्म र सकेसम्म लैङ्गिक विभेद नगर्दानगर्दै पनि उनीहरू नारीवादी भने हुन सकिरहेका हुँदैनन् भन्ने म्यागी हमको धारणा छ (गेरिन, सन् १९९९ : २०१) ।

नारीवादी समालोचकहरूले निम्न कुराहरूमा साहित्य र समालोचना लेखनमा लिङ्गगत तौरतरिकाहरूको पहिचान गरेका छन्- विषयवस्तु, शब्दभण्डार, वाक्य, शैली, बिम्ब, प्रतीक, विश्लेषणात्मक स्वरूप, चरित्रचित्रण र विधागत प्राथमिकता। जस्तो-उपन्यासलाई महिला विधाका रूपमा लिने गरिन्छ। उपन्यासमा रहने यथार्थ र वस्तुपरकताका कारणले नै महिला लेखनको प्राथमिकता उपन्यासतिर गएको हो भन्ने नारीवादीहरूको तर्क छ। पुरुष लेखकहरू जसअपजस प्राप्त गर्ने कुरामा बढी सचेत हुन्छन् भने महिला लेखकहरू लेखनको अन्त्य हलुकासँग गरिदिन्छन्। पुरुष तर्क परिणाममुखी र औपन्यासिक वा क्रमबद्ध हुन्छ भने महिला तर्क सामूहिक हुन्छ (गेरिन, सन् १९९९ : २०१)।

पाश्चात्य नारीवादी समालोचनाका सन्दर्भमा एलेन सोवाल्टरले नै 'गाइनो क्रिटिक' को अवधारणा अगाडि सारेकी हुन्। अङ्ग्रेजीमा आफूले खोजेको जस्तो अर्थ समेट्न सक्ने शब्द नभेटेपछि 'गाइनो क्रिटिक' भन्ने शब्द आविष्कार गरेको कुरा सोवाल्टरले उल्लेख गरेकी छन् (लज, सन् १९८८ : ३३५)। गाइनो क्रिटिकका माध्यमले महिलाको साहित्यिक संस्कृतिसँगको सम्बन्धका बारेमा ठोस र यथार्थपरक अध्ययन गर्ने अवसर पनि प्राप्त हुन्छ। यस समालोचना सन्दर्भमा लेखकका रूपमा पाठका रूपमा महिला-अस्तित्वको खोजी गरिन्छ (लज, १९८८ : ३३६)। पितृसत्ताले अवहेलना गरेको महिला इतिहासको खोजी, महिलालिखित साहित्यको समीक्षा तथा

महिला एवं पुरुषलिखित साहित्यमा रहेको महिला उपस्थितिको नापजोख गर्ने काम गाइनो क्रिटिसिजमअन्तर्गत पर्दछ । समालोचक सोवाल्टरले यी तीनै प्रकारका काम गरेकी छन् । अर्थात् लेखकका रूपमा, पाठकका रूपमा (समीक्षक) र विषयवस्तुका रूपमा महिलाको उपस्थितिको खोजी गर्ने काममार्फत सोवाल्टरले साहित्यसँग सम्बद्ध महिला समग्रताको आलेख प्रस्तुत गरेकी छन् ।

नारीवादी साहित्यको आफ्नै छुट्टै (मौलिक) समालोचनापद्धति छैन । समाजमा विद्यमान 'पुरुषवाद' का सापेक्षताको अध्ययन गरेर त्यसको विपरीत परिपाटीमा लेखिने साहित्य नै नारीवादी साहित्य हो । यस स्वरूपको एकातिर आलोचना, अर्कातिर अस्वीकार र अझ अर्कातिर नयाँ साहित्यिक परम्पराको प्रारम्भ नै नारीवादी साहित्य र समालोचनाको पहिचान हो । आफ्नो क्षेत्रलाई पूर्णता दिनका निम्ति नारीवादी समालोचनाले अन्तरअनुशासनात्मक विधि अँगालेको हुन्छ । अर्थात् अन्य समालोचनाका फाँटमा प्रचलित समीक्षाका सन्दर्भलाई नै यसले स्विकारेको छ । फरक यत्ति हो ,अरू लेखनमा केन्द्रमा पुरुष हुन्छ भने यसमा नारीले केन्द्रीय महत्ता पाएकी हुन्छे । अर्थात् अरू लेखन पुरुषका कोणबाट गरिन्छ भने नारीवादी लेखन महिलाका कोणबाट गरिएको हुन्छ । समालोचनाका धेरैवटा सन्दर्भ अँगाल्ने भएकाले नारीवादी समालोचनालाई बहुलवादी साहित्यिक समालोचना भन्ने गरिन्छ । नारीवादी समालोचनाभित्रको यस्तो बहुलवादी परिस्थिति निराशाप्रद  नभएर आल्हादकारी हुन्छ भन्ने कोलोड्नीको आशय छ । साथसाथै यो उत्तिकै खतरापूर्ण पनि हुन्छ भन्ने कोलोड्नी आफ्नो नारीवादी समालोचनालाई 'सैद्धान्तिक बम ओछ्याइएको जमीनमाथिको योग्यतापूर्ण नाच' को संज्ञा दिन्छिन् (लज, १९८८ : ३३३) । नारीकेन्द्रितता नारीवादी साहित्यिक समालोचनाको सीमा हो, नारीवादभित्रै पनि विषयको व्याख्या र विश्लेषणको अनेक परिस्थिति रहनु यसको सम्भावना हो र आजसम्म मूल धार भनिएको साहित्यको विशाल भण्डार र त्यसका लेखक यसका चुनौती हुन् ।

उपर्युक्त सबै सन्दर्भको अध्ययनपछि 'समाजमा एवं साहित्यमा भएको महिलाको उपस्थितिलाई पुनर्परिभाषित गर्ने तथा नयाँ कोणबाट महिलाको उपस्थिति दिने' कुरा नै नारीवादी साहित्य हो भनेर बुझ्न सकिन्छ ।

सामाजिक एवं राजनीतिक क्षेत्रसम्म मात्र सङ्कुचित नभएर सन् १९६० को नारीवादी आन्दोलनले नारीवादी सिद्धान्त र समालोचनाको विशाल फाँटको आविष्कारसमेत गरेको छ । नारीवादी आन्दोलन र साहित्यको यस लामो इतिहासलाई अध्ययन सुगमताका लागि पहिलो चरण (First Wave), द्वितीय चरण (Second Wave) र तृतीय चरण (Third Wave) भनेर विभाजन गरिएको पाइन्छ (सेल्डन, सन् २००६ : १२७) । नारीवादी समालोचनाको बहुआयामिकतालाई सजिलोसँग बुझ्न र बुझाउन यस किसिमको चरण विभाजनले सहयोगीको भूमिका निर्वाह गरेको देखिन्छ । यस विभाजनअनुसार सन् १९६० भन्दा अगाडिको नारीवादी साहित्यलाई प्रथम चरण, सन् १९६० र ७० को दशककोलाई दोस्रो चरण र १९८० यताकोलाई तेस्रो चरणमा राखिएको छ । पहिलो चरणको लेखनले पितृसत्तात्मक विभेदलाई देखाउँछ, दोस्रो चरणको लेखनले

पितृसत्तात्मक दमनको व्याख्या गर्छ भने तेस्रो चरणले महिलाहरूकै बिचमा हुने भिन्नतालाई वर्ग, जात र जातिका आधारमा छुट्याएर प्रस्तुत गर्छ ।

उपर्युक्त विभिन्न तीन चरणमा गरिएको विभाजनले मात्र नारीवादी सिद्धान्तलाई पूर्ण रूपमा समेट्न सक्तैन । सबै किसिमका नारीवादीहरूको प्रमुख लक्ष्य महिलाको स्वतन्त्रता, आत्मनिर्भरता र सार्वभौमिकताको पक्षपोषण गर्नु हो तर त्यसो गर्ने तरिकामा भने महिलाहरूमा मतैक्य देखिँदैन । समाजमा रहेको धार्मिक, सामाजिक, सांस्कृतिक, वर्गीय, जातीय आदि भिन्नताले गर्दा तौरतरिकाहरू पनि विविध किसिमका हुन गएका हुन् । यसैले त नारीवादी साहित्यिक सिद्धान्त र समालोचना प्रारम्भ भएको पाँच दशक बित्दा-नबित्दा यो धेरै समृद्ध भइसकेको छ र यसमा धेरै किसिमका हाँगाबिँगाहरू पलाइसकेका छन् तथा यसले अद्यावधि निरन्तरतासमेत पाइरहेको छ । हाँगाबिँगा फाट्ने क्रममा देशको राजनीतिक परिस्थितिले पनि पर्याप्त प्रभाव पारेको कुरा नारीवादका शाखाप्रशाखाको अध्ययनबाट पत्ता लाग्छ । त्यतिमात्रै होइन, विश्वको परिस्थितिबाट पनि यो पर्याप्त प्रभावित छ। विश्वका विभिन्न देशमा समाजवादको उत्थान र पतनको सिलसिला, एक समयको बेलायतको साम्राज्यवाद, अमेरिकी साम्राज्यवादी नीति र त्यसलाई स्थापित गर्न प्रयत्नरत भूमण्डलीकरणको सिद्धान्त, प्रथम-द्वितीय-तृतीय विश्वमा विभाजित वैश्विक परिस्थिति, राष्ट्र-राष्ट्रमा आन्तरिक रूपमा रहेको र विश्वव्यापी रूपमा रहेको गरी दुई किसिमको शक्ति-सङ्घर्ष एवं यसले थोपरेका दुईवटा विश्वयुद्धहरू, प्रथम र द्वितीय विश्वमा बेलाबखत देखिने गरेको आर्थिक मन्दी एवं तेस्रो विश्वका राष्ट्रहरूमा परेको त्यसको कुप्रभावजस्ता कुराहरूबाट नारीवादी आन्दोलन पर्याप्त प्रभावित रहेको छ । समयको बदलिँदो क्रमसँगै नारीवादी सिद्धान्तमा परेको प्रभावको फलस्वरूप यो विभिन्न धारामा विभाजित हुन पुगेको छ । ती धारालाई पनि मूल, सहायक र अन्य गरी तीन भागमा विभाजन गर्न सकिन्छ । मूल धारामा उदार नारीवाद, आमूल नारीवाद, मार्क्सवादी नारीवाद र समाजवादी नारीवाद गरी चार हाँगा भेटिन्छन् । नारीवादका मनोविश्लेषणात्मक, उत्तरआधुनिक र उत्तरसंरचनावादी गरी तीन हाँगालाई सहायक धारामा र जाति/जनजातिगत सांस्कृतिक नारीवादी धारा, कालावादी, काला नारीसमलैङ्गिक, उत्तरउपनिवेशवादी, उत्तरनारीवादी, नारीवादी तेस्रो धारजस्ता धारालाई अन्य धाराअन्तर्गत राखिएको छ । प्रारम्भको पाँच दशकमा नै नारीवादी साहित्यिक सिद्धान्तमा यति धेरै विविधता देखिनु भनेको यसको पृष्ठाधारको बलियोपना र विश्वकै महिलामा रहेको यसको आवश्यकताबोध तथा यसप्रतिको आकर्षण नै प्रमुख कारण हुन् । अहिले यो विश्वका विभिन्न प्रमुख साहित्यिक सिद्धान्तमध्येकै एक सिद्धान्त भइसकेको छ र विश्वविद्यालयको पठनपाठनमा पनि यसले उपयुक्त स्थान ओगटिसकेको छ ।

## २.३.२ मूलधारा र त्यसका स्थापना

### २.३.२.१ उदार नारीवाद

नारीवादका धारामध्ये उदार नारीवादी धारा विश्वमै सबभन्दा बढी परिचित रहेको छ । यसले समाजमा विद्यमान महिलाको अवस्थाको व्याख्या गर्छ जसलाई अर्को शब्दमा ‘समान

अधिकार' भनेर बुझ्न सकिन्छ । महिलालाई सार्वजनिक संसारमा प्रवेश गर्न नदिने बाधा भनेको परिवार र गृहस्थी नै हो । यसैले उदार नारीवादले सार्वजनिक क्षेत्रमा आफ्नो मुख्य ध्यान केन्द्रित गर्दै सार्वजनिक बजारमा प्रतिस्पर्धा गर्ने व्यक्तिगत अधिकार प्राप्तिका लागि कानुनी, राजनीतिक एवं संस्थागत सङ्घर्ष गर्दछ । उदार नारीवादले व्यक्तिगत स्वतन्त्रता र सार्वभौमिकतामाथि गहिरो चासो राख्दछ । सामाजिक बन्धनबाट मुक्ति भन्नुको अर्थ सरकार, राज्य र अझ त्यसभन्दा पनि बढी सांस्कृतिक रीतिथिति एवं दुराग्रहबाट मुक्ति हो । 'नागरिकता र पुरुषसँगको बराबरी' का कुरा नै उदार नारीवादी दृष्टिकोणको केन्द्रबिन्दु हो ।

उदार नारीवाद महिला र पुरुषबिचको समानताको आग्रह राख्दछ । उदार नारीवादी राजनीतिक रणनीतिले 'आधारभूत लैङ्गिक अभिन्न मानवीय प्रकृति' भन्ने विचार अघि सारेको छ । त्यसैले यो महिला पुरुषजस्तै भएको र महिलाहरू पुरुषले गर्ने जे काम पनि गर्न सक्ने हुनाले पुरुषले समाजबाट जे-जे पाएको छ महिलाले पनि त्यही-त्यही पाउनुपर्छ भन्ने प्रयत्नतर्फ उन्मुख छ । यसले युद्ध कालमा मात्रै नभएर त्यो सकिएपछि पनि महिला पुरुषबिच सहकार्य हुनसक्नुपर्छ भन्छ । यति भएर पनि उदार नारीवाद समाजको क्रान्तिकारी परिवर्तनमा नभएर सुधारमा विश्वास गर्छ । ना ओमी उल्फको भर्खर-भर्खरको कामले पनि यही कुराको पुष्टि गरेको छ । उनले 'शक्ति नारीवाद' (Power Feminism) को अवधारणा अघि सारेकी छन् जसले वर्तमान समाजमा नै प्राप्त गरेको विविध सफलतालाई नै महत्त्व दिन्छ । उदार नारीवाद (वा उल्फ) पुरुषसँगै सहकार्य गरेर समाजबाट प्राप्त हुने अवसरहरू हासिल गर्न चाहन्छ । उनीहरू त्यही चाहन्छन् जे पुरुषले प्राप्त गरेको छ । यसको यही दृष्टिकोणलाई लिएर अरू प्रकारका नारीवादी र नारीवाद विरोधीहरूले 'पुलिङ्गको ईर्ष्या' गरेको भन्ने आरोप पनि लगाएका छन् । उदार नारीवाद जेम्स स्टुवार्ट मिलको उदार राजनीतिक विचारबाट प्रभावित परम्परामाथि विश्वास राख्दछ जुन आधुनिक पश्चिमी सामाजिक स्थापनालाई चुनौती नदिई फाइदा र अवसरहरूको पुनर्वितरणको माग अघि सार्दछ । उदार नारीवादीहरू कल्याणकारी उदारवादबाट सीमित मात्रामा भएपनि सामाजिक वा सामूहिक जिम्मेवारीका कुराहरूबारे ज्ञान हासिल गर्दछन् र सामाजिक अवसरका लागि प्रतिस्पर्धा गरिरहेका व्यक्तिहरूलाई राज्यले स्वतन्त्रता र न्याय पर्याप्त मात्रामा उपलब्ध गराइरहेको छ भन्ने कुरा अस्वीकार गर्दै यसले असमानता चाहिँ बढाइरहेको छ भन्छन् । उदार नारीवाद महिलाहरू पुरुषभन्दा भिन्न छैनन् तापनि उनीहरूलाई लिङ्गकै आधारमा अवसर दिनबाट बञ्चित गरिन्छ भन्ने कुरा अघि सार्दछ । लिङ्गले प्रतिस्पर्धामा र योग्यताको मापनमा बाधा पुऱ्याइरहेको छ । यसैले महिलालाई उचित सामाजिक हैसियत प्राप्त गराउनका लागि राज्यले नै हस्तक्षेपकारी नीति अँगाल्नुपर्छ भन्दै उदार नारीवाद राज्य पक्षमाथि भर पर्दछ । उनीहरू व्यक्तिगत अधिकार र स्वतन्त्रतालाई प्रमुख मान्दै समाजका वर्तमान स्वरूपभित्रै परिवर्तन खोज्दछन् जसले उनीहरूलाई 'सुधार' का घेराभित्र सीमित गर्दछ ।

उदार नारीवादीहरू सार्वभौमिक मानिएको मानवता पनि महिलालाई सामाजिक सहभागिता, सार्वजनिक जीवन र शिक्षा प्रदान गर्ने कुरा अस्वीकार गरेकाले साँच्चैको सार्वभौम हुन सकेको छैन भन्छन् । 'समानता' र 'स्वतन्त्रता' योग्यताकै कारणले मानिस मात्रलाई दिइन्छ । जो 'समानता' र

'स्वतन्त्रता' भन्दा बाहिर पर्छन् उनीहरू असभ्य मानिन्छन्, प्रकृतिका नजिक हुन्छन् र जनावरजस्तै मानिन्छन्, उनीहरू साँच्चिकैको मानव नभएकै कारणले अधिकार र स्वतन्त्रता पाउनयोग्य हुँदैनन् । उनीहरू अर्थात् 'अरू' लाई नियन्त्रण गर्नुपर्छ र 'निजी' पारिवारिक घेराभित्रै कैद गरिनुपर्छ जसलाई वैधानिक ढङ्गले 'महिला' र 'उपनिवेशित पुरुष' भन्ने गरिन्छ । अर्थात् सरकारकै भाषामा यसरी महिलाहरू अधिकार र स्वतन्त्रताबाट बञ्चित गरिन्थे ।

उदार नारीवादले अठारौँ शताब्दीको उत्तरार्धदेखि अहिलेसम्म महिलाहरूलाई पूर्ण सामाजिक सहभागिता र सार्वजनिक जीवन दिन अस्वीकार गरिँदै आएको कुरा औंल्याएको छ । यसले मध्यकालीन सामाजिक विभेद हटाएर सामाजिक हैसियत विस्तार गरिनुपर्छ भन्ने कुराको जिकिर गरेको छ । आधा जनसङ्ख्या ओगट्ने महिलालाई सामाजिक हैसियतबाट बाहिर पारिनुले पाश्चात्य जगत्को सङ्कुचित पौरुष राजनीतिक सोचलाई उदाङ्गो पारेको छ भन्दै यही गल्तीले गर्दा पश्चिमी राजनीतिको उदारवादी धारा आफै ध्वस्त हुन लागेको कुरा उदार नारीवादीहरूले उठाएका थिए ।

उदार नारीवादी सिद्धान्तको आफ्नै एउटा लामो इतिहास छ । मेरी उल्स्टन क्राफ्ट (सन् १७५९-९७), ह्यारिट टेलर (सन् १८०७-५८), जोन स्टुआर्ट मिल (सन् १८०६-७३), एलिजावेथ केडी स्टन्टन (सन् १८१५-१९०२) जस्ता विचारकहरूले यसलाई अघि सारेका थिए । जोन लक (सन् १६३२-१७०४) र जिन ज्याक रुसो (सन् १७१२-१७७८) हरू महिलाहरूको उपेक्षापूर्ण सामाजिक हैसियतका कारणले उदार राजनीतिक सिद्धान्तको पूर्ण पहिचान गर्न असफल भएका थिए ।

पाश्चात्य नारीवादको इतिहासमा मेरी उल्स्टन क्राफ्टको योगदान अविस्मरणीय छ र उनको काम नारीवादको एउटा कोसे ढुङ्गासमेत बनिसकेको छ । नारीवादी समालोचनाको इतिहासमा भने भर्जिनिया उल्फ र सिमोन दि बुभायर संस्थापक मानिन्छन् । यस क्षेत्रमा पनि त्यतिखेर ओलिभ स्क्रामइनर, एलिजाबेथ रविन्स, डोरोथी रिचर्डसन, क्याथरिन म्यान्सफिल्ड, रेवेक्का वेस्ट, रे स्ट्र्याचे, भेरा वृटेन, विनिफ्रेड हल्टबि आदि महिला लेखकहरू सक्रिय रहे तापनि उल्फ र बुभायर विशिष्ट मानिन्छन् । मेरी इगल्टनले भर्जिनिया उल्फलाई 'संस्थापक माता' को संज्ञा दिएकी थिइन् जसले उनीपछिका समालोचकहरूलाई छोड्नै नमिल्ने खालका नारीवादी बहसका बुँदाहरू अगाडि सारिदिएकी थिइन् । त्यस्तै बुभायरको **सेकेन्ड सेक्स** (सन् १९४९) लाई म्यागी हमले नारीवादी समालोचनाको पहिलो धारको समापक मानेकी छन् (सेल्डन आदि, सन् २००६ : १२८) ।

भर्जिनिया उल्फ स्रष्टा पनि हुन् र उनले महिलाका दृष्टिकोणबाट उपन्यास लेखेकी छन् जसमाथि पछाडिका धेरैजना महिला समालोचकले कलम चलाएका छन् । नारीवादी सिद्धान्तलाई यसभन्दा पनि बढी योगदान दिने उनका कृति भने **अ रुम अफ वन्स अन** (सन् १९२९) र **थ्रि गिनिज** (सन् १९३८) हुन् । पहिलो धारका अरू नारीवादीले जस्तै उनले पनि पुरुषका सापेक्षतामा महिलाको जीवनको व्याख्या गरेकी छन् । उनले आफ्नो पहिलो पुस्तकमा महिलाको साहित्यिक उत्पादनलाई ऐतिहासिक एवं सामाजिक परिप्रेक्ष्यमा नियालेकी छन् भने दोस्रो पुस्तकमा पुरुषको

शक्ति र पेसाका बिचको सम्बन्धको व्याख्या गरेकी छन्। उनले आफ्नो **थ्रि गिनिज** भन्ने पुस्तकमा आफू नारीवादी हुने प्रतिज्ञा पनि गरेकी छन्। उनले आफ्ना दुवै पुस्तकमा नारीवादी कामलाई विशाल आयाम दिएकी छन्। उनको काम मूलतः 'मातृत्वको भत्ता' र 'पारपाचुके कानुन' मा सुधार ल्याउने कुरामा केन्द्रित छ। उनका निबन्धले महिला लेखनको विशिष्ट परम्पराको ढोका खोलेका छन्। लैङ्गिक पहिचान सामाजिक निर्माण भएकाले यसलाई चुनौती दिन सकिन्छ भन्ने दृष्टिकोण उल्फको सबैभन्दा गतिलो योगदान हो। समालोचना लेखनका क्रममा उनले महिला लेखकका समस्याका बारेमा निरन्तर प्रकाश पारेकी छन्। महिलाले लेखनका सिलसिलामा पर्याप्त आर्थिक र सामाजिक बाधाहरू बेहोर्नुपरेको कुरा पनि उनले लेखेकी छन्। उनलाई 'नर-नारीवाद' मा विश्वास थियो र उनी दुवैका बिचमा सन्तुलन कायम होस् भन्ने चाहन्थिन् तर तोरिल म्वेले भने उल्फ यो सन्तुलन चाहँदिन थिइन् बरू उनी स्थापित लैङ्गिक पहिचानलाई भत्काउन चाहिँ चाहन्थिन् भनेर लेखेकी छन् । तोरिल म्वेका दृष्टिमा उल्फ नारीवादको अन्ध पुरुषवादलाई अस्वीकार गर्थिन् र महिला लेखनको विशिष्टता स्थापित गर्ने कुरामा उनी निकै सतर्क थिइन् (सेल्डन आदि, २००६ : १२९) । महिला र पुरुषका बिचमा आर्थिक एवं सामाजिक समानता कायम भएपछि कसैलाई पनि आफ्नो कलात्मक प्रतिभाको विकास गर्न समस्या पर्ने छैन भन्ने उनको विश्वास देखिन्छ ।

त्यस्तै, फ्रान्सेली नारीवादी सिमोन दि बुभायर गर्भपातकी पक्षधर र महिला अधिकारकी कार्यकर्ता भएकीले उनले नारीवादी सिद्धान्त स्थापनाका निम्ति पर्याप्त कामहरू गरेकी थिइन्। उनका कामहरूका कारणले नै नारीवादी आन्दोलनले पहिलो धारबाट दोस्रो धारमा बुर्कुसी मार्न प्रारम्भ गरेको हो । संसारभरि नै असीमित प्रभाव पार्न सक्षम उनको **सेकेन्ड सेक्स** (सन् १९४९) ले पुरुषले गरेका महिलामाथिका विभेदका जैविक, मनोवैज्ञानिक, आर्थिक रूपहरूलाई पहिलो धारका भन्दा एकदमै फरक ढङ्गले प्रस्तुत गर्दै आधुनिक नारीवादका आधारभूत प्रश्नलाई अगाडि सारेको छ। कुनै महिलाले आफ्नो परिचय दिन सुरु गर्दा 'म महिला हुँ' भनेर प्रारम्भ गर्छिन्, पुरुषले त्यसो भन्न सक्तैन। पुरुषले मानव परिभाषा अगाडि सार्छ नारी-परिभाषा होइन । महिलाको आफ्नो छुट्टै इतिहास छैन, प्राकृतिक सहअस्तित्व छैन र सङ्गठित दबाब समूह पनि छैन। उसको पहिचान भनेको पुरुषको 'अर्को पक्ष' हुनु हो। कानुनबेत्ता, पुरोहित, दार्शनिक, लेखक, वैज्ञानिक सबै सन्दर्भमा पुरुषकै प्रभुत्व स्थापित छ र महिलाको यो 'दोस्रो दर्जा' स्वर्गमै निर्धारित भएको हो भन्ने खालका दृष्टिकोणहरूका पृष्ठभूमिका विरोधमा बुभायरको **सेकेन्ड सेक्स** भन्ने पुस्तक लेखिएको पाइन्छ ।

सिमोनले 'यौन' र 'लिङ्ग' को भिन्नतालाई बडो सावधानीका साथ प्रस्तुत गरेकी छन् र तिनलाई 'प्राकृतिक' र 'सामाजिक' सन्दर्भसँग जोडेर बहस अगाडि सारेकी छन् । महिला जन्मँदै महिला नभएर पछि बनाइएकी हो अर्थात् मानिसलाई समाजले रुढिग्रस्त विचारका भारी बोकाएर महिला बनाउँछ भन्ने उनको दृष्टिकोण देखिन्छ। जीवविज्ञान, मनोविज्ञान, पुनर्उत्पादन, अर्थजस्ता व्यवस्थाले पुरुषको अर्कोतिर पनि 'कोही अरू' छ भन्छ र त्यो ' कोही अरू' का ठाउँमा चाहिँ महिलालाई राख्छ। सिमोनले जन्मेकी 'महिला' र बनाइएकी 'आइमाई' का बिचको भिन्नता

देखाउँदै महिलाको यो 'विमानवीकरण' गर्ने पितृसत्तालाई महिलाले मात्रै भताभुङ्ग पार्न सक्छे भन्ने दृष्टिकोण अगाडि सारेकी छन् । पहिलो धारका अरू नारीवादी जस्तै उनी पनि जैविक भिन्नताबाट मुक्ति चाहन्छिन् । यसरी उदार नारीवादको पहिलो धारको सबैभन्दा सशक्त विचारकका रूपमा सिमोन देखिएकी छन् ।

व्यक्तिगत स्वतन्त्रतामाथि विश्वास गर्नु नै उदारवादको पहिचान हो । वास्तवमा पितृसत्तात्मक राजनीतिक सिद्धान्त अस्वीकार गरेर उदार राजनीतिक सिद्धान्त जन्मिएको थियो । राजसंस्था पितृसत्ता थियो जो जन्मकै नाताले सबैभन्दा ठूलो हुन्थ्यो । यही ठुल्याइँका विरुद्ध उदारवादले मानिसको प्राकृतिक समानता र स्वतन्त्रतामाथिको विश्वास प्रकट गर्दै व्यक्तिको विशिष्टतालाई अवसरको समानता प्रदान गरिनुपर्ने भन्ने विचार अघि सारेको थियो । यति भएर पनि उदारवादले परिवारको पितृसत्तात्मक संरचनालाई भने यथावत् स्विकारेको थियो । जिल्लाह आर आइसेन्टिनका अनुसार उदारतावादको पितृसत्तात्मक पक्षधरताले आफ्नो व्यक्तिगत स्वतन्त्रताको नीतिलाई परिवारभित्र भने लागू गर्न सकेको थिएन, त्यो पुरुष समुदायभित्र मात्र सीमित थियो (टुना र अन्य, सन् १९९५ : ५) ।

तत्कालीन उदारवादीहरू विवेकी र आत्मनिर्णय गर्न सक्ने व्यक्तिहरूमाथि विशेष जोड दिँदै व्यक्ति नागरिकको स्वायत्तता फस्टाउन सक्ने सामाजिक, आर्थिक र राजनीतिक संस्थापनका विकासको वकालत गर्दथे । शास्त्रीय उदारवादीहरू मताधिकार, वाक्स्वतन्त्रता र सम्पत्तिको अधिकारमाथि विशेष ध्यान दिँदै सामाजिक सुरक्षाका निम्ति खाद्यसंरक्षण, औषधोपचार र सस्तो बसोबासजस्ता आर्थिक न्यायका कुरामा जोड दिन्थे ।

धेरै सामाजिक टिप्पणीकारहरू उदार नारीवादी आन्दोलनलाई सन् १९६० मा प्रारम्भ भएको र बेल्ला अब्जुग, बेट्टी फ्राइडन, एलिजाबेथ हल्टमन, प्याट्सी मिङ्क, प्याट स्योडोर र एलिनर स्मेलहरूको सक्रियतामा सञ्चालित तथाकथित दोस्रो धार (So called Second wave) को संज्ञा दिने गर्छन् । यो धेरै ख्याति कमाएको र आम जनतासम्म पुगेको आन्दोलन भने अवश्यै हो । तत्कालीन उदार नारीवादीहरू लैङ्गिक न्यायमा विश्वास गर्थे । खास पेसामा लैङ्गिक कारणले नै प्रतिस्पर्धा गर्न कसैले पाउने कसैले नपाउने व्यवस्थाका विरुद्ध उनीहरू कानुनी लडाईं पनि लड्थे । त्यतिखेर महिलाहरू वर्गीय कारणले नै अन्तरिक्षयात्री हुन नसकेका हुन् अथवा पुरुषहरू पनि वर्गीय कारणले नै शिशुस्याहार पेसामा अयोग्य भएका हुन् भन्ने विश्वास गरिन्थ्यो । उदार नारीवादीहरूले यस्ता विचार गलत हुन् भन्ने देखाउन आफ्ना विचार प्रकट गर्थे । लैङ्गिक न्यायका कानुनी र शैक्षिक व्यवधान हटाउनका निम्ति उनीहरूले उचित शिशुस्याहार तथा महिलाको दोहोरो कामका निम्ति आर्थिक क्षमता नभएर नै त्यस्तो अयोग्यता देखिएको हो भन्ने विचार अगाडि सारे । यस्ता अनुभवहरूले उदार नारीवादीहरूले आफ्नो लक्ष्य प्राप्त गर्नका निम्ति समाजमा प्रस्ताव गरेभन्दा फरक किसिमका क्रान्तिकारी परिवर्तन गर्नुपर्ने भयो । घरभित्र र बाहिर दुवैतिर काम गर्ने महिलाहरूका अनुभव अनुसार अब उदार नारीवादीहरूले उदार नारीवादको क्रान्तिकारी भविष्य देख्न थाले (टुना र अन्य, सन् १९९५ : ६ ) । बाहिर पनि पुरुषले भन्दा आफूले थोरै पैसामा काम गर्नुपर्ने र घरभित्र पनि बच्चाको हेरचाह सहितको घरेलु जिम्मेवारी यथावत्

रहेपछि महिलाहरूले लैङ्गिक विभेदका कुरा बुझे । त्यसपछि उनीहरूले बराबर ज्याला, गर्भावस्थाको भत्ता र गर्भपतनको अधिकारका सम्बन्धमा सकारात्मक कार्यक्रम ल्याइयोस् भनेर आवाज उठाउन थाले ।

आइसेन्टिनले यही क्रान्तिकारी सामर्थ्य नै उदार नारीवादको मूल्य हो भन्ने कुरा बुझिन् । पुँजीवादी बजारको संरचना पितृसत्तात्मक भएका कारणले बराबरी अवसर, कानुनी समानता र व्यक्तिगत सार्वभौमिकताजस्ता उदार सिद्धान्त बजारमा काम गर्ने महिलाका लागि अर्थहीन भएका हुन् भन्ने कुरा उनले अघि सारिन् । उनीहरूले बजारमा पितृसत्तात्मक संरचनाले गर्दा आफूले पाउने अवसर प्रभावित भएको कुरा बुझे र यसरी उनीहरूमा विकसित भएको नारीवादी चेतनाले गर्दा उनीहरूलाई आफू खास लैङ्गिक समूहको भएकै कारणले आर्थिक अधिकारबाट बाहिरिनुपरेको कुराको पनि ज्ञान भयो । महिलाको आफ्नो लैङ्गिक अवस्थाको आत्मज्ञान उदारवादका लागि विध्वंसकारी छ किनभने उक्त उदारवाद वर्गीय आधारमा भएको महिलाको सामाजिक बहिष्करणमाथि अडिएको छ । यदि महिलाको पुरुष सरहको समानताको मागले तार्किक निष्कर्ष पायो भने उदार समाजको स्थापनाका लागि पितृसत्तात्मक संरचनाको अन्त्य पनि हुन सक्नेछ । यदि यस्तो भयो भने समानता, सार्वभौमिकता र स्वतन्त्रता स्थापनाका लागि उदार नारीवादीलाई त फाइदा हुन्छ नै , त्यसका अतिरिक्त यसले आम मानिसको आलोचना पुँजीवादी पितृसत्तामाथि खनिने अवस्थाको सिर्जनासमेत गर्नेछ (टुना र अन्य, सन् १९९५ : ७) भन्ने आइसेन्टिनको निष्कर्ष देखिन्छ ।

उदार राजनीतिक सिद्धान्त अधिकारको सिद्धान्तका रूपमा हातहातै फैलियो । उदार नारीवादीहरूले यी अधिकारहरू महिला-पुरुष दुवैका लागि उत्तिकै मात्रामा लागू हुनेछन् भन्ने धारणा पोखे । मेरी आन्ना वारेनले मानिसको जन्म नै जीवनका व्यक्तिगत अधिकारहरूको स्थापनाका लागि उपयुक्त हुन्छ भन्ने धारणा राखिन् । यसले मानिसलाई जन्मले सामाजिक सम्बन्धहरूको प्रारम्भको अनुमति दिने कुरा पनि सम्झाउँछ । बच्चाको आगमन परिवार वा समुदायको सदस्यका रूपमा मात्र नभएर सामाजिक रूपको जिम्मेवार उपस्थिति पनि हुन पुग्दछ । यसले जीवनलाई बलियो बनाउन भाग्यवादी सोचले भन्दा बढी शक्ति प्रदान गर्दछ । यसैले नै गर्भवती महिलाको व्यक्तिगत स्वायत्तता र शारीरिक सुरक्षाजस्ता आधारभूत अधिकारको पनि रक्षा हुनसक्छ ।

उदार नारीवादले स्थापना गरेको समानताको मूल्य कसका हितमा छ त भन्ने प्रश्न उठ्न सक्छ किनभने मध्यम वर्गीय गोरा महिलाका लागि उपयुक्त ठानिएको समानताको सुविधा अफ्रिकाली-अमेरिकाली एवं गरिब गोरा महिलाका लागि उपयुक्त नहुन सक्छ । त्यति मात्रै होइन, मध्यम वर्गीय गोरा महिलाले पाएको अधिकार काला जातिकी महिलाले त परै जाओस्, अफ्रिकाली-अमेरिकाली पुरुषले समेत पाउँदैन । वर्ग र रङ्गका कारणले उदार नारीवाद असफल हुने देखिन्छ ।

नारीवादी महिलाहरूले उदार नारीवादको विभिन्न कोणबाट आलोचना गर्ने गरेका छन् । जनता र राजनीतिक अत्याचारलाई सिद्धान्तीकरण गर्ने उदार नारीवादले घरेलु अत्याचारलाई चाहिँ पृथक् राखेकामा यसले पहिलो आलोचना खेपेको छ । पश्चिमी समाजको पुँजीवादी आधारशिलाको परिवर्तनतर्फ सिधा प्रयत्न गर्न अनिच्छा गर्नु भनेको पुँजीवादी पितृसत्ताको विरोध गर्न अनिच्छा गर्नु हो । पितृसत्ताको पुँजीवादी आर्थिक संरचनाप्रति सहिष्णु बन्ने र निजी एवं सार्वजनिक कामका क्षेत्रलाई एक अर्काबाट अलग्याउने प्रवृत्तिप्रति नारीवादीहरू आलोचक बनेका छन् किनभने ती दुईवटा कुरा महिला दमनका कारक हुन् जसलाई उदार नारीवादले सम्बोधन नै गर्दैन । उदार नारीवादीहरूको वाक् स्वतन्त्रताका कुराले पनि उनीहरू र समाजवादी आदि नारीवादीहरूका बिचमा विरोध बढाएको छ । उदार नारीवादीहरूको पूर्ण वाक् स्वतन्त्रताको कुराले महिलाकेन्द्रित अश्लीलतालाई समेत पनि प्रश्रय दिएको छ ।

उदार नारीवादीहरू पितृसत्ताको संरचनात्मक परिवर्तनतर्फ नभई त्यसको सुधारपट्टि मात्रै अभिमुख छन् । उनीहरूले संविधान संशोधनमा समान अधिकारसम्बन्धी कुराको र लैङ्गिक विभेद हटाउनेसम्बन्धी कानुनको समर्थन गरेका त छन् तर समानतासम्बन्धी कानुनी र शैक्षिक व्यवधानका पछाडि शिशुस्याहार केन्द्रको अभाव, महिला माथिको दोहोरो जिम्मेवारी, आर्थिक क्षेत्रमा भएको महिला पुरुषको कामको तुलनाको अभावजस्ता लैङ्गिक समानतासम्बन्धी गहिरा संरचनात्मक बाधाहरू लुकेर बसेका हुन्छन् । यसमा महिला र पुरुषका बिचको आर्थिक भिन्नता अर्थात् एकल आर्थिक (पुरुषकेन्द्री) व्यवस्थाको वास्तै गरिँदैन । यस्ता सुधारका कुराले त तलब दिएर घरेलु कामदार राख्न सक्ने मध्यम वर्गीय महिलालाई मात्र सहयोग पुऱ्याउँछ । आलोचक सेला बेनहबिबले उदार नारीवादले अघि सारेको नारीवादी सिद्धान्त र महिला अनुभवको यथार्थताकै आधारमा महिलाहरूकै बिचमा हुने भिन्नतालाई प्रस्तुत गरेकी छन् । उनले मध्यम वर्गीय महिलाका आधारमा सबै महिलालाई सामान्यीकरण गर्ने कुराको विरोध गर्दै बाँकी अरू महिलाका आधारमा चाहिँ नारीवादी सिद्धान्तको निर्माण गरिनुपर्छ भन्ने कुरा अगाडि सारेकी छन् । उनले अभावग्रस्त, भावनात्मक आकाङ्क्षा पालेका, आफ्नै पहिचान भएका र विशिष्ट इतिहास भएका व्यक्ति महिलाका आधारमा चाहिँ नारीवादी सिद्धान्तको निर्माण गरिनुपर्छ भनेकी छन् ( म्यासेन, सन् २००० : ३६-३७) । विगतमा समानता भनेर मध्यम वर्गीय महिला र गोरा पुरुषका बिचको समानता मात्र बुझिन्थ्यो । त्यसो भए के सम्पूर्ण महिलाले समानताको अधिकार प्राप्त गर्नका लागि मध्यम वर्गीय बन्न खोज्ने त ? यसरी त खास जाति र वर्गका महिलालाई मात्र फाइदा पुग्छ ।

उदार नारीवादीहरू महिलाको लेखनले कसरी महिलाले भोगेका दमन र अन्यायका आधारमा नारीवादी चेतना जगाएको छ भन्ने कुरामा जोड दिन्छन् । महिलाहरू आफ्नो लैङ्गिक वर्गका कारणले कसरी आर्थिक अधिकारबाट बञ्चित भएका छन् भन्ने कुरा महिला लेखकले कसरी खोजी-खोजी पस्कन्छन् भन्ने कुरामा उदार नारीवादको ध्यान केन्द्रित भएको देखिन्छ । उदार नारीवादी लेखनले सबै वर्गका महिलाको व्यक्तिगत स्वतन्त्रताको वकालत गरे पनि सामाजिक संरचनाले भने त्यसलाई अस्वीकार गर्दछ । मूल रूपमा एलिजाबेथ केडी स्ट्यान्टन, चार्लोट्टे पर्किन्स

गिलम्यान र बेट्टी फ्राइडन नामका तीनवटी अमेरिकाली महिलाको यस क्षेत्रमा विशेष योगदान छ ।

स्ट्यान्टन र सुसन बी. एन्थोनी आफूहरूमध्ये एकजना लेखक र एकजना समालोचक भएकाले आफूहरूलाई एक अर्काको पूरक मान्छन् । एन्थोनी दासमुक्ति आन्दोलनसँग पनि सम्बन्धित थिइन् र लिन्डनमा भएको सन् १८४० को दासहरूका भेलामा गएपछि महिलाहरूले पनि सङ्गठित आन्दोलन गर्नुपर्छ भन्ने कुरा उनका मस्तिष्कमा चढेको थियो । त्यही कारणले सन् १८४८ मा 'सेनेका फल्स कन्भेन्सन' गरिएको थियो । राज्यले महिला र दासहरूलाई नागरिकता दिने कुरा अस्वीकार गर्नु भनेकै व्यक्तिगत स्वतन्त्रता र सामाजिक समानतालाई अस्वीकृत गर्नु हो । त्यही कारणले स्ट्यान्टनले महिला मताधिकार र दासमुक्तिका कुरालाई नै उदारवादीहरूको सिद्धान्त बनाइन् । उनको विचारमा नारीवाद र मुक्ति आन्दोलनका बिचमा स्पष्ट दूरी रहेको छ र महिलाहरूको भन्दा पहिला दासमुक्ति सम्भव छ । दासमुक्ति भएर पनि काला जातिका महिलाले व्यक्तिगत अधिकार, सम्पत्ति, ज्याला पाएनन् र बालबच्चाको जिम्मेवारी बाँडिएन भने त्यहाँ अर्को दासता जीवितै रहनेछ र काला पुरुषहरू पनि महिलाका दृष्टिकोणमा भने गोरा पुरुषभन्दा फरक हुनेछैनन् भन्ने स्ट्यान्टनको आशय थियो । काला महिलाहरूले मुक्ति नपाएसम्म 'महिला र पुरुष' तथा 'काला र गोरा' का बिचको समानता सम्भव हुँदैन थियो पनि । सबैको व्यक्तिगत स्वतन्त्रताको कुरा वैधानिक भइसकेकाले तिनलाई कसैले हटाउन सक्ने सम्भावना थिएन । अमेरिकाको स्वतन्त्रताको घोषणासँगै गरिएको महिलाको पूर्ण मानवाधिकारसम्बन्धी कुराको प्रतिज्ञाका सम्बन्धमा स्ट्यान्टन लडाइँ गरिरहेकी थिइन् । उनले विवाह शक्ति, दमन र नियन्त्रणको सम्बन्ध हो र यसले पुरुषलाई मात्र फाइदा पुगिरहेको छ भन्ने कुरा अगाडि सारेकी थिइन् । विवाहमा महिलाहरू आफ्नै शरीरमाथिको नियन्त्रण लगायतका सबै कुराको समर्पण गर्छन् र बदलामा दासत्व पाउँछन् । घरबाहिर गरिएका कामको ज्यालाको निर्धारण पनि उनीहरूको कामको योग्यताका आधारमा नभएर लिङ्गका आधारमा गरिन्छ । विवाहका कारणले महिलाले भोग्नुपर्ने परनिर्भरतामा आधारित रहेर विवाहित महिलाका अधिकारमा सुधार तथा पारपाचुकेको सुविधाका कुराहरू पनि अगाडि ल्याइए ।

आफूलाई नारीवादी भन्दा पनि समाजशास्त्री भन्न रुचाउने गिलम्यानलाई आफूले मत खसाल्ने कुराको त्यति वास्ता नभए पनि महिलाहरूको मताधिकारसम्बन्धी आन्दोलनको भने उनी समर्थन गर्थिन् । त्यसपछि उनले औद्योगिक समाजको महिलाको समानताको कुरामा पनि रुचि राख्थिन् । उनले आफ्नो लेखनलाई महिला वास्तवमै पुरुषमा निर्भर रहन चाहन्छन्, महिलाका इच्छा-आकाङ्क्षा पुरुषका तुलनामा थोरै हुन्छन्, महिलाहरू शिक्षित हुन चाहँदैनन् र घरबाहिरका अन्य पेसामा संलग्न हुन चाहँदैनन् भन्ने खालका परम्परागत दृष्टिकोणमा केन्द्रित गरिन् । उनको लेखनले महिलाको आर्थिक तथा मनोवैज्ञानिक परनिर्भरताको सामाजिक अवस्थालाई छर्लङ्ग्याएको छ । उनका विचारमा पुँजीवाद र पितृसत्ता महिलाको आर्थिक र लैङ्गिक शोषण गर्ने कार्यमा एकसाथ हुन्छन् । परम्पराले पुरुषलाई बलियो हुन र महिलालाई कमजोर हुन सिकाउँछ । विवाहपछि महिलाहरू खानाका निम्ति पुरुषको भर पर्छन् । आर्थिक उत्पादनका कार्य र उत्पादका

साधनमाथि महिलाको अधिकार नभएका कारणले पुरुष कमाएर ल्याउँछ र महिला त्यसको उपभोग गर्छे। उसले हरेक कुरा पुरुषसँग माग्नुपर्ने बाध्यता भएकाले ऊ सधैंभरि पुरुषलाई रिझाउने प्रयत्न गरिरहन्छे। पुरुष भान्साका लागि मूल्य तिर्छ। महिला उसको निजी घरेलु दास भएकाले उसलाई केही दिनु पर्दैन र दिँदैन पनि। सम्पूर्ण आर्थिक संरचना पुरुषमा केन्द्रित भएकाले पुरुषलाई रिझाउनुको अर्को विकल्प महिलासँग छँदा पनि छैन। महिलाको आत्मनिर्भरताले मात्र यसको विकल्प दिन सक्छ। गिलम्यानका सम्पूर्ण प्रयत्नहरू महिलाले आर्थिक अवसर पाउनका लागि गरिने बाधा- व्यवधानका सुधारमा केन्द्रित छन्। उनले महिलाले विनापारिश्रमिक वा अत्यन्त थोरै पैसामा गर्ने घरेलु कामको व्यावसायीकरण गर्ने र यसलाई पारिवारिक घेराबाट मुक्त गरेर व्यापारमा परिणत गर्ने कुराको सल्लाह दिएकी छन् (म्यासेन, सन् २००० : ४३)। सफाइ गर्ने, किनमेल गर्ने, घरको व्यवस्थापन गर्ने, पकाउने, बच्चा हेर्ने कामहरूलाई तालिमप्राप्त व्यवसायीका दक्षतायुक्त कामका रूपमा लिएर त्यसको मूल्य तिर्नुपर्छ भन्ने गिलम्यानले पुरुषले पनि घरेलु काम गर्नुपर्छ भन्ने सन्दर्भको भने उल्लेखै गरेकी छैनन् मात्र होइन, महिलाले पुरुषले गर्ने गरेका काम गर्दा सामना गर्नुपर्ने बाधा पनि औंल्याएकी छैनन्। उनको सम्पूर्ण ध्यान तात्कालिक आर्थिक संरचनामा सुधार गर्नुपर्छ भन्ने कुरामा मात्र केन्द्रित देखिन्छ।

गिलम्यानलाई महिलाले मताधिकार पाइसकेपछि अब महिलाका समस्याको समाधान भइसक्यो भनिठानिने हो कि भन्ने पिर थियो। बेट्टी फ्राइडनले महिलाका समस्याका समाधान त भएको छैन तर ती अदृश्य भने भएका छन्, अर्थात् तिनले भाषिक अभिव्यक्ति पाएका छैनन् भनेकी छन्। यही अदृश्यतालाई उनले 'महिला रहस्य' (फेमिनिन मिस्टिक) भनेर सम्बोधन गरेकी छन्। अर्थात् महिलाका ती अदृश्य पीडाको नाम छैन। फ्राइडनको **फेमिनिन मिस्टिक**बाट सानो अंश यहाँ उद्धृत गर्नु उपयुक्त छ। उनले लेखेकी छन् -

> समस्या अमेरिकी महिलाहरूका मस्तिष्कमा अव्यक्त रूपमा बसिरह्यो। बीसौं शताब्दीको मध्यतिरका अमेरिकी महिला असन्तुष्टिको भावनाले अचम्मसँग भावनात्मक रूपमा पिरिन थालेका थिए। काँठमा बस्ने प्रत्येक पत्नी यस समस्यासँग एक्लै जुधिरहेकी थिइन्। उनी बिछ्यौना मिलाउँथिन्, विशालबजारमा किनमेल गर्थिन्, आफ्ना केटाकेटीसँग बसेर बदमको घ्यू हालेको स्याण्डबिच खान्थिन्, स्काउट केटाकेटीहरूको समूहका लागि गाडी हाँक्थिन् र राती आफ्नो श्रीमान्को छेउमा सुत्थिन्। उनी आफैसँग पनि आफ्ना लागि 'के यति नै पर्याप्त छ त ?' भनेर प्रश्न सोध्न डराउँथिन्।
>
> (सन् १९६३ : १५)

फ्राइडनको यस अभिव्यक्तिले सार्वजनिक संसारबाट बाहिऱ्याइएका महिलाको पीडा पोखेको छ। आफूलाई अझै बढी चाहिएको छ भन्नु कृतघ्न र स्वार्थी हुनु हो भन्ने अपराधबोधले पनि उनीहरू सताइएका छन् भन्ने आशय पनि यसमा झल्कन्छ। यही अपराधबोध नै फ्राइडनको पुस्तकको मूल स्रोत हो। महिलाहरूमाथि पारिवारिक जीवनका यति धेरै दबाबहरू छन् कि उनीहरू यसको घेराभन्दा परको कुनै ठूलो लक्ष्य लिनै सक्तैनन्, आफ्नै 'महिलापन'का सेरोफेरोमा

रमाइरहनु नै उनीहरूका निम्ति पर्याप्त हुन्छ भन्ने कुरा पनि उनले आफ्नो पुस्तकमा महिलाका दबाबलाई अभिलेख गर्ने क्रममा व्यक्त गरेकी छन् । सन् १९५० का छेउछाउतिर कि त जवान महिला, कि त विधवाहरू नै आयआर्जनका काम गर्थे । महिलाका बाहुल्य भएका नर्सिङ, शिक्षणजस्ता पेसामा उनीहरू आफू अर्धसहरी पत्नी हुनुका योग्यता प्रदर्शन गर्थे । अमेरिकी संस्कृति यसैमा महिलाले पूर्णता पाएको भनिठान्थ्यो र महिलालाई उनीहरूका असन्तुष्टि र दिक्दारीबाट मात्र होइन आफ्नो जिन्दगीमा कुनै गम्भीर गल्ती भइरहेको छ भन्ने अनुभूतिबाट पनि टाढा राख्ने प्रयत्न गर्थ्यो । महिलालाई घर बाहिरको संसारका हरेक गतिविधिबाट अलग्याइन्थ्यो । महिलाले मस्तिष्क र जोश-जाँगरको काम गर्ने पाउँदैनथे । फ्राइडनले यसरी महिलाका वाणीहीन समस्याहरूलाई आफ्नो पुस्तकमा अभिव्यक्ति दिएकी छन् र उदार नारीवादको यो सर्वोत्तम नमुना पुस्तक पनि हो ।

महिला समस्याका बहुआयामलाई नसमेटी खासगरी राजनीतिक क्षेत्रका अधिकारका कुरामा आफूलाई बढी केन्द्रित गरेको, अन्य सन्दर्भमा पनि सतही सुधारका कुराभन्दा अगाडि नबढेको, पितृसत्ता एवं पुँजीवादको गठबन्धनमाथि प्रहार गर्नुपर्नेमा सो क्षमता प्रदर्शन गर्न नसकेको, मध्यम वर्गीय शिक्षित गोरा महिलालाई मात्र ध्यानमा राखिएका कारण उदार नारीवाद बढी मात्रामा आलोचनाको सिकार बनेको देखिन्छ । खासगरी नारीवादको तेस्रो धार अथवा उत्तरनारीवादीहरूले यसको विशेष आलोचना गरेका छन् । यसो हुँदाहुँदै पनि नारीवादी चेतनाको विकास क्रमको ऐतिहासिक भूमिका निर्वाह गर्ने सन्दर्भमा चाहिँ उदार नारीवादलाई उपलब्धिपूर्ण नै मान्नुपर्छ ।

#### २.३.२.२ **मार्क्सवादी नारीवाद**

पाश्चात्य मुलुकमा खासगरी बेलायतमा सन् १९६० र १९७० का दशकमा नारीवादका क्षेत्रमा अन्य साहित्यिक सिद्धान्त सँगसँगै मार्क्सवादले पनि आफ्नो प्रभाव विस्तार गरेको हो । नारीवादभित्र मार्क्सवाद/समाजवाद एवं वर्ग विश्लेषणका सन्दर्भमा यसको प्रवेश भएको हो । यसले अहिले व्यापक रूप ग्रहण गरिसकेको छ । सन् १९८० को अन्त्यतिर युरोपको पूर्वी भागमा समाजवाद समाप्त भएपछि मार्क्सवादी नारीवादको पनि मृत्यु भइसक्यो भन्नेहरू पनि छन् (म्यासेन, सन् २००० : ५९) तापनि मार्क्सवादी नारीवादी धाराको प्रभाव समाजमा कायमै छ । नारीवादका धारामध्ये मार्क्सवादी नारीवादी धारा विश्वमै अधिक महत्त्वपूर्ण मानिन्छ (बिस्ले, सन् १९९९ : ५८) ।

मार्क्सवादी नारीवादले मार्क्सवादबाट महिलाको आर्थिक शोषणको ऐतिहासिक सन्दर्भलाई व्याख्या गर्न वर्ग विश्लेषणको आधार ग्रहण गरेको छ । त्यसमा पनि खास गरी लैङ्गिक श्रम विभाजनअन्तर्गत परिवार र महिलाको घरेलु श्रमको जिम्मेवारीको ऐतिहासिक अन्वेषण गर्ने क्रममा मार्क्सवादको सहारा लिइएको छ । मार्क्सवादले सर्वप्रथम लिङ्ग र अर्थका बिचको जटिलतालाई फुकाउने काम गरेको छ तापनि यसले महिलाको श्रमको इतिहासलाई भने अगाडि ल्याएको छैन

भन्ने शिला रुथ बोथामको आरोप छ। अर्थात् उनका अनुसार महिलामाथिको कामको दोहोरो शोषण (घरबाहिर र भित्र दुवैतिर काम गर्नुपर्ने महिलाको बाध्यता) का बारेमा मार्क्सवाद मौन रहेको छ (सेल्डन, सन् २००६ : १३५)।

मार्क्सवाद सुधारको नभएर परिवर्तनको दर्शन हो र नारीवादीहरू दर्शनको यसै पक्षबाट बढी आकर्षित छन् किनभने लैङ्गिक विभेद हटाउनका निम्ति समाज जगैदेखि फेरिनु आवश्यक छ। समाजमा परिवर्तन ल्याउनका लागि पहिला त्यसको जगैदेखि अध्ययन गर्नु पर्दछ र त्यसका सकारात्मक-नकारात्मक कुराहरूको निर्क्योल गर्नुपर्छ। समाज विश्लेषणको दरो आधार मार्क्सवादसँग छ। यसैले नारीवादले समाज व्यवस्थाको विश्लेषण गर्ने तरिका मार्क्सवादसँग ग्रहण गरेको छ (रुथभेन, सन् १९९१ : ३१) र नारीवादको त्यो हाँगो मार्क्सवादी नारीवादका नामले प्रसिद्ध छ। मार्क्सवादको त्यही परिवर्तनको दर्शनलाई एन्ड्रिया दोर्किनले नारीवादमा सार्दै "हामीलाई संसारको परिवर्तनसँग मतलब छ। पुरुषवादी लेखन कुनै दिन ऐतिहासिक उत्सुकताको विषय बन्नेछ" (रुथभेन, सन् १९९१ : ३०) भनेकी छन्। नारीवादका अवलम्वन गर्नेहरू सबै परिवर्तनका माध्यममा परिणत भएका छन् र साहित्य पनि त्यसै लक्ष्यसँग गाँसिएर आफ्ना पाठकलाई आकर्षित गर्दै संसारको परिवर्तनतर्फ अग्रसर गराउन क्रियाशील छ। त्यसकारणले जुडिथ फेट्टर्ली पाठकलाई आफ्नो पुस्तकमा प्रतिपादित मतहरूलाई साहित्यिक समालोचनाका रूपमा नलिन अनुरोध गर्छिन्। अर्की समालोचक लिलियन एस. रविन्सन पनि आफूले नारीवाद प्राज्ञिक समालोचनामा दरियोस् भन्ने महत्त्वाकाङ्क्षा नराखेको कुरा बताउँदै बरु यो नारीवादी आन्दोलनको उपयोगी अंश चाहिँ बनोस् भन्छिन् (रुथभेन, सन् १९९१ : ३०)।

मार्क्सवादी नारीवादले सन् १९७० देखि नै आर्थिक संरचना र जीवनको भौतिक संरचना नै लैङ्गिक असमानताका स्रोत हुन् भन्ने कुरा पत्ता लगायो। यो सिद्धान्त ऐतिहासिक भौतिकवादमा आधारित छ जसले सिकारी युगदेखि औद्योगिक क्रान्तिकालसम्मका उत्पादनका सिलसिलामा भएका परिवार र कामको सामाजिक संरचनामा कसरी परिवर्तन आयो भन्ने कुरा बताएको छ। समाज विकासको ऐतिहासिक विकासक्रमलाई औंल्याउने क्रममा मातृसत्ताको पतन, पितृसत्ताको उदय र त्यसको क्रमिक विकास, आफूले अरूसँग युद्ध गरेर जितेर ल्याएका पशु र मानिसमाथिको पुरुषको आधिपत्य, विवाहको शैलीमा परिवर्तन, सम्पत्तिको उत्तराधिकारीको खोजीका क्रममा एकनिष्ठ विवाह र महिलामाथि पातिव्रत्यको अनुशासनजस्ता कुराको विस्तृत व्याख्या एङ्गेल्सले आफ्नो पुस्तक **परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति** (प्रथम प्रकाशन सन् १८८४) गरेका छन्। यस पुस्तकमा रहेको 'पितृसत्ता'सम्बन्धी अवधारणाले नारीवादीहरूलाई पर्याप्त चिन्तनगत खुराक प्रदान गरेको छ। मानव संसारमा "पहिलो श्रम विभाजन सन्तान उत्पादनका लागि पुरुष र नारीका बिचमा भएको थियो। इतिहासमा पहिलो पटक देखा परेको अन्तर्द्वन्द्व एकनिष्ठ विवाहअन्तर्गत पुरुष र नारीका बिचको अन्तर्विरोधका साथै र पहिलो वर्गीय उत्पीडन पुरुषद्वारा नारीमाथिको आधिपत्यका साथसाथै प्रकट हुन्छ" (एङ्गेल्स, सन् १९८६ : ७८-७९)। यसरी परिवारको सम्पत्तिको अधिकार पुरुषमा एकत्र भएपछि नारी सर्वहारा बनेकी हो। यिनै पृष्ठभूमिमा नारीवादले मार्क्सवादमा आफू अनुकूलका पर्याप्त आधारहरू भेट्यो र महिला मुक्ति सामाजिक

परिवर्तन (त्यो पनि आमूल) बाट मात्र सम्भव हुन्छ भन्ने दृष्टिकोणसहित मार्क्सवादी नारीवाद एकातिर सामाजिक आन्दोलनका रूपमा र अर्कातिर साहित्यिक आन्दोलनका रूपमा सक्रिय बन्यो ।

समाजले औद्योगिक खुड्किलामा टेक्नुअघि महिलाले गर्ने घरेलु काममा घरको बन्दोबस्त र बच्चाको हेरचाह मात्र नपरी अन्न उब्जाउने, कपडा बुन्ने र सिउने लगायतका घरेलु आवश्यकताका अन्य कामहरू पनि पर्दथे । १९ औं शताब्दीको औद्योगिक क्रान्तिले उत्पादनसम्बन्धी कामलाई घरबाट कारखानामा पुऱ्यायो र त्यसको मालिक्याइँ केही समय मात्र कामदारमा अडिई पछि पुँजीपतिहरूमा सऱ्यो जो नाफाका लागि थोरै ज्यालामा कामदारहरूलाई कजाउँथे ।

मार्क्सले पुँजीवादी समाजको विश्लेषण गरेर समाजका पुँजीपति र मजदुर दुईवटा वर्गको अस्तित्व देखाएका छन् । महिलाका नाममा पनि कुनै सम्पत्ति नहुने र उनीहरूले कमाएको पनि श्रीमान्‌को अधिकारमा पुग्ने भएकाले महिला पनि स्वतः मजदुर वर्गमा पर्ने देखिन्छ । यसरी मार्क्स र १९ औं शताब्दीका अर्थविद्‌हरूले घरेलु श्रमिकका रूपमा महिलामाथि हुने शोषणका कुरा पत्ता लगाए । पुँजीवादको लैङ्गिक संरचनाको विश्लेषण गर्ने क्रममा यसरी मार्क्सवादी नारीवादीहरूले गृहिणीहरूलाई सबभन्दा अगाडि राखे । गृहिणीहरू पुँजीवादका लागि र औद्योगिक अर्थतन्त्रका लागि महत्त्वपूर्ण छन् किनभने तिनको पारिश्रमिक विनाको कामले मालिक एवं मजदुरको घरको व्यवस्थापन एवं भावी मालिक र मजदुरको जन्म तथा हेरचाह गरिरहेको हुन्छ । आफ्ना श्रीमान्‌हरूलाई अप्ठेरो पर्दा उनीहरू घरभित्रै लुगा सिउनेजस्ता पैसा कमाउने काम अथवा अस्थायी वा ज्यालादारी कामसमेत गर्दथे । त्यस्तै यदि मजदुरको ज्याला परिवारको आजीविकाका लागि अपर्याप्त भयो भने उनीहरू आफ्ना श्रीमतीलाई कारखाना, पसल वा अरू मानिसका घरमा समेत काम गर्न पठाउँथे, कि त उनीहरू आफ्ना घरलाई नै कारखानामा परिणत गरेर परिवारका प्रत्येक सदस्य र बच्चाहरू समेतबाट काम लिन्थे ।

महिलाको मुख्य जिम्मेवारी घरभित्रै हुन्थ्यो र यदि अर्थ व्यवस्थालाई बढी कामदारको खाँचो पऱ्यो भने उनीहरूलाई कारखानामा काम गर्न प्रोत्साहित गरिन्थ्यो र नचाहिएपछि निकालिन्थ्यो । उनीहरूले अत्यन्त न्यून मात्रामा भए पनि ज्याला त पाउँथे तर पदोन्नतिको अपेक्षा गर्न पाउँदैनथे । घरमा गरिएको उनको अवैतनिक काम परिवारका लागि हुन्थ्यो । पारिश्रमिक पाउने र नपाउने यी दुवै कामको आर्थिक महत्त्व हुन्छ । मार्क्सवादी नारीवादीका अनुसार घरभित्र र बाहिर दुवैतिर भएको महिलाको कामको शोषण लैङ्गिक विभेदको प्राथमिक आधार हो ।

मार्क्सवादी नारीवादले महिलामाथि लादिएको पुँजीवाद र पितृसत्ताको दोहोरो शासनको कुरा पनि निकै सशक्त ढङ्गले उठाएको छ । पुरुषलाई उसको मालिकले थोरैभन्दा थोरै ज्यालामा काम लगाएर उसको श्रमको शोषण गर्छ र प्रशस्त नाफा कमाउँछ । यता घरमा उसका सबै काम गरिदिने अरू कोही हुन्छ र त्यो ‘अरू कोही’ उसकी श्रीमती हुन्छे जसले उसका लागि खाना पकाउने, उसका लुगा धोइदिने, उसको यौनको आवश्यकता पूरा गरिदिने र उसका बच्चाको

स्याहारसम्भार गरिदिने आदि सबै काम विनापारिश्रमिक गरिदिन्छे। यदि उसको श्रीमान्को रोजगारी गुम्यो भने वा उसको आर्जन अपर्याप्त भयो भने परिवारको भरथेगका लागि कि त ऊ बाहिर काम गर्न जान्छे कि त कामलाई घरमै ल्याउँछे। यति भएर पनि उसले घरेलु जिम्मेवारी भने पहिलेजस्तै र जत्तिकै सम्हाल्नै पर्छ। महिलाको मूल काम आफ्ना श्रीमान् र बालबच्चाको हिफाजत गर्ने भएकाले पुरुषले जत्तिकै र जस्तै गर्दा पनि ज्याला भने थोर दिइन्थ्यो र महिलाको काम गरिरहने चाहना हुँदाहुँदै पनि कारखाना मालिकलाई चाहिएन भने उसले सजिलै निकालिदिन्थ्यो। यसरी महिलाहरू एउटा वर्गका रूपमा-बजारमा सस्तो मजदुरका रूपमा र घरमा निःशुल्क कामदारका रूपमा गरी दोहोरो शोषणमा पर्दथे।

बजार र घर दुवैतिरका काम अन्तर्सम्बन्धित छन्। महिलाको न्यून ज्यालाले पुँजीवादी अर्थ व्यवस्थामा परिवारका लागि खासै भरथेग हुँदैन। त्यसैले विवाह अथवा पुरुषको आर्थिक सहयोग उनीहरूका लागि वित्तीय आवश्यकता बन्दछ। एउटी पत्नीले घरेलु काम गरेर बच्चाहरूको हेरचाह गरेर आफ्नो श्रीमान्लाई आर्थिक भरथेग नै गरिरहेकी हुन्छे। उसको गृहस्थी काम श्रीमान् र बालबच्चाका लागि  भौतिक एवं भावनात्मक सद्भावका लागि नभएर आर्थिक सन्दर्भमा पनि उत्तिकै महत्त्वयुक्त हुन्छ। महिलाले घरेलु कामका सबै जिम्मेवारी लिइदिनाले पुरुषलाई बाहिर काम गर्न जान र भविष्यका मालिक, मजदुर र तिनका पत्नीहरू (वर्तमानका बालबच्चा) लाई पढ्न जान सजिलो हुन्छ। आमाहरूले आफ्नो वर्गको मूल्य आफ्ना बालबच्चालाई बुझाउँदै भविष्यका हाकिमहरूलाई आत्मनिर्भर हुन र भविष्यका मजदुर एवं तिनका पत्नीहरूलाई आज्ञाकारी हुन सिकाउँछन्। समाजमा आफ्नो हैसियत कायम गर्नका लागि पुरुषलाई पुँजीवादसँग लडे पुग्छ भने महिलाले एकातिर पुँजीवादसँग र अर्कातिर पितृसत्तासँग दोहोरो लडाईं लड्नुपर्ने हुन्छ। कामको लैङ्गिक विभाजन र पुरुष हैकमले महिलाहरू थिल्थिलिएका छन्। यिनीहरू आपसमा यति धेरै अन्तर्सम्बन्धित छन् कि  कामको लैङ्गिक विभाजनको अन्त्य गर्नका लागि पुरुष आधिपत्यलाई पनि समाप्त गर्नैपर्ने हुन्छ। सामाजिक संरचनामा आधारभूत परिवर्तन ल्याउनका लागि महिलाहरू स्वतन्त्र हुनुपर्छ। यसका लागि काममा हुने भेदभाव हटाउनुपर्छ। बाहिरी कामको भेदभावभन्दा पनि भित्री कामको वितरण मानिसको अन्तर्चेतनामा अत्यन्त सूक्ष्म रूपमा घुलमिल भएर बस्ने हुनाले यिनमा परिवर्तन ल्याउन अत्यन्त कठिन हुन्छ।

मार्क्सवादी नारीवादले एकचोटि सबै महिलाहरूले गृहस्थीकर्म र बच्चाको लालनपालनको पारिश्रमिक पाउनुपर्छ, मायाकै भरमा मात्र त्यत्तिका जिम्मेवारी लिन सकिन्न भन्ने प्रस्ताव राखेको थियो। यदि महिलाहरू तलबी कामदार भए भने उनीहरूको काम पनि राष्ट्रिय आयको एक भाग हुनसक्ने, उनीहरूको स्तरवृद्धि हुने, उनीहरूले अरू बिदालगायत बिरामी बिदासमेत पाउन सक्छन् तर महिलाहरूले आफ्नो कामका लागि तलब पाएका हुन्छन् र त्यो परिवारका लागि हुन्छ भन्ने अर्थ लगाइन्छ। उनीहरूको परिवार चलाउनका निम्ति उनीहरूले नै पाएजस्तो हुने गरेर उनीहरूका श्रीमान्ले तलब पाइराखेका छन् अर्थात् श्रीमान्को जागिरवापत पाउने परिवारभत्ता उनीहरूले तलब पाएसरह हो। श्रीमान्ले श्रीमतीलाई घरेलु काम गरेवापत् पारिश्रमिक नै कहिले दिन्छ र ? न त प्रत्यक्ष न त परोक्ष ढङ्गले नै। ऊ त श्रीमान्की आश्रित मात्र हो। आफ्नो

श्रीमान्‌को मृत्यु, बिरामी वा उनीहरूका बिचको पारपाचुकेजस्ता खतरनाक स्थितिहरू पनि उसले झेल्नुपर्ने हुनसक्छ । यसमा उदार नारीवादीहरूले जस्तै समाधान मार्क्सवादी नारीवादीहरूले पनि निकालेका छन् र त्यो हो महिलाको पनि स्थायी र पूर्णकालिक काम हुनुपर्छ । उनीहरू आत्मनिर्भर हुँदा पारपाचुके वा विधवा भए पनि, विवाह नै नगरे तापनि उनीहरूलाई आर्थिक पक्षबाट ढुक्क हुन्छ । अझ आमाहरूका लागि त बच्चा स्याहारको उपयुक्त सुविधासमेत प्राप्त हुनुपर्छ ।

मार्क्सवादी नारीवादी समीक्षकहरू महिला उत्पीडनको स्रोत समाजमा पत्नीहरूको अवस्थिति कस्तो छ र आमाहरूको विश्वप्रतिको दृष्टिकोणको निर्माण कसरी भएको छ भन्ने कुराहरूमा खोज्दछन् । मार्क्सको वर्गीय चेतनामा आधारित भएर हेर्दा पुँजीपति र मजदुरका बिचमा चेतनाको भिन्नता भेटिएजस्तै घरबाहिर काम गर्ने श्रीमान् र घरभित्र काम गर्ने श्रीमतीका विचारका बिचमा पनि भिन्नता हुन्छ किनभने श्रीमतीको चेतनाको निर्माण ऊ सक्रिय रहेको कामले गरेको हुन्छ । श्रीमान्‌को काम 'भविष्यमुखी' हुन्छ र ऊ कसरी आम्दानी गर्ने, कसरी नाफा कमाउने भन्ने कुरातिर लागेको हुन्छ । श्रीमतीको काम 'वर्तमानमुखी' हुन्छ र ऊ टेबुलमा खाना राख्ने र बच्चालाई विद्यालय जान तयार पार्ने क्रममा आफ्नो प्रत्येक दिनको समय खर्च गर्छे । श्रीमान्‌को काम अमूर्त हुन्छ, पैसा विचार वा अरू कुनै वस्तुका बारेमा उसको समय खर्च हुन्छ । श्रीमतीको काम भने मानिसहरूको शारीरिक र भावनात्मक आवश्यकता पूरा गर्ने खालको हुन्छ । पुरुष काममा  शान्त, अवैयक्तिक र तार्किक देखिन्छ तर महिलाका भागमा पत्नी र आमाको भूमिकाको काम परेको हुन्छ तथा त्यो अन्तर्वैयक्तिक एवं स्नेहको भण्डार प्रदर्शन गर्ने खालको हुन्छ । पुरुष व्यक्तिको हैसियतले कार्यालयमा काम गर्छ भने उसकी पत्नी सधैंभरि परिवारको एउटा सदस्यका रूपमा काम गर्छे, कहिल्यै व्यक्ति हुन्न ।

अनुभूति र विचारका दृष्टिले महिला र पुरुष फरक-फरक देखिन्छन् । उनीहरूको मस्तिष्कको बनोट नै फरक किसिमको भएर नभई उनीहरूको जीवनको अनुभूति नै फरक भएर महिला र पुरुष फरक देखिएका हुन् । मार्क्सवादी नारीवादले महिलाको वर्गीय चेतनालाई नारीवादको आधारभूत सिद्धान्त मान्छ भने आमूल नारीवादले बढ्दो संचेतनालाई उत्पीडनका व्यक्तिगत अनुभूतिको साझेदारीको रणनीति मान्छ ।

बाहिरी कामका क्षेत्रमा र घरको काममा हुने कामको लैङ्गिक विभाजनका आधारमा मार्क्सवादी नारीवादले लैङ्गिक विभेदको प्रभावकारी आर्थिक सिद्धान्तको जग फेला पारेको छ । विगतका कम्युनिस्ट देशहरू र कल्याणकारी राज्यहरूले यही सिद्धान्तमा आधारित रहेर महिला समस्याको समाधान फेला पारेका थिए जसले महिलाको भौतिक जीवनलाई त सुधार्‍यो तर महिलालाई पुरुषको नियन्त्रणबाट मुक्ति दिने काम भने गर्न सकेन । यसरी पुरुषको वर्गीय चेतना उनीहरूको पुँजीपति वा मजदुर हुनुको आर्थिक हैसियतले निर्धारित गर्छ भने महिलाको चेतना उनीहरूको दैनिकको भौतिक एवं भावनात्मक श्रमका आधारमा निर्धारित हुन्छ । यसैले यी दुवैको चिन्तनमा भिन्नता पाइन्छ ।

साहित्यिक सन्दर्भतर्फ मुखातिव हुँदा कोरा कप्लानले आमूल नारीवादी मिलेटलाई समाजवादी-नारीवादी समालोचनाका क्षेत्रमा राखेकी छन्  भने मिचेल ब्यारेटलाई उनको **उमन्स अप्रेसन टुडे : प्रब्लेम्स इन् मार्क्सिस्ट फेमिनिस्ट एनलाइसिस** (सन् १९८०) मा गरिएको समालोचनाका आधारमा मार्क्सवादी नारीवादी कित्तामा राखेकी छन् । पहिलो , उनले भर्जिनिया उल्फको भौतिकवादी अभिव्यक्तिलाई आधार लिएर महिला र पुरुषले लेखेको साहित्यमा भौतिक भिन्नता नै हुन्छ र लेखनको रूप एवं विषय दुवै त्यसैबाट प्रभावित हुन्छ भनेकी छन् । इतिहासमा भएको उनीहरूको भौतिक उपस्थितिबाट लैङ्गिक परम्परागतताको प्रश्नलाई छुट्याउन सकिँदैन । यसको अर्थ हो संस्कृतिमा आएको क्रमिक परिवर्तनले मात्र मुक्ति हासिल हुँदैन । दोस्रो, महिला र पुरुषको लेखन लैङ्गिक विचारधाराबाट र विषयको विशिष्टता कसरी स्थापित भएको छ भन्ने कुराबाट प्रभावित हुन्छ भनेकी छन् । तेस्रो, नारीवादी समालोचकले साहित्यिक पाठमा आख्यानात्मक प्रकृतिको हिसाबकिताब राख्नुपर्छ र हचुवाका भरमा सबै महिला लेखकले लैङ्गिकताका कुरा उठाएकै हुन्छ भनेर ठोकुवा गर्नु हुँदैन किनभने पाठको कुनै निश्चित अर्थ हुँदैन र सो अर्थ परिस्थिति एवं पाठकको विचारधाराबाट प्रभावित हुन्छ भनेकी छन् । लिङ्गलाई महिला लेखकले आफ्नो लेखनमा आफ्ना प्रभाव दिन सक्छन् भन्दै कोरा कप्लानले आफ्ना मान्यता अगाडि सारेकी छन् ।

**फेमिनिस्ट क्रिटिसिजम एन्ड सोसल चेन्ज** (सन् १९८५) भन्ने पुस्तकमा जुडिथ न्यूटन र डेबोरा रोजेन फेल्टले महिलाहरू सार्वभौम रूपमा शक्तिहीन र सार्वभौम रूपमै असल हुन्छन् भन्ने छवि प्रस्तुत गर्ने नारीवादी समालोचकको दुःखदायी पलायनका बारेमा चर्चा गरेका छन् । उनीहरूले गिल्बर्ट र गुबारको **द म्याडवम्यान इन द एट्टिक** (सन् १९७९) मा रहेको साहित्यिक सङ्कीर्णतालाई त स्विकारेका छन् तर लैङ्गिक भूमिकाको निर्माणमा महत्त्वपूर्ण अंशका रूपमा रहेको सामाजिक र आर्थिक वास्तविकतामाथि हेलचेक्र्याइँ गरेको कुराको भने आलोचना गरेका छन् । कोरा कप्लान र मार्क्सवादी नारीवादी साहित्यका सदस्यहरूले सामूहिक रूपमा अल्थुसर र म्याकेरीले विकसित गरेको वैचारिक विश्लेषणलाई साहित्यमा भित्र्याएका छन् । यसले लैङ्गिक समूहको ऐतिहासिक निर्माणलाई बुझ्न सजिलो बनाउँछ । मार्क्सवादी नारीवाद अहिले माथिल्लो हैसियतमा छैन र उत्तरआधुनिकताको राजनीतिक अवस्थितिका कारणले नै यस्तो भएको हो । एङ्लो-अमेरिकन र फ्रान्सेली नारीवादका बिचको विवादको प्रभावस्वरूप पनि यस्तो भएको हुनसक्छ भन्ने सेल्डनको सोच देखिन्छ (सेल्डन, सन् २००६ : १३५-१३६) ।

मार्क्सवादी नारीवादले पहिला 'वर्ग'को जन्म भयो र पछि त्यसैका आधारमा महिलाहरू शोषित हुन थाले भन्छ तर त्यसको उल्टो आमूल नारीवाद भने पहिला पुरुषको प्रभुत्वको उदय भयो, त्यसपछि सामाजिक विभेद खडा भयो र पछि त्यसैमा आधारित भएर वर्गविभाजनको प्रारम्भ भयो भन्छ (बिस्ले, सन् १९९९ : ६०) । मार्क्सवादले समाजको विश्लेषण गर्ने क्रममा 'आधार' र 'अधिरचना' जस्ता पदावलीलाई अघि सारेको छ । 'आधार' का आधारमा 'अधिरचना' को जन्म हुन्छ । वर्ग 'आधार' भित्र पर्दछ र लिङ्ग 'अधिरचना' मा । आर्थिक आधार तयार भएपछि बल्ल 'विचार'को जन्म हुन्छ, लैङ्गिक समता-विषमताका कुरा त्यही विचारअन्तर्गत आउँछ । यसैले

समाजको आर्थिक आधारका रूपमा 'वर्ग' देखा परेको छ। अधिरचनाका रूपमा 'लैङ्गिक विभेद' देखा परेको छ (बिस्ले, सन् १९९९ : ६१)।

उदार नारीवादजस्तै मार्क्सवादी नारीवाद पनि सार्वजनिक क्षेत्रतर्फ उन्मुख भएर ज्यालादार श्रमिकका तुलनामा महिलाको अवस्थिति कस्तो छ भनेर खोज्नतर्फ प्रवृत्त हुन्छ। अवैतनिक कामदार निजी क्षेत्रमा पर्दछन्। अवैतनिक कामदार भनेका महिला नै हुन् तर मार्क्सवादको सरोकार पुँजीवादसँग भएकाले यसले प्राय : बजार अर्थ व्यवस्थालाई नै ध्यानमा राख्छ। उदार नारीवाद र मार्क्सवादी नारीवादको 'पुँजीवाद'प्रतिको धारणा बेग्लाबेग्लै रहेको पाइन्छ। उदार नारीवाद पुँजीवादी अर्थतन्त्रको पूरै विरोध गर्छ। मार्क्सवादी नारीवाद 'क्रान्ति' को वकालत गर्छ जसले पुँजीवादलाई फ्याँक्न सकोस् मात्र होइन, मार्क्सवादका निम्ति पुँजीवादको उच्छेद सामाजिक परिवर्तनको पहिलो पाइलो हो। उदार नारीवाद र मार्क्सवादी नारीवाद दुवैले 'समानता' को वकालत गरेका छन्। महिला र पुरुषमा एउटा कुरामा समानता देखिन्छ र त्यो हो महिला आफ्ना परिसरका पुरुषबाट शोषित हुन्छन् तथा त्यसैगरी पुरुषहरू पुँजीवादबाट शोषित हुन्छन्। यहाँनिर महिला र पुरुषको 'रुचि'मा विशेष भिन्नता केही पनि देखिँदैन (बिस्ले, १९९९ : ६२)।

मार्क्सवादले नारीवादलाई 'पितृसत्ता' र 'वर्गीय चेतना' को राम्रो विश्लेषण दिएको छ र नारीवादलाई सबभन्दा बलियो पृष्ठाधार प्रदान गर्ने अरू साहित्यिक सिद्धान्त मध्येमा सर्वप्रमुख मार्क्सवादी चिन्तन नै हो। यति भएर पनि महिलासँग सम्बन्धित एउटा महत्त्वपूर्ण सन्दर्भलाई भने यसले छुटाइरहेको देखिन्छ। यसले महिलाको उत्पादनको दोहोरो क्षमताको उल्लेख गरेको छैन यद्यपि महिलामाथिको दोहोरो शोषणको कुराको भने यसले राम्रैसँग विश्लेषण गरेको छ। महिलाहरूले एकातिर जीवनका लागि आवश्यक वस्तुहरूको उत्पादन गर्छन् भने अर्कातिर मानवको उत्पादन पनि गर्दछन्। यो दोस्रो उत्पादनलाई 'पुनरुत्पादन' पनि भन्ने गरिन्छ। पुरुषहरू बच्चा उत्पादन गर्न सक्तैनन् तर महिलाहरू सक्छन्। भविष्यमा महिला र पुरुषका बिचमा 'पुनर्उत्पादन' का विषयमा सङ्घर्ष हुनसक्छ जसरी उत्पादित वस्तुका विषयमा पुँजीपति र मजदुरका बिचमा हुनेगर्छ (टुना, सन् १९९५ : ६७)।

अहिले घरबाहिर गएर आयआर्जनका काम गर्ने महिलाहरूको सङ्ख्या दिनपरदिन बढिरहेछ। महिलाको लाभयुक्त कामले गर्दा घरबाहिर लैङ्गिक समानताको स्थिति देखा परेको छ। पुरुषले प्राप्त गर्ने गरेको पितृसत्तात्मक सुविधा घरबाहिर हराए तापनि घरभित्र भने त्यो जीवितै छ। पतिपत्नी दुवैजनाले घरबाहिरको काममा लामो समय खर्चने गरेको भए तापनि घरभित्र भने पत्नीले मात्र लामो समय काम गरेको देखिन्छ। कामको दोहोरो जिम्मेवारीसँग जुध्ने क्रममा धेरै महिलाले घरभित्रका काम घटाउने उपाय पत्ता लगाइराखेका छन्। जस्तो- घर चिटिक्क पारेर राख्दा जुन स्तर कायम हुन्थ्यो अब त्यसमा घटोत्तरी हुनथाल्यो, बाहिरका तयारी खानाको प्रयोग बढ्न थाल्यो, बच्चाको हेरचाह गर्ने कामबाट ध्यान घट्न थाल्यो। सम्पत्ति धेरै भएकाहरूले त अरू मानिसलाई ज्याला दिएर पनि काम लगाउन सक्छन् तर पर्याप्त कमाइ नहुने परिवारले भने घरको सफाइलाई कम गर्दै लैजान्छन् र 'छ्या !' भन्ने अवस्थामा पुग्न आँटेपछि मात्रै त्यता ध्यान दिन्छन्। यदि आफू र सिङ्गो परिवारको जीवन आकर्षक बनाउन मन लाग्यो भने श्रीमान्ले बल्ल

घरेलु काम सघाउन थाल्छ । गृहव्यवस्थापनको यो विकेन्द्रीकरण स्वयं नै लैङ्गिक एवं वर्गसङ्घर्षको समाप्तिमा परिणत हुनेछ (टुना, १९९५ : ६७) ।

परम्परागत मार्क्सवादी विचारमा मार्क्सवादी नारीवादीहरूले लैङ्गिक र वर्गसङ्घर्ष अन्तर्सम्बन्धित छ भन्ने नयाँ कुरा थपेका छन् । त्यस्तै मार्क्सवादी नारीवादीहरूका लागि नारी समलैङ्गिकता चिन्ताको विषय होइन किनभने उनीहरू नरनारी दुवै मिलेर खडा गरिएको घरेलु व्यवस्था र त्यसका मूल्यमान्यताबाट टाढा पुगेका हुन्छन् । कामको दोहोरो जिम्मेवारी नारी समलैङ्गिकहरूले बेहोर्नु पर्दैन । अरू नारीवादीहरूसरह मार्क्सवादी नारीवादीहरू पनि नारीवादका प्रकारहरूमा वृद्धि हुनुपर्छ र त्यसरी विभाजित महिलाहरूका अनेकन्थरि अनुभवलाई पनि समेट्नु पर्छ भन्ने मान्यता राख्दछन् (टुना, १९९५ : ६८) ।

मार्क्सवादको शास्त्रीय मान्यतालाई मार्क्सवादी नारीवादीहरूले फरक ढङ्गले प्रस्तुत गरेका छन् । मार्क्सवादले सामाजिक शोषणको मुख्य आधार 'वर्ग' लाई मानेको छ भने मार्क्सवादी नारीवादीहरूले चाहिँ 'लिङ्ग' लाई मानेका छन् । सम्पूर्ण सामाजिक सम्बन्धहरूको निर्माण लैङ्गिक विभेदले गरेको छ भन्ने मान्यता नारीवादीहरूले अगाडि सारेका छन् र 'श्रमको लैङ्गिक विभाजन' भन्ने वाक्यांशको प्रयोगमा जोड दिन थालेका छन् ।

मार्क्सवादी नारीवादीहरूले यिनै सब कुराहरूलाई साहित्यिक सिद्धान्तमा ढाल्ने क्रममा अध्ययन र सामाजिक यथार्थका बिचको सम्बन्धमा बढी ध्यान केन्द्रित गरेका छन् । साहित्य लगायतको कलालाई आर्थिक उत्पादनको एउटा रूप मानिन्छ । साहित्यिक पुस्तकहरूको उत्पादनको अवस्था प्रकाशन, वितरण, बजारीकरण र नाफा आर्जनका सिलसिलाहरूले निर्धारण गर्दछन् । महिला अध्ययन कार्यक्रम, पुस्तक भण्डार, पुस्तकालय, राजनीतिक कार्ययोजना समिति, चलचित्र संस्थान, सामुदायिक समूह आदिले नारीवादले प्रदान गरेको सिद्धान्त र यथार्थका बिचको सङ्कटपूर्ण अवस्थालाई नै देखाउँछन् । नारीवाद अरू बौद्धिक दर्शनहरूभन्दा फरक हुन्छ किनभने ऊ विचार मात्रै गर्दैन, त्यसमा आधारित भएर काम पनि गर्छ । मार्क्सवादी नारीवादी सिद्धान्तको निर्माणका क्रममा मूल रूपमा इम्मा गोल्डम्यान, लिलियन रविन्सन र मिचेल ब्यारेटको योगदान सबभन्दा बढी महत्त्वपूर्ण रहेको छ ।

इम्मा गोल्डम्यानले वेश्यावृत्ति, विवाह एवं मताधिकारजस्ता विषयमा मार्क्सवादी दृष्टिकोणबाट निबन्धहरू लेखेकी छन् । महिलाहरूले 'वर्ग' र 'लिङ्ग' दुवै कोणबाट भोग्नुपरेको अधीनस्थताका कुरालाई उनले आफ्नो पुस्तकमार्फत प्रस्तुत गरेकी छन् । उनले आफ्नो निबन्ध **द ट्राफिक इन वमन एन्ड अदर एस्सेज** (सन् १९७०) मा यौनिक वेश्यावृत्ति र आर्थिक वेश्यावृत्तिका बिचको सम्बन्ध केलाउँदै ज्यालाको दासता र यौनको दासताका कुरालाई अगाडि सारेकी छन् । यसमा उनले मुख्य रूपमा महिलाको आर्थिक पराधीनता नै वेश्यावृत्तिको कारक हो भनेकी छन् । कामको न्यून ज्यालाले गर्दा हज्जारौँ महिला र केटीहरू वेश्यावृत्तिमा धकेलिन्छन् । वेश्यावृत्तिले थोरै श्रममा धेरै अवसर दिन्छ भने थोरै पारिश्रमिकका निमित्त किन धेरै श्रम खर्चने ? भन्ने प्रश्न उनले यस निबन्धमा उठाएकी छन् । यस्तो वेश्यावृत्ति आर्थिक वर्ग र यौन सामग्रिका रूपमा

रहेको महिलाको स्तरको अन्त्यर्सम्बन्धमा आधारित हुन्छ। कामदार वर्गका महिलाहरू वेश्या बन्छन् र बुर्जुवा परिवारका महिला वैवाहिक सम्बन्धभित्रै वेश्या बन्छन्। विवाहबाट महिलाहरू मङ्गलसूत्रको नैतिकतामा बाँधिएर नैतिक वेश्या बन्दछन् भन्दै गोल्डम्यानले निःशुल्क (विवाहभित्रको) वेश्यावृत्तिमा भन्दा सशुल्क वेश्यावृत्तिमा केही बढी सुविधाहरू हुन्छन् भनेकी छन्। जस्तो -निःशुल्क यौनिक र वैवाहिक श्रममा बाँधिएकी महिला परतन्त्र र सशुल्क वेश्यावृत्ति गर्ने महिला स्वतन्त्र हुन्छन् किनभने उनलाई वैवाहिक सम्बन्धमा जस्तो एउटै व्यक्तिको बन्धन हुँदैन। पुँजीवादभित्र वस्तुका रूपमा रहेकी महिला र पितृसत्ताभित्र पराधीन रहेका महिलाहरूले त्यस्तो सामाजिक सम्बन्धको उत्पादन गर्छन् जसले सबै यौनजन्य सम्बन्धहरूलाई वेश्यावृत्तिमा परिणत गरिदिन्छन् भन्ने विचार गोल्डम्यानले प्रस्तुत गरेकी छन्। पुँजीवादी पितृसत्ताको समाप्तिपछि मात्र यस्ता वेश्यावृत्तिहरू पनि समाप्त हुन्छन् भन्ने उनको दृष्टिकोण देखिन्छ (म्याड्सेन, सन् २००० : ६८-६९)।

मिचेल ब्यारेटले आफ्नो पुस्तक **उमन्स अप्रेसन टुडे : प्रब्लम्स इन मार्क्सिस्ट फेमिनिस्ट एनलाइसिस** (सन् १९८०) मा वर्तमान पुँजीवादी समाजको भौतिकवादी विश्लेषणसँगको लैङ्गिक सम्बन्धलाई अगाडि सारेकी छन्। उनले मार्क्सवादी सिद्धान्त र नारीवादका बिचमा एउटा साझा भूमि  छ जसमा मार्क्सवादले पुँजी र श्रमका बिचको प्राथमिक विरोधाभासले सिर्जना गरेको शोषणको कुरा त गर्छ तर ब्यारेटले भनेको जस्तो शोषक र शोषितको लैङ्गिक पहिचानको कुरा भने अघि सार्दैन भनेकी छन्। उनी समाजको पुँजीवादी अर्थतन्त्रको सङ्क्रमणबिन्दुमा लैङ्गिक विभाजनले यौनजन्य विभेद र शोषणको स्थिति ल्याउँछ जसको निराकरण समाजवादी आन्दोलनले मात्रै गर्न सक्तैन भन्छिन्। उनी यहींनिर नारीवादी आन्दोलनमा मार्क्सवादले गर्नुपर्ने महत्त्वपूर्ण काम छ भन्छिन्। मार्क्सवादी नारीवादले ऐतिहासिक भौतिकवादका आधारमा बुझिने उत्पादन एवं पुनरुत्पादन, लैङ्गिक सम्बन्धको छुट्टिने र गाँसिने बिन्दुहरूलाई परिभाषित गरिदिन सक्छ भन्ने मिचेलको दृष्टिकोण छ। मार्क्सवादी नारीवादले अगाडि सारेको 'पितृसत्ता' भन्ने शब्द जैविक आधारको शक्तिसम्बन्धमा नभएर वर्ग विश्लेषणमा आधारित छ भन्दै मिचेलले पितृसत्ताले दमनको ऐतिहासिक र सार्वभौम सिद्धान्तको प्रतिनिधित्व गर्ने कुरा बताएकी छन्। उनले पुँजीवादी अर्थतन्त्रमा महिला-दमन नगर्दा पनि काम चल्न सक्छ तर आजको पुँजीवादले उत्पादन एवं पुनर्उत्पादनका सिलसिलामा भौतिक आधारमा नै त्यसलाई (महिला दमनलाई) कार्यान्वित गरेको छ भन्ने कुरा औंल्याएकी छन्। साथै उनले ऐतिहासिक एवं भौतिक आधारमा गरिएको विचारधाराको विश्लेषणले आदर्श परिवारको गाथा, लैङ्गिक विषयको विचारधारात्मक निर्माण आदिजस्ता महिला दमनका संयन्त्रको पहिचान गर्न र तिनको भण्डाफोर गर्न समर्थ बनाउँछ भन्ने कुरा पनि अघि सारेकी छन् (म्याडसेन, २००० : ७१-७२)।

अर्की मार्क्सवादी नारीवादी समालोचक लिलियन एस् रविन्सन सन्  १९७० को नववाम राजनीतिमार्फत प्रकाशमा आएकी हुन्। उनले साहित्यका उल्लेखनीय कामहरूको विश्लेषण ऐतिहासिक भौतिकवादका आधारमा गरेकी छन्। उनले आफ्नो निबन्ध **द्वेलिङ इन डिसेसिन्स : र्‍याडिकल क्रिटिसिजम एन्ड द फेमिनिस्ट पर्सपेक्टिभ** (सन् १९७१) मा साहित्यिक समालोचना र

नारीवादका बिचमा प्रभावकारी सम्बन्ध निर्माण गर्ने काम असाध्यै कठिन हुन्छ किनभने नारीवादी समालोचना बुर्जुवा समालोचनाजस्तो हुँदैन भन्ने अभिव्यक्ति दिएकी छन्। नारीवादी समालोचना विचारधारात्मक, नैतिक र क्रान्तिकारी हुने हुनाले यसको योगदानको मूल्याङ्कन प्राज्ञिक साहित्यिक समालोचनाका स्वरूपमा नगरी यो नारीवादी विचारधारात्मक विश्लेषणले महिला-आन्दोलनका लागि चाहिँ कति सहयोग पुऱ्याएको छ भन्ने कोणबाट गरिनुपर्छ भन्ने उनको कथन छ । नारीवादी कोणबाट कुनै पनि कृतिको मूल्याङ्कन गर्दा समालोचकले त्यसको पाठको सीमितताभित्र अडिएर रूप र नैतिक अथवा विचारधारात्मक सारका बिचको सम्बन्ध केलाउनुपर्ने हुन्छ भन्ने उनको दृष्टिकोण छ । उनले आफ्नो **क्रिटिसिजम एन्ड सेल्फ क्रिटिसिजम** (सन् १९७४) मा लिङ्गलाई सामाजिक सन्दर्भमा नलिई प्राकृतिक रूपमा प्रस्तुत गर्ने नारीवादी साहित्यिक समालोचक असफल बन्दछ भनेर पत्ता लगाएकी छन्। उनको मार्क्सवादी नारीवादी समालोचनाले पितृसत्तामाथि पनि त्यति ध्यान केन्द्रित गर्दैन, पुँजीवादमाथि पनि त्यति धेरै श्रम खर्च गर्दैन। बरू त्यसले वर्गीय र लैङ्गिक दमनका बिचको अन्तर्सम्बन्ध र लैङ्गिक हैसियतमा गरिएका अनुभूतिको गुणको परीक्षण गर्छ भनेकी छन् ।

मार्क्सवादी नारीवादले ऐतिहासिक भौतिकवादी दृष्टिकोणका आधारमा साहित्यिक प्रस्तुतिको अध्ययन र समाजमा रहेको वर्गीय एवं लैङ्गिक सम्बन्धको परीक्षण गर्दै पुँजीवादसँगको गठबन्धनमा रहेको पितृसत्ताको उच्छेदका आकाङ्क्षा र प्रयत्नलाई अगाडि सारेको देखिन्छ। मार्क्सवादले वर्ग विश्लेषणमा बढी जोड दिएकामा नारीवादी साहित्य नारीवादी आन्दोलनलाई सहयोग पुऱ्याउने किसिमको हुनुपर्छ भन्दै नारीवादले लैङ्गिक विश्लेषणलाई बढी महत्त्व प्रदान गर्दै महिलामाथि हुने गरेका वर्गगत र लिङ्गगत दुवै किसिमका शोषणको अन्त्य हुनुपर्छ भन्ने दृष्टिकोण अघि सारेको छ।

### २.३.२.३ आमूल नारीवाद

आमूल नारीवाद (रेडिकल फेमिनिजम) विश्वका चार प्रमुख नारीवादी धारामध्येको एक हो। यसले समाजमा विद्यमान नारी उत्पीडनलाई समूल नष्ट गर्नुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ। नारी घरभित्रै सबैभन्दा बढी लैङ्गिक विभेदमा परेकी छ र त्यसको प्रमुख कारण नारीपुरुषका बिचको वैवाहिक सम्बन्ध हो भन्दै आमूल नारीवादले विपरीतलिङ्गीका बिचको वैवाहिक सम्बन्धलाई पूरै निषेध गरेर महिला-महिलाका बिचमै वैवाहिक सम्बन्ध स्थापित गर्दै नारीसमलैङ्गिक नारीवाद (लेस्बियन फेमिनिजम) को सिद्धान्त अगाडि सारेको छ। सामाजिक परिवर्तनका सन्दर्भमा यस्तो पाइला आमूल उच्छेदनको प्रवृत्तिको ठहरिने हुनाले यस प्रकारको नारीवादी धाराको नाम नै 'आमूल' (रेडिकल) रहन गएको देखिन्छ। यो स्थापित सामाजिक संरचनाको प्रतिपक्षका रूपमा देखिएको छ।

उदार नारीवादले सुधारका कुरा मात्र गर्ने र आफूलाई चाहिँ सुधारका माध्यमले महिला मुक्ति हुन्छ भन्ने विश्वास नलागेपछि सन् १९६८मा टाइ-ग्रेस एट्किन्सनका नेतृत्वमा एउटा समूह उदार नारीवादीहरूको समूहबाट अलग भयो। पुरुषसँग साम-दाम-दण्ड-भेदको नीति अँगालेर व्यवहार गर्दैमा महिला उत्पीडनको अन्त्य नहुने ठानेपछि पुरुषलाई नभएर पितृसत्तालाई आफ्नो

प्रमुख शत्रु मान्दै उक्त समूहले आफ्नो कार्यदिशालाई गति दियो । परिवार, धार्मिक संस्था, विश्वविद्यालय आदिमा वैधानिक, राजनीतिक एवं आर्थिक किसिमले योजनाबद्धताका साथ आफ्नो दृष्टिकोण पुऱ्याएर परम्परागत पितृसत्तात्मक सोचमा परिवर्तन ल्याउनुपर्छ भन्ने मान्यता राख्ने यी क्रान्तिकारी नारीवादीहरू मातृत्वको परम्परागत अवधारणालाई पनि अस्वीकार गर्छन् (अनामिका, सन् २००१ : ४४) । महिलाहरूको मात्रै एउटा छुट्टै परिवार, समाज निर्माण गरेर पुरुष प्रभुत्व र उत्पीडनबाट मुक्ति लिने यस सोचलाई पृथकतावादी दृष्टिकोण भन्ने गरिएको पाइन्छ जसले परम्परागत पारिवारिक एवं सामाजिक ढाँचाको विनिर्माण गर्दछ ।

आमूल नारीवादका अनुसार पितृसत्ता भनेको पुरुष र पुरुषले प्रभुत्व जमाएका सङ्गठनहरूले महिलाका विरुद्ध हिंसा गर्ने एउटा संस्था हो । फेसन र सुन्दरता, मातृत्वको आदर्श, एकल यौनसम्बन्ध, निःशुल्क घरगृहस्थीकर्म ,न्यून ज्यालादर आदि पितृसत्ताले महिलाको शोषण गर्न बनाएका माध्यमहरू हुन् । आफ्नो स्वतन्त्रता, चाहना, आकाङ्क्षा र अधिकार सबै छाडेर घरपरिवारमै बाँच्न बाध्य बनाउने मातृत्वको आदर्श महिलामाथि शोषण-उत्पीडन थोपर्ने सबैभन्दा सशक्त माध्यम हो । आर्थिक, वैचारिक, कानुनी, सामाजिक आदि संरचनाले सधैंभरि पितृसत्तालाई बलियो बनाउने काम गर्दछन् । महिलाहरूमा आत्मविश्वास जाग्न नदिनका निम्ति पनि पितृसत्ताले अनेकन् प्रपञ्चहरूको रचना गरेको हुन्छ (पौडेल, २०५९ : ८३) ।

आमूल नारीवाद उदार एवं मार्क्सवादी नारीवादभन्दा फरक छ । यसले पुरुषको सार्वजनिक जीवनलाई खुला चुनौती दिएको छ । यसले महिलालाई पुरुषसँग सहकार्य गर्दै हिँड्ने प्रवृत्तिलाई दिने प्रश्रयका सट्टा नारीत्वको सकारात्मक मूल्य चाहिँ प्रदान गरेको छ । यसले पुरुष अधीनस्थ समाजमा महिलाले भोग्ने उत्पीडनलाई महिला नै भएर सतर्कतापूर्वक अध्ययन गर्दछ । यसले विशिष्ट खालका महिला उत्पीडनलाई उनीहरूको सामाजिक वर्गका आधारमा नभएर महिला भएका आधारमा मूल्याङ्कन गर्दछ । महिलाहरू आफ्नो यौनका आधारमा उत्पीडित हुने भएकाले उनीहरूका समस्यालाई पनि त्यही आधारमा हेरिन्छ । यसले महिला उत्पीडनलाई भगिनीत्वका आधारमा आत्मीयतापूर्वक हेर्दछ । महिलासँगको यो नयाँ पहिचान र पुरुष अधीनस्थताको अस्वीकारका कुराहरूले विषमलिङ्गीका समुदायहरूबाट नयाँ आलोचनाहरू ओइरिएका छन् । समलिङ्गी नारीवादीहरू हरेक सन्दर्भमा महिलाहरूलाई पहिलो प्राथमिकतामा राख्दछन् र महिला-महिलाका बिचको साझा सहमतिका आधारमा समलिङ्गवादलाई 'एउटा सम्मानजनक स्थान' का रूपमा परिचित गराउँछन् ।

लैङ्गिक उत्पीडन असमानताको सबभन्दा पुरानो रूप हो । आमूल नारीवादीहरू पुँजीवादभित्र पितृसत्ताका अधीनका शक्तिका अरू रूपको पनि अध्ययन गर्दछन् । पुरुष सर्वोच्चता र नारी अधीनस्थताको अध्ययन गर्ने क्रममा ऐतिहासिक, भौतिकवादी र मनोविश्लेषणात्मक गरी तीनवटा प्रविधिको प्रयोग गरिन्छ । अरू नारीवादीहरू उपर्युक्त तीनवटा उपायमध्ये कसैले कुनको कसैले कुनको उपयोग गर्दछन् तर आमूल नारीवादीहरू भने सन्दर्भ अनुसार मिलाएर कहिले कुन-कहिले कुन गरी तीनवटै प्रविधिको प्रयोग गर्छन् ।

लैङ्गिक उत्पीडनलाई सन् १९६०/७० तिरका क्रान्तिकारी कम्युनिस्टहरूले प्राथमिकताका साथ हेरेनन् तर आमूल नारीवादीहरू भने यसलाई दमनको प्राथमिक रूप वा आधारभूत दमनका रूपमा हेर्दछन् । यसैले समूहका रूपमा पुरुषहरूलाई यिनीहरू प्रमुख शत्रुका रूपमा हेर्दछन् । आमूल नारीवादीका अनुसार सम्पूर्ण पुरुषहरू शक्तिशाली छन्, अन्यत्र कतै शक्तिशाली हुन नसकेको पुरुष पनि आफ्नो वृत्तका महिलाका अगाडि भने शक्तिशाली रहेकै हुन्छ । प्रत्येक मानिस सबै महिलाका अगाडि (केही पुरुषकै अगाडि पनि) शक्तियुक्त हुन्छ नै । पुरुष सर्वोच्चताको यस समाजका हरेक पुरुष पितृसत्तात्मक अवसरको सहभागी हुन्छ नै, तर यसो भन्दैमा सबै पुरुष सबै महिलाका अगाडि सधैंभरि दमनकारी नै हुन्छन् भन्ने पनि हुँदैन । अधीनस्थताको यस व्यवस्थालाई चिर्नका लागि कतिपय पुरुष नै पनि सङ्घर्षरत हुन्छन् भन्ने कुरा पनि यसले अस्वीकार गरेको छैन । समाजमा विद्यमान लैङ्गिक सम्प्रभुताका कारणले महिला र पुरुषका बिचको असमानताको खाडल अझै गहिरिँदैछ भन्ने विश्वास आमूल नारीवादीहरूको छ । कतिपय नारीवादीहरू नर र नारीका बिचको यो भिन्नता प्रकृतिप्रदत्त ठान्छन् भने कति चाहिँ ऐतिहासिक रूपमै यो स्थापित भएकाले यसको जरा गहिरो छ भन्दछन् । आमूल नारीवादीहरू नै पनि लैङ्गिक दमन समाजमा अत्यन्त शक्तिशाली ढङ्गले संस्थागत भइसकेको छ  भन्छन् । त्यसैले उनीहरू यसको उच्छेदका लागि सामाजिक परिवर्तनको क्रान्तिकारी नमुना नै प्रस्तुत गर्नुपर्छ भन्छन् । दुईवटै लिङ्गका बिचको शक्ति सम्बन्धका सङ्गठनहरूमा क्रान्तिकारी परिवर्तन ल्याउने सन्दर्भमा एउटै आकस्मिक हिंसात्मक घटनाको भन्दा साना-साना स्वरूपका क्रियाकलापको प्रभाव बढी शक्तिशाली हुन्छ भन्ने धारणा अगाडि सार्दछन् । आमूल नारीवादीहरूको आधारशिला भनेको क्रान्तिकारी अभ्यास नै हो जुन केन्द्रीकृत प्रशासनिक संरचनाबाट नभएर साना-साना समूहका सङ्गठनमार्फत नै सम्भव छ ।

आमूल नारीवादीहरूले क्रान्तिकारी विषयहरू नै अगाडि सारे तापनि उनीहरूको जोड भने उदार नारीवादीहरूको जस्तै व्यावहारिक राजनीतिक रणनीतिमै रहेको हुन्छ । आफ्नो पितृसत्तात्मक मानसिकताका कारणले सरकारले पनि क्रान्तिकारी परिवर्तनका विरुद्ध बेइमानी नै गर्छ भन्ने उनीहरूको आरोप छ । उनीहरू लैङ्गिकता, मातृत्व र शरीरजस्ता निजी राजनीतिक पक्षहरूमा पनि उत्तिकै जोड दिन्छन् । लिङ्गलाई केन्द्रीय महत्त्व प्रदान गर्ने यिनीहरूले महिलाको शरीरमाथिको नियन्त्रणसँग अझै बढी सरोकार राखेको देखिनु अचम्मलाग्दो कुरा होइन । आमूल नारीवादीहरू पुरुष आधिपत्यको आर्थिक कुरासँगभन्दा पनि विचार, मनसाय अथवा मनोवैज्ञानिक ढाँचा र सांस्कृतिक मूल्यसँग सामना गर्न बढी रुचाउँछन् र शरीर चाहिँ विश्लेषणको ठोस भौतिक वस्तु हो । उदार, मार्क्सवादी, समाजवादी नारीवादीहरूले मुख्य रूपमा लिएको ज्यालादारी कामको सम्बन्धमा भने आमूल नारीवादीहरूको अरुचि देखिन्छ । यिनीहरूले महत्त्व दिने गरेको शारीरिक भौतिकताको राजनीतिलाई अहिले प्रायः सबै नारीवादीहरूले स्विकार्ने गरेको देखिन्छ । उनीहरू महिला दमनको सङ्कटापन्न पक्षका रूपमा मात्र नभएर महिला भिन्नतालाई देखाउने भएकाले उत्सवको कारकका रूपमा समेत पनि शरीरलाई लिन्छन् । पुरुषका सापेक्षतामा महिलालाई उच्च देखाएर महिलामा आरोप गरिएका प्राकृतिक, जैविक, हीनता, अधीनताजस्ता कुरालाई चुनौती दिनु आमूल नारीवादी लेखनको लक्ष्य हो । यस्तो लक्ष्य राख्नुको अर्थ आफ्नो शरीर एवं जैविकतामाथि

आफ्नै नियन्त्रण कायम गर्नु एवं त्यसलाई मूल्य दिनु र महिला शरीरको गौरव प्रदर्शन गर्नु हो। आमूल नारीवादका धेरै पक्षहरूले शरीर राजनीतिलाई नै प्राधान्य दिएका छन् र अरू मनोवैश्लेषिक, उत्तरआधुनिक/उत्तरसंरचनात्मक नारीवादीहरूका धेरै समूहहरूले पनि सोही कुरा अवलम्वन गरेका छन्। शरीरमाथिको नियन्त्रणको विषयमा बढी ध्यान दिँदादिँदै आमूल नारीवादीहरूले कतिपय सन्दर्भमा आत्मान्वेषणसमेत गर्न सकेका छन्। पछिल्ला समूहहरूले 'आफू' र 'शरीर' अभेदात्मक रूपमा एक आपसमा बाँधिएका हुन्छन् भन्ने कुरालाई अझै सर्तकतापूर्वक ग्रहण गरेका छन् (पौडेल, २०५९ : ५८)।

सुलामिथ फायरस्टोनले लेख्ने क्रममा सन् १९७० मा 'यौन-वर्ग' भन्ने शब्द आविष्कार गरिन् जसले महिलालाई लगभग अदृश्य तहमै पुग्ने दमितका रूपमा व्याख्या गऱ्यो। आफ्नो **द डाइलेक्ट अफ सेक्स** भन्ने पुस्तकमा उनले आफ्नो उक्त भनाइलाई आमूल नारीवादको केन्द्रका रूपमा प्रस्तुत गर्दै पुरुषको महिलाप्रतिको हेपाइ अत्याचारको आधारभूत कुरा हो भनेकी छन्। यस कुराले मानिसलाई त्यसो भए 'महिला-हुनु भनेको के हो ?' र 'पुरुष हुनु भनेको के हो ?' भनेर एक प्रकारले रन्थन्याउँछ। आमूल नारीवादीहरू महिला-उत्पीडन राजनीतिक र आर्थिक संस्थापनाहरूमा सुधार गर्दैमा मेटिन सक्तैन, वर्तमान लैङ्गिक व्यवस्थामा परिवर्तन त नारीवादीहरूले मात्रै ल्याउन सक्छन् भन्छन्। मेरी डेलीले नारीवादले नारीहरूको ध्वंसात्मक (पितृसत्तालाई ध्वंस गर्ने भन्ने अर्थमा) छवि मात्र प्रस्तुत नगरेर उनीहरूको आत्मसचेतता र पितृसत्तात्मकभन्दा राम्रो संसारको निर्माणकर्ताको छवि पनि प्रस्तुत गर्दछ भनेकी छन् (टुना,सन् १९९५ : १३१)।

आमूल नारीवादीहरूको विश्लेषणले नारीत्वका सामाजिक निर्माणका विभिन्न पक्षहरू पत्ता लगाउने प्रयत्न गरेको छ। उनीहरूले चिकित्सा, धार्मिक, पुनर्उत्पादन, जातीयता, राजनीतिक आदि विभिन्न सामाजिक संस्थाहरूमा विभिन्न परीक्षण गरेका छन् र ती सबै महिला यौनिकताको निर्माणतर्फ नै सोझिएको पाएका छन्। आमूल नारीवादीहरू नै पहिला त्यस्ता नारीवादीहरू हुन् जसले महिला यौनिकतालाई यौनिक भुक्तमान, पिटपाट, बलात्कार, अश्लीलता, गर्भपात, परिवार नियोजनका सामग्रीसम्बन्धी कानुन र अभ्यास एवं विषमलिङ्गी विवाहको अनिवार्यता जस्ता कुराका माध्यमले नियन्त्रणमा राख्ने प्रयास भएको कुरालाई पारदर्शी बनाएका छन्।

विषमलिङ्गीहरूका बिचको वैवाहिक संस्थापनाले महिलालाई पुरुषका अधीनमा पारेको हो भन्ने कुरा आमूल नारीवादको केन्द्रीय सिद्धान्त हो (टुना, सन् १९९५ : १३१)। क्याथरिन म्याकिननका विचारमा समाजमा पुरुषको महिलामाथिको शक्ति उसको महिलाविरोधी पौरुष यौनिक अपराधबाट बढेको हो। उनका अनुसार यौनिकताको अर्थ पुरुषको हेपाइ र महिलाको अधीनतालाई पक्कापक्की गर्नु मात्र नभएर कामुकतासम्म पनि पुगेको हुन्छ। यौनिकता त्यस्तो शक्तिशाली कुरा हो जसका माध्यमले पौरुष हेपाइलाई विभिन्न स्वरूपमा संस्थागत गरेको छ। बलात्कार यसको एउटा उदाहरण हो। पुरुषको महिलाप्रतिको हेपाइ विषमलिङ्गी विवाहको अभ्यासले महिलामाथिको अपराधका रूपमा प्रकट हुने गर्छ । यसैले यौनिकता राजनीतिक,

आर्थिक, धार्मिक हेपाइहरूको समेत आधार हो भन्ने विचार म्याकिननको देखिन्छ (टुना, सन् १९९५ : १३२) ।

आमूल नारीवादीहरू नग्नताप्रति पनि उत्तिकै सरोकार राख्छन् किनभने यौनिकताको सामाजिक निर्माणका लागि यो महत्त्वपूर्ण क्षेत्रका रूपमा रहेको छ । यस क्रममा महिला यौनजन्य वस्तु एवं पुरुष उपभोक्ताका रूपमा रहन्छ र पुरुष अत्यन्त आतुरताका साथ अत्यन्त क्रूरता र अमानवीयतापूर्वक महिलाको भोग गर्छ । वेश्यावृत्ति, यौनिक भुक्तमान, बलात्कार, कुटपिट आदि अभ्यासका साथको नग्नताले महिलाको यौनिक र सामाजिक अधीनस्थतालाई पक्का बनाउँछ । विषमलैङ्गिक वैवाहिक संस्थाले महिला समलिङ्गीहरूलाई संस्थागतताबाट च्युत गर्छ र यस्ता समलिङ्गीहरू अल्पसङ्ख्यक एवं सीमान्तीकृत छन्, त्यसैले अपवाद हुन् पनि भन्छ । गरिब महिला, काला महिलाहरूका जीवनानुभवहरू समलैङ्गिकका भन्दा भिन्न छन् किनभने दोस्रो प्रकारका महिलाहरू पुलिङ्ग केन्द्रिकताको विरोध गर्छन् ।

विषमलिङ्गीहरूको संस्था सबै महिला विषमलिङ्गी नै हुन्छन् भनेर ठोकुवा गर्छ । यस अनुसार समलिङ्गीहरू पनि विषमलिङ्गी नै हुन्, उनीहरू कहिलेकाहीँ मात्रै अरू किसिमका काम गर्छन् । उनीहरू एउटी महिलाको अर्की महिलासँगको यौनसम्बन्ध असम्भव छ भन्छन् । मानव इतिहास भनेकै पुरुष इतिहास हो भनेर बुझ्ने चलनले महिलाहरूको जीवन र उनीहरूको अनुभवलाई बेवास्ता गरेको छ जसको दुःख सबै महिलाले भोगेका छन् । यसले उनीहरूको शरीर र मस्तिष्कको कि त हत्या नै गरेको छ कि त सुषुप्तावस्थामा पुऱ्याएको छ । फ्राइका अनुसार समलिङ्गीहरूको परिस्थिति भने बेग्लै छ । विषमलिङ्गी महिलालाई समाजले पितृसत्ताका अधीनका पत्नी, नोकर, छोरी, वेश्याजस्ता विभिन्न भूमिका बलजफ्ती भिराएको छ तर समलिङ्गीका लागि यस समाजमा कुनै ठाउँ छैन । समाजमा आफ्नो स्थानको यस्तो अनुपस्थितिले समलिङ्गी महिलालाई सुविधा पनि प्रदान गरेको छ । उनीहरू पुलिङ्गी यथार्थको आज्ञाकारी बनिरहनुपर्ने बाध्यता बाँकी छैन । उनीहरूले यस्तो सामाजिक संरचनाको सम्भार गरिरहनुपर्ने आवश्यकता पनि बाँकी रहँदैन । आफ्नो स्थानहीनताको यही अवस्थितिबाट नै उनीहरू संसारप्रतिको आफ्नो दृष्टिकोण प्रसारित गर्न सक्षम बन्दछन् (टुना, १९९५ : १३२) ।

म्याकिनन, फ्राइ, क्याथलिन ब्यारी, एन्ड्रिया दोर्किन, सराह होगल्यान्ड, एन्ड्रियन रिच आदि यस क्षेत्रका महिला लेखकहरू विषमलिङ्गी सम्बन्धले पुरुष अधीनताको माग गर्दछ भन्ने कुराको पनि विरोध गर्दछन् । समकालीन पश्चिमी संस्कृतिमा मानवीय यौनिकताको निर्माण नै त्यसरी भएको छ जसमा महिलाको यौनिकता पुरुषकै लागि हो भन्ने अर्थ निकालिन्छ । यौनिकताको जैविक निर्माणलाई त अस्वीकार गर्न सकिँदैन तर सांस्कृतिक संस्थाहरूले मानिसको यौनिक अनुभवलाई समेत पनि प्रभाव पारेका छन् । महिलाहरूमाथिको यस्तो सुव्यवस्थित दमनले वैधानिक, राजनीतिक, आर्थिक परिवर्तनको मात्र माग नगराएर यौनिकताकै आमूल पुनर्निर्माणको माग गर्दछ भन्ने आमूल नारीवादीहरूको सिद्धान्त छ (टुना, सन् १९९५ : १३२) ।

सराह हग्ल्यान्डका भनाइमा विषमलिङ्गीहरूका सम्बन्धमा महिलाको यौनिकता पुरुषको इच्छानुसार परिभाषित हुन्छ। विषमलिङ्गीका सम्बन्धमा महिलाको जीवन सधैं 'सुरक्षा' र 'सिकार' का घेरामा बित्छ। महिलाहरू सहयोगविहीन हुन्छन्, खतरामा हुन्छन्, पुरुषआवेगका वस्तु हुन् भनेर महिलालाई परिभाषित गरिन्छ। महिलालाई सधैं सुरक्षाको खाँचो हुन्छ भन्दै सबै पुरुषलाई महिलाको संरक्षकको हैसियत प्रदान गरिन्छ। महिलालाई सुरक्षा आवश्यक पर्ने भनेको पनि अर्को पुरुषका कारणले नै हो। त्यही पुरुष एउटै सिक्काका दुई फरक पाटा भएझैं एकातिर भक्षक बन्दछ भने अर्कातिर रक्षक। यस्तो परिस्थितिको सिर्जना समाजमा पुरुषको अधीन व्याप्त भएकाले हुन गएको हो। महिलालाई पुरुष-आवेगको वस्तु मान्ने सिद्धान्तले नै महिलालाई पुरुष आवेगको कारक पनि मान्दछ। महिलाहरू त्यस्ता भक्षक पुरुषमाथि आक्रमण गर्दछन्। यदि महिलाहरूका बारेको सर्वस्वीकृत मान्यताबाट टाढा गए भने उनीहरूलाई साँच्चै नै सुरक्षाको खाँचो पर्दछ किनभने उनीहरू खुला शारीरिक हिंसाका निशाना बन्दछन् (टुना, सन् १९९५ : १३३)।

म्याकिनन जस्तै हगल्यान्ड पनि पाश्चात्य संस्कृतिभित्र हुने यस्तो व्यवस्थित महिला उत्पीडनबाट मुक्ति चाहन्छिन् । यसैको समाधानस्वरूप उनी नैतिक आन्दोलनको आह्वान गर्छिन्। म्याकिनन र फ्राइजस्तै उनी पनि पुरुष दमनको स्रोतका रूपमा रहेको विषमलैङ्गिक सम्बन्धलाई नै अस्वीकार गर्छिन् र त्यसो गर्नु नै उनले आह्वान गरेको क्रान्तिको मूल अभीष्ट हो। यसै क्रान्तिभित्र महिलाको आन्दोलन पनि समाविष्ट हुनेछ जसले 'नारीत्व' को निर्माणलाई नै पूर्वस्थानबाट निकालिदिनेछ र 'नारीत्व' को धारणालाई नै पुनर्परिभाषित र पुनर्निर्माण गर्नेछ (टुना, सन् १९९५ : १३३)।

सामाजिक क्रान्तिको यस स्वरूपले वर्तमान सामाजिक व्यवस्थालाई जरैदेखि उखेलेर नयाँ सामाजिक व्यवस्थाको स्थापना गर्न चाहन्छ। यो आन्दोलन महिलाहरूको 'अस्तित्वरक्षा र निर्माण' सँग सम्बन्धित छ। महिलाका कोणबाट हेर्दा यस सामाजिक व्यवस्थामा कुनै पनि कुरा सकारात्मक छैनन् अर्थात् पुरुषको पक्षतर्फ मात्रै एकोहोरिएका छन्, महिलाका चाहिँ विपक्षमा मात्रै छन्। महिलाहरू यसलाई आफ्नो पक्षमा पार्ने प्रयत्नमा छन्। उनीहरू विषमलिङ्गी वैवाहिक पद्धतिलाई महिला अधीनस्थताको मूल कारण मानेर समलिङ्गी सम्बन्धलाई स्थापना गर्ने प्रयत्न गर्दैछन् जहाँ कुनै पनि महिलाले पुरुषकी दासी, पौरुष मूल्यमान्यताकी बन्दी बनेर आफ्नो जीवनको मूल्य नै ध्वस्त पार्नुपर्ने छैन। यसैले यस्तो संरचनाको आन्दोलनलाई समलिङ्गी नारीवाद भनिन्छ र यसको आमूल परिवर्तनकारी प्रवृत्तिलाई दृष्टिगत गरेर यसलाई आमूल (रेडिकल) नारीवाद पनि भनिन्छ। समलिङ्गी शब्दले यसलाई यौन सम्बन्धमा सीमित भन्ने मात्र बुझाउँछ भने 'आमूल नारीवाद' भन्ने शब्दले यसलाई एकातिर नारीवादी आन्दोलनसँग जोड्छ भने अर्कातिर सामाजिक परिवर्तन (महिलाका फाइदाका कोणबाट) सँग सम्बद्ध क्रान्तिको विशालतासँग पनि जोड्छ।

समलिङ्गी अध्ययनको प्रारम्भ सन् १९८० मा नारीवादी समालोचनाको अङ्गका रूपमा भएको हो। यसबेलासम्म नारीवादी समालोचनामा अन्तरअनुशासनात्मक विधिको प्रारम्भ भएको थिएन। जब सन् १९९० मा आइपुग्दा नारीवाद अत्यन्त सफल भयो तब समलैङ्गिक अध्ययनले नारीवादमा

खाली रहेको क्रान्तिकारी धारमा आफ्नो उपस्थिति रहनुपर्ने कुराको दाबी गऱ्यो। नारीवादले यसलाई आफूमा समाहित गर्न अप्ठेरो मान्यो किनभने यसको भिन्नताको प्रकृति जातीय, सांस्कृतिक, यौनिक कुनै कुरासँग पनि मिल्दैनथ्यो र ऊ मध्यम वर्गीय सहरीया विषमलिङ्गी गोरा महिलाहरूको अनुभूतिलाई सार्वभौमिकता दिन प्रयत्नरत थियो। नारीवादको यस्तो किसिमको समालोचना अफ्रिकन-अमेरिकन साहित्यिक कार्यमा पाइन्थ्यो जसले प्राज्ञिक नारीवादले काला महिलाहरूको आवाज र अनुभवलाई पाखामा पारेर उही पितृसत्तात्मक असमानताकै पुनर्उत्पादन गरेको छ भन्ने कुरा अगाडि सारेको छ। बेल हुक्सको सन् १९८२ मा प्रथम पटक प्रकाशित र पछि सन् १९८६ मा प्रकाशित **एन्ट आइ ए वम्यान : ब्ल्याक उमन एन्ड फेमिनिजम**मा यस कुरालाई अविस्मरणीय ढङ्गले प्रस्तुत गरिएको छ (बेरी, सन् २००२ : १४०)।

समलिङ्गी समालोचकहरूले पनि नारीवादमाथि यस्तै किसिमले प्रहार गरेका छन् किनभने सो नारीवादमा सबै महिला एकै किसिमका छन् भनेर एउटै किसिमको पहिचान मात्र प्रस्तुत गरिएको हुन्छ। बोनी जिम्मरम्यानले आफ्नो **ह्वाट ह्याज नेभर बिन : एन वभरम्यू अफ लेस्बियन फेमिनिस्ट क्रिटिसिजम** भन्ने निबन्धमा नारीवादको उक्त मान्यतामाथि प्रहार गरेकी छन् (पृ.१४१)। सम्भ्रान्त (क्लासिक) नारीवादले लेस्बियनिजमलाई कि त बेवास्तै गरेको छ कि त सीमान्तीकृत गरेको छ। लेस्बियनिजम एकदिन पूर्ण नारीवादका रूपमा स्थापित हुनेछ भनेर काला जातिका र समलिङ्गी नारीवादी समालोचकहरूले उक्त धारणालाई चुनौती दिएका छन्।

महिलाको अवस्था खाली वर्गका रूपमा मात्र नभएर दमित वर्गका रूपमा रहेको छ भन्ने कुराबाट नै आमूल नारीवादीहरू आफ्नो विश्लेषण सुरु गर्छन्। आमूल नारीवादले सामाजिक असमानता र लैङ्गिक भिन्नताका बिचको सम्बन्ध केलाउने काम गर्दछ। पुरुषद्वारा महिलामाथि गरिने हेपाइ सामाजिक असमानताको जग हो र महिलाको लैङ्गिक दमन चाहिँ आर्थिक, सांस्कृतिक र सामाजिक अधीनस्थताको परिणाम हो। उदाहरणका लागि **द न्यूयोर्क रेडिकल फेमिनिस्ट मेनिफेस्टो**लाई अगाडि सार्न सकिन्छ। यसले लेखेको छ -

> आमूल नारीवादले महिला-दमनलाई आधारभूत राजनीतिक दमनका रूपमा लिन्छ जहाँ महिलाहरू उनीहरूको लिङ्गका आधारमा तल्लो वर्गका रूपमा परिभाषित गरिन्छन्। राजनीतिक रूपमा सङ्गठित भएर यौन-वर्गव्यवस्थालाई धुलिसात् पार्नु नै आमूल नारीवादको लक्ष्य हो। आमूल नारीवादीका रूपमा हामी पुरुषसँग शक्तिसङ्घर्ष गर्नमा व्यस्त छौं भनेर चिनिन्छौं र हाम्रो दमनको दलाल पुरुष हो जसले पुरुष भूमिकामा उच्च प्राथमिकता पाएको छ।

(म्याडसेन, सन् २००० :१५३)

महिलाहरूलाई धम्की, आतङ्क र डरका रणनीतिले अधीनस्थ गरेको छ जहाँ उनीहरू पुरुषद्वारा दबाइन्छन् र यी कुराहरूमा नै लैङ्गिक हिंसाको मूल्य अडेको छ। लैङ्गिकतालाई यसरी अध्ययन गरेपछि आमूल नारीवाद अब त्यसलाई एउटा व्यवस्थाका रूपमा व्यवहार गर्न सक्छ। लैङ्गिकताको व्यवस्थित प्रकृतिले नारी यौनिकतामाथिको पौरुष नियन्त्रणका माध्यमले पुरुष

अधीनस्थताले निरन्तरता पाउने कुरा पक्का हुन्छ। आमूल नारीवादीहरूका शब्दमा लैङ्गिक दमन दमनको आधारभूत स्वरूप हो र पितृसत्तात्मक समाजको आर्थिक ढाँचालाई पनि यसले उछिन्छ।

आमूल नारीवादीका शब्दमा विषम-लैङ्गिकता आफै नै प्रतिक्रियावादी हुन्छ र यस्ता महिलाहरू नै सबै महिलामाथिको पितृसत्तात्मक दमनका लागि सहयोगी बनेका हुन्छन्। आर्थिक विभेदले भन्दा पनि विषमलैङ्गिकताले चाहिँ पुरुष आधिपत्यको आधार निर्माण गर्दछ। यसरी समलैङ्गिक नारीवादीहरूले आफ्नो योजनाको सबभन्दा ठूलो बाधाका रूपमा विषमलैङ्गिक सामाजिक व्यवस्था र त्यसका दलालका रूपमा रहेका महिला एवं पुरुषलाई लिएको छ। यसैले यसको निशाना पनि त्यही विषमलैङ्गिकता नै बनेको देखिन्छ। यसरी आमूल नारीवादी समालोचनाका फाँटमा थुप्रै महिला समालोचकहरू देखा परेका छन् जसका ऐतिहासिक समालोचनात्मक कार्यले यस फाँटलाई समृद्ध बनाएको छ।

सुलामिथ फायरस्टोन आमूल नारीवादी समूहकी संस्थापक नै हुन् र त्यस समूहको नाम न्यूयोर्क रेड स्टकिङ्स थियो । आन्ना कोयटसँग मिलेर उनले आफ्नो समूहको स्वतन्त्रता घोषणापत्र लेखेकी थिइन्। उनको प्रभावकारी काम **द डाइलेक्टिक अफ सेक्स**को लेखनारम्भ उनले 'यौनवर्ग यति गहिरो छ कि सायद त्यो अदृश्य बन्दैछ' भनेर गरेकी थिइन्। फायरस्टोनले यौनवर्गको आमूल नारीवादी विश्लेषण प्रस्तुत गर्ने क्रममा मार्क्स, एङ्गेल्स, फ्रायडहरूको सैद्धान्तिक दृष्टिकोणलाई पनि टिपेकी थिइन्। उनले वर्गको मार्क्सवादी व्याख्याबाट सुरु गरेकी थिइन् तर उनको जोड चाहिँ आर्थिकभन्दा लैङ्गिकतामा थियो। एङ्गेल्सको सर्वेक्षण अनुसार पहिलो श्रम विभाजन महिला र पुरुषका बिचमा जैविक पुनर्उत्पादनका सन्दर्भमा भएको थियो, यसैले पुरुष मालिक बन्यो र महिला उत्पादनका अर्थमा तथा बच्चाको हेरचाहमा गर्ने श्रमका सन्दर्भमा सीमित भई। एङ्गेल्सको जोड वर्ग विभाजनमा भएको आर्थिक दमनमा थियो। उनको जोड चाहिँ जैविकताका सन्दर्भमा केन्द्रित हुन पुगेको थियो। फायरस्टोनले जैविक पुनर्उत्पादन महिला र पुरुषको वर्गविभाजनको आधार होइन भनेकी छन्। आर्थिक वर्ग र यौनवर्ग जैविक यथार्थबाट नै आएका हुन्, महिला र पुरुष फरक नै सिर्जिएका हुन् र बराबरी प्राथमिकता पाएका पनि छैनन्। त्यसैले फायरस्टोनका अनुसार पुनर्उत्पादन कार्यले दुईवटा लिङ्गका बिचमा भिन्नता ल्यायो र यही नै पहिलो श्रमविभाजन थियो, पछिका आर्थिक र सांस्कृतिक वर्गहरू पनि यसैका आधारमा विभाजित भएका हुन्। उनले यसो भन्नुको अर्थ महिला जैविकीले उनीहरूको लक्ष्य निर्धारण गर्छ भन्ने होइन। यौनवर्गको विभेद प्राकृतिक मौलिकताका आधारमा सुधार्न खोज्दा न्याय हुँदैन। पुरुष आफ्नो जैविक अवस्थाबाट मुक्त हुन दिनपरदिन सक्षम हुँदै आएको छ र त्यसले महिला र बच्चामाथि आतङ्क सिर्जना गरेको छ। दमनको यो जैविक आधार नै फेरियो भने (पुनर्उत्पादनको कार्यका निम्ति अरू नै आविस्कार भयो भने) पनि त्यसका आधारमा सिर्जित महिलादमन समाप्त हुन्छ नै भन्ने कुनै टुङ्गो छैन। फायरस्टोनले पहिचान गरेको यौनवर्ग आफैमा आत्मनिर्भर बनिसकेको मात्र होइन शोषक सांस्कृतिक सम्बन्धका क्षेत्रको नमुना पनि बनेको छ। यसैले आमूल नारीवादी आन्दोलनको लक्ष्य पुरुषले पाउँदै आएको प्राथमिकताको अन्त्य गर्नु मात्र नभएर लिङ्गका बिचमा रहेको सांस्कृतिक भिन्नताको अन्त्य गर्दै यौन वर्गलाई नै ध्वस्त गर्नु हो।

फायरस्टोनले पनि यौन वर्गको कुरा गरेर फ्रायडकै सिद्धान्तको अनुसरण गरेको देखिन्छ। उनले जैविक पितृसत्तात्मक परिवारमा हुने शक्तिका बिचको विभेदको व्यवस्थापन गर्न दमननीतिकै अवलम्बन गर्नुपर्छ भन्ने कुरा ध्वंसात्मक छ र व्यक्तिगत मनोविज्ञानका लागि यो महँगो पनि पर्छ भनेकी छन्। महिला र बच्चाहरूलाई उनीहरू तल्लो दर्जाकै हुन् भनेर स्विकार्ने मानसिकता निर्माणको लक्ष्य राखेर शिक्षादीक्षा दिइन्छ। यसले महिला र बच्चामा परनिर्भरताको भावना सिर्जना गर्छ, महिलाहरू पुरुषमा र बच्चाहरू अभिभावकमा निर्भर रहन बाध्य बनाइएका छन्। यसैले महिलाको मात्र होइन बच्चाको मुक्ति पनि आमूल नारीवादी परियोजनाको एउटा भाग हो। महिला र बच्चाहरूलाई पूर्ण मानवका तहमा पुऱ्याउने लक्ष्य आमूल नारीवादले राखेको छ भन्ने फायरस्टोनको भनाइ छ। उनले महिलालाई यौनका कारणले दासवर्गमा पारिएको कुरा उल्लेख गर्दै 'के महिलाले साँच्चै नै स्वतन्त्रता प्राप्त गर्न सक्लान् त ?' भनेर प्रश्न पनि उठाएकी छन् (म्याडसेन, सन् २००० : १५९-१६०)।

अर्की आमूल नारीवादी एन्ड्रिया दोर्किनले महिलाको स्वतन्त्रताका लागि पुनर्उत्पादनसम्बन्धी प्रविधिको प्रयोग गरिनुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेकी छन्। उनले पनि फायरस्टोनकै धारणालाई समर्थन गर्दै महिलाहरू आफ्नो यौनिकताकै कारणले दमित भएका छन् र उनीहरू दमित हुने आधारभूत कारण पनि जैविकता नै हो भन्दै स्वास्थ्य र प्रविधिसम्बन्धी विकासले पनि महिलाको यौनिकतालाई नियन्त्रण गर्ने र उनीहरूलाई आफ्नै जैविकताको बन्दी बनाइराख्ने रणनीति अँगालेको कुरा अगाडि सारेकी छन्।

पुरुष दार्शनिकहरूले महिलाहरू आफ्नो जैविकताले शताब्दीयौंदेखि बन्धनमा बस्न स्विकार्दै आएका छन् र यो उनीहरूको पुनर्उत्पादन क्षमतासँग गाँसिएको छ तथा यही कारणले उनीहरूले सीमित घेराको जीवन पाएका छन् जसले गर्दा उनीहरूको मस्तिष्क पनि सङ्कुचित छ भनेका छन्। दोर्किनले भने महिलाको अवस्थासम्बन्धी यो जैविक व्याख्या स्वीकार गरेकी छैनन्। उनले महिलाहरूलाई यस्ता अवस्था स्वीकार गर्न बाध्य पारिएको छ भनेकी छन्। आफ्ना निम्ति निर्मित यस्ता आचारसंहिता महिलाहरूले अस्वीकार गर्नु भनेको आफ्ना सेरोफेरोका पुरुषको रीस बेहोर्ने खतरा झेल्नु हो। महिलाहरू पुरुषबाट हुने हिंसाबाट बच्न उनीहरूको हैकम स्विकार्दछन्। पुरुष हिंसाको सदा कालको धम्कीले महिलालाई निष्क्रिय र अधीनस्थ बनाएको हो भन्ने कुरा नै दोर्किनको दृष्टिकोणको आधारशिला हो। महिलाहरूले उनीहरूप्रति आज्ञाकारी बन्नु, परम्परालाई स्वीकार्नु, निष्ठावान् बन्नु, पुरुष नियन्त्रणप्रति कहिल्यै असन्तुष्टि प्रकट नगर्नुजस्ता सबै कुरा उनीहरूले आफूविरुद्धका हिंसाको निवारणका लागि हो। पितृसत्तात्मक संस्कृति भित्रका प्रत्येक महिला पुरुषहिंसाका धम्कीले बाँधिएका छन् र बलात्कार, श्रीमतीमाथि कुटपिट, बच्चा पाउने बाध्यता, औषधोपचारमा देखाइने बगरेपन, यौन आधारित हत्या, निराशाप्रद मनोवैज्ञानिक प्रताडनाजस्ता कुरा नै पुरुषहिंसाका नमुना हुन्। पितृसत्ताको महिलाविरोधी संस्कृतिमा जेजसरी पनि आफूलाई बचाइराख्न महिलाहरू त्यसका निकृष्टभन्दा पनि निकृष्ट अनुशासनहरू स्वीकार त गर्दछन् तैपनि महिलामाथि हुने पितृसत्ताको संस्थागत दमन-उत्पीडनको निवारण भने हुन सकेको देखिँदैन (म्याडसेन, सन् २००० : १६०-१६१)।

दोर्किनका विचारमा संस्थागत पितृसत्तामा महिलाको इज्जत घटाइन्छ, अवनति गराइन्छ, उसको शक्तिहीनतालाई बढाइचढाइ गरिन्छ मात्र होइन महिलाको इच्छा र अस्मिताको इमानदार अभिव्यक्तिलाई एकपाखेसमेत बनाइन्छ । महिलाहरू निर्दयी, निहूँ खोजाहाहरूको सेवा गर्ने भतुवा बनाइन्छन् । यस्तो आफैलाई घृणा गर्ने इमानदारिताले उनीहरूको नारीत्व ध्वंस गर्दछ र हरेक विचारधाराका पुरुषहरू महिलालाई यस्तै हुन सिकाउँछन् । यौनवर्गमा महिला-पुरुष दुवै पर्छन् त्यसैले पुरुषद्वारा महिलामाथि हुने दमनको अनुभव सामाजिक-आर्थिक वर्गको हैसियतमा आधारित हुन्छ । पितृसत्तात्मक समाजमा महिलाले दमित वर्गलाई र पुरुषले दमक वर्गलाई संस्थागत गरेका हुन्छन् । सबै विचारधाराका पुरुषहरू पितृसत्ताभित्रका उनै उनै पद र पदावलीद्वारा महिला र नारीत्वको परिभाषा दिन्छन् । लिङ्गआधारित यौनिक-दमन सामाजिक र आर्थिक दमनकै अभिन्न अङ्ग हो । महिलापुरुषको सम्बन्धको निर्वाह महिलाविरोधी मनोवैज्ञानिक निहूँ खोजाइ र भौतिक हिंसाका आधारमा भइरहेको हुन्छ । लैङ्गिक वर्ग र यौनिक बाध्यताको कामकारवाही पितृसत्ताका सन्दर्भमा एउटा व्यवस्थाकै रूपमा व्यक्ति, संस्था र मूल्यमान्यताका माध्यमबाट हुनेगर्छ । लैङ्गिक दमन छुट्टै हिंसा र आकस्मिक विभेदका रूपमा नभई पितृसत्ताअन्तर्गत अत्यन्त व्यवस्थित रूपमा हुनेगर्छ । नारीवादी प्रश्न र विश्लेषणबाहेकका सन्दर्भमा पितृसत्ताको व्यवस्थित प्रकृति अस्पष्ट छ । महिलाजन्य दुःख र महिला माथिको पारिवारिक हिंसाको अनुभूतिका कथा भनिँदैनन्, किनभने कथा भन्ने मानिस तथा कथाको बेवास्ता गरिन्छ, चुप लाग्न धम्क्याइन्छ नभए तिनलाई समाप्तै पारिन्छ र महिलाका दुःखहरू सांस्कृतिक अदृश्यताभित्र घचेटिन्छन् भन्ने दोर्किनको राय छ । यदि पुरुषद्वारा यी कथाले मूल्य पाएनन् भने पितृसत्तामा ती अर्थहीन मानिन्छन् ।

अमेरिकाको वर्तमान राजनीतिक अधिकारले अब पितृसत्तात्मक समाजको हिंसाले सिर्जना गरेको महिलाको डरको वास्ता गर्न थालेको छ । दोर्किनले निश्चित विश्वपर्यवेक्षण, घर र त्यसमा रहेको महिलाको स्थानको सुरक्षा, महिला-पुरुष दुवैका लागि व्यवहारगत राजनीतिक प्रतिबद्धताका कुराहरू स्थायित्व प्राप्त गर्ने क्रममा रहेको बताएकी छन् । यस्ता सुरक्षाका प्रतिबद्धताका कुराहरू पुरुषका सन्दर्भमा मात्र कायम हुन्छन् भन्ने दोर्किनको धारणा छ । महिलाहरू दमनकारी र पीडक पुरुषहरूलाई विस्थापित गर्नुपर्ने वा कुनै पनि तरिकाले आफूभन्दा टाढा पुऱ्याउनुपर्ने कुरा अगाडि सार्दछन् । पुरुषदमन र उत्पीडनले क्रोधित यस्ता महिलाहरू चरम राष्ट्रवादी, जातिवादी, हठधर्मी, आफ्नै राजनीतिक वा धार्मिक समुदायप्रति घृणाभाव राख्ने खालका हुन्छन् । यस्ता महिलाहरूले यसरी घृणाभाव पाल्ने कुरा त अर्थयुक्त छ तर तिनीहरूसँग विद्रोह गर्ने साहसको भने अभाव देखिन्छ । महिलाहरूमा देखिने यस्ता खतराका लक्षणहरूले उनीहरूमा रहेको डरलाई प्रतिबिम्बित गर्दछन् । महिलाहरू आफ्नो बचावटको सुरक्षा आफैले गरिरहेको विश्वासमा छन् तर वास्तविक रूपमा भने उनीहरू आफ्नै नैतिक र भावनात्मक आत्महत्यालाई स्विकारिरहेछन् भन्दै दोर्किनले 'राइट विङ्ग' (Right–Wing) महिलाका जीवनको विडम्बनालाई प्रस्तुत गरेकी छन् । उनका अनुसार आमूल नारीवादीहरूको भूमिका यी र अरु सबै महिलाका अवस्थाको सही विश्लेषण प्रस्तुत गर्न, आफूलाई आतङ्कित बनाउने विरुद्धको महिलाहरूको क्रोधहरूलाई सही दिशातर्फ उन्मुख बनाउन र अनिच्छा, डर तथा हीनत्वमा नभएर त्यसका सट्टा दृढाग्रह, गहनता तथा

आधिकारिक पहिचानमा आधारित व्यक्तिगत एवं सामूहिक बचावटको सङ्घर्षलाई इङ्गित गर्ने कुरामा रहेको हुन्छ (म्याडसेन, सन् २००० : १६२-१६३) ।

मेरी डेलीको काम महिला आधिकारिकताको पुनः प्राप्तिको सम्भावनासँग जोडिएको छ । उनले आफ्नो पुस्तक **बियोन्ड द गड फादर : टुवार्ड अ फिलसफी अफ उमन्स लिवरेसन** (सन् १९७३) मा क्रिश्चियन मात्र नभएर सबै सार्वभौम पितृसत्तात्मक धर्म विषयका रूपमा प्रस्तुत भएका छन् । उनी पुरुषकेन्द्री विश्वदृष्टिलाई उच्चता प्रदान गर्ने र महिला अनुभूतिलाई बहिष्कार गर्ने क्रिस्चियन पुराकथाका स्रोतका रूपमा रहेका पुलिङ्गकेन्द्री पुराकथा र चिन्हहरूको खोजी गरी तिनको पर्दाफास गर्छिन् । उनी महिलाका अनुभव र इतिहासका सत्यलाई धमिलो पार्न भनिएका झुठा कुराको पर्दाफास गर्ने काममा मात्र नभई पितृसत्ताको ऐतिहासिक कृत्यले लुकाइएका तथा उल्ट्याएका महिलाजीवन अर्थको पुनः आविष्कार गर्ने काममा पनि संलग्न छन् । पितृसत्ताले महिलालाई यौनवर्गका रूपमा विभिन्न टुक्रामा विभाजन गरेर बौद्धिक हिंसा गरेको छ । डेली यस विभाजनलाई कपडाजसरी बुनेर महिलाकेन्द्री यथार्थलाई पुनर्सञ्चित गर्नतर्फ प्रवृत्त छन् । उनी आफ्नो लेखनलाई यही बुनाइको क्रियाकलाप मान्छिन् । उनी एउटा यस्तो यात्रामा छन् जसलाई 'उत्तरपितृसत्ता' को यात्रा पनि भन्न सकिन्छ जसले पितृसत्तालाई विगतमा लगेर राखिदिन्छ । उनी यस उत्तरपितृसत्तालाई एकीकृत महिला अनुभवहरूको पृष्ठभूमिका रूपमा लिन्छिन् जसले झूठा र भ्रान्तिको सहारा लिएर टुक्रा-टुक्रा पारेको थियो (म्याडसेन, सन् २००० : १६३-१६४) ।

उनले पितृसत्ताले महिलालाई रहस्यमय बनाउनका लागि चारवटा प्राथमिक रणनीति लिएको बताएकी छन् जुन यसप्रकार छन्- पहिलो हो, महिलाको ऐतिहासिक तथ्य मेटाउने काम, दोस्रो हो त्यसलाई उल्ट्याउने काम जसले महिलालाई अधीनस्थ बनायो, तेस्रो हो झूठो ध्रुवीकरण जसले नारीवादलाई पुरुषपरिभाषित यौनिकताको प्रतिपक्षका रूपमा चिनायो, चौथो हो फुटाऊ र शासन गरको नीति जसमार्फत महिलालाई नै महिलाका विरुद्ध आक्रामक बनाउने काम भयो । पितृसत्तात्मक संस्कृतिका एक-एक पत्र उधार्ने क्रममा महिलाशिक्षा धेरै सहयोगी हुने कुरा उनले बताएकी छन् । उनी पित्तृसत्ताको सामान्य सुधारमा होइन आमूल रूपान्तरणका पक्षमा छन् । उनी यसरी बनेको नयाँ नारीविषय र एकीकृत महिला विश्वदृष्टिको अभिव्यक्ति पितृसत्ताले निर्माण गरेको भाषामा हुन सक्तैन, यसका लागि महिलाकेन्द्री नयाँ भाषाको जरुरत पर्दछ भन्छिन् । उनी पुरुषकेन्द्री विश्वदृष्टिलाई विस्थापित गर्ने भाषाको चाहना राख्छिन् । यसका लागि फरक किसिमको शब्दभण्डारको आवश्यकता पर्छ । पितृसत्ताको भाषाले पुरुष उच्चताको मूल्यवत्ता र महिला आत्मरहितता वा अदृश्यताको अभिव्यक्ति दिन्छ । महिलाका विरुद्ध हुने हिंसाको सामान्यीकरण र घोर क्रूरताको प्राकृतीकरण नै पितृसत्ताका मूल्य र मान्यताका प्राप्ति हुन् । पितृसत्तात्मक समाजमा महिलाविरोधी हिंसा जीवनको सामान्य हिस्सा बन्ने गर्छ र भूतप्रेत पनि स्त्रीलिङ्गकै कल्पना गरिन्छ । पितृसत्तात्मक समाजका मूल्यमान्यताको वशीभूत भएर महिलाहरू आफ्नो रीस पितृसत्ताको महिलालाई हेप्ने संस्कृतिमाथि नभएर अरू महिलामाथि पोख्दछन् । यसो हुनु आत्मप्रवञ्चनाको लक्षण नै हो । यसैले डेली महिलाहरू आफ्नै नारीत्वका गुणका आधारमा

भौतिक-आत्मिक दुवै किसिमले बाँच्नुपर्छ र अरू महिलासँग भगिनीवत् सम्बन्ध कायम गर्नुपर्छ भन्ने कुरामा जोड दिन्छिन् ।

अर्की आमूल नारीवादी लेखक अड्रे लर्डेले मेरी डेलीसँग आफ्नो मतैक्यता जाहेर गरेकी छन् । उनले डेलीसँग उपेक्षितहरूको साझा अवस्थाका कारणले आमूल समलैङ्गिक नारीवादीका हैसियतले डेलीसँग भगिनी-सम्बन्ध गाँसेको देखिन्छ । पितृसत्तात्मक संस्थापनाले विषमलैङ्गिक र समलैङ्गिक महिलासँग फरक व्यवहार गर्दै पछिल्लालाई आफ्नो घेराबाट बहिष्कार गर्दछ । गोराहरूको पितृसत्ताले महिला-परम्परा, पुराकथा र इतिहासमाथि पनि दमन गरेको छ । यस्तो दमनको अनुभूति पनि गोरा र काला महिलाहरूको फरक-फरक हुन्छ । उनी महिला आन्दोलनले गरिब, काला र समलैङ्गिक महिलाका विषयलाई पृथक् बनाउला र आफूलाई महिलाको र सकारात्मक परिवर्तनको विरुद्ध लैजाला भनेर डराउँछिन् । गोरा जातिकी डेलीलाई काला जातिकी अड्रे लर्डे अश्वेत महिलाहरू महिला हिंसाका उदाहरण मात्रै होइनन् भन्छिन् । उनका अनुसार गोराहरूको आमूल नारीवादबाट काला महिलाको अभिव्यक्ति हराउँछ । फेरि उही महिलाशक्ति माथिको पितृसत्तात्मक ध्वंसले दोहोरिने अवसर पाइरहेको छ । वासनात्मक आवेग त्यस्तो शक्ति हो जसलाई दबाउनुका सट्टा आपसमा बाँड्नुपर्छ भन्ने उनको दृष्टिकोण छ । लर्डेको दृष्टिकोण महिलाका बिचको आवेगको विनिमयले पुरुषको वासनात्मक शक्तिमाथि विजय हासिल गर्छ, महिलाको जीवनशक्ति बन्छ, सिर्जनात्मक शक्तिको वृद्धि गर्छ, नारीवादीहरूले दाबा गर्दै आएको भाषा, इतिहास आदिले प्रयोगको क्षेत्र हासिल गर्दछ भन्ने छ (म्याडसेन, सन् २००० : १६९) ।

आमूल नारीवादले उदार एवं मार्क्सवादका प्रस्थापनाभन्दा फरक कुरा अघि सार्दै आर्थिक वर्गका स्थानमा यौन वर्ग र पितृसत्तामा सुधार गर्दै जाने भन्ने दृष्टिकोणका सट्टा आमूल परिवर्तन आवश्यक छ भन्ने दृष्टिकोण अगाडि सारेको छ । यसले उदार नारीवाद मध्यम वर्गीय गोरा महिलाहरूको सङ्गठनमा सीमित भएकोमा आलोचना गर्दै त्यसमा काला जातिका र समलिङ्गी महिलाहरू पनि समाहित हुनसक्ने चिन्तन स्थापित नभएसम्म त्यो प्रत्युत्पादक हुने ठहर प्रस्तुत गरेको छ । यसले महिलाहरूकै बिचमा भगिनीसम्बन्ध कायम गर्दै पितृसत्ताले महिलामाथि गर्ने हरेक किसिमका दमनको प्रतिकार र उनीहरूले महिलाका सम्बन्धमा स्थापना गरेका मूल्यमान्यता ध्वंस गर्दै नयाँ शक्ति, सामर्थ्य र उत्साहका साथ महिलाहरूको नयाँ विश्वको निर्माण गर्नुपर्छ जहाँ कुनै पनि जाति, वर्ण र वर्गका महिलाले उत्पीडन सहनु पर्दैन भन्ने दृष्टिकोण अगाडि सार्दै सबै प्राप्तिका निम्ति आमूल समलैङ्गिक नारीवाद मात्र समर्थ हुन्छ भनेका छन् ।

### २.३.२.४ **समाजवादी नारीवाद**

आमूल नारीवाद र मार्क्सवादी नारीवादका बिचमा सन् १९६० र १९७० का दशकमा भएको सामाजिक असमानताका आधारभूत कारणमाथिको बहसले समाजवादी नारीवाद (सोसलिस्ट फेमिनिजम) को जन्म भएको देखिन्छ (बिस्ले, सन् १९९९ : ६२ ) । समाजवादी नारीवादीहरू मार्क्सवादभित्रका वर्गभेद र श्रमजस्ता केही कुरा स्वीकार गर्छन् तर वर्ग विभाजनको ऐतिहासिक निरन्तरताका आधारमा लैङ्गिक दमनको प्रारम्भ भएको होइन भन्ने कुरामा आमूल नारीवादसँग

मतैक्य भएको देखिन्छ। अर्को शब्दमा सबै समाजवादी नारीवादीहरू वर्गआधारित समाजको उत्पत्तिभन्दा पहिल्यै महिलाअधीनता रहेकाले महिलादमन वर्गविभाजनमा आधारित छैन भन्ने कुरामा आमूल नारीवादसँग सहमत देखिन्छन्। समाजवादी नारीवादमा आमूल र मार्क्सवादी नारीवादका विपरीत कैयौं कुराहरूका सम्मिश्रण रहनुका अतिरिक्त कहिलेकाहीं यसले मनोविश्लेषणात्मक नारीवादको प्रभावसमेत वरण गरेको पाइन्छ।

आमूल र मार्क्सवादी नारीवादका बिचको बहसले समाजवादी नारीवादका तीन प्रमुख परम्पराको उत्पत्ति भएको छ। पहिलो परम्पराको चासो लिङ्गको सामाजिक संरचनासँग गाँसिएको छ जसको व्यापक प्रयोग फ्रायडीय मनोविश्लेषणमा पाइन्छ। यसले महिलामाथिको दमन असमान सामाजिक-आर्थिक स्थितिका कारणले नभई मनोरचनाको भिन्नताको प्रभावस्वरूप भएको हो भन्ने मान्छ। समाजवादी नारीवादले मार्क्सवादी सोचाइभित्रको वर्गीय सम्बन्धको कुरालाई पनि साथसाथै लिएर जान्छ। समाजवादी नारीवादभित्र यस्तो द्वैध व्यवस्था पाइन्छ जसले सामाजिक सङ्गठनका भिन्न प्रक्रिया र पहिचानका शक्तिका दुई रुपलाई प्रस्तुत गर्दछ र ती हुन्- पितृसत्ता र पुँजीवाद। यसले लैङ्गिक शक्तिको मनोवैज्ञानिक रूपलाई अर्थआधारित वर्ग-शक्तिका साथमा पनि प्रस्तुत गर्दछ। पुँजीवादले पितृसत्तालाई एउटै ढाँचा प्रदान गरेको छ। यसले अर्थशास्त्रलाई सामाजिक सम्बन्धको आधारका रूपमा लिन्छ र समाजको निर्माणलाई नै एउटा रूप प्रदान गर्दछ। यस संरचनाले मार्क्सवादी भौतिकवादलाई प्रयोग गर्दछ। यसले मार्क्सवादकै आधार र अधिरचनाको विश्लेषण-पद्धति अँगाल्छ जसमा वर्ग जग (आधार) का रूपमा र लिङ्ग मनोविज्ञान (अधिरचना) का रूपमा आएको हुन्छ (बिस्ले, सन् १९९९ : ६२-६३)।

समाजवादी नारीवादको दोस्रो परम्पराले आमूल र मार्क्सवादी दुवै नारीवादलाई एउटै शक्ति-सिद्धान्तभित्र समेटेर एकीकृत व्यवस्थाका रूपमा 'पुँजीवादी पितृसत्ता' लाई अगाडि सार्दछ। यस पदावलीको प्रयोग अरु प्रकारका नारीवादभित्र पनि हुने गर्छ।। एलिसन जागर र आइरिस योङका कामलाई यस सिद्धान्तको उदाहरणका रूपमा अगाडि सार्न सकिन्छ।

समाजवादी नारीवादको तेस्रो परम्परा पहिलो परम्पराको ठीक विपरीत छ। यसमा लिङ्ग र वर्ग दुवैलाई आर्थिक स्वरूपमा लिइन्छ। यसले पितृसत्तालाई पहिलो परम्पराले जस्तो मनोविज्ञानका रूपमा मात्र लिँदैन। यसले लिङ्ग र वर्गलाई एक अर्काका पूरकका रूपमा नभएर दुवैलाई आ-आफ्ना पूर्णतामा प्रस्तुत गर्दछ। हाइडी हर्टमनको कामलाई यसको उदाहरणका रूपमा अगाडि सार्न सकिन्छ।

समाजवादी नारीवादका यी सन्दर्भहरू वर्ग र लिङ्गका बिचको सम्बन्धमाथिका विचारका रूपमा चिनिएका छन्। अर्को शब्दमा यही नै पुँजीवाद र पितृसत्ताका बिचको सम्बन्ध पनि हो। प्रारम्भतिर समाजवादी नारीवादले जातीयताको प्रश्नलाई खासै महत्त्व दिएन तर पछि जाति-जनजातिसम्बन्धी बहसले यसभित्र आफ्नो स्थानको निर्माण गऱ्यो जुन वर्गविभाजन र लैङ्गिक भिन्नताका सन्दर्भभन्दा पनि अगाडि बढ्यो। अन्ततः यस बहसले समाजवादी नारीवादी विचार र

जाति/जनजातिसम्बन्धी अन्तर्क्रियासमेतलाई इङ्गित गर्दै 'उत्तरऔपनिवेशिक' नारीवादी दृष्टिकोणको विकासमा योगदान गऱ्यो (बिस्ले, सन् १९९९ : ६४)।

समाजवादी नारीवादले परिवार र अर्थका सन्दर्भमा मार्क्सवादी नारीवादकै विचारलाई सन् १९८० को दशकदेखि व्यापकता दिएको देखिन्छ। समाजवादी नारीवाद महिला-दमन, परिवारभित्र महिलाको अवैतनिक काम र अर्थतन्त्रले निर्धारण गरेको वेतनको न्यूनताको परिणाम मात्रै होइन भन्छ, यसका कारणका रूपमा लिङ्ग एवं वर्गका आधारमा गरिने तमाम अन्याय, लैङ्गिक एवं जातीय/जनजातीय अवस्थिति तथा यी सबैको संयुक्त स्थिति जिम्मेवार छन् भन्छ। घरभित्रका काम अदृश्य हुन्छन् अर्थात् तिनलाई काम नै मानिँदैन तर जाति/जनजातिका आधारमा पछि परेका तथा बसाइँसराइ गरेर आएका महिलाहरू पैसा कमाउनका निमित्त अरूका घरमा त्यस्ता काम पनि गर्छन्। लैङ्गिक विभेदले गर्दा महिलाहरूको स्तर र महिलाका कामको आयको अवमूल्यन हुनेगर्छ। औद्योगिक देशका प्रायःजसो महिलाहरू कि त गृहिणी मात्रै छन् कि त न्यून ज्यालामा काम गर्छन्। तिनीहरूको साङ्गठनिक आबद्धता र राजनीतिक संलग्नता नाम मात्रको हुन्छ। पिछडिएका जाति/जनजातिका र बसाइँ सरेर आएका महिलाहरू दोहोरो/तेहरो शोषणमा पर्ने गर्छन् तर उनीहरूका समूहका पुरुषहरू भने राजनीतिक विवादमा गाँसिन रुचाउँछन्। समाजवादी नारीवादीहरू महिलाहरू दोस्रो दर्जाका नागरिक भएकाले वर्गीय, जातीय एवं राष्ट्रिय राजनीतिमा कतै पनि उनीहरूको प्रतिनिधित्व हुन सकेको छैन भन्छन्।

काम गर्ने स्थानहरूमा लैङ्गिक अवस्थितिले वर्गीय भिन्नता अझै बढाएको छ, कामका सङ्गठनहरू र तलब दर लैङ्गिक दृष्टिबाट सामान्यीकृत छैनन्। समाजमा पुरुषको प्रभुत्व रहेका कारणले महिला हाकिम र तिनका पुरुष कामदारका बिचको सम्बन्ध पनि प्रभावित छ। कतिपय काम गर्ने ठाउँहरूमा महिलाको महिलामाथि त अधिकार हुन्छ तर पुरुषमाथि हुँदैन। बराबरी जिम्मेवारीका काममध्ये पनि महिलाको आधिक्य रहेका कामको ज्याला पुरुषको आधिक्य रहेको कामको ज्यालाभन्दा न्यून हुन्छ। पुरुष हैकम प्रभावशाली रहेका ठाउँमा कामदार महिला-पुरुष जो भए पनि तलब अधिक हुन्छ र महिला हैकम प्रभावशाली रहेका ठाउँमा कामदार महिला-पुरुष जो भए पनि तलब भने न्यून हुन्छ।

लैङ्गिक दृष्टिकोणले वर्गका सार्वजनिक र निजी सन्दर्भमा पनि प्रभाव पारिराखेको हुन्छ। महिलाहरू अरू महिलाका घरमा ज्यालाका लागि घरेलु काम गर्ने र बच्चा हेर्ने गर्दछन्। परिचरको काम प्राकृतिक हुने हुनाले त्यो महिलाको काम हो भन्ने दृष्टिकोण पश्चिममा व्याप्त देखिन्छ। महिलाहरू सेवाशुश्रूषा एवं हेरचाहका कामहरूलाई पारिवारिक कामकै हिस्साका रूपमा स्विकार्छन् र उनीहरू प्रशिक्षित पेसेवरका रूपमा यस्ता काम ज्यालाका लागि पनि गर्दछन्।

पिछडिएका जाति/जनजातिका समूहका महिलाहरूको वर्गीय अवस्थिति मिश्रित किसिमको पाइन्छ-कतै-कतै उच्च र धेरैजसो चाहिँ न्यून हुन्छ। एकल महिलाको पेसा र आयस्तर उनको लैङ्गिक अवस्थितिले गर्दा अवमूल्यनमा परेको हुन्छ। विवाहित महिलाको वर्गीय स्तर उनको श्रीमान्‌को पेसा, हुन्छ। विवाहित महिलाको वर्गीय स्तर उनको श्रीमान्‌को पेसा, आय र शिक्षाद्वारा

निर्धारित हुन्छ। महिलाले उच्चशिक्षा हासिल गरेको र पुरुषले नगरेको भए पनि पुरुषकै हैसियतबाट परिवारको वर्गीय हैसियतको निर्धारण गरिन्छ। पुरुष हाकिम वा मजदुर जे भए पनि परिवारको प्रमुख आयआर्जकका रूपमा पुरुष नै हैकमशाली मानिन्छ र महिला उसका अधीन राखिन्छे। कुनै पुरुषले कतै काम गरेवापत 'परिवार भत्ता' पनि प्राप्त गर्दछ जुन उसकी श्रीमतीले घरगृहस्थी सम्हालेर बालबच्चा हेरेवापत प्रदान गरिएको हुन्छ। बरु उसकी श्रीमतीले घरको काम गर्न र बच्चा स्याहार्न अरू नै महिलालाई ज्यालामा राख्न सक्छे।

जातीय/ जनजातीय हैसियतले मजदुर वर्ग, मध्यम वर्ग र उच्च वर्गका महिला एवं पुरुषहरूलाई विभिन्न तहमा टुक्र्याउँछ तर कहिलेकाहीँ चाहिँ यसले वर्गीय हैसियतलाई बलियो पनि बनाउँछ। घरेलु काम तथा पुनर्उत्पादनको काम पनि गरिरहेका, नागरिकको भूमिका पनि निर्वाह गरिरहेका र सार्वजनिक क्षेत्रका काम गरिरहेका महिलाका सन्दर्भको जाति/जनजाति/वर्गीय /लैङ्गिक हैसियत भने अत्यन्त जटिल किसिमको हुन्छ भन्ने कुरा एक्लिन नाकानो ग्लेनको लेखनमार्फत छर्लङ्ग भएको छ।

समाजवादी नारीवादले लिङ्ग, सामाजिक वर्ग तथा जाति/जनजातिका कारणले हुन गएको असमानताका सम्बन्धमा सामान्य सिद्धान्त प्रतिपादन गरेको छ। महिलाका सन्दर्भमा यो असमानता परिवारभित्र र काम गर्ने ठाउँमा हुने शोषणका माध्यमले देखिने गर्छ। उच्च वर्गीय र उच्चमध्यम वर्गीय गोरा महिलाले पनि आफ्ना वर्गका पुरुषले जति सुविधा प्राप्त गरेका हुँदैनन्। पुरुषहरू अर्को पुस्ताको पुनर्उत्पादनको जिम्मेवारीबाट मुक्त रहने हुनाले आफ्नो व्यक्तित्व-विकास गर्न र राजनीतिक शक्तिको अभिवृद्धि गर्न पाउँछन्। आफूले पाएको यस सुविधाले उनीहरू आफ्नो व्यापक सामाजिक हैसियत प्राप्त गर्न र त्यही कारणले महिलालाई हेप्न सक्षम बन्दछन्। यसैले श्रमजीवी वर्गका महिलाहरू आफ्नै वर्गका पुरुषका सापेक्षतामा दोहोरो-तेहरो शोषणमा पर्दछन्।

समाजवादी नारीवादीहरू पारिवारिक जिम्मेवारी, आर्थिक शक्ति एवं सामाजिक शक्तिको पुनर्विभाजनको माग गर्दछन्। घरेलु जिम्मेवारीको समान वितरणले महिलालाई अहिले पुरुषको एकाधिकार रहेको आर्थिक र सामाजिक शक्तिको साझेदारी गर्ने अवसर प्राप्त हुन्छ। उच्चवैतनिक काम र शक्तिको अवस्थितिको लैङ्गिक एकाधिपत्य पनि समाप्त हुनुपर्दछ। समाजवादी नारीवादले शिक्षाको समान अवसर, बालबच्चाको हेरचाह, स्वास्थ्य हेरचाह, सरकारी-गैरसरकारी क्षेत्रमा कामको अवसरको व्याप्तिका लागि सङ्घर्ष गर्ने गरेको छ। पारिवारिक र आर्थिक पृष्ठभूमिमा महिलाको हैसियतको विश्लेषण गर्ने कामका लागि आधारभूमि प्रदान गर्नु र लिङ्ग, वर्ग र जाति/जनजातिको संयुक्त प्रभावलाई दृश्यमान बनाउनु नै समाजवादी नारीवादको प्रमुख योगदान हो। संसारभरिका महिलालाई दोस्रो दर्जाको नागरिक बनाउने आर्थिक, सांस्कृतिक र राजनीतिक पछौटेपनको वर्णन गर्न उनीहरूले जटिल असमानतासम्बन्धी धारणा ग्रहण गरेका छन् (लर्बर, सन् २००५ : ८३-८४)।

जिलाह इसेन्स्टिन, जुलियट मिचेल र सिला रोथबमले 'पुँजीवादी पितृसत्ता' को विश्लेषण प्रस्तुत गरेका छन् । उनीहरूले शोषण र दमनको भिन्नतामाथि प्रकाश पारेका छन् । उनीहरूका अनुसार मार्क्सवादको वर्ग विश्लेषणले ज्यालादारी श्रमिकका रूपमा महिला र पुरुष दुवैमाथि हुने शोषणलाई एकसाथ प्रस्तुत गर्दछ तर आमा, पत्नी, घरेलु श्रमिक र उपभोक्ताका नाताले पितृसत्तात्मक लैङ्गिक भिन्नताको फलस्वरूप महिलामाथि हुने शोषणका बारेमा भने यो मौन छ । वर्गीय शोषण र लैङ्गिक दमनसँग सम्बन्धित रहेको जातीय दमनको प्रकृतिमाथि भने यसले विचार पुऱ्याउँदैन । यसैले समाजवादी नारीवादीहरू, औद्योगिक क्रान्तिदेखिकै पुँजीवाद, पितृसत्ता र जातीयताको सम्बन्ध र पारस्परिक अन्तर्निर्भरतामाथि दृष्टि दिन सक्ने विश्लेषणको विकास आवश्यक छ भन्छन् । समाजवादी नारीवादीहरू महिलाको दमन बुझ्नका लागि पुनर्उत्पादक श्रममा हुने लैङ्गिक भिन्नता पत्तो लगाउन सक्नुपर्छ भन्छन् । मार्क्सवादी विश्लेषण महिलाको निःशुल्क घरेलु श्रमलाई चिन्न असफल भएकाले समाजवादी नारीवादीहरूले आफ्नो ध्यान मातृत्व र यौनिकताका पक्षमा मोडेका छन् । उनीहरूले विभिन्न वर्गका महिलाको बच्चाको स्याहारसम्भारको जिम्मेवारी र लैङ्गिक अनुभूतिको अध्ययन गरेपछि सम्पूर्ण महिलाको अनुभूतिगत एकरूपताको कुरा पत्ता लगाएका छन् । धनी-गरिब जस्तासुकै महिलाका भागमा पुरुषका तुलनामा घरेलु जिम्मेवारी बढी र लैङ्गिक स्वतन्त्रता कम पर्ने गर्दछ । निजी क्षेत्रमा पर्ने पारिवारिक सन्दर्भमा हुने गरेको महिलामाथिको चर्को शोषणले उनीहरूले सार्वजनिक क्षेत्रमा गर्ने योगदानमा पनि नकारात्मक असर पुऱ्याइरहेको हुन्छ । महिलाहरूले पुरुषले भन्दा भौतिकता र भावनात्मक दुवैतिर कम उपलब्धिमा बढी समय मेहनत गर्नुपर्ने हुन्छ मात्रै होइन पारिवारिक निर्णयमा उसको अधिकार पनि कम हुन्छ । महिलाले बेहोर्ने मातृत्वका भूमिकाका कारणले उसलाई बाहिरी काममा रोक लगाइन्छ र केही काम पाइहाले भने पनि काम छाड्ने अवसरबाट भने उनीहरूले बञ्चित हुनुपर्दछ । समाजवादी नारीवादीहरू महिलाको घरेलु श्रमले उनीहरूकै परिवारको मात्र सेवा नगरी पुँजीवादको रुचिको भरणपोषणसमेत गर्दछ किनभने महिलाले जन्माएर हुर्काएका मानिसहरूले ज्यालादारी श्रमिकको जिम्मेवारी पूरा गर्दछन्  भन्ने तर्क अघि सार्दछन् । महिलाले चाहेजस्ता कुरामा स्वतन्त्रता हासिल गर्दा परिवारकै आर्थिक अवस्थामा भरथेग हुन्छ । यसले पुरुषअधीनस्थ समाजको विशेषताका रूपमा रहेको अनिवार्य विषमलैङ्गिक विवाह प्रथाको अन्त्य र ज्यालादारी श्रमिक-समूहमा रहेको लैङ्गिक भिन्नताको पुनर्संरचनाको कुरालाई अगाडि सारेको छ। श्रमिकहरूको समूहका मातापिताहरूका निम्ति महिला र पुरुषको समान सहभागिता आवश्यक हुन्छ ।

समाजवादी नारीवादमा विस्तारको आवश्यकता देखिएको छ तर यसको पूर्ति उही परम्परागत पुरुषपक्षीय दर्शन, इतिहास, साहित्य र विज्ञानमा महिलाका समस्यालाई जोडेर मात्रै हुन सक्तैन । समाजवादी नारीवादमा बहुसांस्कृतिक र भूमण्डलीय नारी समस्यालाई जोडेर मात्रै पनि त्यस आवश्यकताको पूर्ति हुन सक्तैन । कला र अविकसित मुलुकका महिलाहरूले समाजवादी नारीवादी सोच र त्यसको तौरतरिकालाई त्यसैगरी चुनौती दिने गरेका छन् जसरी नारीवादी दार्शनिकहरूले परम्परागत दर्शनको चिन्तन र तौरतरिकालाई चुनौती दिन्छन् । यस अन्तर-

नारीवादी चुनौतीको सिलसिलाले यस क्षेत्रमा राम्रो काम गरेको छ । समाजवादी नारीवादीहरूले अन्य नारीवादीका उक्त चुनौतीलाई स्वीकार मात्र नगरी महिलाहरूका बिचको भिन्नताको व्याख्या गर्ने क्षमता हासिल गर्नका निम्ति थप सुझावहरूको समेत अपेक्षा राखेका छन् (टुना, सन् १९९५ : २६४) ।

समाजवादी नारीवादले लैङ्गिक आधारमा समाजको पुनः संरचना हुनुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ । यो नारीवाद कतै मार्क्सवाद र कतै आमूल नारीवादका विचारलाई वरण गर्दछ । यसले वर्गविभाजनभन्दा पनि पुरुष प्रभुत्वको अस्तित्व पहिले प्रादुर्भाव भएको हो भन्ने दृष्टिकोण अगाडि सारेको छ । समाजवादी नारीवाद मूलतः वर्ग र लिङ्गका बिचको सम्बन्ध अन्योन्याश्रित रहन्छ भन्नेमा प्रतिबद्ध छ । यही वर्गीय एवं लिङ्गीय सन्दर्भलाई अर्को शब्दमा पुँजीवाद र पितृसत्ता पनि भन्ने गरिन्छ । घरेलु कामको पुनर्वितरण र घरबाहिरका काममा समान ज्याला प्राप्त गर्ने सन्दर्भलाई समाजवादी नारीवादले आफ्नो अभीष्ट बनाएको छ ।

पाश्चात्य नारीवादी साहित्यिक चिन्तनमा देखिएका विभिन्न धारा-उपधारामध्ये उदारवादी, मार्क्सवादी, आमूल र समाजवादी नारीवाद गरी चारवटा नारीवादी धारालाई मूल धाराका रूपमा ग्रहण गरेको देखिन्छ ।

### २.३.३. सहायक धारा र त्यसका स्थापना

नारीवादका मूलभूत स्थापनाका साथै यसका विभिन्न धार र धाराहरूका सापेक्षतामा अब यस वादका मनोविश्लेषणात्मक, उत्तरआधुनिक र उत्तरसंरचनावादी सन्दर्भका बारे थप चर्चा तल प्रस्तुत गरिएको छ ।

#### २.३.३.१ मनोविश्लेषणात्मक नारीवाद

पाश्चात्य नारीवाद सन् १९८० ताकादेखि उदार, मार्क्सवादी, आमूल र समाजवादी नारीवादी धाराहरूमा मात्र सीमित रहन सकेन । चिन्तनका फाँटमा विकसित भइरहेका विभिन्न दृष्टिकोणहरू, समयको गतिमा देखिइरहेको परिवर्तन तथा जटिल सामाजिक एवं राजनीतिक सिद्धान्तका कारणले प्राज्ञिक नारीवादमा पनि विविधता देखिने गरेको हो । मनोविश्लेषणात्मक पद्धति पाश्चात्य जगत्मा अत्यन्तै प्रभावशाली रहेको छ जसले नारीवादी चिन्तनभित्र आफूलाई शक्तिशाली स्वरूपमा स्थापित गरेको छ । उदार र आमूल नारीवादले सन् १९७० को दशकमा मनोविश्लेषणात्मक पद्धतिलाई अस्वीकार गरे । मनोविश्लेषणात्मक नारीवादीहरू लैङ्गिक सम्बन्धको 'भिन्नता' का प्रश्नमा आमूल नारीवादसँग सहमत देखिन्छन् । त्यस 'भिन्नता'ले नारीलाई पुरुषका सापेक्षतामा 'अरू' का रूपमा प्रस्तुत गर्दछ ।

मनोविश्लेषणात्मक नारी (साइकोएनालिटिक फेमिनिजम)वादका पनि दुई प्रमुख हाँगा छन् - फ्रायडेली र लकानेली । फ्रायडेली नारीवादले लैङ्गिक आधारमा निर्मित व्यक्तित्वको पहिचानलाई प्रस्तुत गर्दछ । यसले महिलाको मातृत्वको जिम्मेवारीको प्रभावको विश्लेषणका आधारमा रहने

पुरुष-प्रभुत्वको संरचनालाई प्रस्तुत गर्दछ। फ्रायडेली नारीवाद उत्तर अमेरिकी अङ्ग्रेजीभाषी लेखकहरूसँग सम्बद्ध छ। लकानेली नारीवाद ज्याक्स लकानको कामसँग सम्बन्धित छ। यिनी फ्रायडेली सिद्धान्तका व्याख्याता हुन्। यिनले लैङ्गिक पहिचानको दुःखद् अनिश्चितामाथि बढी ध्यान केन्द्रित गरेका छन्। यसको सम्बन्ध भाषिक ज्ञानप्राप्तिसँग जोडिएको छ। लकानेली नारीवाद मुख्यतः फ्रान्सेली र अंशतः केही बेलायती र अस्ट्रेलियन लेखकहरूसँग सम्बन्धित छ। लकानेली नारीवादलाई पनि दुई भागमा विभाजन गर्न सकिन्छ। एकथरि लकानको मनोविश्लेषणात्मक प्रस्तुतिलाई धेरथोर पछ्याउँछन् भने अर्काथरि 'उत्तर लकानेली' का रूपमा चिनिन्छन् जसलाई 'फ्रान्सेली नारीवादी' वा 'एक्रिचर फेमिनिन' सम्प्रदायका रूपमा चिनिन्छ।

मार्क्सवाद मुख्यतः अर्थशास्त्रसँग गाँसिएको छ र यसकै आडमा सन् १९६० को दशकमा समाजवादी नारीवादले उम्रने अवसर पाएको देखिन्छ। यसका साथै अन्य नारीवादी सन्दर्भले पनि जन्म लिएका छन्। क्रान्तिकारी वामपन्थीहरूले पुँजीवादको आर्थिक संरचनामा मात्र ध्यान दिएर नारी र पुरुषको पहिचानका आधारमा हुने लैङ्गिक उत्पीडनपट्टि चाहिँ बेवास्ता गरेको देखिन्छ। यही सन्दर्भमा केही नारीवादीहरूले मनोविज्ञानप्रतिको बढ्दो रुचिको स्वागत गरेका हुन्। यस स्वागतले नारीवादी चिन्तनका क्षेत्रमा नयाँ द्वार खोलेको छ। अब प्रस्तुत मनोविश्लेषणात्मक नारीवादका फ्रायडको र लकानको मनोविश्लेषणसँग सम्बद्ध नारीवादबारे तल क्रमश : चर्चा गरिएको छ।

**क) फ्रायडेली नारीवाद**

संयुक्त राज्य अमेरिकामा यही पृष्ठभूमिमा फ्रायडेली नारीवादीहरूको एउटा समूह देखा पऱ्यो जसले महिलाको प्राथमिक सेवा शुश्रूषाको जिम्मेवारीले व्यक्तित्व र सामाजिक सम्बन्धमा पार्ने प्रभावका सम्बन्धमा विशेष ध्यान केन्द्रित गरेको छ। सबै समाजमा महिलाहरूले नै बच्चाहरूको प्राथमिक स्याहारसम्भार गर्ने गर्छन् र यसको प्रभाव सामाजिक एवं राजनीतिक सिद्धान्तमा विशेष किसिमले पर्ने गर्छ। मनोविश्लेषणात्मक नारीवादीहरू महिलाहरू कसरी महिला बने, कसरी आमा बने भन्ने सन्दर्भमा सिग्मन्ड फ्रायडका कामहरूलाई आफ्ना बहसका केन्द्रमा राख्ने गर्छन्। फ्रायड मनोवैज्ञानिक जीवनलाई आकार प्रदान गर्ने क्रममा पितृबिम्बमाथि बढी जोड दिन्छन्। यहाँ उल्लेख गरिएको पितृबिम्ब भनेको पुरुष आधिपत्यको सांस्कृतिक पहिचान हो र यो अंशतः पुरुष अङ्गको पहिचान पनि हो। फ्रायडेली नारीवादीहरू आमाको पूर्वभाषिक महत्त्वमाथि बढी जोड दिन्छन्।

उपर्उल्लिखित किसिमको दृष्टिकोणले फ्रायड र उनको आत्मनिर्माणको पुरुषआधारित सिद्धान्तको आलोचनात्मक पुनर्मूल्याङ्कन गर्दछ। त्यति मात्रै होइन, यसले फ्रायडको नारीत्वसम्बन्धी दृष्टिकोणको समेत पुनर्मूल्याङ्कन गर्दछ। फ्रायडले नारीत्व भनेको पितृईर्ष्या हो भनेर अर्थ्याएका छन् जसलाई उनकै शब्दमा भन्दा 'शिश्नईर्ष्या' हुनजान्छ। फ्रायडेली मनोविश्लेषणात्मक नारीवादी लेखनले आमाको प्राथमिक प्रभावमाथि विशेष जोड दिएको छ जसले नारीको लैङ्गिक पहिचानमा सकारात्मक प्रभाव परेको छ र यो विचार आमूल नारीवादको नजिक देखिन्छ। फ्रायडेली नारीवादी लेखनमा फ्रायडको मतविपरीत महिलाको मनोवैज्ञानिक र सांस्कृतिक प्रभाव एवं सामाजिक

सम्बन्धलाई दमित रूपमा नभएर सक्रिय र सकारात्मक रूपमा प्रस्तुत गरिएको छ। फ्रायडेली नारीवादी न्यान्सी चोडोरोले नारीवादी राजनीतिक सूत्र सिधै पुरुषलाई नारीकरण गर्नेतर्फ लक्षित हुनुपर्छ भन्ने कुरालाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेकी छन्।

चोडोरोको 'भिन्न नारीवाद' उदार नारीवादको 'समान नारीवाद' सँग तुल्य देखिन्छ। चोडोरो एवं उदार नारीवाद दुवैले महिला र पुरुष धेरै कुरामा उस्तै हुन्छन् भनेका छन्। जस्तो-बाहिरी काममा पुरुषसँग सहकार्य गर्दा महिला पुरुषजस्तै बन्छन् र सेवाशुश्रूषाका सन्दर्भमा पुरुषहरू महिलाजस्तै बन्छन् भन्ने कुरामा चोडोरोले बढी जोड दिएकी छन्। विच्छिन्नता (महिलासँग) र अरूमाथिको शक्ति प्रदर्शनमा आधारित पुरुषत्वको वर्तमान संस्थापनामा बच्चा हुर्काउने जिम्मेवारीको महिला र पुरुषमा भएको बराबरी विभाजनले नाटकीय प्रभाव पार्छ भन्ने कुरा चोडोरोले व्यक्त गरेकी छन्।

महिलाहरूको आफूप्रतिको आधारभूत भिन्न चेतनाका सम्बन्धमा चोडोरो , क्यारोल गिलिगन र सारा रुड्डिकको जस्तै मत राख्छिन् जसलाई एकीकृत महिला आवाजको संज्ञा दिन सकिन्छ। गिलिगन महिलासम्बन्धी नैतिक कारणहरूको भिन्न व्याख्या गर्छिन्  भने रुड्डिक 'मातृत्व सोच' तिर बढी लक्षित देखिन्छन्। यी दुवैजना लेखकहरू महिलाहरू अक्षम हुन्छन् भन्ने मूल धारको फ्रायडेली मान्यतालाई चुनौति दिन्छन्। चोडोरोका मतमा असमान सामाजिक व्यवस्था र महिलाहरूमाथिको सेवाशुश्रूषाको असमान जिम्मेवारीका कारणले दुई लिङ्गका बिचमा भिन्नता देखा परेको हो र यसले उत्तम संसारको सम्भावना देखाएको छ। लैङ्गिक भिन्नता दमनसँग सोभै जोडिएकाले यसले महिलाका गुणको पुनर्परिभाषा गर्नुपर्ने कुरा नै अगाडि सार्दछ जसले जतासुकै प्रस्तुत गरिने पुरुष-हैसियतलाई चुनौति दिएको छ। बिडम्बना भन्नुपर्छ, पुरुषशासित लैङ्गिक श्रेणीमा महिलालाई अक्षम ठहऱ्याउने दृष्टिकोण नै महिलाको अवमूल्यनको अस्वीकार र भविष्यको आशाको स्रोतका रूपमा परिवर्तित हुन्छ।

फ्रायडेली नारीवादका अनुसार सामाजिक व्यवस्थामा आएको परिवर्तन नै मनोवैज्ञानिक विकासको कारण बन्दछ। यसले कहिलेकाहीं लैङ्गिक भिन्नताको उत्पत्ति हुने सामाजिक सन्दर्भको बेवास्ता गर्दछ  भन्ने आरोप पनि यसमाथि लाग्ने गरेको छ। चोडोरोले समाजवादी नारीवादको 'दोहोरो व्यवस्था' का कारणले महिलाको वर्ग र लिङ्ग (पुँजीवाद र पितृसत्ता) दुवैसँग सम्बन्ध रहेको हुन्छ भन्ने कुरा उल्लेख गरेकी छन्।  समाजवादी नारीवादी जुलियट मिचेल तथा अन्य आमूल नारीवादी लेखकका सापेक्षतामा चोडोरो वर्ग र जातिमा कम ध्यान दिन्छिन् तथा आन्तरिक मनोवैज्ञानिक प्रक्रियाका कारणले अवचेतना, लैङ्गिक पहिचान र व्यक्तित्वका सन्दर्भमा लिङ्गमाथि बढी ध्यान केन्द्रित गर्छिन्। उनी  लैङ्गिक विभिन्नतामाथि प्रकाश पार्छिन्  र लैङ्गिक व्यवस्थालाई उनी मनोविज्ञानको विषय मान्छिन्। उनी श्रमको लैङ्गिक विभाजनजस्ता कुरालाई आर्थिक सन्दर्भको उदाहरणका रूपमा प्रस्तुत गर्छिन्। यसरी मनोविज्ञानलाई बढी प्राथमिकताका साथ प्रस्तुत गर्नु फ्रायडेली नारीवादको वैशिष्ट्य नै हो र लकानेली नारीवादी चिन्तनमा यसलाई अझ बढी विस्तृति प्रदान गरिएको छ।

मार्क्सवादी, समाजवादी र आमूल नारीवादी चिन्तनसँगको मनोविश्लेषणको अन्तर्मन्थनका कारणले फ्रायडेली नारीवादमा विशिष्ट घुम्तीको सिर्जना भएको छ। यसको महत्त्वपूर्ण विकास संयुक्त राज्य अमेरिकामा भएको छ र यो असचेत मानसिकतासँग जोडिएको छ। नारीत्वको त्यो असचेत मानसिकता चाहिँ महिला र पुरुषका बिचको ठोस विशाल सामाजिक सम्बन्धमा सेवाशुश्रूषा, मातृत्व एवं नातासम्बन्धी व्यक्तित्वका रूपमा प्रस्तुत भएको छ। यो सम्बन्ध अपारदर्शी मनोवैज्ञानिक संरचनाको महत्त्वलाई बुझ्ने पारदर्शी समाज-राजनीतिक रणनीतिको विकास गर्ने लक्ष्यले उल्लेखनीय बनेको छ।

पूर्वओडिपसीय अवस्थामा सबै बच्चा आमासँग घनिष्ट हुन्छन्। केटाहरूको पूर्वओडिपल अवस्था पितृ ईर्ष्यामा पुगेर समाप्त हुन्छ। यस क्रममा ऊ आफ्नो पहिलो प्रेमको आधार आमासँगको निकटतालाई  बाबुबाट आफ्नो पुंसत्वहरण हुने डरले त्याग गर्दछ। यस क्रममा उसमा सामूहिक सामाजिक संचेतनाको प्रारम्भ हुन्छ र ऊ पूर्ण रूपमा संस्कृतिभित्र छिर्दछ। यति भएपछि ऊ अब आफ्नो बाबुसहित भएर प्रकृति र महिलामाथि शासन गर्ने बन्दछ। यसका विपरीत केटीहरूमा पुंसत्वहरणको डर नभएकाले ऊ विरलै मात्र आफ्नो पहिलो प्रेमको आधार बनेकी आमाबाट टाढिन्छे। यसरी आमासँगको पूर्वओडिपस घनिष्टताको निरन्तरताका कारणले संस्कृतिभित्रको उसको उपस्थिति अपूर्ण बन्दछ। यसैले ऊ संस्कृतिको किनारमै सीमित हुन्छे जसका कारणले ऊ शासक नबनेर शासित बन्दछे (टुना, सन् १९९५ : १९५)।

पूर्वओडिपस अवस्थाका केटाहरूलाई यौनिक आक्षेप लाग्ने गरेको छ र केटीहरू त्यसबाट जोगिएका छन् भन्ने दृष्टिकोण चोडोरोको देखिन्छ (टुना, सन् १९९५ : १९५)। यही अनुभवका कारणले केटाहरूले आफ्नो र आमाको शरीर फरक भएको बोध गर्छन्। ओडिपस अवस्थामा पुगेपछि ऊ आमाको 'अन्यता' का कारणले आफूलाई समस्या परेको महसुस गर्छ। ऊ बाबुको आक्रोश झेल्नुपर्ने खतराका कारणले आमासँगको प्रेममा बाँधिइरहने आँट गर्दैन। यस्तो खतरा झेल्ने इच्छा नभएका कारणले ऊ आमाबाट छुट्टिन्छ। बाबुका माध्यमले चिनिँदा शक्ति र इज्जत दुवै हासिल हुने हुनाले उसलाई आमासँग छुट्टिँदा पीडाबोध पनि हुँदैन। महिलाप्रतिको सामाजिक सोचाइका कारणले ऊ आफूलाई आफ्नी आमाले प्रतिनिधित्व गर्ने लिङ्गको विपरीत पाउँछ।

आमा र छोरीका बिचको सम्बन्ध भने यसका विपरीत लामो समयसम्म टिकिरहन्छ किनकी यी दुवै महिला हुन् र छोरीमा आमाकै लैङ्गिक चेतना र आत्मबोधले निरन्तरता पाउँछ। ओडिपस अवस्थामा केटीको प्रेम महिलाबाट पुरुषतर्फ सर्ने कारणले आमाछोरीको सम्बन्ध अलि कमजोर भए तापनि चोडोरोका अनुसार आमा छोरीका बिचको बन्धन कहिल्यै चुँडिदैन। केटी विषमलैङ्गिक सम्बन्धकी महिलामा परिणत भए पनि उसको सबभन्दा बलियो संवेगात्मक सम्बन्ध भने महिलासँगै रहन्छ।

चोडोरोका अनुसार सबै पुरुष प्राप्ति र आत्मनिर्भरतातर्फ तथा सबै महिला सेवाशुश्रूषा र जिम्मेवारीतर्फ फर्किएका हुँदैनन्। यसका सट्टा कतिपय यस्ता समाज हुन्छन् जहाँ छुट्टिएर एकल बन्दा पुरुषले भन्दा बढी समस्या महिलाले भोग्नुपर्छ तथा घनिष्टता र संयुक्ततामा महिलाले भन्दा

बढी समस्या पुरुषले भोग्नुपर्ने हुन्छ। चोडोरोका अनुसार पुरुषको अति पृथकता र महिलाको अतिसंयुक्तता लगभग उस्तै कुरा हुन्। उनी यस्ता समस्याबाट बच्न महिला-पुरुष दुवै व्यक्तित्वशाली बन्नुपर्ने र बच्चाको हेरचाह दुवैले गर्नुपर्ने नियम नै बन्नुपर्छ भन्छिन्। महिला-पुरुष दुवैले मिलेर हुर्काएका केटाकेटीहरू निजी र सार्वजनिक दुवै संसारमा सफल बन्दछन् र उनीहरूमा यस लिङ्गको मानिस गतिलो र यस लिङ्गको मानिस अगतिलो भन्ने भावना पनि रहँदैन।

चोडोरो सामाजिक प्रयोगविना केटा र केटीमा मनोलैङ्गिक विकास सम्भव छैन भन्छिन्। केटाहरूको आमासँगको पृथकता अरूसँग गहिरो किसिमले बाँधिन नसक्ने अयोग्यताको स्रोत हो। यही अयोग्यताले उसलाई सार्वजनिक क्षेत्रमा काम गर्नका निम्ति तयार पार्दछ किनभने सार्वजनिक क्षेत्रले व्यक्तिगत क्षमतालाई महत्त्व दिन्छ, व्यापारी प्रवृत्ति र प्रतिस्पर्धात्मकतातर्फ अघि सार्छ। त्यस्तैगरी केटीहरूको आमासँगको अभिन्नता सम्बद्धताजन्य क्षमताको स्रोत हो जुन चाहिँ निजी तहका भूमिका (स्याहार्ने श्रीमती र आमा) निर्वाहका निम्ति आवश्यक हुन्छन्। दर्शनहरू दार्शनिकहरू भन्दा भिन्न हुँदैनन्, दार्शनिकहरू आफ्ना अनुभवहरूलाई नै दर्शनका रूपमा प्रस्तुत गर्दछन्। पाश्चात्य दर्शन प्रायः पुरुषबाटै प्रतिपादन गरिएका छन्। यसैले तिनले पृथकता र व्यक्तिगततालाई पारस्परिक तथा संयुक्ततालाई भन्दा बढी महत्त्व प्रदान गर्ने गरेका छन् भन्ने आशय फ्लाक्स्ले प्रकट गरेकी छन् (टुना, १९९५ : १९७)।

फ्ल्याक्सका अनुसार पश्चिमी पुरुष दार्शनिकहरू आमासँगको आफ्नो अन्तर्सम्बन्ध, बाबुजस्तै बन्नका लागि आमासँग छुट्टिँदाको पीडा र आमासँगको अन्तर्सम्बन्धलाई फेरि अनुभव गर्ने आफ्नो चाहना स्विकार्न रुचाउँदैनन्। मानिसका जीवनका शैशवमा रहने परनिर्भरतालाई उनीहरू अस्वीकार त गर्छन् नै। त्यसका साथै उनीहरू आफ्नो शैशवकालीन अनुभूति र त्यससँग सम्बन्धित हरेक कुरामाथि नियन्त्रण गर्न चाहन्छन्। ती हरेक कुरा भनेका प्रकृति, शरीर, संवेग र महिला हुन्। यो अस्वीकार र दमनले मस्तिष्क एवं शरीर आपसमा छुट्टिन्छन् तथा शरीर अवमूल्यनमा पर्दछ। यसैको फलस्वरूप महिलाको पुनर्उत्पादन सम्बन्धी काम पूर्ण मानवीय र सभ्य कामका रूपमा गनिँदैनन्। यसैले घरेलु सन्दर्भसँग जोडिने महिलाहरू परनिर्भर र दासजस्ता प्राणीसँग जोडिन्छन्।

फ्ल्याक्सले नारीवादीहरूले ज्ञानको सिद्धान्त र अस्तित्वको सिद्धान्तमाथि पुनर्चिन्तन गर्नुपर्छ तथा दार्शनिकहरूले मानिसको शैशवकालीन अनुभूतिको अस्वीकार र दमन गर्न बन्द गर्नुपर्छ भनेकी छन्। त्यस्तै, उनले द्विचरविरोधी सोचाइमा परिवर्तन ल्याई (जस्तोः- विषय-विषयी, मस्तिष्क-शरीर, भित्री-बाहिरी, कारण-आशय आदि) भिन्नताको सम्मानजनक स्वीकार गरिनुपर्छ भन्ने कुरालाई महत्त्वका साथ अगाडि सारेकी छन्।

फ्ल्याक्सले नारीवादीहरूले परम्परागत दर्शनलाई चुनौती दिनुपर्छ भनेकी थिइन् भने सिर्ले नेल्सन गार्नरले विषमलिङ्गी संस्कृतिलाई चुनौति दिनुपर्छ भनिन्। फ्रायडले विषमलैङ्गिकता नारी-नर दुवैको जीवनको मूल्यमान्यता हो भनेका थिए (टुना, सन् १९९५ : १९७)। गार्नरको सोच नारी समलैङ्गिकतालाई अस्वाभाविक र विषमलैङ्गिकतालाई स्वाभाविक एवं प्राकृतिक मान्ने दृष्टिकोणलाई

बदल्न सजिलो छैन भन्ने छ। विषमलैङ्गिकताका पक्षमा महिलाहरूले समलैङ्गिक विश्वासको परित्याग गर्ने प्रवृत्तिले व्यापकता ग्रहण गर्दै गरेको कुराको व्याख्या एड्रियन रिचले गरेकी छन्। रिचले पुरुषले आफ्ना शक्तिको दुरूपयोग गरेर महिलामाथि विषमलैङ्गिकता लादेको हो। पुरुष आफ्नो शारीरिक, आर्थिक एवं संवेगात्मक अधिकारको सुनिश्चितताका लागि यसो गर्छ भन्ने दावी गरेकी छन् भन्ने कुराहरूलाई गार्नरले अगाडि सारेकी छन् (टुना, सन् १९९५ : १९८)।

गार्नर मनोविश्लेषणात्मक सिद्धान्तले गरेको नारी समलैङ्गिकताको परिभाषाप्रति आलोचक छन्। यिनका अनुसार मनोविश्लेषणात्मक नारीवादीहरू नारी समलैङ्गिकतालाई किनाराबाट क्रमशः उक्त सिद्धान्तको केन्द्रतर्फ धकेलिरहेका छन्। उनी लुसी इरिगरीले "महिलाको महिला-समदृश्यताको चाहनालाई महिलाका निम्ति असम्भव ठानेर किन पन्छ्याइन्छ ? आमाछोरीको सम्बन्धलाई पुरुष आकाङ्क्षा एवं विषमलैङ्गिकताकै कोणबाट किन प्रस्तुत गरिन्छ ?" (टुना, सन् १९९५ : १९८) भनेर अगाडि सारेको प्रश्नलाई निकै महत्त्वका साथ प्रस्तुत गर्छिन्। इरिगरिले यसरी पुरुष यौनिकताका दृष्टिकोणबाट महिला यौनिकतालाई प्रस्तुत गर्ने कुरालाई नै चुनौती दिएकी हुन् भन्ने मान्यता गार्नरको देखिन्छ। वास्तवमै मनोविश्लेषणवादीहरूले पुरुष यौनिकताको सिद्धान्तमा निर्भर नरहने महिला यौनिकताको सिद्धान्त प्रतिपादन गर्नुपर्छ।

आफ्नो विषमलैङ्गिक यौनिकताको प्रवृत्तिबाट बाहिर निस्कन सक्ने मनोविश्लेषणात्मक नारीवादीहरू जाति एवं वर्गको सन्दर्भप्रति पनि विस्तारै संवेदनशील हुँदै जानु आवश्यक देखिन्छ। चोडोरोले जसरी पश्चिमी मध्यम वर्गीय गोरा विषमलिङ्गी महिलाका सन्दर्भमाथि मात्रै ध्यान केन्द्रित गर्नु पनि पर्याप्त छैन, सबै प्रकारका महिलाका अनुभूतिमाथि ध्यान पुऱ्याउनुपर्छ। बच्चाको रेखदेख कसले गर्छ भन्ने सन्दर्भसँग फ्रायडले अगाडि सारेको ओडिपस अवस्थाको कुरा जोडिन्छ। श्रीमान् श्रीमती दुवैजना कामकाजी हुनेहरू आलोपालो गरेरै बच्चाको रेखदेख गर्छन् जुन उनीहरूको रोजाइ नभएर बाध्यता हो। बाबुको अनुपस्थिति रहेर आमाले एक्लै बच्चाको रेखदेख हुने सन्दर्भमा मात्र ओडिपसको धारणा लागू हुन्छ। अबका मनोविश्लेषणात्मक नारीवादीहरूले भिन्न जाति-जनजातिमा विभाजित मातापिताले बच्चाको रेखदेख गर्ने वास्तविक तरिकाको अध्ययन गर्नु आवश्यक छ। यस्ता कतिपय नारीवादीले त्यसो गर्न प्रारम्भ त गरेका छन् तर त्यो प्रारम्भिक खुड्किलामै सीमित छ। यो अध्ययन पूर्णतामा पुगेपछि फ्रायडले अगाडि सारेको ओडिपस अवस्थाको परिभाषा अवश्यै बदलिने छ।

**ख) लकानेली नारीवाद**

*अ - लकानमा आधारित नारीवाद*

मार्क्सवाद/समाजवाद, आमूल नारीवाद र मनोविश्लेषणको मिश्रणले एउटा भिन्नै किसिमको मनोविश्लेषणात्मक नारीवादी चिन्तनको विकास गरेको छ। यो फ्रान्सका सन्दर्भमा विशेष उल्लेखनीय छ। सन् १९६० पछिका फ्रान्सेली नारीवादी लेखकहरूले मार्क्सवाद र मनोविश्लेषण दुवै पक्षसँग परिचितता कायम गरेका छन् (बिस्ले, १९९९ : ६९)। जुलियट मिचेल, ज्याक्वेलिन रोज जस्ता अङ्ग्रेजीभाषी नारीवादी एवं लुसी इरिगरी, हेलेन सिक्सस र जुलिया क्रिस्तेवाजस्ता

फ्रान्सेली नारीवादीहरूले फ्रायडेली मनोविश्लेषण माथिको ज्याक्स लकानको पुनर्व्याख्यामा ध्यान केन्द्रित गरेको देखिन्छ ।

मनोविश्लेषणात्मक नारीवादको उत्तरअमेरिकी हाँगो समाजशास्त्रीय ढाँचाबाट टाढा छ र फ्रायडको चिन्तनमा आधारित छ । यसले लकानको लेखनले जस्तै लिङ्गआधारित पहिचानलाई बढी ठोस, साहित्यिक एवं फ्रायडले विशेष महत्त्व दिएको जैविक सन्दर्भमा नभएर भाषावैज्ञानिक वा प्रतीकात्मक सांस्कृतिक सन्दर्भमा व्याख्या गर्छ । फ्रायडले 'लिङ्ग' लाई जैविक अङ्गका रूपमा प्रस्तुत गरेका थिए भने लकानले त्यसलाई प्रतीकात्मक-सांस्कृतिक अर्थ प्रदान गरे । फ्रायडले व्याख्या गर्ने गरेको 'शिश्न-ईर्ष्या' लाई लकानले आधिकारिकता एवं शक्तिको अभावका अर्थमा लिएका छन् किनभने समाजको ढाँचा पितृसत्तात्मक भएकाले पुरुषहरू सोभै आधिकारिक मानिन्छन् र स्वतः शक्तिशाली हुन्छन् ।

नारीवादी दृष्टिकोणमा लकानको प्रभाव भनेको यथार्थ जगत्बाट तुलनात्मक रूपमा संस्कृतिको अमूर्त दार्शनिक विश्लेषणतर्फ फर्कनु हो । प्रतीकात्मक सांस्कृतिक अर्थ भनेको भाषा हो । यसैले यसलाई यथार्थविरोधी सिद्धान्तका रूपमा व्याख्या गर्ने गरिन्छ । भाषा नै बच्चाले संस्कृतिमा प्रवेश गर्ने द्वार हो र भाषाले नै संस्कृतिलाई एउटा स्वरूप प्रदान गर्छ । यसैले भाषा नै संस्कृतिको आधारशिला हो । लकानका विचारमा लैङ्गिकता सामाजिक निर्माण हो । यसैले भाषामा कर्ताको निर्माणका सन्दर्भमा पुल्लिङ्ग वा स्त्रीलिङ्ग प्राथमिकतामा पर्दैनन् अर्थात् भाषागत कर्ताको निर्माण लिङ्गका आधारमा नभएर समाजको प्रतिबिम्बका आधारमा हुन्छ । लैङ्गिक दृष्टिकोणले विशिष्ट जनता (पुलिङ्ग) का आधारमा समाजको निर्माण भएको हुन्छ र उनीहरू भाषामाथि निर्भर हुन्छन् ।

*आ - उत्तरलकानेली नारीवाद*

फ्रान्समा पनि अन्यत्रजस्तै नारीवादका विभिन्न स्वरूपहरू विद्यमान छन् तापनि लकानको सिद्धान्तमा आधारित रहेर भाषिक पक्षमा केन्द्रित नारीवादी सिद्धान्त सर्वाधिक प्रसिद्ध छ । अभ्र फ्रान्सेली नारीवाद भनेर समेत यही भाषावादी नारीवादलाई र फ्रान्सेली नारीवादी सिद्धान्तकार भनेर लुसी इरिगरी, हेलेन सिक्सस र जुलिया क्रिस्तेवालाई बुझ्ने गरिन्छ । फ्रान्समा विद्यमान विधि नारीवादको अस्तित्वको समेत कदर गर्दै भाषावादी फ्रान्सेली नारीवादलाई 'एक्रिचर फेमिनिन' का नामले सम्बोधन गर्नु बढी उपयुक्त हुन्छ ।

लकानले पनि फ्रायडकै स्वरमा स्वर मिलाउँदै बन्ध्याकरण गरिएको (लिङ्गविहीन) पुरुषत्व नै नारीत्व हो भनेको अभिव्यक्तिका बिन्दुबाट अगाडि बढेका फ्रान्सेली नारीवादीहरूले उक्त नकारात्मक मूल्याङ्कनको आलोचना गरेका छन् (बिस्ले, सन् १९९९ : ७१) । यिनीहरू फ्रायडको भन्दा पनि लकानको कामप्रति बढी आलोचनात्मक देखिएका छन् जसले उनीहरूलाई उत्तरलकानेलीका रूपमा प्रस्तुत गरेको छ । उनीहरूले लकानको भाषा/संस्कृतिसम्बन्धी कामलाई पुरुष दृष्टिकोणको कामका रूपमा लिएका छन् । उनीहरू लकानको सभ्यता र सामाजिकताको हाराहारीमा रहेको आमासँगको पारस्परिकतामा आधारित अन्तर्सम्बन्धबाट बच्चाको मुक्तिको

सकारात्मक कुरालाई पनि सकार्दैनन् । यी उत्तरलकानेलीहरू फ्रायडेली नारीवादीले जस्तै पुरुष प्रभुत्वका कुनै पनि कुरालाई स्विकार्दैनन् र मान्छेको 'आफू' र संस्कृतिले निकटताको परित्याग, अरूसँगको विच्छेद र आमाको अस्वीकारजस्ता कुरामा नै पूर्णता पाउँछन् भन्ने लकानेली विचारलाई पनि शङ्काको दृष्टिले हेर्छन् । 'एक्रिचर फेमिनिन स्कुल' नारीत्वको पहिचान पुल्लिङ्गी संस्कृतिका दृष्टिकोणबाट मात्र हुनसक्छ र ? भनेर प्रश्न गर्छ तथा अन्य सम्भावनाहरूलाई अगाडि सार्दछ (बिस्ले, सन् १९९९ : ७२) ।

लकानका लागि प्रत्येक व्यक्ति समाज-सम्पर्कको नियम र प्रतीकात्मक व्यवस्थालाई आत्मसात् गरेर व्यक्ति बन्न सक्छ तथा मानव संस्कृतिभित्र पस्छ । व्यक्तिलाई भिन्नता र लैङ्गिक विशिष्टताको बोध भाषाको अध्ययनका क्रममा नै प्राप्त हुन्छ । प्रत्येक व्यक्ति यही प्रतीकात्मक व्यवस्था अनुसार बोल्न सक्छ जसलाई मनोविश्लेषणात्मक शब्दावलीमा 'पिताको कानुन' भनेर बुझ्ने गरिन्छ । फ्रायडकै अनुसरण गर्दै लकानले पनि अहिलेको समाज मात्रै पुरुषअधीनस्थ नभएर पूरै संस्कृति नै पुल्लिङ्गी छ भनेका छन् । नारीत्व यही प्रतीकात्मक व्यवस्थाको विपरीत ध्रुव मात्रै हो, पुरुषत्वको घेराभन्दा बाहिर यसको अभिव्यक्ति सम्भव छैन, भाषाको यही लैङ्गिक व्यवस्थाभित्र नारीत्व सीमित छ भन्ने लकानेली मान्यता रहेको देखिन्छ । 'एक्रिचर फेमिनिन' ले पनि लकानले भनेको नारीत्वको हैसियत बहिष्कृत छ भन्ने कुरा स्विकारेको छ र यसले वैकल्पिक भाषाको विकासको प्रस्ताव अघि सारेको छ जुन ती बहिष्कृतहरूको प्रयोगमा आउनसक्छ । उनीहरूको सोचाइको एउटा माध्यम बन्न सक्छ । यसरी नारीत्वलाई केही पनि उत्पादन गर्न नसक्ने अभावका रूपमा मात्र नभएर विद्रोही सांस्कृतिक सिर्जनात्मकताका रूपमा प्रस्तुत गरिएको छ ।

उपर्युक्त सन्दर्भमा फ्रान्सेली नारीवादीहरूले सिमोन द बुभायरको अस्तित्ववादी लेखनले अघि सारेको  नारी लैङ्गिकताको दोस्रो हैसियत वा 'अन्यता' लाई त ग्रहण गरेका छन् तर यिनीहरू बुभायरभन्दा अलि फरक पनि छन् किनभने यिनले अदृश्यता र सीमान्तीकृतता नारीपनसँगसँगै गाँसिएको देखेका छन् । यिनीहरूले प्रतीकात्मक मानवभित्र महत्त्वपूर्ण र वैधानिक ठहरिएका कुराको आलोचनात्मक मूल्याङ्कनका लागि भने त्यो अवस्थिति उपयुक्त ठहऱ्याएका छन् । यिनीहरू नारी पुरुषका सन्दर्भमा मात्र देखिन सक्ने सांस्कृतिक मान्यतालाई अस्वीकार गर्ने खालका र नारीत्वका सम्भावनाहरूको दावी गर्ने खालका लेखनका कारणले अरूभन्दा भिन्न देखिएका छन् । आमूल नारीवादीहरूले त यस आन्दोलनप्रति चासो नै राखेको देखिन्छ तर आम आमूल नारीवादीभन्दा भिन्न फ्रान्सेली नारीवादी सिद्धान्त नारीत्वका बुँदाहरूलाई पितृसत्तात्मक हैकमकै पुनरावृत्ति हुने सम्झेर (जसले महिला के हुन् र कस्तो हुनुपर्छ भन्ने कुरा निरन्तर भनिरहन्छ) विशिष्ट ढङ्गले प्रस्तुत गर्न अस्वीकार गर्छ (बिस्ले, १९९९ : ७३) ।

'एक्रिचर फेमिनिन' लेखकका लागि पुल्लिङ्गी सोचाइसँग नमिल्ने महिलासम्बन्धी सोचाइ भनेका महिलालाई होच्याउने सांस्कृतिक र भाषिक सिद्धान्त नै हुन् । यस्ता स्थापित मूल्यमान्यताभन्दा फरक कुरालाई अस्वीकार गर्नु भनेको लैङ्गिक भिन्नतालाई मात्र नभएर सबै किसिमका भिन्नतालाई अस्वीकार गर्नु हो । नारीत्व पिताको नियम-कानुन लाद्ने एउटा उपयुक्त

माध्यम बनेको छ । किनारा लाग्दै गएको शक्तिको संयन्त्र नष्ट गर्ने प्रयत्नको सम्भावित प्रक्रिया पनि नारीत्वले नै प्रदान गर्दछ (बिस्ले, सन् १९९९ : ७३) ।

सामाजिक ढङ्गले प्राथमिकतामा पर्ने गरेका र महिलामाथि अधिनायकत्व लाद्न संलग्न भएकाहरूमाथि प्रश्न गर्ने अवसर प्रदान गरेर नारीको 'अन्यता' ले सकारात्मक फाइदा प्रदान गरेको कुरामा जोड दिएर यो (फ्रान्सेली नारीवाद) उत्तरसंरचनावादी सोच राख्ने ज्याक्स डेरिडाको विचारको नजिक देखिएको छ । डेरिडाको विचारअनुसार प्रतीकात्मक मान्यता (Symbolic order) मा रहेको अर्थ एक्कासि नभएर सांस्कृतिक एवं भाषिक रूपमै श्रेणी क्रमिकतामा विकसित भएको हो र यो विरोधी जोडी (पुरुष/महिला) मा देखिन्छ । त्यस्तो जोडीमध्येको एउटा पक्ष 'पुरुष' ले उच्चता र अर्को पक्ष 'महिला' ले निम्नताको प्रतिनिधित्व गरेका हुन्छन् । महिलाको 'अन्यता' मा निहित अदृश्य बहिष्करणले यसको स्वरूपको निर्माण गरेको देखिन्छ (बिस्ले, सन् १९९९ : ७३) ।

डेरिडाले हाम्रो ध्यान श्रेणीगत द्वैतवादतर्फ तानेका छन् जसले प्रतीकात्मक मान्यताको निर्माण गरेको छ । संस्कृतिमा अर्थको त्यो भिन्नता वा शक्तिको निर्माण न त प्राकृतिक नै हो न त त्यो अजरामर नै छ । सांस्कृतिक ढङ्गले प्राथमिकताप्राप्त व्यक्तिहरू दमितहरूका अस्तित्वमा बाँचेका हुन्छन् । डेरिडा यस्तो क्रम भत्काउनका लागि वैकल्पिक सम्भावनाको खोजी गर्छन् । सीमान्तीकृतहरूको परिचयमाथि प्रकाश पारेर र रणनीतिक रूपमा भइराखेको धारणागत मान्यतालाई उल्ट्याएर डेरिडाले निर्माण गरेको विचारद्वारा फ्रान्सेली नारीवादी लुसी इरिगरीहरू प्रभावित भएका भेटिन्छन् । उनीहरू महिलाको 'अन्यता' अपरिवर्तनीय कुरा नभएकाले यसलाई स्थापित गर्ने र पितृसत्तात्मक प्रतीकात्मक मान्यतालाई विस्थापित गर्ने कुरामा विशेष चासो देखाउँछन् (बिस्ले, सन् १९९९ : ७४) ।

पितृसत्तात्मक चिन्तनका बुँदाहरू पक्रिएर तिनै बुँदाको समेत उपयोग गर्दै नारीवादी चिन्तकहरूले मनोविश्लेषणात्मक नारीवादी चिन्तनको सूत्रपात गरेका छन् । यिनीहरू आमाको पूर्वभाषिक महत्त्वमाथि विशेष जोड दिन्छन् । अर्काथरि मनोविश्लेषणात्मक नारीवादीहरू फ्रायडेली मनोविश्लेषणात्मक सिद्धान्तका व्याख्याता लकानको सिद्धान्तमा आधारित छन् । फ्रायडले 'लिङ्ग' लाई जैविक अर्थमा परिभाषित गरेका छन् भने लकानले प्रतीकात्मक-सांस्कृतिक अर्थमा परिभाषित गरेका छन् । एकथरि लकानेली नारीवादीहरू यही सांस्कृतिक परिभाषामा टेकेर अघि बढ्छन् भने अर्काथरि 'उत्तर लकानेली'का रूपमा देखा परेका छन् जो लकानले इङ्गित गरेको भाषिक पक्षको सङ्केतको व्याख्या पुनर्व्याख्या गर्दै अघि बढेका छन् ।

लकानको पुनर्व्याख्याले पनि सामाजिक मानक भाषामार्फत देखिन्छ भनेको छ । यसबाट पनि भाषा पुल्लिङ्गी हुन्छ र यसले पुरुषकै सिद्धान्त र विचार बोकेको हुन्छ भन्ने कुरा छर्लङ्ग हुन्छ । क्रिस्तेवाका विचारमा पश्चिमी दर्शन भिन्नताको दमनमाथि अडेको हुन्छ । यसैले भाषामा पुरुष वर्चस्व कायम हुन्छ । भाषामा महिला जहिल्यै कर्ताका रूपमा नभएर 'अन्य', 'फरक' र 'अभाव' का रूपमा प्रस्तुत भएकी हुन्छे । यसैले फ्रान्सेली नारीवादीहरूले महिलाहरू समाजमा जस्तै भाषामा पनि चुपचाप देखिएका हुन् भनेका छन् । यसैले महिलावादी समालोचनाले महिलालाई

आवाज प्रदान गरेर सार्वजनिक सन्दर्भमा रहेको महिला-मौनतालाई सम्बोधन गर्नुका साथै पुरुष भाषामा महिला-आवाज गुञ्जिने असम्भवतालाई पनि बेवास्ता गरेको छ । महिला कर्ता ('म') का रूपमा प्रस्तुत भएका स्थानमा पनि पुरुषकै हैसियत अस्थायी रूपमा महिलामा सरेको ठानिन्छ । यहीँनिर 'त्यसोभए महिलाहरू कसरी बोल्न सक्छन् त ?' भन्ने प्रश्न उठ्दछ र त्यसैको जवाफमा नै विशिष्ट प्रकारको महिला लेखनको उपाय सुझेको हो ।

'महिला लेखन' 'एक्रिचर फेमिनिन' भन्ने फ्रान्सेली पदावलीको अपूर्ण अनुवाद हो । लेखनको महिला शैली, पाठ, रिक्तता, मौनता, शब्दको अर्थगत विविधता, लय र नवीन बिम्बका माध्यमले प्रकट हुन्छ । लामो समयदेखि महिला-आवाज दबिँदै आएकाले र बोलिहाले पनि सापट मागेको भाषा ( पुरुष भाषा) को प्रयोग हुने गरेकाले महिला-भाषाको लेखन सुन्दाखेरि अपरिचितजस्तो लाग्नु स्वाभाविकै हो । पुरुष भाषा प्रतीकात्मक, पङ्क्तिबद्ध, तार्किक, अधिकारयुक्त र यथार्थपरक हुन्छ । 'एक्रिचर फेमिनिन' (महिला-लेखन) बिम्बात्मक हुन्छ र यसले पुरुष भाषाको प्रतीकात्मकताको ध्वंस गर्छ  तथा विद्यमान मानकहरू शून्य पार्न (समाप्त गर्न) चेतावनी दिन्छ । क्रिस्तेवा २० औं शताब्दीको प्रारम्भमा देखा परेको आधुनिकतावादको उदाहरण दिन्छिन् जसले परम्परागत साहित्यिक शैलीलाई भाषाको प्रयोगद्वारा भताभुङ्ग पारेको थियो (वो, सन् २००६ : ३३६) ।

'एक्रिचर फेमिनिन' राजनीतिक हुन्छ । भाषाद्वारा नै संसार रचिएको र परिभाषित भएको छ । भाषाविना संसारको सामाजिक संरचनाको अस्तित्व रहन सम्भव  छैन । यसैले लेखक भाषा संरचना र मानक भङ्ग गरेर समाजको संरचना ध्वस्त पार्छ । पुरुषभाषा भताभुङ्ग पार्दा पुरुषका तुलनामा महिलाले साह्रै न्यून क्षति बेहोर्नुपर्ने भएकाले यस सन्दर्भमा उनीहरू जति पनि क्रान्तिकारी हुन सक्छन् । इरिगरी पुरुष आधिपत्य रहेको भाषाभित्र महिलाको उपस्थिति हुनुभन्दा नहुनु नै उपयुक्त मान्छिन् । महिलाहरू किनारामा भएकाले (भाषाको केन्द्रमा नरहेकाले) उनीहरू आफ्नो अराजक र ध्वंसकारी गतिविधिका कारणले शोषित हुने सम्भावना रहँदैन, किनभने त्यसको चरम रूप अहिले नै भोगिरहेका छन् भन्ने इरिगरीको धारणा छ । मूल धारको विचारधारामा समाहित हुन अस्वीकार गरेकाले महिलाहरू विध्वंसकारी बनेका छन् ।

हेलेन सिक्ससले आफ्नो 'सर्टिज' भन्ने निबन्धमा द्विचरविरोधी धारणाको व्याख्या गरेकी छन् जसले पहिलो आधालाई (पुरुष आदि) बाँकी अर्को आधाभन्दा सधैं उत्कृष्ट देखाउने गर्छ । उदाहरण - पुरुष/महिला, सक्रियता/ निष्क्रियता, संस्कृति/ प्रकृति आदि । यस व्यवस्थामा महिलालाई सधैं निकृष्ट आधामा पारिन्छ । इरिगरीले पनि यस विभाजनलाई अस्वीकार गरेकी छन् । महिला 'एक' नभएर 'अनेक' भएकाले यस विभाजनमा ऊ पर्दिन भन्ने उनको धारणा देखिन्छ । 'एक्रिचर फेमिनिन' मा बहुमुखी दृष्टिकोण रहने भएकाले यसले एकीकृत र एक्लो आवाज अथवा ईश्वर/पिता/लेखकजस्ता वस्तुगत सत्यको अवधारणालाई पनि स्विकार्दैन । नारीत्वको बहुमुखिताले 'आफू' को स्थायित्व र अदृश्यता परिभाषित गर्नका लागि पुरुषलाई 'आफू' र 'अरू' को कडा बन्धनको सिर्जना गर्न बाध्य पारेको हो । इरिगरीले नारीत्व पुरुषत्वको विपरीत कुरा नभएर विभाजित हुने, वर्गीकृत हुने पौरुष तर्कको परिणाम हो भनेकी छन् (वो, सन् २००६ :

३३६) । इरिगरी र क्रिस्तेवाका लागि 'एक्रिचर फेमिनिन' पूर्वओडिपस अवचेतनासँग सम्बन्धित छ जहाँ प्रतीकात्मकता लादिइसकेको हुँदैन । भाषालाई उछिनेको यही असंरचित, अयौनिक र अविचारित स्थान नै महिलाको स्थान हो । महिलाको स्थानको विचार डेलीको 'जङ्गली क्षेत्र' (Wild zone) बाट ग्रहण गरिएको हो जहाँ महिलाहरू उन्मुक्त हुन पाउँछन् (वो, सन् २००६ : ३३६) । क्रिस्तेवाले डेलीले जसरी भाषा बहिष्करणको वकालत त गरेकी छैनन् तर डेलीको 'पुरुष भाषा विध्वंसकारी छ र यो आफ्नै विरुद्ध प्रयुक्त हुनसक्छ' भन्ने धारणासँग भने सहमत देखिन्छिन् (वो, सन् २००६ : ३३७) ।

'एक्रिचर फेमिनिन' ले सिक्सस र इरिगरीका लागि त्यस्तो 'नसोचिएको स्थान' प्रदान गरेको छ जहाँ दुईवटा लिङ्गले दुईवटै सत्यका उपायलाई परिभाषित गर्छन्, जहाँ भिन्नता सम्मानित हुन्छ । समग्रमा फ्रान्सेली नारीवादले 'नारीत्व' का सन्दर्भमा जैविक लिङ्गका माध्यमले शरीर, नारी चारित्रिकता र नारी भिन्नतामाथि प्रकाश पार्छ ।

जुडिथ बटलरले आफ्नो पुस्तक **जेन्डर ट्रबल** (सन् १९९०) मा पुरुषत्व र नारीत्वको विभाजन विषम लिङ्गीहरूको समर्थनमा कृत्रिम ढङ्गले गरिएकाले यसलाई भत्काउनुपर्छ भनेकी छन् । लैङ्गिक मानकलाई भत्काएपछि, सामाजिक सम्झौताद्वारा बनाइएको जैविक लिङ्गलाई अस्वीकार गरेपछि लिङ्गको द्विचरविभाजन ध्वंस हुन्छ र त्यसपछि लिङ्गको अवस्थितिका बहुसम्भावनाहरू भेटिन्छन् । नारीवादमा यसको महत्त्वपूर्ण प्रभाव पर्नेछ । यदि 'महिला' भन्ने समूह नै अर्थहीन बन्न पुग्यो भने शक्तिशाली एवं सकारात्मक नारीवादी राजनीतिले कसरी निरन्तरता पाउन सक्छ भन्ने प्रश्न उब्जन्छ । महिला र पुरुषका बिचको विभाजन समाप्त भयो भने यसले कसैलाई उत्तरनारीवादी क्षेत्रको सङ्केत गर्नेछ । अरू कसैका लागि यो उत्तरनारीवादी दृष्टिकोणको विरोध गर्नका लागि नारीवादको तेस्रो धारको खाँचो पर्नेछ । विनिर्माणले केही सम्भ्रान्तहरूको समूहलाई फाइदा पुग्नेछ । यसरी नारीवादको दोस्रो धार पर्याप्त बहस, झगडा र सुझावसहित टुङ्गिन्छ र पुच्छारमा पुगेर नारीवादी विमर्शले निरन्तरता पाउनुपर्छ भन्ने निष्कर्ष निकाल्छ (वो, सन् २००६ : ३३८) ।

### २.३.३.२ उत्तरआधुनिक नारीवाद

उत्तरआधुनिकतावाद र उत्तरसंरचनावाद आपसमा अति नै जेलिएका पदावली हुन् । यी दुवैले पाश्चात्य जगत्को 'सांस्कृतिक आधिकारिकताको सङ्कट' लाई देखाइदिन्छन् । यिनीहरू फ्रान्समा आमूल परिवर्तन ल्याउनका लागि प्रादुर्भूत आमूलवादी आन्दोलन र आमूलवादी सिद्धान्तको सन् १९६० का दशकको असफलतासँग जोडिएका छन् । यी पदावलीले 'मूलधार' र 'स्थापित आमूलवादी सोच'- दुवै कुरा अस्वीकार गर्नुपर्छ भन्ने सुझाव अघि सारेका छन् । यसो गर्नु भनेको निश्चितता प्रतिको अप्रसन्नता, नकारात्मकता र आक्रामकताको अभिव्यक्ति दिनु हो । 'उत्तरआधुनिकता' दोस्रो विश्वयुद्धपछि देखा परेको निराशासँग गाँसेर बेलायती इतिहासकारले प्रयोग गरेको शब्द हो । पछि यो शब्द जिन फ्राङ्क्स ल्योतार्ड, ज्याक्स डेरिडा र मिसेल फुकोजस्ता

फ्रान्सेली भाषाका लेखक एवं फ्रान्सेली विचारकका माध्यमले उत्तरसंरचनावादसँग गाँसिन पुगेको छ ।

उत्तरआधुनिकतावादले विभिन्न क्षेत्रलाई समेट्ने काम गर्छ अर्थात् यसभित्र धेरैवटा फरक कुराहरू अटाउन सक्छन् । उत्तरआधुनिकताजस्तो एकीकृत केन्द्रीय अर्थ बोक्ने अर्को शब्द छँदा पनि छैन । उत्तरआधुनिकतावादले एकसाथ ऐतिहासिक कालखण्ड, सांस्कृतिक पर्यावरण, सौन्दर्यशास्त्र अर्थात् सैद्धान्तिक अर्थात् दार्शनिक सन्दर्भलाई समेट्न सक्छ । यसले सिद्धान्तभित्र भिन्न/भिन्न प्राज्ञिक विमर्शहरूलाई अटाउन सक्छ । सत्यको आधारभूत मान्यताको अस्वीकार यसको पहिचान हो । सत्य अमर र निष्पक्ष नभएर कसैको बहिष्करण र दमनद्वारा निर्मित अर्थ हो, यसैले सत्यप्रतिका मान्यताहरू बदलिनुपर्छ भन्ने सिद्धान्त उत्तरआधुनिकतावादको चुरो हो । उत्तरआधुनिकता भनेको यही हो भनेर औंल्याउन कठिन हुन्छन् किनभने उत्तरआधुनिकतावादीहरू विविध सिद्धान्तका एकल, एकीकृत अर्थका धारणालाई चुनौति दिन्छन् । सर्वप्रथम त यसले निर्णायक केन्द्रीकृत सिद्धान्तद्वारा निर्मित सामाजिक स्वरूपको अवधारणा अघि सार्ने मार्क्सवादलाई चुनौति दिएको छ । विडम्वना भन्नुपर्छ, उत्तरआधुनिकतावाद भन्ने शब्दमा एकता अथवा साझा भूमि भेटिन्छ । यस विरोधिताभित्र एकल, संरचनात्मक व्याख्या स्पष्टै देखिन्छ तर यसको आकर्षण चाहिँ बहुमुखिता, विविधता, बहुलता र अस्पष्टतातर्फ देखिन्छ (बिस्ले, १९९९ : ८५) । उत्तरआधुनिकतावादीहरू कुनै पनि विमर्शको गहिराइमा नगएर सतह र देखावटीपनामा सीमित हुन्छन् भन्ने गरिन्छ जुन अभिव्यक्तिप्रति उनीहरू भने अप्रसन्नता व्यक्त गर्छन् (बिस्ले, सन् १९९९ : ८५) । आधुनिकतावादले हरेक विमर्शको जग खोतल्ने हुनाले यससँग विचारको शृङ्खलाको गहिरो सम्बन्ध देखिन्छ । यस्तो आधुनिकतावादको विरोध गर्नु भनेको गहनताको विरोध गर्नु हो । यसैले आधुनिकताको विरोधमा उठेको उत्तरआधुनिकतावादलाई ‘सतही र ‘प्रदर्शनकारी’ को संज्ञा दिनु स्वाभाविक देखिन्छ ।

आधुनिकतावादीहरूले सार्वभौम सत्यका नाममा पुरुष पक्षधरता अँगाल्ने हुनाले यिनीहरू पौरुष दृष्टिकोणका वाहक बनेका हुन्छन् भन्ने उत्तरआधुनिक नारीवादीहरूको भनाइ छ । उत्तरआधुनिक नारीवादले सत्य पहिल्याउने नाममा आधुनिकतावादीहरू शक्तिसँग गाँसिएको एउटा विशेष लिङ्गको पक्षमा लाग्दछन् भन्ने भनाइ अघि सारेको छ । उत्तरआधुनिक विमर्शले सबै स्थापित विचारहरूको आलोचनात्मक विनिर्माण गर्ने सन्दर्भमार्फत परम्परागत नारीवादी विमर्शलाई पनि चुनौती दिँदै यी सार्वभौमिकता र एकीकृतताका उत्तरआधुनिक समीक्षकहरूले नारीवादी परियोजनामाथि प्रश्न तेर्स्याएका छन् । नारीवादले पाश्चात्य जगत्को मूल धारको विचारमा रहेको नारीद्वेष, लैङ्गिक विभेद एवं महिलाको सीमान्तीकृतताको अस्वीकार गर्छ र त्यस अस्वीकारले राजनीतिक विकल्पको सिर्जना गर्दै पुरुषले व्यापक रूपमा पाउने गरेको प्राथमिकताको व्याख्यालाई त्यसभित्र समावेश गर्छ (बिस्ले, सन् १९९९ : ८६) ।

उत्तरआधुनिक विचारबाट प्रभावित नारीवाद अन्यत्रबाट जस्तै नारीवादभित्रबाट पनि सार्वभौम प्राक्कल्पनालाई हटाउनुपर्छ भन्ने प्रस्ताव अघि सार्दछ । यसैले यिनीहरूले नारीवादले प्रयोगमा ल्याउनसक्ने सर्वव्यापी शक्ति र वर्गीकरण (महिला) का बारेमा प्रश्न उठाएका छन् ।

यिनीहरूका अनुसार व्यापक रूपमा एकीकृत शक्तिसम्बन्धी अवधारणा र नारीवादभित्रैको शक्तिको विषय खतरापूर्ण हुनसक्छ किनभने सबै महिलामाथिको दमन पनि उस्तै छैन र सबै महिला पनि उस्तै छैनन् भन्ने कुरालाई यसले (नारीवादले) दमन र बहिष्कार गर्छ अर्थात् शक्तिको केन्द्रीकृतताले सबै महिलालाई एकै दृष्टिकोणले हेर्छ र एउटै व्यवहार गर्छ। यसो गर्दा सबै महिलामाथि न्याय नहुनसक्छ भन्ने दृष्टिकोण उत्तरआधुनिकतावादी नारीवादले अघि सारेको छ। सबै महिला एकै किसिमका हुन्छन् भन्ने आशय राखेर सबै महिलालाई एउटै समूहमा राख्ने सन्दर्भले पुरुष आधिकारिकताका स्थानमा महिला आधिकारिकतालाई स्थापना गर्ने काम मात्रै गर्छ र यसो गर्दा कतिपय महिला सीमान्तीकृत रहिरहने सम्भावना भने मेटिँदैन। उत्तर आधुनिकतावादी नारीवाद उपाय (विचार)हरूको सङ्ग्रहलाई खुलै छाडिदिनुपर्छ भन्छ जसले नारीवादलाई होसियारीका साथ संपरीक्षण गर्ने, सबैले बुझ्ने सजिलो पाराले प्रस्तुत गर्ने र सङ्ग्रहभित्रका तत्त्वलाई पुनर्निर्माण गर्ने सम्भावना रहन्छ।

उत्तरआधुनिकतावादको दोस्रो काम भनेको 'मानव प्रकृति' र 'आफू' सम्बन्धी आधुनिक धारणाको आलोचना गर्नु हो। आधुनिकतावाद प्रबोधनकालीन विचारबाट ग्रहण गरिएको मानववादी दृष्टिकोणसँग गाँसिएको थियो र त्यो सक्कली एवं विशिष्ट मानव-प्रवृत्ति 'कारण' मा आधारित थियो। 'आफू' यही कारणभित्रको एकीकृत एवं स्वतन्त्र एकाइ हो। मानव प्रकृतिको यो धारणा र एकीकृतता सार्वभौमिक विषय बने र पूर्वनिर्धारित ऐतिहासिक एवं सांस्कृतिक सिद्धान्तका कारणले अमूर्त पनि बने। उत्तरआधुनकितावादी चिन्तकहरूले आधुनिकताका परियोजना बनेका केन्द्रीय आधार र मानव सामाजिकताका सम्बन्धमा प्रश्न गरे तथा त्यसका सट्टा विषयको निर्मित भङ्गुरता (विविधिकृत स्वरूप +अ-सार्वभौम) माथि प्रकाश पारे।

उत्तरआधुनिक नारीवादीहरू 'सार्वभौम मानव प्रकृति' भनेकै व्यावहारिक रूपमा हेर्दा आधुनिक युरोपीय पुरुष भन्ने बुझिने गरेकाले आधुनिकतावादको 'एकीकृत र कारणसहितको विषय' प्रति सावधान देखिन्छन्। आधुनिकतावादीहरूले अरू समूहका जनतालाई कम-मानवका रूपमा प्रस्तुत गर्ने गरेकाले उत्तरआधुनिकतावादीहरूले यसलाई लैङ्गिक विभेदसँग जोडेका छन्। आधुनिकतावादी मानववादले वकालत गरेको एकीकृत मानव प्रकृतिसँग जोडिएको पहिचानलाई विस्थापित गर्ने, विस्तारै भत्काउँदै लैजाने र नष्ट नै गर्ने अभिप्राय उत्तरआधुनिक नारीवादले अघि सारेको छ (बिस्ले, सन् १९९९ : ८८)।

उत्तरआधुनिक नारीवादीहरूले 'पहिचान राजनीति' लाई नारीवादभित्रै समाहित गरेका छन्। पहिचान राजनीतिले दमित समूहको सन्दर्भलाई बुझाउँछ र यसले महिलालाई काला र समलिङ्गीजस्ता समूहमा विभाजन गरेर प्रत्येकको अस्तित्वको सत्यलाई चिनाउँछ। उत्तरआधुनिक नारीवादीहरू समूह पहिचानलाई राजनीतिसँग ऐक्यबद्ध गर्नुलाई खतरनाक अभ्यासका रूपमा लिन्छन् किनभने शक्ति (राजनीतिक, सामाजिक) द्वारा दमित भएकाहरूलाई सार्वजनिक गरेर उत्सव मनाउँदैमा उनीहरूलाई मुक्ति प्राप्त भएको ठहरिँदैन। उनीहरू प्राथमिकताप्राप्त पुरुषसँग महिला टिक्नु नै महिला-पुरुषका बिच सहकार्य हुनु होइन भन्छन्। यसैले उनीहरू सबै महिलाले आपसमा बाँडेर बोकेको प्रताडित महिला पहिचानलाई वैधानिक रूप दिन अस्वीकार गर्छन्।

पहिचान (आफू)सँग सम्बन्धित एकत्ववादी धारणा र तिनसँग सम्बन्धित संशयलाई विस्थापित गर्ने ध्याउन्नका कारणले केही उत्तरआधुनिक नारीवादीहरूले लैङ्गिक पहिचान लगायतका पहिचानका मान्यतालाई समेत त्याग्ने कुरा अगाडि सारेका छन् । अरु केही उत्तरआधुनिक नारीवादीहरू पनि छन् जो कुनै पनि कुरालाई सकारात्मक/नकारात्मक दुवै कोणबाट हेर्न रुचाउँछन् । उनीहरू लैङ्गिक सन्दर्भको समूह पहिचान रणनीतिक कोणबाट आवश्यक छ भन्छन् किनभने लैङ्गिक पहिचानका सेरोफेरोका समूहजन्य सङ्गठनहरूभन्दा बाहिर बसेर वर्तमान शक्तिसँग प्रतिस्पर्धामा टिकिरहन सम्भव छैन । यसरी अझै पनि महिलाजन्य वर्गीकरणलाई हिच्किचाहटका साथ लिइन्छ र यस्ता सङ्गठनसँग जोडिएर आउने समस्याहरूको समर्थन पनि सावधानीका साथ गरिन्छ ।

उत्तरआधुनिक नारीवादी विश्लेषणमा पहिचानसँग सम्बन्धित यस्ता बहसहरूलाई सफलताका साथ सामना गर्न नसकिने समस्याका रूपमा इङ्गित गरिरहनु जरुरी छैन । गायत्री स्पिभक भन्छिन्-उत्तरआधुनिक नारीवादीहरूले उत्तरआधुनिकतालाई सचेततापूर्वक हेर्ने क्रममा सधैंभरि सैद्धान्तिक शुद्धताको स्थान ग्रहण गरिरहनुपर्छ भन्ने छैन । यसको मानववादी सन्दर्भलाई प्रश्नका घेरामा समेट्दैमा उत्तरआधुनिकतावादी नारीवादलाई आधुनिकतावादको अग्रगामी पाइलाका रूपमा हेरिहाल्नु हुँदैन ।

### २.३.३.३ उत्तरसंरचनावादी नारीवाद

उत्तरसंरचनावादलाई उत्तरआधुनिकतावादको वैकल्पिक पदका रूपमा लिने गरिएको पाइन्छ । अघिल्लो शब्दका तुलनामा पछिल्लो शब्द विशिष्ट बौद्धिक क्षेत्रसँग जोडिएको पाइन्छ। उत्तरसंरचनावादले आफू संरचनावादप्रति ऋणी भएको कुरा बताएको भेटिन्छ (बिस्ले, सन् १९९९ : ८९) । संरचनावादसँग यसको वंशपरम्पराले उत्तरसंरचनावादको उत्तरआधुनिकतावादसँग व्यापक साझेदारी रहने गरेको कुरा बताए पनि यी दुवै उस्तै भने होइनन् । उत्तरसंरचनावाद उत्तरआधुनिकतावादभन्दा भिन्न छ र यसको आफ्नै हैसियत पनि छ । उत्तरसंरचनावाद फ्रान्सेली नारीवादसँग नजिक देखिए तापनि यसको विकास फ्रान्सेलीभाषी लेखकहरूद्वारा नभएर अमेरिकी लेखकहरूको प्रयासबाट भएको हो । विद्यमान संस्कृति मेटाउने अभियानसँग जोडिएर यस शब्दको आविष्कार भएको देखिन्छ । यस शब्दलाई व्यवस्थित बौद्धिक सन्दर्भका रूपमा पनि लिने गरिन्छ तापनि त्यो गलत छ । प्रयोगको विविधताले गर्दा यो शब्द पनि उत्तरआधुनिकतावाद जस्तै अति व्याप्त र अस्पष्ट बन्न पुगेको छ ।

उत्तरसंरचनावादले संरचनावादसँगको आफ्नो अलग्याइँका बुँदाको व्याख्या गरेको छ। उत्तरसंरचनावाद भन्ने शब्दले संरचनावादभित्र भएको फर्डिन्यान्ड डि ससुरको कामलाई उपयोगी मान्नुका साथै संरचनावादप्रति आलोचनात्मक चासो व्यक्त गरेको छ। यसरी हेर्दा संरचनावादभित्रका केही सन्दर्भको व्याख्या जरुरी देखिन्छ । स्वीस भाषाशास्त्री ससुरका अनुसार भाषाको एउटा निश्चित संरचना छ। यही आधारभूत संरचना भत्काउने क्रममा देखिएको सैद्धान्तिक समस्या नै 'संरचनावाद' भनेर व्याख्यायित भएको छ । यसरी यस शब्दले ससुरको

'संरचनात्मक भाषाशास्त्र' सँग सम्बन्धित कामलाई जनाएको देखिन्छ । पछि गएर ससुरको भाषिक संरचना अर्थको व्यवस्था बुझाउने सन्दर्भमा केन्द्रित भएको कुरा संरचनावादले इङ्गित गरेको छ ।

ससुरका विचारमा भाषा अर्थ सम्प्रेषण गर्ने माध्यम मात्र होइन । उनी संसारबारेको हाम्रो बुझाइ सन्दर्भ हो, संस्कृति त्यसको विशिष्टता हो र त्यो भाषाका माध्यमले व्यवस्थित हुन्छ भन्छन् । अर्थ भाषाभित्र पैदा हुन्छ । भाषाको संरचनामा अर्थ विषय हो र विभिन्न पदहरूको आपसी सम्बन्धका आधारमा यसको उत्पत्ति हुन्छ । धारणा (अर्थ) जतिसुकै आफ्नो स्वतन्त्र अस्तित्व लिएर छुट्टै बसे पनि ती भाषाभित्रकै सम्बन्ध र विरोधिताबाट उत्पन्न भएका हुन्छन् । उदाहरणका लागि 'गोरा' शब्दलाई लिन सकिन्छ । यो एक्लै अस्तित्ववान् हुनसक्ने अपरिवर्तनीय कुरा होइन । यस शब्दको अर्थ छ र यो अरू धारणासँग जेलिएको छ र त्यसैका माध्यमले यसको भिन्नता पनि खुट्टिन्छ । यसलाई ससुरको संरचनात्मक भाषाशास्त्रले भाषाभित्र रहेको 'व्यवस्थित भिन्नता' भन्ने गरेको छ र यही नै अर्थको पूर्वावस्था हो । यसलाई सांस्कृतिक व्यवस्थाको विश्लेषण गर्ने क्रममा प्रशस्त उपयोग गर्न सकिन्छ भन्ने ससुरको दृष्टिकोण छ ।

ससुरको यो सिद्धान्त संरचनावादी र उत्तरसंरचनावादी चिन्तनको विकासमा प्रभावकारी रहेको छ । ससुर अर्थको स्थापना शक्तिसँग आबद्ध रहेर भिन्नताका माध्यमले देखा पर्छ भन्छन् । अर्थ/सत्य बहिष्कार र दमनका माध्यमले स्थापित भएका हुन्छन् । यसमा 'भिन्नता' अर्थलाई सशक्त बनाउन वैकल्पिक छनोटका माध्यमले गरिने तटस्थ संयन्त्र होइन, यसमा शक्ति पनि समावेश भएको हुन्छ । 'मानिस' भन्ने शब्दको अर्थ/सत्यलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ । यो शब्द ऐतिहासिक एवं सांस्कृतिक ढङ्गले अधीनस्थ शब्द 'महिला' को प्रतिपक्षमा रहेका कारणले नै यसरी अस्तित्वमा रहेको हो । यसरी अर्थको सङ्केत गर्ने भाषाको निश्चित संरचना रहेको हुन्छ भन्ने ससुरको दृष्टिकोणसँग संरचनावादी र उत्तरसंरचनावादी दुवैथरि सहमत भएको देखिन्छ । उत्तरसंरचनावादीहरूका अनुसार अर्थ न त तर्कयुक्त नै हुन्छ न त अमर नै हुन्छ । उनीहरूका अनुसार अर्थ निश्चित नभएर सन्दर्भसापेक्ष हुन्छ । यसैले उनीहरू अर्थलाई केन्द्रीकृत व्यवस्थाका रूपमा नभएर परिवर्तनशील र विभाजनको जटिलताका रूपमा लिने गर्दछन् (बिस्ले, सन् १९९९ : ९१) ।

ससुरको विचार र उत्तरसंरचनावादीको विभाजन र विकेन्द्रिततामाथिको जोड- दुवै कुराको प्रभाव ज्याक्स लकानको काममा देख्न सकिन्छ । लकानका अनुसार 'आफू' को स्थापत्यलाई भाषिक सन्दर्भमा बुझ्न सकिन्छ । अर्थ, बुझाइ, अवधारणाजस्ता कुरा र विचार स्वयं पनि पूर्वनिर्धारित हुँदैनन् । यिनीहरू भाषिक भिन्नताका उत्पादन हुन् । 'आफू' भाषाको प्रतिपक्षी सङ्गठनद्वारा निर्माण हुन्छ । ससुरका विचारमा अर्थ एउटै शब्द वा धारणाबाट उब्जन सक्तैन, यो भिन्नताको व्यवस्थाद्वारा निस्कन्छ । कर्ता 'म' एकवचन, स्वतन्त्र र व्यक्तिगत नभएर बच्चाको भाषा प्राप्तिको क्रमसँगै स्थापित भएको हुन्छ । यो कर्ता 'म' 'गुमाइ' वा 'अभाव' का सन्दर्भसँग जोडिएर अर्थपूर्ण बन्छ । अर्थात् अभावसँग गाँसिएर चिनिएको कुरा कर्ता होइन । यो बच्चाको आमासँगको बिछोडका क्रममा एकचोटि उब्जन्छ । यहाँनिर आमा-बच्चाको आबद्धता गुम्दछ । यही

'म' अर्कोचोटि अवचेतन र चेतनका बिचको विखण्डनबाट उब्जन्छ अर्थात् अरू/आमाको गुमाइको दबाबका कारण जन्मन्छ ।

अर्थ भाषिक भिन्नताबाट बन्छ र त्यो भिन्नता भनेकै लैङ्गिक भिन्नता हो तथा यो शक्तिसँग अभिन्न रहन्छ । 'आफू' पनि सामाजिक र लैङ्गिक विभेदबाट बनेको हुन्छ । यसरी 'आफू' भन्ने शब्द कहिल्यै निष्पक्ष हुँदैन, यो सामाजिक सन्दर्भसँग जोडिएर बनेको हुन्छ । यसरी लाकनको विचारको प्रभाव नारीवादी विमर्शमा परेको छ ।

उत्तरसंरचनावादी भनेर चिनिने मिसेल फुकोले अर्थको सराइ, विभाजित, उच्च सन्दर्भित र अर्थको निर्मित जटिलता एवं शक्ति र 'आफू' जस्ता केन्द्रितताको सार्वभौमिक अवधारणाका विरुद्ध महत्त्वपूर्ण काम गरेका छन् । यिनी भाषातिरबाट भन्दा पनि सामाजिक जीवनबाट अर्थ/सत्य कसरी प्रयोगमा आउँछ भन्ने कुरामा बढी केन्द्रित छन् । आधुनिकतावादले अरू सम्भावनाको अस्वीकार र दमनबाट अर्थ निश्चित गर्छ भन्छ र यसले अर्थको निश्चिततालाई इङ्गित गर्छ । यसका विपरीत फुकोले बहुलताको सिद्धान्त प्रतिपादन गरेका छन् । केही नारीवादीहरूले फुकोको कामको उपयोग आफ्नो नारीवादी अभियानमा गरेका छन् भने केहीले त्यसको उपयोगमा समस्या देखेका छन् । धेरै नारीवादीहरूले अर्थको अध्ययनका लागि सामाजिक सम्बन्धहरूको विश्लेषण गर्ने क्रममा वैधानिक ज्ञान, सत्यको मान्यता र शक्तिको प्रभावमाथि विचार गर्ने फुकोको शैलीको समर्थन गरेका छन् । उनका अनुसार शक्ति सरकार र सेनासँग मात्र सम्बन्धित नभएर सामाजिक जीवनका हरेक पक्षसँग जोडिएको हुन्छ । महिलामाथि पुरुषको आधिपत्य स्थापित भएको कुरालाई फुकोले पनि अस्वीकार गरेका छैनन् ।

'उत्तरसंरचनावादी' भन्ने पदले बहुलताको बोध गराउँछ । यसको एउटै निश्चित अर्थ पनि छैन । यसभित्र सैद्धान्तिक अवस्थितिको एउटा शृङ्खला नै भेटिन्छ र यो खासगरी डेरिडा, लकान, क्रिस्तेवा, अल्थुसर तथा फुकोका कामसँग सम्बन्धित छ । यी विभिन्न चिन्तकहरूका कामले उत्तरसंरचनावादभित्र विविधताको स्थिति झल्काउँछन् । यसमा अमेरिकी साहित्य समीक्षकहरूको विनिर्माणवादी समालोचनाको प्रयोग अधिक भेटिन्छ जसमा उनीहरू साहित्यिक पाठभित्र अर्थको असीमित चलखेल हुनुपर्छ भन्छन् । आमूल नारीवादीहरूका काममा भाषा, फुकोको काममा शक्ति र क्षेत्र (डिस्कोर्स) को विस्तृत ऐतिहासिक विश्लेषण भेटिन्छ । उत्तरसंरचनावादको स्वरूपमा भेटिने विविधता साह्रै महत्त्वपूर्ण छ । यसका सबै स्वरूप नारीवादका लागि उत्पादक छैनन् । जुन सिद्धान्तले सामाजिक शक्तिको प्रयोगको प्रश्न तथा लिङ्ग, वर्ग र जातका बिचको सामाजिक सम्बन्धको रूपान्तरणको तरिकालाई सम्बोधन गर्छ त्यही नै नारीवादका लागि उपयुक्त मानिन्छ । यस्तो प्रयोगको सरोकार इतिहाससँग हुन्छ जसलाई धेरै उत्तरसंरचनावादीहरूले भुलेका छन् तर फुकोको काममा भने यसले केन्द्रीय महत्त्व प्राप्त गरेको छ ।

उत्तरसंरचनावादका विविध स्वरूपहरूले आफ्नो अभ्यास र राजनीतिक प्रयोग दुवैतिर भाषा, अर्थ र कर्ताका बारेमा सतर्कता अँगाल्दछन् । नारीवादी उत्तरसंरचनावादले कम्तिमा पनि नारीवादी सिद्धान्तका बारेमा सोधिएका प्रश्न र दिइएका जवाफको राजनीतिक विश्वासलाई राम्ररी बुझिने

गरेर व्याख्या गर्न सक्छ। उत्तरसंरचनावादले खास नारीवादी प्रश्न उठ्न सक्ने किसिमका क्षेत्र औंल्याइदिन र त्यसलाई सामाजिक एवं संस्थागत दुवै ढङ्गले स्थापित गर्न पनि सक्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा त यसले ती क्षेत्रहरूको प्रयोग नारीवादभित्र कसरी हुनसक्छ भन्ने कुराको व्याख्या गरिदिन्छ ।

उत्तरसंरचनावादमा सामाजिक सङ्गठन, सामाजिक अर्थहरू, शक्ति र व्यक्तिगत चेतनाको विश्लेषण गर्ने सिलसिलामा भाषा साझा तत्त्वका रूपमा अगाडि आउँछ। भाषा नै त्यस्तो स्थान हो जहाँ सामाजिक सङ्गठनको उपयुक्त र सम्भावित स्वरूप तथा त्यस्तै अरू पनि सामाजिक र राजनीतिक सन्दर्भहरू परिभाषित गरिन्छन्। त्यस्तै हाम्रो आफै हुनुको चेतना र हाम्रो कर्तृत्व पनि त्यहीं नै निर्माण हुन्छ। कर्तृत्व (कर्तापन) कुलपरम्परा अनुसार निर्धारित कुरा नभएर सामाजिक उत्पादन हो। कर्तृत्व (विषयीत्व) आर्थिक, सामाजिक र राजनीतिक अभ्यासबाट जन्मन्छ तथा अर्थ शक्तिमाथि सङ्घर्ष गर्ने ठाउँ हो। भाषा एक्लो व्यक्तिको अभिव्यक्ति होइन। यसले सामाजिक ढङ्गले विशिष्ट रहेको व्यक्तिको कर्तृत्वको निर्माण गर्छ। उत्तरसंरचनावादका लागि विषयीता न त एकीकृत छ न त निश्चित नै। उत्तरसंरचनावादले विषयीतालई एकत्वहीनता र वैमनस्यत्वका रूपमा सिद्धान्तीकरण गर्दछ र यो राजनीतिक परिवर्तनको प्रक्रियाको केन्द्र हो।

उत्तरसंरचनावादले पनि अरू सबै सिद्धान्तले जस्तै भाषा, विषयी, ज्ञान र सत्यका बारेमा निश्चित विश्वास बनाएको छ। यसको जग फर्डिनेन्ड डी ससुरको संरचनावादी भाषाविज्ञान हो, भाषा हो जुन चाहिँ पहिल्यै निश्चित गरिसकिएको सामाजिक यथार्थलाई प्रतिबिम्बन गर्न असमर्थ छ र हाम्रा लागि सामाजिक यथार्थलाई संस्थागत गर्छ। सामाजिक यथार्थ र प्राकृतिक संसारको निश्चित अर्थ छ जसाई भाषाले प्रतिबिम्बित गर्छ, अभिव्यक्त गर्छ।

उत्तरसंरचनावादको हरेक स्वरूपले 'अर्थ' भाषाले व्यक्त गरेको विषयबाट निश्चित नभई भाषाभित्रै स्थापित भएको हुन्छ भन्ने विश्वास गर्छ। यस अर्थमा सबै उत्तरसंरचनावाद भनेको उत्तरससुरवाद नै हो। नारीत्व र पुरुषत्वको सधैंभरिका लागि उही निश्चित अर्थ हुँदैन। सामाजिक सम्बन्धले भाषाको स्वरूपको निर्माण गर्छ। भिन्न-भिन्न किसिमका उत्तरसंरचनावादले अर्थको उत्पत्तिलाई भिन्न-भिन्न किसिमले सिद्धान्तीकरण गरेका छन्। मनोविश्लेषणात्मक उत्तरसंरचनावादले निश्चित मनोलैङ्गिक स्वरूपमाथि ध्यान दिन्छ, विनिर्माणवादले फरक-फरक पाठहरूका बिचको सम्बन्धमा बढी ध्यान दिन्छ र नारीवादीहरूले विशेष रुचि राखेको फुकोको सिद्धान्तले ऐतिहासिक सम्बन्ध र सामाजिक अभ्यासलाई ध्यानमा राखेको छ।

समाजका विभिन्न सन्दर्भमा 'नारीत्व' को अर्थ फरक किसिमले लगाउने गरिएको पाइन्छ। अश्लील साहित्यले महिलाको यौनिकतालाई विशेष जोड दिने ढङ्गले नारीत्वको परिभाषा गर्दछ। यस किसिमको नारीत्वको परिभाषामा नारीहरू पुरुष दृष्टिकोणबाट आफ्नो सन्तुष्टिलाई अर्थ्याउँछन् र त्यसो गर्दाको पीडामा नै उनीहरू आनन्दको महसुस गर्छन्। अर्को किसिमको नारीत्वको परिभाषामा 'कुमारीत्व' र 'मातृत्व' लाई आवश्यकताभन्दा बढी नै उचालिने गर्दछ र यो अर्को किसिमको आत्मपीडन हो।

'सङ्केत' सम्बन्धी ससुरको सिद्धान्त उत्तरसंरचनावादको आधार हो। ससुरकै कामका कारणले भाषाको पूर्वनिश्चित संरचनाले 'संरचनात्मक' भन्ने नाम पाएको हो। ससुरले भाषालाई सङ्केतहरूको शृङ्खलासहितको अमूर्त व्यवस्थाका रूपमा सिद्धान्तीकरण गरे। हरेक सङ्केतहरू 'सङ्केतक' (आवाज वा लिखित स्वरूप) र 'सङ्केतित' (अर्थ) मिलेर बनेका हुन्छन्। सङ्केतका यी दुई तत्त्वहरू एकआपसमा सम्बन्धित हुन्छन्। त्यसैले आवाज-बिम्ब र यसले पहिचान गरेका कुराका बिचमा कुनै प्राकृतिक सम्बन्ध हुँदैन। सङ्केतको अर्थ यसको प्राकृतिक अभिन्न अङ्ग नभएर अन्य कुरासँगको सम्बन्धमा आधारित हुन्छ। प्रत्येक सङ्केतले भाषाको शृङ्खलामा अरू सबै सङकेतहरूसँगको भिन्नताका आधारमा अर्थ दिन्छ। जस्तो-'वेश्या' भन्ने सङ्केतसँग कुनै पनि कुराको प्राकृतिक अभिन्नता छैन जसले यसको अर्थ दिन्छ। बरु 'नारीत्व', 'कुमारीत्व' र 'मातृत्व' जस्ता सङ्केतहरूसँगको यसको भिन्नताले चाहिँ उक्त शब्दको अर्थ निश्चित गर्दछ।

उत्तरसंरचनावादले ससुरको सिद्धान्तमाथि उभिएर निर्मित हुने क्रममा यसका केही महत्त्वपूर्ण पक्षहरूमा आमूल रूपान्तरण गरेको छ। यसले ससुरको सिद्धान्तबाट दुईवटा कुरा ग्रहण गरेको छ - क) अर्थ भाषाद्वारा प्रतिबिम्बित नभएर भाषाभित्रै जन्मन्छ, ख) एक्लो सङ्केतसँग कुनै जन्मजात अर्थ हुँदैन बरू अर्थ भाषिक शृङ्खला र सङ्केतहरूका बिचको भिन्नताका आधारमा उत्पन्न हुन्छ। यी सिद्धान्तहरू महत्त्वपूर्ण छन् किनभने तिनले भाषालाई साँचो अर्थमा सामाजिक र राजनीतिक सङ्घर्षको स्थान बनाउँछन्। 'महिला' शब्दलाई उदाहरणका रूपमा लिऊँ। ससुरको सिद्धान्त अनुसार 'महिला' को अर्थ अथवा गुणको पहिचान नारीत्वपूर्ण किसिमको छ, त्यो प्राकृतिक जगत्‌बाट निश्चित भएको पनि होइन र 'महिला' भन्ने शब्दमा प्रतिबिम्बित भएको होइन। यो भाषाभित्र सामाजिक ढङ्गले उत्पन्न भएको हो। नारीवादी अपेक्षा पूर्ण गर्नका निम्ति ससुरको भाषाको अमूर्त व्यवस्थासम्बन्धी सिद्धान्तको पृष्ठभूमि केलाउनुपर्ने हुन्छ। अर्थको बहुलता र अर्थमा परिवर्तनलाई मान्यता नदिनु यस सिद्धान्तमा देखिएको समस्या हो। सङ्केतक 'महिला' मा विरोधपूर्ण अर्थहरू रहन सक्छन् जुन समयक्रममा परिवर्तित हुन सक्छन् भन्ने कुरामा यसले ध्यान दिन सक्तैन। ससुरका निम्ति 'चिन्ह'हरू सकारात्मक तथ्यका रूपमा निश्चित हुन्छन्। उत्तरसंरचनावादीहरू अर्थको बहुलतासम्बन्धी समस्याको जवाफ दिन्छन् र निश्चित चिन्हहरूमा सामाजिक अर्थको अवस्थितिका बारेमा प्रश्न गर्छन्। यिनीहरू 'सङ्केत' का सट्टा कहिल्यै निश्चित नहुने बरु निरन्तर फरक हुँदै जाने 'सङ्केतित' का बारेमा बोल्दछन्।

ससुरको 'चिन्ह'सम्बन्धी सिद्धान्तलाई ज्याक्स डेरिडाको आलोचनाले बढी छर्लङ्ग पारेको छ। डेरिडाले ससुरको 'शब्दकेन्द्रवाद' माथि प्रश्न गरेका छन् जसमा 'चिन्ह' का तार्किक मौखिक विषयका आत्मसचेतताद्वारा परिचित आफ्नै निश्चित अर्थ हुन्छन्। डेरिडा ससुरले जोड दिने गरेको भाषणबाट पर हटेर लेखनमा र पाठपरकतामा केन्द्रित भएका छन् र ससुरका 'चिन्ह' शृङ्खलाका निश्चित 'सङ्केतित' का स्थानमा 'भिन्नता' को अवधारणालाई स्थापित गरेका छन्। डेरिडाका निम्ति 'सङ्केतित' को निश्चित अर्थ हुँदैन र 'सङ्केतक' को अस्तित्व पनि एक अर्कासँगको भिन्नतामा टिकेको हुन्छ। 'सङ्केतक' सधैँभरि नाना विषयमाथि अवस्थित हुन्छ र यसको अर्थको अस्थायी निश्चितता पनि विषयको त्यही विविधतामा आधारित हुन्छ। सङ्केतक 'महिला' को अर्थ

यौनाकाङ्क्षाको प्रताडित बस्तुको सन्दर्भबाट स्पष्टिन्छ। खास अवस्थामा यसको के अर्थ निस्कन्छ भन्ने कुरा यसको अवस्थितिको विविधतामा निर्भर गर्छ र तात्कालिक पुनर्पठन एवं पुनर्प्रस्तुतिका निम्ति यो खुला पनि छ। विनिर्माणले यसै सन्दर्भलाई सिद्धान्तीकृत गर्छ। यो लिखित पाठका बिचको भिन्नताका सम्बन्धमा र पाठको आधार बनेको सामजिक शक्ति सम्बन्धका बारेमा केही पनि बोल्दैन। नारीवादी उत्तरसंरचनावादले भने दैनिक जीवनको शक्तिसम्बन्धलाई सम्बोधन गर्नका लागि पाठको सामाजिक र संस्थागत सन्दर्भमा पूरा ध्यान दिनुपर्छ। सामाजिक अर्थहरू सामाजिक संस्थाभित्रै उत्पन्न हुन्छन् र अभ्यास गरिन्छन् जसमा लेखकभन्दा यिनै संस्थाका संस्कार बोकेका व्यक्तिहरू नै परिवर्तनका प्रतिनिधि बनेका हुन्छन्। यस्तो परिवर्तनले कि त नियन्त्रण गर्ने आकाङ्क्षाको सेवा गर्छन् कि त विद्यमान शक्तिसम्बन्धलाई चुनौति दिन्छन्।

सामाजिक यथार्थलाई अर्थ दिने ऐतिहासिक विशिष्ट मार्गको स्वरूपमा रहेको भाषाले नारीत्व र पुरुषत्वका अनेकन् लम्बेचौडे अवस्थिति प्रदान गर्दछ जसमार्फत हामी हाम्रो जीवन सचेततापूर्वक बाँच्न सक्छौं। उदाहरणका रूपमा महिला पत्रिकालाई लिन सकिन्छ जसले महिला पाठकलाई व्यक्तित्वशाली महिलादेखि अभिनेतृसम्म, सफल पत्नी र आमादेखि दुर्दमनीय यौनिक वस्तुसम्मको जानकारी प्रदान गर्दछ। पत्रिकाले आफ्ना विविध सामग्रीमार्फत पस्कने विविध अवस्थिति, विज्ञापन र कथाहरू पारिवारिक जीवनका अभ्यास, शिक्षा, काम र फुर्सदका दैनिकी निर्धारण गर्ने युद्धका अंश हुन्। घरमा होस् वा पैसा पाउने काममा होस्, कामको लैङ्गिक विभाजनको सम्भार वा रूपान्तरण निकै मुश्किल छ। नारीत्व र पुरुषत्वको विमर्शले यस बुझाइमा केन्द्रीय अवस्थिति प्राप्त गर्दछ। अल्थुसरका शब्दमा भाषा नै त्यस्तो ठाउँ हो जहाँ हाम्रो जीवनको प्रतिनिधित्व हुन्छ।

मानिस आफ्नो जीवनलाई सचेत सोचको विषयमा कसरी रूपान्तरण गर्न सक्छ र ऊ आफू बाँचिरहेको सामाजिक सम्बन्धलाई कसरी अर्थ दिन्छ भन्ने कुराले उसको दैनिक जीवनलाई एउटा संरचना प्रदान गर्दछ। सामाजिक शक्तिको विद्यमान विमर्श, तिनीहरूप्रतिको हाम्रो प्रयत्न र रुचिका राजनीतिक शक्तिले ती संरचनाको प्रतिनिधित्व गर्छन्। कामको लैङ्गिक विभाजनका त्यस्ता कैयौं विरोधाभासी सन्दर्भ छन् जसले महिलाको कर्तास्वरूप र सामाजिक भूमिकाका बारेमा भिन्नभिन्न सूचना दिन्छन्। कतिपयले कामको यस विभाजनलाई जैविक रूपले निर्धारित भएको भन्दै प्राकृतिक मान्ने गरेका छन्। समाजशास्त्रीय सिद्धान्तमा यसलाई सामाजिक उत्पादनको संरचना मानिन्छ। मार्क्सवादीहरू यसलाई पुँजीवादको प्रभाव मान्दछन्। समाजवादी नारीवादीहरू यसलाई पुँजीवादी उत्पादन सम्बन्धको अभिन्न अङ्ग मान्दछन्। आमूल नारीवादीहरू यसलाई पितृसत्ताको असर मान्दछन् किनभने यो पुरुष प्रकृतिमा आधारित छ।

उत्तरसंरचनावाद कतिपय सन्दर्भमा मार्क्सवादसँग पनि निकट देखिन्छ। मिसेल फुकोले भाषा, सामाजिक संस्थापना, विषयी र शक्तिका बिचको सम्बन्धका बारेमा आफ्नो धारणा अघि सार्दै विद्यमान जीवन-दृष्टिकोणलाई चुनौती दिएका छन्। उत्तरसंरचनावाद पनि विद्यमान संरचना भत्काएर केन्द्रहीन संरचनाको वकालत गर्दछ। नारीवादी उत्तरसंरचनावाद पनि विद्यमान

पितृसत्तात्मक सामाजिक, पारिवारिक, भाषिक रीतिथितिको संरचना भत्काएर अगाडि बढ्ने कुरा गर्दछ ।

उत्तरसंरचनावादी सिद्धान्तको विकासमा मनोविश्लेषणात्मक सिद्धान्तको प्रभाव महत्त्वपूर्ण रहेको छ । फ्रायडको कामको प्रभावकारिताकै क्षणदेखि नै महिला मनोविश्लेषकहरूले यसलाई महिलाका निम्ति स्वीकार्य बनाउने प्रयत्न गरेका हुन् । फ्रायडको यस्तो पुनर्लेखनले मनोलैङ्गिक विकासलाई नयाँ अर्थ दिने प्रयत्न गरेको छ । फ्रायडले पुरुष यौनाङ्गको उपस्थिति र अनुपस्थितिका सन्दर्भबाट केटा र केटीको चालचलन, बानीबेहोरा छुट्टिन्छ भनेका थिए तथा यो पुरुष दृष्टिकोणद्वारा बनेको छ । फ्रायडको यस विश्लेषणलाई उल्ट्याउन सकिने कुरालाई अघि सार्दै बेकर मिलरले महिलाको मातृत्व क्षमताको शारीरिक उच्चतालाई पुरुष लिङ्गका सापेक्षतामा हीन ठहऱ्याउन मिल्दैन भनेकी छन् (विडन, सन् १९९२ : ५५) । हर्नबीले उक्त कुराले पुरुषमा रहेको महिला गर्भावस्था, प्रजनन्, मातृत्व र दूध खुाउने कुराप्रतिको ईर्ष्यालाई प्रस्तुत गरेको छ भनेकी छन् । यस दृष्टिकोणले पुरुष अङ्गलाई फ्रायडले 'सङ्केतक' का रूपमा लिएजस्तै  स्तनलाई 'सङ्केतक' का रूपमा प्रस्तुत गरेको छ । यसरी हेर्दा फ्रायडको दृष्टिकोण अद्वैतवादी र हर्नबीको दृष्टिकोण द्वैतवादी देखिन्छ । उनले महिलाको लिङ्गईर्ष्यासम्बन्धी सिद्धान्तको प्रतिपादन पुरुषको ईर्ष्याकै प्रतिफल हो भनेकी छन् । उनका अनुसार पुरुषमा भएको पुनर्उत्पादनको क्षमताको क्षतिपूर्तिस्वरूप नै उनीहरूको सिर्जनात्मकता विज्ञान र कलाका क्षेत्रमा देखिएको हो (विडन, सन् १९९२ : ५६) ।

समाजमा आमाबाट छोरीमा सर्दै जाने मातृत्वको एउटा खास संरचना स्थापित छ । नारीत्व र पुरुषत्वसम्बन्धी दृष्टिकोण पनि यही मनोलैङ्गिकतामा आधारित छ । यसैले नै लैङ्गिक कार्यविभाजनको पनि निर्धारण गरेको छ । यसैका आधारमा 'विषयी' र 'सङ्केतक' को मान्यता विकसित भएको छ । यिनै अवगुणहरूका लागि उत्तरसंरचनावादी नारीवादीहरू फ्रायडलाई धन्य ठान्दछन् जसका पृष्ठभूमिका उत्तरसंरचनावादी नारीवादले उभिने अवसर प्राप्त गऱ्यो । पिताको कानुनद्वारा संरचित पुल्लिङ्ग केन्द्रिततताले नारीत्वलाई दमन मात्र नगरेर एउटा अभावका रूपमा अर्थ्याउने कामसमेत गर्छ । यसैद्वारा मनोलैङ्गिक दृष्टिकोण जन्मन्छ, भाषा प्रभावित बन्दछ, महिला र पुरुषका व्यवहारहरू प्रभावित बन्दछन् तथा महिला किनारीकृत हुन्छे । उत्तरसंरचनावादीहरू पितृसत्ताको यस्तो संरचनाको विरोधमा त उभिएका छन् नै । त्यतिले मात्र सन्तुष्ट नभएर उनीहरू त्यस संरचनाको विनिर्माण नै गर्न चाहन्छन् । यस अर्थमा उत्तरसंरचनावादी नारीवादीहरू डेरिडाको विनिर्माणको सिद्धान्तबाट पनि पर्याप्त प्रभावित देखिन्छन् । लिङ्ग, जात र वर्गका आधारमा निर्मित विभेदपूर्ण प्रतिपक्षतालाई विकेन्द्रित गर्ने भएकाले विनिर्माणवाद नारीवादका लागि उपयोगी देखिन्छ । यसले बहुलता र अर्थको अनिश्चिततामा जोड दिन्छ । सामाजिक शक्तिसम्बन्धका आधारमा पूर्वनिश्चित अर्थहरूलाई यसले निषेध गर्दछ । विषय र भाषाका सम्बन्धमा मनोविश्लेषणात्मक र विनिर्माणवादी सिद्धान्तबाट प्रभावित उत्तरसंरचनावादी नारीवादी सिद्धान्तभित्र नारीपरक, नारी यौनिकतापरक भाषापरक अपरम्परागत दृष्टिकोणहरू समाविष्ट छन् । उत्तरसंरचनावादी नारीवादीहरू नारी मनोविज्ञान र नारी शरीरमा आधारित नारी यौनिकता तथा मातृत्वजस्ता नारीत्वका परिभाषाको अस्वीकार गर्छन् (विडन, सन् १९९२ : १६७) । नारी विषय

सधैंभरि अर्थको बहुलताले युक्त हुने भएकाले यसको आफ्नै राजनीतिक महत्त्व पनि हुन्छ। यिनीहरू नारी लेखनको आवश्यकतामा जोड दिन्छन् ।

नारीवादी उत्तरसंरचनावादले साहित्यिक विमर्शको स्वरूप निर्धारण गर्ने शक्ति एवं ज्ञानको सम्बन्धको विश्लेषण गर्दै यी सम्बन्धमा परिवर्तन ल्याउने हेतुले काम गर्दछ। शक्तिको अभ्यास कसरी भइराखेको छ, कसको चाहना आवाजहीन छ, को सीमान्तीकृत भएको छ जस्ता कुरामा आधारित भएर नै शक्ति र ज्ञानको सम्बन्धको विश्लेषण सम्भव हुन्छ। विचार र अभिव्यक्तिको स्रष्टाका रूपमा पुरुषलाई देख्ने उदार मानववादको अस्वीकार गर्ने नारीवादी उत्तरसंरचनावादले यस्तो पुरुषत्वको विनिर्माण गर्दछ किनभने पुरुषको लेखनमा नारीको समावेश पूर्णत्वमा भएको हुँदैन । स्थापित अर्थ, मूल्य र शक्तिसम्बन्धलाई अस्वीकार गर्ने यो नारीवादी उत्तरसंरचनावाद सिधै परिवर्तनको सङ्घर्षसँग सम्बन्धित देखिन्छ। अर्थात् स्थापित संरचनालाई भत्काएर बहुलवादी नयाँ संरचनाको निर्माण गर्नु नै यसको लक्ष्य देखिन्छ। यसरी लैङ्गिक विभेदयुक्त भाषिक-सामाजिक संरचनाको वर्तमान स्वरूपको पूर्ण उच्छेदनका पक्षमा उभिएको दृष्टिकोण नै नारीवादी उत्तरसंरचनावादी सिद्धान्तका रूपमा परिचित छ ।

पाश्चात्य नारीवादी साहित्यिक चिन्तनमा देखिएका विभिन्न धारा-उपधारामध्ये मनोविश्लेषणात्मक नारीवाद, उत्तरआधुनिक नारीवाद र उत्तरसंरचनावादी नारीवाद गरी तीनवटा नारीवादी धारालाई सहायक नारीवादी धाराका रूपमा लिन सकिने कुरा माथिको अध्ययनबाट पुष्टि भएको छ ।

### २.३.४ अन्य धारा र तिनका स्थापना

नारीवादी चिन्तनको प्रारम्भदेखि नै यसको आफ्नै छुट्टै सैद्धान्तिक प्रस्थापना विकसित भएको भेटिँदैन । साहित्यमा निरन्तर विकसित भइराखेका सैद्धान्तिक प्रस्थापनालाई नै नारीवादले आफ्ना दृष्टिकोणबाट प्रस्तुत गर्ने गरेको छ। उत्तरसंरचनावादी चरणभन्दा पछाडि पनि विभिन्न नयाँ-नयाँ साहित्यिक सिद्धान्तहरू देखा परेका छन् जसले अल्पसङ्ख्यकलाई केन्द्रमा राखेको छ। यसभित्र जातीय/जनजातीय, कालावादी, काला नारीसमलैङ्गिक, उत्तरउपनिवेशवादी समालोचना सिद्धान्त पर्दछन् । यसै क्रममा 'उत्तर नारीवाद' का नाममा नारीवादविरोधी धारा पनि देखा परेको छ। त्यसका पनि विरोधमा नारीवादको तेस्रो धार देखा परेको छ। सबैभन्दा पछिल्लो नारीवादको तेस्रो धार देखा परेको छ। सबैभन्दा पछिल्ला चरणमा देखिएका यी चिन्तनलाई नारीवादका अन्य धाराअन्तर्गत राख्ने गरिएको छ ।

हरेक स्थापित सन्दर्भलाई सार्वभौमीकरण गर्ने मान्यताका विरुद्ध उत्तरसंरचनावादले नै अभियान छेडिसकेको हो । नारीवादी चिन्तनको यो पछिल्लो धाराले त्यस दृष्टिकोणलाई अझै बढी प्राथमिकताका साथ अगाडि बढाएको छ। सार्वभौमीकरणको सिद्धान्तले महिलाजति सबै उत्पीडित हुन्छन् भन्ने मान्यता राख्छ तर नारीवादी चिन्तनको यस अन्य धाराअन्तर्गतका विभिन्न दृष्टिकोणहरूले उक्त मान्यताको विरोध गर्दै महिलाहरूकै बिचको भिन्नताको खोजीमा जोड दिएका छन् ।

महिला पुरुषबाट मात्र शोषित नभएर महिलाबाटै पनि पर्याप्त शोषित-पीडित छन् र त्यसका पृष्ठभूमिमा विभिन्न सामाजिक कारणहरू रहेका हुन्छन्। समाजमा विद्यमान अनेकन् मानवीय विभेदहरूको मार एकातिर महिलाले सामाजिक हुनुका नाताले र अर्कातिर महिला हुनुका नाताले गरी दोहोरो किसिमले खेप्नु परिराखेको छ। लैङ्गिक विभेद अन्य सामाजिक विभेदसँग गाँसिएर महिला माथिको उत्पीडन अझै बढी पेचिलो बनेको छ। वर्गीय विभेदलाई उदाहरणका रूपमा लिन सकिन्छ। महिलामाथि गरिबीको दुःख अर्कै छ र त्यसमाथि धनी परिवारका मानिसले दिने उत्पीडन अर्कै छ। यस क्रममा धनी परिवारका महिलाबाट गरिब परिवारका महिलाले भोग्ने उत्पीडनको बेग्लै खाता सञ्चालित भइराखेको हुन्छ। यसका अतिरिक्त अन्य पनि थुप्रै सन्दर्भ छन् जुन क्रममा महिलाबाटै महिलामाथि शोषण-दमन भइराखेको हुन्छ। जस्तो-गोरा महिलाबाट काला महिलामाथि, उच्चजातीय महिलाबाट निम्नजातीय महिलामाथि, विषमलिङ्गी महिलाबाट समलिङ्गी महिलामाथि, रैथाने महिलाबाट बसाइँसराइ गरेर आएका महिलामाथि, शिक्षित महिलाबाट अशिक्षित महिलामाथि, साम्राज्यवादी महिलाबाट उपनिवेशित (वा प्रथम विश्वका महिलाबाट तेस्रो विश्वका) महिलामाथि हुने गरेका शोषण-उत्पीडन। यसरी नारीवादी चिन्तनमा देखिएको यस अन्य धाराले महिलामाथि हुने गरेको शोषण-उत्पीडनलाई अझै मसिनोसित केलाएको छ र सबै महिला उत्तिकै शोषित उत्पीडित नभएर केही महिला शोषक-उत्पीडक वर्गमा पनि पर्ने गरेको तथ्यलाई अगाडि सारेको छ। यस अन्य धाराअन्तर्गत देखा पर्ने विविध शीर्षकहरूको निष्कर्ष यही नै हो। उपर्युक्त परिप्रेक्ष्यमा अब नारीवादका जातिगत-जनजातीय सांस्कृतिक लैङ्गिक, उत्तरउपनिवेशवादी धाराका साथै तेस्रो धाराका बारेमा पनि तल क्रमश : चर्चा गरिएको छ।

### २.३.४.१ जाति/जनजातिगत सांस्कृतिक नारीवादी धारा

उत्तरआधुनिक/उत्तरसंरचनावादी विचारबाट प्रभावित नारीवादी लेखन र जाति/जनजातिगत सांस्कृतिक धारा दुवै नै भिन्नताको खोजीतर्फ अग्रसर छन् र सबै महिलालाई एउटै कोटिमा राखेर हेर्ने प्रवृत्तिका विरोधमा छन्। उनीहरू सबै महिलाको अवस्थालाई एउटै स्वरूपमा हेर्ने सार्वभौमिक मान्यताको आलोचना गर्छन् र महिलाहरूकै बिचको भिन्नतालाई छाँयामा पार्ने काम अस्वीकार गर्छन्। महिलालाई लैङ्गिक ढङ्गले भिन्न समूहको पहिचान दिने चलनलाई पनि यिनीहरूले विस्थापित गरेका छन्। यिनीहरूले शक्ति र पहिचानका विविध स्वरूप पत्ता लगाएका छन्। सार्वभौम मानिएको सिद्धान्त पौरुष दृष्टिकोणमा आधारित भएका कारणले यिनीहरूले त्यसको निष्पक्षतालाई चुनौती दिएका छन्।

जाति/जनजातिगत प्रश्नसँग गाँसिएका पाश्चात्य नारीवादी चिन्तकहरू सार्वभौमीकरणलाई अस्वीकार गर्छन् तथा आफू पनि अधीनस्थ भएको र आफ्नो भिन्नताको ख्याल नगरिएकाले शक्तिको तरलतालाई प्रस्तुत गर्न एवं भिन्नताको गुणात्मक वृद्धिको व्याख्या गर्ने क्रममा उत्तरआधुनिकतावादी/उत्तरसंरचनावादीभन्दा पछाडि परेका छन्। उनीहरू बृहद् विनिर्माणवादी सन्दर्भमा जाति/जनजातिगत बुँदाको प्रस्तुतिमा पनि पछि परेका छन्। जाति/जनजातिगत सन्दर्भसँग गाँसिएका नारीवादीहरू उत्तरआधुनिक/उत्तरसंरचनावादसँग गाँसिएका नारीवादीले

भन्दा बढी नै शक्ति र पहिचानसँग गाँसिएको विविधताको व्याख्या गर्छन् (बिस्ले, १९९९ : १०२-१०३) । यिनीहरू केन्द्रीकृत सामाजिक जीवन र सीमान्तीकृत समूहका बारेको परम्परागततालाई चुनौति दिन्छन् । यिनीहरू लैङ्गिक एवं जाति/जनजातिगत विभाजनका बिचको अन्तरसम्बन्धमाथि विशेष प्रकाश पार्दछन् । यसका लागि जातीय र जनजातीय दुवै कोणबाट सीमान्तीकृत रहेको समूह विशेष प्राथमिकतामा पर्दछ । पाश्चात्य सन्दर्भमा यो समूह भनेको कालाजातिको जनजातीय समूह हो । 'जाति' ले 'काला' र 'गोरा' भन्ने बुझाउँछ । यिनीहरू वर्गको कुरालाई पनि यससँगै उठाउँछन् ।

जाति/जनजातिसँग जोडिएर गरिने नारीवादी कार्यले खास एउटै नारीवादी सिद्धान्त र सिद्धान्तकारको मात्र अनुसरण नगरी उत्तरआधुनिक/उत्तरसंरचनावादी, मनोविश्लेषणात्मक, मार्क्सवादी/समाजवादी सिद्धान्तका अतिरिक्त जातिवाद/जनजातिवाद माथिका लेखनलाई समेत पछ्याएका छन् । यो नारीवाद उदारतावाद/उदार नारीवाद र आमूल नारीवादसँग भने कमै जोडिएको छ । जाति/जनजातिगत सन्दर्भमा विशेष प्रकाश पार्ने पाश्चात्य नारीवादले शक्ति सम्बन्धका कारणले महिला-महिलामा देखिएको भिन्नता र त्यस भिन्नतामाथि भएको शोषणका कुरालाई बढी महत्त्वका साथ अगाडि सार्दछ । यसले महिलाको सार्वभौमीकृत पहिचानलाई प्रश्नका घेरामा तान्दछ ।

केही नारीवादी टिप्पणीकारहरूले जाति र जनजातिगत वर्गीकरण विशिष्ट किसिमको भएकाले यसको विश्लेषण छुट्टै गरिनुपर्छ भनेका छन् । उत्तर उपनिवेशवादी, उत्तरराष्ट्रवादी तथा तेस्रो विश्वको विषयसँग सम्बन्धित नारीवाद र अन्य केही लेखकले जाति/जनजातिगत विभाजनको मान्यतालाई अस्वीकार गर्दै जनजातिगत सामाजिक निर्माणवादी समूहप्रति समर्थन जनाएका छन् (बिस्ले, सन् १९९९ : १०४) । यसरी जाति र जनजातिगत विभाजनका बिचको सैद्धान्तिक सम्बन्ध सुस्पष्ट देखिँदैन । त्यसका विपरीत साहित्यमा भने यसको भिन्नतालाई सोझै प्रस्तुत गरिएको हुन्छ । अधिकांश लेखकले ती दुईमध्ये एउटामा मात्र आफ्नो ध्यान केन्द्रित गरेका हुन्छन् ।

जनजातीयता भन्ने पदावलीले नै काला र जनजातिगत अल्पसङ्ख्यकको सांस्कृतिक इतिहासलाई बोक्ने भएकाले तिनको छुट्टाछुट्टै प्रस्तुति आवश्यक छैन भन्ने एकथरि लेखकको धारणा देखिन्छ (बिस्ले, सन् १९९९ : १०५) । 'काला', 'गोरा', 'जनजाति' जस्ता पदहरूको प्रयोगले प्रयोगकर्ताको सांस्कृतिक अवस्थितिको परिचय दिन्छ । यस्ता पदहरू सधैं राजनीतिक हुन्छन् र स्थानका आधारमा फरक-फरक पनि देखिन्छन् । समकालीन नारीवादी लेखनमा प्रयोग हुने जाति/जनजाति भन्ने शब्दले कुनै वैज्ञानिक आधार ग्रहण गरेका हुँदैनन् । पश्चिमी समाजमा 'काला' भन्ने जुन पदको प्रयोग हुन्छ त्यो अन्य समाजमा नपाइन सक्छ र अन्य समाजमा पाइने त्यस्ता कैंयन् समूहहरू पश्चिममा नपाइन सक्छन् । उदाहरणका लागि संयुक्त राज्यमा गर्न सकिने 'काला' को व्याख्या संयुक्त राष्ट्र वा अस्ट्रेलियामा गर्न सम्भव छैन । त्यस्तै ब्राम्हण, क्षेत्री, वैश्य, शूद्र भनेर विभाजन गरिने वर्णव्यवस्था र तिनका आधारमा गरिने जाति-व्यवस्था नेपालजस्ता मुलुकमा मात्रै पाउन सकिन्छ ।

जाति/जनजातिसँग सम्बन्धित पश्चिमी नारीवादी चिन्तनले सबै महिलालाई एउटै पहिचान (उत्पीडितको पहिचान) दिने कुराको आलोचना गर्दछ । जाति/जनजातिका सम्बन्धमा सन् १९६०-७० को दशकदेखि नै स्थापित परम्पराभन्दा फरक किसिमका कुरा अभिव्यक्त हुन थालेको पाइन्छ । समावेशवादी दृष्टिकोणका हिमायतीहरू नारीवादी लगायतका विशिष्ट सङ्घर्षलाई मानवताको विकासको शृङ्खलासँगै ऐक्यबद्ध गर्नुपर्छ भन्ने मान्यता राख्छन् । यिनीहरू जाति/जनजातिगत परम्परागततालाई अस्वीकार गर्दै सबै सीमान्तीकृत समुदायलाई सार्वभौमिक मानवीय मुक्तिसँगै गाँस्नुपर्छ भन्छन् । समाजमा उत्पीडक र उत्पीडित दुवै थरिको पहिचान समान हुनुपर्छ भन्ने कुराका लागि यिनीहरू सङ्घर्ष गर्दछन् । यिनीहरूको सोच सीमान्तीकृतहरूको अदृश्यता सम्बोधित हुनुपर्छ भन्ने देखिन्छ ।

जाति/जनजातिगत विषयसँग सम्बन्धित समकालीन नारीवादीहरू समावेशी सिद्धान्तको सीमिततातर्फ औंल्याउँदै त्यसलाई अस्वीकार गर्दछन् । सबै महिलाको उत्पीडनको एउटै स्वरूप हुन्छ भन्ने दृष्टिकोणले मध्यम वर्गीय गोरा महिलालाई मात्र सम्बोधन गर्ने भएकाले यिनीहरूले त्यसको विरोध गरेका हुन् । यिनीहरू काला जनजाति अल्पसङ्ख्यक महिलामाथि आधारित विश्लेषणलाई अगाडि सार्दछन् । अघिल्ला नारीवादी विश्लेषणहरू लैङ्गिक भिन्नतामा मात्र आधारित भएकाले जाति/जनजातिगत भिन्नता अदृश्य हुन पुगेको कुरा ठम्याउँदै यिनीहरूले नारीवादले यस समुदायको वकालत नगर्ने भएकाले नारीवाद तिनीहरूका लागि होइन भनेका छन् (पृ.१०८) । यिनीहरूले काला जनजाति अल्पसङ्ख्यक महिलाहरू नारीवादभित्र पनि सीमान्तीकृत बनेको कुरा औल्याएका छन् । गोरा मध्यम वर्गीय महिला र काला जनजातिका महिलाका सरोकारका विषयहरू फरक-फरक हुने भएकाले एउटा व्याख्याले सबै प्रकारका महिलाहरू परिभाषित हुन सक्तैनन् । काला जनजाति अल्पसङ्ख्यक महिलाका विरुद्ध पुरुषसँग महिलाहरूको ऐक्यबद्धता स्थापित हुने गरेको देखिन्छ । जाति/जनजातिको विषयसँग सम्बद्ध नारीवादी चिन्तकहरू उदार र आमूल नारीवादप्रति आलोचक देखिन्छन्  किनभने महिलामाथि शक्तिको गुणात्मक प्रभावका कारणले नै जाति/जनजातिका महिला 'अरू' मा राखिएको तथ्य यिनीहरूले पहिल्याएका छन् ।

'जाति' जीवविज्ञान वा संस्कृतिको सार्वभौमिक विभाजन नभएर सामाजिक निर्माण हो । यसको निर्माण सामाजिक र राजनीतिक शक्ति सङ्घर्षका कारणले हुने गर्दछ (बार्कर, सन् २००० : १९३) । पश्चिमी देशहरूमा जाति छालाको रङ्गद्वारा छुट्टिन्छ -काला जाति र गोरा जाति भनेर । समय र स्थान अनुसार जातिको विभाजन फरक-फरक हुन्छ । त्यस्तै जनजाति भनेको मूल्य, मान्यता, विश्वास, सांस्कृतिक प्रतीक र अभ्यासमा केन्द्रित सांस्कृतिक धारणा हो । जनजाति समूहको उद्भव विशिष्ट ऐतिहासिक, सामाजिक र राजनीतिक सन्दर्भमा आधारित हुन्छ । सामूहिक पहिचानका आधारमा जनजातीयताको उद्भव हुन्छ र सङ्केत र बिम्बहरूले यसलाई संस्थागत गर्छन् (बार्कर, सन् २००० : १९५) । यसरी जाति/जनजाति दुवै अल्पसङ्ख्यक समूहभित्र पर्छन् र अल्पसङ्ख्यकहरू बहुसङ्ख्यकबाट हेपिएकै  हुन्छन् । त्यस्ता हेपिएका समूहका महिलाहरू झन् बढी अर्थात् दोहोरो हेपाइमा परेका हुन्छन् । यसै जाति/जनजातिको क्षेत्र नारीवादी विमर्शको एउटा पक्ष बन्नु आश्चर्यजनक हुँदैन । महिला-महिलाकै बिचको विभिन्नतालाई खोतल्दै महिला-उत्पीडनको

पिँधसम्मै पुग्ने क्रममा नारीवादी चिन्तकहरूले जाति/जनजातिको बुँदालाई आफ्नो विश्लेषणको एउटा माध्यम बनाएको देखिन्छ ।

स्पेलम्यान, बेल हुक्स, लेन एङ, हगिन्स, बेरेन्छ, वसेन, गायत्री चक्रवर्ती स्पिभक आदि नारीवादी चिन्तकहरूले यस फाँटमा कलम चलाएका छन् ।

२.३.४.२ **कालावादी नारीवादी धारा**

पश्चिमी समाज काला र गोरा गरी दुई जातिमा विभाजित छ । गोराहरू अधिकारमा छन् र कालाहरू अधीनस्थ छन्, यसैले उत्पीडित छन् । काला महिलाहरू गोरा पुरुष र गोरा महिलाबाट त दोब्बर मात्रामा उत्पीडत छन् नै । त्यसमाथि काला पुरुषबाट समेत पनि उत्पीडित छन् । काला जनजाति र काला समलैङ्गिक महिलाको उत्पीडनको पनि छुट्टै विशद् अध्ययन गर्न सकिन्छ । पश्चिमी समाजमा प्रचलित नारीवादका उदार, आमूल आदि नारीवादी चिन्तनले काला नारीहरूलाई समेटेको छैन । पछिल्लो समयमा काला महिला स्वयंकै अग्रसरतामा नारीवादी चिन्तन उनीहरूसँग पनि गाँसिन आइपुगेको छ । उनीहरूको नारीवादी दृष्टिकोण कहिले जाति/जनजातिको सन्दर्भबाट, कहिले नारी समलैङ्गिक चिन्तनका सन्दर्भबाट र कहिले यी दुवै सन्दर्भसँग नगाँसिईकन पनि प्रकट भएको पाइन्छ । जाति/जनजातिसँग सम्बन्धित कुराहरू यसअघिको (२.३.४.१ अन्तर्गत) शीर्षकभित्र आइसकेका छन्  भने नारी समलैङ्गिक चिन्तनसँग सम्बन्धित कुराहरू यसपछिको (२.३.२.३ अन्तर्गत) शीर्षकभित्र समाविष्ट हुनेछन् । उपर्युक्त दुवै सन्दर्भबाट अलग कालावादी नारीवादी चिन्तनलाई भने यसै शीर्षकमा (२.३.४.२ अन्तर्गत) प्रस्तुत गरिन्छ ।

काला लेखकहरूको मानवशास्त्रीय प्रमाणका साथको संलग्नताले गर्दा सन् १९६० यता काला जातिको संस्कृतिमाथि रुचि बढ्ने क्रमको थालनी भएको देखिन्छ । काला नारीवादी समालोचकहरू वैचारिक रूपमा प्रस्तुत हुन थाल्नाले सन् १९७० र १९८० दशकमा पनि यो प्रवृत्ति कायमै रह्यो । काला लेखकमाथिको रुचिलाई चर्चित बनाउने क्रममा भने समालोचना र सिद्धान्त दुवै त्यति सक्षम भएका छैनन् । काला नारीवादी भन्ने संज्ञा समस्यामूलक भए तापनि यस फाँटका कामले भने राम्रै गति पक्रिएको देखिन्छ । संयुक्त राज्य अमेरिकामा काला नारीवादी भन्नाले सामान्यतः खास ठाउँ वा नयाँ मुलुकका र अफ्रिकन-अमेरिकन भन्ने बुझिन्छ तर यस लेखनमा भने काला नारीवादी भनेर विश्वका सबै स्थानका काला नारीवादीलाई समावेश गरिएको छ ।

नारीवादी (Feminist) भन्ने पदलाई अस्वीकार गर्ने महिला लेखक पनि छन् । एउटी सफल काला महिला लेखक र समालोचक एलिस वाकर पनि तिनीहरूमध्येमा नै पर्छिन् । उनी आफूले फेमिनिस्ट (Feminist) भन्ने पदका स्थानमा वम्यानिस्ट (Womanist) भन्ने पदलाई स्थापित गरेको कुरा उल्लेख गरेकी छन्  किनभने वम्यानिस्ट (Womanist) हरू आफ्नो समुदायका पुरुषलाई पिठ्यूँ फर्काउँदैनन् । उनले पुराना पुस्ताका काला महिलाहरूको सिर्जनशीलता लोककला, सङ्गीत, बगैंचा तथा तग्ने काममा रहेको कुरा पत्ता लगाइन् । वाकरजस्ता काला लेखकहरू हार्लेम

पुनर्जागरणकालीन लेखक र लोकगायक जोरा निल हर्स्टनजस्ता व्यक्तित्वको खोजी गर्छन् किनभने उनले (हर्स्टनले) लोककथा भन्नु, काला महिलाहरूको अरू सामुदायिक साहित्यिक काममा व्यस्त रहनु र काला नारीवादी (Womanist) साहित्यको शरीरको रचना गर्नुका बिचको सम्बन्धमाथि विशेष जोड दिएकी छन् (गेरिन आदि, १९९९ : २०९) ।

एलिस वाकर बाहेकका अरू काला नारीवादी महिलाका लेखनहरू अझ विविधतापूर्ण छन् । दासत्वको विश्लेषणसहितको काला महिलाहरूको आत्मवृत्तान्त धेरैका लागि महत्त्वपूर्ण बनेको छ । परम्परागत समालोचनालाई दिइएका चुनौतिका सन्दर्भसूचीभित्र उपेक्षा गरिएका वा दमन गरिएका कामहरूलाई समावेश गरिएको छ जसले गोरा बच्चाको रेखदेख गर्ने काला आया (Mammy) र द्विजातीय (काला र गोरा) मातापिताका दुःखी बच्चा (Mulatte) को तस्वीरलाई उदाङ्गो पार्दछ । यसका साथै यसले सङ्गीत, ललितकला, साहित्य, आत्मवृत्तान्त र साहित्यिक समालोचनाको अन्तरअनुशासनात्मक पहुँचलाई नयाँ क्रान्तिकारी ढङ्गले प्रस्तुत गरेको पाइन्छ । एन्ड्रे लार्डेले हामी प्रत्येकभित्र काला आमाको खोजी गर्न भनेकी छन् जुन चाहिँ व्याख्याभन्दा पनि तत्काल बुद्धियुक्त भाषामाथि निर्भर रहन्छ। यस भनाइले अफ्रिकन संस्कृतिले गोराहरूको पितृसत्तात्मक संस्कृतिमूलक सोचाइको विकल्पका रूपमा प्रस्तुत गरेको मातृसम्झौतामाथि विशेष जोड दिएको छ ।

रिचार्ड रिट र राल्फ एलिसनजस्ता काला पुरुषको काला महिलाका काममाथि गरेको विरोधी लेखनलाई प्राथमिकता दिने गोराहरूको संस्कृतिमाथि काला नारीवादी समालोचकहरू आक्रमण गर्दछन् । काला नारीवादीहरू काला महिला लेखकसँग सम्बद्ध र तिनका विस्तारित चरित्रलाई महत्त्वपूर्ण स्थान दिइएको साहित्यिक समालोचनामाथि विश्वास गर्छन् । तिनीहरू सोवाल्टरद्वारा व्याख्या गरिएका विभिन्न किसिमका नारीवादी समालोचनामा व्यस्त रहने निर्देशन दिन्छन् र पुरुषकेन्द्री साहित्यिक मूल्यमाथि आक्रमण गर्दछन् तर उनीहरू आफै पनि काला महिलाहरूको जटिल आत्मचित्रको भने आयोजना गर्दछन् (गेरिन आदि, सन् १९९९ : २१०) ।

मिसेल अकवार्डले काला महिला लेखकले एक आपसमा पार्ने प्रभाव र तिनले पुरुष लेखकमा पार्ने प्रभावका बिचमा एउटा महत्त्वपूर्ण विभेद खडा गरेकी छन् । उनले काला महिला लेखकहरू छोराले बाबुसँग गरेको प्रतिस्पर्धाभन्दा आफ्नै आमा, छोरी, दिदी बहिनी, काकी आदि नातासम्बन्धबारे लेख्छन् भन्ने कुरा औंल्याएकी छन् । पुरुष लेखकको प्रतिस्पर्धात्मक मानसिकता साधारणतया महिला लेखक र अझ त्यसमा पनि काला महिला लेखकप्रति गलत देखिन्छ । उनका आत्मजीवनीका चारवटा खण्डहरूमा काला नारीवादी लेखकहरूमध्ये माया एन्जेलो अरू धेरै महिलाको पक्ष लिने र तिनका लागि उत्प्रेरक बन्न सक्ने अत्युत्तम उदाहरण हुन् । मायाले आफू बालक हुँदा आमाको केटा साथीद्वारा बलात्कृत भएको कुरामथि विशेष जोड दिएकी छन् जसले संसारैबाट उनलाई पछाडि धकेल्यो । उनको समय वेश्या भएर र लागूऔषध दुर्व्यसनीको प्रेमिका भएर बित्यो । उनी दुःखबाट दुर्घटनापूर्ण पलायनसम्म पुगिन् र ठूला सामाजिक सन्दर्भहरूमा अनेक व्यक्तिगत डरलाग्दा स्वप्नहरूसँग जोडिइन् । **आइ नो व्हाइ द कैज्ड बर्ड सिङ्ग** (सन् १९७०) देखि **द हर्ट अफ उमन** (सन् १९८१) सम्म माया एन्जेलोले अफ्रिकन-अमेरिकन समूहसँग मिलेर

महिलाहरूका निम्न पक्षमाथि काम गरिन्- महिलामाथिको हिंसा र पुरुषद्वारा दिइएको धोका, उनीहरूको आफ्नै जातित्व प्रतिको ग्लानि, एक्ली आमाको जीवन, तिनीहरूको विस्थापनको पीडा, तिनीहरूको सांस्कृतिक परिचयको प्रयोग र आत्मआविष्कारको निरन्तर प्रक्रिया। एन्जेलोको सन्देश काला जनता र त्यसमाथि पनि खासगरी काला महिलाका लागि उत्सव बनेको छ (गेरिन आदि, सन् १९९९ : २१०)।

### २.३.४.३ काला नारी समलैङ्गिक नारीवादी धारा

नारीवादी अल्पसङ्ख्यकभित्र पनि अरू अल्पसङ्ख्यक छन्- काला नारीवादी र नारी समलैङ्गिक नारीवादी। अन्य समूहका समस्याहरूको विश्लेषण गर्ने क्रममा काला नारीवादी र समलैङ्गिक नारीवादीहरू एक अर्कालाई एकै ठाउँमा समावेश गर्छन्। जातिवाद, विदेशी वा नौलाहरूको डर आदि सन्दर्भमा नारीवाद काला महिला र समलिङ्गी महिलासँग जोडिन पुगेको छ। समाजमा आफूहरूलाई किनारा लगाउने कुरा र अरू अल्पसङ्ख्यकसँग समूह बाँधिदिनेजस्ता अनिच्छित कुराका विरुद्ध उनीहरूले सङ्घर्ष गर्न थालेपछि कुनै पनि कुरालाई बेग्लाबेग्लै हेर्ने आफ्नै धारणाभन्दा उनीहरू विपरीत गइरहेका छन् किनभने काला र समलिङ्गीहरू एक आपसमा समाविष्ट भएका छन्, गाँसिएका छन्। नारीवादी समालोचकका सहायक समूहहरू मध्येमा उनीहरूको जोडी व्यापक बनेको छ र नारीवादी अल्पसङ्ख्यक मध्येमा तिनीहरू नै बढी मुखर र सफल पनि छन् (गेरिन आदि, सन् १९९९ : २०८)।

पश्चिमी साहित्य र संस्कृतिमा काला र समलिङ्गीहरू हिंसात्मक पाराले आक्रामित भएका छन्। यसरी अरू महिलाका सापेक्षतामा उनीहरूका लागि 'व्यक्तिगत' अझ बढी 'राजनीतिक' बनेको छ। आफ्नो 'आत्मपरिभाषा' र 'आगमन' लाई बढी प्रकाश पार्नका निम्ति उनीहरू कलात्मक र समालोचनात्मक दुवैमा 'विडम्वना' लाई प्राथमिक साहित्यिक उपकरणका रूपमा प्रयोग गर्छन्। उनीहरू शास्त्रीय साहित्यिक परम्परालाई कुण्ठालाई झैं अस्वीकार गर्छन्। गोरा जाति र उच्च मध्यम वर्गीय महिलाहरूलाई उनीहरू पितृसत्तात्मक शक्तिसंरचनाकै अंश बन्ने क्रममा बेलाबखत नारीवादको अभ्यास गर्ने व्यक्ति समूहका रूपमा लिन्छन्। यसरी बहुसङ्ख्यक नारीवादीहरू पुरुषहरूसरह मानिएका छन्। अधिकांश त्यस्ता नारीवादीहरू आफ्नो गणना पुरुषसरह होस् भन्ने चाहन्छन् र अधिनायकवादी समाजको पुरस्कार वा आर्थिक अनुदानलाई पनि आफूसँग बाँड्न चाहन्छन्। जस्तो कि- समान ज्याला, बच्चाको हेरविचार र अरू स्वीकार्य सामाजिक अधिकारहरू। काला र समलैङ्गिक नारीवादीहरू त्यस्ता अधिकांश महिलाहरू एक आपसमा भन्दा पनि पुरुषसँग चाहिँ बढी साझेदारी गर्छन् भन्ने बहस गर्छन्। गोरा महिलाभन्दा समलिङ्गी र काला महिलाहरू साहित्य र इतिहासबाट पन्छ्याइएका छन्। काला समलिङ्गीहरूको असङ्ख्य प्रकाशनले जस्तै नागरिक आन्दोलनमा भएको उनीहरूको बलियो सहभागिताले नयाँ परम्परा स्थापना गर्ने क्रमको व्याख्यालाई सहयोग पुऱ्याएको छ। म्यागी हम (Maggie Humm) ले अरू वरपरका कुराभन्दा काला र समलिङ्गी समालोचनाको प्रमुख अङ्ग नै नारीवादी

समालोचनाको आधारभूत र सर्वाधिक महत्त्वपूर्ण कुरा बन्नुपर्छ भन्ने सल्लाह दिएकी छन् (गेरिन आदि, सन् १९९९ : २०८-२०९) ।

काला नारीवादीले जस्तै समलिङ्गी नारीवादीहरूले पनि आफ्नो वैचारिक समूह (समलिङ्गी नारीवादीहरूको समूह) का लागि सकारात्मक पारामा काम गर्न समालोचनालाई कसरी पुनर्परिभाषित गर्न सकिन्छ भनेर देखाउने प्रयत्न गरेका छन् । समलिङ्गी समालोचकले प्रयोग गर्दा 'वैकल्पिकता', 'महिला केन्द्रीयता' र 'भिन्नता' जस्ता पदले नयाँ र तीखा अर्थ प्राप्त गरेका हुन्छन् । समलिङ्गी नारीवादीहरू अरू नारीवादीका निम्ति बाटाको ठेस लागिरहने ढुङ्गो बनेका छन् र उनीहरूले समय-समयमा विपरीत लिङ्गीप्रति आकर्षित हुने महिलाहरूलाई बहिष्कृत गर्ने प्रयत्न पनि गर्ने गरेका छन् । केही समलिङ्गी समालोचकहरू विपरीतलिङ्गीप्रतिको आकर्षणलाई महिलाहरूका निम्ति असामान्य कुरा मान्दै समलैङ्गिकतालाई नारी अनुभवको मान्यताका रूपमा लिन्छन् । केही समलिङ्गीहरू अझ यसभन्दा पनि अगाडि गएर समलिङ्गीहरूले मात्र सन्तोषजनक नारीवादी व्याख्या दिन सक्छन् भन्ने बहस गर्छन् । उनीहरूको यस्तो विचारले गर्दा अरू नारीवादीले समलिङ्गी समालोचनालाई बहिष्कार गर्नुपर्ने देखिन्छ तर धेरै अंशमा चाहिँ समलिङ्गी समालोचकहरूले अरू नारीवादी समालोचकसँग समाहित हुने प्रयत्न गरेका छन् र अरू नारीवादीलाई समालोचनाका नयाँ उपायहरू प्रदान गरेका छन् । जस्तो- बढी सिर्जनात्मक र बन्धनहीन शैलीका निम्ति परम्परागत समालोचनात्मक निबन्धको स्वरूपलाई गरिएको बहिष्कार ।

**सेक्सुअल प्राक्टिस, टेक्सचुअल थ्योरी : लेस्बियन कल्चरल क्रिटिसिजम**मा जुलिया पेनलोप र सुसन जे उल्फले समलिङ्गीले केलाई वैधानिकता दिन्छन् र केलाई दिँदैनन् तथा समलिङ्गी समालोचना के हो र के होइन भन्ने कुरालाई परिभाषित गर्ने प्रयत्न गरेका छन् । स्वपहिचानको उत्तरआधुनिक जिज्ञासाले समलिङ्गीहरूको वर्गीकरणलाई मान्दैन भन्ने कुरामा यी लेखकहरूको विश्वास छ । समलिङ्गीहरूले मिसेल फुकोको **हिस्ट्री अफ सेक्स्वालिटी**ले महिलालाई किनारा लगाएको छ र समलिङ्गीलाई त झन् बेवास्ता नै गरेको छ भन्ने आरोप लगाएका छन् । समलिङ्गी लेखकहरूले एउटा त्यस्तो संसारको कल्पना गरेका छन् जहाँ अब पुरुष धेरै समयसम्म केन्द्रमा टिकिरहने छैन । उनीहरू अरू सबै नारीवादीहरूसँग वर्गीकृत हुने इच्छा पनि गर्दैनन् बरु आफ्नो भिन्नताको चेतनालाई जोगाइराख्न चाहन्छन् । बन्नी जिम्मरम्यानको समलिङ्गीहरूको अति समावेशात्मक परिभाषाले समलिङ्गी सम्बन्ध र विषमलिङ्गी महिला मित्रताका बिचमा मसी पोत्ने काम मात्र गरेको छ भन्ने विश्वास गरिन्छ । उनी समलिङ्गवादको परिभाषा यसरी दिन्छिन् -

> दुईवटी महिलाका अत्यन्त बलिया अनुभूतिहरू र स्नेह सोझै एक आपसमा सोभिनु नै समलिङ्गवाद हो । त्यहाँ यौनसम्पर्क हुन पनि सक्छ र यसको पूर्ण अनुपस्थिति हुन पनि सक्छ, तर महिलाहरूको आफ्नो समय एकसाथ बिताउने र जीवनका सम्पूर्ण पक्षहरू बाँडचुँड गर्ने कुरामा भने प्राथमिकता रहेकै हुन्छ ।
>
> (गेरिन आदि, सन् १९९९ : २११)

जिम्मरम्यानले मूल रूपमा मेरी उल्स्टन क्राफ्ट, मेरी वर्टले मोन्टेग, सराह अर्ने जेनेट, एमिली डिकिन्सन र अरू पनि समलिङ्गी लेखनमा लामो समयसम्म महत्त्वपूर्ण रहेकाहरूमाथि प्रकाश पारेकी छन् ।

समलिङ्गी समालोचक, त्यसमा पनि फ्रान्सेली नारीवादीहरू एकीकृत पाठको विचारलाई अस्वीकार गर्छन् । उनीहरूले ऐना बिम्बहरू, गोप्य सङ्केतहरू, सपनाहरू र पहिचानका कथाको आविष्कार गरेका छन् । उनीहरू नयाँ शब्द, अनौपचारिक व्याकरण र अरू प्रयोगमूलक तरिकाहरूतर्फ आकर्षित छन् । अरू धेरै नारीवादीले झैं उनीहरू पनि बहुअर्थी शब्द र कथाको खुला अन्त्यलाई मन पराउँछन् र दोहोरो अर्थको खोजी गर्छन् । समलिङ्गी समालोचकहरूले नयाँ विधा पनि प्रदान गरेका छन् र स्वीकृत विधाभित्र नयाँ विचारको समावेश पनि गरेका छन् । जङ्गली कथा र स्वैरकल्पनात्मक कथा समलिङ्गी नारीवादीकै योगदान हुन् । उनीहरू मुख्य गरी रेडक्लिफ हल, कलेट, भर्जिनिया उल्फ, जुना बार्नेस, गर्टुड् स्टेन, इभि कम्पटन बर्नेट र मे सार्टनजस्ता प्रयोगवादी समलिङ्गी लेखकहरूतर्फ आकर्षित छन् ।

### २.३.४.४ उत्तरउपनिवेशवादी नारीवादी धारा

उत्तरउपनिवेशवादी समालोचना सन् १९९० को दशकमा मात्रै विकसित भएको हो । यसको विकास गायत्री स्पिभक चक्रवर्तीको **इन अदर वर्ल्ड** (सन् १९६०), बिल एसक्राफ्टको **द इम्पायर राइट्स ब्याक** (सन् १९८९), होमी भाभाको **नेसन एन्ड न्यारेसन** (सन् १९९०), र एडवर्ड सइदको **कल्चर एन्ड इम्पेरियालिजम** (सन् १९९३) नामका लेखक र तिनका पुस्तकको प्रभावबाट भएको देखिन्छ (बेरी, सन् २००२ : १९२) ।

उदार मानववादी आलोचनाले यही उत्तरऔपनिवेशिक समालोचनाको प्रभावस्वरूप पश्चिमाहरूको सार्वभौमिकताको दाबीलाई साहित्यका माध्यमले अवमूल्यन गरिदिएको छ । यदि महान् साहित्य समयको सीमामा नबाँधिएको र सार्वभौम हुन्छ भन्ने दाबी गरियो भने त्यस्तो साहित्यले सांस्कृतिक, सामाजिक, क्षेत्रीय र राष्ट्रिय भिन्नताका स्वरूप र अनुभूतिलाई समेट्न सक्तैन । यो सार्वभौमिकतावादी दृष्टिकोणले गोरा युरोपियनहरूको मूल्यमान्यता र जीवनशैलीलाई नै व्यापकता दिने उद्देश्य राखेकाले उत्तर उपनिवेशवादीहरू यसको स्थापनालाई अस्वीकार गर्छन् (बेरी, सन् २००२ : १९३) ।

उत्तरऔपनिवेशिक समालोचनाको ऐतिहासिकता फ्रान्ज फेननको **द रेच्ड अफ द अर्थ** (सन् १९६१) मा भेटिन्छ जसमा उपनिवेशबाट शासित जनताले अरू राष्ट्रको अस्तित्व देखाउनका लागि आफ्नै विगततर्फ फर्कनुपर्छ भनिएको छ । युरोपियन साम्राज्यवादले शतकसम्म आफ्नो अवमूल्यन गरेको थियो । उत्तरऔपनिवेशिक दृष्टिकोणको पहिलो पाइलो आफ्नै विगतको दाबी हो भने दोस्रो पाइलो चाहिँ औपनिवेशिक पहिचानलाई मेटाउन थाल्नु हो । एडवर्ड सइदको

**ओरियन्टलिजम** (सन् १९७८) भन्ने पुस्तकमा युरोपियन वा पश्चिमी हुनु उच्चताको परिचायक र नहुनु हीनताको परिचायक हो भन्ने युरोपकेन्द्रित सार्वभौमिकताको पर्दाफास गरिएको छ ।

उत्तरऔपनिवेशिक नारीवादले तेस्रो विश्व, भौगोलिकताका दृष्टिले दक्षिण, उपनिवेशबाट छुटकारा पाएपछिको अमेरिका र अफ्रिका, बङ्गलादेश, पाकिस्तान तथा अति सम्पन्नता एवं अति विपन्नता भएका स्थानलाई सम्बोधन गर्दछ । औद्योगिक राष्ट्रहरूले विकासोन्मुख देशहरूको पुनर्संरचना गर्ने नाममा त्यहाँको आर्थिक क्षेत्रमा आधिपत्य जमाउने गर्दछन् । पिछडिएका आर्थिक अवस्थाका महिला-पुरुष दुवैको ज्यालादर अत्यन्त न्यून हुन्छ । उपर्उल्लिखित देशहरूका महिलाहरूले कारखानाका अतिरिक्त कतिपय काम घरमा समेत लगेर गर्दा पनि पुरुषको भन्दा उनीहरूको ज्याला कम हुन्छ (लर्बर, सन् २००५ : ८७) ।

कृषिमा आधारित ग्रामीण क्षेत्रको स्थानीय बजारको अनौपचारिक अर्थोपार्जन घरेलु उत्पादनमा निर्भर गर्दछ । यही घरेलु उत्पादनसँग जोडिने महिलाहरू नै आफ्नो परिवारका भरणपोषणकर्ता हुन्छन् र उनीहरू नै निरक्षरता र प्रसवकालीन मृत्युबाट पीडित हुन्छन् । त्यस्ता स्थानमा बस्न स्वास्थ्यसुरक्षा अत्यन्तै कमजोर हुन्छ र पाँच वर्षमुनिका धेरै बच्चाहरू झाडापखाला, औलो, सङ्क्रमण र अरू रोकथाम र उपचार गर्न सकिने रोगबाट मर्दछन् । यस्ता ग्रामीण र पिछडिएका क्षेत्रमा महिलाहरू बलात्कार, लैङ्गिक हेपचेप, वेश्यावृत्ति तथा एड्स रोगबाट पीडित बन्दछन् । उत्तरऔपनिवेशिक नारीवादले औपनिवेशिक विकासहीनता र उत्तरऔपनिवेशिक विकासको सिद्धान्तलाई ग्रहण गरेर नवऔद्योगिक राष्ट्रमा ध्यान केन्द्रित गर्दै विश्वको आर्थिक सन्दर्भमा महिलाको अवस्थितिको विश्लेषण गर्दछ । वैश्विक अर्थ व्यवस्थामा सेवा, सूचना, लगानी, औद्योगिक क्षेत्र, कच्चा सामग्रीका स्रोत आदिका आधारमा विश्वका देशहरू एक आपसमा सम्बन्धित हुन पुग्दछन् ।

महिला र पुरुषको श्रम उत्पादनका लागि विश्वभरिनै निर्यात गरिन्छ र त्यो श्रम छिमेकीको भण्डारमा पुगेर समाप्त हुन्छ । कामदारले आफ्नो क्षमता अनुसारको ज्याला प्राप्त गर्दैनन् । महिलाहरूले आफ्नो श्रमबाट आफ्नै मात्र गुजारा गर्दछन् भन्ने मान्यता राखेर संसारभरि नै पुरुषलाई भन्दा महिलालाई कम ज्याला दिइन्छ । दक्षिण कोरियाको आर्थिक विकासक्षेत्रका कारखानामा काम गर्ने एकल महिलाहरू दिनमा एक छाक खाएर धेरैजना एउटै कोठामा कुचुर्किएर बसेर कलेजमा पढ्ने भाइका लागि घरमा पठाउन खर्च जोगाउँछन् । मेक्सिकोका प्रौढ महिलाहरूको काम परिवारको मुख्य आर्थिक स्रोत रहेको छ (लर्बर, सन् २००५ : ८८) ।

विकासोन्मुख मुलुकमा श्रममा हुने लैङ्गिक विभेद युरोपीय र अमेरिकी उपनिवेशवादको प्रभावस्वरूप जन्मिएको हो । उपनिवेश कालमा निर्यातमूलक खाद्य उत्पादनका सापेक्षतामा महिलाहरूको परम्परागत खाद्य उत्पादनको अवमूल्यन गरियो । खानी र ठूलो क्षेत्रको कृषिमा पुरुषहरूलाई काममा त प्राथमिकता दिइयो तर ज्याला भने पर्याप्त प्रदान गरिएन । यही कारणले परिवारका महिला सदस्यले आफ्नो र बालबच्चाका लागि खाद्यान्नको जोरजाम आफै गर्नुपर्ने भयो ।

उपनिवेशबाट मुक्त भएको विकासोन्मुख मुलुकमा युरोप र अमेरिकाका धनाढ्यहरूले व्यापारमा लगानी गर्न थाले। यो आर्थिक पुनर्संरचना र औद्योगिकीकरणले महिलालाई अवसरविमुख तुल्यायो। परिवारका प्रमुख पुरुषहरूले कारखानामा उत्तम ज्याला पाउने काममा प्राथमिकता पाउन थाले। आफ्नो र परिवारको भरणपोषण गर्ने एकल महिलाले कामको अवसर त पाउँथे तर ज्याला भने पुरुषले भन्दा कम पाउँथे। आफ्नो ज्यालाले बच्चाको भरणपोषण गर्ने विवाहित महिलाले सबभन्दा थोरै ज्याला पाउँथे।

तेस्रो विश्वका सन्दर्भमा जर्मन नारीवादी विद्वान्‌हरू माइज, बेनहल्ट थोमसन र वेर्लहफले नारीवादी अनुसन्धानको एउटा नमुना तयार पारेका छन्। वेर्लहफले प्रथम र तृतीय विश्वका महिला-पुरुषको सम्बन्धले सिङ्गो विश्वकै महिला पुरुषको सम्बन्धको प्रतिनिधित्व गर्छ भन्ने धारणा अघि सारेका छन्। महिला र उपनिवेश दुवै न्यून वा विना ज्यालाका उत्पादक, परनिर्भर, पराधीन र गरिब हुन्छन्। महिलाको घरभित्रको विना पारिश्रमिकको काम पुनर्उत्पादनसँगै गाँसिन्छ, त्यसको छुट्टै मूल्याङ्कन हुँदैन। पुरुषको अधीनस्थतालाई जोगाइराख्नका लागि महिलाहरू निरन्तर अर्थोपार्जनबाट बाहिर पारिँदै आएका छन्। देश-देशका गृहिणीहरूका खाना पकाउने, सरसफाइ गर्ने, भाँडा माझ्ने, कपडा धुने, बालबच्चा र बूढाबूढीको हेरचाह गर्ने, मकै पिँध्ने, पानी ओसार्ने, खेत जोत्नेजस्ता कामले कहिल्यै पारिश्रमिक पाउँदैनन्।

पितृसत्तात्मक पुँजीवादी अभ्यास र विचारधाराले महिलाको कामलाई गृहस्थीकरण गरेर महिलालाई उपनिवेशमा परिणत गरिदिएको छ। यसले महिलाले घरेलु परिप्रेक्ष्यमा गर्ने कामको अवमूल्यन गर्दै उनीहरूलाई त्यही परिवेशमा सीमित गर्दै बाहिरी परिवेशबाट एक्ल्याएको छ र महिलामा हुने मातृत्वका कारणले यस्तो भएको हो भनेर प्रमाणित गर्ने प्रयत्न पनि गरेको छ। यति मात्र नभएर, महिलाको कमाइलाई पूरक मात्र मानेर, तिनका पेसालाई तल्लो दर्जाको संज्ञा दिएर र उनीहरूको यौनिकतालाई नियन्त्रण गरेर पितृसत्ताले महिलाहरूलाई आफ्नो उपनिवेश बनाएको छ। महिला र पुरुषका बिचको यस श्रम विभेदले पहिलो र तेस्रो विश्वका मानिसका बिचको श्रम विभेदको तस्वीर झल्काएको छ।

नारीवाद उत्तर-औपनिवेशिक सन्दर्भसँग दुईवटा कारणले सम्बन्धित देखिन्छ। पहिलो कारण हो- पितृसत्ता र साम्राज्यवाद उस्तै स्वरूपको उत्पीडक हुनु। पितृसत्ताका अधीनका महिला र उपनिवेशभित्रका जनताको अनुभूति उस्तै-उस्तै हुन्छ, त्यसैले नारीवादीहरू र उत्तरउपनिवेशवादी राजनीतिले त्यस्ता दमनको विरोध गर्छ। दोस्रो कारण चाहिँ महिलाका जीवनमा लैङ्गिक उत्पीडन र औपनिवेशिक उत्पीडनमध्ये कुन चाहिँ बढी राजनीतिक हुन्छ भन्ने कुरामा व्यापक बहस हुने गरेको देखिन्छ। यसले गर्दा दमित मुलुकहरूका नारीवादी र राजनीतिक कार्यकर्ताका बिचमा विभाजन देखिने गर्छ। वास्तवमा यी दुवै पक्ष अन्तर्सम्बन्धित हुन्छन् किनभने महिलाहरू समाजभित्रको आफ्नो हैसियतका कारणले औपनिवेशिक उत्पीडनमा पर्ने गर्छन् (एसक्राफ्ट र अन्य, सन् २००४: १०१-१०२)।

उत्तरउपनिवेशवाद र नारीवाद दुवैले पहिचानको उद्भव र कर्तृत्वको निर्माणमा प्रतिनिधित्व र भाषालाई उत्तिकै कठिन पाएका छन्। दुवै समूहका लागि भाषा पितृसत्ता र साम्राज्यवादी शक्तिलाई ध्वस्त पार्ने साधन भएकाले उनीहरू आफूमाथि लादिएको भाषाका सट्टा अर्कै आधिकारिक भाषाको वकालत गर्छन्। यसैले उनीहरू पूर्वऔपनिवेशिक वा प्राथमिक नारी बोलीका माध्यमले उक्त आधिकारिक भाषाको खोजी गर्छन्। अन्य अधीनस्थ समूहले जस्तै उपनिवेशमा परेकाहरू र नारीवादीहरू त्यस दमनकारी भाषालाई ध्वस्त पार्ने प्रयास एवं अभ्यास गर्छन् (एसक्राफ्ट र अन्य, सन् २००४ : १०२)।

नारीवादी सिद्धान्त र उत्तरउपनिवेशवादी सिद्धान्तले दमनक सन्दर्भबाट पहिचानका सिद्धान्तहरू हासिल गरेकाले उपर्युक्त दुई सिद्धान्तका बिचमा निकै कुरामा साम्य देखिन्छ। जस्तो- नारीवादले शरीर लेख्ने भन्छ भने उत्तरउपनिवेशवादले स्थान लेख्ने भन्छ, त्यस्तै एउटाले द्विलिङ्गीयताको वकालत गर्छ भने अर्कोले बहुल संस्कृतिको, दुवैमा उस्तै राष्ट्रवादी आग्रह भेटिन्छ (एसक्राफ्ट र अन्य, सन् २००४ : १०२)।

औपनिवेशिकताको बृहद् निर्माणमा लैङ्गिकताको प्रश्नलाई बेवास्ता गरिएको र उत्तरऔपनिवेशिक सिद्धान्तले पनि औपनिवेशिकताहरूको एकल वर्गीकरणमा लैङ्गिक विविधताको उच्चारण गर्न बिर्सेको कुरामा नारीवादीहरूले सरोकार राख्न थालेको देखिन्छ। उपनिवेशवादले महिला र पुरुषलाई फरक व्यवहार गर्दछ र यो 'दोब्बर औपनिवेशिकता' ले महिलामाथि एकातिर उपनिवेशको विषयका रूपमा सामान्य विभेद गर्दछ भने अर्कातिर महिलाकै हैसियतमा विशेष विभेद गर्दछ जसको विश्लेषण औपनिवेशिक दमनका सन्दर्भमा गर्नैपर्ने हुन्छ। उपनिवेशबाट मुक्ति पाएपछिको उपनिवेशविरोधी राष्ट्रवादसमेत पनि यस्तो लैङ्गिक पक्षपाती दृष्टिकोणबाट मुक्त छैन, परम्परागत वा पूर्वऔपनिवेशिक संरचना पनि पुरुषवादी पक्षपातबाट पर्याप्त प्रभावित थियो जसले स्वदेशी महिलालाई शान्त र अधीनस्थ भनेर गलत किसिमले प्रतिनिधित्व गराएको हुन्थ्यो (एसक्राफ्ट र अन्य, सन् २००४ : १०३-१०४)।

साम्राज्यवादी विस्तारका क्रममा जाति र लिङ्ग पनि एकै ठाउँमा जोडिन आइपुगेको देखिन्छ। जस्तो- १९ औं शताब्दीको युरोपियन कला, औषधि, साहित्य, नाटक आदिमा देखाइने यौनिक क्रियाकलापका सन्दर्भमा काला महिलाहरूलाई अनिवार्य रूपमा प्रस्तुत गरिन्थ्यो। यसरी जातीय 'अन्यता' महिला यौनिकता निर्माणको एउटा साधन बन्दथ्यो। नयाँ उपनिवेशको स्थापना गर्ने क्रममा महिलाको शरीरलाई सिधै यौनिकताका सन्दर्भमा नभएर अर्कै किसिमको प्रभुत्व लाद्ने सन्दर्भमा प्रयोग गरिन्थ्यो। नयाँ उपनिवेशमा बसोबास गर्न गएका गोराहरूको जनसङ्ख्या वृद्धि गर्ने किसिमले पुनर्उत्पादनका सन्दर्भमा स्थानीय महिलाहरूको उपयोग 'साम्राज्यको गर्भाशय' का रूपमा गरिन्थ्यो (एसक्राफ्ट र अन्य, सन् २००४ : १०४)।

उपर्युक्त अध्ययनबाट पूर्वऔपनिवेशिक परिवेशमा दमित महिलाहरू औपनिवेशिक परिवेशमा अझै बढी दमनमा परेका हुन्छन् भन्ने कुराको पुष्टि भएको छ। अघिल्लो समयमा पितृसत्ताले एक्लै दमन गरेको हुन्थ्यो भने पछिल्लो समयमा महिला माथिको उत्पीडनका क्रममा पितृसत्तासँग

पुँजीवादी शक्तिसमेत मिसिन पुग्छ। औपनिवेशिकताको दमनमा परेका आम जनसमुदायको अनुभूतिसँग महिलाको अनुभूति पनि मिल्न जाने भएकाले एकातिर उनीहरू उपनिवेशवादविरोधी हुन्छन् भने अर्कातिर उपनिवेशवादको उच्छेदमा महिलामाथिको दमनको एउटा तह समाप्त हुने भएकाले पनि उनीहरू उपनिवेशवादविरोधी बनेका हुन्छन्। उत्तरउपनिवेशवादी नारीवादले यसै भावनाको प्रतिबिम्बन गर्दछ।

### २.३.४.५ उत्तरनारीवादी धारा

'उत्तरनारीवाद' नारीवाद भन्ने शब्दमाथि प्रहार गर्ने मनसायले प्रचलनमा ल्याइएको लोकप्रिय संस्कृतिका रूपमा देखा परेको छ र सञ्चारमाध्यमले पनि यसलाई निकै प्राथमिकताका साथ अगाडि ल्याउने गरेको छ। यस विषयमा लेखिएका पुस्तकका नाममा उत्तरनारीवाद भन्ने शब्दलाई चाहिँ  एकसरो उद्धरण चिन्हभित्र राखेर विशेष महत्त्वका साथ प्रस्तुत गर्ने गरिएको पाइन्छ। यस शब्दको लक्षित सम्बन्ध उत्तरआधुनिकतावादसँग नजिक देखिन्छ। उत्तरनारीवादी बहसले उत्पीडन, स्वतन्त्रता र जिम्मेवारीजस्ता विषयलाई अझ स्पष्ट पार्दै त्यसलाई निश्चितसमेत गर्दछ (हेउड, सन् २००७ : ९७)।

उत्तरनारीवाद महिलाहरू दमित-उत्पीडित हुन्छन् भन्ने परिभाषाप्रति आलोचनात्मक देखिन्छ। यसले विषमलिङ्गी जैविक सम्बन्धको वकालत गर्दछ र पुरुषका लागि प्रेमी, श्रीमान्, पिता, मित्रका रूपमा स्थान सुरक्षित गरिदिन सक्ने सूत्रको विकास गर्ने कुराको खोजीतर्फ प्रवृत्त देखिन्छ। 'उत्तरनारीवाद' भन्ने शब्द सन् १९८० को प्रारम्भमा पश्चिमी जगत्को सञ्चारमाध्यममा देखा परेको हो र यो वाद नारीवादी आन्दोलनको वैचारिक नियन्त्रणबाट मुक्त रहन प्रयत्नशील देखिएको छ। उत्तरनारीवादी भन्ने सम्बोधनलाई यसका अध्येताहरूले नस्विकारे पनि सञ्चारमाध्यमले तिनलाई जबर्जस्ती ढङ्गले उत्तरनारीवादी भनेर सम्बोधन गर्ने गरेका छन् तर यसरी सम्बोधन गरिएका महिलाहरू स्वयं चाहिँ आफू उक्त स्वभावको नारीवादविरोधी आन्दोलनमा सहभागी नभएको कुरा बताउँछन् (हेउड, सन् २००७ : ९७)।

मानिसहरूमा उत्तरनारीवादका बारेमा भ्रम रहेको छ। सञ्चार माध्यमले जसलाई उत्तरनारीवादीको उपाधि प्रदान गरेको छ उनीहरू स्वयं नै सो शब्दबाट अनभिज्ञ  छन्। उनीहरू आफै आफ्ना लागि सो शब्दको प्रयोग गर्दैनन् र उनीहरूको ऐक्यबद्ध समूह पनि छैन। 'उत्तर' भन्ने उपसर्ग लागेका कारणले उत्तरनारीवादको अर्थ अनिश्चित र भ्रमपूर्ण बन्न पुगेको देखिन्छ। शब्दकोषहरूले 'उत्तर' को अर्थ 'पछि' भनेका छन्, 'अस्वीकार' भनेका छैनन्। धेरै नारीवादीहरूले उत्तरनारीवाद नारीवादी सङ्घर्षको इतिहासप्रति विद्रोही  छ र यसले उक्त सङ्घर्षका प्राप्तिलाई अस्वीकार गर्छ भनेर कडा टिप्पणी गरेका छन्। तानिया मोडेल्स्कीले उत्तरनारीवादले नारीवादको लक्ष्यको अवमूल्यन गर्दै हामीलाई पूर्वनारीवादी संसारतर्फ धकेल्न खोजेको छ भनेर गरेको टिप्पणी उत्तरनारीवाद माथिको आक्रमणको एउटा नमुना नै हो (हेउड, सन् २००७ : ९८)।

उत्तरनारीवादले महिलाहरूलाई पूर्वनारीवादी चरणतर्फ धकेल्न खोजेको भन्ने आलोचना यसका आलोचकहरूबाट निरन्तर आउने गरेको देखिन्छ। सुसन फलुदीले त यसलाई नारीविरोधी

अघोषित युद्धको संज्ञा नै दिँदै यसलाई नारीवादको दोस्रो धारको चरम घातक प्रतिक्रिया मानेकी छन् (हेउड, सन् २००७ : ९८) । सन् १९८० को दशकको मध्यतिर पाका महिलाले भन्दा पनि युवा महिलाहरूले नारीवादी लक्ष्यको समर्थन गरिहेको र अधिकांश महिलाहरूले आफैलाई नारीवादी भनिरहेका बेलामा सञ्चारमाध्यमले 'नारीवाद' सत्तरीको दशकको भएको र उत्तरनारीवाद चाहिँ महिला आन्दोलनलाई एकदमै मन नपराउने सिङ्गो युवा पुस्ता समाहित भएको नयाँ सन्दर्भ हो भनेर घोषणा गरिदियो ।

फलुदीका लागि 'उत्तरनारीवाद' परिवर्तनविरोधी कडा नकारात्मक प्रतिक्रिया र नारीवादी आन्दोलनको कथित बौद्धिक आलोचना हो । सञ्चार माध्यमका प्रभावले समाजका धेरै महिलाहरूले नारीवादलाई महत्त्वहीन ठान्न थाले । महिलाहरूले आफैलाई उत्तरनारीवादी भन्न थाले । महिलाहरू आफूले समान न्याय प्राप्त गरिसकेका कारणले नभएर त्यत्तिकै नारीवादका विपरीत गएका थिए । अधिकांश आलोचकहरूले उत्तरनारीवादको प्रारम्भ सन् १९८० को दशकको मध्यतिर भएको बताए तापनि फलुदी भने यो १९२० मा नै छापामा आइसकेको कुरा बताउँछिन् । उनका विचारमा यो पुरानो सन्दर्भको नयाँ नाम मात्रै हो र उनले यसलाई भेडाको छाला ओढेको ब्वाँसाको संज्ञा दिएकी छन् (हेउड, सन् २००७ : ९८-९९) ।

उत्तरनारीवादको सैद्धान्तिक प्रकृति उत्तरआधुनिकतावाद, उत्तरसंरचनावाद र उत्तरउपनिवेशवादसँग मिल्दछ । उत्तरनारीवादले नारी/नरको द्विचर विभाजनलाई विस्थापन गरी त्यसलाई विविधता र बहुआयामिकता प्रदान गरेको छ । आन ब्रुकले उत्तरनारीवादी विमर्शका निम्ति उत्तरनारीवादीका रूपमा सञ्चारमाध्यममा प्रसिद्ध बनेका महिलाहरूको नभई जुलिया क्रिस्तेवा, हेलेन सिक्सस, लौरा मल्मी र जुडिथ बटलरको नाम लिएकी छन् जसले 'विनिर्माण', 'भिन्नता' र 'पहिचान' को धारणालाई अघि सारेका थिए (हेउड, सन् २००७ : ९९) । उनका अनुसार उत्तरनारीवाद फराकिलो आधार भएको, नारीवादको प्रयोगगत बहुलता भएको हुन्छ र यसले सीमान्तीकृत, प्रवासीयता र औपनिवेशिक संस्कृतिलाई सम्बोधन गर्दछ तथा स्थानीय, आदिबासी र उत्तरऔपनिवेशिक नारीवादलाई वाचाल बनाउने क्षमता राख्दछ तर यी सैद्धान्तिक मान्यताहरू ठोस कार्यमा परिणत हुन भने कठिन देखिन्छ । उत्तरनारीवादीहरूको धारणा नारीवाद प्राज्ञिक विमर्शका रूपमा विकसित भएकाले विश्वविद्यालयबाहिर भने यसको कुनै औचित्य छैन भन्ने देखिन्छ । नाओमी उल्फका विचारमा नारीवाद व्यावसायिक शब्दजञ्जालले भरिएकाले यसको मूल्य 'सुँगुरको बिस्टा' को भन्दा बढी हुँदैन (हेउड, सन् २००७ : ९९-१००) ।

जर्माइन ग्रिरको नारीवादको दोस्रो धारको आधार बनेको **द फिमेल इनुच** भन्ने पुस्तक सन् १९७० मा प्रकाशित भएको थियो । यसैको निरन्तरतास्वरूप **द होल उमन** भन्ने पुस्तक सन् १९९९ मा प्रकाशित भयो जसले उनलाई नारीवादी बहसको केन्द्रमा स्थापित गऱ्यो । उनले आफूले यो पुस्तक उत्तरनारीवादी चिन्तनको विरोधमा लेखेको बताएकी छन् । उनका अनुसार नारीवाद  लामो कपाल, काँधसम्मै पुगेको हल्लने कुण्डल हो भने उत्तरनारीवाद व्यावसायिक सुट, झ्याम्ले कपाल, र लिपस्टिक हो । उनले उत्तरनारीवाद बजारमुखी पद हो भनेकी छन् । विश्वमा सरकारभन्दा बहुराष्ट्रिय कम्पनी शक्तिशाली रहेको र यसले महिलालाई आफ्नो उपनिवेश सम्झने

गरेको खुलासा गरेकी छन् । यसले महिलालाई उनीहरूको व्यक्तित्व विकास, मातृत्व, सौन्दर्य र विशिष्ट यौन जीवनको निश्चितता दिन्छु भन्दै उनीहरूलाई जन्मनिरोधक चक्की, प्यान्ट, जादूपूर्ण पेय, सौन्दर्य-शल्यक्रिया, सौन्दर्य प्रसाधन र तयारी खानेकुराको उपभोक्तामा बदलिदिन्छ (हेउड, सन् २००७ : १००) ।

ग्रिरको उक्त पुस्तकको प्रकाशनले नारीवादको भविष्य समाप्त भएको छैन भन्ने कुरा स्पष्ट पार्दछ । नारीवादको दोस्रो धार मरेको छैन र उत्तरनारीवाद कल्पनै गर्न नसकिने दूरीमा अवस्थित छ भन्ने उनको आग्रह देखिन्छ । अरू विचारधाराजस्तै नारीवाद पनि संसार बदल्नका लागि हो र यसले युवा महिलालाई सम्बोधन नगर्ने जुन गल्ती गरेको छ त्यो सच्याइहाल्नु पर्दछ । उत्तरनारीवाद भने सधैं सञ्चारमुखी आन्दोलनका रूपमा सीमित रहेको छ र यसले कुनै पनि समाधान दिन सक्तैन ।

नारीवादले आफूलाई समय अनुसार परिवर्तन गर्ने बाटो फेला पारेको छ । २० देखि ३० वर्षको उमेर समूहका नारीवादी महिलाहरूले आफू 'तेस्रो धार' को भएको बताउँदै आफैलाई उत्तरनारीवादबाट अलग राखेका छन् । यस 'तेस्रो धार' मा निरन्तरता र परिवर्तन-दुईवटा कुरा जुम्ल्याहाजस्ता भएर सँगसँगै आएका छन् । यो तेस्रो धार रेवेका वाकरका नेतृत्वमा अमेरिकामा उब्जिएको हो । नारीवादको दोस्रो र तेस्रोधारका बिचको भिन्नता के हो भने तेस्रो धार बहुलतालाई स्वीकार्ने भएकाले विरोधाभासलाई सजिलोसँग ग्रहण गर्छ । नारीवादी दृष्टिकोणहरू एक आपसमा ठोक्किने पनि गर्दछन् जसको कारणले नारीवाद आफ्नो पृथक् स्वरूप अनुसार फरक-फरक नामले चिनिन्छ तर नामको यो भिन्नता 'उत्तरनारीवाद' होइन ।

उपर्युक्त अध्ययनबाट 'उत्तरनारीवाद' नारीवादको निरन्तरता नभएर नारीवाद विरोधी धार चाहिँ हो भन्ने तथ्य पुष्टि हुन्छ । यसलाई महिलाहरू स्वयंले भन्दा पनि सञ्चारमाध्यमले बढी प्रचार गरेर चर्चित बनाएको र संसारमा विद्यमान नारीवादी आन्दोलनको उच्छेदका मनसायले 'उत्तरनारीवाद' भन्ने नाम दिनेलगायतका काम गरेका छन् । यसैको परिणामस्वरूप नारीवादी आन्दोलनलाई टुक्रिन नदिनका निम्ति नारीवादी तेस्रो धारको उद्भव भएको देखिन्छ ।

### २.३.४.६ **नारीवादी तेस्रो धार**

नारीवादको तेस्रो धार हाल विकसित हुँदै गरेको सैद्धान्तिक दृष्टिकोण हो र यो नारीवादको दोस्रो धारसँगको विच्छेद र निरन्तरता दुवै हो । यो तेस्रो धार यौन, यौनिकता र लैङ्गिकताका सन्दर्भमा क्रियाशील हुने हुनाले उत्तरआधुनिक नारीवादको नजिक छ । यसमा बहुसंस्कृति र पुरुषसमेत समावेश हुने भएकाले यसले बहुसंस्कृति/बहुजातीय नारीवादका साथै पुरुषको नारीवादी अध्ययनसमेत गर्दछ । आमूल नारीवादका सन्दर्भमा भने यो विमत देखिन्छ । यो महिला उत्पीडित, पराजित हुन्छन् भन्ने कुरा र विषमलिङ्गी सम्बन्धलाई खतरनाक मान्ने दृष्टिकोणसँग असहमत देखिन्छ । यसले मातृत्वलाई महत्त्व दिँदैन र सेवा, सहानुभूति र हेरचाहजस्ता नारी गुण मानिएका कुरालाई पनि स्विकार्दैन । बरू यसको सट्टा यो तेस्रो धार महिलाको सङ्गठनलाई महत्त्व दिन्छ र महिला यौनिकतालाई शक्तिका रूपमा लिन्छ । नारीवादको तेस्रो धारका नारीवादी छोरी र

नातिनीहरू आफूलाई समान रूपमा महिलाका स्वरूपमा मात्र नहेरी **सेक्सी गर्ल्स, स्ट्रङ् ब्ल्याक उमन** र **क्वेर डाइक्स**का रूपमा परिचित गराउँछन् । उनीहरू आफ्नो हेराइ आफै निश्चित गर्न चाहन्छन् । उनीहरू विषमलैङ्गिकतालाई आफ्नो स्वतन्त्रतामाथिको बन्देज मान्दैनन् र द्विलिङ्गीयताको परीक्षण गर्दछन् । उनीहरू नारीवादी दिदीबहिनीको खोजी नगरी 'नियन्त्रणविहीन युवती' र 'लडाकु युवतीहरू' को कुनै ठोस विचारसँग आबद्ध नभएका अर्थात् तरल समूहको निर्माण गर्छन् जो हिपहप ब्याण्ड र कलासर्जक हुने गर्छन्  (लर्बर, सन् २००५ : २८०) ।

जातीय/जनजातीय, यौनिक र लैङ्गिक पहिचान जटिल तथा व्यक्तिगत हुने गर्छ । समान सोच राख्ने समूहका लागि कोही पनि बोल्न चाहँदैन । सक्रिय राजनीतिमा तेस्रो धारका नारीवादीहरू अरू महिलाप्रतिकै जस्तो सोच पुरुषप्रति पनि राख्ने गर्छन् । अबका नारी समलिङ्गीहरू एक्ला नभएर पुरुष समलिङ्गीसँगै मिलेर समलिङ्गीप्रतिको भय र एड्स रोगसँग लड्दछन् । त्यस्तै कालाहरू जातिवादका विरुद्ध लड्दछन् भने तेस्रो धारका दिदीबहिनीहरू, छोरीहरू र साथीहरू चाहिँ कालाहरूसँग यौनिकताका बारेमा लड्दछन् ।

थोमस सर्वोच्च अदालतमा सन् १९९१ मा काला महिला र पुरुषका बिचमा भएको यौनजन्य सताइका विरुद्ध एक आपसमा सार्वजनिक रूपमा गरिएको साह्रै नमिठो लडाईंको सुनुवाइ भएको थियो । यस लडाइँमा सामेल युवतीको नाम अनिता हिल थियो । सन् १९९२ मा रेबेका वाकरले यसै सम्बन्धमा 'तेस्रो धार बन्ने क्रम' शीर्षकमा एउटा लेख लेखिन् । जो सार्वजनिक रूपमा परिचित छन् र नारीवादीले जसरी नै लेख्छन् ती आफ्ना अफ्रिकाली अमेरिकी हजुरआमाहरू अनि जो जातीय उत्पीडनका विरुद्ध सङ्घर्ष गर्छन्, आफ्ना बच्चाहरू हुर्काउँछन् तर आफूलाई नारीवादी भन्दैनन् , ती दुवैथरीका नाममा नारीवादको दावी गर्न गरिएको आह्वान नै काला महिलाहरूको तेस्रो धार हो । रेबेका वाकरले अरू नारीसँग मिलेर सन् १९९२ मा नै नारीवादी तेस्रो धारको संस्था नै स्थापना गरिन् । यसको पाँच वर्षअगाडि डेबोरा रोजेनफेल्ट र जुडिथ स्टेन्सीले संयुक्त रूपमा लेखेको निबन्धमा 'तेस्रो धार' भन्ने शब्दको प्रयोग गरेको देखिन्छ । सन् १९९१ मा नाओमी उल्फले २० वर्षका सेरोफेरोका महिलाका निम्ति  'नारीवादी तेस्रो धार' भन्ने पदावलीको प्रयोग गरिन् (हेउड, सन् २००७ : १२१-१२२) ।

गोरा युवा महिला नारीवादीहरूले त्यसै गरी दोस्रो धारसँगको आफ्नो विच्छेदको घोषणा गरे । उनीहरूले नारीवादलाई आफ्नो विशिष्ट पहिचानका रूपमा लिन चाहेनन् । उनीहरू आफ्ना नारीवादी मातापिता र महिलाको सार्वजनिक आबद्धतालाई स्पष्टसँग देख्दै हुर्किए । उनीहरू नारीवादी सिद्धान्तसँग र महिला अध्ययनको अनुसन्धानसँग चिरपरिचित थिए । आफ्नो इच्छा भएमा त उनीहरू नारीवादलाई ग्रहण गर्न सक्थे तर उनीहरू आफैले नै आफ्ना आमाहरूको नारीवाद चाहेनन् ।

तेस्रो धारका गोरा नारीवादीहरू आफ्ना नारीवादी आमा-हजुरआमाहरूको भन्दा फरक पहिचान बनाउन चाहन्छन् र आफ्नै राजनीतिक लक्ष्य प्राप्त गर्न चाहन्छन् । उनीहरूले चयन गरेको  त्यस्तो बेग्लै पहिचान भनेको केटौली कपडामा रमाइलो  लिनु, आफ्ना नारीवादी

आमाहरूको मन कुँड्याउनु, विशिष्ट किसिमले कपाल काट्नु र रङ्गाउनु आदि हुन्। विषमलैङ्गिकतासँग उनीहरू तर्सँदैनन् र द्विलिङ्गी सम्बन्ध राख्छन् तथा यौनसाथी बनाउँछन्। नारी समलिङ्गीहरूलाई साथी बनाउँछन्। यसरी उनीहरू यौनिक खुलापनका साथ **गर्ली कल्चर** निर्माण गर्छन्।

तेस्रो धारका काला र गोरा नारीवादी बचेखुचेको यौनवाद, यौनिक हैरानी र पितृसत्तात्मक अवसरको पर्वाह गर्दैनन्। उनीहरूको लडाइँ पुनर्उत्पादनको चयन माथिको प्रतिबन्ध, एड्स, जातिवाद, समलैङ्गिकताप्रतिको भय र आर्थिक असमानतासँग सम्बन्धित हुन्छ। उनीहरू आफ्नो विद्रोही पहिचान प्रदर्शन गर्नका निम्ति लोकप्रिय संस्कृति ग्रहण गर्छन्, खासगरी हिपहप र रक सङ्गीत मन पराउँछन्।

नारीवादी तेस्रो धारका गोरा छोरीहरूका लागि नारीवादको दोस्रो धार अनाकर्षक, पुरानो र नैतिकवादी आमा हो। नारीवादी तेस्रो धार दोस्रो धारको आडम्बरी यौनिकताका विरोधमा उभिएको छ। विषमलैङ्गिकताको अस्वीकारको अतिशयोक्तिपूर्णताले तेस्रो धारको प्रतिपक्षमा इन्धन हाल्ने काम गरेको छ। आधुनिक नारीवादका स्रष्टा आमाहरूबाट स्वतन्त्रता हासिल गर्ने तिर्खा उनीहरूमा देखिन्छ (लर्बर, सन् २००५ : २८१)। तेस्रो धारका नारीवादीहरू नारीवादको तेस्रो धारलाई आमा-हजुरआमाको त परै जाओस्, दिदीबहिनीको समेत मान्न तयार छैनन्। यस धारलाई छोरी-नातिनीहरूको वा युवा महिलाको नारीवाद भनेर चिनिन्छ जसभित्र २० देखि ३०-३५ उमेर समूहका महिला पर्दछन्। यस तर्कले 'त्यसो भए ३५ वर्ष नाघेपछि ती नारीवादीहरू स्वतः दोस्रो धारका नारीवादी हुनपुग्छन् त ?' भन्ने जिज्ञासा भने उब्जाएरै छाड्छ र यो तर्क यस धारको सीमा पनि हो। यसैले नारीवादको यो तेस्रो धारलाई उमेर समूहका आधारमा छुट्याउनु निरर्थक प्रयत्न हो।

नारीवादीहरूका बिचमा पुस्तागत अन्तरविरोध कायम छ। दोस्रो धारका नारीवादीहरूले तेस्रो धारकालाई भौतिक यथार्थसँगभन्दा पनि काल्पनिकतासँग बढी सरोकार राख्ने भनेका छन्। त्यस्तै तेस्रो धारका नारीवादीले दोस्रो धारकाले लैङ्गिकतालाई अति महत्त्व दिई त्यसको विविधताको वास्ता नगरेको भन्ने आरोप लगाएका छन्। यी दुईवटा धारका बिचमा बेमेलभन्दा पनि निरन्तरताको सम्बन्ध बढी छ। तेस्रो धारले एउटै कुरामा भएका दुई विपरीत गुण, अस्वीकृति, गुणात्मकता र लथालिङ्गेपनालाई बढी जोड दिने कारणले यो दोस्रो धारभन्दा फरक देखिन्छ। तेस्रो धारका नारीवादीहरू स्वयं नै बहुजातीय, बहुजनजातीय र बहुविषयी हुन्छन् (हेउड, सन् २००७ : १०९)। नारीवादको तेस्रो धारको राजनीतिले समानता र भिन्नता दुवै कुरालाई उत्तिकै स्थान दिन्छ।

लिसा अलब्रेचले प्रयोग गरेको 'तेस्रो धार' ले काला महिलाले गोरा महिलालाई दिएको चुनौती बुझाउँछ र जातिवादलाई दोस्रो धारकै निरन्तरताका रूपमा प्रयोग गर्दै त्यसलाई समकालीन सन्दर्भमा ढाल्ने काम भएको छ। सन् १९९० को दशकको मध्यदेखि अन्त्यसम्म 'तेस्रो धार' युवा नारीवादीको सूचकका रूपमा देखिन थालेको थियो र यसले सन् १९७० को दशकको

दोस्रो धारका नारीवादीसँगको पुस्तागत भिन्नता पनि इङ्गित गर्दथ्यो। अर्थात्, दोस्रो धारका नारीवादीलाई तेस्रो धारका नारीवादीको आमा पुस्ताका रूपमा लिने गरिएको छ। दोस्रो र तेस्रो धारका नारीवादीको यो काल्पनिक पारिवारिक संरचनामा सन् १९७० को दशकको अन्त्यदेखि १९८० को दशकसम्म देखा परेको उत्तरनारीवादी धाराको भने कतै पनि उपस्थिति देखिँदैन। नारीवाद, नारीवादी पुस्ता र नारीवादी धारका बारेमा चर्चापरिचर्चा गरिरहँदा उत्तरनारीवादी पुस्ता कतै खण्डहरमा विलुप्त भएको छ तथा यसो हुनु कुनै दुर्घटना भने होइन। यो पुस्ता नारीवादी वंशवृक्षको हाँगो हुन सक्तैन।

नारीवादको तेस्रो धारलाई 'आन्दोलनविनाको चिन्तन' भनिन्छ। एड्नी के गरिसनका अनुसार तेस्रो धारमा नारीवादीहरूको सामूहिक चेतनाको प्रयोग राष्ट्रियकरण र व्यापक रूपमा परिचालित सामाजिक आन्दोलनको प्रस्तुतिका निम्ति नभएर एउटा लक्ष्य वा पहिचानका निम्ति मात्रै हुने गर्दछ। नारीवादको यो तेस्रो धार सामाजिक न्यायका निम्तिको व्यापक आन्दोलन नभएर पाठपरक र सांस्कृतिक उत्पादन, स्थानीय स्तरको आन्दोलन र खास किसिमको नारीवादी चेतना हो (हेउड, सन् २००७ : १२८)।

तेस्रो धारका नारीवादीका लागि नारीवाद जन्मसिद्ध अधिकारको कुरा हो जसले गर्दा उनीहरूको आमासँगको बन्धन बलियो हुन्छ र व्यक्तिगतताको सिर्जना असम्भव हुनजान्छ। यही कारणले गर्दा छोरीद्वारा आमा बहिष्कृत हुन्छे। 'मातृभय' भन्ने शब्दलाई परिभाषित गर्दै एड्रिन रिच लेख्छिन् "आफै पूर्ण र स्वतन्त्र व्यक्ति हुन तथा सबै मातृबन्धनबाट अलग हुन महिलाजन्य विभाजन हुने गर्छ" (हेउड, सन् २००७ : १३०)। आफ्नी आमा र उनको नारीवादद्वारा परिचित हुने मातृभयले आमाबाट टाढा हुने विद्रोह जाग्दछ भन्ने डेनफिल्डको धारणा छ (हेउड, सन् २००७ : १३०)।

तेस्रो धारका थुप्रै व्यक्तिले व्यक्तिवादितामाथि विशेष प्रकाश पारेका छन्। यो व्यक्तिवादिता 'नारीवादी' र 'महिला' भन्ने पदका माध्यमले प्रस्तुत सामूहिक पहिचानका विपक्षमा छ। उपर्युक्त दुईवटा पदद्वारा आफ्नो पहिचान प्राप्त नगर्ने चाहनाले उनीहरूको वास्तविक र बिम्बात्मक दुवै आमाहरूबाट छुट्टिने आकाङ्क्षालाई प्रस्तुत गर्दछ। नाओमी उल्फका अनुसार यस आकाङ्क्षाले सामूहिक पहिचानभित्र आफ्नो स्वरलाई हराउनुभन्दा आफ्नो छुट्टै व्यक्तिगत स्वरको दाबी गर्ने कुरालाई अगाडि सार्दछ। जीवनमा केही प्राप्त गर्नका लागि मानिसले आफ्नै पहिचान, आफूमाथिको स्वशासन प्राप्त गर्नुपर्छ समूहमा विलुप्त हुनुहुँदैन र स्वतन्त्र हुनुपर्छ भन्ने धारणा उल्फले अगाडि सारेकी छन् (हेउड, सन् २००७ : १३०)। व्यक्तीकरणको यस प्रक्रियामा युवतीहरू आफ्ना आमाबाट छुट्टिनै पर्छ तर उनीहरूका बिचको लैङ्गिक पहिचानका कारणले यो प्रक्रिया बढी कठिन, अलमलमा पार्ने र अधुरो हुनजान्छ। आमा र छोरीका बिचमा विभाजन ल्याउन नसक्ता महिलाहरूलाई नातागत पहिचान मात्र प्राप्त हुन सक्छ।

तेस्रो धारका नारीवादीहरू नारीवादलाई आफू एक्लैका लागि अर्थ्याउँछन्। सन् १९९२ मा रेवेका वाकरले तेस्रो धारको पहिलो औपचारिक घोषणा गर्दा 'म तेस्रो धार हुँ' भन्दै सामूहिक

नभएर व्यक्तिगत सन्दर्भलाई अगाडि सारेकी छन्। यस अभिव्यक्तिमा 'हामी' नभएर 'म' को प्रस्तुति भएको छ र यही प्रारम्भिक अभिव्यक्ति नै तेस्रो धारको सन्दर्भको साझा सार बनेको छ। वाकरको निबन्धले अरू महिलाका बारेमा बोल्ने प्रयत्न गरेको छैन। उनले आफ्नो जीवन नारीवादका लागि समर्पण गर्ने आफ्नै इच्छा र आफ्नै बारेमा उक्त निबन्ध लेखेकी छन्। नारीवादको दोस्रो धारसँग तेस्रो धारले जतिसुकै विच्छेदको कुरा गरे तापनि पहिचान राजनीतिको कुरा त्यहींबाट ग्रहण गरेको हो। दोस्रो धारमा पहिचान राजनीति समूहसँग जोडिन्थ्यो भने तेस्रो धारमा यो व्यक्तिसँग सीमित भएको छ। यसैले उनीहरूलाई अरूका बारेमा बोल्ने छुट छैन। यही व्यक्तिवादको सिद्धान्तका कारणले नारीवाद एउटा-एउटा विषय र चयनमा सीमित बनेको छ। तेस्रो धारले राजनीतिक, सामाजिक नभएर व्यक्तिगत परिवर्तनको मात्र प्रतिनिधित्व गर्दछ। यसरी नारीवाद चयनका निम्तिको व्यक्तिगत सशक्तीकरणको सिद्धान्त बनेको छ तर यसलाई त्यो चयन जे जस्तो होस् मतलव हुँदैन (लर्बर, सन् २००५ : २८५)। तेस्रो धारले यदि नारीवाद एउटा परिवार हो भने त्यहाँ अनुपस्थित पितालाई नबिर्सनु पनि बुद्धिमानी हो भनेको छ (लर्बर, सन् २००५ : २८६)।

नारीवादको तेस्रो धार सन् १९९० को दशकको प्रारम्भमै देखा परेको युवा नारीवादीहरूको आन्दोलन हो। काला नारीवादीहरूका लागि यो आफ्ना आमाहरूको बगैंचाका पछाडि बसेर नारीवादलाई एउटा आकार दिने खोज हो। तेस्रो धारका काला नारीवादीहरू नारीवादलाई प्राज्ञिकताबाट बाहिर निकाल्न चाहन्छन्। काला पुरुषको यौनिकतालाई वास्ता गर्दागर्दै पनि काला नारीवादीहरू उनीहरूलाई जातिवाद, एड्स र गरिबीका विरुद्ध सङ्घर्ष गर्न साथमा लिन्छन्। तेस्रो धारका काला नारीवादीहरू आफूलाई आर्थिक एवं जातीय/जनजातीय अवसरहीनताका बाबजुद पनि आफ्नो जीवन चलाउन र आफ्ना केटाकेटीको लालनपालन गर्न सक्षम आफ्ना शक्तिशाली हजुरआमाहरूकै परम्परालाई निरन्तरता दिने अभियन्ताका रूपमा लिन्छन्। यी हजुरआमाहरूले आफूलाई नारीवादी नभने तापनि उनीहरूका वास्तविक र भावनात्मक छोरीहरूका लागि उनीहरू साँचा नारीवादी हुन्। काला युवा महिलाहरूले आफ्ना हजुरआमाहरूलाई आफ्नो आर्थिक, जातीय/जनजातीय र लैङ्गिक समानतासम्बन्धी लडाइँमार्फत दिएको निरन्तरतालाई नारीवादको तेस्रो धारको संज्ञा दिएका छन्। अझ पछि गएर यिनीहरूले नारीवादमा लागिरहनका लागि नवयुवतीहरूका लागि काला हिपहप र रक संस्कृतिलाई अङ्गीकार गरेका छन् (लर्बर, सन् २००५ : २९८)।

गोरा महिलाहरूको नारीवादको तेस्रो धार नारीवादको दोस्रो धारपछाडि र त्यसका विरुद्ध उपस्थित भएको छ। आफ्ना आमा हजुरआमाहरूप्रति यौनिकताप्रति विशुद्धतावादी भएको, विषमलिङ्गी सम्बन्धलाई अस्वीकार गरेको, महिलालाई पुरुष र पितृसत्ताद्वारा उत्पीडित स्वरूपमा चित्रण गरेको आरोप लगाउँदै तेस्रो धारका युवा महिलाहरू उनीहरूप्रति आलोचक देखिएका छन्। उनीहरू नारीवादसँगै हुर्किए र उनीहरूले महिला अध्ययनको पाठ्यक्रममार्फत शब्दजन्य नारीवादी पाठको ज्ञान हासिल गरे। उनीहरूको नारीवादको स्वरूप यौनिक ढङ्गले साहसिक, महिलापुरुष दुवैप्रति आकर्षित हुने र दुवै लिङ्गलाई समेट्ने किसिमको रहेको छ। सङ्गीत, कला, पोसाक र

सौन्दर्य प्रसाधनहरू 'नवयुवतीको सामर्थ्य' का साधनमा परिणत भएका छन् जसमार्फत तेस्रो धारका नारीवादीहरूले **गर्ली कल्चर** (Girli culture )को निर्माण गरेका छन् (लर्बर, सन् २००५ : २९८) ।

तेस्रो धारका थुप्रै काला र गोरा नारीवादीहरू पुनर्उत्पादनको अधिकार, शान्ति र भौगोलिक-आर्थिक समानताका लागि आफ्ना आमाहरूका अतिरिक्त आफ्नै बाबु र दाजुभाइहरू समेत भएर जुलुसमा निस्कन्छन् तर उनीहरूको जीवनशैली र राजनीतिक विचार जातीय/जनजातीय, यौनिक र लैङ्गिक पहिचानका कारणले जटिल रहेको छ (लर्बर, सन् २००५ : २९८) ।

नारीवादको सबभन्दा पछिल्लो आन्दोलन यसको तेस्रो धार हो र अब आएर नारीवादको चौथो धारको प्रारम्भको लक्षण पनि देखिन थालेको छ । २१ औं शताब्दीको यो नारीवाद विविधतामा आधारित हुने देखिन्छ र यसले आर्थिक, राजनीतिक, सांस्कृतिक ढङ्गले उत्पीडित महिला पुरुष दुवैलाई समेट्नेछ । यति भएर पनि यसको प्राथमिक पहिचान भने लैङ्गिक नै हुनेछ ।

यहाँ मूलधारा, सहायक धारा र अन्य धाराअन्तर्गत वर्गीकरण गरेर अध्ययन गरिएका दर्जनभन्दा बढी नारीवादका अतिरिक्त **इकोलजिकल फेमिनिजम**, **स्टान्डपोइन्ट फेमिनिजम**, **अनार्का फेमिनिजम**, **फेनोमेनोलजिकल फेमिनिजम** जस्ता नारीवादका स्वरूप पनि देख्न पाइन्छ तापनि तिनीहरूलाई अधिकांशतः विभिन्न स्वरूपमा उपर्युक्त सन्दर्भमा उल्लेख भएका नारीवादका प्रकारभित्र पाउन सकिन्छ । त्यसैले नारीवादका यी थप प्रकारहरूको अध्ययनलाई यहाँ प्रस्तुत गर्न आवश्यक ठानिएको छैन ।

## २.४ उपन्यासविश्लेषणका प्रतिमान

नारीवाद भनेको नारीलाई केन्द्रमा राखेर गरिने चिन्तन हो । यो चिन्तन आन्दोलन र लेखन दुवैतर्फ भेटिन्छ । लेखनका फाँटमा देखिने यो चिन्तन साहित्यिक र गैरसाहित्यिक दुवै क्षेत्रमा उत्तिकै सक्रिय रहेको छ । उक्त दुवै फाँटमा रहेको चिन्तनको विश्लेषण गर्ने फरकफरक प्रतिमानहरू रहेका हुन्छन् । अरू फाँटका प्रतिमानहरूको प्रयोग गरेर साहित्यको नारीवादी विश्लेषण गर्न सम्भव छैन । साहित्यभित्र पनि विधागत स्वरूपका आधारमा फरकफरक प्रतिमानहरूको प्रयोग गरेर नारीवादी चेतनाको स्थिति पहिल्याउनु पर्ने हुन्छ । प्रस्तुत शोधप्रबन्ध साहित्यको उपन्यास विधाका आधारमा तयार गरिएकाले यहाँ उपन्यास विधामा नारीवादी चेतनाको विश्लेषण गर्न सकिने प्रतिमानहरूलाई प्रस्तुत गरिएको छ ।

नारीवादी चिन्तनको प्रादुर्भाव पाश्चात्य जगत्मा नै भएकाले त्यहाँका नारीवादी आन्दोलन, नारीवादी सिर्जनप्रक्रिया र नारीवादी समालोचनाको अध्ययनको निचोडस्वरूप यी प्रतिमानहरूको निर्माण गरिएको छ । निम्नलिखित प्रतिमानहरूको प्रयोग गरी उपन्यासको विश्लेषण गरिसकेपछि निष्कर्षस्वरूप ती कृतिमा विद्यमान नारीवादी चेतनाको स्वरूप पहिल्याउन सकिन्छ । औपन्यासिक विधागत तत्त्व र समाजशास्त्रीय तत्त्वहरूको संयोजनका आधारमा आधुनिक नेपाली उपन्यासमा

अभिव्यक्त नारीचेत तथा नारीवादका विश्लेषणका निम्ति निम्नलिखित प्रतिमानहरू उपन्यास विशेषको अपेक्षाअनुसार (थपघटसहित) उपयोग गरिनेछन् ।

### २.४.१ **पृष्ठभूमि**

यसअन्तर्गत सम्बन्धित उपन्यासकारका सम्पूर्ण उपन्यासको नारीप्रस्तुति सम्बन्धी परिचय दिंदै नारीवादी चिन्तनका कोणबाट सर्वोत्कृष्ट ठहरिएको उपन्यासको सर्वोत्कृष्टतालाई प्रमाणित गर्ने आधारहरू प्रस्तुत गरिन्छ ।

### २.४.२ **शीर्षक**

नारीवादी चेतना भएका उपन्यासहरू मूलतः नारीकेन्द्री नै रहेका हुन्छन् र सो कुरा अभिधार्थमा वा प्रतीकात्मकतामा या दुवै अर्थमा शीर्षकमा प्रकट भएको हुन्छ। यसकारण सम्बन्धित उपन्यासको नारीवादी प्रवृत्तिको निर्क्यौल गर्नका निम्ति त्यसको शीर्षकबाट नै विश्लेषण प्रारम्भ गरिनुपर्छ ।

### २.४.३ **औपन्यासिक सामाजिक परिवेश र नारी सन्दर्भ**

नारीवादी चेतना पहिल्याउनका निम्ति सर्वप्रथम सम्बन्धित उपन्यासमा प्रस्तुत भएको सामाजिक परिवेश र त्यस परिवेशको नारी जगत्को स्थितिको समग्र परिचय प्राप्त गर्नु जरुरी हुन्छ। स्थान, काल र वर्गपिच्छे सो चेतनाको स्वरूप फरक हुने भएकाले स्थानगत, कालगत र वर्गगत सामाजिक परिवेशको सूक्ष्म विश्लेषण गरिसकेपछि मात्र विश्लेषणका अन्य सन्दर्भतर्फ प्रवृत्त हुनुपर्दछ ।

### २.४.४ **मूल नारी समस्या**

नारीवादी समालोचना सम्बन्धित कृतिमा 'के छ ?' भन्दा पनि 'के छैन ?' भन्ने कुराको अध्ययन गरेर अगाडि बढ्ने भएकाले उपन्यासमा प्रस्तुत भएका नारी चरित्रले बेहोर्नुपरेका नकारात्मक पक्ष र गर्नुपरेका सङ्घर्षको सूक्ष्म विश्लेषण गर्नुपर्ने हुन्छ। ती नकारात्मक पक्ष भनेका नारी समस्या हुन्। पितृसत्तात्मक समाजमा नारी समस्याहरू असीमित हुन्छन्। उपन्यासमा आएका सानातिना सबै नारी समस्याको विश्लेषण गरेर साध्य नहुने हुनाले ती नारी चरित्रका मूल समस्या पहिल्याई तिनको विश्लेषण गरेर नारीवादी चेतनाको स्वरूप इङ्गित गर्न सकिन्छ। लैङ्गिक विषमताले युक्त समाजमा नारीका जीवनका हरेक पक्ष समस्यायुक्त हुन्छन्। गर्भमा लिङ्ग खुट्टिएदेखि नमरेसम्म महिलाको जीवन समस्यैसमस्याले पुरिएको हुन्छ। यीमध्ये सम्बन्धित उपन्यासका प्रमुख नारी चरित्रका व्यक्तित्वमा विशेष प्रभाव पार्ने र तिनका जीवनमा मोड नै उपस्थित गराउने विशिष्ट समस्याको मात्र चयन गरी तिनको विश्लेषण गर्नुपर्दछ। त्यस्ता समस्या व्यक्तिगत-सामूहिक, पारिवारिक-सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, मनोवैज्ञानिक आदि अनेक किसिमका हुन्छन् ।

### २.४.५ परिणति र सन्देश

नारीवादी कोणबाट सम्बन्धित उपन्यासका प्रमुख नारी चरित्रले जीवनका समस्याहरूसँग जुध्ने क्रममा साहस प्रदर्शन गरेर स्वाभिमानपूर्वक मृत्यु नै वरण गरेका छन् भने पनि त्यसलाई सकारात्मक मानिन्छ तर लाचारीपूर्वक सतही विजय हासिल गरेको देखाइएको छ भने त्यसलाई नकारात्मक मानिन्छ। यसैले उपन्यास नारीवादी हुन सकेको छ कि छैन भन्ने कुरा महिलासङ्घर्षको स्वरूपले निर्धारण गर्दछ। सङ्घर्षको स्वरूपअनुसार नै औपन्यासिक परिणति निर्धारित हुन्छ र त्यही परिणतिबाट उपन्यासले दिन खोजेको सन्देश प्रकट हुन्छ। उपन्यासको पात्रसम्बन्धी चिन्तन त्यहाँ देखाइएको परिणति र परिणतिमार्फत प्रकट भएको सन्देशबाट पहिल्याउन सकिन्छ। यी दुई बुँदाको अध्ययन गरिसकेपछि उपन्यास नारीविरोधी हो कि नारीपक्षीय हो भन्ने कुरा स्पष्ट हुन्छ। नारीविरोधी उपन्यास पुरुषवादी रहेको हुन्छ र नारीपक्षीय उपन्यास चाहिं नारीवादी हुन सक्ने सम्भावना हुन्छ।

### २.४.६ प्रमुख नारी चरित्र

उपन्यासको नारीवादी विश्लेषणका निम्ति त्यसका प्रमुख नारी चरित्रको टिपोट गरी तिनको उमेर, शिक्षा, संसार (घरभित्र-घरबाहिर), आत्मनिर्भर-परनिर्भर, साहसी-लाछी, सचेत-असचेत, स्थिर-अस्थिर आदि सन्दर्भका आधारमा ती चरित्रको सूक्ष्म विश्लेषण गरिनुपर्छ।

### २.४.७ नारी–नारीका बिचको स्थिति

मानिस-मानिसका बिचको सम्बन्धको स्थिति या त सुखद् हुन्छ या त दुखद्। नारी-नारीका बिचको सम्बन्धको स्वरूप पनि उपर्युक्त दुईमध्ये कुनै एक किसिमको वा तटस्थ किसिमको हुने गर्छ। व्यक्तिचरित्रमा निहित चेतनाको स्थितिले पनि आपसी सम्बन्धलाई प्रभावित पारिराखेको हुन्छ। समाजको पितृसत्तात्मक संरचनाका कारणले नारीहरूमा अस्मिताचेत जाग्न नसकेका परिस्थितिमा नारी-नारीका बिचको आपसी सम्बन्ध अधिकांशतः कटु रहने गर्छ। यस कुराको निर्धारण एकातिर ती चरित्रको स्वभावका कारणले र अर्कातिर पारिवारिक-सामाजिक संरचनाका कारणले गरेको हुन्छ। नारीनारीका बिचमा सहकार्यमूलक सम्बन्ध रहेका उपन्यास नारीवादी चेतनाको निकट पुगेको हुन्छ वा त्यहाँ पूर्णरूपमा नारीवादी चेतना नै प्रकट भएको हुन्छ। यस कुराको विश्लेषणका निम्ति नारीनारीका बिचको व्यक्तिगत-सामूहिक एवं पारिवारिक-सामाजिक गरी दुवैथरि सम्बन्धको स्वरूपलाई आधार बनाउन सकिन्छ।

### २.४.८ नारीप्रतिको पुरुषको दृष्टिकोण

पुरुषको नारीप्रतिको दृष्टिकोणमार्फत उपन्यासमा प्रस्तुत चिन्तन नारीवादी या पुरुषवादी के कस्तो छ भनेर पत्ता लगाउन सकिन्छ। पितृसत्तात्मक मूल्यमान्यताको अनुसरण गर्ने पुरुषको नारीप्रतिको दृष्टिकोण कहिल्यै पनि सकारात्मक रहेको हुँदैन। उनीहरू नारीप्रति सहकार्य वा सहधर्मिताको चिन्तन र व्यवहार प्रदर्शन गर्न सक्तैनन्। बरु उल्टै उनीहरूको सो दृष्टिकोण

नारीप्रतिको हेपाहा दृष्टिकोणको परिपोषक र विद्वेषमूलक रहेको हुन्छ। पितृसत्तात्मक अहङ्कारले ग्रसित पुरुष चरित्रका चिन्तनमा नारीपक्षीय चेतनाले चिहाउनसम्म पाएको हुँदैन। नारीप्रति सकारात्मक दृष्टिकोण राख्ने औपन्यासिक पुरुष पात्रहरूलाई नारीपक्षधर मान्नुपर्दछ र त्यस्तै पात्र भएका उपन्यासमा नै नारीवादी चेतनाले प्रकट हुने अवसर पाएको हुन्छ।

### २.४.९ पुरुषप्रतिको नारीको दृष्टिकोण

उपन्यासमा नारी चरित्रको पुरुषप्रतिको दृष्टिकोण सहकारितामूलक या विद्वेषमूलक रहेको हुन्छ तर यसकै मात्र आधारमा कृतिको नारीवादी प्रवृत्तिको निर्धारण गर्न सकिँदैन। पुरुषप्रति सहकारितामूलक दृष्टिकोण राख्दैमा त्यो कृति नारीवादी चेतनाविरोधी या विद्वेषमूलक दृष्टिकोण राख्दैमा नारीवादी चेतनायुक्त मान्न सकिँदैन। मुख्य कुरा उपन्यासका नारी पात्रले आफ्ना सापेक्षतामा पुरुषलाई कहाँ राखेका हुन्छन् भन्ने कुराले चाहिं उपन्यासमा नारीवादी चेतना प्रकट भएको छ कि छैन भनेर थाहा पाउन सकिन्छ। पुरुषवादी चिन्तन अँगाल्ने नारी पात्रहरू पुरुषलाई आफूभन्दा निकै माथिल्लो स्तरमा राख्छन्। पितृसत्ताविरोधी तर पुरुषविरोधी नभएका नारीवादी चेतनायुक्त नारीहरू पुरुष पक्षको गुणदोषका आधारमा उनीहरूको स्तरको निर्धारण गर्दछन्। नारीद्वेषी पुरुषप्रति द्वेषभाव र नारीमैत्री पुरुषप्रति मित्रता भाव राख्नु तथा आफूलाई आफ्ना क्षमताका आधारमा पुरुषका सापेक्षतामा यथायोग्य स्थानमा स्थापित गर्नुमा नारीको अस्मिताचेत झल्कन्छ। नारीमा झल्कने लैङ्गिक अस्मिताचेत नै उसमा निहित नारीवादी चेतना हो। यसैले सम्बन्धित उपन्यासका नारी पात्रको पुरुष पात्रप्रतिको दृष्टिकोण नारीवादी चेतनाको मापकयन्त्र बन्न सक्तछ।

### २.४.१० समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति

सिङ्गो उपन्यासभरिको आयतनमा नारी पात्रको सङ्ख्यात्मक एवं गुणात्मक उपस्थिति कस्तो रहेको छ र पुरुष पात्रका सापेक्षतामा उक्त उपस्थितिको मूल्याङ्कन कसरी गर्न सकिन्छ भन्ने कुराको निर्क्यौलमार्फत सम्बन्धित उपन्यासको नारीवादी चेतनाको स्वरूप पहिल्याउन सकिन्छ। विषयवस्तुका केन्द्रमा सशक्त सकारात्मक भूमिकामा नारी पात्रलाई प्रस्तुत गरिएको उपन्यासको दृष्टिकोणलाई नारीवादी मानिन्छ। केन्द्रमा पुरुष पात्रलाई महत्त्वपूर्ण भूमिकामा प्रस्तुत गरी उसको सहयोगी या सहायकका भूमिकामा नारी पात्रलाई प्रस्तुत गरिएको खण्डमा त्यस उपन्यासको नारीको अवस्थितिलाई नारीवादी चेतनाका कोणबाट सकारात्मक मान्न सकिँदैन।

### २.४.११ नारीप्रतिको लेखकीय दृष्टि

विश्लेष्य उपन्यासको रचना गर्नुका पछाडि रहेको लेखकीय अभीष्टलाई यस शीर्षक अन्तर्गत विश्लेषण गर्न सकिन्छ। खासगरी उपन्यासमा प्रस्तुत लेखकको लैङ्गिक चेतना पुरुषपक्षीय या नारीपक्षीय के छ भन्ने कुराको अध्ययनमार्फत नै लेखकको नारीप्रतिको दृष्टिकोण पहिल्याउन सकिन्छ। लेखकीय दृष्टि नारीपक्षीय हुँदैमा त्यो पुरुषद्वेषी हुन्छ भन्न मिल्दैन तर पुरुषपक्षीय दृष्टिकोण अँगालेका अधिकांश उपन्यासकारका उपन्यासमा भने नारीद्वेषी भावना नै प्रकट भएको

पाइन्छ। नारी पात्रलाई पुरुष पात्रका सापेक्षतामा हीनतर रूपमा प्रस्तुत गर्नु उपन्यासकारको नारीप्रतिको नकारात्मक वा द्वेषभावजन्य दृष्टिकोण नै हो।

लेखकको नारीप्रतिको दृष्टिकोण अनुसार नै सिङ्गो उपन्यासको विषयवस्तु र संरचनागत तारतम्य मिलाइएको हुन्छ। नारीप्रति सकारात्मक दृष्टिकोण अँगाल्ने वा नारीवादी चेतनायुक्त लेखकले औपन्यासिक परिवेश, नारी समस्याको प्रस्तुति, नारी चरित्रको चयन, औपन्यासिक परिणति र सन्देश, नारीनारीका बिचको स्थिति, नारीप्रतिको पुरुषको दृष्टिकोण, पुरुषप्रतिको नारी दृष्टिकोणका कुरामा सोही अनुकूल तारतम्य मिलाउँदै आएर सिङ्गो उपन्यासमा नारीको उच्च अवस्थिति दिएको हुन्छ। उपर्युक्त कुनै कुराको तारतम्य पनि नारीवादी चेतना अनुकूल नरहेर केवल नारीप्रतिको लेखकीय अभिव्यक्ति मात्रै अनुकूल रहनुलाई नारीवादी चिन्तन नभनेर लेखकको नारीप्रतिको सहानुभूतिजन्य दृष्टि मात्र मान्न सकिन्छ। यसैले कुनै पनि उपन्यासलाई नारीवादी चेतनायुक्त मान्नका लागि उपर्युक्त प्रतिमानहरूको वरण गरिएको हुनुपर्छ।

## २.५ निष्कर्ष

उपर्युक्त विभिन्न छलफलका निचोडमा नारीवादी साहित्यिक समालोचनाका यी प्रमुख प्रवृत्ति र प्रतिमान निष्कर्षित हुन आउँछन् -

विश्वमा नारी जागरणको प्रथम स्वरूप अमेरिकामा देखा परेको हो र यसको इतिहास संयुक्त राज्य अमेरिका जत्तिकै पुरानो छ। युरोपमा पनि फ्रान्सेली राज्यक्रान्तिसँगै महिला आन्दोलनले आफ्नो प्रभाव विस्तार गरेको देखिन्छ। सन् १८४८मा अमेरिकामा भएको सेनेका फल्स सम्मेलनलाई विश्वकै प्रथम महिला सम्मेलनका रूपमा लिइन्छ। एलिजावेथ केडी स्टन्टन, लुक्रेसिया मोट आदिले नेतृत्व गरेको सो आन्दोलन क्रमश : फैलिंदै गएर विश्वव्यापी बन्न पुग्यो। अमेरिका र युरोप दुवैतिर महिलामाथिको दोहोरो जिम्मेवारीको अन्त्य, बाहिरी क्षेत्रमा कामको अवसर, समान ज्याला, निश्चित कार्यालय अवधि, नागरिकता, मताधिकार, राजनीतिक अधिकारजस्ता कुराका लागि प्रारम्भ भएको महिला आन्दोलनले समाजका हरेक क्षेत्रमा आफूलाई विस्तार गरिसकेको छ, यसको स्वरूपमा पनि विविधता देखा परिरहेको छ र यही आन्दोलनको नाम नै पछि गएर नारीवादी आन्दोलन बन्न पुगेको हो।

प्रारम्भमा स्थूल किसिमको रहेको पश्चिमी नारीवाद सूक्ष्म बन्दै जाने क्रममा सडक आन्दोलनमा मात्र सीमित नरहेर लेखनमा पनि उत्रियो र उक्त लेखनले कलात्मक स्वरूपसमेत ग्रहण गरेपछि त्यो साहित्यिक बन्यो। नारीवाद एकातिर सामाजिक-राजनीतिक आन्दोलनका रूपमा रहिरह्यो भने अर्कातिर साहित्यिक स्वरूपमा अझ विकसित पनि हुँदै गयो। यसमा मनोवैज्ञानिक पक्ष थपिएपछि र यो महिलाहरूकै बिचको भिन्नताका आधारमा विश्लेषित हुन थालेपछि यो झन् सूक्ष्म, बौद्धिक र आम मानिसको पहुँचभन्दा टाढाको कुरा बन्न पुग्यो। महिलासम्बन्धी चिन्तनमा विविधता थपिंदै गएपछि नारीवादीहरूका बिचमा पनि हाँगा फाट्यो र नारीवादका अनेकन् स्वरूप देखा परे।

ग्रिसेली गीतिकवि सफ्फोबाट २५०० वर्षअगाडि र रोमकी सल्पिसियाबाट २००० वर्षअगाडि सुरु भएको नारी लेखनको इतिहासलाई १२औं शताब्दीमा आइपुगेपछि क्याथरिन, हिल्डेगार्ड आदि भिक्षुणीले अगाडि बढाएका थिए । त्यसपछि राजपरिवारका महिलाले यसलाई निरन्तरता दिए । पछि यसमा साधारण परिवारका महिलाको पनि प्रवेश हुन थाल्यो र महिलाले शिक्षाको अवसर पाउने क्रमसँगै लेखनमा पनि परिमाणात्मक र गुणात्मक दुवै कुराको वृद्धि हुन पुग्यो । प्रारम्भमा गीतिलेखनबाट साहित्यमा प्रवेश गरेका महिलाहरू अनुवाद, नाटक, निबन्ध हुँदै उपन्यास युगसम्म आइपुगे र त्यस युगमा आइपुगेपछि महिला लेखकको सङ्ख्या अप्रत्यासित रूपमा ह्वात्तै बढ्यो । १८ औं शताब्दीदेखि साहित्यिक लेखनमा काला महिलाको पनि प्रवेश भयो । हालसम्म विश्वसाहित्यमा अनगिन्ती महिला लेखकको उदय भइसकेको छ, तीमध्ये थुप्रै महिला लेखक विश्वप्रसिद्ध बनिसकेका छन्  र तिनले पुरुषसरह गुणात्मक योगदान पनि प्रदान गरिसकेका छन् ।

महिलाद्वारा लिखित साहित्यको विकास हुँदै जाने क्रममा सन् १९६० देखि नारीवादी समालोचनाको समेत प्रारम्भ भइसकेको छ र यसको प्रथम श्रेय सिमोन दि बुभायर, बेट्टी फ्राइडन, केट मिलेट, एलेन सोवाल्टर आदिलाई दिनुपर्छ । प्रारम्भका पाँच दशकमा नै नारीवादी समालोचनाको क्षेत्र समृद्ध बनिसकेको छ र यावत् विविधताहरूले यो सुसम्पन्न पनि बनिसकेको छ । हालसम्म विकसित नारीवादी समालोचना सिद्धान्तलाई मूल, सहायक र अन्य गरी तीन भागमा विभाजन गरेको अध्ययन गरिएको छ । मूलमा उदार, मार्क्सवादी , आमूल र समाजवादी नारीवाद परेका छन् भने सहायकमा मनोविश्लेषणात्मक, उत्तरआधुनिक र उत्तरसंरचनावादी तथा अन्यमा जातिजनजातिगत सांस्कृतिक, कालावादी, काला नारी समलैङ्गिक, उत्तरउपनिवेशवादी, उत्तर नारीवादी, नारीवादी तेस्रो धार आदि पर्दछन् । नारीवादी समालोचनामा अन्य विभाजन पनि भेटिन्छन् र तिनलाई गौणअन्तर्गत राख्न सकिन्छ । उपर्युक्त प्रत्येक धाराले आआफ्ना छुट्टाछुट्टै नारीवादी चिन्तनलाई अगाडि सारेका छन् र यी विविधताले उक्त समालोचनाको फाँटलाई बढी नै समृद्ध र पूर्ण बनाउँदै ल्याएको छ । यसरी नारीवादी समालोचनाको फाँटलाई उर्वर बनाउँदै ल्याउने केही प्रमुख महिला प्रतिभाहरू यस प्रकार छन्– मेरी उल्स्टन क्राफ्ट, भर्जिनिया उल्फ, बेट्टी फ्राइडन, ह्यारिट टेलर, जोन स्टुआर्ट मिल, मिचेल ब्यारेट, जुडिथ न्युटन, कोरा कप्लान, इम्मा गोल्डमन, सुलामिथ फायरस्टोन, म्याकिनन, क्याथलिन ब्यारी, एन्ड्रिया दोर्किन, बेल हुक्स, जुलियट मिचेल, सिला रोबथम, चोडोरो, फ्ल्याक्स, लुसी इरिगरी, हेलेन सिक्सस, जुलिया क्रिस्तेवा, जुडिथ बटलर, बेकर मिलर, गायत्री चक्रवर्ती स्पिभक, माया एन्जेलो, मेरी बर्टले मोन्टेग, एमिली डिकिन्सन, जर्माइन ग्रिर, लिसा अलब्रेच आदि ।

हाल विश्वमा प्रचलित नारीवादी समालोचना सिद्धान्त यिनै हुन् । यिनै सिद्धान्तमा आधारित रहेर नेपाली राजनीतिक-सामाजिक-सांस्कृतिक सन्दर्भमा लेखिएका उपन्यासहरूको विश्लेषण गर्ने आधार/प्रतिमानहरूको तय गरेर तिनलाई उपशीर्षक २.४ अन्तर्गत प्रस्तुत गरिएको छ । यी प्रतिमानहरूको प्रयोगद्वारा सम्बन्धित उपन्यासमा निहित नारीवादी चेतना कुन स्वरूपको हो भन्ने कुरा सजिलै ठम्याउन सकिन्छ । अन्य प्रतिमानका आधारमा उपन्यासको विश्लेषण गरिसक्दा पनि

ठम्याउन नभ्याइएका बाँकी सन्दर्भलाई 'नारीप्रतिको लेखकीय दृष्टि' मार्फत प्रस्ट्याउन सकिन्छ। उपर्युक्त प्रतिमानहरूको प्रयोग गरिसकेपछि कुनै पनि नेपाली उपन्यासको नारीपक्षीय सन्दर्भको विश्लेषणले पूर्णता प्राप्त गर्दछ। नेपाली उपन्यासमा पाश्चात्य नारीवादी समालोचना सिद्धान्तको जस्ताको त्यस्तै प्रयोग नभेटिए तापनि तिनलाई सारमा अर्थ्याउन सकिने स्थिति विद्यमान रहेको कुराको पुष्टि प्रस्तुत शोधप्रबन्धात्मक (५.१–५.६) विश्लेषणमार्फत प्राप्त भएको छ।

तेस्रो परिच्छेद

# नेपालमा नारी जागरण र नारीवादी चेतनाको विकास

प्रस्तुत नेपालमा नारी जागरण र नारीवादी चेतनाको विकाससँग सम्बद्ध तेस्रो परिच्छेद अन्तर्गत नेपाली समाजमा नारीको स्थिति र क्रमिक नारी जागरणको र नारीवादको प्रसारमा परेको पाश्चात्य र एसियाली प्रभावको उल्लेखका साथै नेपाली बौद्धिक, सांस्कृतिक र साहित्यिक क्षेत्रमा नारीवादी चेतनाको विकासबारे क्रमश : (३.१, ३.२ र ३.३) मा विवेचना गरिएको छ ।

## ३.१ नेपाली परम्परागत समाजमा नारीको स्थिति र नारी जागरण

अब परम्परागत नेपाली समाजका नारीको स्थिति कस्तो थियो र सामाजिक-राजनीतिक क्षेत्रमा नारी जागरण के कसरी क्रमशः बढ्दै आयो भन्ने बारेमा क्रमिक रूपमा यहाँ यतिखेर चर्चा गरिंदैछ ।

### ३.१.१ नेपाली परम्परागत समाजमा नारीको स्थिति

सभ्यताको प्रारम्भ हुनुअघि मानिसले जीवनका अनेकन् अवस्था (घुम्ती) हरू पार गर्दै आएको छ र यो विश्वव्यापी रूपमै लागू हुने कुरा हो । मानिस प्रकृतिसँग अभिन्न रहेका बखतका नारीहरूको सामाजिक अवस्था अहिलेको जस्तो विभेदयुक्त नरहेको तथ्यलाई अनेकन् ऐतिहासिक, पुरातात्त्विक, लोकश्रुति र अझै पनि पूर्ण सभ्यता वरण नगरी जङ्गलमै जीवनयापन गरिरहेका मानव जाति/प्रजातिका जीवनशैली आदिले प्रमाणित गरिसकेका छन् । दार्शनिक, पुरोहित, पुराणकार र समाजका हैकमवाला व्यक्तिहरूले अझै पनि नारीको अधीनस्थता स्वर्गमै निर्धारित भएको हो भनेर आफ्नो प्रभुत्वलाई बलशाली बनाइरहने प्रयत्न गरे तापनि यथार्थ भने आजको अध्ययन र अनुसन्धानले स्पष्ट गरिसकेको छ ।

मानव इतिहासलाई वैज्ञानिक दृष्टिकोणले अध्ययन गर्ने क्रमको थालनी सर्वप्रथम जर्मनीका कार्लमार्क्स र एङ्गेल्सले गरेका हुन् (पुष्पलाल, २०५३ : ३१०) । उनीहरूले सुरुमा त वर्गको उत्पत्ति भइसकेपछिको समाजको अध्ययन प्रस्तुत गर्दै "आजसम्मको मानव समाजको इतिहास वर्ग-सङ्घर्षको इतिहास हो" भन्ने कुरा अघि सारेका थिए (कम्युनिस्ट घोषणापत्र) । स्विट्जरल्याण्डनिवासी बाखोफेनले सन् १८६१ मा **मातृसत्तात्मक समाज** भन्ने पुस्तक र अमेरिका निवासी मोर्ग्यानले सन् १८७७ मा **आदिम समाज** भन्ने पुस्तक प्रकाशित गरेपछि वर्गीय समाजको उत्पत्ति हुनुभन्दा अघि आदिम साम्यवादी समाज थियो भन्ने कुरा प्रकाशनमा आयो । "अनि मार्क्स एङ्गेल्सले पनि वैज्ञानिक आधार दिन र विश्वका सबै जातिहरू आज जुनसुकै अवस्थामा भए पनि सबै एकचोटि मातृसत्तात्मक समाजबाट गुज्रेर आएका हुन् भनी देखाउन 'परिवार, व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्ति' नामक पुस्तक लेखे" (पुष्पलाल, २०५३ : ३११) ।

पुष्पलालले गोपाल सिंह नेपालीको 'नेवार जाति' नामक पुस्तकको स्रोत दिँदै नेवार समाज मातृसत्तात्मक रहेको कुरा अगाडि सारेका छन् । नेपालको इतिहास पितृसत्तात्मक राजतन्त्रबाट सुरु भयो भन्ने इतिहासकारहरूको धारणालाई उनले गलत मानेका छन् । उनले किटानीका साथ लेखेका छन्, "फेरि विश्वका सबै जातिहरू मातृसत्तात्मक समाज पार गरेर आएका छन् भने हामी नेपाली मात्र त्यसको अपवाद हुन सक्दैनौं" (पुष्पलाल, २०५३ : ३१५) ।

विश्वका हरेक समाजको विकास जसरी नै नेपाली समाज पनि मातृसत्तात्मक हुँदै क्रमश : पितृसत्तात्मक स्थितिमा पुगेको देखिन्छ । समाजमा पितृसत्ताको पकड जति बलियो हुँदै गयो नारी माथिका बन्धनहरू पनि उत्तिकै बलिया हुँदै गए । वेदका कतिपय ऋचाहरूको रचना नारीबाट भएकाले र वेद स्वयंमा नर-नारी विभेदका कुराले त्यति धैरै प्रश्रय नपाएकाबाट वैदिक कालसम्म पनि पितृसत्ताको प्रारम्भ पूर्ण रूपमा नभइसकेको देखिन्छ । पुराणस्मृति ग्रन्थहरू लेखिन थालेपछि भने विस्तारै अब नारीहरूका निम्ति नयाँ-नयाँ आचारसंहिता तयार हुन थाले, स्वर्ग र नरकको लोभ त्रासका माध्यमले उक्त आचारसंहिता लागू हुन थाल्यो र विस्तारै महिलाहरूको हैसियतहीनता स्थापित हुन थाल्यो । नेपालका सन्दर्भमा महिलाहरूका लागि हिन्दू धर्मसम्बद्ध आचारसंहिता बढी कष्टकर हुन पुग्यो । यसरी समाजमा पुरुषहरू महिलाका निम्ति शासकका रूपमा स्थापित हुनपुगे ।

समय जतिजति अघि बढ्दै गयो, महिलाहरूका निम्ति उतिउति नयाँ बन्धनहरू थपिँदै गए । नेपालमा राणा वंशको उदय नभएसम्म अङ्ग्रेजसँगका अनेकन् युद्धमा सामेल भएका महिलाहरू त्यसपश्चात् भने बाहिरी क्रियाकलापसँग गाँसिन पाएनन् । राजतन्त्रको उदयसँगसँगै प्रारम्भ भएका सामन्ती उत्पीडनहरूले राणाकालमा चरम स्वरूप लिन पुगे । विश्वकै इतिहासको कलङ्क मानिएको दास प्रथा नेपालमा पनि थियो र त्यसबाट महिलाहरू पुरुषभन्दा बढी उत्पीडनमा परेका थिए । त्यस्तै भारतबाहेक कहीं नभएको सतीप्रथा नेपालमा मात्रै थियो जसले महिलाको बाँच्न पाउने सामान्य मानव अधिकारसमेत पनि खोसेको थियो । दासप्रथा विश्वबाटै उन्मूलन हुने क्रम बढेपछि र भारतमा अङ्ग्रेज शासकले सतीप्रथा उन्मूलन गरेपछि नेपालका राणा शासकलाई पनि ती दुई कुराको उन्मूलन गर्न करै लाग्यो र नेपाली समाजबाट तिनको औपचारिक बिदाबारी भयो ।

राणाकाल महिलाहरूका दृष्टिकोणबाट हेर्दा अन्धकार युग नै थियो । पुरुषहरू नै चरम दमित अवस्थामा रहेको समाजमा महिलामाथिको दमनको मात्राको त कल्पनै गर्न सकिँदैन । यसबेला नेपाली समाजमा सामन्तवादका आडमा पितृसत्ता उत्कर्षमा पुगेको थियो र महिलाको जीवनस्थिति चरम अपकर्षमा प्राप्त भएको थियो । महिलाहरू 'भाग्य' र 'कर्म' लाई दोष दिएर आफूमाथिका सम्पूर्ण उत्पीडनलाई चुपचाप सहन्थे । पितृसत्ताका वाग्जालहरूले महिलालाई पूर्ण रूपमा भ्रमित तुल्याएका थिए । नेपालमा समय-समयमा राजनीतिक परिवर्तन हुने गरे तापनि स्पष्ट देखिने र महिलाका जीवनमा अनुभूत हुनेगरी सामाजिक परिवर्तन भने हुन सकेको देखिँदैन । २००७, २०४६, २०६२-६३ सालका राजनीतिक परिवर्तनले पनि महिलाको सामाजिक जीवनमा भने अपेक्षाकृत परिवर्तन ल्याउन सकेको देखिँदैन जसका लागि एकातिर नेपालको सामाजिक

प्रपञ्च दोषी छ भने अर्कातिर महिला स्वयं पनि जिम्मेवार छन् । भात पाक्नका लागि ताप्के नै तात्नुपर्छ, त्यसको बिँड मात्र तातेर पुग्दैन । यसैले महिलाको जीवनको परिवर्तनका निम्ति महिला नै अग्रसर हुनु जरुरी छ ।

राणाहरूको शासनकालमा महिलाहरू आम नेपाली जनतासरह शिक्षाको अवसरबाट त बञ्चित थिए नै । त्यसका अतिरिक्त उनीहरू बालविवाह, अनमेल विवाह, बहुविवाहजस्ता कुराबाट पनि पीडित थिए । घरभित्र र बाहिर कतै पनि उनीहरूको कुनै हैसियत थिएन । उनीहरू सम्पूर्ण मानव अधिकारबाट बञ्चित थिए । उनीहरूको बाँच्न पाउने अधिकारसमेत सुरक्षित नभएको कुरा त सतीप्रथाले नै देखाएको छ । त्यसबेला जनताका राम्रा-राम्रा छोरीबुहारीले खुला रूपमै बाहिर निस्कन सक्ने वातावरण पनि थिएन । नेपाली महिलाका जीवनको सबभन्दा भयानक कालरात्रि यहाँको १०४ वर्षे राणा शासनकाल नै थियो ।

नेपाली महिलाले २००७ सालको परिवर्तनपछि पहिलाको भन्दा अलि बढी खुला वातावरण प्राप्त गरे तापनि र केही महिलाहरूले शिक्षार्जन गर्ने, आफ्ना कुराहरू भन्ने, सामाजिक-राजनीतिक क्रियाकलापमा सहभागिता जनाउने गरे तापनि ती सबै कुरा कि त आफ्ना परिवारका पुरुष सदस्यका अनुग्रहमा हुनेगर्थे कि त उनीहरूले परिवार र समाजमा विद्रोही स्वरूपमा नै प्रस्तुत हुनुपर्थ्यो । जे जसरी भए पनि महिलाहरूले घरबाहिरको संसारमा चलखेल गर्ने क्रमको भने प्रारम्भ भएको थियो ।

तत्कालीन राजा महेन्द्रले २०१७ सालमा संसदीय व्यवस्था खारेज गरी पञ्चायती व्यवस्था लागू गरेपछि महिलाहरूका सम्बन्धमा राज्यका तर्फबाट पहिलाका तुलनामा केही बढी चासो राखेको देखिन्छ । सो व्यवस्था पनि सामन्तवादी शासनसत्ताकै निरन्तरता थियो तापनि अन्तर्राष्ट्रिय रूपमै समयले ल्याएको परिवर्तनसँगै गतिमान हुनु यसको बाध्यता थियो । त्यही बाध्यता र नेपाली महिलाकै साहसको प्रदर्शनका कारणले सो व्यवस्थाले महिलालाई एउटा वर्गका रूपमा स्विकारी नेपाल महिला सङ्गठनको स्थापना गऱ्यो जसले प्रौढ शिक्षा, आयआर्जनजस्ता सामाजिक कार्यक्रमहरू सञ्चालन गरेको थियो । सन् १९७५ लाई संयुक्त राष्ट्र सङ्घले अन्तर्राष्ट्रिय नारीवर्ष घोषणा गरेपछि नेपालमा पनि त्यससम्बन्धी केही क्रियाकलापहरू भए तापनि तिनले पञ्चायती व्यवस्थामा आस्था राख्ने महिलाहरूलाई मात्र अवसर दिएको थियो । तत्कालीन रानी ऐश्वर्यका पहलमा महिलासम्बन्धी केही कानुनहरूमा सुधार गरियो । ३५ वर्षसम्म विवाह नगरी बसेका महिलाले पैतृक सम्पत्तिमा पूरा अंश पाउने भए । नारी सेवा समन्वय समितिको गठन पनि भयो । विभिन्न मन्त्रालय अन्तर्गत महिला एकाइको गठन हुनुका अतिरिक्त महिलासँग सम्बन्धित केही गैरसरकारी संस्थाहरू पनि खुले जसअन्तर्गत नेपालका महिलाहरूले घरबाहिरका क्रियाकलापमा संलग्न हुने अवसर पाए । यसबेला उच्चशिक्षा हासिल गरिसकेर पनि महिलाले श्रीमान् र उसका परिवारबाट अनुमति लिएर मात्र जागिर खानुपर्ने स्थिति थियो । खासगरी आफूलाई कुलीन भन्ने धनाढ्य परिवारका महिलाका लागि यस्तो प्रावधान थियो । आफ्नी श्रीमतीलाई अरूले चिन्छु भन्दा श्रीमान् अपमानबोध गर्थ्यो । त्यसबेला नरनारी सम्बन्धलाई यौनका दृष्टिले मात्र हेर्ने र त्यस्तो सम्बन्ध जतिसुकै स्वच्छ भए पनि अनैतिकताको लाञ्छना लगाइहाल्ने प्रचलन थियो जसलाई

पितृसत्तात्मक सामन्तवादी दृष्टिकोणको उपज मान्नुपर्दछ। महिलाले जन्मँदैदेखि लैङ्गिक विभेद खेपेर बाँच्नुपर्थ्यो। गाउँमा शिक्षाको अवसर प्रायः पुरुषले मात्र पाउँथे। बाबुआमाले नै छोरालाई किताब-कापी र छोरीलाई डोकोनाम्लो थमाउँथे। सहरमा पनि सबैले छोरीलाई पढाउनैपर्ने अनिवार्यता महसुस गर्दैनथे। मध्यम र निम्नमध्यम परिवारका मानिसहरू छोरालाई बोर्डिङमा र छोरीलाई सरकारी विद्यालयमा पढाउँथे। महिलालाई आफ्नै सुशिक्षित मातापिताले समेत पनि सामन्ती जीवनशैलीकै तालिम दिँदै पुरुष त्यत्तिकै पनि माथिल्लो दर्जाको र महिला त्यत्तिकै पनि तल्लो दर्जाका हुन्छन् भन्ने अन्धचेतनाले मस्तिष्क भरिभराउ पारिदिएका हुन्थे। जम्माजम्मीमा केही नयाँ कुराको प्राप्ति भए तापनि पञ्चायती व्यवस्था सामन्तीतन्त्र नै भएकाले त्यो महिलाको हितअनुकूल थिएन।

पञ्चायती व्यवस्थाको अन्त्य भई २०४६ सालमा बहुदलीय व्यवस्थाको प्रादुर्भाव भएपछि नेपाली समाज निकै खुला हुन पुग्यो जसको प्रभाव महिलाका जीवनमा पनि पर्‍यो। २०४७ मा निर्मित संविधानमा लैङ्गिक विभेद नगर्ने खालका केही बुँदाहरूको समावेश भए तापनि राजनीतिक रूपमा मात्र सामन्तवाद ढलेको तर संवैधानिक राजाका नाममा त्यसको केन्द्र भने यथावत् रहेको र सांस्कृतिक रूपान्तरणका कुरामा राज्यका तर्फबाट यथोचित पहल हुन नसकेकाले महिलामाथिको सामन्ती उत्पीडन भने समाप्त हुन सकेन। फेरि पनि कानुनका दृष्टिमा सबै समान हुने, अन्य सन्दर्भमा जस्तै लैङ्गिक सन्दर्भमा पनि कानुनको प्रयोगमा भेदभाव नहुने, बरु तिनका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधान, समान कामका लागि महिला-पुरुषमा भेदभाव नगरिने जस्ता कुराहरू २०४७ सालमा निर्मित संविधानमा पारिए र तिनैमाथि टेकेर महिलाले अधिकारको दावी त गर्न पाउने भए तर ती कुराहरूको व्यावहारीकरणका लागि भने उनीहरूले फेरि पनि सङ्घर्ष गर्नैपर्‍यो। यिनका अतिरिक्त प्रतिनिधिसभाको निर्वाचनमा प्रत्येक दलले कम्तिमा पाँच प्रतिशत महिला उम्मेदवारको  व्यवस्था गर्नुपर्ने र राष्ट्रियसभामा ३५ जनामध्ये कम्तिमा तीनजना महिला हुनुपर्ने व्यवस्था गरेर पञ्चायती व्यवस्थाका तुलनामा केही प्रगतिशील कार्य गरे तापनि नागरिकताका सवालमा भने यो संविधान पूर्णरूपमा पुरुषपक्षीय नै रह्यो।

राजनीतिक परिवर्तनपछिको खुला वातावरणमा महिलाकेन्द्री थुप्रै गैरसरकारी संस्थाहरू खुले तापनि तिनले महिलाका तत्कालका खाँचाहरूको पूर्ति गर्नतर्फ ध्यान दिई महिला आन्दोलनको गतिमा भने बाधा नै पुर्‍याएको देखिन्छ। आम नेपाली महिलाले भोगिरहेका समस्याहरू केही बाठाटाठा महिलाका लागि डलरको खेती गर्ने उब्जाउ जमिन बनिरहेका छन्।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) द्वारा २०५२ सालमा प्रारम्भ गरेको जनयुद्धले नेपाली महिलाको सामाजिक जीवन स्थितिमा सकारात्मक प्रभाव पारेको छ। सर्वसाधारण जनताका माझबाट महिला-पुरुष दुवैलाई आफ्ना कार्यकर्ता बनाउने क्रम, जनसेनामा उत्साहजनक रूपमा महिलाको समावेश, कम्ब्याट ड्रेसमा ती महिलाको घुमफिर, सामन्ती संस्कृतिका बन्धनमाथिको तिनको प्रहार आदि सन्दर्भले नेपालका ग्रामीण महिलाका सामाजिक जीवनमा पर्याप्त फेरबदल

ल्याएको छ। यसपछिको नेपालमा पहिला बोल्नै नसक्ने महिलाहरू बोल्न थालेका छन्, बोल्न सक्नेहरू कुर्लन थालेका छन्।

माओवादी जनयुद्धले आधा दशक पार गर्दा-नगर्दा सांस्कृतिक रूपान्तरणको चस्का बुर्जुवा फाँटमा पनि पर्न लाग्यो। महिलाका सन्दर्भमा क्रान्तिकारी परिवर्तन नभए तापनि बुर्जुवा सुधारका काम भने हुन थाले। विधवा महिलाले राता परिधान लगाउन थाले, विधवा विवाहले सामाजिक मान्यता पाउन थाल्यो, छोरीहरूले पनि सन्तान हुनुको सामाजिक हैसियत प्राप्त गरे र छोरी मात्र हुने बाबुआमाको सम्पत्ति अपुतालीमा नगनिने भयो। शिक्षाको अवसरको प्राप्तिमा वृद्धि भएकाले महिलाको स्वावलम्बितामा पनि वृद्धि भयो। यसले गर्दा उनीहरूको आत्मविश्वास बढ्यो र त्यस आत्मविश्वासले कार्यकुशलतामा पनि वृद्धि गऱ्यो। यसरी पछिल्ला दिनमा नेपाली महिलाको सामाजिक स्थितिमा सुधार आएको छ र उनीहरूको हैसियत पनि वृद्धि भएको छ तर उनीहरू अस्मिताको सवालमा सचेत नभइरहने हो भने हैसियत वृद्धि हुनु त परै जाओस्, भएको हैसियत गुम्न पनि बेर लाग्ने छैन। समाजमा महिलाहरूको पुरुषसरहको हैसियत कायम गर्न महिलाले अझै निकै लामो समय सङ्घर्ष गर्नुपर्ने देखिन्छ।

नेपालका विविध सन्दर्भले एक-अर्कालाई प्रभाव पारिराखेकै छन्। मूलमा त सबै कुरालाई नकारात्मक किसिमले प्रभावित तुल्याउने यहाँको सामन्ती संस्कृति नै छ । यसैले नै पितृसत्तालाई मूल खम्बा बनेर थेगिराखेको छ। यही कारणले नेपालका महिलाहरूको राजनीतिक स्थिति पनि सुदृढ हुन नसकी पुरुष नेतृत्वका दयामायामा निर्भर रहँदै आएको छ। आफूसँग जति नै क्षमता भए तापनि कुनै पुरुष नेताको आडभरोस मिलेको छैन भने उनीहरूको राजनीतिक नेतृत्व-विकास हुने सम्भावना पनि क्षीण रहनजान्छ। अहिले नेपाली राजनीतिमा महिलाको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ तापनि पुरुष नेताहरूसँग टक्कर लिएर टिकिरहनेहरूको सङ्ख्या भने अत्यन्त न्यून छ र त्यो न्यून सङ्ख्या पनि पुराना पार्टीमा नभएर नवोदित राजनीतिक पार्टीमा चाहिँ अस्तित्ववान छ। अहिलेका महिला नेताका तुलनामा  राणाकालभन्दा अघिका शाहकालीन महारानी-मुमा महारानीहरू नै बढी अस्तित्वशाली र क्षमतायुक्त थिए  किनभने उनीहरू पुरुषहरूसँग टक्कर गरेरै राजनीतिमा सक्रिय हुन्थे। नेपाली महिलाहरूले आफ्नो राजनीतिक स्थिति सन्तोषजनक बनाउनका लागि धेरै कोणबाट आफूलाई सक्षम र सशक्त बनाउनु आवश्यक छ।

## ३.१.२ नेपालमा नारी जागरण

यहाँ नेपालमा भएको नारी जागरणको प्रक्रियाबारे प्रथमत : चर्चा गरी त्यसपछि त्यसका सामाजिक र राजनीतिक आयामबारे पनि निरूपण गरिएको छ (३.१.२.१ र ३.१.२.२)।

### ३.१.२.१ नेपालमा सामाजिक नारी-जागरण

युगौंदेखि नारीहित विपरीत किसिमले सुदृढ बन्दै आएको समाजमा महिलाहरूले आफ्नो अस्तित्व कायम गर्न प्रयत्न गर्नु निश्चय नै कठिन कुरा हो। अधिकार प्राप्तिका सन्दर्भमा सबैभन्दा कठिन र सबैभन्दा पछि प्राप्त हुने कुरा भनेको सामाजिक मुक्ति नै हो। अनेकन् सङ्घर्ष गरेर

समाजवादी चरणमा पुगिसक्दा पनि महिलाले समग्र सामाजिक मुक्ति प्राप्त नगरी साम्यवादी युगको प्रतीक्षा गर्नुपर्छ भने वर्तमानको अर्धसामन्ती मुलुकका महिलाहरूमा सामाजिक हैसियत फितलो हुनु स्वाभाविकै हो। यही फितलो हैसियतलाई बलियो बनाउनका निम्ति महिलाको आफ्नै सक्रियताको खाँचो पर्दछ र त्यो सक्रियता मूलतः एक्कासि नभई क्रमिक जागरणका माध्यमले मात्र देखा पर्न सक्ने कुरा हो।

मानिस नियमित ढङ्गले शोषित-पीडित हुने गरेपछि मानिसभित्र निहित दुःखले निकासको मार्गको खोजी गर्छ। त्यही मार्गको खोजीका क्रममा उसमा विस्तारै चेतना पलाउन थाल्दछ र त्यसैको अभिव्यक्ति स्वरूप उसमा जागरण देखा पर्दछ। त्यो जागरण कतै समाजसेवा, कतै विद्रोह, कतै साहित्य, कतै मानवतावादी विधिव्यवहारका माध्यमले प्रकट हुन थाल्दछ। समाजमा कुनै बर्चस्व नै नभएकी महिलामा जागरण देखा पर्नु सामाजिक दृष्टिले उपद्रो ठहर्दछ। त्यस्तो जागरण सामाजिक तहमा नेपालका नारीमा धेरै पछि अर्थात् राणा शासन कालको पनि उत्तरार्द्धतिर मात्र देखा पर्न थालेको हो।

सामाजिक नारी जागरणको पहिलो दृष्टान्तका रूपमा भोजपुरकी योगमाया न्यौपानेको नाम आउँछ। १९१७ देखि १९२५ का आसपासमा जन्मिएकी योगमाया नौ वर्षको कलिलो उमेरमा विवाहित भएर १० वर्षकै उमेरमा विधवा भएपछि केही वर्षपछि उनले पुनः विवाह गरेको, दोस्रो श्रीमान्को पनि केही समयमै मृत्यु भएपछि तेस्रो व्यक्तिसँग विवाह गरी केही समय सँगै बसेपछि उनी वैरागी भई भक्ति र योग मार्गतर्फ प्रवृत्त भएको देखिन्छ (भण्डारी, २०५३ : १०१)। आफूले गरेको विधवा विवाहको प्रतिपादनमा समाजबाट तिरस्कार पनि पाएको र समाजमा शासकीय विकृतिले गर्दा हरेक विधिव्यवहार गलत भएको देख्दा उनमा असन्तुष्टि जाग्छ। नेपाली समाजका सदियौं पुराना अनेकौं कुरीति, अन्धविश्वास, भेदभाव, घुसखोरी, भ्रष्टाचार, छुवाछुत आदिका विरुद्ध र धर्म, न्याय, महिला आदिका पक्षमा समेत योगमायाले तत्कालीन समाजमा ठूलो विद्रोह गरेको पाइन्छ (भण्डारी, २०५३ : १००)।

योगमायाका चेलाचेलीहरूको एउटा ठूलै समुदाय रहेको थियो। उनले एकातिर भक्ति एवं योगलाई आफ्नो जीवनशैली बनाइन् भने अर्कातिर तत्कालीन समाजको सङ्कीर्णता, रुढिग्रस्तता र अन्ध परम्पराका विरुद्ध आफ्ना अभिव्यक्तिहरू सार्वजनिक गर्न थालिन्। उनले तत्कालीन श्री ३ चन्द्रसम्शेरलाई 'सत्य धर्म शिक्षा' मागेको एउटा पत्र लेखाएर आफ्ना चेलाहरूलाई पुऱ्याउन पठाइन्। त्यसको प्रत्युत्तर नआएपछि उनी आफै काठमाडौं आएर जुद्धसम्शेरलाई भेटिन् र उनबाट 'सत्य धर्म शिक्षा' को वचन पनि पाइन् तर त्यो पूरा भएन। त्यसपछि उनले त्यसका विरुद्ध विद्रोह गर्दै १९९५ मा आफ्ना २४० जना अनुयायीसहित अग्निसमाधि लिने बन्दोबस्त गरिन् तर त्यो थाहा पाएपछि उनका अनुयायीसहित उनलाई पनि बन्दी बनाइयो र उनले तीन महिना जेल सजाय काटिन्। त्यहाँबाट निस्केपछि पनि उनी आफ्ना असन्तोषका भावलाई कविताका माध्यमले व्युक्त गर्दै रहिन्। देशमा सत्य र धर्म स्थापित हुन्छ भन्ने कुराबाट विश्वास हराएपछि उनीसहित उनका ६८ जना अनुयायीले १९९८ सालको असार महिनामा अरुण नदीमा जलसमाधि लिए। यसरी सामाजिक जागरणका अभियानमा नेपालकै इतिहासमा उनी जेल पर्ने प्रथम सर्वसाधारण

नारी थिइन् । उनले विरोध गरेका कुराहरू के के र के कस्ता थिए भन्ने कुरा उनको **सर्वार्थ योगवाणी** भन्ने पुस्तक पढेपछि स्पष्ट हुन्छ ।

सामाजिक नारी जागरणका क्रममा यसपछि लिनुपर्ने नाम हो दिव्यवती कोइराला जसले अर्की योगमाया कोइरालाको संयोजकत्वमा 'नारी समिति' को गठन गरी आफू त्यसमा सचिव बनिन् (तुम्बाहाङ्फे, २०५९ : २४) । यसअघि नै पनि कृष्णप्रसाद कोइरालाका प्रयासमा आफ्नै घरका महिलाहरू समेटी 'महिला समिति' बनाउने प्रयास भए तापनि तात्कालिक राजनीतिक परिवेशका कारणले स्थापना हुन नपाउँदै समिति भताभुङ्ग भएको थियो । त्यसपछि स्थापना हुन सफल भएको 'नारी समिति' नै नेपालका महिलाहरूको पहिलो सामाजिक सङ्गठन थियो । यही समितिले दिव्या कोइरालाका नेतृत्वमा महिलाहरूले टाउको छोप्ने प्रथाका विरुद्ध आन्दोलन गर्नुका अतिरिक्त महिला शिक्षाका निम्ति पनि सङ्घर्ष गरेका थिए । सप्तरी र धनुषा जिल्लामा भएका यी आन्दोलनको लक्ष्य महिला मुक्ति रहेको थियो (तुम्बाहाङ्फे, २०५९ : २५) ।

मेलवादेवीले गायनका माध्यमबाट, दुर्गादेवीले शिक्षणका माध्यमबाट र तुलसा शर्माले गान्धी आश्रममा संलग्न भएर यसै समयमा महिलाहरूलाई सामाजिक ढङ्गले जाग्रत बनाउने काममा योगदान पुऱ्याएका थिए । त्यसबेलाका "विद्यावती र लोकप्रियादेवी जस्ता महिलाहरूले पनि नारी शिक्षाका निम्ति आवाज उठाए" (प्रभात, २०५२ : ६७) । दोस्रो विश्वयुद्धपछि नेपाली महिलाहरूमा पनि जागरण पलाएको थियो । शिक्षा प्राप्तिलाई उनीहरूले निकै महत्त्वका साथ बुझेका थिए । "१९९३ तिर चन्द्रकान्ता मल्लले कन्याहरूलाई पनि शिक्षा दिनुपर्छ भन्दै एउटा स्कुल स्थापना गर्ने काम गरेकी थिइन् र यहींदेखि नै नेपाली नारीहरुले शिक्षाको हक हासिल गरेका थिए" (प्रभात, २०५२ : ६८) । यसै क्रममा २००२ सालमा बनेपामा खोलिएको सहारा शिक्षालयमा महिलाले समेत पनि पढ्ने अवसर पाए । २००३ सालमा काठमाडौंमा कन्या मन्दिर, शान्तिनिकेतन स्कुलहरू खोलिएपछि महिलाका निम्ति शिक्षार्जनको बाटो खुल्यो जसका माध्यमले नेपाली समाजमा जाग्रत महिलाहरूको सङ्ख्यामा वृद्धि भयो ।

एकातिर राणा शासकहरूको ज्यादति चर्किंदै जानु र अर्कातिर महिलाहरू सचेत हुँदै जानु, देशमा पुरुषहरूले राणा शासनका विरुद्ध विभिन्न छद्म माध्यमले आन्दोलनको प्रारम्भ गर्नु, शिक्षाको अवसर सीमित मात्रामा भए पनि प्राप्त हुनु, १९९७ सालमा चारजना विद्रोही युवालाई मृत्युदण्ड दिनु, १९९८ सालमा योगमाया न्यौपानेले विद्रोह गरी राणा शासकलाई पराजित गर्नका लागि ६८ जनाले संयुक्त रूपमा जलसमाधि लिनुजस्ता कुराहरूले महिलाहरूमा देखिँदै गरेको सामाजिक जागरणलाई सिधै लगेर राजनीतिसँग जोडिदियो । यसपछिका जेजति पनि सामाजिक जागरणका काम कुराहरू भए ती सबै राजनीतिक जागरणभित्र समाहित भए र राजनीतिक आन्दोलनकै अङ्गका रूपमा विकसित हुँदै गए ।

### ३.१.२.२ **नेपालमा राजनीतिक नारी जागरण**

नेपालमा भेटिएका नेपाली भाषाका लिखित सामग्रीको अध्ययन गर्दा नेपाली महिलामा सामाजिक क्षेत्रमा भन्दा राजनीतिक क्षेत्रमा चाँडो जागरण आएको देखिन्छ । राजनीतिक क्षेत्रको

मात्रै इतिहास लेख्ने चलनले गर्दा पनि यस्तो परिदृश्य देखा परेको हुनसक्छ । यो राजनीतिक जागरण पनि जनसाधारणका परिवारमा नभएर राजपरिवारका महिलामा देखिएको छ । नेपालको राजनीतिक इतिहास राजाका परिवारका सेरोफेरोमा केन्द्रित रहने चलनले गर्दा पनि यस्तो परिस्थिति देखिएको हो ।

नेपालको राजनीतिक इतिहासमा लिच्छवि कालदेखि नै महिलाहरूले राजनीतिमा केही दखल राखेका थिए । यस क्रममा सर्वप्रथम मानदेवकी आमा राज्यवतीको नाम आउँछ । आफू विधवा भएर छोरा मानदेव राजा भएपछि उनले छोरालाई राजकाजमा सहयोग र सल्लाह दिएकी थिइन् ( दाहाल, २०५७ :४५) । मल्ल कालमा आएपछि देवलदेवीले ४० वर्ष भक्तपुरको मल्ल दरबारमा हैकम जमाएर बसेकी थिइन् (दाहाल, २०५७ : १३५) । उनकी बुहारी नायकदेवी र नातिनी राजल्लदेवीको नाम पनि नेपालको राजनीतिक इतिहासमा उल्लेखनीय रहेको छ र राजनीतिक क्षेत्रमा अग्रसर हुने केही महिलाहरूको उल्लेख गर्दा कान्तिपुर, ललितपुर र भक्तपुरका विभिन्न दरबारमा गङ्गारानी, लालमती, ऋद्धिलक्ष्मी, योगमती, दयावती आदिको नाम अग्र पङ्क्तिमा राख्न सकिन्छ । यी रानीहरूमध्ये कसैले छोराको नायव भएर, कसैले श्रीमान्को विद्रोही भएर तथा कसैले आफ्नै योग्यताबाट राज्यसञ्चालनको कार्य समुचित ढङ्गले सम्पन्न गरेका थिए" (दाहाल, २०५७ : २२७) ।

शाह वंशको राज्यकालमा पनि महिला (रानीहरू) मा राजनीतिक जागरण देखिन्छ । सर्वप्रथम त यस क्रममा पृथ्वीनारायण शाहकी सौतेनी आमा चन्द्रप्रभावतीलाई लिन सकिन्छ । पृथ्वीनारायण शाहकी बुहारी (प्रतापसिंह शाहकी पत्नी) राजेन्द्रलक्ष्मीले पनि आफ्ना ससुराको एकीकरण अभियानलाई अगाडि त बढाइन् नै । त्यसका अतिरिक्त राजनीतिक शक्ति हत्याउने क्रममा उनले आफ्ना देवर बहादुर शाहलाई निर्वासित गर्ने, बन्दी बनाउने तथा अन्त्यमा पराजित नै बनाउने कार्यसमेत गरिन् । "नेपालका वीराङ्गनाहरूको इतिहासमा राजमाता राजेन्द्रलक्ष्मीको सर्वाधिक महत्त्वपूर्ण स्थान रहेको छ" (दाहाल, २०५७ : ३०८) । नालापानीमा भएको अङ्ग्रेजहरूसँगको युद्धमा पनि महिलाहरूले युद्धभूमिमा बसेर बलभद्र कुँवरलाई महत्त्वपूर्ण सहयोग गरेका थिए (दाहाल, २०५७ : ३१४) । यसपछि राजेन्द्रविक्रम शाहकी रानी राज्यलक्ष्मीको उदय भएको उल्लेख नेपालको इतिहासमा भेटिन्छ । यिनै रानी राज्यलक्ष्मीको अव्यावहारिक नीति र त्यसको परिणामस्वरूप जन्मिएको कोतपर्वका कारणले नै जङ्गबहादुरलाई शासनमा उदय गराएको हो (दाहाल, २०५७ : ३१८) ।

राणा शासनको उदय हुनुभन्दा पूर्व राजपरिवारका महिलामा देखिएको राजनीतिक सक्रियता जङ्गबहादुरको उदयपश्चात् समाप्त भएको देखिन्छ । राणा शासनकालको उत्तरार्द्धतिर सामाजिक जागरणका आवरणमा योगमाया, दिव्यवती आदि महिलाहरू सक्रिय बने । राणाहरूको निरङ्कुशता चरम रूपमा पुगेपछि नेपालभित्र अनेकन् छद्म संङ्घसंस्थामार्फत थुप्रै व्यक्तिहरू विरोधी राजनीतिमा सक्रिय हुन थाले । यस क्रममा महिलाहरू पनि क्रियाशील हुन थाले । मिठाइदेवी डङ्गोल, कामिनी गिरी १९९३ सालदेखि; सीतादेवी शर्मा, रजनी बज्राचार्य, राममाया पोडेनी, चञ्चलादेवी मानन्धर, कलापतिदेवी, रोसा कोइराला, शान्ता श्रेष्ठ, सावित्रीदेवी पौडेल, नानीमैयाँ

नकर्मी, तुलसा अर्याल, रेवन्तकुमारी आचार्य १९९७ सालदेखि ; साधना अधिकारी, सहाना प्रधान, प्रतिभा वैद्य, कनकलता बज्राचार्य, रसुल वानु, कुलकुमारी लोहनी, सुशीला चालिसे, नोना कोइराला, इन्दिरा आचार्य, बुना रेग्मी, द्वारिकादेवी ठकुरानी, नलिनी उपाध्याय, मनदेवी देवकोटा, मोतीदेवी श्रेष्ठ, तोरणदेवी शर्मा आदि महिलाहरू २००० को दशकमा राणा शासन उच्छेद-आन्दोलनका क्रममा राजनीतिमा संलग्न भएका थिए (इन्सेक, २०५३ : १९-१८२)।

महिलाहरू समेतको राजनीतिक सक्रियतामा नेपालमा २००७ सालको राजनीतिक परिवर्तन आएपछि खुला वातावरणमा महिलाहरू राजनीतिमा सक्रिय हुने सम्भावनाको अझै वृद्धि भयो। यसअघि सक्रिय रहेका महिलाहरूको क्रियाशीलता यथावत् रहीकन अन्य महिलाहरूको क्रियाशीलता समेत थप भयो। यस क्रममा धनियाँदेवी श्रेष्ठ, रामसतीदेवी, तुमलादेवी प्रधान, दुलरियादेवी, माधुरी दीक्षित, जागोदेवी ठाकुर, केशरी तुलाधर, सुभद्रादेवी दाहाल, मङ्गलादेवी सिंह आदि महिलाहरू देखा परे (इन्सेक, २०५३ : ४९-१८४)।

भोजपुरमा जग्गु राई नामकी एक क्रान्तिकारी महिलाले तुलसीमाया प्रधान, मथुरा प्रधान, काल्चा नेवार्नी, शिलशोभा ताम्राकार, हेरामाया ताम्राकार आदि १५/१६ जना महिलाको एउटा समूह बनाएकी थिइन्। यो समूह २००७ साल अघिदेखि नै राणाहरूका विरुद्ध सक्रिय थियो (इन्सेक, २०५३ : ५५)।

सुनसरीको धरानमा पनि २००७ सालपछि राजनीतिमा महिलाहरूको सक्रियता बढेको देखिन्छ। २००८ सालदेखि राजनीतिमा संलग्न हुनेमा श्रीमाया जोशी, देवी तामाङ, गोलीमाया विश्वकर्मा, देवीमाया ठकुरी आदि पर्छन् भने २००९ देखि सक्रिय हुनेमा चिनियाँदेवी श्रेष्ठ, मीनाकुमारी ताम्राकार आदि पर्दछन् (इन्सेक, २०५३ : २९-३०)।

तत्कालीन राजा महेन्द्रले २०१७ सालमा संसदीय व्यवस्था भङ्ग गरेपछि नेपालको राजनीतिमा अर्को नयाँ आयाम देखा पर्‍यो। त्यसअघि खुला रहेका राजनीतिक दलहरू प्रतिबन्धित बने र पञ्चायतविरोधी राजनीति गर्नेहरूले भूमिगत शैली अँगाल्नुपर्ने बाध्यता आइलाग्यो। त्यस क्रममा महिलाहरू पनि पुरुषहरू सरह भूमिगत राजनीतिमा संलग्न बने। त्यस क्रममा विजया शर्मा, सरोज जोशी, कमलादेवी अमात्य, सावित्री सिंह कार्की, कुन्दन शर्मा, शैलजा आचार्य, गौरी राणा जोशी, अञ्जु बस्नेत, ओमकुमारी अधिकारी, इन्द्रमाया शर्मा, विश्वमाया भण्डारी, सावित्री शर्मा, दिव्यश्वरी शाह आदिको नामको उल्लेख हुने गरेको छ (इन्सेक, २०५३ : ९५-१८०)।

झापा काण्ड (२०२८) र २०३२ सालको आन्दोलनले पनि पुरुषलाई झैं महिलालाई थप सचेत बनायो र अरू थप महिलाहरू यसमा संलग्न बने। जस्तो-जैमिला राई, देवकला राई, पद्मश्वरी राई, भीमा श्रेष्ठ, चन्द्रकुमारी श्रेष्ठ, इन्द्रकुमारी गुरुङ्ग, रीता खड्का, मायादेवी खड्का, विना प्रसाइँ, भागीरथा सिटौला, हरिकुमारी राईं, गोमा अधिकारी, सुशीला उप्रेती, भगवती बिडारी, लीलामाया थापा, सुमित्रादेवी कार्की, विष्णुमाया सुवेदी, रविलक्ष्मी चित्रकार, गौरा प्रसाइँ, उमा अधिकारी, कविता पौडेल, मैयाँदेवी भट्टराई, कुन्ता शर्मा, इन्दु गौतम, रुक्मिणी कोइराला, सुलोचना मानन्धर, लक्ष्मी माली, सुशीला श्रेष्ठ, शान्ता मानवी, पूर्णशोभा चित्रकार, विश्वेश्वरा दाहाल,

गौरा रिजाल, नीलम के.सी., तुलसी थापा (गौतम), जीवन घिमिरे, दुर्गा घिमिरे, दुर्गा पोखरेल (इन्सेक, २०५३ : २-१९१) आदि ।

नेपालको राजनीतिक इतिहासमा २०३५/३६ सालको विद्यार्थी आन्दोलनको महत्त्व असाध्यै धेरै छ । कम्युनिस्ट आन्दोलनले राजनीतिलाई जनताका बिचमा पुऱ्याउने प्रयत्न त गरिरहेको थियो तर अपेक्षाकृत सफलता मिलिरहेको थिएन । कम्युनिस्ट आन्दोलनले गर्न नसकेको उक्त काम उक्त आन्दोलनले गऱ्यो र सर्वसाधारण जनताका छोराछोरी राजनीतिमा सक्रिय हुनथाले । यही आन्दोलनपश्चात् नेपाली राजनीतिमा महिला समुदायको प्रवेश उल्लेखनीय सङ्ख्यामा भयो । वर्तमान राजनीतिमा बर्चस्व कायम गरिरहेका अधिकांश महिला नेताहरू त्यसै आन्दोलनका उपज हुन् । तीमध्येका केही नाम यसप्रकार छन्- हिसिला यमी, पम्फा भुसाल, विद्या भण्डारी, उर्मिला अर्याल, सुशीला नेपाल, लीला सुब्बा श्रेष्ठ, देवकी श्रेष्ठ , शीला कतिला, सरस्वती बाटी, सावित्रा भुसाल, मेनका पोखरेल, पुष्पा भुसाल, कमला पन्त, उत्तराकुमारी कोइराला, कल्पना रिजाल, सुशीला शर्मा, ममता गिरी, सुजिता शाक्य, लक्ष्मीकुमारी कार्की, थममाया थापा, माया ज्ञवाली, बिन्दा पाण्डे आदि (इन्सेक, २०५३ : ३५-१९४) ।

नेपालको राजनीतिमा २०४६ सालमा अर्को परिवर्तन भएर पञ्चायती व्यवस्थाका स्थानमा बहुदलीय प्रजातन्त्रको पुनः स्थापना पश्चात्को खुकुलो वातावरणमा पहिला पञ्चायती व्यवस्थाभित्र सक्रिय रहेकाहरू पनि परिवर्तित राजनीतिमा संलग्न हुने क्रममा पुरुषका साथमा केही महिलाहरू पनि देखा परेका हुन् तापनि व्यक्तिगत स्वार्थका सेरोफेरोको त्यो राजनीति महिला जागरणका सन्दर्भमा मूल्यवान् छैन ।

बहुदलीय प्रजातन्त्र जनताको अपेक्षा अनुकूलको नरहेको बोध भएपछि नेपालको कम्युनिस्ट आन्दोलनको एउटा हिस्सा २०५२ सालदेखि सशस्त्र विद्रोहमा उत्रियो । सो क्रममा थुप्रै युवाहरू त्यसमा सम्मिलित भए । यसमा महिलाको सङ्ख्या पनि उल्लेख्य रह्यो । नेपाली महिलाहरू पहिलो पटक सेनामा सम्मिलित भएको पनि जनसेनामा नै हो । एकातिर नेपालका ग्रामीण इलाकामा हतियारसहित सैनिक पोसाकमा हिँडेका युवतीहरूलाई देखेपछि ग्रामीण महिलाहरूमा पनि नयाँ चेतनाको लहर फैलियो भने अर्कातिर सर्वसाधारण जनताका घर-घरका छोरी-चेलीहरू विद्रोही राजनीतिमा संलग्न भएपछि राजनीतिमा नयाँ उभार देखा पऱ्यो । यस उभारले नेपालमा युगौंदेखि विद्यमान सामन्ती संस्कारमाथि गतिलो आघात पुग्यो । नेपाली महिलामा देखिएको राजनीतिक जागरणको सर्वोत्कृष्ट नमुनाको श्रेय यही विद्रोही राजनीतिलाई जान्छ । ०३५-३६ सालदेखि सक्रिय हिसिला यमी, पम्फा भुसालका अतिरिक्तका यस खेमामा देखिएका केही महिला नेताहरू यसप्रकार छन्-  जयपुरी घर्ती, सत्य पहाडी, ओनसरी घर्ती, पूर्णा सुवेदी, अमृता थापामगर, कल्पना सुवेदी, सरला रेग्मी, नैनकला थापा, धर्मशिला चापागाईं, रेखा शर्मा,  मुना लामा, दामा शर्मा, सुनिता लामा, सपना विष्ट, अलकिना बम, लक्ष्मी मुडभरी, आशा  खनाल, उमा भुजेल, कमला नहर्की, शोभा कट्टेल, रेणुका चौलागाईं, देवी खड्का (गणेश भण्डारीसँगको मौखिक अन्तर्वार्तामा आधारित) आदि । यिनका अतिरिक्त क्षेत्रीय र स्थानीय तहमा पनि थुप्रै महिला नेताहरू उदीयमान छन् ।

महिला नेतृत्व विकासलाई एकीकृत माओवादीले विशेष महत्त्व दिने हुनाले यस क्रमले अझै तीव्रता पाइरहेको छ ।

राजनीतिमा सक्रिय हुने क्रममा नेपाली महिलाहरूले जेलनेलका यातना भोग्नुका अतिरिक्त मृत्युवरण गर्नसमेत बाध्य भएको देखिन्छ । सर्वसाधारण नेपाली महिलाका तर्फबाट योगमाया न्यौपानेपछि जेल पर्ने महिला हुन् दिव्या कोइराला र कामिनी गिरी । २००३ सालको यस घटनापछि २००४ सालमा साधना अधिकारी, कनकलता बज्राचार्य आदि चारजना महिला जेल परे भने २००७ सालमा कुलकुमारी लोहनी र रसुल वानु जेल परे । महिलामा देखिएको राजनीतिक जागरणको वृद्धिको क्रमसँगै जेल पर्ने महिलाहरूको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि भयो । एक वर्षभन्दा बढी जेल पर्ने महिलाहरू यस प्रकार छन्- गौरी राणा जोशी ४ वर्ष ५ महिना, कुन्दन शर्मा २ वर्ष, राज शर्मा १ वर्ष ६ महिना, विजया शर्मा १ वर्ष ८ महिना, सहाना प्रधान २ वर्ष ६ महिना, इन्दिरा आचार्य ००७ र ०१७ सालमा गरी १ वर्ष, सुषमा कोइराला पटकपटक गरी १ वर्ष ६ महिना, शैलजा आचार्य ०१७, ०३३, र ०४६ साल तीन पटक गरी ५ वर्ष, बालमञ्जरी शर्मा ५ वर्ष, दुर्गा घिमिरे ३ पटक गरी १३ महिना, दुर्गा पोखरेल पटकपटक गरी १ वर्ष, गौरा प्रसाईं ४ वर्ष, नीलम के.सी. (सीता खड्का) २ वर्ष, शोभा कुँवर १ वर्ष, राधा तिम्सिना १ वर्ष, विजया घिमिरे २ वर्ष, रेणु बस्नेत ४ वर्ष, जया घिमिरे १ वर्ष, चन्द्रावती श्रेष्ठ १ वर्ष, हिमादेवी उप्रेती १३ महिना, देउकला राई १ वर्ष, पवित्रा निरौला २ वर्ष, शशि श्रेष्ठ १ वर्ष, सावित्री बोहोरा ४ वर्ष आदि (इन्सेक, २०५३ : २०-१८३) ।

तत्कालीन नेकपा माओवादीद्वारा २०५२ सालमा प्रारम्भ गरेको विद्रोही राजनीतिमा संलग्न भएका महिलाहरूले जेल परेका समयमा अमानवीय यातना र मृत्यु भोग्नुका अतिरिक्त जेल फोर्नेजस्ता साहस पनि देखाएका छन् । उक्त सशस्त्र युद्धमा देखाएको साहस उनीहरूले जेल बसाइका क्रममा पनि देखाएका छन् । राज्यपक्षको सर्वाधिक बर्बर यातना यही विद्रोही राजनीतिमा संलग्न महिलाहरूले भोगेका छन् । यस क्रममा एक वर्षभन्दा कम जेल सजाय भोग्ने महिलाहरूको सङ्ख्या त अनगिन्ती नै छ । एक वर्षभन्दा बढी जेलसजाय भोग्ने महिलाको सङ्ख्या पनि एकीकृत माओवादीमा कम छैन । ती हुन्- धर्मशीला चापागाईं, रेखा शर्मा, सत्य पहाडी, मुना लामा, दामा शर्मा, सुनिता लामा, सपना विष्ट, अलकिना बम, लक्ष्मी मुडभरी, आशा खनाल, उमा भुजेल, कमला नहर्की, शोभा कट्टेल, रेणुका चौंलागाईं, देवी खड्का आदि (सत्य पहाडीसँगको मौखिक अन्तर्वार्तामा आधारित) ।

समाज विकासका क्रममा नेपाल अहिले अर्धसामन्ती र अर्धऔपनिवेशिक चरणमा छ । अघिल्लो समयमा आम महिलामा राजनीतिक जागरणको सम्भावना नरहेकाले सामान्य किसिमको सामाजिक जागरण मात्र फाट्टफुट्ट देखिन्थ्यो । राणा शासनकालको उत्तरार्धतिर राणा भगाऊ आन्दोलनका सिलसिलामा आएको राजनीतिक जागरण पनि सामाजिक जागरणको आवरणभित्र मात्र बाहिर देखा पर्‍यो । आन्दोलन जति मुखर बन्दै गयो उति नै राजनीतिक सन्दर्भ प्रमुख र सामाजिक सन्दर्भ सहायक रूपमा देखा पर्‍यो । अझ पछि गएर त सामाजिक सन्दर्भ राजनीतिको एउटा अङ्ग मात्रैमा सीमित बन्न पुग्यो । राजनीतिक क्षेत्रमा महिलाहरूको सहभागिता दिनपरदिन

बाक्लिँदै आएको छ। २०५२ सालमा प्रारम्भ भएको जनयुद्धले महिलामा राजनीतिक जागरण पहिलेका तुलनामा निकै बढी ल्याइदियो। एकीकृत माओवादी पार्टीमा स्थानीय तहदेखि राष्ट्रिय तहसम्म स्थापित र सक्रिय बनेका महिला नेताको सङ्ख्याले पनि यही कुरा प्रमाणित गरेको छ।

## ३.२. नेपाली नारी जागरण र नारीवादका प्रसारमा पाश्चात्य र एसियाली प्रभाव

नेपालमा महिलाहरू पछाडि परेको आफ्नो क्षमता उकास्ने तथा देखाउने अवसर नै नपाएर हो भन्ने कुरा मल्ल काल र शाह कालका राजपरिवारका महिलाले राज्य चलाउने अवसरलाई उत्साहसाथ उपयोग गरेकोबाट प्रष्ट हुन्छ। महिलालाई हरतरहले दमन गर्ने पितृसत्ताको उद्देश्यलाई सामन्तवादी रीतिथितिले सधैंभरि भरथेग गरिराख्यो र त्यस सामन्तवादलाई राजतन्त्रले टेवा दिइराख्यो। सानोतिनो निकासका छिद्रसमेत टालिएपछि एक्कैचोटि विस्फोट हुनु स्वाभाविकै हो। त्यही विस्फोटको प्रारम्भ योगमायाबाट भयो। उनी आफ्नो दोस्रो विवाहपश्चात् भोजपुरबाट भागेर आसाम पुगिन् र नेपाल तथा आसामका जीवन-यथार्थको पृथकताले पनि उनलाई महिला एवं आम नेपाली जनताको स्थितिको यथार्थबोध गर्न मद्दत पुऱ्यायो। त्यसैले उनी नेपाल फर्किएपछि विद्रोहमा उत्रिइन्।

प्रारम्भकालीन विद्रोहमा समेत पनि आफ्नो देश नेपालभन्दा बाहिरको प्रभाव देखिएको छ। नेपाल-भारतका बिचको खुला सीमाना, दुई देशका बिचको शदीयौं अगाडि देखिको वैवाहिक सम्बन्ध र अन्य आवतजावत, धर्म-संस्कृतिको समानता, दुवै देशका प्रमुख भाषा (नेपाली र हिन्दी) को स्रोत एउटै (संस्कृत) हुनु, धर्मशास्त्रहरूले भारतवर्ष भन्ने सम्बोधनमार्फत दुवै देशलाई एकै ठाउँमा गाँसेर हेर्नु आदि कुराले भारतका सबै जागरण-आन्दोलनबाट नेपाल प्रभावित हुनु स्वाभाविक देखिन्छ। अङ्ग्रेजले शासन गरेपछि भारत धेरै सन्दर्भमा नेपालभन्दा छिटो विकसित हुनपुग्यो। त्यहाँका राम्रा-नराम्रा दुवै कुराको प्रभाव भारतबाट नेपालमा सहज रूपमा पर्न थाल्यो। नारी जागरणका सन्दर्भमा पनि भारत नेपालभन्दा निकै अगाडि भएकाले सो प्रभाव पनि नेपालमा पर्न गयो।

निकटतम छिमेकी मुलुक भारतमा अङ्ग्रेज शासकको शासनले नेपाली जनतामा जागृति ल्याउन निकै मद्दत पुऱ्याएको छ किनभने अङ्ग्रेजले त्यहाँ बसेर खाने काम मात्र नगरी त्यस देशलाई हरेक तरहले आफूसुहाउँदो बनाउन पनि प्रयत्न गऱ्यो। त्यस क्रममा त्यहाँ शिक्षा, उद्योगधन्दा आदिको बन्दोबस्त गऱ्यो। त्यहाँ सबैभन्दा दह्रो प्रभाव अङ्ग्रेजी भाषाको पऱ्यो जसमार्फत बेलायती ज्ञानगुनले समेत भारतमा प्रवेश पायो। यति भएर पनि भारतीय जनतालाई पराधीनता स्वीकार्य भएन र उनीहरू अङ्ग्रेजहरूलाई धपाउने आन्दोलनमा लागे। त्यसबेला नेपालमा पनि राणाहरू शासन गरिहेका थिए जसलाई धपाउने आवश्यकताबोध नेपालीहरूलाई भइरहेको थियो। भारतको राष्ट्रवादी जागरणको प्रभाव नेपालका नरनारीमा पनि पऱ्यो र उनीहरू सङ्घर्षमा उत्रिए। यस प्रभावले नेपाली महिलाहरूको ध्यानलाई चूल्होचौकाभन्दा बाहिर तान्न

मद्दत गऱ्यो। भारतको राष्ट्रवादी आन्दोलनमा भारतीय महिलाले पनि वीरता देखाएको कुरा इतिहासप्रसिद्ध छ  जसको कारणले नेपाली महिलालाई पनि उत्प्रेरित गऱ्यो। अङ्ग्रेजसँग भएको नेपालको युद्धमा रहेको महिला सहभागिता यसैको प्रमाण हो। भारतको शिक्षाको एउटा प्रमुख केन्द्र बनारस थियो जहाँ तीर्थाटनका सन्दर्भमा नेपालीहरूको प्रशस्त आवतजावत थियो। त्यति मात्र होइन, काशीमा मऱ्यो भने सोझै स्वर्ग पुगिन्छ भन्ने विश्वासले नेपालीहरू आफ्नो बुढेसकाल त्यही मृत्यु पर्खेर बिताउँथे। नेपाली युवाहरू शिक्षार्जनका लागि बनारस पुग्नुको अर्को विकल्प थिएन। यसरी शिक्षार्जन र धर्मार्जनसँग जोडिएर भारतीय चेतनाको प्रभाव नेपाली नरनारीमा आइपुग्थ्यो। भारतसँग जोडिएर गरेको साहित्यिक-राजनीतिक गतिविधि, पत्रपत्रिका एवं पुस्तक-प्रकाशन तथा खरिद आदिमार्फत नेपाली नरनारी सचेत हुन थाले।

अङ्ग्रेजले भारतमा शासन गरेपछि त्यहाँ भएका अनेकन् विकासका गतिविधिका कारणले रोजगारीका अनेकन् अवसरहरू प्राप्त हुन्थे। नेपालमा पाखोभित्तो खनीखोस्री खानुबाहेक रोजगारीको कुनै विकल्प थिएन। यसैले नेपाली नरनारी नेपालका विभिन्न भागबाट भारत जाने गर्थे। अर्थोपार्जनका अतिरिक्त उनीहरू केही न केही नयाँ कुरा पनि सिकेरै आउँथे। अनेकन् खोलानाला तरेर र डाँडाकाँडा उक्लेर अर्काको देशमा पुगी अर्थोपार्जनका काममा संलग्न हुन पाएपछि महिलामा पनि आत्मविश्वास र आँटको विकास भयो, चूल्होचौकाभन्दा पर पनि आफ्नो ठाउँ बनाउन सकिने कुराको बोध उनीहरूलाई भयो जसका कारणले उनीहरू मुखर हुन सके।

विश्वयुद्धमा भएको नेपाली युवाको सहभागिताले एकातिर मृत्युवरण गर्नुपऱ्यो र अपाङ्गता बेहोर्नुपऱ्यो तथा सम्बन्धित परिवार पीडित बन्यो भने अर्कातिर नेपालीले आफ्नो क्षमताले नभ्याउने मुलुक देख्न र टेक्न पायो तथा विविध मुलुकका बासिन्दासँग उठबस गर्ने अवसर पायो। यस क्रममा पनि नेपालमा नयाँ-नयाँ पहिरनका अतिरिक्त  नवीन ज्ञान पनि भित्रियो जसका कारणले नेपाली पुरुषका अतिरिक्त महिलाको चेतनामा पनि केही हलचल देखा पऱ्यो।

नेपाललाई प्राचीन सम्बन्ध विस्तार गर्न भौगोलिक कारणले पनि भारतसँग जति सुगम तिब्बत र चीनसँग छैन। त्यति भएर पनि नेपालसँग उत्तरी सीमाना जोडिएको तिब्बतसँगको व्यापारिक सम्बन्ध भने शदीयौं पुरानो हो। नून र सुन ल्याउने स्थानका रूपमा तिब्बतको प्रसिद्धि नेपालभरि व्याप्त थियो। भृकुटी र स्रङ्-चङ्-गम्पोका अतिरिक्त नेपाली र तिब्बतीका बिचमा अन्य वैवाहिक सम्बन्धहरू कायम भएको तथा कतिपय नेपालीले  तिब्बतमा र कतिपय तिब्बतीले नेपालमा स्थायी बसोबास गरेको उल्लेख पनि नेपाली इतिहासमा भएको पाइन्छ। यस क्रमले नेपाली महिलालाई पनि व्यापारतर्फ आकर्षित गरी स्वावलम्वी बन्न उत्प्रेरित गरेको हो। यसका अतिरिक्त चीनको समाजवादी रूपान्तरणको प्रभाव पनि नेपाली पुरुषका अतिरिक्त नेपाली महिलामा पनि सकारात्मक ढङ्गले परेको देखिन्छ। यस परिवर्तनले परिवर्तनकामी नेपाली नरनारीलाई उज्ज्वल भविष्यको कल्पनाका निम्ति एउटा साकार आधारभूमि प्रदान गऱ्यो। चीनको समाजवादी रूपान्तरणका क्रममा त्यहाँका महिलाले देखाएको साहस र गरेको योगदान नेपाली महिलाका लागि प्रेरणादायी र अनुकरणीय रह्यो।

दक्षिण एसियामा भएको राजनीतिक महिलाको अभ्युदय पनि नेपाली महिलाको निम्ति प्रेरणाको स्रोत बनेको देखिन्छ। दक्षिण एसियामा पनि सर्वप्रथम त भारतमा इन्दिरा गान्धीको अभ्युदय भयो। त्यसपश्चात् फिलिपिन्समा सन् १९८३ मा कोराजोन अक्विनो राष्ट्रपति बनेपछि एसियामा महिला राष्ट्रपति बन्ने क्रमको पनि थालनी भयो। श्रीलङ्कामा श्रीमाबो बन्दरानायके र चन्द्रिका कुमारातुङ्गाले पनि विश्वमै हलचल मच्चाउने गरी शासनसत्ता सम्हाले। यिनका अतिरिक्त बेनजीर भुट्टो, शेख हसिना, खालिदा जिया, आङसाङ सुकी, सोनिया गान्धी, प्रतिभा पाटिल, मीरा कुमार आदि विश्वप्रसिद्ध महिला नेताले नेपाली महिलालाई जागरणतर्फ उन्मुख हुन सघाएको देखिन्छ।

भारतीय साहित्यमा अनेकन् महिलाहरूले आफ्नो अमूल्य योगदान दिएका छन्। महादेवी वर्मा, महाश्वेतादेवी, अमृता प्रितम, कात्यायनी, निर्मला जैन,अरून्धती रोय,अनामिका आदि महिला साहित्यकारको प्रभाव नेपाली महिलाहरूमा राम्रैसँग परेको छ। यिनका अतिरिक्त बङ्गलादेशी नारीवादी लेखक तसलिमा नसरीनको प्रभाव पनि नेपालमा निकै परेको छ। हिन्दी भाषा नेपाली भाषासँग धेरै मिल्दोजुल्दो भएका कारणले सामान्य शिक्षित व्यक्तिहरू पनि हिन्दीका पुस्तक-पत्रिका पढ्ने, हिन्दी सिनेमा बुझ्ने क्रममा कुनै अप्ठेरो महसुस गर्दैनन्। नेपाल र भारतमा आवतजावत गर्नका लागि प्रवेशाज्ञा नचाहिने कारणले पनि भारतीय साहित्य, संस्कृति र विचारको प्रभाव नेपालमा सर्वाधिक परेको देखिन्छ।

फुलनदेवी नेपालमा समेत प्रशस्त चर्चित रहेकी एउटी भारतीय महिलाको नाम हो जससँग शिक्षा र भौतिक सम्पत्तिको बलियो आधार थिएन। सार्वजनिक स्थानमा १३ जनाको सामूहिक बलात्कारमा परेपछि र राज्यले उनलाई न्याय दिलाउने काम नगरेपछि उनी त्यसको बदला लिन साहसपूर्वक डाकाहरूको समूहमा सम्मिलित भइन्। साहसी महिला डाकामा उनको नाम दरियो। उनले आफूमाथिको अत्याचारको बदला लिइन् र पछि आफ्नो उद्देश्य सकिएपछि घरजम गरेर सामान्य नागरिकको जीवन बिताइरहँदा षड्यन्त्रद्वारा मारिइन्। जुनबेला उनी आफूमाथिको अत्याचारको पीडाले रन्थनिइरहेकी थिइन् त्यसबेला सभ्य भनाउँदो समाजले साथ दिएन। बरु समाजमा कुख्याती कमाएको डाका समूहले उनलाई हार्दिकता र सहानुभूतिपूर्वक साथ दियो। फुलनदेवीका नाममा भारतमा सिनेमा बने, पुस्तक लेखिए। सामन्तवादभित्र प्रकट/अप्रकट अनेकन् प्रकारका बलात्कारका सिकार बनिरहेका नेपाली महिलाका निम्ति फुलनदेवी साहसकी प्रतीक बनिन्। आफूले उनले जस्तो साहसको प्रदर्शन गर्न नसके पनि उनको साहसको प्रशंसा गरेरै भए पनि नेपाली महिलाहरूले सन्तोष गरे।

भारतको बनारस र कलकत्तामा मात्र सीमित भएको नेपालीहरूको शिक्षार्जनका क्रमको गन्तव्य समयक्रममा क्रमशः विश्वका धेरै मुलुकहरूमा विस्तारित भइसकेको छ। नेपाली महिला पनि शिक्षित हुन थालेपछि पुरुष मात्र होइन, महिला पनि विभिन्न क्षेत्रमा विशेषज्ञता हासिल गर्न विदेश जाने क्रम बढ्दो छ। त्यस क्रममा विदेशमा भएका अनेकन् बौद्धिक, सांस्कृतिक, राजनीतिक क्रियाकलापको प्रभाव नेपाली महिलामा स्वाभाविक रूपमा नै पर्ने भयो। आधुनिक शिक्षार्जनका क्रममा नेपालभित्र अङ्ग्रेजी भाषाको प्रभाव अत्यधिक मात्रामा बढेका कारणले भारत

हुँदै पाश्चात्य ज्ञानविज्ञानलाई ग्रहण गर्नुपर्ने बाध्यता पनि हट्दै गएको छ। यस क्रममा बेलायत, फ्रान्स, अमेरिकामा चलिरहेका महिला आन्दोलन, त्यसको नारीवादी दिशा एवं नारीवादी चेतनाको विकासमा सुगमता देखा परेको छ।

नेपालमा पनि २०३८ सालदेखि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन थालियो। अमेरिकाका महिलाहरूले सर्वप्रथम यसै दिन सन् १८४८ मा आन्दोलनको घोषणा गरेका थिए, पछिल्ला समयका महिला आन्दोलनले पनि अनियमित रूपमा भए पनि यस दिनलाई सम्झने गरेका थिए। यही ऐतिहासिक मजदुर महिला आन्दोलनको स्मृतिमा आठ मार्चका दिन प्रत्येक वर्ष अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने भनेर क्लारा जेट्किनले राखेको प्रस्ताव समाजवादी महिलाहरूको प्रथम अन्तर्राष्ट्रिय सम्मेलनले सहर्ष स्वीकृत गऱ्यो र विश्वभरि नै सो दिन महिला दिवस मनाउने प्रचलनको प्रारम्भ भयो (प्रभात, २०५२ : १२४)। नेपालमा यस चलनको प्रारम्भ भएपछि नेपाली महिलाहरू विस्तारै अन्तर्राष्ट्रिय महिला आन्दोलनको इतिहास, त्यसको स्वरूप र दिशासँग परिचित हुँदै गए र आफ्ना लागि नारी आन्दोलनको उपयुक्त ढाँचाको खोजीतर्फ सक्रिय भए। महिलाका कतिपय समस्याहरू अन्तर्राष्ट्रिय रूपमै समान छन् र कतिपय चाहिँ राष्ट्रिय र स्थानीय सांस्कृतिक-भौगोलिक विशिष्टता अनुरूप बेग्लै छन्। अन्तर्राष्ट्रिय नारीवादी आन्दोलनको प्रभाव र प्रेरणा नेपालमा भित्र्याउन अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने प्रचलनको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ।

अन्तर्राष्ट्रिय विश्व महिला सम्मेलनको बेलाबखत हुने गरेको आयोजना र त्यसमा नेपाली महिलाहरूको प्रतिनिधित्वका कारणले पनि नेपाली महिलाहरू विश्वव्यापी महिला-समस्यासँग परिचित हुन र आफ्ना स्वदेशी महिला समस्याको पहिचान गर्न सक्षम बन्दै आइरहेका छन्।

विश्वमा हाल विकसित भइरहेको भूमण्डलीकरणको योजनाले नेपालजस्ता तेस्रो विश्वका विकासोन्मुख मुलुकहरूलाई पनि प्रभावित पारिरहेको छ। विश्वलाई नै एउटा गाउँका रूपमा रूपान्तरण गर्ने योजना धनी राष्ट्रलाई हरेक किसिमले फलदायी रहेको छ। विपन्न राष्ट्रमा भने यसले आ-आफ्ना मौलिक पहिचानको क्षय गराइरहेको छ र बलजफत उपभोक्ता संस्कृति लाद्ने काम भइरहेको छ। सकारात्मक-नकारात्मक जुन कोणबाट भए पनि अमेरिकी साम्राज्यवादको यस योजनाद्वारा नेपालका अन्य नागरिकसरह महिलाहरू पनि प्रभावित बनिरहेका छन्।

विश्वमा भइराखेको सञ्चार माध्यमको असीमित विकासले साम्राज्यवादी मुलुकको भूमण्डलीकरणको दर्शनलाई व्यवहारमा उतार्न सबभन्दा ठूलो सहयोगीको भूमिका निर्वाह गरेको छ। इन्टरनेटका माध्यमले नेपालीहरू पनि सोझै पश्चिमा मुलुकसँग गाँसिन पुगेका छन्। यसका माध्यमले सकारात्मक कुराका अतिरिक्त नकारात्मक कुरा पनि प्रशस्तै भित्रिरहेका छन्। अर्थात् इन्टरनेटका माध्यमले सबै कुरा नेपालीका सामु आइपुगेका छन्, तीमध्ये आफ्ना रुचिका कुरा ग्रहण गर्नु व्यक्तिको जिम्माको काम हो। नेपाली महिलाहरू पनि विश्वका हरेक कुरासँग परिचित हुँदै जाग्रत भइरहेछन् र नारीवादी चिन्तन एवं आन्दोलनलाई आ-आफ्ना अनुकूलतामा ग्रहण गरिरहेछन्।

नेपाली महिलामा जागरण आउन थालेको क्षणदेखि नै अधिकारको लडाइँका लागि सङ्घसंस्थाको स्थापना जरुरी छ भन्ने बोध उनीहरूले गरिसकेको देखिन्छ । यस्ता संस्थाहरू पनि मूलतः दुई किसिमका छन्- अनुदानमुखी र राजनीतिमुखी । यस्ता अनुदानमुखी सङ्घसंस्थाहरू गैरसरकारी संस्थाका रूपमा परिचित छन् । यस्ता संस्थाहरू तत्कालका समस्याको समाधान र आवश्यकता पूर्तिमा क्रियाशील छन् । यस्ता संस्थाले सम्बन्धित विषयमा केही मात्रामा जागरण त ल्याएका छन् तर त्यस जागरणमा दूरदर्शिता छैन । अन्य विषयलाई झैं महिलाको विषयलाई पनि यस्ता संघसंस्थासँग सम्बन्धित व्यक्तिहरूले आयआर्जनको माध्यम मात्र बनाइरहेका छन् । यस्ता महिला जागरण र तात्कालिक राहतसँग महिला मुक्तिको उद्देश्य गाँसिएको छैन र सामाजिक रूपान्तरणको कार्यदिशा पनि जोडिएको छैन। यिनले उल्टै महिला मुक्ति आन्दोलनलाई अल्मल्याउने काम मात्र गरेका छन् ।

राजनीतिमुखी महिला सङ्घसंस्थाहरू आ-आफ्ना राजनीतिक पार्टीका भगिनी सङ्गठनका रूपमा परिचित छन् । यस्ता संस्थाको निर्माण र मागका सूचीमा पुँजीवादी र समाजवादी दुईथरि विश्वदृष्टिकोणको स्पष्टै प्रभाव भेटिन्छ । पुँजीवादीहरू क्रमिक सुधार र पुँजीवादी जीवन पद्धतिको वकालत गर्दछन् भने समाजवादीहरू आमूल परिवर्तन र समाजवादी जीवनपद्धतिको वकालत गर्छन् । पुँजीवादीहरू वेश्यावृत्तिका लागि अनुमतिपत्र खोजेर, पुरुष वेश्यालयको स्थापनाको माग अघि सारेर, सुन्दरी प्रतियोगिता आयोजना गरेर महिलाहरूको सम्पूर्ण ध्यान शरीरमा सीमित गराउने चालबाजी गरेर बौद्धिक-भौतिक विकासका सम्पूर्ण सम्भावनालाई पुरुष मात्रका मुठीमा कैद गर्ने प्रयत्न गर्छन् । समाजवादीहरू यस्ता कुराले मान्यता पाउनु हुँदैन भनेर विरोध गर्छन् र नयाँ संस्कृतिको निर्माणका माध्यमले नयाँ समाजको निर्माण गरी महिलाका जीवनमा आमूल परिवर्तन ल्याउन चाहन्छन् । राजसंस्थाका सम्बन्धमा पनि यस्तै दृष्टिकोण देखिन्छ । नेपालका पुँजीवादका पक्षधरहरू सामन्तवादी चिन्तनबाट निकै प्रभावित छन् । यसैले उनीहरू राजाका छोरीले पनि राजगद्दीको उत्तराधिकारी बन्न पाउनुपर्छ भन्थे भने समाजवादीहरू चाहिँ राजसंस्था सामन्ती संस्थाको संरक्षक भएको र सामन्ती संस्कृतिले कुनै पनि हालतमा महिलाको जीवनस्थितिलाई उज्यालो दिन नसक्ने भएकाले त्यसको उन्मूलन हुनुपर्छ भन्थे। नेपालका समाजवादी महिलाहरूको आक्रमण सोझै सामन्तवादमाथि केन्द्रित छ र समाजवादी महिलाका प्रभावका बाध्यताले पुँजीवाद समर्थक महिलाहरू सामन्तवादी चिन्तनपद्धतिका विरुद्ध क्रियाशील हुन बाध्य छन् । यसरी नेपालमा सामन्तवादी संस्कृतिको क्षयीकरणको गति तीव्र बनिरहेको छ । यसरी एकातिर समाजवाद र पुँजीवादको संयुक्त लडाइँ सामन्तवादसँग कायम छ भने अर्कातिर समाजवाद र पुँजीवादका बिचमा पनि लडाइँ चलिरहेकै छ । यो लडाइँ नेपालका महिलाको मात्र नभएर विश्वभरिकै महिलाको हो । यो जबसम्म विश्वमा समाजवाद वा पुँजीवादको मात्र एकछत्र राज्य कायम हुँदैन तबसम्म मात्र चलिरहने नभई त्यसपश्चात् पनि चलिरहने लडाइँ हो ।

मार्क्सवादी दृष्टिकोणमा रहेको नारीप्रतिको उदार दृष्टिकोण, सभ्यशिष्ट मानवीय व्यवहार र चीन एवं रुसमा भएको समाजवादी रूपान्तरणका कारणले त्यहाँका महिलाका जीवनमा पारेको

प्रभावको प्रतिफलस्वरूप नेपालका महिलामा समाजवादी दृष्टिकोणगत चेतनाको वृद्धि भएको छ र त्यस चेतनाले नारीवादी चिन्तनलाई विकसित हुन मद्दत पुऱ्याएको छ ।

उपर्युक्त तथ्यहरूले नेपाली नारीहरूमा जागरण ल्याउने क्रममा र नारीवादको प्रसारमा छिमेकी मुलुक भारत, चीन लगायतका एसियाली मुलुक र अन्य पश्चिमी मुलुकहरूको पनि प्रत्यक्ष-परोक्ष प्रभाव परेको कुरा औंल्याएका छन् । अघिल्ला दशकहरूमा परोक्ष रहेको सो प्रभाव पछिल्लो डेढ दशकयता प्रत्यक्ष हुन पुगेको छ । नेपाली महिलाहरू आफै पश्चिमी जगत्का नारीवादी आन्दोलन र चिन्तनसँग परिचित हुन पुगेपछि नै नेपालमा नारीवादी चिन्तनले प्रवेश पाएको देखिन्छ । यसरी पश्चिमी मुलुकको बौद्धिक-प्राज्ञिक प्रभाव नभित्रिएको भए नेपालमा नारीवादी चिन्तनले प्रवेश पाउन र आफ्नो प्रभाव विस्तार गर्न अझै बढी समय पर्खनुपर्ने हुनसक्थ्यो ।

## ३.३ नेपाली बौद्धिक, सांस्कृतिक र साहित्यिक क्षेत्रमा नारीवादको विकास

नारीवाद सामाजिक आन्दोलन मात्र नभएर बौद्धिक आन्दोलन पनि हो । नारीवादको प्रारम्भताका यो महिला-अधिकार प्राप्तिका निम्तिको सामाजिक-राजनीतिक आन्दोलन थियो । समय क्रममा यसले बौद्धिक स्वरूपसमेत ग्रहण गऱ्यो र त्यही बौद्धिक चिन्तनको फलस्वरूप यसका अनेकन् सैद्धान्तिक धारा-उपधाराहरूको सिर्जना भयो । नारीवादी आन्दोलन स्पष्टसँग सांस्कृतिक रूपान्तरणका सन्दर्भसँग पनि जोडियो र पछि साहित्यमा पनि यसको प्रवेश भयो ।

नेपालजस्तो सामन्ती बन्धनमा जकडिएको समाज भएको अविकसित मुलुकमा नारीवादजस्तो विकसित आन्दोलनले एकैचोटि प्रवेश गर्नु सम्भव थिएन । त्यसैले नेपालका बौद्धिक तप्काका केही सचेत मानिसका पहलमा २०४० को दशकमा यसले नेपालमा प्रवेश पायो । प्रारम्भताका नारीवादी हुनु र नारीवाद अँगाल्नुको वर्णनातीत तीता अनुभूति बोकेरै भए पनि यसका अभियन्ताहरूमा रहेको यसलाई निरन्तरता दिइरहने धैर्यको परिणामस्वरूप अहिले यो चर्चाको विषय बन्न पुगेको छ तर अझै पनि नारीवादलाई राम्रैसँग बुझ्नेहरूको सङ्ख्या भने अत्यन्त न्यून छ । नेपाली समाजमा यसका विरुद्ध अनेकन् भ्रमहरू छरिएका छन् जसलाई चिर्न बौद्धिक वर्गलाई हम्मे-हम्मे परिरहेको छ । यसलाई नकारात्मक किसिमले हेर्नेहरूकै सङ्ख्या अधिक रहे तापनि यसको नेपाली समाजमा भिज्ने गतिमा भने तीव्रता देखिएकै छ । अब यहाँ नेपाली समाजका बौद्धिक, सांस्कृतिक र साहित्यिक क्षेत्रमा नारीवादी चेतनाको प्रसारबारे ३.३.१ देखि ३.३.३ सम्म क्रमशः चर्चा गरिंदैछ ।

### ३.३.१ नेपाली बौद्धिक क्षेत्रमा नारीवादको विकास

नेपालमा पाश्चात्य नारीवादी चेतना एसियाली छरछिमेकका परिप्रेक्ष्यमा र सिधैसमेत प्रवेश गरी प्रसारित भइरहेको छ भने यस प्रक्रियामा २०४५ सालमा प्रकाशन थालिएको **अस्मिता** पत्रिकाबाट र अरू क्षेत्रबाट पनि प्राप्त भएको बौद्धिक योगदानको रेखाङ्कन अब प्रस्तुत हुँदैछ ।

### ३.३.१.१ नेपालमा नारीवादको विकासमा 'अस्मिता' पत्रिकाको योगदान

पारिजात, मीना आचार्यजस्ता बौद्धिक व्यक्तित्वहरू नारीवादी चिन्तनसँग परिचित थिए र आम नेपाली जनतासम्म यसलाई पुऱ्याउन प्रयत्नशील थिए । त्यसैताका सुसन मास्के र अञ्जु क्षत्रीले आफ्नो संयुक्त प्रयासमा नारीकेन्द्री पत्रिका **अस्मिता** निकाल्न प्रारम्भ गरे । यसको पहिलो अङ्क २०४५ सालको वैशाख महिनामा प्रकाशित भयो । उनीहरूले यसकै निरन्तरतामा २०४७ सालको वैशाख-जेठ अङ्कसमेत गरी द्वैमासिक रूपमा १२ वटा अङ्क प्रकाशित गरे । त्यसबेला उनीहरूले महिलाकेन्द्री पत्रिका प्रकाशनको परम्परागत स्वरूपलाई पनि ग्रहण गरिरहेकै थिए र नयाँपनको खोजीमा पनि जुटिरहेकै थिए । ती अङ्कहरू निकालिसक्दा उनीहरू गन्तव्य अल्मलिइरहेको, लक्ष्य भ्रमित भइरहेको बोध गर्न पुगे र १२ अङ्क प्रकाशित गरिसकेपछि उनीहरूले हठात् प्रकाशन बन्द गरे । २०४७ सालको असारदेखि २०४८ सालको चैत्रसम्म लगभग दुई वर्ष प्रकाशन बन्द भयो । त्यस अवधिमा उनीहरू आफ्नो गन्तव्य खोज्ने र मार्ग पहिल्याउने कार्यमा लागिरहे । यस क्रममा उनीहरू स्वदेशमै पनि विदेशी नारीवादीहरूसँग अन्तर्क्रिया गर्ने, विदेशका नारीवादी सम्मेलनहरूमा सम्मिलित हुने, विदेशका नारीवादी प्रकाशनहरूको अध्ययन गर्ने क्रममा सक्रिय रहेर आफ्नो गन्तव्य र मार्ग पहिलिएको बोध गरेपछि २०४९ सालको वैशाख-जेठ अङ्क **अस्मिता** लिएर फेरि देखा परे (सुसन मास्केसँगको मौखिक अन्तर्वार्तामा आधारित ) ।

झण्डै दुई वर्षको अन्तरालपछि निस्किएको २०४९ सालको वैशाख जेठको अङ्क १३ को **अस्मिता**मार्फत सम्पादकहरू नयाँ सोच र दृष्टिकोणसहित देखा परे । यस अङ्कदेखि उनीहरू स्पष्ट नारीवादी चिन्तनसहित उपस्थित भए । उनीहरूले यही नयाँ चिन्तन र उत्साहको मेसोमा मासिक रूपमा लगातार २८ वटा अङ्कलाई 'विशेष अङ्क' का रूपमा प्रकाशित गरे । यी प्रत्येक अङ्कका विषय (अङ्क २० बाहेक) महिलालाई बनाइएको थियो । ती यसप्रकार छन् -

१) अङ्क १३ - नारीवाद विशेष
२) अङ्क १४ - महिला विकास विशेष
३) अङ्क १५ - धर्म-संस्कृति विशेष
४) अङ्क १६ - प्रजनन विशेष
५) अङ्क १७ - महिला-हिंसा विशेष
६) अङ्क १८ - महिला सञ्चार विशेष
७) अङ्क १९ - राजनीति र महिला विशेष
८) अङ्क २० - पुरुष विशेष
९) अङ्क २१ - उत्पीडन (जातीय) विशेष
१०) अङ्क २२ - महिला र वातावरण विशेष
११) अङ्क २३ - नयाँ वर्ष विशेष
१२) अङ्क २४- ग्रामीण महिला विशेष
१३) अङ्क २५ - रजत अङ्क
१४) अङ्क २६ - साहित्य विशेष

१५) अङ्क २७ - महिला र परिवार विशेष
१६) अङ्क २८ - अश्लीलता विशेष
१७) अङ्क २९ - निर्वाचन विशेष
१८) अङ्क ३० -सम्बन्ध (नाता) विशेष
१९) अङ्क ३१ - मनोरञ्जन र कला विशेष
२०) अङ्क ३२ - महिला स्वास्थ्य विशेष
२१) अङ्क ३३ - अल्पसङ्ख्यक विशेष
२२) अङ्क ३४ - युवा विशेष
२३) अङ्क ३५ - बेइजिङ सम्मेलन विशेष
२४) अङ्क ३६ - नेपालका कारागारका बन्दी महिला विशेष
२५) अङ्क ३७ - स्तनपान विशेष
२६) अङ्क ३८ - दसैं विशेष
२७) अङ्क ३९ - बेइजिङ सम्मेलन विशेष
२८) अङ्क ४० - पैतृक सम्पत्तिमा महिलाको अधिकार विशेष

उपर्युक्त प्रत्येक अङ्कका सामग्रीलाई अध्ययन-अनुसन्धान गरेर परिष्कारपूर्वक प्रस्तुत गरिएको छ। यी सबै अङ्कमा प्रस्तुत गरिएको 'सम्प्रेषण' शीर्षकको स्तम्भले **अस्मिता**को छुट्टै ओज बढाएको देखिन्छ। यस स्तम्भमा पत्रिकाका त्यसै अङ्कले प्रस्तुत गरेको विषयलाई नै विषय बनाएर नाटकीय पाराले सर्वसाधारणलाई बुझाउने प्रयास गरिएको देखिन्छ। त्यसपछिका अङ्कहरू भने त्यति महत्त्वपूर्ण रूपले प्रस्तुत हुन सकेको देखिँदैन। यसको उत्साह र गतिमा शिथिलता देखा पर्दै जाँदा अन्ततोगत्वा ५८ औं अङ्कदेखि यसको प्रकाशनसमेत अवरुद्ध भयो। २०६५ सालदेखि फेरि प्रकाशनारम्भ गरेको सो पत्रिकाको प्रकाशन फेरि बन्द भएको छ।

यसै पत्रिकाको आयोजनामा २०५० सालको श्रावण २५ गतेदेखि ३० गतेसम्म नेपालमा पहिलो पटक नारीवादमा केन्द्रित दक्षिण एसियाली सञ्चारकर्मी महिलाहरूको ऐतिहासिक सम्मेलन भएको थियो।

उपर्युक्त सम्पूर्ण तथ्यहरूको अध्ययन गर्दा नेपालमा बौद्धिक क्षेत्रमा नारीहरूको स्वअस्तित्वको पहिचान र नारीवादी चेतनाको प्रारम्भ गर्ने श्रेय **अस्मिता** पत्रिकालाई दिनुपर्ने देखिन्छ। नारीवाद र नारीवादी आन्दोलनको परिचय, नारीवादका अभियन्ताहरूको परिचय, महिला र महिलाका विषय एवं समस्याको प्राथमिकतापूर्वकको प्रस्तुति नै **अस्मिता**को पहिचान हो। महिलाका सानातिना ठानिएका कामलाई पनि विशेष महत्त्वका साथ प्रस्तुत गरेर आम नेपाली महिलालाई प्रोत्साहित गर्ने प्रयत्नका साथ महिलासँग सम्बद्ध स्वास्थ्य, शिक्षा, रोजगारी, धर्म, संस्कृति आदि अनेकन् सन्दर्भमाथि प्रकाश पार्ने कामलाई **अस्मिता**ले आफ्नो कर्तव्य सम्झेको कुरालाई यसका प्रत्येक अङ्कले पुष्टि गरेका छन्। प्रकाशन प्रारम्भ भएको चार वर्षपछि यसले नारीवादी दिशा स्पष्टसँग पक्रिएको छ। त्यसपछिका **अस्मिता**भित्रका सामग्री मात्र नारीवादी

नभएर त्यसको समग्र दृष्टिकोण नै नारीवादी रहेको छ । **अस्मिता**लाई नारीद्वेषी प्रवृत्तिले गाँजेको प्रमाण यसका कुनै पनि अङ्कमा भेट्टाउन सकिँदैन ।

**अस्मिता** पत्रिकासँग सहकार्य गर्दै नेपालमा नारीवादको विकासमा योगदान गर्ने महिलाहरूमा सुसन मास्के र अञ्जु क्षत्रीका अतिरिक्त पारिजात, मीना आचार्य, डा. रेणु राजभण्डारी, डा. अरुणा उप्रेती, डा. ज्योति तुलाधर, वीणा प्रधान, डा. चन्द्रा भद्रा, इन्दिरा कोइराला, इन्दिरा श्रेष्ठ, अस्मिना रञ्जित, मञ्जु थापा, सुधा त्रिपाठी आदिको नाम उल्लेखनीय रहेको छ ।

### ३.३.१.२ **नेपालमा नारीवादको विकासमा अन्य क्षेत्रको बौद्धिक योगदान**

नेपालमा पद्मकन्या विद्याश्रम र पद्मकन्या कलेज (पछि क्याम्पस) को स्थापनाले महिलाका पक्षमा एउटा दरो पृष्ठभूमि तयार पारेको थियो । उपर्युक्त कलेजमा 'महिला अध्ययन' विषयको पठनपाठन प्रारम्भ हुनुले नारीवादको विकासमा महत्त्वपूर्ण टेवा पुगेको देखिन्छ । पद्मकन्या क्याम्पसमा सन् १९९६ सालदेखि सो विषयको अध्यापन प्रारम्भ भएको हो । यसले नारीवादी आन्दोलन र चिन्तनको इतिहास एवं सिद्धान्तको अध्यापन गर्नुका अतिरिक्त विद्यार्थीलाई नारीवादलाई ज्ञानका विविध शाखासँग समन्वित गरेर अध्ययन गर्ने कला पनि सिकाउँछ । कम्तिमा पनि सो विषय अध्ययन गर्ने छात्राहरू महिला अस्मिताका सन्दर्भमा आफू पनि सचेत भएको र उनीहरूले आफ्ना परिसरका अरूलाई पनि सचेत बनाउने प्रयत्न गरेको देखिन्छ ।

समाजशास्त्र विषयको पठनपाठनका सिलसिलामा पनि लैङ्गिक अध्ययनअन्तर्गत नारीवादका विषयमा शिक्षा दिइन्छ । यसअन्तर्गत नारीवादी सिद्धान्तको ज्ञान गराउनुका अतिरिक्त नारीवादी अनुसन्धान पद्धतिको पनि जानकारी दिइन्छ । त्यसका साथै नारीवादसँग सम्बन्धित पारिभाषिक शब्दावलीको पहिचान, नारी आन्दोलनको परिचय, समाज विकासका क्रममा देखिँदै आएको महिला अवस्था, विभिन्न समाजमा रहेको महिलाको धार्मिक एवं सांस्कृतिक अवस्थिति, महिला विकासका सन्दर्भ आदिका बारेमा पनि विद्यार्थीलाई ज्ञान दिइन्छ । यसले कम्तिमा पनि नारीवादलाई नकारात्मक अर्थमा नबुझ्ने एउटा जमात भने अवश्यै तयार गरिदिएको छ ।

विश्वविद्यालयको नेपाली र अङ्ग्रेजी भाषा-साहित्यको पाठ्यक्रममा पनि नारीवादलाई समावेश गरिएको छ । यस पाठ्यक्रमअन्तर्गत समाविष्ट नारीवाद साहित्य र समालोचनासँग सन्दर्भित हुन्छ । त्यसैले भाषा-साहित्यका सेरोफेरोमा नारीवादलाई बुझ्न र नेपाली भाषामा नारीवादी सिर्जना र समालोचना लेख्न मद्दत पुग्दछ । यसले नारीवादलाई भाषा-साहित्य-समालोचनाका अध्येता एवं लेखकसम्म पुऱ्याएको छ । बौद्धिक समुदायमा नारीवादको प्रसारका लागि पनि यसले मद्दत पुऱ्याएको छ ।

पछिल्लो दशकमा पश्चिमी मुलुकमा विकसित अनेकन् साहित्यिक वादलाई नेपालमा भित्र्याउन अङ्ग्रेजी पुस्तकको आयातले मद्दत गरेको छ । बजारमा पसेर मसिनोसँग खोजमेल गर्ने हो भने अध्येतालाई आवश्यक हुने अनेक पुस्तकहरू नेपालमै भेटिन थालेका छन् । यहाँ नपाइएका पुस्तक पनि बिक्रेतामार्फत विदेशबाट सजिलै मगाउन सकिने वातावरणसमेत तयार भइसकेको

छ। नारीवादसम्बन्धी अङ्ग्रेजी पुस्तकहरू पनि नेपाली बजारमा पर्याप्त भेटिन्छन्। नारीवादसम्बन्धी अङ्ग्रेजी पुस्तकहरूको सुगम उपलब्धताले मानिसमा यस विषयप्रति आकर्षण र स्वाध्यायनको क्रमको प्रारम्भका लागि सजिलो बनाइदिएको छ।

नेपालमा गैरसरकारी संस्थाहरू पनि प्रशस्तै सक्रिय छन्। लैङ्गिकतासँग सम्बन्धित परियोजनाका लागि विदेशी अनुदान प्रशस्त उपलब्ध हुने गरेको छ। त्यही अनुदानका आकर्षणले डोरिएर नेपालका महिला-पुरुषहरू लैङ्गिक सन्दर्भका विभिन्न परियोजनाहरूमा क्रियाशील भएका छन्। अर्थोपार्जनका निम्ति काम आवश्यक हुन्छ र लैङ्गिक सन्दर्भमा काम गर्नका निम्ति नारीवाद बुझ्नु जरुरी हुन्छ। यसरी गैरसरकारी संस्थामार्फत पनि नारीवादका ज्ञाताको सङ्ख्यामा वृद्धि हुने गरेको देखिएको छ तर यस्ता संस्थाले नारीमुक्ति आन्दोलनका लागि भने सहयोग पुऱ्याउँदैनन्। बरु यिनले क्षणिक लोभलालचमा फसाएर उक्त आन्दोलनको लक्ष्य नै बिर्साउने काम भने गरेका छन्।

### ३.३.२ नेपाली सांस्कृतिक क्षेत्रमा नारीवादको विकास

समाजका अन्य जातीय, वर्गीय उत्पीडनलाई झैं महिला उत्पीडनलाई पनि हरेक देशको सांस्कृतिक सन्दर्भले रक्षा गरिराखेको हुन्छ। यसैले ती उत्पीडन समाप्त गर्नका निम्ति सांस्कृतिक पक्षमाथि प्रहार केन्द्रित गर्नु जरूरी हुन्छ किनभने सांस्कृतिक रूपान्तरणविना उत्पीडनको अन्त्यको सम्भावना रहँदैन। यसरी नारीवाद पनि संस्कृतिसँग सम्बन्धित हुन जान्छ। अर्थात् नारीवादी लक्ष्य हासिल गर्नका निम्ति संस्कृतिको यही स्वरूपलाई कायम राख्न मिल्दैन। सामाजिक रूपान्तरण चाहनेहरूले सांस्कृतिक रूपान्तरणका निम्ति प्रयत्न गर्नुपर्छ। यसरी नारीवादी लक्ष्य र सांस्कृतिक रूपान्तरण एक अर्काका पूरकजस्ता हुन्छन्। परम्परागत सांस्कृतिक स्वरूपमा खैलाबैला मच्चाउने काम सर्वप्रथम वैज्ञानिक दृष्टिकोणको प्रक्षेपणसहित मार्क्सवादले नै गरेको हो। यसरी मार्क्सवाद नारीवाद भन्ने शब्दको प्रयोग नगरीकनै त्यसको आधारस्तम्भ बन्न पुगेको छ।

नेपालमा नारीवादी चेतनाको दरो पृष्ठभूमि कम्युनिस्ट पार्टीको स्थापना र त्यससँग सम्बन्धित क्रियाकलापले तयार पारेको छ। सांस्कृतिक रूपान्तरणसहितको आमूल परिवर्तन कम्युनिस्ट पार्टीको लक्ष्य भएकाले यसो हुन सम्भव भएको हो। मार्क्सवादले वैज्ञानिक दृष्टिकोणले समाज विकासको अध्ययन प्रस्तुत गर्दै आधुनिक समाज निर्माण हुने क्रममा महिलाहरू कसरी आफ्नो आधिपत्ययुक्त स्थितिबाट खस्काइए भन्ने कुराको चर्चा गर्दै निजी सम्पत्तिको प्रादुर्भाव र एकनिष्ठ विवाह एवं परिवारको अभ्युदयसँग मातृसत्ता समाप्त भएर पितृसत्ता प्रारम्भ भएको कुराको ठोकुवा गरेको छ।

मार्क्सवादले महिलाको दुःखको मूल कारण पितृसत्ता भएको उल्लेख गरेको छ। पितृसत्तालाई जोगाउने कोणबाटै निर्मित पुरुषवादी धर्मग्रन्थ, ऐनकानुन, सामाजिक रीतिथितिलाई एकमुष्ठ रूपमा सामन्तवाद भनेर बुझ्नुपर्ने हुन्छ। मार्क्सवादनिर्देशित नारीवादलाई महिला मुक्ति आन्दोलन भन्ने गरिन्छ। यो सामाजिक आन्दोलनको एउटा अङ्गका रूपमा विकसित हुँदै आएको छ। समग्र

सामाजिक मुक्तिविना महिला मुक्ति पनि सम्भव हुँदैन भन्ने मार्क्सवादले बुर्जुवा परिपाटीको पुरुषद्वेषी एकलकाँटे नारीवादको भने समर्थन गर्दैन ।

मार्क्सवादबाट शिक्षित-दीक्षित महिला र पुरुषहरू नारीवादका मूल्यमान्यता सजिलैसँग बुझ्छन् र यसतर्फ आकर्षित हुन्छन् । यही कारणले नेपालमा नारीवादको प्रसारमा मार्क्सवादी सांस्कृतिक चिन्तनको महत्त्वपूर्ण भूमिका देखिन्छ । महिला समुदायलाई पर पन्छ्याएर सामाजिक रूपान्तरणको लक्ष्य पूरा हुन सम्भव छैन भन्ने कुरा मार्क्सवादी चिन्तकहरूलाई राम्रैसँग थाहा छ । यसैले अन्य महिलाभन्दा मार्क्सवादमाथि आस्था राख्ने महिलाहरू नै बढी मात्रामा आफ्नो अस्मितासँग परिचित र सजग हुन्छन् । उनीहरूको नारीपक्षीय चिन्तन तर्कसङ्गत र क्रान्तिकारी हुन्छ । यसैले त्यो जीवनशैलीसँग अभिन्न हुन्छ । वैज्ञानिक भौतिकवादी दृष्टिकोणले महिलालाई सामन्तवादी दलदलबाट निकाल्न सहयोग गर्दछ । धर्मकर्म, श्रृङ्गारप्रसाधन, गहनागुरिया आदि महिलाका निम्ति सामन्तवादी दलदल हुन् । सामन्ती संस्कृतिमाथि प्रहार गर्ने मार्क्सवादी वर्गीय चिन्तनले महिलामाथि न्याय गरेको छ किनभने संस्कृति पनि वर्गीय हुन्छ र वर्गसङ्घर्ष सांस्कृतिक रूपान्तरणको एउटा हतियार हो । यसरी नारीवादी चिन्तनको प्रसारमा नौलो जनवादी सांस्कृतिक चिन्तनको सर्वोपरि भूमिका रहेको छ ।

मार्क्सवादी नारीवाद जनवादी संस्कृतिको एउटा पक्ष हो । नेपालमा उक्त दृष्टिकोणको विस्तारका क्रममा २०३३ सालमा प्रकाशित मोदनाथ प्रश्रितको **नारी : बन्धन र मुक्ति** कोसेढुङ्गा सावित भएको छ। एक किसिमले यो नेपालका नारीहरूको गीता नै हो। यसमा मार्क्सवादनिर्देशित महिलासम्बन्धी सांस्कृतिक चिन्तनलाई अघि सारिएको छ ।

नेपालमा वि.सं.२०३० को दशकमा जनवादी गीतहरूको बाढी नै आएको थियो । तीमध्ये महिलासँग सम्बन्धित गीतमा नेपालका महिलाहरूको पीडादायी स्थितिको भावपूर्ण प्रस्तुति दिँदै त्यसबाट मुक्ति पाउने सङ्घर्ष गर्नका निम्ति आह्वान गरिएको हुन्थ्यो । ती गीतहरूले नेपालका महिलामा सांस्कृतिक चेतना उकास्ने काम गरेका थिए। यस्ता गीतहरू पार्टीहरू भूमिगत छउञ्जेल बढी प्रभावकारी थिए । यी गीतहरू स्वाभाविक रूपमा नै नारीवादको विकासका निम्ति बलिया आधार थिए ।

महिलाको पुरुषसमान हैसियत प्राप्तिका सन्दर्भमा मार्क्सवादी सौन्दर्य चिन्तकहरूले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । महिलाहरू आफ्नो अयोग्यताले नभएर पितृसत्तात्मक दृष्टिकोण र सामन्तवादी चिन्तनले गर्दा समाजमा दोस्रो दर्जाका नागरिक बन्न पुगेका हुन् भन्ने कुरामा यस्ता सांस्कृतिक चिन्तकहरू स्पष्ट छन् । यस्ता सांस्कृतिक चिन्तक र नारीवादी महिलाहरूको संयुक्त प्रयासमा नेपाली सांस्कृतिक क्षेत्रमा नारीवादको विकास सम्भव भएको हो । यस्ता चिन्तकहरूमा पारिजात, मोदनाथ प्रश्रित, निनु चापागाईं, खगेन्द्र सङ्ग्रौला, डा. बाबुराम भट्टराई, हिसिला यमी, रमेशप्रसाद भट्टराई, रुद्र खरेल, सुधा त्रिपाठी आदिको नाम लिन सकिन्छ । जम्माजम्मीमा भन्दा मार्क्स-एङ्गेल्सको समाजको विकाससम्बन्धी वैज्ञानिक अवधारणाले गर्दा मार्क्सवादी सांस्कृतिक क्षेत्र नारीवादको विकासका निम्ति ऊर्वर बन्न पुगेको देखिन्छ ।

### ३.३.३ नेपाली साहित्यिक क्षेत्रमा नारीवादको विकास

बन्द प्रकृतिको नेपाली समाजका संस्कारमा हुर्किएका साहित्यिक महिलाहरू साहित्यिक सन्दर्भमा नारीवादले प्रवेश गरिसक्दा पनि र आफ्ना लिखित अभिव्यक्तिहरू नारीवादी भन्न सुहाउने किसिमको भइसकेर पनि आफूलाई नारीवादी भन्ने आँट गर्दैनथे। अरूले उनीहरूलाई नारीवादीको संज्ञा दिँदा पनि उनीहरू अस्वीकार गर्थे। यस्तो परिस्थितिमा महिलाकै पहलमा नेपाली साहित्यमा नारीवादले प्रवेश पाउनु सजिलो थिएन। यति भएर पनि नारीवादका बारेमा जानकारी हासिल गरिसकेकी पारिजातले भने त्यो आँट आफ्ना कविता, कथा, उपन्यास र निबन्धका माध्यमले देखाइसकेकी थिइन्।

यसपछि एकाङ्की लेखनका माध्यमले सुधा त्रिपाठीबाट नारीवादी चेतना पस्कने काम भएको देखिन्छ र सो काम मार्क्सवादद्वारा अभिप्रेरित रहेको छ। २०३९-४० ताका लेखिएका ती एकाङ्कीहरूको सङ्ग्रह भने पछि २०५४ सालमा **निःश्वासका गुजुल्टाहरू** भन्ने नाममा प्रकाशित भएको छ। यसपछि २०४५/४६ सालताका कुन्ता शर्माले आफ्ना कविताका माध्यमले सो प्रवृत्तिलाई प्रस्तुत गरेकी छन्। अरू महिला स्रष्टाका लेखनमा नारीपक्षीय चिन्तन त पहिलेदेखि नै प्रस्तुत हुन थालेको हो तर त्यसले नारीवादी स्वरूप भने प्राप्त गर्न सकेको देखिँदैन।

समालोचनाका फाँटमा कृष्ण गौतमले '**पारिजात : मैले नजन्माएको छोरो कथामा**' शीर्षकको समालोचनामा मनोवैज्ञानिक दृष्टिकोणसँग मिसाएर नारीवादी चिन्तनलाई प्रस्तुत गरेका छन् ( गौतम, २०४६ : १६-२२)। यो समय भनेको अरू समालोचक पनि नारीवादी चिन्तनप्रति सचेत भइरहेको, नारीवादी अध्ययनलाई अगाडि बढाइरहेको र त्यस कोणबाट समालोचना लेख्न तरखर गरिरहेको समय थियो। त्यस्तै समय परिस्थितिमा कृष्ण गौतमको उक्त एउटा समालोचना नारीवादी सन्दर्भमा प्रकाशित भए तापनि उनले यस क्रमलाई निरन्तरता भने दिन सकेनन्। एकैचोटि २०५० सालमा आइपुगेर उनले आफ्नो पुस्तक **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**अन्तर्गत **प्रल्हाद** नाटकको अन्य समालोचना पद्धतिका अतिरिक्त नारीवादी पद्धतिका आधारमा पनि समालोचना गरेका छन्। उनको समालोचना लेखनको मूल प्रवृत्ति भने नारीवादी होइन।

लेखनमा जीवन जगत्लाई हेर्ने पुरुषकेन्द्री दृष्टिकोणलाई नारीकेन्द्री दृष्टिकोणमा परिवर्तन गर्नु नै नारीवादको अभीष्ट हो। यसैले नारीवादको अपेक्षा परिवर्तन हो। त्यो परिवर्तनको स्वरूप कस्तो हुने र कुन प्रक्रियाबाट परिवर्तनमा जाने भन्ने प्रश्नका केन्द्रबाट नारीवादमा धेरै धारहरू देखा परेका छन्। दृष्टिकोणका केन्द्रबाट आफ्नो लैङ्गिक समुदायलाई उखेलेर महिला समुदायलाई स्थापित गर्नुपर्ने भएकाले नारीवादी लेखनका निमित्त पुरुषमा विशाल हृदयको खाँचो पर्छ जुन कुरा संसारमै आजसम्म कहीं अस्तित्वमा आएको छैन। यसैले पुरुषमा आंशिक नारीवाद मात्र देखिन सक्छ किनभने उसको लेखनमा सतहमा नारीवादी चिन्तनलाई प्रस्तुत गर्न खोजे तापनि गहिराइमा भने पुरुषवादी चिन्तनले राज गरिराखेको हुन्छ। संस्कारका दलदलबाट आफूलाई मुक्त गर्न सकेका नारीवादी महिला भने पूर्ण रूपमा नारीवादी हुन सक्छन्। महिला र पुरुष दुवैले पितृसत्ताका पुरुषवादी मूल्यमान्यता वरण गरी-गरीकन नारीवादी हुन सम्भव छैन। यसैले नेपाली

साहित्य जगत्मा पनि पुरुषहरूले महिलामाथि करुणा प्रदर्शन गरेर लेख्ने चलन पुरानै हो तापनि त्यसलाई नारीपरक त मान्न सकिएला तर नारीवादी दृष्टिकोण भने मान्न सकिँदैन । नारीवाद पनि पश्चिमा जगत्को पछिल्लो समयको एउटा चिन्तन हो र नयाँ चिन्तनप्रति आकर्षित भएर लेख्ने छुट सबैलाई हुन्छ । त्यही छुटको प्रयोग नेपाली लेखकले पनि गरेका छन् । कृष्ण गौतम पनि तिनैमध्येका एक अध्येता र लेखक हुन् ।

समालोचनाका फाँटमा महिला लेखनको छुट्टै इतिहास तयार पार्नु, महिला लेखनको खोजबिन र पुनर्मूल्याङ्कन गर्नु, पुरुषलिखित साहित्यमा प्रस्तुत नारी छविको अध्ययन गर्नु, महिलालिखित साहित्यमा प्रस्तुत महिला छविको खोजी गर्नुजस्ता नारीवादी चिन्तनलाई प्रयोग र स्थापित गर्ने विभिन्न कोण हुन्छन् । एलेन सोवाल्टरले यस्तो समालोचना पद्धतिलाई 'गाइनो क्रिटिक्स' को संज्ञा दिएकी छन् (लज, १९८८ : ३३५) । नेपाली समालोचनामा सुधा त्रिपाठीले पनि नारीवादी समालोचनाका यिनै प्रवृत्तिलाई अँगालेको देखिन्छ । **कथाकार भवानी भिक्षु र उनका नारी पात्र** शीर्षकमा **उन्नयन** पत्रिकाको भिक्षु विशेषाङ्कमा २०४९ सालमा समालोचना प्रकाशित गरी उनले पुरुषलिखित नेपाली साहित्यमा महिलाको छवि कस्तो किसिमको छ भन्ने कुराको खोजीको आरम्भ गरेकी छन् । यसपछि पनि उनले केशवराज पिंडालीको **एकादेशकी महारानी** उपन्यासको नारी पात्र (**उन्नयन**), भानुभक्तको नारीसम्बन्धी दृष्टिकोण (**अस्मिता** अङ्क २५, २०५१), सिङ्गो नेपाली साहित्यमा प्रस्तुत भएको महिलाको अधकल्चो छवि (**अस्मिता** अङ्क २६, २०५१), समको **चिसो चूल्हो** महाकाव्यमा प्रस्तुत नारीको स्वरूप (**कुञ्जिनी**), नारीवादी कोणबाट **सहयात्री** उपन्यासको विश्लेषण (**शार्दूल**), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** उपन्यासमा इन्द्रमायाको प्रस्तुतीसम्बन्धी दृष्टिकोणको समीक्षा (**कुञ्जिनी**) आदि समालोचनामार्फत नेपाली साहित्यमा प्रस्तुत नारीसम्बन्धी पुरुष दृष्टिकोणको विश्लेषण र मूल्याङ्कन गर्ने काम गर्दै आएकी छन् । यसका अतिरिक्त उनैले महिलालिखित साहित्यमा रहेको महिलासम्बन्धी दृष्टिकोणको अध्ययनको आरम्भ पनि गरेकी छन् र त्यसको पहिलो कडीका रूपमा **नारीवादी चेतनाको संवाहकका रूपमा मानुषी कविता** शीर्षकमा लेखिएको समालोचनालाई लिन सकिन्छ । यो पारिजातको कवितामाथिको नारीवादी विश्लेषण हो ।

आजसम्मको इतिहास भनेको पुरुषवादी इतिहास हो । नेपाली साहित्यका सन्दर्भमा पनि यही कुरा लागू भएको छ । लेखनमा योगदान गरेर पनि इतिहासमा महिलाको नामको उल्लेखका क्रममा हेलचेक्र्याइँ गरिनुलाई पुरुषवादको बर्चस्वको प्रकटीकरण मान्नुपर्छ । पुरुष लेखकको साहित्यिक लेखनको इतिहास लेखिसकेर अन्त्यमा एक-दुईजना महिला लेखकको नाम लेखेपछि उक्त इतिहासले पूर्णता पाएको सम्भने परम्परालाई भत्काउँदै नेपाली महिला साहित्यकारको प्रारम्भदेखि २०५० सालसम्मको अलग्गै इतिहास लेखेर २०५० सालको **अस्मिता** पत्रिकाको १८ औं अङ्कमा प्रकाशित गरेर नयाँ परम्पराको थालनी गर्ने काम पनि सुधा त्रिपाठीकै प्रयासबाट भएको देखिन्छ । यो पनि नारीवादी विशिष्टता नै हो । उनैमार्फत यसलाई अद्यावधिक गर्ने कामलाई निरन्तरता दिने प्रक्रिया २०६३ सालको **अस्तिता** पत्रिकाको प्रकाशनसम्म पनि कायम रहेको देखिन्छ ।

महिला लेखनको छुट्टै इतिहास लेख्नु पनि उनीहरूको पुनर्मूल्याङ्कन गर्नु नै हो । त्यसका अतिरिक्त महिलाको लेखनको विषयवस्तु, शैली, विधा आदिका आधारमा विश्लेषण र मूल्याङ्कन गरी महिला लेखनको विशिष्टताको खोज गर्नु पनि समालोचना लेखनको अर्को नारीवादी प्रवृत्ति हो जसलाई अङ्ग्रेजीमा 'गाइनो क्रिटिसिजम' भनिन्छ । यस क्रममा पनि सुधा त्रिपाठीले योगमाया (**योगमाया**, २०५७), पारिजात (**वाङ्मय, वर्ष** १२ : **पूर्णाङ्क** १२), गीता केशरी (**भृकुटी, अंक** २), कुन्ता शर्मा (**भृकुटी, अंक ३**), बेञ्जु शर्मा (**भृकुटी, अंक** ४), पद्मावती सिंह (**गरिमा**, वर्ष २१, अंक ८), शारदा शर्मा (**कविता, अङ्क** ४८), गोमा (**ज्योति**, वर्ष १ : पूर्णांक १ र **गरिमा** वर्ष २८ अङ्क ८) आदि महिला स्रष्टाहरूको लेखनको छुट्टै विश्लेषण-मूल्याङ्कन गरेर प्रकाशित गर्दै आएकी छन् । नारीवादलाई नै आफ्नो लेखकीय अभीष्ट र उद्देश्य बनाएर यस क्षेत्रमा क्रियाशील हुने, नारीवादलाई साहित्यका मञ्चमा चर्चाका केन्द्रमा स्थापित गर्ने, नेपाली साहित्यका सिर्जना र समालोचना दुवै फाँटमा नारीवादको जग बलियो बनाउन प्रयत्नरत रहने कार्यमा सुधाको सक्रियता रहेको देखिन्छ । यसरी सुधा त्रिपाठीको समालोचना लेखनको मूल प्रवृत्ति नारीवादी रहेको कुरा अवगत हुन्छ ।

अन्य पुरुष समालोचकले पनि नारीवादी समालोचनाका फाँटमा योगदान दिएको पाइन्छ । रमेश भट्टराईले **अस्मिता**को अङ्क २६, २०५१ सालमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासको विश्लेषण नारीवादी कोणबाट गरेका छन् । डा. केशवप्रसाद उपाध्यायले **गरिमा** वर्ष १३ अङ्क ६, २०५२ सालमा 'नारीवादी लेखन र गोपालप्रसाद रिमाल' शीर्षकमा समालोचना लेखी रिमाल आदर्श नारीवादी रहेको निष्कर्ष निकालेका छन् । डा. ऋषिराज बरालले **गरिमा** वर्ष १३ अङ्क ८, २०५२ सालमा 'नारीवादी समालोचना कि नारीमुक्ति समालोचना' शीर्षकमा समालोचना लेखी नारीवादी समालोचनाले सही बाटो समात्ने हो भने यसले मार्क्सवादलाई चिन्तनधरातल बनाई आफूलाई नारीवादी लेखनबाट नारी मुक्ति लेखनमा फेर्नैपर्छ भन्ने निष्कर्ष निकालेका छन् । यिनका अतिरिक्त कृष्ण धराबासीले पनि नारीवादी कोणबाट समालोचना र सिर्जना दुवै लेखेका छन् । यस फाँटमा फाट्टफुट्ट समालोचना लेख्ने क्रममा डा. नन्दमाया नकर्मी, शारदा शर्मा, डा. ज्ञानु पाण्डे, डा. रमा सिवाकोटी आदिको नाम पनि लिन सकिन्छ तापनि यिनीहरूको मूल प्रवृत्ति भने नारीवादी होइन ।

नेपाली साहित्यकारहरूका बिचमा नारीवादका बारेमा भ्रम रहेको देखिन्छ । नारीवादी लेखनको विशाल फाँटका टुक्राटाक्री कुरा मात्र जानकारीमा राखिने गरेकाले यस्ता भ्रमहरू विद्यमान भएका हुन् र समयक्रममा यिनको निवारण हुँदै जाने कुराको अपेक्षा गर्न सकिन्छ । मार्क्सवादी पुरुष समुदायले नारीवादलाई ग्रहण गर्न निकै हिच्किचाएको देखिन्छ तापनि यस वृत्तमा मार्क्सवादी नारीवादको भने समर्थन गर्ने क्रम बढ्दै छ । पहिला आफू नारीवादी भन्न अस्वीकार गर्ने महिला स्रष्टामा पनि आफूलाई नारीवादी भनाउने साहसमा वृद्धि भएको देखिन्छ । यस क्रममा उपन्यासका फाँटमा गीता केशरी, पद्मावती सिंह, कथाका फाँटमा जलेश्वरी श्रेष्ठ, माया ठाकुरी, भागीरथी श्रेष्ठ, मञ्जु काँचुली, सुधा त्रिपाठी आदिको नाम लिन सकिन्छ ।

उपर्युक्त तथ्यहरूको अध्ययनबाट नेपाली साहित्यका क्षेत्रमा नारीवादको क्रमिक विकास भइरहेको देखिन्छ । आजसम्म आइपुग्दा नारीवाद वर्तमान नेपाली साहित्यका मूल प्रवृत्तिमध्येको एक प्रवृत्ति बनिसकेको अवस्था छ र यो फाँट समृद्ध हुने क्रमतर्फ निरन्तर गतिशील देखिएको छ ।

## ३.४ निष्कर्ष : नेपाली नारीवादी चेतनाको स्वरूप

नेपाली परम्परागत समाजमा नारी वा नारीवर्गको स्थिति र जागरण तथा त्यसका पाश्चात्य र एसियाली छरछिमेकी उत्प्रेरक पक्षका साथै राष्ट्रिय बौद्धिक, सांस्कृतिक र साहित्यिक क्षेत्रमा नारीवादी चेतनाको सम्प्रसारको वर्तमान स्वरूपलाई यसरी निष्कर्षित गर्नु उपयुक्त हुने देखिन्छ-

विश्वका अन्य मुलुकका समाज झैं नेपाली समाज पनि विकासका विभिन्न चरणहरू पार गर्दै आजको स्थितिसम्म आइपुगेको हो । अन्यत्रका नारीलाई झैं नेपालका नारीलाई पनि पितृसत्तात्मक सामन्तकाल सर्वाधिक पीडादायी रहेको र नेपाली नारीका सन्दर्भमा राणा शासनकाल नै त्यो अवधि हो ।

नेपालमा शासक परिवर्तनको क्रमलाई भङ्ग गरेर राजनीतिक परिवर्तनको क्रम प्रारम्भ भएको वि.सं. २००७ सालदेखि हो । यसले २०१७, २०४७, २०६३ सालसम्म निरन्तरता पाउँदै आएको छ । राजनीतिक परिवर्तनका क्रमका आन्दोलन र तिनमा रहेको महिला सहभागिताले महिलामा पनि जागरण देखा पर्दै आएको हो । यस क्रममा महिलाहरूमा सामाजिक एवं राजनीतिक दुवै रूपमा जागरण देखा पर्न थालेको हो । भोजपुरकी योगमाया न्यौपानेबाट प्रारम्भ भएको नेपाली नारीको सामाजिक जागरणलाई दिव्यवती कोइराला, मेलवादेवी, दुर्गादेवी, तुलसा शर्मा, लोकप्रियादेवी आदिले निरन्तरता दिएका थिए । नेपालमा राजनीतिक आन्दोलनको प्रारम्भ भएपछि भने सामाजिक स्वरूपमा प्रारम्भ भएको नारी जागरण पनि राजनीतिक जागरणभित्रै समाहित हुन पुग्यो ।

राजनीतिक सन्दर्भमा भने नेपालमा लिच्छविकालदेखि नै नारी जागरण देखा परेको हो र त्यस क्रममा प्रथम नाम मानदेवकी आमा राज्यवतीको आउँछ । यस सिलसिलाले निरन्तरता पाउनुका अतिरिक्त यसमा मात्रात्मक र गुणात्मक दुवैखाले वृद्धि देखिएको छ । यस क्रममा राजल्लदेवी, ऋद्धिलक्ष्मी, चन्द्रप्रभावती, राजेन्द्रलक्ष्मी आदि महिलाको नाम लिन सकिन्छ । नेपालमा जङ्गबहादुरको उदयपश्चात् भने राजपरिवारका महिलाको राजनीतिक सक्रियताको सिलसिला टुङ्गिएको देखिन्छ । राणा शासनकालको उत्तरार्द्धबाट थालिएको राजनीतिक जागरणका क्रममा थुप्रै महिलाको सहभागिता रह्यो र यसले अद्यापि निरन्तरता पाइरहेकै छ ।

नेपाली नारीमा देखा पर्दै आएको जागरणको यस क्रममा पाश्चात्य र एसियाली प्रभाव समेतले नारीवादी चेतनाको संसरण गराएको देखिन्छ । भारतमा भएको अङ्ग्रेज शासकको शासनले ल्याएको चौतर्फी विकासको प्रभाव, विश्वयुद्धमा भएको नेपाली युवकको सहभागिता, तिब्बतसँगको शदीयौं पुरानो व्यापारिक सम्बन्ध, दक्षिण एसियामा राजनीतिक महिलाको अभ्युदय, भारतीय साहित्यमा रहेको महिलाको योगदान, पश्चिमी मुलुकका महिला आन्दोलन,

सञ्चारमाध्यमको असीमित विकास, नेपालमा रहेका अनुदानमुखी राजनीतिमुखी गैरसरकारी सङ्घसंस्था आदिले गर्दा नेपाली नारीहरूमा पर्याप्त जागरण देखा परेको छ र यसले नारीवादी स्वरूप पनि ग्रहण गरिसकेको छ ।

नेपालमा बौद्धिक क्षेत्रमा नारीवादको विकास गर्ने सिलसिलामा २०४५ सालबाट प्रकाशन आरम्भ भएको **अस्मिता** पत्रिकाको योगदान महत्त्वपूर्ण रहेको छ। यसका अतिरिक्त नेपालमा **महिला अध्ययन** विभागको प्रारम्भ, समाजशास्त्रभित्र लैङ्गिक अध्ययनको क्रम, विश्वविद्यालयको पाठ्यक्रममा नारीवादको समावेश, एन.जि.ओ., आइ.एन.जि.ओ.आदिको क्रियाशीलताका कारणले पनि नारीवादको विकासमा टेवा पुगेको छ। नेपालमा नारीवादी चेतनाको दरो पृष्ठभूमि यहाँ कम्युनिस्ट पार्टीको स्थापना भएपछि देखा परेको हो र पाश्चात्य नारीवादी आन्दोलनको प्रभावले त्यसले स्पष्ट स्वरूप प्राप्त गरेको छ ।

नेपाली साहित्यका क्षेत्रमा सचेत ढङ्गले नारीवादी चेतना भित्र्याउने स्रष्टाका रूपमा पारिजातको नाम लिनु पर्दछ। त्यसपछि मार्क्सवादी प्रभावसमेतका आधारमा विस्तारै अन्य साहित्यकारले पनि नेपाली साहित्यमा नारीवादी चेतनाको प्रयोग गरेका छन् । यस क्रममा सुधा त्रिपाठी, कृष्ण गौतम, रमेश भट्टराई, केशवप्रसाद उपाध्याय, ऋषिराज बराल, कृष्ण धराबासी, नन्दमाया नकर्मी, ज्ञानु पाण्डे, रमा सिवाकोटी, वानीरा गिरी, गीता केशरी, पद्मावती सिंह, मञ्जु काँचुली, माया ठकुरी, भागीरथी श्रेष्ठ आदिको नाम लिन सकिन्छ ।

समग्रमा हेर्दा लिच्छवि कालदेखि महिलामा देखा पर्दै आएको जागरणले सामाजिक एवं राजनीतिक वृत्त नाघेर बौद्धिक फाँटमा नारीवादका स्वरूपमा प्रवेश गरेको र यसले साहित्यिक फाँटमा पनि प्रवेश गरेपछिको लगभग अढाइ दशकको अवधिमा यो राम्रैसँग स्थापित हुन पुगेको देखिन्छ। पछिल्ला दिनमा यो मूलत : महिला अंशत : पुरुष लेखकका लागि समेत पनि रुचिकर रहँदै आएको छ। हाल आएर नारीवाद नेपाली साहित्यका विभिन्न प्रमुख प्रवृत्ति मध्येको एक महत्त्वपूर्ण प्रवृत्ति बनिसकेको छ। नेपाली साहित्यमा मूलत : समालोचना, उपन्यास र कथामा नारीवाद स्थापित भइसकेको छ र अन्य विधामा पनि स्थापित हुने क्रममा रहेको छ ।

## चौथो परिच्छेद

# नारी समस्यापरक नेपाली उपन्यासहरूको सर्वेक्षण

प्रस्तुत नारी समस्यापरक नेपाली उपन्यासको सर्वेक्षणसँग सम्बद्ध चौथो परिच्छेदअन्तर्गत प्रथमत : पुरुषलिखित र त्यसपछि नारीलिखित नेपाली औपन्यासिक कृतिको नारी नारी समस्यापरक विश्लेषण प्रस्तुत गरी अन्त्यमा तिनको निष्कर्षण गरिएको छ (४.१ , ४.२ र ४.३ ) ।

## ४.१ पुरुषलिखित नारी समस्यापरक नेपाली उपन्यासहरूको सर्वेक्षण

नारीलाई मूल विषय बनाएर साहित्य-रचना गर्ने परिपाटी पुरानै हो । खासगरी नेपाली साहित्यको माध्यमिक कालमा लिखित साहित्यमा नारीलाई लेखनको विषय बनाउने प्रवृत्ति आम बनेको थियो । पुरुषहरू लेखक हुने र उसले आफ्नो दृष्टिकोण अनुसार नारीलाई साहित्यमा प्रस्तुत गर्ने प्रवृत्ति नेपाली साहित्यको आधुनिक कालको पनि साफा प्रवृत्ति नै हो । आधुनिक कालका प्रायः सबै विधामा यस प्रवृत्तिले स्थान जमाएको देखिन्छ । यसैले आधुनिक कालको उपन्यास विधा पनि यसभन्दा फरक प्रवृत्तिको छैन ।

नेपाली उपन्यास विधामा आधुनिक कालको प्रारम्भ गर्ने श्रेय रुद्रराज पाण्डेको **रूपमती** उपन्यास (वि.सं.१९९१) लाई दिने गरिएको छ र संयोगले यो उपन्यास नारीकेन्द्रीसमेत रहेको छ । उपन्यास नारीकेन्द्री रहनु भनेको कृतिमा नारीका समस्यालाई मूल रूपमा उठाउनु हो भनेर बुझिन्छ । पुरुषलिखित पहिलो आधुनिक नेपाली उपन्यास **रूपमती**मा उपन्यासकार पाण्डेले अति आदर्श नारी पात्र रूपमती र अति अनादर्श नारी पात्र बरालपुत्रीलाई प्रस्तुत गरी अन्त्यमा बरालपुत्रीको पराजय भएको देखाएर रूपमतीको विजयमा आदर्श समाजको आफ्नो परिकल्पनालाई स्थापित गरेका छन् । नारीहरू असल पनि हुन्छन् भन्ने दृष्टिकोण प्रस्तुत गर्नु यस उपन्यासको अभीष्ट रहेको छ तर यो 'असल' भने सामन्ती समाजको महिलासम्बन्धी दृष्टिकोणसापेक्ष रहेको छ ।

रुद्रराज पाण्डेका **चप्पाकाजी** (वि.सं.१९९३) र **प्रायश्चित्त** (वि.सं.१९९५) नामक अन्य दुईवटा उपन्यास पुरुषकेन्द्री रहे तापनि चौथो उपन्यास **प्रेम** (वि.सं.२००५) भने प्रेम भन्ने नारी पात्रका नाममा नामकरण गरिएको उपन्यास हो । यसमा उक्त मूल नारी चरित्रको सहज चारित्रिक विकास देखाउन लेखक असमर्थ रहेका छन् तापनि तत्कालीन समय परिवेशका सन्दर्भमा नारी-शिक्षाको वकालत गरेर उपन्यास प्रकाशित गर्नु अत्यन्त सकारात्मक कुरा हो ।

लैनसिंह वाङ्देलद्वारा लिखित **मुलुकबाहिर** (वि.सं.२००३) उपन्यास रनबहादुर, माहिला भुजेल र दलबहादुर गरी तीनजना पुरुष पात्रका सेरोफेरोमा घुमेकाले पुरुषकेन्द्री जस्तो देखिए तापनि केन्द्रीय महत्त्व भने म्याउँची र मसिनी दुई नारी पात्रले पाएका छन् । नारीलाई दुःख दिने पुरुषले

अन्ततः दुःखद् अन्त्य नै भोग्नुपर्छ भन्ने सन्देश यस उपन्यासले दिएकाले यसले स्पष्ट नारी पक्षधरतासहित नारीका समस्यालाई प्रस्तुत गरेको देखिन्छ र समस्याको कारकका रूपमा भने पुरुषको अहङ्कार र समाजको सामन्ती मनोवृत्तिलाई लिइएको छ ।

डायमन सम्शेरको **वसन्ती** (वि.सं.२००६) नामक उपन्यास शीर्षकका कोणबाट हेर्दा नारीकेन्द्री देखिए तापनि उपन्यासको गुदीको मूल्याङ्कन गर्दा भने पुरुषकेन्द्री रहेको छ र यो नायक गगन सिंहको चारित्रिक विकासका सम्पूर्णतामा आधारित छ ।

मोहनबहादुर मल्लको **उजेली छामा** (वि.सं.२००८) नारीकेन्द्री उपन्यास हो तापनि यसले नारी जीवनका विविध समस्यालाई पर्गेल्न सकेको छैन । यस उपन्यासमा उजेली छामा र भिनाजुका बिच आकर्षण, आफू मरेपछि आफ्नो स्थानमा बसिदिन मरणासन्न दिदी पातलीको आग्रह र दिदीको मृत्युको निकै समयपश्चात् पनि भिनाज्यूले उसलाई पातलीको स्थान अर्पण नगर्दा भएको पीडा र आत्महत्याको प्रयास तथा उपन्यासका अन्त्यमा भिनाजुले पत्नीको स्थान प्रदान गरेको देखाई पत्नीत्वको प्राप्तिलाई नारी जीवनको विकल्पहीन लक्ष्यका रूपमा प्रस्तुत गरिएको छ ।

मोहनबहादुर मल्लकै अर्को उपन्यास **मायारानी** (वि.सं.२००९) पनि नारीकेन्द्री उपन्यास हो । यस उपन्यासमा बाहिरी संसार नदेखेर मात्र महिलाहरू आँटिला नभएका हुन्, परिआएका खण्डमा उनीहरू जे पनि गर्न सक्छन् भन्ने कुरा मायाका चरित्रबाट व्यक्त गरिएको छ । अबोध नवयुवती मायाले साहसपूर्वक सतीप्रथाका विरुद्ध सङ्घर्ष गरेकी छ तर त्यसै समाजमा टिकेर होइन किनभने त्यस बेलाको समाज आजको जत्तिको थिएन । यसैले उसले जति विद्रोह जनाउन सकी त्यो त्यत्ति थोरै होइन । मायाले पुरुषभेष गर्नु र नालापानीको युद्धमा साहसपूर्वक लडाइँ गर्नु उसको चारित्रिक उदात्तता हो र उसको चरित्रलाई उल्लेखनीय बनाउने एउटा प्रसङ्ग  पनि हो । उसको चरित्रमा जीवनवादिता देखाउनु नारीप्रतिको लेखकीय दृष्टिकोणको सकारात्मक पक्ष हो ।

हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** उपन्यास २०११ सालमा प्रकाशित भएको हो । यो नारीकेन्द्री मात्रै नभएर नारी पक्षधरतासहित लेखिएको उपन्यास हो । यस उपन्यासमा नारीत्वलाई सतीत्वभन्दा माथिको र व्यापक कुराका रूपमा प्रस्तुत गरिएको छ । सतीत्व नष्ट हुँदा नारीत्व बर्बाद भयो भन्ने नेपालीहरूको संस्कारमा रहेको दोष हटाएर नारीत्वको नयाँ परिभाषा अगाडि सार्ने काम यस उपन्यासले गरेको छ । यस उपन्यासको सहायक पुरुष पात्र विनोद बिटुलो मन ( देशद्रोही, समाजद्रोही) हुनुभन्दा बिटुलो शरीर हुनै बेस भन्छ । नेपाली उपन्यासको इतिहासमै नारीवादी सचेतता देखिएको यो पहिलो उपन्यास हो । यस उपन्यासमा देखिएको उक्त सचेतता स्वच्छन्दतावादी क्रान्तिकारिताद्वारा डोरिएको छ । महिलाका चौतर्फी समस्याका केन्द्रमा सिर्जित यस उपन्यासले ती समस्याहरूलाई नारीका व्यक्तिगत समस्याका रूपमा नभएर सामाजिक, राजनीतिक एवं राष्ट्रिय समस्याकै रूपमा लिएको छ ।

मोहनबहादुर मल्लको **समयको हुरी** (विंसं.२०१५) उपन्यास नारीका केन्द्रमा लेखिएको छ । यहाँ नारी शिक्षा, नारी स्वावलम्विता, नारी जागरण, नारीशिल्प आदि सन्दर्भको उठान गरिएको छ

र पद्मी सर्किनीप्रतिको उदार व्यवहारमार्फत जातीय छुवाछुतका विरुद्ध आवाज त उठाइएको छ तर कुनैले पनि सकारात्मक परिणति प्राप्त गरेका छैनन् । धनमती र विद्यामतीमार्फत पुरानै नारी आदर्शलाई दोहोऱ्याइएको छ । उपन्यासका अन्त्यमा पुरुषका पछाडि नेपथ्यमा बसेर उनीहरूकै शक्तिवृद्धि गर्ने कामलाई नै नारी-आदर्शका रूपमा प्रस्तुत गरिएको छ । सिङ्गो उपन्यासभरि जतिसुकै नारी उत्थानका कुरा गरे पनि उपन्यासका अन्त्यतिर प्रस्तुत भएको लेखकीय अभिव्यक्तिले नारीलाई जहाँको त्यहीँ थचारेको छ ।

**मन** २०१५ सालमा प्रकाशित उपन्यास हो र यसका उपन्यासकार लीलाध्वज थापा हुन् । प्रमुख नारी पात्रका नाममा रचित यो उपन्यास पूर्णरूपमा नारी समस्यामा केन्द्रित छ । ती समस्या पारिवारिक नभएर सामाजिक किसिमका छन् । **मन** महिलाका कोणद्वारा गरिएको समाजको पर्यवेक्षण हो । महिलाका दृष्टिले हेर्दा नेपाली समाज एकदम कुरूप छ । मन घरबाट भाग्नुमा पनि उसको आफ्नै भने कुनै दोष छैन । वर्षभरि घरबाहिर रहँदा उसले जुन भुक्तमान खपी तिनमा पनि उसको कुनै दोष छैन । उसलाई बरू एउटा गरिब सूचीकार बूढो काम लाग्यो, अरू काम लागेनन् । पुरुष त पुरुष भैहाले, 'नारीसेवा सङ्घ' भित्रका र बाहिरका नारीहरू समेत पनि नारीका विरुद्ध देखिएका छन् । नारी उत्पीडनका विषयहरू उहिले पनि र अहिले पनि सुखसुविधा, ऐशआराम, मानसम्मान भजाउने बाटो मात्र भएका छन् । जबसम्म उनीहरू स्वयं नै जाग्रत र जोधाहा हुँदैनन् तबसम्म समाजको यो कुरूपता कायमै रहनेछ भन्ने सन्देश यस उपन्यासबाट प्राप्त भएको छ । सतीत्व जोगाउने क्रममा मनको श्रम र समय एकदमै धेरै, लगभग पूरै खर्च भएको देखिन्छ । मनले सतीत्व किन जोगाई ? पवित्र रहन वा शोषित नहुन ? यसको उत्तर भने उपन्यासले दिएको छैन । सम्पूर्णमा यो नारीप्रति सकारात्मक दृष्टिकोण राखेर लेखिएको उपन्यास हो ।

**शान्ति** (वि.सं.२०१५) लीलाध्वज थापाद्वारा लेखिएको अर्को नारीकेन्द्री उपन्यास हो । यस उपन्यासकी मूल नारी चरित्र शान्तिमार्फत यस उपन्यासमा नारीहरू यौनका सन्दर्भमा कति शोषित-पीडित छन् भन्ने कुरा देखाइएको छ । सामाजिक/राजनीतिक परिवर्तनका लागि प्रयत्नरत युवक कमलका सहयोगले चौतर्फी ढङ्गले हैरान भएर आत्महत्याको समेत प्रयत्न गर्न पुगेकी शान्ति आफूलाई हैरान पार्ने त्यही कुसंस्कृत समाजलाई सुसंस्कृत पार्ने हिम्मत लिएर अगाडि बढेको देखाउनु उपन्यासकारको नारीप्रतिको सकारात्मक दृष्टिकोण हो । यस उपन्यासमा नारीका जीवनमा उज्यालो छर्न एक/दुईवटी नारीलाई सहयोग गरेर मात्र पुग्दैन, सामाजिक संरचनामा नै परिवर्तन गर्नुपर्छ र एक/दुईवटी नारीलाई सघाउन पनि छाड्नु हुँदैन भन्ने लेखकीय दृष्टिकोण प्रकट भएको छ । यस उपन्यासमा उपन्यासकारले नारी समस्याका केन्द्रीयतामा नेपाली समाजको मूल्याङ्कन गर्दै यसलाई अस्वस्थ ठहऱ्याएका छन् र यसको उपचार गर्न जरुरी छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । यसरी यस उपन्यासलाई सामाजिक रूपान्तरणको उद्देश्य बोकेको उपन्यासका रूपमा चिन्न सकिन्छ ।

**पूर्वस्मृति** (वि.सं.२०१६) लीलाध्वज थापाद्वारा लेखिएको नारी समस्यामा आधारित उपन्यास हो । यस उपन्यासमा पुँजीवादी दृष्टिकोणका कारणले जन्मिएका नारी समस्याको प्रस्तुति भएको

छ । १८ वर्षीया युवति (उत्तरा) र ५५ वर्षीय विधुर (मेजर गगन सिंह)का बिचको अनमेल वैवाहिक सम्बन्धका जगबाट यस उपन्यासका नारी समस्याहरू जन्मिएका छन् । त्यस अनमेल विवाहको जड सम्पत्ति हो । मेजर धनाढ्य भएकाले नवयुवतीसँग विवाह गर्ने अवसर पाएको थियो । सौतेनी नातामा गाँसिएका लगभग समवयस्क (आमा तीन वर्षले मात्र जेठी) आमाछोरीका बिचको सम्बन्धलाई यस उपन्यासले प्रस्तुत गरेको छ । यस उपन्यासको सम्पूर्ण समस्याको कारकका रूपमा सौतेनी आमा उत्तरालाई प्रस्तुत गरेर उक्त चरित्रमाथि भने अन्याय गरिएको छ । गौरीका कोणबाट हेर्दा नारीप्रति लेखकको सकारात्मक दृष्टिकोण देखिए तापनि उत्तराका कोणबाट हेर्दा भने उनमा नारीद्वेषी प्रवृत्ति देखिएको छ । उत्तरा त्यति क्रूर हुनुका पछाडि ऊ स्वयंभन्दा पनि नेपाली समाजको रीतिथिति र दृष्टिकोण दोषी छ भन्ने कुराको उल्लेख यस उपन्यासमा नहुनु लेखककै कमजोरी हो ।

गोविन्द मल्ल गोठालेको **पल्लो घरको झ्याल** (वि.सं.२०१८) उपन्यास नारीको मनोवैज्ञानिक समस्यामा आधारित छ । सिङ्गो उपन्यास नारीमाथि रचिएको हिन्दू संस्कृतिसँगको नारीको द्वन्द्व हो जसमा संस्कृतिले हारेको छ । प्रस्तुत उपन्यास नारीलाई स्पष्ट अभिव्यक्तिको अवसर नहुनु, हरेक कुरामा हरेकसँग डर र आतङ्क मात्रै हुनु, स्वनिर्णय गर्नसक्ने अधिकारबाट बञ्चित हुनुका धरातलमा रचिएको छ । यसैले यस उपन्यासकी नायिका मिसरीको कुण्ठित मनोदशाको विश्लेषण नै यसको मूल भावभूमि बनेको छ। यस उपन्यासको उद्देश्य नेपाली नारीका जीवनको यथास्थितिको चित्रण गर्नु मात्र हो । उपन्यासमा मिसरी पोइला जानु र नजानु उत्तिकै स्वाभाविक देखिन्छ । असचेत रूपमा भए पनि नारीमा अस्मितापे्रम त भई नै हाल्छ । आधा आङ् मात्रै ढाकिँदा पनि र आधा पेट मात्रै भरिँदा पनि ऊ सुखबोध गर्न सक्छे यदि उसको अस्तित्वको कदर भएको छ भन्ने उसले अनुभव गरेकी छ भने तर भौतिक ऐश्वर्यको जति नै उपभोग गरे पनि अस्तित्वको कदर भएन भन्ने उसलाई लाग्यो भने ऊ सुखबोध गर्न सक्तिन । मिसरीले पनि विवाह गरेर गएको घरमा सुखबोध गर्न सकेको देखिँदैन । मिसरीको कथा एकादेशको कथा होइन । नेपालको जस्तो सामन्ती संस्कार भएको समाजमा नारीहरू पिल्सिने यसै गरी हो । यसैले मिसरी अवास्तविक चरित्र होइन । यस उपन्यासमा मिसरीले आफ्नो स्थितिको प्रतिकारका निम्ति असचेत प्रयत्न मात्र गरेको देखिएको छ र नारीवादी कोणबाट हेर्दा यो पर्याप्त छैन ।

**अनुराधा** (वि.सं.२०१८) विजय मल्लको नारीकेन्द्री उपन्यास हो । यो उपन्यास प्रमुख पात्र अनुराधाका जीवनका समस्याका सेरोफेरोमा घुमेको छ । नेपालको जस्तो सङ्कीर्ण समाजमा नारीले स्वअस्तित्वको जगेर्ना गर्न खोज्दा यस्तै तीतो यथार्थ भोग्नुपर्छ। हिजोको मात्रै होइन, आजकै समाज पनि त्यस्तै छ । उचित शिक्षा र देशविदेशको भ्रमणले पनि समाजको सङ्कीर्णता हटाउनु त परै जाओस्, सुधारसम्म पनि देखिएको छैन । अनुराधा स्वअस्तित्वप्रति सचेत छ, निकै नै सचेत छ । यस उपन्यासको चुरो अर्थात् सर्वाधिक महत्त्वपूर्ण पक्ष नै यही हो । पितृसत्तात्मक समाजमा महिलामा रहेको सचेतता यसरी नै दुर्घटित हुनेगर्छ । **अनुराधा** समाजप्रतिको नारीविद्रोह त पक्कै हो । अनुराधाको विद्रोहले सही मार्गदर्शन पाएको भए यो उत्कृष्ट नारीवादी उपन्यास पनि बन्न सक्ने थियो । यस विद्रोहले सही आकार लिन सकेको छैन । यस उपन्यासमा नायिका स्वयं नष्ट

हुनुसिवाय अर्को सही परिणति देखा परेको छैन । उपन्यासमा अनुराधालाई मनोरोगी देखाउँदा नै उसको नारी व्यक्तित्व दुर्घटित हुन पुगेको  हो । व्यक्तित्वप्रति सचेत नारीहरूको हविगत यस्तै हुन्छ भन्ने एक ढङ्गको मनोवैज्ञानिक विष छर्ने काम पनि यस उपन्यासमा उपन्यासकारको असचेततामा नै हुन पुगेको छ । यति भएर पनि महिलाका कोणबाट हेर्दा यो महत्त्वपूर्ण उपन्यास हो । एक त लगभग पाँच दशकअगाडि लेखिएको, त्यसमाथि एकजना पुरुष लेखकद्वारा लेखिएको उपन्यासले नारी अस्तित्वका कुरालाई नारीकै केन्द्रीयतामा यत्तिको सशक्त ढङ्गले उठाउनु सकारात्मक कुरा हो । आजकै समयका सबै पुरुष लेखकले (सबै महिला लेखकले पनि) नारी अस्मितालाई यत्तिकै मात्र पर्गेल्न सके भने समाजको परिवर्तन हुन कत्तिबेर पनि लाग्ने थिएन । पाश्चात्य जगत्मा नारीवादी सैद्धान्तिक चिन्तनको उदय भएताका लेखिएको यस उपन्यासमा पनि आफ्नै किसिमको नारीवादी चेतना व्यक्त भएको छ  जसलाई मनोविश्लेषणात्मक धारामा राख्न सकिन्छ ।

धुस्वाँ सायमीको नारीकेन्द्री उपन्यास हो **गंकी** (वि.सं.२०२१) जसमा नायिकाको नाम कतै पनि उल्लेख गरिएको छैन । सुकुचा भन्ने पात्रले उसलाई 'नानी' भनेर सम्बोधन गरेको छ, बस् । पितृसत्तात्मक समाजमा नारी स्वयं बिग्रने क्षमताले युक्त हुन सक्तिन । सप्रने कुरा त परै जाओस्, बिग्रने स्वायत्तता समेत पनि उसमा हुँदैन । ऊ त समाजकी कठपुतली बनेकी हुन्छे जहाँ उसको स्वेच्छाको सम्भावना नै हुँदैन । मातापिताबाट उचित अनुशासन, सुरक्षा र शिक्षा प्राप्त गर्न सकेकी भए यस उपन्यासकी प्रमुख नारी पात्रको जीवनको रूप पनि अर्कै हुन सक्थ्यो । यति हुँदाहुँदै पनि नारी बिग्रँदा दोष नारीले नै पाउने गर्छे जुन नारी जीवनको ठूलो बिडम्वना हो । 'नानी' सुकुमार गृहस्थ बन्ने चाहना रहँदारहँदै पनि वेश्या बन्न पुगेकी छ  । उसको यौवनका सुललित स्वप्नहरूले उचित मार्ग नपाउँदा जीवन तहसनहस बन्न पुगेको छ। सामाजिक अनुशासनको खुकुलो बन्धनमा बाँधिएको पुरुषले उसलाई सुमधुर जीवन बाँच्ने सम्भावनाबाट च्युत बनाइदिएको छ । आफ्नो पिताको उमेरको मदन बाबाट १२ वर्षको उमेरदेखि नै शोषित हुन थालेकी नानी अन्ततोगत्वा गर्भवती हुनपुग्छे र सन्तानेच्छुक अर्को बूढोसँग मदन बाकै बन्दोबस्तले वैवाहिक बन्धनमा बाँधिन पुग्छे । यसरी ऊ धेरैजनाबाट शोषित हुन्छे । आमा र भाइको जीविकाका लागि ऊ बाध्य भएर भट्टी पसल खोल्छे जुन प्रकारान्तरले वेश्यालयमा परिणत भइसकेको हुन्छ । पछि आमा मर्छे, उसको बैंस निखिन्छ र भाइ आत्मनिर्भर हुन्छ, आफूलाई साँच्चै स्नेह गर्ने सुकुचा पनि ज्यान मारेर जेल पर्छ र उतै मर्छ, भाइको परिवारका आँखामा ऊ बिझाउन थाल्छे । यसपछि नानीलाई जीवन साँच्चिकै बोझ बन्न पुग्छ । यस उपन्यासमा नारीको स्वमार्गनिर्देशित हुन नसक्ने यही मार्मिक अवस्थाको उद्घाटन हुन पुगेको छ । यो नारीकेन्द्री मात्र नभई नारीपक्षीय उपन्यास पनि हो तर यसमा नारीका पक्षको विद्रोह भने प्रकट हुन सकेको छैन ।

**सबै बिर्सिएका अनुहारहरू** (वि.सं.२०२४) परशु प्रधानको नारीकेन्द्री उपन्यास हो । यस उपन्यासकी प्रमुख नारी पात्र तुलसा केही कक्षा पढेकी गाउँकी सोझी केटी हो । एक्ली विधवा बाहुनी आमाकी बालविधवा छोरी तुलसा अनेकन् सामाजिक लक्ष्मणरेखा रहँदारहँदै पनि एउटा तल्लो जातको केटा (ठूलोकान्छा)सँग आशक्त हुन्छे । सपना देख्न र देखाउन सजिलो हुन्छ तर

जिम्मेवारी बहन गर्न कठिन हुन्छ। प्रेमको जिम्मेवारी बहन गर्नबाट पुरुष सजिलै मुक्त हुनसक्छ तर नारी शारीरिक प्रकृतिले गर्दा जिम्मेवारीमुक्त बन्न सक्तिन। त्यसैले पुरुषहरू आफ्नो शारीरिक प्रकृतिले दिएको सहुलियतको फाइदा खुब उठाउँछन् र नारी आफूसँग गर्भाशय भएका कारणले एक्लै अचानोमा रेटिन्छे। यस उपन्यासमा यस्ता अनेकन् घटना प्रस्तुत भएका छन्। प्रेम एउटा पासो थाप्छ र नारी सधैं पासोमा अल्झिरहन्छे। उपन्यासमा सृष्टिका प्रति नारीको योगदान अतुलनीय रहेको कुरा त स्विकारिएको छ तर त्यस सृष्टिप्रतिको प्रथम स्वामित्व पनि नारीकै हुनुपर्छ भनेर चाहिँ तुलसाले कतै पनि उच्चारण गरेकी छैन। यो यस उपन्यासको उपन्यासकार पुरुष हुनुको परिणाम हो। ठूलो कान्छाद्वारा त्यागिएर र अनेक पुरुषद्वारा भोगिएर पनि ऊ प्रथम प्रेम (ठूलोकान्छा) प्रति समर्पित छ। उसको अस्तित्वमा ऊ आफू छैन, ठूलो कान्छा मात्रै छ। नारी चेतनाका दृष्टिले तुलसा शून्य छ। उसले आफ्नो छोरो विजयलाई जीवन दिएको मातृत्वको रक्षाका निम्ति समाजसँग लड्ने हिम्मत जुटाएर नभई ठूलो कान्छाको पूर्वप्रेम प्रतिको समर्पणले मात्र हो।

**तीन घुम्ती** (वि.सं.२०२५) विश्वेश्वरप्रसाद कोइरालाको नारी समस्याप्रधान उपन्यास हो। यसकी प्रमुख नारी पात्र इन्द्रमायाले आफ्ना जीवनमा लिएका तीनवटा निर्णयका केन्द्रमा यो उपन्यास उभिएको छ। पहिलो कुरा त इन्द्रमायाले के निर्णय लिई त्यो ठूलो कुरा होइन। ऊ यसभन्दा बहुजनहिताय अरू गरिमामय निर्णय पनि लिन सक्थी। यस्तो सामाजिक परिवेशमा पनि उसले आफ्नो विवेकले ठीक ठहऱ्याएको कुराको निर्णय लिई, त्यो महत्त्वपूर्ण पक्ष हो। सबै महिलामा यस्तै आत्मबल हुने हो भने समाजले काँचुली फेर्न धेरै समय लाग्नेछैन। समाजेच्छाभन्दा व्यक्ति इच्छा ठूलो मान्ने विश्वेश्वरले इन्द्रमायालाई पनि आफ्नै आदर्शअनुकूल प्रस्तुत गरेका छन्। ऊ सामाजिक मान्यताहरूका विरुद्ध निरन्तर सङ्घर्षरत छ। ऊ समाजमा नवीन मान्यता स्थापित होस् वा नहोस्, त्यो ख्याल गर्दिन तर स्वयं भने आफ्नो अहंमा आघात पुग्ने मान्यतालाई सजिलै लत्याइदिन्छे। जीवनका सम्बन्धमा उसका आफ्नै स्थापनाहरू छन्। जातीय बन्धन चुँडालेर नेवारकी छोरीले ब्राह्मण युवकसँग प्रमेविवाह गर्नु, परपुरुषसँग आत्मिक एवं दैहिक सम्बन्ध गाँसेर गौरवका साथ मातृत्व हासिल गर्नु र समाजले अवैध मानेको सन्तानका निम्ति वैवाहिक जीवन परित्याग गर्नु उसका तीन निर्णय हुन्। इन्द्रमायाले निर्णय लिई, दरो मुटुले लिई र लिइसकेका निर्णयमा कहिल्यै पछुताइन यद्यपि प्रत्येक निर्णयले उसको जीवन खण्डित हुन पुगेको थियो। उसको पहिलो निर्णयमा त खासै विशिष्टता झल्कन्न तर दोस्रो र तेस्रो निर्णय भने विशिष्ट छन्। नेपालको जस्तो सङ्कुचित समाजमा बसेर नारीले अस्मिताबोध गर्नु र त्यसलाई बचाउने प्रयत्न गर्नु लगभग एउटा दुर्घटना नै हो जुन दुर्घटना इन्द्रमायाले बेहोरेकी छ। जीवनको सुख गुमाएर पनि उसले अस्मितालाई बचाएकी छ। सतीत्व र मातृत्वका उसका आफ्ना छुट्टै परिभाषा छन्। उसले जीवनसुखको बाजी थापेर पनि जीवनमाथि लादिने दासत्व बोक्न अस्वीकार गरेकी छ जुन उसको चरित्रको सर्वाधिक विशिष्ट पक्ष हो तापनि समाजोत्तरदायी नहुनाले सो विशिष्टता विशिष्ट नै भने हुन सकेको छैन।

**छेकुडोल्मा** (वि.सं.२०२६) मञ्जुल राल्फाको उपन्यास हो जसमा छेकुडोल्मा नामकी तामाङ युवतीलाई विषयवस्तुको केन्द्र बनाइएको छ । ऊ नै यस उपन्यासमा प्रमुख पात्रका रूपमा आए पनि ऊ कुनै प्रत्यक्ष भूमिकामा नभई सम्बोधितका रूपमा मात्र प्रस्तुत छ । यसमा उपन्यासकार नै 'म' पात्रका रूपमा सक्रिय छन् । छेकुडोल्मासँगका सम्पर्कमा उनमा उब्जिएका मनोभावहरू नै यस उपन्यासको कथ्य हो । आत्मसमर्पण गर्नुपर्ने भयले विवाहसमेत अस्वीकार गर्ने अपराजित नारीका चरित्रबाट उसप्रति एकतर्फी प्रेमभाव राख्ने पुरुष कसरी र कति आहत हुन्छ भन्ने कुराको खुलासा मञ्जुलले यस उपन्यासमा गरेका छन् । सस्तो प्रेमका अगाडि नझुक्ने छेकुडोल्माको चरित्रचित्रणले नारीको बलियोपनकै परिचय दिएको छ ।

**चेतनाको पहिलो डाक** (वि.सं.२०२७) खगेन्द्र सङ्ग्रौलाको नारीकेन्द्री उपन्यास हो । एउटा गरिब घरकी छोरी लीलु समाजका धनीमानीबाट कसरी शोषित-पीडित भएकी छ भन्ने कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । लीलु आफूमाथिको उत्पीडनकै कारणबाट महिलाहरू कसरी विस्तारै जुझारु बन्दै जान्छन् भन्ने कुराको उदाहरणस्वरूप प्रस्तुत भएकी छ । समाजका सङ्गठित अपराधीका विरुद्ध जुध्नका लागि पनि सङ्गठन नै चाहिन्छ भन्नु र समाजका तमाम अपराधका विरुद्ध जुध्न आफ्ना सवर्गीय बन्धुहरूसँग मिलेर सङ्गठित हुनु अनि नारीमुक्तिको भावनालाई सामाजिक मुक्तिको भावनासँग एकाकार गर्नु नै यस उपन्यासको विशिष्टता हो । यी सब कुराहरूका निम्ति सक्रिय अग्रसारिता महिलाबाट भएको देखाउनु नारीपक्षीय कोणबाट हेर्दा सबभन्दा महत्त्वपूर्ण कुरा हो ।

**नारी** (**वि.सं.२०२८**) तोयनिधि पौडेलद्वारा लिखित नारीकेन्द्री उपन्यास हो । यस उपन्यासकी प्रमुख नारी चरित्रको नाम सावित्री हो जो दुईपटक श्रीमान्को घरबाट निष्काशित भएकी छ- पहिलो पटक सासूद्वारा र पछिल्लो पटक श्रीमान्द्वारा । नारीका जिम्मामा परेका सम्पूर्ण घरेलु जिम्मेवारी पूरा गर्न त ऊ तयार छ तर स्वाभिमानमा ठेस लाग्ने वचन भने खप्न सक्तिन । यही कारणले पहिलो पटक १५ वर्ष श्रीमान्बाट टाढा बसी । पछि कान्छी श्रीमती मरेपछि उसका छोराछोरी स्याहार्न सावित्रीलाई फर्काएर ल्याइयो । पछि फेरि श्रीमान्ले वचन लगाएपछि उसले घर छाडेर हिँडेपछि उसको श्रीमान्ले बल्ल उसको पहिचान पायो र घर फर्काएर ल्यायो । यस उपन्यासमा सावित्रीका अतिरिक्त अन्य सत् र असत् दुईथरिका नारीको चित्रण गरी सत् पक्षको विजय भएको देखाउँदै **रूपमती**का परिपाटीको आदर्शको स्थापना गर्ने लक्ष्य राखिएको छ । नारी जतिसुकै कर्तव्यपरायण तथा सहनशील भए पनि स्वाभिमानप्रति भने सचेत रहनैपर्छ भन्नु नै यस उपन्यासको सन्देश हो ।

**थाकेको आकाश** (वि.सं.२०३४) दौलतविक्रम विष्टद्वारा लेखिएको उपन्यास हो । यसको शीर्षकले उपन्यासको 'म' पात्रलाई सङ्केत गरेको छ  तापनि यसकी प्रमुख नारी चरित्र सुकीर्ति पनि शीर्ष भूमिकामा नै छ । सर्सर्ती हेर्दा सुकीर्ति परित्यक्ता हो र 'म' पात्र उसलाई गर्भवती बनाएपछि त्याग्ने मान्छे हो । त्याग्ने मानिस उल्टै पराजित मनस्थितिमा पुगेको छ, उसको आकाश थाकेको छ तर सुकीर्ति सधैं विजयीको भावमा देखा परेकी छ । उसको अट्टहासले उसको स्वाभिमानको रक्षा गरेको छ । ऊ आफ्नो दुःख आँसुले देखाएर करुणाकी पात्र बन्न रुचाउँदिन । उसको मुक्त

हाँसोलाई कारण देखाएर प्रेमीले त्यागिसकेपछि पनि ऊ निराश भएर हाँसोको त्याग गर्दिन । बरु त्यही हाँसोलाई नै सुखको साथी र दु:खको आवरण बनाउँछे। व्यङ्ग्य प्रहार गर्नु उसको स्वाभिमानरक्षा गर्ने अर्को किल्ला हो । यसैले सुकीर्ति नझुकेको नारी स्वाभिमान हो । यसैले ऊ गौरव गर्न लायककी नारी चरित्र हो । ऊ अन्यायीका अगाडि नदब्ने अनुकरणीय चरित्र हो ।

**आरम्भ** (वि.सं.२०३९) नन्दराम लम्सालद्वारा लेखिएको वर्गीय चेतनायुक्त उपन्यास हो । यस उपन्यासमा निम्न वर्गीय व्यक्तिको श्रमप्रतिको श्रद्धा, सङ्घर्षशीलता र स्वाभिमानलाई प्रस्तुत गरिएको छ र ती कुराको प्रतिनिधित्व 'नानी' नामकी नारी पात्रद्वारा गराइएको छ । निम्न वर्गीय नारीहरूले भोग्नुपर्ने दोहोरो शोषणको कुरालाई यस उपन्यासले नानीमार्फत राम्रैसँग प्रष्ट पारेको छ । नानी गाउँकी सामान्य साक्षर नवयुवती भएर पनि पितृसत्तात्मक संस्कारको माखेजालोको डटेर मुकाबिला गर्छे । उसमाथि आइलागेका घातहरूले नै उसलाई बलियो बनाइदिएका छन् र विस्तारै ऊ आन्दोलनहरूमा पनि संलग्न हुन थालेकी छ। नारी चरित्रलाई शाब्दिक अभिव्यक्तिभन्दा पनि कार्यव्यापारबाट प्रकाश पार्ने शैलीलाई अँगालेकाले यस उपन्यासमा नारी अस्मिताजन्य अभिव्यक्ति खासै भेटिँदैनन् तापनि नानीको प्रतिभा र आत्मबलको प्रशंसा गरेर अरू नारीलाई पनि त्यस्तै बन्ने सन्देश दिन भने यो उपन्यास चुकेको छैन । सामाजिक परिवर्तनका निम्ति नारीको सशक्तीकरण आवश्यक छ र त्यसका निम्ति पहिलो पहल नारीले नै गर्नुपर्छ भन्नु नै यस उपन्यासको सार हो ।

**रश्मि** (वि.सं.२०३९) बमप्रसाद श्रेष्ठद्वारा लिखित नारीकेन्द्री उपन्यास हो । यो उपन्यास यस उपन्यासकी प्रमुख चरित्र रश्मिकै जीवनको सङ्घर्षको कथा हो । रश्मिले आफ्नो व्यक्तित्वको विकास गर्ने सिलसिलामा नेपालको सामन्ती समाज एवं सामन्ती संस्कार बोकेका आफ्नो श्रीमान्को परिवारका महिला र पुरुषसँग के कसरी जुध्नुपर्‍यो भन्ने कुरा यस उपन्यासमा स्पष्टसँग व्यक्त भएको छ । महिला पक्षधरता अँगालिएका अभिव्यक्ति पनि यस उपन्यासमा निकै भेटिन्छन् । श्रीमान्बाट प्यार पाउनु र छोरा पाउनुमा मात्र महिलाको जीवन सीमित छैन भनिएको यस उपन्यासमा बाहिरी जिम्मेवारी बढेपछि ती जिम्मेवारीमा महिलालाई सबल बनाउन घरभित्रको जिम्मेवारी घट्नुपर्छ भन्ने अभिव्यक्ति पनि दिइएको छ। पुरुषलाई ध्वंसात्मक र नारीलाई रचनात्मक मान्ने उपन्यासकारले पुरुषले बाहिरबाट एक लाख कमाएर ल्याए असल गृहिणी घर बसी-बसी तीन लाख कमाउँछन् भनेर लेख्छन् । उपन्यासकार बाबुको रगतलाई आफ्नो रगत मान्ने सामन्ती मानसिकतालाई चुनौती दिँदै आमाको रगत चाहिँ आफ्नो हुने धारणा राख्छन् । रश्मिलाई पनि श्रीमान्को मृत्युपछि श्रीमतीले आफ्नो जीवनलाई सजाइराख्ने कुराको विरोध गर्न लगाइएको छ । नारीप्रति लेखकीय दृष्टिकोण यति उच्च रहेर पनि रश्मिलाई सङ्घर्षबाट भागेर आत्महत्या गर्न अग्रसर भएको देखाउनुले नारीपक्षीय सबै अभिव्यक्तिमा ग्रहण लगाइदिएको छ ।

**स्नेहलता** (वि.सं.२०४०) पुष्पनाथ शर्माको महिलाकेन्द्री सामाजिक उपन्यास हो । नारीहरू आफ्ना परिवारका पुरुषसरह पनि र नारी भएका नाताले छुट्टै पनि गरी दोहोरो शोषणमा कसरी पर्छन् भन्ने कुराको विश्लेषण यस उपन्यासमा गरिएको छ । स्नेह साह्रै सङ्घर्षशील त्यागी नेपाली नारी हो । एक्ली नारीलाई समाजमा टिक्न कठिन हुन्छ तापनि स्नेहले पहिरोजस्तो छाती पारेर

गाउँमा एक्लै सङ्घर्ष गरेर, कठोर परिश्रम गरेर श्रीमान्लाई पढ्न काठमाडौं पठाएकी छ। श्रीमान् कुसङ्गतले बिग्रन्छ। ऊ त्यो पिरसमेत बोकी छोरालाई एक्लै पालनपोषण गरेर शिक्षासमेत दिलाउँछे र इन्जिनियर बनाउन विदेशमा पढ्न पठाउँछे। स्नेहलतामा अनुकरणीय चारित्रिक गुण विद्यमान छ। नेपाली उपन्यासमा यस्ता सबल नारी चरित्र भेटिनु उल्लेखनीय कुरा हो। नारी जतिसुकै कर्मठ र दरी भए तापनि समाजलाई ऊ स्वाभिमानपूर्वक बाँचेको सह्य हुँदैन। समाज हरतरहले नारीको तेजोबध गर्न प्रयत्नशील हुन्छ र स्नेह यसै प्रयत्नको सिकार भएकी छ। नारीको तेजको मात्रै बध गर्न नसकेकाहरूले उसको जीवनकै बध गर्छन्। स्नेहलता यसरी नै मारिएकी हो। यसरी यस उपन्यासमा सङ्घर्षशील अल्पशिक्षित नारीको दोहोरो सङ्घर्षको कथा-व्यथालाई प्रस्तुत गर्दै अन्ततः स्नेहलाई एउटी स्पातिली नारीका रूपमा अगाडि सारिएको छ।

**बिहानको खोजी** (वि.सं.२०४२) पुष्पनाथ शर्माद्वारा लिखित नारीकेन्द्री नारी नारी समस्यापरक सामाजिक उपन्यास हो। महिलाका जीवनमा सर्वत्र समस्या मात्रै हुन्छन् भन्ने कोणबाट लेखिएको यस उपन्यासमा नारी-समस्यालाई मूल रूपमा दुई स्वरूपमा देखाइएको छ-विवाहित नारीका समस्या र अविवाहित नारीका समस्या। उपन्यासकारको रुचि यीमध्ये पनि अविवाहित नारीका समस्यालाई बढी प्राथमिकताका साथ प्रस्तुत गर्नमा झल्किएको छ। त्यसमा पनि सामन्तवादी आचारसंहिता नारीका निम्ति कति कष्टकर हुन्छ भन्ने कुराको प्रस्तुति यस उपन्यासमा भएको छ। अविवाहित नारीले वेश्या कहलिनलाई वेश्या भएकै हुनुपर्छ भन्ने जरुरी छैन। उसलाई चरित्रहीन संज्ञा दिन समाजको मौखिक लाञ्छना नै पर्याप्त हुन्छ। यस उपन्यासमा रमा नामकी नारी पात्र खडा गरेर नारी जीवनका समस्यालाई उसका वरिपरि ठड्याइएको छ। रमा समस्या सहन्छे मात्रै, प्रतिकार गर्दिन। अन्त्यमा सहन पनि नसक्ने भएपछि घर छाडेर हिँड्छे। आत्महत्याको मनस्थितिमा पुगिसकेर पनि फेरि नयाँ बिहानको खोजीमा नदीका किनारैकिनार हिँडिरहन्छे। आफूमाथिको सङ्गठित अपराधका विरुद्ध सङ्गठित सङ्घर्ष गरेर मात्र नयाँ बिहान आउनसक्छ भन्ने कुराको सोच रमामा फिटिक्कै छैन। रमा बाटैबाटो हिँडेर नयाँ बिहानी ल्याउन खोज्छे। नारीका जीवनको नयाँ बिहानीको अपेक्षा त उपयुक्त कुरा हो तर यस उपन्यासमा त्यसको प्राप्तिका निम्तिको प्रयत्न भने सही देखिएको छैन। रमामा विद्रोहीपन नदेखाइएकैले सो प्रयत्न सही हुन नसकेको हो। अलिकति बढी नारी अस्मितासम्बन्धी सचेतता लेखकमा भएको भए यो उपन्यास नारीवादी बन्न सक्थ्यो तर यस उपन्यासमा सो सम्भावना खेर गएको छ।

**अग्निगर्भ** (वि.सं.२०४२) धुस्वाँ सायमिको नारी समस्यापरक उपन्यास हो। यसमा सामाजिक प्रपञ्चलाई नारीका समस्याका रूपमा देखाइएको छ। नारी आफू जस्तो बन्न चाहन्छे त्यस्तो बन्न पाउँदिन। समाजले उसलाई जस्तो बनाउन चाहन्छ उसले त्यस्तै बन्न विवश र बाध्य बन्नुपर्छ। आफ्नो प्रेमीलाई शरीर सुम्पन मन नगर्ने कमला अन्त्यतः वेश्यामा परिणत हुनु नारीको त्यही विवशताको कथा हो। यस उपन्यासमा छातीमा भर्भराउँदो अग्नि बोकेर पनि बाहिर शीतल देखिनैपर्ने विवशता नारीका जीवनमा लादिएको छ भन्ने कुराको उत्खनन भएको छ। पैतृक सम्पत्तिमा महिलाले पनि अधिकार पाए यस्ता समस्या केही कम हुने थिए भन्ने झिनो आवाज

यसमा उठाइएको छ। कमला समाजलाई बदल्ने प्रयत्न गर्दिन तर उल्टै आफू चाहिँ समाजको इच्छानुकूल बदलिन्छे र यस उपन्यासको फितलोपन पनि यहींनिर देखिएको छ। नारीत्व र सतीत्व एउटै कुरा होइन भन्ने चाहिँ उपन्यासकारले बुझेका छन्।

**तक्दीर** (वि.सं.२०४२) पुण्य निरौलाको नारीकेन्द्री उपन्यास हो। यस उपन्यासकी प्रमुख नारी चरित्र देवकी  ग्रामीण नारीहरू विनाप्रतिरोध र विनाप्रतिशोध आफूमाथिको अन्यायलाई कतिसम्म खप्न सक्छन् भन्ने कुराको सीमान्त उदाहरण हो। यहाँभन्दा पर सहनुको अर्को कुनै सीमा नै हुँदैन। यो नारी जीवनको यथास्थितिको चित्रण गर्ने उपन्यास हो। ठाउँ-ठाउँमा नारीविद्रोह र चेतनाले चिहाउन खोजे पनि सो प्रयत्न सफल भएको देखिँदैन। जीवनमा आइपरेका सम्पूर्ण दुःख र पीडालाई झेल्दै जानु नै नारीका जीवनको नियति हो भन्ने कुरा पुष्टि गर्नकै निम्ति नै उपन्यासको शीर्षक तक्दीर राखिएको छ।

**पार्वती** (वि.सं.२०४३) पुण्य निरौलाद्वारा लेखिएको उपन्यास हो जसमा अनमेल विवाहको सिकार बनेर अनकेन् समस्या झेल्न बाध्य भएकी पार्वतीलाई प्रमुख पात्र बनाइएको छ। समाजमा रहेको महिलालाई भोग्याका रूपमा हेर्ने दृष्टिकोणलाई यस उपन्यासमा महिलाको सबैभन्दा ठूलो समस्याका रूपमा प्रस्तुत गरिएको छ। यथार्थवादी प्रस्तुति रहेको यस उपन्यासकी प्रमुख नारी चरित्र पार्वतीलाई श्रीमान्बाट अंश प्राप्त गरेपछि दरी भएको देखाएर यस उपन्यासले सम्पत्तिमाथिको महिलाको अधिकारहीनता नै महिलाका जीवनका अनगिन्ती समस्याको स्रोत रहेको कुरातर्फ सङ्केत गरेको छ र यो उपन्यासकारको उचित ठम्याइ हो।

**अनिता** (वि.सं.२०४३) डायमन सम्शेरद्वारा लिखित २००७ सालको परिवेशकी एउटी नारीको कथा हो। यस उपन्यासमा सामान्य नारी पक्षधरता मात्र देखिएको छ। नारीशिक्षाको पक्ष लिँदै शिक्षाको अवसर पाए नारीहरू पनि राम्रो-नराम्रोको छ्यानविचार गर्न सक्ने हुन्छन् भन्ने कुरालाई शिक्षित अनिताले दरबार पसेर विलासिताको साधन बन्ने कुराको विरोध गरेको कुरामार्फत प्रस्तुत गरिएको छ। महिलाको राजनीतिक सक्रियताको समर्थन गर्दै संस्कारले महिलालाई असहाय बेकम्मा बनाएको कुरालाई यस उपन्यासले अगाडि सारेको छ। महिलाले प्रतिभा प्रदर्शन गर्नु र पुरुषले जेलनेल भोग्नुलाई बराबरी सम्झने उपन्यासकारले मातृत्व अधिकारको रक्षा हुनुपर्ने कुरा अघि सार्न पनि बिर्सिएका छैनन्।

**अध्यक्षा उमा** (वि.सं.२०४४) पूर्णप्रसाद ब्राह्मणको नारीकेन्द्री उपन्यास हो। उमालाई केन्द्रीय नारी चरित्र बनाइएको यस उपन्यासमा महिलाहरूको हितका निम्ति महिलाहरू नै सुशिक्षित, जाग्रत र सङ्गठित हुनुपर्छ भन्ने धारणा अघि सारिएको छ। त्यसका साथै सङ्गठनभित्र महिलाले बेहोर्नुपर्ने समस्यालाई पनि यहाँ प्रस्तुत गरिएको छ। घर बाहिरका काममा महिलाले प्राप्त गरेको सफलता पुरुषका लागि कतिसम्म बिझाउने हुन्छ भन्ने तथ्यलाई पनि यस उपन्यासले अगाडि सारेको छ। त्यसका साथै महिलाको आपसी ईर्ष्या कति खतरनाक हुन्छ भन्ने कुरा प्रस्तुत गर्न पनि उपन्यासकारले बिर्सिएका छैनन्। यस उपन्यासमा नारी जागरणको कुरा त खुलेरै गरिएको छ तर लैङ्गिक समानताको भने ख्याल गरिएको छैन। यहाँ श्रीमान् सधैं पूज्य र

श्रीमती सधैं पूजक हुन्छन् भन्ने धारणा अघि सारिएको छ । उपन्यासमा नारीले घरभित्र सेविकाको धर्म कुशलतापूर्वक निर्वाह गर्नुपर्छ भन्ने सन्देश दिइएको छ । नारीले आफ्ना रक्तसम्बन्धीलाई भन्दा श्रीमान्का रक्तसम्बन्धीलाई आत्मीय ठान्नुपर्ने अर्ति दिइएको छ । यहाँनिर लेखक पुरुष हुनुको अहं बोलेको छ । यति हुँदाहुँदै पनि पूर्वीय कतिपय नारीद्वेषी सन्दर्भको आलोचनासमेत गरिएको यस उपन्यासमा नारी पक्षधरता भने प्रशंसायोग्य छ ।

**शिखर** (वि.सं.२०४५) सूब सेनको पञ्चायती कालरात्रिको सामाजिक आन्दोलनको कथा बोकेको उपन्यास हो । यसको केन्द्रीय चरित्र शिखर नामक पुरुषलाई बनाएको भए तापनि महिला समस्या र सामर्थ्यलाई साह्रै प्रेरणादायी रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासले महिलाको उन्मुक्तिका लागि सङ्गठित आन्दोलनको जरुरत पर्छ र त्यसलाई राष्ट्रिय आन्दोलनसँगै गाँसेर अगाडि बढाउनुपर्छ भन्ने सन्देश दिएको छ । यस उपन्यासले नारीले स्वयं नै आफूभित्रको ऊर्जालाई प्रकाशित गर्नुपर्छ, आफू-आफूमा बलियो एकता कायम गर्नुपर्छ, आत्मविश्वासलाई आफैले जाग्रत गर्नुपर्छ, महिलाले दृढ निश्चय गर्न सकेमा उनीहरूलाई कसैले पराजित गर्न सक्तैन, महिलाको सहयोगविना कुनै पनि सफलता हासिल हुन सक्तैन, महिलाहरू यौनका पर्याय होइनन् भन्ने कुरालाई अघि सारेको छ । यसले महिला आन्दोलन दमन गर्न अग्रसर भएको पञ्चायतकालीन हाकिमकै पत्नी आन्दोलनप्रति सकारात्मक र उत्सुक भएको तथा छोरी आन्दोलनमै होमिएको देखाएर आम नेपाली महिलालाई सङ्घर्षका निम्ति उत्प्रेरित पनि गरेको छ । साथै यस उपन्यासले पाँच सय नारीको जुलुस दस हजार पुरुषको जुलुसभन्दा बलियो हुन्छ तथा सयजना पुरुष सहिद भएर भन्दा दशजना महिला सहिद भएर ठूलो उद्देश्य पूरा हुनसक्छ भन्ने कुरालाई पनि निर्धक्कसँग प्रस्तुत गरेको छ । यसरी यस उपन्यासमा नारीपक्षीय चिन्तन बलियो रहेको भेटिन्छ ।

**बेचिएकी चेली** (वि.सं.२०४५) केशव नेपालद्वारा लिखित मार्क्सवादी दृष्टिकोणमा आधारित उपन्यास हो । यसकी मूल नारी पात्र बेञ्जु हो जो सामन्ती ठूलाठालुका परिबन्दले पीडित भएकी छ । यस उपन्यासमा चेलीबेटी बेचबिखनलाई नारी समस्याभन्दा पनि सामाजिक समस्याका रूपमा प्रस्तुत गरिएको छ जुन  प्रगतिवादी लेखनको अभिलक्षण नै हो । चेलीबेटी बेचबिखनलाई नारीवादी कोणबाट पनि प्रस्तुत गर्न सकिन्छ । यस समस्यालाई नारी समुदायको अस्मिताका रूपमा पनि अर्थ्याउन सकिन्छ । बेञ्जु (बेचिएकी चेली) ले यस समस्यालाई असचेत रूपमा व्यक्तिगत ढङ्गले नारीवादी रङ्ग दिन खोजिएकामा पनि अञ्जनाले त्यसलाई सामाजिक रूपतिरै डोऱ्याएकी छ । बुर्जुवा र सामन्तहरू महिलाका समस्यालाई व्यक्तिगत समस्याका रूपमा अर्थ्याउने गर्छन् तर प्रगतिवादीहरू चाहिँ यसलाई सामाजिक समस्याका रूपमा बुझ्छन् । त्यसैले उनीहरू महिलाका समस्यालाई बढी नै महत्त्व दिन्छन् ।  नेपालको जस्तो, अझ पञ्चायतकालीन परिवेशमा समस्यामा परेका महिलालाई सहयोग गर्ने नै अपराधी सावित हुने गरेको तथ्यलाई पनि यस उपन्यासले टिप्न भ्याएको छ । यसरी यस उपन्यासमा मार्क्सवादी नारी पक्षधरता प्रकट भएको देखिन्छ ।

**क्लियोपाट्रा** (वि.सं.२०४७) कन्हैया नासननीको नारीकेन्द्री  र नारी समस्याकेन्द्री उपन्यास हो । यस उपन्यासकी प्रमुख नारी पात्र रोजिनालाई जीवनको उत्पीडन खप्न नसकेर सर्पलाई चुम्बन गरेर मृत्युवरण गरेकी रानी क्लियोपाट्राको बिम्ब प्रदान गरिएको छ । नारीका जीवनका दुःखमाथि असीमित सहानुभूति देखाउँदै लेखिएको यस उपन्यासमा उत्पीडक पुरुषप्रति घृणा व्यक्त गरिएको छ । महिलाले आफूमाथिका उत्पीडनका विरुद्ध विद्रोह गर्नु त सकारात्मक कुरा हो तर त्यसको शैली पनि सकारात्मक हुनु जरुरी छ । रोजिनाले आफ्नो श्रीमान्लाई आफूले उसबाट उत्पीडन पाएकै शैलीबाट उत्पीडन दिएकी छ  जसको सामाजिक उपादेयता छैन । बदला लिने क्रममा रोजिनामा आत्मपीडक प्रवृत्तिको विकास भएको छ र यही प्रवृत्ति चरममा पुगेपछि उसले मृत्युवरण गरेकी छ । यसले पीडादायी पुरुष अपराजित छ भन्ने सन्देश दिएर महिला आन्दोलनलाई नकारात्मक असर पार्न सक्छ जसप्रति उपन्यासकार सचेत भएको देखिँदैन । सिङ्गो उपन्यासले महिलाको वकालत त गरेको छ तर त्यो प्रमुख नारी चरित्रको जीवनको परिणतिको त्यस प्रकारको प्रस्तुति समाजोत्तरदायी ढङ्गले र सङ्गठित आन्दोलनका स्वरूपमा प्रस्तुत नहुनाले दिग्भ्रमित हुन पुगेको छ ।

**कल्पना** (वि.सं.२०४८) भीमचरण थापाद्वारा लिखित नारीकेन्द्री उपन्यास हो । यसमा नारीका सामाजिक समस्यालाई प्रस्तुत गरिएको छ । यस उपन्यासकी प्रमुख नारी चरित्र कल्पना हो जो ब्राह्मणपुत्री भए पनि उसले गुरुङ लाहुरेसँग गरेको प्रेम दुवैका परिवारले स्वीकार गरेका छन् । बिहे हुने पक्का भएपछि कार्यालय फर्किएको लाहुरे लडाइँमा मर्छ । कल्पना आफूले विवाहअघि जन्माएको बच्चालाई समाजका अगाडि स्विकार्न नसकी अनाथालयमा छाडिदिन्छे । आफ्नै जस्तो परिस्थितिकी अर्की नारीले आफ्नी छोरीलाई साहसका साथ पालेको देखेपछि उसमा पनि साहस पलाउँछ तर छोरी फर्काएर ल्याउने उसको प्रयास भने विफल हुन्छ । यस उपन्यासमा देखाइएको नारीसम्बन्धी खास वैशिष्ट्य भनेको कुमारी आमाले आफूले जन्माएको सन्तानलाई समाजका अगाडि निर्भीकताका साथ लालनपालन गर्नु र श्रीमान्को साथ छुट्दा पनि आफ्नो जीवन सफलतापूर्वक चलाउनु हो । यस उपन्यासमा मातृत्वलाई नारीको दुर्दमनीय संवेदनाका रूपमा प्रस्तुत गरिएको छ ।

**मुक्तिको वेदीतिर** (वि.सं.२०४८) नारीकेन्द्री राजनीतिक विषयमा आधारित उपन्यास हो । सानैमा भारतमा भाँडा माझ्ने श्यामेसँग विवाह भएकी शीतल श्रीमान्को रुखो बोली र व्यवहारद्वारा आक्रान्त छ । त्यसका अतिरिक्त उसले अन्य व्यक्तिबाट यौनजन्य हैरानी पनि भोग्नुपरिरहेको छ । राजनीतिमा सक्रिय राई दिदीको सङ्गतले सचेत बन्दै गएकी शीतल स्वयं पनि राजनीतिक सङ्गठनमा आबद्ध हुन्छे र त्यही क्रममा नरेन्द्रसँग अन्तर्जातीय वैचारिक विवाह गर्छे । ऊ नरेन्द्रले सङ्गठनलाई धोखा दिएपछि भएको उसको मृत्युमा पनि दुःख नमानी सामाजिक मुक्ति यात्रामा समर्पित हुन्छे । उसको अर्को अभीष्ट नारीमुक्ति देखिन्छ । जीवनका अनुभवले डोऱ्याएको राजनीति मात्र स्थायी हुन्छ र पुरुषभन्दा नारी आफ्नो आस्थाप्रति निकै बढी निष्ठायुक्त हुन्छन् भन्ने सन्देश यस उपन्यासले दिएको छ ।

**देवी** (वि.सं.२०५०) डा. तुलसीनारायण श्रेष्ठको देवी नामकी नारीमाथि आधारित उपन्यास हो। यहाँ देवीलाई कृतज्ञ नारीको नमुनाका रूपमा प्रस्तुत गरिएको छ। नारीहरू पुरुषका तुलनामा अत्यन्त गुणग्राही हुन्छन्। उनीहरू जसरी पनि गुणको बदला तिर्न चाहन्छन्। नेपालजस्तो धर्मभीरु समाजमा नारीको यौनजन्य चरित्र अत्यन्त संवेदनशील पक्ष मानिन्छ। यसको सुरक्षाका निम्ति नारीहरू ठूला-ठूला त्याग गर्न पनि तत्पर बन्दछन् र कतै बलात्कृत हुनुपऱ्यो भने आत्महत्यासमेत गर्छन् तर देवीले त्यही यौवन डा. नीलमका अगाडि प्रस्तुत गरेकी छ, नीलमले त्यसको उपभोग नगर्नु छुट्टै कुरा हो। देवीलाई जसरी पनि डाक्टरको गुणको बदला तिर्नुछ तर उसँग यौवनबाहेक अरू केही छैन। यसैले उसले त्यही समर्पण गरी। डा. नीलमका माध्यमले पुरुषलाई पनि निकै माथि उठाइएको छ। नीलमकी श्रीमती सकुनले आफू सुत्केरी भएर माइत जान लागेका बेलामा अरूलाई त होइन , देवीलाई भए सौताका रूपमा स्विकार्ने कुरा बताउँछे। यसरी सौता स्विकार्न तयार हुनु नारीको चानचुने त्याग होइन। यस उपन्यासमा पात्रहरूलाई यथार्थभन्दा पनि बढी आदर्श रूपमा चाहिँ प्रस्तुत गरिएको छ। यी नारी पात्रहरू नारी हिततर्फ भन्दा पनि सामाजिक आदर्शतर्फ बढी झुकेका छन्। उनीहरूमा नवोन्मेषशीलता नदेखिएकाले ती नारी पात्र खासै मूल्ययुक्त देखिएका छैनन्।

**त्रिदेवी** (वि.सं.२०५१) मदनमणि दीक्षितद्वारा लिखित तीनवटी नारीलाई नायिका बनाइएको उपन्यास हो। सिङ्गो उपन्यास नारी समस्यामा केन्द्रित नभए तापनि यसमा नारीका समस्या पनि राम्रोसँग प्रकट भएका छन्। व्यक्तित्वहीनता नारीको प्रमुख समस्या हो जसलाई यी तीन नारीले पराजित गरेका छन्। सौदामिनीले समेत पनि आफ्नो व्यक्तित्व हासिल गरेरै छाडेकी छ। नारीको व्यक्तित्वका बाधक मूल रूपमा पुरुष-अहङ्कार नै हो। त्यो अहं शम्भु थापामा पनि केही मात्रामा देखिएको छ तापनि ऊ नारीविरोधी नै चाहिँ होइन। यसैले शम्भुका व्यक्तित्वका मुनि केही पहेंलिँदै भए पनि सौदामिनीले आफ्नो व्यक्तित्वको हरियालीलाई मर्न चाहिँ दिएकी छैन। नारी-नारी बिचको सद्भाव, एकता र विद्वत्ताले पनि सौदामिनीको व्यक्तित्व जाग्रत हुन सकेको हो। ऊ एक्लै भएकी भए यसै हो भन्न सकिने स्थिति भने देखिएको छैन। यो महिलाप्रति असीम श्रद्धा व्यक्ति गरिएको उपन्यास हो। यसका पुरुष चरित्रहरू ती नारी चरित्रका सहयोगीका  भूमिकामा आएका छन्। एउटा पुरुष लेखकले नारीका बारेमा यस्तो नारीहितकामी उपन्यास लेख्न सक्नु महत्त्वपूर्ण कुरा हो। यस उपन्यासमा उपन्यासकारले नारी पक्षधरता पर्याप्त अँगाले तापनि सो पक्षधरता नारीवादी प्रकृतिको भने रहेको छैन।

**सागर उर्लन्छ सगरमाथा छुन** (वि.सं. २०५२) रमेश विकलको उपन्यास हो जसमा मूल रूपमा नेपाली समाजको वर्गीय चरित्रको प्रस्तुति भएको छ। उपन्यासकार विकल नेपालका समृद्ध वर्गका महिलाको ऐयासी प्रवृत्ति, त्यसको स्रोत जुटाउन गरिने उपल्लो वर्गका मानिससँगको देहव्यापार र तिनै कुराका माध्यमले निम्न वर्गका अगाडि तिनले प्रस्तुत गर्ने अहङ्कारी शैली आदिलाई प्रस्तुत गर्दै लगभग माध्यमिक कालीन नारी आदर्शको वकालत गर्न निकै रुचिशील देखिएका छन्। यस उपन्यासले पक्षधरता त निम्नवर्गकै लिएको छ तापनि महिलाका जीवनको परिवर्तित आधुनिक स्वरूप भने उनलाई स्विकार्य छैन। यस उपन्यासमा एकातिर नेपाली नारीको

उपन्यासकालीन अवस्थितिको चित्र उतारिएको छ भने अर्कोतिर नारीको बदलिँदो छविप्रतिको अस्वीकृतिलाई पनि प्रस्तुत गरिएको छ ।

**चारू** (वि.सं.२०५४) बलदेव मजगैयाँद्वारा लिखित चारू नामक नारी पात्रमा केन्द्रित नारीपक्षीय दृष्टिकोणयुक्त उपन्यास हो । यो उपन्यास अन्य उद्देश्यले नभएर केवल नारीपक्षीय स्वदृष्टिकोणको अभिव्यक्तिकै निम्ति लेखिएको छ । यस उपन्यासमा नारीप्रति समाज र पुरुषले राख्ने दृष्टिकोणको विश्लेषण गरिएको छ । यसमा एकातिर चारूका माध्यमले नारीका हठ, ईर्ष्या र स्वाभिमानको परिचय दिइएको छ भने अर्कातिर पुरुष अहं, भीरुता र पलायनको परिचय दिइएको छ । यस उपन्यासमा उनले नारीका असल र खराब दुवै पक्षको चित्रण गर्दै नारीका राम्रा पक्षलाई पनि नराम्रै ठान्ने पुरुषवादी सामाजिक दृष्टिदोषमाथि कडा प्रहार गरेका छन् । नेपाली समाजका अधिकांश पुरुषहरू नारीका सम्बन्धमा पूर्वाग्रही र अभिमानी छन् । उनीहरू नारीका सम्बन्धमा नयाँ ढङ्गले सोच्न पनि जान्दैनन् र सोचिहाले पनि त्यस सोचलाई व्यक्त गर्न रुचाउँदैनन् । पुरुष पक्षको गल्ती नै भए पनि उनीहरूले नारीपक्षसँग हार्नु हुँदैन भन्ने उनीहरूको अभिमान हुन्छ । मजगैयाँले यस्ता पुरुष प्रवृत्तिलाई चुनौति दिएका छन् । उपन्यासकारले आफू पुरुष भएर पनि यस्तो दृष्टिकोण प्रस्तुत गर्नु उनको सराहनीय पक्ष हो ।

**टुहुरीको जिन्दगी** (वि.सं.२०५६) केशव नेपालद्वारा लिखित नारीकेन्द्री उपन्यास हो । यस उपन्यासमा किशोर वयमै टुहुरी बन्न पुगेकी गीता नामकी नारी पात्र र उसकी आमा दयाका जीवनका समस्यालाई नारीपक्षीय कोणबाट विश्लेषण गरिएको छ । त्यो कोण आदर्शवादी नभएर व्यवहारवादी र परिवर्तनकामी रहेको छ । यस उपन्यासमा विद्यमान सामाजिक परिपाटीको महिलासम्बन्धी दृष्टिकोण र व्यवहारको कडा आलोचना गरिएको छ । महिलामा मुख्य कुरा स्वाभिमान जाग्न सक्नुपर्छ, सहारा-बेसहारा हुनुले केही फरक पार्दैन तथा दाम्पत्य सम्बन्धलाई पनि स्वाभिमानको सुरक्षा हुने हदसम्म मात्र सुरक्षित राख्नुपर्छ अन्यथा त्यसको कुनै मूल्यै हुँदैन भन्ने महिलापरक नवीन दृष्टिकोण यस उपन्यासको सार हो । कामको सम्मान गर्ने मानिसका निम्ति त्यही काम नै सहारा बन्छ, अर्को सहाराको खोजी गर्नु हुँदैन भन्ने नारीसम्बन्धी नवीन दृष्टिकोणलाई दया नामकी पात्रमार्फत प्रस्तुत गर्दै नारीहरू पुरुषको सहारामा बाँच्दछन् भन्ने दृष्टिकोणको खण्डन गरिएको छ । आफ्नो जीवनको निर्णय गर्ने अधिकार महिलाले पाउनुपर्छ भन्ने दृष्टिकोण पनि यस उपन्यासमा आएको छ । यी सबका अतिरिक्त यस उपन्यासमा वैवाहिक सन्दर्भमा क्रान्तिकारी विचार प्रस्तुत गरिएको छ । नेपाली समाजको पितृसत्तात्मक संरचना अनुसार विवाहपश्चात् महिलाहरू पुरुषका घरमा जान्छन् तर यहाँ पुरुषहरू महिलाको घर ( कार्यालयको आवास) मा गएका छन् । पुरुषवादी कोणबाट सोच्दा त यो नकारात्मक कुरा होला तर नारीवादी कोणबाट सोच्दा यो सकारात्मक कुरा हो ।

**जूनकीरीको सङ्गीत** (वि.सं.२०५६) खगेन्द्र सङ्ग्रौलाद्वारा लिखित दलित समुदायमा आधारित उपन्यास हो । यस उपन्यासमा एकलिङ्गीय केन्द्रीयता छैन । यसमा नर-नारी दुवैलाई समदृष्टिले हेरिएको छ । तुलनात्मक किसिमले हेर्दा लेखकीय पक्षधरता नारीपट्टि नै अलि बढी झुकेको देखिन्छ । जसले जन्मकै नाताले कष्ट सहनुपरेको छ उसप्रति सहानुभूतिशील हुनु आवश्यक पनि

छ तर नारीप्रतिका सबै सहानुभूति तर्कसङ्गत हुँदैनन् । उसको अस्तित्व र अस्मिताको कदरसहित गरिएको सहानुभूति मात्र तर्कसङ्गत हुन्छ । खगेन्द्र सङ्ग्रौलाको कलमले त्यही तर्कसङ्गत सहानुभूति प्रकट गरेको छ । महिलाको अस्मिताको रक्षाका निम्ति महिलाको एकतालाई उपन्यासकार सङ्ग्रौलाले जरुरी ठानेका छन् । उनका दृष्टिमा स्वाभिमानी महिलालाई श्रीमान्सँग गाँसेर दिएको परिचयमा ठूलो पीडा लुकेको हुन्छ । नारीहरू पुरुषविरोधी हुनुमा सङ्ग्रौला अरू नेपाली पुरुषभैँ नारीको दोष देख्दैनन् । उनी पुरुषहरूको अत्याचारले नै नारीहरूलाई पुरुषविरोधी बनाएको हो भन्छन् । यसरी पुरुष स्रष्टाले नारीपक्षीय चिन्तन प्रस्तुत गर्नु निश्चय नै सकारात्मक कुरा हो र यस्तो चिन्तन समाजको आमूल परिवर्तन चाहने व्यक्तिबाट मात्र प्रस्तुत हुन सम्भव छ ।

## ४.२ नारीलिखित नारी समस्यापरक नेपाली उपन्यासहरूको सर्वेक्षण

नेपाली उपन्यासको आधुनिक काल रुद्रराज पाण्डेको **रूपमती** उपन्यासमार्फत १९९१ सालमै सुरु भएको भए तापनि महिला उपन्यासकारको उदय भने त्यसभन्दा निकै पछि मात्रै भएको हो । यस क्रममा पवनकुमारी देवीको **प्रतिज्ञा** (वि.सं.२०१७) उपन्यासलाई लिनुपर्ने हुन्छ । महिलाकेन्द्री यस उपन्यासमा महिलाको सतीत्व जोगाउने कुरालाई नै प्रमुख विषयका रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासले राणाकालीन नेपाली समाजका महिलाको दीनहीन अवस्थालाई प्रस्तुत गरेको छ । राणाकालीन गोरखाको परिवेश भएको यस उपन्यासमा जनसाधारणका सुन्दरकन्या राणाहरूका नजरमा पर्नासाथ उनीहरू दरवारियाहरूको भोग्या बन्न राणादरबार गइहाल्नुपर्ने बाध्यताको चित्रण गरिएको छ । यस उपन्यासकी प्रमुख नारी पात्रका पिताको चलाकीले छोरीलाई राणा परिवारका भोग्या बन्नबाट जोगाएको छ र यही नै यस उपन्यासको लक्ष्य पनि हो । नारीमाथि लादिएको सतीत्वको बन्धनलाई यस उपन्यासले सर्वोपरि महत्त्वका साथ प्रस्तुत गरेको छ ।

**पश्चाताप** (वि.सं.२०२०) मायादेवी सुब्बाको महिलाकेन्द्री उपन्यास हो तापनि यसमा नारी-चरित्रलाई नारीपक्षीय कोणका विपरीततामा प्रस्तुत गरिएको छ । नेपाली समाजमा असल नारीहरूको अभाव नहुँदानहुँदै पनि यहाँ भने खराब नारीलाई आफ्नो उपन्यासको प्रमुख नारी चरित्र बनाई एउटी नारी खराब हुँदा कसरी सम्पूर्ण परिवार नै नष्ट हुन्छ भन्ने उदाहरण प्रस्तुत गरिएको छ ।

**शिरीषको फूल** (वि.सं.२०२२) पारिजातद्वारा लिखित नारीकेन्द्री र नारी समस्याकेन्द्री उपन्यास हो । कसैलाई पनि नटेर्ने र कसैसँग पनि नदबीकन व्यवहार गर्ने प्रमुख नारी चरित्र सकम्बरीको बुलेट पड्किएजस्तो आवाजसमेत भएको चरित्रचित्रणले त नारीलाई महिमाशाली रूपमा नै प्रस्तुत गर्न खोजेको देखिन्छ तर उपन्यासको शीर्षकले उक्त नारी चरित्रलाई इङ्गित गरेका कारणले चाहिँ यहाँ नारीगरिमा नभएर नारीलघिमा चाहिँ बढी प्रकटित हुन पुगेको छ । उपन्यासकार पारिजातले निस्सारतावादी जीवनदृष्टि अँगालेका बखत लेखिएको यस उपन्यासको

दृष्टिकोण पनि निस्सारतावादी नै रहेको छ । उनले यस उपन्यासका नारीको जीवनलाई पनि सोही सारमा प्रस्तुत गरेकाले र निस्सारतावादी चिन्तनभित्र नारीवादी दृष्टिकोण नअटाउने हुनाले यो नारीवादप्रतिकूल उपन्यास हुनगएको छ ।

**समर्पिताको अस्तित्व** (वि.सं.२०२९) कृष्णाकुमारी राईद्वारा लिखित नारीकेन्द्री उपन्यास हो । यस उपन्यासको कथावाचक अशोक नामको पुरुष पात्र भए तापनि प्रस्तुत विषय भने नारी जीवनको रहेको छ। यस उपन्यासले समर्पिता भनेर शिखालाई इङ्गित गरेको छ। शिखा दीपक नामक पुरुषद्वारा धोकामा परेकी छ र त्यो उसको समर्पणको परिणाम हो। समर्पिता नारीको समर्पणको मूल्य शिखाले ज्यान दिएर तिरेकी छ। नारीहरू मूल्यहीन समर्पण गर्दछन्। अर्थात् नारीहरूले समर्पण त मूल्यवान् गरेका हुन्छन् तर समाजले त्यसलाई मूल्यहीन सावित गरिदिन्छ। यस उपन्यासले समर्पिता भन्ने विशेषणमार्फत महिलाको अस्तित्वहीनताको स्थितिलाई प्रस्तुत गरेको छ। नेपाली समाजमा महिलाको दुःखद् जीवनस्थिति छ र उपन्यासकारले त्यसप्रति सहानुभूति राखेको देखिन्छ।

**तोरीबारी, बाटा र सपनाहरू** (वि.सं.२०३३) नारीकेन्द्री र नारी समस्याकेन्द्री उपन्यास हो। यस उपन्यासकी प्रमुख नारी चरित्र समाजका नारीजन्य परम्परागत आचारसंहिताका विरूद्ध उभिएकी छ र आफ्नो दाजुको भरथेगसमेतका कारणले आफूले गरेको सङ्घर्षमा सफल पनि भएकी छ। यसैले यस उपन्यासमा प्रकट भएको दृष्टिकोणलाई नारीवादको निकट मान्न सकिन्छ।

**कारागार** (वि.सं.२०३४) वानीरा गिरीद्वारा लिखित नारीकेन्द्री एवं नारी नारी समस्यापरक बौद्धिक उपन्यास हो। यस उपन्यासकी प्रमुख नारी चरित्र जीवनलाई कारागारका रूपमा परिभाषित गर्छे। उसँग वैधानिकता नपाएको एउटा प्रेम सम्बन्ध छ जसलाई ऊ सार्वजनिक गर्न सक्तिन। यो शब्दहीन ऐकान्तिक कारागारबाट ऊ सन्तानप्राप्तिका माध्यमले मुक्त हुन चाहन्छे तर उसको प्रेमीमा त्यो आँट छैन। उसलाई सम्बोधन गरिने 'बूढी कन्ने' भन्ने शब्दले पनि उसलाई कारागारबोध गराउँछ। यसैले यस कारागारबाट मुक्ति पाउन ऊ आफूले कहिल्यै मन नपराएको 'भित्रिनी' भन्ने शब्दलाई स्विकार्छे। पछि फेरि उसलाई यही शब्द कारागार लाग्छ। उसलाई आफ्नो प्रेमीले दिएको 'बौद्धिक' भन्ने उपाधि पनि कारागारजस्तो लाग्छ। यस प्रमुख नारी चरित्रलाई आफ्नो जीवन-परिसरका यावत् कुरा कारागारजस्ता लाग्नु भनेको आफ्नो अस्तित्व आघातित भएको बोध हुनु हो। यसरी यो नारीको जीवनलाई नारीकै कोणबाट अर्थ्याएको नारीपक्षीय चेतयुक्त नारीलिखित उपन्यास हो।

**मालती** (वि.सं.२०३४) भागीरथी श्रेष्ठको नारीकेन्द्री एवं नारी समस्याकेन्द्री सामाजिक उपन्यास हो। नेपाली समाजका नारीहरूले आम रूपमा भोग्दै आएका समस्या नै यस उपन्यासमा पनि प्रस्तुत भएका छन्। पाँच वर्षसम्म एउटा गुण्डाको बन्धनमा परेर दुईवटा सन्तान जन्माइसकेकी मालतीले आफूलाई उक्त बन्धनबाट निकाल्न सक्नुमा उसको सङ्घर्षशीलता देखिन्छ तर आफ्नो पूर्वश्रीमान् माधवले आफूलाई नभेटी भारत गएपछि निराशाको पराकाष्ठामा पुगी मालतीले आत्महत्याको प्रयास गर्नुलाई नारी अस्मिताको जगेर्नाका कोणबाट सही मान्न

सकिँदैन । पछि गाउँकै महिला शिक्षकका प्रयत्नबाट ऊ जीवनमुखी बनी प्रगतिवादी चिन्तनतर्फ लम्किएको देखाएबाट भने उपन्यास धेरथोर नारी अस्मिताको जगेर्नातर्फ अभिमुख भएको देखिन्छ ।

**अन्तर्मुखी** (वि.सं.२०३५) पारिजातको अर्को नारीकेन्द्री र नारी समस्याकेन्द्री उपन्यास हो । यस उपन्यासले नारीमाथिका चौतर्फी शोषण र उत्पीडनका कुरालाई प्रस्तुत गरेको छ। उपन्यासकार पारिजातले यस उपन्यासकी प्रमुख नारी चरित्र सरलाका माध्यमले व्यक्तिगत सङ्घर्ष नारीका मुक्तिका लागि पर्याप्त नहुने सङ्केत गर्दै त्यसका लागि राजनीतिक परिवर्तन र सामाजिक मुक्ति आन्दोलनसँगको ऐक्यबद्धता आवश्यक हुने तर्क प्रस्तुत गरेकी छन् । यही तर्कका आधारमा यस उपन्यासमा अभिव्यक्त नारीपरक चिन्तनलाई मार्क्सवादी नारीवादको संज्ञा दिन सकिन्छ ।

**चोइटिएको उपासना** (वि.सं.२०३८) सावित्री देवसाको महिलाकेन्द्री उपन्यास हो। परम्परागत समाजले त्याग नै नारीको जीवनमूल्य हो भनेर सिकाएको छ र नारीहरू पनि त्यसलाई आफ्नो जीवन आदर्श बनाउँछन् । समाज नारीलाई त्यागको आदर्श त सिकाउँछ तर त्यसको कदर गर्दैन । नारीहरू यही पीडा भोग्न बाध्य हुन्छन् । यस उपन्यासकी प्रमुख नारी चरित्र सावित्रीले यस उपन्यासमा नारीको त्यागभित्रको त्यही पीडाको गाथा सुनाउँदै त्यसको उच्च मूल्याङ्कन प्रस्तुत गरेकी छन् । सरिताले सागरका निम्ति पढाइ खर्च जुटाउन शरीर बेची तर त्यही कारणले ऊ तिरस्कृत भई । पछि सागरले सरिताको त्यागको मूल्य बुझेर स्विकार्न खोज्यो तर त्यो कुरा सुनाउनै नपाई सरिता ट्रकले किचिएर मरी । सागरको स्वीकार सुन्न पाएकी भए उसको उपासना सग्लो हुन्थ्यो तर उसले त्यो सुन्न पाइन । ऊ टुक्रिएको उपासना लिएरै मरी । सागरले सरितालाई नस्विकार्ने तर खर्च चाहिँ दिँदै गर्ने भनेर राखेको प्रस्ताव सरिताले टुक्र्याइदिएकी थिई । सागरले उसलाई अस्वीकार गर्दा पनि उसले आफूलाई सागरका अगाडि लत्रन दिइन । ऊ सागरका गोडामा छाँद हालेर रोइन । यही नै नारी स्वाभिमान हो, नारीपक्षीय चेतना हो । यही चेतना पस्किएका कारणले यस उपन्यासले मूल्य पाएको छ ।

**अनिँदो पहाडसँगै** (वि.सं.२०३९) पारिजातद्वारा लिखित नारीकेन्द्री उपन्यास हो । यसमा प्रमुख नारी पात्रका रूपमा सुवानी आएकी छ। उसमार्फत पितृसत्तात्मक समाजका सुन्दर, शिक्षित एवं राजनीतिसचेत युवा महिलाका लागि मात्र नभएर समग्र सामाजिक मुक्तिका लागि साङ्गठनिक रूपमा प्रयत्नरत युवती हो । चन्द्रकान्ता यस उपन्यासमा महिला समस्याको प्रस्तुति र विश्लेषणकै लागि प्रस्तुत भएकी पात्र हो जो मुक्तिका लागि साङ्गठनिक प्रयास त गर्न जान्दिन तर व्यक्तिगत तहमा अन्य महिलाप्रति अत्यन्त सकारात्मक र सहयोगी देखिन्छे। नारी स्वाभिमानको रक्षापट्टि अत्यन्त सचेत महिलाहरूको प्रस्तुति भएको यस उपन्यासमा मूल रूपमा मार्क्सवादी चेतना रहे तापनि दोस्रो महत्त्वका साथ भने नारीवादी चेतना नै प्रकट भएको छ जुन मार्क्सवादी प्रकृतिको रहेको छ ।

**मम्मी** (वि.सं.२०४०) प्रेमा शाहको नारी समस्याकेन्द्री उपन्यास हो । यस उपन्यासमा एउटी स्वाभिमानी नारीको चित्रलाई प्रस्तुत गरिएको छ जो आफूभित्रको संवेदना आफ्नो श्रीमान् र छोरीहरूलाई देखाउन मन पराउँदिन । यतिसम्म कि आफ्ना दीर्घरोगका बारेमा समेत आफ्ना

छोरीहरूलाई अनभिज्ञ नै राख्छे। श्रीमान्ले आफ्नै धाईसँग दैहिक सम्बन्ध राखेपछि आफ्नो अपमान भएको सम्झेर ऊ त्यस घरका सम्पूर्ण सुख-ऐश्वर्य त्यागेर हिँड्छे। छोरीहरूको स्वाभिमानमा धक्का लाग्नसक्छ भनेर माइत पनि बस्दिन। शरीरका चाहनालाई दमन गर्नुपर्छ भन्ने आदर्श पनि उसँग छैन। यस उपन्यासमा नारी स्वाभिमानको सीमान्त उदाहरण प्रस्तुत गरिएको छ। सन्तानका निम्तिको नारीको त्यागको परिचय दिँदै यस उपन्यासमा नारी अनावश्यक भावुकता र संवेदनाले बन्धनमा परेकी हो भन्ने तथ्यको उद्घाटन भएको छ। मम्मीले ठण्डा दिमागले, कुनै झगडा नगरी, उत्तेजनामा नआई श्रीमान् एवं उसको घरलाई त्यागिदिएकी छ र त्यसका निम्ति कहिल्यै दोषबोध गरेर पछुताएकी छैन। नारीको अस्मिताबोध यहीँ जीवन्त बनेको छ। यसैले यस उपन्यासलाई नारीपक्षीय चेतनाले युक्त उपन्यासका कोटिमा राख्न सकिन्छ।

**निर्बन्ध** (वि.सं.२०४४) वानीरा गिरीको दोस्रो नारीकेन्द्री र नारी समस्याकेन्द्री उपन्यास हो। महिला त्यसै निर्बन्ध (बन्धनहीन) बन्दिन। उसलाई सामाजिक-पारिवारिक परिस्थितिहरूले घेरेर निर्बन्ध तुल्याउँछन्। समाज महिला निर्बन्ध भएको मात्र देख्छ र हाँसोमा उडाउँछ तर 'निर्बन्ध' हुनुका पछाडिका मर्मलाई खोल्न र विश्लेषण गर्न भने जाँगर देखाउँदैन। प्रस्तुत उपन्यासमा यही मर्मको उद्घाटन र विश्लेषण गरिएको छ। मानिस प्रहार नपरिञ्जेल भीरु हुन्छ तर प्रहार परेपछि निर्भीक बन्छ। यसैले यस उपन्यासले महिलाले जीवनका दुर्घटनाबाट पलायन होइन ऊर्जा ग्रहण गरेर जोधाहा बन्नुपर्छ भन्ने सन्देश दिएको छ। नारीउत्पीडन पुरुष अनाचारको प्रतिबिम्ब हो भन्दै उक्त अनाचारलाई समाप्त पार्ने र नारीपक्षीय कोणबाट विद्रोह गर्ने प्रण नै यस उपन्यासको सार हो। जोधाहा नारीलाई परम्परागत समाजले स्विकार्दैन र उसलाई समाजको अस्वीकृतिको घेराभित्र बाँच्न कठीन हुन्छ भन्दैमा नारीले पलायन अँगाल्नु उचित हुँदैन भन्दै यहाँ नारीको आत्मविश्वासहीनताको विरोध गरिएको छ। यसरी नारीमा आत्मविश्वास हुनुपर्छ भन्ने चेत नै नारीवादी चेत हो जुन कुरा यस उपन्यासमा विद्यमान छ।

**यस्तो एउटा आकाश** (वि.सं.२०४६) भागीरथी श्रेष्ठको दोस्रो उपन्यास हो। यो श्रीमान् श्रीमतीका सम्बन्धका सेरोफेरोमा रचिएको उपन्यास हो जसको केन्द्रमा नारी पात्र (सुधा) खडा छ। श्रीमान् श्रीमतीको सम्बन्धबाहेक यस उपन्यासको अर्को कुनै संसार नै छैन। यस उपन्यासको उल्लेखनीय पक्ष भनेको सुधाकी सासू सरस्वतीको आचरण हो। ऊ बुहारीलाई छोरीलाई झैं माया गर्छे। ऊ अत्यन्त विवेकी छ। नारीले नारीको प्रतिकूल होइन, अनुकूल बन्नुपर्छ भन्ने सन्देश प्रदान गर्नु यस उपन्यासको नारीपक्षधर दृष्टिकोण हो।

**परिभाषित आँखाहरू** (वि.सं.२०४६) पारिजातद्वारा नेपाली महिलाहरूको समस्याका केन्द्रीयतामा रचिएको उपन्यास हो। गरिब ग्रामीण बालिका, मधेशी मूलका बालिका, लागू औषधको सेवन र कारोवारमा लागेका किशोरी, निम्न मध्यम वर्गीय अर्धशिक्षित-शिक्षित सहरीया कामकाजी महिला आदिका समस्यालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ र सामाजिक प्रयत्नविना त्यस्ता समस्याको समाधान नहुने भए तापनि व्यक्तिगत प्रयास पनि छाड्नु हुँदैन भन्ने सन्देश यस उपन्यासले दिएको छ। यस उपन्यासमा नारी पक्षधरता निकै नै मुखर छ र

नारीमुक्तिका निम्ति सामाजिक प्रयत्नका अतिरिक्त भावनात्मक एवं स्पष्ट नारीवादी चेतनासहितको प्रयास पनि जरुरी छ भन्ने कुरा प्रस्तुत भएको छ ।

**सौगात** (वि.सं.२०४६) गीता केशरीको नारीवादी चेतनायुक्त उपन्यास हो । कुसंस्कारग्रस्त नेपाली सामाजिक परिपाटीमा जन्मे-हुर्केकी सङ्घर्षरत आमाबाट दाम्पत्य जीवनमा प्रवेश गर्न लागेका छोरी र ज्वाइँ दुवैलाई संयुक्त रूपमा प्रदान गरिएको 'सौगात' भनेकै त्यही चेतना हो । यस उपन्यासमा आजसम्म घर सपार्ने वा बिगार्ने नारी नै हो भन्ने सामाजिक प्रचलनलाई पूर्ण रूपमा अस्वीकृत गर्दै पतिपत्नी दुवैको परिवारप्रतिको जिम्मेवारी बराबरी रहेको र एउटा पक्ष मात्र असन्तुलित हुँदा पनि परिवारकै सन्तुलन बिग्रने कुरा व्यक्त गरिएको छ । आजसम्म पुरुषपक्षीय कोणबाट विश्लेषण गर्दै महिलाका थाप्लामा दोषका रूपमा थुपार्ने कुरालाई यस उपन्यासमा महिलाका पक्षबाट विश्लेषण गरिएको छ र यही कोणमा नारीवादी चेत प्रकट भएको छ । यस उपन्यासमा यस्तो विश्लेषणका अतिरिक्त नारी सशक्तीकरण र समान लैङ्गिक पारिवारिक-सामाजिक न्यायका निम्तिको परिवर्तनलाई जीवनदृष्टिका रूपमा प्रस्तुत गरिएको छ ।

**यौटी आमाको कथा** (वि.सं.२०४६) भारती खरेलद्वारा लिखित नारी र नारी समस्याकेन्द्री उपन्यास हो । यस उपन्यासमा प्रमुख नारी चरित्रमार्फत आम ग्रामीण नेपाली नारीका जीवनका पीडालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा सामाजिक विषय र परिवेश त अँगालिएको छ तर त्यहाँ व्याप्त विसङ्गति, विकृति, कुसंस्कार, रुढि, कुरीतिमाथि भने प्रहार भएको छैन । प्रमुख नारी चरित्रले आफ्ना उत्पीडनका विरुद्ध सङ्घर्ष गरेकी छैन । त्यसैले यसमा नारीपक्षीय संवेदना त छ तर चेतना भने छैन ।

**आवाज** (वि.सं.२०४७) गीता केशरीकै नारी पक्षधरता भएको अर्को उपन्यास हो जसमा समाजमा स्थापित नारीसम्बन्धी परम्परागत मूल्यमान्यताको विश्लेषण गर्दै तिनका स्थानमा नयाँ मूल्यमान्यता स्थापना गर्नुपर्ने कुरालाई दरोसँग अगाडि सारिएको छ । उपन्यासकारले नारीसम्बन्धी पुराना आदर्श यथावत् राखीकन नारी जीवनमा परिवर्तनको नयाँ घाम उदाउन सम्भव छैन भन्ने कुरा राम्रोसँग महसुस गरी त्यस कुरालाई यस उपन्यासमार्फत पाठकमा सम्प्रेषण गर्ने प्रयत्न गरेकी छन् ।

**खुशबु** (वि.सं.२०४९) गीता शर्माको महिलाको तीन पुस्तामा नारी चेतना कसरी वृद्धि हुँदै गएको छ भन्ने कुराको प्रस्तुति दिने उपन्यास हो । यस उपन्यासकी प्रमुख नारी चरित्र तेजी (तेजस्विता) नारीपक्षीय दृष्टिकोण प्रस्तुत गर्ने प्रमुख स्तम्भका रूपमा आएकी छ । नारीवादी चेतले युक्त (तेजीकी छोरी) खुशबु आमाभन्दा अझै सशक्त बन्ने लक्षण लिएर अगाडि बढिरहेकी छ र उसकी हजुरआमा तिलु पनि सो चेतनाले युक्त भएकी छ । ऊ आफ्ना छोरी-नातिनीलाई उत्प्रेरित गर्ने काममा सक्रिय छ । नारीप्रतिका प्रचलित मूल्य-मान्यताहरूको खण्डन गर्दै नवीन मूल्य-मान्यताको स्थापना गर्नु नै यस उपन्यासको लक्ष्य देखिन्छ तापनि असमयमै खुशबुको मृत्यु भएको देखाइनाले भने नारी आन्दोलनको निरन्तरतामाथि प्रश्न उठाएको छ । प्रगतिशील दृष्टिकोण बोकेर अगाडि बढिरहेको यो उपन्यास खुशबुको मृत्युका कारणले विसङ्गत धारतिर उन्मुख हुन

पुगेको छ। त्यसैले यस उपन्यासले प्रस्तुत गरेको नारीपक्षीय दृष्टिकोणलाई पनि अपाङ्ग बनाइदिएको छ।

**खोज** (वि.सं.२०५०) गीता केशरीको महिला समस्याकेन्द्री उपन्यास हो। कृपा अपराधहरूका बारेमा अनुसन्धान गरिरहेको छ र त्यस अनुसन्धानका दायरामा समेटिन आउने सबै विषय भने महिलाकेन्द्री नै छन्। यसैले यो पुरुषलाई नायकत्व प्रदान गरिएको कृति भए तापनि महिला समस्याका केन्द्रीयतामा रचिएको छ। नायक कृपाका स्थानमा महिलालाई नायकत्व प्रदान गरिंदा पनि 'शान्तिको खोजीमा कोठीमा पस्ने' सन्दर्भबाहेक अरू कुनै कुरामा पनि अप्ठेरो पर्ने देखिँदैन। प्रस्तुत उपन्यासको मूल समस्या शान्तिको समस्या हो र अरू समस्या गौण हुन्। यस उपन्यासमा नेपाली समाजमा रहेको विभेदपूर्ण लैङ्गिक व्यवहारले उब्जाएका समस्या र त्यस्ता समस्याको निवारणको दिग्दर्शन गरिएको छ र यसमा नारी पक्षधरता पर्याप्त मात्रामा झल्किएको छ।

**कुमारी आमा** (वि.सं.२०५१) भारती खरेलको महिला र महिला समस्याकेन्द्री उपन्यास हो। यस उपन्यासमा नारी समस्यालाई सामाजिक समस्याका रूपमा प्रस्तुत गरिएको छ तर यसको समाधान भने विद्रोही प्रकृतिको नभएर आदर्शवादी प्रकृतिको छ। नारीको स्वरूपको कल्पना सहनशीला सुशीलाका रूपमा गरिएको छ। यसमा नारी समस्याका कुरा त आएका छन् तर तिनले नारी अस्मिताको उद्‌बोधन भने गर्न सकेका छैनन्। दैहिक रूपले अक्षम श्रीमान् प्रभातकी कान्छी श्रीमतीका रूपमा उपस्थित भएकी कृताञ्जलि प्रभातले नै बलात्कार गराएर जन्माएका उसकी माइली श्रीमतीका छोराछोरीकी आदर्श आमा बनेकी छ र त्यसैमा उसले आफ्नो अस्तित्वको जगेर्ना भएको ठानेकी छ। उपन्यासकारले उपन्यासमा प्रभातले गरेको पश्चातापलाई नै कृताञ्जलिको सफलताका रूपमा लिएकी छन् जसले उक्त प्रमुख नारी चरित्रलाई अस्तित्वहीन पात्रको परिचय दिएको छ।

**विश्वास** (वि.सं.२०५२) गीता केशरीको नारीकेन्द्री र नारी समस्याकेन्द्री उपन्यास हो। यसमा दुर्गा नामकी नारी पात्रलाई केन्द्रीयता प्रदान गरिए तापनि यसले देवी, उमा, विद्या, धर्मआमा आदि अन्य नारीको जीवनको समग्रतालाई पनि समेटेको छ। यस उपन्यासमा लैङ्गिक विभेदका सन्दर्भलाई सामाजिक-पारिवारिक-कानुनी सन्दर्भहरूमा राम्रोसँग विश्लेषण गरिएको छ। यसमा मूल रूपमा महिलाको मातृत्व अधिकारको कुरालाई नयाँ ढङ्गले उठाइएको छ। यस उपन्यासमा कुनै पनि नारीले, चाहे त्यो कुमारी होस् वा विधवा, श्रीमान्‌का नातामा पुरुषको दासत्वमा नपरी कृत्रिम गर्भाधानका माध्यमले मातृत्वको अधिकार पाउनुपर्छ भन्ने कुरालाई निकै सशक्तताका साथ उठाइएको छ। यो महिलाका जीवनका सानादेखि ठूला समस्यासम्मलाई नारी अस्मिताका कोणबाट व्याख्या-विश्लेषण गरी विशुद्ध नारीवादी धारणामा आधारित रहेर लेखिएको उपन्यास हो। स्वस्फूर्त रूपमा नारीवादी धारणा हृदयमा जाग्रत भएर लेखिएको तर नारीवाद के हो भन्ने सैद्धान्तिक आधारको अध्ययन नगरी लेखिएकाले यसमा त्रुटि पनि रहेका छन्। हिन्दू धर्मलाई नारीको बन्धनका रूपमा नलिने आदर्शउत्प्रेरित दृष्टिकोणले पनि यस्तो त्रुटि हुन गएको हो। उपन्यासकार केशरीमा विशुद्ध वैज्ञानिक दृष्टिकोण आउने हो भने उनको नारीवादी दृष्टिकोणमा प्रशस्त परिष्कार आउन सक्छ। यति हुँदाहुँदै पनि नारीका कोणबाट अत्यन्त सचेत

ढङ्गले लेखिएका उपन्यासका रूपमा भने गीता केशरीका उपन्यासलाई अग्र पङ्क्तिमा राख्नै पर्ने हुन्छ । यस उपन्यासमा प्रस्तुत भएका दुर्गा र उमाको चरित्र नारीवादी कोणबाट सफल छ । देवी र विद्याको चारित्रिक नमुना नवीन र क्रान्तिकारी छ ।

## ४.३ नारी समस्यापरक नेपाली उपन्याससम्बन्धी सर्वेक्षणको निष्कर्ष

उपर्युक्त विवेचनाका आधारमा नेपाली उपन्यासका फाँटमा देखा परेका पुरुषलिखित र नारीलिखित नारी समस्यापरक कृतिका नारीपरक कृतित्वसम्बन्धी निष्कर्ष यस प्रकार निकालिएको छ- पुरुषलिखित नेपाली उपन्यासको सङ्ख्या अधिक छ । यसमा पनि नेपालको पुरुषवादी सामन्ती चिन्तन अनुकूलकै उपन्यासको सङ्ख्या अधिक छ र तिनमा नारी समस्यालाई सामाजिक समस्याका रूपमा नभएर व्यक्तिगत समस्याका रूपमा प्रस्तुत गरिएको छ । यस्तै चिन्तन भएका व्यक्तिमध्ये पनि कतिपयले भने आफ्नो औपन्यासिक प्रस्तुतिको केन्द्रीयता नारीलाई प्रदान गरिएको देखिन्छ तापनि उनीहरूलाई हेर्ने दृष्टिकोणमा भने नारीले केन्द्रीय महत्त्व पाउनु र नपाउनुले फरक पारेको देखिँदैन । पुरुषलिखित कतिपय उपन्यास यस्ता पनि छन् जसमा नारीलाई केन्द्रीय पात्र नबनाउँदा पनि तिनका समस्याको विश्लेषण भने नारीपक्षीय कोणबाट गरिएको भेटिन्छ । यस सर्वेक्षणमा नारीकेन्द्री उपन्यासलाई मात्र समेटिने प्रावधान रहेका कारणले ती अन्य उपन्यासको चर्चा गरिएको छैन । कतिपय पुरुष उपन्यासकारले नारीपक्षीय चिन्तनयुक्त नारीकेन्द्री उपन्यास पनि लेखेका छन् । यीमध्ये कतिपय उपन्यासले नयाँ तर नारीसम्बन्धी भ्रमपूर्ण चिन्तनलाई अघि सारेका छन् र त्यसको सामाजिक प्रभावका सन्दर्भमा बेखबर देखिएका छन् । यीमध्ये कतिपयले चाहिँ नारीपक्षीय नवीन एवं क्रान्तिकारी दृष्टिकोणलाई अघि सारेका छन् र ती सामाजिक प्रभावका दृष्टिले पनि सकारात्मक रहेका छन् । जम्माजम्मीमा सामाजिक जिम्मेवारीबोधले युक्त भएर गरेको नारीकेन्द्री र नारीपक्षीय चिन्तन नै सही नारीवादी चिन्तनका रूपमा प्रकट भएको देखिन्छ तापनि त्यस्ता उपन्यासको सङ्ख्या भने अत्यन्त न्यून छ । २०५८ सालसम्मका (विद्यावारिधिमा नाम दर्ता गरिएको २०५९ सालको मितिभन्दा अगाडिका) उपन्यासमा प्रस्तुत नारीकेन्द्री र नारी समस्यापरक प्रस्तुतिले चिन्तनको भ्रमहीन गोरेटो नपक्रिसकेको अवस्था नै कायम रहेको छ । यस क्रममा सम्बन्धित उपन्यासकारको राजनीतिक चिन्तनले पनि पर्याप्त प्रभाव पारेको देखिन्छ । यीमध्ये नारीवादी चेतनाका कोणबाट अलि बढी सशक्त देखिएका पुरुष उपन्यासकारद्वारा लिखित **रूपमती, स्वास्नीमान्छे, शान्ति, अनुराधा** र **तीन घुम्ती** गरी पाँचवटा उपन्यासको विश्लेषणलाई नमुनाका रूपमा प्रस्तुत गरिएको छ ।

पुरुषले नारीलाई मूल विषय बनाउने परिपाटी पुरानै भएझैं नारीले नारीलाई मूल विषय बनाउने परिपाटी पनि पुरानै हो । शिक्षार्जन र सामाजिक-राजनीतिक सक्रियताको खुला अवसर नपाएका महिलाले साहित्य लेखनका क्रममा महिलाकै विषयमा केन्द्रित रहनु उनीहरूले पाएको संसारको सीमितताको परिणाम हो । नारीहरूले सबभन्दा बढी आफ्नै पीडालाई चिनेका हुन्छन् र

त्यसैलाई साहित्यको विषयवस्तु बनाउनु उनीहरूका निम्ति सहज हुन्छ। बाहिरी संसारमा नारीहरूको सक्रियता बाक्लिँदै गएपछि उनीहरूको चिन्तन पनि फराकिँदै गएको देखिन्छ। आधुनिक कालका नारी उपन्यासकारले लेखेका नारीकेन्द्री नारी समस्यापरक उपन्यासको लेखनप्रवृत्ति यही नै हो ।

महिलालिखित नेपाली उपन्यासको सङ्ख्या पनि निराशलाग्दो छैन । यी उपन्यासमध्ये अधिक सङ्ख्याका उपन्यासमा पुरातन सामन्तवादी पुरुषकेन्द्री दृष्टिकोण नै बलिष्ठ रहेको भेटिन्छ । सबै महिला उपन्यासकारले मौलिक लैङ्गिक चिन्तन अँगाल्न सकेका छैनन् । नारीलाई विषयका केन्द्रमा राख्ने कुरामा भने अधिकांश महिला उपन्यासकार सचेत देखिएका छन् र आफ्ना समुदायका नारीका समस्यालाई आ-आफ्ना दृष्टिकोण एवं क्षमता अनुसार विश्लेषण पनि गरेका छन् । नारी केन्द्रीयता नै भए पनि सस्ता प्रेमकथामा आधारित र न्यूनतम साहित्यिक हैसियतसमेत प्राप्त नगरेका उपन्यासलाई भने यस सर्वेक्षणमा समेटिएको छैन । अधिकांश महिला उपन्यासकारका उपन्यासमा प्रस्तुत भएका नारी समस्याका विश्लेषण आदर्शवादी हुन गएकाले नारी अस्मिता प्रबर्द्धनका कोणबाट ती सफल हुन सकेका छैनन् र तिनले नारी पाठकलाई दिग्भ्रमित तुल्याउने सम्भावना पनि पर्याप्त रहेको छ। नारीवादी चेतनाका कोणबाट सफल महिला उपन्यासकारमा पारिजात देखा परेकी छन् भने केही दृष्टिकोणगत कमजोरीसहित नारी अस्मिताको जगेर्ना गर्ने प्रयत्नमा तुलनात्मक रूपमा सफल देखिएका २०५९ सालअघिका उपन्यासकारमा पारिजात, वानीरा गिरी र गीता केशरीको नाम लिन सकिन्छ । यीमध्ये पनि सर्वाधिक शक्तिशाली नारीवादी चिन्तन भने पारिजातका उपन्यासमा भेटिन्छ । यहाँ नमुनाका रूपमा पारिजातको **अनिँदो पहाडसँगै** उपन्यासको विश्लेषणलाई प्रस्तुत गरिएको छ ।

यसै परिप्रेक्ष्यमा प्रस्तुत शोधप्रबन्धको आगामी पाँचौं परिच्छेदअन्तर्गत यिनै छवटा उपन्यासलाई नारीवादी प्रमुख नेपाली उपन्यासका नमुनाका रूपमा लिई क्रमिक  रूपमा तिनको नारीवादी विश्लेषण प्रस्तुत गरिएको छ ।

पाँचौं परिच्छेद

# प्रमुख नेपाली नारीवादी उपन्यासहरूको विश्लेषण

प्रस्तुत नारीवादी प्रमुख नेपाली उपन्यासहरूको विश्लेषण नामक पाँचौं परिच्छेदअन्तर्गत वि.सं. १९९१ सालदेखिको आधुनिक नेपाली उपन्यास फाँटका पूर्वोक्त छानिएका छवटा औपन्यासिक कृतिको नारीवादी समालोचनात्मक विश्लेषण क्रमश : गरिएको छ। त्यसपछि तत्सम्बन्धी तुलनात्मक निचोडको उल्लेख गरिएको छ (५.१-५.६) ।

## ५.१ रूपमती उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण

यहाँ रुद्रराज पाण्डेको **रूपमती** उपन्यास (वि.सं.१९९१)लाई पृष्ठभूमि, औपन्यासिक शीर्षक, औपन्यासिक स्थानगत-कालगत र वर्गीय सन्दर्भका साथै मूल नारी समस्याका विभिन्न पक्ष, औपन्यासिक परिणति र सन्देश, प्रमुख नारी चरित्रको विश्लेषण, नारीजगत्, नारीपुरुष दृष्टिकोण, औपन्यासिक समष्टि नारीअवस्थिति र लेखकीय नारीदृष्टिकोणजस्ता कोणबाट नारीवादी साहित्यिक समालोचनात्मक प्रविधि अँगाली क्रमशः केलाई मूल्याङ्कन प्रस्तुत गरिएको छ (५.१.१-५.१.११) ।

### ५.१.१ पृष्ठभूमि

रुद्रराज पाण्डे (जीवन काल : वि.सं.१९५७-२०४३)ले वि.सं. १९९१ मा **रूपमती** उपन्यास प्रकाशित गरेर नेपाली उपन्यास जगत्मा आधुनिकताको सूत्रपात गरेका हुन्। उनले यो उपन्यासलगायत **चप्पाकाजी** (१९९३), **प्रायश्चित्त** (१९९५) र **प्रेम** (२०५०) गरी जम्मा चारवटा उपन्यासको रचना र प्रकाशन गरेका छन्।

रुद्रराज पाण्डेको पहिलो उपन्यास **रूपमती** शीर्षकदेखि नै नारीपरक छ। यसकी प्रमुख नारी पात्र रूपमतीका जीवन परिवेशमा केन्द्रित यस उपन्यासले एकातिर रूपमतीजस्ती सन्नारीको आदर्शलाई परिलक्षित गरेको छ भने अर्कातिर पण्डित्नी बज्यै, बरालपुत्रीजस्ता असत् ठहऱ्याइएका नारीको अनादर्शलाई उभ्याएको छ। उपन्यासका अन्त्यमा रूपमतीका चरित्रमा निहित सहनशीलताको विजय र अन्य नारीका चरित्रमा निहित असहनशीलताको पराजय देखाएर एउटा पारिवारिक आदर्शको मानदण्डको नमुना प्रस्तुत गरिएको छ।

रुद्रराज पाण्डेको दोस्रो उपन्यास **चप्पाकाजी** पुस्तकको नाम र विषयवस्तु दुवै दृष्टिले पुरुषकेन्द्री रहेको छ। यस उपन्यासको विषयवस्तुले यसको प्रमुख पात्र चप्पाकाजी अर्थात् चक्रबहादुर खड्काका जीवनचरित्रका सेरोफेरोमा विचरण गरेको छ। आफ्नी विवाहिता

श्रीमतीलाई अवहेलना गरेर पहाड घर गोरखामै छाडी काठमाडौंबासी बनेको शिक्षाविरोधी दुश्चरित्र प्रमुख पुरुष पात्र चप्पाकाजी सम्पत्तिका मदले नारीपीडक रहेको छ। अन्य अनेकन् दुश्चरित्रताले सुसज्जित चप्पाकाजीबाट अनेकन् परस्त्रीहरू यौन शोषणमा परेका छन् र अन्त्यत: आफ्नै दुश्चरित्रताले ऊ पतनको पल्लो सीमामा पुगी निरीहावस्थामा प्राप्त भएपश्चात् ऊ स्वयम्ले आफ्ना सुखका दिनहरूमा उपेक्षा गरेर फालिराखेकी विवाहिता पत्नीले उसलाई गोरखा फिर्ता आउन अनुरोध गरेपश्चात् ऊ लज्जित बनेको देखाएर नारीको सहनशीलता र क्षमाशीलताको विजय देखाइएको छ। **रूपमती**मा झैं यस उपन्यासमा पनि अन्ततोगत्वा नारीको सहनशीलताको विजय देखाएर सोही पारिवारिक आदर्शको स्थापना गर्न खोजिएको छ।

रुद्रराज पाण्डेको तेस्रो उपन्यास **प्रायश्चित्त** पुस्तकको नाम र विषयवस्तु दुवै दृष्टिले पुरुषकेन्द्री रहेको छ र नारीलगायत अन्य सन्दर्भका परम्परागत सामन्ती दृष्टिकोणप्रति सुधारात्मक अपेक्षा सँगालेको छ। सामन्ती संस्कार र चरित्रानुकूल नै शोषित वर्गमा परेकाले उत्पीडित रहेका रम्भा लगायतका नारीहरूको हैसियत सामाजिक विकृतिका सन्दर्भमा पुरुषका सहायकका रूपमा देखाइएको यस उपन्यासको नायकलाई अन्य दुश्चरित्रताका अतिरिक्त नारीलाई हेर्ने र व्यवहार गर्ने आफ्नो दृष्टिकोणप्रति प्रायश्चित्त गराएर आदर्शको प्रतिस्थापन गर्नु नै प्रस्तुत उपन्यासको लक्ष्य दृष्टिगत हुन्छ।

रुद्रराज पाण्डेको चौथो उपन्यास **प्रेम**को नाम यसै उपन्यासकी नारी पात्र प्रेमका नाममा रहेको भए तापनि कथानकीय मूल संरचनामा भने चुच्चे भनिने चक्रबहादुर नामक पुरुष पात्रकै चरित्रलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ। चुच्चे प्रेमको भाइ (कान्छो काका झलक र काकी वनबेलीको छोरो) हो जसलाई उपन्यासकारले हरतरहले अनादर्श पात्रका रूपमा चित्रित गरेका छन्। उनका अन्य उपन्यासको अध्ययन गर्दा र यसै उपन्यासको नामकरणको इङ्गित पक्षमाथि विचार्दा चुच्चेको चरित्र प्रदर्शन उपन्यासको उद्देश्य हुनसक्ने देखिँदैन। उपन्यासकारले उपन्यासमार्फत प्रदान गर्न खोजेको मूल्यले उपन्यासको विषयवस्तुमा अल्प स्थान प्राप्त गरेको भए तापनि प्रेमको चारित्रिक वैशिष्ट्यले मात्र बहन गरेको देखिन्छ। उपन्यासमा प्रेमको पिता सेतु भन्छ-"मैले त त्यसैले प्रेमलाई पढ्न पठाएको छु, पढाएर ल्याएर सबैको सामुन्नेमा एउटा आदर्श खडा गराउँला भन्ने सुर छ, हेरूँ कसो हुन्छ " (पाण्डे, २०५० : १)। उपन्यासलाई आफ्नो आदर्श अनुरूपको नारी आदर्श बोकेकी नारी चरित्रका नामद्वारा नामाङ्कित गर्नु र त्यसैलाई उपन्यासको लक्षित आदर्शका रूपमा प्रस्तुत गर्नु यस उपन्यासको सार हो। प्रेमको जस्तो आदर्श चरित्रको प्राप्तिका निम्ति उपन्यासकारले शिक्षालाई प्रमुख कारक ठानेका छन्। नेपाली समाजका नारीहरूका चरित्रमा जेजति विकृतिहरू देखिएका छन् तिनको उद्भव अशिक्षा हो भन्ने उनको ठहर छ। यस उपन्यासका वनबेली, ठोटरी, चिरीबिरी, रजहाँस आदि अशिक्षित नारी चरित्रका माध्यमले नारी समुदाय अशिक्षित हुँदाको अवस्थालाई देखाउँदै भुवनकी बहिनी राजेश्वरी र प्रेमका माध्यमले शिक्षित नारीका विचार र व्यवहारको प्रस्तुति गरिएको छ। नारीको अस्तित्वचेतलाई विधवा ठोटरी, रजहाँस, लप्टन्नीको महिला-मण्डली र राजेश्वरीका संवादका माध्यमले प्रस्तुत गरे

तापनि प्रेमका चरित्रमा प्रस्तुत आदर्शद्वारा त्यसको अनुमोदन नगराइएकाले यस उपन्यासले नारीका पक्षमा शिक्षाबाहेकका अन्य नवीन सन्दर्भलाई नस्विकारेकै देखिन्छ ।

स्वयम् सम्पन्न घरानाका भएकाले र त्यसै कारण (सुविधा)ले राणाकालीन नेपालमा पनि भारतभूमिको बनारस पुगी स्नातकोत्तरसम्मको उच्चशिक्षासमेत हासिल गरेकाले उपन्यासकार रुद्रराज पाण्डेको शिक्षाप्रेम, नारीशिक्षाप्रतिको चासो उनको प्रथम उपन्यास (**रूपमती**) देखि नै प्रतिबिम्बित रहेको देखिन्छ । त्यो शिक्षाप्रेमले एकातिर पुरुषसमुदाय (छविलाल, रविलाल, भुवन, प्रधान आदि) लाई प्रभावित पारेको छ भने अर्कातिर नारी समुदाय (**रूपमती**की रूपमती, **प्रेम**की प्रेम, राजेश्वरी र रजहाँस)लाई प्रभावित पारेको छ । नारी शिक्षा त्यतिखेरको नेपालको स्थापित मान्यता नरहेको बुझिन्छ । तत्कालीन नेपाली समाजमा घरपरिवारमा व्याप्त झैझगडा र अशान्तिको कारणतिर ध्यान दिँदा उनी त्यसका जरामा स्त्री शिक्षाको अभावलाई पहिल्याउँछन् र स्त्री-पुरुष दुवै शिक्षित नभएसम्म समाजको अवस्था सुधिन नसक्ने कुराको बोध गरी त्यसको औपन्यासिक सम्प्रेषणसम्म उनी पुग्दछन् । उनको उपर्युक्त शिक्षापरक युगबोधलाई उनको पहिलो उपन्यास **रूपमती**मा रूपमतीमार्फत नारी साक्षरताको आवश्यकता झल्काउँदै अगाडि सारिएको छ, तेस्रो उपन्यास **प्रायश्चित्त**मा बुहारी शिक्षाको आवश्यकता औँल्याएर प्रकट गरिएको छ भने उनको चौथो उपन्यास **प्रेम**ले पुत्री शिक्षाका माध्यमले त्यसलाई व्यक्त गरेको छ अनि यहाँ यस अन्तिम उपन्यासकी प्रमुख नारी पात्र प्रेमले उच्च शिक्षा आर्जनका निम्ति वीरगञ्जदेखि बनारससम्म पुग्न पाएकी पनि छ ।

रुद्रराज पाण्डेका उपर्युक्त चार उपन्यासमध्ये वस्तुसङ्गठन तथा चरित्रनिर्माण दुवै दृष्टिले बढी सफल रहेको र शीर्षक एवं महिला विषयमा केन्द्रितसमेत रहेकाले यहाँ नारीवादी औपन्यासिक विश्लेषणका प्रयोजनका निम्ति उनको प्रतिनिधि उपन्यासका रूपमा **रूपमती**को चयन गरिएको छ । **प्रेम** उपन्यासको शीर्षक पनि यसको प्रमुख नारी पात्र (प्रेम)का नामका आधारमा नारीकेन्द्री रही स्त्री शिक्षालाई यसले अधिक महत्त्व दिए तापनि यसको औपन्यासिक सङ्गठन लक्षित विषयका परिपार्श्वमा भन्दा अन्य गौण सन्दर्भहरू (स्त्री अशिक्षा र पुरुष पात्र चुच्चेका चारित्रिक बुनोटतर्फ)मा बढी अल्झिएकाले पनि उपर्युक्त प्रयोजनका निम्ति उनको नारीकेन्द्री मुख्य उपन्यासका रूपमा **रूपमती**को चयन बढी सान्दर्भिक रहेको छ ।

### ५.१.२ शीर्षक

प्रस्तुत **रूपमती** उपन्यासको नामकरण यसै उपन्यासकी केन्द्रीय नारी चरित्र (नायिका) रूपमतीकै नामबाट भएको छ । यो नामकरण वा शीर्षक रखाइले नै उपन्यासको नारी प्रधानतालाई इङ्गित गरेको छ । उपन्यासको प्रकाशन काल (वि.सं.१९९१) र उपन्यासभित्रका कथावस्तुगत पात्रगत समय सूचनालाई समेत ध्यानमा राखी हेर्दा र १९९० साल माघ दुई गतेको महाभूकम्पभन्दा अघिको लगभग तीन दशकको १९९० को दशक सुरु हुने बखततिरको तत्कालीन नेपाली समाजको नारी संसार र त्यसको प्रतिनिधित्व गर्ने सन्दर्भतर्फ पाठकलाई डोऱ्याइएको छ । यसरी यस उपन्यासको शीर्षकले एकातिर उपन्यासको नारी प्रधानतालाई

देखाएको छ भने अर्कातिर त्यही पात्रको चारित्रिक केन्द्रीय अवस्थिति, भूमिका र महत्त्वतर्फ पनि सङ्केत गरेको छ । यस उपन्यासको उपर्युक्त शीर्षकले लेखकीय नारी दृष्टिकोणको पनि प्रतिनिधित्व गरेको छ ।

**रूपमती** उपन्यासको शीर्षकमा अलिकति अर्थगत विपर्यास पनि देखिएको छ । उपन्यासकार पाण्डेले रूपमतीलाई अत्यन्त सुन्दरी युवतीका रूपमा चित्रित गरेका छन् र त्यसैलाई अभिधार्थमा नै शीर्षकमा झल्काएका पनि छन् । समग्र उपन्यासको सारमा भने रूपतत्त्वसँगै शीलतत्त्व पनि नेपाली नारीका निम्ति कम महत्त्वपूर्ण छैन भन्ने कुरा झल्किन्छ नै । रूपमतीको रूपले हविलाललाई आफूतर्फ आकर्षित गर्न प्रारम्भ गरेको छ तापनि शील उसका चरित्रको निर्णायक पक्ष हो भन्ने भावलाई समेत यहाँ प्रस्तुत गरिएको छ । रूपमतीको रूपलाई पूर्णता दिने काम उसका चरित्रमा निहित शीलले गरेको छ जुन शीलका अभावमा उसको रूपको पनि कुनै मूल्य हुने थिएन भन्ने दृष्टिकोणलाई उपन्यासको शीर्षकले ध्वनित गराएको छ ।

## ५.१.३. औपन्यासिक सामाजिक परिवेश र नारीजगत्

अब यहाँ **रूपमती** उपन्यासको सामाजिक परिवेश र नारीजगत्को विवेचना क्रमशः स्थानगत, कालगत र वर्गगत सन्दर्भमा गरिनेछ ( ५.१.३.१-५.१.३.३ ) ।

### ५.१.३.१ स्थानगत सन्दर्भ

**रूपमती** प्रकाशनका सन्दर्भमा १९९० सालको महाभूकम्पभन्दा अघिको तीन दशकको समयगत पूर्व परिवेश र 'श्री ३' का उपाधिले जुद्ध शमशेरले शासन गरेको समयसम्म पुगी टुङ्गिएको उपन्यास हो । नेपालका लागि राणाकाल भनेको एकतन्त्री शासन चलेको समाज व्यवस्थाको सामन्तकाल हो । सामन्ती राणाकाल नेपाली परम्परागत महिला उत्पीडनका दृष्टिले चरम अवस्था हो । **रूपमती** उपन्यासको रचना महिलाहरूले कतै कुनै पक्षमा पनि उन्मुक्तिको सास फेर्न नपाएको मात्र होइन, त्यसको चेतनासमेत अँगाल्न नजानेको त्यस समयावधिमा महिलाका समस्यामाथि केन्द्रित रही महिला उत्पीडनका विरुद्ध आफूलाई (उपन्यासकार स्वयंलाई) उभ्याएर तत्कालीन सामाजिक परिवेशको चित्र उभिने गरी गरिएको हो ।

**रूपमती** उपन्यासको विषयवस्तु तत्कालीन राणाकालीन समय वि.सं.१९६०-९० तिरको कालिक परिवेशको उच्च खानदानी पूर्वीया ब्राम्हण परिवार (नेपाल, लुइँटेल, बराल थरका)हरूको पारिवारिक कौटुम्बिक परिवृत्तको एउटा कथा हो । यस उपन्यासका स्थानगत मुख्य केन्द्रमा काठमाडौंको उपान्तीय बस्ती कालधारामा पण्डित छविलाल शर्माको एउटा परिवार र त्यसको पुर्ख्यौली काठमाडौं उपत्यकाको एक पश्चिमी नाका पाँचमाने गाउँसँग र बिर्तावालको सम्बन्ध काठमाडौंकै काँठ गोकर्णसँग रहेको भेटिन्छ (पृ ५) त्यसकै परिपार्श्वमा काठमाडौंकै अर्को अलिकति उपान्तीय बस्ती धोबीधारामा पण्डित मोहनप्रसाद लुइँटेलको परिवार छ जुन पितापुर्खाकै समयदेखि सम्पन्न छ । पुर्खाकै आर्जनस्वरूप मनोहरा डोलमा दुई सय मुरी धान आउने खेत र मधेसमा समेत केही न केही आम्दानी दिइरहने खेत रहेको भेटिन्छ (पृ १०) । नेपालको पश्चिम पहाड

गोरखाको छेपेटारमा शिशुपाल बरालका पुत्र मधुवन बरालको परिवार छ, जसको ससुरालीतर्फको सम्बन्ध बर्मासँग रहेको भेटिन्छ (पृ.२२)। यस परिवारको सम्बन्ध मुद्दा-मामिलाका सन्दर्भमा गोरखा सदरमुकामदेखि पोखरासम्म पुगेको भेटिन्छ (पृ ११९)।

उपर्उल्लिखित नेपाल, लुइँटेल र बराल तीन थरका ब्राम्हण परिवारमध्ये अघिल्ला दुई परिवार काठमाडौं सहरको छेउछाउको अर्द्धसहरी क्षेत्रमा रहेको देखिन्छ। तत्कालीन नेपालको काठमाडौंको सहरी केन्द्रमा या त ठकुरीहरू नै बस्थे या त नेवारहरू बस्थे। काठमाडौं बाहिरका पहाड या मधेस खण्डबाट झरेका अन्य जातिहरू काठमाडौंका केन्द्रका छेउछाउबाट विस्तारै भित्रभित्र सर्ने क्रममा नै रहेका छन्। त्यसैले यस उपन्यासका नेपाल र लुइँटेल परिवारको अवस्थिति काठमाडौंमा उपान्तीय क्षेत्र कालधारा र धोबीधारामा रहेको देखिन्छ। बराल परिवार विशुद्ध पहाडिया देखिन्छ र यस परिवारको सम्बन्ध भर्खरै नेपाल परिवारसँगको वैवाहिक सम्बन्धमार्फत काठमाडौंसँग जोडिएको छ। यसरी यस उपन्यासमा मूलतः अर्द्धसहरी र अंशतः ग्रामीण परिधीय कथानकीय विषयवस्तु पाइन्छ। छेपेटारलाई पटक-पटक काँठ (पृ २५, ४३, ५२, ७५) भनिए तापनि त्यो गोरखाको दरौंदी खोलाभन्दा माथिको पहाडी गाउँ हो। मधेश, पोखरा, बालाजू र काठमाडौंको एक पश्चिमी नाका पाँचमानेको नामोल्लेख मात्र छ र बर्माको पनि समाजचित्रण भएको छैन, सामान्य चर्चा मात्र भएको छ (पृ २२,१२६)। यस उपन्यासको मूल कथानकीय विषयवस्तु यिनै तीनवटा ब्राम्हण परिवारसँग जोडिई मुख्यतः पण्डित छविलालको परिवारको जेठो छोरा हविलालको उन्नति-अवनतिका साथै रूपमती लगायतका महिला समुदायको भूमिकामाथि केन्द्रित रहेको छ।

### ५.१.३.२ कालगत सन्दर्भ

रूपमती लगभग १० वर्षकी भएपछि उपन्यासको मूल कथानक अगाडि बढेको छ। विवाह गरेको तीन-चार वर्षपछिदेखि (पृ.१३) रूपमती माइतमा बस्न पाउँदिन। एउटी बालक बुहारीले जण्ड सासूका अनुशासनमा गर्नुपरेको सङ्घर्षको प्रारम्भसँगै अगाडि बढेको उपन्यास कथानकीय अन्त्यसम्म आइपुग्दा रूपमतीको छोराभन्दा लगभग एक वर्षले कान्छी (एकाघरमा बस्दासम्म बरालपुत्री आफ्नो सन्तान हुने कुनै लक्षण नदेखिएको तर रूपमती पुत्रवती बनिसकेको कुराले पिरोलिएको देखिन्छ- पृ७७।) छोरीसमेत १५ वर्षकी भइसकेपछि उपन्यास टुङ्गिएको छ। विवाह (७२ महिनामा) भएको बर्सौं बितेर अब रूपमतीबाट सन्तान नहुने ठहर गरी उसकी सासूले सौता हालिदिने कुरा गरेको र हविलालले समेत सुटुक्क डाक्टरी परामर्श लिइसकेपछि (पृ ६३) मात्र रूपमती गर्भवती भई पुत्रवती बनेकीले त्यसबेलासम्म उसको उमेर २० वर्षको भइसकेको देखिन्छ। त्यसको पनि लगभग वर्ष दिनपछि जन्मिएकी रविलालकी छोरी उपन्यासका अन्त्यमा १५ वर्षकी हुँदा रूपमतीको उमेर त्यस्तै ३६ वर्षजतिको र उसभन्दा तीन वर्षले जेठो हविलालको उमेर उपन्यासको रचनाकाल (१९९०) मा ३९ वर्ष भएको देखिन्छ। यस हिसाबले हेर्दा उपन्यासको प्रारम्भ रूपमतीको लगभग १० वर्षको उमेर अर्थात् १९६५ मा पृथ्वीवीरविक्रम शाहको राज्यकालमा भएको देखिन्छ। यसरी यस उपन्यासले सामान्यतः १९६०-९० को तीन दशकको र

मूलतः १९६५ देखि १९९० सम्मको अढाइ दशकको समय सीमाभित्रको सामाजिकतालाई समेटेको छ। १९९० साल माघ दुई गते गएको महाभूकम्पको यस उपन्यासमा कुनै चर्चा हुँदै नभएकोबाट यो उपन्यास त्यस विप्लवकारी प्राकृतिक दुर्घटनाभन्दा अगाडि नै लेखिसकिएको अनुमान गर्न सकिन्छ।

प्रस्तुत उपन्यासमा पुरानै मध्य राणाकालीन नेपालको राजकाज, चाकरी, धर्मकर्मको सामाजिक चित्र उत्रिएको पाइन्छ। यहाँ उत्रिएको समाज भनेको चन्द्र, भीम र जुद्धशमशेरले श्री ३ का नामले शासन गरिएको समय हो। छिमेकी मुलुक भारतमा हैकम जमाएर बसेका अङ्ग्रेजहरूको प्रभावको फलस्वरूप फैलिएको शिक्षा-चेतनाको हावाले नेपालका शासक (खासगरी राणावर्ग)लाई स्पर्श गरिरहेको थियो र शासकका छोराहरू भारतभूमिमा गएर अङ्ग्रेजी शिक्षाको अध्ययन गर्दथे। यसै शिक्षार्जनका माध्यमबाट शासक वर्गको रहनसहनमा पाश्चात्यकरणको आरम्भ भइसकेको थियो। यही पाश्चात्य शैलीको शिक्षार्जन र रहनसहनको प्रभाव उनीहरूकै सरसम्पर्क एवं सहुलियत-सुविधामा उनीहरूका आसेपासे वर्गमा पनि पर्दै गएको देखिन्छ। शिक्षादीक्षाका माध्यमबाट यसको संसरण नेपाल परिवारमा, त्यो पनि खास गरेर हविलाल शर्मामा भएको देखिन्छ। साहेब (तत्कालीन शासक एवं भाइभारदार/बत्तीसपुतलीका कर्णेल साहेब) हरूकै प्रोत्साहनमा उनीहरूकै छोराका साथमा बनारसमा पढ्न पाएको नायक पात्र हविलालले सिनेमा हेर्ने, बिस्कुट खाने, पोटासपानीले सरसफाइ गर्ने, फेसन गर्नेजस्ता कुरामा मात्र नभएर बोक्सी भनिने चलन, हिन्दू देवीदेवता आदिको विरोध गर्ने तथा स्त्री शिक्षाको रहर, सन्तान नहुँदा डाक्टरी परामर्श लिनेजस्ता वैचारिक सन्दर्भमा समेत पाश्चात्य प्रभाव ग्रहण गरेको देखाएर तत्कालीन नेपाली समाज क्रमशः सङ्क्रमणशील बन्दै गएको यथार्थलाई प्रस्तुत उपन्यासले छर्लङ्ग पारेको छ। यही सङ्क्रमणशीलताको प्रभावस्वरूप तत्कालीन पण्डित वर्गले पनि कृष्णको आधुनिक व्याख्या गरी परम्परालाई जीवितै राख्न गरेको सङ्घर्षलाई (पृ.१८) पनि यस उपन्यासले टिप्न भ्याएको छ। पाश्चात्यकरणको यस प्रभावले केवल पुरुष समुदायलाई मात्र (त्यो पनि सबै पुरुषलाई होइन) छुन सकेको छ। महिला समुदायलाई भने लिपिस्टिक, पाउडर, किलिप, सुगन्धवाल तेल र लेभेण्डरको बास्नाको (पृ.४२) प्रयोग गर्ने सन्दर्भमा मात्र छुन भ्याएको छ।

समाजका थोरै व्यक्तिमा परिवर्तनको सङ्केत देखिए तापनि मूल रूपमा भने समाज पूर्णतः सामन्ती प्रकृतिकै थियो। सकेसम्म छोरी नहोस् छोरै होस् भन्ने सामाजिक अवधारणा, छोरीको विवाह ७२ महिनामा नै गरिदिने चलन, १७ वर्षकी भएपछि ब्राम्हणकन्याको विवाह हुन नसक्ने भन्ने परिचर्चा, मिसिनी सुडेनीले सुत्केरी गराउने प्रथा, लालखा थापेर पायाँ वा टाँक खेल्ने चलन, बन्धकी लिएर ब्याजमा पैसा लगाउने प्रवृत्ति, जीवनका संस्कारमा गरिने आडम्बर, पाइन्ट-सुरुवाल लगाउने चलन नआइसकेको कछाड लगाउने पहाडी परम्परा, बाबुआमाले नै केटाकेटी हेरेर विवाह गरिदिने चलन, पुरुष शिक्षाको प्रारम्भ र नारी शिक्षा नामेट रहेको स्थिति आदिको चित्रणले तत्कालीन सामन्ती समाजकै छविलाई प्रस्तुत गरेको छ र यसमा अलिकति सङ्क्रमणशीलताले पनि प्रवेश पाएको छ।

### ५.१.३.३ वर्गीय सन्दर्भ

उपर्युक्त उपन्यासमा चित्रित तीनवटै ब्राम्हण परिवारहरू उच्च वर्गीय छन् र तत्कालीन सामन्ती संस्कृतिको स्वभावअनुकूल नै यिनीहरू एउटै कौटुम्बिक वृत्तमा बाँधिन सम्भव भएको हो तापनि यिनीहरूको सम्पन्नताको स्थिति भने पृथक् छ। यहाँ चित्रित तीन परिवारमध्ये बराल परिवारलाई उच्च वर्गीय रूप दिइए तापनि खानदानी रूपमा भने लिइएको छैन। यो परिवार बर्मामा गोठ राखेर पैसा कमाएको ससुरा पर्ने व्यक्तिको अपुताली सोहोरेर ३०-४० वर्षयता अकस्मात् सम्पन्न बनेको (पृ.२२) गाउँले अपढ नवधनिक असंस्कृत परिवार हो जसको स्वभावमा टपर्टुइँयापन नै बढी झल्कन्छ। आर्थिक ढङ्गले हेर्दा यस परिवारको जसरी अकस्मात् उत्थान भएको थियो पतन पनि त्यसरी नै भएको देखिन्छ। बराल परिवारको रहनसहन, बोलीचाली सबै कुरामा असभ्यपन नै बढी झल्कन्छ। प्रस्तुत उपन्यासको अर्को नेपाल ब्राम्हण परिवार पहाडबाट राजधानी झरेर आफ्नै परिश्रमले क्रमशः सम्पन्न हुँदै गएको, राणादरबारसँग जोडिएकाले सङ्क्रमणकालीन सभ्यताको चपेटामा परेको, अलिअलि सहरिया हुँ भन्ने अहम् चढेको र शिक्षित पुस्ता आएपछि (हविलाल) भने त्यो अहं सेलाएको नवसभ्य परिवारका रूपमा आएको छ।

परम्परागत सामाजिक, सांस्कृतिक, आर्थिक ढङ्गले उच्च खानदानी परिवारका रूपमा लुइँटेल परिवारको चित्रण भएको छ। बराल र नेपाल परिवारजस्तो नवधनिक नभएर यो परिवार खानदानी परिवारका रूपमा आएको छ। बराल परिवार विदेशको धनले सम्पन्न बनेको छ भने नेपाल परिवार राणाका अन्य शासक वर्गको कृपाकाङ्क्षी बनेर सम्पन्नताको सिँढी उक्लिरहेको देखिन्छ तर लुइँटेल परिवारले नै सम्पन्नताका लागि नभएर परम्परा निर्वाहका क्रममा पण्डित्याइँको पुर्ख्यौली पेसा अँगालिरहेको देखिन्छ। मोहनप्रसाद लुइँटेल ज्योतिष र तान्त्रिक पृष्ठभूमि भएको सनातनी कट्टरपन्थी परम्परित सम्पन्न पण्डित ब्राम्हण परिवारको व्यक्ति थियो (पृ.९)।

उपन्यासकारले उपर्युक्त तीनवटै ब्राम्हण परिवारको शील, स्वभाव र संस्कारलाई निर्धारित गर्ने महत्त्वपूर्ण कारकका रूपमा शिक्षाप्रतिको धारणालाई लिएका छन्। "हामी पढेर जजमानी गरेर खाने होइनौं" (पृ.२२) भन्दै शिक्षाप्रति नकारात्मक सोच राख्ने मधुवन बराल र उसको परिवार पूरै असंस्कृत देखिएको छ। "मलाई पैसावाल वर चाहिँदैन, गुणी, पढ्न लागेको भए पुग्छ" (पृ.१२) भन्ने मोहनप्रसाद लुइँटेल र उसको परिवार पूरै सुसंस्कृत देखिएको छ। हविलाल नेपालले आर्जन गरेको उच्चशिक्षाले उसका पिताका आचरणमा देखिएको आडम्बरी प्रवृत्तिलाई आफूमा आउनबाट रोकेको छ। परम्परागत पुरुषप्रधान ब्राम्हण संस्कृतिको उच्च खानदानको नेपाल परिवारको पुरुषशिक्षाको कारणले **रूपमती** उपन्यास बहुविवाहबाट जोगिएको छ। लुटको धनले सम्पन्न बरालमा तामसी वृत्ति पाइन्छ भने शासक वर्गसँगको निकटताबाट धनआर्जन गरेका कारणले नेपालमा राजसी वृत्ति देखिन्छ। लुइँटेलमा चाहिँ सात्विक पाण्डित्य वृत्ति रहेको छ।

**रूपमती** उपन्यासमा आएका उपर्युक्त तीनवटै ब्राम्हण परिवार आर्थिक कोणबाट हेर्दा उच्चस्तरीय छन्। सबैका आ-आफ्ना पारिवारिक संस्कारले त्यहाँका नारी चरित्रको आचरण र

स्वभावको बुनोट हुन पुगेको छ। राणा कालको उत्तरार्धतिरको वि.सं.१९९० भन्दा पूर्वको मूलतः सहरिया अंशतः ग्रामीण पूर्वीया उपाध्याय ब्राम्हण परिवारको उच्च वर्गीय आर्थिक, सामाजिक, सांस्कृतिक-धार्मिक कुलाचारका घेराभित्रका नारीहरूको चरित्रचित्रण गर्नु प्रस्तुत उपन्यासको ध्येय हो। यस उपन्यासमा उपर्युक्त घेराबाट उन्मुक्त आधुनिक नारीको चित्रण भएको छैन। नारी कस्तो आचरण र स्वभावको बन्न पुगेकी छ भन्ने कुरा त्यस नारीको व्यक्तिगत नभएर पारिवारिक संस्कारका रूपमा निर्धारण हुने कुरा हो भन्ने लेखकीय आशय देखिन्छ। हविलालको मावलीले काट्टो खाएको प्रसङ्ग (पृ. ५३) र मधुवन बरालले आसामबाट ससुरा पर्नेको अपुताली सोहोरेर रातारात नेपाल आएको प्रसङ्ग (पृ.२२) ल्याएर जस्तोसुकै धन सोहोर्न तत्पर हुने मानसिकता भएका परिवारका सन्तान-दरसन्तान पनि उस्तै संस्कारहीन हुन्छन् भन्न खोजिएको छ भन्ने कुरालाई रूपमतीकी सासू र बरालपुत्रीको चरित्रचित्रणमार्फत एवं सत्यताका प्रति निष्ठावान् तथा लोभलालचरहित परिवारका नारी पनि सात्विक र आदर्श हुन्छन् भन्ने कुरालाई रूपमतीका चरित्रका माध्यमले व्यक्त गरिएको छ।

**रूपमती** उपन्यासमा यसरी विभिन्न परिवारका विभिन्न संस्कारहरू देखाउने क्रममा मानवीय संस्कारहरूको तालिम आनुवंशिक र वातावरणीय दुवै ढङ्गले प्राप्त हुन्छ र बाल्यकालीन पारिवारिक पालनपोषणका क्रममा प्राप्त भएको तालिम मानिसको जीवनपर्यन्त कायम रहन्छ भन्ने कुरा रूपमती, उसकी सासू, बरालपुत्री आदि चरित्रका माध्यमले दिग्दर्शित भएको छ। रूपमतीमा आमाबाबु दुवैको सत् संस्कार आएको, बरालपुत्रीमा पनि आमाबाबु दुवैको असत् संस्कार आएको देखाएर बाबुआमाका सत् असत् मानवीय स्वभावबाट छोराछोरी बढी प्रभावित हुने कुरा देखाइएको छ। तत्कालीन नेपाली समाजमा छोरालाई जस्तो छोरीलाई घरपरिवारबाट टाढा-टाढा पुग्नसक्ने अवस्था थिएन। छोरीहरू प्रायः घरपरिवारभित्रै बाबुआमाका वरिपरि नै सीमित रही घरबाहिरको वातावरणबाट प्रभावित हुने सम्भावना नभएकाले बाबुआमाका संस्कारबाट छोरी नै बढी प्रभावित रहेको देखिन्छ। त्यस्तै हविलाल बाबुको चरित्रबाट र रविलाल आमाको चरित्रबाट प्रभावित भएको देखाएर छोराहरू पनि आमा या बाबुमध्ये जोसुकैको चरित्रको अनुयायी बन्न सक्ने तथ्यलाई अगाडि सारिएको छ।

उपन्यासकारले आदर्श ठहऱ्याएको मूल्य लुइँटेल परिवारको अति सांस्कृतिक-धार्मिक-परम्परागत आदर्श हो भने उनले हेय ठहऱ्याएको मूल्य बराल परिवारको संस्कारहीन अनादर्श हो। यिनै दुई मूल्यलाई एकै ठाउँमा समानान्तर रूपमा ल्याएर तुलनात्मक कसीमा घोट्ने आधार भने नेपाल परिवारमार्फत प्राप्त भएको छ र यो परिवार लुइँटेल र बराल परिवारको प्रतिध्रुवीय सांस्कारिक मूल्यका बिचोबिच अवस्थित छ। उपन्यासकारले यिनै विविध पारिवारिक सांस्कारिक परिपार्श्वमा रूपमतीको विजयी चरित्रमार्फत मानवीय रूपमा सुशील र पारिवारिक रूपमा सुसंस्कृत मूल्यको स्थापना गर्न रुचाएका छन्।

**रूपमती** उपन्यासको मुख्य कार्यस्थल वा कार्यपीठिका बनेको छ पण्डित छविलाल नेपालको घरपरिवार जहाँ ऊ स्वयं, उसकी पत्नी पण्डित्नी बज्यै, जेठो छोरो हविलाल, उसकी पत्नी रूपमती, कान्छो छोरो रविलाल, उसकी पत्नी बरालपुत्री यति मुख्य छन् र यिनकै परिवृत्तमा

उपन्यासको सिङ्गो विषयवस्तु आधारित छ। घरबाहिरबाट कमाएर ल्याउने जिम्मेवारी पुरुषको छ र त्यसलाई चाँजोपाँचो मिलाएर खर्च गर्ने, पाहुनापात बेहोर्ने, नोकरचाकर खुसी पार्ने, राखनधरन, फारोतिनो आदि गर्ने सबै जिम्मेवारी महिलाका काँधमा छ। घरको बलेसीको चौघेराभित्र एउटा सानो संसार छ जहाँ परिवारका सबै महिलाका अधिकारहीन कर्तव्यहरू सङ्गृहीत छन्। पृथक्-पृथक् संस्कार बोकेका पृथक् परिवारबाट आएका तीनवटी नारी (पण्डित्नी बज्यै, रूपमती र बरालपुत्री)हरू यहाँ प्रमुख नारी पात्रका रूपमा उपस्थित छन्।

### ५.१.४ मूल नारी समस्या

**रूपमती** नारी समस्यामा केन्द्रित उपन्यास भएर पनि सीमित कौटुम्बिक वृत्तमा रचिएको पारिवारिक उपन्यास भएका कारणले यसले नारी समस्याका बहुआयामलाई समेट्न भ्याएको देखिँदैन। यस उपन्यासले विवाहित नारीले परम्परागत पारिवारिक संरचनामा भोग्नुपर्ने समस्यालाई आफ्नो प्रस्तुतिको आधार बनाएको छ। यस उपन्यासमा विविध नारी पात्रहरू रहे तापनि यसकी मुख्य नारी पात्र रूपमतीका जीवनका समस्या नै यस उपन्यासका मूल नारी समस्या हुन्। रूपमतीले दुःख पाउनु यस उपन्यासका नारी समस्याहरू अस्तित्ववान् हुनु हो र उसले सुख पाउनु ती समस्याको निराकरण हुनु हो। उपन्यासको प्रारम्भसँगै समस्याहरूको उठान भएको छ र उपन्यासका अन्त्यमा तिनको समाधान भएको छ।

अब क्रमशः यस उपन्यासले रेखाङ्कित गरेका बालविवाह, नारीप्रतिको नारीकै विरोध, दाम्पत्य जीवनको असामञ्जस्य र शैक्षिक असमानताजस्ता प्रमुख समस्याका बारेमा चर्चा गरिँदै छ (५.१.४.१-५.१.४.४)।

#### ५.१.४.१ बालविवाह

नारीलाई मानवका रूपमा नहेरी वस्तुका रूपमा हेरिने परिपाटीले उसलाई जीवनको मर्मसँग टाढै राख्यो। आफ्नी एक मात्र सन्तान रूपमतीलाई पनि यसै संस्कारअनुरूप जीवनको अर्थै बुझ्न नपाईं धर्मनिबद्ध रुढिवादिताबाट ग्रस्त लुइँटेल दम्पत्तिले पुण्यलाभ गर्ने लोभले गर्दा ७२ महिनामा नै कन्यादान गरेर पठाए (पृ.१२)। त्यसपछि केही वर्ष माइतमै फर्केर गई प्रथम रजस्वला माइतमा हुनु नहुने भन्ने नेपाली सामाजिक परम्परानुसार (पृ.१३) रूपमती पुनः श्रीमान्का घरमा नै पठाइन्छे। बालककालदेखि नै उसले अर्काका घरमा कहर काट्न बाध्य हुनुपर्‍यो। यसरी यहाँ बालविवाहलाई एउटा सर्वप्रमुख नारी समस्याका रूपमा प्रस्तुत गरी यसका परिवृत्तमा सिर्जित हुने अन्य समस्यालाई पनि यस उपन्यासले  समेटेको छ। उक्त उपन्यासमा त्यही बालविवाहका कारणले सन्तानप्राप्ति कठिन सावित हुन खोजेको छ र त्यसले घरमा सौता भित्रिन सक्ने सम्भावनालाई निकट तुल्याएको छ । रूपमतीका जीवनमा पनि ती समस्या आउन आँटिसकेका थिए (पृ.६३)।

नेपाल परिवारमा बुहारीका रूपमा भित्रिएकी बालक नारी रूपमतीलाई आफूमाथि थोपरिएको कामको बोझ, खानपिनमा पक्षपात, कुटपिटजस्ता अत्याचारको सामना गर्न कठिन

भएको थियो । ती कुरालाई उसले सके पनि नसके पनि सहनुपरेको थियो (पृ.२१) जसको असर उसको मानसिक र शारीरिक विकासमा पर्न गयो । ऊ सधैं हीनत्वग्रन्थिले ग्रसित हुन पुगी जसको असर हविलालमाथि पनि पऱ्यो (पृ.२६-२७) । आन्तरिक रूपमा जतिसुकै पीडित रहे तापनि भाग्यवादी रूपमती भने "बाह्र वर्षमा खोलो त फर्कन्छ भन्दछन्, पतिको सुदृष्टि पनि जरुर फर्कला, किन फर्कोइन ? भन्दै भरसक आफूलाई बुझाउँथिन्" (पृ.२८) र हरेक कर्तव्यमा आफूलाई संयमका साथ सरिक गराउँथी । रूपमतीकै सहनशीलताले गर्दा उपन्यासमा नारी समस्या त्यति विकराल रूपमा नपुगेको देखाइएको छ । बालविवाहका कारणले नेपाली समाजमा देखिने गरेका समस्याको स्वरूपलाई उपन्यासले आंशिक रूपमा मात्र प्रतिनिधित्व गरेको छ ।

### ५.१.४.२ **नारी स्वयं नारीविरोधी हुनु**

नारी स्वयं नै नारीविरोधी हुनु यस उपन्यासको अर्को प्रमुख नारी समस्या हो र बुहारीका अवस्थामा रहेकी नारीका लागि यो स्थिति चरम कष्टकर हुनजान्छ । नेपाली समाजका नारीको सर्वाधिक पीडित स्वरूप नै बुहारीको स्वरूप हो र यसै सन्दर्भमा **रूपमती** उपन्यासको विषयवस्तुको बुनोट गरिएको छ । बुहारी नारीको सशक्त विरोधी सासू नारी हुन्छे भन्ने सन्दर्भलाई रूपमती र बरालपुत्रीकी सासू तथा सासूमण्डलीका अन्य सासूहरूका माध्यमले प्रस्तुत गरिएको छ । सासूमण्डलीका अन्य सासूहरूका माध्यमले प्रस्तुत गरिएको छ । सासूरूपी नारीले आफ्नो विरोधको स्वरूपलाई बुहारीरूपी नारीमाथि घरायसी कामकाजको एकल जिम्मेवारी थोपर्दै, हैकम जति आफ्ना मुठीमा राखेर, गरेको काममा जस नदिएर, नगरेका कुराको दोष भिराएर (पृ २१) मात्र चित्त नबुझी त्यस बुहारीमाथि सौतासमेत थप्न (पृ.२७) प्रयत्न गर्छन् जुन भूमिका रूपमतीकी सासूले पनि निर्वाह गरेकी छ । समाजमा बुहारीहरू त असङ्गठित नै छन्, रूपमती पनि एक्ली छ, माइतमा आमाबाहेक दुःख बिसाउने उसको अर्को ठाउँ छैन तर सासूहरू भने केवल बुहारीको विरोधलाई सशक्त पार्न एकापसमा अघोषित रूपमा सङ्गठित छन्, रूपमतीकी सासू पनि सासूमण्डलीभित्र सङ्गठित छ (पृ. ३, २०, ३५, ४३, ६७, ७३, ९१, १२५) । उपर्युक्त परिच्छेदहरूमा महिला मण्डलीका कुराकानीमार्फत नारी देवरानी-जेठानी, छिमेकी, नन्द-आमाज्यू आदि रूपमा पनि नारीविरोधी रहेको तथ्य स्पष्ट हुन्छ । उपन्यासको सिङ्गो आयतनभरि नै नारीले पुरुषलाई आफ्नो प्रतिस्पर्धाको चौघेराभन्दा बाहिर राखी नारी-नारी बिचमा नै प्रतिस्पर्धी भावना कायम गरेको देखिन्छ र नारीद्वारा गरिएको नारी उत्पीडन चर्को रूपमा देखा परेको छ ।

### ५.१.४.३ **दाम्पत्य जीवनको असामञ्जस्य**

दाम्पत्य जीवन सुमधुर हुन नसक्नु **रूपमती**को अर्को महत्त्वपूर्ण नारी समस्या हो । सामन्तकालीन समाजका मूलभूत विशेषता मध्येको एउटा विशेषता हो- चरम लैङ्गिक असमानता । यस असमानताले निम्त्याउने कुरा हो- उत्पीडन । अर्थात् पुरुष उत्पीडकका रूपमा र नारी उत्पीडितका रूपमा रहनु । आपसी प्रेम समानताका सम्बन्धमा मात्र जीवन्त बन्छ अन्यथा त्यसले दया र कर्तव्यको रूप मात्र लिन्छ । हविलाल र रूपमतीको सम्बन्ध पनि यस्तै हो । हृदयमा

सिनेमाका नायिकाहरू र आँखामा गँवार रूपमतीको छाया (पृ.१६) हुनु हविलालको विवश जीवन परिस्थितिका रूपमा आएको छ । हृदयमा श्रीमान्लाई रिझाउन सकिनछु भन्ने पीडा (पृ.२८) र सौता आगमनको त्रास (पृ.२८, ६३) रूपमतीको विवश जीवन परिस्थितिका रूपमा आएको छ । दुवै आ-आफ्ना किसिमले एकअर्कासँग असन्तुष्ट छन् । प्रेम त यी दुई श्रीमान् श्रीमतीका बिचमा अलिकति पनि देखिंदैन ।

#### ५.१.४.४ असमान शैक्षिक स्थिति

**रूपमती** उपन्यासको नारी समस्याको सूत्र शिक्षाको वितरणसँग पनि गाँसिन पुगेको छ । पुरुष समुदायमा पनि भर्खरै मात्र शिक्षाको चेतना फैलन थालेको **रूपमती**कालीन नेपाली समाजमा नारी शिक्षा त असम्भव नै थियो । असाधारण शिक्षाप्रेमीले मात्र  घरैमा कुनै माध्यमले आफ्ना छोरीलाई साक्षरसम्म गराएर धार्मिक ग्रन्थसम्म पढ्न सक्ने गराउँथे । रूपमतीको पिता शिक्षाप्रेमी भएकाले ‘पढ्न लागेको केटो’ (पृ.१२) देखेर हविलाललाई छोरी दियो र विवाहपछि छोरी मैतालु भएका बेलामा छोरीलाई पनि साक्षर बनायो (पृ.१३) । उता हविलाल बनारसमा बसेर स्नातक भयो, यता रूपमती सासूको बुहार्तनमा परेर आफ्नै शरीर र स्वास्थ्यको समेत हेरचाह गर्न नसक्ने अवस्थामा पुगी । शिक्षा र वातावरणले आधुनिक बनेको छविलाल (पृ १५) र गँवार रूपमतीका बिचमा सामञ्जस्य हुनै सकेन । यसले गर्दा हविलाल विरक्त बन्यो र रूपमती कुण्ठित बनी । अचानकको पिताको अस्वस्थता र निधनले हविलालमाथि आइलागेको घरायसी जिम्मेवारी (पृ.२९, ३१) र रूपमतीको शील तथा सौन्दर्यले दाम्पत्यकालीन असामञ्जस्यलाई सामञ्जस्यमा परिणत गरी रूपमतीमाथि आइलाग्न सक्ने पीडाका अन्य सम्भावनालाई नामेट पारिदिएको छ । अन्यथा उपन्यासका पूर्वार्द्धमा त यो ठूलो नारी समस्याका रूपमा अगाडि आउँदै गरेको थियो ।

सिङ्गो उपन्यासको विषयवस्तु बालविवाह, नारी स्वयं नारीविरोधी हुने स्थिति, दाम्पत्य जीवनको असामञ्जस्य र असमान शैक्षिक स्थिति गरी चारवटा प्रमुख समस्यामा केन्द्रित रहेको छ । यिनै चारवटा प्रमुख नारी समस्याको उठान गरी तिनकै समाधानका सन्दर्भमा उपन्यासको प्रारम्भ र अन्त्य भएको छ । तत्कालीन नेपाली सामन्ती समाजका नारीको पारिवारिक उत्पीडनलाई यस उपन्यासले राम्रोसँग अङ्कित गरेको छ । पारिवारिक तहभन्दा बाहिर कुनै अस्तित्व नै नभएकी तत्कालीन नारीको पारिवारिक अस्तित्व पनि अस्तित्वहीन अवस्थामै थियो भन्ने परिस्थितिको चित्राङ्कन यस उपन्यासले राम्रोसँग गरेको छ ।

### ५.१.५ परिणति र सन्देश पक्ष

प्रस्तुत **रूपमती** उपन्यासको घटनात्मक अन्तिम परिणति र त्यसले दिने विशेषतः नारीपरक सन्देशबारे तल क्रमशः चर्चा गरिएको छ (५.१.५.१-५.१.५.२) ।

### ५.१.५.१ परिणति

**रूपमती** उपन्यासको परिणति मूल नारी चरित्र रूपमतीकै केन्द्रीयतामा गएर देखापरेको छ। उपन्यासका प्रारम्भदेखि देखा पर्दै र बिचमा समेत थपिँदै आएका समस्याहरू उपन्यासका अन्त्यमा टुङ्गिएका छन्। सुरुमा रूपमतीलाई देखी नसहने सासू बरालपुत्रीको आगमनपश्चात् उपन्यासका मध्यतिरदेखि नै उसका लागि अनुकूल बनिसकेकी हो। ऊ अनुकूल बन्नासाथ उसको सीमित समाज (सासूमण्डली) पनि अनुकूल बनिसकेको हो। रूपमतीका लागि उसकी सासू अनुकूल बनेको कारणसमेत थपिएर बरालपुत्री उसका लागि प्रतिकूल बन्दै गएकी छ तर रूपमती सासू र देउरानी दुवैका लागि प्रारम्भदेखि नै प्रतिकूल छैन। रूपमतीको आचार तत्कालीन नेपाली समाजले अँगाल्ने गरेको नारी आचारसंहिता अनुकूल नै छ। यसैले उपन्यासका सबै पात्र उसद्वारा पराजित भएका छन्। उसलाई देखी नसहने सासू माया गर्ने भएकी छ , उसमा कुनै रसानुभव नै नगर्ने श्रीमान् उससँग मुग्ध छ, सानैदेखि पीडा दिने देवर र घरमा भित्रिएदेखि नै रीस गर्ने देवरानी उसप्रति समर्पित बनेका छन्। सबैतिर भताभुङ्ग बनेको घर रूपमतीका तत्परता र सद्गुणले सम्हालिएको छ र सर्वत्र सुखशान्तिले बास गरेको छ। उपन्यासभरि दुःखद् स्थितिहरू चित्रित भए तापनि उपन्यासका अन्त्यमा भने सुखद् परिणति प्राप्त भएको छ। यस सुखान्तीय औपन्यासिक परिणतिको श्रेय यसै उपन्यासकी प्रमुख नारी पात्र रूपमतीमा जाने औपन्यासिक तारतम्य मिलाइएको छ। जीवनमा जतिसुकै हण्डर खाए पनि, पीडा भोगे पनि अन्त्यतः रूप र शीलले गर्दा रूपमती पुरस्कृत भएकी छ। उपन्यासकार पाण्डेले यस उपन्यासमा पारिवारिक द्वन्द्वपूर्ण समस्याहरू (सासू-बुहारी, देवरानी-जेठानी, आमाजू-बुहारीका बिचको द्वन्द्वात्मक स्थिति) प्रायः यथार्थवादी ढङ्गले देखाई तिनको मुख्यतः आदर्शवादी समाधान दिई रूपमतीका चारित्रिक केन्द्रीयतामा सुखान्त औपन्यासिक परिणति कायम गरी नारीजगत् र पुरुषजगत् दुवैलाई मध्यममार्गी सामाजिक सन्देश प्रदान गरेका छन्।

### ५.१.५.२ सन्देश

**रूपमती** उपन्यासमा सर्वत्र परम्परागत सामाजिक मूल्यमान्यताको परिपालना गर्ने रूपमतीको मात्र नभएर उसका परिपार्श्वका समग्र व्यक्तिको समेत उसैमार्फत कल्याण भएको देखाएर लेखकले जीवन, परिवार र समाजको उत्थानका निम्ति रूपमतीको जस्तो र पतनका निम्ति बरालपुत्रीको जस्तो चरित्र सहायक हुन्छ भन्ने कुरालाई उपन्यासको सारका रूपमा प्रस्तुत गरेका छन्। यही मान्यताको स्थापना नै प्रस्तुत उपन्यासको औपन्यासिक लक्ष्य रहेको देखिन्छ। चेलीले माइतबाट ल्याएको धनभन्दा संस्कार ठूलो हो भन्ने आशयका साथ बरालपुत्रीले आफ्नो चरित्रले गर्दा आफू र आफ्नो परिवारले समेत दुःख पाएको देखाएर त्यस्तो चरित्र त्याज्य छ भन्ने र रूपमतीले आफ्नो चरित्रबलले गर्दा आफू, आफ्नो परिवार र देवरको परिवारले समेत सुख पाएको देखाएर त्यस्तो चरित्र वरण्य छ भन्ने सन्देश प्रवाहित गरिएको छ। परम्परागत मूल्यमान्यताको विरोधी एवं स्वार्थी आचरण अँगाल्दा कसैको पनि भलो नहुने भन्ने सन्देश प्रवाह गर्नु उपन्यासकार पाण्डेको अभीष्ट रहेको छ।

## ५.१.६ प्रमुख नारी चरित्र

**रूपमती** उपन्यासमा मूल रूपमा उपन्यासको प्रकाशन काल (वि.सं.१९९१) ताक टुङ्गिने र सोभन्दा अघिको १९६०-९० सालका अवधिको तीन दशक जतिको राणाकालीन समयको मुख्यतः काठमाडौं उपत्यकाको र अंशतः पश्चिमी पहाड तथा यसभन्दा पूर्वी मधेशका केही क्षेत्रको नेपाली समाजको खासगरी सम्पन्न उच्चवर्ग र मध्यमवर्गको ब्राम्हण परिवारको त्यतिखेर विद्यमान पारिवारिक नारीजीवनलाई नै तिनका विशेषतासहित यथार्थ रूपमा प्रस्तुत गरिएको छ। समाज पुरुषहीन नहुने र नारी चरित्रका पृष्ठभूमिमा तिनको भूमिका पनि टड्कारो हुने हुनाले यहाँ पुरुष चरित्रको सशक्त उपस्थितिसमेत गराइएको छ। सक्रियताका आधारमा हेर्दा उपन्यासमा नारी चरित्र नै अगाडि छन्। यसरी नारीलाई उपन्यासमा जति नै महत्त्वका साथ प्रस्तुत गर्न खोजे तापनि मूलतः परम्परानुगत र थोरै मात्र नव उन्मेषशील त्यस समाजमा नारीअस्तित्व पुरुषअस्तित्वकै केन्द्रीयतामा जीवित छ, त्यसबाहिर उसको अस्तित्व नै छैन भन्ने भाव सम्प्रेषित गर्नुलाई वास्तविक यथार्थका रूपमा लिइएको छ।

प्रस्तुत उपन्यासका नारी चरित्रको भूमिका खासगरी घरको चार पर्खालभित्रको सानो पारिवारिक संसारसम्मै मात्र सीमित छ। सासू मण्डलीले एकाधपटक नाघेबाहेक बाँकी नारी संसारले माइती तथा घरको परिधि नाघेको छैन। नारी खराब या असल जे भएकी छ दुवै त्यही सीमा रेखाभित्रै भएकी छ। यस उपन्यासका नारीले त्यसैलाई आफ्नो कर्तव्यको सीमारेखा ठानेका छन्, अधिकारको सम्झना गरे पनि तात्त्विक विद्रोह गर्न नसकी कर्तव्यलाई मात्र आफ्नो अस्तित्व ठानेका छन् र त्यस्तो ठान्नेमा रूपमती अब्बल दर्जाकी सावित भएकी छ।

उपर्युक्त उपन्यासमा मूल रूपमा दुई पुस्ताका नारी चरित्रहरू उपस्थित छन्- प्रौढा (आमा र सासू) र युवती (छोरी र बुहारी)। कतिपय छोरीबुहारीहरू त अझ नवयुवती छन्। सबै प्रमुख नारी चरित्रहरू पत्नीका मुख्य भूमिकामा आएका छन्। सामाजिक भूमिका तिनका श्रीमान्हरूले नै सम्हाल्छन् र धेरैजसो परिवारमा प्रमुख पारिवारिक भूमिका पनि तिनका अधिकार क्षेत्रभित्रै समेटिएका छन्। नारीहरू कुनै सामाजिक भूमिकाविना नै परिवारमा सेविकाका स्थानमा स्थापित छन्। श्रीमान्, सासूससुरालगायत मान्यजनको सेवा नै उनीहरूका लागि परिवारका अन्य सदस्यबाट दयामाया प्राप्त गर्ने साधन हो।

वर्गीय आर्थिक कोणबाट हेर्दा **रूपमती** उपन्यासमा उच्च, मध्यम र निम्न तीनै वर्गका नारी पात्रहरू रहेका भेटिन्छन्। यस उपन्यासका प्रमुख नारी पात्र रूपमती, पण्डित्नी बज्यै र बरालपुत्री उच्च वर्गका छन् र सहायक नारी पात्र लुइँटेल्नी बज्यै र बराल्नी बज्यै पनि यसै उच्च वर्गमा पर्दछन्। यस वर्गका नारीहरू अन्य वर्गका नारीहरूमाथि विशेष धाक प्रदर्शन गर्दछन्। वर्गीय दृष्टिले जति नै उच्च रहे तापनि यी नारीहरूमा सम्पत्ति माथिको अधिकार भने रहेको छैन। त्यस दृष्टिले हेर्दा यस्ता नारीहरू स्वयं उच्च वर्गीय नभई उच्च वर्गीय पुरुषका पत्नी मात्र हुन्। बरालपुत्रीका भाउजू र बुहारीहरू यसै प्रकृतिका नारी पात्र हुन्।

दुःखसुखले आफ्नो व्यवहार चलाउन सके पनि अलिअलि आशामुखी स्वभाव देखाएर दहीच्युरे प्रवृत्ति अँगाली आफ्ना क्षुद्र स्वार्थको पूर्ति गर्ने यस उपन्यासका नारीहरू मध्यम वर्गीय चरित्रमा पर्दछन् । गफ गर्ने चाहना हुँदा यिनीहरू घरव्यवहारबाट समय निकाल्न सक्छन् । सासू मण्डलीका नारीहरू यसै वर्गमा पर्दछन् । यस किसिमका नारीहरू अधिकांशतः प्रौढा नै छन् । कप्तान्नी बज्यै, रामेकी आमा, कर्णेल्नी बज्यै, धाइबूढी, दाहाल्नी बज्यै, जितेकी आमा, नन्दुकी आमा, घर्तेनी बूढी, दुलही बज्यै, जेठीसासू, हरिवदन, जयन्ती, पाठककी छोरी, देवरानी बज्यै, बुच्चेकी छोरी, गजधुम्मेकी जेठीसासू, गुइँठेकी साली, खुत्तेकी बहिनी, चाँदेकी बज्यै, चट्टुपत्नी, बच्चुकी भाइबुहारी, कजिनी, नानीचा, छट्टुकी बाहुनी, चित्रवीर थापाकी मुखेनी आदि यस वर्गका नारी हुन् । धाई बूढी, घर्तेनी बूढी, हरिवदन, जयन्ती र नानीचा गरी पाँचजना बाहेकका अरू सबै नारीको परिचय पुरुषका परिचयका केन्द्रबाट निस्किएका छन् । पुरुषको नामबाहिर यिनका परिचयको सम्भावना छैन ।

**रूपमती** उपन्यासमा निम्न वर्गीय नारीहरू पनि रहेका छन् । चमेली सानैदेखि पण्डित्नी बज्यैकहाँ नोकर्नी भएर बसेकी नारी हो । रूपमतीप्रति असल भावना हुँदाहुँदै पनि रविलाल र उसकी पत्नीको वचन र कुटाइ खप्न नसकी ऊ अन्यत्रै काम गर्न बसेकी छ । बाटुली बरालले आफ्नी छोरीसँगै काम सघाउन पठाएकी केटी हो र उसको बोलीव्यवहार आफ्ना मालिक बरालसुहाउँदो छ । रविलालसँग अवैध सम्बन्ध रहेको थाहा भएपछि हविलालले बाटुलीलाई उसकै बाबुका घरमा फर्काइदिएको छ । नेपालका घरमा बसेका चाकर-चाकर्नीकी छोरी पनि छ जसलाई यस उपन्यासमा चाकरपुत्रीको संज्ञा दिइएको छ । गम्फेकी साली पनि एकचोटि नेपालका घरमा बसेर निस्केकी नोकर्नी हो । यी सबै निम्न वर्गीय नारीहरू युवा छन् र यिनले अरूका घरमा नोकर्नी बस्नुबाहेक तत्कालीन समय सन्दर्भमा अर्को विकल्प भेट्ने परिस्थिति पनि छैन ।

यसपछि अब क्रमशः प्रस्तुत **रूपमती** उपन्यासका रूपमती, पण्डित्नी बज्यै र बरालपुत्रीजस्ता प्रमुख नारी पात्रको चारित्रिक विश्लेषण तल प्रस्तुत गरिएको छ (५.१.६.१-५.१.६.३) ।

### ५.१.६.१ रूपमती

रूपमती प्रस्तुत उपन्यासकी केन्द्रीय नारी चरित्र हो । सिङ्गो उपन्यासको विषयवस्तु उसकै वरिपरि घुमेको छ । उपन्यासका अरू पात्रहरू पनि उसकै चरित्रलाई प्रष्ट्याउने भूमिकामा प्रस्तुत भएका छन् । उसकी सासूको चरित्र उसको सहनशीलतालाई क्रमशः दृढतातर्फ अग्रसर गराउन प्रस्तुत भएको छ भने बरालपुत्रीको चरित्रले उसको सद्चरित्रतालाई कसी लगाउने काम गरेको छ । श्रीमान् हविलालको चरित्रले रूपमतीको पातिव्रत्य, एकोहोरो समर्पण, सेवाभावलाई देखाएको छ भने रविलालको चरित्रले उसको स्नेह र क्षमाको व्याख्या गरेको छ ।

रूपमती हरतरहले अनुशासित नारी हो । उसले यो अनुशासनको पाठ आमाकै काखबाट सिकेर आएकी हो जसलाई उसले जीवनभरि नै बिर्सिन । उसका चरित्रमा देखिएका बाँकी सबै गुणहरू अनुशासनपालनाकै केन्द्रीयताबाट निसृत भएका हुन् । ऊ आफ्नो श्रीमान्प्रति पूर्णरूपले समर्पित र स्वविस्मृत छ । उसको श्रीमान्भन्दा पर अर्को कुनै अभीष्ट छैन । श्रीमान्को प्रेम उसको

सर्वस्व हो र त्यसकै प्राप्तिका लागि ऊ हरतरहका कष्ट सहेर पनि श्रीमान्का घरमा अडिएर बसेकी छ (पृ.२८) । उसले आफूलाई श्रीमान्की अर्धाङ्गिनी नसम्भेर सेविका मात्र सम्भेकी छ । सासूले श्रीमान्लाई उसबाट सन्तान भएन भनेर अर्को बिहे गर्न उक्साउँदासमेत ऊ अधिकारको दावी नगरी कर्मका विश्वासमा परी सेवा र समर्पणद्वारा नै श्रीमान्को मन जित्न प्रयत्नशील रहेकी छ (पृ.२७) ।

सेवालाई ऊ आफ्नो कर्तव्य सम्भन्छे । श्रीमान्को मात्र होइन, जो कोहीको सेवा गर्न पनि ऊ तत्पर छ । सासूले आफ्नो ऐरोकन्तो गर्दा पनि ऊ सेवाकार्यबाट विरक्त हुन्न । देवर-देवरानीको सेवा गर्नुलाई पनि ऊ आफ्नो कर्तव्यको दायराभित्रैको कुरा सम्भन्छे (पृ.३१) । ऊ यति धेरै कर्तव्यपरायण छ कि घरबाट माइत (कालधाराबाट धोवीधारा)समेत जान्न (पृ.६२) । घरको कामकर्तव्यमा तलवितल पर्ला, परिवारका अन्य सदस्यलाई मर्का पर्ला भन्ने उसलाई ठूलो पीर छ ।

ऊ ईखविहीन प्राणी हो । रूपमतीजस्ती स्वअस्तित्वबोध नभएकी नारीलाई इख लाग्ने सम्भावना पनि छैन । देवर र देवरानी दुवैले आफ्नो खेदो गरेको भए तापनि ऊ कुनै इख राख्दिन । उनीहरूले दुःख पाएको देख्दा उसका मनमा दया उठ्छ । सँगै बस्दा पनि उसले उनीहरूप्रति कुनै रीसराग राखेकी थिइन । उसले दयाभावले गर्दा नै आश्रयहीन बन्न पुगेका देवर-देवरानीलाई घरमा फर्काएर ल्याई, मृत्युको मुखमा पुगिसकेको देवरलाई बचाई उनीहरूका तीनवटी छोरीको बिहेसमेत गरिदिएकी छ । उसलाई अरूको सम्पत्तिमा त परै जाओस्, आफ्नै सम्पत्तिको पनि लोभ छैन । आफ्ना बाबुआमाले आफ्ना नाममा किनिदिएको मधेशको जग्गा आफ्नो श्रीमान्ले उनका भाइबुहारीलाई कमाउन मात्रै दिनुभन्दा पनि उसले लिखत नै पास गरेर दिएकी छ (पृ.१२४) ।

सासूको बुहार्तन खप्न कठिन हुँदा उनमा आत्महत्या गर्ने सुर पनि नचढेको होइन तर त्यसो गर्दा मरेपछि नर्कमा परिन्छ भन्ने डरले उसले त्यस विचारलाई त्यागिदिई (पृ.१९) । मनको बह बिसाउन माइत पुगेका बखतमा पनि रूपमतीकी आमा (लुइँटेल्नी बज्यै) आफ्नी छोरीले भन्दा पनि बढी दुःख पाउने अरू नारीका कथा सुनाएर छोरीको मन शीतल पारिदिन्थी (पृ. ११) र रूपमती पनि सहनशीलताका निम्ति थप ऊर्जा लिएर फर्कन्थी ।

रूपमतीको चरित्रको चुरो भनेको उसको संयमशील अस्मिता नै हो । यदाकदा उसमा पीडित अस्मिताचेत नपलाएको होइन । आफ्नी सासूले अरू छिमेकी महिलासँग आफ्नो कुरा काटिदिंदा सासूले अनावश्यक दुःख दिंदा र कुट्दा, सासूले नै श्रीमान्लाई सौता हाल्न उक्साउँदा, श्रीमान्ले आफूलाई कुनै महत्त्व नदिंदा, आफूलाई साथ सहयोग दिने कोही नभेट्दा रूपमतीको चित्त दुःखेको र आत्महत्याको विचारसमेत आएको प्रसङ्गलाई उसको दमित हुन विवश अस्मिताचेतको उदाहरण मान्नुपर्छ किनभने आफ्नो अस्तित्वको बोध नहुने मानिसमा त्यस्तो चित्त दुखाइ नै हुँदैन ।

रूपमतीले आफू सङ्घर्षमा खारिँदै जाने क्रममा आफैलाई भुल्ने अभियानमा सफलता प्राप्त गर्दै गएको देखिन्छ । प्रारम्भको उसको अबोध अस्मिता चेतको ढाँचामा भने क्रमशः परिवर्तन देखा परेको छ र पछि उसको त्यही चित्त दुःखाइले बढीभन्दा बढी अथक सेवा र क्षमाशीलताको स्वरूप ग्रहण गर्न पुगेको छ। अर्थात् अथक सेवा र क्षमाशीलताका आवरणभित्र उसको अस्तित्वचेत जीवित र पुरस्कृतसमेत भएको छ। तत्कालीन समय सन्दर्भमा नारीले स्वअस्तित्वको जगेर्नाका निम्ति सङ्घर्ष गर्नु भनेको कल्पनाबाहिरको कुरा थियो। बालकृष्ण शमशेरले त्यसै उपन्यासको भूमिकामा रूपमतीका चरित्रको औपन्यासिक परिस्थितिको उपयुक्त विश्लेषण गर्दै तत्कालीन सामाजिक-आर्थिक-सांस्कृतिक परिस्थितिमा नारीले स्वअस्तित्वको जगेर्ना गर्नका निम्ति सङ्घर्ष गर्नु भनेको स्वयंलाई झन् बढी पीडित तुल्याउनु मात्र हुनजान्थ्यो भन्दै परमात्माको भर परी धैर्यपूर्वक हार स्वीकार गर्नुलाई उनीहरूका जीवनको सार ठहऱ्याएका छन् (प्रस्तावना- पृ. ख)। व्यक्तित्व विकासको कुनै सम्भावना नभएकी रूपमतीजस्ती नारीले तत्कालीन सामाजिक परिवेशमा विद्रोही स्वअस्तित्वचेतलाई आफूमा निमन्त्रण दिंदा विशिष्ट सकारात्मक उपलब्धि पनि कुनै हासिल हुनसक्ने थिएन। यस उपन्यासमा चरम सहनशीलता भएको अत्यन्त सहज र सचेत नारी व्यक्तित्वको सफलता रूपमतीको व्यक्तित्वमार्फत स्थापित भएको छ। उसको सहनशीलता र उदारता नै उसको परितापको निवारक र सुखको कारक बनेको देखाइएको छ। जम्माजम्मीमा रूपमती स्थिर, अचल, धीर र आदर्श नायिकाका रूपमा स्थापित देखिन्छे। तत्कालीन समय सन्दर्भमा बरालपुत्रीका सापेक्षतामा रूपमतीकै चरित्र बढी उपयुक्त देखिएको छ।

### ५.१.६.२ पण्डित्नी बज्यै

पण्डित्नी बज्यै सहरिया उच्च ब्राम्हणवर्गीय पं. छविलालकी धर्मपत्नी हो। निरक्षर पण्डित्नी बज्यै बरालपुत्रीजस्तै पूर्ण रूपले खराब चरित्र होइन। घरगृहस्थी राम्रोसँग सञ्चालन गर्ने सीप र जाँगर दुवै उससँग विद्यमान छन्। नोकरचाकरमाथि दयामाया गर्न (पृ.६१) पनि जानेकी छ। त्यही गुणले गर्दा चमेली उसका घरमा धेरै वर्षसम्म टिकी। बज्यै मनकारी पनि हो। अरू छिमेकी महिलाहरूले फास्लाङ्फुस्लुङ् पार्दा ऊ फुरुक्क पर्छे र के-के सामान दिइपठाउँछे। उसको मन कठोर पनि छैन। आफूलाई जथाभावी गाली गरेर हिंडेको कान्छो छोराका निम्ति बेलाबखत चित्त पनि दुखाउँछे र नाति खेलाउँदा त्यो दुःख भुल्छे।

उसमा सबै सद्गुण मात्र छैनन्। जब ऊ सासूको स्थानमा बस्न पुग्छे, त्यसपछि दुर्गुणहरू मुखरित हुन थाल्छन्। ऊ कहिल्यै केही भनी नबिराउने रूपमतीका अपरिपक्वताले देखिन गएका कमीकमजोरीलाई छिद्र बनाएर बालक बुहारीमाथिसमेत आफ्नो बहादुरी देखाउन पछि परेकी छैन (पृ. ४, ७)। रूपमतीलाई उसले गरेको दुच्छर व्यवहारले (पृ.२१) गर्दा उसको कान्छो छोरालाई छोरी दिन हतपत कोही तयार भएन। रूपमतीजस्ती बुहारीको त खेदो गर्न नछाड्ने पण्डित्नी बज्यैले बरालपुत्रीलाई के सहन्थिन् ! बरु बरालपुत्रीको आगमनपश्चात् भने उसले दुईटी बुहारीको तुलना गर्दा रूपमतीलाई गुणवती देख्न थाली। त्यसपछि जेठी बुहारीलाई काख र कान्छीलाई पाखा गर्न थाली।

ऊ सासूका रूपमा मात्र होइन, आमाका रूपमा पनि असफल नै छ। रविलाललाई बिगार्नेमा उसको प्रमुख हात देखिन्छ। उसको बदमासीको ढाकछोप गर्दै उल्टै अरूलाई दोषी देखाउने, उसले जति मागे पनि पैसा दिने, बरालिएर हिंड्दा गाली नगर्ने उसको बेहोराले गर्दा रविलाल सानैदेखि झुठो बोल्ने र बदमासी गर्नेमा दिनपरदिन महसुर हुँदै गएको हो (पृ.१२६)।

घरको पर्खालभन्दा अलिकति बाहिर उसको एउटा सानो समाज छ जसमा उसका उमेरका सासू भइसकेका नारीहरू सम्मिलित छन्। यस समूहमा रहँदा उसको चरित्र अझ बढी प्रष्ट रूपमा प्रकट भएको पाइन्छ (पृ.१,२)। समग्रमा भन्नुपर्दा ऊ बढी मात्रामा चाहिं प्रतिकूल चरित्र हो र पछि रूपमतीका चरित्रले पराजित भएपछि भने अनुकूल चरित्रमा साटिएकी छ। आफ्नो वैधव्यले पनि उसको स्वभावको दुच्छरपनामा केही कमी ल्याएको देखिन्छ। त्यसबाहेक छोराले बुहारीमाथि स्नेहभाव राखेको थाहा पाएपछि र कान्छी बुहारीको व्यवहारले आफू पीडित हुन थालेपछि ऊ क्रमशः रूपमतीका निम्ति अनुकूल सासूका रूपमा परिणत हुन थालेकी छ। ऊ अधीरा र परिवर्तनशील नारी चरित्र हो।

### ५.१.६.३ बरालपुत्री

रूपमतीकी देवरानी बरालपुत्री उसैकी प्रतिध्रुवीय चरित्र हो। रूपमतीमा रहेका गुणका विपरीत अवगुणहरू सबै बरालपुत्रीका चरित्रमा विद्यमान छन् (पृ.४१)। उसका चरित्रमा गुणको झल्को कमै मात्रामा पाइन्छ। मुख्य कुरो त ऊ पूर्ण रूपमा सुसंस्कार र अनुशासनले रहित छ। उसले आफूभन्दा ठूलाको आदर गर्न जानेकी छैन। न त कसैसँग बोल्ने मिजास नै छ (पृ.४०)। जेठानीले एक्लै घरको सारा काम गर्दा पनि ऊ भने कोठामा चुकुल लगाएर सुतिरहन्छे (पृ.५१)। उसलाई आफ्नै स्वार्थ पूरा गर्न पाए पुग्छ। उसमा लोभ पनि सीमाहीन छ। ऊ एक्लै कोठामा मीठो-मीठो पकाएर खानेदेखि (पृ.५२) लिएर भण्डारमा राखेको खानेकुरा चोर्न पनि पछि परेकी छैन (पृ.८६)।

घर भाँड्ने र फुटाउने काममा पनि उसकै सक्रियता देखिन्छ। उसकै दुश्चरित्रताले गर्दा माइतीघर नष्ट भएको छ (पृ.११९) भने श्रीमान्‌को घर पनि उसको भागजति पूर्णतः समाप्त बनेको छ (पृ.१२१), बाँकीलाई रूपमतीको सच्चरित्रताले जोगाएको छ। उसका परिसरमा आउने सबैले (आमा, बाबु, दाजुभाउज्यू,सासू,जेठाजु,जेठानी) उसकै चरित्रका कारणले पीडा भोग्न बाध्य हुनुपरेको छ। बरालपुत्रीका चरित्रमा निहित सुदूर भविष्यमा उसकै समेत प्रतिकूल सावित हुन पुगेको स्वार्थीपनले क्षणिक लाभ मात्र हासिल गर्न सकेको छ।

श्रीमान्‌का घरका परिवारसँग कसरी घुलमिल हुनुपर्छ भन्ने शिक्षा माइतबाट प्राप्त नगर्नु, घरायसी कामधन्दामा जाँगर र सीप नहुनु, निस्वार्थी भएर व्यवहार गर्न नजान्नु, आफ्नो दुर्व्यवहारका प्रतिदानमा अरूबाट सद्व्यवहारको अपेक्षा गर्नु, पारिवारिक मर्यादाको ख्याल नहुनु, दूरदृष्टिरहित भएर श्रीमान्‌लाई पैसा दिएर एकोहोऱ्याउनु, माइतबाट सम्पत्ति चोरेर ल्याएर मोजमज्जा गर्नु र सधैं यत्तिकै पुग्छ भन्ने सोच्नु, माइतबाट सुसंस्कारको सट्टा सम्पत्तिको घमण्ड

प्राप्त हुनु जसले विनम्रता भन्ने कुरा नै उसको स्वभावमा नपाइनु नै बरालपुत्रीका चारित्रिक कमजोरी हुन् ।

समाजद्वारा खराब ठहऱ्याइएका जस्तासुकै नारीमा पनि घरव्यवहार चलाउन सक्ने खुबी रहेकै हुन्छ, पारिवारिक दुःखसँग जुध्नसक्ने क्षमता पनि विद्यमान हुन्छ भन्ने तथ्यलाई उपन्यासकार पाण्डेले बरालपुत्रीका चरित्रमार्फत प्रस्तुत गरेका छन् । बरालपुत्रीका श्रीमान्को आचरण अनुकूल भइदिएको भए संयुक्त परिवारबाट छुट्टिएका अवस्थामा बरालपुत्रीको परिवारको त्यो हविगत हुने थिएन भन्ने कुरालाई उसले गरेको पैसा र खाद्य सामग्रिको जोहो (पृ. ११२) ले पुष्टि गरेको छ । बरालपुत्रीको चरित्रले अनुकूल बन्ने अवसर नै नपाएर ऊ सधैं प्रतिकूल देखिएकी हो, अन्यथा ऊ रूपमतीले क्षमा र शरण दिइसकेपछि पनि अनुकूल नबन्नु नै पर्ने हो ।

बरालपुत्रीले उपयुक्त पारिवारिक संस्कार र वातावरण नपाएर मात्र उसभित्रका सम्पूर्ण अवगुणहरूले टाउको उठाउने अवसर पाएको देखिन्छ । ऊ सम्पूर्ण रूपमा सकारात्मक सम्भावनाले रहित नभएको तथ्यलाई उसको चरम अभावका दिनमा देखिएको व्यवहारकुशलताले स्पष्ट पारेको छ । कुन दिन के परिआउँछ भनेर अभाव हुँदा पनि नचलाईकन तीन-चार सय रुपियाँ छिंडीमा गाडी राख्नु, खान नपाई  मर्नुभन्दा जेजस्तो भए पनि छाक टार्नु बेस भन्ने ठानेर भुड्काका भुड्का गुन्द्रुक पारेर राख्नु (पृ. १२) ले उसका जीवनमा जीवनमूलका सकारात्मकता विनष्ट नभइसकेको तथ्यलाई अगाडि सारेका छन् । यसै सन्दर्भले डोऱ्याएर उसको चरित्रलाई उपन्यासका अन्त्यमा प्राप्त भएको उसको चरित्रको अनुकूल स्थितिसम्म पुऱ्याउन मद्दत गरेको छ । बरालपुत्रीले माइतमा मात्र होइन कर्मघरमा पनि सबभन्दा नजिकको सम्बन्धी श्रीमान् (रविलाल)बाट पनि आफ्नो चरित्रलाई सुसंस्कृत गरिदिन सक्ने खालको अनुकूल वातावरण प्राप्त गर्न सकेको देखिंदैन ।

**रूपमती** उपन्यासमा खल पात्रका रूपमा चित्रित बरालपुत्रीका जीवनमा पनि पर्याप्त नारी पीडाजन्य समस्याहरू देखिएका छन् । बरालपुत्रीको आचरण नकारात्मक हुनमा उसको आफ्नै दोषको प्रतिशत निकै कम छ । बरालपुत्रीले पनि विवाहअघि रूपमतीकै जस्तो पारिवारिक पर्यावरण पाउन सकेकी भए ती दुवैको आचरणगत स्थिति एकै रहने थियो । विवाहपछि पनि उसको नकारात्मक प्रवृत्तिको मनोवैज्ञानिक उपचार गर्नतर्फ उसको परिवारको एउटा व्यक्तिसम्म पनि प्रवृत्त भएन । विवाह गरिएको घरका सबै सदस्यको व्यवहारले बरालपुत्रीको चरित्रलाई झन् बढी नकारात्मकतातर्फ धकेलेका छन् । यतिसम्म कि सबैका लागि अनुकूल ठहऱ्याइएको रूपमतीको आचरण र व्यवहारसमेत बरालपुत्रीका लागि प्रतिकूल बन्न पुगेको छ । रूपमतीमा आफू सबैको स्याबासीको पात्र बन्ने धुन र बरालपुत्रीसँग तुलना गर्दै आफूलाई अब्बल ठहऱ्याइदिएकोमा गर्व छ । यसैले उसका हरेक व्यवहारमा दिनप्रतिदिन आफूलाई उत्तम र बरालपुत्रीलाई अधम देखाउने चाहना प्रच्छन्न रूपमा रहेको छ । सबैले हरतरहले आफूलाई हीन सावित गर्न खोज्दा बरालपुत्रीको नैतिक अहं विक्षिप्त बनेको छ जसले उसलाई पारिवारिक विखण्डनको कारकका रूपमा परिचित गराएको छ ।

उपन्यासकार स्वयंसमेत बरालपुत्रीका विरोधमा छन् किनभने उसको चरित्रविश्लेषण सकारात्मक कोणबाट गर्नमा लेखकीय रुचि देखिएको छैन। उनलाई त आफ्नो यस उपन्यासमार्फत अनेक चरित्रका माध्यमले एउटा नैतिक आदर्श कायम गर्नु छ र एउटा नैतिक सन्देश प्रदान गर्नुछ। उनी अहङ्कारी, स्वार्थी व्यक्तिले दुःख कष्ट भोगेको, नैतिक दण्ड भोगेको, त्यसपछि उसले प्रायश्चित्त गरेको, अरूबाट क्षमा पाएको र मेलमिलाप भएपछि उपन्यासले सुखान्तीय परिणति प्राप्त गरेको देखाउन चाहन्छन्। रूपमती र बरालपुत्री दुवै उनका नैतिक आदर्शका कठपुतली बनेका छन्। ती दुवै नारीको चरित्रनिर्माणमा उपन्यासकारको सोचको पूर्वाग्रह पर्याप्त झल्कन्छ। उनले दुवैप्रति न्याय गर्न सकेका छैनन् यद्यपि औपन्यासिक परिणतिका दृष्टिले रूपमतीले न्याय पाएको देखिन्छ। ती दुवै नारीको औपन्यासिक चारित्रिक विकास सहज ढङ्गले हुन सकेको छैन। खल भूमिकामा उभिनुपरेको र लेखकको आग्रहको सिकारसमेत हुनुपरेकाले बरालपुत्री बढी अन्यायमा परेकी छ।

वास्तवमा बरालपुत्रीको चरित्रले मुक्ति चाहेको छ र त्यस चाहनाको विकास संयोगवश पारिवारिक विखण्डनमा देखिएको छ। त्यस घरमा स्थापित रूपमतीका आदर्शसँग प्रतिस्पर्धा गर्न सक्ने आदर्श नबोकेकी बरालपुत्रीले त्यस परिवारभित्र आफ्नो अस्तित्वको खोजी गरेकी छ र अस्तित्वकै खोजीका क्रममा ऊ संयुक्त परिवारबाट बाहिरिएकी छ। रविलाल सत् चरित्रको भएको भए त्यस परिस्थितिमा ऊ आफ्नो अस्तित्वको जगेर्ना गर्न सक्ने थिई तर श्रीमान्को गलत व्यवहारले ऊ झन् पीडित बनेकी छ। श्रीमान्कै कारणले माइतीको आधार पनि खोसिएको छ किनभने रविलालकै आचरणले बरालपुत्रीलाई माइतीको धनचोर बनाएको छ। माइती र घर दुवैतर्फको आधारबाट च्युत भएपछि ऊ बाध्य भएर बालाजूमा रहेकी मितिनीका शरणमा पुग्नेजस्तो निरीहता वरण गर्न बाध्य भएकी छ। रूपमतीले घरमा फर्काएर ल्याएपछि बरालपुत्रीका जीवनका बाहिरी समस्याहरूको समाधान भए तापनि उसको अस्तित्व भने धुजाधुजा भएको छ भन्ने कुरा उसले रूपमतीका गोडा समातेर रोएको (पृ. १२३) बाट प्रष्ट भएको छ। हरेक दुर्भाग्यको दोषी नारीलाई ठहऱ्याउने सामन्ती परिपाटीअनुरूप निर्मित बरालपुत्रीका चरित्रको उचित विश्लेषण उपन्यासको पाठको विपठनका कोणबाट मात्र सम्भव छ।

दण्ड, कष्ट, सुधार, क्षमा र मेलको नैतिक चक्रमा रचिएको यस उपन्यासका उपर्युक्त तीन नारी चरित्रमध्ये पण्डित्नीबज्यै सुरुमा प्रतिकूल चरित्र हो- विशेषगरी सासूका भूमिकामा उत्रिएदेखि, वैधव्यको पीडापश्चात् कान्छी बुहारीबाट उल्टै स्वयं प्रताडित हुन थालेपछि र हविलालको स्नेह रूपमतीमाथि बसेको देखेपछि ऊ रूपमतीका लागि पूर्ण अनुकूल (बुहारीको प्रशंसा गर्ने, नातिको जिम्मा लिइदिने आदि) तथा बरालपुत्रीका निम्ति तटस्थ बनेकी छ।

रूपमती प्रारम्भदेखि नै अनुकूल चरित्र हो। सुरुमा अस्तित्वहीन रहे तापनि उपन्यासको अग्रगतिका साथै ऊ अस्तित्वशील बन्दै गएकी छ र घरकी सासूको स्थानमा पुगी त्यहाँबाट अझ अगाडि बढी श्रीमान्को घरभित्रको आधिपत्यलाई समेत विस्थापित गर्न समर्थ भएकी देखिन्छे। अब घरमा सासू र श्रीमान्को होइन, रूपमतीको निर्णय लागू हुन्छ। पण्डित्नीबज्यै नेपथ्य चरित्र

बन्न पुगी भने हविलाल रूपमतीको आज्ञाकारी अनुचर बन्न पुग्यो । रविलालको परिवारलाई पुनः स्थापना गर्ने क्रममा रूपमतीको अस्तित्वपूर्ण नवीन हैसियत पूर्ण रूपमा प्रकट भएको छ ।

बरालपुत्री प्रारम्भदेखि मध्यसम्म प्रतिकूल चरित्र हो। उसकै कारणले उसका परिसरका मानिसहरूले भौतिक र मानसिक उत्पीडन भोग्न बाध्य हुनुपरेको छ। त्यसैले उपन्यासका अन्तिम भाग (पृ. ११२) तिर उसका अगाडिका सम्पूर्ण बाटाहरू बन्द भएका छन्। त्यस्ता अवस्थामा रूपमतीले उसको जीवनको नवीन मार्ग खोलिदिएपछि उसभित्रको प्रतिकूलता चूरचूर भएको छ, ऊ रूपमतीको पाऊ पक्रेर रुन पुगेकी छ (पृ. १२३)। त्यसपछि जेठानीका निर्देशन अनुसार आफ्नो पूर्व जीवनप्रति पश्चाताप गर्दै र उसप्रति पूर्ण समर्पित एवं अनुगृहित बन्दै बाँकी जीवनयापन गर्छे। जीवनका उत्तरार्धमा उसको चरित्र अनुकूल बन्न पुगेको छ र यो नै रूपमतीका जीवनको महत्तम पुरस्कार हो ।

## ५.१.७ नारी-नारीका बिचको सम्बन्ध

प्रस्तुत उपन्यासमा मुख्य तीन स्थानगत केन्द्र (१. कालधारा/पाँचमाने/गोकर्ण, २. धोबीधारा/मनोहरा/मधेश, ३. गोरखा/छेपेटार)का पारिवारिक घेराभित्र नारीहरूको एउटा सानो संसार उभ्याइएको छ जसमा नारीहरू एक-अर्कासँग स्पर्शित नभईकन निर्वाह हुनै सक्दैन र यो स्पर्श साह्रै कम्ति स्थानमा मात्र सुखद् देखिएको छ। उपन्यासमा एकातिर पुरुष-नारीका बिचको शोषणको स्थिति देखाइएको छ भने अर्कातिर नारीगत शोषण र उत्पीडनलाई विविध पारिवारिक-सामाजिक सन्दर्भसहित प्रस्तुत गरिएको छ। यस उपन्यासमा कतै प्रत्येक पुस्तामा फरक हुँदै जाने मूल्य-मान्यताका कारणले यो बेमेलको स्थितिको सिर्जना गरेको छ त कतै व्यक्ति-व्यक्तिमा निहित स्वभावजन्य पृथकताका कारणले पनि नारी-नारी बिचका कटु सम्बन्धहरू प्रकट हुन पुगेका देखिन्छन् ।

सत् असत् चारित्रिक वैशिष्ट्य बोकेको यस उपन्यासको आदिमा सत् पात्र दुःखी छन्, मध्यमा पुग्दा चरम समस्याग्रस्तता बेहोरेका छन् र अन्त्यमा तिनले सुख प्राप्त गरेका छन्। असत् पात्रले उपन्यासका प्रारम्भमा सुखभोग गरेका छन्, मध्यमा त्यो दुःखमा रूपान्तरित हुन पुगेको छ र उपन्यासका अन्त्यमा तिनले आफ्नो असत् कर्मप्रति गरेको प्रायश्चित्तले क्षमा माग्न लगाएको, त्यसपश्चात् परिवारमा मेलमिलाप भएर सुखप्राप्ति भएको छ। यिनै औपन्यासिक परिस्थितिहरूले उपन्यासका विविध नारीहरूका बिचको आपसी सम्बन्धलाई पूर्णरूपमा प्रभावित तुल्याएका छन् ।

**रूपमती** उपन्यासमा नारीका बाल्यपुस्ता, मध्यपुस्ता र वृद्धपुस्ता गरी पुस्तागत तीन तह देखिएका छन् र तीमध्ये पारिवारिक मेरुदण्ड बनेको मध्य पुस्ताको उपस्थिति अर्थपूर्ण रहेको छ। उपन्यासका प्रारम्भमा देखिएको मध्यपुस्ता (पण्डितनी बज्यै) उपन्यासका अन्त्यमा वृद्ध पुस्तामा पुगेको छ। त्यस्तै उपन्यासका प्रारम्भमा देखिएको बाल्यपुस्ता (रूपमती र बरालपुत्रीको पुस्ता) मध्यपुस्तामा रूपान्तरित भएको छ। उपन्यासका प्रारम्भमा नजन्मिएको बालपुस्ता उपन्यासका अन्त्यतिर पुग्दा वयः सन्धिका स्थितिमा पुगिसकेको छ र रूपमतीको पुस्ता प्रौढतातर्फ ढल्कँदै गरेको देखिन्छ। बाल, वयस्क र घरमूली बन्दै गएकी प्रौढा नारी (रूपमती+बरालपुत्री) को

बाल्यकाल माइत र घर दुवैतिर विभाजित छ। माइतीको संरक्षणमा रहेको उनीहरूको बाल्यकालमा उत्पीडन भएन तर बुहारीका रूपमा व्यतित गरेको बाल्यकाल भने उत्पीडित रह्यो। यस उपन्यासका नारीहरूको उत्पीडक र उत्पीडित दुवै रूप देखिएको छ। बराल्नी पूरै र नेपाल्नी बज्यै पूर्वार्धमा नारीका लागि मात्र होइन पुरुषकै लागि पनि उत्पीडक देखापरेका छन्। बरालपुत्री घर-माइत दुवैतर्फ पुरुष नारी दुवैका लागि निकै हदसम्म उत्पीडक रहेकी छ र स्वयम् पनि उत्पीडित छ। यसरी उपन्यासमा लिङ्गगत दोहोरो शोषणको स्थिति देखिए तापनि तुलनात्मक रूपमा भने नारी नै बढी उत्पीडित देखिन्छे, किनभने पुरुषसँग घरायसी उत्पीडनबाट मुक्ति लिने ठाउँ छ र त्यो ठाउँ हो- घरबाहिरको संसार। तत्कालीन नेपाली सामाजिक परिस्थितिमा नारीका लागि मृत्युबाहेक अर्को मुक्तिस्थल कतै थिएन र मृत्युको विकल्प थियो सहनशीलता। त्यस सहनशीलताले नारीलाई दुःखदायी स्थितिबाट मुक्ति पाउनका लागि पुस्ताभर पर्खन सिकाउँथ्यो र त्यस धीर प्रतीक्षाको फलस्वरूप असत् प्रवृत्तिलाई सत् प्रवृत्तिले पराजित गरेर कालान्तरमा आदर्शको स्थापना हुनपुग्थ्यो। नीतिवादी उपन्यासकार रुद्रराज पाण्डेद्वारा औपन्यासिक आदर्शीकरणका सन्दर्भमा नारीको चेतना पक्षभन्दा पनि स्वभाव पक्षको बढी चित्रण हुन पुगेको छ। **रूपमती** पारिवारिक उपन्यास भएकाले यसमा पारिवारिक वृत्तभित्रको नारी जगत्को आपसी सम्बन्धलाई केलाइएको छ। यसमा मूल रूपमा सासूबुहारी र देवरानी-जेठानीका बिचको सम्बन्धलाई देखाइएको छ भने गौण रूपमा नारीनारी बिचका अन्य सम्बन्धहरूको स्थिति पनि उद्घाटित हुन पुगेको छ।

**५.१.७.१ सासूबुहारी**

**रूपमती** उपन्यासमा नारीनारीका बिचको प्रतिद्वन्द्वितालाई मूल रूपमा सासू-बुहारीका बिचको सम्बन्धमार्फत प्रकट गरिएको छ। यस उपन्यासमा नेपाली समाजको व्यावहारिक जीवनमा झैं नारीहरूको अहम् प्रायः सधैं कुण्ठित नै देखिन्छ। त्यस कुण्ठित अहंले कतै न कतै प्रकट हुने र स्थापित हुने अवसर खोज्नु मानवीय स्वभाव अनुकूलकै आचरण हो। अधिकांशतः त्यो अहम् स्थापना गर्ने मौका प्रमुख रूपमा सासू हुने नारीले मात्र पाउँछे र त्यो अहम् निर्विकल्प रूपमा बुहारीमाथि स्थापित हुन्छ। यसैलाई नै सासू हुने नारीले नातागोता, टोलछिमेक सबैतिर आफ्नो अस्मिता देखाउने निर्विकल्प मार्ग ठान्छे। यसैले नारी आफू सासू हुने दिन उत्कण्ठाका साथ पर्खेर बस्छे। बुहारी भित्र्याउन छोरालाई भन्दा पनि आमालाई बढी हतारो हुन्छ। पण्डित्नी बज्यैलाई पनि जेठी, कान्छी दुवै बुहारी भित्र्याउँदा विशेष आनन्द भएको थियो (पृ.२५)।

बुहारी भित्र्याएपछि सासू हुने नारी आफूलाई सामाजिक मर्यादाका क्रममा स्वतः एक सिँढीमाथि उक्लिएको अवस्थामा पाउँछे र यही नै नारीका जीवनमा एक मात्र प्रथम तथा अन्तिम उक्लाइ हुन्छ। यसपछि ऊ आफैलाई शासकका रूपमा अनुभव गर्दछे र आफू शासित हुँदाका हरेक पीडाको बदला ऊ व्याजसहित बुहारीबाट असुल गर्ने प्रयत्नमा रहन्छे तर पुरुष उसमाथि अझै पनि शासक नै रहेको छ भन्नेतिर भने उसको ध्यान गएको हुँदैन।

सासू भन्ने साइनो लाग्नेले बुहारी भन्ने साइनो लाग्नेलाई माया गरेको पाउनु हाम्रो नेपाली समाजमा असम्भव कुरा हो भन्ने सन्दर्भलाई **रूपमती** उपन्यासले आफ्नो स्वरूपभित्र प्रकट गरेको छ। रूपमती खराब त कहिल्यै पनि थिइन। बस्, यत्ति हो अल्लारेपनमा घरव्यवहारका कामकाजमा उसबाट केही गल्तीहरू हुनगए, उसले व्यवहार गर्न जानिन तर त्यही रूपमती पनि सासूको कोपभाजन नबनी रहिन। सासूमण्डलीका कुराकानीबाट यस्तो आशय प्रकट हुन्थ्यो मानौं बुहारीलाई जस्तोसुकै कृत्रिम लाञ्छना लगाउनु पनि अनुपयुक्त ठहरिँदैन (पृ.४)।

आफ्नी सासूले आफूप्रति जतिसुकै प्रतिद्वन्द्विताको भाव राखे तापनि उसले भने सासूप्रति त्यस्तो भाव कहिल्यै राखिन। ऊ सासूद्वारा पीडित थिई र मनमनै असह्य दुःखको अनुभव पनि गर्थी (पृ.१९, २०) तर उसलाई आफूजस्ता पीडितहरू मिलेर सङ्गठन गर्ने कुरा त परै जाओस्, सासूले झैं आफ्ना समकालीनहरू बटुलेर भावविनिमय गर्ने अवसरसमेत थिएन। यसैले असह्य वेदनाले गर्दा उसका मनमा आत्महत्याको विचार पनि उदायो (पृ.१९) तर उसले त्यसलाई पनि परास्त गरी। आमासँग गुनासो गर्दा उसले पनि छोरीमा सहनशीलता नै बढाउने ढङ्गले सम्झाई-बुझाई गरी (पृ.११)। उसलाई बुहारी नभईकन एक्कैचोटि सासू बन्न पाए कस्तो हुँदो हो (पृ.५) जस्तो पनि लाग्यो तर यी सब पीडानुभूतिहरू मनभित्रै सल्बलाइरहे, सासूका अगाडि कहिल्यै पोखिन। बुहारीले सासूका अगाडि बुहार्तनका पीडा पोखेर सहानुभूति बटुल्न खोज्नु निरर्थक हो भन्ने कुरा बुझेकी रूपमतीले उसका अगाडि सधैं समर्पण र कर्तव्यनिष्ठता नै प्रकट गरिरही। दुईपटक त सासूले छोरालाई अर्को बिहे गर्न उक्साएकी पनि हो (पृ.२७, ६३) र रूपमती आफ्ना सद्‌गुण तथा श्रीमान् सुशिक्षित र विवेकी हुनाले त्यस भुमरीमा पर्नबाट जोगिएकी हो। अन्त्यतः रूपमतीको एकोहोरो समर्पणले सासूलाई पराजित गरी छाड्यो र त्यो प्रतिद्वन्द्विता स्नेहमा परिणत हुनपुग्यो। पछि ऊ पहिले आफूले चण्डाल भनेकी बुहारी रूपमतीकै प्रशंसा गर्न र पक्षधरता अँगाल्न थाली (पृ.४३)।

सासूबुहारीको दोहोरो प्रतिद्वन्द्विता चाहिँ बरालपुत्री र उसकी सासूका बिचमा देखा परेको छ। एक त बुहारी असलै भए पनि सासूहरूले रीस गर्ने नेपाली समाजको परम्परा नै हो, त्यसमाथि बुहारी नै अनुशासन र मिजासहीन (पृ.४०) छन् भने त ती दुईथरिका बिचको सम्बन्धले सुमधुरता प्राप्त गर्न सक्ने कुनै सम्भावना नै बाँकी रहँदैन। बरालपुत्री र उसकी सासूका बिच यस्तै सम्भावना निश्शेष भएको सम्बन्ध कायम भएको छ।

वास्तवमा बरालपुत्रीका आचरणमा उल्लेखनीय सकारात्मक पक्ष भेटिँदैन। माइतीको धनको धक्कु लगाउने ,एक्लै कोठामा मीठो-मीठो पकाएर खाने ,घरको काम छुँदै नछुने ,परिवारको रिस मात्रै गर्ने बेहोरा भएकी बुहारीलाई सासूले मन पराउने प्रश्न पनि उठ्दैन। उसै पनि सासूमा बुहारीप्रति भाग खोस्न आएकी भन्ने कटुभाव त रहेकै हुन्छ। त्यसमाथि सासू रिझाउन खोज्ने मानसिकता नै नअँगाल्ने बुहारी त सासूका आँखाकी कसिङ्गर नै भइहाल्छे। बरालपुत्री सासूसँग आफू पनि बेसरी बाझ्छे, श्रीमान्‌लाई आमा कुट्न हौस्याउँछे (पृ.७९) र सासूले आफूलाई गरेकै दोषमा (भण्डारमा राखेको खानेकुरा चोरेर खाएको सन्दर्भमा) दोषी देखाउँदा असहिष्णु भएर सासूलाई नै कुट्न पुग्छे (पृ.८७)। रूपमतीले त आफूले कुटाई खाँदासमेत सासूलाई हात र मुख

दुवै फर्काएकी थिइन (पृ.२१) तर बरालपुत्री भने सासूले आफूमाथि हात नउठाईकनै पनि सासूमाथि हात हाल्छे (पृ.८७)। छोरो नै आफ्नो प्रतिकूल भएकाले रूपमतीमाथि झैं बरालपुत्रीमाथि सौता हाल्न खोज्ने आँट पनि उसमा देखिँदैन।

सासूमण्डलीका सासूहरू पनि सासू-बुहारी प्रतिद्वन्द्विताका नमुना हुन् किनभने उनीहरू सधैं बुहारीहरूलाई कसरी आफूले सजाय दिएको र त्यस सजायलाई कसरी अझ बढाउन सकिन्छ भन्ने सन्दर्भमै छलफल चलाइरहन्छन् (पृ.४)। त्यस्तै बरालपुत्रीका माइतमा पनि सासूबुहारीका बिचमा सुमधुर सम्बन्ध देखिएको छैन र त्यसको कारण बनेकी छ बरालपुत्री। यसमा दोष सासू पक्षकै देखिएको छ किनभने विवाह गरेर अर्काका घरमा गइसकेकी छोरीलाई साँचोतालो सुम्पने तर जीवनभरका लागि भित्रिएका बुहारीमाथि विश्वास नगर्ने सासूमाथि बुहारीहरूले सद्भाव राख्ने त प्रश्नै उठ्दैन (पृ.५१)।

### ५.१.७.२ देवरानी-जेठानी

**रूपमती** उपन्यासमा नारीनारीबिचको प्रतिद्वन्द्विता अर्को तहमा गएर देवरानी-जेठानीका बिचमा देखिएको छ। रूपमती र बरालपुत्रीका बिचमा सुमधुर सम्बन्ध कायम हुन सकेको छैन। रूपमतीले देवरानीको आफूप्रतिको व्यवहारले मनमा दुःख मानेता पनि उसप्रति प्रतिद्वन्द्विताको भाव राखेको देखिँदैन तापनि बरालपुत्रीले भने जेठानीप्रति चरम प्रतिद्वन्द्विता राखेको देखिन्छ। सासूले जेठानीको पक्ष लिनु (पृ.४३), अरूले पनि जेठानीकै गुणको बखान गर्नु (पृ.८५), रूपमा पनि जेठानी उत्तम हुनु (पृ.२५), त्यसमाथि जेठानीले छोरो पाइदिनु (पृ.८३) ती दुईका बिचमा प्रतिद्वन्द्विताका कारण बनेका देखिन्छन्।

देवरानी-जेठानीका बिचमा कोभन्दा को कम भन्ने प्रतियोगिताको भाव रहनुलाई अस्वाभाविक मान्न सकिन्न किनभने नातामा तलमाथि परे पनि तिनको हैसियत भने समान हुन्छ। यदि त्यस घरका सदस्यहरूले समान हैसियतका बुहारीमाथि असमान व्यवहार देखाए भने आफ्नो हैसियतको दावी गर्नु त अस्वाभाविक होइन तर त्यस दावीको औचित्यका लागि परम्परागत समाजले तोकिदिएका कर्तव्यहरू पनि समान ढङ्गले पूरा गर्नुपर्छ भन्ने सोच नआउनु भने अस्वाभाविक हो। बरालपुत्रीका चरित्रमा यही अस्वाभाविकता देखिएको छ। ऊ विवेकहीन पाराले जेठानीप्रति प्रतिद्वन्द्विता राखिरहेकी छ जसले गर्दा ऊ आफै त्यसको दुष्परिणाम भोग्न बाध्य भएकी छ।

बरालपुत्रीका मनमा जेठानीप्रति विद्वेषै-विद्वेष मात्र छ। सासूले समाजका अघिल्तिर नै आफूलाई अर्घेलो देखाई जेठानीको प्रशंसा गरेदेखि (पृ.४३) नै प्रतिद्वन्द्विताले विद्वेषको रूप लिएको हो। परिवारका हरेक व्यवहार र जेठानीको कर्तव्यशीलताले पनि उसलाई आत्मग्लानि भएको छ र त्यो जेठानीप्रतिको विद्वेषका रूपमा प्रकट भएको छ। ऊ आफ्ना श्रीमान् रविलालसँग गुनासो गर्छे, "जे भन्न मन लाग्छ आफ्नै मन परेकी जेठी बुहारीलाई भन्नू। जेठानीले जे गरे पनि बोल्ने हो र ? हामीले भने छिरिक्क केही गर्नु हुँदैन। मन नपरे निकालिदिनू" (पृ.५९)। सासूले उसका विरुद्ध बोल्न र उसको मुखसमेत हेर्न छाडेपछि बरालपुत्रीको मनोबल झन् बढेको थियो।

"जेठानीको त के भाउ थियो र ! बरु गल्लीका कुकुरको केही भाउ राख्दी हुन्, उनलाई देखि सहँदैनथिन्, तथापि रूपमती कहिल्यै उनको मुखमुखै लागिनन्, कहिल्यै बेकाइदाको कुरा बोलिनन्" (पृ.६०) ।

बरालपुत्रीमा जेठानीप्रति यति धेरै द्वेष छ कि ऊ रूपमतीका बारेमा राम्रो कुरा सुन्ने क्षमता नै राख्दिन । जेठानी गर्भवती भएको सुन्दा उसको मुख रातो हुन्छ (पृ.७१), जेठानीको महिना पुग्दै आएपछि साना-साना कुरामा पनि झर्कने-फन्कने गर्न लागी (पृ.७७), जेठानीको चकचकीले भुन्भुनिएकी छँदै थिई, कठिनसँग ईर्ष्याभावलाई दबाएकी थिई, र त्यो रीस चोरी दोष लगाएको कारणमा सासूमाथि थोपर्न पुगी (पृ.८६) । रविलालका श्रीमान् श्रीमती दुवैको आचरण राम्रो नभएकाले उनीहरूको टेक्ने समाउने आधार सबै गुमेपछि रूपमतीले पहिले देवरलाई र पछि देवरानीलाई घरमा फर्काएर ल्याएपछि बरालपुत्रीले रूपमतीका गोडा समातेर माफी मागेपछि (पृ.१२३) देवरानी र जेठानीका बिचको प्रतिद्वन्द्विता समाप्त भएको देखाइएको छ र यहाँ रूपमतीको विजय देखाएर देवरानी जेठानीका बिचमा प्रतिद्वन्द्विताको भाव राख्ने बरालपुत्रीलाई खराब सावित गरिएको छ ।

पण्डित्नी बज्यै र उसकी देवरानीका बिचमा पनि प्रतिद्वन्द्विता देखाइएको छ (पृ.२४, ७२, ७३) । दुवै एकअर्काको रिस गर्छन्, कुरा काट्छन् र एकअर्काका बारेमा नराम्रो सुन्ने लालसा मनमा पाल्छन् । ती दुईका बिचमा बाहिरी लोकाचार कायम छ र शीतयुद्ध पनि यथावत् छ । दुवै देवरानी-जेठानीमध्ये कसैले पनि बरालपुत्रीले झैं उग्रता नअँगालेकाले त्यो शीतयुद्धको वारपार हुने सम्भावना पनि देखिँदैन ।

उपर्युक्त उपन्यासमा यसबाहेक आमाजू-बुहारीका बिचमा पनि प्रतिद्वन्द्विता रहेको देखिन्छ (पृ.२२,२३) । नेपाली समाजमा अधिकांशतः आमाजुकै बढ्ता हस्तक्षेपबाट यस्तो कटु सम्बन्ध विकसित हुने गरेको छ र यस उपन्यासमा पनि स्थिति त्यसभन्दा फरक देखिएको छैन । बरालपुत्री विवाह गरेर गइसकेपछि र माइतीसँग व्यवहार छुट्टिसकेपछि पनि माइतमा गएर उत्तिकै हस्तक्षेप गर्छे, आफूखुसी नगद-गहना झिकेर लैजान्छे तर बुहारीहरू भने परचक्री झैं ठानिन्छन् । त्यस्तो परिस्थितिमा आमाजू-बुहारीका बिच मधुर सम्बन्ध कायम हुने कुनै सम्भावना नै बाँकी रहँदैन (पृ.९७) ।

नातासम्बन्धमा बाहेक अन्य परचक्री महिलाहरू पनि त्यत्तिकै अकारण महिलासँग प्रतिद्वन्द्विता गर्छन् । खोजी-खोजीकन नै भए पनि अर्काको खोट देखाउन पाउँदा उनीहरूलाई आनन्द हुन्छ (पृ.१२) तर आफ्ना अगाडि अर्की नारीको प्रशंसा भएको भने खप्न सक्दैनन् । रूपमतीजस्ती रूपवती नारीमा पनि त्यस्ता नारीहरू सानातिना खोट निकालेर चित्त बुझाउँछन् । पछि रूपमतीको प्रशंसा भएको र त्यही नारीको दृष्टान्तसमेत अगाडि सारिँदा रीसले भुतुक्क हुन्छन् (पृ.८४) ।

प्रस्तुत उपन्यासमा नारी-नारीका बिचको मेलको स्थिति साह्रै कम मात्र देखाइएको छ । सासूमण्डलीका नारीहरू बुहारीविरुद्ध एकस्वर गर्न सकिने स्वार्थले मात्र मिलेका जस्ता देखिएका

छन् । रूपमती र बरालपुत्रीका आमाछोरीबिच मेल देखाइएको छ र नेपाली समाजका चरित्रमा त्यो त्यति असम्भव कुरा पनि होइन । प्रारम्भमा रूपमतीकी सासूले बुहारीमाथि द्वेष राखे तापनि पछि गएर भने यी दुवै सासूबुहारीमा मेल देखिएको छ, एक  अर्काको प्रशंसा गर्न थालेका छन् र स्नेहको आदानप्रदान हुन थालेको छ (पृ.८२) ।

## ५.१.८. नारीप्रतिको पुरुषको दृष्टिकोण

नारीप्रति राखिने दृष्टिकोणका सन्दर्भमा यस उपन्यासका पुरुष पात्रहरू सबै उपन्यासकारकै दृष्टिकोणबाट डोरिएका छन् । उपन्यासकारसँग मेल नखाने खालका नारीसम्बन्धी दृष्टिकोण कुनै पनि पुरुष पात्रमा देखिएको छैन । यस उपन्यासमा रूप र शीलमा नारीत्वको सम्पूर्णता देख्ने दृष्टिकोण नै नारीप्रतिको दृष्टिकोणको सम्पूर्णता र सार रहेको देखिन्छ । यस उपन्यासका हरेक पुरुष पात्र हरेक नारी पात्रमा तिनै दुई कुराको चाहना गर्दछन् । पण्डित छविलाल, हविलाल, रविलाल, रासबिहारी आदि सबै पुरुष पात्रको नारीसम्बन्धी दृष्टिकोण एउटै साँचामा ढालेको जस्तो देखिन्छ ।

**रूपमती** उपन्यासका पुरुष पात्रको नारीप्रतिको दृष्टिकोणलाई परम्परागत लैङ्गिक मूल्यमान्यताले आफ्नो सीमारेखाभन्दा बाहिर जाने छुट दिएको देखिँदैन । जसरी नेपाली सामाजिक परम्पराले सबै ढङ्गले पुरुषलाई उपल्लो दर्जाको नागरिकसम्मान प्रदान गर्ने गरेको छ त्यसरी नै यस उपन्यासका पुरुष पात्रले पनि लैङ्गिक हिसाबले आफ्नै समुदायलाई उम्दा ठहऱ्याई नारी समुदायलाई तल्लो दर्जामा राखेको देखिन्छ । छविलाल पण्डित प्रत्यक्ष शब्दले व्यक्त नगरे तापनि नारी बुद्धियुक्त प्राणी होइनन् भन्ने किसिमको व्यवहार प्रदर्शन गर्नमा पछि पर्दैनन् भन्ने कुरालाई उनले आफ्नी श्रीमतीसँग गरेको व्यवहारबाट झल्कन्छ (पृ. ८-९) ।

रविलाल स्वयं गएगुज्रेको मानिस छ तापनि पुरुष जत्ति नै हीन भए तापनि नारीलाई हेप्न पाउने उसको हैसियत भने कायमै हुने सामाजिक मान्यताले गर्दा ऊ परिवारका अरू नारीलाई हेप्छ । उसका आँखामा नारीको कुनै मूल्य नै छैन- न त आमाको, न त भाउजुको । उपन्यासको पूर्वार्द्धमा उसले आफ्नी पत्नीलाई मान्यता दिएझैं देखिए तापनि त्यो मान्यता पत्नीको नभएर रुपियाँको थियो । पछि पत्नीबाट रुपियाँ झर्न छाडेपछि उसले पत्नीलाई दिएको उत्पीडनबाट यही कुराको पुष्टि भएको छ । रविलाल श्रीमतीलाई अरू कतै पोख्न नपाएको रीस पोख्ने ठाउँका रूपमा लिन्छ र पुर्ख्यौली घरमै बस्दा पनि ऊ बरालपुत्रीलाई लात्तीले भकुर्न पछि पर्दैन (पृ.४६) । पुरुषको जातले सामाजिक मान्यता पाउने चलनले गर्दा आफ्नै दुश्चरित्रताले मुसलमानका छिंडीमा थुनिनुपर्दा पत्नीले पैसा तिरिदिएर थुनाबाट मुक्त गरिदिइन भनेर “यहाँबाट त उम्कौं त्यस डङ्गिनीलाई मैले जानेको छु । कोर्रनका कोर्रन लगाएर घुत्रुक्क पारिदिन्छु” (पृ.११०) भन्नसमेत लजाएन मानौं नारीको ज्यान लिनु पुरुषको बायाँ हातको खेल हो भन्ने कुरालाई तलको उद्धरणले पुष्टि गरेको छ -

> पहिले त बरालपुत्री कामधेनु गाई थिइन् र पो उनको कदर थियो। साना-साना कुरामा झपार्न लाग्यो। चूँ गरेर बोल्यो कि सातो लिन्थ्यो। भान्सामा पुग्यो र चुल्ठो समातेर चोटाभरि घुमाएर दुई लात भकुरिदियो, 'मरें बाबा ! महाराजकी दुहाई' भनेर कङ्लाशब्द गर्न लागेकी थिइन्, छिमेकका मास्टरसाहेब दौडेर आएर छुट्याइदिए। 'यो वेश्यालाई नमारी छाड्दिन। यस बोक्सीले गर्दा आज आफूलाई जन्माउने आमासँग छुट्टिएर बस्नुपऱ्यो। त्यस्ती माया गर्ने भाउजुसँग ताड पऱ्यो। देवताजस्ता दाज्युसँग बाझ्नुपऱ्यो, यसलाई भनेर दाह्रा किट्दैथ्यो, मास्टरसाहेबले सम्झाई तल पुऱ्याए (पृ.११३)।

पत्नीलाई सानातिना कुरामा लात्तीले भकुर्ने गरेको दृष्टान्तबाट रविलालका चरित्रको क्षुद्रता र नारीप्रतिको दृष्टिकोण छर्लङ्गिन्छ। पछि यही रविलाल भाउजु रूपमतीका अगाडि नतमस्तक बनेको आफ्नो चारित्रिक उत्कृष्टताले नभई आफ्नो दुष्ट्याईंका बदला भाउजुबाट सद्व्यवहार पाएपछि लाजले गर्दा हो। जम्माजम्मीमा रविलाल महिलाप्रति सम्मानभाव नराख्ने पात्रकै रूपमा उपन्यासमा प्रस्तुत भएको छ।

हविलाल शर्मा सुशिक्षित व्यक्ति भएकाले नारीप्रति सम्मानको भाव व्यक्त गर्छ। ऊ पनि बनारसमा पढ्न बस्दा त पितृसत्तात्मक संस्कार, तत्कालीन रसरङ्गको परिवेश, आधुनिक नारीप्रतिको आकर्षण र सङ्गतले गर्दा आफ्नो पत्नीप्रति सकारात्मक भाव (पृ.१६) राख्दैनथ्यो र त्यो नारी समुदायप्रतिको सद्व्यवहारमा गनिन्न तर पछि गएर ऊ नारीलाई उसको व्यक्तिगत आचरणबमोजिमको व्यवहार गर्न थालेको थियो। आमाले सन्तान नभएको कारण देखाएर बुहारीमाथि सौता हाल्ने कुरा झिक्दा ऊ त्यसको समर्थनमा लाग्दैन (पृ.२८, ६३)। बरु डाक्टरसँग सन्तान नभएको कारणबारे सल्लाह गर्न पुग्छ (पृ.६३)। रूपमतीको रूप र व्यवहारको प्रशंसा गर्छ र श्रीमतीकै मान राख्न ऊ तीन छाकदेखि नखाएको स्वाङ गरेर बसेकी बुहारीलाई भात खान जाने आग्रह गर्न जान्छ (पृ.८२)। भाइले रूपमतीलाई घण्टौं भात कुराएको देखेपछि भान्से बाहुन राखिदिन्छ (पृ.५४)। हिन्दीमा रुचि गराइदिएर रूपमतीलाई सानातिना उपन्यास र कहानीहरूका पुस्तक बुझ्न सक्ने बनाइदिएको थियो (पृ.५५)। यति हुँदाहुँदै पनि पुरुषले गरेको सम्पूर्ण कुकार्यको दोष नारीको थाप्लामा हाल्ने नेपाली समाजको वैशिष्ट्य भने उसका चरित्रमा पनि रहेकै छ। ऊ आफ्नो भाइ खराब छ भन्ने जान्दाजान्दै पनि उसको हरेक कार्यको दोष बरालपुत्रीको स्वभाव र आचरणलाई दिन्छ (पृ.५७, ८१)। सुशिक्षाले नारीप्रतिको उनको दृष्टिकोणलाई मात्रात्मक एवं तुलनात्मक रूपले उजिल्याए तापनि र तत्कालीन समय सन्दर्भमा त्यो निकै प्रगतिशील देखिए तापनि नारीप्रतिका दृष्टिकोणमा भने हविलाल पितृसत्ताले पर्याप्त प्रभावित र निर्देशित देखिन्छ। आधुनिक शिक्षा र नवीन चेतनाका प्रभावले नारीका सन्दर्भका केही पक्षमा प्रगतिशील देखिए तापनि समग्रमा भने ऊ परम्परागत नै देखिन्छ।

कुनै पारिवारिक भूमिकाविना नै उपन्यासका ठाउँठाउँमा अनायासजस्तै झुल्किरहने पात्र रासबिहारी नारीपक्षीय कोणबाट हेर्दा अनुकूल देखा पर्दैन। उपन्यासकारले उसलाई कटुसत्य बोल्ने पात्रका रूपमा उभ्याएका छन्। उसले जति नै कटुसत्य बोले तापनि त्यो सत्य नारीका सन्दर्भमा भने सत्यभन्दा पनि कटुचाहिँ बढी हुन पुगेको छ। उसले नारीका सन्दर्भमा गरेको प्रस्तुति नै

अपमानजनक देखिन्छ (पृ.७६)। रासबिहारी **रूपमती** उपन्यासमा स्पष्ट नारीविरोधी चेत बोकेको पुरुष पात्र हो जो प्रायः नारीहरूका बिचमा गइरहन र त्यहाँ गएर पनि उनीहरूलाई होच्याएर कुरा गर्न बढी सक्रिय देखिन्छ।

रूपमतीको पिता ज्वाइँ बनाउने केटो धनी खोज्नुभन्दा पढाइलेखाइतिर लागेको खोज्नु वेश ठान्छ (पृ.१२)। यसबाट पुरुष पुरुष हुनु नै सर्वोपरि हो भन्ने दृष्टिकोणलाई विस्थापित गरी पुरुष सुशिक्षित र सद्गुणी पनि हुनुपर्छ भन्ने मान्यता स्थापित हुन पुगेको छ। हविलाललाई नारीप्रतिको व्यवहार र अन्य व्यवहारमा पनि असल र सफल देखाएर उपर्युक्त कुराकै पुष्टि गरिएको छ। अर्थात् सुशिक्षित पुरुषले नै नारीका सद्गुणको कदर गर्न जान्दछ भन्ने भाव व्यक्त गरिएको छ।

## ५.१.९ पुरुषप्रतिको नारीको दृष्टिकोण

**रूपमती** मूलरूपमा घरपरिवारभित्र सीमित आदर्शोन्मुख यथार्थवादी पारिवारिक उपन्यास हो। नेपालका पुरुषको जीवनले पारिवारिक घेरो नाघेर बाहिरी संसारमा चलखेल गरे तापनि नारीको संसार भने घरभित्रै सीमित छ। यसैले नारीका जीवनका हरेक पक्ष पारिवारिक सम्बन्ध र सन्दर्भहरूसँग मात्र सम्बन्धित रहेको छ। यसैले नरसँगको नारीको सम्बन्ध र दृष्टिकोण पनि यही घेरामा सीमित छ। उनीहरूले पुरुषप्रति विशाल र खुला दृष्टिकोण अँगाल्न सकेका छैनन्। परम्परागत रूपमा पुरुषप्रतिको दृष्टिकोणको जुन भारी उनीहरूमाथि लादिएको छ त्यसलाई भने उनीहरूले इमानदारिताका साथ बहन गरेका छन्। यस उपन्यासका हरेक नारीको पुरुषप्रतिको दृष्टिकोण यसै सेरोफेरोमा घुमेको छ।

प्रस्तुत उपन्यास कथानकीय दृष्टिकोणले नारीप्रधान रहे तापनि यस प्रधानताले पुरुषसँग अस्तित्वको द्वन्द्व भने देखाएको छैन। यस उपन्यासमा पुरुषसँग नारीको सहकारिताको स्वरूपभन्दा पनि समर्पणको स्वरूप चाहिँ देखाइएको छ। यहाँ नारी र पुरुषका बिचमा बरालपुत्री र उसकी आमाका सन्दर्भबाहेक अन्य कुनै द्वन्द्व उपस्थिति छैन। श्रीमान्ले आफूलाई तिरस्कार गर्दा पनि रूपमती उल्टै समर्पण भावद्वारा उसलाई जित्न खोज्छे, समर्पण नै आफ्नो कर्तव्य देख्छे, अधिकारको दाबी गरेर उसँग प्रतिद्वन्द्विता गर्दिन। रूपमती पुरुष त देवता हो जो सधैं विवाद र बहसको घेराभन्दा माथि समर्पणको सिंहासनमा विराजमान रहन्छ भन्ने किसिमको भाव पाल्छे यद्यपि उसले त्यस भावलाई उपन्यासमा कतै पनि शब्दद्वारा व्यक्त नगरी व्यवहारद्वारा मात्र व्यक्त गरेकी छ (पृ.५४-५५)। रूपमतीले ससुरा र श्रीमान्प्रति मात्र होइन देवरप्रति पनि निर्द्वन्द्विता र सम्मानको भाव नै राखेकी छ। हविलालले आफ्नी आमाले अर्को विवाह गर्ने सल्लाह दिएका बखत उल्टै आफूलाई खसालेर बोलेको सुन्दा (पृ.२८) पनि रूपमती कुनै द्वन्द्व र प्रतिवाद गर्दिन, बरु आफैले श्रीमान्लाई रिझाउन नसकेको ठहर गर्छे।

बरालपुत्रीमा भने पुरुषप्रतिको व्यवहारमा अलि फरक स्थिति देखिएको छ। ससुरासँग त उसले व्यवहार गर्नै परेन, जेठाजुसँग पनि ऊ अदब राख्दिन, बरु उसलाई पनि झुकाउनै खोज्छे (पृ.८२)। मान्यजनसँग प्रश्नोत्तर गर्ने, कुरा गरिरहेका बखतमा अग्रसर भएर प्याच्च बोल्ने गर्छे। श्रीमान्लाई श्रीमतीले मान्यजनमा राखेर व्यवहार गर्नुपर्ने भन्ने परम्परागत आदर्शका विपरीत

बरालपुत्री रविलाललाई सम्मान गर्दिन, बरु पैसा ओइऱ्याएर आफ्ना मुठीमा राख्छे। त्यसमाथि रविलाल सम्मान गरिनुपर्ने चरित्रको छैन तापनि उनीहरू वरिपरिको समाज भने बरालपुत्रीले रविलाललाई सम्मान नगर्नुमा बरालपुत्रीकै चाहिँ गल्ती देख्छन् जुन पितृसत्तात्मक समाजको वैशिष्ट्य नै हो। नेपाली समाजमा नारीले पुरुषलाई सम्मान गर्नलाई पुरुषमा सद्चरित्रताको आवश्यकता नै ठानिंदैन।

प्रस्तुत उपन्यासमा नारीको पुरुषप्रतिको दृष्टिकोण पूर्णरूपमा उपन्यासकारको पुरुषपक्षीय अनुशासनले बाँधिएको छ। पुरुष त्यस्तो प्राणी हो जसलाई नारीले घरायसी काम लगाउनु हुँदैन, लगाइहालेमा पनि त्यो आलोचनाको विषय बन्दछ भन्ने दृष्टान्त यस उपन्यासले बराल्नी बज्यैका माध्यमले प्रस्तुत गरेको छ। श्रीमान्ले कुनै बखत भातभान्साको काममा लाग्नु पर्नुलाई यस उपन्यासमा कटु आलोचनाको विषय बनाइएको छ र त्यस्ता पुरुषकी पत्नीको उपहास गरिएको छ (पृ.५०) जसले उपन्यासकारमा रहेको पुरुषप्रतिको पक्षपाती दृष्टिकोणको पुष्टि गरेको छ। वास्तवमा घरमा नोकरचाकर नराखी सारा गृहस्थीकर्म एक्लै गर्न कस्सिनुलाई नारीको सद्गुण मान्नुपर्ने हो र त्यस्तो स्थितिमा श्रीमतीले काम गर्न नहुने हुँदा श्रीमान् घरायसी काम गर्नेमा पर्नु खास ठूलो कुरै होइन तर यस उपन्यासमा त्यस कुरालाई बरालकी श्रीमतीको ठूलो दुर्गुणका रूपमा हेरिएको छ। उपन्यासकार लेख्छन्, "भात पकाउन बाहुन एउटा राख्न पनि दिएकी थिइनन्, कहिलेकाहीँ बूढालाई नै जोतेर सतीत्व धर्मको पालन गर्दथिइन्" (पृ.५०)। घरमा बराल्नी बज्यैले बरालमाथि पूर्ण हैकम जमाएकी थिई र हरेक कुरामा आफ्नै प्रभुत्व स्थापित गरेकी थिई। उपन्यासकारले बराल्नी बज्यैको सो चरित्रको मूल्याङ्कन यसरी गरेका छन् -

> बाहिर उनको खुब दबदबा थियो। परन्तु जब घरभित्र खुट्टो पनि हाले उनको सातोपुत्लो हिंड्थ्यो, बराल्नी बज्यैले उठ् भने उठ, बस् भने बस्, चुँ गरेर बोल्न सक्दैनथे। उनकी धर्मपत्नीमा के छ र त्यसरी उनलाई मुसो बनाएर राख्न सकेको होला ? भन्ने प्रश्न धेरैको मनमा उठ्दथ्यो (पृ.५०)।

यसरी बराल्नी बज्यैलाई यस उपन्यासका अन्य नारी पात्रभन्दा फरक ढङ्गले उभ्याइएको छ। उनको पुरुषप्रतिको दृष्टिकोण अरू नारीको भन्दा भिन्न छ। पण्डित्नी बज्यै पनि आफ्ना श्रीमान्माथि आफ्नो निर्णयको प्रभाव कायम गर्न रुचाउने खालकै छ र यस दृष्टिले ऊ कताकता बराल्नी बज्यैसँग मिल्दोजुल्दो देखिन्छे। उता लुइँटेल्नी बज्यै भने पितृसत्ताको सामाजिक आदर्शलाई अक्षरशः पालना गर्छे।

## ५.१.१० समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति

**रूपमती** उपन्यासका समग्र नारी चरित्रले बलेसीभित्रको एउटा साँघुरो संसार प्राप्त गरेका छन्। त्यही संसारभित्र पनि उनीहरू कर्तव्यको बोझले थिचिएका छन्, हैकम चलाउने अधिकार छैन। आफ्नो सानो संसारमा आफ्नै आधिपत्य स्थापित गर्न रुचाउने नारी कटु आलोचनाको सिकार बनेका छन्। आफ्नै चाहना अनुसार घरभित्रको रीतिस्थिति मिलाउने बराल्नी बज्यै आलोचित बनेकी छ।

बुहारी भएका नारी दोहोरो शोषणका मारमा परेका छन् । एकातिर त उनीहरूमाथि पुरुष हैकम विद्यमान छँदैछ, त्यसमाथि सासूको चर्को हैकम पनि सहनुपर्छ । सासू हुने नारीले पनि घरभित्र अन्य कुरामा होइन, त्यही बुहारीमाथि मात्रै हैकम जमाउन पाउँछे जसले गर्दा उसभित्रको सम्पूर्ण क्रूर शासकत्व बुहारी बनेकी नारीमाथि ओइरिन्छ र त्यो बुहारी मर्नु न बाँच्नुका अवस्थामा पुग्छे जसरी रूपमती पुगेकी छ ।

जीवनमा असङ्ख्य हन्डर भोग्दा पनि, विवाहित जीवनको भविष्य सुनिश्चित नदेख्दा (सौता हाल्ने प्रसङ्ग) पनि र तीव्र पीडाबोध भएर पनि रूपमतीमा विद्रोह चेतना पलाएको देखिंदैन । एकाध पटक आत्महत्याको विचार उठ्नु र मनको बह बिसाउन माइत पुग्नु उसभित्र निहित सूक्ष्म विद्रोही चेतनाको प्रतिफल भए तापनि त्यो सधैं सुषुप्त रह्यो । रूपमतीकी आमाले पनि छोरीभित्र उठ्न-उठ्न खोजेको विद्रोही चेतनालाई कहिल्यै भड्कन दिइन, उल्टै सहनशीलताकै पाठ पढाइरही ।

तत्कालीन सामाजिक परिस्थितिमा नारीहरूका निम्ति विद्रोह सहज-सुलभ थिएन । शिक्षाप्राप्तिले नारीमा स्वअस्तित्वचेतना र आत्मनिर्भरता ल्याउने भएकाले त्यसपछि मात्र विद्रोह सम्भव हुन्छ । शिक्षाको अवसर नपाएका **रूपमती**का नारी पात्रमा यसैले पनि विद्रोहीचेत पलाउन नसकेको हो । तत्कालीन सामाजिक परिवेशमा विवाह घर छाडेर मैतालु बन्नु नारीहरूका निम्ति विद्रोहको प्रकटीकरणको एउटा मात्र उपाय हुनसक्थ्यो तर त्यसले झन् बढी समस्या निम्तिन्थे । एकातिर त कुनै हैसियतविनाकी र माइतमा शरणार्थी बनेकी चेलीको पीडाको कथा असीम हुन्छ । अर्कातिर नारीले विद्रोह गरेर विवाहघर छाडिदिँदा श्रीमान् र अन्य परिवारमाथि त्यसले नकारात्मक असर पार्न सक्दैन । तत्कालीन सामाजिक परिस्थितिमा पुरुषलाई अनेक विवाह गर्न रोक्ने न त कुनै कानुनी प्रावधान नै थियो न त सामाजिक अवरोध नै खडा हुनसक्थ्यो । रूपमतीले पनि सासूको अत्याचारका विरुद्ध विद्रोह गरेर मैतालु बनेकी भए उसैको मात्र दाम्पत्य जीवन ध्वस्त हुनपुग्थ्यो । हविलाल अर्की श्रीमती विवाह गरेर स्वमनोवाञ्छित दाम्पत्यजीवन यापन गर्न सक्थ्यो तर एउटा विवाह असफल हुँदा अर्को विवाह गरेर सफल जीवन व्यतित गर्ने सामाजिक सहुलियत रूपमतीले पाउन सक्दिनथिई । यसरी **रूपमती** उपन्यासले तत्कालीन सामाजिक परिस्थितिमा पुरुषका सापेक्षतामा रहेको नारीको निरीहताको चित्राङ्कन साह्रै सहज ढङ्गले गरेको देखिन्छ ।

रूपमतीका रूपमा एक किसिमको नारी चरित्रको स्थापना गरेर र सर्वत्रबाट उसको चरित्रको प्रशंसा र अनुमोदन गराएर तथा उसको विजय भएको देखाएर नारी अस्तित्ववान् होइन अस्तित्वहीन हुन खोज्नुमा नै उसको अस्तित्व रहन्छ भन्ने आशय व्यक्त गरेर नारीलाई समर्पितताको अस्तित्वभित्र राखिएको छ । अर्थात् आफूलाई अरूको (पुरुषको) परिचयभित्र हराउन सक्नु, आफूलाई सम्पूर्ण बिर्सन सक्नु र अरूका सेवामा लीन हुनुलाई नै नारी अस्तित्वको परिचय मानिएको छ । तत्कालीन समय सन्दर्भमा रूपमतीको चरित्रलाई **रूपमती** उपन्यासका प्रस्तावनामा बालकृष्ण शमशेरले अत्यन्त उपयुक्त ठहऱ्याएका छन् । उनी लेख्छन् -

स्वास्नीमानिसको दशा अबला हुनाले दयनीय छ, पोइलाई परमेश्वर मान्नुपर्ने नत्र द्यौता रिसाउने, सासूलाई परमेश्वरकी माता देवी मान्नुपर्ने, कठोर व्रतको समापन कोमल हृदयले गर्नैपर्ने अवस्थामा एउटा बलियो छुनेबित्तिकै पिटिक्क भाँचिने चुराजस्तो नाडी खैंचेर चलमल गरी झन् धापमा गाडिनुभन्दा ती निष्पक्षपाती परमात्माको भर परी संसारका सुख-दुःख दुवैलाई असार सम्झी धैर्यपूर्वक हार सहेर संसार जित्ने रूपमतीको शिक्षालाई मैले त स्त्रीजातिको निम्ति एउटा ठूलो आदर्श र कालानुसार एक मात्र अमृतको घुट्को जस्तो मानेको छु (पृ. ख) ।

**रूपमती**का नारीको चारित्रिक भूमिकामा माथिको यसभन्दा भिन्न सटिक टिप्पणी अर्को हुनसक्दैन । तत्कालीन समयसन्दर्भमा जीवनको यथार्थ धरातलमा उपन्यासीय कथानकलाई उभ्याउँदा रुद्रराज पाण्डेजस्ता आदर्शवादी उपन्यासकारबाट नारीपक्षीय क्रान्तिकारी परिवर्तनकारी चेत प्रकट हुने सम्भावना देखिंदा पनि देखिँदैन । यस उपन्यासमा नारीपीडालाई सर्वाधिक महत्त्व प्रदान गरिनाले लैङ्गिक ढङ्गले सर्वाधिक फराकिलो अवस्थिति नारीले नै प्राप्त गरेकी छ ।

## ५.१.११ नारीप्रतिको लेखकीय दृष्टि

रूपमती र बरालपुत्री दुवै नेपाली समाजका 'अति' आदर्श र अनादर्श नारी चरित्र हुन् । उपन्यासकार पाण्डेले यी दुई 'अति' चरित्रका प्रस्तुतिका माध्यमले र उपन्यासका अन्त्यमा अति आदर्श चरित्र रूपमतीको विजय गराएर 'सहनशीलता नै नारीको आदर्श हुनुपर्छ' भन्ने मान्यता स्थापित गर्न खोजेका छन् । उपन्यासकारले रूपमतीको हरतरहले विजय भएको देखाएर सहन सक्यो भने नारीका जीवनका सम्पूर्ण समस्या समाधान हुन्छन् भन्ने तर्क प्रस्तुत गरेका छन् । तत्कालीन सामाजिक परिस्थितिमा यो प्रशंसायोग्य सन्दर्भ हो । यहाँ रूपमतीको सहनशीलताको एउटा व्यक्तित्वको निर्माण गरिएको छ । यसभित्र उसले कतै पनि अधिकारको बोध गरेकी छैन र पाएकी पनि छैन । उपन्यासमा प्राप्त भएका सम्पूर्ण सुपरिणति रूपमतीकै क्रियाशीलताले प्राप्त भएका हुन् तापनि उपन्यासका अन्त्यमा आएको "पतिको आज्ञा नै नभईकन त किन देवरलाई ल्याउँथिन् ?" (पृ.१२७) भन्ने वाक्यले उसको अधिकारहीनताको बोध गराएको छ । सेवा उसको अधिकारहीन जीवनको पर्याय बनेको छ । अर्थात् नारी इमानदार सेवक हो भन्ने कुरा रूपमतीका चरित्रका माध्यमले स्थापित भएको छ । लेखकको नारीप्रतिको दृष्टिकोण यही हो । उपन्यासभरि नै हरेक चरित्रका माध्यमले यही दृष्टिकोणकै व्याख्या र विश्लेषण गरिएको छ ।

विवाहपछि नारी दासत्वमा अवतरित हुन पुग्दछे भन्ने कुरा उपन्यासकारले अनुभूत गरेका छन् । उनी लेख्छन्, "विचरी रूपमतीलाई सात वर्षको उमेरमा नै अर्काको दासी बन्नुपऱ्यो" (पृ.१२) । आफूमाथि जतिसुकै अनर्थ भए तापनि त्यसका विरुद्ध आवाज नउठाउने, अन्याय र अत्याचार सहने प्रवृत्तिलाई उनी कुलघरानको वैशिष्ट्य सम्झन्छन् । नारीको अन्याय-अत्याचार सहने बानीले नै दिनपरदिन नारीमाथि अत्याचारको मात्रा बढ्दै गएको हो भन्ने कुरा उनले अनुभव गर्न सकेको देखिन्न । उनी त लेख्छन्, "यी सब कुरा सुन्दासुन्दा रूपमती थेत्तर भइसकेकी थिइन् तथापि कुलघरानकी छोरीबेटी हुनाले कहिले मुख छोड्दैनथिन् । मुख निदाउरो पारेर

घोप्तिएर आफ्नो रिसलाई दबाउँथिन्" (पृ.२१)उपन्यासकारद्वारा सामन्ती समाजले स्थापना गरेको 'कुलघरानासम्बन्धी मान्यता' को खुब अनुमोदन भएको छ। उनी यस उपन्यासकी धाई बूढी भन्ने पात्रमार्फत भनाउँछन्, "कुलघरान पनि त चाहिन्छ बज्यै ! मूलको पानी कुलकी छोरी, हजुरको कुरा गरेर पनि साध्य छ ?" (पृ.२३)।

रूपमतीको सहनशीलतालाई सोद्देश्य सिङ्गो उपन्यासकै चुरोका रूपमा प्रस्तुत गरिएको छ। उपन्यासकार पाण्डे सासूले बुहारीमाथि गर्ने अत्याचारलाई सकारात्मक ढङ्गले लिँदैनन्। उनले रूपमतीजस्ती बुहारीलाई उत्पीडन दिने पण्डित्नी बज्यै र "बुहारीलाई जतिसक्यो जोत्नैपर्छ नत्र त सासूलाई मान्छे नै गन्दैनन्" (पृ.२४) भन्ने उसैकी देवरानीको प्रसङ्गलाई सम्मानजनक ढङ्गले प्रस्तुत गरेका छैनन्। त्यतिमात्र होइन, उनले सासूमण्डलीको बुहारीविरोधी कुराकानीलाई पनि समाजको उपहासपूर्ण कटु यथार्थका रूपमा प्रस्तुत गरेका छन्। मण्डलीका सासूहरूले बुहारीमाथि अत्यन्त हास्यास्पद लान्छना लगाएको (जस्तो : जरो आउँदा बलजफत जरो निकालेको ठहरिनु, रजस्वला हुनुलाई नकचर्‍याइँ ठानिनु आदि, पृ.३-४) देखाएको र सासूहरूको समूहलाई सासूमण्डलीको संज्ञा (पृ.३), तिनीहरूको भेटघाटलाई सम्मेलन (पृ.३) भन्ने नामकरण र जसका घरमा भेटघाट गरेका हुन् त्यस घरकी मालिक्नीलाई सभापति (पृ.३) भन्ने व्यङ्ग्यात्मक अभिव्यक्ति दिएकाले पनि उपन्यासकारको त्यस्तो किसिमको सासू प्रवृत्तिप्रति आस्था नभएकै बुझिन्छ।

नेपालको सामन्ती संस्कृतिले महिलाका निम्ति 'नारीरत्न' भन्ने विशेषण दिने गरेको छ र उपन्यासकार पनि त्यही उपाधिको अनुयायी बनेका छन्। उनले त्यही 'नारीरत्न' को पारिभाषिक अर्थानुरूप नै रूपमतीको चरित्रनिर्माणसमेत गरेका छन्। उसका निम्ति उनले पटक-पटक स्वयं नै अग्रसर भएर उपर्युक्त विशेषण प्रदान गरेका छन्।

आइमाईलाई पैंतालामुनि दबाएर राख्न सक्दा घरमा सुखशान्ति कायम हुन्छ (पृ.११८) भन्ने दृष्टिकोण पनि बरालपुत्रीका माइतीको सन्दर्भमा उपन्यासमा व्यक्त भएको छ। त्यस्तै बरालपुत्रीले लगातार चारवटी छोरी नै छोरी पाउनुलाई उसका मनको अशुद्धताको परिणाम ठान्ने लेखकले छोराका सट्टा छोरी पाउनुलाई सजायका रूपमा लिएका छन् (पृ.९६)। यसरी हेर्दा लेखकमा लैङ्गिक ढङ्गले असमान सोच रहेको देखिन्छ। यसै दृष्टिकोणबाट परिपोषित उपन्यासकार पाण्डे रविलाल बिग्रँदा कि त उसैकी आमालाई दोष लगाउँछन् (पृ.१२६) कि त बरालपुत्रीलाई नै दोष लगाउँछन्, रविलाल स्वयंको भने कुनै दोष देखाउँदैनन्।

समुच्चा औपन्यासिक परिस्थितिहरूमा उपर्युक्त दृष्टिकोण कायम भए तापनि उपन्यासका उत्तरार्द्धतिर बरालपुत्रीले पाएको उत्पीडनको प्रस्तुतिका क्रममा भने रविलालका दुष्कर्मप्रतिको लेखकीय क्षोभ व्यक्त भएको छ। अरूलाई नसहने बरालपुत्रीले रविलालप्रति भने उसबाट आफू चरम उत्पीडित बन्नु अगाडिसम्म कतै पनि असहिष्णुता व्यक्त नगरेकाले रविलालका सापेक्षतामा बरालपुत्रीकै चरित्रलाई उच्च देखाइएको छ।

रासबिहारी उपन्यासकारको मुखपात्र हो जो मनमा लागेको कुरा निर्धक्क व्यक्त गरिदिन्छ। उपन्यासका अन्य पात्रका अभिव्यक्तिमार्फत व्यक्त गरेर पनि सन्तुष्टि नमिलेपछि उपन्यासकार

उपन्यासमा रासबिहारीलाई उपस्थित गराउँछन् । उपन्यासकारले उपन्यासको सबभन्दा अन्तिम अनुच्छेदमा रासबिहारीलाई यसरी निष्कर्ष स्वरूप बोल्न लगाएका छन्-

> हो, पतिको आज्ञा नै नभईकन किन देवरलाई ल्याउँथिन् ? तर देवर-देवरानीको घरजम गरिदिने रूपमती नै हुन् । यस्ती आइमाई त हजारमा एक हुन्छन्, हजारमा के लाखमा एक हुन्छन् । आज सबै स्वास्नीमान्छे यस्तै भइदिए यो दुःखैदुःखले भरिएको भवसागर सुख सागर हुने थियो । अब यी आइमाईहरूले पनि कहीँ दुःखै मात्र पाइरहुँला भन्लान् त ! रूपमतीको जस्तै बानीबेहोरा गराएर आफूलाई सबैबाट 'स्यावास' भनाउने बाटोमा पनि त लाग्लान् नि ! (पृ.१२७) ।

उपर्युक्त अन्तिम अभिव्यक्तिभन्दा अगाडि पनि रासबिहारीले सबै नेपाली नारी रूपमतीजस्तै बन्नुपर्छ भन्ने भाव व्यक्त गरेर लेखकको आदर्शलाई अझै पुष्टि दिने काम गरेको छ (पृ.७६, ७७) ।

उपन्यासकार रुद्रराज पाण्डेले उपन्यासमा मातृत्वको सन्दर्भ पनि उठाएका छन् । सासूका रूपमा उपन्यासकारद्वारा नै आलोचित बनेकी पण्डित्नी बज्यैको मातृत्वका पक्षमा भने उनको कान्छो छोरो रविलालका विरुद्ध आफ्नो मत जाहेर गर्दै एउटा पुरुषका कोणबाट उपन्यासकारले आमाका तुलनामा पत्नीलाई 'स्वास्नी जाबो' को संज्ञा दिएका छन् यद्यपि यो संज्ञा सामाजिक आदर्शका पिंढीबाट विस्थापित गर्न चाहेको, अझै विस्थापित नै गरिएकी नारी पात्र बरालपुत्रीका लागि प्रदान गरिएको हो (पृ.८८) ।

उपन्यासकार पाण्डेले बाहिरी त्वचागत सौन्दर्यलाई पनि नारीको (रूपमतीको) एउटा योग्यताका रूपमा लिएका छन् । पुरुषका सन्दर्भमा बाहिरी सौन्दर्यलाई महत्त्वनै नदिएका पाण्डेले आफ्ना पात्रद्वारा त्यही सौन्दर्यको अभाव रहेकी बरालपुत्रीको आलोचना गराएका छन् (पृ.२५) । रूपमतीको सौन्दर्यले उनी जन्मनासाथ छोराको अभावबोध मेटाइदिएको थियो (पृ. ११), रूपमती स्वयंले पनि सौन्दर्यलाई पनि रिझाउने सहारा सम्झेकी थिइन् (पृ.२७), उपन्यासकार पाण्डे शीलका साथमा रूप पनि भएकी नारीलाई नारीरत्नको उपाधि दिन्छन् (पृ.५), शर्माजी पनि उनको रूपैले रिझिएका छन् र पत्नीलाई सम्बोधनसमेत 'रूपा' भनेर गर्छन् (पृ. ५६, ५७) ।

उपन्यासको निर्माण नारीलाई प्रमुखता दिएर मात्र नगरी त्यसको नामकरणसमेत नारीकै पक्षबाट गरिनुलाई उपन्यासकारको नारीप्रतिको सहानुभूति र सम्मानको दृष्टिका रूपमा लिनुपर्ने हुन्छ । त्यसमाथि उनले बुहारीका रूपमा नारीका उत्पीडनका समस्यालाई पनि टिपेका छन् र एउटा आदर्शमार्फत ती समस्यालाई निकास पनि प्रदान गरेका छन् तर उपन्यासकारको ध्यान उनैले स्थापना गर्न चाहेको त्यो आदर्श नारी एक्लीको प्रयासबाट मात्र सम्भव छैन, त्यसका लागि सम्पूर्ण वातावरण पनि त्यसै अनुकूल हुनुपर्छ भन्नेतर्फ भने प्रत्यक्ष रूपमा गएको देखिँदैन तापनि हविलाल र रविलालका चरित्रको समानान्तर प्रस्तुतिमार्फत भने उक्त आदर्श स्थापनामा पुरुषको मूल नभए तापनि सहायक भूमिका भने रहनसक्छ भन्ने ध्वन्यार्थ प्रकट भएको छ । हविलाल उपन्यासका प्रारम्भमा रूपमतीका चरित्रको प्रतिकूल भए तापनि उपन्यासका मध्यदेखि क्रमशः अनुकूल बन्दै गएर उपन्यासका अन्त्यसम्म पुग्दा बिल्कुल अनुकूल बनिसकेकाले उपन्यासमा

रूपमतीमार्फत आदर्श स्थापना हुन सकेको छ तर अर्कापट्टि रविलाल भने दिन प्रतिदिन बढीभन्दा बढी प्रतिकूल बन्दै गएकाले नै बरालपुत्रीको चारित्रिक उदात्तीकरण सम्भव हुन सकेको छैन भन्ने तथ्यको परोक्ष प्रस्तुतिमार्फत घरपरिवारको अनादर्शीकरणमा नारीजगतको मात्रै हात छैन भन्ने ध्वन्यार्थ प्रकट भएको छ ।

समयको परिवर्तित सन्दर्भमा **रूपमती**कालीन ती आदर्शहरू आजको युगको यथार्थ बन्न सक्दैनन् तापनि तत्कालीन समयका सन्दर्भमा भने यस्तो आदर्श जीवन परिवार र समाजकै प्रतिरूपझैं लाग्दछ । यति हुँदाहुँदै पनि जीवनलाई 'स्वर्ग' र 'नर्क' तुल्याउन सक्ने क्षमतायुक्त प्राणीका रूपमा रूपमती र बरालपुत्रीलाई समानान्तर रूपमा प्रस्तुत गरेर भने उनले परोक्ष रूपमा नारीको मूल्यवत्ताकै परिचय दिएका छन् । नेपाली साहित्यजगत्मा उनैले नै यस उपन्यासमार्फत सर्वप्रथम यसरी नारीलाई साहित्यिक मूल्य प्रदान गरेका छन् । परिवार, समाज र राष्ट्र कतै पनि नारीको स्वअस्तित्व आफ्नै प्रयोजनका लागि अर्थयुक्त हुन नसकेको त्यस समयावधिमा आदर्श नै सही, कम्तिमा उसको परिचयको प्रयासको थालनी भने भएको छ । साहित्यिक नारी चरित्रका विभिन्न पाटामाथि बहसको प्रारम्भ गर्न यस उपन्यासले अवश्यै सघाएको छ । यस उपन्यासले नेपाली साहित्यिक जगत्मा अविस्मरणीय नारी पात्रको सिर्जना गर्ने सफलता प्राप्त गरेको छ । नेपाली उपन्यास जगत्मा जेजस्ता नारी पात्रहरूको सिर्जना हुँदै आए तापनि रूपमती र बरालपुत्रीको परिचय कहिल्यै नबिर्सिइने र लुप्त नहुने गरी स्थापित भएको छ ।

पारिवारिक जीवनका यथार्थहरूको टिपोट गर्दै नीतिवाद र आदर्शवादको स्थापनाको गोरेटोमा अघि बढेको यस उपन्यासका उपन्यासकारको नारीप्रतिको (समग्र जीवन-जगत्प्रतिको पनि) दृष्टिकोण आदर्शोन्मुख यथार्थवादी रहेको छ । उनी पुराना समाजका नारीसम्बन्धी कुरीति र रुढि त भत्काउने तर पूरै पुरानो आदर्शलाई चाहिँ माझ्ने र मलजल गर्ने पक्षमा छन् । नारीले उत्पीडन भोग्न नपरोस् तर त्यस उत्पीडनको निराकरण चाहिँ विप्लवकारी नभएर सहनशीलतामुखी आदर्शवादी होस् भन्ने उनको इच्छालाई रूपमतीको प्रमुख नारी चरित्रको चारित्रिक बुनोटले व्यक्त गरेको छ । उनी सौहार्द्रतापूर्ण उत्कृष्ट दाम्पत्यका पक्षमा उभिएका छन् । उनले आफ्नो यसै आकाङ्क्षाको वकालतका लागि श्रीमान्पीडक श्रीमती (बराल्नी बज्यै, पण्डित्नी बज्यै) र श्रीमतीपीडक श्रीमान् (हविलाल सुरुमा अंशतः र रविलाल पूर्णतः) दुवै किसिमको नमुना उपस्थित गरी नारी वा पुरुष दुवैको परपीडकताको नाश भएको देखाएका छन् ।

### ५.१.१२ निष्कर्ष

नेपालमा जहानियाँ राणा शासनका उत्कर्षको समयसन्दर्भ र सर्वसाधारण नेपाली जनताले शिक्षाको अवसर नपाएको परिस्थितिको काठमाडौं उपत्यकाकी ब्राम्हणवर्गीय परिवारकी छोरीबुहारी रूपमतीका केन्द्रीयतामा लेखिएको **रूपमती** उपन्यासकी प्रमुख नारी चरित्र रूपमतीले तत्कालीन समयजन्य नारी समस्याहरू भागेकी छ । त्यतिखेर विनम्रता र सहनशीलतालाई नारीका सर्वाधिक ठूला गुण मानिन्थे र आफूमा विद्यमान तिनै गुणले रूपमती उपन्यासका अन्त्यमा विजयी बनेकी छ । उसको चारित्रिक विजयमार्फत उपन्यासमा परम्परागत मूल्यमान्यताको विरोध नगर्नेहरूकै

मात्र भलो हुन्छ भन्ने निष्कर्ष निकालिएको छ। उपन्यासमा सत् र असत् दुईथरि पात्र उपस्थित गराएर अन्त्यतः लेखकको चेतनाले सत् ठहऱ्याएको पात्रको विजय देखाएर परम्परागत चिन्तनकै पक्षधरता अँगालिएको छ। यस उपन्यासले पुराना कुरामा बहुविवाह गर्ने, नारीलाई शिक्षाको अवसर नदिने, बालविवाह गर्नेजस्ता चलनलाई नारी समस्याका रूपमा प्रस्तुत गरी तिनको विरोधसमेत गरेको छ । सन्तानप्राप्तिका सन्दर्भमा वैज्ञानिक दृष्टिकोण अँगालिएको छ तापनि पुरुषले घरभित्रका काममा साझेदारी गर्ने कुराको भने खुलेरै विरोध गरिएको छ। लैङ्गिक कोणबाट पुरुषलाई ठूलो र नारीलाई सानो ठान्ने दृष्टिकोण पनि उपन्यासकारमा कायम नै छ। उपन्यासकारमा नारी चरित्र (सासू)लाई उपहास गर्ने प्रवृत्ति पनि देखिन्छ।

नेपाली समाजको वर्तमान संरचनाभित्रै महिलाको उद्धार सम्भव छ भन्ने धारणा प्रस्तुत गर्ने यो उपन्यास सो संरचनालाई कुनै चुनौती दिँदैन। यसले जुन संरचनाले महिला र पुरुषबिच असमानताको सिर्जना गरेको छ त्यसमाथि प्रश्न उठाएको छैन, लैङ्गिक दमनको प्रचलनलाई चुनौती दिएको छैन। यसले सुधारको कुरा गरेको छ तर लैङ्गिक असमानताको आधारमाथि प्रश्न उठाएको छैन।

तत्कालीन नेपाली समाजका उत्पीडित नारीका लागि परमेश्वरको भर, सहनशीलताको आधार र सत्को विजयका लागि पुस्ताभरको अन्तरालसमेत कुर्नसक्ने धैर्य गरी तीनवटा जीवनाधार मात्र प्राप्त थिए। यसै तथ्याङ्कनका कोणबाट नियाल्दा यस उपन्यासमा लैङ्गिक चेतना पनि झल्कन्छ, नारी पीडित छ भन्ने बोध पनि प्रकट भएको छ तर त्यसको समाधान भने विप्लवकारी नभएर नीतिवादी-सुधारवादी परम्परित मध्यममार्गबाट प्राप्त हुने स्पष्टोक्ति दिइएको छ। यसैले यस उपन्यासमा प्रस्तुत नारी पक्षधरतालाई नारीवादी कोणबाट उदार नारीवादको संज्ञा दिन सकिन्छ।

## ५.२ 'स्वास्नीमान्छे' उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण

यहाँ हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (वि.सं.२०११)उपन्यासलाई पृष्ठभूमि, औपन्यासिक शीर्षक, औपन्यासिक स्थानगत-कालगत र वर्गीय सन्दर्भका साथै मूल नारी समस्याका विभिन्न पक्ष, औपन्यासिक परिणति र सन्देश, प्रमुख नारी चरित्रको विश्लेषण, नारीजगत्, नारीपुरुष दृष्टिकोण, औपन्यासिक समष्टि नारी अवस्थिति र लेखकीय नारीदृष्टिकोण जस्ता कोणबाट नारीवादी साहित्यिक समालोचनात्मक पद्धति अनुसार क्रमशः केलाई मूल्याङ्कन प्रस्तुत गरिएको छ (५.२.१-५.२.११)।

### ५.२.१ पृष्ठभूमि

निम्नमध्यम वर्गीय परिवारमा जन्मिएका हृदयचन्द्रसिंह प्रधान (वि.सं.१९७२-२०१६)को कलम कथा, कविता, निबन्ध, नाटक, समालोचनालगायत उपन्यास विधामा पनि चलेको छ। **स्वास्नीमान्छे** (वि.सं.२०११) तथा **एक चिहान** (वि.सं.२०१७) गरी उनका दुईवटा उपन्यास प्रकाशित

छन् । **एक चिहान** विभिन्न सामाजिक समस्यामा केन्द्रित छ भने **स्वास्नीमान्छे** चाहिं नारी समस्यामा केन्द्रित छ ।

नेपालमा भर्खरै (वि.सं.२००७) प्रजातन्त्रको बहाली भएको थियो । नेपाली जनता राणा शासनको उकुसमुकुसबाट भर्खरै मुक्त भएका थिए । जीवनका हरेक क्षेत्रमा उनीहरू परिवर्तनको चाहना गरिरहन्थे र जीवनका परिस्थितिहरूलाई नयाँ ढङ्गले अर्थ्याउन प्रयत्नरत थिए । अन्य सामाजिक व्यक्तिसरह साहित्यिक स्रष्टाहरू पनि जोशका साथ सामाजिक परिवर्तनलाई केन्द्रमा राखेर साहित्य रचना गर्न क्रियाशील थिए ।

नेपालमा २००७ सालपछि समाज विकासका सन्दर्भमा सुधारवादी र क्रान्तिकारी दुईवटा धार मूल रूपमा क्रियाशील थए । सुधारवादीहरू सतहमा देखिएका विकृति पन्छ्याएर सन्तुष्टि लिने पक्षमा थिए भने क्रान्तिकारीहरू विकृतिलाई समूल नष्ट गर्ने पक्षमा थिए । हृदयचन्द्रसिंह यसै पछिल्लो धारका स्रष्टा हुन् । समाजवादी आन्दोलन राजनीतिक तहमा क्रियाशील हुँदै थियो र यसबाट प्रभावित भएर केही साहित्यिक रचनाहरू आइरहेका थिए । नारी समस्यामा आधारित भएर पनि केही समाजवादी साहित्यको सिर्जना हुँदै गरे तापनि समस्या निराकरणको स्पष्ट दृष्टिकोण भने त्यतिखेर बनिसकेको थिएन । समाजवादी दृष्टिकोणले हेर्दा हृदयचन्द्रकै **एक चिहान** **स्वास्नीमान्छे**भन्दा केही बढी स्पष्ट र परिमार्जित देखिन्छ यद्यपि आदर्शको लेपले थङ्थिल्याउन भने त्यसैलाई पनि छाडेको छैन । उनीअघि यथार्थवादसँग टाँसिएर बसेको आदर्शोन्मुखताको प्रभाव अझै बलियै थियो । **स्वास्नीमान्छे** उपन्यास यस्तै परिस्थितिमा रचिएको हो ।

नेपाली समाजले सामन्तवादी खुड्किलोबाट भर्खरै पाइला उचाल्दै थियो, पुँजीवादको विकासको प्रारम्भ भइसकेको थिएन तापनि मानवतावाद र विश्व पुँजीवादको प्रभावमा आएर जनजीवन केही चल्मलाउँदै थियो र नेपाली समाजको नारीजीवनमा पनि केही चल्मलाहट देखापर्दै थियो । छिमेकी मुलुक भारत पनि भर्खरै उपनिवेशवादी चङ्गुलबाट मुक्त भएकाले त्यसको प्रभाव त्यहाँको साहित्य-संस्कृतिमा पनि पर्दै थियो । त्यसको असर राजनीति, समाज र साहित्यमा पनि देखिन थाल्यो । नेपाली समाजमा नर र नारीका बिचमा रहेका आर्थिक र सांस्कृतिक विषमतालाई लिएर हृदयचन्द्रले **स्वास्नीमान्छे** उपन्यासको रचना गरेका छन् ।

हृदयचन्द्रसिंह प्रधानको पहिलो उपन्यास **स्वास्नीमान्छे** शीर्षकदेखि नै नारीपरक छ । यसकी प्रमुख नारी पात्र मोतीमायाका जीवनपरिवेशमा केन्द्रित यस उपन्यासले एकातिर मोतीमायाजस्ती कुण्ठित आदर्श नारी र मैयाँनानी, वसन्तीजस्ता सङ्घर्षशील स्वप्नद्रष्टा नारीको आदर्शलाई परिलक्षित गरेको छ भने अर्कातिर अञ्जनाकुमारी, कमलाजस्ता असत् ठहऱ्याइएका नारीको अनादर्शलाई उभ्याएको छ । उपन्यासका अन्त्यमा मोतीमायाका चरित्रमा निहित गूढ सत् प्रवृत्तिको विजय र असत् (परम्परावादी परिभाषा अनुसार) नारीका चरित्रमा निहित दुष्प्रवृत्तिको पराजय देखाएर एउटा पारिवारिक एवं सामाजिक आदर्शको मापदण्डको नमुना प्रस्तुत गरिएको छ ।

प्रधानको दोस्रो एवं अन्तिम उपन्यास **एक चिहान** पुस्तकको नाम र विषयवस्तु दुवै दृष्टिले पारिवारिक-सामाजिक एवं पुरुषकेन्द्री रहेको छ । नायक शिवनारायण र उनका पिता

अष्टनारायणको दृष्टिकोण नै यस उपन्यासको मूल केन्द्र हो र त्यसै दृष्टिकोणका परिपार्श्वभित्र नारीलाई हेर्ने नवीन दृष्टि पनि उद्घाटित भएको छ। नेपाली समाजमा नारीहरू यसै पनि शोषित छँदैछन्। वर्गीय स्थितिले शोषणको त्यस स्थितिलाई अझ चरमतातर्फ धकेलेको छ भन्ने कुरालाई यस उपन्यासकी नारी चरित्र नानीथकु (अष्टनारायणकी छोरी)का जीवन-परिस्थितिका माध्यमले प्रस्तुत गरिएको छ। यस उपन्यासले नारीको आत्मोन्नतिमा बाधा पुऱ्याउने सतीत्व र जातित्वका साङ्लालाई चुँडाल्ने काम गरेको छ। यौनपिपासु पुरुषको हैकम रहेको समाजको सतीत्व र पर्दाभित्र तथा बाहिर भिन्नाभिन्नै आदर्श बोक्ने समाजको जातित्व कहिल्यै पनि नारीहितका पक्षमा हुँदैन र यो कोरा बकवास मात्र हो। यसले प्रकारान्तरले समाज व्यवस्थालाई हानी पुऱ्याइरहेको हुन्छ। यसैले यस उपन्यासले एकातिर खोक्रो सतीत्वको विरोध गरी नानीथकुलाई योग्य वर खोजी दाजु शिवनारायणले विवाह गरिदिएको देखाएको छ भने अर्कातिर पर्वते, नेवार तथा मधेशीहरूका बिचमा एकापसमा वैवाहिक आदानप्रदान गराएर समाजबाट साम्प्रदायिक भावना हटाउनुपर्छ भन्ने सन्देश दिएको छ। नानीथकुको दुर्घटित जीवनव्यवस्थालाई पुनर्व्यवस्थित गरेर उपन्यासले आफूलाई नारीका पक्षमा उभ्याएको छ।

हृदयचन्द्रसिंह प्रधानका उपर्युक्त दुई उपन्यासमध्ये शीर्षक एवं महिला विषयमा केन्द्रितसमेत रहेकाले यहाँ नारीवादी औपन्यासिक विश्लेषणका प्रयोजनका निम्ति उनको प्रतिनिधि उपन्यासका रूपमा **स्वास्नीमान्छे** उपन्यासको चयन गरिएको छ। यो उपन्यास पारिवारिक व्यक्ति नारीदखि सामाजिक समूह नारीसम्म विस्तारित भई नारी जीवनलाई सामाजिक जीवनको मेरुदण्डका रूपमा समेत प्रस्तुत गर्न अग्रसर देखिएकाले उपर्युक्त प्रयोजनका निम्ति **स्वास्नीमान्छे**को चयन बढी सान्दर्भिक रहेको छ।

### ५.२.२ शीर्षक

प्रस्तुत **स्वास्नीमान्छे** उपन्यासको नामकरण यसै उपन्यासमा ग्रहण गरिएको मूल समस्या तथा त्यसै समस्याकी संवाहक मूल नारी चरित्र मोतीमायाको जीवन सन्दर्भबाट भएको छ। उपन्यासको प्रकाशन काल (२०११) र उपन्यासभित्रको कथावस्तुगत लगभग ११ वर्षको पात्रगत समयसूचनालाई समेत ध्यानमा राखी हेर्दा २०१० सालतिरको तत्कालीन नेपाली समाजको नारीसंसार र त्यसको प्रतिनिधित्वतर्फ पाठक डोरिएको छ। यस उपन्यासको शीर्षकले व्यक्ति नारीभन्दा पनि समुदायगत नारीको समस्यालाई समेटेको छ र प्रतिनिधि नारी समस्याका रूपमा मोतीमायाका जीवनका समस्यालाई प्रस्तुत गरेको छ। सिङ्गो उपन्यासको कथानक नारीउत्पीडन एवं त्यसको निराकरणका सन्दर्भमा नै केन्द्रित रहेकाले उपन्यासको उपर्युक्त शीर्षक सार्थक देखिन्छ। उपर्युक्त शीर्षकले इङ्गित गरेको समस्या समाजमा विद्यमान लैङ्गिक असमानताले सिर्जना गरेको हो र उत्पीडित लिङ्गको प्रतिनिधित्व नारीले गरेकी छ।

## ५.२.३ औपन्यासिक सामाजिक परिवेश र नारीजगत्

अब यहाँ **स्वास्नीमान्छे** उपन्यासको सामाजिक परिवेश र नारीजगत्को विवेचना क्रमशः स्थानगत, कालगत र वर्गगत सन्दर्भमा गरिने छ (५.२.३.१-५.२.३.३)।

### ५.२.३.१ स्थानगत सन्दर्भ

**स्वास्नीमान्छे** २००७ सालको क्रान्तिका सेरोफेरोको लगभग एक दशकको काठमाडौंली नेपाली समाजको (सङ्क्रमणकालीन) प्रतिविम्ब बोकेको उपन्यास हो। यस उपन्यासको पूर्वार्द्धमा महिला उत्पीडनको प्रतिवादहीन स्थितिको चित्रणका सन्दर्भमा मोतीमायाको पूर्वकथालाई अगाडि सारिएको छ भने उत्तरार्द्धमा उत्पीडित महिलाहरूको स्थिति प्रतिवादहीन नरहेको देखाइएको छ। एकतन्त्रीय राणा हैकमको समाप्ति भई प्रजातान्त्रिक खुला वातावरण स्थापनाको असर सर्वप्रथम त नेपालको राजधानी काठमाडौंमा देखा पर्न सक्तछ भन्ने कुराको प्रमाणस्वरूप नै २०११ सालमा प्रकाशित **स्वास्नीमान्छे** उपन्यास अगाडि आएको छ।

**स्वास्नीमान्छे** उपन्यासको विषयवस्तु तत्कालीन सङ्क्रमणकालीन (२००७ सालको सेराफेरो) काठमाडौंली परिवेशको उच्च खानदानी परिवारका नारीको कथा हो। मूल नारी पात्र मोतीमायाको जातीय सन्दर्भको किटान उपन्यासमा कतै पनि भएको छैन तापनि मोतीमायाको श्रीमान् प्रमोद बन्दुक बोकेर नोकरचाकर लिई सिकार खेल्न गएको (प्रधान, २०११ : १५५) तथा उसकी छिमेकी हीराज्यानले उसलाई काजी भनेर सम्बोधन गरेको (पृ.३६) सन्दर्भले उसको क्षत्रीय कुलको अनुमान गर्न सकिन्छ।

उपर्युक्त उपन्यासका स्थानगत केन्द्रहरूमा काठमाडौंको टुँडिखेलभन्दा पश्चिम एवं उत्तरपश्चिमका क्षेत्रहरू रहेको देखिन्छ। यस उपन्यासको स्थानगत मुख्य केन्द्र काठमाडौंको उत्तरपश्चिम कुनामा अवस्थित धोबिचौर रहेको छ जहाँ कथानकको आरम्भ र अन्त्य दुवै भएको छ। यो मोतीमायाको विवाह गरेर आएको घर हो। मोतीमायाले प्रारम्भमा प्रचूर दाम्पत्यप्रेम प्राप्त गरेको (पृ. ६६) र पुत्रवती बनेपश्चात् उसमाथि सौता हाल्ने लगायतका अनेकन् उत्पीडन भोगी आत्महत्याको मनस्थितिमा पुगेको स्थानका रूपमा धोबिचौरको उक्त घर देखिएको छ। उपन्यासका अन्त्यमा उनका उत्पीडकहरूको समाप्ति भई उसले विजय हासिल गरेको स्थानसमेत त्यही घर हुन पुगेको मात्र नभई अन्त्यतः उत्पीडित महिलाको उत्पीडन निवारणको केन्द्रस्थलमा परिणत भई 'मैयाँमन्दिर' नामले परिचित हुन पुगेको स्थानसमेत धोबिचौरको त्यही घर हो।

यी स्थानभन्दा पछिको मुख्य स्थानका रूपमा काठमाडौंकै भुरुङ्खेल (पृ. १०३) आएको छ जहाँ मोहनबहादुरको घर रहेको छ। उपन्यासको ११ वर्ष अवधि यहीं व्यतित भएको छ। मोतीमाया उत्पीडन चरम भएपछि आत्महत्याका लागि सिम्भुवन (स्वयम्भू) पुगेकी छ (पृ.४२) र त्यहीं उसको मोहनबहादुरसँग भेट भएको छ। मोहनबहादुरका घरबाट लखेटिएपछि मोतीमाया मिश्रीको घर ब्रह्मटोल पुगेकी छ (पृ. १०३) र त्यहाँ एक रातमात्र बसी भोलिपल्ट बिहानै मैयाँनानीकहाँ पुऱ्याइएकी छ। त्यो घर भएको स्थान नामोल्लेख कतै नभए तापनि त्यो ब्रह्मटोलमै

वा त्यसकै निकटमा हुनुपर्छ भन्ने अनुमान लीला सुटुक्क आउन-जान भ्याउने गरेकोबाट स्पष्ट हुन्छ (पृ. ११९)। त्यसपछि आमसभा भएको र सुरप्रसाद एवं अञ्जनाकुमारीको हत्या भएको स्थानका रूपमा इटुम्बहालको उल्लेख भएको छ (पृ. १२९)।

उपर्युक्त स्थानहरू लगभग सहरको केन्द्रमै रहेको, यहाँका पात्रहरूको चालचलन आदि कोणबाट नियाल्दा यो उपन्यास एउटा ठकुरी परिवारको कथाजस्तो देखिन्छ। यी परिवारको सम्बन्ध काठमाडौं बाहिरका स्थानहरूसँग नजोडिएको सन्दर्भले पनि यहाँका पात्रहरू काठमाडौंकै रैथाने देखिन्छन्। यस उपन्यासमा उल्लिखित स्थानहरूमा अधिकांशतः पहाड तथा मधेशबाट आएकाभन्दा पनि यहींकै रैथानेहरूकै बसोबास रहेको देखिन्छ।

उक्त उपन्यासमा वेश्या-व्यवसायको सन्दर्भ पनि देखिएको छ र यस्तै पुराना बाक्ला बस्ती भएका स्थानमा नै उपर्युक्त किसिमका कार्य फस्टाएको देखिन्छ। तत्कालीन समाजमा रहेको जातीय कट्टरताको सन्दर्भले पनि ठकुरी-क्षत्रीहरूको सम्झना गराउँछ र यस प्रसङ्गलाई नानीप्राणको बिहे अरू कुनै योग्यता नभएको तर जातीय दृष्टिले योग्य देखिएको व्यक्तिसँग भएको (पृ.१०९) देखाएर स्पष्ट पारिएको छ। यसरी यस उपन्यासमा सहरी कथानकीय विषयवस्तु रहेको पाइन्छ।

### ५.२.३.२ **कालगत सन्दर्भ**

मोतीमाया २१ वर्षकी भएपछि उपन्यासको मूल कथानक अगाडि बढेको छ। सानै उमेरमा विवाह भएर १६ वर्षका उमेरमा पुत्रवतीसमेत बनेकी मोतीमाया पुत्रवती बनेको केही समयपश्चात् नै सौता पाउँछे र तत्पश्चात् उसको उत्पीडन पनि क्रमशः चर्किंदै जान्छ। छोरो विनोद पाँच वर्षको हुँदा प्रमोद र कमलाले दिएको उत्पीडन असीम बन्दछ र ऊ आत्महत्या गर्न जान्छे। यसबेला मोतीमायाको उमेर २१ वर्षको भएको (पृ.९८) हुन्छ र यसै समयसीमाबाट उपन्यासको कथानकीय बनोट प्रारम्भ भएको छ।

मोतीमायालाई २१ वर्षको उमेरमा मोहनबहादुरले संरक्षण प्रदान गर्ने नाममा आफ्नो घरमा भित्र्याएको देखिन्छ र केही समयपश्चात् नै उनीहरूको सम्बन्ध श्रीमान् श्रीमतीमा परिणत भएको छ। उपन्यासका अन्त्यमा आइपुग्दा मोतीमायाको उमेर ३२ वर्षको भएको देखिन्छ। यसरी ११ वर्षको औपन्यासिक अवधि मोहनबहादुरको घर भुरुङखेलमा व्यतित भएको देखिन्छ। उपन्यासको प्रकाशन २०११ सालको वैशाखमै भएको र उपन्यासको अवधि भने पूरा ११ वर्ष देखिएकाले यसको कथानकीय समयसीमाले २००० सालको प्रारम्भलाई नै स्पर्श गरेको देखिन्छ।

**स्वास्नीमान्छे** उपन्यासको समयगत आयामभित्र तत्कालीन राजा पृथ्वीवीरविक्रमदेखि त्रिभुवनको राज्यकालसमेत अटाई राणा प्रधानमन्त्रीहरूको शासनकालमा अस्थिरता बढिरहेको कालखण्डबाट उपन्यास अगाडि बढी २००७ सालको जनक्रान्तिलाई समेत पार गरी २०११ सालसम्म आइपुगेको यस उपन्यासको समयावधि नितान्त सङ्क्रमणशील अवस्थाबाट गुज्रिरहेको देखिन्छ।

मोतीमाया एकोहोरो उत्पीडित देखिएको परिस्थितिले २००७ सालभन्दा अगाडिको नेपाली समाजको सामन्ती प्रवृत्तिको चित्र उतारेको छ जहाँ पुरुषको ऐयासीले सीमा नाघेको छ। मोतीमाया मोहनबहादुरका घरबाट निकालिएपछिको औपन्यासिक समयमा भने २००७ सालको परिवर्तनको स्पष्ट झलक प्रस्तुत भएको छ। नेपालमा प्रजातन्त्र आगमनसँगै विभिन्न दलको अस्तित्व कायम भएको देखिन्छ जसमध्ये कम्युनिस्ट पार्टी पनि एउटा हो। यस उपन्यासमा एकातिर १९९० को दशकबाट प्रवेश गरेको मानवतावादी दृष्टिकोण र अर्कातिर महिलाका समस्यालाई हेर्ने मार्क्सवादी दृष्टिकोणको सम्मिश्रण पाइन्छ। सतीत्वका नवीन परिभाषाका माध्यमले नारीलाई स्वायत्त मानवका रूपमा स्थापित गर्ने प्रयत्नका दृष्टिकोणबाट हेर्दा यस उपन्यासले तत्कालीन नेपाली समाजको सङ्क्रमणशील अवस्थाको झलक दिएको छ।

खुला आमसभाहरू गर्नु, विभिन्न सङ्घसंस्थाहरू स्थापना गर्नु , जीवनका परिस्थितिहरूलाई नवीन ढङ्गले व्याख्या गर्न प्रयत्न गर्नु, सामन्ती संस्कृतिको अवसानको कल्पना गर्नु तत्कालीन प्रजातन्त्रोत्तर समाजमा मात्र सम्भव कुरो हो। २००७ सालअगाडि नेपाली जनताका सबै किसिमका सक्रियताहरू बर्जित थिए। प्रस्तुत उपन्यासमा मैयाँनानीका सक्रियतामा अनेकन् नारी सङ्घसंस्थाहरू स्थापित भइसकेका छन्। मैयाँनानी जेल परेपछि पनि मोतीमाया र विनोदबाट उक्त परम्परा कायम रहेको छ (पृ. १६८)। राजनीतिक दलहरू अस्तित्वमा आएपछि देखा परेको सङ्गठनको चेतनाको प्रभाव प्रस्तुत उपन्यासमा राम्रैसँग परेको देखिन्छ। मानिस व्यक्तिका रूपमा रहुञ्जेल कमजोर हुन्छ र सङ्गठनमा आबद्ध भएपछि बलियो हुन्छ भन्ने कुरालाई मैयाँनानीको सङ्गठनका माध्यमले उपन्यासले राम्रैसँग प्रस्तुत गरेको छ। साङ्गठनिक प्रवृत्तिले नारीको जीवन दशामा परिवर्तन आउँछ भन्ने कुरालाई यस उपन्यासमा बढी महत्त्वका साथ अगाडि सारिएको छ। यसरी प्रस्तुत उपन्यासमा ११ वर्ष अवधिको समयको अनुहार राम्रोसँग चिनिने गरी प्रस्तुत भएको देखिन्छ। यस उपन्यासले ढल्दै गरेको सामन्ती प्रवृत्ति र उदीयमान नवीन सामाजिक प्रवृत्तिहरूको पहिचानलाई आफ्नो कथ्य बनाएको छ।

त्यतिखेर नारीहरू घरबाहिरको संसारमा चलखेल गर्नसक्ने अवस्था थिएन। घरबाहिरको संसार भनेको पुरुषको मात्रै थियो। पुरुषले कमाएर ल्याएको र पुर्ख्यौली रूपमा रहेको सम्पत्तिको संरक्षण गर्ने र ख्याल राख्ने जिम्मेवारी नारीको हुन्थ्यो। नारीलाई घरबाहिर निस्कने र बाहिरका मानिससँग सम्पर्क राख्ने काम निषेधित थियो। यसैले मोतीमायाले छोराको भोक टार्नका निम्ति बाध्य भएर हीराज्यानसँग राखेको सम्पर्कले वेश्याचरणको संज्ञा पाएको (पृ. ३८) थियो। सतीत्व गुमाउन बाध्य भएका मैयाँनानीजस्ता नारीहरू भने बाहिरी समाजमा खुलासँग चलखेल गर्थे। यसैले पनि सतीत्व नगुमाएका नारीले बाहिरी संसारमा सक्रियता देखाउँदा ऊ वेश्या सावित हुन्थी। सामन्तकालीन प्रवृत्तिमाथि भर्खरै प्रश्न उठाइन थालेको प्रजातान्त्रिक नवोन्मेषको सङ्क्रमणकालको गाथा गाइएको **स्वास्नीमान्छे** उपन्यास नेपाली समाजको एउटा कालखण्डको साहित्यिक इतिहास हो।

तत्कालीन समाज विचार र व्यवहारका बिचमा देखिने असामञ्जस्यका कारणले पनि सङ्क्रमणकालीन देखिन्छ। राजनीतिक रूपमा प्रजातन्त्रको प्रारम्भ भएको भए तापनि मानवीय

संस्कारमा भने सामन्ती प्रवृत्ति पूरापूर जीवित अवस्थामा थियो । अझ त्यतिखेर परिवर्तन भनेको राजनीतिक मात्रै हुन्छ, सामाजिक हुँदैन, त्यसमाथि महिलाका सन्दर्भमा त झन् हुँदैहुँदैन भन्ने सोच हुन्थ्यो । यदाकदा नारीका सन्दर्भमा विचारका तहमा केही परिवर्तन पनि देखिन्थ्यो । जस्तो आत्महत्या गर्न लागेकी मोतीमायालाई जीवनोन्मुख तुल्याउने सन्दर्भमा मोहनबहादुरले नारीसम्बन्धी निकै स्तरीय विचार व्यक्त गरेको छ (पृ.४७) तर उसको व्यवहारमा भने ती विचारको छाप कतै कुनै कोणमा पनि परेको देखिंदैन । नारीका यौवनको सिकारी मोहनबहादुरले मोतीमायाभन्दा अगाडि नै पनि तीनवटी नारीलाई आफ्ना फन्दामा पारी हुत्याइसकेको देखिन्छ (पृ.८०) र मोतीमायाभन्दा पछाडि पनि त्यो क्रम अगाडि बढिसकेको छ (पृ.१४६) । यसरी समाजको सङ्क्रमणशीलताको प्रभाव नारीका जीवनमा पुरुषका जीवनका तुलनामा बढी कठोर रूपमा बज्रिन पुग्दछ भन्ने उदाहरणलाई यस उपन्यासका नारी-पुरुष पात्रहरूका माध्यमले प्रस्तुत गरिएको छ ।

### ५.२.३.३ **वर्गीय सन्दर्भ**

**स्वास्नीमान्छे** उपन्यासमा प्रमोद र मोहनबहादुरका गरी दुईवटा परिवारको पारिवारिक उच्च वर्गीय स्थिति प्रकट भएको छ। प्रमोदको घरमा ठूलो बगैंचा छ (पृ. १५७), उसलाई ब्याडमिन्टनको सोख छ, गीत-सङ्गीतप्रति लगाव छ (पृ.१३८), घरमा नोकर्नी (चम्पा) पालिएकी छ, अरू नोकरचाकर पनि छन् (पृ. १५७), व्यवहारमा आर्थिक अभाव कहिल्यै देखा परेको छैन इत्यादि कारणले प्रमोद उच्च वर्गीय पात्र ठहरिन्छ । नेपाली समाजमा आर्थिक दृष्टिले सम्पन्न मानिस मात्र 'बाबुसाहेब' भनिन्छ र सम्पन्नताको सम्बन्ध आफूजस्तैसँग मात्र हुन्छ । मुकुन्द बाबुसाहेव प्रमोदको छोरा विनोदसँग वैवाहिक सम्बन्ध जोड्न प्रमोदको बैठकमा उसलाई पर्खिरहेको छ । यस कोणबाट हेर्दा पनि प्रमोद सम्पन्न देखिन्छ । बन्दुक लिएर नोकरचाकर पछि लाएर सिकार खेल्न जाने सोख सम्पन्न र त्यसमाथि पनि ठकुरीहरूमा देखिन्छ । यस दृष्टिले पनि प्रमोद सोखीन सामन्त देखिन्छ । ऊ नारी यौवनको भोको पनि देखिन्छ । पत्नी सधैं आफैसँग मात्र झ्याम्मिरहोस् भन्ने दृष्टिकोणको फलस्वरूप जेठी पत्नी मोतीमाया सन्तानपट्टि भुल्नासाथ उसले अर्की (मोतीमायाभन्दा पाँच वर्षले कान्छी- पृ.१३९) पत्नीका रूपमा नवयौवना कमलालाई भित्र्याएको छ । यो प्रवृत्ति पनि उच्च वर्गीय सामन्तहरूमा नै बढी देखिन्छ ।

प्रस्तुत उपन्यासमा देखा परेको अर्को मोहनबहादुरको घरपरिवार छ जसमा मातृपितृविहीन मोहनबहादुर र उसकी एक्ली काकी छन् । मोहनबहादुर सधैं साँझपख एक्लै टहलिन निस्कन्छ । रातदिन आर्थिक सङ्घर्ष गरिरहनुपर्ने मानिससँग टहलिएर खेर फाल्ने समय हुँदैन । मोहनबहादुर अर्थोपार्जन-कर्ममा प्रवृत्त रहेको कतै पनि भेटिंदैन र उसले कहिल्यै पनि अर्थाभावले पिल्सिनुपरेको पनि देखिंदैन । उसका वरिपरि साथीभाइहरू झुम्मिरहन्छन् । पत्नी फेरिरहने यस्तो प्रवृत्ति सामन्ती मनोभाव भएका व्यक्तिमा भेटिन्छ र यो स्वभाव नारीको हार्दिकभन्दा पनि शारीरिक पक्षलाई महत्त्व दिने व्यक्तिले अँगालेको हुन्छ । आर्थिक सङ्घर्ष गर्नु नपर्ने वर्गका व्यक्तिहरू नै बढी ऐयाश हुन्छन् । यसरी हेर्दा मोहनबहादुर पैतृक सम्पत्तिले सम्पन्न उच्चमध्यम वर्गीय व्यक्तिका रूपमा

आएको छ। यही वर्गीय स्थितिले गर्दा ऊ स्वयंले चार दशक पार गरिसक्दा पनि नवयौवना नारीहरूलाई पत्नी बनाउन समर्थ बनेको छ।

जन्मका दृष्टिले हेर्दा र विवाहघरका दृष्टिले हेर्दा मैयाँनानी पनि उच्च वर्गीय नै देखिन्छे। उसको बुबा मीरसुब्बा (पृ. २२५) छ र तत्कालीन अवस्थामा मीरसुब्बा हुनुले उच्च वर्गीय आर्थिक स्थितिकै परिचय दिन्छ। एउटा उच्च वर्गीय व्यक्तिले आफ्नी छोरी निम्न वर्गीय व्यक्तिलाई विवाह गरेर अवश्यै दिँदैन। त्यस दृष्टिले उसको विवाह भएको घर पनि उच्च वर्गीय नै देखिन्छ। प्रत्येक अघिल्ली पत्नीलाई गलहत्याउनु र नयाँ-नयाँ पत्नीवरणतर्फ प्रवृत्त भइरहनुले पनि उच्च वर्गीय आर्थिक स्थितिको सामन्ती मनोवृत्तिकै झल्को दिन्छ र यो झल्को मैयाँनानीको श्रीमान्का आचरणमा पनि देखिएको छ। मैयाँनानी यही उच्च वर्गीय मानसिकताको सिकार बनेकी छ।

आर्थिक कोणबाट हेर्दा एउटै परिवारमा पनि पुरुष उच्च वर्गीय र नारी निम्न वर्गीय रहेका हुन्छन्। पिता वा श्रीमान्को सम्पन्नताले नारीको आर्थिक वर्ग निर्धारित गर्दैन। मोतीमायाको श्रीमान् प्रमोद सम्पन्न छ तर मोतीमायाका लागि उसले भातभान्सा बन्द गरिदिंदा मोतीमाया माइतीले दिएका आफ्ना लुगा बन्धक राखेर उधारोमा रुपियाँ ल्याई छोराको पेट भर्न विवश बन्छे, श्रीमान्को सम्पन्नता उसलाई काम लाग्दैन। त्यस्तै श्रीमान्ले घरबाट निकालिदिएपछि मैयाँनानी धनी प्रतिष्ठित बाबुकी छोरी भएर पनि आर्थिक हैसियतले च्युत बन्दछे र जीविकाका निम्ति पहिला भिक्षाटन र पछि वेश्यावृत्तिजस्तो तुच्छ अर्थोपार्जनको माध्यम अँगाल्न बाध्य भएकी छ। यसरी लैङ्गिक कोणबाट हेर्दा नारी सधैं निम्न वर्गीय आर्थिक स्तरकी देखिन्छे। यथार्थमा त ऊ कुनै आर्थिक हैसियत नै राख्दिन। आर्थिक वर्ग भनेको केवल पुरुषको वर्ग हो।

प्रमोद, मोहनबहादुर र मैयाँनानीका उपर्युक्त तीनवटै परिवार आर्थिक कोणबाट उच्चस्तरीय छन् तापनि ती परिवारका नारीहरू भने उक्त आर्थिक वर्गमा परेका छैनन्। स्वतन्त्र आर्थिक हैसियत नभएकै कारणले ती नारीहरूको जीवन वेश्यावृत्तिका आहालमा खस्न पुगेको छ जुन उनीहरूको आकाङ्क्षाभन्दा पृथक् कुरो हो। कुनै पनि व्यक्तिको आर्थिक हैसियतविना उसको वर्गको निर्धारण हुन सक्तैन। यसैले नारी वर्गहीन प्राणी हो, उसको कुनै आर्थिक वर्ग छैन। वेश्यावृत्तिलाई नारीको आर्थिक हैसियतहीनतासँग लड्ने साधनका रूपमा प्रयोग गरिएको छ। आर्थिक हैसियतहीन हुनुभन्दा वेश्यावृत्तिबाटै भएपनि स्वतन्त्र आर्थिक हैसियत प्राप्त गर्नुलाई यस उपन्यासले आफ्नो साध्य बनाएको छ। यसरी यस उपन्यासका नारीहरू सतहमा हेर्दा वेश्या देखिए तापनि गहिराइमा भने वेश्याचरणजस्तो चुत्थो वृत्ति अँगालेरै भए पनि स्वआर्थिक हैसियत आर्जन गर्न प्रयत्नरत अस्तित्वचेतयुक्त जीवन दर्शनका प्रणेता दृष्टिगोचर भएका छन्।

मानवीय संस्कारको निर्माण सामाजिक पृष्ठभूमिमा हुने गर्छ। प्रमोद र मोहनबहादुरको संस्कार तत्कालीन नेपाली सामाजिक मान्यताको प्रतिच्छवि हो। समाजले पुरुषलाई अनेकन् नारीशरीरसँग खेलबाड गर्ने छुट दिएकै फलस्वरूप मोहनले पाँचौं नारीलाई समेत आफ्नो भोगसाधन बनाउन भ्याएको छ (पृ. १४६)। प्रमोदले पनि आफ्नी पुत्रवती पत्नीलाई हेला गरेर अर्की पत्नी भित्र्याएको छ। समाजले मान्यता दिएकैले यी क्रियाकलाप वेश्याचरण ठहरिएका छैनन्

तर परिबन्दमा परेर मोतीमाया मोहनकी पत्नी बन्दा ऊ वेश्या कहलिएकी छ । नारीलाई समाजले वेश्या बनाउन हुने तर उसले घोषणापूर्वक उक्त वृत्ति अँगाल्न किन नहुने भन्ने मान्यतालाई अगाडि सारिएको यस उपन्यासमा उपर्युक्त दुई किसिमका जीवनमूल्यहरू देखा परेका छन् । उपन्यासकारले आदर्श ठहऱ्याएको मूल्य मैयाँनानीको नारी समाजको नवीन जीवनदर्शन हो भने उनले हेय ठहऱ्याएको मूल्य प्रमोद र मोहनका जीवनको संस्कारहीन अनादर्श हो । उपन्यासकारले जीवनमूल्यको अङ्कन गर्ने सन्दर्भमा नारीका कोणबाट हेरिने दृष्टिकोणलाई स्थापित गर्दै मैयाँनानीका जीवनादर्शको विजयमार्फत अधुनातन सामाजिक-सांस्कारिक मूल्यको स्थापना गर्न रुचाएका छन् ।

**स्वास्नीमान्छे** उपन्यासको मुख्य कार्यस्थल वा कार्यपीठिका बनेको छ प्रमोदको घरपरिवार जहाँ ऊ स्वयं, उसकी जेठी पत्नी मोतीमाया, कान्छी पत्नी कमला, छोरो विनोद यति मुख्य छन् र यिनकै परिवृत्तमा उपन्यासको सिङ्गो विषयवस्तु आधारित छ । सम्पूर्ण सामाजिक अधिकार पुरुष (प्रमोद)का मुट्ठीमा कैद छ र नारी (कमलापर्यन्त) तिनको घरेलु सहायकजस्ता छन् । यहाँका नारीको संसार घर र छिमेकसम्म मात्र सीमित छ । पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा यहाँका नारीको जीवनदर्शन सम्पूर्ण रूपमा प्रभावित छ । यस उपन्यासमा प्रमोदका परिवारका मोतीमाया र कमलाबाहेक उक्त परिवारभन्दा बाहिरका मैयाँनानी, वसन्ती, मिश्री, नानीप्राण, अञ्जनाकुमारी आदि महत्त्वपूर्ण नारी पात्र पनि छन् ।

## ५.२.४ मूल नारी समस्या

**स्वास्नीमान्छे** उपन्यासमा प्रमुख रूपमा आएकी नारी मोतीमायाका जीवनका समस्या त मूल नारी समस्या हुँदैहुन् । तिनका अतिरिक्त उस्तै स्वरूपका अन्य नेपाली नारी समुदायका समस्यालाई पनि यहाँ टिपिएको छ । मोतीमाया नामक पात्रबाहेकका समस्यालाई पनि यस उपन्यासले महत्त्वपूर्ण नारी समस्याका रूपमा समेटेको छ र यसै उद्देश्यपूर्तिका निम्ति नै यस उपन्यासको शीर्षक **स्वास्नीमान्छे** रहन गएको छ ।

प्रस्तुत उपन्यासले रेखाङ्कित गरेका पुरुषको स्वेच्छाचारिता र समाजको मान्यता, नारीको आर्थिक हैसियतहीनता, जातिगत अन्धविश्वास, नारी स्वयं नारीविरोधी हुनु र नारीलाई सामाजिक मान्यता प्राप्त नहुनुजस्ता प्रमुख समस्याका बारेमा चर्चा गरिन्छ (५.२.४.१-५.२.४.५) ।

### ५.२.४.१ पुरुषको स्वेच्छाचारितालाई समाजको मान्यता

**स्वास्नीमान्छे** उपन्यासका नारी पात्रको प्रमुख समस्याका रूपमा पुरुषको ऐयासी प्रवृत्ति अगाडि आएको छ । नेपालमा राणाकाल सामन्ती प्रवृत्तिको दबदबा भएको समय हो । त्यसबेलाको जनमानस जीवनको दैहिक सुखको अभीप्सालाई सर्वोपरि मान्थ्यो र यसको नायकत्व पुरुषका हातमा थियो । त्यसताका (उपन्यासकाल २०००-२०११) बहुपत्नी प्रथालाई स्वाभाविक मानिन्थ्यो मात्र होइन 'मर्दका १० वटी' वा (अधिक पनि) भन्ने उखानसमेत प्रचलित थियो जसले धेरै पत्नी थुपार्न सक्नुलाई पुरुषको योग्यता ठानिन्थ्यो । महिलाका पक्षमा कुनै कानुनको निर्माण भएको थिएन । व्यक्ति, समाज र राष्ट्र सबैमा पुरुषकै हैकम थियो र आफ्नो समुदायका विपरीत जाने

कानुनी एवं सामाजिक व्यवस्थाको निर्माण हुनतर्फ उसको कुनै चाख थिएन । समाजको यही पितृसत्तात्मक प्रवृत्तिले पुरुष बढी स्वेच्छाचारी बनेको थियो र त्यसको दुष्प्रभाव महिलाले बेहोर्नु परेको थियो ।

प्रस्तुत उपन्यासका लगभग सबै प्रमुख नारीहरूको जीवन पुरुषको ऐयासी प्रवृत्तिले दुर्घटित हुन पुगेको छ । प्रथमतः मोतीमायाको सुखी वैवाहिक जीवन (पृ.६६) मा डढेलो लगाउने प्रमोदको ऐयासी प्रवृत्ति नै हो । एउटा छोराकी आमा बन्नासाथ पत्नी मोतीमाया उसका लागि काम नलाग्ने भई र छोरो जन्मेको दुई वर्ष जतिमा (विनोद पाँच वर्षको हुँदा उसका आमा छोराले यातना खेप्न थालेको २-३ वर्ष भइसकेको थियो, पृ.२२) । उसले मोतीमायाभन्दा सात वर्षले कान्छी (मोतीमाया ३२ वर्षकी हुँदा  कमला २७ वर्षकी, पृ.१३९) ११ वर्षीया कमलासँग विवाह गऱ्यो । कान्छी पत्नीलाई प्रसन्न राख्न उसकै हाहामा लागेर प्रमोदले मोतीमायाका आमाछोरालाई दुःख दिन केही कसर बाँकी राखेन । ऐयासी प्रवृत्तिले प्रमोदलाई नयाँप्रतिको आकर्षण नजगाइदिएको भए मोतीमायाका जीवनमा देखिएका कुनै पनि समस्या खडा हुने थिएनन् ।

मोतीमायाका जीवनमा अर्को पुरुष मोहनबहादुरको ऐयासीले फेरि अर्को मोड निम्त्याएको छ । प्रमोदको उत्पीडनले जीवन त्याग्न सिम्भुवन पुगेकी मोतीमायामा पहिल्यै तीनवटी नारीका जीवनसँग खेलबाड गरी लत्याइसकेको मोहनबहादुरले आकर्षण फेला पार्छ र मानवताको स्वाङ् रची उसलाई आफ्नो पासोमा अल्झाउँछ । जब मोतीमायाबाट उसको भावनाले तृप्ति पाउन छाड्छ, त्यसपछि ऊ नयाँ सिकारको खोजीमा लाग्छ र मोतीमायालाई घरबाट निकालिदिन्छ । दुईवटा पुरुषबाट उत्पीडित नारी मोतीमाया वेश्यालयमा पुग्दछे । त्यहाँ पुगेर वेश्याचरण नअँगाल्दा पनि सामाजिक संस्कारले गर्दा ऊ वेश्या कहलिन्छे र ऊ स्वयं पनि आफूलाई वेश्या नै ठान्दछे (परि.२५-पृ.१५१) ।

मैयाँनानी पनि पुरुषको यही स्वेच्छाचारी प्रवृत्तिको सिकार भएकी छ (पृ.१२४) । आफ्नो विवाहित श्रीमान्‌बाट घरबाट गलहत्याइएपछि मैयाँनानी सतीत्वको रक्षा गर्न जोगिनी भएर बस्दासमेत पनि ऊ आफ्नो अभियानमा सफल भइन । एउटाकी त पत्नी नै भएर चार-पाँच वर्ष सँगै बसी, छोरीसमेत पाई तर उसले पनि बूढी गाई धपाएझैं धपाइदियो (पृ.२२५) । उसको जवानीको उपभोग गर्नेहरूको सङ्ख्या दिनपरदिन बढ्न थालेपछि उसले कोठी नै खोलेर आफूलाई घोषित वेश्याका रूपमा स्थापित गरी । नेपाल जस्तो धार्मिक र सांस्कृतिक परिवेशका नारीहरू कोही पनि स्वेच्छाले वेश्या बनेका हुँदैनन्, पुरुषको स्वेच्छाचारी आचरण नै नारीको वेश्याचरणको प्रमुख कारक हो, त्यसैले त्यो पुरुषप्रवृत्ति यस उपन्यासको मूल नारी समस्याको मूल कारक हो भन्ने आशयलाई यस उपन्यासले प्रस्तुत गरेको छ । जति पनि वेश्यालयहरू खुलेका छन् र जति नारीहरू वेश्या भएका छन् ती सबै सतीत्व जोगाउन असफल भएपछि उनीहरूले गति छाडेको मात्र हो । यसरी यस उपन्यासमा अगाडि सारिएको मूल समस्या नारीको वेश्याकरण नै हो र त्यसैको समुचित विश्लेषणमा उपन्यासको समय समाप्त भएको छ ।

### ५.२.४.२ **नारीको आर्थिक हैसियतहीनता**

नेपाली समाजको पितृसत्तात्मक संरचनाले गर्दा सम्पूर्ण आर्थिक सन्दर्भमा पुरुषको एकाधिकार कायम छ। जति पनि उत्पादक कामहरू छन् ती पुरुषका एकलौटी बनेका छन् र नारीका जिम्मामा जति कामहरू छन् ती अनुत्पादक ठहऱ्याइएका छन्। पितृघर एवं श्रीमान्को घर दुवैतिर ऊ सम्पत्तिको अधिकारले हीन बनाइएकी छ। यसैले त लगाउने र खाने समस्या समाधान गर्नका निम्ति पनि उसले परिवारका पुरुष सदस्यको मुख ताक्नुपर्दछ र उनीहरूको चाकरी गर्नुपर्दछ। पुरुषहरू नरिझिनु भनेको नारीको न्यूनतम आधारभूत आवश्यकतासमेत पूर्ति नहुनु हो। मोतीमाया  जिन्दगीको यसै परिस्थितिको सिकार बनेकी छ। श्रीमान्को कृपादृष्टि नहुनासाथ ऊ चरम गरिबीमा पुग्छे। “धेरै दिनदेखि तेल हाल्न नपाएकाले मोतीमायाको कपाल जिङ्ग्रिङ्ग भइरहेको थियो। उसको गरिबीलाई देखेर नाताकुटुम्ब र छरछिमेकीहरूका साथसाथै उनका आफ्ना शरीरका लुगाहरू पनि हाँसिरहेका थिए” (पृ.१)। “झुत्रो लुगा र खोल नभएको दोलाईं सिवाय मोतीमायाको आङमा अरू न्यानो कपडा-लत्ता केही थिएन” (पृ.२)। कमलाको झोसपोल बढ्दै गएपछि त मोतीमायाका आमाछोराका निम्ति भान्सासमेत बन्द भयो (पृ. १७)। घरमा आर्थिक हैसियतको दावी गर्न नसकेपछि ऊ आफूले माइतबाट पाएको रेशमको सारी र कार्चोपी भरिएको ढाकाको खास्टो (पृ.२८) हीराज्यानकहाँ बन्धकी राख्न लैजान बाध्य बन्छे। त्यसमाथि पनि उसको श्रीमान् प्रमोदले हैकम जमाउन खोज्छ (पृ.३९)। खाने लगाउने समस्या आई नपर्दासम्म त मोतीमाया खपेरै बसेकी थिई तर बालक छोराको उदरपूर्ति गर्नेसम्मको सामर्थ्य आफूसँग नरहेपछि ऊ आत्महत्याको विकल्प भेट्दिन। मोहनबहादुरले घरबाट निकालेपछि पनि उसलाई फेरि रोजीरोटीको समस्या पर्दछ। आत्महत्या गर्न नसकेपछि ऊ वेश्यालयमा गायनका माध्यमले जीविकोपार्जन गर्न बाध्य हुन्छे। नारीको यही आर्थिक हैसियतहीनताले पुरुषलाई अझ बढी स्वच्छन्द पारेको छ।

मैयाँनानी पनि परिवारमा आर्थिक हैसियतहीनताको सिकार बनेकी छ। उनलाई श्रीमान्ले घरबाट निकालिदिएपछि पिताले समेत ज्वाईंकै विश्वास र अनुकरण गरी माइतमा शरण दिंदैन। सतीत्वरक्षा र जीविकाका लागि ऊ जोगी बनेर भिक्षाटनबाट गुजारा गर्न थाल्छे। बेघर बनेकी मैयाँनानीको सतीत्वको रक्षा नभई अनेकन् पुरुषकी भोग्या बन्नु परेपछि कुनै एउटाकी पत्नी बनेर भोग्या बन्नुका सट्टा ऊ आफ्नो सतीत्वको व्यापारलाई नै जीविको पार्जनको माध्यम बनाई आफ्नै आर्थिक हैसियत आर्जन गर्दछे। आर्थिक दृष्टिले सदैव परजीवी बनेकी मैयाँनानी वेश्या बनी वेश्यालय खोलेर दुई-चारवटा कोठीकी मालिक बनेपछि ऊ साँचो अर्थमा आफ्नो हैसियत महसुस गर्छे (पृ. २२५)। यस उपन्यासका मिश्री लगायतका अन्य नारीहरू यही आर्थिक हैसियतहीनताले वेश्या बन्न बाध्य भएका देखिन्छन्। उत्पादनका सम्पूर्ण सम्भावनाहरू पुरुष समुदायका मुट्ठीमा कैद भएपछि नारीका निम्ति आत्महत्याको विकल्पमा वेश्याचरण  मात्र जीविकोपार्जनको उपायका रूपमा बाँकी रहेको देखिन्छ।

### ५.२.४.३ जातिगत अन्धविश्वास

**स्वास्नीमान्छे** उपन्यासमा जातिगत कट्टरता पनि एउटा प्रमुख नारी समस्याका रूपमा देखिएको छ । नेपाली समाजका सबै जातभित्र जातीय कट्टरता र अन्धविश्वास रहेको पाइन्छ । विवाहका सन्दर्भमा यो प्रवृत्ति अझ बढी कठोर देखा पर्दछ र यसको परिणामको पीडा भोग्नेमा नारी पर्दछे । यो आफ्नी छोरी दिनका निम्ति पुरुषका अन्य सबै अयोग्यतामा आँखा चिम्ली स्वजातीयतालाई प्राथमिकता दिने प्रवृत्तिका बाबुहरूको बाहूल्य भएको समाज हो । नानीप्राण भन्ने नारी पात्र  यसै पीडामा पिल्सिएकी छ । एकाध पुस्तादेखि २० बाट १९ मा झरिराखेको नानीप्राणको पिताको कुल सधैं २० सँग सरोबर हुन प्रयत्नरत हुन्थ्यो । उसका पिताले सोही कारणले निर्धन र इलमहीन, लोसो र गोज्याँङ्ग्रो तथा ५० वर्ष नाघिसकेको बूढासित उसको विवाह गरिदिए (पृ. १०९) । जीविकाकै समस्या परेपछि नानीप्राण नै अगाडि सर्न बाध्य हुनुपर्‍यो र वेश्यावृत्ति त्यसको निर्विकल्प उपाय निस्क्यो । नानीप्राणका पिताले जातका सट्टा धन र इलमलाई ज्वाईं हुनेको प्रमुख योग्यता मानिदिएको भए यस समस्याको सिर्जना हुने नै थिएन ।

### ५.२.४.४ नारी स्वयं नारीविरोधी हुनु

पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा मानिसहरूको हरेक सोचाइ र व्यवहार पुरुषका केन्द्रीयतामा आधारित हुन्छ । पुरुष र नारीलाई बेग्लाबेग्लै दृष्टिले हेरिन्छ । पुरुषलाई रिझाउने र उसको कृपादृष्टि एकलौटी गर्ने चाहनाले गर्दा नै एउटी नारी अर्की नारीकी विरोधी बन्छे । कमला र मोतीमायाका बिचको सम्बन्धमा पनि यही कुरा लागू भएको छ । उनीहरूका केन्द्रमा प्रमोद विराजमान छ र कमला उसलाई पूर्णरूपमा प्राप्त गर्ने चाहना राख्छे । यसैले आफै मोतीमायाको अधिकार खोसुवाका रूपमा त्यस घरमा प्रवेश गरी उल्टै उसकै विरुद्ध षड्यन्त्र गर्छे । मोतीमाया र कमला एक भएर प्रमोदलाई नै उचित पाठ सिकाउन सक्नुपर्नेमा उल्टो एक नारी नै अर्की नारीका निम्ति समस्या बनेकी छ ।

छिमेकीका रूपमा हीराज्यान यसैगरी आफ्नो विचार सही हुँदाहुँदै पनि विचारमा स्पष्टता र बोलीमा अडान नभएकाले तथा पीपलपाते चरित्रले गर्दा मोतीमायाप्रति आर्द्र हुँदाहुँदै पनि ऊ नारीकी सहयोगी नभएर विरोधी सावित हुन पुगेकी छ । मोतीमायाको खाँचोमा रुपियाँ सहयोग दिएर पनि (पृ. ३३) आफ्नो चरित्रवश प्रमोदलाई मोतीमायाका विरुद्ध उल्टोपाल्टो कुरा सुनाइदिएर (पृ. ३५) उल्टै विरोधी चरित्रका रूपमा उभिन पुगेकी छ ।

वेश्यालय खोलेर बसेकी मिश्री पनि नारीविरोधी चरित्रका रूपमा चित्रित भएकी छ । उसले आफ्नो आर्थिक बन्दोबस्तका निम्ति नारीको विवशताको फाइदा उठाएर दलाली कामबाट जीविकोपार्जन गर्दै तिनलाई वेश्या बनाइरहेकी छ । ऊ वेश्या बन्न नचाहने नारीलाई बलजफत वेश्या बनाउने काममा समेत अग्रसर हुन्छे र उसले बलजफ्तीद्वारा नै मोतीमायालाई वेश्या बनाउने प्रयत्न गरेकी छ (पृ.११२) ।

अञ्जनाकुमारी पनि नारीविरोधी चरित्रका रूपमा चित्रित भएकी छ। एकातिर त स्वयं विदेशीकहाँ देहव्यापार गर्न पुगेकी छ भने अर्कातिर ऊ अरू कैंयन् नेपाली नारीहरूको यौवनको दलाली गर्ने र चेलीबेटी बेचबिखन गर्नेसम्मको नारीविरोधी काम गर्नसमेत हिच्किचाएकी छैन (पृ. १३१) ।

कमला, हीराज्यान, मिश्री र अञ्जनाकुमारी नारीहितविरोधी बन्नाले नारीजीवनलाई दुरुह बनाउने क्रममा पितृसत्तात्मक सामाजिक संरचनालाई सहयोग पुगेको देखिन्छ ।

### ५.२.४.५ नारीलाई सामाजिक मान्यता प्राप्त नहुनु

नेपाली समाज पूर्ण रूपमा पितृसत्तात्मक रही आएको छ। यस्तो सामाजिक संरचनाले एउटै व्यवहारका लागि पुरुषलाई प्रशंसा र नारीलाई आलोचनाका दृष्टिले हेर्ने प्रवृत्तिलाई विकसित गरेको हुन्छ। नारी-पुरुष दुईथरिलाई सामाजिक-सांस्कृतिक आचारसंहिताको मानदण्ड पनि बेग्लै हुने गरेको छ। यस समाजमा पुरुषका हरेक आचरणले मान्यता पाएको हुन्छ तर नारीको आचरण सकारात्मक भएर पनि त्यसले मान्यता पाएको हुँदैन। मोहनले अनेकौं विवाह गर्दा पनि उसलाई कसैले वेश्या भनेको छैन तर मोतीमाया प्रमोदकै सत्मा रहँदासमेत पनि श्रीमान् र सौताद्वारा वेश्यामा दरिइसकेकी छ ।

कमलामा सतीत्वसम्बन्धी गलत आचरण देखिएको छैन। ऊसँग विवाह गर्नु प्रमोदको चरित्रहीनता हो तर कमला सौतेनी छोरो विनोदद्वारा वेश्या भनिन्छे (पृ.१५९) ।

सामन्ती मूल्यमान्यता बोकेको नेपाली समाज नारीका निम्ति जीविकोपार्जनका हरेक उपायको मार्ग अवरुद्ध गरिदिएर वेश्याचरणको मार्ग मात्र खुला गरिदिन्छ र फेरि यही समाज नै नारीलाई वेश्या भई भनेर तिरस्कार गर्दछ।

आफ्ना कुनै पनि कुराले सामाजिक मान्यता प्राप्त नगरेपछि नारीमा कुण्ठा जन्मन्छ र सो कुण्ठाले उसमा हीनताबोध उमारिदिन्छ। त्यसपछि उसका योग्यताका सम्भावनाहरू निश्शेष बन्दछन्। मोतीमाया यसरी नै आफू रित्तो, खोक्रो भएको अनुभव गर्छे। मौयाँनानी भने यस्ता सामाजिक प्रवृत्तिका विरुद्ध कठोर भएर सङ्घर्ष गर्छे र आफ्नो दृष्टिकोणमा स्थिरता राख्छे।

पुरुषको स्वेच्छाचारिताले पाएको सामाजिक मान्यता, नारीको आर्थिक हैसियतहीनता, जातिगत कट्टरता, नारी नै नारीको विरोधी हुने स्थिति र नारीले सामाजिक मान्यता नपाउनु गरी पाँचवटा नारी-समस्याको उठान गरी तिनका समाधानका सन्दर्भमा उपन्यासको प्रारम्भ र अन्त्य भएको छ। यस उपन्यासमा सतीत्वको प्रश्न नै मूल नारी समस्याका रूपमा आएको छ र त्यसका कारक तत्त्वहरू सहायक नारी समस्याका रूपमा आएका छन्। नारीको वेश्यापन नारीको नभएर पुरुषको चाहिं चरित्रहीनता हो भन्ने कुरालाई पुष्टि गर्दै पुरुषको चरित्रहीनताले नारी समस्याग्रस्त बन्न पुगेको कुरालाई यस उपन्यासले महत्त्वका साथ लिएको छ। यही सतीत्वका केन्द्रमा

राजनीतिमा प्रजातान्त्रिक परिवर्तन बोकेको र सामाजिक संस्कारमा सङ्क्रमणशील‌तातर्फ उन्मुख (विनोदका सन्दर्भमा) सामयिक परिस्थितिमा रहेको काठमाडौंली परिवेशका मध्यम वर्गीय परिवारका नारीका समस्यालाई यस उपन्यासले आफ्नो कथानकीय केन्द्र बनाएको छ ।

### ५.२.५ परिणति र सन्देश पक्ष

प्रस्तुत **स्वास्नीमान्छे** उपन्यासको घटनात्मक अन्तिम परिणति र त्यसले दिने विशेषतः नारीपरक सन्देशबारे तल क्रमशः चर्चा गरिएको छ (५.२.५.१-५.२.५.२) ।

#### ५.२.५.१ परिणति

प्रस्तुत उपन्यासको परिणति मूल नारी चरित्र मोतीमायाका केन्द्रीयतामा उसकै जीवनको परिपार्श्वमा देखा परेको छ । उपन्यासको प्रारम्भदेखि नै मोतीमायाको उत्पीडन देखा परेको छ र यो उपन्यासव्यापी बनेको छ । आफ्नो श्रीमान् प्रमोदप्रति निष्ठावती पत्नी मोतीमाया कोठीकी वेश्यामा परिणत भएकी छ र वेश्या भनिने परिवेशप्रति उसमा क्षोभ छ । नारीको बलात् वेश्याकरणको कारणप्रतिको विद्रोह र त्यसको कारणको उच्छेद (प्रमोद र कमलाको हत्या)द्वारा उपन्यासमा सुखान्तीय परिणति ल्याइएको छ । उपन्यासका बिचमा पनि अन्य नारीका वेश्याकरणका सन्दर्भहरू आएका छन् र मोतीमायाकै कथाको परिणतिद्वारा ती अन्य सन्दर्भका कथाहरूको परिणति पनि सङ्केतित छ । सुरप्रसाद र अञ्जनाकुमारीको हत्या-सन्दर्भ यस उपन्यासको सह-परिणतिका रूपमा आएको छ । मोतीमायाले उपन्यासका अन्त्यमा श्रीमान्वियुक्त हुनु परेतापनि खलनायक श्रीमान्को दुःखान्तलाई औपन्यासिक लक्ष्यप्राप्तिका कोणबाट हेर्दा सकारात्मक नै मान्नुपर्ने हुन्छ । यस दृष्टिबाट हेर्दा मोतीमायाको घर 'मैयाँमन्दिर'मा परिणत हुनु र समाजप्रति अनुत्तरदायी सती स्त्रीले भन्दा मैयाँनानीजस्ता समाजसुधारापेक्षी वेश्या नारीले मान्यता पाउनु उपन्यासको नवीन स्थापना हो र यो नै यसको सुखान्तीय परिणति हो ।

समग्र उपन्यासमा भएको नारी समस्याको विश्लेषणात्मक प्रस्तुति अत्यन्त सकारात्मक छ र नारीजीवन सुधारद्वारा होइन परिवर्तनद्वारा चाहिँ सुखी हुन्छ भन्ने आशयको झल्काइमा क्रान्तिकारिता पनि प्रदर्शित भएको छ । नारी जीवनका दुःखान्त स्थितिहरू समाजको पितृसत्तात्मक संरचनाद्वारा निर्देशित रहेको तथ्य पनि उपन्यासमा विश्लेषित छ । यति हुँदाहुँदै पनि त्यस परिवर्तनको माध्यमका रूपमा प्रमोद, कमला, सुरप्रसाद र अञ्जनाकुमारीको हत्याद्वारा व्यक्तिहत्यालाई लिइएको छ । व्यक्तिको नभएर सिद्धान्तको विस्थापनद्वारा मात्र समाजमा क्रान्तिकारी आदर्शको स्थापना हुन सक्छ भन्ने तथ्यबोध भने उपन्यासकारलाई नभएकै देखिन्छ । प्रमोद र कमलाको हत्यापश्चात्भन्दा पनि उनीहरूलाई वैचारिक ढङ्गले पराजित गरेर उनीहरूकै उपस्थितिमा मोतीमायालाई सगौरव घरमा प्रवेश गराउन सकेको भए उपन्यासको सुखान्तीय परिणति बढी तिक्खर हुनसक्ने थियो । उपन्यासको साध्य युक्तिसङ्गत रहे तापनि साधन वा माध्यम भने उपयुक्त हुन सकेको देखिँदैन किनभने यस ढङ्गबाट उपन्यासको लक्षित आदर्श प्राप्त हुन

कठिन हुन्छ। एउटा शत्रु यसरी मारिँदा अरू दसवटा शत्रु जन्मन सक्ने सम्भावना रहन्छ। नारीद्वेषी सामन्ती संस्कारका फेदैमा वैचारिक ढङ्गले प्रहार गर्न सक्दा त्यस्ता दुर्भावना पलाउने आधारभूमि नै नष्ट हुने सम्भावना रहन्छ।

वेश्यावृत्ति असल कुरा होइन तर त्यो नारीमाथि लादिएको छ। पुरुषहरूले पाएको अवसर र सुविधाले गर्दा यो पितृसत्तात्मक संरचनामा वेश्या बन्नु नारीको विवशता हो, रहर होइन। नारीको आर्थिक हैसियतहीनताले ल्याएको परमुखितामाथि प्रहार गर्न यस उपन्यासका नारी पात्रले आफूभित्र बलजफत लादिएको त्यसै विवशता (वेश्यावृत्ति)लाई वृत्तिआर्जनको साधन बनाएर समाजलाई चुनौति दिएका छन्।

### ५.२.५.२ सन्देश

उपर्युक्त कथानकीय सन्दर्भबाट मानिसले आफूले प्राप्त गरेकै राम्रा वा नराम्रा कुरालाई नै उपयोग गरेर आफ्नो मुक्तिको मार्गको खोजी गर्नुपर्छ भन्ने सन्देश प्रवाहित भएको छ। आफ्नै जीवनको परिवेशभन्दा बाहिर गएर लक्ष्यको खोजी गर्न थालियो भने सफलता नमिल्न सक्छ। बरु जीवनमा चारैतिरबाट ओइरिएर घनीभूत हुन पुगेको दुःखकै मध्यबाट जीवनलक्ष्यको चयन हुनु श्रेयस्कर ठहरिन्छ। मैयाँनानी सामाजिक परिस्थितिका परिबन्दमा परेर वेश्या बन्न पुगेकी छ। ऊ महिला जगत् र समाजका निम्ति केही उल्लेखनीय योगदान गर्न चाहन्छे। महिलाको जीवनमा परिवर्तन ल्याउन चाहन्छे। उसले महिलाको दुःखलाई नजिकैबाट चिनेकी छ। यसैले वेश्याकर्मलाई नै माध्यम बनाएर त्यसैबाट आर्थिक हैसियत बनाई त्यसै प्रवृत्ति (वेश्या प्रवृत्ति)को उच्छेद गर्न प्रयत्नरत छ। जब नारीमाथि वेश्याचरण लादिएकै छ भने त्यसैलाई उपयोग गरेर जीवनवृत्ति चलाउन किन नहुनु ? त्यसले व्यवसायको रूप लिन किन नहुनु ? भन्दै जीवनमा आइपरेको वेश्याचरणको उपयोग गर्दै त्यसलाई समूल नष्ट गर्नुपर्छ र त्यो सामाजिक परिवर्तनविना सम्भव छैन भन्ने सन्देश प्रवाहित गर्नु **स्वास्नीमान्छे** उपन्यासको मूल लक्ष्य देखिन्छ।

पितृसत्तात्मक समाजका पुरुषको प्रवृत्ति स्वेच्छाचारी रहेको हुन्छ किनभने 'मर्दका दसवटी' भनेर समाजले उसको आचरणलाई मान्यता दिने गरेको छ। यस्तो समाजका नारीले सतीत्वको बखान र तरफदारी गर्नु खोक्रो अहं मात्र हो। जब समाजमा त्यसको रक्षा हुनसक्ने वातावरण र अवसर नै छैन भने नारीले सतीसाध्वी छु भनेर घमण्ड गर्नु व्यर्थ हो। सतीत्वका झुठो मखुण्डो ओढेर भित्रभित्रै कुण्ठित भइरहनुभन्दा सतीत्वलाई कुनै महत्त्व नै नदिई आफूलाई वेश्या बनाइएको कुरा स्विकार्दै तत्काललाई खुलेआम त्यसलाई व्यावसायिकताको रूप दिई आयआर्जन गर्दै त्यसै आयका सहयोगमा वेश्या बनाउने परम्पराको उच्छेद गर्नु चाहिँ उपयुक्त हुन्छ भन्ने सन्देशलाई उपन्यासकारले महत्त्वका साथ अगाडि सारेका छन्।

समाजमा वेश्याचरण कायम छ र त्यो राम्रो कुरा अवश्यै होइन । वेश्याचरण खासमा के हो र पितृसत्तात्मक समाजमा त्यसको उत्पत्ति र विकास कसरी भइराखेको हुन्छ भन्ने कुराको उचित विश्लेषण अगाडि आउनुपर्छ। यदि यो राम्रो होइन भने यसको फुल्ने फल्ने वातावरणको अन्त्य किन नगर्ने भन्ने प्रश्न **स्वास्नीमान्छे** उपन्यासमार्फत उठेको छ। यसको उत्पीडनमा

नारीहरू परेका छन्। यसैले नारीहरू नारीका पक्षमा नउभिएसम्म नारीको अवस्थामा परिवर्तन आउन सक्तैन। यसका लागि नारीहरू सङ्गठित हुनु जरुरी छ। नारीहरूले परिवारमा आर्थिक हैसियत प्राप्त गर्नुपर्छ र अर्थोपार्जनका विकल्पहरू प्रशस्त भेटिनुपर्छ। समाजको सुधार होइन, यसमा क्रान्तिकारी परिवर्तन नै हुनुपर्छ। यसको पितृसत्तात्मक संरचना ढल्नुपर्छ र पुरुषकेन्द्री सामाजिक मूल्य-मान्यताको उच्छेद हुनुपर्छ। यसपछि मात्र नारीले लैङ्गिक विषमताजन्य उत्पीडनहरू भोग्नुपर्ने छैन भन्नु यस उपन्यासको मूल सन्देश हो। यसपछि अब क्रमशः मोतीमाया, कमला, मैयाँनानीजस्ता प्रमुख नारी पात्रको चारित्रिक विश्लेषण तल प्रस्तुत गरिएको छ (५.२.६.१-५.२.६.३)।

## ५.२.६ प्रमुख नारी चरित्र

**स्वास्नीमान्छे** उपन्यासमा मूल रूपमा उपन्यासको प्रकाशन काल (वि.सं.२०११ वैशाख)ताका टुङ्गिने र सोभन्दा अघिको २०००-२०१० सालका अवधिको एघार वर्ष जतिको राणकालीन अन्तिम वर्षहरू र प्रजातन्त्रआगमनको प्रारम्भतिरका केही वर्षको काठमाडौं उपत्यकाको केन्द्रको निकट पश्चिमका केही क्षेत्रको उच्च वर्गीय, मध्यम वर्गीय र निम्न वर्गीय नेपाली परिवारको त्यतिखेर विद्यमान पारिवारिक नारीजीवनलाई नै तिनका विशेषतासहित याथार्थिक रूपमा प्रस्तुत गरिएको छ। पितृसत्तात्मक सामाजिक संरचनामा नारी चरित्रका पृष्ठभूमिमा पुरुष समुदायको अहम् भूमिका रहने हुनाले उपन्यासमा तिनको सशक्त उपस्थितिसमेत गराइएको छ। यस उपन्यासमा नारीलाई परम्पराका बिचमा नवोन्मेषशील भूमिकाका साथ प्रस्तुत गर्ने मात्र होइन अन्ततोगत्वा त्यसै नवीन चेतनाको विजयसमेत देखाउने काम गरिएको छ।

प्रस्तुत उपन्यासका नारी चरित्रको भूमिका घरको चार पर्खालभन्दा बाहिर पनि विस्तारित भएको छ। यहाँका नारीहरूको सतीत्वप्रति परम्परागत संस्कारजनित आस्था यहाँका पुरुष पात्रद्वारा खण्डित हुन पुगेको मात्र होइन त्यसमाथि अतिक्रमण पनि हुन पुगेको छ। श्रीमान्ले श्रीमतीलाई मन अघाइसकेपछि कुकुरलाई झैं घरबाट (पृ.१०१) निकालिदिन्छन्। त्यसपछि ती नारीसँग आत्महत्याको विकल्पका रूपमा वेश्यावृत्ति मात्र बाँकी रहन्छ। पितृसत्ताले दिएको सहुलियतस्वरूप स्वेच्छाचारी बनेका पुरुषबाट सतीत्व जोगाउनु घरबाहिर निस्केका नारीका निम्ति कठिन काम हो भन्ने कुराको पुष्टि गर्ने चरित्रका रूपमा मोतीमाया र मैयाँनानी देखिएका छन्।

उपन्यासमा मूल रूपमा प्रौढा र युवती गरी दुई पुस्ताका नारी चरित्रहरू उपस्थित छन्। प्रौढा नारीमा मैयाँनानी, मिश्री र हीराज्यान पर्दछन्। अरू बाँकी नारीहरूमा सबै युवती छन्। तिनमा पनि मोतीमाया र उसकी सौता कमला युवती नारी हुन् भने बाँकी अन्य नानीप्राण, लीला, वसन्ती, अञ्जनाकुमारी आदि नवयुवती हुन्। हीराज्यान आफ्नो सामाजिक एवं पारिवारिक दुवै भूमिका आफै सम्हाल्छे। मैयाँनानीको व्यक्तिगत परिवार छैन, सामाजिक भूमिका आफ्नै जिम्मामा लिएकी छ। घरभित्र सीमित नारीको भने कुनै सामाजिक भूमिका देखिंदैन।

वर्गीय आर्थिक कोणबाट हेर्दा यस उपन्यासमा उच्च, मध्यम र निम्न गरी तीन वर्गका नारीहरू रहेका भेटिन्छन्। नारीहरू कतै पारिवारिक आधारमा त कतै व्यक्तिगत आधारमा वर्गमा

विभाजित भएका देखिन्छन् । कमला पारिवारिक आधारले उच्च वर्गीय नारी हो भने मोतीमाया पनि पारिवारिक आधारमा प्रमोदसँग सुखपूर्वक रहँदा उच्च वर्गीय, उसैसँग हेलापूर्वक रहँदा निम्न वर्गीय, मोहनबहादुरसँग रहँदा उच्चमध्यम वर्गीय र मैयाँनानीका कोठीमा श्रमजीवी बन्दा निम्न वर्गीय रहेको छ। नानीप्राण पारिवारिक र व्यक्तिगत दुवै कोणबाट निम्न वर्गीय नारी हुन् । वेश्यावृत्तिमा लागेका नारीहरूको पूर्ववर्ग जेसुकै रहे तापनि तिनको वर्तमानको वर्ग भने श्रम गरे खान पाउने नत्र नपाउने निम्न वर्गीय देखिएको छ । प्रमोदका घरमा धन्दा गरेर जीविका गर्ने केटी चम्पा पनि निम्न वर्गीय नारी पात्र हो । मैयाँनानी र उसका विभिन्न सङ्घका सदस्य नारीहरू आ-आफ्ना वर्गीय हैसियत प्राप्त गर्न सङ्घर्षरत छन् ।

**स्वास्नीमान्छे** उपन्यास सिङ्गै नारी समस्यामा केन्द्रित रहेकाले नारी चरित्रलाई पीडित पक्षका रूपमा प्रस्तुत गरिएको छ। पुरुष चरित्र चाहिँ नारी उत्पीडनको कारक र चरित्रहीनताका नमुनाका रूपमा आएका छन् । यस उपन्यासमा नारीहरू तीन किसिमका देखिएका छन्- पहिलो, सतीत्वका अहंले आक्रान्त बनेकाहरू; दोस्रो समाजले बलजफत चरित्रहीन बनाइएकाहरू र तेस्रो स्वेच्छाले वेश्याचरणमा लागेकाहरू। प्रारम्भका मैयाँनानी र मोतीमाया एवं उपन्यासका अन्त्यसम्मकी कमला पहिलो खालमा पर्छन्। पछिल्लो चरणका मैयाँनानी, मोतीमाया र मैयाँनानीका सङ्घका गुठियार नारीहरू दोस्रो खालमा पर्छन्। उनीहरू समाजद्वारा बलजफत वेश्या बनाइएकाहरू हुन् र उनीहरू आफूमाथि थोपरिएको त्यसै बाध्यतालाई समाजपरिवर्तनको माध्यम बनाउन कटिबद्ध छन् । अञ्जनाकुमारी र मिश्रीहरू तेस्रो खालका नारी चरित्र हुन् जो स्वेच्छाले वेश्याचरण अँगाल्न पुगेका छन्। यस उपन्यासका दोस्रो कोटिका नारीहरू पहिलो कोटीका नारीको वृथा अभिमान तोड्न र तेस्रो किसिमको वेश्याचरणलाई समाप्त गर्न कटिबद्ध छन् ।

**स्वास्नीमान्छे** उपन्यासमा चित्रित समग्र नारी चरित्रलाई प्रमुख, गौण, अतिगौण र नेपथ्य गरी चार वर्गमा बाँड्न सकिन्छ। मोतीमाया, मैयाँनानी र कमला प्रमुख नारी चरित्र हुन् भने मिश्री, नानीप्राण, वसन्ती, अञ्जनाकुमारी गौण नारी चरित्र हुन् । त्यस्तै हीराज्यान, चम्पा, लीला, दालचिनी, चुली, जुईनानी, मोहनकी पाँचौं पत्नी र मिश्रीको कोठीमा रोगग्रस्त भएर पीडाले चिच्याउने केटी अति गौण पात्र हुन् । चर्चामा मात्र आएका तर कतै पनि मञ्चीय भूमिकामा देखा नपरेका मोहनका बहिनीहरू, उसकी काकी र उसैका मोतीमायाभन्दा अगाडिका तीनवटी पत्नीहरूलाई भने नेपथ्य चरित्रका रूपमा लिनुपर्ने हुन्छ ।

### ५.२.६.१ **मोतीमाया**

मोतीमाया प्रमोदकी विवाहित जेठी श्रीमती हो । ऊ विनोदकी आमा हो । श्रीमान् प्रमोदले कमलालाई कान्छी श्रीमतीका रूपमा भित्र्याएपछि ऊ अपहेलित बनेकी हो। सौता भित्रिनुअघि प्रमोद मोतीमायालाई अगाध प्रेम गर्थ्यो (पृ.६६) तर छोरो जन्मेको केही समयपश्चात् ऊ अपहेलित बन्न पुगी । एकाघरमा मोतीमायाको त्यस्तै हैसियतहीन उपस्थिति पनि उसकी सौता कमलालाई असह्य भयो र अनेक षड्यन्त्र गरेर घरबाट निकाल्न लगाई ।

तत्कालीन समाजमा बालविवाह अवैध नमानिएको र पछि विवाह गरिएकी दुलहीको उमेर पनि विवाहका बेलामा ११ वर्ष मात्रै भएकोबाट मोतीमाया पनि विवाहका बेलामा कमला जत्रै वा त्यसभन्दा पनि सानी हुनुपर्छ । १६ वर्षका उमेरमा उसले पुत्र जन्माई । छोरो विनोद पाँच वर्षको र आफू २१ वर्षकी भएपछि ऊ घरबाट निकालिई । त्यसपछि मोहनबहादुरले उसलाई आफ्ना घरमा लगेर ११ वर्ष राख्यो र ऊ ३२ वर्षकी भएपछि उसले पनि निकालिदियो । त्यहाँबाट निकालिएको थोरै दिनभित्र नै ऊ मिश्रीको कोठी, मैयाँनानीको कोठी हुँदै छोरा विनोदका सहयोगमा आफ्नै घरमा भित्रिन पुगी । उपन्यास समाप्त हुने अवस्थामा उसको उमेर ३२ वर्षको देखिन्छ । यस उपन्यासमा मोतीमायाको २१ देखि ३२ वर्ष उमेरका अवधिको जम्मा ११ वर्षको कथानकीय घटनाक्रम पाइन्छ ।

मोतीमायाको माइतीतिरको सम्बन्धी एकजनासम्म पनि छैन (पृ.६३) । यसरी ऊ टुहुरी र सहाराहीन देखिन्छे । उसको एक मात्र आधार श्रीमान्‌को घर मात्र देखिन्छ । त्यही एक आधार पनि टुक्रिँदा उससँग आत्महत्याको विकल्प बाँकी रहँदैन ।

**स्वास्नीमान्छे** उपन्यासकी सर्वाधिक पीडित नारी पात्र मोतीमाया यसकी प्रमुख नारी चरित्र (नायिका) हो । सिङ्गो उपन्यास उसकै केन्द्रीयतामा विचरित छ । उसैको उत्पीडनको कथासँगै प्रारम्भ भएको प्रस्तुत उपन्यास उसका उत्पीडकको अन्त्यमा गएर टुङ्गिएको छ । मोतीमायाकै सुख-दुःख, उत्थान-पतनको गाथा-गायन यस उपन्यासको लक्ष्य देखिएकाले ऊ नै यसकी केन्द्रीय नारी चरित्र हो ।

मोतीमाया घरको चार पर्खालभित्र सीमित नारी हो । उसलाई घरबाहिरको संसारसँग कुनै चासो छैन तापनि आफ्ना आमाछोराको पेटको भोकले उसलाई हीराज्यानको घरसम्म डोऱ्याएको छ । बाँच्नै नसक्ने भएपछि आत्महत्याको प्रयत्नले उसलाई सिम्भुवनसम्म तानेको छ । उसभित्र निहित मातृत्व -चेतनाले उसलाई मोहनबहादुरका घरमा पुऱ्याएको छ । त्यहाँ ११ वर्ष बस्दा उसले कहिल्यै घरबाहिरको संसारमा चिहाएकी छैन । यसबाट पनि ऊ घरभित्रै सीमित रहन रुचाउने नारी प्रमाणित भएकी छ । मोहनबहादुरले घरबाट निकालेपछि ऊ आश्रयको भुक्यानमा परेर मिश्रीको कोठीमा पुगेकी छ । त्यहाँबाट मुक्ति पाउने लालसाले मैयाँनानीको कोठीमा पुगेकी छ । वेश्यावृत्ति नगर्ने तर गायनकला प्रस्तुत गर्ने सर्तमा ऊ अब सधैंका लागि त्यही कोठीमा बस्ने निर्णयमा पुगेकी छ । विनोदले उसका विवशताको सही विश्लेषण गर्दै उसलाई निर्दोष ठहर गरी घरमा भित्र्याएपछि भने उसको घरबाहिरको संसारतर्फको खास यात्रा प्रारम्भ भएको छ । उसको घर 'मैयाँमन्दिर'का नाममा परिवर्तित भएको छ र त्यहाँबाट मोतीमायाको नेतृत्व र विनोदको सहयोगमा महिला जागरणको अभियान थालिने भएको छ । अबउप्रान्त घरेलु नारी मोतीमाया बाहिरी संसारमा सक्रिय हुन प्रयत्नरत छ ।

शारीरिक सौन्दर्यका दृष्टिले मोतीमाया गएगुज्रिएकी थिइन भन्ने कुरालाई उक्त उपन्यासमा यसरी प्रस्तुत गरिएको छ-

मोतीमाया नराम्री थिइनन् । विनोद जन्मेदेखि प्रमोद एउटी चुट्किली सुन्दरी आइमाई कमलासँग एकोहोरिएर झुलिदिएदेखि मोतीमायामा भएको सौन्दर्य जबर्जस्ती धमिलिरहेको थियो । अनि उसको यौवन पनि मलिन हुँदै गयो किनभने प्रमोदले अनेक गरेर सताउन थाले (पृ.७७) ।

कलिलो, पातलो र हँसिलो ओठ भएकी (पृ.७७) मोतीमाया राम्री मात्रै होइन, साह्रै असल र सिधी होलीजस्ती देखिन्छे (पृ.८१) । उसको सौन्दर्यको प्रशंसा गर्नेमा मोहनबहादुर सबभन्दा अगाडि देखिन्छ । उसले थुप्रै पटक (पृ.७०,७३,७६,७६) मोतीमायाको सौन्दर्यलाई चन्द्रमाको सौन्दर्यसँग तुलनीय रहेको ठहर प्रस्तुत गरेको छ । यसरी मोतीमाया उपन्यासमा सुन्दर नारीका रूपमा प्रस्तुत भएकी छ ।

मोतीमायासँग रूप मात्रै होइन योग्यता पनि छ । ऊ सुमधुर स्वरकी धनी छ भनेर पारख गर्नेमा पनि सर्वप्रथम मोहनबहादुर नै देखिएको छ । उसको गायनकलाप्रतिको आफ्नो मुग्धता ऊ यसरी व्यक्त गर्छ-

मलाई थाहा छ, कोइलीलाई माथ गर्न सक्छ्यौं, मनुष्यलोकको तिमी गन्धर्वसुन्दरी हौ मोती ! लौन एकचोटि गला फुटाल, अनि यो मेच, यो टेबुल, ती तस्वीरहरू, त्यो अम्खोरा, त्यो बिजुलीको चीम, यो कोठाका सब निर्जीव पदार्थ पनि तिम्रो तानको प्रभावले सजीव भई नाच्नेछन् मोती (पृ.७७-७८) ।

मोतीमायाको यो योग्यता मैयाँनानीलाई पनि थाहा छ । ऊ भन्छे "तिमीले केवल गाउने काम गर, तिमी गाउन पनि जान्दछ्यौं अनि गला पनि तिम्रो खुब मीठो छ, मलाई राम्रै थाहा छ, बस् त्यत्तिकै" (पृ.१२८) । त्यसबेला गायनकलाले पेसाको रूप लिइसकेको भए मोतीमायाले न त आत्महत्या नै गर्न तम्सनुपर्थ्यो, न त प्रमोद एवं मोहनबहादुरको लात्ती नै खानुपर्थ्यो, न त वेश्यालयमा नै उसको पाइलो पर्थ्यो । बरु मैयाँनानीको वेश्यालयमा चाहिं उसको योग्यताको कदर हुन पुगेको छ ।

मोतीमायाको स्वभाव सरल किसिमको छ । आडम्बरी व्यवहार उसले जानेकी छैन । ऊ निस्वार्थी छ । पूर्णतः आफूमाथि निर्भर छोरा विनोदको त उसलाई माया लाग्नु स्वाभाविकै हो तर आफूलाई गलहत्याएर निकाल्ने श्रीमान्को समेत उसलाई माया लाग्छ । श्रीमान्ले आफूमाथि जतिसुकै अत्याचार गरे पनि त्यसलाई अन्यथा मान्दिन, बरु त्यस्तो श्रीमान्लाई छाडेर आउने आफूलाई चाहिँ पापी सम्झन्छे । ऊ शान्त स्वभावकी छ र सौताले आफूमाथि दुर्व्यवहार गरेकोमा पनि आफ्नै दोष देख्छे (पृ.६६) ।

ऊ धर्मभीरु छ । घरमा श्रीमान्ले सौता भित्र्याएर आफूलाई हेला गरेका बखतमा ऊ सम्पूर्ण आफूलाई कृष्णका पाऊमा समर्पित गरेर भोकप्यास, जाडोगर्मी सबै भुल्दछे (पृ.१) । ऊ समय-समयमा पापधर्म, स्वर्गनर्क (पृ. ७३), यो जुनि अर्को जुनिको कुरा गरिरहन्छे (पृ.७३) ऊ अनैतिकताको पाप कटनी गर्न राम ! राम ! भन्छे (पृ.११४) । मोतीमायाका लागि धर्म जीवन अनुशासनको दुर्लङ्घ्य दुर्गका रूपमा रहेको छ ।

ऊ सतीत्व र मातृत्वका तराजुमा जीवनमूल्यको आकलन गर्छे। सतीत्वलाई प्राण ठान्ने मोतीमाया चारित्रिक लाञ्छनासहित घरबाट निकालिएको तोडमा आत्महत्या गर्न तम्सन्छे तर मातृत्वले उसको बाटो छेक्छ। यसरी सतीत्व र मातृत्व उसको चरित्रका दुईवटा धार देखिएका छन्।

मातृत्वको धारबाट मोतीमायाको सतीत्व पूर्ण रूपमा प्रभावित छ। मातृत्वले आएर बाटो नछेकेको भए ऊ आत्महत्या गर्न सफल हुने थिई र श्रीमान् तथा सौताले चारित्रिक लाञ्छना लगाएकै भए तापनि वास्तविक अर्थमा भने ऊ पतिव्रता नै रहने थिई। छोराका लागि ऊ मर्न नसकेपछि र छोरालाई भेट्न पाउने आशाले ऊ मोहनबहादुरका फन्दामा परेकी छ। समाजमा ऊ स्वेच्छाले पोइला गएको ठहरियो। समाजले पनि विधवा विवाहका माध्यमले द्वितीय श्रीमान्वरणलाई मान्यता दिएको छ (पृ.१२८) र मोतीमायाले पनि द्वितीय श्रीमान्वरणलाई वेश्याचरण मानेकी छैन। मिश्रीले उसलाई वास्तवमै वेश्या बनाउन आँटेकी छ र त्यसका निम्ति ऊ तत्पर छैन। मिश्रीको कोठीमा दालचिनी नामकी वेश्याले एउटा युवकसँग अश्लील व्यवहार गर्दा मोतीमाया सहन नसकी गारोतिर फर्की राम ! राम ! भन्दै थु थु गर्छे (पृ.११४)। त्यहींकी एक वेश्या (जो मैयाँनानीकी जासुसका रूपमा मिश्रीका कोठीमा बसेकी छ) लीलाका सहयोगले मोतीमाया त्यहाँबाट उम्किन्छे र मैयाँनानीको कोठीमा पुग्छे।

ऊ आफू कोठीबाट उम्किएर फेरि कोठीमै पुगेको थाहा पाएपछि त्यहाँबाट पनि उम्कन खोज्छे। कोठीमा रहे पनि वेश्याचरण नअँगाले पनि हुने कुरा सुनेपछि ऊ त्यहाँ बस्न राजी हुन्छे र पाहुनालाई गीत सुनाउने काममा खटिन्छे। विनोदले उसलाई त्यहीँ भेट्टाएर घरमा फर्काएर लैजान्छ।

मोतीमाया सहनशीला नारी चरित्र हो। आफूले सहन र रिझाउन सकेकी भए श्रीमान् र सौताबाट गलहत्तिनुपर्ने थिएन भन्ने ठान्छे (पृ.६६)। "झुत्रो लुगा र खोल नभएको दोलाईंसिवाय मोतीमायाको आङ्मा अरू न्यानो लत्ताकपडा केही थिएन। एउटा विनोदबाहेक मोतीमायालाई माया गर्ने कोही थिएन" (पृ.२)। घरमा आफूले अनेक यातना पाउँदा र भोकले सताइँदा पनि मोतीमायाले भरसक कहर काट्नै खोजेकी हो तर छोराको भोक देख्न नसकेर मात्र ऊ घरको सङ्घार नाघी हीराज्यानकोमा सहायताको अपेक्षा गर्दै पुगेकी हो (पृ.१७)। हीराज्यानले सोझो हुनुहुँदैन भन्ने सल्लाहका साथ श्रीमान्लाई मुद्दा हाल्नुपर्छ भन्दा पनि ऊ वास्ता गर्दिन।

ऊ भगवान् सम्झेर सबै यातना सहन्छे र तिनको प्रतिवाद गर्दिन। जब उसको छोरो नै पीडित बनाइन्छ त्यसपछि ऊ सहन सक्तिन। उसले छोराका लागि श्रीमान् र सौतासँग प्रतिवाद गरेकी छ (पृ.१४)। ऊ दयामायामा बाँच्न चाहन्छे, अधिकार माग्ने र सङ्घर्ष गर्ने कुरामाथि उसको आस्था छैन। हीराज्यानले नालेस दिने सल्लाह दिँदा ऊ भन्छे-

> नाईं हीराज्यान दिदी मलाई यस्तो अर्ती नदिनुहोला। म यस्तो उपदेश पालन गर्न सक्तिनँ। आफूलाई जेसुकै गरून्, जे भए पनि पोइ हुन्, आफूले आफ्नो कर्तव्य पुऱ्याउन सक्नुपर्छ।

> पोइसँग लडेर नरक जाने हिम्मत ममा छैन। पोइ परमेश्वर, यही विश्वासमा म मर्न चाहन्छु, चाहे आफूले जतिसुकै सङ्कट झेल्न परोस् ( पृ.३३)।

मोहनबहादुरसँग पनि ऊ छोराकै विषयमा विद्रोह गर्छे, छोराकै निहूँबाट उनीहरूको भनाभन हुन्छ (पृ.१००)। यसपटक ऊ आफ्ना निम्ति पनि सङ्घर्ष छेड्छे, बढी नारी सोहोर्ने 'मर्दानगी'प्रति घृणा दर्साउँछे र मोहनबहादुरको अचाक्लीप्रति विद्रोह जनाउँछे। अर्को पटक ऊ मिश्रीको कोठीमा 'वेश्या बनाइनु' का विरुद्ध सङ्घर्ष गर्छे (पृ. १०६) मैयाँनानीका कोठीमा पनि वेश्या बनाउने परिबन्दका विरुद्ध दरो विमति अगाडि सार्छे (पृ.१२१)। यसरी मोतीमायाले अन्तिम पटक आफ्ना लागि र बाँकी अरू पटक छोरो विनोदका लागि सङ्घर्ष गरेकी छ। यस उपन्यासमा जीवनसम्बन्धी नवीन मान्यताको प्रस्थापनाको आधार त ऊ बनेकी छ तर त्यसका निम्तिको निर्णायक सङ्घर्ष भने उसद्वारा नभएर उसको छोरो विनोद र मैयाँनानीद्वारा भएको छ।

समग्रमा हेर्दा मोतीमाया चेप्टो पात्रका रूपमा प्रस्तुत भएकी छ। उपन्यासको प्रारम्भदेखि नै उसलाई आफ्नो अवस्थाप्रति असन्तुष्टि रहे तापनि त्यो कुण्ठाकै रूपमा सीमित बनेको छ। जीवनका परिस्थितिहरूले उसलाई जता डोऱ्याउँछन् ऊ त्यतै डोरिन्छे। जीवनप्रतिको उसको दृष्टिकोण भने उपन्यासका प्रारम्भदेखि अन्त्यसम्म यथावत् रहेको देखिन्छ। यस आधारमा उसलाई गतिहीन पात्रको संज्ञा दिनुपर्ने हुन्छ यद्यपि उसको भौतिक जीवन भने गतिहीन छैन। उसका प्रारम्भका सतीत्व, मातृत्वप्रतिका धारणामा कुनै परिवर्तन आएको छैन। ऊ आफ्ना जीवनमा प्रथम महत्त्व मातृत्वलाई दिन्छे भने दोस्रो महत्त्व चाहिं सतीत्व (पातिव्रत्य) लाई दिन्छे।

### ५.२.६.२ कमला

कमला प्रमोदकी कान्छी पत्नी एवं मोतीमायाकी सौता हो। ऊ 'चुट्किली सुन्दरी आइमाई' (पृ.७७) हो। ऊ मोतीमायाभन्दा पाँच वर्षले कान्छी छ। उपन्यासका अन्त्यमा मोतीमाया ३२ वर्षकी हुँदा ऊ २७ वर्षकी (पृ.१३९) देखिन्छे। उसलाई यौवनको संरक्षण गर्ने खुब सोख छ। यौवनमा ग्रहण लाग्ला भनेर आफ्नो मातृत्वशक्तिमाथि उसले अङ्कुश लगाइराखेकी छ (पृ.१३९)। कमलाको त्वचागत सुन्दरता र जतन गरिएको यौवनले प्रमोद खुवै रिझिएको छ। "प्रमोदलाई भनेजस्तो नचाउन सकेको अरू थोकले होइन, कमला अत्यन्तै रूपवती थिइन्। अनि यौवन पनि उनको तौलमा पुगेर वजनदार थियो। ...प्रमोदको निम्ति कमलाको प्रसन्नता नै उज्यालो थियो" (पृ.७)।

कमला बेला-बेलामा प्रमोदसँग रिसाउँछे र त्यसबेला प्रमोद कमलाको खुसामद गर्दा-गर्दा हैरान बन्छ। ऊ मोतीमायाका सन्दर्भमा अत्यन्त षड्यन्त्रकारी देखिएकी छ। सौताको टाउकामा श्रीमान्को रीसको भुङ्ग्रो खन्याउने वातावरणको तयारीका निम्ति ऊ सधैं प्रयत्नरत देखिन्छे। प्रमोद लोकापवादका डरले संयत रहँदा पनि ऊ आफ्नो अधीरताले श्रीमान्लाई उक्साइरहन्छे। प्रमोदको पुरुषत्वमाथि पनि हाँक दिन्छे (पृ.१०)। कहिले राती मूल ढोका खुलै राखेर सौताको नियतमाथि शङ्का गर्न लगाउँछे। कहिले गुमनामी चिठी लेखेर शङ्कामा मलजल गर्छे।

ऊ सौताका विरुद्ध 'तिललाई पहाड बनाउने काम' गर्छे र उसको षड्यन्त्रको जालोमा प्रमोद पनि फस्दै जान्छ । मोतीमायालाई उत्पीडन दिएर घरैबाट गलहत्याउने काममा निर्णायक भूमिका कमलाकै रहेको देखिन्छ ।

उपन्यासमा खल पात्रको चारित्रिक हैसियत बोकेकी कमला मोतीमायाजत्तिकै धर्मभिरु नदेखिए तापनि स्वर्ग-नरक, पाप-धर्मजस्ता कुरामा भने विश्वास राख्छे । ऊ घरभित्रैको संसारमा मात्र सीमित छ । उसको घरदेखि टाढा माइतीभन्दा अन्यत्र कुनै पहुँच र सम्बन्ध छैन । जसरी भए पनि श्रीमान्लाई एकलौटी पार्नुपर्छ भन्ने दृष्टिकोण बोकेकी उसको मूल द्वन्द्व सौता मोतीमायासँग देखिन्छ । एकोहोरो द्वन्द्व लड्ने कमला आफ्नो अभियानमा सफल पनि भएकी छ । षड्यन्त्रकारिता उसको प्रमुख परिचय हो । ऊ प्रमोदको पुरुषत्वप्रति कहिले मोतीमायालाई साहससाथ तुरुन्तै निकाल्न नसकेकोमा र कहिले बाघ नमारी ढुकुर मारेर ल्याएकोमा व्यङ्ग्यदृष्टि देखाउँछे । ऊ प्रमोदलाई कज्याउन सफल देखिन्छे । आफूले गरेको षड्यन्त्रको फलस्वरूप नै उसका षड्यन्त्रको जानकारी पाइसकेकी मैयाँनानीद्वारा ऊ मारिइन्छे । यस अन्तिम घटनाबाट उसको खलपात्रत्व सार्वजनिक भएको छ । उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म एउटै किसिमको दृष्टिकोण राख्ने र सोही अनुकूल एकैनासको व्यवहार गर्ने कमला चेप्टो प्रतिकूल नारी पात्र हो ।

### ५.२.६.३ **मैयाँनानी**

मैयाँनानी **स्वास्नीमान्छे** उपन्यासकी विशेष उल्लेखनीय नारी चरित्र हो । धर्मभीरुता र समाजभीरुता नेपाली नारीको मूल चरित्रमा रहने कुरा हो र जीवनका स्वाभाविक स्थितिहरूमा यी कुराहरू उसका हृदयबाट हट्दैनन् पनि । जब जीवनमा अनपेक्षित क्षणहरू आइलाग्दछन्, त्यसपछि उसको जीवनदर्शन नै फेरिन्छ । मैयाँनानीको दर्शनमा पनि आमूल परिवर्तन आएको छ । उसमा उपर्युक्त प्रकारका कुनै पनि प्रकारका प्रवृत्ति बाँकी छैनन् । ऊ बूढी पनि भइसकेकी छ र निर्धक्कसँग पाँच-सात कोठीकी मालिक भएर बसेकी छ (पृ.२२५) ।

हिन्दू नेपाली नारीलाई सतीत्वको ठूलो घमण्ड हुन्छ । जीवनमा घमण्ड गर्ने अरू कुनै कुरा नहुँदा पनि उनीहरू सतीत्वको घमण्डका आधारमा असहज जीवनलाई पनि सहजतापूर्वक व्यतित गर्दछन् । जतिसुकै दुःख कष्ट सहेर पनि सतीत्वरक्षा गर्नतिरै उनीहरूको बल लागेको हुन्छ । सतीत्वमा आँच आयो भने उनीहरू मर्न पनि बेर लगाउँदैनन् । यस अर्थमा उनीहरू सतीत्वलाई जीवनभन्दा पनि ठूलो ठान्दछन् । मैयाँनानी पनि यस्तै औसत नेपाली नारी हो । उसले श्रीमान्ले कपोलकल्पित (परपुरुषसित हाँसिरही) शङ्काको निहूँमा चुट्दै कुकुर निकाले झैं निकालिदिएपछि (पृ.१२४) र आफ्ना इज्जतदार पिताले गुण्डा जुवाईंको शङ्कामा विश्वास गरी इज्जत धमिल्याइदिएको भन्दै माइतमा आश्रय नदिएपछि (पृ.१२५) सतीत्व त जसरी पनि जोगाउँछु भन्ने दृढताका साथ पशुपतिको पाटीमा जोगिनी भएर बसी भिक्षाटन गरेर जीविका चलाएकी पनि हो तर यो नारीको दृढताको सम्मान गर्ने समाज नै होइन । झन् परित्यक्ता एक्ली युवती नारीको त शरीरबाहेक अर्को कुनै मूल्य नै हुँदैन । मैयाँनानीको भावनालाई कसैले देखेन । सबैले उसको बैंसालु शरीरलाई मात्र देखे । फलतः ऊ धेरै पुरुषहरूकी भोग्या भई । यसपछि भने अरूद्वारा वेश्या

बनाइनु चाहिँ हुने तर आफै चाहिँ किन बन्न नहुने भन्ने दृष्टिकोणका साथ ऊ वेश्यावृत्तिमै संलग्न भई (पृ.१२४-१२५) ।

मैयाँनानीमा जीवनवादी दृष्टिकोण रहेको छ। सतीत्वमा आँच आउँदा र घरपरिवारबाट सहाराहीन बनाइँदा नेपाली समाजका नारीहरू जीवनबाट नै पलायित हुन्छन् । बाँचि हाले भने पनि मूर्दासरह बाँच्छन् तर मैयाँनानी बेग्लै काँटकी छ। आफ्नो दोष नै नभएको कुराको जिम्मेवारी लिएर ऊ पिरिइरहन रुचाउँदिन । उसको सतीत्व जोगाउन सक्नु राम्रै हो, वेश्या बन्नु र वेश्या पेसा अँगाल्नु राम्रो होइन भन्ने दृष्टिकोण छ (पृ.१२६) तर जब ऊ समाजद्वारा वेश्या बनिसकी भने यसैको उपयोग गरेर नारी उत्थानका हरसम्भव उपाय गर्नु किन नहुने भन्ने उसको राय छ किनभने "गुण्डाहरूको फेलामा पर्नुपरेको हुनाले गर्दन ठाडो गरी देश समाजकी नेतृ बनेर समाजको सेवा गरी देशलाई उठाउने गर्न" (पृ.१२६) अब ऊ सक्तिन ।

मैयाँनानीले वेश्यावृत्तिलाई अन्य पेसासरहै मान्यता दिएकी छ। अन्य पेसामा संलग्न व्यक्तिहरू पनि आर्जनलाई आफ्नै स्वार्थका लागि खर्च गर्ने पनि छन् र समाजको सेवाका लागि समर्पित हुने पनि छन् । ऊ त्यसै मोजको निम्ति बढ्ता खान, राम्रो लाउन र पेट पाल्नका निम्ति वेश्या भइरहेकी होइन । उसले नारी जातिमा जागृति आउनु जरुरी देखेकी छ (पृ. १२७) । ऊ मिश्रीजस्तो व्यक्तिगत स्वार्थ पूरा गर्न दलाल कोठीमालिक भएकी होइन । ऊ मिश्रीले जस्तो बलजफत कसैलाई वेश्या बनाउँदिन । जो उसकै जस्तो जीवनका परिस्थितिहरूबाट विवश भएर वेश्या भएका छन् तिनैलाई ऊ आश्रय दिन्छे । उसको चरित्रको महत्त्वपूर्ण पक्ष त अझ के हो भने खेर गइरहेका नारीहरूको जीवनलाई ऊ नारीहितकै निम्ति सदुपयोग गरिरहेकी छ। अर्थात् वेश्यावृत्तिबाट आर्जन गरेको आयबाट उसले नारी संस्था खोल्न लगाएकी छ। वेश्या हुन बाध्य हुनुको पीडा उसले बुझेकी छ र अरू नारीलाई त्यस्तो पीडामा फस्नु नपर्ने वातावरणको सिर्जना गर्न ऊ प्रयत्नरत छ । ऊ जीवनका आदर्शहरू खण्डित भए पनि जीवनलाई भने टेवा दिइरहनुपर्छ भन्ने ठान्छे। वेश्या हुनुभन्दा आत्महत्या गर्नु बेस भन्ने मोतीमायासँग ऊ यसरी जीवनवादी दृष्टिकोण प्रस्तुत गर्दछे -

> तिमी मूर्ख रहिछ्यौ मोतीमाया, आत्महत्या महापाप हो। आत्महत्या गरेर मर्नु मात्र होइन, चिताउनुसम्म पनि पाप छ। त्यस्तो कहिल्यै नचिताउनु। पाप-धर्मलाई वास्ता नगरीकन इज्जतैको निम्ति मछ्र्यौ भने पनि आत्महत्या सानो बेइज्जत हो त ! सुन मोतीमाया, हामीहरू आत्महत्या गरेर मर्नलाई जन्मेका होइनौं (पृ.१२६) ।

यसरी ऊ अरूलाई समेत जीवनवादी बनाउन प्रयत्नरत देखिन्छे र त्यस्तो जीवनलाई सुगम तुल्याउन पनि इच्छुक देखिएकी छ ।

मैयाँनानी स्त्री स्वतन्त्रताकी पक्षपाती छ। नारीलाई सतीत्वका नाममा पराधीन बनाइन्छ। ऊ सतीत्वहीन भइसकेपछि पनि उसलाई "फसाउन खोज्ने र मञ्जुर गर्ने गुण्डाहरू अझै लागेका थिए । अनि त तै बिग्रिसकें, पराधीन भएर गुण्डाहरूको पाउ मली लात खाई किन बसिरहने भन्ने विचार गरी यो स्वतन्त्र पेसामा लागेर स्वतन्त्र भइरहेकी" (पृ.१२५) छ। वास्तवमा उसले उचित

तर्क दिएकी हो किनभने कुनै नारीलाई दुत्कार्नु पऱ्यो भने सती नारीलाई समेत चरित्रहीनताको लाञ्छना लगाइन्छ भने ऊ त झन् सतीत्व गुमाइसकेकी नारी, समाजमा के सम्मान पाउँथी र ?

नेपालको तत्कालीन अवस्थामा नारीहरू सम्पूर्ण अवसर र सुविधाबाट बञ्चित थिए। उनीहरूले एक्लै स्वाभिमानपूर्वक बाँच्नसक्ने वातावरण नै थिएन। उनीहरूसँग प्रकृतिले दिएको यौवन मात्र सहारा हुन्थ्यो। उनीहरू स्वयं त त्यसको उपयोग गर्न पनि चाहँदैनन् तापनि सर्वसहुलियतसम्पन्न पुरुष नारीको यौवनलाई आफ्नो जन्मसिद्ध अधिकारको वस्तु सम्झन्छ र उपभोग गर्छ। नारीको आफ्नो यौवन पनि आफ्नो अधीनमा रहन पाउँदैन। त्यस्तो देश-काल-परिस्थितिमा पनि मैयाँनानीले अर्काको अधीनमा रहेको आफ्नो यौवनको अधिकारलाई आफ्नै कब्जामा ल्याई त्यसलाई व्यावसायिक प्रयोजनका निम्ति प्रयोग गरेकी छ।

उसको दृष्टिकोण वेश्यावृत्तिको उपयोग गरे पनि त्यो वृत्तिआर्जनको उपयुक्त माध्यम होइन भन्ने छ। ऊ त समाजबाट वेश्या व्यवसायकै उच्छेद गर्न चाहन्छे। त्यसका लागि साङ्गठनिक बल चाहिन्छ र  यो एक्लोले गरेर सफलता मिल्ने कुरा होइन। सङ्गठनका लागि संस्था चाहिन्छ। त्यसबेलाका नारीहरूसँग पैसा कमाउने अरू उपाय छैन। यसै सतीत्वहीन भइयो उसै सतीत्वहीन भइयो भनेर नै उनीहरू वेश्यावृत्तिमा लागी आफ्ना जीवनका न्यूनतम आधारभूत आवश्यकताहरू पूरा गरी बाँकी रहेको आर्जन नारीसंस्था पोस्ने काममा सदुपयोग गरिरहेछन्। उसलाई व्यक्तिगत स्वार्थभन्दा पनि नारीहितकामी सामूहिक स्वार्थ प्रिय छ। उसले आफ्नो यस अभियानलाई संस्थामार्फत सञ्जालको रूप दिइसकेकी छ। ऊ एउटीले पक्राउ खाँदैमा उसको अभियानलाई बाधा पुग्दैन। ऊ कानुनको सम्मान गरी-गरी आफ्नो अभियानलाई अगाडि बढाउन रुचाउँछे भन्ने कुरा उसले प्रमोद र कमलालाई गोली हानी हत्या गरेपछि विनोदले उसलाई भाग्ने सल्लाह दिंदा ऊ नभागेको प्रसङ्गबाट खुल्न आउँछ।

ऊ समाज परिवर्तन गर्न रुचाउने व्यक्ति हो। त्यसका लागि सामान्यतः व्यक्तिको हत्याभन्दा पनि कुविचारको हत्या गर्नतर्फ प्रयत्नशील हुनुपर्ने हो तर ऊ व्यक्ति हत्यातर्फ अग्रसर देखिन्छे। उसकै सङ्गठनकी सदस्य वसन्तीले पनि सूरप्रसाद र अञ्जनाकुमारीको हत्या गरी। ऊ स्वयंले प्रमोद र कमलाको हत्या गरी। ऊ यी कार्यमार्फत जनमानसमा त्यस्ता दुष्प्रवृत्तिप्रति वितृष्णा र डर पैदा गराउन चाहन्छे। यसैले त वसन्ती पनि सुटुक्क हत्या नगरी विशाल जनसमूहका बिचमा हत्या गर्छे। मैयाँनानी पनि अदालतमा आफूले हत्या गरेको कुरा सहर्ष स्वीकार गर्छे। उससँग आफूले गरेको हत्याका सम्बन्धमा उचित तर्क र विश्लेषण छ। यसैले ऊ सामान्य हत्यारा होइन। सामूहिक उद्देश्यप्रेरित ढङ्गले हत्यामा संलग्न भएकाले उसको यस कार्यलाई सामाजिक अभियानकै नाम दिनुपर्ने हुन्छ।

मैयाँनानी एक ढङ्गले उपन्यासकारकै सक्रिय मुख पात्रका रूपमा उपस्थित भएकी छ। आफ्नो जीवन दर्शन, नारीप्रतिको दृष्टिकोण, सतीत्व र मातृत्वप्रतिको दृष्टिकोण, नारी स्वतन्त्रताको पक्षधरता, जीवन र समाजमा नारीका जीवनको महत्त्वको मूल्याङ्कन, लैङ्गिक समताको वकालतजस्ता कुराहरूलाई उपन्यासकारले मैयाँनानीको चरित्रमार्फत व्यक्त गरेका छन्। यस

उपन्यासमार्फत उनले नारीसम्बन्धी नवीन मान्यताहरूको प्रस्थापना दिन खोजेका छन् । यस अर्थमा यो क्रान्तिकारी उपन्यास बन्न पुगेको छ ।

**स्वास्नीमान्छे** उपन्यासमा उपर्युक्त तीन प्रमुख नारी पात्रका अतिरिक्त अन्य चार गौण नारी पात्र (मिश्री, नानीप्राण, वसन्ती, अञ्जनाकुमारी)को पनि प्रस्तुति भएको छ । यिनीहरू तिनै प्रमुख नारी पात्रकै विस्तार हुन् । उपन्यासमा सत् पक्षका रूपमा उभिएका मोतीमाया र मैयाँनानीको चरित्रका विस्तारका रूपमा नानीप्राण र वसन्ती आएका छन् भने असत् पक्षका रूपमा उभिएकी कमलाको चरित्रका विस्तारका रूपमा मिश्री र अञ्जनाकुमारी आएका छन् । अघिल्लो खाले नारी चरित्रमा परोपकारको भावना प्रबल छ भने पछिल्लो खाले नारी चरित्रमा स्वार्थको भावना प्रबल छ । यिनै भावनाले ती चरित्रलाई तदनुकूल परिणति प्रदान गरेको देखिन्छ । बाँकी अति गौण नारी चरित्रको भूमिका यिनै प्रमुख नारी चरित्रको विस्तृतिमा देखा परेका बाधा फुकाउनु र सहयोगी आचरण अँगाल्नुमा रहेको छ ।

### ५.२.७ नारी-नारीका बिचको सम्बन्ध

प्रस्तुत उपन्यासमा विक्रम संवत्को तेस्रो सहस्राब्दीको प्रथम दशकको काठमाडौं उपत्यकाका विविध स्थानका पारिवारिक घेराभित्रका र त्यस घेराभन्दा बाहिरका दुई पृथक् संसारका नारीहरूको साना-साना दुई संसार उभ्याइएको छ जहाँ पहिलोमा एक नारी अर्की नारीसँग बाध्यताले स्पर्शित हुन पुगेकी छ भने दोस्रोमा कतै इच्छाले र कतै स्वार्थले नारीहरू एकापसमा नजिकिएका छन् । नारी-नारी बिचका यी सम्बन्धहरू कतै सुखद् देखिएका छन् त कतै दुःखद् पनि । उपन्यासमा एकातिर पुरुषको नारीमाथिको चर्को शोषण-उत्पीडनलाई देखाइएको छ भने अर्कातिर नारीले नारीलाई दिएको उत्पीडनलाई विविध पारिवारिक एवं सामाजिक सन्दर्भका सापेक्षतामा देखाइएको छ । यस उपन्यासमा कतै एउटै साइनो (सौता-सौता) र अधिकारको खिचातानीका कारणले नारी-नारीका बिच बेमेलको स्थिति देखिएको छ त कतै नारीहरू सम्पूर्ण नारीको हितका खातिर त्यागपूर्वक ऐक्यबद्ध भएका कारणले नारी-नारीका बिच प्रेमपूर्ण सम्बन्धहरू विकसित भएको देखिन्छ ।

**स्वास्नीमान्छे** उपन्यासमा नारीका मध्य पुस्ता र प्रौढ पुस्ता गरी पुस्तागत दुई तह देखिएका छन् तापनि पुस्तागत अन्तरविरोधको स्थिति भने भेटिंदैन । उपन्यासका प्रारम्भमा नदेखिएको वृद्ध पुस्ताको उपस्थिति (मैयाँनानी, मिश्री) अन्त्यमा देखिएको छ । उपन्यासका प्रारम्भमा नवयुवतीका रूपमा देखिएका नारीहरू (कमला र मोतीमाया) पछि उपन्यासका अन्त्यमा प्रौढ पुस्तामा रूपान्तरित भएका छन् । तिनीहरूभन्दा पछि नानीप्राण, लीला, दालचिनी, चुली, वसन्ती, अञ्जना आदि नवयुवतीहरू देखा परेका छन् । यस उपन्यासमा मध्य पुस्ता (कमला र मोतीमाया)को उपस्थिति अर्थपूर्ण रहेको छ ।

उपन्यासमा पूर्वदीप्तिका रूपमा देखा परेको मैयाँनानीको युवा कालसँग मात्र माइतीको सन्दर्भ गाँसिएर आएको छ, अन्यथा चेली-माइती सम्बन्धको विशेष उल्लेख भएको देखिंदैन । उपन्यासमा नारीको उत्पीडक र उत्पीडित दुवै रूप देखिएको छ र उत्पीडित हुनेमा पुरुष

(प्रमोद) र नारी (प्रायः सबै) दुवैथरि पर्दछन् । यस उपन्यासमा विपरीत लिङ्गगत शोषण (पुरुषद्वारा नारी)को स्थिति बढी निर्मम देखिएको छ र नारीद्वारा नारी नै शोषित भएको स्थिति पनि पर्याप्त देखिन्छ । नारीले नारी-पुरुष दुवैथरिबाट भोग्नुपरेको शोषण यौनजन्य नै रहेको छ, यसैले यो मूलतः नारीको युवा कालसँग सम्बन्धित छ । घरभित्र होस् या घरबाहिर, यस उपन्यासका नारीले तुलनात्मक रूपमा यौनजन्य शोषणकै पराकाष्ठा भोग्नुपरेको छ । यहाँका नारीहरू सतीत्वको रक्षा गर्न सकेसम्म त्यसकै पक्षमा उभिएका छन् । जब त्यो सतीत्व छिन्नभिन्न भयो त्यसपछि उनीहरू उत्पीडकहरूका विरुद्ध सङ्गठित रूपमा लागेका छन् । प्रगतिवादी उपन्यासकार हृदयचन्द्रसिंहले औपन्यासिक फलागमका सन्दर्भमा यसमा नारीको स्वभाव पक्षको कम र चेतना पक्षको बढी चित्रण गरेका छन् ।

**स्वास्नीमान्छे** सामाजिक उपन्यास भएकाले यसमा पारिवारिक एवं सामाजिक वृत्तभित्रका नारी जगत्को आपसी सम्बन्धलाई केलाइएको छ । यसमा पारिवारिक सन्दर्भमा सौता-सौता बिचको सम्बन्धलाई र सामाजिक सन्दर्भमा उत्पीडित नारीहरूका बिचको आपसी सम्बन्धलाई प्रस्तुत गरिएको छ । अघिल्लो सम्बन्ध कटुतापूर्ण रहेको देखिन्छ भने पछिल्लो सम्बन्ध मीठासयुक्त रहेको देखिन्छ ।

अब प्रस्तुत **स्वास्नीमान्छे** उपन्यासका पात्रगत नारी-नारीका बिचको सम्बन्धका तीन मुख्य स्वरूप सौता-सौताका बिचको सम्बन्ध, मोतीमायाको अन्य महिलासँगको सम्बन्ध र अन्य महिलाको आपसी सम्बन्धबारे तल चर्चा गरिएको छ (५.२.७.१-५.२.७.३) ।

### ५.२.७.१ सौता-सौताका बिचको सम्बन्ध

प्रस्तुत उपन्यासकालीन नारीहरू पूर्णतः पुरुषमाथि निर्भर हुन्थे । नेपाली समाजमा एकाधिक नारीहरू एउटै पुरुषमाथि एउटै साइनोले बाँधिने सन्दर्भहरू पनि पर्याप्त देखिने गर्छन् । बहुपत्नीप्रथाले प्रायः यस्तो सम्बन्धको स्थापना गर्दछ । सौताका नातामा बाँधिन आउने नारीहरू प्रायः एकापसमा सौहार्द्र भाव राख्न नसक्ने हुन्छन् किनभने उनीहरूको आधार पुरुष 'श्रीमान्'का नातामा दुवै स्त्रीसँग सम्बन्धित हुन्छ । पितृसत्तात्मक सामाजिक संरचनाको संस्कारअनुरूप पत्नीहरू स्वभावैले श्रीमान्का कृपाकाङ्क्षी बनेका हुन्छन् र सौता बनेका सबै नारीहरू आफू नै बढी श्रीमान्का निकट हुन चाहन्छन् । यसैले उनीहरूका बिचमा प्रतिस्पर्धा खडा हुन्छ र विस्तारै त्यस प्रतिस्पर्धाले यति चरम रूप धारणा गर्छ कि उनीहरू आ-आफ्ना बुताले भ्याएसम्म एक अर्काको अस्तित्व नै समाप्त गर्न प्रयत्नरत रहन्छन् ।

सौताको साइनो लागेका नारीहरूका बिचमा सौहार्द्रता कायम हुनु असम्भव हुन्छ भन्ने कुरालाई उपन्यासकार हृदयचन्द्रसिंह प्रधानले आफ्नो उपन्यास **स्वास्नीमान्छे**मार्फत प्रस्तुत गरेका छन् । मोतीमाया खराब त कहिल्यै थिइन । बस्, यत्ति हो पत्नीत्वको अधिकारमा ऊ कमलासँग साझेदार छ । राख्न त मोतीमायाले चाहिँ कमलाप्रति द्वेष भाव राख्दै षड्यन्त्र गर्नुपर्ने हो किनभने उसको पत्नीत्वको अधिकारमाथि कमलाले चाहिँ हस्तक्षेप गरेकी हो तर श्रीमान्की प्रियतमा भएकाले कमलाले त्यो कुरा महसुस गर्न सकेकी छैन । वास्तवमा अर्काको अधिकार हनन् गर्न

आउने कमलाले चाहिं खुम्चिएर बस्नुपर्ने हो तर पुरुषको पक्षधरता नै निर्णायक ठहरिने सामाजिक संरचनाले गर्दा उल्टै मोतीमाया चाहिँ खुम्चिएर बस्न बाध्य छ ।

श्रीमान्‌बाट हेला गरिए तापनि मोतीमायाको गाँस र बास भने टुटेको थिएन तर त्यस घरमा उसको उपस्थिति कमलालाई बिझाइरहेको थियो । यसैले ऊ त्यस घरमा आफ्नो एकलौटी अधिकार स्थापित गर्न षड्यन्त्र गर्न थाली । श्रीमान्‌लाई सौताका विरुद्ध भड्काउनका निम्ति उसले मोतीमायाको सम्बन्ध परपुरुषसँग रहेको सावित गर्न घरको मूल ढोका खुला पारेर माथि आई "तल मानिसको जस्तै आवाज पनि सुनिन्छ"(पृ.४) भन्दै श्रीमान्‌लाई निद्राबाट बिउँझाउँदै अझ थप्छे, "सर्ज्यान्त यही हातले बन्द गरेर आएकी मैले, भनिहालें नि मानिसको खासखुसजस्तो छ । चोर पो आयो कि ?"(पृ.५) भन्दै मोतीमायाको चरित्रप्रति प्रमोदका मनमा शङ्काको बिउ रोप्छे । यस्तो प्रयत्न उसले यस अघिदेखि नै गर्दै आएकी हो भन्ने कुरा उसको "मैले त अस्ति नै पनि भनेकी होइन ? तपाईंले पत्याउनुभएन"(पृ.६) भन्ने अभिव्यक्तिबाट प्रस्ट हुन्छ । यसरी सौताविरोधी वातावरण तयार गर्दै श्रीमान्‌बाट उसको अनिष्ट गराउनाका निम्ति उसको पुरुषत्वलाई समेत यसरी चुनौति दिन्छे, "निको चाला छैन है, सास फेर्न हुती तपाईंमा छैन, मलाई त के ?" (पृ.६) ।

प्रमोदले दुनियाँको अवगाल आइपर्ला भनेर चुप लागिरहँदा कमला आफूले निर्माण गरेको ढोका खुलै राखेको घटनाको निहूँलाई खेर जान नदिन अनेक प्रयत्न जारी राख्छे । मोतीमाया चरित्रहीन भएको कुरा आफ्नो माइतमा समेत पुगेको, आफू प्रमोदकै इज्जतमा दाग लाग्ला भनेर चिन्तित रहेको, तैपनि त्यस्तो घटनालाई पनि प्रमोदले खेर जान दिइरहेको कुराप्रति असन्तुष्टि व्यक्त गर्छे (पृ.८) । श्रीमान्‌लाई सौताविरुद्ध आक्रामक बनाउन ऊ अझ थप्छे, "तपाईंमा आँट पनि छ भन्ने मलाई विश्वास छैन" (पृ.९ ) ।

अघिल्लो निहूँले सौतामाथि अनिष्ट नभएको देखेर कमला अर्को निहूँको तयारीका क्रममा कुनै पुरुषले कुनै प्रेमिकालाई लेखेको भाकामा कसैमार्फत एउटा चिठी तयार गर्दै श्रीमान्‌लाई दिंदै भन्छे, "यो एकचोटि हेर्नुस् त कुनै गुण्डाले मलाई लेखेको पो हो कि ?(पृ.१०)" भन्दै सौताविरोधी भावनालाई उकास्छे । सौताको विरोधी वातावरण पनि ऊ नै तयार गर्छे र अझ सौताप्रति सद्‌भाव नै राखेकी छु भन्ने पनि प्रमाणित गराउन खोज्छे-

> अब त मेरो कुरा तपाईंको विश्वासको भाँडोमा अटायो ? यति हुने त मेरो शङ्काले अस्तिका पनि कति अस्ति नै देखिसकेको थियो, तर के लाग्छ, पत्याउने भए पो भन्न पनि हिम्मत होला । के लाग्यो अनि मैले पनि चूप लाग्नु नै भलो ठान्नुपर्‍यो । यस्ता शङ्काका कत्ति कुरा त मैले घाँटीमा अड्काएर राखेकी छु, कति त्यसै निलेर पठाइसकेकी छु (पृ.११) ।

प्रमोद चिट्ठी लेख्ने गुण्डाप्रति आक्रामक देखिंदा ऊ यसरी त्यस आक्रामकतालाई पनि सौताकै टाउकामा घोप्ट्याउने प्रयत्न गर्छे -"अर्कालाई के दोष ? आफ्नै माल कच्चा छ । अहिले म त्यस्ती बनूँ न हज्जार गुण्डा वैरिनेछन् । ... त्यसैले आफ्नो इज्जत, गौरव र सत् त आफैले राख्न सक्नुपर्छ" (पृ.१२) । विनोदलाई खानेकुराको प्रलोभन र पिटाइको डर देखाएर झूठो बकाउन खोज्दा आफ्नो छोरालाई सौताले पिट्न तम्सेको मोतीमायालाई सह्य हुँदैन र ऊ प्रतिवाद गर्न

अग्रसर हुन्छे। श्रीमान्को आड पाएकी सौतासँग उसको केही लाग्दैन। श्रीमान्ले वेश्या भन्नु, कुटपिट गर्नु, मुखमा थुक्नु तथा सौताले 'गुण्डाहरूबाट मनग्गे भरथेग पाएर' भन्ने आरोप लगाउनु मोतीमायाका लागि असह्य हुन्छ र ऊ रुँदै कोठाबाट निस्कन्छे (पृ.१४-१५)।

मोतीमायाले सौताविरुद्ध कुनै षड्यन्त्र नगर्दा पनि ऊ आफू भने सौताका षड्यन्त्रबाट बच्न सकिन। श्रीमान्ले एक घण्टाभित्र घर छाड्ने उर्दी सुनाएपछि ऊ पुत्र स्नेहले प्लावित हुँदाहुँदै पनि आत्महत्या गर्न निस्किन्छे। सौताको दुर्भावले उसलाई आत्महत्या गर्ने मनस्थितिमा पुऱ्याउनसमेत बाँकी राख्दैन।

कमला सौताका विरुद्ध थोरै मात्र आधार भेट्दा पनि त्यसलाई चरम रूप दिएर श्रीमान्का कानमा पुऱ्याउँछे। विनोदको खानेकुरा किन्नका लागि मोतीमाया आफ्ना कपडा बेच्न निस्कँदा ढोकामा अल्मलिएको देखेर कमला श्रीमान्लाई देखाउँदै यसरी तीनचोटि ओहोरदोहोर गरेको त मेरै आँखाले देखिसक्यो, खास्टोले छोपेर पोको पनि बोकेकी छ भन्दै त्यसलाई अझ बढाउँदै भन्छे "सौताको नातामा छु पत्याउनु हुन्छ कि हुँदैन भन्ने पनि डर छ। त्यसैले केही नभनेकी। देख्ला कि देख्ला कि किसिमको अनुहार गरेर एउटा मानिस पसेर निस्केको पनि देखेकी थिएँ" (पृ.२९)।

प्रमोदको मनमा मोतीमायाप्रति वितृष्णा त छँदैथियो। त्यस वितृष्णालाई घृणा र यातनामा परिवर्तन गर्ने काममा कमलाको अहं भूमिका देखिन्छ। मोतीमाया हीराज्यानकोमा गएको देखेपछि प्रमोद स्वयं पनि रिसाएको थियो। त्यही बलेको आगोमा घिउ थप्दै कमला भन्छे- "चुप लाग्नुस्, बिनसित्ती रिसाएर किन जीउ खानुहुन्छ, हाम्रो मेलजुल नभएको घर भएर गइहोली"(पृ.३८)। "कमला मोतीमायाले केही पोको बोकी राखेकीमा आँखा सन्काएर प्रमोदलाई हेर्न प्रेरणा दिन्छे"(पृ.३९)। कमला प्रमोदलाई सौताविरुद्ध बढी भड्काउने मनसायले अझ थप्छे, "अब तपाईंको कमाइ किन खान पर्दो होला ?"(पृ.३९)।

मोतीमाया सौताकै कारणले बाँची नसक्नुको अवस्थामा पुगेकी देखिन्छे। दुवैपटक आत्महत्या गर्न तयार हुँदा उसका मनमा पुत्र विनोदप्रति मात्र होइन श्रीमान् प्रमोदप्रति मोह जाग्रत भएको देखिन्छ (पृ.२५, ४४) तापनि ऊ त्यस मोहभन्दा पनि ठूलो पीरले ग्रस्त छ र त्यस मोहलाई सजिलै परित्याग गर्न पूर्ण तत्पर बन्दै पासोमा चढ्न लाग्छे। श्रीमान्बाट हेला गरिनुबाट भन्दा पनि सौताको द्वेषबाट ऊ बढी पीडित छ भन्ने कुरालाई निम्नलिखित तथ्यले अझ बढी पुष्टि दिन्छन्।

मोतीमाया रातभरि घरमा नफर्केपछि प्रमोद के के सम्झेर झोक्राइराखेको देखेपछि कमला व्यङ्ग्य हान्न पछि पर्दिन। ऊ भन्छे- "किन झोक्रिरहनुभएको ? स्वास्नीको माया लाग्यो कि ?"(पृ.६२)। उसको मनमा सौता फर्केर आउँदा श्रीमान्ले फेरि घरमा बास दिने हो कि भन्ने आशङ्का उब्जिएको छ। यसैले भन्छे- "किन त झोक्रिरहनुभएको ? आई भने कुन विधिले स्वागत गर्न जाने भनेर कि ?"(पृ.६३)। ऊ सौताको विषयमा अझ तिललाई पहाड बनाउँदै भन्छे "मैले हेर्दा त सोझ्याइसकी बाटो" (पृ.६३)।

कमलाले मोतीमाया घर छाडेर हिँडेको र फेरि फर्कने सम्भावना नरहेको ठानेपछि "कमलालाई आँखाको धूलो आफैं उडेर गएजस्तो भयो। प्रमोदको सिङ्गै दिल र एकलौटी प्रेम पाएर मोतीमाया छँदा पनि कमलाको सुख हुर्किरहेकै थियो, तर पनि मोतीमायाको उपस्थिति र दृष्टिगोचरले गर्दा उसको सुखले काँढाभित्रको गुलाफ भइरहनुपरेको थियो। अब त उसको सुख निष्कण्टक भएर अनि सदा तरुण भइरहेको छ"(पृ.६५)।

मोतीमायाले मोहनबहादुरलाई दोस्रो श्रीमान्का रूपमा वरण गरेको कुरा पनि अपार उल्लासका साथ तर त्यस उल्लासलाई बनावटी खेदले छोपेर प्रमोदलाई सुनाउने कुरामा पनि कमलाकै अग्रसरता देखिन्छ। सौतालाई हरेक कुराबाट पीडित गराउने चाहना उसमा विद्यमान छ। अर्कासँग गइसकेर पनि चम्पामार्फत छोरालाई भेटेर मातृसुख लुटिरहेकोमा पनि उसलाई रीस छ। आफ्नो श्रीमान्सँग नोकर्नी चम्पा नजिकिएकोमा उसलाई सौतेनी रीस उठेको छ। मोतीमायालाई छोरो भेट्टाउन लगी भनेर ऊ चम्पालाई कुट्दै घरबाट लखेटिदिन्छे।

समग्र उपन्यासको अस्तित्व सौतेनी सम्बन्धका केन्द्रमा अडिएको छ र प्रमुख नारी पात्र मोतीमायाका माध्यमले उपन्यासमा अनेकन् मोड तथा घुम्तीहरू सिर्जना गर्ने पनि त्यही सौतेनी सम्बन्ध नै हो। सौतेनी सम्बन्ध पनि कमलाकै तर्फबाट चाहिँ बिग्रिएको छ। मोतीमायाले स्वयं चाहिं श्रीमान्ले आफूलाई हेला गरेर सौता हालेकोमा चित्त दुःखाए पनि सौता हाल्ने श्रीमान् र सौतामाथि भने कहिल्यै अनिष्ट चिताएको देखिंदैन। बरु ऊ स्वयंलाई कृष्णका भक्तिमा अर्पित गरेर दुःख भुल्ने प्रयत्न गरिरहेकी थिई। सौता र श्रीमान्ले जे जस्तो खान-लगाउन दिन्छन् त्यस्तैले निर्वाह गरिरहेकी थिई। त्यसरी कुनाको कसिङ्गरजस्ती भएर बस्दा पनि र आफ्ना तर्फबाट कुनै ज्यादती नगर्दा पनि मोतीमाया सौतेनी सम्बन्धको अचानो बनेकी छ। उसले छोरा नपाएको भए पनि वंश चलाउने निहूँमा श्रीमान्ले अवश्यमेव नै सौता भित्र्याउने थियो (नेपाली परम्परानुसार) र उसले छोरा पाएपछि पनि श्रीमान्को ऐयासीपूर्ण आचरणले गर्दा सौता भित्रिएकी छ। मोतीमाया आफू निर्दोष भएर पनि पीडित बन्न पुगेकी छ। यसैले उसको चरित्र जीवनका हरेक मोडमा पाठकको सहानुभूति हासिल गर्न सफल रहेको छ।

### ५.२.७.२ मोतीमायाको अन्य महिलासँगको सम्बन्ध

जीवनको जुन परिस्थितिले मोतीमायालाई घरसंसारबाट बाहिऱ्यायो त्यही परिस्थितिले अन्य बाहिरिया महिलासँगको सम्बन्ध पनि बढायो। घरकी अर्की नारीसँग मात्र होइन, बाहिरिया नारीसँग पनि मोतीमायाले स्वेच्छाले सम्बन्ध विस्तार गरेको देखिंदैन। मिश्री पनि आफै उससँग सम्बन्ध स्थापित गर्न आइपुगेकी छ। जब मोतीमाया मोहनबहादुरका घरबाट कुकुर निकालिए झैं निकालिन्छे तब कहिलेदेखि अवसर ढुकेर बसेकी मिश्री आफै टुपुल्किन्छे (पृ.१०२)। मिश्री मोतीमायामाथि अनेकन् सहानुभूति देखाउँदै मानवतावादी व्यवहारको प्रदर्शनमा मक्ख पारेर आफ्ना घरमा भित्र्याउन सफल हुन्छे। वास्तवमा ऊ विवशतामा परेर दुःखी भएका महिलामाथि शोषण गर्न पल्केकी नारी हो। ऊ विवश नारीको विवशतालाई वेश्यावृत्तिमा अनुवाद गरेर दलाली गर्न पल्किएकी छ। मिश्रीको मानवताको सक्कली रूप आफ्ना अगाडि प्रकट भइसकेपछि पनि

मोतीमाया उसप्रति रुष्ट व्यवहार नगरी विनम्रतापूर्वक नै बिदाको याचना गर्छे तर मिश्रीको व्यवहार भने शिष्टताको सीमाबाहिर पुगेको देखिन्छ । ऊ बलिया-बलिया गुण्डाको सहयोग लिएर भए पनि मोतीमायालाई वेश्यावृत्तिमा धकेल्न खोज्छे । यसरी मिश्री आफ्नै व्यवहारले मोतीमायाका हृदयमा आफूबारे नराम्रो प्रभाव दिन पुगेकी छ ।

मिश्रीभन्दा पहिले नै सर्वप्रथम मोतीमायाद्वारा सम्पर्क गरिएकी घरबाहिरकी महिलाका रूपमा हीराज्यान देखा परेकी छ । ऊ प्रमोदका घरकी छिमेकी हो । छिमेकीका घरका आन्द्राभुँडी पत्ता लगाउने र बदख्वाईं गर्नेमा निपूण हीराज्यानको सक्कली अनुहार चिन्दा-चिन्दै पनि छोराको भोक टार्ने समस्याले ग्रस्त भएर आफ्ना दाइजो कपडा बन्धकी राखी पैसा माग्नका लागि मोतीमाया हीराज्यानको घरमा पुग्छे । संसारमा आफ्नो अर्को कुनै आधार बाँकी नरहेकी मोतीमाया "हीराज्यान दिदी, म मरें भने मेरो विनोदका निम्ति तपाईं नै आमा भइदिनुहोला, अरू कोही छैन" (पृ.३४) सम्म भन्न अघि सर्छे । त्यतिखेर हीराज्यान पनि मोतीमायाका दुःखले पग्लन्छे तर प्रमोद आफ्ना अगाडि प्रकट हुनासाथ आफ्नो स्वभाववश ऊ प्रमोदको अनुकूल र मोतीमायाको प्रतिकूल बन्न पुग्दछे ।

थोरै समयमा नै मोतीमायासँग घनिष्ट सम्बन्ध स्थापित हुन पुगेकी मैयाँनानी सबै नारीहरूकी शुभचिन्तक देखा परेकी छ । वेश्यावृत्ति नगरी गायन कलाका माध्यमले जीविकोपार्जन गर्न पाइन्छ भनेपछि (पृ.१२८) मोतीमाया त्यस वेश्यालयमा बस्न राजी भएकी देखिन्छे । मोतीमायाका हृदयमा मैयाँनानीप्रति आस्था भावले जन्म लिइसकेको छ । ऊ छोरो विनोद लिन आउँदा पनि घर नजाने कुरा गर्छे (पृ.१५४) । मैयाँनानीले खुला हृदयले मोतीमायाप्रति सहानुभूति देखाएकी छ । उसकै ढाडस र सक्रिय सहयोगमा मोतीमाया छोरासँग घर फर्की । उसका पारिवारिक जीवनका काँडाहरूलाई पनि मैयाँनानीले नै पन्छ्याइदिई र मोतीमायाको गृहप्रवेशलाई निष्कण्टक तुल्याइदिई । यसरी यी दुई नारीका बिचमा सुखद् सम्बन्ध देखा परेको छ । मोतीमायाको जति बाहिरिया नारीसँग भेट भयो ती सबैसँग उसले आफ्ना तर्फबाट सद्भाव नै राखेकी छ । आफूमाथि दुर्भाव प्रदर्शन गर्ने नारीमाथि पनि उसका अग्रसरतामा कुनै अनिष्ट भएको छैन । यसरी मोतीमायाले नारीमाथि सधैं सद्भाव राखेको देखिन्छ ।

**५.२.७.३ अन्य महिलाको आपसी सम्बन्ध**

**स्वास्नीमान्छे** उपन्यासमा प्रमुख, गौण र अतिगौण गरी धेरैजना नारी पात्रहरूको उपस्थिति रहेको देखिन्छ । मोतीमाया र कमला (सौता-सौता)का बिचको सम्बन्धलाई मुख्य र अन्य नारीहरूका बिचको सम्बन्धलाई अन्यअन्तर्गत समावेश गरिएको छ । अन्य नारीहरूका बिचको सम्बन्ध घरबाहिरको परिवेशमा देखिएको छ । अन्य नारीहरूमा मैयाँनानी प्रमुख देखिएकी छ । उसका चरित्रमा व्यक्तिगत स्वार्थ नभएर सामूहिक स्वार्थ प्रबल रहेको छ । सम्पूर्ण नारीको हितका लागि आफ्नो व्यक्तिगत जीवनको रक्षा गर्नुपर्छ भन्ने उसको दर्शन रहेको छ । समूहका लागि व्यक्तिले पक्राउ खानु, जेल पर्नुलाई ऊ बेसै ठान्छे किनभने यसबाट उनीहरूको संस्थाको नमुना संसारलाई देखाउने अवसर प्राप्त हुन्छ (पृ.१६२) । ऊ मिश्रीलाई राम्रो ठान्दिन । ऊ र मिश्री

दुवैजना कोठी  सञ्चालन गरेर बसेका छन् तापनि दुवैका उद्देश्य फरक छन्। उसको उद्देश्य नारीत्व उठाउने हो भने मिश्रीको उद्देश्य नारीत्व खसाल्ने हो भन्ने उसको धारणा रहेको छ (पृ.१२२)। उसले मिश्रीप्रति अनास्था प्रकट गरेको पनि सामूहिक स्वार्थकै लागि हो। व्यक्तिगत रूपमा त मिश्रीको उपस्थितिले उसको लाभहानी केही गर्दैन। परस्वार्थका लागि नै उसले हत्यारा कर्म स्विकारेकी छ। मोतीमायाको ससम्मान पुनः गृहप्रवेशका निम्ति बाधा बनेका प्रमोद र कमलाको हत्या गर्ने र उक्त हत्याको जिम्मेवारी लिने कार्य पनि मैयाँनानीबाट भएको छ। बरु यसका लागि ऊ आफ्नो ज्यान दिन पनि तत्पर छन् (पृ.१३४)। सम्पूर्ण नारीलाई सङ्गठित बनाएर आफ्नो अस्मिता रक्षाका निम्ति लड्न भरमद्दत गर्ने मैयाँनानीको अन्य नारीसँगको सम्बन्ध समूह स्वार्थमा अडेकाले उदाहरणीय देखिन्छ।

मिश्रीको अन्य नारीसँगको सम्बन्ध व्यक्तिगत स्वार्थमा अडिएको छ। सतीत्व नगुमाएका नारीका पनि सतीत्व बिगारेर वेश्या बनाई त्यसबाट व्यक्तिगत उदरपूर्तिका निम्ति आयआर्जन गर्नु मिश्रीको उद्देश्य हो। सोझो तरिकाले आफ्नो जालमा नफस्ने नारीलाई ऊ बलजफत वेश्या बनाउने काममा पनि पछि पर्दिन (पृ.११२)। लीला मिश्रीको त्यसै प्रवृत्तिलाई असफल बनाउने प्रयत्नमा उसको कोठीको सदस्य भएर बसेकी छ। उसैले नै मोतीमायालाई मिश्रीका फन्दाबाट जोगाएर ल्याएकी  हो (पृ.११८) भने नानीप्राणलाई पनि त्यहाँबाट उम्काउने प्रयत्नमा लागेकी छ (पृ.११९)।

समग्रमा **स्वास्नीमान्छे** उपन्यासका नारी पात्रहरूको आपसी सम्बन्ध एकातिर आपसी द्वन्द्वमा अल्झिएको छ भने अर्कातिर समन्वयतर्फ क्रियाशील छ। कमला र मिश्रीका केन्द्रबाट नारी-नारीका बिचको द्वन्द्वात्मक स्थिति प्रकट भएको छ भने मैयाँनानीका केन्द्रबाट समन्वयात्मक स्थिति प्रकट भएको छ। मोतीमाया स्वयं अग्रसर भएर कसैसँग पनि द्वेष गर्दिन तर मैयाँनानी भने सामूहिक स्वार्थका लागि मिश्रीसँग कुटिल र कमलासँग फौजदारी द्वन्द्व गर्न पनि पछि हटेकी छैन।

## ५.२.८ नारीप्रतिको पुरुषको दृष्टिकोण

### ५.२.८.१ प्रमोदको नारीप्रतिको दृष्टिकोण

**स्वास्नीमान्छे** उपन्यासमा पुरुषको नारीप्रतिको दृष्टिकोण मूल रूपमा सकारात्मक रहेको छ। यही सकारात्मकतालाई परिलक्षित गर्ने क्रममा नै प्रमोद र मोहनजस्ता नारीविरोधी चरित्रलाई उपस्थित गराइएको छ। उपन्यासको मूल पुरुष पात्र प्रमोदको नारीप्रतिको असम्मानजनक व्यवहार नै कथानकीय केन्द्र हो। उसका दृष्टिमा नारी केवल पुरुषकी सुखसाधन हो। विवाह गरेका दिन प्रमोदले आत्मविभोर भएर मोतीमायालाई भनेको थियो- “मोती, तिमी साँच्ची नै मोती रहिछ्यौ, तिम्रो मोतीजस्तो लोभिंदो मुहारले मलाई ज्यादै आनन्द गरायो। तिमीलाई पाएर मैले स्वर्गको कल्पनालाई पनि बिर्साएँ। बरु म तिमीलाई योग्य नभएको र मलाई पाएर तिमी खुसी नभएको हुन सक्तछ। मैले तिम्रो अगाडि उभिएर प्रार्थना गर्ने सौभाग्य पाएको हुनाले म तिम्रो प्रसन्नताको भिक्षा माग्दछु ... तिम्रो पूजा गरेर सन्तुष्ट हुन्छु”(पृ.२५) तर जब मोतीमाया पुत्रवती बनी, त्यसको

दुई वर्षपश्चात् नै प्रमोद उससँग अघाएर अर्की किशोरी नारी (कमला)लाई दोस्री पत्नीका रूपमा भित्र्याउन पुग्यो । यो उसले नारीप्रति पूर्णरूपमा वासनामूलक दृष्टि राख्नुकै परिणाम हो ।

प्रमोद नारीको रूप र यौवनको भोको व्यक्तिका रूपमा उपन्यासमा उपस्थित हुन पुगेको छ । आफ्नो यसै प्रवृत्तिले गर्दा ऊ विवेकहीन मानवका रूपमा चिनिएको छ र कमलाको दासमा परिणत भएको छ । "प्रमोदलाई भनेजस्तो नचाउन सकेको अरू थोकले होइन कमला अत्यन्तै रूपवती थिइन्, अनि यौवन पनि उनको तौलमा पुगेर वजनदार थियो । त्यसैले कमलाको कण्ठबाट फुटेको वाणी मोतीलाई झैं भैंमा खस्न-पोख्न नदिईकन सधैं शिरोपर गरेर हिँड्नमा नै प्रमोदको जीवनले आनन्द मानिरहेको थियो"(पृ.७) ।

नारीको हृदयसँगको सरोकार प्रमोदमा देखिदैन । जेठी पत्नी मोतीमायासँगको सम्बन्धमा हार्दिकता नभएर केवल लोकाचार बाँकी छ । ऊ नारीहृदयको नभएर नारी शरीरको प्रेमी देखिन्छ । यसैले त मोतीमायाभन्दा यौवना कमला भेटेपछि ऊ मोतीलाई घरबाट निकाल्नका निम्ति यसरी निहूँ पर्खन्छ, "पख न एकदिन न एकदिन निहूँ नभेटिएला र ? अरूको अगाडि पनि हामीले दोषी हुन नपरोस्, यसको पो हामीले अकल जमाउन सक्नुपर्छ"(पृ.८) । आफू त्यसरी अनुरक्त बनेको र पत्नीले आफूप्रति न त कुनै अपराध नै गरेको न त आफूप्रति कुनै दुर्भाव नै पालेको स्थितिमा पनि विलासी प्रमोद उसप्रति नकारात्मक बन्छ । त्यस पहिली पत्नीप्रति ऊ यति धेरै कठोर बनेको कुरालाई उसकै अभिव्यक्तिमार्फत यसरी बुझ्न सकिन्छ- "तर म केवल यही चाहन्छु, अन्याय गऱ्यो भनेर कसैले जिब्रो उचाल्न नपाओस्"(पृ.९) । नारीलाई ऊ शरीरका रूपमा मात्र हेर्छ भन्ने कुराको पुष्टि कमलाको यौवनप्रतिको मोहले गर्दा मोतीमायामाथि जस्तोसुकै अनिष्ट गर्न तम्सिएबाट पुष्टि हुन्छ ।

प्रमोदको मुख्य कमजोरी वासनात्मकता हो जसले गर्दा ऊ कान्छी पत्नी कमलालाई रिझाउने क्रममा मोतीमायाको घोर अनिष्टकारक बन्न पुगेको छ । अन्यथा ऊ स्वयं ह्याउ भएको मानिस चाहिं होइन किनभने उसको हृदयमा रहेको मोतीमायाप्रतिको कोमल भावनालाई पनि ऊ कमलाका अगाडि व्यक्त गर्न सक्तैन (पृ.१०) । उसमा मोतीमायाका विरुद्ध खनिने साहस कमलाले नै जगाइदिनुपर्छ । प्रमोद कमलाको मोतीमायाविरोधी अनेक षड्यन्त्रमा फस्दै जान्छ र कमलाको यौवनप्रतिको पूर्ण समर्पणले गर्दा स्वविवेकले च्युत बन्छ । नारीलाई शरीरका रूपमा मात्र हेरी आत्माका रूपमा सम्मान गर्न नसक्नु प्रमोदको चरित्रको ठूलो दुर्गुण हो । ऊ कहिल्यै पनि मोतीमायाको जीवन परिस्थितिको विवेकपूर्ण समीक्षा गर्दैन र कमलाका बहकाउमा बग्दै गएर मोतीमायालाई 'वेश्या'बाहेक अरू थोक भन्दैन । आफ्नो ऐयासी प्रवृत्तिले प्रमोदले दोस्री पत्नी भित्र्याउनु नै यस उपन्यासको समस्याको जड बनेको छ । यसै प्रवृत्तिले उसलाई नारीविरोधी चरित्रका रूपमा उभ्याएको छ र उसले नारीविरोधी बन्नुकै परिणामस्वरूप उपन्यासका अन्त्यमा मृत्युरूपी सजायँ भोग्न पुगेको छ ।

प्रमोदको संस्कारमा रहेको पितृसत्तात्मक अहङ्कारले पनि उसलाई नारीविरोधी चरित्रका रूपमा उभ्याएको छ । आफूले पत्नीको पत्नीत्वको अधिकार खोसे पनि पत्नीले भने मर्यादाको

सीमा नाघ्नु नहुने भन्ने उसको सोच छ यद्यपि नारीमर्यादाको त्यो रूप पनि पितृसत्तात्मक समाज व्यवस्थाले नै निरूपण गरेको हो । कमलाको षड्यन्त्रपूर्ण चिठी (पृ.१०-११) पढ्दा होस् वा कमलाले हीराज्यानका मुखबाट मोतीमाया मोहनबहादुरसँग पोइला गएको भन्ने सुनेको भन्दै प्रमोदलाई सुनाउँदा (पृ.८२) होस्, अथवा मोतीमाया मैयाँनानीको कोठीमा बस्न थालेको सुनेर होस्, ऊ हरदम मोतीमायालाई नै दोषी ठहऱ्याइरहन्छ, आफ्नो अहंमाथि धक्का पुगेको सम्झन्छ जुन पुरुषवादी दृष्टिकोणको उपज हो । प्रमोदका कोणको पुरुषवादी दृष्टिबाट हेर्दा मोतीमाया दोषी देखिन्छे तर तिनै कुराहरूलाई नारीवादी कोणबाट नियाल्दा मोतीमाया निर्दोष देखिन्छे र प्रमोदको पितृसत्तात्मक अहं एवं ऐयासी प्रवृत्ति दोषी देखिन्छ । यसरी पुरुषवादी दृष्टिकोणभित्र कैद रहेको प्रमोदको धारणा पूर्णरूपमा नारीविरोधी देखिन्छ यद्यपि कमलाका इच्छाबमोजिम नै उसले मोतीमायाप्रतिको व्यवहारलाई कायम गरेको छ तापनि उसको त्यो व्यवहार उसमा निहित ऐयासी प्रवृत्तिले निर्धारित गरेका कारणले प्रमोद मोतीमायाप्रतिको दुर्व्यवहारको जिम्मेवारीबाट उम्कन सक्ने परिस्थिति भने छैन ।

### ५.२.८.२ मोहनको नारीप्रतिको दृष्टिकोण

**स्वास्नीमान्छे** उपन्यासको अर्को पुरुष पात्र मोहनबहादुर मोतीमायाको दोस्रो श्रीमान्का रूपमा आएको छ। मोहनको मोतीमायासँग सिम्भुवनमा भेट भएको छ  जुनबेला ऊ आत्महत्याको प्रयत्न गरिरहेकी हुन्छे। मोहनको चरित्रका दुई पाटा देखिएका छन् -नारीपक्षीय र नारीविरोधी। मोतीमायासँग भेट भएको ११ वर्षको अवधिमा ऊ नारीपक्षीय दृष्टिकोण अँगाल्ने व्यक्तिका रूपमा देखिएको छ यद्यपि त्यसै अवधिमा पनि मोतीमायाभिन्न सन्दर्भमा चाहिँ ऊ नारीविरोधी नै छ किनभने उसले त्यसअघि नै पनि अरू तीनवटी नारीको यौवनसँग खेलबाड गरेर तिनलाई हुत्याइसकेको छ (पृ.८०, ९८)। उसका ती कर्तुतहरू थाहा नपाउने जो कोहीले पनि मोतीमायाप्रतिको उसको अघिल्लो व्यवहारलाई हेरेर भने उसलाई नारीहितकामी व्यक्तिकै रूपमा मूल्याङ्कन गर्छ।

सिम्भुवनमा आत्महत्या गर्न पुगेकी र नबाँच्ने कुरामा दृढ सङ्कल्पित मोतीमायालाई जीवनवादी कुरा गरेर जीवनोन्मुख तुल्याउने श्रेय (पृ.४५) मोहनबहादुरलाई जान्छ। उसैले मोतीमायालाई जीवन (मोहनको घर) तिर फर्काएको छ।

मोहनबहादुरमा नारी-समस्याको विश्लेषण गर्नसक्ने क्षमता र सुझबुझ विद्यमान छ। उसले नारीको महत्त्वलाई भलिभाँती बुझेको छ तर ऊ त्यस बुझाइलाई नारीको स्वार्थको प्रतिकूल र आफ्नो स्वार्थको अनुकूल प्रयोग गर्दछ। व्यवहारमा त ऊ पूर्ण रूपमा नारी अस्मिताविरोधी छ तर बोलीमा भने मोतीमायाप्रतिको आकर्षण जीवित छउञ्जेल ऊ स्वयं नै नारी समुदायको प्रशंसा र पुरुष समुदायको विरोध गर्न पनि पछि पर्दैन। उसले महिलाहरू दुःखमा परेको बेलामा उनीहरूका घाउमा परिस्थिति अनुकूल बोलीको मलम लगाउन सक्यो भने उनीहरूलाई आफ्नो स्वार्थ अनुकूल बनाउन सकिन्छ भन्ने कुरा बुझेको छ।

मोहनको मोतीमायासँग भेट भएका प्रारम्भतिरका कुरा सुन्दा उसको चरित्रमा शङ्का गर्नुपर्ने आधार भेटिंदैन। मोतीमायालाई मृत्युपथबाट हटाइसकेपछि र उसले श्रीमान्को घरमा फर्केर नजाने कुरा गर्दा ऊ भन्छ - "त्यसोभए मेरो घरमा हिंड त, म तिमीलाई बहिनी बनाई राख्छु" (पृ.४८)। मोतीमायाको जीवनेच्छालाई अझ प्रबल बनाउन ऊ भन्छ- "म तिम्रो छोरालाई चोरेर ल्याएर पनि बराबर भेटाइ राख्छु" (पृ.४९)। भावनाको निर्मलताको वकालत गर्न पनि ऊ पछि पर्दैन (पृ.५०)। त्यसैले त "मोहनबहादुरको कुराकानीको ढङ्गरङ्ग देखेर मोतीमायालाई उनी साधु पुरुषै हुन् भन्ने विश्वास पनि भएको थियो" (पृ.५१)।

आदर्शका कुरा जति नै गरे पनि नारीलाई हेर्ने परम्परागत दृष्टिकोण नै उसभित्र जमेर बसेको छ र उसले त्यसलाई खुर्केर फाल्न नसकेको मात्र होइन, फाल्ने प्रयत्न नै नगरेको कुरा उसका बेलाबखतका अभिव्यक्तिबाट प्रस्ट हुन्छ। ऊ भन्छ, "तिमी आइमाईहरूको पेटमा दुःख पनि सुख पनि अड्दैन (पृ.६८)।" यति मात्र होइन नारी र पुरुषको तुलना गर्दै ऊ नारीलाई पुरुषभन्दा कता हो कता महान्समेत बनाइदिन्छ (पृ.६७, ६८, ६९) तर यी सब स्वार्थी पुरुषका स्वार्थका जाल हुन् भन्ने कुरा मोहनले मोतीमायासँग प्रेमको प्रस्ताव राखेपछि (पृ.७२) स्पष्ट भएको छ। उसले मोतीमायालाई भौतिक रूपले पाउने लालसाले मात्र आफूलाई त्यति आदर्श पुरुषका रूपमा प्रकट गरेको रहेछ भन्ने कुरा उसैका पछिल्ला व्यवहारले प्रमाणित गरिदिएका छन्। एक बिहान मोहनका कोठामा साथीहरू आएका बखत भएका कुराकानीमार्फत ऊ नारीप्रति गतिलो विचार र व्यवहार गर्ने पुरुष होइन भन्ने कुराको पुष्टि भएको छ। मोहन नारीलाई विलासको साधनका रूपमा हेर्छ भन्ने कुरालाई उसैको साथी रमानन्दको भनाइमार्फत बुझ्न सकिन्छ। ऊ भन्छ,"मोज गर, मोज मोहन, तिम्रै हो मज्जा। खेल फेरि नयाँ संसारमा खूब" (पृ.८०)। अर्को साथी नातिभाइको अभिव्यक्तिले पनि मोहनलाई त्यसै रूपमा प्रस्तुत गरेको छ। अझ भनौं नारीप्रतिको उसको निकृष्ट व्यवहारलाई अझ खोतलेको छ। ऊ भन्छ, "जीवनमा यो चौथो साम्राज्य होइन तिम्रो ?" (पृ.८०)। उसको चरित्रलाई पराकाष्ठामा चित्रित गर्ने काम बाबुलालको अभिव्यक्तिले गरेको छ। ऊ भन्छ "यस्तो विजय अझ कति बाँकी होला-कसो मोहन !" (पृ.८०)। साथीहरूका यस्ता अभिव्यक्तिलाई कुनै प्रतिवादविना नै मुसुमुसु हाँसेर सुनिरहनुले मोहनलाई नारीविरोधी चरित्रका रूपमा प्रस्तुत गरेको छ र उसका साथीहरू उसको त्यसै प्रवृत्तिप्रति व्यङ्ग्य गरिरहेछन्। त्यही क्रममा रमानन्द भन्छ "हेर, मूला मोहन, यो चाहिं भाउज्यू राम्री मात्रै होइन, साह्रै असल र सिधी होलिन् जस्ती देखिन्छिन्, अब त 'चितुवाको हजार गोठ' गर्नु भएन हैं ! पाप लाग्ला तिमीलाई" (पृ.८१)।

मोहनले विनोदलाई बारम्बार मोतीमायासँग भेटाइदिंदा ऊ उदार व्यक्ति हो कि भन्ने भ्रम पनि पर्दछ। यस कुरालाई उपन्यासका निम्नलिखित उद्धरणले पुष्टि गरेको छ-

> मोतीमायाको मन राखिदिनलाई नै मोहनबहादुरले यो ठेक्का लिएका त थिएनन्, वसन्तमा फुलिरहेको मोतीमायाको यौवन लुट्नका निम्ति उनको मन कब्जा गर्नलाई सम्म मोहनबहादुरले यो झन्झट उठाइरहेका थिए। मोहनबहादुरले यस्तै धुर्त्याईं र बदमाशी गरेर अरू तीन सिधीसाधी नवयुवतीहरूको जीवन चुलोमा मिलाइदिइसकेका थिए (पृ.८७-८८)।

मोहनको नारीप्रतिको दृष्टिकोण र व्यवहारलाई उपन्यासकारले सिधै आफै अग्रसर भएर यसरी व्यक्त गरेका छन्-

> बीस नाघ्यो कि स्वास्नीमानिसहरूमा मोहनबहादुर यौवन पंचर भएको देख्तथे। उनको लेखा १६ देखि २० सम्म मात्र आइमाई युवती हुन्। २५ पुग्यो कि त उनी एकदम बूढी नै मान्दथे र हेल जातिले थारी गाई धपाइपठाएझैं धपाइहाल्थे। पहिली र दोस्री दुहुनी पट्ठीलाई त उनले २१ पुग्नासाथै धपाएका थिए, तेस्रीले मात्रै भाग्यले २५ पुगेर पनि मोहनबहादुरको गोडा ढोग्न पाएकी थिइन् (पृ.९८)।

कतै सिकार नपाएर मात्रै उसले मोतीमायामा आँखा चिम्लेको थियो (पृ.९८)। "मोतीमायाजस्तै पोइबाट लत्याइएकी टुहुरी र विवश नवयुवती एउटी मोहनबहादुरले फेरि भेट्टाइसकेको थियो" (पृ.९८)। यसैले मोतीमायासँगको उसको व्यवहार बदलिइसकेको थियो। आफ्नो तृष्णा नमेटिञ्जेल आफूलाई मोतीमायाको भक्त (पृ.७२) भन्ने मोहनबहादुर "के म तेरो छोरो बोक्ने भरिया हुनलाई जन्मिरहेको हुँ ? तेरो कमारो हुँ कि म तेरो खटन-पटन सधैं शिरोपर गरिरहनलाई ?" (पृ.९९) भन्न पनि बाँकी राख्दैन। अब त विनोद उसका घरमा आउँदा उसलाई बेइज्जत भएको अनुभव हुन थालेको छ।

मोहनको आफ्नै अभिव्यक्तिले उसको चरित्रको पुष्ट्याईं यसरी गरेको छ, "तँ रण्डीले टाउको कुल्चाउन, तँ फुँडीले जे पनि भनेको मान्न र सहनलाई जन्मिरहेको होइन, तँजस्ती हजार स्वास्नी नचाउन ल्याउने खुबी अझै छ। नामर्दको छोरा नदेख् मलाई रण्डी" (पृ.१००)। अन्त्यतः उसले मोतीमायालाई चारित्रिक लाञ्छना लगाउँदै कुटेर घरबाट निकालिदियो। यस अर्थमा मोहनबहादुर नारीका कोणबाट हेर्दा प्रमोदभन्दा धेरै निकृष्ट पुरुषका रूपमा अगाडि आएको छ। मोहनबहादुर सामन्ती समाजको दुष्ट पुरुषको नमुनाका रूपमा उपस्थित भएको छ।

### ५.२.८.३ विनोदको नारीप्रतिको दृष्टिकोण

विनोद मोतीमायाको अघिल्लो श्रीमान् (प्रमोद)पट्टिको छोरो हो। मोतीमायाले छोरो पाँच वर्षको हुँदा उसलाई छाडेर हिँडेकी थिई। यता मोहनसँग बस्न थालेको केही समय पछिदेखि मोहन र चम्पाका मद्दतले उसले विनोदलाई मोहनकै घरमा भेट्न पाउन थाली। यस क्रममा ११ वर्ष व्यतित भइसकेपछि विनोद पनि लक्काजवान भइसक्छ र यता मोतीमायासँग मोहन अघाइसक्छ। जब उसले मोतीमायाको विकल्प भेट्छ, त्यसपश्चात् ऊ ती आमाछोराको भेटघाटमा व्यवधान उत्पन्न गराउन थाल्छ। कतिपटक त उसले विनोदलाई आमा घरमा छैन भनेर फर्काइ पनि दिएको छ।

सरल रेखामा हिँडिरहेको जीवनमा व्यवधान उत्पन्न भएपछि अब विनोद सचेत ढङ्गले आमा (मोतीमाया)का बारेमा सोच्न थाल्छ। यता मोहनले ठाडै खुट्टा फर्काइदिंदा पनि र उता आफ्नै घरमा बाबु र सौतेनी आमाले मोतीमायाका बारेमा अनेक नकारात्मक कुरा गरी उसँग भेटघाट नगर्न दबाब दिंदा पनि ऊ आफ्नी आमालाई नकारात्मक ढङ्गले लिँदैन। यी सब कुराले उसको

दृष्टिकोणलाई अझ स्पष्ट पार्ने र दृढता दिने काम गरेका छन् । विनोदको आफ्नी आमाप्रतिको दृष्टिकोण नै उसको नारीप्रतिको दृष्टिकोण हो र उसको चरित्रविश्लेषणको आधार पनि त्यही हो ।

प्रस्तुत उपन्यासमा विनोदको दृष्टिकोणमार्फत नारीमा हुने मातृत्वलाई सतीत्वभन्दा महान् रूपमा प्रस्तुत गरिएको छ । आमाले अर्को विवाह गरे पनि नगरे पनि सन्तानका लागि केही फरक पर्दैन, आमा जहिले पनि आमा नै हुन्छे । फरक पार्छ त केवल अर्को बाबुको व्यवहारले । यसैले त विनोद अर्कै व्यक्तिसँग विवाह गरेकी आफ्नी आमालाई आदरणीय, ममतापूर्ण दृष्टिले हेर्दछ । ऊ आफ्नो यस दृष्टिकोणका विरुद्ध जाइलाग्ने संसारसँग जुध्न पनि तम्सन्छ (पृ.९१) । "उनको हृदयमा पोइल्याही आमा भन्ने भावको रेखासम्म पनि थिएन, उनको हृदयमा आमा आमै भन्ने मात्र थियो । त्यही भाव र भावुकतामा बढ्दै आएको हुनाले विनोदलाई अहिले पनि आमा पवित्र आफ्नै प्रतीत भइरहेको हो" (पृ.९३) । आमाप्रतिको उसको दृष्टिकोण स्पष्ट भएकाले ऊ कसैसँग पनि डराउँदैनथ्यो, आफ्नै बाबुसँग पनि । यसैले त आमा भेट्न गए पैतृक सम्पत्ति नपाउने भनेर कागज गराएपछि पनि ऊ आमाका मायाका अगाडि त्यस भौतिक सम्पत्तिलाई तुच्छ ठान्छ र बारम्बार आमालाई भेट्न गइरहन्छ (पृ.९७) । बाबु प्रमोदसँग असाध्यै डराउने विनोद आमाका बारेमा भने ठाडै भन्छ, "कसैको निम्ति केही भए मेरो निम्ति आमा  नआमा हुनुभएको छैन, हुनुभएको देखिनँ । म आमा होइन र छैन भन्न पनि सक्तिनँ, हो र छ भने मैले मान्नै पर्दछ" (पृ.१४२) ।

पितृसत्तात्मक सामन्ती समाजका नारीको जीवन स्थितिका बारेमा ऊ विज्ञ थियो । यद्यपि उसले यस विश्लेषणलाई सिधा शब्दद्वारा कतै पनि व्यक्त गरेको छैन । उसको व्यवहारले यो विज्ञता झल्काइरहेको छ । बाबु प्रमोदलाई छाडेर मोहनसँग दोस्रो विवाह गर्ने आमाको विवशता र बाध्यता बुझेर मात्र ऊ यति मातृभक्ति देखाउन सक्छ । ऊ प्रमोद र कमलासँग ठाडै भन्छ "समातृ भएर पनि म मातृहीन छु, सनाथ भएर पनि म अनाथ छु, टुहुरो छु । आमालाई फ्याँकेर म विवाह गर्न चाहन्नँ, आमाको काखमा बसेर मात्र म विवाह यात्राको प्रणय-रथमा आरोहित हुन्छु" (पृ.१४५) ।

कुनै पनि पुरुषमा नारीप्रति आउने उदारता असीम हुन नसक्नु समाजको पितृसत्तात्मकताको दोष हो, व्यक्तिको मात्रै होइन । विनोदको नारीपक्षीय सीमाना पनि आफ्नी आमा मोहनबहादुरलाई छाडेर वेश्यालयमा नै बसेको कुरा सानिमा कमलाबाट सुन्दा उसको मातृभक्तिमा ठेस लागेको सन्दर्भसम्म पुगेर टुङ्गिन्छ । यो पितृसत्तात्मक समाजको कुन विवशताले मोतीमायालाई  त्यस ठाउँमा पुऱ्यायो भन्ने कुरा खोतल्नतिर नलागी ऊ एक्कासि मोतीमायामाथि खुकुरी लिएर जाइलाग्छ । बाबु प्रमोद पनि मोतीमायालाई दुई श्रीमान्‌की मात्र श्रीमती रहुञ्जेल दोस्रो दर्जाकी सतीको संज्ञा दिने कुरा गर्छ (पृ.१४५) । विनोद पनि मोहनका घरमा आमा बसुञ्जेल बाबुलगायत सबैसँग जुधेर पनि आमाको पक्ष लिइरहन्छ तर ऊ त्यहाँबाट वेश्यालयमा पुगेको कुरा सुनेपछि मातृभक्तिमा लीन उसको पुरुषचेत तिल्मिलाउँछ । यहाँनिर प्रमोद र विनोदमा ५० प्रतिशत साम्य देखिन्छ । दुवैलाई मोतीमाया मोहनकहाँबाट पनि हिंडेको कुराले असहिष्णु बनाएको छ । यहाँनिर

बाबुछोरामा रहेको ५० प्रतिशत भिन्नता के हो भने प्रमोदले मोतीमाया मोहनकहाँ बसुञ्जेल उक्त भाव व्यक्त गरेको थिएन तर विनोदले आफ्नो त्यो समर्थन व्यवहारले नै देखाएको थियो ।

विनोद नारी समुदायप्रति दुराग्रह पाल्ने युवक थिएन । "विनोद विचारवान् प्रगतिशील व्यक्ति थिए । जे कुरा पनि गम्भीर दृष्टिले हेर्ने उनको बानी थियो । मैयाँनानीको विचारधारा र हृदय विनोदलाई स्तुत्य हुनगयो" (पृ.१५२) । फेरि उसले मोतीमायालाई आफ्नी आमा भनेर मात्र साथ दिइरहेको थिएन । उसलाई नेपाली समाजका नारीको जीवन स्थितिका बारेमा राम्रै ज्ञान छ । उसले प्रगतिशील भनाउन र आदर्श भएर नाक ठड्याउन मात्रै मोतीमायालाई मैयाँनानीको कोठीबाट घर लैजाने साहस बटुलेको थिएन । नारीप्रतिको सकारात्मक सोचकै प्रतिफलस्वरूप नै मोतीमायाको हत्या गर्न कस्सिइसकेको ऊ मैयाँनानीले यथार्थ कुरा अगाडि राखिदिएपछि फेरि अनुकूल बन्छ र आमालाई ससम्मान घरमा लैजान चाहन्छ । ऊ भन्छ-

> बासितै पनि सङ्घर्ष गरूँला । अहिले मैले आमालाई खालि आमा भनेर मात्रै आदर गरिरहेको होइन, सत्यको पूजा गरिरहेको हुँ, त्यसैले सत्यको निम्ति कर्तव्यको निम्ति तपाईंले रण्डी भएर संसार उठाउन खोज्नुभएजस्तै मैले बाबुलाई खतम गरेर पनि सत्यको पूजा गरूँला (पृ.१५३) ।

विनोदको नारीप्रतिको सग्लो दृष्टिकोण उपन्यासको अन्तिम परिच्छेद (पृ.२६)मा अझ बढी खुलस्त भएको छ । अघिल्ला परिच्छेदहरूमा उसको नारीप्रतिको यो भावना उसकै आमाप्रतिको व्यवहारद्वारा मात्र अर्थ्याउन सकिन्थ्यो तर अहिले उसले आमाको केन्द्रीयतामै समग्र नेपाली नारीको जीवन स्थितिको विश्लेषण गर्दै त्यसको पक्षधरता अँगालेको छ । ऊ प्रमोदसँग भन्छ, "तपाईंले मेरी आमालई मात्र होइन, समाजको सुरक्षा गरी समाजलाई फलाउने, हुर्काउने नारी जातिलाई अपमान, अवहेलना गरी नेपाललाई समेत बर्बाद गरिरहनुभएको छ, राष्ट्रमा कलङ्क लगाइरहनुभएको छ । ...यसको गुह्य बुझ्ने, थाहा पाउने अनि समाजको नारी मर्म जान्ने विनोदले यसमा कहिल्यै सहन गर्ने छैन पिताजी !" (पृ.१५८) ।

विनोदको दृष्टिकोण समाजको बाध्यताले बिग्रिएकी एउटी नारीलाई साथ दिंदा एउटी नारी मात्र सप्रने होइन, सिङ्गो समाज नै सप्रन्छ भन्ने छ र यसलाई समाजवादी दृष्टिकोण भन्ने गरिन्छ । यसैले ऊ एउटी नारीलाई बर्बाद पार्नु भनेको समाजलाई नै बर्बाद पार्नु हो भन्ने ठान्छ । नारी र पुरुषको समन्वयमा नै ऊ जीवनको अर्थ देख्छ । ऊ सुख, सुविधा र अवसर पाउने लोभमा परेर पिताको पक्षधरता अँगाल्न अग्रसर हुँदैन । ऊ भन्छ, "आमालाई फ्याँकेर बर्बाद गराएर पितालाई मात्रै मान्यता दिनु अनुचित छ । आमालाई बर्बाद गर्ने पिता पिता होइनन्, दुष्ट हुन्" (पृ.१६०) । आमाका माध्यमले नारी समुदायको पक्ष लिनुलाई समाज सुधारको पक्षधर विनोद आफ्नो कर्तव्य ठान्छ र त्यसका लागि ऊ बलि हुन पनि तयार छ (पृ.१६०) । उसको सोच नारी पक्षधरता समाज सुधार र समाज परिवर्तनका निम्ति पनि आवश्यक छ भन्ने छ । ऊ नारीका हितका निम्ति समर्पित भएर विद्यमान समाजमा परिवर्तन ल्याउन अग्रसर छ । उसको सोच समाजमा कुनै हैकम नभएकी नारीमा समाजलाई बिगार्ने सामर्थ्य हुँदैन, समाज बिगार्ने त

हैकमवाला पुरुष नै हो भन्ने रहेको छ। ऊ मैयाँनानीको चरित्रलाई परम्परागत दृष्टिकोणबाट मूल्याङ्कन गर्दैन। समाजले वेश्या बनाएकी र वेश्या भनिएकी मैयाँनानी आफ्ना पिता (प्रमोद) र माता (विमाता कमला)लाई मारेको अभियोगमा जेल परेपछि आफ्नो घरलाई 'मैयाँ-मन्दिर' नाम दिई मैयाँ महिला सङ्घ खोली त्यसको कार्यालय आफ्नै घरमा स्थापना गरी आमा मोतीमायालाई त्यसको अध्यक्षता दिनु विनोदको चानचुने क्रान्तिकारिता होइन। समाज परिवर्तनको चाहना राख्ने मानिसले नारीविरोधी हुनु प्रतिकूल आदर्श हो र यो विनोदका चरित्रमा पाइँदैन।

उपन्यासमा थोरै समय देखा परेर पनि महत्त्वपूर्ण भूमिकासहित आएको न्यायाधीश पनि नारीपक्षीय नै देखा पर्दछ। सुरुमा त ऊ मैयाँनानीको आलोचक नै देखिन्छ तर जब उसले आफ्नो बयान दिन थाली त्यसपछि उसभित्र मानवीय भावना ब्युँझन थालेको छ। ऊ मैयाँनानीलाई "स्वास्नीमान्छे भएकी हुनाले तिमी ज्यानमारा भए पनि मलाई माया लाग्छ" (पृ.१६४) भन्छ। मैयाँनानीले त्यो मायाको झाँको झारिदिएपछि भने ऊ सचेत भएको छ। उसले कानुनको अक्षमता बुझेको छ। मैयाँनानी सजायँ दिइनुपर्ने पात्र होइन भन्ने कुराको बोध उसलाई भइसकेको छ। समाज परिवर्तनका लागि असचेत सती नारीभन्दा सचेत वेश्या नै उपयुक्त हुन्छे किनभने वेश्यापन नारीको रहर होइन बाध्यता मात्र हो। सती नारीले आफ्नो सतीत्वको मात्र रक्षा गरिरहेकी हुन्छे तर मैयाँनानीले देशकै सतीत्वको वास्ता र रक्षा गर्ने प्रयत्न गरेकी छ। यस अर्थमा न्यायाधीश कानुनको लङ्गडोपनले बाँधिएको निरीह व्यक्तिका रूपमा देखा परेको छ जसको भावना प्रमोद र मोहनको झैं नारीविरोधी छैन।

प्रस्तुत उपन्यासमा प्रमोद र मोहन घोर नारीविरोधी छन् जो नारीको मूल्य वासनाभन्दा पर देख्दैनन्। यिनीहरूकै प्रतिध्रुवीय पात्र हो विनोद जो नारीका विवशतालाई सामाजिक परिवेशका सन्दर्भमा अर्थ्याउँछ। उसको दृष्टिकोण समाजमा परिवर्तन ल्याउन नारीको जीवन दशामा परिवर्तन ल्याउनुपर्छ र नारीको जीवनमा परिवर्तन ल्याउन समाजमा परिवर्तन ल्याउनुपर्छ, एउटा पक्षको मात्र परिवर्तन अधुरो हुन्छ भन्ने छ। यो समाजवादी विश्वदृष्टिकोणकै मान्यतामा आधारित दृष्टिकोण हो। विनोदको चरित्रलाई उजिल्याउनकै लागि नै प्रमोद र मोहनजस्ता घोर नारीहित विरोधी चरित्रलाई उपस्थित गराइएको छ जो यथार्थतः समाजविरोधी छन्।

## ५.२.९ पुरुषप्रतिको नारीको दृष्टिकोण

प्रस्तुत उपन्यासमा पितृसत्तात्मक समाज व्यवस्थामा सम्भव हुने किसिमका नारी चरित्र नै छन्। यसैले उनीहरूमा विद्यमान संस्कार पनि पितृसत्तात्मक सोचअनुकूल नै छ। एउटै काम पुरुषले गर्दा राम्रो र नारीले गर्दा नराम्रो हुने परम्पराका नारीहरू पुरुषले गरेकै जस्तो काम आफूबाट हुन पुग्दा हीनताबोधले ग्रस्त हुन्छन्। प्रमोदले दुईवटा विवाह गर्दा त्यो गलत र अस्वीकार्य भएन तर जीवनका परिस्थितिले विवश र बाध्य भएर त्यही काम मोतीमायाले गर्दा ऊ समाजका दृष्टिमा हेय बनी र आफ्नै दृष्टिमा पनि हीन बनी। नारी र पुरुषका निम्ति समाजका नीति-नियमको दोहोरो मापदण्डले यस्तो हुन गएको हो।

### ५.२.९.१ मोतीमायाको पुरुषप्रतिको दृष्टिकोण

एउटा श्रीमान् छाडेर अर्को श्रीमान् वरण गर्ने नारीलाई वेश्या मान्ने सामाजिक मापदण्ड अनुसार मोतीमाया वेश्या बनेकी छ तापनि ऊ सतीत्वलाई परम आदर्श मान्दै श्रीमान्लाई परमेश्वर मान्छे। श्रीमान् प्रमोदले आफूमाथि यावत् अत्याचार गर्दा पनि ऊ उसलाई परमेश्वर मान्न छाड्दिन। नारी आफूमाथि बज्रन आएका पुरुषका कठोरतालाई पनि सहानुभूतिपूर्वक लिन्छे, पुरुषमाथि नै सहानुभूति र प्रेम ओइऱ्याउँछे, आफूमाथि होइन। जीवनका हरेक सन्दर्भलाई पुरुष (श्रीमान्)कै केन्द्रीयतामा अर्थ्याउने मोतीमाया आफू श्रीमान्पीडित हुँदाहुँदै पनि भन्छे-

> आफूलाई जेसुकै गरुन् जे भए पनि पोइ हुन्, आफूले आफ्नो कर्तव्य पुऱ्याउन सक्नुपर्छ। पोइसँग लडेर नरक जाने हिम्मत ममा छैन। पोइ परमेश्वर, यही विश्वासमा म मर्न चाहन्छु, चाहे आफूले जतिसुकै सङ्कट झेल्न परोस् (पृ.३३)।

**स्वास्नीमान्छे** उपन्यासमा मूल रूपमा श्रीमान् (प्रमोद) प्रतिको र सहायक रूपमा मोहन र विनोद प्रतिको दृष्टिकोण नै यसकी मूल नारी पात्र मोतीमायाको पुरुषप्रतिको दृष्टिकोण हो। यीमध्ये पनि उसको प्रमोदप्रतिको दृष्टिकोण नै पुरुषप्रतिको प्रमुख दृष्टिकोण बनेको छ। पुराण कालदेखिकै धार्मिक साहित्यको एउटा प्रमुख ध्येय नारीमाथिको पुरुष हैकमलाई दिनपरदिन कसिलो बनाउँदै लैजानु पनि हो र नेपाली समाजमा यो पूर्णरूपमा सफल पनि रहेको छ। २१ औं शताब्दीको पूर्वसन्ध्यामा (शताब्दी परिवर्तन हुन लगभग पाँच दशक बाँकी हुँदा) **स्वास्नीमान्छे** उपन्यासकी मोतीमायाको धर्मभीरुतापूर्ण जीवनदृष्टिले तिनै धार्मिक ग्रन्थको सन्देशलाई प्रवाहित गराएको छ। ऊ समाजका लैङ्गिक ढङ्गले विषम रहेका नीतिहरूलाई त्यही धर्मभीरुताले गर्दा शिरोधार्य गर्छे। ऊ आफ्नो गल्ती नै नभएको कुरामा प्रमोदले कुट्दा पनि धुरुधुरु रोइरहन्छे, प्रतिवाद गर्दिन। उसले बल्लबल्ल बाध्य भएर फर्काएको जवाफ पनि प्रभावहीन हुन्छ (पृ.३८-३९)। पितृसत्ताले प्रदान गरेको सहुलियतले गर्दा यहाँ मोतीमायाका आमाछोरालाई भोकै-नाङ्गै राख्ने पनि पुरुष (प्रमोद) नै रहेको छ र उनीहरूले आफ्नो भोक टार्ने उपाय खोज्दा उत्पीडन दिने पनि पुरुष नै छ। मोतीमाया पुरुष (श्रीमान्)का अत्याचार खप्नुलाई आफ्नो कर्तव्य ठान्छे। बरु उल्टै आत्महत्या गर्ने सोच बनाउँछे। विनोदसँग मोतीमायाले "अब आमालाई सम्झेर नरोऊ है, बिस्कुट खाएर बसिरहू" (पृ.४०) भनेबाट यही आशय झल्कन्छ।

नेपाली हिन्दू नारीहरूमा श्रीमान्प्रति (पुरुषप्रति) अन्धभक्ति यति चरम सीमामा पुगेको हुन्छ कि उनीहरू उसले कुटपिट गर्दा पनि त्यसको विरोध गर्नुलाई पाप सम्झन्छन्। श्रीमान्द्वारा माया गरिएकी सौता (जो आफ्नो अधिकार खोस्न आएकी हुन्छे)लाई माया गर्नुलाई आफ्नो कर्तव्य सम्झन्छन्, श्रीमान्बाट पाएको पीडा र यातनालाई आफ्नै कर्मको फल एवं पूर्वजन्मको कमाई सम्झन्छन्। उनीहरूले आफ्नो यही प्रवृत्तिगत कमजोरीले आफूलाई बढीभन्दा बढी शोषित बनाएका हुन्छन्। नेपाली नारीहरू श्रीमतीलाई कुटपिट गर्नुलाई श्रीमान्को अधिकारभित्रको कुरो सम्झन्छन्। उनीहरूमा आमालाई पो कुट्नु हुँदैन त, पत्नीलाई त कुट्नु भैहाल्छ नि भन्ने भाव हुन्छ। मोतीमाया यस्तै नेपाली नारीको ज्वलन्त दृष्टान्तका रूपमा प्रस्तुत भएकी छ (पृ.६६)।

नेपाली नारीहरू पूर्ण समर्पिताको अस्तित्वभित्र सीमित हुन्छन् । उनीहरू श्रीमान्ले कुटी-कुटी माऱ्यो भने पनि स्वर्गको बाटो पाइन्छ भनेर ढुक्क हुन्छन् । उनीहरूको मस्तिष्क यसरी नै भुटिएको हुन्छ । नेपाली नारीको जीवनदृष्टि देवताको हातबाट मर्न पाउँदा पापीहरूको उद्धार हुन्छ भन्ने हिन्दू आदर्शउत्प्रेरित हुन्छ । मोहनबहादुरका घरमा पुगिसकेकी मोतीमाया यस्तै धारणाले प्रमोदका घरमा फर्कने विचार गर्छे । श्रीमान्का रूपमा उसले पुरुषलाई देवताको दर्जा प्रदान गरेकी छ (पृ.६७) ।

नारीहरू पुरुषले पनि नारीप्रति कर्तव्यपालन गर्नुपर्छ भन्ने ठान्दैनन् । श्रीमान्का रूपमा पुरुषले कर्तव्यपालन नगरे पनि श्रीमतीका रूपमा भने नारीले कर्तव्य पालन गर्नैपर्ने भन्ने ठान्छन् । मोतीमाया प्रमोदले आफूप्रति कुनै कर्तव्य पालना नगरे तापनि आफूले भने कर्तव्य पालन गर्ने भाव व्यक्त गर्छे (पृ.७५) ।

नारीहरू नारीका साहचर्यमा सुख र सजिलोपनको अनुभव गर्छन् । उनीहरू पुरुषहरू, अझ खासगरी अपरिचित पुरुषसँगको साहचर्य रुचाउँदैनन् । मोतीमाया पुरुषका साहचर्यबाट अलग रहन चाहन्छे । मोतीमाया मिश्रीले घरमा एउटै पनि पुरुष नभएको कुरा गरेपछि मात्र उसको साथ लागेकी छ र घरमा पुग्दा साँच्चै  नै पुरुष नदेख्दा ढुक्क हुन्छे । "आइमाईहरू मात्र भएकाले मोतीमायाको आकुल-व्याकुल मनले केही शान्तिको सास फेऱ्यो" (पृ.१०४) । यसरी हेर्दा नारीका लागि पुरुष सुखको मात्रै साथी हो, दुःखको होइन भन्ने दृष्टिकोण झल्कन्छ ।

समग्रमा मोतीमाया पुरुषप्रति सम्मानको भाव राख्छे । ऊ प्रमोद र मोहनप्रति मात्रै होइन छोरा विनोदप्रति पनि त्यही भाव राख्छे । विनोद छोरा भए पनि उसले श्रीमान्को उत्तराधिकारीका रूपमा सम्मान गरेकी हो । उसको जीवनको मूल आदर्श सतीत्व हो । पितृसत्तात्मक समाजको चरित्रअनुरूप नै ऊ चारित्रिक सत्को संरक्षण गर्ने जिम्मेवारी पुरुषको होइन भन्ने ठान्छे । यसैले उसले दोस्रो विवाह गर्ने प्रमोद, अनेकन् विवाह गर्ने मोहन दुवैलाई कहीं कतै पनि त्यस सन्दर्भमा दोषी मानेकी छैन । बरु उल्टै आफैलाई दोषी मानेर हीनताबोधले ग्रस्त बनेकी छ । यही हीनताबोधले गर्दा ऊ स्वयंलाई पतित ठान्छे । यस उपन्यासमा एकाध पटक प्रमोदसँग प्रश्नोत्तर गरे पनि त्यो कुरा द्वन्द्वका अवस्थामा पुगिसकेको थिएन । मोहनसँग पनि विनोदको विषयलाई लिएर एकाध पटक प्रश्नोत्तर भएको हो । मोतीमायामा मोहनले उसलाई घरबाट लत्याएर र गलहत्याएर निकाल्ने बखतमा उपन्यासभरिमा जम्मा एक पटक पुरुषप्रतिको आक्रोश र द्वन्द्व देखा परेको छ । मोहनले आफूलाई वेश्या भनेको प्रतिवादस्वरूप ऊ भन्छे-

> मैले के भनेकी छु तपाईंलाई ? जथाभावी भन्न किन परेको छ ? तपाईंलाई कसले नामर्दको छोरा भनेको छ ? मर्दको छोरा भएरै त अर्काकी छोरीलाई ल्याई यस्तरी मनपरी  भन्न सक्नुभएको । ल्याइरहनुस् न लाख स्वास्नी नै । अर्काकी छोरी फसाई जिन्दगी बर्बाद गर्नु  नै त तपाईंले मर्दानगी सम्झिरहनुभएको छ । धन्य तपाईंको मर्दानगी ? (पृ.१००) ।

यसरी मोतीमायाले जिन्दगीमा जम्मा एकपटक पुरुषत्वलाई चुनौती दिएकी छ। धर्मभीरु मोतीमाया हिन्दू धर्मले तोकिदिएको नारी आदर्शको सीमा नाघ्ने हिम्मत गर्दिन। उसको पुरुषप्रतिको दृष्टिकोण पनि यसै परिस्थितिको दास बनेको छ।

### ५.२.९.२ मैयाँनानीको पुरुषप्रतिको दृष्टिकोण

मैयाँनानी **स्वास्नीमान्छे** उपन्यासकी सर्वाधिक सचेत नारी चरित्र हो। उपन्यासको कथावस्तुलाई निर्णायक मोड दिने काम उसैले गरेकी छ। जीवनका प्रारम्भका दिनतिर ऊ पनि धर्मभीरु र सतीत्वको घमण्ड भएकी नारी थिई (पृ.१२४)। समय र परिस्थितिले बाध्य भएर वेश्या बन्नु परेपछि उसले आफूलाई मोतीमायाले झैं हीनताबोधको दलदलमा नभसाई त्यसैबाट ऊर्जा ग्रहण गरी समाज र देशमा परिवर्तन ल्याउन सक्रिय बनेकी छ र यसैलाई जीवनमूलक अभिलक्षण मानिन्छ। यसैले पुरुषप्रतिको उसको दृष्टिकोण पनि स्पष्ट बनेको छ ।

समाजमा नारी समुदायमाथि अत्याचार व्याप्त छ र त्यो अत्याचार गर्नेमा प्रमुख रूपमा पुरुष रहेको छ। उसले यसो हुनुको कारण पनि पहिल्याएकी छ। ऊ भन्छे-

> स्त्रीजातिको जागृति नभएका हुनाले पुरुष जाति कस्तरी अत्याचारी भएर निस्किरहेका। तिम्रो जीवन र धर्म पनि त्यसै बर्बाद गरिदियो तर हामीले पुरुषजातिसित रीस राख्नुभन्दा आफ्नो जागृतिको मार्ग खोज्नुपर्छ (पृ.११९)।

ऊ नारीको यौवनको पछाडि कुद्ने पुरुषलाई गुण्डा भन्ने संज्ञा दिन्छे (पृ.१२१)।

मैयाँनानी कोठी नै खोलेर बसेकी छ। यति भएर पनि उनीहरू पुरुषले झैं यौवनको सिकारका निम्ति विवेकको आँखा चिम्लँदैनन्। उनीहरू आफ्नो कोठीमा आउने केटाहरू जाँचबुझमा यदि चोखा निस्के भने तिनीहरूलाई नफसाईकन उल्टो बज्रदीक्षा दिई पठाउँछन् (पृ.१३६)। उनीहरू पुरुषको नबिग्रिएको चरित्र बिगारिदिने काम गर्दैनन्। यस कोणबाट हेर्दा कोठी नै खोलेर बसे तापनि उसमा पुरुषप्रति दुर्भाव भने देखिंदैन।

पुरुष नचाहिने कुरामा बहादुरी देखाई हिँड्छ तर चाहिने कुरामा देखाउँदैन। यस्तो सन्दर्भप्रति मैयाँनानीको गुनासो छ। ऊ सद्विवेकी पुरुष चाहिं बहादुर हुनैपर्ने भन्ने आशयलाई परोक्ष किसिमले यसरी अगाडि सार्छे-

> तपाईंजस्ता नादानहरूले भरिभराउ भएर गिरिरहेको, खसिरहेको, भासिरहेको अनि चुत्थो भइरहेको तपाईंको समाजलाई सम्हाल्न, उठाउन, बचाउन अनि उँभो लाउनलाई हामी रण्डी भइरहेका हौं (पृ.१५०)।

मैयाँनानी सत्य-असत्य जे भए पनि नारीको पक्ष लिनैपर्छ भन्ने आग्रह राख्दिन तर कुनै पुरुषले सत्यको पक्षधर भएर नारीको वकालत गऱ्यो भने ऊ कृतज्ञता व्यक्त गर्न भुल्दिन। ऊ भन्छे-

वाह वाह विनोद धन्य ! धन्य ! म यस्तै मानवता र सत्यको निम्ति बाबुमाथि पनि तलवार उठाउन सक्ने वीरता भएको मानिसलाई मात्रै मानिस भन्न सक्तछु, महामानव मान्दछु, देवता भनेर शिर झुकाउन सक्तछु (पृ.१५३) ।

हाम्रो समाजको पुरुष आफूलाई समर्थ-सक्षम तथा नारीलाई असमर्थ-अक्षम ठान्छ भन्ने कुरा उसले नारीलाई सधैंभरि दया र मायाका पात्र ठानेबाट पुष्टि हुन्छ। पुरुषको यो प्रवृत्ति मैयाँनानीलाई असह्य हुन्छ र ऊ त्यसलाई दुत्कार्दै भन्छे -

तपाईं लोग्नेमान्छेहरूको यही दया र माया नै हाम्रा निम्ति अभिशाप सिद्ध भइरहेको छ। यस्ता दया र मायालाई हामीले पूजा सम्झेका छैनौं, बरु यिनलाई हामीले अपमान सम्झेका छौं, त्यसैले मानवीय दया र माया गरेर हामी र हाम्रो उन्नतिलाई नगिराउनुहोला (पृ.१६४) ।

नारीले वेश्या बन्नु राम्रो होइन भन्ने कुरा मैयाँनानीलाई थाहा छ तैपनि ऊ वेश्या नै बनिरहेकी छ। नारीलाई वेश्या बन्न विवश पार्ने कारकका रूपमा पुरुष समुदायलाई लिन्छे तापनि उसले सिङ्गो पुरुष समुदायलाई यसमा नमुछी 'अमानुषी पुरुष' लाई मात्र दोषी ठहऱ्याएकी छ। त्यस्ता 'अमानुषी पुरुष'को हत्या गर्नसमेत ऊ पछि परेकी छैन। प्रमोद त्यस्तै कुपुरुषको एउटा उदाहरण हो (पृ.१६५)। प्रमोदको दुष्ट्याइँलाई पुष्टि गर्ने क्रममा ऊ अगाडि भन्छे-"मोतीमाया रण्डी बन्ने स्वास्नीमान्छे होइन, उसको नसा-नसामा सतीत्व बिउँझिरहेको देखिन्थ्यो तर प्रमोदले मोतीमायालाई मोहनबहादुरकहाँ पुग्नुपर्ने स्थिति जन्माइदियो" (पृ.१६६)। कमलालाई ढुङ्गा फलामभन्दा पनि कठोर, हृदयशून्य, मानिसको धर्मले हीन, नाम लिन पनि नालायक पापिनी बनाउने पनि पुरुष (प्रमोद) नै हो भन्ने उसको ठहर छ (पृ.१६६)। यस्तो किन भयो भनेर खोज्दै पितृसत्तात्मकतासम्म पुग्ने काम भने यहाँ भएको छैन। अर्थात् पुरुष व्यक्तिगत प्रवृत्तिका कारणले दोषी छ भन्ने आशय नै यहाँ झल्किएको छ। सामाजिक परिवर्तनका निम्ति सामाजिक एवं राजनीतिक क्रान्ति आवश्यक हुन्छ र महिलाका जीवनको पीडा निवारणका निम्ति पितृसत्तामाथि आक्रमण गर्नुपर्छ भन्ने दृष्टिकोणसम्म मैयाँनानी पुगेकी छैन। बरु ऊ त बदमास पुरुषलाई छानीछानी हत्या गर्दै गएमा पुरुषहरू प्रमोद प्रवृत्तितर्फ नभई विनोद प्रवृत्तितर्फ अग्रसर हुन्छन् भन्ने विचार राख्छे। ऊ भन्छे-

अब मलाई आशा छ, स्वास्नीमान्छेहरूमाथि अत्याचार, अनाचार, आक्रमण र गुण्डागिरी गर्ने लोग्नेमान्छेहरूलाई अन्त्य गर्न नेपालमा हज्जार मैयाँनानी हुनेछन् र लोग्नेमानिसहरू पनि प्रमोद नभईकन विनोद बन्नेछन् (पृ.१६७)।

यहाँनिर उसको पुरुषप्रतिको दृष्टिकोण समाजवादी भन्दा पनि व्यक्तिवादी र विद्रोही किसिमको देखिन्छ। उसमा समाज सुधार र परिवर्तनको अपेक्षा त छ तर त्यसलाई ऊ व्यक्ति हत्याबाट, खासगरी पुरुषको हत्याबाट पूरा गर्न चाहन्छे। यस्तो प्रवृत्तिलाई क्रान्तिकारी स्वच्छन्दतावादको संज्ञा दिनु उपयुक्त हुन्छ।

जीवनका प्रारम्भतिर मैयाँनानीको पुरुषप्रतिको धारणा सकारात्मक थियो तर जब उसलाई श्रीमान्द्वारा गलहत्याएर घरबाट निकालियो, पिताले पनि ज्वाईंको पक्ष लिएर माइतमा शरण दिएन, जोगी भएर सतीत्व रक्षा गरी बस्छु भन्दा पनि यौवनका सिकारी दुष्ट पुरुषहरूले उसलाई उम्कन दिएनन्, अर्को एउटा गुण्डाले केही वर्ष घरमा श्रीमती बनाएर राखी छोरीसमेत पाइसकेकी उसलाई छोरीविना नै घरबाट निकालिदियो, त्यसपछि उसले वेश्या पेसा अँगालेरै पनि पुरुषको अधीनस्थता अस्वीकार गरी । पुरुषको अधीनमा बसे पनि नबसे पनि नारीको यौवनको लिलामी नै हुने भएकाले ऊ त्यो लिलामी स्वतन्त्र र आत्मनिर्भर भएर गर्न रुचाउँछे। यही रुचिको प्रतिफलस्वरूप ऊ दुई-चार कोठीकी मालिक बनिसकेकी छ। यसरी जीवनको मध्य र उत्तरार्द्धमा ऊ पुरुषप्रति मैत्रीभाव राख्नै नसक्ने भएकी छ। विनोदमाथिको आस्था अपवादका रूपमा देखा परेको छ। यस कोणबाट हेर्दा उसको पुरुष समुदायप्रतिको पूर्वाग्रह निराधार देखिंदैन र ऊ सद्पुरुष फेला पर्दा उसप्रति सद्भाव नै राख्न पनि पछि पर्दिन ।

### ५.२.९.३ कमलाको पुरुषप्रतिको दृष्टिकोण

कमला घरबाहिरको संसारसँग सम्बन्ध नभएकी विशुद्ध गृहिणी र प्रमोदकी कान्छी पत्नी हो जसले पुरुषको कमजोरी बुझेकी छ। उसले पुरुष (श्रीमान्)लाई नारी-यौवनको दासका रूपमा अर्थ्याएकी छ। आफ्नो यौवनको सुरक्षाका निम्ति उसले मातृत्वलाई समेत त्यागेकी छ (पृ.१३९) र सौताको छोरो विनोदमाथि बेलाबखत माया पोखेर मातृत्वको तृष्णा मेटाउने गरेकी छ। यसैले श्रीमान् सुरैया र मधुवालाको स्वरमाधुरीमा तन्मय हुँदा पनि कटाक्ष गर्न पछि पर्दिन र नोकर्नी चम्पालाई आफ्नो श्रीमान्सँग बढी नजिकिएको देखेर बाहिरको पुरुषसँग मेलजोल बढाई भन्ने निहूँ बनाई कुटेर घरबाट निकालिदिन्छे।

पुरुषका खराब आचरणलाई ऊ मान्यता दिन्छे। पुरुषको गुण्ड्याईंलाई ऊ स्वाभाविक ठान्छे, बरु त्यसबाट जोगिन नसक्नु नारीको कमजोरी ठान्छे। कमला पूर्ण रूपमा पितृसत्तात्मक संस्कारकी दास देखिन्छे। ऊ नारी अस्मिताका कोणबाट सोच्नै जान्दिन। ऊ भन्छे-

> अर्कालाई के दोष ? आफ्नै माल कच्चा छ। अहिले म त्यस्ती बनूँ न हज्जार गुण्डा वैरिनेछन्। त्यसैले अर्कालाई चोर दोष लाउनु छैन, 'आफ्नो थैलीको मुख छोप्नुपर्छ' भनिराखेको। तपाईंले नै पाओस् त त्यस्ती कुत्कुती तरुनी, अहिल्यै तपाईं गुण्डा बनेर जान बेर छैन। त्यसैले आफ्नो इज्जत, गौरव र सत् त आफैले राख्न सक्नुपर्छ (पृ.१२)।

ऊ यसरी पुरुषको चरित्रलाई कहिल्यै दाग लाग्न नसक्ने देख्छे।

सतीत्व-निष्ठा श्रीमान्का रूपको पुरुषका सम्मानका खातिर राखिने कुरा हो। कमला मोतीमायाको भ्रष्टताको बखानभित्र परोक्ष रूपमा आफ्नै सतीत्वको गाथा गाउँछे। ऊ आफ्नो यौवनका साथै सतीत्वका माध्यमले पनि श्रीमान्लाई वशमा राख्न चाहन्छे।

पुरुषको नारीमाथिको अत्याचारलाई वैधानिक ठान्दै ऊ भन्छे-

> जेठी स्वास्नीलाई जस्तै सम्झनुहुन्छ कि मलाई पनि ? निकाल्नु मात्र त के मारिहाल्नुभए पनि हामीले त आफ्नो धर्म छाड्दैनौं । दुई पोइकी जोई भएपछि त गइहाल्यो नि स्वास्नीमानिसको जीवन र धर्म-कर्म-शर्म-मर्म सबै । त्यसले बाँच्नु धिक्कार छ मेरो लेखा त (पृ.८३) ।

नारीको यस्तै सोच पनि पुरुषलाई बिगार्ने एउटा कारण हो भन्ने कुरातर्फ कमला सचेत नभएकै देखिन्छ ।

पुरुषप्रतिको परम्परागत सोचप्रति ऊ पूर्णतः आस्थावती देखिन्छे । लैङ्गिक ढङ्गले असमान लोकमान्यतालाई जस्ताको त्यस्तै स्विकार्दै ऊ भन्छे, "जान्नँ अबदेखि भन्ने कबूल गरेपछि कागज गराउन किन पऱ्यो कागजको कुरा कत्रो हो र, मर्दको जमान ठूलो हुन्छ" (पृ.९६) । कमला विनोदको विवाह छिटो गराइदिएर उसकी पत्नीमार्फत उसलाई मोतीमायाबाट टाढा बनाउने षड्यन्त्रको जालो बुन्न चाहन्छे (पृ.१४०) । उसको यस चाहनामार्फत पनि पुरुष यौवनको दासका रूपमा अर्थिएको छ । कमलाको पुरुषप्रतिको मूल दृष्टिकोण नै यही देखिन्छ ।

### ५.२.९.४ हीराज्यानको पुरुषप्रतिको दृष्टिकोण

हीराज्यान **स्वास्नीमान्छे** उपन्यासको प्रारम्भतिरै देखिएकी प्रमोदकी छिमेकी नारी हो जसको पुरुषप्रति निश्चित एउटै दृष्टिकोण देखिँदैन । समय र परिस्थितिअनुसार आफूलाई हानी नहुने गरेर ऊ पुरुषप्रतिको दृष्टिकोणलाई छिनको छिनमै फेरिरहन सक्छे । हीराज्यानको आफ्नो छिमेकी प्रमोदप्रति व्यक्तिएको दृष्टिकोणमार्फत नै उसको पुरुषप्रतिको दृष्टिकोण बुझ्नुपर्छ ।

मोतीमाया भोकतृप्तिका निम्ति हीराज्यानसँग सहयोगको याचना गर्न पुगेका बखत मोतीमायाले श्रीमान्बाट भोगेको यातनाको साक्षी बनेको फलस्वरूप ऊ मोतीमायालाई पुरुषविरोधी कुरा गरेर उक्साउँछे । सोझो रुखले धेरै बाँच्न नपाउने दृष्टान्त प्रस्तुत गरेर ऊ मोतीमायालाई श्रीमान्को अत्याचार नसहन आग्रह गर्दै भन्छे -

> लोग्नेमानिसहरू पेटमा धर्म भनेको रहँदैरहेनछ हकि ?... लोग्ने भएर त्यो कुराको पो विवेक -विचार राख्नुपर्छ, कान्छी स्वास्नीको त्यस्तो वाहियात कुरा सुनेर तपाईलाई पशुले पनि नगर्ने निर्दयी व्यवहार पनि गर्नु त ?... तैपनि तपाईंले धन्य सहनुभो (पृ.१८) ।

हीराज्यान अत्याचारी पुरुषप्रति उसकै चरित्रअनुकूल व्यवहार गर्नुपर्छ भन्ने धारणा राख्छे । प्रमोदले दिएको यातनाको प्रतिदानस्वरूप उसलाई मोतीमायाले मुद्दा हाल्नुपर्छ भन्ने भावनालाई यसरी अगाडि सार्छे, "स्वास्नीमान्छेलाई केही पनि नसम्झने बेवकुफ लोग्नेमानिसको यसरी नै बङ्गारो फोरिदिन सक्नुपर्छ, अनि मात्र समाजमा हाम्रो केही कदर होला" (पृ.३३) ।

हीराज्यान या त पितृसत्तासँग त्रस्त छ या त उसको स्वभाव नै बाइफाले छ । एकछिन अघिसम्म मोतीमायासँग कुरा गर्दाको उसको पुरुष(प्रमोद)प्रतिको दृष्टिकोणमा एक्कासि परिवर्तन देखा परेको छ । ऊ उल्टै मोतीमायालाई दोषी तुल्याउँदै भन्छे, "के भनुँ प्रमोदकाजी छ छैन भनेर पनि थाहा नहुने कहिल्यै आवाजैसम्म पनि नसुनिने, देवताजस्तो मानिसलाई अलच्छिनी स्वास्नीले गरेर तपाईंलाई छुच्चो, बेकूफ पनि बन्नुपर्ने अवस्था वा छाँट आइरहेछ" (पृ.३५) । उसका अनुसार

नारीले पुरुषका अत्याचारलाई मूक बनेर सहनुपर्छ, प्रतिवाद गर्नु नारीकै अयोग्यता हो । आफैले मोतीमायालाई भनेको कुरालाई उल्टापाल्टी पारेर प्रमोदलाई सुनाउँछे-

> सीताले त अझ जाबो एउटा मूर्ख धोबीको कुरा सुनेर रामचन्द्रले त्यति ठूलो बात लाउँदा पनि सहिन्, नालिस दिने कुरा गरिनन् भने पोइजस्ताको नाउँमा पनि नालिस दिएर चल्ने ! ...लोग्नेलाई स्वास्नीले नालेस दिने सुन्दै पनि अपराधको कुरा, उही पनि सीताकै मुलुककी स्वास्नीमान्छेले (पृ.३६) ।

उसले श्रीमान्‌लाई दुःख दिन खोज्ने श्रीमती कलङ्किनी हुन्छे भन्ने पुरुषवादी दृष्टिकोण यसरी व्यक्त गरेकी छ ,"पोइ जस्तालाई पनि दुःख दिन खोज्ने त्यो कलङ्किनी फेरि मकहाँ आई भने 'मेरो घरलाई फेरि कुल्चेर बिटुलो नपारिदिनु' भनी साफ-साफ सुनाइदिनेछु" (पृ.३६) ।

### ५.२.९.५ अन्य महिलाको पुरुषप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा उपर्युक्त तीन नारी पात्रबाहेक अरू पनि नारी पात्रहरू छन् जसको पुरुषप्रतिको दृष्टिकोणमा पितृसत्तात्मक सामन्ती संस्कारकै प्रभाव भेटिन्छ । उक्त संस्कारबाट मुक्त भएर कसैले पनि पुरुषप्रतिको दृष्टि निर्माण गरेका छैनन् । अनेक नारीको विवशताको फाइदा उठाएर बलजफ्तीसमेत गर्ने गरेकी मिश्री पुरुषलाई नारी शरीरको ग्राहकका रूपमा मात्र चिन्दछे । नानीप्राण सतीत्वलाई आदर गर्छे जसप्रतिको आदर भनेको पुरुषप्रतिकै आदर हो ।

**स्वास्नीमान्छे** उपन्यासका नारीको मुख्य आदर्श सतीत्व हो । मोतीमाया परिस्थितिवश आफूलाई वेश्या सम्झन्छे तापनि जीवनका अन्त्यसम्म पनि ऊ सतीत्वकै निम्ति मरिमेट्दछे । मैयाँनानी जीवनका निर्मम परिस्थितिले मात्र सतीत्वविमुख भएकी हो । यस भावनाका केन्द्रमा पुरुष ठूला हुन्, तिनलाई मान्नुपर्छ भन्ने धारणा विद्यमान हुन्छ । पुरुष भएका हुनाले छोरो पनि ठूलै हो भन्ने धारणा मोतीमाया र मैयाँनानीको विनोदप्रतिको व्यवहारबाट प्रष्टिन्छ । जीवनमा प्रतिकूल परिस्थिति बेहोर्न नपरेको भए यस उपन्यासका अधिकांश नारीहरू पुरुषलाई पुजेरै बस्थे, वेश्या बन्ने थिएनन् । मैयाँनानीका अनुसार पनि नारीले वेश्या बन्नु परेन भने उसको जीवनमा केही कमी देखिंदैन । नारीमा रहेको धर्मान्धताले पनि पुरुषलाई नारीभन्दा उपल्लो कोटिकै प्राणीका रूपमा स्थापित गरेको छ ।

नारी अधिकांशतः पुरुषका सहकारीकै भूमिकामा देखिएका छन् । मोतीमायाको दृष्टिकोणमा द्वन्द्वको स्वरूप देखा पर्ने प्रशस्त सम्भावना रहे तापनि धर्मभीरु, आदर्शभीरु मोतीमाया त्यसलाई स्वीकार नै गर्दिन । अरू नारीले पनि जीवनका प्रतिकूल परिस्थितिलाई भोग्ने काम मात्र गरेका छन्, द्वन्द्व गर्ने प्रयास गरेका छैनन् । मैयाँनानी र उसका गुठियार (वासन्ती आदि) मात्र पुरुषसँगको द्वन्द्वतर्फ उन्मुख भएका छन् र त्यस द्वन्द्वले व्यक्ति पुरुषको हत्यामा पुगेर (सुरप्रसाद, प्रमोद) चरम रूप धारण गरेको छ । उपन्यासका अन्त्यतिर देखिन पुगेको द्वन्द्वले नारीको पुरुषप्रतिको परम्परागत मान्यताको पर्खाल चरमराउन थालेको प्रष्ट हुन्छ ।

## ५.२.१० समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति

**स्वास्नीमान्छे** उपन्यासमा नारीको अवस्थितिको दुई तह देखिएको छ । पहिलो तह हो उसको परनिर्भरता तथा त्यसैको फलस्वरूप प्राप्त सामाजिक हैसियतहीनता । दोस्रो तह हो- त्यसका विरुद्धको सङ्घर्ष । उपन्यासको पूर्वार्द्धमा लगभग समग्र नारी पात्र आर्थिक एवं सामाजिक हैसियतहीन अवस्थामा छन् । यही अवस्थाको तिक्तानुभवको फलस्वरूप मैयाँनानीले वेश्या पेसा अँगालेरै भए पनि आत्मनिर्भरता हासिल गर्ने सङ्घर्ष गरेकी छ । यस उपन्यासमा महिला सङ्घर्षको प्रारम्भिक चरणकै सन्दर्भ भएकाले उनीहरूलाई सामाजिक हैसियत प्राप्त नभए तापनि आत्मनिर्भरता भने प्राप्त भएको छ । यस उपन्यासमा  यी दुई कुराका अतिरिक्त नेपाली सामाजिक परिवेशमा नारी समुदायको जे जस्तो अवस्थिति छ त्यसको चित्र पनि उतारिएको छ ।

तत्कालीन  सामाजिक परिवेशमा नारी पूर्ण रूपमा पराधीन देखिन्छे । उसलाई व्यक्तिगत तवरले सामाजिक सम्बन्धको विकास गर्ने छुट छैन । श्रीमान्को जोसँग राम्रो सम्बन्ध छ उसँग राम्रो र जोसँग नराम्रो सम्बन्ध छ उसँग नराम्रै सम्बन्ध राख्न श्रीमती विवश गरिन्छे जुन उसको हैसियतहीनताकै परिणाम हो । “उनीहरूकहाँ पुगेको थाहा पाए त मोतीमायाको छाला टाँगिन्थ्यो होला” (पृ.१७) किनभने सामाजिक सम्बन्ध बनाउने-बिगार्ने अधिकार नारीसँग छैन ।

मोतीमायासँग पनि आर्थिक अधिकार भइदिएको भए उसले घरबाट लत्याइनु पर्दैनथ्यो । त्यही सम्पत्तिका निम्ति नै उसले परिवार र समाजमा मानसम्मान पाउने थिई । यसमा दोष नारीको पनि छ र यो दोष हीराज्यानको आँखाले ठम्याएको छ । ऊ भन्छे-“तपाईंनै कानी भएर स्वर्गकी अधिकारिणी भएर पनि बिनासित्ति तपाईंले नरक भोग्नुपरिरहेको छ ।...पोइले जति लत्याए पनि पाउ दुख्यो कि भनी उल्टो पाउ मल्ने सिद्धान्तमै बस्नुस्” (पृ.३२) ।

नारीको यस्तो संस्कारजन्य अवस्थितिको चित्रणले त्यस कुराको उच्छेद हुनुपर्छ भन्ने सङ्केत गरेको देखिन्छ ।

उपन्यासकालीन नेपाली समाजका नारीको अवस्था अन्धकुवाको भ्यागुताको जस्तै छ । ऊ यतिसम्म असचेत हुन्छे कि त्यस कुवाभित्रको नियति सुख हो वा दुःख त्यो समेत पनि छुट्याउन सक्तिन । शिक्षाको अवसर र घरबाहिरको संसारमा चिहाउने छुट दुवै नपाएकी उसले अन्धकुवाबाट उम्कने प्रयास गर्न पनि जानेकी छैन । अझ धर्मले मस्तिष्क भुटिएकी उसले उक्त प्रयासलाई पाप सम्झेकी छ । **स्वास्नीमान्छे** उपन्यासकी मोतीमाया यस्तै अवस्थामा छ जो पारिवारिक उत्पीडनबाट मुक्त हुन हीराज्यानले मुद्दा गर्ने अर्ति दिंदा पनि त्यसतर्फ अग्रसर हुन्न । हीराज्यानको धारणा अनुसार मोतीमाया त्यसतर्फ अग्रसर नै भए पनि उसले त्यसमा पार पाउन सक्ने अवस्था छैन । यसरी हीराज्यानको अभिव्यक्तिले नारीको पराधीनताको परिचय दिएको छ    (पृ.३६) ।

हिन्दू धर्म, संस्कार, नैतिकता सबै कुराले नारीका जीवनको सर्वाधिक महत्त्वपूर्ण कुराका रूपमा सतीत्वलाई अर्थ्याएका छन् । यतिसम्म कि त्यसको रक्षार्थ नारीले कुटपिट गर्नु मात्र नभई त्यस्तै परिआएमा ज्यानैसमेत लिनसक्ने छुट पाएकी हुन्छे । त्यति मात्र होइन, यदि परिस्थितिवश सतीत्व गुम्न गएमा ज्यान फाल्नु (आत्महत्या गर्नु)लाई साधारण मात्र होइन,अझ श्रेयस्करसमेत

मानिन्छ। यस सन्दर्भमा नेपाली नारीहरू पनि दीक्षित हुँदै आएको देखिन्छ। कुनै नारीको यौवन देखेर न्याल काट्ने पुरुषहरू पनि झ्वाट्ट निकट पुग्न नसकी लोभले हेरेर रावणत्व मेटाउनुले यही कुराको पुष्टि दिन्छ (पृ.४२)।

उपन्यासकालीन समय सन्दर्भमा नारीलाई पिता या श्रीमान्को घरभन्दा परको संसारमा चिहाउने छुट थिएन। जस्तै अत्याचार खप्नुपरे पनि ऊ ती दुई संसारबाट टाढा जान सक्तिन थिई। यसैले उसमाथि गरिने अत्याचारको पनि कुनै सीमा थिएन। पुरुषले यो बन्धन सहनुपर्दैन। नारीलाई त अझ थप बन्धन उमेरको पनि छ। उसलाई यौवन जोगाउन स्याल गिद्धको समाजबाट सिनो जोगाउनुजत्तिकै मुश्किल छ। प्रस्तुत उपन्यासमा भर्खरै आत्महत्या नगर्ने निर्णय गरेकी मोतीमायालाई मोहनबहादुर उसको यही अवस्थिति अवगत गराउँछ (पृ.४७)।

आश्रयको समस्या नेपाली नारीको ठूलो समस्या हो। अचाक्ली भएपछि त्यही नारी पनि आफ्नो निर्विकल्प आश्रयलाई विकल्पयुक्त बनाउन सक्छे र त्यो विकल्प भनेको या त मृत्यु हुनसक्छ या त पुनर्विवाह। मोतीमायाका अगाडि मृत्युको विकल्प टरिसकेको अवस्थामा अब अर्को विकल्पले टाउको उठाउन खोजिरहेको छ। मोतीमायाको जीवन परिस्थितिले नारी पुरुषझैं स्वतन्त्र भएर घरको सीमाभन्दा टाढा बस्न नपाउने स्थितिबोध गराएको छ। अब मोहन बहिनीको साइनोरूपी बल्छी हानेर मोतीमायालाई आफ्नो घरमा आउन निमन्त्रणा दिंदैछ (पृ.४९) तर नारी आफ्नो आवतजावत भएको नजिकको नातेदारका घरमा मात्र गएर बस्न सक्छे अन्यथा उसलाई त्यो छुट हुँदैन। मोतीमाया मोहनलाई नारीका जीवनको यही स्थितिको बोध गराउँछे (पृ.५०)। मोतीमाया घरमा कसैसँग अनुमति नलिई निकै लामो समय (घण्टा)सम्म घरमा अनुपस्थित रहेपछि प्रमोद उसलाई घरमा आश्रय नदिने घोषणा गर्छ। उसलाई घरमा बास दिनु भनेको घरलाई सत्तल, पाटी, कोठी, भट्टी बनाउनु हो भन्ने उसको ठहर छ (पृ.५५)। नेपाली नारीको पारिवारिक हैसियतको सीमा यहींनिर दिग्दर्शित भएको छ। नारी जीवनको यही परिस्थितिलाई अझ उदाङ्गो पार्ने प्रमोदको अभिव्यक्ति यस्तो छ-

> अँ चम्पालाई पनि बोलाएर भनिराख्नु, कदाचित् त्यो आउली अथवा लुकी-लुकीकन पनि आउली, खुब होशियार भइरहेस् भन्नु, आइ भने उसैले पनि जगल्ट्याएर निकालिदिए हुन्छ भनिराख्नु। अबदेखि हाम्रो घरको दैलो मात्रै कुल्चन नदिनु होइन, टोलमा समेत पस्न नदिनु, देख्यो कि मुन्ट्याइहाल्नु भन्नू (पृ.६४)।

पारिवारिक-सामाजिक मात्रै होइन नारीको मानसिक अवस्थिति पनि स्वअनुकूल छैन। उसले आफ्ना कोणबाट त सोच्न जानेकै हुँदैन। नारीहरू आफू श्रीमान्बाट जतिसुकै पीडित भए पनि त्यसलाई सहनु नै आफ्नो मूल कर्तव्य सम्झन्छन्। मोतीमायाको पनि यस्तै सोचाइ छ। ऊ आफूले उपयुक्त किसिमको कर्तव्य निर्वाह नगरेको भनेर आफैलाई धिक्कारिरहेकी छ (पृ.६६)।

नारी पतिव्रता भए तापनि समाजले उसलाई पतिव्रता स्वीकार गरेन भने ऊ पतिव्रता ठहरिन्न। उसको परिचय नारी स्वयं के हो भन्ने भन्दा पनि उसलाई समाजले कस्तो संज्ञा दिन उचित ठहऱ्याउँछ भन्ने कुरामा निहित छ (पृ.३६)। नारी आफूलाई लैङ्गिक विषमताजन्य सामाजिक

नीतिनियमका असल कार्यकर्ता बनाइरहेछन् । यसका विकल्पमा उनीहरूलाई मृत्यु मात्र स्वीकार्य हुन्छ चाहे त्यो मोतीमाया होस् या चाहे कमला (पृ.८३) ।

नेपाली समग्र समाजमा झैं यस औपन्यासिक समाजमा पनि नारीको मूल्य उसको यौवनमा मात्र सीमित छ । गतयौवना नारी सजिलै घरबाट लत्याइन्छन्, गलहत्तिन्छन् र यसको उपचार तत्कालीन समाजमा कतै थिएन । मोतीमाया ३२ वर्षकी भएपछि अर्की "पोइबाट लत्याइएकी एउटी टुहुरी र विवश नवयुवती मोहनबहादुरले फेरि भेट्टाइहाले (पृ.९८) । ... त्यसैले उनको गिदीले मोतीमाया धपाउने दाउ खेल्न थाल्यो" (पृ.९८, ९९) । नेपाली समाजमा नारीका लागि चारित्रिक लाञ्छना सर्वोपरि अयोग्यता ठहरिन्छ । मोतीमाया र मैयाँनानीलाई घरबाट निकाल्ने समयमा उनीहरूका श्रीमान्ले त्यसै सुविधाको उपयोग गरेका थिए (पृ.१०१, १२४) । पुरुषले नारीमाथि हुकुमी शासन चलाउँथ्यो । पुरुषको हुकुम नै नारीका भाग्यको अन्तिम फैसला ठहरिन्थ्यो । त्यसैले मोतीमायाले मोहनका घरभित्र पस्न पाइन (पृ.१०२) । मैयाँनानी पनि लत्याइएको लत्याइयै भई ।

नारीका निम्ति तत्कालीन समाजमा पिता या श्रीमान्को घरदेखि बाहेक जीवन यापनको अर्को विकल्प वेश्यालयगमन मात्र हुन सक्थ्यो भन्ने कटु सत्यको प्रस्तुति घरबाट निकालिएकी मोतीमायासँग मिश्रीले भनेको कुराबाट प्रष्टिन्छ (पृ.१०२) । मृत्यु नअँगाल्ने हो भने त्यसै विकल्पका निम्ति स्वयंलाई समर्पित गरिदिनु नारीका जीवनको विवशता थियो (पृ.१०३) । त्यही वेश्यालयमा नारीका जीवनको एउटा सुखद् पक्ष भेटिन्छ र त्यो हो स्वतन्त्रता । "मोतीमाया, अब यहाँ तिमीले कसैको लात र बात खाइरहनुपर्दैन, मज्जासित खाऊ, सुखसित बस" (पृ.१०५) तर स्वतन्त्रता पनि चिन्नेलाई श्रीखण्ड र नचिन्नेलाई खुर्पाको बींडसरहै हो । मोतीमायाजस्ता नारीका निम्ति स्वतन्त्रताको कुनै मूल्य देखिंदैन । सतीत्वको रक्षा र श्रीमान्को सेवाभन्दा पर उनीहरूका जीवनको कुनै लक्ष्य नै देखिंदैन । मोतीमायाको 'म यस्तो सुख र जीवन चाहन्नँ मिश्री दिदी !'(पृ.१०६) भन्ने अभिव्यक्तिले यही कुराको पुष्टि गर्दछ ।

नैतिक बन्धन पुरुषका निम्ति नभएर नारीका निम्ति मात्र निश्चित हुनुको परिणामस्वरूप नारीहरू पुरुषका अत्याचारमा आकण्ठ डुब्न विवश छन् । त्यसमाथि अर्थोपार्जनको आधार पनि नभएका उनीहरू सतीत्वको चाहना हुँदाहुँदै पनि त्यसैलाई बेच्न बाध्य छन् । यस उपन्यासमा नानीप्राणको प्रसङ्ग यही बाध्यताको उदाहरण हो (पृ.१०८-१०९) । यस बाध्यतालाई निम्नलिखित उद्धरणले पुष्टि गरेको छ । "के लाग्थ्यो ! परिस्थितिले च्यापिएकी नारी नानीप्राणले पतिव्रता हृदय र सन्तति कामनाले ओतप्रोत भएर पनि मिश्रीको शर्त विवश भएर स्वीकार गर्नुपर्‍यो" (पृ.१११) । यता नानीप्राण सतीत्वलाई भन्दा प्राणलाई मूल्यवान् ठान्छे भने उता मोतीमाया प्राणलाई भन्दा सतीत्वलाई मूल्यवान् ठान्छे (पृ.१११) । उक्त उपन्यासका नारीका जीवनका विकल्पको चयनको सीमा यही नै हो । मैयाँनानी पनि जीवनका प्रारम्भतिर यही सोच्थी र कमलाको सोचाइ पनि यही छ । मोतीमाया र नानीप्राण पनि यसै पङ्क्तिमा लामबद्ध छन् ।

नारीहरू सामाजिक आदर्श र नैतिकताका बन्धनले श्रीमान्सँगका साहचर्यमा पनि सङ्कोचशील रहेका हुन्छन् । वेश्या व्यवसाय चलाउनेहरूले भने समग्र आदर्श र नैतिकताको बन्धन चुँडालेका हुन्छन् । यसैले उनीहरूका स्वभावमा सङ्कोच रहँदैन । यसैले पुरुषले वास्तविक साहचर्यसुख पनि वेश्याका निकटमा मात्र पाउन सक्छ । यही भावनाको पुष्टि गरेको छ दालचिनीको अभिव्यक्तिले । ऊ भन्छे-"रण्डीसित नफस्ने मानिसलाई स्वर्गमा पनि सुख तीतो हुन्छ, उसलाई स्वर्गमा पनि राम्रो ढोका खोलिंदैन"(पृ.११३) । यसैले नेपाली समाजका पुरुष आफ्ना पत्नीसँग सन्तुष्ट हुँदैनन् र यसको उपचार वेश्यालय धाउनुमा मात्र देख्छन् । उनीहरू घरका नारीहरू सङ्कोची हुनुपर्ने बाध्यकारी परिस्थितिको खोजीतर्फ उन्मुख हुँदैनन् । स्वर्ग भनेको पनि पुरुषका निम्ति मात्र रहेछ , नारीका लागि त त्यो पनि नरकनै रहेछ भन्ने तथ्यको सङ्केत पनि यस उपन्यासमा भएको छ (पृ.११३) । समाजको पितृसत्तात्मक व्यवस्थाले नारीलाई साह्रै निरीह तुल्याइदिएको छ । समाजमा नारीका विभिन्न अवस्थाको ख्याल गरेर कुनै विशिष्ट व्यवस्थाको व्यवस्थापन गरिएको छैन । यसैले नारीहरू सबै सम्भावनाबाट विमुख भएपछि वेश्या बन्न पुग्दछन् । उपन्यासले यही परिस्थितिको अवलोकन गरेरै मैयाँनानीले नारीको शरणहारका रूपमा कोठी खोलेकी हो भन्ने पुष्टि गरेको छ । मैयाँनानी भन्छे-

> म स्वास्नीमानिसलाई रण्डी बनाएर कोठीमा फसाउन चाहन्नँ, बरु रण्डी भइसकेका स्वास्नीमानिसलाई यस पवित्र मन्दिरमा ल्याएर जगत्मा नारीत्वको रक्षा गर्न चाहन्छु । ...ती बिग्रेका नारीलाई नै म भ्याक्सिन बनाएर नारी पतनको कीटाणु र प्रकोपलाई रोक्छु (पृ.१२१- १२२) ।

नेपालमा नारीको कुनै स्थान र पीडाको उपचार छैन र त्यस्तो उपचारमा सघाउने संस्था पनि छैनन् (पृ.१२३) । पुरुषको सोचाइ अनुसार नारीहरू उनीहरूको भोग, मोज तथा टहल-सुसारका निमित्त सिर्जिएका हुन् (पृ.१२३) । यौवनको आभास मात्रै बाँकी रहँदासम्म पनि गुण्डाहरू उसको शोषण गर्न बाँकी राख्दैनन् (पृ.१२४) । बलात्कार पुरुषले गर्छ, बेइज्जत नारीको हुन्छ । यसैले उनीहरू सहन बाध्य छन् (पृ.१२४) । संसारको मायामोह त्यागेर जोगिनी भेषमा रहँदासमेत पनि ऊ समाजकी भोग्या हुनबाट जोगिन सक्तिन (पृ.१२४-१२५) । ज्वाईंले छोरीमाथि अत्याचार गर्दा पिता हुने मानिस छोरीको नभएर ज्वाईंकै पक्ष लिई छोरीलाई माइतमा ढिम्किन दिँदैन (पृ.१२५) । पुरुष बदमासी गर्छ, नारीको शिर निहुरिन्छ । समाजमा ऊ शिर ठाडो गरेर हिँड्न सक्तिन र पाउँदिन । यसैले उनीहरू वेश्या पेसा अँगालेरै समाजसेवा गर्ने चाहना पूरा गर्न बाध्य हुन्छन् (पृ.१२६) । यसैले बाध्यताले वेश्या बनेकाहरू आफ्नो व्यक्तिगतभन्दा पनि संस्थागत हितका निम्ति मरिमेट्दछन् (पृ.१२७) । गायन कलाका माध्यमले अर्थोपार्जन गर्नु पनि नारीका निम्ति लज्जाको विषय हुनजान्छ (पृ.१२८) । आफ्नो सतीत्व लुटिँदा नारीहरू नै उल्टै हीनताबोधले ग्रस्त हुन्छन् । परिबन्दले वेश्या बनाइनुमा पनि उनीहरू आफ्नै दोष देख्न बाध्य हुन्छन् (पृ.१५१) । पुरुषको ज्यादतीले गर्दा नारी समाजमा आफ्नो मुख देखाउन असमर्थ बन्छे, स्वयंलाई अयोग्य ठान्छे । आफ्नै कोखबाट जन्मिएको सन्तानलाई पनि आफूलाई आमा भन्न लगाउन सक्तिन (पृ.१५४) ।

नारी परिवार र समाजकी कठपुतली हो। परिवारमा श्रीमान्‌ले मात्र होइन पुत्रले पनि उसलाई आफ्नो इच्छाअनुसारको परिचितिमा ढाल्न सक्छ। त्यहाँ न त नारी आफ्नो इच्छा-अनिच्छा नै जाहेर गर्न सक्छे न त त्यसको कुनै मूल्य नै हुन्छ। विनोद भन्छ "तपाईंले आमालाई रण्डी बनाउनुभो, म आमालाई फेरि देवी बनाइछोडुँला" (पृ.१५९)। यस अभिव्यक्तिले पितृसत्तात्मक समाजका पुरुषअधीनस्थ नारीहरू पुरुषले चाहेकै आकारमा ढालिन बाध्य हुने परिस्थितिको राम्रो परिचय प्रदान गरेको छ।

प्रस्तुत उपन्यासमा नेपाली समाजमा विद्यमान नारीका जीवनको स्थितिभन्दा एक पाइला अगाडिको यथार्थलाई प्रस्तुत गरिएको छ। राजनीतिक खुला परिवेशले नारीको स्वसमुदायगत चेतना विकसित भई उसलाई आफ्ना जीवनका प्रतिकूल परिस्थितिको विश्लेषण गर्न सक्ने क्षमता प्रदान गरेको छ। मैयाँनानी यसको उदाहरण हो। यस उपन्यासमा उसमा विकसित चेतनामार्फत अरू थुप्रै नारीमा चेतना भरी संस्थागत रूप दिई पितृसत्तात्मक ज्यादतिका विरुद्ध मान्छे मार्नेसम्मको क्रियाकलाप गर्ने र अदालतले दिएको ज्यानमाराको सजायँको स्वागत गर्नेसम्मको नारी मानसिकतालाई प्रस्तुत गरिएको छ। यो नारी समुदायगत नवीन स्थापना हो। स्वाभिमानी नारी आफूले ज्यान मार्ने कार्य गर्दा पनि अदालतले पुरुषसरह सजायँ नदिंदा पीडाबोध गर्छे र न्यायाधीशसमक्ष पुरुषसरह सजायँ नारीले नपाउने भन्ने कुराको प्रतिवाद गर्दै भन्छे-

> मेरो निवेदन छ मेरो अनुसारको अभियोग कोही लोग्ने मान्छेबाट हुँदा अहिले पनि काटिन वा मारिन सक्छ भने मलाई पनि काट्ने वा मार्ने सजायँ दिनुभए म खुसी हुनेछु किनभने समान हकका निम्ति बरु समान सजाय पाउन आजका स्वास्नीमान्छे नचाहने हुँदैनन् (पृ.१६४)।

मैयाँनानीको "एउटी रण्डी, तर रण्डी कर्मलाई म ज्यादै घृणा गर्छु" (पृ.१६५) भन्ने अभिव्यक्तिले यस उपन्यासका नारीको मर्मको उद्‌घाटन गरेको छ। अर्थात् जे हुन मन लागेको छ त्यो उनीहरूले हुन पाएका छैनन् र जे हुन मन लागेको छैन त्यो नभई सुख पाएका छैनन्। यस उपन्यासमा वेश्याका रूपमा चिनिएका कुनै पनि नारी स्वेच्छाले त्यस्तो भएका छैनन्। यसैले मैयाँनानीको संस्था नारीले इच्छाविरुद्ध वेश्या हुनैपर्ने सामाजिक प्रपञ्चलाई खतम गर्न प्रयासरत छ (पृ.१६५)। यसले नारीलाई नवीन औपन्यासिक अवस्थिति प्रदान गरेको छ तापनि व्यक्ति हत्याले त्यो अभीष्ट प्राप्त हुने हो कि नहुने हो भन्ने प्रश्न भने उपन्यासमा उदाएको छ। मैयाँनानीको दावी भने प्रमोदको हत्यामा व्यक्तिको नभएर प्रवृत्तिको हत्या गरिएको भन्ने छ किनभने नारीका मार्गका अवरोध नपन्छ्याई उनीहरूका पाइला अगाडि बढ्न सक्तैनन्। यस्ता अवरोधमा प्रमोद र कमला तथा अञ्जनाकुमारी र सुरप्रसादजस्ता व्यक्तिहरू पर्दछन्। यस उपन्यासमा यति सचेत नारी छन् कि अब उनीहरूले हिंसा र अहिंसाको परिभाषा पनि आफै निर्माण गरेका छन्। मैयाँनानी भन्छे -

> अब हामी मार्नु हिंसा र नमार्नु अहिंसा भन्ने कुरामा छैनौं, बरु हामी कायर भई अत्याचारलाई प्रोत्साहन दिनुलाई हिंसा र वीरतासाथ त्यसको दण्ड दिने कामलाई अहिंसा सम्झन्छौं किनभने एकलाई मारेको हिंसाले लाखौंको सुरक्षा भई अहिंसा हुन जान्छ (पृ.१६७)।

यसरी नारीले स्वविवेकको प्रयोग गर्ने र त्यस अनुसार कार्य गर्ने प्रारम्भ गराईले उपन्यासमा नारीको अवस्थितिलाई उच्च बनाइदिएको छ। नारीहरू अस्मिताबोध गरी त्यसको स्थापनार्थ, सम्बर्धनार्थ क्रियाशील हुनु नारी इतिहासको नवीन पाटो हो, नवीन अवस्थिति हो। यसले समाजलाई अग्रगामी मार्ग दिग्दर्शित गरेको छ ।

### ५.२.११ नारीप्रतिको लेखकीय दृष्टि

नारी र नारीका समस्यालाई कथ्यका केन्द्रमा राखेर लेखिएको यस उपन्यासमा उपन्यासकारले नारी समस्यालाई नारीको व्यक्तिगत समस्या मात्र नभई सामाजिक समस्याका रूपमा अर्थ्याई पुरुषलाई पनि यसको समाधानतर्फ अग्रसर गराउनु उनको नारी र नारी आन्दोलनप्रतिको सकारात्मक दृष्टिकोण हो । यस उपन्यासमा नारी आन्दोलनको एउटा स्वरूपलाई प्रस्तुत गरिएको छ जुन राजनीतिक ढङ्गले त परिवर्तित तर प्रवृत्तिगत ढङ्गले उही सामन्ती रही आएको नेपाली समाजका सन्दर्भमा बिल्कुल नवीन छ ।

प्रस्तुत उपन्यास नारीका विषयमा नवीन सन्दर्भमा नवीन दृष्टिकोणसहित लेखिएको छ जसमा सतीत्वको औचित्यमाथि प्रश्न उठाउँदै त्यसको नवीन परिभाषा अगाडि सारिएको छ। यो नेपालको जस्तो अर्धसामन्ती, अर्धऔपनिवेशिक रही आएको समाज व्यवस्थामा नारीको सतीत्व सम्भव छ कि छैन भन्दै सतीत्वको प्रश्नको औचित्यमाथि प्रतिप्रश्न गरिएको उपन्यास हो। समाजमा नारीका निम्ति जतिसुकै नीतिनियमका बन्धन भए तापनि पुरुषका निम्ति उक्त बन्धन नभइञ्जेल समाजमा नारीसँग सतीत्वको माग गर्नु व्यर्थको कुरो हो भन्ने लेखकीय दृष्टिकोणलाई दालचिनीको अभिव्यक्तिद्वारा स्पष्ट पारिएको छ । ऊ भन्छे-

> मलाई थाहा छ, तपाईको अनुहार आदर्श हुन खोजेझैं मन चोखो छैन। तपाईं कोहीसित नफसेको जस्तो मलाई लाग्दैन। कि कोही नातादार युवतीसित गुपचुप फसेर आदर्श बन्न सजिलो साधन समाइरहनुभएको ? त्यसो हो भने बरु कोहीसित प्रेम गरेर झट्ट विवाह गर्नुस् अथवा हाम्रो यस्तै मन्दिरमा पसेर पवित्र बन्नुस् (पृ.११५) ।

नाता सम्बन्धले पनि नारीको सतीत्वलाई सुरक्षा नगरी उल्टै क्षय गर्दछ भने त्यस्तो समाजमा नारीबाट सतीत्वको माग गर्नु कत्तिको उपयुक्त होला भन्ने आशयलाई यस कथनले अघि सारेको छ।

प्रस्तुत उपन्यासमा सतीत्वभन्दा पछि उठाइएको अर्को नारीसम्बन्धी कुरा हो- उनीहरूको आत्मनिर्भरताको सन्दर्भ । यसमार्फत उनले अर्थ व्यवस्थामाथिको पुरुषको एकलौटी अधिकारमाथि बहस छेडेका छन्। उपन्यासको दृष्टिकोण अर्थ व्यवस्थामाथि पुरुषको मात्र एकाधिकार भएकाले नेपाली समाज बिग्रिएको हो र नारीले दुःख पाएकी हो भन्ने रहेको छ। यस उपन्यासले नारी समस्याको केन्द्र नारीको यही परनिर्भरताले एकातिर नारीको सतीत्वलाई उसको अस्तित्वलाई भन्दा बढी महत्त्व दिएको छ र अर्कातिर आत्मनिर्भरतातर्फ अग्रसर हुनका लागि बाधा पनि त्यही

सतीत्व र जीविकोपार्जनको माध्यम पनि त्यही नै बन्न पुगेको छ भन्ने यथार्थलाई प्रस्तुत गरेको छ ।

उपर्युक्त उपन्यासमा सतीत्वको नवीन परिभाषा गर्नुका साथै यसको अर्थवत्ता पहिल्याउने कोशिस मात्र नगरी सतीत्व र अ-सतीत्वको तुलनात्मक प्रस्तुति पनि गरिएको छ। उनको दृष्टिकोण अन्य कुरालाई झैं सतीत्वलाई पनि सामाजिक र राष्ट्रिय हितका सन्दर्भबाट पर्गेलिनुपर्छ भन्ने छ। मैयाँनानी भन्छे-"संसारको सौन्दर्यमा सती पनि एउटा फूल हो तर सतीले जग र जीवनका निम्ति केही गरिनन् भने सतीत्व लोग्नेकै निम्ति मात्र पूजा हो, नारीको एक घमण्ड मात्र हो" (पृ.१२३) । उपन्यासका अन्त्यतिर जेल पर्न लागेकी मैयाँनानीसँग न्यायाधीश भन्छ-

> अझ देशको नै अस्तित्व र सतीत्व बचाउने चेष्टा गरेकी हुनाले तिमी सती हौ। मेरो आफ्नो विचारमा त स्वपुरुषसित होस् वा परपुरुषसित, संसर्गको उद्देश्य केवल कामवासना मात्र हो भने अथवा देश चिन्तनमा बेपर्वाही भई हमेशा पुरुष-संसर्गमा ध्यान राख्दछे भने त्यो स्वास्नीमान्छे पनि एक किसिमको रण्डी होली, तर म अभागी छु, तिमीजस्ती स्त्रीरत्न समाजसेवीलाई पनि हात बाँधिराख्नु परेको छ ! (पृ.१६८) ।

उपन्यासकारले नारीका जीवनको दुर्दशाका निम्ति पितृसत्तात्मक समाज व्यवस्थाले सतीत्व र परनिर्भरताका घेरामा निश्चित गरेको जीवनको स्वरूप नै जिम्मेवार भएको तथ्य पहिल्याएका छन् । उनले पुरुष हितका कोणबाट सोचिएको समाज व्यवस्थाको यस्तो स्वरूपको विरोध गरेका छन् । उनले नारी जीवनको सुख र समृद्धिका निम्ति समाज परिवर्तनको चाहना व्यक्त गरेका छन् । वेश्या बन्न विवश नारीले उक्त व्यवसायबाटै आर्जन गरेको पैसाले समाज परिवर्तन गर्ने कार्यको थालनी गर्नु राष्ट्रिय स्तरमा यस्तो प्रयास नहुनुप्रतिको व्यङ्ग्य हो । सिङ्गो उपन्यासको अभीष्ट नै यही व्यङ्ग्यमा निहित छ । आत्मनिर्भरताको प्रयासमार्फत उनले नारीमुक्तिको कामना गरेका छन् ।

प्रस्तुत उपन्यासमा नारीपक्षीय कोणबाट समाजविश्लेषण गरिएको छ। यस उपन्यासमा नारी रहरले वेश्या बन्दिन बाध्यताले बनाइन्छे भन्ने दृष्टिकोण अभिव्यक्त भएको छ। नेपाली समाजका नारीहरू पितृसत्तात्मक समाजले दिएको छुटअनुरूप देखा पर्ने पुरुष स्वेच्छाचारितामूलक कुआचरणले एकातिर र अर्कातिर जीविकोपार्जनका निम्ति अर्को उपाय नभएर वेश्या बन्दछन् । सतीत्वको प्रश्न नेपाली नारीका निम्ति एउटा अभिशाप बनेको छ । वेश्या हुनुप्रति कुनै आकर्षण र आवश्यकता नभएकी नारीलाई लाञ्छित गर्नका निम्ति पनि सोही हतियारको प्रयोग गर्ने चलन भएको यस समाजको एउटा पुरुष स्रष्टाले यसरी नारीसँग सम्बन्धित अत्यन्त संवेदनशील विषयलाई नारीका पक्षबाट विश्लेषण गर्नुलाई नारीवादी सोच नै मान्नुपर्ने हुन्छ । उनले कमला, मिश्रीजस्ता खराब प्रवृत्तिलाई पनि आफ्ना उपन्यासमा प्रस्तुत गरेको छन् तापनि उक्त दुष्प्रवृत्तिका निम्ति तिनीहरू स्वयंलाई नभएर सामाजिक संरचनाको स्वरूपलाई दोषी ठहऱ्याइएको छ। एकोहोरो नारीलाई मात्र दोषी ठहऱ्याउने परिपाटी भएको समाजमा नारीका पक्षबाट यसरी लेखिनुलाई नारीवादी सोचकै परिणति मान्न सकिन्छ। यो उपन्यास प्रारम्भदेखि अन्त्यसम्म नै

नारीवादी चेतनाले अभिप्रेरित भएर लेखिएको देखिन्छ र तत्कालीन समयसन्दर्भमा यो निश्चयै पनि अग्रगामी दृष्टिकोण हो। नेपाली समाजले उक्त उपन्यास लेखनको आधा शताब्दीपछाडि आज आएर भर्खरै नारीपक्षीय सोचको त्यस बिन्दुलाई छोइरहेको छ। वेश्यावृत्तिले आयआर्जनको कानुनी मान्यता पाउनुपर्छ भन्ने आवाज भर्खरै उठ्न थालेको छ र सतीत्वको परिभाषा पनि बदलिन थालेको छ।

उपन्यासकारको चेतनामा निहित नारीवादी सोचहरू उपन्यासका विभिन्न चरित्रका भूमिका र कथाका मोडहरूमार्फत प्रकट भएका छन्। उनले नारीले आफ्नै केन्द्रमा जीवनदृष्टि निर्माण गर्नुपर्छ भन्ने अभिप्रायलाई मोहनका माध्यमले यसरी अगाडि सारेका छन् -

> विनाकसुरमा स्वास्नीलाई पिट्ने, मार्ने, सौता हाल्ने लोग्ने पूज्य हुन सक्तैन। जिन्दगीलाई नचिन्ने मूर्खले मात्र त्यस्ता बेकुफको पूजा गर्छन्, यसैले मोतीमाया, मूर्ख नबन। लोग्नेलाई पूजा गरेर, उनले जे गरे पनि उनकै पाउमा परिरहे धर्म हुँदैन, त्योभए स्वास्नी पुज्नुमा पनि धर्म हुनुपर्छ। किन पुज्दैनन् लोग्नेमानिसहरू ? त्यसैले पुज्दैन, लोग्ने मानिसहरू तिमीजस्ता मूढ छैनन् (पृ.६७)।

समाजमा सत्ताहीन रहेको नारीको जीवन महत्त्वहीन पाराले बितिरहेको छ। उनीहरूका कोणबाट कसैले केही सोच्दैन। उपन्यासकार प्रधान मोहनका माध्यमले यो संसार उहिलेदेखि अहिलेसम्म ज्यूँका त्यूँ रहनाको कारण स्वास्नीमान्छेको माया हो भन्छन्। मोहन भन्छ, “त्यसैले त माया पनि नमर्दो रहेछ। अझ स्वास्नीमान्छेको त भैगो मैले भनिहालें नि स्वास्नीमान्छेकै माया-दयाले संसार अडिरहेको छ। तिमी स्वास्नीमान्छेहरूलाई हामी संसारभरका एक अरब लोग्ने मानिसहरूको एकमुष्ट धन्यवाद छ” (पृ.६९)। यो यथार्थ भए तापनि पितृसत्तात्मक आडमा यसलाई लुकाइराखिएको छ र श्रेयजति सम्पूर्ण लोग्नेमान्छेका खोकिलामा घुसारिएको छ। यसैले यस न्यायिक कथनलाई पनि नारीवादी कथन मान्नुपर्ने भएको छ।

पूर्वजन्म र पुर्नजन्म बाठाटाठाले लाटासुधालाई कजाई राख्न सृष्टि गरिएको बन्धन हो र त्यही बन्धनमा नारीहरू पनि बाँधिएका छन् भन्ने कुरालाई पनि मोहनमार्फत व्यक्त गरिएको छ (पृ.७४)। लेखकको दृष्टिकोण नारीले आफूमाथिका बन्धनलाई सचेततापूर्वक अर्थ्याउन नसक्नाले नै उनीहरू घुमीफिरी त्यसैभित्र सडिरहेका छन् भन्ने छ। यसैले उनी नारीहरूलाई उत्प्रेरित गर्ने ढङ्गले लेख्छन् “तिमी लोग्ने भएकी स्वास्नीमानिस त हौ, र त लोग्नेले पनि त स्वास्नी मान्नुपर्छ, यो पनि विचार गर” (पृ.७५)। यसरी मोहनबहादुरलाई उपन्यासकारले नारीवादी चेतनाको संवाहक त बनाएका छन् तर त्यो पात्रत्व उपयुक्त परेको छैन। मोहनले पछि गएर मोतीमायाप्रति गरेको दुर्व्यवहारका कारणले उसमार्फत व्यक्त भएका नारीपक्षीय चेतनाका कुराको उपहास भएको छ।

लेखकले नारीमार्फत नै पनि नारीवादी सोचलाई अघि सारेका छन्। आत्मनिर्भरताका प्रश्नमा नारीलाई सचेत देखाउनु उक्त सोचकै परिणति हो। मिश्री भन्छे-

> यसो त्यसो गरीकन ५०-६० बनाउने अनि सुख र शान्तिसित खाने, लाउने यही सुविस्ताको काम हामी गर्छौं, न कसैको घुर्की सुन्नुपर्ला, न कोही बेकुफको खप्की खानुपर्छ । हामी आफू आफ्नो मालिक भइरहेका छौं (पृ.१०६) ।

यो नारीका मनमा बिझाइरहेको दासत्वको पीडाको अभिव्यक्ति हो । यस अभिव्यक्तिमार्फत लेखकले नारीका हृदयभित्र राम्रैसँग चिहाउन सकेको देखिन्छ ।

उपन्यासकार नरले नारीलाई दास बनाएको यथार्थप्रति सचेत छन् र त्यसका विरुद्ध उपन्यासको कार्यनिर्माण गरिरहेछन् । वास्तवमा नारीमुक्ति भनेकै पुरुषको दासताबाट नारीलाई मुक्त गराउनु हो । नारीका जीवनको परिवर्तन सामाजिक परिवर्तनविना सम्भव छैन । समाज भनेको नारीपुरुष दुवैको साझा केन्द्र हो । यसैले नारी समुदायले मात्र समाजपरिवर्तन गर्न सम्भव छैन । समाजको संरचना पितृसत्तात्मक रहेकाले पुरुषको र लैङ्गिक विषमताजन्य व्यवहारको उत्पीडनको सिकार भएको नाताले नारीको भूमिका समाज परिवर्तनका मुख्य आधार हुन् । मैयाँनानी यही उत्पीडित समुदायको प्रतिनिधित्व गर्ने प्रमुख सक्रिय सचेत औपन्यासिक नारीव्यक्तित्व हो । उसका माध्यमले लेखकले एउटा विद्रोहको प्रारम्भ गराएका छन् । सतीत्वको प्रश्नलाई समाजले नारीलाई तह लगाउने हतियारका रूपमा प्रयोग गर्ने गरेकोमा मैयाँनानीले त्यसैलाई आफ्नो मात्र नभई अन्य उत्पीडित नारीका निम्ति पनि आयआर्जनको आधार बनाएकी छ । यस उपन्यासमा उसलाई आत्मनिर्भरताको मर्म बुझ्ने महिलाका रूपमा प्रस्तुत गरिएको छ । समाजद्वारा वेश्या भनिसकिएकी तर वेश्या हुन डराइरहेकी मोतीमायालाई मैयाँनानी भन्छे-"यहाँ गुठियार भएपछि कोही लोग्नेमानिसको जुत्ता बन्नुपर्दैन, बरु उनीहरूबाटै पूजा पाएर हामीले सुखपूर्वक र नारी जातिका उद्धारक भएर जिन्दगी बिताउन पाउँछौं" (पृ.१२०) ।

शिक्षा र सम्पत्तिमाथिको अधिकार नरहेकी नारीका निम्ति आत्मनिर्भरताको मार्ग खोज्नु दुष्कर कार्य हो । यस्तो स्थितिकी नारीले शरीरको व्यापार नगरीकन गायनकलाका माध्यमले वृत्ति आर्जन गर्नसक्छे भन्ने धारणा तत्कालीन परिस्थितिमा एउटा क्रान्तिकारी पहल नै थियो । त्यसबेला नारीले घरबाहिरको संसारमा गएर आयआर्जन गर्नु चरित्रहीनताकै नमुना बन्दथ्यो । यसैले मोतीमाया मैयाँनानीका कोठीमा स्वरको व्यापारमा संलग्न भएतापनि ऊ वेश्या कहलिई तर त्यसलाई मैयाँनानीले त्यस्तो अर्थमा लिएकी छैन र मोतीमायाले पनि सकारात्मक रूपमै लिएकी छ (पृ.१२८) । यस उपन्यासमा नारीलाई रुन्चेपिन्चे होइन, बहादुर विद्रोहीका रूपमा प्रस्तुत गरिएको छ । वासन्ती ज्यानमाराको अभियोगमा जेल परेको कुरा सुनेर मैयाँनानी हतोत्साहित हुन्न । ऊ त भन्छे-"वासन्तीले पक्राउ खाएकी र कष्ट झेलेकी देखेर हामीले हतोत्साही हुनुहुँदैन, बरु उसले गरेको बहादुरी काम हामीले पनि गर्नमा ईर्ष्यालु, प्रतिस्पर्धी हुन सिक्नुपर्छ" (पृ.१३७) ।

उपन्यासकारको नारीपक्षीय दृष्टिकोणलाई एउटा परिणतिमा पुऱ्याउने काम विनोदका माध्यमले भएको छ । नारी आन्दोलनलाई सुपरिणतिसम्म पुऱ्याउन सुपुरुषको साथ आवश्यक हुन्छ भन्ने दृष्टिकोणलाई लेखकले अघि सारेका मात्र होइन मैयाँनानीका माध्यमले स्वागत पनि गराएका छन् (पृ.१५३) । नारीका निम्ति (तर त्यो भोग्याका रूपमा होइन) एउटा पुरुषले अर्को पुरुषसँग (

आमाका निम्ति विनोदले प्रमोदसँग) सङ्घर्ष गर्न तत्परता देखाउनु (पृ.१५३) समाज परिवर्तनका निम्ति अगाडि ल्याइएको सकारात्मक सन्दर्भ हो । एउटा पुरुषले अर्को पुरुषका काँधमा नारी वेश्या हुनुको जिम्मेवारी हालिरहेको छ । समाजले मोतीमायालाई वेश्या भनेको छ र त्यो कुपरिस्थिति प्रमोद स्वयंले दिएको हो भन्ने ठहर विनोदको छ (पृ.१५८) । यही आशय व्यक्त गर्नकै निम्ति उपन्यासकारले यस उपन्यासको तारतम्य मिलाएका छन् । मोतीमायाको जीवनको परिस्थितिले यो अभिव्यक्ति दिइसकेको भए तापनि लेखकलाई अझै त्यो विश्वास भएको छैन र विनोदमार्फत ती कुराहरू सोझै भनिरहेछन् । उपन्यासकारलाई यो कुरा समाजले नबुझी नहुने भन्ने लागेको छ र उनी पटक-पटक भिन्न-भिन्न परिस्थिति र पात्रका माध्यमले यसलाई पुष्टि गर्न प्रयत्नरत देखिन्छन् (पृ.१५८-१५९-१६०-१६१) ।

पुरुषले गर्ने गरेको तर नारीले कहिल्यै नगरेको काम कुनै नारीबाट गरिनुलाई उसको बेइज्जतीका रूपमा लिइन्थ्यो । झन् ज्यानै मार्ने काम त नारीबाट कल्पनासमेत नगरिने परिस्थितिमा उक्त काम नारीबाट हुनु अनौठो हो । यसलाई लेखकले सकारात्मक रूपमा लिएका छन् । लेखकले नारी ज्यानमारा बन्नु भनेको ऊ आफ्नो अस्तित्वप्रति सचेत बन्नु भएकाले यो सकारात्मक कदम हो भन्ने आशयलाई मैयाँनानीका माध्यमले यसरी व्यक्त गरेका छन् -

> माननीय न्यायाधीश, स्वास्नीमान्छेले पनि मानिस मारी, यदि देशको वास्ता तपाईंलाई छ भने यो कु-कुरा नभईकन सु-कुरा हो । तपाईंको पालामा स्वास्नीमान्छे ज्यानमाराको पनि मुद्दा आज न्यायालयमा पुगिरहेको छ, यो बडो हर्षको कुरा हो (पृ.१६३) ।

प्रस्तुत उपन्यास उपन्यासकारको नारीसम्बन्धी दृष्टिकोणकै प्रतिफल हो र यसको निष्कर्षलाई विनोदका माध्यमले व्यक्त गरिएको छ । यस उपन्यासको निचोड नारी जीवनले कोल्टे फेर्नका लागि पुरुषका आचरणमा सुधार आउनु प्रथम आवश्यकता हो भन्ने रहेको छ । समाज व्यवस्थाकै परिवर्तनमा चाहिं लेखकको झुकाउ देखिन्छ । उपन्यासमा समस्याको उठान र विश्लेषण मार्क्सवादी पाराले भएको छ (पृ.१६८) ।

लेखकलाई नारीका कोणबाट हेर्दा नेपालका ऐनकानुन पनि एकपक्षीय भएको र तिनमा परिवर्तनको आवश्यकता महसुस भएको छ । मैयाँनानीजस्ता नारी जेल पर्नु त्यसैको परिणाम हो । लैङ्गिक ढङ्गले पक्षपात नगरीकन उसले भोगेका समस्याको विश्लेषण गर्ने हो भने उसलाई सजायँ दिनुका सट्टा पुरस्कृत गर्नुपर्ने हो । यसरी लेखकले कानुनलाई एकलिङ्गीय हितका प्रयोजनसिद्धिको माध्यम बनाइनु हुँदैन भन्ने आशय व्यक्त गरेका छन् ।

नेपाली नारीका जीवनमा देखा परेका समाज पितृसत्तात्मक हुनुका परिणतिलाई उपन्यासकारले राम्रोसँग ठम्याएका छन् । यस उपन्यासका नारीले जे जति समस्या भोग्नुपरेको छ ती सबै समाजका हरेक संयन्त्रमा पुरुषको एकलौटी आधिपत्य कायम हुनुका उपज हुन् । पितृसत्ता र पितृसत्तात्मक संस्कारका उच्छेदका साथमा ती समस्याको पनि उच्छेद हुन सक्छ तापनि उपन्यासकारको दृष्टिकोण भने त्यसतर्फ ढल्किएको देखिंदैन । उपन्यासमा नारीलाई उन्मुक्ति प्रदान गर्नका लागि अनेकन् उपायहरू सुझाइएका छन्, क्रान्तिकारी कदमहरू चालिएका छन् र

उपन्यासका अन्त्यमा पुग्दासम्ममा त नारीको पीडाको घरलाई नै उसको उन्मुक्तिको केन्द्रका रूपमा स्थापित गरिएको छ तापनि दोस्रो पुस्ताका पुरुष (विनोद) का माध्यमले फेरि पनि हैकम भने पुरुषकै स्थापित गरिएको छ। उपन्यासकारले नारीलाई पुरुषले जे बनायो त्यही बन्नुपर्ने नियतिबाट मुक्त गर्न सकेका छैनन्। लेखक मोतीमायालाई प्रमोदले वेश्या बनाए तापनि त्यसको प्रतिकारमा विनोदद्वारा उसलाई देवी बनाउने घोषणा गराउँछन् (पृ.१५९)। यहाँनिर नारी फेरि पनि पुरुषकै कठपुतली बन्न पुगेको कुरातर्फ भने लेखक सचेत देखिँदैनन्।

विनोदले आफ्नो घरलाई 'मैयाँ मन्दिर'को नाम दिई त्यहाँ आफ्नी आमा मोतीमायाका अध्यक्षतामा 'मैयाँ महिला सङ्घ' स्थापना गर्दछ। यो सङ्घ समाजको परिवर्तनका लागि स्थापना गरिएको छ। विनोद भन्छ, "यो 'मैयाँ-मन्दिर' लाई देखेर तथा सम्झेर रावणजस्ता अमानुष मानव पनि राम बन्ने छन्" (पृ.१६८)। यहाँ एकातिर खराब पुरुषको परिवर्तनको अभियानका निम्ति स्वागत गरिएको छ भने अर्कातिर त्यस्ता पुरुषको हत्यासमेत भएको देखाइएको छ। नारीले जे गरे पनि स्वीकार्य हुने अति नारीवादी दृष्टिकोण पनि यहाँ छैन। अञ्जनाकुमारी र कमलाजस्ता असत् नारी पात्रले सजायँ पाएका छन्। एकनिष्ठ हुन चाहेर पनि नपाएकी मोतीमायाले न्याय पाएकी छ।

प्रस्तुत उपन्यासमा हत्याको सिलसिला देख्दा त्यसले समाजको क्रान्तिकारी परिवर्तनको अपेक्षा गरेको हो कि जस्तो लाग्छ तापनि त्यो हत्या कानुनको निरीहता र अपाङ्गताप्रतिको व्यङ्ग्य मात्र हो। विश्वकै इतिहासमा पनि नारीवादले स्पष्ट साहित्यिक गोरेटो पक्रनुअघि नै लेखिएको यस उपन्यासमा पाइने नारीवादी अवधारणालाई नारीवादी आन्दोलन र सिद्धान्तमार्फत आएको सचेत नारीवादी चेतका रूपमा भने लिन सकिँदैन। यस उपन्यासमा जे जति नारीपक्षीय अर्थात् नारीवादी विचारहरू आएका छन् तिनमा वि.सं.१९९० को दशकमा नेपाली साहित्यमा देखा परेको मानवतावाद र २००० को दशकमा आएको मार्क्सवादको संयुक्त प्रभाव परेको भेटिन्छ। मानवतावादले नारीलाई मानवका कोटीमा राखेर सोच्न सिकायो भने मार्क्सवादले उत्पीडित/शोषितका सन्दर्भमा नारीका पक्षमा बोल्न हौस्यायो। त्यसका साथै मार्क्सवादले नेपाली समाजमा प्रचलित परम्परामाथि पनि पुनर्विचार गर्न कर लगायो जसको फलस्वरूप सतीत्वको प्रश्न यस उपन्यासको मूल मुद्दा बन्न पुग्यो। यस उपन्यासले नारीहरू वेश्या आफै हुन्छन् कि अरूद्वारा बनाइन्छन् भनेर एउटा बहसको प्रारम्भ गरी त्यसको दोस्रो पक्षमा आफ्नो मत जाहेर गरेको छ। यसो गर्नु नेपाली समाजका सन्दर्भमा क्रान्तिकारिता हो तापनि नेपालमा सैद्धान्तिक रूपमा नारीवादको आगमन नभइसकेको र नारीवादका लक्षणहरू यस उपन्यासमा परिपुष्ट पनि नभएकाले यसलाई मार्क्सवादउत्प्रेरित स्वच्छन्दतावादी क्रान्तिकारिताका परिणामस्वरूप आएको नारीवादी चेतना मान्नुपर्छ जसले नारीको अस्तित्वलाई मान्यता दिएको छ।

उपन्यासमा जे जति नारीसम्बन्धी नयाँ काम भएका छन् ती नारीकै अग्रसरतामा भएका छन्। नारीका पीडालाई अर्थ्याउन नारी नै सक्षम हुन्छन्। यसैले कुनै पनि पुरुषले प्रारम्भ नगरेको क्रान्तिकारी अभियानलाई मैयाँनानीले प्रारम्भ गरेकी छ। विनोदले सहयोगीको भूमिका निर्वाह गरेको छ। यस सन्दर्भले एकातिर नारीवादी चेतनाकै प्रस्तुति दिएको छ भने अर्कातिर नारीविरुद्ध

सङ्गठित रूपमा नै उत्पीडन हुने गरेकाले त्यसको प्रतिकारका निमित्त पनि नारीहरूको सङ्गठित सङ्घर्षकै आवश्यकता हुन्छ भन्ने दृष्टिकोणलाई अगाडि सारेको छ। यस उपन्यासमा यस्ता किसिमका सङ्गठित आन्दोलनलाई व्यक्तिलाई जेल हालेर वा मारेर निस्तेज पार्न सकिँदैन भन्ने आशय व्यक्त गरिएको छ।

उपन्यासमा सतीत्व र परनिर्भरता दुईवटा कुरालाई एकै ठाउँमा गाँसेर प्रस्तुत गरिएको छ। दुवै कुरा पितृसत्ताका केन्द्रबाट उठेका छन् र आत्मनिर्भरताको प्रश्नले मार्क्सवादसँग बढी निकटता राख्दछ। नारीले लैङ्गिक कारणले नै परनिर्भर बन्नुपरेको सन्दर्भलाई मार्क्सवादले मात्र पूर्ण रूपमा अर्थ्याउन सक्तैन। यसलाई पूर्णता दिन नारीवादी दृष्टिकोणको आवश्यकता पर्दछ र त्यो नारीवाद मार्क्सवादसँग जोडिँदा त्यहाँ मार्क्सवादी नारीवादको उपस्थिति रहन्छ। यस उपन्यासले नारीपक्षीय दृष्टिकोण अँगालेकाले र सतीत्वजस्तो संवेदनशील बनाइएको कुरालाई नारीका पक्षमा वकालत गरेकाले यस उपन्यासले नारीवादी चेतनाको पनि आभास दिएको छ। सबै उत्पीडित वर्गको मुक्तिसँगै नारीमुक्ति पनि सम्भव देख्ने मार्क्सवादले नारीका मात्र ठहरिएका विशिष्ट समस्यालाई छुट्टै महत्त्व दिएर सुल्भाउने प्रयत्न त्यति गर्दैन। उत्पीडनका विरुद्ध तत्कालीन र दूरगामी दुवै किसिमका उपचार आवश्यक हुन्छन् तापनि मार्क्सवादले भने दूरगामी उपचारतर्फ बढी ध्यान दिन्छ। नारी समस्याको तात्कालिक निकासका सन्दर्भमा नारी स्वयं नै बढी चासोयुक्त रहेर अग्रसर रहेको सन्दर्भमा नारीवादी चेतनाको आभास मिल्दछ र त्यही आभास यस उपन्यासले पनि प्रदान गरेको छ। मार्क्सवादले आमूल परिवर्तनको माग गर्दछ तर यो उपन्यास केही समस्याको समाधानमा टुङ्गिएकाले यहाँ परिपुष्ट मार्क्सवाद पनि पाइँदैन।

उपन्यासको रचना कालतिर समाजको मनोदशा सङ्क्रमणशील अवस्थामा थियो। राजनीति अर्कै ठाउँमा, मानिसका चाहना अर्कै ठाउँमा र समाज अझ अर्कै ठाउँमा देखिन्छन्। यही पारिस्थितिक पृथकीकरणको स्थिति उपन्यासमा पनि देखिएको छ। उपन्यासको लक्ष्य पनि त्यसैगरी अल्मलिएर कतै मार्क्सवादी त कतै सुधारवादी बन्न पुगेको देखिन्छ। मैयाँनानीका तहमा हेर्दा यो मार्क्सवादी दृष्टिकोणका निकट देखिन्छ भने मोतीमाया र विनोदका दृष्टिकोणबाट हेर्दा यो सुधारवादी देखिन्छ। यी दुवै दृष्टिकोणको प्रस्तुतिले एकातिर नेपाली समाजको सङ्क्रमणशीलता दिग्दर्शित हुन्छ भने अर्कातिर लेखककै दृष्टिकोणको सङ्क्रमणशीलता पनि देखिन्छ। सिद्धान्तमा मार्क्सवादलाई वरण गरिसकेर पनि व्यवहारमा त्यसलाई उतार्न नसक्ने जस्तो अधिकांश मार्क्सवादीहरूको कमजोरी यस उपन्यासका लेखकमा पनि रहेको कुरा यसमा प्रस्तुत दृष्टिकोणले पुष्टि गरेको छ। उपन्यासकारको नारीप्रतिको दृष्टिकोण पनि यही सङ्क्रमणका बिन्दुमा देखा परेको छ। उपन्यासमा उपन्यासकारको दृष्टिकोण अधिकांशतः क्रान्तिकारी र कहिलेकाहीँ सुधारवादी भएर देखा पर्नु यसैको परिणति हो। यसै सङ्क्रमणशीलताका बिचमा पनि उनको दृष्टिकोणको नारी पक्षधरतामा भने कुनै अलमल देखिएको छैन।

सबै नारी शिक्षित र सचेत नभएको नेपाली समाजमा नारीपक्षीय विचारका माध्यमले उल्टै नारीकै शोषण हुने गरेको पनि देखिएको छ र प्रस्तुत उपन्यासमा त्यस्तो सम्भावनाबाट नारीले

निकै नै चनाखो भएर जोगिनुपर्छ भन्ने दृष्टिकोणलाई मोहनका चरित्रका माध्यमले प्रस्तुत गरिएको छ ।

सम्पूर्ण तथ्यहरूको अध्ययनपश्चात् प्रस्तुत उपन्यासका उपन्यासकार हृदयचन्द्रसिंह प्रधानलाई नारीप्रति सर्वथा सकारात्मक दृष्टिकोण राख्ने स्रष्टाका रूपमा लिन सकिन्छ । आफूले चित्रण गरेका खराब नारी चरित्रमा पनि उनले नारीलाई त्यस खराबीका निम्ति दोष नदिई समाज व्यवस्थालाई नै दोषी ठहऱ्याएका छन् । सत् पात्रका रूपमा चित्रण गरिएका मैयाँनानी र मोतीमायाका चरित्रलाई नारीविरोधी लेखकले सोही क्रियाकलापमा खराब पनि प्रमाणित गर्न सक्छ । यसरी नारी विषय र नारी चरित्रसँग सम्बन्धित लेखकीय पक्षधरताका अतिरिक्त उपन्यासकार प्रधानले विनोदलाई नै आफ्नो मुख पात्र बनाएर अघि सारेका छन् ।

### ५.२.१२ **निष्कर्ष**

**स्वास्नीमान्छे** उपन्यास नेपालमा राजनीतिक सन्दर्भमा राणाशासनले डाँडा काटेको तर सामाजिक तहमा भने उस्तै सामन्ती उत्पीडन कायम रहेको काठमाडौं उपत्यकाका मध्यम र उच्च वर्गीय भईकन पनि निम्न वर्गीय आर्थिक पीडा भोग्न विवश महिलाहरूको कथा हो । यस उपन्यासले पुरुषको स्वेच्छाचारिता, नारीकै आर्थिक हैसियतहीनता, जातिगत अन्धविश्वास, लैङ्गिक चेतनाको अभावले नारी नै नारीविरोधी र समाजका दृष्टिमा नारी समुदायको मूल्यहीनताजस्ता समस्यासँग जुध्न विवश र आत्मनिर्भरताका अन्य केही उपाय नभएका तत्कालीन नारीहरूलाई वेश्यावृत्तिकै आधारमा भए पनि स्वनिर्भर बनाएर सामन्ती प्रचलनलाई चुनौती दिने काम गरेको छ। यसका नारी पात्रहरू वेश्यावृत्तिलाई समाजको कलङ्क मान्दामान्दै पनि र त्यसलाई उच्छेद गर्ने स्पष्ट लक्ष्य राख्दाराख्दै पनि त्यसैलाई आयआर्जनको माध्यम बनाउन बाध्य हुनु सामन्तकालीन नारीको चरम विवशता हो भन्ने निष्कर्ष यस उपन्यासले निकालेको छ । महिलाको मुक्ति नभईकन समाजको मुक्ति सम्भव छैन भन्दै त्यसका निम्ति प्रथम अग्रसरता महिलाको र साथसहयोग पुरुषको चाहिन्छ भन्ने कुरा प्रस्तुत उपन्यासको अध्ययनपछि बोध हुन्छ । पुरुष र उनीहरूको प्रभुत्व भएको समाज सुध्रिनु सामाजिक परिवर्तनका निम्ति आधारभूत सर्त हो भन्ने कुरा उपन्यासकार प्रधानले अगाडि सारेका छन् ।

नारी र नारी आन्दोलनप्रति सकारात्मक दृष्टिकोण राख्ने उपन्यासकार प्रधानले यस उपन्यासमा सतीत्वको नयाँ परिभाषा अगाडि सारेका छन् । उपन्यासको समग्र कथा र चरित्रको बुनोटबाट लेखकले अस्तित्वको लडाइँ नै नारीका जीवनको प्रथम कर्तव्य हो भन्ने कुरा अगाडि सारेका छन् ।

नारी समुदाय विस्तारै लैङ्गिक ढङ्गले सचेत हुँदैछ । समाज र राष्ट्रको सोच उक्त सचेततताप्रति संवेदनशील हुन सकेन भने त्यसले क्रमशः विध्वंशात्मक रूप पनि लिन सक्छ भन्ने कुरालाई उपन्यासमा देखाइएका हत्याका सिलसिलाले प्रष्ट पारेका छन् । कुनै पनि सङ्घर्षले आत्मबलिदानी स्वरूप प्राप्त गर्नु भनेको त्यस सङ्घर्षको त्यो बिन्दु हो जहाँबाट सङ्घर्ष कदापि सम्झौतामा परिणत हुन सक्तैन । आत्मबलिदानका क्षणसम्म पुग्दा सङ्घर्षले सम्झौताका सम्पूर्ण सम्भावनालाई

नाघिसकेको हुन्छ । प्रस्तुत उपन्यासमा नारी सङ्घर्षले वासन्ती एवं मैयाँनानीका माध्यमले क्रमशः आत्मबलिदानी स्वरूपतर्फ प्रवेश गरिरहेको छ र यसले नारीजगत्को अस्तित्वचेततर्फको प्रयाणलाई दृढता प्रदान गरेको छ। यस सन्दर्भबाट उपन्यासकारले नारी समुदायले अस्तित्वको लडाइँलाई नै जीवनको प्रथम कर्तव्य सम्झनु पर्छ भन्ने तथ्यतर्फ आकर्षित गर्न खोजेको देखिन्छ। यो उनको नारी समुदायप्रतिको अत्यन्त सकारात्मक धारणा हो तापनि यसले समस्याको कारक तत्त्व पहिल्याएर त्यसमाथि प्रहार नगरी व्यक्तिहत्याका माध्यमले समाजलाई बदल्न खोजेकाले त्यहाँ स्वच्छन्दतावादी भावुकताको उपस्थिति देखिन्छ। यसरी यस उपन्यासमा आत्मबलिदानका तहसम्म पुगेको त्यो क्रान्तिकारिता स्वच्छन्दतावादी प्रकृतिको छ। यसरी यस उपन्यासमा प्रस्तुत नारी पक्षधरताले कतै मार्क्सवादी र कतै उदारवादी नारीवादका विशिष्टता बोकेकाले यसलाई समाजवादी नारीवादको संज्ञा दिन सकिन्छ।

उपन्यासले सामाजिक परिवर्तनका निम्ति आफ्ना हरेक प्रयत्नलाई केन्द्रित गरेका कारणले पनि उक्त उपन्यासमा प्रस्तुत भएको नारी पक्षधरतालाई नारीवादी कोणबाट समाजवादी नारीवादको संज्ञा दिनु उपयुक्त हुन्छ। यतिसम्म कि वेश्याचरणजस्तो निकृष्टतालाई त्यो निकृष्टता हो भनेर बुझीकन पनि त्यसलाई सामाजिक परिवर्तनको साधनका रूपमा प्रयोग गरिएको छ। उपन्यासका अन्त्यतिर यसका पात्रहरू हत्याहिंसातर्फ लम्केपछि भने औपन्यासिक दृष्टिकोणमा विचलन देखिएको छ। व्यक्तिहत्याले सामाजिक परिवर्तन सम्भव छैन, विचारले बिगारेको समाजलाई फेर्न विचारमाथि नै प्रहार गर्नुपर्छ भन्ने कुरालाई भने यस उपन्यासले पहिल्याउन सकेको छैन। यस सन्दर्भले उपन्यासलाई स्वच्छन्दतावादी क्रान्तिकारी धारतर्फ उन्मुख गराउन खोजेको भए तापनि अन्य बाँकी सम्पूर्ण सन्दर्भले भने यस उपन्यासको नारी पक्षधरतालाई समाजवादी नारीवाद भन्नु नै उपयुक्त हुन्छ।

## ५.३ 'शान्ति' उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण

यहाँ लीलाध्वज थापाको **शान्ति** उपन्यास (वि.सं.२०१५)लाई पृष्ठभूमि,औपन्यासिक शीर्षक,औपन्यासिक स्थानगत-कालगत र वर्गीय सन्दर्भका साथै मूल नारी समस्याका विभिन्न पक्ष, औपन्यासिक परिणति र सन्देश, प्रमुख नारी चरित्रको विश्लेषण, नारीजगत्, नारीपुरुष दृष्टिकोण, औपन्यासिक समष्टि नारी अवस्थिति र लेखकीय नारी दृष्टिकोणजस्ता कोणबाट क्रमशः केलाई मूल्याङ्कन प्रस्तुत गरिएको छ (५.३.१-५.३.११)।

### ५.३.१. पृष्ठभूमि

कविता र निबन्धका क्षेत्रमा वि.सं.२००७ सालको आसपासबाट देखा परेका लीलाध्वज थापा (वि.सं.१९८२-२०४१) २०१५ सालपछि उपन्यास लेखनतर्फ पनि प्रवृत्त भएका छन्। आफ्ना उपन्यासमा स्वच्छन्दतावादी साहित्यिक प्रवृत्तिका पक्षपाती रहेका थापाका उपन्यासमा सामाजिक जीवनको रन्को र सामाजिक सुधारको आकाङ्क्षा प्रकट भएको पाइन्छ। सामाजिक परिवेशमा

नारी जीवनका विसङ्गतिलाई केलाउनु र तिनमा सुधार आवश्यक छ भन्ने दृष्टिकोण प्रस्तुत गर्नु यिनको उपन्यासको अभीष्ट दृष्टिगत हुन्छ ।

उपन्यासभित्र एकाध निम्न वर्गीय र उच्च वर्गीय पात्रको उपस्थिति रहे तापनि यिनका उपन्यासमा मध्यम वर्गीय जीवनकै चित्र बढी मुखरित रहेको छ। देशमा २००७ सालको राजनीतिक परिवर्तनपछि आएका समाजसुधारका कुराहरूलाई कथ्य बनाएर लेख्ने लीलाध्वज थापाका तीनवटा उपन्यास प्रकाशित भएका छन् - **मन** (२०१५), **शान्ति** (२०१५) र **पूर्वस्मृति** (२०१६)। उपर्युक्त तीनवटै उपन्यास तत्कालीन नेपाली समाजमा नारीहरूले भोग्न बाध्य हुनुपरेका विवशताको कथालाई प्रस्तुत गर्दै अगाडि बढेका छन् । ती विवशताको उच्छेद नभएसम्म स्वस्थ समाजको निर्माण सम्भव छैन र समाज स्वस्थ नबनेसम्म त्यस्ता विकृतिको पूर्ण उच्छेद पनि सम्भव छैन भन्दै व्यक्तिको दुःख निवारणभन्दा पनि समाजको सुधार बढी महत्त्वपूर्ण छ भन्ने दृष्टिकोण उपर्युक्त उपन्यासहरूले बोकेका छन् ।

थापाको प्रथम प्रकाशित उपन्यास **मन** नारीकेन्द्री उपन्यास हो र यसको नामकरणसमेत उपन्यासकी प्रमुख नारी चरित्रबाट गरिएको छ । यसमा प्रमुख पात्र मन जीवनका चरम बिब्ल्याटा र अप्ठ्याराहरूलाई मूल रूपमा र उसैकी बहिनी धनका जीवनका बिब्ल्याटा र अप्ठ्याराहरूलाई सहायक रूपमा प्रस्तुत गरिएको छ। यो पुरुषरचित उपन्यासकी नारीका आँखाबाट गरिएको समाजको पर्यवेक्षण हो जसमा ऊ स्वयं भोक्ताका रूपमा समेत उपस्थित छ। अर्थात् एउटी नारीले आफ्ना जीवनका दुःखद् भोगाइका परिसरमा गरेको पितृसत्तात्मक समाज र त्यसभित्रका पुरुषको पर्यवेक्षण र मूल्याङ्कन नै यस उपन्यासको सार हो । नेपाली नारीको पारिवारिकभन्दा पनि सामाजिक समस्यामा बढी ध्यान केन्द्रित गरिएको यस उपन्यासमा नेपाली समाज नारीका पक्षमा ठ्याम्मै नरहेको, नारीलाई उन्मुक्त आकाश नदिने, नारी जति बढी दुःखी भई उत्तिनै बढी उसमाथि शोषण पनि भइरहने, पुरुषको व्यभिचारमा नारीनै दोषी ठहरिने, समाजका धर्म-परम्परा-संस्कृति आदिले नारीको पक्ष नलिने सन्दर्भमाथिको आलोचना  प्रस्तुत गरिएको छ । आफ्नै घरमा पढाउन आउने पूर्वविवाहित शिक्षक हृदयराजले झुठो प्रेमपासमा फसाई गर्भवतीसमेत बनाई उसबाट पन्छिएपछि विवाहकै दिनमा घरबाट भागेकी मनले दोजिया अवस्थामा भोगेका सामाजिक उत्पीडनसँगै प्रारम्भ भएको यो उपन्यास बहिनी धन एवं परिवारका अन्य सदस्यको सहयोगले ऊ पितृगृहमा फर्किएपछि आइपुगेको धोकेबाज शिक्षक हृदयराजलाई अर्धविक्षिप्त अवस्थामा रहेको मधुमार्फत लखेटेपछि समाप्त भएको छ। पीडित नारीलाई आश्रय दिएको र पीडक पुरुषलाई तिरस्कार गरेको देखाएर उपन्यासले समाजसुधारलाई लक्षित गरेको छ ।

थापाको अर्को उपन्यास **पूर्वस्मृति** पनि नारी समस्यामा केन्द्रित छ। यसकी प्रमुख नारी चरित्र गौरी हो र सहायक प्रतिध्रुवीय चरित्र चाहिँ उत्तरा हो। आ-आफ्ना जीवनका परिस्थितिहरूले नै ती नारीको चरित्र निर्माणमा प्रमुख भूमिका खेलेको देखिन्छ। घरमा गौरीका लागि सौतेनी आमा उत्तराका कारणले परिस्थिति प्रतिकूल रहेको छ र त्यसै प्रतिकूलताका कारणले ऊ मनको आस्था बिसाई भर पर्ने ठाउँका खोजीमा विजयसम्म पुगेकी छ। उसको दाजु त त्यही प्रतिकूलताका कारणले घर नै छाडेर हिंडेको छ। यता उत्तरा पनि प्रतिकूल बन्न पुग्नुमा उसको

जीवनको परिस्थिति दोषी छ। आमा छोरीको उस्तै-उस्तै उमेर (तीन वर्षको अन्तर) भए तापनि आमा (सौतेनी)ले चाहिं बूढो लोग्ने स्याहार्नुपरेको तर उस्तै उमेरकी छोरीले चाहिं उमेरसुहाउँदो युवकसँग मायाप्रीति लगाएको मात्र होइन, विवाहसमेत हुन आँटेको देखी ईर्ष्याले जलेर उनीहरूको विवाह हुन नदिन प्रयत्नशील रहनु र विजय (हुनेवाला ज्वाईं)सँग व्यभिचार गर्न उद्धत रहनुका पछाडि समाजको पैसामुखी प्रवृत्ति जिम्मेवार छ। प्रस्तुत उपन्यासमा पैसावाला भएकै कारणले उत्तराकी आमाले छोरीको विवाह उत्तराभन्दा ३५-३६ वर्षले जेठो मान्छेसँग गरिदिनाले उचित शिक्षादीक्षा र संस्कार नपाएकी उत्तराको चरित्र यसभन्दा भिन्न नहुनु स्वाभाविक हो र त्यसका लागि व्यक्ति उत्तरा नभएर उसको सामाजिक परिवेश दोषी छ भन्दै नारी जीवनको सुख शान्तिका निम्ति सामाजिक सुधार आवश्यक छ भनिएको छ।

थापाको अर्को उपन्यास **शान्ति** पनि नारी समस्याका परिपार्श्वमा र नारीकै केन्द्रीयतामा लेखिएको छ। सात वर्षको उमेरमा आफ्ना पिताभन्दा जेठो बूढासँग विवाह भएर त्यसको डेढ वर्षपछि विधवा बनेर तरुनी सौतेनी आमा र वृद्ध बाबु भएको माइतीमा शरणापन्न बनेकी शान्ति साथीहरूले रेडियो नेपालमा गीत गाउने सल्लाह दिएपछि गीत गाउन पाउने अवसरको छलमा परेर बलात्कृत र गर्भवतीसमेत भएकी छ। सौतेनी आमासँग पुगेको कीर्तनमण्डलीको गुरुबाट बल्ल-बल्ल जोगिएकी ऊ फेरि-फेरि पनि अन्य कामुक दृष्टिका पोलाइमा पर्दछे। कमलाका आमाछोराका सहयोगमा उनीहरूका घरमा आश्रित बनेपछि र विस्तारै शिक्षा एवं चेतना हासिल गरी समाजोत्थानमा सक्रिय हुँदै राजनीतिमा समेत प्रवेश गरेपछि बल्ल ऊ यस्ता यौनजन्य हैरानीबाट मुक्त हुन पुगेकी छ।

थापाका उपर्युक्त तीनवटै उपन्यासहरू नारीकेन्द्री रहेका छन् र **मन**ले त मदनपुरस्कारसमेत प्राप्त गरेको छ। यी तीनमध्ये नारीवादी प्रवृत्तिको विश्लेषणका निम्ति एउटा मात्र उपन्यासको चयन आवश्यक भएकाले उक्त प्रयोजनका दृष्टिले सर्वाधिक सार्थक उपन्यासको चयनका सन्दर्भमा **शान्ति** उपन्यास प्राथमिकतामा परेको छ। **मन**मा नारी-उत्पीडनका यथार्थलाई बढी प्राथमिकताका साथ प्रस्तुत गरिएको छ। उपन्यासका अन्त्यमा फेरि झुल्किन आएको हृदयराजलाई मनका आज्ञाले मधुले लखेटेको छ एकातिर भने अर्कातिर मनका मातापिताले हार्दिक उदारतासाथ आफ्नी छोरीलाई गृहप्रवेश गराएका छन्। मधुको श्रीमान्ले आफ्नी पत्नीलाई विधवाको भेषमा देख्नु हुँदैन भन्ने रुढिको विरोध गरेको छ। **पूर्वस्मृति**मा सौतेनी आमाका कपटले मरिसकेकी छोरी गौरीलाई उसको प्रेमी विजयले बचाएकाले उसैसँग गौरीको विवाह हुने टुङ्गो भएको देखाएर छोरीले गरेको प्रेमवरणलाई मान्यता दिएको देखाइएको छ। नारीका कोणबाट हेर्दा यी दुवै सकारात्मक दृष्टिकोण भएका उपन्यास हुन्। यति भएर पनि **शान्ति** उपन्यासको चयन बढी सान्दर्भिक देखिएको छ। नारी-उत्पीडनको उल्लेख गर्नेसम्म त यो उपन्यास पनि उस्तै छ तर उपन्यासका अन्त्यतिर गएर मूल पात्र शान्तिको जुन सक्रियता र समस्याका विरुद्ध जुध्ने जुन योग्यता एवं तत्परता देखिएको छ त्यसले यस उपन्यासलाई अघिल्ला उपन्यासभन्दा विशिष्ट तुल्याएको छ। त्यसै विशिष्टताले नारीवादी प्रवृत्तिको विश्लेषणका निम्ति यस उपन्यासको चयन गरिएको छ।

### ५.३.२ शीर्षक

प्रस्तुत **शान्ति** उपन्यासको नामकरण यसै उपन्यासकी केन्द्रीय नारी चरित्र (नायिका) शान्तिकै नामबाट भएको छ । यो नामकरण वा शीर्षक रखाइले नै उपन्यासको नारी प्रधानतालाई इङ्गित गरेको छ। उपन्यासको प्रकाशन काल (वि.सं.२०१५) र उपन्यासभित्रका कथावस्तुगत पात्रगत समयसूचनालाई  समेत ध्यानमा राखी हेर्दा र २००७ सालको क्रान्तिभन्दा पछिको लगभग १० वर्षको २००८ सालदेखि २०१७ सम्मको तत्कालीन नेपाली समाजको नारीसंसार र त्यसको प्रतिनिधित्व गर्ने सन्दर्भतर्फ पाठकलाई डोऱ्याएको छ । यसरी यस उपन्यासको शीर्षकले एकातिर उपन्यासको नारी प्रधानतालाई देखाएको छ भने अर्कातर्फ त्यही पात्रको चारित्रिक अवस्थिति र भूमिकाको महत्त्वतर्फ पनि सङ्केत गरेको छ। यस उपन्यासको उपर्युक्त शीर्षकले लेखकको नारीप्रतिको दृष्टिकोण र नारी समस्या-समाधान तर्फको चासोको पनि प्रतिनिधित्व गरेको छ ।

शान्ति यस उपन्यासकी प्रमुख नारी चरित्रलाई उसको श्रीमान्ले विवाहमा राखिदिएको नाम हो । यस नामका साथै उसले अनमेल विवाहको अभिशापलाई जिन्दगीभरि बोकिरही । यो अनमेल विवाहले एकातिर त उसलाई शान्ति भन्ने नाम दियो र अर्कातिर भने यसले उसका जीवनमा अशान्ति पनि खोपिदियो । नाम शान्ति, जीवन अशान्त र यी दुईको सङ्घर्षबाट देशमा सुशान्तिपूर्ण शासनको स्थापनाको कामना नै यस उपन्यासको विषयवस्तुगत सार हो र त्यसलाई उपन्यासको शीर्षकले आफूमा ध्वनित गराएको छ। नेपाली परिवारमा  नारीबाट शान्तिको स्थापना र संवर्द्धन होस् भन्ने कामना हुन्छ र पत्नीको नाम शान्ति राखिएबाट उसको श्रीमान्ले पनि उसबाट सोही कामना गरेको बुझिन्छ। विवाहभन्दा तुरुन्तै (साढे एकवर्ष) पछि भएको श्रीमान्को  देहावसानले न त परिवारमा नै शान्ति सम्भव भयो न त उसको जीवनमा नै। उसले बरु आफ्नो जीवनको प्रतिकूलता अनुकूलताको बिचोबिच राष्ट्रिय स्तरमा नै सुशासनका माध्यमले शान्ति स्थापना गराउने कार्यका निम्ति पहल गरी। यसले नारीका जीवनको महत्तालाई पारिवारिक घेराबाट निकालेर राष्ट्रिय स्तरमा स्थापित गरेको छ। यस उपन्यासको शीर्षकले अशान्तिमा परिणत हुन पुगेको शान्तिलाई सङ्घर्षका माध्यमले पुनः आफ्नै स्वरूपमा फर्काउनु पर्छ भन्ने कामनालाई पनि परिलक्षित गर्दै उक्त उपन्यास नारीकेन्द्री रहेको मात्र सङ्केत नगरी जीवनको सर्वोपरि अभीष्ट भनेको व्यक्तिगत तहमा पनि र राष्ट्रिय तहमा पनि शान्ति नै हो भन्ने अर्थ सम्प्रेषण गरेको छ।

## ५.३.३ औपन्यासिक सामाजिक परिवेश र नारीजगत्

अब यहाँ **शान्ति** उपन्यासको सामाजिक परिवेश र नारीजगत्को विवेचना क्रमशः स्थानगत, कालगत र वर्गगत सन्दर्भमा गरिनेछ (५.३.३.१-५.३.३.४) ।

#### ५.३.३.१ स्थानगत सन्दर्भ

**शान्ति** (वि.सं.२०१५) २००७ सालपछि र २०१७ साल अगाडिको नेपालको राजनीतिक, धार्मिक एवं सामाजिक अवस्थाको उत्तरोत्तर पतनशील अवस्थाको चित्र बोकेको उपन्यास हो।

उक्त १० वर्षमध्ये अघिल्लो चार वर्ष राजा त्रिभुवनले र पछिल्लो छ वर्ष राजा महेन्द्रले राजगद्दी सम्हालिरहेको अवधि हो । २००७ सालमा राणा शासनको अन्त्य भई नयाँ प्रजातान्त्रिक व्यवस्थाको उदय त भयो तर अघिल्लो अवधिका विकृतिहरू भने जनताले बोल्ने अधिकार पाएपश्चात् पनि घट्ने क्रममा देखिएनन् । सर्वसाधारण जनता सधैं निमुखाका निमुखै रहे, बाठाटाठाहरूको ज्यादती उनीहरूमाथि लादिने क्रममा परिवर्तन आएन । राणातन्त्रको विरोध गरेर विदेशिएका नेता नेपाल फर्केर शासनसत्ताका साझेदार बने । त्यसपश्चात् पनि उनीहरूले सामाजिक जीवनमा भने कुनै अन्तर ल्याउन सकेनन् । अझ भनौं प्रयत्नरत नै देखिएनन् । त्यसबेलाका नेताहरूले व्यक्तिगत स्वार्थपूर्तिलाई नै सर्वोपरि सम्झिए । सामाजिक जीवनमा परिवर्तन र सुधार नभएपछि नारीका बन्धन खुकुलिएर मुक्ति हात लाग्न त झन् कल्पना नै गर्न नसकिने भयो । **शान्ति** उपन्यासको रचना नेपालको तत्कालीन परिवेश र त्यस अवस्थाका नारीका जीवनको दुःखदताको चित्रसमेत सग्लो रूपमा उभिने गरी गरिएको देखिन्छ ।

प्रस्तुत उपन्यासमा एकातिर सिङ्गो नेपाली जनजीवनको सामाजिक अवस्थाको चित्रण भएको छ भने अर्कातिर त्यसकै हाराहारीमा यही विकृत नेपाली समाजका उत्पीडित नारी समुदायको उत्पीडनको गाथालाई प्रस्तुत गरिएको छ । सामाजिक मुक्ति मात्रले सम्पूर्ण नारीमुक्ति सम्भव छैन भन्ने तथ्य एकातिर र नारीमुक्तिमा मात्र समाजको चरित्र उँभो लाग्न सक्दैन भन्ने तथ्य अर्कातिर गरेर दुवै समस्यालाई उत्तिकै महत्त्वका साथ लिइएको छ ।

**शान्ति** उपन्यासको विषयवस्तु उच्च (फणेन्द्रको परिवार)वर्गीय एवं मध्यम वर्गीय परम्परागत, धर्मभीरु, अशिक्षित र तिनैमध्येका पनि केही शिक्षित, सभ्य एवं नवोन्मेषशील युवाका सेरोफेरोमा घुमेको छ । यो उपन्यास राणाकालीन वैशिष्ट्यले अलिकति पनि नछाडेका ब्राह्मण परिवार र एकाध मात्र अन्य जातजातिका मानिसको कथा हो । यस उपन्यासको मुख्य केन्द्रमा काठमाडौं र सहायक केन्द्रमा काठमाडौंभन्दा तीन कोस मात्र टाढाको (पृ.२०१) सिस्नेरीको सेरोफेरो रहेको छ । यस उपन्यासको स्थानगत मुख्य केन्द्रका रूपमा रहेको काठमाडौंको उपान्तीय बस्ती ज्ञानेश्वरमा ब्राह्मण परिवारको विधवा आमाको लालनपालनमा हुर्कीबढी शिक्षितसमेत बनेको मध्यम वर्गीय एवं नवोन्मेषशील युवक कमलको घर रहेको छ । त्यस युवकको पुर्ख्यौली काठमाडौं उपत्यकाको नजिकैको सिस्नेरी गाउँमा रहेको भेटिन्छ (पृ.२१८) । यस उपन्यासको विषयवस्तु ज्ञानेश्वरमा मात्र सीमित नरही काठमाडौंका अन्य स्थानमा पनि फैलिएको छ । यस उपन्यासमा दोस्रो महत्त्वपूर्ण स्थानका रूपमा वनकाली आएको छ जहाँ पशुपतिसम्म पुग्ने एउटा कच्ची मोटरबाटो पुगेको छ (पृ.१६१) । पशुपतिनाथको मन्दिर पनि त्यहीँ भएकाले र मृतकको दाहसंस्कार गरिने आर्यघाट त्यतै भएकाले यो काठमाडौंका विभिन्न स्थानसँग निरन्तर सम्पर्कित भइरहने स्थान हो । समाजबाट प्रताडित शान्ति आत्महत्याका प्रयोजनले यहीँ पुगेकी थिई र साथीको दाहसंस्कार गरेर फर्केको कमलको भेट शान्तिसँग सर्वप्रथम यहीँ भएको थियो (पृ.५) । जगन्नाथ बाबा छोराहरूबाट दुत्कारिएपछि यहीँको एउटा सत्तलमा बस्न थालेका छन् । बेली तीन वर्षदेखि यहीँ बाबाका आश्रयमा बसेकी छ । कमलले शान्तिलाई पनि यही आश्रयस्थलमा पुऱ्याएका छन् । रामजी, फणेन्द्र, बीसे आदिले शान्तिमाथि आँखा गाडेको र बाबाले काकताली मिलाएर

उनीहरूलाई पक्राएको पनि यहीँ हो। आफ्नो उमेरमा सानी बज्यै (कमलकी आमा) सपरिवार वनभात खान पनि यहीँ आएकी थिई।

प्रस्तुत उपन्यासमा उल्लिखित स्थान हो- काठमाडौंको अर्को उपान्तीय बस्ती बत्तीसपुतली जहाँ जगन्नाथले पैतृक सम्पत्तिस्वरूप प्राप्त गरेको एउटा सानो पराले घर र पन्ध्र रोपनी बारी थियो। त्यहाँ उसका चार छोराछोरीसहितको छ जनाको सानो परिवार थियो र ऊ कुटोकोदालो गरेर जीवन निर्वाह गर्दथ्यो। पत्नी सुत्केरी हुँदा लागेको ऋण तिर्न नसक्दा उसको पैतृक सम्पत्ति सम्पूर्ण सकियो, पत्नी पनि मरी र ऊ डेरामा दुःख गरेर बसेर छोरा पढाउन थाल्यो, उसकी छोरी आफै केटासँग हिंडी। छोराहरूले पढिसकेपछि उसलाई कुटेर खेदे र जगन्नाथ बत्तीसपुतलीको परित्याग गरी वनकालीमा बस्न थाल्यो।

सिफल ज्ञानेश्वरभन्दा पनि अझ टाढाको बस्ती हो जहाँ मानिसहरूको घर फाट्टफुट्ट र खेती गर्ने गरेको जमीन धेरै थियो। त्यहीँ थियो फणेन्द्रको उच्च वर्गीय सम्पन्नताले युक्त घर। उसका पिता कप्तान (जो कमलका पिताका मित्र पनि थिए)ले थुप्रै जग्गा र सम्पत्ति थुपारी दिवङ्गत भएको थियो। बैंस छँदै विधवा बनेकी कप्तान्नी यहाँको घरसम्पत्ति बुहारीका जिम्मामा छाडी आफू कीर्तन पार्टीमा मग्न बनेकी थिई। फणेन्द्रलाई घरको वास्तै थिएन, मन लागेजति खर्च गर्न पाए पुग्दथ्यो। फणेन्द्रकी श्रीमती वसन्तकुमारी सम्पूर्ण सम्पत्तिको हर्ताकर्ता बनेर सिफलको यस घरमा जीवनका सम्पूर्ण प्रकारका मोजमज्जासहित बसेकी छ। फणेन्द्रका बिसे आदि साथीहरू पनि सिफलतिरै बस्छन्। ज्ञानेश्वरबाट वनकाली जानका लागि यो सोझो बाटो पर्छ। यस ठाउँमा मोटरबाटो पनि बनेको छ (पृ.१२७)। वसन्तकुमारी यसो टहलिनका लागि सिफलको डाँडातिर उक्लन्छे (पृ.१८३)। यही सिफलका घरमा वसन्तकुमारीले एकचोटि कमलको हुर्मत लिने असफल प्रयत्न पनि गरेकी थिई (पृ.१८६)।

कमलपोखरी शान्तिको माइतीघर हो जहाँ उसले वैधव्य जीवनका साथमा सौतेनी आमा (माधुरी बज्यै)को कहर पनि काट्नु परेको थियो। शान्तिका साथीहरूबाट उसको रूप र स्वरको प्रशंसा सुनेर एउटी नारी नक्कली डाइरेक्टर (मन्त्री)को रेडियो नेपालको निम्तो र गाडी लिएर शान्तिलाई लिन त्यहीँ आएकी थिई। घनश्याम बाबु भनिने नक्कली डाइरेक्टरबाट बलात्कृत भएपछिका कहालीलाग्दा दिनहरू उसले त्यहीँ बिताएकी छ। ऊ त्यहीँबाट बेपत्ता भई र त्यसै रात त्यही खबर सुनेर उसका दमका रोगी पिता परलोक भए। शान्ति फेरि त्यहाँ कहिल्यै फर्केर गइन।

कमलपोखरीपछिको उल्लेखनीय स्थानका रूपमा टुँडिखेल आएको छ जहाँ युवाहरू डुल्न आउँछन्, सहरका फेसन हेर्छन्, राजनीतिक छलफल र सम्पर्क गर्छन्। यहीँ भाषण हुन्छ। सबैभन्दा बढी मान्छे भेला हुने ठाउँ पनि यही हो। कमल पनि आफ्ना साथीका साथमा यहाँ डुल्न आउँछ (पृ.४०)। पछि कमललाई पक्रने दिनमा पनि यहाँ ठूलो भिड जम्मा भएको छ (पृ.१०३)। जुद्धसडक (हालको नयाँ सडक) र त्यहाँको पीपलबोट, भूगोलपार्क, आन्दोलन, भाषण, अनसन, अश्रुग्यास, व्यापार आदि अनेकन् कारणले उल्लेखनीय देखिन्छ। पछिल्लो पटक कमलले

पक्राउ खाँदा जुलुसको नेतृत्व गर्दै शान्तिले जुद्धसडकको भूगोलपार्कमा भाषण गरी र आफ्ना चारवटा मागहरू राखी (पृ.२३०)। त्यसपछि पीपलबोट भएको ढुङ्गाको चौतारामा आमरण अनसन बसी (पृ.२३३)।

सिंहदरबारबाट मोटरमा पाँच मिनेटको दूरीमा नक्कली डाइरेक्टर (घनश्याम बाबु)को घर छ तर त्यसको नामोल्लेख भएको छैन। शान्तिले आफूलाई लिन आउने मोटर महाङ्काल भएर जाँदा सिंहदरबार तिर नमोडिई सिधै अगाडि बढ्दा प्रश्न गरेकी छ (पृ.२२)। यसैले यो स्थान थापाथली हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ। उसलाई लिन आउने मानिस (नारी)ले आइपुग्यो भनेकीले त्यो स्थान महाङ्कालबाट त्यति टाढा पनि देखिँदैन।

उपर्युक्त स्थानबाहेक कालभैरवको ठानाको उल्लेख छ जहाँ चिनुकाजी सहिद भएका थिए (पृ.१२) र कमललाई पहिलो पटक पक्रँदा त्यहीँ पुऱ्याइएको थियो। गणेशबहादुरको जेलजीवनका सन्दर्भमा पाटनको नख्खु जेलको उल्लेख भएको छ (पृ.१७९)। बाबाले भिक्षाटन गर्ने स्थानको नाम लिने सन्दर्भमा नक्सालको उल्लेख (पृ.५३) एकपटक भएको छ। शान्तिले नेतृत्व गरेको जुलुस पुगेको तथा उसले भाषण गरेको ठाउँका रूपमा एकपटक (पृ.२२९) र कमल स्वयं पक्राउ पर्न जाँदा एकपटक (पृ.१०७) गरी घण्टाघरको उल्लेख दुईपटक भएको छ। इन्द्रचोकको उल्लेख गणेशबहादुर लाहुरेका भेषमा पक्राउ परेका ठाउँका रूपमा एकपटक भएको छ (पृ.२१५)। विरञ्चिको पुर्ख्यौली घर भएको स्थानका रूपमा वैखुको उल्लेख भएको छ (पृ.४५)। देउपाटनको उल्लेख रामजीका सन्दर्भमा एकपटक (पृ.११६-११७) र बाबा भिक्षाटन गरेर फर्कंदा सानीबज्यैसँग भेट भएको स्थलका रूपमा एकपटक (पृ.१४०) गरी दुईपटक भएको छ। एउटी अज्ञात स्वास्नीमान्छेको लास गिद्ध र कुकुरले खाइरहेको स्थानका रूपमा धोबीखोलाको उल्लेख भएको छ (पृ.१८)। **शान्ति** उपन्यासमा परेका काठमाडौँभित्रका स्थानहरू लगभग यति नै हुन्।

ज्ञानेश्वर मुख्य स्थानका रूपमा आएकाले यसले निकै महत्त्व पाएको छ। पुस्तकालयको स्थापना यहीँ (कमलकै घरमा) भएको छ। शिक्षाको चेतनाका साथै राजनीतिक-सामाजिक चेतना फैलाउने केन्द्र पनि यही बनेको छ। बेलीको बाबुको घर, जङ्गेको घर पनि त्यतै (कमलको घरबाट टाढा नदेखिएको) देखिन्छ। काठमाडौं बाहिर (खासगरी सिस्नेरी)बाट आएको जुलुस पनि पहिला त्यहीं आइपुगेको छ र त्यसपछि मात्र सहरको केन्द्रतर्फ बढेको छ।

काठमाडौं पछिको सहायक केन्द्रका रूपमा आएको सिस्नेरी सक्रिय राजनीतिको स्थलका रूपमा देखा परेको छ। यो कमल र बलरामको परापूर्वकालदेखिको अलिकति खेत र पाखाबारी भएको ठाउँ हो (पृ.२१८)। कमलको मावली पनि त्यतै हो (पृ.२०१)। गणेशबहादुर जेलबाट भागेपछि उसलाई कमलहरूले नै सिस्नेरीमा काम गर्न पुऱ्याएका थिए (पृ.२१७)। यो लूँभु, सानागाउँ, दमैटार, कमेरे, बिसंडोल, बिसंखु, बियाबर, कटुञ्जे चोरपुर, चर्खण्डी इत्यादि किसानका गाउँहरूले घेरिएको डाँडैडाँडाको खोँच परेको ठाउँ हो (पृ.२०६)। त्यो शिक्षा स्वास्थ्यको कुनै पहुँच नै नभएको अत्यन्त पिछडिएको गाउँ थियो। त्यहाँका पुरोहित र पण्डितहरूले मात्र अक्षर चिनेका हुन्थे। त्यसबाहेक अलिअलि शिक्षार्जन गर्नेहरू सहरमै जागिर खाएर बस्थे। आफ्नो गाउँभन्दा

परको कुनै कुरा पनि उनीहरूलाई थाहा हुँदैनथ्यो । यहाँका सिधासादा जनतालाई शोषण गर्न यहाँका शोषकलाई असाध्यै सजिलो थियो (पृ.२०७) । त्यस्तो ग्रामीण परिवेशलाई गणेश र अन्यले पनि आफ्नो सक्रिय राजनीति गर्ने स्थलका रूपमा उपयुक्त पाएका थिए । गणेश यसै स्थललाई केन्द्र बनाएर बेलाबखत राजनीतिकै सिलसिलामा चरिकोट (पृ. १७६), सिन्धुली (पृ. १७८) तथा ओखलढुङ्गा र विराटनगर (पृ.१७५) पनि पुग्थ्यो । पछि कमल, श्याम बलराम, विरञ्चि आदि पनि सक्रिय राजनीतिक क्रियाकलापका निम्ति त्यहीं पुगेका थिए । कमल पछिल्लो पटक त्यहीँ पक्राउ पर्‍यो । सिस्नेरी र आसपासका गाउँले ऊ पक्राउ परेपछि सरकारका विरुद्ध अनेक माग राख्दै जुलुस निकालेर 'ज्ञानेश्वर अध्ययन मण्डल'सम्म पुगेका थिए । यति भएर पनि यस उपन्यासमा काठमाडौं बाहिरका नारीका जीवनको स्पष्ट चित्र भने खिचिएको पाइँदैन । नारीका जीवनको पशुवत् स्थितिको अनुमान पुरुषका जीवनलाई हेरेर मात्र गर्न सकिन्छ । यसरी यस उपन्यासमा मूलतः अर्द्धसहरी र अंशतः ग्रामीण परिधीय कथानकीय विषयवस्तु पाइन्छ । औपन्यासिक अध्ययनका सन्दर्भमा काठमाडौंभन्दा बाहिरका स्थल उल्लेखनीय रहे तापनि नारीपक्षीय अध्ययनका सन्दर्भमा भने ती उल्लेखनीय छैनन् । यसैले काठमाडौंका अर्द्धसहरी क्षेत्रका सहरोन्मुख विकृतिका सेरोफेरोमा आएको जीवनको झाँकीमा भने नारीपक्षीय अध्ययन एवं विश्लेषणको पर्याप्त सम्भावना रहेको भेटिन्छ । यस उपन्यासको मूल कथानकीय विषयवस्तुको अध्ययनको केन्द्र मूल रूपमा ज्ञानेश्वर र परिधीय रूपमा वनकाली, कमलपोखरी र सिफल रहेका छन् । यस उपन्यासको विषयवस्तुको केन्द्रमा एकातिर राजनीति रहेको छ भने अर्कातिर नेपाली नारीका जीवनका विविध दुःखात्मक पक्षहरू रहेका छन् । यसरी यस उपन्यासले तत्कालीन काठमाडौंली सामाजिक परिस्थितिले नारीका जीवनमा खेलेको भूमिकाको चित्र खिचेको देखिन्छ ।

### ५.३.३.२ कालगत सन्दर्भ

**शान्ति** उपन्यासको मूल कथानक शान्ति १९ वर्ष पुगेदेखि अगाडि बढेको छ । उपन्यासको प्रमुख घटनाक्रम शान्तिसँगै जोडिएको छ । सात वर्षकै उमेरमा विवाह भएर साढे आठ वर्षको उमेरमा विधवा बनेकी शान्ति पितृघरमा बसेर १९ वर्ष पुगिसकेकी छ । उपन्यास प्रकाशित भएको पनि २०१५ साल हो । उपन्यासभित्रको घटनाक्रम पनि २०१५ सालमै प्रारम्भ भएको (पृ.२३) हो । यसअनुसार शान्तिको जन्म १९९७ सालमा, विवाह २००३ मा र विधवा २००४ को आधाआधीतिर भएको देखिन्छ । उपन्यासको घटनाक्रम प्रारम्भ हुने समयसम्म उसको वैधव्य जीवन पनि ११ वर्ष पुगिसकेको देखिन्छ । उपन्यासका अन्त्यतिर पुग्दा उसको उमेर २१ वर्षको भइसकेको देखिन्छ (पृ.२२५) । यसरी हेर्दा उपन्यासले लेखिएको समयभन्दा पनि अगाडि २०१८ सालसम्मको समयलाई वरण गरेको देखिन्छ ।

उपर्युक्त उपन्यासमा २००७ सालको क्रान्तिपश्चात्का लगभग १० वर्ष अवधिको समयको अङ्कन पाइन्छ । भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूको नेपाल आगमन र त्यसबखत प्रदर्शन गरिएको कालो झण्डाको प्रसङ्ग (पृ.४१) ले उपन्यासलाई २००८ सालमा पुऱ्याएको छ र त्यो प्रसङ्ग पूर्वदीप्तिका माध्यमले उपन्यासमा आएको छ । यस घटनासम्म कमलको शिष्य चिनुकाजी जीवितै

थियो र यस सन्दर्भमा उसले कमलसँग बहस पनि गरेको थियो। २००७ सालको प्रजातन्त्र आगमनपश्चात् नेपालमा किसान, विद्यार्थी, मजदुर लगायतका विभिन्न आन्दोलन भएको थियो। चिनुकाजी विद्यार्थी आन्दोलनका सन्दर्भमा कालभैरवको ठानाअगाडि सहिद भएको थियो। यो कमलको पूर्वस्मृतिभित्रको पनि पूर्वस्मृतिमा आएको सन्दर्भ हो। त्यस घटनाभन्दा पछि कमलको राधासँग विवाहको कुरा चल्यो र कमलका प्रयत्नले त्यो भङ्ग भयो। त्यसपछि बेलीको जँड्याहा बाबुले अर्को जँड्याहा जङ्गेलाई छोरी सुम्पेपछि बेलीले प्रतिरोध गर्दा अँगेनामा उसको मुख जोतेर विरूप बनाइदिएको तीन वर्षपछि २०१५ सालमा वनकालीको धर्मशालामा बल्ल कमल र बेलीको भेट भएको छ। यसरी हेर्दा बेलीको दुर्घटना २०१२ सालमा भएको देखिन्छ। त्यसैताका कमल र राधाको विवाहको कुरा चल्यो। चिनुकाजी त्यसअघि नै सहिद भइसकेको थियो। यसरी हेर्दा त्यो दुर्घटना २००८ सालभन्दा पछाडि र २०१५ सालभन्दा अगाडिको समय (२०१०-११) तिर भएको देखिन्छ।

विवाहको चर्चा चल्नेताका २०१२ सालमा कमलको उमेर २६ वर्षको भएको देखिन्छ (पृ.१४)। यस अनुसार शान्तिसित भेट हुँदा २९ वर्षको र उपन्यासका अन्त्यसम्ममा ३०-३१ वर्षको भएको देखिन्छ। उपन्यासले भने यो सम्पूर्ण समयावधिलाई समेटेको छैन। २००८ सालदेखिको समयलाई टिप्दै-टिप्दै आएको र शान्तिसित भेट भएपछिको २०१५ सालयताको समय विशेष सक्रिय रहेको देखिन्छ। यसरी कमलका सन्दर्भमा औपन्यासिक समयावधि १० वर्षको देखिन्छ तर शान्तिका सन्दर्भमा भने २०१५ सालको सुरुदेखि यताको लगभग साढे दुई वर्षको समयावधि मात्र देखिन्छ। घनश्यामको बलात्कारबाट रहेको गर्भ कपिलप्रसादको हो भन्ने भ्रम माधुरीमा देखिएकाले उक्त दुर्घटना र कपिलप्रसादकहाँ शान्ति लगिएको समय हद्द भए एकाध महिनाको फरक हुने गरेर लगभग एउटै देखिन्छ।

कमल जेल परेको २०१५ सालको माघे सङ्क्रान्तिका दिनमा १७ दिन भएको छ (पृ.१४९)। त्यस हिसाबले शान्ति सुत्केरी भएको १८ दिन भएको छ। पुषको ३० दिनको हिसाब गर्दा पुष १३ गते ऊ सुत्केरी भई र उसले छोरो पाई। भाले शिशु लगभग नौ महिना सात दिनमा महिना पुगेर जन्मन्छ। यस हिसाबले २०१५ सालको वैशाख महिनाको पहिलो हप्तातिरै बलात्कृत भई। कमल जेल परेको १० दिन हुँदा उसको बच्चा मरेको रात, दिन हुँदै हप्ता बितिसकेको छ। यसरी त्यो बच्चो जन्मेको तीन दिनमा कमल जेल परेको र त्यसको भोलिपल्टै मरेको देखिन्छ। सत्तलमा आएको १८ दिन भएपछि माघे सङ्क्रान्तिका दिन ऊ कमलका घरमा आई। कमल आफू जेल परेको १९ औं दिनमा अर्थात् शान्ति उसको घरमा आएको दुई दिनपछि जेलबाट छुट्यो। सानीबज्यै (कमलकी आमा)को हिसाब अनुसार कमल जेल परेको १२ औं दिनमा माघे सङ्क्रान्ति आएको छ जुन गलत देखिन्छ। ऊ छुटेको १९ औं दिन शुक्रबार हो र त्यस अनुसार बुधबार १७ दिन हुन्छ जुन बेलीको हिसाबसँग र बाबाको हिसाबसँग पनि मिल्न जान्छ। बाबाले पनि कमल जेल परेको १० दिनका दिनमा अब सात दिन जतिमा ऊ छुट्ने कुरा गरेको थियो।

कमलले घरमा ‘अध्ययनमण्डल’का साथै पुस्तकालयको पनि स्थापना गरेको छ। यस उपन्यासमा शान्तिबाट जुन सक्रियता देखिएको छ त्यसका लागि सुत्केरी शरीरका कारणले पनि

२०१५ साल चैतभन्दा अघिको समयमा ऊ सक्षम हुन सक्तिन । यस अर्थमा 'अध्ययन मण्डल' को कार्यक्रम २०१६ सालको प्रारम्भसँगै भएको हुनुपर्छ । यति गर्नका लागि पनि केही महिनाको समय अवश्यै लाग्छ । त्यसपछि शान्ति बिहान आफू कमलसँग अध्ययन गर्छे, दिउँसो गाउँका आइमाई र केटाकेटीलाई पढाउँछे अनि सन्ध्याकालमा पुस्तकालय सम्हाल्छे । त्यहाँ निश्चित विषयमा वादविवाद र बहस पनि हुने गर्दछ जसमा ऊ सक्रियतापूर्वक भाग लिन्छे । कमलका घरमा बस्न थालेताका शान्ति र कमल दुवैको आलोचना हुन्थ्यो तर पछि शान्तिको रूप र क्षमता देखेपछि आलोचनाहरू निस्तेज बन्न गएका छन् । बैगुनको बदला गुनले तिर्ने अठोट अनुसार नै उसले तिनका केटाकेटीलाई पढाउने गरेकी हो । 'अध्ययन मण्डल' मा आइपुगेपछि केटाकेटीहरू अन्यत्रभन्दा बढी रमाउँछन् र अब शान्तिको तारिफ गर्ने र अनुसरण गर्नेहरूको समूह पनि बढ्दैछ र 'अध्ययन मण्डल' को प्रभाव पनि विस्तार हुँदैछ । उसका बालक कालका गौरी, कालिन्दी आदि साथीहरू पनि त्यस मण्डलमा आइसकेका छन् । पुस्तकालयमा बहसहरूमा भाग लिँदालिँदै उसको वाक् क्षमता वृद्धि भई जस्तोसुकै भीडभाडमा पनि ऊ प्रभावपूर्ण भाषण गर्न सक्ने भइसकेकी छ । उपन्यासका अन्त्यमा आइपुग्दा ऊ जुलुसको बिचमा उभिएर बुलन्द स्वरमा भाषण गर्ने भएकी छ । यति कामका लागि कम्तिमा पनि डेढ वर्ष अवधि व्यतित भएकै देखिन्छ । उनीहरूले पुस्तकालय माघ महिनादेखिको प्रयत्नबाट स्थापना गरे । शान्ति अनसनमा बस्दा पीपलबोटका पातले उसलाई पङ्खा हम्केको कुरा लेखिएको छ । गर्मीको सुरुतिर भए खेती प्रारम्भ गर्ने समय भएकाले त्यहाँ खेतीको चर्चा अवश्यै हुन्थ्यो तर यसबेला खेतीका कुराको कुनै उल्लेख नभएकाले त्यसको समय गुज्रिइसकेको तर गर्मीको प्रभाव अलिअलि बाँकी रहेको देखिन्छ । यसअनुसार यो समय भाद्रको अन्तिम अथवा आश्विनको सुरुको दिनतिरको हुनुपर्छ । ०१६ सालको उक्त समयसम्मको अवधिमा त्यति धेरै कामले सफलता पाइसक्नु सम्भव छैन । यसैले त्यो ०१७ सालको शरद् ऋतुको प्रारम्भको समय हुनुपर्छ । यति हुँदा उपन्यासको सक्रिय समयावधि साढे दुई वर्ष रहेको देखिन्छ र यो उपन्यासको लेखनकालभन्दा अन्दाजी डेढ वर्षपछिसम्मको समय हुनुपर्छ । सिस्नेरीमा गणेशले चेतना विस्तार एवं सङ्गठनका निम्ति जति काम गरेको छ त्यसका निम्ति उपन्यासमा देखिएको यति समयावधि आवश्यक देखिन्छ । कमल र शान्तिको भेट हुनुभन्दा २/४ दिन अघि मात्र गणेश जेलबाट भागेको र कमलहरूले उसलाई सिस्नेरीमा पुऱ्याएको देखिन्छ (पृ.२०६) ।

नेपालमा राजनीतिक पार्टीहरू माथिको प्रतिबन्ध फुकुवा भइसकेपश्चात् २०१३ साल वैशाखमा पार्टीगत राजनीति पनि झाङ्गिन थालेको थियो । त्यस क्रममा विभिन्न राजनीतिक पार्टीले आ-आफ्ना सङ्गठन निर्माण एवं वैचारिक विस्तारका लागि कार्य गरिरहेको देखिन्छ । त्यो क्रम **शान्ति** उपन्यासमा पनि देखिन्छ । "बलराम र श्याम राजनीतिक दलका नेता थिए" (पृ.३९) । कमल भने कुनै पनि राजनीतिक दलको सदस्य थिएन (पृ.४०)। उसलाई सामाजिक कामसँग मात्र चासो थियो । त्यसताका जतासुकै राजनीतिका बारेमा छलफल बहस, टिप्पणी, भइरहन्थे । कमल नै पनि राजनीतिका विषयमा लेखहरू छपाई रहन्थ्यो । गणेश राजनीतिक कारणले नै जेल परेको थियो र त्यहाँबाट निक्लेपछि पनि ऊ कमल र बलरामका सहयोग र सल्लाहमा सिस्नेरीमा

राजनीतिक काम गर्न गएको थियो । उपन्यासका अन्त्यतिर कमल र शान्ति दुवै राजनीतिमा सक्रिय बनेका छन् । यस उपन्यासका समयावधिमा नेपाली का॰ग्रेसका सुवर्ण शम्शेर र वि.पी. कोइराला क्रमशः सत्तासीन बनेका थिए र राजनीतिक व्यक्तिहरूलाई त्यतिखेर पनि पक्रने काम हुन्थ्यो । यस अर्थमा ती पक्राउ परेका व्यक्तिहरू कम्युनिस्ट पार्टीसँग सम्बन्धित भएको अनुमान गर्न सकिन्छ । गणेशबहादुरलाई सरकारले डाकु र कम्युनिस्ट घोषित गरेको थियो (पृ.१७८) तर एकचोटि उसले कमललाई चिठी लेख्दा 'जय नेपाल' लेखेबाट (पृ.२०५) भने ऊ काङ्ग्रेस पो हो कि भन्ने भ्रम पनि हुन्छ । त्यसताका गाउँ-गाउँमा जनताका माझ 'चन्दा आतङ्क मच्चिएको थियो र त्यो काम काङ्ग्रेसले गरेको थियो । त्यस आतङ्कलाई उसले 'डकैती अर्डर' भनेबाट पनि ऊ कम्युनिस्ट भएको पुष्टि हुन्छ । त्यसताका पार्टी सङ्गठनको विस्तारको क्रम राजधानीबाट गाउँतिर पनि बढेको कुरालाई सिस्नेरीको सन्दर्भले पक्रेको छ । पार्टी फुकुवा भइसकेपछि आन्दोलनले सत्याग्रह र अनसनको स्वरूप लिन थालेको तत्कालीन समय-सन्दर्भलाई पनि **शान्ति** उपन्यासमा अङ्कित गरिएको छ । समाज सुधारको आकाङ्क्षा विस्तारै राजनीतिक कार्यक्रमसँग गाँसिदै गएको छ । एक ढङ्गले यो उपन्यास तत्कालीन समयको राजनीतिक एवं सामाजिक इतिहास पनि हो ।

देशमा प्रजातन्त्र आगमनको यो १० वर्षको अवधिमा नेपालीहरूमा नवीन भेषभूषाको प्रभाव त देखिन्छ (पृ.३८) तर सामाजिक तहमा भने जीवनका तहमा कतै पनि कुनै प्रभाव नछाडीकन समस्या एक्लै अगाडि बढेको छ । ००७ साल अगाडिका विकृति र विसङ्गतिले घट्ने नाम लिएका छैनन् । जातिभेद र वर्गभेदले चरम रूप लिने क्रम यथावत् छ । निमुखा जनतामाथिको उत्पीडन यथावत् छ । बाठाटाठाहरूबाट लूट, भ्रष्टाचार, व्यभिचार हुने काम झन् तीव्र बनेको छ । अशान्ति, हाहाकार, महँगी, कालोबजारले जनता थिल्थिलो छ (पृ.२) । जनजीवनको यथार्थ अर्कै हुन्छ, सरकारी प्रचार बेग्लै हुन्छ । अशिक्षाले गर्दा रुढि र अन्धविश्वास यथावत् छ । राजनीतिक क्षेत्र सबभन्दा बढी ध्वस्त बनेको छ र त्यसको असर सामाजिक क्षेत्रमा परेको छ । राजनीतिक र सामाजिक अस्तव्यस्तताको फाइदा धार्मिक क्षेत्रमा क्रियाशील हुनेहरूले उठाइरहेका छन् । पुरुष यसको एकोहोरो मारमा परेका छन् भने नारी दोहोरो मारमा परेका छन् । शान्ति यही समयको मारमा परेकी एउटी नारीको नाम हो । २००७ सालको क्रान्तिले कमल, गणेश, विरञ्चि, बलरामजस्ता केही युवा जन्माउन सकेको छ जो वर्तमान समयको मूल्याङ्कन गरी त्यसमा भविष्यको जग उभ्याउने प्रयत्न गर्दछन् । यिनीहरू आफ्ना उत्तराधिकारी तयार पार्ने सङ्घर्षमा छन् । त्यस क्रममा नारीहरू पनि अगाडि बढ्दैछन् । यस समयावधिमा एकातिर निराशा चरमचूलीतर्फ बढिरहेको छ भने अर्कोतिर तिनै युवाहरूमार्फत आशाका किरण पनि छरिँदैछन् । यस अवधिको समयको पदचापमा आसन्न सङ्कटको ध्वनिको पूर्वाभास भएको सङ्केत पनि प्रस्तुत उपन्यासमा देशमा व्याप्त विसङ्गतिमार्फत दिइएको छ । धरपकड पनि एउटा भविष्य-सङ्केत हो । उपन्यासमा दिइएको सङ्कटको सङ्केतले अन्ततोगत्वा २०१७ साल पुष १ गतेले मूर्त रूपसमेत लिइछाड्यो । यस उपन्यासमा आएको समयले तत्कालीन नेपाली नारी जीवनको औपन्यासिक कलेवरमा आएको इतिहासको स्वरूप लिएको छ । यस उपन्यासले तत्कालीन नारी जीवनको सन्नाटा र कोलाहल दुवैलाई समेटेको छ ।

### ५.३.३.३ वर्गीय सन्दर्भ

**शान्ति** उपन्यासमा मोटामोटी चार आर्थिक वर्गका पात्रहरू समेटिएका छन्- उच्च वर्गीय, मध्यम वर्गीय, निम्नमध्यम वर्गीय र निम्न वर्गीय। उच्च वर्गमा कप्तान लालबहादुर खत्री, घनश्याम बाबु र कपिलप्रसाद पर्दछन् । मध्यम वर्गमा जगन्नाथ र उसका छोराहरू, हरिहर पण्डित र राधा पर्दछन् । निम्न मध्यमवर्गमा कमल पर्छ र निम्न वर्गमा बेली, बाबा (घरबाट निकालिएपछिका जगन्नाथ), बिसे, कालेकी आमा, जङ्गे आदि पर्दछन् । नेपाली समाजको सामाजिक संरचना अनुरूप पुरुषले आर्जन गरेको पारिवारिक आर्थिक हैसियत नै नारीको हैसियत हुने गर्दछ । यसैले यस उपन्यासमा पनि नारी पात्रको छुट्टै पारिवारिक हैसियतको गणना हुन सक्ने स्थिति छैन ।

कप्तान लालबहादुर खत्री उच्च वर्गीय भए तापनि उसको त्यो हैसियत खानदानी भने होइन । उसको पुर्ख्यौली हैसियत (डाँडामा पन्ध्र-बीस रोपनीभन्दा धेरै जग्गा) र जगन्नाथको पुर्ख्यौली हैसियत (बत्तीसपुतलीमा १५ रोपनी जग्गा) लगभग हाराहारीमै देखिन्छ तर जगन्नाथ निम्न वर्गमा पुग्यो भने ऊ उच्च वर्गमा उक्लियो । ऊ परिश्रमी, कञ्जुस र रकमीसमेत थियो । उसको चारित्रिक परिचय प्रदान गर्ने एउटा उद्धरण यसप्रकार छ-

> यही निपूणताबाट उनले कति-कति मान्छेहरूका भाँडाकुँडा, गरगहना, घरखेत पनि स्वात्तै-स्वात्तै निल्दथे । ...टाढा-टाढासम्म पनि ब्याज र तिरो उठाउन कप्तानसाहेव आफै जान्थे । पहाडतिर पनि उनले प्रशस्त जग्गाजमिन जोरेका थिए । पहाडतिर कति गोठका गोठ नै कप्तानले आफ्नो गराएका थिए । यस्तो उन्नति गरी, जग्गाजमिन, खेतबिर्ता जोरी, तीन पुस्तासम्मलाई घाँटीसम्म आउने गरी खान पुग्ने धन कमाई लालबहादुर कप्तान परलोक भए (पृ.१२३) ।

कप्तान्नी कीर्तनपार्टीमा लागेपछि र फणेन्द्र आवारा पार्टीमा लागेपछि उक्त सम्पत्तिकी असली मालिकका रूपमा बुहारी वसन्तकुमारी स्थापित भएकी छ । वसन्तकुमारी यस समाजकी नारी र अझ बुहारी भएर पनि आर्थिक हैकम प्राप्त गर्न सफल भएकी छ । त्यसो त कप्तान्नी स्वयं पनि केही मात्रामा बुहारीका हैकममा परेपनि आर्थिक कोणबाट हैसियतहीन नै चाहिं छैन । ती दुवै नारीलाई यो आर्थिक हैसियत त्यस परिवारका पुरुषकै कारणले प्राप्त भएको हो । कप्तान जीवितै रहेका भए र फणेन्द्र पनि आवारा नभएर गृहस्थ बनिदिएको भए यो स्थिति अवश्यै आउने थिएन ।

घनश्याम बाबुको काठमाडौं सहरमा बङ्गला, घरमा पालेपहरा, नोकरचाकर, गाडी सबै कुरा छन् । त्यसमाथि ऊ शान्तिका निम्ति डाइरेक्टर मानिए तापनि तत्कालीन बहालवाला मन्त्री हो । फेरि एकचोटि मन्त्री भइसकेको मानिस नेपालका सन्दर्भमा अधिकांशतः सधैंभरि उच्च वर्गीय हुनसक्ने हैसियत आर्जन गर्दछ । ऊ समाजका मानिसहरूलाई सजिलैसँग अह्रनखटन गर्न सक्दछ । जस्तो-कोही नक्कली कलाकार बनेर शान्तिलाई लिन गाडी लिएर पुगेका छन् (पृ.२१) त कोही ५०/- रुपियाँको नोट र गर्भ फ्याँक्ने औषधि पुऱ्याउन (पृ.२६) पुगेका छन् । यस्ता मानिसहरू

घनश्याम बाबुको सेवाका निम्ति सधैं तत्पर रहन्छन् । पछि शान्ति अनसनमा बसेका बेलामा उसलाई नमस्कार गर्न पुगेको घनश्यामले उक्त सम्पन्नता यस्तै स्वाभिमानहीन कर्मद्वारा आर्जन गरेको देखिन्छ ।

कीर्तनपार्टीका गुरु कपिलप्रसादलाई पनि यसै आर्थिक वर्गमा राख्न सकिन्छ । वैवाहिक विषमताका कारणले भौंतारिएर धर्म गर्नका निम्ति उसकहाँ पुगेका नारीहरू प्राय: सम्पन्न वर्गकै हुन्छन् र जसले जति धेरै सम्पत्ति कीर्तनका नाममा ओइऱ्याउन सक्यो उसको उत्ति नै रवाफ पनि जम्छ । फेरि त्यस्ता महिलालाई एकोहोऱ्याउन कपिलप्रसाद अत्यन्तै सिपालु पनि छ । उससँग लट्ठ परेका नारीहरू आफ्नो सर्वस्व सकिएको पनि पत्तो पाउँदैनन् । यसरी कपिलप्रसादले विनाश्रम नारीहरूमार्फत धेरैको घर रित्याएर आफ्नो घर भरेको छ । यस अर्थमा ऊ पनि यसै आर्थिक वर्गमा पर्दछ ।

घरव्यवहारमा कुनै आर्थिक कठिनाई नभएका मात्र नभई कीर्तनमण्डलीमा खर्च गरेर आफ्नो रवाफ देखाउन सक्षम भएकी माधुरी बज्यैको श्रीमान् हरिहर पण्डित मध्यम वर्गको हो । उससँग लालबहादुरसँग जति औलादौला सम्पत्ति नभए तापनि कतै कुनै व्यवहारमा अर्थाभाव पनि त्यति देखिँदैन । त्यही पुगिसरी आएकै कारणले उसले बुढेसकालमा माधुरीबज्यैसँग विवाह गर्न पाएको र सकेको थियो । राधा पनि मध्यम वर्गकै देखिन्छे किनभने आफ्नोभन्दा कमजोर आर्थिक हैसियत भएका निम्न वर्गीय कमलसँग विवाह गर्न नमानेबाट र उसको सम्पत्तिको विशद् चर्चा पनि उपन्यासमा नभएकाले ऊ मध्यम वर्गभित्र राखिएकी हो ।

बत्तीसपुतलीमा १५ रोपनी जग्गा र जस्तो भए पनि आफ्नै एउटा छाप्रो भएको जगन्नाथ निम्नमध्यम वर्गीय आर्थिक हैसियतको मानिस हो । उसलाई जसोतसो बिहान-बेलुका छाक जुटाउन त कठिन छैन तर साविकको भन्दा अलिकति बढी खर्च हुनासाथ उसको आर्थिक सन्तुलन बिग्रन्छ । जगन्नाथकी पत्नी सुत्केरी हुँदा उसलाई ऋण लागेको थियो । साउँ ऋणमा ब्याज-स्याज लगाएर साहुले उसको घरबारी सबै खाइदिन्छ र ऊ बेघरबार हुन्छ । यसपछि चाहिं ऊ निम्नवर्गमा झर्दछ ।

कमल पनि निम्नमध्यम वर्गीय व्यक्ति हो । उससँग ज्ञानेश्वरमा पिताले जोडिदिएको एउटा बास छ । थोरै-थोरै करेसाबारी पनि छ तर कमलले अर्थोपार्जन नगरे जीविका चल्न पनि कठिन छ । उनीहरूलाई बसी-बसी खान पुग्दैन जुन निम्न वर्गीय विशेषता नै हो । कमलका साथीहरू पनि यसै वर्गका होलान् भन्ने अनुमान गर्न सकिन्छ । श्याम, बलराम आदिको आफ्नै घर पनि छ र आर्थिक कठिनाइका कुरा पनि त्यति गर्दैनन् ।

बेलीको बाबु जङ्गे, बिसे आदि निम्न वर्गका हुन् जोसँग एउटा बास छ र दिनभरि कमाएर ल्याएको पकाएर खाने र केही उब्रियो भने थन्क्याउने ठाउँ पनि छ । केही दिन कमाएन भने मुखमा माड चाहिं कहिले लाग्छ कहिले लाग्दैन । उनीहरूको जीविका भनेको पूर्णत: परिश्रममा निर्भर हुन्छ । जति बढी श्रम गऱ्यो उति बढी आर्जन हुन्छ । परिवारका हरेक सदस्यले श्रम गरेन भने जीविका गर्न कठिन हुन्छ । यसैले यस वर्गका बिसेजस्ता अल्छी व्यक्तिहरू चाहिं चाकरी-

चुक्लीका माध्यमले निर्वाह गर्दछन् । समाजमा यस वर्गका व्यक्तिको सङ्ख्या जति बढ्यो उतिनै बेथिति बढ्छ । यिनीहरू पैसा पाए भने जस्तोसुकै अपराध गर्न पनि तयार हुन्छन् । यस उपन्यासमा बिसे र उसका साथीका माध्यमले यही कुराको पुष्टि भएको छ । कालेकी आमा अति निम्न वर्गीय चरित्र हो जोसँग काम पनि छैन र माम पनि छैन । उसको बालक छोरो काले जुठेल्नामा फालेको टपरीमा अड्केको केही सिता भातका निम्ति कुकुरसँग लुछाचुँडी गर्छ र फलतः ऊ कुकुरद्वारा टोकिइन्छ ।

आफ्नो सर्वस्वहरण भएपछि गणेशबहादुर सर्वहारा बनेको छ जोसँग अब हार्नका लागि बाँकी केही छैन तर जित्नका लागि संसार सिङ्गै छ । राजनीतिक क्रान्तिका लागि, अझ खासगरी कम्युनिस्ट राजनीतिका लागि यस वर्गका व्यक्ति बढी उपयोगी सिद्ध भएका हुन्छन् भन्ने कुरालाई यस उपन्यासको कथानकले पुष्टि गरेको छ किनभने यस उपन्यासको सर्वाधिक सशक्त राजनीतिक कार्यकर्ता गणेश नै हो । कमल, श्याम आदिले उसकै सन्दर्भमा पक्राउ खाएका छन् । अलिअलि शिक्षार्जन गरेको गणेशका लागि सबै घर आफ्नैसरह छन् ।

लेखकद्वारा समाज सुधारका निम्ति लेखिएको प्रस्तुत **शान्ति** उपन्यास भित्रका चरित्रको वर्गीय स्थितिलाई पनि यसै उद्देश्यका निम्तिको उपयुक्तताका आधारमा मूल्याङ्कन गर्दै आफ्नो मत अभिव्यक्त गरिएको छ । यस क्रममा उच्चवर्गलाई प्रतिकूल, मध्यमलाई बढी स्वार्थपरस्त र थोरै अनुकूल एवं निम्नमध्यम र सर्वहारा वर्गलाई बढी अनुकूल ठहऱ्याइएको छ । उपर्युक्त वर्गका पुरुष चरित्रमा निहित वैशिष्ट्य नै तत् तत् वर्गका नारी चरित्रमा पनि पाइन्छन् यद्यपि आर्थिक हैसियतमाथिको सम्प्रभुता भने तिनका मातहतमा छैन । उच्च वर्गीय नारी चरित्रहरू वर्गीय अहंका कारणले आफ्नै वर्गकाहरूसँग मात्र सम्पर्क राख्ने भएकाले सार्वजनिक सम्पर्कबाट च्युत हुन्छन् । धनसम्पत्तिमा सक्दो ऐश गर्ने प्रवृत्तिका कारण उनीहरूका निम्ति त्यही नै सर्वोपरि हुन्छ । सीमित सामाजिक सम्पर्कका कारणले उनीहरू भित्रको अनुभूतिले पर्याप्त निकास पाउँदैन । त्यसलाई बलजफत निकास दिन खोज्दा विकृति मात्रै जन्मन्छ । यस उपन्यासमा कप्तान्नी र वसन्तकुमारी सासूबुहारी उच्च वर्गीय नारी चरित्र हुन् । कप्तान लालबहादुर मर्नाले र छोरो बालखै हुनाले सुरुमा सम्पत्तिको आधिपत्य कप्तान्नीमा आयो । पछि छोरो बराला भएपछि र कप्तान्नी स्वयंसमेत कीर्तन पार्टीमा निमग्न बनेपछि फेरि उक्त आधिपत्य बुहारीमा सऱ्यो । सासू र श्रीमान् दुवै बरालिएका, सन्तान नभएको, काम गर्नु नपर्ने र सम्पत्ति पर्याप्त भएका कारण वसन्तकुमारी पनि दैहिक सुखभोगमा लिप्त बन्छे । आफ्नो घरमा भएको औलादौला सम्पत्तिलाई जे जसरी उपभोग गरे पनि उसलाई कुनै बन्देज थिएन तापनि उसले त्यसको उपयोग समाज र नारी समुदायका जीवनस्थिति सुधारका लागि गरिन । सामान्यत उच्च वर्गीय व्यक्तिहरूको मानसिकता यस्तै प्रकारको हुने हुनाले यस उपन्यासमा तिनको सम्पत्तिलाई अनुपयोगी, बेकम्मा र अझ बढी विकृतिको कारकका रूपमा लिइएको छ ।

मध्यम वर्गका पुरुषमा झैं नारीमा पनि राम्रा-नराम्रा दुवै सम्भावना रहेका हुन्छन् । यिनीहरूमा धेरथोर सामाजिक सम्पर्क पनि रहेको हुन्छ । यिनीहरू आत्मप्रकाशनका लागि पनि इच्छुक हुन्छन् । व्यक्तित्व पहिचानका निम्ति अग्रसर हुँदा यस वर्गका नारीहरू दुर्घटित पनि हुन्छन्

किनभने नेपाली समाज नारीको अस्तित्वलाई यौनको पर्यायका रूपमा लिने संस्कारले ग्रस्त छ। यिनीहरू निम्न वर्गका व्यक्तिप्रति हेयभाव राख्छन्। राधाले कमलकी आमाको भ्रूठो विवरणलाई विश्वास गरिञ्जेल कमलप्रति प्रेम प्रदर्शनसमेत गर्नु तर उक्त कुरो (हैसियत) भ्रूठो हो भन्ने थाहा हुनासाथ उसलाई तिरस्कार गर्नुले यसै तथ्यलाई प्रमाणित गर्दछ। उच्चवर्गप्रति भने यिनीहरू सम्पत्ति मात्रकै कारणले पनि सम्मानभाव राख्दछन्। तत्कालीन समय (२०१५ सालको आसपास)ताका यस वर्गका व्यक्तिले पुरुष शिक्षालाई महत्त्व दिए पनि नारीशिक्षाको भने महत्त्व नसम्झेका कारणले जगन्नाथले अर्थाभावका कारण पनि छोरालाई चाहिँ शिक्षा दिलायो तर छोरीलाई भने त्यसबाट बञ्चित नै राख्यो। यसैको फलस्वरूप उसकी छोरी सानै उमेरमा छिमेकी केटासँग भागी। शान्ति पनि यसै वर्गकी हो तर सानैमा आमा मरेर सौतेनी आमाका खटनपटनमा परेकीले उसमा मध्यम वर्गीय अहं भने देखिँदैन, आफ्ना साथीहरू गौरी, कालिन्दी आदि रेडियो नेपालमा गीत गाउन जाने गरेकाले र उनीहरूले सिफारिससमेत गरिदिएकाले उसमा पनि व्यक्तित्व-प्रकाशनको चाहना जाग्रत भयो, त्यसैको कारणस्वरूप ऊ नक्कली डाइरेक्टरका जालमा फस्न पुगेर दुर्घटित भई जुन दुर्घटनाले उसको सिङ्गो जीवनलाई प्रभावित तुल्यायो। यस वर्गका व्यक्तिहरू आफ्ना व्यवहारबाट आफू उच्च वर्गीय भएको भ्रम बाँड्न रुचाउँछन्। माधुरी बज्यै कीर्तनमण्डलीमा पैसा खर्च गरेर यही भ्रम बाँडिरहेकी छ र सबैतिरबाट सोही कारणले हाई-हाई पाउँदा स्वयं पनि फुलेल बनेकी छ।

बाबुको घर छाडेपछि केही समयका निमित्त सर्वहारा वर्गमा परिणत भएकी र पछि निम्नमध्यम वर्गीय कमलका घरमा आश्रय पाएपछि तथा आफ्नो व्यवस्था आफ्नै आर्जनले चलाउन पाएपछि शान्ति निम्नमध्यम वर्गीय हैसियतमा प्राप्त भएकी छ। कमल भ्रैं ऊ पनि समाजसुधारको आन्दोलनका निम्ति मेरुदण्ड बन्न पुगेकी छ। यस उपन्यासमा लेखकद्वारा सर्वहारा वर्गीय चरित्रका रूपमा गणेशबहादुरलाई उभ्याउँदै केही मात्रामा शैक्षिक चेतना प्राप्त हुनसके यो वर्ग सामाजिक सुधार आन्दोलनका लागि सर्वाधिक उपयोगी हुने आशय लेखकद्वारा व्यक्त भए तापनि गाँसबासकै समस्याबाट उनीहरू उत्रन नसक्ने हुनाले उनीहरूले आन्दोलनमा योगदान दिन सक्तैनन्। निम्नमध्यम वर्गका व्यक्तिमा अनावश्यक सम्पत्ति सङ्ग्रह गर्ने लोभ नहुनाले उनीहरू आन्दोलनका लागि उपयुक्त हुन्छन् भन्ने कुराको प्रमाणका लागि शान्तिलाई अगाडि सारिएको छ। यस उपन्यासका नारीहरूले नेपाली समाजमा रहेको वर्गीय अवस्थितिकै प्रतिनिधित्व गरेका छन्। आत्मनिर्भरताको प्रयास निम्नमध्यम वर्गीय नारीको चारित्रिक वैशिष्ट्य हो जसलाई शान्तिले पनि वरण गरेकी छ। ऊ कमलका घरमा आश्रय पाउँदैमा हातखुट्टा छाडेर नबसी आत्मोन्नति र आत्मनिर्भरतातर्फ अग्रसर भएकी छ। आफू मात्रै नभएर उसले अन्य नारीलाई पनि यसै गारेटोतर्फ अग्रसर हुन भरमद्दत गरेकी छ। यही निम्नमध्यम वर्गीय चरित्रले समाज सुधारको अभियानलाई पनि टेवा पुऱ्याएको छ।

### ५.३.४ मूल नारी समस्या

**शान्ति** उपन्यासमा सामाजिक समस्या मूल रूपमा र नारी समस्या विविध सामाजिक समस्यामध्येको पनि मूल समस्याका रूपमा आएको छ। यसरी सामाजिक समस्याको अङ्गका रूपमा विकसित नारी समस्या समाधानका लागि पनि नारीको मात्र समस्या सुल्भाउनतिर नलागी सामाजिक समस्या चाहिँ सुल्भाउन प्रयत्न गर्नुपर्छ। नारी समस्यालाई सामाजिक समस्याका रूपमा लिएपछि त्यसको समाधानको मार्ग आफै पहिलिन्छ। यसरी यस उपन्यासभित्रका नारी समस्यालाई सामाजिक समस्याभन्दा भिन्न रूपमा पर्गेल्न सकिने स्थिति देखिंदैन। तत्कालीन (२०१५ सालको आसपास) समय-सन्दर्भमा राजधानी काठमाडौंका नेपाली समाजका महिलाले लैङ्गिक भिन्नताका कारणले भोग्नुपरेका सामाजिक समस्या नै यस उपन्यासका नारी समस्या हुन्। समाजको पितृसत्तात्मक संरचनाका कारणले भएको लैङ्गिक विषमताको फलस्वरूप सामाजिक समस्या पनि नारी समस्या बनेर नारीका थाप्लामा बज्रन पुग्ने तथ्यलाई यस उपन्यासले अगाडि सारेको छ।

प्रस्तुत उपन्यास सामाजिक भएका कारणले यसले नारी समस्याको बहुआयामलाई समेट्न भ्याएको देखिन्छ। अविवाहित एवं विवाहित दुवैथरि नारीले परम्परागत सामाजिक संरचनामा भोग्नुपर्ने समस्यालाई यस उपन्यासले आफ्नो प्रस्तुतिको आधार बनाएको छ। यस उपन्यासमा विविध नारी पात्रहरूको उपस्थिति रहेको छ। यस उपन्यासमा यसकी मुख्य नारी पात्र शान्तिका जीवनका समस्याका साथमा ती अन्य नारी पात्रका समस्यालाई पनि महत्त्वका साथ प्रस्तुत गरिएको छ। यस क्रममा माधुरी, कप्तान्नी, वसन्तकुमारी र बेलीले भोगेका समस्या पनि शान्तिकै समस्याका सहवर्ती भएर प्रस्तुत भएका छन्।

अब क्रमशः यस उपन्यासले रेखाङ्कित गरेका अनमेल विवाह, कागजी प्रावधानमा सीमित विधवाविवाह, छोरीका जीवनको मूल्यहीनता, पुरुषको स्वेच्छाचारिता, धर्मका खोलभित्रको व्यभिचार, नेताको दुश्चरित्रता र  नारी स्वयंको रूप र गुणजस्ता प्रमुख समस्याका बारेमा तल चर्चा गरिन्छ (५.३.४.१-५.३.४.७)।

#### ५.३.४.१ अनमेल विवाह

उचित व्यवस्था नहुनाले समाज स्वयं समस्याग्रस्त छ। यसमाथि पनि समाजको एउटा समस्याग्रस्त मानिसले अर्को समस्याग्रस्त मानिसमाथि थप समस्या लाद्छ। समाज पितृसत्तात्मक हुनाले थप समस्या बेहोर्नेमा नारी पर्दछे। यसैले नारीले बेहोर्ने समस्या सामाजिक भईकन पनि अलि पृथक् खालका छन् यद्यपि यिनको उद्गम स्रोत भने समाज नै हो। समाजमा  अन्य सत्ताका साथमा लैङ्गिक सत्तासमेत कायम रहुन्जेल नारीले भोग्नुपर्ने पृथक् नारी समस्याको अन्त्य हुँदा पनि हुँदैन। तत्कालीन सामाजिक परिस्थितिमा हुने अनमेल विवाहलाई यस्तै प्रकृतिको लैङ्गिक समस्याका रूपमा लिन सकिन्छ। नारी पनि सामाजिक प्राणी भएकाले, ऊ समस्याग्रस्त रहँदा समाज पनि स्वस्थ हुन नसक्ने हुनाले र समाजले दिएकै मान्यताअनुरूप नारीमाथि यस्ता समस्या

थोपरिने हुनाले यस उपन्यासका हरेक नारी समस्या सामाजिक समस्या हुन् र अनमेल विवाह पनि त्यस्तैमध्येको एक हो ।

शान्तिको विवाह सात वर्षको उमेरमा ५८ वर्षको वृद्धसँग भएको छ (पृ.१९) । यहाँनिर उक्त वृद्धको बाँचुन्जेलको स्वार्थलाई मात्र हेरिएको छ । नारीले समस्या भोग्नु कुनै उल्लेखनीय कुरा नै होइन भनेझैं गरेर नारीका तर्फबाट यसलाई हेरिएकै छैन । यही अनुल्लेखनीय कुराभित्र परेको छ साँढे आठ वर्षमा विधवा बनेकी शान्तिको समस्या पनि । समाजले अनुल्लेखनीय ठानेको नारी-समस्यालाई उल्लेखनीय ठहऱ्याएर उपन्यासकारले यस उपन्यासमा प्राथमिक महत्त्वका साथ प्रस्तुत गरेका छन् । प्रमुख नारी चरित्र शान्तिको जीवनका समस्याहरू सबै अनमेल विवाहबाटै सृजित छन् । अनमेल विवाहकै कारणले ऊ बालखैमा विधवा भई, वैधव्यकै कारणले बाल र किशोरवय लाउने खाने सन्दर्भमा सदा कुण्ठित रह्यो । यदाकदा पढ्न पाएका पत्रपत्रिका र सुन्न पाएका भाषणमा विधवा विवाहका चर्चा पनि हुन्थे जसले शान्तिलाई अझ कुण्ठित बनाउँथे । विधवा विवाह त्यसबेलाका लागि कागजी प्रावधान मात्र थियो । ऊ वैधव्यकै कारणले यौवनमा दाम्पत्य जीवनमा रहन पाइन । नारीयौवन श्रीमान्द्वारा रक्षित हुनुपर्छ भन्ने हिन्दु समाजको मान्यता रहेको छ। त्यसै अनुसार नेपाली समाजमा विधवा नारी अरक्षित यौवना ठहरिन्छे। मानौं विधवाको यौवन सबैको उपभोगका निम्ति हो भनेझैं गरेर उसको अरक्षित यौवनमाथि धेरैका आँखा गड्छन् । यौवनको उपभोग नगर्ने दृढता रहँदारहँदै पनि शान्ति बलात्कृत हुन्छे, गर्भवती हुन्छे, आत्महत्याको प्रयास गर्छे, कमलको सहयोगबाट पुनः व्यक्तिगत र सामाजिक जीवन प्राप्त गर्छे । अनमेल विवाहका कारणले सिर्जिएका समस्यासँग जुध्नु नपरेको भए शान्तिजस्ती प्रतिभावान् र ऊर्जाशील नारीले अवश्यै पनि जीवनलाई एउटा नयाँ आयाम दिनसक्थी र समाज त्यसबाट लाभान्वित बन्न सक्थ्यो । यसरी अनमेल विवाहले एउटी नारीका जीवनका सम्भावनालाई कुण्ठित बनाइदिएको छ ।

**शान्ति** उपन्यासमा उपर्युक्त समस्याबाट शान्तिबाहेकका अन्य नारी पनि ग्रस्त बनेका छन् । उसकै सौतेनी आमा माधुरी बज्यै पनि यसै समस्याले पीडित बनेकी छ । उसको पनि सानै उमेरमा यौटा विधुर वृद्धसँग अनमेल विवाह भएको हो । ऊ जीवनभोगका चाहना जीवन्त रहँदै एउटा रोगी वृद्धलाई स्याहारेर बस्न विवश भई । उमेरका कारणले ती श्रीमान् श्रीमतीका बिचमा रुचिको तालमेल देखिएन जसको असर उनीहरूको दाम्पत्य जीवनमा पनि परेको छ। दुवैजना आपसमा असन्तुष्ट छन् । यही तादात्म्यहीनताका कारणले माधुरीको ध्यान अन्यत्रै केन्द्रित हुन पुगेको छ। उसको जीवनले जुन स्वरूप र मोड ग्रहण गरेको छ त्यसका पृष्ठभूमिमा अनमेल विवाह नै दर्बिलो कारणका रूपमा उभिएको देखिन्छ ।

कप्तान्नी पनि यही चपेटामा परेकी देखिन्छे । कप्तान र कमलका बाबुका बिचमा मित्रता थियो र उनीहरू समवयस्क पनि हुनुपर्छ । कमलकी आमालाई यत्रतत्र 'बूढी'को संज्ञा दिइएको छ, स्वयं छोरो पनि 'तपाईको बुढेसकाल भैसक्यो आमा' भन्छ तर कप्तान्नीलाई कतै पनि बूढी भनिएको छैन । उपन्यासमा "कप्तान्नीसाहेब अधवैंसे भए पनि पैसाले गर्दा उनलाई भर्खरकी नै तुल्याएको थियो" (पृ.१२४)भन्ने अभिव्यक्ति आएको छ। तीन पुस्तालाई पुग्ने सम्पत्तिको जोहो

गरिसक्नका लागि कप्तानले पनि थुप्रै उमेरको उपभोग गरिसकेको हुनुपर्छ । कप्तान मर्दा अधबैसें मात्र रहेकी कप्तान्नीको पनि अनमेल विवाह नै भएको देखिन्छ । जीवनको भोगलिप्साको अतृप्तिले कप्तान्नीलाई पारिवारिक जिम्मेवारीबाट विमुख बनाइदिनाले उसको परिवार हरेक ढङ्गले ध्वस्त हुन पुगेको छ ।

प्रस्तुत उपन्यासमा अनमेल विवाह व्यक्तिको मात्र समस्यामा सीमित नरही सामूहिक समस्यामा नै परिणत भएको छ र यसका माध्यमबाट अन्य अनगिन्ती समस्याहरू पनि देखा परेका छन् । त्यसताका सारै साधारण कुरा मानिने अनमेल विवाहले सिर्जिएका समस्याका परिणामको छाप नेपाली समाजबाट अद्यापि राम्रोसँग मेटिइसकेको छैन ।

### ५.३.४.२ कागजी प्रावधानमा सीमित विधवा-विवाह

**शान्ति** उपन्यास लेखिएताका नै नेपाली समाजमा विधवा विवाहको रन्को सुनिन थालिसकेको थियो । शान्तिलाई “विधवा विवाहको चर्चा भएको पुस्तक र गोरखापत्रले पनि केही कल्पना गर्न बाध्य गर्थ्यो होला” (पृ.२०) तर व्यवहारमा त्यसको परिणति सम्भव थिएन । हिन्दू धर्मले नै बालविवाहलाई प्रश्रय दिएको छ । कन्या दिनका लागि स्वजाति र सम्पन्न हुनु नै पूर्ण योग्यता ठहरिन्थ्यो, कन्यार्थीको उमेरले कुनै बाधा हाल्दैनथ्यो । यसरी सहज रूपमा प्रश्रय पाइरहेको अनमेल विवाहले नेपाली समाजमा दिन प्रतिदिन विधवाको सङ्ख्या थप्दै जान्थ्यो । विधवाको छातीभित्र पनि अनेकन् चाहना पलाउने मुटु हुन्छ भन्ने कसैले सोच्दैनथ्यो । विधवा महिला स्वयं आफ्ना चाहनामाथि अङ्कुश लगाउन सफल भए तापनि तिनको वैधव्यका माध्यमले समाजमा विकृति आउन भने छाड्दैनथ्यो । “साथीहरूले लाएको रातो चुरा, रातो धागो, रातो झल्कने टीका उनको हृदयमा सधैं खट्कन्थ्यो”(पृ.२०) तापनि शान्ति स्वयं भने परम्पराको बन्धन छिनाल्न अग्रसर थिइन । नारीको यौवनको रचना पुरुषकै तृप्तिका निम्ति हुन्छ भन्ने सोच्ने पुरुषको त्यस समाजमा अभाव थिएन । जुल्फीवाल पठ्ठाहरूका पेचिला कुरा, पठित युवकको प्रेमप्रदर्शन एवं बेनामी चिठीहरूको आगमन(पृ.२०)ले पनि शान्तिलाई दिग्भ्रमित पार्न सकेका थिएनन् । घनश्याम बाबु भनिने तत्कालीन एउटा मन्त्री (पृ.२३)ले रेडियो नेपालको नक्कली डाइरेक्टर बनेर उसको सतीत्व लुटेरै छाड्यो (पृ.२४) । ऊ श्रीमान्युक्त (सधवा) भएकी भए उसले भोगेकोजस्तो दुर्घटना सायदै हुन सक्थ्यो । वैधव्य उसका जीवनको दुःखको पहिलो कडी थियो भने वैधव्ययुक्त यौवन दोस्रो कडी बन्यो । शान्तिको पुनर्विवाह हुन सकेको भए यस्ता समस्यामा उसले पर्नु पर्ने थिएन ।

विधवा विवाहको प्रचलन नहुनाले कप्तानको परिवार पनि ध्वस्त हुन पुगेको छ । उक्त प्रचलन भएको भए आफ्ना उद्दाम चाहनाका परितृप्तिका निम्ति कप्तान्नीले चोरबाटो समात्नु पर्ने थिएन । यसले पारिवारिक अनुशासनमा खलल पुऱ्यायो र छोरो (फणेन्द्र) पनि बिग्रियो, बुहारी पनि बिग्रिई । यसरी वैधव्य नारीका निम्ति मात्र नभएर परिवार र समाजका लागि समेत अभिशाप बन्न पुगेको छ ।

### ५.३.४.३ छोरीका जीवनको मूल्यहीनता

पितृसत्तात्मक समाज व्यवस्थाले मूल्य जति सबै पुरुषका भागमा पस्किदिने गर्छ। अरू त अरू, पुत्रीका रूपमा समेत पनि नारीले मूल्य पाउन सक्तिन। के धनी (शान्ति) के गरिब (बेली), सबै नारीहरू आफ्ना जीवनका मूल्यहीनताले पीडित बनेका छन्। छोरीका रूपमा नारीको मूल्य देखेको भए न त शान्तिको बाबुले नै आफ्नी सात वर्षकी कलिली छोरीको विवाह ५८ वर्षको वृद्धसँग गरिदिन्थ्यो न त बेलीको बाबुले नै छोरीलाई जाँड खाएका सुरमा अर्को जँड्याहाका साथमा लात्तीले भकुरी-भकुरीकन (पृ.१६) खेद्दथ्यो। तत्कालीन बाबुहरूले छोरीको मूल्य रजस्वला हुनुअघि नै कन्यादान गरेर धर्म लुट्नुमा मात्र सीमित देख्थे। तत्कालीन नेपाली समाजका मानिसहरूले छोरीको मूल्य पनि छोराको जत्तिकै नदेख्नाले नारी जीवनमा समस्या आएको छ र त्यस समस्याले नारीका साथै सिङ्गै समाजलाई नै अँचेटेको छ। अनमेल विवाह र बालविधवारूपी समस्या पनि नारी जीवनको यसै मूल्यहीनताबाट सिर्जिएका हुन्।

### ५.३.४.४ पुरुषको स्वेच्छाचारिता

समाजमा नारीका निम्ति मात्र जेजस्ता नीतिनियमका बन्धनहरू सिर्जिएका छन् तिनको उद्गमबिन्दु पुरुषको स्वेच्छाचारिता हो। पुरुषको स्वेच्छाचारिताले नारीहरू फोकटमा बन्धनमा परेका छन्। पुरुष स्वेच्छाचारी नहुने हो भने सद्कर्म गर्नका निम्ति नारीहरू स्वतन्त्र हुन सक्छन्। पुरुषको स्वेच्छाचारिताको मार खप्ने नारी चाहिँ बन्धनमा पर्नु तर अत्याचारी पुरुष चाहिँ खुला रहनु बाघ चाहिँ खुला घुम्नु र मानिस चाहिँ चिडियाखानामा बस्नुजस्तै हो। नेपाली समाजमा विल्कुल यस्तै परिस्थिति कायम छ। नारीहरू घररूपी चिडियाखानामा पिता-श्रीमान्-पुत्ररूपी पालेका संरक्षणमा कैद छन्। शान्ति उक्त चिडियाखानाबाट उम्किएर सत्तलमा बाबाका आश्रयमा छ र पुरुषरूपी बाघहरू उसलाई झम्टने प्रयत्न गर्दैछन्। रामजी र फणेन्द्र यसका उदाहरण हुन्। यिनले गर्दा शान्तिले बेकारमा दुःख पाएकी छ। फणेन्द्र स्वेच्छाचारी भएर नहिंडेको भए मस्त युवती वसन्तकुमारीले पनि स्वेच्छाचारी हुनुपर्ने थिएन। श्रीमान् चाहिँ स्वेच्छाचारी भएर घुम्ने तर श्रीमती चाहिँ उसैको सत्मा बसेर तपस्या गर्ने कुरा आपसमा एकदमै अमिल्दा छन्। यसैले त्यो व्यवहारमा सम्भव भएन र वसन्तकुमारी श्रीमान्जस्तै स्वच्छन्द बनी। उसको स्वच्छन्दता उसको श्रीमान्कै स्वच्छन्दताको परिणाम हो। एउटा पुरुषको स्वेच्छाचारिता एकातिर आफ्नै घरकी नारीको समस्या बन्दछ भने त्यो अर्कातिर समाजका अन्य नारी (शान्ति)को पनि समस्या नै बन्न पुग्दछ।

### ५.३.४.५ धर्मका खोलभित्रको व्यभिचार

प्रकृति र जीवनका हरेक कुराको भेउ पाउन नसक्दा रहस्यका पर्दाभित्र अदृश्य शक्तिको कल्पना गर्नुको परिणामस्वरूप जन्मिएको धर्मलाई विस्तारै मानिसले आफ्नो स्वार्थसिद्ध गर्ने काममा प्रयोग गर्न थाल्यो। धार्मिक विधानहरूको स्रष्टा र व्याख्याता पुरुष नै हुने हुनाले धर्म पनि पुरुषका पक्षमा उभिन पुग्यो। धर्माधिकारीहरू स्वयंलाई ईश्वरतुल्य बताउन थाले जसरी

कपिलप्रसादले आफूलाई आ-आफ्ना समस्याबाट मुक्ति पाउन कीर्तनमा आउने धर्मभीरु महिलाका अगाडि बतायो । सिधासादा ती महिलाहरूले ईश्वरभक्ति र गुरुभक्तिमा अभिन्नता महसुस गरे र कपिलप्रसाद ती नारीमाथि आर्थिकदेखि शारीरिक तहसम्मको शोषण गर्न समर्थ बन्यो । धर्मका आवरणभित्र हुने यस्ता व्यभिचार पनि पुरुषका भन्दा पनि नारीका चाहिँ समस्या बन्न पुगेका देखिन्छन् किनभने सोही कारणले कैंयन् महिलाका घरबार उजाडिएका छन्, सम्पत्ति नासिएको छ र स्वयं ती नारीको जीवन बर्बाद भएको छ ।  शान्तिको जीवन पनि झण्डै कपिलप्रसादकै माध्यमले बर्बाद भएको थियो । माधुरीको जीवन त बर्बाद भयो नै । उसको एकातिर सम्पत्ति सकियो, अर्कातिर परिवारमा शान्ति कायम हुन सकेन र अझ अर्कातिर उसको जीवन पनि कपिलप्रसादबाट शान्तिलाई नल्याएको निहूँमा परित्यक्त भएपछि १० महिनाभन्दा बढी बाँच्न सकेन,  उसले आत्महत्या नै गरी । कप्तान्नीको पारिवारिक र व्यक्तिगत जीवन पनि छिन्नभिन्न भएको छ, किनभने धोबीखोलाको किनारमा एउटी अज्ञात स्वास्नीमान्छेको लास गिद्ध र कुकुरले खाइरहेको उल्लेख गरिएबाट (पृ.१८) कप्तान्नीतर्फ सङ्केत गरेको बुझिन्छ । तथाकथित गुरु कपिलप्रसादबाट  धर्मका आडमा यस्ता कैयौं नारीको जीवन बर्बाद हुन पुगेको छ ।

### ५.३.४.६ नेताको दुश्चरित्रता

नेता चारित्रिक हिसाबले समाजको आदर्श बन्न सक्नुपर्ने हो तापनि के संसदीय स्तरका नेता, के अझ उपल्लो स्तरको शासक, सबैले नारीलाई यौनका प्रतीकका रूपमा मात्र स्विीकार्ने चलनले धेरै नेपाली नारीहरू पीडित बनेका छन् । नारीलाई हेर्ने दृष्टिकोण नै गलत भएपछि उनीहरू उत्पीडित बन्नु खास नौलो कुरो हुँदा पनि होइन । धार्मिक नेता (कपिलप्रसाद)को दुश्चक्रबाट बल्लतल्ल उम्किएकी शान्ति राजनीतिक नेता (घनश्याम बाबु)को दुश्चक्रबाट उम्किन सकिन । यस अर्थमा धार्मिकभन्दा पनि राजनीतिक नेता दुश्चरित्रतामा बढी निपूण देखिन्छन् जसले गर्दा शान्तिको जीवन मार्गमा नै नकारात्मक आमूल परिवर्तन देखा पर्‍यो । घनश्याम नामक नेताको दुश्चरित्रताको फल उससँग कुनै पनि प्रकारले कहिल्यै सम्बन्धित नरहेकी शान्तिले भोग्नुपर्‍यो । उसले रेडियो नेपालको नक्कली डाइरेक्टर बनेर षड्यन्त्रमूलक ढङ्गले शान्तिलाई घरमा बोलाई बलात्कार गरेपश्चात् उसैको जीवनमा त खासै कुनै अन्तर आएन तर शान्तिको जीवनमा भने यसले हलचल मच्चाइदियो । यसरी समाजको पितृसत्तात्मक संरचनाले गर्दा नेता (पुरुष)को दुश्चरित्रता पुरुषको नभई नारीको चाहिँ समस्या बन्न पुगेको छ ।

### ५.३.४.७ नारी स्वयंको रूप र गुण

मानिसमा रूप र गुण दुवै वा दुईमध्ये एक मात्र हुनु पनि गौरवकै कुरा हो तापनि यो कुरा पुरुषमा मात्र लागू हुन्छ । नारीका लागि भने यिनै विशेषता समस्याका कारक बन्दछन् । शान्ति रूपवती त छँदैछ, त्यसमाथि ऊ गुणवती पनि छ अर्थात् उसमा गाउने सीप पनि छ । आफ्नो क्षमताको प्रसार गर्ने चाहना मानवीय स्वभावकै उपज हो । रेडियो नेपालबाट आफूले गीत गाउने अवसर पाउन लागेको सम्झेर शान्ति आफूले चिन्दै नचिनेको मानिसको कुरामा भर परी चिन्दै नचिनेको मानिसलाई भेट्न जाँदा ऊ दुर्घटित भएकी छ । ऊ आफूमा निहित रूप र गुण दुवैका

माध्यमले आफै समस्याग्रस्त बन्न पुगेकी छ । यी दुईमा पनि रूप बढी हानिकारक सिद्ध भएको छ किनभने  गुण उसको रूपसम्म घनश्यामलाई पुऱ्याउने माध्यम बनेको छ । शान्तिसँग जति रूप नहुनाले उसैका साथी गौरी, कालिन्दीहरू रेडियोमा गीत गाउन गएर पनि यसरी दुर्घटित बनेका छैनन् । पुरुष रूपवान् हुँदा स्वयं समस्याग्रस्त बन्दैन, बरु नारीमाथि गरिने व्यभिचारका लागि उक्त गुण सहयोगी नै बन्दछ तर नारी रूपवती हुँदा त्यसैका माध्यमले पुरुषका कारणले ऊ समस्याग्रस्त बन्दछे ।

नेपाली समाजमा नारीमाथि यावत् किसिमका सम्भव-असम्भव अत्याचारहरू हुन्छन् । पीडित पक्ष नारीलाई नै उल्टै दोषी ठहऱ्याइन्छ । अत्याचारका जाँतामुनि पिसिएका नारीलाई समाजले तिरस्कार र लाञ्छनाले अझ बढी निरीह बनाउँछ । समाजले पीडक पुरुषकै पक्षधर भएर नारीमाथि थप शोषण गर्नु भनेको समाजको पितृसत्तात्मक संरचनाकै प्रतिफल हो तापनि यस कुरालाई उपन्यासमा उपन्यासकारद्वारा सिधै औंल्याइएको छैन । त्यति हुँदाहुँदै पनि  घटनाक्रमको विश्लेषणद्वारा पाठकले बुझ्ने कुरा भने यही हो । यसरी हेर्दा पितृसत्तात्मक सामाजिक संरचना नै प्रमुख नारी समस्या ठहरिन्छ । माथि उल्लिखित सातवटा बुँदामा प्रस्तुत गरिएका यस उपन्यासका नारी समस्याहरू उक्त मूल समस्याबाट उत्पन्न भएका हुन् । यसरी यस उपन्यासमा नारी समस्यालाई सामाजिक वृत्तमा प्रस्तुत गरेकाले तिनले तत्कालीन मध्यम एवं उच्च वर्गीय नेपाली समाजका नारी समस्याको प्रतिनिधित्व गर्न सकेको देखिन्छ । तत्कालीन नेपाली सामन्ती समाजका नारीको सामाजिक उत्पीडनलाई यस उपन्यासले राम्रोसँग चित्रण गरेको छ ।

### ५.३.५ परिणति र सन्देश पक्ष

प्रस्तुत शान्ति उपन्यासको घटनात्मक अन्तिम परिणति र त्यसले दिने विशेषत : नारीपरक सन्देशबारे तल क्रमश : चर्चा गरिएको छ (५.३.५.१-५.३.५.२) ।

#### ५.३.५.१ परिणति

उपर्युक्त उपन्यासको परिणति मूल नारी चरित्र शान्तिकै केन्द्रीयतामा गएर देखा परेको छ । उपन्यासका प्रारम्भदेखि देखा पर्दै र बिचमा समेत थपिँदै आएका समस्याहरूले उपन्यासका अन्त्यमा पुरुषका सहयोगमा नारीको सशक्तीकरण हुनुपर्छ भन्ने एउटा निष्कर्ष प्राप्त गरेका छन् । कमलका सहयोगले शान्ति समाजमा सशक्त बन्दै गएपछि उसलाई उत्पीडन दिनेहरू पनि उसका अगाडि नतमस्तक बनेका छन् । शान्तिको यौवनसँग खेल्ने लालसामा बाधा पर्न लागेको देखी रामजीसँग लडाइँ गरी जेल परेको फणेन्द्र त्यहाँबाट निस्केपछि शान्ति कमलका घरमा रहेको थाहा पाएपछि तै स्वार्थपूर्ति गर्न पाइहालिन्छ कि भनेर त्यहाँ पनि पुग्छ तर शान्तिको बदलिएको स्थिति देखेर उसलाई नमस्कार गरेर शिर निहुराई फर्कन्छ (पृ.२२७) । मन्त्रदानका निहुँमा एकान्त कोठामा लागेर अन्य कैंयन् नारीलाई झैं शान्तिलाई पनि बलात्कार गर्न खोज्ने तथाकथित गुरु कपिलप्रसाद जुद्धसडकमा छेलिएर शान्तिको भाषण सुन्छ, सम्मुख पर्ने साहस गर्दैन (पृ.२३२) । अनसनमा बसेकी शान्तिलाई विभिन्न नेताहरूले भेट्ने क्रममा घनश्याम बाबु (नक्कली डाइरेक्टर)ले पनि भेटेर नमस्कार गर्छ (पृ.२३४) जसले शान्तिलाई बलात्कार गरी बिल्लीबाठ बनाइदिएको थियो ।

बालविधवा शान्तिलाई कसको कसको गर्भधारण गरेर बच्चासमेत जन्माएकाले कमलले प्रस्ताव राख्दाराख्दै पनि शान्तिलाई आफ्ना घरमा आश्रय दिन हिच्किचाएकी (पृ.७१) सानीबज्यै पछि स्वयं नै शान्तिको पक्षमा उभिन पुगी उसको दह्रो समर्थक बनेकी छ (पृ.२०५)। शान्तिलाई दुःख दिने सौतेनी आमा माधुरी बज्यै पनि वृद्ध उमेरै नभई जीवन बाँच्ने लालसा बाँकी रहँदै मरेको देखाएर उपन्यासको परिणतिलाई शान्तिका पक्षमा उभ्याइएको छ।

सबैतिर भताभुङ्ग बनेको शान्तिको जिन्दगी कमलको सहयोग र आफ्नै निष्ठा एवं कार्यतत्परताले सम्हालिएको छ र पुराना दुःखहरू समाप्त भएका छन्। सामाजिक उत्पीडनले ग्रस्त बनेकी शान्तिलाई राजनीति उन्मुख सामाजिक व्यक्तित्व प्रदान गरेर जीवनका दुःखको मुक्तितर्फ डोऱ्याइएको छ। शान्तिका व्यक्तिगत दुःखको निवारण भएको छ, समाजका सम्पूर्ण व्यक्तिको दुःख निवारणका निम्तिको प्रयासको आरम्भ भएको छ। उपन्यासभरि दुःखद् एवं सङ्घर्षपूर्ण स्थितिहरूको चित्रण भए तापनि कमलको सहयोग र शान्तिको योग्यता, निष्ठा एवं कार्यतत्परताले औपन्यासिक परिणति सुखान्तक बन्न पुगेको छ। उपन्यासका अन्त्यमा कमल जेल पर्नुले परिस्थितिहरू झट्ट हेर्दा दुःखान्तक भएको जस्तो देखिए तापनि त्यस घटनाले शान्तिलाई सुपरिणतितर्फको अग्रसरतामा झन् बढी सक्रिय तुल्याएको छ र उसलाई समाजमा पूर्ण रूपले स्थापित तुल्याएको छ किनभने कमलको पक्राउका कारणले नै सिस्नेरीदेखिको जुलुस 'अध्ययनमण्डल' मा आएको छ, समाज र देशको उद्धारका निम्ति लागिपरेको आफ्नो हितचिन्तक सहयोगी जेल परेकै कारणले ऊ आक्रोशित भएकी छ। ऊ स्वयंसमेत जुलुसमा सामेल भई बाटा-बाटामा भाषण गर्दै अन्त्यमा जुद्धसडकको पीपलबोटमा आमरण अनसन बसेकी छ। यी सन्दर्भले उपन्यासलाई चरमोत्कर्षमा पुऱ्याएका छन्। कमल जेल पर्नुले उपन्यासका घटनाक्रमलाई सुपरिणतितर्फ डोऱ्याएकाले यस उपन्यासको समापन सुखान्तीय परिणतिमा हुन पुगेको छ।

### ५.३.५.२ **सन्देश**

प्रस्तुत उपन्यासको सुखान्तीय परिणतिको श्रेय शान्तिमा जाने औपन्यासिक तारतम्य मिलाइएको छ। शान्ति अत्यन्त रूपवती भए पनि र उसका जीवनको दुःखद् स्थितिका निम्ति त्यो महत्त्वपूर्ण कारकका रूपमा रहे पनि औपन्यासिक परिणतिका क्रममा भने त्यसको कुनै भूमिका छैन। सबै सन्दर्भ र मानिसहरू उसका निष्ठा र योग्यताबाट प्रभावित छन् रूपबाट होइन। यसरी यस उपन्यासमा सामाजिक द्वन्द्वपूर्ण समस्याहरू देखाई तिनको मुख्यतः सुधारवादी समाधान दिई नारी जगत् र पुरुषजगत् दुवैलाई मध्यममार्गी सामाजिक सन्देश प्रदान गरिएको छ।

**शान्ति** उपन्यासमा समाजसुधारका निम्ति शान्तिलाई सक्रिय तुल्याएर परम्परागत मूल्यमान्यतामाथि प्रश्नचिन्ह खडा गरिएको छ। उपन्यासकारले यस उपन्यासमार्फत आधा अङ्गका रूपमा रहेकी नारीको असचेतता र निष्क्रियताले समाज सधैँ परम्परागत मूल्यमान्यताको बन्दी बन्दछ र उसको अग्रसरताले समाजमा सुधार आउँछ, त्यसका बाधकहरू पनि त्यस अग्रसरताका अगाडि नतमस्तक बन्नुपर्दछ भन्ने मूल सन्देश प्रदान गरेका छन् र नारीवादी कोणबाट हेर्दा यो अत्यन्तै उपयुक्त एवं सकारात्मक देखिन्छ। नारी कदापि मूल्यहीन जीव होइन र उसको त्यस

मूल्यको पहिचान गरी कदर गर्न सक्यो भने नारीलाई मात्र होइन सिङ्गो समाज र राष्ट्रलाई नै पर्याप्त लाभ हुनसक्छ भन्ने सन्देश पनि यस उपन्यासबाट प्रवाहित भएको छ । शान्तिले कमल या अन्य कुनै युवकसँग विवाह गरेर बसेको भए तापनि उपन्यासको परिणति सुखान्तीय हुनसक्थ्यो तर लेखकले उपन्यासलाई दिएको सामाजिक स्वरूप र त्यसमा सुधार गर्नका निम्ति पुरुषको मात्र होइन नारीको भूमिका पनि अपरिहार्य छ भन्ने लेखकीय आशयले गर्दा शान्ति व्यक्तिगत जीवनको बन्दोबस्तभन्दा सामाजिक जीवनको बन्दोबस्ततर्फ सक्रिय बनेकी छ र यस सक्रियताले उसलाई गरिमा प्रदान गरेको छ । यसैले नारी होस् वा पुरुष, व्यक्तिगत स्वार्थभन्दा माथि उठ्न सक्यो भने स्वयंको त कल्याण हुन्छ नै, समाज र राष्ट्रको समेत कल्याण हुन्छ भन्ने सन्देश पनि दिइएको छ ।

उपर्युक्त दुईवटा सन्देशका अतिरिक्त यसमा अन्य सन्देशहरू पनि रहेका छन् । सामाजिक सुधार वा परिवर्तन राजनीतिनिरपेक्ष कुरा होइन । राजनीतिक परिवर्तनद्वारा नै तिनको प्राप्ति सम्भव छ भन्ने कुरालाई गणेशबहादुर, कमल, श्याम आदिको समाजसुधारको चाहना र राजनीतितर्फको सक्रियताले पुष्टि गरेको छ। यसैले समाजमा सुधार गर्न चाहने व्यक्ति राजनीतिबाट अलग रहन सक्तैन । यो तेस्रो सन्देश हो ।

राजनीतिक नेतृत्वको चारित्रिक शुद्धता र इमानदारीविना देशमा अपेक्षित सफलता प्राप्त हुन सक्तैन । उल्टै यिनीहरू नै समाजका विकृतिका कारक बन्न जान्छन् । यस उपन्यासको घनश्याम एउटा मन्त्री हो र उसैले नै शान्तिको बलात्कार गरेर समाजमा समस्याको सिर्जना गरेको छ । ऊजस्ता शासकले यस्ता समस्याको समाधानतर्फ सक्रिय हुनुपर्नेमा उल्टै समस्या उब्जाउनतर्फ लाग्नु उनीहरूको चरित्रहीनता र अयोग्यता हो । यस्ता नेतालाई देशका इमानदार, देशप्रेमी नागरिकले आफ्ना कार्यद्वारा ठीक बाटोमा ल्याउन सक्छन् भन्नु यस उपन्यासको चौथो सन्देश हो ।

देशमा व्याप्त अशिक्षाका कारणले चेतनाको आँखा नखुलेका सिधासादा जनतामाथि धर्मका नाममा पर्याप्त शोषण हुने गरेको छ । त्यस क्रममा पुरुष पनि शोषित छन् भने नारी चाहिँ त झन् दोब्बर शोषणमा परेकी छ । यस प्रवृत्तिले समाजमा पर्याप्त विकृति फैलाएको छ । यस्ता विकृतिका कारकहरूको प्रतिनिधित्व यस उपन्यासमा कपिलप्रसादले गरेको छ । यस विकृतिका विरुद्ध जुध्न समाजमा शिक्षाको व्यवस्था हुनुपर्छ, चेतनाको विकास हुनुपर्छ र केही सचेत नरनारी विद्रोहको राँको बोकेर अगाडि बढ्नुपर्छ । यो यस उपन्यासको पाँचौँ सन्देश हो ।

व्यक्तिगत सम्पत्तिको प्रचूरताले न त व्यक्तिको नै कल्याण गर्छ न त समाज र राष्ट्रको नै । तत्कालीन सामाजिक परिस्थितिमा अर्थोपार्जनका विकल्पहरू नभएकाले समाजको शोषण नै व्यक्तिगत सम्पत्तिको वृद्धिको एकमात्र माध्यम थियो । यसरी सम्पत्ति थुपार्ने क्रममा पनि समाज नै आहत बन्यो । सम्पत्ति धेरै भएपछि त्यसका कारणले सम्पत्तिवाला व्यक्ति विकृत बन्दछ र त्यसको असर पनि समाजमाथि पर्दछ । यसरी सम्पत्ति थुपारिसकेपछि पनि समाज नै आहत बन्यो । यस उपन्यासले सहज ढङ्गले जीवन सञ्चालन गर्न पुग्नेभन्दा बढी सम्पत्ति अनिष्टकारक हुने हुनाले त्यसको सञ्चय गर्न खर्च गरिने ऊर्जा समाज-सुधारमा लगाउनु उपयुक्त हुन्छ भन्ने सन्देश प्रदान

गरेको छ र यसको माध्यम बनेको छ लालबहादुर खत्री र उसको परिवार । यो यस उपन्यासको छैटौं सन्देश हो ।

समाजका विभिन्न समस्या र नारीका पनि समस्या नारी अबला बनिरहनाले सिर्जिएका हुन् । समाज पितृसत्तात्मक हुनाले हरेक अवसर र सुविधा पुरुषका मुट्ठीमा बन्द छन् । कुनै व्यक्तिगत र सामाजिक हैसियत प्राप्त गर्न नसकेकी नारी अबला बन्नमा उसको चाहना मिसिएको छैन । यस देशको समाज व्यवस्था नै नारीको प्रतिकूल छ । यस्तो परिस्थितिमा ऊ अगाडि बढ्न खोजी नै भने पनि उसले पर्याप्त मात्रामा लैङ्गिक समस्या बेहोर्न बाध्य हुनुपर्छ । सङ्घर्षबाट विचलित नभईकन ऊ सबला बन्ने क्रममा सक्रिय रही भने उसका र समाजका समेत समस्या समाधानका गोरेटातर्फ अग्रसर हुन्छन् । शान्तिका चरित्रको सबलीकरणले यही सन्देश दिएको छ । यसरी यस उपन्यासले प्रदान गरेका हरेक सन्देशले समाजका साथै नारीका जीवनको सुधारलाई केन्द्र बनाएका छन् । यस अर्थमा उपन्यासकारले नारी समस्यालाई नारीका जीवनको मात्र समस्या नठानी सामाजिक समस्याकै रूपमा लिएको पाइन्छ र समाजको सुधार हुन सक्यो भने नारीका समस्या पनि समाधान हुन्छन्, एउटा-एउटा समस्यासँग व्यक्तिगत ढङ्गले जुद्धा त्यो समाधान प्राप्त नहुन सक्छ भन्ने समाजवादी सोच यस उपन्यासमार्फत प्रस्तुत भएको छ ।

### ५.३.६ प्रमुख नारी चरित्र

उपर्युक्त उपन्यासमा मूल रूपमा २०१५ साल वैशाखदेखि उपन्यासको प्रकाशन काल (२०१५साल) भन्दा पनि लगभग डेढ वर्षपछाडिको २०१७ साल भाद्रसम्मको लगभग अढाइ वर्ष अवधिको तत्कालीन राजा महेन्द्रले राज्य गरिरहेको शाहकालीन समयको काठमाडौं उपत्यकाका (उपन्यासको विषयवस्तु राजनीतिक ढङ्गले मात्र सिस्नेरीसम्म पुगेको देखिन्छ ।) केही क्षेत्रका नेपाली समाजको उच्च, मध्यम, निम्नमध्यम एवं निम्नवर्ग, खासगरी ब्राह्मण र क्षत्री तथा अन्य केही जातिको समेत त्यतिखेर विद्यमान पारिवारिकभन्दा पनि सामाजिक नारीजीवनलाई नै तिनका विभिन्न आयामसहित याथार्थिक एवं सुधारात्मक आशयका साथ प्रस्तुत गरिएको छ । समाजमा निर्देशक भूमिकाकारका रूपमा पुरुष (खासगरी कमल)लाई, निर्देशित भूमिकाकारका रूपमा नारी (खासगरी शाीन्त) लाई उपस्थित गराई अन्त्यतः नारीलाई अस्तित्वपूर्ण स्थितिमा अवतरित गराइएको छ । यसरी यस उपन्यासमा परम्परागत सामाजिक परिस्थितिद्वारा उत्पीडित नारीलाई सङ्घर्षकै बिचोबिच नवोन्मेष प्राप्त गरी नवीन भूमिकामा प्रस्तुत भएको देखाइएको छ । यस उपन्यासमा प्रारम्भमा पुरुषकै सहयोगमा रहे तापनि नारी स्वयंको प्रतिभा एवं निष्ठाद्वारा पछि आन्दोलनका क्रममा आत्मनिर्भर बन्न समर्थ भएको देखाएर नारीले प्रयास गरेमा अवश्यै पनि सामाजिक व्यक्तित्व हासिल गर्न सक्छे भन्ने मान्यतालाई अघि सारिएको छ ।

प्रस्तुत उपन्यासका सबै नारीहरू पारिवारिक भूमिकामा नै देखा परेका छन् तापनि ती पारिवारिक रूपमा भन्दा पनि सामाजिक रूपमा बढी क्रियाशील छन् । वसन्तकुमारी अलि बढी पारिवारिक भूमिकामा देखिएकी हो कि भन्ने भान परे तापनि यो सत्य होइन । घर उसको

समाजसँग आफ्नो किसिमको सम्बन्धलाई क्रियाशील राख्ने सुरक्षित माध्यम मात्रै हो । सानी बज्यै पूर्ण रूपमा पारिवारिक भूमिकामा सीमित छन् तापनि उनी उपन्यासको गौण भूमिकामा मात्रै छन् । प्रमुख भूमिकामा आएका सबै नारीको पारिवारिक स्थिति उनीहरूका सामाजिक क्रियाकलापको सुरक्षाकवच मात्रै हो ।

**शान्ति** उपन्यासमा मूल रूपमा तीन उमेर समूहका नारी पात्रहरू उपस्थित छन्-वृद्धा, प्रौढा र युवा । वृद्धामा सानीबज्यै, प्रौढामा माधुरी र कप्तान्नी पर्दछन् । माधुरीका कीर्तनमण्डलीबाट उनीसँगै बाहिरिने उनका इन्दिरा, पम्फा, रामप्रिया, भानुमती आदि नारीहरू, रेडियोकी कलाकार हुँ भन्ने एन. डि. नामधारी अपरिचित नारी तथा कालेकी आमा पनि यसै उमेर समूहमा पर्दछन् । यस्तै युवा पुस्तामा शान्ति, बेली, राधा, वसन्तकुमारी, गौरी, च्यान्टी, गोपिनी, जङ्गेकी पत्नी, कालीन्दी, उर्मिला, श्यामा, धनकुमारी, भगवती, गङ्गी, सान्नानी, चिट्टेकी आमा आदि पर्दछन् ।

वर्गीय आर्थिक कोणबाट हेर्दा **शान्ति** उपन्यासमा उच्च, मध्यम, निम्नमध्यम र निम्न गरी चार वर्ग समूहका नारी पात्रहरू रहेका भेटिन्छन् । यस उपन्यासका कप्तान्नी नानी र वसन्तकुमारी उच्च वर्ग समूहमा पर्दछन् भने शान्ति, माधुरी, राधा आदि मध्यममा पर्दछन् । निम्नमध्यम वर्गमा सानीबज्यै र निम्नवर्गमा बेली, चिट्टेकी आमा आदि पर्दछन् । उक्त वर्गीय हैसियत यी नारीलाई या त पिताका माध्यमले, या त श्रीमान्का माध्यमले प्राप्त भएको छ । पिताका माध्यमबाट प्राप्त वर्गीय हैसियत शान्ति, राधा र बेलीको देखिन्छ र यी करीब-करीब हैसियतहीन नै छन् तापनि श्रीमान्का माध्यमले वर्गीय हैसियत प्राप्त गर्ने कप्तान्नी, वसन्तकुमारी र माधुरी भने आ-आफ्ना सरोकारका सम्पत्तिमा अधिकार कायम गर्न सफल छन् र यो सफलताका कारक पुरुष हुन् । कप्तान्नीको श्रीमान् मर्नाले, वसन्तकुमारीको श्रीमान् बरालिएर हिंड्नाले र माधुरीको श्रीमान् असक्त वृद्ध हुनाले यो परिस्थिति देखा परेको हो । सहज परिस्थितिमा भने अधिकांश नारी साधिकार वर्गीय हैसियतबाट बञ्चित नै हुन्छन् । यसपछि अब क्रमशः प्रस्तुत **शान्ति** उपन्यासका शान्ति, माधुरी बज्यै, कप्तान्नी नानी, वसन्तकुमारी, बेली र सानीबज्यैजस्ता प्रमुख नारी पात्रको विश्लेषण तल प्रस्तुत गरिएको छ (५.३.६.१-५.३.६.६) ।

### ५.३.६.१ शान्ति

शान्ति प्रस्तुत उपन्यासकी केन्द्रीय नारी चरित्र हो । सिङ्गो उपन्यासको विषयवस्तु पारिवारिकभन्दा पनि सामाजिक स्वरूपमा उसकै वरिपरि घुमेको छ । उपन्यासका केही नारी पात्रहरू उसका चरित्रका केन्द्रीयतामा प्रस्तुत भएका छन् । उसकी सौतेनी आमा माधुरी उसलाई जीवनका दुर्गतितर्फ डोऱ्याई चरित्रमा सङ्घर्षशीलताको बीजारोपण गरिदिन सफल बनेकी छ भने सानीबज्यै र बेली आश्रयदाता एवं सहयोगीका भूमिकामा छन् । राधा, भगवती, कालेकी आमा आदि उससँग असम्बन्धित छन् भने कप्तान्नी एवं वसन्तकुमारी फणेन्द्रका माध्यमले मात्र उससँग सम्बन्धित छन् र वसन्ती शान्तिका माध्यमले (हरिणीका प्रसङ्गले) कमलसँग सम्बन्धित हुन पुगेकी छ । उसले प्रकारान्तरले भने शान्तिकै चरित्रलाई उजिल्याउन सहयोग गरेकी छ । शान्ति स्वयंका गौरी, कालिन्दी आदि साथीहरू त उसका केन्द्रीयतामा मात्र सीमित छन् ।

शान्ति हरिहर पण्डितकी मातृहीना एक मात्र सन्तान (पुत्री) हो। उसले कान्छी श्रीमती माधुरीका लहैलहैमा लागेर सात वर्षकी छोरीको विवाह ५८ वर्षका गजानन पण्डितसँग गरिदियो जसको डेढ वर्षपश्चात् साढे आठ वर्षको उमेरमै विधवा भई शान्ति श्रीमान्का घरमा देवरानी-जेठानीसँग पौंठेजोरी खेल्न नसकी माइतमै बसेकी छ। साथीहरूले लगाएका राता लुगा, चुरा, टीका आदिको रहर गर्दागर्दै उसको बालापन र किशोरपन बितेर यौवनमा प्रवेश गरेपछि उसका सङ्घर्षका दिनहरूको सुरुआत भएको छ। उसका जीवनका क्षणहरू ऊ १९ वर्ष पुगेदेखि कपिलप्रसाद र घनश्याममार्फत अझ विशिष्ट सङ्घर्षमय भएका छन्। समस्याको चरम अवस्थामा उसको कमलसँग भेट भएको हो र अन्ततोगत्वा शान्तिका व्यक्तिगत समस्यालाई सामाजिकतासँग आबद्ध गरी उसलाई सामाजिक आन्दोलनमा सरिक र सक्रिय बनाउने काम कमलमार्फत नै भएको देखिन्छ। उपन्यासका अन्त्यतिर पुग्दा शान्तिको उमेर २१ वर्षको भइसकेको देखिन्छ।

शान्ति रूपवती नारी हो। विधवा नारी रूपवती हुनुले उसका सामाजिक जीवनमा समस्याहरू आइपरेका छन्। उससँग रूप र यौवन दुवै हुनाले बाटाघाटामा अल्लारे ठिटाहरूले जिस्क्याउँछन्। एउटा शिक्षित युवकले त प्रेमप्रदर्शन गर्न पनि खोजेको थियो (पृ.२०)। "माधुरीबज्यैका आदरणीय गुरु कपिलप्रसादजी पनि शान्तिका सौन्दर्य-किरणमा मुग्ध भए" (पृ.२०)। "उनीहरूले (शान्तिका साथीहरूले) शान्तिको रूप र गलाको पनि प्रशंसा गरे" (पृ.२१)। घनश्याम कोठामा प्रवेश गर्दा "शान्ति बत्तीजस्तै झल्किरहेकी थिइन्। उनको मोहकता अपूर्वको थियो- गौरवपूर्ण, पुष्ट शरीर, पातलो कद, भव्य नयन, लामो चुल्ठो। डाइरेक्टर साहेव सिरिङ्ग भए" (पृ.२४)। फणेन्द्र र बिसेका वार्तालापबाट पनि ऊ सुन्दरी भएको कुराको पुष्टि मिल्छ- "हेर्, बिसे ! यो वनकालीमा गौरी भगवती !," "कुरा नगर्नोस् फणेन्द्रजी ! आँखाले त हरिणीजस्ती छन् ! "(पृ.११४)। यसैबेलादेखि नै यिनीहरूले शान्तिको सौन्दर्यका कारणले यिनलाई हरिणी नै भन्ने गरेका छन्।

पुरुषका दृष्टिमा मात्र होइन नारीका दृष्टिमा पनि शान्ति अत्यन्त सुन्दरी छ। सानीबज्यै उसको रूप देखेर मुग्ध हुँदै भन्छे -"गोरो र कमलो मुखाकृति, पातलो शरीर, छिनेको कम्मर, सलसलाउँदा हातपाउ-बत्ती बलेको जस्तै तेज थियो शान्तिको। ... साक्षात् देवीको अवतार ! " (पृ.१५२)। ऊ यो सौन्दर्य वर्णनलाई अझ अगाडि बढाउँछे- "कस्तो बान्की परेको हँसिलो र गम्भीर मुख ! जसको शीलस्वभाव र सच्चरित्रमा मुखैबाट पनि अन्दाज गरुँ जस्तो ! कस्तो ! ज्यादै पवित्र, ज्यादै असल, ज्यादै लच्छिनको ! " (पृ.१५३)। "शान्तिको बर्ता सजधज र श्रृङ्गार त केही थिएन । उसमा उसको प्राकृतिक सौन्दर्य नै भरिपूर्ण थियो" (पृ.२२५)।

शान्ति अनुशासित प्रकृतिकी नारी हो। उमेरका प्रभावले मनमा उठ्ने चाहनालाई पनि उसले दमन गरेकी छ। समाजबाट अनुमति नमिल्ने खालको क्रियाकलापतर्फ ऊ अग्रसर नै हुन्न तर जीवनमा आउने सङ्घर्षले स्वभावमा पनि परिवर्तन ल्याउँछ र मान्छे क्रमशः विद्रोही बन्दै जान्छ जसरी शान्ति परिवर्तित भएकी छ। जीवनमा भोग्नुपरेका चरम दुःखले आत्महत्या गर्न कम्मर कसिसकेकी शान्ति परिस्थितिवश त्यस कार्यबाट जोगिएपछिको अवस्थामा आफ्नो विद्रोहपूर्ण अठोटलाई अगाडि सार्छे -

उनका आँखामा आँसु थिएनन्, लाज थिएन डर थिएन। उनले टाउको उठाएर दृढसङ्कल्प गरिन्- 'हुन्छ जानोस् म तपाइँको प्रतीक्षा गरेर बस्छु ! चाँडै आउनोस्, म पनि तपाईको साथमा लागेर विद्रोह गर्छु- अन्यायको, अत्याचारको, पापको। तपाईंको साथमा म मैदानमा उत्रन्छु- कालसित लड्छु ! तपाईंको साथमा लागेर म दुःखलाई सुख मान्छु, भोकलाई तृप्ति, मृत्युलाई निद्रा। म पनि यो अत्याचारी समाजमा स्वास्नीमान्छे भनेको कुन शक्ति रहेछ-त्यो देखाउँछु(पृ.१०१-१०२)।

पारिवारिक उत्पीडन (सौतेनी आमाको) मात्र भोगुञ्जेल उसमा सहनशील व्यक्तित्व नै झल्कन्छ तर जब ऊ सामाजिक उत्पीडनको सिकार भई, त्यसपछि उसको उक्त व्यक्तित्व जुझारु बन्यो। घनश्यामले पेटको बच्चा फालिदिनका लागि पठाएको औषधि र पैसा पोखेर र च्यातेर फालेदेखि (पृ.२६) उसको यो स्वरूप प्रकट भएको हो। जीवनका परिस्थितिहरूसँगै परिवर्तित भइरहने हुनाले ऊ गतिशील पात्र हो।

शान्तिको व्यक्तित्व समयको हिसाबले पारिवारिक नै अधिक रह्यो तापनि महत्त्वका हिसाबले भने बढी सामाजिक रह्यो। प्रसवकाल अघिसम्म उसले पारिवारिक जीवन नै व्यतित गरी यद्यपि त्यसबेला नै सामाजिक सङ्घर्षको सुरुआत भने भइसकेको थियो। आत्महत्याका उद्देश्यले वनकाली पुगेकी शान्ति प्रसवपीडा सुरु भइसकेका कारणले त्यसमा असफल भएर प्रसूति भइसकेपछि कमलसँग भेट भइसकेपश्चात् शान्तिको सामाजिक जीवनको प्रारम्भ भएको छ र क्रमशः सक्रिय बन्दै गई उसको जीवनले राजनीतिक क्षेत्रतर्फ प्रवेश गर्ने सङ्केत देखा परेको छ। यसरी उसको जीवन पारिवारिक घेराबाट फुत्किएर सामाजिक घेरामा स्थापित हुन पुगेको छ।

शान्तिको नारीसमाजप्रतिको दृष्टिकोण सुधारवादी रहेको छ। ऊ तुरुन्तै क्रान्ति गरेर नारीका जीवनमा आमूल परिवर्तन ल्याउने कुरा गर्दिन। बरु ऊ विस्तारै शिक्षा, स्वास्थ्य आदितर्फ सचेत गराउँदै, विचारले खार्दै लगेर जीवनको स्थितिमा परिवर्तन ल्याउन चाहन्छे। 'अध्ययन मण्डल' को मण्डली बनेपछि उसले आफ्नो यसै सोचलाई अगाडि बढाएकी छ।

समाजमा उसलाई दुःख दिने व्यक्तिहरू धेरै छन् तापनि ऊ कसैसँग पनि व्यक्तिगत प्रतिशोध लिन अग्रसर हुन्न। उसको सोच सामाजिक कुव्यवस्थाले गर्दा उसमाथि समस्या आइपरेका हुन् भन्ने छ। यसैले उसको द्वन्द्व पनि समाजसँगै छ र त्यसैलाई परिवर्तन गर्नेतर्फ ऊ सक्रिय पनि छ। उसको अनसन बसाइ यसैको प्रमाण हो।

शान्ति प्रतिभाशाली पनि देखिन्छे। घरमा माधुरीमार्फत प्राप्त गरेको कीर्तनको वातावरणले उसको गलाको प्रतिभा देखिएको छ। ऊ साह्रै मीठो स्वरमा भजन गाउँछे र त्यसैले उसलाई वैधव्यको पीडालाई भुल्न मद्दत पनि गरेको छ। एकचोटि उसले गाएको भजन सुन्दा कपिलप्रसादको कीर्तनमण्डली पनि मक्ख परेको छ । आफ्ना साथीहरूले रेडियो नेपालमा गीत गाएको कुरा सुन्दा ऊ पनि सो चाहना व्यक्त गर्छे। यसरी उसमा प्रतिभा प्रकाशनको आकाङ्क्षा पनि झल्कन्छ -

> मण्डलका सारा सदस्यहरूले शान्तिलाई सरस्वतीकै अवतार ठानेका थिए । रूप, गम्भीरता, बुद्धिमत्ता र विद्यामा मण्डलभरि शान्तिको जोडा कोही पनि थिएनन्-न स्त्री न पुरुष । शान्तिको मधुर गला पनि त्यहाँ बेजोडको थियो (पृ.२२५) ।

शान्ति यस उपन्यासकी सर्वप्रमुख नारी चरित्र हो । ऊ नारी-पुरुष सबैमध्येकी अब्बल चरित्र हो । उसलाई यो व्यक्तित्व प्रदान गर्न कमलबाट पर्याप्त सहयोग मिलेको छ । शान्तिलाई अङ्ग्रेजी र देशदेशावरका ज्ञानले उसलाई सुसज्जित पार्ने काम पनि उसैले गरेको हो तर कुनै व्यक्ति आफै सक्षम छैन भने अरूले सहयोग गरेका भरमा मात्रै सफलता मिल्न सक्तैन । कमल र शान्ति दुवै समाज र देशसेवामा होमिएका छन् । शान्तिमा रहेको प्रतिभा र विद्रोहशीलताले नै उसलाई यस उपन्यासमा स्वअस्तित्वसम्पन्न नारीका रूपमा स्थापित गरेका छन् । तत्कालीन समय सन्दर्भमा नारीले स्वअस्तित्वको जगेर्ना र समाजसुधारका निम्ति सङ्घर्ष गर्नु भरखर-भरखर प्रजातन्त्र आगमनपश्चात् प्रारम्भ भएको नौलो कुरो थियो र आत्मबल नभई त्यसमा अडिग हुन सक्ने सम्भावना पनि थिएन तर त्यसमा शान्तिले सफलता हासिल गरेकी छ । उसका जीवनको यो सफलता सङ्घर्षकर्ता स्वयंले आफ्नो व्यक्तिगत दुःखलाई भन्दा सामाजिक विकृति-विसङ्गति विरुद्धको लडाईंलाई बढी महत्त्व दिनाले सम्भव भएको हो । उसको प्रतिभा र विद्रोह नै उसको परितापको निवारक र सुखको कारक बनेको देखाइएको छ । जम्माजम्मीमा शान्ति यस उपन्यासमा गतिशील, विद्रोही, अनुशासित एवं यथार्थ नारी नायकका रूपमा स्थापित भएकी छ ।

### ५.३.६.२ माधुरी बज्यै

माधुरी बज्यै शान्तिकी आमाको देहान्त भएपछि हरिहर पण्डितले आफ्नो वयस्क उमेरमा विवाह गरिएकी कलिली केटी हो । उपन्यासका अन्त्यतिर (२०१५ सालको वसन्त ऋतुताका) उसको उमेर तीस-बत्तीसको देखिन्छ (पृ.१९) जुनबेला शान्ति १९ वर्षकी थिई । यसरी सौतेनी आमा र छोरीका उमेरका बिचमा लगभग १३ वर्षको अन्तर देखिन्छ । ऊ शिक्षित पनि देखिन्न र अन्य सामाजिक क्रियाकलापमा पनि सक्रिय छैन । उसका सन्तान पनि छैनन् । उसले खानेलाउने समस्या झेल्नु नपरेको मात्र होइन, आफ्ना धनका प्रभावले कीर्तनमण्डलीमा समेत नाक ठड्याएकी छ । वयोवृद्ध व्यक्ति (हरिहर पण्डित) सँगको अनमेल विवाहले पारिवारिकतासँग विकर्षित भएकाले नै होला परनिर्भर रहेर पनि ऊ घरव्यवहार सम्हाल्दिन । उसको घरायसी जिम्मेवारीसमेत पनि शान्तिले नै सम्हालेकी छ । उसले जे जस्तो चाहनाले कीर्तनमण्डलीमा प्रवेश गरेकी भए तापनि उसलाई त्यहाँ आफ्नो अतृप्त कायिक क्षुधाले नै टिकाइराखेको छ ।

बाहिरबाट सरक्क हेर्दा माधुरी बज्यै असत् पात्रका रूपमा चिनिन्छे तापनि उसका हरेक सन्दर्भलाई सामाजिक दृष्टिकोणबाट नियाल्दा भने ऊ त्यसभन्दा फरक देखिन्छे । ऊ नेपाली समाजकी शोषित नारी हो । यही समाजले उसको अनमेल विवाह गराइदियो । यौवनको आवेगले गर्दा ऊ कपिलप्रसाद नामधारी कुपुरुषका फन्दामा परी । उसको कीर्तनमण्डलीलाई धर्मका आवरणले छोपेकाले माधुरीलाई पनि वातावरण सहज बन्न पुग्यो । अनमेल विवाहका कारणले उजाडिएको उसको मन कपिलप्रसादका सामीप्यमा रमाउन पुग्यो र उसले श्रीमान्का घरको

धनसमेत त्यहीँ ओइऱ्याई । कपिलप्रसादको भोगलिप्साको कुनै सीमा र अनुशासन थिएन, ऊ बेलगाम थियो । धन र यौवनलाई निखारतिर पुऱ्याएर उसले शान्तिलाई कीर्तनमण्डलीमा नल्याएको निहूँ बनाएर माधुरीलाई नै कीर्तनमण्डलीमा प्रवेश-निषेध गरिदियो । शान्ति घरबाट गर्भवती अवस्थामा बेपत्ता भएको पीडा खप्न नसकी हरिहर पण्डितको निधन हुनु र कपिलप्रसादले उसलाई गलहत्याउनुले धन र यौवनले रहित भइसकेकी उसले यस समाजमा कुनै आधार भेट्दिन । शान्तिले घर छाडेको २१ औं दिनमा आर्यघाटमा माधुरीको लाश जलाएको सन्दर्भले उसले आत्महत्या गरेको हुन सक्ने सम्भावना देखिन्छ । जीवनभोगको लालसा प्रचूर रहेकी एउटी नारीले यसरी असमयमा नै मृत्युवरण गर्नु तत्कालीन समाजमा नारीमाथि हुने गरेको शोषणको एउटा नमुना नै हो । यसबाट तत्कालीन नेपाली समाज नारीको अनुकूल छँदै थिएन भन्ने कुराको पुष्टि हुन्छ ।

### ५.३.६.३ **कप्तान्नी नानी**

कप्तान्नी कप्तान लालबहादुर खत्रीकी धर्मपत्नी हो जो अधबैंसे उमेरमा नै विधवा बनेकी थिई । ऊ श्रीमान् जीवित रहँदासम्म नकारात्मक चरित्रकी देखिन्न । घरपरिवार सम्हालेरै बसेकी देखिन्छे । "पतिवियोगले कप्तान्नीलाई ठूलो आघात परेको थियो । त्यसैले पतिवियोगको त्यो दुःख बिर्सनका निमित्त अथवा पुण्यको निमित्त कप्तान्नीसाहेब स्वतन्त्र भएर हरिकीर्तनमा लागेकी" (पृ.१२४) हो । ऊ पनि उही कपिलप्रसादकै कीर्तनपार्टीमा लागेकी थिई । त्यहाँको मोहजालले उसलाई यति धेरै अँचेट्यो कि ऊ बाँकी संसारको मोहजालबाट टाढा पुगी । यसैलाई उसले मोक्षको मार्ग ठानी । यसै सिलसिलामा उसको श्रीमान्ले त्यति तन्मय भएर जोडेको केही सम्पत्ति उसले कीर्तनमा खर्च गरी नै, बाँकी सम्पत्ति अल्लारे छोराबुहारीका जिम्मामा रह्यो । श्रीमान्को मृत्युपश्चात् उसले घरको अभिभावकत्व ग्रहण नगरिदिँदा घरको अवस्था पनि भताभुङ्ग हुन पुगेको छ ।

कप्तान्नीलाई सानीबज्यै 'कप्तान्नी नानी' भनेर सम्बोधन गर्छे । यी दुईवटी महिलाको चिनाजानी यिनीहरूका श्रीमान्हरूमार्फत पहिले नै भएको हो जो दिवङ्गत बनिसकेका छन् । बुहारी घरमा बसिदिएको र सबै सम्पत्ति सम्हालिदिएकोमा ऊ प्रसन्न छ । बुहारीले गर्दा आफू उम्कन पाएकोमा ऊ कृतज्ञ छ । "बुहारी बेसै छ भन्छे कप्तान्नी" (पृ.१३६) । अरूहरूले उसको जीवनलाई जे जसरी अर्थ्याए पनि ऊ भने आफ्नो जीवनसँग सन्तुष्ट देखिन्छे (पृ.१३६) । घरसंसारको मायामोहबाट जति नै उन्मुक्त बने तापनि छोरो जेलमा परेको भन्ने समाचारले भने उसको ममतालाई हल्लाई छाड्यो । वसन्तकुमारीको नकारात्मक चरित्रनिर्माणमा उसको भूमिका महत्त्वपूर्ण दृष्टिगत हुन्छ । कप्तानको देहान्तपश्चात् उसले घरमै बसेर बाबुआमा दुवैको अभिभारा सम्हालिदिएकी भए फणेन्द्र पनि त्यति नबिग्रन सक्थ्यो र ऊ नबिग्रेको भए वसन्तकुमारी पनि नबिग्रन सक्थी तर उसले कपिलप्रसादले गरेको आर्थिक दोहन एवं व्यभिचारलाई धर्मकै अङ्गका रूपमा स्वीकारी । श्रीमान्वियोगले मर्माहत मनमा मलम पनि लाग्यो र उसको सुद्धिबुद्धिको हरण पनि भयो । ऊ कीर्तन र कीर्तनका गुरूप्रति यति धेरै समर्पित भई कि उसले त्यहाँ जीवन र मोक्ष

दुवै प्राप्त गरेको ठानी । उसको र माधुरीको चरित्रका बिचमा केही मेल केही बेमेल देखिन्छन् । जसरी कप्तान कमलका पिताको प्रतिध्रुवीय चरित्र हो त्यसैगरी कप्तान्नी पनि सानीबज्यैकी प्रतिध्रुवीय चरित्र हो तापनि पुत्रस्नेहका दृष्टिले भने दुवैमा समानता पनि दृष्टिगत हुन्छ ।

### ५.३.६.४ वसन्तकुमारी

वसन्तकुमारी कप्तान एवं कप्तान्नीकी बुहारी र फणेन्द्रकी पत्नी हो । उसको र फणेन्द्रको विवाह केटाकेटी उमेरमा नै भएको देखिन्छ । "छोरो केटाकेटी नै थियो, अल्लारे उमेरको-एउटै मात्र । छोराको विवाह भैसकेको थियो" (पृ.१२४) । वसन्तकुमारी सके फणेन्द्रभन्दा कान्छी नै होली, नभए पनि समवयस्क त पक्कै होली । यी दुवै परिस्थितिमा उसको विवाह कलिलै उमेरमा भएको देखिन्छ ।

वसन्तकुमारी ठ्याक्कै आफ्नै श्रीमान्को अनुकूल चरित्रकी थिई । ऊ नयाँ-नयाँ केटी खोजी हिँड्थ्यो भने यो नयाँ-नयाँ केटा खोजी हिँड्थी । यी दुवै एकापसमा सन्तुष्ट छैनन् । घरको वातावरणले उसलाई यस्तै चरित्रतर्फ उत्प्रेरित गरेको देखिन्छ । "अर्कोतिर घरमा फणेन्द्रको कत्ति पनि पट्दैनथ्यो । राती घरमा फणेन्द्रको बासै हुँदैनथ्यो भने हुन्थ्यो । फणेन्द्रकी श्रीमती वसन्तकुमारी मस्त युवती थिई । उसले पनि कुनै न कुनै उपायले भए पनि आफ्नो जवानीमा दन्केको बल्दो आगोलाई बराबर निभाउनुपर्थ्यो- नत्र कसरी निर्वाह गर्ने !" (पृ.१२४) ।

उसलाई दुःख भनेको कुनै कुराको पनि थिएन । श्रीसम्पत्ति ससुराले जोडिदिएकाले उसलाई मात्र होइन उसको श्रीमान् र उसकी सासूलाई समेत मनग्य खर्च गर्न पुग्ने थियो । घरमा काम गर्नका लागि नोकरचाकर छँदै थिए । आसामीपात र मोही बुझ्नु, ढुकुटीमा श्रीमान् र सासूका निम्ति खटाएर पैसा राखिदिनु नै उसका मुख्य काम थिए । त्यस बाहेकका उसका काम भनेका सबै व्यक्तिगत थिए  र ती पनि उसकै मनमोजसँग सम्बन्धित मात्र थिए । पर्याप्त सम्पत्तिमा चलखेल गर्न पाइने र माइती एवं समाजका आँखामा घर बिग्रिएकी नारीजस्ती पनि नदेखिने, घरकै मालिक्नीजस्ती देखिने हुनाले मात्र उसले त्यस घरको परित्याग गरेकी थिइन । ऊ त्यस घरमा निष्फिक्रीसँग मनमोज गरेर बसेकी थिई । घरमा पालिएका काले र हर्से भन्ने नोकरहरू उसका तृष्णालाई तृप्ति दिने साधन थिए (पृ.१२५) । ऊ बेलाबखत अरू नयाँ सिकार पनि फेला पार्थी (पृ.१२५) ।

वसन्तकुमारी सारै चलाख नारी थिई । एउटै घरमा पालिएका दुई नोकर काले र हर्सेलाई समेत आ-आफूसँगको वसन्तीको सम्बन्ध मात्र थाहा थियो । यसैले दुवै आफूलाई सम्पत्तिको मालिक र अर्कालाई आफ्नो चाकर ठान्थे (पृ.१२६) । बाहिरका सिकार घरमा आएका बखत ती कुनै नाता सम्बन्धको घुम्टो ओढेर आउँथे र त्यसबखत काले-हर्से चोकतिर बसेर रखबारी गर्थे र फणेन्द्रका आमाछोराका आँखामा छारो हाल्थे । कप्तान्नी र फणेन्द्र दुवै वसन्तकुमारीले घर धानिदिएकामा मक्ख थिए र उससँग कृतकृत्यसमेत थिए (पृ.१२६) । यतिसम्म कि काले र हर्से त

फणेन्द्र घरमा आउँदासमेत उनीहरूको हक खोस्न आएको भन्ने ठान्न थालिसकेका थिए। फणेन्द्र दुई/चार दिनका लागि कतै जानु या जेल पर्नु वसन्तीलगायत यिनीहरूका लागि हर्षको विषय थियो। ऊ रक्सी पनि खान्थी (पृ.१९४)। कमल पनि एकचोटि उसका फन्दामा परिसकेर पनि उम्केको थियो। यो शान्तिकी प्रतिध्रुवीय चरित्र हो। समाज उही, उमेर उस्तै भएर पनि यिनीहरूको चरित्र भने बिल्कुल विपरीत थियो। अनुकूल पारिवारिक स्नेह र वातावरण पाएकी भए वसन्तकुमारीको चरित्रनिर्माण यस ढङ्गले हुने देखिँदैन। जीवनका सबै परिस्थिति अनुकूल हुँदाहुँदै पितृसत्तात्मक समाजकी एउटी नारी यति भ्रष्ट चरित्रकी बन्नु अवश्यै पनि सहज कुरा होइन।

### ५.३.६.५ बेली

बेलीको प्रसङ्गले समाजको एउटा छुट्टै पाटोलाई उदाङ्गो पारेको छ र समाजमा सुधार गर्नुपर्ने कुराको सूचिमा एउटा सङ्ख्या थपेको छ। बेली निम्न वर्गीय परिवारमा जन्मिएकी जँड्याहा बाबुकी मातृविहीना छोरी थिई जसको बालककाल कमलका घरआँगनमा खेलेर बितेको थियो। ऊ कमलकी छिमेकी थिई। जसले जाँड खुवायो उसैलाई छोरी दिन तत्पर हुने उसको बाबुले एकदिन जाँड खाएको सुरमा आफूजस्तै जँड्याहा जङ्गेलाई बलजफत बेलीको जिम्मा लगायो। घरमा पत्नी भएकी जँड्याहा जङ्गेकी अर्की पत्नी हुन बेलीले अस्वीकार गरेपछि जङ्गेले बल्दो अँगेनामा उसको मुख जोतिदिएपछि उसका दुवै आँखा पनि फुटेका छन् र अनुहार पनि विरूप भएको छ। मर्नु न बाँच्नुको दोसाँधमा बागमतीको किनारमा लडिरहेकी उसको उद्धार र संरक्षण बाबाद्वारा भएको छ।

यति दीनहीन अवस्थामा पुगेकी बेलीमा मानवता र स्वाभिमान दुवै भरपूर रहेका छन्। जङ्गेले त्यस्तो हालतमा पुऱ्याइदिएपछि पनि ऊ कमलका घरमा जान्न, बरु घस्रँदै-घस्रँदै वागमतीमा आएर पसारो पर्छे। पछि कमलले आफ्ना घरमा जाऊँ भन्दा पनि ऊ हत्तपत्त स्वीकार गरिहाल्दिन, यतै मागेर खान्छु, गुजारा चलेकै छ भन्छे र पछि सानीबज्यैबाट स्नेहको प्रत्याभूति भएपछि मात्र ऊ शान्तिसँगै कमलका घरमा जान्छे। उसमा मानवता पनि प्रचूर छ। शान्तिका दुःखले पनि ऊ विचलित हुन्छे। बाबाको दुःख देखेर पनि उसलाई दुःख लाग्छ र आफूलाई आश्रय दिंदा बाबाले बदनामी भ्रेल्नु परेकोमा पनि ऊ कुण्ठित छ। ऊ वर्गीयभन्दा पनि लैङ्गिक ढङ्गले बढी शोषित छ। समाजमा हुने गरेका असङ्ख्य लैङ्गिक उत्पीडनकी उदाहरण हो बेली जसको जीवन पितृसत्ताका कारण मृत्युमय बन्न पुगेको छ।

### ५.३.६.६ सानीबज्यै

सानीबज्यै कमलकी विधवा आमा हो र उपन्यासभरिकै सर्वाधिक पाकी नारी पनि हो। अधबैंसे कप्तान्नीलाई समेत पनि ऊ नानी भनेर सम्बोधन गर्छे र आफूलाई आफै बूढी पनि भन्छे (पृ.७६)। अन्य स्थानमा पनि 'बूढी' संज्ञा दिइएकी नारी ऊ मात्रै हो। धनलाई भन्दा चरित्रलाई मान्यता दिने श्रीमान्का साहचर्यमा दिन बिताएकी (पृ.७६) सानी बज्यैमा उदार मानवतावादी भावना भेटिन्छ। ऊ कसैको पनि कुभलो चिताउँदिन र आफू कुमार्गमा हिंडिएला भनेर पनि निकै

सतर्क हुन्छे । यसैले ऊ एक मात्र सन्तान कमलको चरित्रनिर्माण पनि सोही अनुरूप गर्न सफल भएकी छ । उसलाई व्यक्तिगत रूपमा शान्तिको अवस्थाको वर्णन सुन्दा दुःख नलागेको होइन (पृ.६५) तापनि समाजको डरले गर्दा ऊ शान्तिलाई घर ल्याउने कुराको निषेध गर्न खोज्छे (पृ.७१, ७३) तर कमलले पत्नीका रूपमा नभई असहायलाई सहायता गर्ने हेतुले मात्र ल्याउन खोजिएको कुरा बताएपछि ऊ सहमत हुन्छे मात्र होइन, कमल जेलमा छँदै आफै बाबाको सत्तलमा गएर शान्तिलाई आफ्नो घरमा ल्याउँछे (पृ.१५९) । शान्तिलाई घरमा ल्याएपछि पँधेर्नीहरूले कुरा काट्दा ऊ सम्झाउँछे पनि (पृ.२०५) । उसमा सुरुदेखि अन्त्यसम्म एउटै किसिमको आदर्श विद्यमान देखिन्छ । त्यस अर्थमा ऊ स्थिर अर्थात् चेप्टो पात्र हो । ऊ प्रतिकूल भूमिकाकी पात्र होइन । ऊ जम्माजम्मीमा स्थिर एवं अनुकूल चरित्रकी वृद्धा हो जसको कमलको चरित्रनिर्माणमा महत्त्वपूर्ण भूमिका छ ।

प्रस्तुत उपन्यासकी अनुकूल चरित्र शान्ति र प्रतिकूल चरित्र वसन्तकुमारी दुवै आ-आफ्ना ठाउँमा आ-आफ्ना ढङ्गले व्यक्तित्वयुक्त छन् । यस उपन्यासमा सत् असत् जुनसुकै भूमिकामा आएका नारी चरित्र पनि स्वव्यक्तित्वपूर्ण छन् । पाठकका मस्तिष्कमा माधुरी, कप्तान्नी, बेली, सानीबज्यै सबैको एउटा-एउटा स्वरूप निर्मित हुन्छ । सानीबज्यैबाहेक सबै नारीले पितृसत्तात्मक समाजको सामाजिक उत्पीडनको विषम लैङ्गिक स्वरूप भोगेकै देखिन्छ । सङ्ख्यात्मक दृष्टिले नरनारी उपस्थिति उस्तै-उस्तै रहे तापनि चारित्रिक महत्त्वका दृष्टिले भने नारीकै उपस्थिति उल्लेखनीय रहेको छ । शान्ति त झन् सिङ्गो उपन्यासकै मेरुदण्ड नै हो ।

### ५.३.७ नारी–नारीका बिचको सम्बन्ध

प्रस्तुत उपन्यासमा काठमाडौं भित्रकै मुख्य चार स्थानगत केन्द्र (१. ज्ञानेश्वर, २. कमलपोखरी, ३. वनकाली, ४.सिफल)को सानो सामाजिक घेराभित्र नारीहरूको एउटा संसार उभ्याइएको छ जहाँ नारीहरू पनि प्रसङ्गवश एक अर्कासँग स्पर्शित हुन पुग्छन् तापनि निर्वाहै हुन नसक्ने किसिमको स्पर्श भने यहाँ देखिएको छैन । नारी-नारीका बिचको आपसी सम्बन्ध अधिकांशतः शोषण र उत्पीडनमा आधारित छैन । यस उपन्यासमा एकाध ठाउँमा देखिएका नारी-नारीका बिचको बेमेलको स्थितिमा कतै सौतेनी नातासम्बन्ध र कतै अरूको कुभलो गराउने काममा सहयोग गरेरै भएतापनि स्वार्थपूर्ति गर्ने प्रवृत्तिले काम गरेको देखिन्छ । यस उपन्यासमा नारी-नारीका बिचको सम्बन्धलाई भन्दा पनि नरनारीका बिचको सम्बन्धलाई बढी प्राथमिकताका साथ प्रस्तुत गरिएको छ । यस उपन्यासमार्फत पारिवारिकतामा भन्दा पनि सामाजिकतामा आधारित व्यक्तिगत नारीसम्बन्धलाई अध्ययन गर्न सकिन्छ । यस उपन्यासभित्रका नारीहरूको आपसी सम्बन्ध मृदु-कटु दुवै प्रकारको रहेको छ तापनि टड्कारो अस्तित्व भने मृदु सम्बन्धकै देखिएको छ ।

अब प्रस्तुत **शान्ति** उपन्यासका पात्रगत नारीनारीका बिचको सम्बन्धका मृदु र कटु दुई मुख्य पक्षका कप्तान्नी र वसन्तकुमारी, शान्ति र सानीबज्यै, शान्ति र बेली, बेली र सानीबज्यै, कप्तान्नी र सानीबज्यै, शान्ति र माधुरीबज्यै, एन्. डी. र शान्ति, शान्ति र गङ्गीसान्नानी, जङ्गेकी पत्नी र बेलीका बिचको सम्बन्धबारे तल चर्चा गरिएको छ (५.३.७.१-५.३.७.२) ।

### ५.३.७.१ मृदु सम्बन्ध

**क) कप्तान्नी र वसन्तकुमारी (सासूबुहारी)**

परिवार र समाजको हर्ताकर्ता पुरुष नै हुने र नारी चाहिँ उसकी अनुचर मात्र रहने भएकाले तिनका बिचमा बराबरीको सम्बन्ध रहँदैन । यसैले नारीको आपसी सौहार्द्रता वा वैमनस्यता पनि नारीसँगै कायम रहन्छ र यो स्थिति भनेको नारी पारिवारिक सीमाभित्रै रहँदाको हो । ऊ त्यस घेराबाट सामाजिक घेरामा फैलिएपछि यसमा केही भिन्नता पनि देखा पर्छ तापनि महिलाको उन्नतिमा रीस गर्नेमा पनि अधिकांश सङ्ख्या भने महिलाकै रहेको हुन्छ ।

**शान्ति** उपन्यासमा नारी-नारीका बिचको सम्बन्धको स्थिति केलाउने क्रममा पारिवारिक नातासम्बन्धका नारीहरू थोरै मात्र भेटिन्छन् । एउटा परिवारमा कप्तान्नी र वसन्तकुमारी एवं अर्को परिवारमा शान्ति र माधुरी नातासम्बन्धमा प्रकट भएका छन् भने बाँकी नारीहरूका बिचको सम्बन्ध सामाजिक रहेको छ। त्यसमध्ये पनि कप्तान्नी र वसन्तकुमारी सासूबुहारीको नातासम्बन्धमा गाँसिएका छन् र अधिकांशतः यस्तो सम्बन्ध कटु हुने गर्छ तर यहाँ स्थिति उल्टो देखिएको छ । सासूले बुहारीको कामसँग सन्तुष्ट भएर प्रशंसा गरेको देख्नु नेपाली समाजका लागि आश्चर्यकै कुरा हो तापनि त्यो यस उपन्यासमा सम्भव भएको छ। "कप्तान्नीलाई लाग्दथ्यो - यस्ती बुहारी पाएपछि मलाई के को धन्दा ! " (पृ.१२६) । सानीबज्यैसँग पनि ऊ भन्छे-"तै बुहारी त बेसै छ" (पृ.१३५) ।

कप्तान्नीका दुवै सासूबुहारी एउटै घेराभित्र रहेका भए यस्तो मृदु सम्बन्ध नहुन पनि सक्थ्यो । कीर्तनपार्टीको रसबसले गर्दा कप्तान्नी घरभित्रको पारिवारिक संसारमा टिक्नै नसक्ने भएकी छ । कीर्तनपार्टीमा उसलाई रुपियाँपैसाको जरुरत पर्दथ्यो । वसन्तकुमारी घर सम्हालेर नबसदिने हो भने न त ऊ कीर्तन पार्टीमा लाग्न पाउँथी न त उसको पैसासम्बन्धी अभीष्ट नै पूरा हुन्थ्यो । घरका काले र हर्से नामका नोकरका सहायताले वसन्तकुमारीले सासूका आँखामा राम्रैसँग छारो हालेकी थिई । उसका वासनामुखी क्रियाकलापसँग कप्तान्नी पूरै अनभिज्ञ थिई । यसैले पनि उसको बुहारीप्रतिको व्यवहार र दृष्टिकोण मृदु थियो ।

वसन्तकुमारीले प्राप्त गरेको पारिवारिक सम्बन्ध र परिस्थितिमा उसले सासूप्रति कटुभाव राखिरहनुपर्ने कुनै आवश्यकता नै थिएन । उसले सासूका अनुशासनमा बसेर कहर काट्नु परेको थिएन । दुवै सासूबुहारीले एक अर्कामाथि हस्तक्षेप गरेका थिएनन् । "कप्तान्नीको स्वतन्त्रताको वेगमा बाधा गर्न उनी उचित सम्झदिन थिइन् " (पृ.१२६) । यसबाट उसलाई फाइदा पनि थिएन । बरु घरको श्री सम्पत्तिमा उसैले कब्जा जमाएकी थिई ।  ऊ भित्रभित्रै खटाएर बाहिर चाहिँ ढुकुटी खुला गरिदिएको जस्तो गर्थी । सासूले पैसाका लागि बुहारीसँग हात पसार्नु पनि पर्दैनथ्यो, आफै ढुकुटीबाट झिकेर लैजान्थी । उसलाई आफू बुहारीको खटनमा परेकी छु भन्ने पत्तै थिएन । सासू स्वयं स्वतन्त्र भएर कीर्तनमण्डलीमा लागिदिंदा यता बुहारी झन् स्वतन्त्र भएकी थिई

र घरमा उसकै मात्र चक्चकी थियो। यसरी कप्तान्नीका सासूबुहारीका बिचमा मृदु सम्बन्ध विकसित भएको छ।

**ख) शान्ति र सानीबजै**

शान्ति र सानीबज्यैका बिचको सम्बन्ध कमलका माध्यमले भएको हो। शान्ति स्वयं प्रताडित र उपेक्षित नारी भएकाले आफूलाई जीवन दिने कमलकी आमा भएका नाताले र आफूलाई सत्तलबाट उठाएर ल्याई घरमा आश्रय दिएका नाताले उसले सानीबज्यैसँग द्वेषभाव राख्ने परिस्थिति र राख्नसक्ने हैसियत नै छैन। ऊ सानीबज्यैको गुणको भारीले थिचिएकी छ।

सानीबज्यैलाई आफूले एक्लै दुःख गरेर हुर्काएको छोराको बिहे गरिदिने र नातिनातिना खेलाउने रहर थियो तर छोरो स्वयं तर्किरहेको थियो। आमाले ठीकठाक पारेको विवाह पनि ऊ आफैले भाँडेको थियो। सानीबज्यै खिन्न थिइन्। त्यस्ता बेलामा त्यही छोराले कसको कसको पेट बोकेर बच्चा जन्माएकी विधवालाई घरमा ल्याउँछु भनेको सुन्दा ऊ खङ्ग्रङ्ग भई। हो न हो, कमलले शान्तिलाई श्रीमतीका रूपमा घरमा ल्याउन लाग्यो भन्ने सम्भी र कडा शब्दमा प्रतिरोध गरी, "त्यस्ती स्वास्नीमान्छेलाई कसरी घरमा ल्याउने ? तिमी अरू जेसुकै भन कमल ! त्यो स्वास्नीमान्छेलाई घरमा ल्याउन त हुन्न ! " (पृ.७१)।

उसले शान्तिलाई बुहारीका रूपमा भित्र्याउन मात्र आनाकानी गरेकी थिई तर कमलले पत्नीका रूपमा नभएर आश्रितका रूपमा मात्र भित्र्याउन लागेको कुरा स्पष्ट पारेपछि भने ऊ सहमत भई (पृ.७४)। "कमलकी आमा पुरानो विचारकी भए पनि शिक्षिता थिइन्" (पृ.७३)। दयामायाको त ऊ भण्डारै थिई। यसैले छोराका आग्रहमा शान्तिका निम्ति आवश्यक सामान सत्तलमा पनि पठाइदिई। कमल जेल परेपछि आफै गएर शान्तिलाई ल्याई। शान्तिको रूपशीलसँग ऊ सजिलै रिझिई पनि र उसले शान्तिलाई छोरीका रूपमा स्वीकार गरी। पँधेर्नीहरूले शान्ति र कमलका बारेमा कुरा काट्दा ऊ प्रतिवाद गर्दै भन्छे - "कस्ता बतौरे हँ तिमीहरू ! शान्तिलाई कमलले ल्याएको हैन त, मैले ल्याएकी पो - मेरी छोरी ! " (पृ.२०५)। यसरी शान्तिलाई आफ्ना घरमा आश्रय दिँदा आफूहरूले नै बदनामी झेल्नुपरे तापनि जीवनलाई सहज बनाइदिएबाट एउटी नारी अर्की नारीका निम्ति अनुकूल रहनुलाई सारै महत्त्वपूर्ण रूपमा प्रस्तुत गरिएको छ।

**ग) शान्ति र बेली**

शान्ति र बेलीको सम्बन्ध पनि कमलकै माध्यमले गाँसिन पुगेको हो। कमलले सुत्केरी शान्तिलाई आश्रयका लागि वनकालीको सत्तलमा ल्याउँदा बेलीसँग भेट भएको हो। केटाकेटीमा सानीबज्यैका सङ्गतमा रहेकी बेलीभित्र पनि दुःखी मानवप्रति करुणा छ। यसैले भेट हुनासाथै शान्तिलाई सहयोग गर्न ऊ तत्पर भइहाली। त्यही सद्भावले उसले आफैले मागेर शान्तिको बच्चालाई काखमा लिई (पृ.३८)। उसले नै शान्तिलाई सत्तलको भित्रपट्टिको कोठामा बसाउनका निम्ति बाबासँग आग्रह गरी (पृ.५१)। बेली कुनै नातासम्बन्धमा नगाँसिएकी र पहिला कुनै

चिनजान  र घनिष्टता नभएकी शान्तिलाई दिलोज्यानले सहयोग गर्छे। नर र नारीका बिचमा घनिष्टता कायम हुन अलि बढी समय लाग्छ तर शान्ति र बेलीले  नारी-नारीका बिचमा सारै छिटो घनिष्टता कायम हुनसक्छ भन्ने कुराको प्रमाण दिएका छन्। एक रातमा नै "शान्ति र बेलीमा ज्यादै घनिष्टता जस्तो भएको थियो। आफ्नो मनको दुःख  शान्तिले बेलीसित करिब जम्मै पोखी। बेलीले पनि उसलाई यति चाँडै नै भए पनि कमलको सारा कुरा र आफ्नो दुःखान्त कहानी पनि बताएकी थिइन्, कति बताउन बाँकी नै थियो" (पृ.९६)। बूढी आमाले आफूहरूलाई घर लिएर हिंडेपछि "शान्तिको भाग्योदयको निम्ति पनि उनलाई (बेलीलाई) कम हर्ष भइरहेको थिएन" (पृ.१६१)। बेली र शान्ति दुवै समाजउत्पीडित नारीहरू हुन्। यसैले उनीहरूको दुःख मिल्यो र एकापसमा सौहार्द्रतापूर्ण सम्बन्ध कायम हुनसक्यो।

**घ) बेली र सानीबज्यै**

पारिवारिक नातासम्बन्धबाट टाढा भए तापनि सानीबज्यै र बेलीका बिचमा आमाछोरीको जस्तो भावनात्मक सम्बन्ध रहेको छ । सानीबज्यैबाटै साक्षर बनेकी बेली उसप्रतिको आफ्नो धारणा यसरी राख्छे -"उहाँ मेरो त्यो दुनियाँको आमाभन्दा पनि ठूली आमा हुनुभयो। उहाँ मलाई ज्ञानगुण र कथाकहानीका कुराहरू सुनाउनुहुन्थ्यो-सधैं अर्ती दिनुहुन्थ्यो, खान पनि दिनुहुन्थ्यो, ज्यादै माया गर्नुहुन्थ्यो" (पृ.७५)। शान्तिलाई घरमा ल्याउने कुरामा बेली पनि उहीं भएको र उसलाई पनि सँगै ल्याउने कुराले बल थपिरहेको थियो (पृ.१३६)।

सानीबज्यै शान्तिलाई लिन सत्तलमा पुगेको निकै बेरपछिसम्म पनि उसको ध्यान आफूतिर नफर्किएको देखेपछि बेली आफै अघि सरेर आफ्नो परिचय दिन्छे। त्यसपछि उसको ममता यसरी उर्लन्छ "ओहो ! बेली हो, मेलै चिनिनँ - मेरी छोरीलाई, मैले आफ्नै छोरीजस्तो गरेर काखमा हुर्काएको - किन यस्ती भइस् ?" (पृ.१५४)। "बूढी आमाको मन छियाछिया भयो। उनको आँखाबाट बलिन्द्रधारा आँसु छुटिरहेको थियो। धेरै दिनदेखि हराएको केटाकेटीले आफ्नी आमालाई पाएर रोएको झैं बेली पनि बूढी आमाको काखमा घोप्टिंदै घुँक्कघुँक्क गरेर रुन थालिन्" (पृ.१५४)। माथि उद्धृत अंशले बूढी आमा र बेलीका बिचको सम्बन्धको असीमित सौहार्द्रतालाई प्रस्तुत गरेको छ। उसले बेलीलाई भेट्नासाथ हराएकी छोरी भेटे झैं गरी शान्तिसँगै घर लगी।

**ङ) कप्तान्नी र सानीबज्यै**

कप्तान र सानीबज्यैका श्रीमान्का बिचमा घनिष्ट सम्बन्ध थियो। त्यसै कारणले पत्नीहरूका बिचमा पनि चिनापर्ची थियो। सिफलकी कप्तान्नी र ज्ञानेश्वरकी सानीबज्यैले एक अर्काको जानकारी पनि पाई नै रहन्थे। कप्तान्नी आफ्नो हालतमा खुसी नै देखिन्थी तापनि सबै कुरा सुनेकी सानीबज्यै उसको अवस्थाप्रति करुणार्द्र थिई। "कप्तान्नीको अवस्था देखेर बूढी आमाको गहभरि आँसु भयो ... कप्तान्नीको वात्सल्यमा बूढी आमा मुग्ध भइन्" (पृ.१३६)। उसको यो भावना नारीका नारीप्रतिको मृदु सम्बन्धकै परिणाम हो।

### ५.३.७.२ कटु सम्बन्ध

#### क) शान्ति र माधुरी बज्यै

**शान्ति** उपन्यासका उपन्यासकारको ध्यान नरनारीका बिचको अधिक मृदु सम्बन्धतर्फ एकोहोरिएकाले उनले नारी-नारीका बिचको सम्बन्धको मृदुतातर्फ ध्यान दिए तापनि कटुतातर्फ त्यति ध्यान दिएका छैनन्। अर्को कुरा, नारीहरू तत्कालीन समाजका सामाजिक परिदृश्यमा नउत्रिसकेको स्थितिले यो उपन्यास सामाजिक भएर पनि नारी-नारीका बिचको कटुसम्बन्ध अगाडि आउन सकेको छैन। स्पष्ट रूपमा नारी-नारीका बिचको कटु सम्बन्ध देखिएको भनेको माधुरी बज्यै र शान्तिका बिचमा हो। यिनीहरूको सम्बन्ध सामाजिक नभएर पारिवारिक हो। यी दुई सौतेनी आमा र छोरी हुन्। यिनीहरूको उमेरमा १२-१३ वर्षको अन्तर देखिन्छ। "पण्डित्नी बज्यैको ईर्ष्या थियो। उनी शान्तिलाई सौताजस्तै सम्झन्थिन् ...माधुरी बज्यैले शान्तिमाथि कहिलेकाहीं ज्यादै नराम्रो कटुवचन प्रयोग गर्थिन् -'अलच्छिना, अधमारा, पोइटोकुवा, राँडी' इत्यादि" (पृ.१९)। उसको शान्तिमाथिको दुर्व्यवहार बिर्सेर बिर्सी नसक्नु थियो। घरबाट माधुरी बज्यैबाट टाढा रहँदा पनि शान्ति यसरी झस्किरहन्छे -

> माधुरी बज्यैको आकृति झन् विशेष रूपले सम्झिन्। शान्तिले माधुरीबज्यैको अनुहार सम्झन नचाहेर पनि सम्झेकी थिइन्। माधुरी बज्यैको सम्झनाको रूपले पनि शान्तिमाथि दुर्व्यवहार गरिरहेको थियो। शान्तिले यो घरमा कहिले पनि पाइलो नहाल्ने निश्चय गरिसकेकी थिइन् (पृ.८१)।

शान्तिप्रति उसको सद्भाव छँदै थिएन। आफ्ना गुरु कपिलप्रसादले नारीहरूसँग कस्तो व्यवहार गर्छन् भन्ने कुरा बुझ्दाबुझ्दै पनि उसले शान्तिलाई गुरुका वासनाकुण्डमा हवन गरिदिएकी थिई, शान्ति आफै फुत्केर भागी र मात्रै ! (पृ.८६)। यसरी माधुरी र शान्तिको सम्बन्ध जीवनको कुनै पनि बिन्दुमा कटुतारहित देखिएको छैन तापनि उसले शान्तिको स्वाभिमानलाई भने चिनेकी छ भन्ने कुरालाई उसको निम्नलिखित अभिव्यक्तिले प्रष्ट पारेको छ -"माधुरी बज्यैको एक मनमा जसको सम्पत्ति हो उसैलाई बुझाउन शान्ति गुरुकहाँ त गइनन् ! भन्ने लाग्यो। उनको अर्को मनले शान्ति गुरुकहाँ जरुर गइनन् भन्ने उत्तर दियो" (पृ.८९)।

#### ख) एन्.डी. र शान्ति

रेडियो कलाकार भएर शान्तिलाई नक्कली डाइरेक्टरको बङ्गलामा पुऱ्याउने एन् डी. नामकी नारीले एउटी नारी भएर अर्की नारीप्रति सद्व्यवहार गर्न नसकेकै देखिन्छ (पृ.२३)। एन् डी. ले दुश्चक्रमा नपारेकी भए शान्तिमाथि त्यत्रो आपत् आइलाग्ने नै थिएन। प्रस्तुत उपन्यासले कम्तिमा पनि पुरुषले नारीमाथि गरिने अत्याचारमा नारी सम्पूर्णले सहयोग नगर्ने हो भने नारीमाथिको अत्याचार निश्चय नै कम हुने थियो भन्ने कुरा माधुरी र एन् डी. ले शान्तिका विरुद्ध गरेको कामबाट सिद्ध भएको देखाउने काम गरेको छ।

### ग) शान्ति र गङ्गी–सान्नानी

नारीहरू आफ्नो अज्ञानताले पनि नारीविरोधी बनिरहेका हुन्छन् । पँधेरामा सानीबज्यैलाई पेच पार्दै शान्तिको कुरा काट्ने गङ्गी र सान्नानी नारीका जीवनको दुर्घटनाको भित्री मर्मलाई नछामी सतहमा देखिएको कुराका आधारमा मात्र नारीलाई लाञ्छित र तिरस्कृत गर्ने तत्कालीन नेपाली परम्पराअनुकूल छन् (पृ.२०४-२०५) । उनीहरूमा यस प्रवृत्तिले प्रवेश पाएको नारीपक्षीय चेतनाको अभावले हो । नारीशिक्षाको अभाव भएको नेपालको तत्कालीन समयको नारी चरित्रमा देखिन सक्ने यसभन्दा फरक अर्को सम्भावना पनि न्यून नै थियो ।

### घ) जङ्गेकी पत्नी र बेली

जङ्गेकी पत्नीले पनि बेलीप्रति सद्भाव राख्न सकेको देखिँदैन । बेली त्यसरी पोलिएको देखेपछि सुरुमा त स्वाभाविक मानवतावश उसले घाउमा आलु  पिंधेर लगाइदिएकी हो (पृ.१७) तर लगत्तै पछि ज्यानमारामा पर्नुपर्ला भन्ने डरले बेलीलाई घरबाट भगाइदिएकी हो । व्यक्तिगत स्वार्थले उसलाई नारीहितका पक्षमा उभ्याउन सकेको छैन ।

प्रस्तुत उपन्यासमा नारी-नारीका बिचमा मधुर सम्बन्ध कायम हुनुमा उनीहरूमा विद्यमान मानवता, करुणा र सत् प्रवृत्तिले भूमिका खेलेको देखिन्छ भने कटु सम्बन्ध कायम हुनुमा चाहिं उनीहरूको अशिक्षा र त्यसैका कारणस्वरूप उब्जिएको अज्ञानताले भूमिका खेलेको पाइन्छ । यस उपन्यासमा परम्परावादी भईकन पनि शिक्षित भएकाले सानीबज्यैले आफ्नो बुताले भ्याएसम्म नारीहित गरेको देखाएर नारीहरू शिक्षित हुन अति नै जरुरी छ जसले समाज सुधारको अपेक्षित लक्ष्य प्राप्त गर्नमा सघाउ पुऱ्याउन सक्छ भन्ने भाव प्रस्तुत भएको छ ।

नारीमा शिक्षाले मात्रै पनि अस्मिताचेत जगाउन सक्तैन भन्ने कुरा पनि सानीबज्यैले आधुनिक सभ्यतातर्फ ढल्कँदै गरेका नारीको टीकाटिप्पणी गरेबाट स्पष्ट हुन्छ। समाज परिवर्तनशील हुन्छ, नराम्रा कुराको सुधार वा परिवर्तन गर्नुपर्छ भन्ने सोच राख्ने शिक्षित नारीहरू समेत पनि महिलामा आएको परिवर्तनलाई भने स्विकार्न सक्तैनन् । पुरुषको परिवर्तनमाथि त ‘कुरै छाडि दिऊँ’ भनेर आँखा चिम्लन सक्छन् तर नारीको परिवर्तनप्रति भने पुरुषभन्दा पनि नारी नै विरोधी बनिरहेका हुन्छन् । नेपाली नारीका आदर्श भनेका लक्ष्मी, सरस्वती, पार्वती, सीता आदि मात्र हुन् । पश्चिमी सभ्यताले नारीलाई स्पर्श गरेको नरुचाउने सानीबज्यै भन्छे-

> लोग्नेमान्छेको त कुरै छाडिदिऊँ, स्वास्नीमान्छेहरू पनि सब मिमनी र के के जाति जस्ता  पो भैरहेका छन् । स्वास्नीमान्छेको धागो झुन्ड्याउने र बाट्ने कपालको त टुप्पैछैन, न हातमा चुरा छ -लाखेजस्ता भएर पो हिंड्छन् त । कुनै-कुनै आइमाईको त ओहो ! भित्तामा चुन घसेभन्दा पनि बर्ता मुखमा पाउडर, कस्ता नकचरी बेस्सेहरू ! अस्ति एउटीलाई भ्याटभ्याटेको पछिल्तिर बसेर त्यसमाथि छाता ढल्काएर गइरहेकी देखेकी थिएँ बाटामा । केलाई भन्दा केलाई लाज भनेको जस्तै मलाई त एक्लै पनि लाज लागिरह्यो । त्यसको मुख त उही बौद्धको सेतो चून

पोतेको, आँखामा कालो पोतेको ढिस्को छ नि -चिबा हो कि मन्दिर हो त्यो, हो त्यस्तै ल - म त छक्क परें ! (पृ.१६४) ।

नेपाली समाजमा वेश्या हुनुलाई नारीको सबभन्दा पतितावस्था भनिन्छ र सानीबज्यैले पश्चिमी फेसन गर्ने नारीलाई पनि त्यसै अवस्थाको संज्ञा दिएकी छ । नेपाली नारीहरू सङ्कोचले गर्दा आफू पनि नवोन्मेषशील बन्न सक्तैनन् र अरू नारी त्यस्तो भएको पनि पचाउन सक्तैनन् । यस्तो टिप्पणी गर्ने नारीहरू यसमार्फत आफ्नो प्रतिष्ठाको वकालत गरिरहेका हुन्छन् र समाजमा आफू असल भनिने वातावरण खोजिरहेका पनि हुन्छन् । हाम्रो नेपाली समाजमा अर्की नारीलाई होच्याउनुमा आफ्नो अग्लाइ थपिएको ठान्ने नारी-मानसिकताको पनि अभाव नभएको कुराको प्रमाणका रूपमा **शान्ति** उपन्यासकी सानीबज्यैको उक्त अभिव्यक्तिलाई लिनुपर्ने हुन्छ । यो नारीको पारस्परिक सम्बन्ध र भावनाका बिचको ठूलो तगारो हो ।

## ५.३.८ नारीप्रतिको पुरुषको दृष्टिकोण

नारीप्रतिको पुरुषको दृष्टिकोणको प्रस्तुति नै यस उपन्यासको विषयवस्तुको मूल केन्द्र हो । यो दृष्टिकोण पनि दुई खण्डमा विभाजित देखिन्छ- सत् दृष्टिकोण र असत् दृष्टिकोण । प्रथमतः उपन्यासमा असत् दृष्टिकोणकै बोलवाला देखाइएको छ जसबाट अनगिन्ती नारीहरू उत्पीडित छन् तर समाज यस्तै यस्ता कुपुरुषद्वारा मात्रै निर्मित छैन, यहाँ सुपुरुषहरू पनि छन् जसले समाजको रूपान्तरणका लागि प्रयत्न गरिरहेका छन् भन्ने दृष्टिकोण पनि यहाँ प्रस्तुत गरिएको छ । यस उपन्यासका कुनै पुरुष नारीहरूलाई भोग्या सम्झन्छन् र त्यही अनुरूप व्यवहार गर्छन् भने कुनै पुरुष परनारीलाई या त आमासरह सम्झन्छन् या छोरीसरह । प्रत्येक नारीलाई यी दुईवटाभन्दा फरक स्वरूपमा नियाल्ने पुरुष पनि छन् जो नारीलाई सहयोद्धा सम्झेर सोही अनुकूल सम्मान पनि दिन्छन् ।

**शान्ति** उपन्यासमा कतिपय पुरुष यस्ता छन् जो आफ्नै छोरीलाई पनि भोग्याका रूपमा हेरेर सानै उमेरमा विवाह गरिदिएर उमेर नमिल्ने बूढालाई जिम्मा दिन्छन् । यसो गर्नुमा परम्परागत रुढिग्रस्त संस्कारको पनि दोष छ जसले रजस्वला नभएकी छोरीलाई कन्यादान गर्नुमा महाधर्म देख्छ । त्यस्ता मानिसहरू छोरीकै जीवनका कोणबाट त्यसलाई अर्थ्याउँदैनन् र त्यसबाट समाजमा कस्तो प्रत्युत्पादक असर पर्छ भन्ने पनि बुझ्दैनन् । हरिहर पण्डित यस्तैमध्येका एक व्यक्ति हुन् जसले आफ्नी टुहुरी छोरी शान्तिलाई सातै वर्षको उमेरमा ५८ वर्षको वृद्धसँग विवाह गरिदिएका थिए । फणेन्द्र र वसन्तकुमारीको विवाह पनि सानैमा भएको थियो तापनि त्यो विवाह उमेरका दृष्टिले अनमेल भने थिएन ।

प्रस्तुत उपन्यासकालीन समय सन्दर्भमा विवाहका सम्बन्धमा नारीका कोणबाट कसैले सोच्दैनथ्यो । विधुर पुरुषहरूको विवाहलाई सामाजिक मान्यता मात्रै नदिई अनिवार्यजस्तै ठानिन्थ्यो तर त्यही कुरा नारीका लागि लागू हुँदैनथ्यो । पुरुषहरू आफ्नो वृद्ध उमेरको ख्यालै नगरी नाबालिग केटीसँग विवाह गर्थे र नारीहरू विवाहको अर्थै नबुझी बालखैमा विधवा बन्दथे । त्यस समयमा नारीप्रतिको विवाहसम्बन्धी दृष्टिकोणै खराब भएपछि विधवाको सङ्ख्या दिनप्रतिदिन वृद्धि

हुँदै जानु कुनै आश्चर्यजनक कुरा नै होइन। यसरी भकाभक विधवा उत्पादन गर्ने समाजमा विधवा विवाहलाई भने मान्यता थिएन, नारीहरूको दुःखको कुनै मूल्य हुँदैनथ्यो, उनीहरूलाई ढुङ्गामूढासरह नै व्यवहार गरिन्थ्यो। यस उपन्यासकी यस्तै उत्पीडनको सिकार भएकी बालविधवा शान्तिको वैधव्यसँग गाँसिएर आएका थुप्रै समस्यालाई यस उपन्यासले आफ्नो प्रस्तुतिको मूल आधार बनाएको छ।

विधवाका लागि अनेकन् नीतिनियमको निर्माण गर्ने र नारीलाई तिनैका लक्ष्मणरेखामा सीमित रहन बाध्य पार्ने पनि यही समाज हो। शान्ति यसै बाध्यताको चपरीमुनि थिचिएर मनमा अनेकन् रहरहरू पाली कुण्ठित जीवन बिताइरहेकी छ तर समाज भने फेरि त्यस्ता युवती विधवाका निम्ति थप पीडक भएर निस्कन्छ। समाजमा यस्ता पुरुष पनि छन् जो प्रत्यक्ष रूपमा त्यस्ता विधवालाई पत्नीका रूपमा त स्विकार्दैनन् तर लुकीछिपी व्यभिचार गर्न भने अग्रसर बन्दछन्। शान्ति स्वयंले वैधव्यको सामाजिक सीमा उल्लङ्घन गरेकी छैन तापनि ऊ विधवा भएर पनि गर्भवती भएकी कलङ्किनी ठहरिएकी छ। पुरुषको आधिपत्य भएको समाजको पुरुषद्वारा नै निर्मित नियम-कानुन र परम्परा पुरुषका दोषमा पनि नारीका विरुद्ध उभिन्छ। यसैले शान्तिले चाहिँ समाजसँग भागिहिँड्नु परेको छ र जीवनलाई नै आत्महत्याद्वारा समाप्त गर्ने दृढ निश्चयसमेत गर्नुपरेको छ। शान्तिलाई गर्भवती बनाउने पुरुष नै हो भन्ने कुरा निश्चित भएर पनि समाज त्यस पुरुषको खोजी गरी हिँड्दैन। पितृसत्ताको दब्दबा भएको समाजमा नारी यस्ता कुरामा स्वयं अग्रसर हुन सक्ने परिस्थिति नै रहेको हुँदैन भन्ने बुझेर पनि समाज शान्तिलाई नै दोषी देख्छ। उपन्यासकारले समाजको नारीप्रतिको यस्तै दृष्टिकोणमा सुधारको अपेक्षा गरेका छन्।

घनश्याम नारीलाई भोग्याका रूपमा मात्र हेर्ने र तदनुरूप व्यवहार गर्ने व्यक्ति हो जो तत्कालीन मन्त्रीसमेत छ। रेडियो नेपालमा शान्तिका साथीहरूले उसको स्वर र रूपको प्रशंसा गरेको सुनेकै आधारमा घनश्याम आफ्नो पदीय हैसियतको शक्तिको उपयोग गरी कुनै एउटी महिला (एन.डी. नामक) लाई नै साधन बनाएर शान्तिलाई आफ्नो बङ्गलामा झिकाई बलात्कार गर्छ र उसलाई लिनका लागि भनेर पछि पनि पटकपटक मोटर पठाइरहन्छ तर गर्भ जिम्मा लगाउन आउँदा पालेद्वारा खेदाउँछ। बरु उल्टै ५०/- रुपियाँ र गर्भ फाल्ने औषधि पठाउँदै फेरि उसका ढोकामा नआउनू भन्ने आज्ञासमेत दिन्छ। पुरुषको नारीप्रतिको यस दृष्टिकोणलाई निकृष्टताको संज्ञा दिनुपर्छ र घनश्याम यस्तै निकृष्टतम प्राणीको एउटा नमुना मात्र हो।

कपिलप्रसादको व्यवहारले नेपाली समाजमा नारीलाई हेर्ने अर्को दृष्टिकोणको नमुनालाई प्रस्तुत गरेको छ। सोझो आँखाले सर्सर्ती हेर्दा कपिलप्रसाद सम्पूर्ण रूपले परमेश्वरप्रति समर्पित धर्मप्राण मानिसमा दरिन्छ। यस्तो धर्मप्राण मानिसलाई चारित्रिक दृष्टिकोणले अन्यथा सोच्नु भनेको सोच्नेकै अयोग्यता हुन जाने कुरा हो। उक्त तथाकथित गुरुले यसैको फाइदा उठाएर लगभग कृष्णको रासलीला मच्चाइरहेको छ। भगवान्को कीर्तन उसका लागि नारीहरूको सम्पर्क जुटाइदिने माध्यम बनेको छ। फेरि उसको कीतर्नमण्डलीमा नारीहरू मात्र देखिन्छन्, पुरुष देखिँदैनन्। ऊ मन्त्रदान गर्ने निहूँमा नारीहरूलाई एकान्त कोठामा एक्लै राखेर व्यभिचार गर्ने

गर्छ । समाजले नपत्याइदिने हुनाले नारीहरू उक्त कुरा प्रकाशित गर्न पनि असमर्थ बन्दछन् । नारीका लागि कपिलप्रसादका आँखामा उत्तम जँचिने माध्यम धन र यौवन हो । यी दुई कुरा सकिएपछि उसले ती नारीको वास्ता गरेको देखिँदैन । धार्मिक संस्था यस्तै व्यक्तिको स्वार्थपूर्तिको साधन बनाइएका छन् । कपिलप्रसादको नारीप्रतिको यो भोगवादी दृष्टिकोण चरम निकृष्टताको उदाहरण हो जसले नारीलाई धनको पोको र यौवनका पुतलाका रूपमा लिएको छ । अर्कातिर यस उपन्यासको समाजमा फणेन्द्र र रामजीजस्ता व्यक्तिहरू पनि छन् जो सधैं नारी समुदायका अगाडि समस्या बनेर तेर्सिन्छन् । नारीले असुरक्षाबोध गर्नुपरेको समाजमा यस्तै पुरुषको उपस्थितिले गर्दा हो । यस खालका पुरुषहरू समाजका हरेक नारीको यौवन आफ्ना लागि सृजित भएको ठान्छन् । यिनीहरू समाजको अत्याचारबाट ग्रस्त भएर सत्तलमा बाबाको आश्रयमा बसेकी शान्तिलाई कब्जा गर्न चाहन्छन् । यिनीहरू विवाहित छन् र तिनका पत्नीहरू घर सम्हालेर बसेका छन् । यिनीहरू नारीलाई सिकार भन्छन् र सौन्दर्ययुक्त शान्तिलाई हरिणीको संज्ञा दिन्छन् । नारीप्रतिको पुरुषको यस्तो दृष्टिकोण नेपाली नारी जगत्का लागि ठूलो समस्या बनेको छ ।

समाजमा नारीप्रति खराब भाव राख्ने पुरुषको मात्र उपस्थिति हुने हो भने समाज बस्नलायक नै हुँदैनथ्यो तर नारीलाई समस्यामा नजाकी त्यस्ता समस्याग्रस्त नारीलाई त्यसबाट उतारी बाँकी जीवनका लागि मार्गनिर्देशनसमेत गर्ने कमलजस्ता पुरुष पनि छन् । समाजका कुपुरुषका कुव्यवहारले समस्याग्रस्त बनेकी शान्तिलाई कमलले समस्याका खाडलबाट निकाली आफ्नै घरमा आश्रयसमेत दिई भविष्यका लागि जीवनमार्ग खोलिदिएको छ । नेपाली समाजका पुरुषले आफ्नो स्वार्थले मात्र नारीलाई सघाउनेसमेत परम्पराले गर्दा शान्ति कमलका घरमा बस्दा समाजका मानिसहरू कुरा पनि काट्छन् तापनि शान्ति र कमलका व्यवहारले ती पराजित भएका छन् । कमलले शान्तिप्रति ठ्याम्मै कुदृष्टि राखेको छैन । समाज सुधारका निम्ति समर्पित कमल समाज सुधार गरेपछि नारीका यस्ता समस्यामा पनि सुधार हुने सोच राख्छ ।

कमल मात्र होइन, उसका श्याम, विरञ्चि आदि साथीहरू पनि समाज सुधारका पक्षमा छन् र त्यसैका निम्ति विधवा विवाह गरी समाजमा विद्यमान नरनारीका बिचको विभेदलाई घटाउन चाहन्छन् । उनीहरूको चरित्र फणेन्द्र, रामजी आदिको जस्तो छैन । यिनीहरू नारीप्रति सुदृष्टि राख्न सक्यो भने समाजको समस्या अलिकति आफै समाधान हुन्छ भन्ने सोच्छन् । त्यसैले कमलले शान्तिलाई सहयोद्धाका रूपमा स्थापित गर्न खोज्दा यिनीहरू भरपूर सहयोग गर्छन् । गणेशबहादुर पनि शान्तिप्रति सम्मानको भाव राख्दछ । कमलले त शान्तिलाई पुरुषसरहै बनाएर समाजका अगाडि उभ्याउन चाहेको छ र शान्तिको प्रतिभा एवं लगनशीलताले यो सम्भव पनि भएको छ । यस उपन्यासभरिमा सर्वाधिक नारीपक्षीय पुरुष दृष्टिकोण कमलकै रहेको छ ।

प्रस्तुत उपन्यासको बाबा पनि नारीहितकामी छ । ऊ दुःखी, अबला नारीलाई लोकापवादको वास्ता नगरी सहयोग गर्दछ भन्ने कुराको पुष्टि बेलीको संरक्षणबाट भएको छ । उसले शान्तिलाई पनि उसका दुःखप्रति करुणार्द्र भएरै आश्रय दिएको छ र साथमा आमा सम्बोधनले सम्मानित पनि गरेको छ । शान्तिलाई देख्दा उसलाई छोरीको सम्झना आउँछ ।

समाजलाई सुधार्ने औपन्यासिक लक्ष्यका निम्ति नारीप्रति सुदृष्टि राख्ने यस्ता पुरुषहरू सहयोगी सिद्ध हुन्छन् । एउटा सानो दायरामा खुम्चिएर जिन्दगी बिताउन विवश नारीहरूलाई घरबाहिरको संसारमा उभिन सहयोग गर्ने कमलजस्ता युवकले गर्दा पुरुषको जिम्मेवारीलाई नारी पुरुषको साझा जिम्मेवारीका रूपमा विकसित गर्ने तारतम्य मिलेको छ । वास्तवमा समाज नरको मात्र होइन र उसले मात्र समाजको सुधार गर्न सक्तैन । नारीप्रति कुदृष्टि राख्ने कमल र ऊ जस्ता पुरुषले यस कुरालाई राम्रोसँग बुझेका हुन्छन् । अझ नारीले स्वयं सचेत भई आफ्ना समस्याका निम्ति आफैले जुट्न प्रारम्भ गर्दा बढी फलदायी हुने तथ्य बुझेर कमलले शान्तिमार्फत यसै बुझाइलाई कार्यान्वितसमेत गरेको छ ।

कमल समाजसचेत व्यक्ति भएका कारणले ऊ नारीका पक्षमा पनि सचेत छ । उसले समाज भनेको नरनारी दुवैको हो भन्ने बुझेको छ । उसको नारीका जीवनको दुःखको अन्त्य नभई समाज सुखी र स्वस्थ हुन सक्तैन भन्ने दृष्टिकोण छ । लैङ्गिक समस्याजन्य लडाइँ नारीले मात्र लडेर अपेक्षित सफलता हासिल गर्न सकिँदैन । त्यसलाई सामाजिक आन्दोलनसँग जोडेर लैजानुपर्छ भन्ने कमलको दृष्टिकोण लैङ्गिक ढङ्गले चरम शोषित शान्तिले आफूलाई लैङ्गिक लडाइँमा मात्र सीमित नराखी सामाजिक आन्दोलनतर्फ अग्रसर भई लैङ्गिक समस्यालाई पनि त्यसैको अङ्गका रूपमा प्रस्तुत गरेबाट (शान्तिका चारवटामध्ये एउटा मात्र माग लैङ्गिक समस्यामा आधारित छ ।) छर्लङ्गिएको छ ।

कमलले सतीप्रथा तत्कालीन समाजमा पनि जीवितै रहेको महसुस गरेको छ र समाजद्वारा छलिएका नारीको आत्महत्यालाई त्यसको परिवर्तित स्वरूपमा लिएको छ । सतीप्रथा हुँदा नारीलाई बाँसका लट्ठीले कुटी-कुटीकन चिताबाट उठ्न दिइँदैनथ्यो भने आज समाज चारित्रिक लाञ्छनारूपी लट्ठीले उत्पीडित नारीलाई ठटाइरहेको छ (पृ.३१-३२) । विधवा विवाहको कुरा मात्र चलेको छ व्यवहारमा उत्रिएको छैन भन्ने कमल अनमेल विवाहको पनि घोर विरोधी छ ( पृ.३२) । धर्मभीरु नेपाली समाजकी नारी स्वयं कदापि वेश्या बन्दिन भन्दै नारीलाई चरित्रहीन बनाउने पुरुष समुदायमाथि ऊ औंला ठड्याउँछ । ऊ भन्छ,"समाजले स्वास्नीमान्छेलाई कलङ्किनी, पापिनी, दुश्चरित्रा भन्ने उपाधि त दिन जानेको छ तर स्वास्नीमान्छेलाई यस्तो कसले गरायो ? यो कुराको निम्ति आजको समाज जानेर पनि अबुझ छ । यसको ऊ विचार नै गर्दैन" (पृ.३१) । कमलले आफूलाई यसै अभावको पूर्ति गर्नतर्फ अग्रसर गराएको छ । नारीको समानाधिकारको वकालत गरी हिँड्नेहरूले आफ्ना घरका नारीसँग विपरीत व्यवहार गर्नाले पनि नारी समस्या झन् जटिल बनेको कुरा उसले महसुस गरेको छ । समाजको उपचार गर्नतर्फ दृढसङ्कल्परत कमल भन्छ, "म यही समाजमा शान्तिलाई नारी जातिको नमुना गराएर उठाउँछु । कसले के भन्ने ? गाउँले के भन्दोरहेछ ? भनोस्, भन्न आओस् न मकहाँ । तिनीहरूको कालो मस्तिष्कमा कर्तव्यको बत्ती झल्काएर जवाफ दिई पठाउँछु" (पृ.३३) । ऊ शान्तिका पक्षमा आमालाई समेत सचेत गराउने प्रयत्न गर्छ (पृ.७१-७२) र सफल पनि भएको छ । पितृसत्तात्मक समाज व्यवस्था र त्यसका अत्याचारी पुरुषसँग सङ्घर्ष गरेर महिलालाई मुक्त नगरिञ्जेल समाज स्वस्थ हुँदैन भन्ने

कुरा राम्रोसँग बुझेको पुरुष पात्र हो कमल जसको नारीप्रति अत्यन्त सकारात्मक भावना र सहयोगी व्यवहार रही आएको छ ।

### ५.३.९ पुरुषप्रतिको नारीको दृष्टिकोण

**शान्ति** मूल रूपमा सामाजिक घेरा र व्यवहारहरूमा आधारित क्रान्तिकारी उन्मेष भएको स्वच्छन्दतावादी सामाजिक उपन्यास हो । यहाँका पुरुष झैं नारी पनि पारिवारिक घेरा नाघेर बाहिरी समाजमा चलखेल गर्छन् । यसैले नरनारीका अधिकांश पक्ष सामाजिक सम्बन्ध र सन्दर्भहरूसँग सम्बन्धित हुन पुगेका छन् । यसैले नरसँगको नारीको सम्बन्ध र दृष्टिकोण पनि थोरै पारिवारिक र धेरै सामाजिक हुन पुगेको छ । नारीहरूले पुरुषप्रति सर्वत्र खुला र आदरको दृष्टिकोण अँगाल्न पाएका छैनन् । यसो हुनुमा दोष नारीहरूको नभएर पुरुषको देखिन्छ । नारीहरूले खुला वातावरणमा सहज ढङ्गले पुरुषप्रतिको दृष्टिकोण विकसित गर्न पाएको देखिँदैन र यो पितृसत्तात्मक समाजको वैशिष्ट्य नै हो ।

**शान्ति** उपन्यास कथानकीय दृष्टिकोणले नारीप्रधान रहे तापनि नारीले पुरुषसँग अस्तित्वका निम्ति द्वन्द्व गरेको भने अपेक्षित मात्रामा देखाइएको छैन । अधिकांशत : पुरुष शोषक-पीडक र नारी शोषित-पीडितका रूपमा देखिएकी छ । नर र नारीको स्वरूप र परिस्थिति नै विपरीत किसिमको निर्माण गरिएको छ र त्यसमाथिको पितृसत्ताको अनुमोदनले त्यसलाई स्वाभाविक तुल्याएको छ । यहाँ पुरुषसँग नारीको द्वन्द्व वा सहकारिताको स्वरूपभन्दा पनि छलछामको स्वरूप चाहिँ देखिएको छ । नारीको नरप्रतिको भित्री भावना र व्यवहार बेग्लै र बाहिरको बेग्लै रहेको छ । खासगरी वसन्तकुमारी र माधुरीका सन्दर्भमा यो कुरा प्रकट भएको छ भने पुरुषसँगको क्षीण द्वन्द्व शान्तिको पूर्वार्द्ध जीवनमा र माधुरीमा देखिएको छ । यस उपन्यासको प्रयत्न भने नारीको नरसँगको सहकारिताको स्वरूपको स्थापना गर्ने रहेको छ ।

प्रस्तुत उपन्यासमा नवीन दृष्टिकोणको स्थापना र समाजसुधारका निम्ति माध्यम बनाइएकी प्रमुख नारी चरित्र हो शान्ति । सही दृष्टिकोणको चयन गर्न नसकेर नै नारीहरू सधैं समस्याग्रस्त बनेका हुन् । समाजमा हालीमुआली पुरुषको रहेकाले उसले हरेक ढङ्गका सहुलियतलाई एकोहोरो ढङ्गले आफूतिर मात्र सोझ्याएको छ र यो सोझ्याइ विनाचेतना, आन्दोलन र द्वन्द्व नरनारी दुवैतिर विभाजित हुँदैन पनि । यहींनिर नारीले आफ्नो भूमिका निर्वाह गर्न सकेका छैनन् । आफू दोषी नभएको काममा पनि सोझै दोष जति नारीका टाउकामा थोपर्ने सामाजिक प्रचलनले गर्दा पनि नारीहरू पुरुषको ज्यादतीका विरुद्ध बलियोसँग लाग्न सकेका छैनन् । घनश्याम बाबु भनिने व्यक्तिले झुक्याएर शान्तिको बलात्कार गरेको छ र ऊ गर्भवती भएकी छ । समाज यहाँनिर एकोहोरो शान्तिको मात्र खेदो गर्छ, त्यसको कारक बनेको पुरुषको खेदो गर्दैन । शान्ति घनश्यामलाई गर्भको जिम्मेवारी सुम्पन जान्छे तर घनश्यामले स्विकार्दैन, उल्टै बहुलाहीको संज्ञा दिएर फुत्किन्छ र यो काम समाजमा आफ्नो प्रभुसत्ता रहेको पुरुषका निम्ति कुनै गाह्रो होइन । शान्तिको मुख टाल्नका निम्ति ५० रुपियाँ र गर्भ फाल्नका निमित्त औषधि पठाउने घनश्यामप्रति ऊ पैसा च्यातेर र औषधि फालेर विद्रोह जनाउँछे । उसले घनश्यामको ज्यादतीका विरुद्ध गरेको

विद्रोह यति नै हो र तत्कालीन सामाजिक परिवेशमा उसले सामाजिक मर्यादालाई ख्याल गर्दा गर्न सक्ने पनि त्यति नै हो । नारीमाथि मात्र लादिने सामाजिक मर्यादालाई कुल्चन सकेकी भए उसले थप अरू केही गर्न सक्ने थिई । बरु उसले सङ्घर्षको बाटो छाडेर पलायनको बाटो चाहिं रोजी र आत्महत्या गर्नका लागि  वनकालीमा गई । उसले आफ्नो जीवनमा अर्को एकपटक विद्रोह गरेकी छ । कपिलप्रसादका शोषणबाट त्यहाँ पुगेका नारीहरू प्रायः उम्कन सक्तैनन् तापनि शान्ति भने बलिष्ठ नैतिक चेतनाले गर्दा उससँग सङ्घर्ष गरेर त्यहाँबाट उम्किएकी छ ।

आत्महत्याका निम्तिको अग्रसरता उसका जीवनको एउटा पाटाको चरम स्थिति हो। त्यसैबेला कमलसँग भएको भेटघाटले उसको जीवनमा नवीन पाटाको उदय भएको छ। कमलमा रहेको समाजसुधारको स्पष्ट दृष्टिकोणले गर्दा शान्तिलाई व्यक्तिगत प्रतिशोधको दिशातर्फ डोरिन दिएको छैन। समाजको चेतनामा वृद्धि गरी उसको मूल स्वरूपमा नै सुधार गरेपछि झिनामसिना समस्याहरू आफै समाधान हुन्छन् भन्ने दृष्टिकोण अनुरूप शान्तिका माध्यमले नारीले पुरुषलाई सहयोद्धाका दृष्टिले हेर्न सक्ने बनाएको छ। शान्तिका आँखामा अत्याचारी सिद्ध भएको पुरुष अब कमलमार्फत सहयोगी, शुभचिन्तक र सहयोद्धामा परिणत भएको छ। त्यसपश्चात् शान्ति समग्र पुरुषलाई यौनभन्दा माथि राखेर हेर्न सक्ने भएकी छ। यसैले त उसको अध्ययन मण्डलमा नरनारीका बिचमा व्यवहार गर्दा असजिलो छैन। यसरी नारीको नरप्रतिको दृष्टिकोणले एउटा खुला आकाश पाएको छ। यसैले नै ऊ पुरुषहरूसँग जुलुस, सभा, भाषण अनसन सबै कुरामा निर्धक्क सामेल हुन सकेकी छ । उसको दृष्टिकोण समाजका सबै पुरुष घनश्याम र कपिल प्रवृत्तिका हुँदैनन् भन्ने छ। कमल र बाबाप्रतिको उसको सोच र व्यवहारले यस कुराको पुष्टि दिएको छ। शान्ति तर व्यक्ति पुरुषका विरुद्ध नभएर पुरुषसहित भएर स्थापित सामाजिक मान्यताका विरुद्ध द्वन्द्व गर्छे। उसले पुरुषलाई मात्र शोषक नठानी सिङ्गो समाज व्यवस्थालाई नै त्यसको दोष दिएकी छ जुन अनुपयुक्त छैन ।

माधुरीको पनि अनमेल विवाह भएको छ। ऊ आफ्नो श्रीमान्प्रति सन्तुष्ट छैन। आफूमाथिका अत्याचारका विरुद्ध जुध्न नारीहरू सङ्गठित नभइसकेको तत्कालीन सामाजिक परिस्थितिमा उसले सधैं द्वन्द्व गर्नु सम्भव  पनि थिएन तर त्यसलाई स्विकारेर बस्न सक्ने स्वभाव पनि उसमा थिएन । छलछामको प्रयोग गरिने यस्तै परिस्थितिमा हो । नारीले पुरुष प्रवृत्तिका विरुद्ध गर्ने यस्ता छलछामलाई 'स्त्रिया चरित्र' को संज्ञा दिने गरिन्छ। यता आफ्नो श्रीमान्सँग दुरुस्तै रहेर अर्कातिर धर्मका खोलभित्र माधुरीले कपिलप्रसादमार्फत आफ्नो अभीष्ट पूरा गरेकी छ। आफूप्रति असत् व्यवहार गर्ने पितृसत्तात्मक समाजमा रहेर उसले पनि पुरुषप्रति असत् व्यवहार नै गरेकी छ। श्रीमान् (हरिहर पण्डित) समाजलाई देखाउने थपना मात्र हो भने कपिल अभीष्ट पूरा गर्ने साधन हो। आफूसँग सम्बन्धित दुवै पुरुषप्रति माधुरीको सकारात्मक दृष्टिकोण देखिंदैन र यो नारीप्रति (आफूप्रति)को दृष्टिकोणको प्रतिदानमा विकसित दृष्टिकोण हो। कपिलप्रसादले शान्तिलाई नल्याएको निहुँमा आफुलाई लत्याएपछि र शान्ति दोजिया अवस्थामा घरबाट बेपत्ता भएको समाचारको चोट खप्न नसकी श्रीमान्ले देहत्याग गरेपछि निराधार भएकी माधुरीले आत्महत्या (सायद !) गरेबाट उसले पुरुषलाई नारीको जीवनाधार मानेको देखिन्छ ।

प्रस्तुत उपन्यासकी प्रमुख नारी पात्र शान्तिकी प्रतिध्रुवीय चरित्र वसन्तकुमारी पितृसत्तात्मक समाजका पुरुषकै जस्तो चरित्रका ढाँचामा निर्मित छ। यस्तो समाजमा पुरुषले नारीप्रति जस्तो भोगवादी दृष्टिकोण राख्ने गर्दछन् ठीक त्यस्तैगरी ऊ पनि पुरुषप्रति भोगवादी दृष्टिकोण राख्दछे। उसले सासू र श्रीमान्सँग आफ्नो यो व्यवहार खुल्न नदिएको उनीहरूको अरू डरले नभई ससुराले कमाएको सम्पत्तिलाई आफ्नो सुखसाधन बनाउन नपाइएला भनेर हो। वसन्त पनि फणेन्द्रभन्दा फरक छैन। उसले घरका नोकर हर्से र कालेलाई पनि पैसाले मुखबुझो लगाएर तिनको यौवनको उपभोग गरेकी छ भने बाहिरका अन्य पुरुषलाई पनि भोगसाधन नै सम्झेकी छ र अनुकूल भएसम्म तिनलाई आफ्नो सिकार पनि बनाउने गरेकी छ। उसले कमललाई पनि यसै दृष्टिकोणले फन्दामा पारिसकेपछि ऊ स्वयं आफ्ना प्रयत्नले उम्किएको हो। पुरुष नारीको मान्यजन हो भन्ने स्थापित सामाजिक मान्यतालाई उसले लत्याएकी त छ तर त्यो नारी अस्मिताको स्थापनार्थ नभएर व्यभिचारका लागि मात्र हो। यसर्थ उसको यो दृष्टिकोण सकारात्मक देखिएको छैन।

बेलीले आफ्ना जीवनका पूर्वार्धमा पुरुष अत्याचारी हो भन्ने बुझेकी छ, किनभने मातृविहीना रहेकी उसले आफ्नो जँड्याहा बाबुबाट कहिल्यै स्नेहपूर्ण व्यवहार पाइन। बरु उल्टै उसले छोरीलाई जाँड खाएका सुरमा अर्को जँड्याहाका हातमा सुम्पियो। यस्तो बाबुप्रति उसले गतिलो दृष्टिकोण राख्न सक्ने देखिंदैन। बाबुले जसका हातमा सुम्पिएको हो उसले पनि बेलीले उसका हातबाट उम्कन गरेको प्रतिरोधबाट क्रोधित भई नारी अवज्ञा सहन नसक्ने पुरुष अहङ्कारवश बलिरहेको अगेनोमा मुख जोतिदियो। बेलीका जीवनका सम्पूर्ण सपना समाप्त भए, बाबाको सहयोगबाट मात्र जीवन चाहिं समाप्त हुनबाट जोगियो। यस घटनाले पनि पुरुषप्रतिको उसको दृष्टिकोणलाई अझै बढी नकारात्मक बनाइदियो। यस सन्दर्भमा पुरुष स्वयंले नै नारीको आफूप्रतिको धारणालाई नकारात्मक बनाएको देखिन्छ। बाबाको सौहार्द्रता पाएपछि भने बेलीमा पुरुष पनि असल हुँदा रहेछन् भन्ने दृष्टिकोण जन्मियो। झन् कमलले शान्तिका साथमा उसलाई पनि स्नेहपूर्वक आफ्ना घरमा आश्रय दिएपछि उसको उक्त दृष्टिकोणमा अझ विस्तार भयो। सानीबज्यैको भने आफ्ना श्रीमान्का व्यवहारका माध्यमले पुरुषप्रति अत्यन्त सकारात्मक दृष्टिकोण रहेको देखिएको छ।

उपर्युक्त उपन्यासमा नारीको पुरुषप्रतिको दृष्टिकोण एकातिर पुरुषकै आचरण अनुसार डोरिएको देखिन्छ भने अर्कातिर चाहिं पितृसत्तात्मक सामाजिक व्यवहारले निर्धारित भएको देखिन्छ। शिक्षा र चेतनाले हीन त्यतिखेरका नारीहरूले अनमेल विवाहरूपी अभिशापलाई जीवनमा बेहोर्नु नपरेको भए र वयमिल्दो श्रीमान् भेटेका भए यस उपन्यासका नारी चरित्रमा पुरुषप्रति देखिएको छलछामपूर्ण आचरण, दृष्टिकोण र व्यवहार अवश्यै देखिने थिएन। हाकाहाकी व्यवहार गर्न नसक्ने मानिसबाट छलछामपूर्ण व्यवहार हुन्छ। पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषकै हाँकधाक रहने हुनाले दमित जीवन बिताउन बाध्य नारीबाट पुरुषप्रतिको दृष्टिकोण र व्यवहार यथार्थ रूपमा प्रकट हुन सक्तैन। यसैले पनि हो स्त्रीको चरित्रको रहस्य दैवले पनि बुझ्न सक्तैन भन्ने गरिएको। नारीको पुरुषका प्रति बाहिरी दृष्टिकोण जे जस्तो देखिन्छ भित्र पनि त्यस्तै

दृष्टिकोण हुने कुरामा निश्चित हुन कठिन हुन्छ र यो कठिनाइमा नारी स्वयंको भने कुनै भूमिका छैन । यस्तो गराउने काम पुरुष स्वयं र पितृसत्तात्मक सामाजिक संरचनाको हो । यसैले गर्दा नै सामाजिक संरचनामा चिन्तन र व्यवहारको दोहोरोपन देखा परेको हो ।

### ५.३.१० समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति

**शान्ति** उपन्यास सङ्क्रमणकालीन काठमाडौंली समाजको चित्रण भएकाले यस उपन्यासका नारीको अवस्थिति पनि सङ्क्रमणशील रहेको छ । यो उपन्यास लेखिएताका नेपालको राजनीतिक अवस्था अस्थिर थियो । यहाँ एकतन्त्री राणाशासन समाप्त भई संसदीय व्यवस्था कायम भएको तर पञ्चायती व्यवस्थाको प्रारम्भ नभइसकेको परिस्थिति थियो जुनबेला सत्याग्रह, अनसनजस्ता कार्यक्रमहरू निकै हुने गर्थे । २००७ सालको राजनीतिक परिवर्तनले नारीको अवस्थितिमा परिवर्तन ल्याएको देखिन्छ । बोल्न नसक्ने नारीहरू बोल्न सक्ने भए, लुगा लगाउन नजान्नेहरू सो काममा पोख्त भए, नारीमा सङ्गठन-चेतना पनि विस्तारै विकसित हुन लागेको छ । खुला वातावरणले गर्दा धर्मका नाममा कीर्तन-मण्डली खोली आफ्ना हरेक स्वार्थ पूरा गर्ने प्रवृत्तिले पनि प्रवेश पाएको छ । नारीमा शिक्षाको चेतना पनि क्रमशः फैलँदै छ । विवाहभन्दा बाहेकको स्थितिमा पनि नरनारीका बिचमा घनिष्टता कायम हुनसक्छ भन्ने कुरालाई पनि यस उपन्यासले स्विकार्नाले नारीको उच्च अवस्थितिको भान हुन्छ । अब नारीहरू छिटफुट रूपमा भए पनि सडक-सडकमा जुलुस निकाल्ने र भाषण गर्ने भइसकेका छन् ।

उपर्युक्त उपन्यासकी प्रमुख नारी चरित्र शान्ति आफ्ना जीवन-सङ्घर्षका प्रारम्भिक दिनतिर आफूमाथि प्रहार हुँदा पीडाबोध त गर्छे तर ती पीडालाई अभिव्यक्ति दिन सक्तिन । अवैध गर्भलाई एक्लो जिम्मेवारीमा पूर्णता दिनु पनि उसको सङ्घर्ष हो तापनि यो सामाजिक परिवेशमा आत्मनिर्भर हुन नसकेकी नारीले अवैध सन्तानलाई जन्म दिएर पालनतालन गर्ने सामर्थ्य बटुल्न सक्नु लगभग सम्भावनाको सीमाबाहिर पर्ने गर्छ । तत्कालीन महिलाहरू त्यसै गर्भलाई लिएर हल्लाखल्लाद्वारा समाज उचाली आफ्ना पक्षमा न्याय गराउन सक्ने अवस्थामा पनि थिएनन् । शान्तिले यस्तै सामाजिक परिस्थितिको प्रतिनिधित्व गरेकी छ जसले एक्लो जिम्मेवारीमा गर्भलाई पूर्णता त दिएकी छ तर जन्माएर पाल्ने हिम्मत उसँग छैन । यसैले आत्महत्याको प्रयत्न गरेकी हो । समाज नारीका विरोधमा रहेको र त्यस्ता सङ्कट समाधानको कानुनी उपचारको व्यवस्था नभएका कारणले शान्तिले आत्महत्या गर्न खोज्नु अस्वाभाविक देखिँदैन । अचानक भएको कमलसँगको भेटघाट, जन्मिएको शिशुको मृत्यु, आत्मोन्नतिका निम्ति कमलद्वारा प्राप्त वातावरण र आफ्नै प्रयासले गर्दा बोल्न नसक्ने शान्तिको रूपान्तरण क्रान्तिकारी स्वरूपमा भएको छ । ऊ अब आफ्ना निम्ति मात्र होइन अरूका निम्तिसमेत बोल्ने भएकी छ । यो शान्तिको औपन्यासिक अवस्थितिमा आएको आमूल परिवर्तन हो जुन उपन्यासको मूल उद्देश्यसमेत रहेको छ । एक्लै चुपचाप कोठामा निसास्सिएर बस्ने शान्ति समाज सुधारको अभियानमा नेतृत्व गर्न सक्षम भएकी छ । उपन्यासका प्रारम्भ र अन्त्यकी शान्तिको अवस्थितिमा पूर्ण भिन्नता देखिएको छ । यो भिन्नता

कमलसँगको भेटघाट पश्चात्‌को निरन्तरको अध्ययन, अध्यापन, बहस आदिमार्फत क्रमिक रूपमा तर छोटो समयमा नै देखा परेको हो ।

चेतनाका कोणबाट पिछडिएका महिलाहरूलाई विदेशी फेसनको प्रभावले छिटो छुन्छ । नेपालका नारीहरूको असचेतताको मात्रा उनीहरूको पहिरनप्रियताका माध्यमले मापन गर्न सकिन्छ । २००७ सालमा प्राप्त खुला वातावरणपश्चात् नारीहरू नयाँ पहिरनतर्फ आकृष्ट भइसकेका छन् । त्यतिबेलाको नयाँ पहिरन भनेको पञ्जावी सलवार-कुर्था थियो र नयाँ पहिरन रुचाउने नारीहरू सारी छाडेर त्यही लुगा लगाउँथे (पृ.३८) । २००७ सालपश्चात् नेपाली नारीको अवस्थितिमा आएको यो पनि एउटा उल्लेखनीय परिवर्तन थियो ।

समाजमा सङ्घर्ष गरेर बाँच्नका लागि एक्लो व्यक्तिको सामर्थ्य मात्र पर्याप्त हुँदैन भन्ने चेत त्यस बेलाका नारीहरूमा पनि पसिसकेको थियो र उनीहरूका पनि सङ्गठन निर्माण हुँदै थिए । **शान्ति** उपन्यासमा 'नारी समाज' नामक एउटा नारी-संस्थाको उल्लेख छ जसमा माधुरी बज्यैका सल्लाहले कीर्तन मण्डलीका कैंयन् नारीले सदस्यता लिइराखेका थिए । कपिलप्रसादका विरुद्ध सङ्घर्ष गरेर कीर्तन पार्टीलाई फुटाएर निस्कनेहरूलाई त्यही नारी समाजमा लिइराखेको सदस्यताले मनोबल बढाइराखेको थियो (पृ.८८) ।

नारीमा शिक्षाको चेतना पनि अलि-अलि बढ्दै थियो । सानीबज्यै शिक्षित नारी थिई । राम्रा पुस्तकहरूको अध्ययनतर्फ उसको चित्तवृत्ति गएकाले ऊ नारी जीवनमा देखा परिरहेको विसङ्गतिबाट जोगिन सकेकी थिई । शिक्षाबाट नारीलाई एक किसिमको राहत मिल्ने कुरा उसले बुझेकी थिई । यसैले बेलीलाई पनि आफ्नै प्रयत्नले लेखपढ गर्न सक्ने बनाइदिएकी थिई । साधारण शिक्षा प्राप्त गरेकी शान्ति अङ्ग्रेजी सहितको शिक्षा प्राप्त गरी देश विदेशका ज्ञान हासिल गर्ने प्रयत्नमा तल्लीन थिई । ऊ गाउँका केटाकेटीका साथमा नारीहरूलाई पनि 'अध्ययन मण्डल' मा पढाउँथी । बाँकी अरू नारीहरू भने अशिक्षित थिए तापनि नारीहरू शिक्षातर्फ अग्रसर हुँदै गरेको स्थिति प्रस्तुत उपन्यासमा देखाइएको छ ।

नारीमाथि शोषण गर्ने नयाँ-नयाँ परिपाटीको पनि विकास भइराखेको देखिन्छ । नवीन चेतनाका अभावमा तत्कालीन नारीहरू प्रायः सम्पूर्ण नै धर्ममा आस्थावान् थिए । यसै आस्थालाई माध्यम बनाएर भगवान्‌को कीर्तन गर्ने निहुँमा नारीमाथि शोषण गर्ने संस्थागत तारतम्य नै मिलाइएको थियो र कपिलप्रसाद त्यसको नाइके थियो । उसको कीर्तनमण्डली बाहिरबाट हेर्दा एउटा धर्मनिबद्ध संस्थाजस्तै देखिन्थ्यो । त्यसैले उमेर र पैसा भएका तर जीवनका समस्याले ग्रस्त रहेका महिलाहरू त्यसतर्फ आकर्षित हुनु नारी जीवनका निम्ति विकल्पका बाटा नखुलेका तत्कालीन नारीका निम्ति स्वाभाविक थियो । उनीहरूलाई कीर्तनमण्डलीमा शोषण हुने गरेको कुराको रहस्य आफूले समेत भोगेपछि मात्र खुल्थ्यो जसपश्चात् उनीहरू विभिन्न कारणले त्यस मण्डलीबाट अलगिन सक्तैनथे । यस उपन्यासमा थुप्रै नारीहरू यसरी धर्मका नाममा शोषित भएको देखाइएको छ ।

नारीलाई यौन साधनका रूपमा मात्र लिने दृष्टिकोण समाजमा जीवित रहुञ्जेल नरनारीका निकटतालाई पनि त्यसै ढङ्गले अर्थ्याउने गरिन्छ जसले नारीलाई एउटा साँघुरो संसारमा कैद गरिदिन्छ । यस उपन्यासका सबै नारीहरू त्यसै साँघुरो बन्धनभित्र जेलिएका छन् । समाजबाट निस्किएको साँघुरो सोचाइको प्रहार कायम रहेरै पनि शान्ति त्यस घेराभन्दा माथि उठेकी छ । जीवनमा यौनभन्दा पर अनेकन् सम्भावनाहरू छन् भन्ने बुझेकी र ती सम्भावनातर्फ पाइला सारिसकेकी शान्तिले नेतृत्व गरिराखेको अध्ययन-मण्डलमा नरनारी सँगै बसेर अध्ययन-छलफल गर्छन् । यिनीहरूको भेटघाटलाई उपर्युक्त किसिमको साँघुरो चिन्तनले बाधा गरेको छैन । अर्थात् त्यस अध्ययन मण्डलभित्र त्यस किसिमको सङ्कीर्ण चिन्तनले प्रवेश पाएकै छैन । यो नारीको अवस्थितिलाई उच्चता र उदात्तता प्रदान गर्ने सर्वाधिक महत्त्वपूर्ण पक्ष हो ।

प्रस्तुत उपन्यासमा सर्वाधिक समस्याग्रस्त नारी पनि शान्ति हो र सर्वोच्च अवस्थिति प्राप्त गरेकी नारी पनि उही नै हो । यसमा कमल, गणेश, श्याम आदिजस्ता नवोन्मेषशील युवाहरू पनि छन् तापनि तिनीहरूको भरथेग र शान्तिको प्रतिभा एवं लगनशीलता तथा कमल, गणेश आदि जेल परेको समेत परिस्थतिमा शान्तिको अग्रसरता निर्विकल्प थियो । शिक्षाको अवसर र पुरुष हुनुको खुलापनले सचेत हुन सकेका कमलजस्ता पात्रको विकल्पका रूपमा शान्तिलाई प्रस्तुत गरिएको छ । ती पुरुष पात्रमा वर्तमान समाजमा जस्तो अगाडि बढिरहेकी महिलाको खुट्टा तान्ने प्रवृत्ति देखिएको छैन । ऊ अरूको काँधमा बसेर सिकार खेल्ने प्रवृत्तिकी छैन । ऊ आफ्नै सामर्थ्यमा उठेकी नारी हो । यसैले उसलाई लरतरो बाधाले रोक्न पनि सक्तैन । यसरी उपन्यासमा शान्तिको उपस्थिति उच्च सम्मानजनक रहेको छ । शान्तिको चारित्रिक गरिमाका अघिल्तिर अन्य नारीका परिस्थितिगत चारित्रिक लघिमाहरू स्वतः अस्तित्वहीन हुन पुगेका देखिन्छन् । उपन्यासमा नारीप्रधानता धेरैमा हुन्छ तर गरिमायुक्तता थोरैमा हुन्छ । **शान्ति** त्यस्तै थोरैमध्येको गरिमायुक्त नारीप्रधानता भएको उपन्यास हो । यस उपन्यासकी नारी चरित्र शान्ति विनाअपराध दण्डित पनि भएकी छ र पछि पुरस्कृत पनि भएकी छ । अपराधीहरू (घनश्याम, कपिल आदि) उसका अगाडि नतमस्तक बन्नु उसले प्राप्त गरेको पुरस्कार हो । समाजमा तिनको जुन हैसियत भए तापनि शान्ति तिनको भन्दा पनि उच्च हैसियतमा विराजमान हुन पुगेकी छ यद्यपि शान्तिसँग उनीहरूसँग जति धनऐश्वर्य केही छैन । यसबाट मानिसको हैसियतको मापक लैङ्गिक अवस्थिति र धनसम्पत्तिलाई मान्नुहुँदैन भन्ने कुरा सिद्ध हुन पुगेको छ ।

### ५.३.११ नारीप्रतिको लेखकीय दृष्टि

नारीकेन्द्री उपन्यास **शान्ति**मा उपन्यासकार लीलाध्वज थापाले प्रमुख नारी पात्र शान्तिलाई नवोन्मेषशील अग्रगामी चरित्रका रूपमा प्रस्तुत गरेका छन् । यस उपन्यासमा पुरुषहरू अलि बढी अनुशासित, सामाजिक र नारीशुभचिन्तक हुने हो भने र नारी स्वयं पनि आफूले पाएको अवसरको प्रत्येक कणको सदुपयोग गर्न प्रयत्नशील रहने हो भने नेपाली नारीको स्वरूपमा अवश्यै भिन्नता आउने छ जसले सिङ्गो देशकै स्वरूप फेर्न मद्दत गर्नेछ भन्ने लेखकीय दृष्टिकोण प्रस्तुत भएको छ । उनका अनुसार नारीका अवस्थामा परिवर्तन अपरिहार्य छ र त्यसका निम्ति सिङ्गो समाजकै

सुधार गर्नुपर्छ जसका निम्ति पुरुषले पनि आफूलाई अनुकूल बनाउनुपर्छ। यसरी नेपाली नारीको अवस्थाप्रति संवेदनशील रहेका उपन्यासकार थापा आफ्नो भावनालाई लयालु संवेदनशीलताका रूपमा मात्र नपोखी नारी दृढ भएर आफ्ना जीवनको सुधारतर्फ अग्रसर हुनुपर्छ भन्ने सुधारकामी भाव व्यक्त गर्दछन् ।

उपन्यासकार थापामा नारीप्रति अत्यन्त सकारात्मक सोच रहेको पाइन्छ। त्यसै भावका केन्द्रीयतामा उपन्यासको निर्माण भएको छ। यसैले त नारीका चरित्रमा देखिएको प्रतिकूलतालाई उनले देशकाल-वातावरणको दोष ठहऱ्याएका छन्। सामाजिक विशिष्टताको प्रतिकूलताले ल्याएको प्रतिफल भोग्न विवश हुनु नारीका जीवनमा थोपरिएको अभिशाप हो जसबाट उसले मुक्ति पाउनुपर्छ भन्दै यस उपन्यासमा त्यसको उपायका रूपमा समाजसुधारलाई अगाडि सारिएको छ। जीवन प्रतिकूल परिस्थितिका मार्गतर्फ नडोरिएको भए वसन्तकुमारी स्वयं पनि प्रतिकूल बन्ने थिइन भन्ने लेखकीय आशय समग्र उपन्यासको अध्ययनपश्चात् बोध हुन्छ ।

उपर्युक्त उपन्यासमा प्रमुख नारी चरित्र बाहेकका नारीको भूमिकालाई पनि उल्लेखनीय रूपमा प्रस्तुत गरिएको छ। हरिहर पण्डितको भन्दा माधुरीको, कप्तानको भन्दा कप्तान्नीको, कमलका पिताको भन्दा सानीबज्यैको, फणेन्द्रको भन्दा वसन्तको भूमिका शक्तिशाली छ। कपिलप्रसादकै भूमिका पनि नारीकै कोणबाट प्रस्तुत भएको छ र यो नकारात्मक किसिमको छ। अर्थात् नारीमाथिको उत्पीडनको विश्लेषण गर्ने क्रममा कपिलप्रसादको चरित्रको प्रस्तुति भएको छ। हरिहर, कप्तान, फणेन्द्रहरू पनि नारी चरित्रको प्रतिकूलताका कारकका रूपमा आएका छन्। नारीलाई चारित्रिक अनुकूलता र उदात्तता प्रदान गर्ने कारकका रूपमा पनि पुरुष आएका छन् र ती हुन् कमलका पिता र कमल स्वयं। यसरी शान्तिको चरित्र तत्कालीन औपन्यासिक समय-सन्दर्भमा नारी आफ्ना चरित्रका अनुकूलता र प्रतिकूलताका लागि स्वयं जिम्मेवार बन्ने परिस्थितिको निर्माण नभइसकेको तर त्यस्तो परिस्थिति निर्माणका लागि पहल गर्न भने जरुरी भएको दृष्टिकोणमार्फत निर्मित छ।

शान्तिले उपन्यासमा प्राप्त गरेको स्थान नै यस उपन्यासमा रहेको नारीप्रतिको लेखकीय दृष्टिकोणको उच्च उपलब्धि हो। विनाप्रतिवाद सौतेनी आमाको कहर काट्ने (पृ.१९), आफ्नो गल्तीविना नै पनि समाजमा मुख देखाएर बाँच्ने सङ्घर्षको प्रयत्न नै नगरी आत्महत्यातर्फ अग्रसर हुने, लुकेर बस्ने (पृ.११५) शान्ति उपन्यासका अन्त्यमा समाजकै नेतृत्वदायी भूमिकामा देखा पर्नु नारीप्रतिको सकारात्मक लेखकीय दृष्टिकोणविना सम्भव हुने कुरा होइन।

उपर्युक्त उपन्यासको प्रमुख पुरुष चरित्र कमल लेखकको मुखपात्र हो। लेखकले आफूले नारीप्रति राखेका भावनालाई कमलका माध्यमले व्यक्त गरेका छन्। यस उपन्यासको कथानकीय बुनोटभित्र समावेश गर्न नसकेका कुरालाई उपन्यासका प्रारम्भमा कमलको क्रियाकलापद्वारा प्रस्तुत गरिएको छ। त्यहाँ उनी नारीले भोग्नुपरेको सामाजिक असुरक्षा (बलात्कार)को कुरा उठाउँछन्, पितृसत्ताका आडमा पुरुषले नारीमाथि गर्ने अत्याचारको सम्झना गर्छन्, नारीलाई बेचबिखन गर्ने सामाजिक सन्दर्भका कुरा उप्काउँछन्, नारीले आफैले जन्माएको बच्चा मिल्काउनु पर्ने र

आत्महत्यासमेत गर्नुपर्ने बाध्यताका कुरा सम्भन्छन्, सांस्कृतिक रूप नै लिइसकेको सतीप्रथाका विरुद्ध हुङ्कार गर्छन् । यति मात्र होइन नारीलाई यसरी सताउने सम्पूर्ण कुरा दानवताका प्रतीक हुन्, नारीले हार खाएर आत्महत्या गर्नु भनेको दानवतालाई प्रोत्साहित गर्नु हो, दानवतासँग सङ्घर्ष गरेर मानवताको संरक्षण गर्नु चाहिं कर्तव्य हो भनेर कमल शान्तिमार्फत सम्पूर्ण नारीलाई सङ्घर्षशील बन्न आह्वान गर्छ (पृ.७) । नारी स्वयं अग्रसर भएर सामाजिक विसङ्गतिका विरुद्ध लड्ने सामाजिक परिस्थिति नभएकाले र लेखकको एउटी नारीलाई आफ्नो उपन्यासमा उदाहरणीय रूपमा प्रस्तुत गर्ने धोको भएकाले उनले सम्पूर्ण आफ्नो सुझबुझ सुम्पिएर कमलका रूपमा **शान्ति** उपन्यासमा एउटा पुरुष पात्रलाई उभ्याएका छन् जो स्वयं नै नारीका बारेमा भाषण एकथरि गर्ने र व्यवहार अर्कैथरि गर्ने पुरुषका आचरणका विरोधमा उभिएको छ । अर्थात् कमल नामक पात्रको सिर्जना नै लेखकको नारीप्रति रहेको सकारात्मक दृष्टिकोणको परिणाम हो ।

उपन्यासकार थापा नेपाली समाजका पुरुषले पारिवारिक जिम्मेवारीको बोझ सम्पूर्ण नारीमाथि मात्र छाडेर आफूले ठूल्याइँ देखाइरहने प्रवृत्तिप्रति सन्तुष्ट देखिंदैनन् । उनी नारीको पारिवारिक सामाजिक भूमिकामा परिवर्तन आउनैपर्ने ठान्छन् र त्यसप्रति विश्वस्त पनि छन् (पृ.३२) । उनलाई जेलभित्रको एउटा दृश्य उल्लेखनीय लाग्छ र उनी त्यसको टिपोट यसरी गर्छन्, "घरमा स्वास्नीलाई यसो भएन र उसो भएन भन्दै कजाई-कजाई खान पल्केका श्रीमान्हरूले खोरका थुनुवा भएर बिहान-बेलुका भात पकाएको दृश्य निकै रमाइलो हुन्थ्यो" (पृ.१४१) । यस्तो दृश्यमा रमाइलो मान्नु लेखकमा रहेको नारीपक्षीय दृष्टिकोणकै परिणाम हो ।

शारीरिक सम्बन्धका मामलामा थुप्रै नारीहरू जेल पर्ने गरेका छन् । यो उपन्यास लेखिएताका त्यस्ता कारणमा नारीहरू मात्रै दण्डित हुन्थे, तिनै घटनासँग सम्बद्ध पुरुषको खोजी नै हुँदैनथ्यो । लेखकले यसलाई गहिरिएर सोच्नुपर्ने विषयका रूपमा लिएका छन् । पुरुषपक्षीय सोचाइका कारणले दण्डित हुनेमा नारीहरू मात्र परेका (नरनारी सम्बन्धका विषयमा) हुन् । त्यसै विषयलाई नारीपक्षीय कोणबाट केलाउने हो भने नारीका सट्टा पुरुष चाहिं दण्डित हुने परिस्थिति आउनसक्छ, किनभने पुरुष सर्वेसर्वा भएको यस समाजमा नारी स्वयं अग्रसर भएर त्यस्ता ज्यादती गर्न सक्ने सम्भावना प्रायः देखिंदैन । यसैले उनी लेख्छन्, "वास्तवमा ती स्वास्नीमानिस बिग्रेका कोही पनि देखिंदैनथे । ती स्वास्नीमानिस बिग्रेका हुन् कि समाज बिग्रेको हो- यो कुराको समाजका कर्णधारहरू नै छ्यान गरुन्" (पृ.१४४) । अत्याचार, व्यभिचार पुरुषले गर्छ तर समाजले मात्र होइन, कानुनले समेत दण्डित भने नारीलाई गर्छ । यसै कुराप्रतिको असन्तुष्टिका सन्दर्भमा लेखक व्यङ्ग्यात्मक ढङ्गले लेख्छन्, "गोपिनी एउटी थुनुवा थिइन्-खोरकी, ससुराबाट बलात्कार गरिएकी रे" (पृ.१४५) । यस अभिव्यक्तिमार्फत उनले सामाजिक र कानुनी प्रचलनलाई नारीपक्षीय कोणबाट विश्लेषण गर्नुपर्ने आवश्यकतालाई प्रकारान्तरले अघि सारेका छन् ।

उपन्यासकार थापा नारीहरूका छुट्टै सङ्घ-संस्था खडा गरेर नारीउत्थान गर्ने पक्षमा भन्दा पनि नरनारीलाई एकसाथ समान अवसर प्रदान गरेर नारीको अवस्थामा परिवर्तन ल्याउनुपर्छ भन्ने दृष्टिकोण राख्छन् र उनले आफ्नो त्यो दृष्टिकोणको वाहक शान्तिलाई बनाएका छन् । उनी लेख्छन्, "साथीहरूले शान्तिलाई उनैको अध्यक्षतामा एउटा छुट्टै महिला सङ्घ खडा गर्ने राय

दिएका थिए तर शान्तिले त्यसो नगरेर 'अध्ययन मण्डल' बाट आफ्नो र सबैको बौद्धिक उन्नति गर्नु नै उचित मानिन्" (पृ.२०३)। कुनै पनि परिस्थितिका नारीमाथि भेदभावपूर्ण व्यवहार गरिनुहुन्न, उनको दृष्टिकोण नारीले हरेक स्थितिमा नरले समान अवसरहरू पाउनुपर्छ भन्ने थियो। उनले आफ्नो दृष्टिकोणलाई 'अध्ययन मण्डल' मा व्यावहारीकरण भएको देखाएका छन्। उनी लेख्छन्,"विधवा, सधवा, कुमारी, केटाकेटी, तरुणी, प्रौढ महिलाहरू र सबै जातका पुरुषहरू पनि सँगसँगै बसेर वादविवाद र प्रवचन गर्दथे" (पृ.२२५)। उनी नारीमाथि भएका अत्याचारको कारक अशिक्षालाई ठान्दछन् र उनको धारणा शिक्षाको प्रसारद्वारा त्यसको नियन्त्रण हुनसक्छ भन्ने छ (पृ.२२६)।

उपन्यासका अन्तिम पृष्ठहरूतिर अत्याचारी पुरुष (घनश्याम, कपिल, फणेन्द्र) हरूलाई नारी (शान्ति) का अघिल्तिर झुकेको (नमस्कार गरेको) देखाएर सबैतिरबाट ताडित लाञ्छित, तिरस्कृत शान्तिलाई सर्वमान्यता प्रदान गरेर उपन्यासकारले आफ्नो नारीपक्षीय दृष्टिकोणलाई अघि सारेका छन् जसले स्वच्छन्दतावादी प्रकृतिको नारीवादी चेतनाकै पक्षपोषण गरेको देखिन्छ।

### ५.३.१२ **निष्कर्ष**

शीर्षकदेखि नै नारीकेन्द्री रहेको **शान्ति** उपन्यासमा २००७ साल र २०१७ सालका बिचको धार्मिक, सामाजिक, राजनीतिक हरेक दृष्टिकोणले उत्तरोत्तर पतनशील नेपाली जनजीवनको चित्रलाई प्रस्तुत गरिएको छ। उच्चदेखि निम्न वर्गीय जीवनस्थितिलाई समेट्दै काठमाडौंकै परिवेशमा रचना गरिएको यस उपन्यासमा अत्यधिक पीडित पक्षका रूपमा नारीलाई प्रस्तुत गरिएको छ। अर्थात् तत्कालीन धार्मिक, सामाजिक एवं राजनीतिक उत्पीडनको स्वरूपलाई नारीका कोणबाट नियालिएको छ। अनमेल विवाह, चर्चामा मात्र सीमित विधवा विवाह, नारीका जीवनको मूल्यहीनता, पुरुषको स्वेच्छाचारिता, धर्मका खोलभित्रको व्यभिचार, नेताको दुश्चरित्रताजस्ता समस्याबाट पीडित तत्कालीन नारीहरूकी प्रतिनिधि चरित्रका रूपमा प्रस्तुत गरिएकी शान्तिकै केन्द्रीयतामा नै यस उपन्यासको परिणति पनि प्रस्तुत गरिएको छ।

प्रस्तुत उपन्यासले समाजमा नारीप्रति दुर्भाव राख्ने पुरुषहरूको बिग्बिगी नै भए पनि सद्भाव राख्ने पुरुषको पनि खाँचो छैन र त्यस्ता थोरै पुरुषले पनि सामाजिक परिवर्तनका निम्ति मार्गदर्शक दीपको काम गर्न सक्छन् भन्ने चिन्तन अगाडि सारेको छ। अधिकांश पुरुषहरूको नारीद्वेषी चरित्रले गर्दा नारीहरूले असल पुरुषमाथि पनि हत्तपत्त विश्वास गरिहाल्ने परिस्थिति नभएको तत्कालीन वातावरणका नारीहरूको सामाजिक अवस्थितिलाई उपन्यासले सङ्क्रमणशील नै देखाएको छ। कुनै पनि मानिस सम्पन्न र पुरुष भएकै कारणले महान् हुन सक्तैन भन्ने कुरालाई उपन्यासका अन्त्यमा देखिएको शान्तिको हैसियतले पुष्टि गरेको छ।

नारीमुक्तिलाई सिङ्गो राष्ट्रको सामाजिक-राजनीतिक आन्दोलनसँगै गाँसेर खोजिंदा मात्र अपेक्षित सफलता हासिल हुनसक्छ र त्यसका लागि नारीशिक्षा र चेतना जरुरी छ भन्ने दृष्टिकोण नै यस उपन्यासको निष्कर्ष हो। यस उपन्यासमा समस्याको प्रस्तुति र तिनको समाधानको तरिका बढी भावनात्मक प्रकृतिको छ र समग्रमा नारीका सन्दर्भमा पनि मानवतावादी दृष्टिकोण

अँगालिएको छ। स्वच्छन्दतावादी साहित्यिक मूल्यमान्यता बोकेको यस उपन्यासको नारीपक्षीय दृष्टिकोणलाई स्वच्छन्दतावादी नारीवादी दृष्टिकोण भन्नु पर्दछ।

## ५.४ 'अनुराधा' उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण

यहाँ विजय मल्लको **अनुराधा** उपन्यास (वि.सं.२०१८)लाई पृष्ठभूमि, औपन्यासिक शीर्षक,औपन्यासिक स्थानगत-कालगत र वर्गीय सन्दर्भका साथै मूल नारी समस्याका विभिन्न पक्ष, औपन्यासिक परिणति र सन्देश, प्रमुख नारी चरित्रको विश्लेषण, नारीजगत्, नारीपुरुष दृष्टिकोण, औपन्यासिक समष्टि नारीअवस्थिति र लेखकीय नारी दृष्टिकोणजस्ता कोणबाट नारीवादी साहित्यिक समालोचनाका आधारमा क्रमशः केलाई मूल्याङ्कन प्रस्तुत गरिएको छ (५.४.१-५.४.११)।

### ५.४.१ पृष्ठभूमि

विजय मल्ल (वि.सं.१९८२-२०५८) राणाशासनको उत्तरार्द्ध चरण अर्थात् १९९७ सालको राजनीतिक उथलपुथलपछि कथा, कविता र नाटक सिर्जनामा प्रवृत्त भएका हुन्। उनले २०१८ सालमा आएर मात्र नेपाली साहित्यमा उपन्यासकारका रूपमा प्रवेश गरेका हुन्। मनोविश्लेषणात्मक प्रवृत्तिका अनुयायी मल्ल नेपाली उपन्यासलाई आफ्ना दाजु गोविन्द गोठालेले दिएको मनोवैज्ञानिक पहिचानलाई निरन्तरता प्रदान गर्ने उपन्यासकारका रूपमा परिचित हुन पुगेका छन्। पारिवारिक र सामाजिक चेपमा सिर्जित हुन पुगेका व्यक्ति मनका कुण्ठा र तिनका विरुद्धको सङ्घर्षलाई मनोविश्लेषणात्मक पाराले प्रस्तुत गर्न रुचिशील मल्ल आफ्नो यस औपन्यासिक प्रवृत्तिको आधेयका रूपमा नारी जीवनको पारिस्थितिक यथार्थलाई वरण गर्दछन्।

उपन्यासभित्र एकाध निम्न र मध्यम वर्गीय पात्रको उपस्थिति रहे तापनि यिनका उपन्यासमा उच्च वर्गीय जीवनकै चित्र बढी मुखरित रहेको छ। समाजमा विस्तारै प्रवेश गर्दै गरेको आधुनिकता र त्यसलाई स्वीकार नै नगर्ने पुरातन मानसिकताका द्वन्द्वका बिचमा पिसिएको नारी-जीवनको पीडालाई कथ्य बनाएर लेख्ने विजय मल्लका जम्मा दुईवटा उपन्यास प्रकाशित भएका छन्- **अनुराधा** (२०१८) र **कुमारी शोभा** (२०३९)। उपर्युक्त दुईवटै उपन्यास तत्कालीन नेपाली समाजमा नारीहरूले भोग्न बाध्य हुनुपरेका विवशताको कथालाई मनोवैज्ञानिक दृष्टिकोणबाट प्रस्तुत गर्दै त्यस्ता परिस्थितिप्रति असन्तुष्टि प्रकट गर्ने लेखकीय आलम्वनका रूपमा आएका छन्।

मल्लको प्रथम प्रकाशित उपन्यास **अनुराधा** नारीकेन्द्री उपन्यास हो र यसको नामकरण पनि उपन्यासकी प्रमुख नारी चरित्रबाट गरिएको छ। यसअनुरूप नै उपन्यासको सिङ्गो कथानकीय केन्द्रीयता मूल नारी पात्रमा नै समेटिएको छ र उपन्यास उसैका जीवनका सब्ल्याटा र बिब्ल्याँटाहरूको सूची बनेको छ। यो पुरुषरचित उपन्यासकी नारीका कोणबाट गरिएको व्यक्ति नारीको पारिवारिक एवं सामाजिक उत्पीडनको पर्यवेक्षण हो जसमा नारी स्वयं भोक्ता एवं

पर्यवेक्षक दुवै रूपमा प्रकट हुन पुगेकी छ। अर्थात् एउटी नारीले आफ्ना जीवनमा दुःखद् भोगाइका परिसरमा गरेको पितृसत्तात्मक समाजका नारी र पुरुषको नारीप्रतिको व्यवहारको मूल्याङ्कन नै प्रस्तुत उपन्यासको केन्द्रीय सार हो। नेपाली नारीको मूलरूपमा पारिवारिक र त्यसैको सहयोगीका रूपमा रहेको सामाजिक समस्यामा ध्यान केन्द्रित गरिएको यस उपन्यासमा नेपाली परिवारतन्त्र र समाजतन्त्र नारी अस्मिताको पहिचान गर्न असमर्थ रहेको, नारी परतन्त्रताको पक्षपाती, पुरुषको हैकममुनि चेप्टिनुको नारीपीडालाई भन्दा पनि हैकम लाद्न नसक्नुको पुरुष पीडालाई बढी महत्त्व दिने, गल्ती जसको भए पनि दोष नारीको ठहरिने, निर्दोष भएरै पनि चरम पीडा भोग्न बाध्य हुने नारीको पक्ष कसैले नलिने, असहाय अवस्थामा जन्मघरका सम्बन्धीहरूले समेत पनि परचक्रीको व्यवहार गर्ने परिपाटीप्रति असन्तुष्टि व्यक्त गरिएको छ। आफ्नै आमाले षड्यन्त्रपूर्वक पद र पैसाले युक्त रत्नमानसँग गराउन खोजेको स्वयम्वरलाई अनुराधाले माला च्यातेर फालेपछि पनि बिहा भएको प्रचार गरी अनेक धाकधम्कीद्वारा अनुराधालाई परास्त गरेपछि तथाकथित श्रीमान् रत्नमानको हत्या गर्न उसका घरमा भित्रिएर कैयौं दिन बसिसक्दा पनि त्यसमा असफल भएपछि उसकै भाइ समुद्रमानसँग लहसिएको नाटक गरी उसलाई मानसिक पीडा दिन खोज्दा उल्टै समुद्रमान चाहिँ त्यहाँ टिक्न नसकी विराटनगर हिंडेपछि अनुराधा बहुलाउँछे। त्यही रत्नमानले भारतको राँचीमा लगी उपचार गरेर ठीक भएपछि काठमाडौं फर्काएको केही समयपछि ल्हासाबाट फर्केका आफ्ना पितासँग कालिम्पोङ्ग फर्केको लगभग एक वर्ष बितिसक्दा पनि बदलाको भावनाले ग्रस्त अनुराधा एक्लै काठमाडौं जाने क्रममा रेलमा बेहोस भएपछि सिमरा स्टेसनमा उतारिन्छे र परिस्थितिको तारतम्यले कोमलमानका निकट पुग्छे, आफ्ना सारा कथा सुनाउँछे र फेरि बहुलाउँछे। रत्नमानले झैं उसले पनि राँचीलगायत भारतका विभिन्न ठाउँमा उपचार गराउँदा पनि निको नभएपछि ऊ अनुराधा एकदिन आफै निको हुने आशामा उसप्रतिको प्रेमप्रस्तावलाई ओठैनिर ल्याएर प्रतीक्षारत रहेको छ र उपन्यास टुङ्गिएको छ।

मल्लकै अर्को उपन्यास **कुमारी शोभा** पनि नारीकेन्द्री उपन्यास हो। यसकी प्रमुख नारी पात्र शोभा नै हो। ऊ पूर्वकुमारी हो र कुमारीले विवाह गऱ्यो भने श्रीमान् मर्छ भन्ने लोकमान्यताबाट उसको मानसिकता पनि ग्रस्त छ। सचेत मानसिकता भएको उपेन्द्र यी सब कुरामाथि विश्वास नगरी शोभालाई प्रेम गर्दछ र उसँग घरजम गर्न प्रयत्नरत छ। शोभा पनि उसप्रति आकृष्ट छ तापनि उपर्युक्त लोकमान्यतामाथिको विश्वासले ऊ तनावमा परेकी छ। अर्कोतिर बाबुकाजी भन्ने एउटा ड्राइभर पनि छ जो अशिष्ट ढङ्गले प्रेमप्रदर्शन गर्दछ र शोभासँग घरजम गर्न प्रयत्नरत छ। शोभा उसलाई ठ्याम्मै मन पराउँदिन। यसैले उसँग विवाह गरिदिएर उसको मृत्यु हेर्ने कामना पनि गर्छे तर पनि कामैले भने आँट्न सक्दिन। विभिन्न तनावमा झेलिएकी शोभा विक्षिप्तावस्थामा पुग्छे र उपेन्द्रले औषधोपचारसहित उक्त लोकमान्यतामाथिको अन्धविश्वास हटाउने प्रयत्न पनि गर्दछ। फलस्वरूप दुवैको आपसी प्रेमले सुपरिणति प्राप्त गर्दछ।

विजय मल्लका उपर्युक्त दुवै उपन्यासमा प्रमुख नारी चरित्रको मनोकाङ्क्षा र सामाजिक सोचका बिच तालमेल हुन नसक्दा दुवै विक्षिप्त हुन पुगेका छन् र दुवैका सहयोगीका रूपमा एक-

एकवटा शिष्ट-सुशिक्षित-सचेत पुरुषहरू आएका छन् । **अनुराधा**मा सुपरिणति प्राप्त हुन बाँकी छ र **कुमारी शोभा**मा भने प्राप्त भइसकेको छ। यी दुवै उपन्यासको विषयवस्तुमा साम्य पाइन्छ। 'आफ्नो इच्छामुताविकको वरप्राप्ति' दुवै उपन्यासका नारी समस्याका समाधानका रूपमा प्रस्तुत भएको छ। यति भएर पनि विश्लेषणीय प्रयोजनका निम्ति भने मल्लको अघिल्लो उपन्यास **अनुराधा** नै बढी सान्दर्भिक र महत्त्वपूर्ण रहेको छ। शोभाभन्दा अनुराधा हरेक किसिमले उम्दा नारी चरित्र हो । शोभाका चरित्रमा नदेखिएका सङ्घर्षशीलता, दृढता, आत्मविश्वास, पितृसत्तात्मक समाजकी नारी भएर पनि पुरुषलाई उसका ज्यादतीका विरुद्ध चुनौती दिन सक्ने आँट आदि अनुराधाका चारित्रिक विशेषता बन्न गएका छन् जसले पछिल्लोभन्दा अघिल्लो उपन्यासलाई विशिष्ट बन्न मद्दत पुऱ्याएको छ। **अनुराधा** उपन्यास आफ्ना यिनै विशिष्टताहरूले नारीवादी प्रवृत्तिको विश्लेषणका निम्ति आधार बन्न सक्ने हुनाले चयनको मापदण्डभित्र परेको हो । विश्व इतिहासमै नारीवादी साहित्यिक समालोचनाको स्पष्ट प्रारम्भ नभइसकेका अवस्थामा प्रकाशित यस उपन्यासमा परिपक्व नारीवादी चेतनाको अपेक्षा भने गर्न सकिन्न ।

### ५.४.२ शीर्षक

प्रस्तुत **अनुराधा** उपन्यासको नामकरण यसै उपन्यासकी केन्द्रीय नारी चरित्र (नायिका) अनुराधाकै नामबाट भएको छ। उपर्युक्त नामकरणले यस उपन्यासको नारी प्रधानताको सङ्केत गरेको छ। प्रस्तुत उपन्यासको प्रकाशन काल (वि.सं.२०१८) र उपन्यासभित्रका कथावस्तुगत पात्रगत समयसूचनालाई समेत ध्यानमा राखी हेर्दा अनुराधा १८ वर्षकी भएदेखि २४ वर्षको हुँदासम्मको (पुस्तक प्रकाशन कालसँग मिलाउँदा २०१२ देखि २०१८ सालसम्मको) छ वर्षको तत्कालीन नेपाली समाजको नारीसंसार (आम होइन, उच्च वर्गको मात्र)को प्रतिनिधित्व गर्ने सन्दर्भतर्फ पाठकलाई डोऱ्याइएको छ। यसरी शीर्षकमार्फत एकातिर नारी प्रधानता झल्किएको छ भने अर्कातिर यसले प्रमुख नारी पात्रको चारित्रिक अवस्थिति र भूमिकाको महत्त्वलाई स्थापित गराउन गरेको प्रयत्नतर्फ पनि सङ्केत गरेको छ। यस उपन्यासको शीर्षकले लेखकको नारीप्रतिको दृष्टिकोण र नारी समस्या समाधानतर्फको चासोको पनि प्रतिनिधित्व गरेको छ। यसमार्फत नारीको पनि अस्मिता हुन्छ भन्ने उद्बोधन प्राप्त भएको छ जुन आधुनिक नेपाली उपन्यासमा देखिन थालेको नवीन प्रवृत्तिसमेत हो ।

पूर्वीय आध्यात्मिक सन्दर्भमा अनुराधा सती नारीकी प्रतीक हो र सतीत्वको प्रश्नलाई उपन्यासकारले पनि महत्त्व दिएका छन्। वास्तवमा अनुराधाको स्वयम्वर नभएको, परिबन्दले रत्नमानकी पत्नी घोषित हुन पुगेकी, उसैका घरमा बस्दै आएकी, रत्नमानलाई मानसिक आघात प्रदान गर्न समुद्रमानसँग प्रेमको नाटक गरे पनि सतीत्व यथावत् रहेको, उसको लखनौको कलेज जीवनका बारेमा बढाई-चढाई कसैले उसकी आमासम्म कुरा पुऱ्याए पनि यथार्थमा त्यस्तो नभएको जस्ता उपन्यासका वस्तुयथार्थका माध्यमले यस उपन्यासकी नायिकालाई प्राचीन आदर्शकै प्रतीकका रूपमा उभ्याइएको छ। हरेक सन्दर्भले कोमलमानसँग सम्भव देखिन खोजिरहेको अनुराधाको विवाह यथार्थमा दोस्रो नभएर पहिलो नै हो भन्ने पुष्टि पनि दिइएको छ यद्यपि उसले

पारिवारिक र सामाजिक कारणले भने विवाह नै नभएको व्यक्तिसँग पनि पारपाचुके गर्नुपर्ने परिस्थिति आइलागेको छ । परिवार र समाजले अनुराधालाई वेश्या सावित गरिदिएको छ र उसैले पनि आमा, दिदीहरूलाई मानसिक आघात दिन 'वेश्या हुँ' भनेकी छ । यति भएर पनि उसको सतीत्व कतै दुर्घटित भएको छैन, यसैले ऊ कोमलमानसँग विवाह गर्नका निम्ति योग्य छ भन्ने यथार्थलाई उपन्यासकारले शीर्षकमार्फत पुष्टि गर्ने प्रयत्न गरेकाले उपन्यास शीर्षकदेखि नै नारीकेन्द्री रहेको प्रमाणित हुन्छ ।

## ५.४.३ औपन्यासिक सामाजिक परिवेश र नारीजगत्

अब यहाँ **अनुराधा** उपन्यासको सामाजिक परिवेश र नारीजगत्को विवेचना क्रमशः स्थानगत, कालगत र वर्गगत सन्दर्भमा गरिने छ (५.४.३.१-५.४.३.४) ।

### ५.४.३.१ स्थानगत सन्दर्भ

प्रकाशनका सन्दर्भमा हेर्दा उपन्यासको वर्तमान भनेको संसदीय व्यवस्था समाप्त भई निर्दलीय पञ्चायती व्यवस्थाको रजगज भएको र महेन्द्रले प्रत्यक्ष सक्रिय शासन चलाइरहेको समय हो । पञ्चायतको प्रारम्भकालीन समयमा पुगेर टुङ्गिएको यस उपन्यासमा राजनीतिक सन्दर्भ भने कतै पनि उल्लिखित छैन । पारिवारिक-सामाजिक सन्दर्भमा व्यक्ति मनका आरोह-अवरोहलाई चित्रण गर्नुसम्म मात्र यो उपन्यास लक्षित रहेकाले राजनीतिक परिवर्तनसँग यसको आकाङ्क्षा गाँसिन नपुग्नुलाई त्यति आश्चर्यपूर्वक हेर्नुपर्ने स्थिति पनि छैन । यस उपन्यासका पुरुषसमेत सम्पर्कित नदेखिएको राजनीतिक क्रियाकलापसँग यस उपन्यासमा आएका जस्ता नारीहरू सम्पर्कित हुने कुरै आउँदैन । तत्कालीन समय सन्दर्भमा नेपाली राजनीतिमा काठमाडौंका स्थानीय व्यक्तिहरूभन्दा काठमाडौं बाहिरका प्रायः नेवारइतर समुदायका व्यक्तिहरू सक्रिय हुने गरेको परिस्थितिमा यस उपन्यासका पात्रहरू राजनीतिसँग सम्पर्कित नहुनु स्वाभाविकै हो ।

**अनुराधा** उपन्यासको विषयवस्तु तत्कालीन पञ्चायतकालीन २०१८ सालका निकटवर्ती वर्षतिरको परिवेशको काठमाडौंली उच्च खानदानी नेवार परिवारहरूको पारिवारिक कौटुम्बिक परिवृत्तको मूल र त्यस वृत्तभन्दा अलिकति बाहिरको सहायक कथा हो । यस उपन्यासको स्थानगत मुख्य केन्द्र काठमाडौं भए तापनि त्यो नेपथ्यमा मात्र उपस्थित छ । उपन्यासका प्रमुख पात्र र तिनका परिवार सबै काठमाडौंका स्थानीय छन् । उपन्यासको वर्तमानमा प्रत्यक्ष रहेको स्थान एउटै छ र त्यो हो सिमरा । यस उन्यासको मुख्य स्थानगत केन्द्र सिमरा वीरगन्जको उपान्तीय सहर हो जहाँ काठमाडौंमा जन्मी-हुर्की, पढी-बढी गरेको र पुख्यौंली घर तथा पारिवारिक मुख्य केन्द्र काठमाडौं नै भएको पात्र कोमलमान जमिन्दारी चलाएर एक्लै बसेको छ (मल्ल, २०१८ : १३) । वयलहरू र किसानहरू, हलो र कुटो, धानको लहलहाउँदो बाली र मकैका घोगा, हरियाली र वसन्त, वर्षा र तूफान, तोरीका पहेंला फूल, फुङ्ग उडेको माटो, धूलोको भुमरी, घना विस्तृत जङ्गल, चार कोसको झाडी आदि नै कोमलमान बसेको सिमराको परिचय हो । यस उपन्यासमा सिमराको नाम एक ठाउँमा सम्म पनि उल्लेख भएको पाइँदैन तापनि वर्णित वस्तुस्थिति अनुसार

भने उक्त स्थान सिमरा नै हुनुपर्ने बुझिन आउँछ । वीरगन्जबाट अमलेखगन्ज जान हिंडेको रेलको स्टेसन हुनु, त्यहीँ नै कोइला र पानीको प्रबन्ध हुनु (पृ. १८), रेलवे स्टेसनको केही गज मात्र टाढा एरोड्रम बनिनु र काठमाडौंसम्मको हवाइसेवा सुरु हुनु (पृ. १९) ले त्यस स्थानको परिचय दिनमा मद्दत गरेका छन् । वीरगन्ज भेकमा एउटै मात्र हवाईमैदान हुनु र प्रारम्भदेखि नै त्यो सिमरामा रहनुले कोमलमान सिमरामा नै बसोबास गरिरहेको छ भन्ने कुराको पुष्टि हुन्छ । यो स्थान सिमरा नै भएको कुरा चारकोसे झाडीको आरम्भ भएको ठाउँका रूपमा त्यसको परिचय दिएबाट पनि छर्लङ्गिन्छ ।

एरोड्रम र रेल्वे लाइन भएकाले त्यस भेकको अलि बाक्लो बस्ती भएको सिमराको मुख्य स्थानमा आइपुग्न कोमलमानको जमिन्दारीबाट अन्दाजी एक पाउ जति हिंड्नुपर्छ (पृ. १८) । कोमलमानको घर जङ्गल भएकै ठाउँमा पर्छ र त्यसताका नयाँ बस्ती रहेको भेक सिमराको दक्षिणी भागमा पर्दछ । नरबस्ती आदि सिमराको मुख्य लाइनका पनि उपान्तीय बस्ती हुन् जहाँ मानिसहरू ठूला-ठूला जमिन्दारी हाँकेर बस्ने गर्दथे । यातायातका दुईवटा सुविधा (रेलवे र हवाईसेवा)ले गर्दा सिमरामा बस्ती बाक्लिंदै गएको र आजीविकाको केन्द्र बन्न लागेको कुरा पनि यस उपन्यासमा उल्लिखित छ (पृ. १८) । कोमलमानको बसाइ रहेको जङ्गल किनारको भूमि त्यसताका मलेरियाको घर नै थियो (पृ. १८) । काठमाडौंको भन्दा नितान्त भिन्न भेषभूषा, भाषा, संस्कृति भएको, सहरी सुविधाले हीन त्यस बस्तीमा आएर एउटा सहरिया युवक बस्न थाल्नुमा उसको अन्त्यः प्रेरणाकै भूमिका सर्वाधिक देखिन्छ, अन्यथा ऊ त्यहाँ टिक्नै सक्दैनथ्यो । आफूलाई त्यस स्थानमा अभ्यस्त तुल्याएर भुल्याउने प्रयत्नस्वरूप उसले वैज्ञानिक ढङ्गले खेती गर्नका निम्ति ट्याक्टर र नयाँ औजार ल्याएर राखेको थियो (पृ. १४) ।

कोमलमानले यही सिमराको रेलवे स्टेसनमा मूर्च्छित अवस्थामा अनुराधालाई भेटेको छ र स्टेसनमा बिरामीको जिम्मा लिन कोही तयार नभएपछि उसले आफ्नै घरमा लगेको छ । त्यहाँ डाक्टर, अस्पताल आदिको सुविधा प्राप्त नभएकाले वीरगन्ज सहरमा नै पुग्नुपर्छ (पृ. ३६) । सिमरामा जमिन्दार बनेर बसेको कोमलमानसँग अनुराधाको भेट हुनुभन्दा अलिकति अगाडिदेखि प्रारम्भ भएर अनुराधा फेरि विक्षिप्त बनी भारतका विभिन्न स्थानमा उपचार गरेपश्चात् पनि निको नभएपछि उसको स्वस्थताको प्रतीक्षा गरिरहेको कोमलमानको इतिवृत्तसम्मको कथा नै उपन्यासको वर्तमान हो । उपन्यासको प्रारम्भमा अनुराधाको अस्तित्व छैन र उपन्यासको अन्त्यमा कोमलमानको सम्पूर्ण अस्तित्वमाथि अधिकार जमाइराखेको अनुराधाको विक्षिप्ततापूर्ण उपस्थिति छ । यसै बिचमा उपन्यासका सम्पूर्ण कुराहरूको उल्लेख भएको छ । यस उपन्यासमा उल्लिखित सिमराबाहेकका सम्पूर्ण स्थानहरू कथानकीय पूर्वदीप्तिका माध्यमले नेपथ्य बनेर प्रस्तुत भएका छन् ।

**अनुराधा** उपन्यासमा नेपथ्यमा प्रस्तुत भएका स्थानमध्ये काठमाडौं सर्वप्रमुख रहेको छ । यस उपन्यासका तीन मुख्य (अनुराधा, रत्नमान र कोमलमानको) परिवारको केन्द्रीय अवस्थिति काठमाडौंमा नै छ यद्यपि उपन्यासको वर्तमानमा भने अनुराधा र कोमलमान दुवै सिमरामा छन् । अनुराधाका जीवनका दुर्दान्त घटनाहरू सबै काठमाडौंमै घटित भएका छन्, कोमलमानको

जीवनप्रतिको वितृष्णाको अनुभूति पनि काठमाडौंमा नै जागृत भएको छ। अनुराधा र कोमलमान दुवै काठमाडौं सहरका सहरी सभ्यतामा चुर्लुम्म डुबेका व्यक्ति हुन् र त्यसै सभ्यताका गर्भबाट तिनका जीवनको विसङ्गतिको प्रारम्भ भएको छ। अनुराधाका पिता र दाजु व्यापारका सिलसिलामा प्रायः काठमाडौंबाहिर नै बस्छन्, अनुराधा स्वयं पनि शिक्षार्जनका सिलसिलामा काठमाडौंभन्दा बाहिर नै बढी बसेकी छ तापनि मूलरूपमा उनीहरू काठमाडौंकै बासिन्दा हुन्। उसका दिदीहरू विवाह गरेर काठमाडौंमै बसेका छन्, आमा पनि उहीं छ। रत्नमान जागिर खाएर काठमाडौंमै बसेको छ र उसको परिवारमा ऊ र उसको भाइ मात्र छ। उसका घरमा बस्ने बाँकी अरू साइनो पर्ने काकीहरू र तिनका शाखासन्तान हुन्। सानैमा पितृविहीन बनेको कोमलमान विधवा आमा र दाजुभाउजुसँग काठमाडौंमै बस्थ्यो, लगभग २-३ वर्षदेखि भने ऊ काठमाडौंभन्दा टाढा बसेको छ। त्यही काठमाडौंमा ऊ मातृवियुक्त पनि बन्यो।  यति भएर पनि यस उपन्यासमा अनुराधाको स्वयम्वरको षड्यन्त्र भएका बखतको गुह्येश्वरी र वनकालीबाहेक काठमाडौंका अरू कुनै स्थानको उल्लेख त परै जाओस्, सङ्केतसम्म पनि पाइँदैन। सिङ्गो उपन्यासमा कतै पनि अनुराधा, रत्नमान र कोमलमानका घरहरू काठमाडौंका कुनकुन टोलमा थिए भन्ने कुराको झिनो सङ्केतसमेत भएको छैन। भाकल, पूजा, स्वयम्वर, इष्टमित्रको बटुलो आदि कुराले काठमाडौंली समाजको झिनो सांस्कृतिक पहिचान प्रस्तुत गरेको छ। त्यसबाहेक त्यसबेला सर्वसाधारणले पनि ट्याक्सी सहुलियत उपभोग गर्न पाउने, सिनेमाघर, कलेज, टेलिफोन आदिको व्यवस्था भइसकेको देखिन्छ। सहरी सभ्यताको पहिचानस्वरूप आवारा केटाहरूले बाटामा बसेर केटी जिस्क्याउने, बलात्कारको प्रयास गर्ने, भाडाका गुण्डाको प्रयोग गर्नेजस्ता कुराहरू पनि देखिएका छन्। विवाहको भोजमा निम्ताकार्ड छाप्ने चलनले पनि प्रवेश पाइसकेको देखिन्छ चाहे त्यो उच्च वर्गमा मात्र सीमित भएको किन नहोस्। आधुनिक लुगागहनाको सोख पनि भित्रिसकेको देखिन्छ। यसरी विभिन्न सन्दर्भमा परिवर्तन हुँदै गरेको देखिए तापनि नरनारीको सम्बन्धलाई नियाल्ने दृष्टिकोण भने यौनपरक नै देखिन्छ जसमा कुनै सुधारको सङ्केत देखिंदैन। समुद्रमान अनुराधासँग नजिकिंदा यही दृष्टिकोणको सिकार बनेको छ। अनुराधाले भने त्यही होओस् भन्ने चाहेकाले उसलाई केही फरक परेको छैन। यसैको परिणामस्वरूप समुद्रमान काठमाडौंत्यागी बन्न पुगेको छ। कोमलमान पनि भाउज्यूले उसको विवाह आफ्नी बहिनीसँग गराउन खोजेको एकातिर र अर्कातिर चाहिँ आफ्नी आमा नभएको (मरेकीले) काठमाडौं अरुचिकर भएकाले पनि काठमाडौंत्यागी बनेको छ।

अनुराधाको नाटक र दाजु रत्नमानको खप्कीका बिचमा पिसिएको समुद्रमान काठमाडौंबाट पलायित भएपछि विश्रान्ति लिन पुगेको स्थान हो विराटनगर। अन्य सन्दर्भमा यस ठाउँको चर्चा भएको छैन। त्यहाँ रत्नमानको परिवारको जमिन्दारी छ जसलाई सम्हाल्ने निहुँमा समुद्रमानलाई पलायित हुन सजिलो भएको हो। त्यहाँ गएर ऊ एकातिर नामुद रक्स्याहा र वेश्या बनेको छ भने अर्कातिर मिल कम्पनीहरूमा काम गरिरहेको हुनाले व्यापारी पनि बनिसकेको छ (पृ. १५०)। यसरी विराटनगरमा औद्योगिक विकासको पनि प्रारम्भ भइसकेको देखिन्छ।

सिमराको सबभन्दा नजिकको सहर भएकाले बेलाबखत उपन्यासमा वीरगन्जको प्रसङ्ग पनि उल्लेख भएको देखिन्छ। अमलेखगन्ज जाने रेल वीरगन्जबाटै आउँछ, सिमराले डाक्टरी सेवा लिने

सबभन्दा नजिकको स्थान पनि त्यही हो, पहाडबाट झरेका पहाडियाहरू सिमराको जङ्गलबाट दाउरा बटुलेर बिक्री गर्नका लागि त्यहीँ लैजान्छन् । अनुराधा बिरामी हुँदा डाक्टर खोज्न त्यहीँ पठाइएको थियो । रक्सौल छिर्ने नाकाका रूपमा पनि वीरगन्ज चिनिएको छ ।

उपर्युक्त उपन्यासमा नेपालबाहेक भारतका विभिन्न स्थानसहित ल्हासाको समेत पनि चर्चा भएको छ । भारतका कालिम्पोङ, कलकत्ता र तिब्बतको ल्हासा अनुराधाका बाबु र दाजुका व्यापारिक केन्द्र हुन् । कालिम्पोङ अनुराधाले सिनियर क्याम्ब्रिजसम्मको अध्ययन गरेको स्थान हो र भारतकै लखनौमा उसले उच्चशिक्षाको प्रारम्भ पनि गरेकी हो । ऊ बिदाका समयमा भारतका कलकत्ता, बम्बई, दिल्ली, हजरतगन्ज आदि ठाउँहरूमा घुम्न जाने गर्थी । अनुराधा बेहोस हुनासाथ उसलाई उपचारका निम्ति सर्वप्रथम पुऱ्याएको ठाउँ रक्सौल हो । अनुराधालाई उपचारार्थ कोमलमानले पुऱ्याएका भारतका सबै स्थानको नामोल्लेख गरिएको छैन । अन्तिम उपचार गराइएको स्थान पनि राँची हो, जहाँ ऊ पहिलोपटक बहुलाउँदा रत्नमानद्वारा पुऱ्याइएकी थिई । पहिलोपटक बहुलाएर सद्दे भएपछि ऊ एक वर्षदेखि पिताका साथमा कालिम्पोङमा बस्दै आएकी हो । ऊ रेलमै मूर्च्छित भएपछि उतारेर स्टेसनमा छाडिराखिएको स्थान सिमरा हो जहाँ उसको वर्तमान पनि चलिरहेको छ र विगत पनि संस्मरणका माध्यमले डोऱ्याइएको छ । यीबाहेक पटना अर्को एउटा स्थान हो, जहाँ अनुराधा होइन, कोमलमान चाहिँ एम.ए.को अध्ययनका लागि गएको थियो र पढाइ अधुरै छाडेर त्यहाँबाट हिंडेको थियो ।

प्रस्तुत उपन्यासमा उल्लिखित विभिन्न स्थानमध्ये सिमरा र काठमाडौंबाहेक अन्यत्रको जनजीवनको चर्चा भएको छैन । सिमरामा पनि जनजीवनको यस्तो पाटोको उद्‌घाटन गरिएको छ जहाँ नारीको उपस्थिति नै छैन । अनुराधा मात्र एउटी त्यस्ती नारी चरित्र हो, जो सिमरामा विक्षिप्त वर्तमान व्यतित गरिरहेकी छ र उसका जीवनको सम्पूर्ण विगत कोरिएको छ । उसको त्यस विगतमार्फत काठमाडौंको जनजीवन छोइएको छ । काठमाडौंभित्रका स्थानहरूको उल्लेख नभए तापनि  यस उपन्यासका मुख्य तीन परिवार त्यहाँको भित्री सहरी खण्डका बासिन्दा अनुभूत हुन्छन्, किनभने उपन्यासको रचना अवधिमा देखिएका बाटामा बसेर केटी जिस्क्याउने, एक्लीदुक्ली केटी भेटे युवकहरूको समूहले आक्रमणै गरिहाल्नेजस्ता सहरी विकृतिहरू त्यसबेला काठमाडौंका मध्यकेन्द्रतिरै देखिन्थे । यी परिवारको जीवनमा ब्राम्हण या अन्य जातजातिको झल्को नपाइनु, यस उपन्यासको प्रमुख परिवार (अनुराधाको परिवार)को व्यवसाय व्यापार हुनु र त्यो ल्हासादेखि भारतका विभिन्न स्थानसम्म फैलिएको हुनु, काठमाडौंमा पुर्ख्यौली सम्पत्तिले सम्पन्न हुनु, नामका पछाडि 'मान' (रत्नमान, समुद्रमान, कोमलमान) जोडिएको हुनु र नामका पछाडि सिंह लेखिनु, फुल तारेर खानु, एउटै कोठाका लागि एकाधिक ढोका राखिनु (रत्नमानका घरमा अनुराधालाई बस्न दिएको कोठा), अनुराधाका घरमा आउने छिमेकी आइमाई 'तता' भनेर सम्बोधन गरिनु, महिलाहरूले घरको चार पर्खालभित्र सीमित भएर बस्नुलाई घरको इज्जत मानिनु आदि काठमाडौंली भित्री नेवारी समाजका वैशिष्ट्य हुन् र ती यस उपन्यासमा पाइन्छन् । यस अर्थमा यो उपन्यास काठमाडौंली नेवारी समाजकी भारतीय भूमिमा शिक्षार्जन गरेर आधुनिक बनेकी र आफ्नै आधुनिक सोच अनुसार जीवनयापन गर्न चाहने चेलीको जीवन-सङ्घर्षको कथा हो जसमा

ऊ एक्लै सिङ्गो समाजका विरुद्ध लड्दा-लड्दै पटक-पटक विक्षिप्तावस्थामा पुग्दै आएकी छ र भर्खरै-भर्खरै मनले विश्वास गर्न सकिने एउटा सहयोगी (कोमलमान) भेटेकी छ तर काठमाडौंभन्दा टाढाको परिवेशमा। यसरी काठमाडौंली समाज बन्द र बढी सङ्कीर्ण अनुभूत हुन्छ भने काठमाडौंभन्दा बाहिरको समाज खुला र बढी उदार अनुभव हुन्छ। बन्द र सङ्कीर्ण समाजका नारीका व्यथा पनि बढी विशिष्ट खालकै हुन्छन् जसलाई भोग्नेले मात्रै सही रूपमा अर्थ्याउन सक्छ। यस्तो समाजमा नारीलाई भोग्याभन्दा बढी नदेख्ने र लुगा एवं गहनाद्वारा कज्याउन खोज्ने प्रवृत्ति बढी मुखर भएको हुन्छ र रत्नमानले पनि अनुराधालाई विभिन्न खालका सुनका गहना तथा राम्रा-राम्रा लुगाद्वारा कज्याउने प्रयत्न गरेको छ। यस्ता सङ्कीर्ण समाजका पुरुष मात्र होइन नारी नै पनि नारी-स्वतन्त्रताका विरोधी हुन्छन् जुन यस उपन्यासमा अनुराधाका आमा र दिदीहरूका चरित्रका माध्यमले प्रकट भएको छ। यस उपन्यासका मूल कथानकीय विषयवस्तु यिनै तीनवटा काठमाडौंका रैथाने नेवार परिवारसँग जोडिई मुख्यतः विदेशसम्म पनि व्यापारिक सम्बन्ध रहेको परिवारकी शिक्षित चेली अनुराधाका जीवनको उन्नति-अवनतिलगायत त्यसै परिवारका अन्य नारीको उसको जीवन खल्बल्याउने क्रमको भूमिकामाथि केन्द्रित रहेको छ।

### ५.४.३.२ कालगत सन्दर्भ

उपन्यासको मूल कथा भनेको अनुराधाका जीवनसँग सम्बन्धित कथा हो र यो कोमलमानसँग उसको भेट भएदेखि यताको केही महिना अवधिको हो जुन अवधिमा उसका पूर्वजीवनका सबै कथाहरू पूर्वदीप्तिका रूपमा समेटिएका छन्। यस क्रममा झिनो रूपमा उसको जीवनका बाल्यकालदेखिकै कुराहरू आएका छन् र सघन रूपमा चाहिँ ऊ रत्नमानसँग सम्बन्धित भएदेखि यताको कथा आएको छ जुन उसले कोमलमानलाई सुनाउने क्रममा व्यक्त भएको छ। यस क्रममा उसको भविष्यजीवन पनि सङ्केतित हुन पुगेको छ। त्यस अनुसार अगाडि पनि बहुलाएर सद्दे भएकाले यसपटक पनि त्यो सम्भावना छँदैछ, ऊ रत्नमानसँग पारपाचुके लिन सहमत भइसकेकी छ (पृ. १६१) र कोमलमानलाई आफ्नो टेवाका रूपमा लिन थालिसकेकी छ (पृ. १६१-१६२)। उता कोमलमान पनि उसलाई प्रेमप्रस्ताव राख्न नपाएर आकुलव्याकुल बनेको छ (पृ.१६२-१६३)। अब ऊ सद्दे भएपछि रत्नमानसँग पारपाचुके लिएर कोमलमानसँग घरजम गरेर बस्नसक्ने सम्भावना राम्रोसँग दृष्टिगोचर हुन्छ।

अनुराधा नै मूल नारी चरित्र भएकीले उपन्यासका अन्त्यमा २५ वर्ष भएकी उसका जीवनको समयावधि नै उपन्यासको पनि समयावधि हो। यो उपन्यास २०१८ सालमा प्रकाशित भएकाले त्यसबेला २५ वर्षकी भएकी अनुराधाको जन्म वि.सं. १९९३ मा भएको देखिन्छ जसबेला नेपालमा राणाहरूले श्री ३ का उपाधिले शासन गरिरहेका थिए। अनुराधाका लागि १८ वर्षको उमेरसम्म काठमाडौं आफ्नी आमा र घर भएको ठाउँका रूपमा सम्झने एउटा आलम्बन मात्र बनेको छ। उसको प्रारम्भिक शिक्षाको सन्दर्भसमेत पनि काठमाडौंसँग जोडिएको नदेखिएकाले उसले सबै शिक्षा कालिम्पोङमा नै प्राप्त गरेको देखिन्छ। पाँच वर्ष पूरा भएपछि शिक्षारम्भ गराउने नेपालको पुरानो प्रचलन अनुसार लगभग १९९९ सालतिरै ऊ अध्ययनका क्रममा कालिम्पोङ पुगेको

देखिन्छ। त्यसपछि ऊ २००७ सालमा नेपालमा राजनीतिक परिवर्तन हुनुअघि नै एकचोटि आएपछि एकैचोटि सिनियर क्याम्ब्रिज सकेर मात्र १८ वर्ष भइसकेपछि २०११ सालतिर आफ्नो दाइसँग काठमाडौं फर्किएकी छ।

विद्यालयको समयावधिको उसको जीवनको गति बेग्लै थियो र त्यसछिको गति बेग्लै बनेको छ। लखनौमा कलेज जीवनको प्रारम्भ गरेर उसले जीवनको पुरानै गतिलाई कायम राख्न खोजेकी हो तापनि आमा र दिदीहरूको षड्यन्त्रले उसको कामना भङ्ग हुन पुगेको छ। उसले केही महिना मात्र लखनौमा बस्न पाएकी छ। त्यहाँ उसले कुनै परीक्षा दिएको कुराको उल्लेख उपन्यासमा नभएकाले लखनौमा पहिलो शैक्षिक सत्रका प्रारम्भका केही महिना मात्र बिताएको देखिन्छ। आमा सिकिस्त बिरामी भएको भन्ने भ्रूठो तार पाएर काठमाडौं आएकी अनुराधाका जीवनमा उसले कल्पनै नगरेका परिवर्तनहरू आएका छन्। एउटा सरलरेखामा अघि बढिरहेको उसको जीवन हत्यारा बन्नतर्फ उत्सुक देखिनु उसको जीवनको अनौठो मोड हो। यसपछि उपन्यासका घटनाक्रमहरू शीघ्र गतिले अगाडि बढेका छन्।

आमा दिदीहरूले असत्य व्यवहार गरेपछि र रत्नमानले धाकधम्की दिन थालेपछि ऊ छुरी बोकेर रत्नमानको हत्या गर्ने उद्देश्यले उसका घरमा पुगेकी छ। हत्या उसले सोचेजस्तो सजिलो नहुने भएकाले हत्याको अवसर कुर्नकै लागि ऊ त्यस रात त्यसै घरमा बिताउँछे (पृ.११७-११८)। त्यहाँ रात बिताएपछि भ्रूठो विवाह पनि साँचो हुन पुगेको देखी अब त झन् हत्या नगरी नहुने ठानेर अरू दिन पनि त्यहीं बिताउँछे। त्यसै अवधिमा रत्नमानले अनेक माध्यमले उसमाथि रोब जमाउने प्रयत्न गर्दछ (पृ.१२१)। हत्या गर्न नसकेपछि अनुराधा रत्नमानलाई मानसिक आघात पुऱ्याउने योजना बनाउँछे र समुद्रमान त्यसको आलम्वन बन्दछ (पृ.१३३)। दाजुको कोपमाजन बनेपछि समुद्रमान पलायित हुन्छ (पृ.१४९)। उसले घर छाड्नुअघि अनुराधाले रत्नमानलाई छुरी प्रहार पनि गरेकी हो तर त्यसबाट ऊ स्वयं घाइते हुन पुगेकी छ। अब अनुराधाको हृदयले बदला लिन असफल भएको ठान्छ र ऊ बहुलाउँछे। रत्नमानले उसको उपचार गराएर निको तुल्याउँछ। त्यसपश्चात् ऊ फेरि आँखा नदेख्ने हुन्छे। त्यसको पनि उपचार हुन्छ। त्यतिञ्जेल ऊ रत्नमानकै घरमा बस्छे, माइतमा एकचोटि पनि फर्केर आउँदिन। कोमलमानसँग भेट भएको समयभन्दा एकवर्षअघि मात्र ऊ आफ्नो पितासँग कालिम्पोङ फर्की त्यतै बस्दै आएकी हुन्छे। अहिले ऊ फेरि बदला लिनकै लागि काठमाडौं फर्कने क्रममा बिच बाटामै मूर्च्छित बनेपछि कोमलमानसँग भेटिन पुगेकी छ र उपन्यासका अन्त्यसम्म पनि ऊ यहीं छ।

अनुराधाले कोमलमानलाई आफ्नो पूर्वकथा सुनाउने क्रममा १८ वर्षको उमेरमा पाँच-छ वर्ष अगाडि सिमराबाटै काठमाडौं गएको कुरा गरेकी छ (पृ.७८)। त्यसपछि लगभग छ महिनाजति उसले लखनौमा बिताएको अनुमान हुन्छ। उसले कोमलमानसँग भेट हुनुभन्दा अघिको एक वर्ष कालिम्पोङमा बिताएकी छ। बिचका केही महिना उपचारका क्रममा भारतमा बितेको छ। यसरी उसले कालिम्पोङबाट विद्यालयीय अध्ययन पूरा गरेर फर्केपछिको छ वर्षको अवधिमध्ये लगभग दुई वर्षजति अन्यत्र र चार वर्षजति रत्नमानकै घरमा व्यतित गरेको देखिन्छ।

कोमलमानसँग बिताएका केही महिना अवधि सिनियर क्याम्ब्रिज गरेर फर्किएको पछिको छ वर्ष अवधिभन्दा पनि पछाडिको सातौं वर्षमा पर्छ । उनीहरूको भेट हुँदा मङ्सिर महिना थियो (पृ.२१) । भेट भएको तीन-चार दिनपछि नै आफ्ना पूर्वकथाहरू सुनाइसकेर अनुराधा विक्षिप्त बनी, त्यसपछि भारतका विभिन्न अस्पतालहरू चहार्दै अन्त्यमा दुई महिना राँचीमा औषधोपचार गरी कोमलमान घर फर्केर अनुराधाको स्वस्थताको प्रतीक्षा गर्न थालेको केही समय भइसकेको छ । अनुराधाकै इच्छा अनुसार (पृ.१६७) उसले घरवरिपरि आँपको बगैंचा लगाइसकेको छ । बिरुवा खासगरी बर्खा महिनामा सारिन्छ र ती बिरुवा सरिसकेपछिको ढुक्कपना कोमलमानको अभिव्यक्तिमा देखिइसकेको छ (पृ.१६७) । यसरी उनीहरूको भेट भएको २०१७ साल मङ्सिरदेखि उपन्यासको अन्त्य भएको २०१८ सालको भाद्रसम्मको बिचमा लगभग नौ महिना व्यतित भइसकेको देखिन्छ र यसबेला अनुराधाको उमेर २५ औं वर्षमा हिँडिरहेको देखिन्छ ।

लखनौमा रहँदा उसलाई हरतरहले सहयोग पनि गर्ने , भित्रभित्रै उसको रूपको ईर्ष्या पनि गर्ने (पृ.८४) र उसका लखनौका कुराहरू बढाइ-चढाइ गरेर घरमा खबर पनि पठाउने (यसको यकीन अनुराधा पनि गर्न सक्तिन - पृ.९४) साथी रमाले बिहे गरेर पनि बच्चा पाउन नसकेर मरेको परारै हो (पृ.८४) । यसबाट पनि ऊ कालिम्पोङबाट दोस्रोपटक फर्केपछिको समयावधि छ वर्ष पुगेको अनुमान हुन्छ । अनुराधालाई १८ वर्षको उमेरदेखि यताको अवधिमा आफ्ना जीवनमा के के घटित भइसकेको र आफू केबाट के भइसकेको अनुभूति हुन्छ (पृ.७३) ।

**अनुराधा** उपन्यास व्यक्तिमनोकेन्द्री भएकाले यसमा तत्कालीन अस्थिर राजनीतिक एवं देशको सामाजिक-आर्थिक-धार्मिक परिस्थितिहरूको बाह्य चरित्रभन्दा पनि तत्कालीन सामयिक परिस्थितिका चेपमा निर्मित मनोअवस्थाको चित्र चाहिँ उत्रिएको छ । नारी शिक्षा, नारीहित सम्बन्धी कानुन, नारी स्वतन्त्रताजस्ता कुराको अत्यन्त अभाव रहेको र नारीको आफूसम्बन्धी आफ्नै दृष्टिकोण नबनिसकेको समय **अनुराधा**का कथानकमा प्रतिबिम्बित भएको छ । यस उपन्यासकी प्रमुख नारी चरित्र अनुराधाको बहुलाहापन नै समयको तात्कालिक बिम्बको प्रतिबिम्ब हो । उसले प्राप्त गरेको शिक्षादीक्षा नै समयको उल्टो प्रवाह सावित भएको छ । ऊ बाँचेको समयले त्यसलाई निकम्मा मात्र होइन, त्यसलाई प्रत्युत्पादक नै तुल्याइदिएको छ जसको प्रभाव उसले आफ्नो जिन्दगीको आयतनभरि समेटेकी छ । समयको गतिभन्दा अगाडि बढ्न चाहेकी अनुराधा बहुलाएकी छ जुन तत्कालीन समयकै उपहार हो ।

परिवारका पुरुषको, अझ भनौं श्रीमान्को धनाढ्यतालाई श्रीमतीहरूले आङभरिभरि बोकी हिंडेर विज्ञापन गरिदिनुपर्ने तत्कालीन समयको वैशिष्ट्यले अनुराधालाई पनि निल्न खोजेको हो तर उसले निलिन नमानेकीले बहुलाउन बाध्य भई । विवाहका लागि पनि पुरुषेच्छा नै सर्वोपरि हुन्थ्यो, नारीको इच्छा र अनिच्छाको कुनै मूल्य नै थिएन । बाहिरबाट हेर्दा त्यस्तो सामाजिक नैतिक प्रावधानलाई स्विकार्ने नारीहरू सुखी देखिन्थे । उनीहरूका मनमा के बितिरहेको हुन्थ्यो त्यसको मापन बाहिरबाट हुन सक्तैनथ्यो तर समाजको त्यस विधानलाई अस्वीकार गर्ने नारीहरू भने अवश्यमेव नै दुःखी बन्न पुग्थे । यस्तै अस्तित्वहीनताको परिधिबाट बाहिर निस्कन खोजेकी अनुराधाले सद्दे रहन पाइन । त्यो तत्कालीन समयको स्वाभाविक परिणति थियो ।

प्राण त भएको तर चेतना नभएको पशुको जस्तो जीवन स्थिति नै तत्कालीन नारीको जीवन थियो । समयको यस साङ्लालाई चुँडाउन खोज्ने अनुराधा सग्ली रहन पाइन, उसको मानसिकता छिन्नभिन्न बन्न पुग्यो । नेपालमा २००७ सालको प्रजातन्त्र आगमनपश्चात् २०१८ सालसम्मको नेपालको समयको छापलाई व्यक्तिमनोकेन्द्री भएर पनि यस उपन्यासले राम्रैसँग चित्रण गरेको देखिन्छ । अनुराधा बहुलाउनु तत्कालीन समयको पदचाप गुञ्जनु हो ।

केही उच्च वर्गीय टाठाबाठा व्यक्तिहरूको जीवनको स्थितिमा बाहिरी स्वरूपमा परिवर्तनजस्तो देखिए तापनि २००७ सालको परिवर्तनले तिनको संस्कारमा भने खासै कुनै परिवर्तन ल्याएको देखिँदैन । २००७ सालले राणा परिवारले मात्र उपभोग गर्ने गरेको सहुलियतलाई जनतासम्म पनि विस्तार गऱ्यो र त्यो विस्तार उच्च वर्गीय समाजमा सीमित बन्यो । जनताका छोराछोरीले पनि आफ्ना पौरखले उच्च हैसियत हासिल गर्न सक्ने भए । यो उपन्यास त्यस्तै हैसियतवाला परिवारका मानिसको कथा हो । अरू कुरामा परिवर्तन देखा परे तापनि नारीसम्बन्धी दृष्टिकोणमा भने परिवर्तन देखा परेन, उनीहरूका जीवनको स्थितिमा सुधार आएन । बरु उल्टै उनीहरू नयाँ-नयाँ तरिकाले शोषित हुनथाले । अनुराधाका पिताले भारतको शिक्षाका प्रमुख केन्द्र कलकत्ता र कालिम्पोङसम्म व्यापारका सिलसिलामा आउजाउ गरेकाले र नारीशिक्षाको महत्त्व बुझेकाले मात्र उसले पढ्ने अवसर पाएकी हो । यस उपन्यासमा उसबाहेक अरू शिक्षित नारीको उपस्थिति छैन । हरेक नयाँ कुराका प्रारम्भमा सम्बन्धित व्यक्तिले अति सङ्घर्ष गर्नुपर्छ र त्यो समय भनेको नारी शिक्षाको अत्यन्त-अत्यन्त प्रारम्भिक समय थियो । यो उपन्यास जसले एउटी नारीले यस्तै सङ्क्रमणशील समाजमा गरेको सङ्घर्ष र भोगेको पीडाको कथा हो जसले पुरुष शिक्षाको भने राम्रै प्रारम्भ भइसकेको देखाएको छ । रत्नमान, समुद्रमान, कोमलमान, अनुराधाको दाजु सबै पुरुष शिक्षित छन् ।

### ५.४.३.३ वर्गीय सन्दर्भ

**अनुराधा** उपन्यासमा मोटामोटी तीन आर्थिक वर्गका पात्रहरू समेटिएका छन्- उच्च वर्गीय, निम्नमध्यम वर्गीय र निम्न वर्गीय । यस उपन्यासका प्रमुख पात्र र तिनका परिवार सबै उच्च वर्गीय छन् । अनुराधाको परिवार, रत्नमान, कोमलमानका तीनवटै परिवार उच्च वर्गीय छन् । अनुराधाका दुवै दिदीको परिवार निम्नमध्यम वर्गीय र कोमलमानका सिमराको घरमा कार्यरत हरि, शम्भु निम्न वर्गीय चरित्र हुन् । यस उपन्यासमा अनुराधा, उसकी आमा, दिदीहरूबाहेक अरू नारीको कुनै स्पष्ट भूमिका छैन र तिनै नारीको पनि आफ्नो कुनै आर्थिक हैसियत छैन जुन सामन्ती संस्कार बोकेको नेपाली समाजको वैशिष्ट्य नै हो ।

उपन्यासमा कतै पनि नामोल्लेख नभएको अनुराधाको पिता यस उपन्यासको सबैभन्दा ठूलो आर्थिक हैसियत भएको पात्र हो । काठमाडौंका स्थानीय बासिन्दा र धेरथोर पुख्र्यौली सम्पत्तिसमेत भएको उसको व्यापार काठमाडौं उपत्यका वा नेपालभित्र मात्र सीमित नभई तिब्बतको ल्हासा र भारतको कलकत्ता एवं कालिम्पोङसम्म विस्तृत भएको छ । ऊ पनि काठमाडौंमा भन्दा विदेशमा नै बढी बस्छ र उसको छोरो उसलाई व्यापारमा बराबर सघाउने भइसकेको छ । ऊ पनि प्रायः

विदेशमा नै हुन्छ । नेपालको तत्कालीन समय-सन्दर्भमा मानिसहरू आफ्ना छोरीचेलीलाई सकेसम्म आफ्नोभन्दा ठूलो नभए पनि आफै बराबरको आर्थिक हैसियत भएकासँग विवाह गरिदिन्थे । अनुराधाका दिदीहरूको हैसियत निम्नमध्यम वर्गीय भएकाले अनुराधाका पिताको पुर्ख्यौली हैसियत पनि सोही अनुरूपको देखिन्छ । अनुराधाका पिताले व्यापारमा हात हालेको र त्यो फस्टाउँदै पनि गएकाले उसको हैसियत अत्युच्च हुन पुग्यो भने उसका छोरीहरूको हैसियत यथावत् रह्यो । यस अर्थमा त्यस परिवारलाई नवधनिक भन्न सकिन्छ । छोरीलाई सानैदेखि कालिम्पोङको छात्रावासमा राखेर शिक्षा दिलाउन सक्नु उसको यसै नवआर्जित सम्पन्नताको परिणाम हो । यस परिवर्तित आर्थिक हैसियतको प्रभाव अनुराधाकी आमाका चरित्रमा देखिएको छ । श्रीमान्  र पुत्रले व्यापारबाट मनग्य धन आर्जन गरेको तर उसलाई त्यस क्रमको दुःख थाहा नभएकाले गर्दा उसमा धनको उन्माद बढी चढ्नु स्वाभाविक हो । उसबाट अनुराधा बढी उत्पीडित बन्न पुग्नु पनि यसैको परिणाम हो । फेरि काठमाडौंमा प्रायः ऊ एक्लै बस्ने भएकाले त्यहाँ भएको सम्पत्तिको भोगचलन पनि ऊ स्वयंकै खटनपटनमा गर्न स्वतन्त्र थिई । सम्पत्तिआर्जन गर्दाको दुःख थाहा नहुनेहरू प्रायः आडम्वरी स्वभावका हुन्छन् र त्यो स्वभाव अनुराधाकी आमाका चरित्रमा पर्याप्त रहेको छ । यो कुरा अनुराधाको तथाकथित स्वयम्वर र ऊ रत्नमानका घरमा गएपछि उसले पुऱ्याएको औपचारिकताजस्ता कुराले त्यसलाई प्रकट गरेको छ ।

रत्नमान यस उपन्यासको अर्को उच्च वर्गीय व्यक्ति हो जो पुर्ख्यौली हैसियतका दृष्टिले अनुराधाका पिताभन्दा माथिल्लो देखिन्छ । काठमाडौंको मध्य सहरको बाटाकै  छेउमा सजिसजाउ कोठैकोठा भएको तीन तले घर र घरनजिक जग्गाजमिनसमेत भएको देखाइनु उसको पुर्ख्यौली हैसियतकै परिचय हो । शिक्षार्जनमा त्यही हैसियतले सहयोग पुऱ्यायो र ऊ प्रतिस्पर्धा कम हुने समय भएकाले सजिलै डाइरेक्टरसम्म भयो । त्यस जमानामा डाइरेक्टर हुनु भनेको सम्पन्नताको सिंढी उक्लनु नै हो । यही सम्पन्नताका कारणले उसको भाइ समुद्रमान पनि उच्चशिक्षा आर्जन गरिरहेको छ । उसको घरमा मोटरसाइकल छ, ऊ अनुराधाले भनी भने लुगा गहनाको जस्तोसुकै फर्मायस पनि पूरा गरिदिने आँट देखाउँछ (पृ.१२३) । आफैले आर्जन गरेको भन्दा पुर्ख्यौली सम्पत्ति बढी भएकाले पनि उसलाई त्यसको प्रदर्शन रुचिकर लाग्छ । बेला-बखत घरमा भोज गरिरहने, अनेक उपहार दिएर इष्टमित्रलाई प्रभावित गर्न खोज्ने, शारीरिक व्यक्तित्व तुच्छ भएर (पृ.११७) पनि धनका आडमा सुन्दरी अनुराधामाथि हैकम जमाउन खोज्ने प्रवृत्ति भएको रत्नमान तत्कालीन काठमाडौंली समाजको प्रतिष्ठित व्यक्तित्वमा पर्दछ । काठमाडौंबाहिर पनि उसको सम्पन्नताको विस्तार भएको देखिन्छ । विराटनगरमा उसको जमिनदारी पनि छ र व्यापार पनि छ जुन पहिला कामदारहरूका भरमा छाडिएको थियो । पछि घरबाट पलायित बनेको समुद्रमान त्यही कारोबार सम्हाल्न पुगेको मात्र होइन कुशलतापूर्वक सम्हालेको पनि देखिन्छ । पुर्ख्यौली सम्पत्तिको आडले गर्दा रत्नमानलाई कुलीनताको रोब पनि खुब देखाउनु पर्छ । यही सम्पत्तिका कारणले उसलाई अनुराधाकी आमाले छोरीको अनुमतिविना नै छोरी दिने वचन दिइसकेकी छ । तत्कालीन समाजमा छोरीलाई विवाह गरेर पठाउनका लागि उक्त घरको सम्पन्नता नै एक मात्र प्रमुख योग्यता ठहरिन्थ्यो भन्ने कुराको पुष्टि यस उपन्यासले पनि दिएको छ । त्यति मात्र होइन, पारिवारिक

सम्पन्नता सामाजिक प्रतिष्ठा आर्जन गर्ने माध्यम पनि बन्दथ्यो (जुन चलन अहिले पनि विद्यमान छ)। त्यसैका माध्यमले ऊ अनेक जालझेल, षड्यन्त्र र गुण्डागर्दी गर्नसमेत सक्षम बन्दथ्यो र रत्नमान यसको प्रमाण हो। उसले अनुराधालाई अधीनस्थ गर्नका लागि हरसम्भव उपाय अवलम्वन गरेको छ। उसका हरेक कार्य र चरित्रको पृष्ठाधार भनेको उसको पारिवारिक आर्थिक हैसियत नै हो।

कोमलमानको आर्थिक हैसियत पनि उच्च वर्गीय नै देखिन्छ। काठमाडौंमा नै पुर्ख्यौली घर भएको कोमलमान सानै छँदा पितृहीन बनेको थियो। विधवा आमाले छोराहरूको लालनपालन गरी उच्चशिक्षासमेत प्रदान गरेकी छ। पर्याप्त पुर्ख्यौली सम्पत्तिविना त्यसबेलाकी अशिक्षित विधवा नारीले छोराहरूको राम्रोसँग लालनपालन गरी उच्चशिक्षा दिलाउन सम्भव थिएन। कोमलमानको दाजु राम्रो ठाउँ र पदमा जागिरे छ। यस अर्थमा उसले पनि उच्चशिक्षा पाएकै देखिन्छ। स्वदेशमैं बि.ए. सम्मको शिक्षार्जन गरेपछि कोमलमान पनि एम.ए.सम्म पढ्नका लागि पटना गएको र साथमा नोकर पनि (हरि) लगेको देखिन्छ। उच्च आर्थिक हैसियतका व्यक्तिले देशबाहिर पढ्न बस्दा नोकर पनि साथमा लैजाने प्रचलन राणा कालदेखिकै हो जुन **अनुराधा** उपन्यासमा पनि जीवित देखिएको छ। उसकी भाउज्यू आफ्नो देवरसँग आफ्नै बहिनीको बिहे गरिदिन मरिहत्ते गर्छे जसको परिणामस्वरूप ऊ खेती हेर्ने बहानामा काठमाडौंबाट पलायित बनेको छ। भाउज्यू चाहिंको माइतीको हैसियतभन्दा घरकै हैसियत बढी भएकाले त्यसकै निम्ति उसले आफ्नै देवरसँग बहिनीको घरजम गराइदिन खोजेकी हो। सानैदेखि टुहुरोपनको पीडा मनमा गाडिएकाले सम्पन्न भईकन पनि कोमलमानका चरित्रमा भने षड्यन्त्रकारी आडम्बरी स्वभाव देखिंदैन। फेरि उच्चशिक्षाले पनि उसको चरित्रलाई माझ्ने काम गरेको देखिन्छ। मधेशको जमिन्दारी काठमाडौंका मानिसको उच्च वर्गीय हैसियतको अर्को पहिचान हो। कोमलमानको पनि सिमरामा पर्याप्त जमिन्दारी छ जसलाई उसले ट्याक्टर र अन्य आधुनिक औजारका माध्यमले अझ बढी विकसित तुल्याएको छ। साथमा नोकरचाकर, कुकुर, बन्दुक लिएर सिकार खेल्न जानु तत्कालीन ठूलाबडाको अर्को सोख हो जुन कोमलमानमा पनि विद्यमान छ यद्यपि त्यसका पृष्ठभूमिमा अन्य कारण पनि छन्। मानिसको आर्थिक हैसियतले सामाजिक हैसियतको पनि निर्धारण गर्दछ। सिमराको समाजमा जमिन्दारका नाताले कोमलमान प्रतिष्ठित हुन पुगेको छ। ऊ स्टेसनमा पुग्दा वसन्तिया टाढैबाट चियाको कप पुऱ्याउन आइपुग्छ (पृ.१९), वयोवृद्ध मास्टर रामबाबु उसँग गुनासो गर्छ (पृ.१९), स्टेसनका अरू मानिसहरू पनि उसलाई भेटेपछि वरिपरि घेरा लाग्छन्, पुलिस-दरोगाहरू पनि बेलाबखत समस्या आइपर्दा उसँग सल्लाह गर्न पुग्छन् (पृ.१८)। आर्थिक कारणले नै एरोड्रमका कर्मचारीहरू थोरै समयमा नै उससँग घुलमिल भइसकेका छन्। यति भएर पनि त्यस वर्गका मानिसका चरित्रमा पाइने उद्दण्डता भने उसका चरित्रमा पाइँदैन। ऊ पूरापूर मानवतावादी चरित्रको मानिस छ र अरूको दुःखले उसलाई छिट्टै पगाल्छ। उसको यस्तो किसिमको चरित्र निर्माणमा उसको आर्थिक वर्गको भन्दा पनि आमाको भूमिका चाहिँ बढी निर्णायक रहेको छ। बाबु बाँचिरहेको भए उसको चरित्रनिर्माण यसभन्दा अर्कै किसिमले पनि हुनसक्थ्यो।

उपर्युक्त उपन्यासका नारी चरित्रमध्ये अनुराधाका आमाछोरी वर्गीय हैसियतमा प्रकट भएका छन् । उसकी आमाको वर्गीय हैसियत ऊ श्रीमान्का नियन्त्रणमा बस्नु नपरेकाले प्रकट भएको हो भने उसको चाहिँ शिक्षादीक्षा, लवाइखवाइ आदिका माध्यमले निर्मित भएको उसको मनोरचनाबाट प्रकट भएको छ । अनुराधामा जुन किसिमको सोच, आग्रह, दृढता र आँट देखिन्छ त्यो अन्य आर्थिक वर्गका नारीमा देखिँदैन । शिक्षार्जनका क्रममा भारतभूमिमा रहँदा पाएको आधुनिकताको संसर्गले उसको चरित्र निर्माणमा सर्वाधिक महत्त्वपूर्ण भूमिका खेलेको छ । त्यो अवसर पनि उसको त्यही उच्च वर्गीय आर्थिक हैसियतले प्रदान गरेको हो । पितृसत्तात्मक समाजकी हैसियतहीन नारी भएर पनि यस उपन्यासकी प्रमुख नारी चरित्र भएको कारणसहितले अनुराधा पूर्णरूपमा उच्च वर्गीय आर्थिक हैसियतमा प्रस्तुत भएकी छ र त्यस वर्गका वैशिष्ट्यहरूलाई उसको चरित्रले पर्याप्त वहन गरेको छ ।

एउटै घरमा जन्म लिएर पनि अनुराधा र उसका दिदीहरूको आर्थिक वर्ग फरक-फरक छ । उसका दिदीहरूका चरित्रले निम्नमध्यम वर्गीय वैशिष्ट्य बोकेको पाइन्छ । उनीहरू अनुराधाले झैं आमाका आफूलाई चित्त नबुझेका कुराको विरोध गर्दैनन् बरु लोलोपोतो गरेर बस्छन् । त्यो लोलोपोतो उनीहरूले आमाप्रति आदरले भन्दा पनि आमालाई खुसी पारिराख्दा बेलाबखत केही पाइरहने लोभले गरेको हुनसक्छ । "उनीहरूको (दिदीहरूको) घरमा सधैं छाकको समस्या परिरहन्छ र मैले त्यस्तोलाई बिहे नगर्नु ठूलो  भूल गर्नु थियो" (पृ.९५) । "दिदीहरूले जरुर मसँग डाह गरे होलान् भन्ने मलाई लाग्छ । मेरा अरू भिनाज्यूहरू आफ्ना डाइरेक्टर जस्ताको सम्मुख जरुरै दबेर सम्मान देखाएर कुरा गर्दा होलान्, उनीहरूले डाहा गर्न त परै जाओस् प्रशंसा गरिरहे होलान्" (पृ.१२८) । अनुराधाको सानो भिनाज्यू खरदार छ र रत्नमानले उसलाई सुब्बा बनाइदिने बन्दोबस्त गरिदिएको छ (पृ.१२७) । यसरी उसका भिनाज्यूहरूको पुर्ख्यौली सम्पत्ति पनि गौरव गर्नलायक नभएको, जागिर पनि साधारण भएको, अरू कसैले केही सहयोग गरिदेला र जीवनको गुजारा सजिलो होला भन्ने आशामुखी प्रवृत्ति हुने वर्ग भनेको निम्नमध्यम वर्गीय नै हो । उसका दिदी भिनाज्यूहरूमा यही प्रवृत्ति देखिन्छ । यसर्थ उनीहरू निम्नमध्यम वर्गीय आर्थिक हैसियतका चरित्र हुन् ।

उपर्युक्त उपन्यासका तीनवटै प्रमुख परिवार उच्च वर्गीय भएकाले सबैका घरमा नोकरचाकर त अवश्यै थिए होलान् तापनि तिनको चर्चा गरिएको पाइँदैन । कोमलमान सिमराको मौजामा एक्लै बसेको छ र उसका घरमा हरि, सुन्दरैया, शम्भुजस्ता कामदार छन् । निम्न वर्गीय व्यक्तिहरू मात्र अर्काका घरमा कामदारका रूपमा बस्ने, फजुलखर्च गरेको नरुचाउनेजस्ता प्रवृत्ति निम्न वर्गीय हुन् जुन उपर्युक्त पात्रका चरित्रमा विद्यमान देखिन्छ ।

प्रस्तुत उपन्यास तत्कालीन नेपाली समाजकी एउटी शिक्षित युवतीले भोग्नुपरेका समस्या र तिनले उमारेका मानसिक अन्तर्द्वन्द्व तथा विक्षिप्ततालाई केलाउने हिसाबले लेखिएको देखिन्छ । अस्तित्वचेत प्रायः शिक्षा र वातावरणले उमार्ने कुरा हो र तत्कालीन समाजमा यस्तो अवसर उच्च वर्गीय परिवारकी चेलीले मात्र पाउन सक्ने कुरा हो । यसैले यस उपन्यासको उद्देश्य नै उच्च वर्गीय परिवारको चित्रण गर्नु रहेको देखिन्छ र लेखकको ध्यान मूल रूपमा त्यतै एकोहोरिएको छ ।

अन्य वर्गका पात्र त्यत्तिकै प्रसङ्गवश साधारण भूमिकामा मात्र आएका छन् । उच्च वर्गीय समाजमा पाइने जाल, झेल, षड्यन्त्र, रोब, अहङ्कार, आडम्वर, फजुलखर्चीपन, धाक, धम्की आदि प्रवृत्ति यस उपन्यासमा राम्रोसँग उत्रिएका छन् । यसैले  यो उपन्यास तत्कालीन उच्च वर्गीय नेपाली समाजको कथा हो जहाँ अनुराधाका जस्ता कथाहरू बग्रेल्ती पाइन्छन् ।

### ५.४.४ मूल नारी समस्या

**अनुराधा**को नारी समस्या सामाजिक हो तर यो व्यक्तिगतजस्तो बन्न पुगेको छ । सामाजिक संरचना नारी समुदायअनुकूल रहेको अवस्थामा पारिवारिक परिस्थितिको प्रतिकूलताले मात्र नारी **अनुराधा** उपन्यासमा देखिएको हदसम्मको उत्पीडन भोग्न विवश हुने थिइन । नारीहितविरोधी सामाजिक संरचनामा नारी पारिवारिक परिस्थिति आफ्ना अनुकूल रहेर पनि पीडित  हुन्छे  भने यस उपन्यासमा त सक्रिय प्रतिकूलता पारिवारिक परिस्थितिकै रहेको छ । उपन्यासका अन्त्यमा मात्र ऊसँगै समाजका विरुद्ध लड्नका निम्ति एउटा पुरुष (कोमलमान) तयार भएको छ ।

नारीका समस्या व्यक्तिगतजस्ता देखिए तापनि ती सामाजिक नै हुन् । अनुराधाले भोगेको समस्या पनि ऊ एक्लैको जस्तो लाग्छ तर त्यो सामाजिक समस्या हो । नत्र किन अनुराधाका कारणले रत्नमान, समुद्रमान, उसका आमा-दिदीहरू, अनुराधाको पिता, काठमाडौंको समाज ( अनुराधा र समुद्रमानका बिचको सम्बन्धलाई लिएर कुरा काट्ने सन्दर्भमा) आदि सबै मुछिनु ? कतै कुनै साइनोसम्बन्ध नै नभएको कोमलमान किन गाँसिन पुग्नु ? नारी समस्या समाजको अभिन्न अङ्ग भएको कुरा नबुझी वा बुझेर पनि बेवास्ता गरी त्यसलाई नारीकै मात्र समस्याका रूपमा अर्थ्याई बेवास्ता गरिदिनाले व्यक्ति नारी त ध्वस्त हुन्छे नै, समाज पनि विकृत बन्दछ ।

उपर्युक्त उपन्यासमा अनुराधाको समस्यालाई व्यक्ति समस्याका रूपमा लिइएको छ । कोमलमान अनुराधाका जस्ता समस्या सम्पूर्ण निर्मूल गर्ने प्रयत्न नगरी अनुराधाकै मात्र समस्या समाधान गर्न अग्रसर भएबाट यही कुराको पुष्टि हुन्छ । यसो हुनु मनोविश्लेषणात्मक उपन्यासको पहिचान पनि हो । कोमलमान रत्नमानसँग अनुराधाको पारपाचुके गराएर आफूसँग उसको वैवाहिक सम्बन्ध स्थापित गरी उसका सपना (दुईटा साना छोराछोरी, एउटा गतिलो श्रीमान्, वरिपरि फूलबारी र फलफूलका बोट भएको चिटिक्क परेको घर) पूरा गरिदिन इच्छुक देखिन्छ । यसरी त प्रत्येक एउटी अनुराधाको समस्या समाधान गर्न एउटा कोमलमानको जरुरत पर्दछ । सामूहिक रूपमा समस्याको समाधान गरी अनुराधाले भोगेकाजस्ता समस्या उब्जँदै नउब्जने परिस्थितिको निर्माण गर्ने हो भने असङ्ख्य-असङ्ख्य कोमलमानहरूको प्रयासको जरुरतै पर्दैन । यसैले यस उपन्यासमा नारी समस्याको विश्लेषण सामाजिक रूपमा नभई व्यक्तिगत रूपमा मात्र भएको देखिन्छ । यही कारणले नै नारी समस्याले मनोवैज्ञानिक स्वरूप ग्रहण गरेको हो ।

तत्कालीन (२०१२-२०१८सम्म) समय सन्दर्भमा काठमाडौंको उच्च वर्गीय नेवार समाजकी शिक्षित नारीले लैङ्गिक भिन्नताका कारणले भोग्नुपरेको समस्या नै यस उपन्यासका नारी समस्या हुन् । **अनुराधा** उपन्यास काठमाडौंली उच्च वर्गीय नेवारी समाजका सङ्क्रमणकालीन पुस्ताको जीवनस्थिति हो जसमा मूल रूपमा नारी जीवनका पीडालाई समेटिएको छ र त्यसको कारकका

रूपमा पितृसत्तात्मक समाज देखा परेको छ। यद्यपि 'पितृसत्ता' भन्ने शब्दको उल्लेख भने कतै पनि भएको छैन। यस उपन्यासका पीडाका कर्ता र भोक्ता दुवैलाई व्यक्तिगत पहिचान दिइएको छ। समाजको पितृसत्तात्मक बनोटमा नर मात्र होइन नारी पनि नारीविरोधी हुनु स्वाभाविक हुन्छ जुन यस उपन्यासमा पनि देखिएको छ, ती पात्र चाहे सामाजिक रूपमा आएका हुन् वा चाहे व्यक्तिगत रूपमा। पितृसत्तात्मक समाजमा व्यक्ति नर-नारी दुवैलाई नारीविरोधी हुन सुगम हुन्छ तर नरविरोधी हुन भने साह्रै कठिन हुन्छ। यस उपन्यासका नरनारीले यही सुगमताको फाइदा उठाएका छन्। यसैले गर्दा रत्नमानका हरेक षड्यन्त्रले सामाजिक मान्यता प्राप्त गरेका छन् र अनुराधा त्यत्तिकै दोषी ठहरिएकाले त्यसलाई सहन नसकी विक्षिप्त बन्न पुगेकी छ।

प्रस्तुत उपन्यास मनोवैज्ञानिक (मनोविश्लेषणात्मक) भएकाले यसले नारी समस्याको बहुआयामलाई समेट्न सकेको देखिँदैन। यस उपन्यासले परम्परागत सामाजिक संरचनामा नारीले विवाहका सन्दर्भमा भोग्नुपर्ने समस्यालाई आफ्नो प्रस्तुतिको आधार बनाएको छ। यस उपन्यासमा रहेको विभिन्न नारी पात्रको उपस्थितिमध्ये अनुराधा समस्याको भोक्ताका रूपमा र अरू (उसका आमा र दिदीहरू) समस्याको स्रष्टाका रूपमा प्रस्तुत भएका छन्। अरू नारीका समस्या नगन्य रूपमा मात्र प्रस्तुत भएका छन्। राम्रोसँग विश्लेषण गर्ने हो भने अनुराधाकी आमा स्वयं पनि समस्याग्रस्त हुनाले मनोग्रन्थि सिर्जना भइसकेकी नारी हो तापनि उपन्यासमा उसका समस्याको सामान्य उल्लेख मात्र गरिएको छ। अनुराधाइतर नारीलाई समस्याग्रस्त नारीका रूपमा प्रस्तुत नगरिएकाले यस उपन्यासका नारी समस्या भनेका अनुराधाका व्यक्तिगत समस्या मात्र बन्न पुगेका छन् जसको निवारणको सङ्केत पनि व्यक्तिगत रूपमा नै गरिएको छ। यति भएर पनि उपन्यासमा प्रस्तुत अनुराधाको जीवनले उसकै हैसियतका अनेकन् नेपाली नारीका समस्याको प्रतिनिधित्व भने गरेको छ। अनुराधा नेपाली समाजकी एक्ली नारी होइन जो परिवार र समाजका ताडनामा परेर यसरी विक्षिप्त बन्न पुगेकी छ।

अब क्रमशः यस उपन्यासले रेखाङ्कित गरेका नारीको मांसल सौन्दर्य, समाजको सङ्क्रमणशीलता, नारीशिक्षा, उच्च वर्गीय परिवारको सदस्यता, सौन्दर्य र शिक्षाको समन्वित रूप, नारीईर्ष्या र मनोवैज्ञानिक समस्याजस्ता प्रमुख समस्याका बारेमा चर्चा गरिने छ (५.४.४.१-५.४.४.४)।

### ५.४.४.१ **नारीको मांसल सौन्दर्य**

मानव सौन्दर्य दुई किसिमको हुने गर्छ -आत्मिक र मांसल। आत्मिक सौन्दर्यको महत्ता बुझ्नेहरूले मांसल सौन्दर्यलाई तुच्छ ठान्छन्। सौन्दर्य समाजसापेक्ष कुरा हो। समाजको संरचना पितृसत्तात्मक भएका अवस्थाले गर्दा नारीको मूल्याङ्कन मांसल हुने गर्छ। अर्थात् यस्तो समाजमा नारी सौन्दर्यले मांसल सौन्दर्यलाई बुझाउँछ। नारीको अस्तित्व मानवीय रूपमा नखोजी शारीरिक सौन्दर्यका रूपमा मात्र खोजिन्छ। अनुराधा सुन्दरी छ- यो कुराको बोध ऊ स्वयंलाई पनि छ र अरूलाई पनि। चर्मचक्षुले सर्सर्ती हेर्दा अनुराधामा टड्कारै देखिने कुरा मांसल सौन्दर्य नै थियो र अन्य नारीका सन्दर्भमा झैं अनुराधाका सन्दर्भमा पनि यो प्रथम नारी समस्या बनेर उसका

जीवनका बाटामा तेर्सियो । लखनौंमा छँदा पनि यसै कारणले युवकहरू उसका निकट भएका थिए र अन्य युवती (रमा)का निम्ति त्यही नै ईर्ष्याको कारण बनेको थियो (पृ.७५) तापनि त्यहाँ त्यसले असभ्य रूप लिइसकेको थिएन । काठमाडौंमा पनि ऊ बाटामा हिंड्दा केटाहरूले जिस्क्याउँथे एकचोटि त एक हूल केटाहरूले बलात्कारकै प्रयास पनि गरेका थिए (पृ. ८०-८१) । रत्नमान पनि पहिला-पहिला बाटो ढुकेर जिस्क्याउँथ्यो । पछि घरमा विवाहको प्रस्ताव पठायो । अनुराधाले त्यसलाई अस्वीकार गरेर लखनौतिर पढ्न हिँडिदिई (पृ.९३) । त्यसपछि पनि उसले पिछा छाडेन र अनुराधाको सौन्दर्यसँग हुरुक्क भएर त्यसलाई जसरी पनि हासिल गरेरै छाड्नका लागि षड्यन्त्र गर्न थाल्यो । उसका दिदीहरूले उसको ईर्ष्या गर्नुको कारणमध्ये एउटा अनुराधाको सौन्दर्य पनि थियो । हुँदा-हुँदा कोमलमान उसप्रति आकर्षित हुनुको एउटा कारण पनि त्यही थियो (पृ.५९) र यसै पटक मात्र उसको सौन्दर्य सङ्कटग्रस्त बनेको थिएन ।

अनुराधामा अन्य गुण पनि विद्यमान हुँदा हुन् वा उसको नारी अस्तित्व यसबाहेक अन्यत्रै पो विद्यमान थियो कि भनेर कसैले पनि चासो नै देखाएन । उसैलाई पनि “यही सौन्दर्य नै मेरो सर्वस्व झैं त्यसबखत मलाई लाग्दथ्यो” (पृ ७६) । आफ्नो जिन्दगी दुर्घटित हुनुमा आफ्नो सौन्दर्य नै प्रमुख कारक रहेको बोध अनुराधालाई पनि छ । ऊ भन्छे, “मेरो रूपको प्रशंसा नगर्ने कुटुम्बमा कोही पनि थिएनन् तर त्यही विष थियो” (पृ.७९) । आफूप्रतिका पुरुषका काम-वासनाले भरिएका आँखा हेर्दा-हेर्दै उसमा क्षोभ उत्पन्न भइसकेको थियो (पृ.८१) । ऊ आफ्नो मांसल सौन्दर्यका कारणले घमण्डीसमेत भइसकेकी छ । ऊ भन्छे “उनीहरूले मेरो रूप र सौन्दर्यलाई देखे, मलाई देखेनन्” (पृ.७९) । अनुराधा स्वयं आफ्ना जीवनका सन्दर्भबाट दीक्षित भएर आफ्नो बेग्लै अस्तित्वको खोजीतर्फ अग्रसर भइसकेकी छ । ऊ भन्छे, “मेरो यौवनमा जरुर मादकता थियो तर के त्यही मात्र म थिएँ ! के मेरो मनको इच्छाको सत्ता थिएन ?” (पृ.८०) । एकातिर उसको मांसल सौन्दर्य थियो भने अर्कातिर नारीको अस्तित्वका सम्बन्धमा उसको नवीन दृष्टिकोण थियो । यी दुवै कुरा अनुराधाका जीवनका प्रमुख समस्या बन्न पुगे र यही नै यस उपन्यासको सर्वप्रमुख नारी समस्या पनि हो ।

### ५.४.४.२ समाजको सङ्क्रमणशीलता

समाजको सङ्क्रमणशीलता विकासको अभिलक्षण हो र यो जीवित समाजमा आइराखेको हुन्छ । सङ्क्रमणशीलताको अर्थ हो पुराना मान्यता विस्थापित हुँदै जानु र त्यसको ठाउँ नयाँ मान्यताले लिन थाल्नु । नेपाली समाजमा यसको स्पर्श सर्वाधिक ढिलो महिलाका क्षेत्रमा पुग्ने गरेको छ । समाजका विभिन्न पक्षमा परिवर्तनको प्रारम्भ भइसक्दा पनि नारीको संसार र उससम्बन्धी मान्यता भने यथावत् रहेको हुन्छ । त्यसमा परिवर्तन ल्याउनका लागि विशिष्ट सङ्घर्षको आवश्यकता पर्दछ । नेपालमा पनि २००७ सालमा राजनीतिक सामाजिक परिवर्तन भइसकेको छ तर नारीको जीवन भने जस्ताको तस्तै छ । समाजमा आएका विभिन्न परिवर्तनका कारणले नारी पनि आफ्ना जीवनमा परिवर्तनेच्छुक बन्नु तर समाजले त्यसको लागि अनुमति नदिनुका बिचमा सङ्घर्षको प्रारम्भ हुन्छ र सिङ्गो समाजका मारमा एक्ली नारी चेप्टिन्छे ।

अनुराधालाई नेपाली नारीको परम्परागत स्वरूप मन पर्दैन, ऊ आधुनिक ढङ्गले जीवन बिताउन चाहन्छे तर परिवार र समाज भने उसलाई लुगा र गहनाका नयाँ-नयाँ ढाँचाका माध्यमले मात्र आधुनिकता दिन चाहन्छ, लुगा र गहनाभित्र सम्पूर्ण परिचय हराउने कि नहराउने भनेर उसलाई कसैले सोध्दैन । अनुराधाको आफ्नो जीवन र जीवनशैलीका बारेमा भारतभूमिको संसर्गका कारणले विकसित सोच छ तर परिवार र समाज उसलाई त्यसतर्फ अग्रसर हुन दिँदैन । यसैले ऊ विद्रोही बनी तर काठमाडौंमा ऊजस्ता नारीहरू पैदा भइसकेका थिए । ऊ पहिलो विद्रोही थिइन (पृ.८०) । यो सङ्क्रमणशीलताको घात पनि यस उपन्यासका प्रमुख नारी समस्या मध्येको एक भएर देखा परेको छ ।

### ५.४.४.३ नारीशिक्षा

शिक्षा नारीका जीवनको समस्याको समाधान चाहिं हुनुपर्ने हो तर यस उपन्यासमा भने त्यो समस्याका रूपमा उपस्थित भएको छ किनभने स्वच्छन्द स्वतन्त्र प्रकृतिकी अभिमानिनी अनुराधाका निम्ति पुरुषहरू आफै समानका थिए । ऊ स्वतन्त्रतापूर्वक व्यवहार गर्दथी, लाज र शरमले घुँडा टेकेर घुम्टो हालेर आफूलाई क्षुद्र बनाउँदिनथी । यी सबै उसले बोर्डिङबाट प्राप्त गरेको शिक्षाका परिणाम थिए (पृ.८०) । शिक्षाले उसमा पर्याप्त परिवर्तन आएको थियो तर समाज उसलाई बिल्कुल परम्परागत रूपमा मात्र स्विकार्थ्यो । यही विपरीतध्रुवीय मान्यताको तानातानमा परेर ऊ समस्याग्रस्त बनेकी थिई । यो पनि समाजको एक किसिमको सङ्क्रमणशील वैशिष्ट्य नै हो । उसलाई आफूले प्राप्त गरेको शिक्षाका कारणले आफू सङ्कटग्रस्त बन्न पुगेको बोध छ । ऊ भन्छे-

> तर उनीहरूले बिताएको जिन्दगी मलाई किन बिताउन दिएनन् ? किन त्यस्तै आवहवामा फल्न फुल्न दिएनन् ? यसैमा मलाई अफसोस् छ । यस दृष्टिकोणले म सरासर ठगिएकी हुँ । मेरो मगजमा किन विचारहरू कोचिदिए, किन आफ्ना चाहहरू पूर्ति गर्ने शक्ति ममा भरिदिए ? आफ्नो सपना आफै निर्माण गर्ने, आफ्नो खुट्टामा आफै उभिने यस्तो आत्मविश्वास, आत्माभिमान र दर्प ममा किन उत्पन्न भए ? उनीहरूले त्यस कन्भेन्टमा मलाई किन पढाए ? (पृ.८३) ।

उसका दिदीहरूले ईर्ष्यावश उसलाई 'मिमनी' भनेको र रत्नमान ऊसँग लोभिनुको दोस्रो कारण उसले प्राप्त गरेको शिक्षा नै हो । उसकी आमालाई नै पनि उसलाई पढाएको मन परेको छैन ।

### ५.४.४.४ उच्च वर्गीय परिवारको सदस्यता

बाहिरी आँखाले हेर्दा उच्च वर्गीय परिवारकी छोरीबुहारी हुन पाउनु गर्वको कुरा र सुखको कारक हो तर नारीचेतनाका कोणबाट हेर्दा नेपालको पितृसत्तात्मक समाजमा त्यसो हुनु पीडाको कारक हो । समाजको सबैभन्दा आडम्बरी वर्ग नै त्यही हो जसको आन्तरिक र बाहिरी स्वरूपमा आकाश जमिनको फरक हुन्छ । बाहिरबाट हेर्दा राम्रा-राम्रा लुगागहना लगाउने, मिठो-मिठो खाने,

पैसा छेलोखेलो खर्च गर्ने, नोकरचाकर, गाडी आदि सबै सुविधा भएको, समाजमा सबैले मानमनितो पनि गर्ने हुनाले उनीहरूको जिन्दगी सारै सुन्दर र आकर्षक देखिन्छ तर तिनका जीवनको अन्तरको व्यथा भने अर्कै हुन्छ । जति तल्लो आर्थिक वर्ग भयो, नारीको अस्तित्व पनि उत्तिकै सजीव हुँदै जान्छ । दुवैले बराबर अर्थोपार्जन नगरी निर्वाहै नहुने परिवारको जति नारीको अस्तित्वयुक्तता अरू वर्गमा रहँदैन । उच्च वर्गीय परिवारकी नारीले आफ्नो परिवारका पुरुषको सान-रवाफको भरिया बन्नु नै प्रथम र अन्तिम कर्तव्य हुन आउँछ ।

अनुराधा उच्च वर्गीय खानदानमा जन्मिएकी हो र झूठै सही, वैवाहिक सम्बन्ध गाँसिएको घर पनि उच्च वर्गीय नै हो । अनुराधा नराम्रो कामकुरा गर्नु हुँदैन भन्ने भन्दा पनि अरूलाई चाहिँ त्यस्ता कामकुरा भएको थाहा दिनु हुँदैन भन्ने संस्कार भएको परिवारले घेरिएकी छ । समाजको सबैभन्दा माथिल्लो वर्गमा उनीहरू नै पर्ने भएकाले आफ्नोभन्दा सानो वर्गकाले आफूहरूमाथि औंला ठड्याएको उनीहरूलाई सह्य हुँदैन । यसैले उनीहरूको स्वभाव आडम्बरी बनेको हुन्छ । नगर्नु स्वयम्वरको तयारी भइगयो, आफूलाई झुक्याएकै भए पनि त्यसको विरोधमा जानाले अनुराधाका बाबुआमाको प्रतिष्ठामा धक्का लाग्थ्यो । यसैले उसले माला च्यातचुत गरेर स्वयम्वरको बहिष्कार नै गरेकी भए तापनि समाजमा भने स्वयम्वर भएकै हल्ला चलाइयो । उता रत्नमानले पनि नारीद्वारा स्वयम्वरका समयमा अपमानित भएको कुरा लुकाएर प्रतिष्ठा जोगाउनका निम्ति साथीभाइलाई बोलाएर भोज खुवायो । भोजमा भएको अनुराधाको अनुपस्थितिलाई बिरामी भएको बहानाले छोप्यो (पृ.१०२) । पुलिस, गुण्डा आदिको धम्की दिएर अनुराधालाई रत्नमानका घरमा जान बाध्य पारियो र हत्याकै उद्देश्यले भए पनि ऊ त्यस घरमा पुगी । उद्देश्य पूरा नभई हिँड्ने कुरा नभएकाले ऊ त्यसै घरमा बसिरही । अनुराधाले उसलाई श्रीमान्का रूपमा नस्विकारेकै भए पनि समाजको प्रशंसा लुट्न उसले लुगा-गहनाले अनुराधाको अस्तित्वलाई छोप्न खोज्यो । भित्र जे भए पनि बाहिर प्रचार अर्कै कुराको भयो । यसरी अनुराधा उच्च वर्गीय आडम्बरले छोपिन पुगी र त्यसैको थिचाइमा विक्षिप्तसमेत बनी ।

### ५.४.४.५ सौन्दर्य र शिक्षाको समन्वित रूप

तत्कालीन सामाजिक परिवेशमा शिक्षा मात्र त्यति ठूलो नारी समस्या नहुन सक्थ्यो किनभने त्यसबेला शिक्षालाई भन्दा सौन्दर्यलाई महत्त्व दिइन्थ्यो । रमा शिक्षित भएर पनि सुन्दरी हुन नपाएकामा कुण्ठित छ । यसैले ऊ अनुराधाको ईर्ष्या गर्छे । सुन्दरी नभएर शिक्षित मात्र भएकी भए अनुराधा पनि अभिमानिनी नभएर कुण्ठित बन्थी होला तर उसमा शिक्षा र सौन्दर्यको समन्वित रूप रहेको छ जसले उसलाई अस्मितासचेत पनि बनायो र अभिमानिनी पनि बनायो । यसैले आफ्नो अनुमति नलिईकन उसको स्वयम्वरको बन्दोबस्त भएको कुरामा पनि उसले चित्त बुझाउन सकिन र व्यक्तित्वहीन व्यक्तिलाई (सौन्दर्यरहित) श्रीमान्का रूपमा स्विकार्न पनि सकिन । फलस्वरूप अनुराधा समस्याग्रस्त बन्न पुगी । यो समन्वित स्वरूप पनि उसको जीवन-दुर्घटनाका महत्त्वपूर्ण कारकमध्येको एक हो । तत्कालीन सामयिक परिस्थितिका लागि यो पनि मूल

नारी समस्या बन्न पुगेको थियो । समयको परिवर्तनका क्रममा आजका नारीका दृष्टिमा भने शारीरिक व्यक्तित्वभन्दा अन्य (प्रतिभाजन्य) व्यक्तित्व नै महत्त्वयुक्त ठहरिन्छ ।

### ५.४.४.६ नारीईर्ष्या

एकलैङ्गिक सत्ता कायम भएका समाजमा प्रतिस्पर्धा पनि एकलैङ्गिक नै हुनेगर्छ । नेपाल पितृसत्ताका रूपमा पुरुषको एकलैङ्गिक सत्ता कायम भएको मुलुक भएकाले यहाँ पनि प्रतिस्पर्धा अधिकांशतः पुरुष-पुरुष र नारी-नारीका बिचमा देखिन्छ । पुरुषले नारीलाई हेय ठान्छ र ऊसँग प्रतिस्पर्धा पनि गर्दैन तथा नारीका उन्नतिमा ईर्ष्या पनि गर्दैन । बरु त्यस उन्नतिलाई समेत तुच्छ देखाउन प्रयत्नरत रहन्छ । त्यस्तै नारीले पनि पुरुषलाई आफूभन्दा धेरै माथिल्लो कोटिको ठान्छे र प्रतिस्पर्धा एवं ईर्ष्या गर्दिन । यसैले नारीको प्रतिस्पर्धा पनि नारीसँगै हुन्छ र ऊ ईर्ष्या पनि नारीकै चाहिँ गर्छे । यसरी मिलेका त पुरुषहरू पनि हुँदैनन् तर महिलाहरूलाई चाहिँ होच्याएर ‘यस्तै हो, आइमाईहरू कहाँ मिलेर बस्न सक्छन् र ?’ भन्ने गरिन्छ ।

**अनुराधा** पनि पितृसत्तात्मक समाजकै कथा हो । यसैले यहाँ नारीले नारीसँग ईर्ष्या गरेका छन् । अनुराधाकी आमा छोरीले बाबुसँगै बस्न पाएको, पढ्न पाएको कुरासँग ईर्ष्या गर्छे । उसका दिदीहरू बहिनीले पढेको, देशविदेश घुमेको, नयाँ ढङ्गको पहिरन गरेको, सुखसयलमा जिन्दगी बिताएको, स्वच्छन्द-स्वतन्त्र भएर घुमफिर गरेकोमा ईर्ष्या गर्छन् । उनीहरूले अनुराधालाई दिएको मिमनीको सम्बोधन उनीहरूको ईर्ष्याको एकीभूत अभिव्यक्ति हो । आफ्नै साथी रमा पनि अनुराधाको रूपको ईर्ष्या गर्छे । यी ईर्ष्याहरू मूल नारी समस्या बन्न पुगेका छन् । कथानकमा यी ईर्ष्याको उपस्थिति नभएको भए नारीका अन्य समस्या पनि निस्तेज बन्ने थिए , ती त्यति घातक बन्ने थिएनन् । रमाको ईर्ष्याले उसका लखनौका कुरालाई बढाई-चढाई नगरेको भए आमा-दिदीहरूलाई हतारिएर षड्यन्त्रपूर्वक विवाह गरिदिनका निम्ति मौका मिल्ने थिएन । अनुराधाको शिक्षा, स्वतन्त्रता आदि कुराको ईर्ष्या गरेर आमा-दिदीहरूले रत्नमानसँग मिलेर आफ्नै सन्तानका विरुद्ध त्यसरी षड्यन्त्र नगरिदिएको भए समस्या उब्जने नै थिएन, उसको जीवन सरल रेखामा अघि बढिरहन्थ्यो । उसको शिक्षा, सौन्दर्य, धनाढ्यता, समाजको सङ्क्रमणशीलता आदि नारी समस्याका रूपमा देखिएका कुराहरूलाई धारिलो बनाएर उसमाथि प्रहार गर्ने प्रमुख कारक नारी-ईर्ष्या नै हो । यसैले यस उपन्यासको सर्वाधिक जल्दोबल्दो नारी समस्या नारी-ईर्ष्या नै देखिएको छ ।,

### ५.४.४.७ मनोवैज्ञानिक समस्या

**अनुराधामा** जे जति नारी समस्या देखिएका छन् तिनले मनोवैज्ञानिक स्वरूप ग्रहण गर्न पुग्नु पनि अर्को नारी समस्या बन्न पुगेको देखिन्छ । प्रथमतः अनुराधाले स्वयम्वरको विरोध गर्दा मातृआज्ञाको उल्लङ्घन भएकाले त्यसले उसकी आमामा मनोवैज्ञानिक रूप धारण गर्न पुगेको छ । यसैले ऊ हुँदै नभएको स्वयम्वरलाई पनि वैधानिक रूप दिन कटिबद्ध बनेकी छ र छोरीका विरुद्ध रत्नमानका हरेक षड्यन्त्रमा भरपर्दो साथ दिँदै आएकी छ । उसका दिदीहरूका मनमा पनि ऊ

सर्वत्र विजयी देखिएकी छ  र उसको त्यो विजयलाई विवाहका दाम्लाले कसेर उनीहरू पराजयमा बदल्न कटिबद्ध छन् । यसैले आमासँगको उनीहरूको अनुराधा विरुद्धको गठबन्धन निरन्तर कसिने क्रममा देखिएको छ ।

जीवनमा विकसित विविध घटनाक्रमले अनुराधामा सर्वाधिक चर्को किसिमले मनोवैज्ञानिक स्वरूप ग्रहण गर्न पुगेको कुरा त अरू पात्रहरू सद्दे रहँदा-रहँदै पनि ऊ भने विक्षिप्त बन पुगेको कारणले पनि पुष्टि गरेको छ । उसमा सानैदेखि अरूले रूपको प्रशंसा गरिदिने गरेकाले र अरूका तुलनामा पनि कुनै पनि किसिमको अभाव महसुस गर्नु नपरेकाले सौन्दर्य र ऐश्वर्यको घमण्डले उसले आफैलाई सर्वेसर्वा, सर्वविजयी ठान्न थालेकी छ । उसले आफै नारीको आफ्नो पृथक् सत्ता देख्ने गरेकी छ । तत्कालीन नेपालभित्र पाइनेभन्दा समुन्नत किसिमको शैक्षिक र सामाजिक वातावरण (कालिम्पोङ+लखनौं) प्राप्त गरेकी उसलाई आफ्नो जिन्दगी आफ्नै निर्णय अनुसार चल्नुपर्छ भन्ने लागेको छ जुन तत्कालीन नेपाली समाजका नारीका निम्ति असम्भव कुरा हो । षड्यन्त्रपूर्वक आफ्नो स्वयम्वरको आयोजना हुनाले उसलाई झट्का पुग्यो र उसले माला च्यातेर त्यसको विरोध गरी ।

स्वयम्वरको दुर्घटनापछि दुई विपरीत ध्रुवमा निर्मित हुँदै गएको मनोवैज्ञानिक स्वरूपले आपसी टक्करको स्थिति सिर्जित भयो । दुवैथरि एक अर्कालाई पराजित गर्ने मनस्थितिमा पुगे  । एउटा मोर्चामा अनुराधा एक्लै थिई भने अर्को मोर्चामा रत्नमानलगायत बाँकी सबै थिए । अर्को मोर्चाको आक्रमण उसमाथिको घोचपेच र अर्को नयाँ किसिमको षड्यन्त्रबाट सुरु भयो । त्यस दुर्घटनापछि लखनौ जाने सोच बनाइरहेकी अनुराधामा अब बदला लिने धुन सवार भयो र उसले बदला लिनुपर्ने मूल मान्छे रत्नमान ठहरियो । यसैले ऊ रत्नमानको हत्या गर्ने उद्देश्यले छुरी बोकेर उसका घरमा प्रविष्ट भई । जानासाथ हत्याको अवसर नमिल्नाले ऊ त्यस रात त्यसै घरमा बसी । अर्को दिन, अझ अर्को दिन गरी धेरै रातदिन बितिसक्दा पनि उसको योजना कार्यान्वित हुन सकेन । रत्नमानसँग बदला लिने कुरा उसको मनोवैज्ञानिक समस्या बन्यो । त्यसपछि उसले मनोवैज्ञानिक ढङ्गले बदला लिन समुद्रमानलाई अवलम्बन बनाउँछे । रत्नमानका घरमा बस्न थालेपछि समाजका आँखामा आफू उसकी पक्का श्रीमती बन्न पुगेको कुराले पनि उसलाई आघात पुग्यो । पितृसत्तात्मक समाजमा एक्ली नारीको सङ्घर्षले विजय हासिल गर्न नसक्नु अस्वाभाविक कुरा होइन र उसका जीवनमा पनि त्यही स्वाभाविकता देखा पऱ्यो तर त्यसको मनोवैज्ञानिक असर भने उसमा अस्वाभाविक ढङ्गले पऱ्यो । उसले आफ्नो पराजयलाई स्वाभाविक ढङ्गले लिनै सकिन र ऊ विक्षिप्त बनी । यो हाम्रो नेपाली समाजको नयाँ नारी समस्या हो र यस उपन्यासमा यो समस्या निकै शक्तिशाली रहेको छ  ।

समाजको पितृसत्तात्मकता नै नारीको सर्वप्रमुख समस्या हो । समाजमा एकलैङ्गिक सत्ता कायम नभएको भए उपर्युक्त नारी समस्या देखिने नै थिएनन् । अर्थात् नारी पनि पुरुषजत्तिकै हैसियतयुक्त भएकी भए समाजमा पुरुष समस्या र नारी समस्यामा खासै अन्तर पनि हुने थिएन । नारी पितृसत्तात्मक शोषणको माखेसाङ्लाले आवेष्ठित भएकीले जीवनभर समस्याग्रस्त बन्न पुगेकी छ तर यस उपन्यासमा नारी समस्यालाई प्रमुख कथानकीय आधार बनाए तापनि यसको

विश्लेषण उपर्युक्त सोचबाट भएको देखिँदैन। नारी समस्यालाई सामाजिक समस्याका रूपमा नभएर व्यक्तिगत मनोवैज्ञानिक समस्याका रूपमा प्रस्तुत गरिएको छ र यसको समाधानका निम्ति पनि कोमलमानका माध्यमले व्यक्तिगत रूपमा नै पहल गराइएको छ। मनोविश्लेषणात्मक उपन्यासको वैशिष्ट्यअनुरूप नै यो उपन्यास सामाजिक नभएर व्यक्तिगत हो यद्यपि यसको प्रस्तुतिको सेरोफेरो भने सामाजिक नै रहेको छ। यस उपन्यासमा सामाजिक मनोवैज्ञानिकताद्वारा व्यक्तिमनोविज्ञान शासित र उत्पीडित छ र यसका दुवै पाटामा नारीको भूमिका सक्रिय रहेको छ।

### ५.४.५ परिणति र सन्देश पक्ष

प्रस्तुत **अनुराधा** उपन्यासको घटनात्मक अन्तिम परिणति र त्यसले दिने विशेषत : नारीपरक सन्देशबारे तल क्रमशः चर्चा गरिएको छ (५.४.५.१-५.४.५.२)।

#### ५.४.५.१ परिणति

**अनुराधा** उपन्यासको परिणति मूल नारी चरित्र अनुराधाकै केन्द्रीयतामा देखा परेको छ। उपन्यास खासगरी अनुराधाका समस्याहरूको समाधान्मुखताबाट प्रारम्भ भएको छ। उपन्यासको प्रारम्भ र अन्त्यका बिचमा सानो अन्तराल मात्र छ र उपन्यासमा प्रस्तुत गरिएका समग्र समस्याहरू त्यसै सानो अन्तरालभित्र समेटिएका छन्। अनुराधाको स्वतन्त्रताका विरुद्ध षड्यन्त्र गरी विवाह नै नभएकी आफ्नी छोरीलाई रत्नमानकी श्रीमती भनेर प्रचार गरी खल चरित्रका रूपमा प्रस्तुत भएकी उसकी आफ्नै आमा र दिदीहरू अनुकूल भएको नदेखाई अनुराधाले नै उनीहरूलाई परित्याग गरेको देखाएर उनीहरूतर्फको अध्याय समाप्त गरी उपन्यासको परिणति प्राप्तिमा सहयोग पुऱ्याइएको छ। अनुराधा स्वयंले नै आफूलाई उनीहरूका बन्धनबाट मुक्त गराएकी छ  जसले उपन्यासलाई लक्षित परिणतितर्फ अभिमुख गराएको छ।

अनुराधाले आफूलाई नस्विकारे पनि भविष्यमा स्विकार्ने आशामा लगभग छ वर्षजति व्यतित गरिसकेको रत्नमानको धैर्य अनुराधा कालिम्पोङबाट काठमाडौं जान हिंडेर केही महिनासम्म पनि काठमाडौं नपुगेपछि र पछि ऊ सिमरामा कोमलमानका आश्रयमा रहेको सूचना पाएपछि भङ्ग हुन्छ। यसपछि उसले अनुराधाका पितालाई अनुराधा फेरि बहुलाएको भनेको प्रचार मात्र भएको, ऊ कोमलमानसँग पोइल गइसकेकी र अब आइन्दा उसलाई आफ्ना घरभित्र नहुल्ने प्रतिज्ञासहित पत्र पठाउनुले पनि उपन्यासमा अर्कै नयाँ परिणतिको सङ्केत गरेको छ। ससर्ती हेर्दा रत्नमानको पत्रको व्यहोरा अनुराधाको प्रतिकूल देखिए तापनि यथार्थमा त्यो  उसको अनुकूल छ। त्यसले अनुराधाले कहिल्यै नस्विकारेको र पारिवारिक एवं सामाजिक बाध्यताले जेलिएको उक्त बन्धनलाई चुँडाल्न सहयोग पुऱ्याएको छ। यसले पनि उपन्यासलाई लक्षित परिणतितर्फ नै उन्मुख गराएको छ।

अनुराधाको रूप र शिक्षा जसरी उसको जीवनलाई समस्याग्रस्त तुल्याउन सहायक रहेको थियो, त्यसरी नै ती कुरा उसको जीवनलाई समस्यामुक्त बनाउन पनि सहायक नै देखिएका छन्। उसले गरेको कुराकानीको शैली र उसको सुन्दर अनुहारमा खेल्ने सुन्दर मुस्कानबाट कोमलमान

सर्वप्रथम प्रभावित भएपछि नै उसका जीवनका हरेक दुर्घटनालाई सकारात्मक ढङ्गले अर्थ्याउने भएको छ । यो पनि लक्षित परिणतितर्फकै सङ्केत हो ।

उपन्यासमा दुःखद् स्थितिहरूको पाना सर्लक्क पल्टिएर सुखद् स्थिति देखिएको त छैन । बाहिरबाट हेर्दा अनुराधाको स्थिति समस्याग्रस्त नै छ र ऊ विक्षिप्त भएकै अवस्थामा उपन्यास टुङ्गिएकाले उपन्यास दुःखान्तक हो भन्ने भान पर्दछ । उपन्यासलाई विना कुनै खास परिणति अधकल्चोमै टुङ्ग्याइएको हो कि जस्तो पनि लाग्छ । उपन्यासका अन्त्यमा पुगेपछि अनुराधाका समस्याहरूले विश्रान्ति प्राप्त गरेका छन् । प्रथमतः उसले आफ्ना सबै कथाहरू पोख्ने एउटा उपयुक्त ठाउँ (कोमलमान) भेटेकी छ । उसले पूर्ण विश्वास गर्ने एउटा पात्र भेट्टाएकी छ । उसैको सुझाव अनुसार ऊ रत्नमानसँग पारपाचुके गर्न तयार भएकी छ । उसले कोमलमानलाई आफूसँगै काठमाडौं जान, काम नसकिई बहुलाई हाले आफूलाई रत्नमानका हातमा पर्न नदिन अनुरोध गरेकी छ र कोमलमानले पनि त्यो स्विकारेको छ । अनुराधाले आफ्ना अन्तरर्हृदयको स्वप्न ( श्रीमान्, घर, छोराछोरी) पनि कोमलमानलाई बताएकी छ र आफूलाई टेवा चाहिएको छ भन्दै उसको हात समातिराखेकी छ । अनुराधाले परोक्ष ढङ्गले कोमलमानसँग जिन्दगी बिताउने चाहना व्यक्त गरिसकेकी छ तापनि कोमलमानले भने आफ्नो चाहनालाई व्यक्त गर्न सकेको छैन । अनुराधा फेरि दोस्रो पटक बहुलाइसकेपछि ऊ अनुराधाका छेउमा बसेर आफूले उसलाई प्रेम गरेको कुरा दोहोऱ्याइरहन्छ । अनुराधा सद्दे भएपछि अब उनीहरूको घरजम हुन्छ भन्ने कुरा यी कथानकीय सन्दर्भहरूले सङ्केत गरेका छन् । छोरी बिरामी भएर सिमरामा कोमलमानसँग बसेको थाहा पाएर लिन आएको अनुराधाको बाबु कोमलमानले अहिले होस्, पछि म आफै कालिम्पोङमा लिएर आउँछु भन्दा सजिलैसँग छाडेर जान्छ । यसले पनि उपन्यासको सुखद् परिणतिकै सङ्केत गरेको छ । कोमलमानले जस्तोसुकै परिस्थितिमा पनि अनुराधालाई नछाड्ने वचन दिनु र उसको विक्षिप्ततामा स्वयं नै विक्षिप्त हुँदै गएको महसुस गर्नु उपन्यासको सुखान्तीय परिणतिको निर्विघ्नताको सङ्केत हो । सबैतिरबाट भताभुङ्ग बनेका परिस्थितिहरू सम्हालिंदै गएका छन् । अनुराधाको अस्मिताको सम्मान गर्ने एउटा व्यक्ति भेटिएको छ । कोमलमान अनुराधाले रुचाउने किसिमकै व्यक्तित्वशाली पनि छ, रत्नमानजस्तो व्यक्तित्वहीन होइन । षड्यन्त्र र षड्यन्त्रकारीबाट ऊ मुक्त भएकी छ । अनुराधाको विक्षिप्तताबाहेक अरू सबै परिस्थिति सुखान्तीय परिणतियुक्त नै बनिसकेका छन् र त्यस विक्षिप्तताले परिणतिमै बाधा पुऱ्याएको भन्दा पनि कथानकीय कौतूहल सिर्जना गर्नका लागि चाहिँ मद्दत पुऱ्याएको देखिन्छ र त्यसको औचित्य पनि त्यसैमा छ । अनुराधाको त्यो विक्षिप्तता पूर्वजीवनको पीडाको टक्टक्याइ पनि हो । पूर्वजीवनका सम्पूर्ण पीडाहरू कोमलमानलाई सुनाउने क्रममा उसका मस्तिष्कमा एकैचोटि सोहोरिनु नै उसको यस पटकको विक्षिप्तताको कारण हो जुन समयक्रममा अघिल्लो पटक झैं सम्हालिने सम्भावना छ । यस उपन्यासलाई दुःखान्तीय मान्ने हो भने नारीपक्षीय कोणबाट हेर्दा यो पूर्णतः असफल उपन्यास हुनजान्छ किनभने त्यस परिस्थितिमा अनुराधाको अस्मिताचेत र जीवनले थेगी नसक्नुको सङ्घर्ष मूल्यहीन बन्दछन् । यस उपन्यासको सुखान्तीय परिणतिको श्रेय कुनै व्यक्ति पात्रतर्फ नगई कथानकीय परिस्थितितर्फ गएको छ । यस परिणतिमार्फत अनुराधाले आफ्नो निर्दोषिताको

पुरस्कार पाएकी छ, जसले नारीका पक्षमा न्याय गरेको छ। उपन्यासकार मल्लले उपन्यासमा पारिवारिक र सामाजिक द्वन्द्वपूर्ण समस्याहरू (रत्नमानसँगको सङ्घर्ष पारिवारिक नभएर सामाजिक हो किनभने अनुराधा र उसका बिचमा पारिवारिक सम्बन्ध गाँसिएको भन्ने कुरा झूठो हो।) प्रायः मनोवैज्ञानिक ढङ्गले देखाई अवश्यम्भावी सुखान्त औपन्यासिक परिणतिको सङ्केत गरी नारी जगत् र पुरुष जगत् दुवैलाई मध्यममार्गी पारिवारिक एवं सामाजिक सन्देश प्रदान गरेका छन्।

**५.४.५.२ सन्देश**

**अनुराधा** उपन्यासमा निर्दोष भएर पनि सङ्कटग्रस्त बनेको अनुराधाको जीवनको विसङ्गतिलाई सकारात्मक रूपमा प्रस्तुत गरिएको छ। अनुराधाको विक्षिप्ततालाई एक्लो व्यक्ति, सिङ्गो पारिवारिक-सामाजिक जञ्जालसँग सङ्घर्षरत हुँदा भोग्नुपर्ने स्वाभाविक नियतिका रूपमा लिइएको छ। उपन्यास अन्त्यमा सुपरिणतितर्फ उन्मुख भएको देखाएर लेखकले नारीजीवन, परिवार र समाजको उत्थानका निम्ति अनुराधाको जस्तो सङ्घर्षशीलता र पतनका निम्ति उसका आमा र दिदीहरूको जस्तो षड्यन्त्रकारी चरित्र सहायक हुन्छ भन्ने कुरालाई उपन्यासको सारका रूपमा प्रस्तुत गरेका छन्। यही मान्यताको स्थापना नै उपन्यासको औपन्यासिक लक्ष्य रहेको देखिन्छ। नारीमा देखिने अर्की नारीप्रतिको ईर्ष्याभन्दा स्वअस्तित्वप्रतिको सचेतता र आत्मविकासको निमग्नता नै ठूलो हो भन्ने आशयका साथ अनुराधाका आमा र दिदीहरूको आफ्नो चरित्रले गर्दा आफू र आफ्नो परिवारले समेत दुःख पाएको देखाएर त्यस्तो चरित्र त्याज्य छ भन्ने र अनुराधाको आफ्नो अस्मिता चेतनाले गर्दा उसको जीवनले कोल्टे फेरेको र परिवारबाट अलगथलग बसेका उसका पिताले पनि ढुक्क महसुस गरेको (अनुराधालाई कोमलमानका साथमा निर्धक्क छाडेर हिंडेकाले) देखाएर त्यस्तो (अनुराधाको जस्तो) चरित्र वरण्य छ भन्ने सन्देश प्रवाहित गरिएको छ।

परम्परागत पारिवारिक-सामाजिक मूल्यमान्यताको यथावत् अनुकरण नगरी त्यसमा लैङ्गिक हितको समेत ख्याल गरी सामयिक परिवर्तन गर्दै लगेमा नै त्यो नारीको जीवनोपयोगी हुनसक्छ र त्यसपश्चात् मात्र समग्र समाजको हित हुनसक्छ भन्ने सन्देश पनि यस उपन्यासबाट प्रवाहित भएको छ। त्यसैले सङ्घर्षले गर्दा जीवन जतिसुकै कष्टमय रहे तापनि अस्तित्वरक्षार्थ नारीले लड्न छाड्नु हुँदैन, समाजको ठूलो हिस्सा नारीका विपक्षमा उभिए तापनि उसका पक्षमा उभिनेको पनि समाजमा अभाव हुँदैन, स्वाभिमानको रक्षा गरीकन पाएको जीवनको सुख, समृद्धि मात्र मूल्यवान् हुन्छ, सचेत नारीका निम्ति सुखवैभव मात्र जीवनको लक्ष्य बन्न सक्दैन, बरु अस्तित्वरहित भएर पाउने सुखवैभवलाई नारीले त्याग्ने आँट गर्नुपर्छ, जसरी अनुराधाले रत्नमानको ऐश्वर्यबाट प्रभावित र विचलित नभईकन सङ्घर्षमा डटिरही भन्ने सन्देश पनि यस उपन्यासबाट निसृत भएको छ।

नारीहरू स्वपहिचानप्रति सचेत भए र त्यसको आर्जनका निम्ति परम्परागत रूपमा पाउँदै आएका सुखसुविधालाई तिलाञ्जलि दिन दृढप्रतिज्ञ हुने हो भने नारीका जीवनका बन्धनहरू स्वतः खुकुलिँदै जान्छन् र उनीहरूलाई स्वतन्त्रता प्राप्त हुँदैजान्छ। जीवनका बाहिरी क्षेत्रका क्रियाशीलताले आत्मविश्वास र स्वतन्त्रतालाई एकसाथ जन्म दिन्छ। अनुराधाले आफ्नो

स्वाभिमानमाथि भएको प्रहारका विरुद्ध गरेको सङ्घर्षले उसलाई स्वतन्त्रता प्रदान गरेको छ। उसलाई बन्धनमा हाल्न प्रयत्न गर्नेहरू अनुराधाको सङ्घर्षका कारणले आफ्नो षड्यन्त्रका असफलताको फलस्वरूप स्वयं पराजित बनेका छन्। ऊ झन् स्वतन्त्र बन्न पुगेकी छ। उसको पिता सधैं उसको स्वतन्त्रताकै पक्षपाती थियो र उपन्यासका अन्त्यमा पनि कोमलमानका अनुरोधमा सजिलै छोरीको रेखदेखको जिम्मेवारी उसैलाई छाडेर कालिम्पोङ फर्कन्छ (पृ. १६७)। आफ्नो निर्णय नै अनुराधाका जीवनमा सर्वोपरि बनेको छ। कोमलमान उसप्रति भुतुक्क भएको छ र उसैसँग जीवन बिताउन लालायित छ तापनि ऊ अनुराधाको आशयविपरीत केही गर्न चाहँदैन। आफ्नो अभीष्ट प्राप्तिका निम्ति गरिने षड्यन्त्रसँग ऊ असन्तुष्ट छ। सबै पुरुष रत्नमानले जस्तै नारी स्वाभिमानको सम्मान गर्न नसक्ने हुँदैनन्। 'अगुल्टाले हानेको कुकुर बिजुली देख्दा तर्सिन्छ' भने झैं भएर अनुराधा कोमलमानसँग टाढिइन भने उसको सङ्घर्षले आफ्नो अस्मिताको जगेर्ना गरिसकेको छ। यसरी यस उपन्यासले अनुराधाका कथाका माध्यमले यदि नारी नै अस्मितासचेत हुने हो र यसको जगेर्ना गर्ने कार्यमा दृढ रहने हो भने उसका जीवनको परिस्थितिमा परिवर्तन अवश्यम्भावी छ भन्ने सन्देश प्रवाहित गराएको छ।

समाजले पुरुषलाई नारीको अस्तित्वहरण गर्ने सन्दर्भमा दिएको झैं साथ नारीको अस्तित्वको जगेर्ना गर्ने क्रममा पनि दिन्छ किनभने त्यो साथ दिएको भनेको पुरुषको कामलाई हो, नारीको अस्तित्वलाई होइन। पुरुषका हरेक कामको अनुमोदन गर्नु पितृसत्तात्मक समाजको अभिलक्षण नै हो। यसैले पुरुषले चाह्यो भने जति सजिलै नारीको जीवन स्थितिमा परिवर्तन ल्याउन सक्छ, नारीले चाहँदैमा सो काम त्यति सजिलै फत्ते हुनसक्दैन। यो सामाजिक संरचनामा कुनै पनि काममा सफलता प्राप्त गर्न पुरुषलाई भन्दा नारीलाई कठिन हुन्छ भन्ने सन्देश प्रदान गर्नका निम्ति नै अनुराधाले त्यति कठिन सङ्घर्ष गर्दा पनि विक्षिप्तता मात्र हात लागी भएकाले उसलाई सफल तुल्याउन उक्त कामको जिम्मेवारी कोमलमानलाई सुम्पिइएको हो। पितृसत्ताको सहुलियतले गर्दा नारीलाई दुःख दिने पनि पुरुष नै हो। यसैले नारीका दुःखको निवारण पनि उसैले गर्नुपर्छ भन्ने आशयअनुसार नै (दुःख दिने पुरुष-रत्नमान) अनुराधाका समस्याको समाधानार्थ नै कोमलमान प्रस्तुत भएको छ। त्यस्तो सामाजिक परिस्थितिमा व्यक्तिगत आकाङ्क्षातृप्तिकै निम्ति भए पनि एउटी नारीले दृढतापूर्वक विद्रोह गरेको देखाएर नारी स्वाधीनताको वकालत गर्दै नारी स्वाधीनता उसको जीवन स्थितिको परिवर्तनका निम्ति आवश्यक छ भन्ने सन्देश प्रदान गरिएको छ।

### ५.४.६ प्रमुख नारी चरित्र

**अनुराधा** उपन्यासमा यसको प्रकाशन काल (वि.सं.२०१८)ताका टुङ्गिने र सोभन्दा अघिको वि.सं. १९९३-२०१८ का अवधिको अढाइ दशक जतिको प्रजातन्त्रपूर्व र उत्तरको समयको मोटामोटी आरेखन भए तापनि मूल रूपमा भने प्रजातन्त्रोत्तर (२००७ सालपछिको) नेपालको लगभग साढे छ वर्षको मुख्यतः सिमराको र द्वितीयतः काठमाडौं उपत्यकाको र अंशतः भारतका केही भूभागको नेपाली परिवारको मुख्यतः सम्पन्न उच्चवर्गको र गौणतः निम्नमध्यम वर्गका नेवार

परिवारको त्यतिखेर विद्यमान पारिवारिक नारी जीवनलाई नै तिनका विशेषतासहित मनोयाथार्थिक रूपमा प्रस्तुत गरिएको छ । प्रथम महत्त्वका साथ नारी चरित्रलाई प्रस्तुत गरिए तापनि पुरुष चरित्र पनि त्यसपछिको निर्णायक भूमिकामा नै आएका छन् । सक्रियताका आधारमा हेर्दा नर-नारी दुवै लगभग एउटै परिस्थितिमा उभिएका छन् तापनि कथानकीय लक्ष्याधार भने नारी नै रहेका छन् । नारीलाई जति नै अस्तित्वचेतयुक्तता प्रदान गरे तापनि मूलतः परम्परागत (अनुराधाका आमा एवं दिदीहरू, रत्नमान आदि) र थोरै मात्र नवोन्मेषशील (अनुराधा, उसको पिता, कोमलमान आदि) त्यस समाजमा नारी अस्तित्वको केन्द्रीयता भने पुरुषमै छ तापनि त्यसै परिस्थितिमा पनि नारीको स्वअस्तित्वको प्रश्न भने उठाइएको छ र त्यसको सम्मान गर्नसक्ने पुरुषले मात्र नारी जीवनको केन्द्रीयता प्राप्त गर्नसक्छ भन्ने भाव सम्प्रेषित गर्नुलाई यस उपन्यासले आफ्नो कथानकीय आधार बनाएको छ ।

उपर्युक्त उपन्यासका नारी चरित्रमध्ये एकथरि (अनुराधा, रमा)को भूमिका परम्परागत सीमा नाघेर टाढा पुगेको छ भने अर्कोथरिको भूमिका घरको चार पर्खालभित्रको सानो पारिवारिक संसारसम्म नै मात्र सीमित छ । अनुराधा र रमा घरको मात्र होइन देशकै समेत सीमा नाघेर भारतभूमिमा शिक्षार्जनका निम्ति पुगेका छन् । बाँकी अरू नारीले घर, माइती र निकटतम सम्बन्धीका घरको परिधि नाघेको देखिंदैन । नारी खराब या असल दुवै यसै जीवनपरिस्थितिका सीमाभित्र नै भएका छन् । यस उपन्यासकी सर्वप्रमुख नारी चरित्रले परम्परागत नारी आदर्शलाई नै आफ्नो कर्तव्यको सीमारेखा ठान्ने भूल नगरी जीवनको नवीन परिवेश र सीमाको खोजीलाई आफ्नो अभीष्ट तुल्याएकी छ र आफ्नै निर्णय मुताविकको विद्रोह गरी सामाजिक पेलाइमा परेर क्षतिग्रस्त बनेको जीवनको भोग गरिरहेकी छ ।

प्रस्तुत उपन्यासमा मूल रूपमा दुई पुस्ताका नारी चरित्रहरू उपस्थित छन् : प्रौढा - अनुराधाकी आमा र रत्नमानका काकीहरू; युवती- अनुराधा, उसका दिदीहरू, उसकी फुपुकी छोरी, रमा आदि । अनुराधा त्रिशङ्कु अवस्थामा छ । परिवार र समाज उसलाई पत्नीका भूमिकामा देखिरहेछ तर ऊ स्वयंलाई त्यो भूमिका स्वीकार्य छैन । बरु ऊ प्रेमिकाका भूमिकामा चाहिँ देखिएकी छ । समाजले देवर भनिदिएको व्यक्ति  समुद्रमानसँगको सम्बन्ध समुद्रले भाउज्यूको साइनो लगाउँदा-लगाउँदै पनि प्रेमिकाको जस्तो छ । अझ खासगरी भित्री भावना त्यस्तो नभएर पनि ऊ परिवार र समाजलाई भने त्यस्तै प्रतीत गराउन चाहन्छे । कोमलमानसँगको सम्बन्ध पनि अप्रकट नै भए तापनि प्रेमिकाको जस्तै छ । यस उपन्यासका सबै नारीहरू व्यक्तिगत भूमिकामा मात्र छन् । सबै सामाजिक भूमिका परिवारका पुरुषहरूले नै धानेका छन् ।

वर्गीय आर्थिक कोणबाट हेर्दा **अनुराधा** उपन्यासमा उच्च वर्गीय र निम्नमध्यम वर्गीय गरी दुई वर्गका नारी पात्रहरू रहेका भेटिन्छन् । यस उपन्यासका दुई प्रमुख नारीहरू अनुराधा र उसकी आमा उच्च वर्गीय चरित्र हुन् । यिनीहरूका मनमा धनको घमण्ड पनि निकै छ र त्यसैबाट तिनको चरित्र पर्याप्त प्रभावित पनि छ । अनुराधा धनको उपयोग आधुनिक पाराले गर्न रुचाउँछे भने उसकी आमा आडम्वरयुक्त ढङ्गले आफ्नो धनाढ्यता प्रदर्शन गर्न चाहन्छे । यी दुई नारी पारिवारिक नाताले मात्र उच्च वर्गीय हुन् । त्यो वर्गको हुनुमा उनीहरूको कुनै भूमिका छैन ।

पिताका उदारताले अनुराधाले शिक्षाको अवसर प्राप्त गरेकी र अन्य सुखसुविधाको उपभोगका माध्यमले उच्च वर्गीय हैसियतको जीवन बिताएकी छ। श्रीमान्ले पर्याप्त धन कमाइदिएको तर काठमाडौंमा नबसेकाले त्यो धनको उपभोग अनुराधाकी आमाले स्वतजबिजमा गर्न पाएकी छ। अनुराधाका दिदीहरू निम्नमध्यम वर्गीय भूमिकामा छन्। उनीहरूको आर्थिक तजबिज सबै उनीहरूका श्रीमान्का अधिकारमा छ, उनीहरू सहयोगीका भूमिकामा मात्र छन्। उनीहरूले अनुराधामाथि गरेको षड्यन्त्र आफ्नो आर्थिक हैसियत उकास्नका निम्ति नै भएको देखिन्छ किनभने रत्नमानले अनुराधासँग विवाह भएपछि अनुराधाको सानो भिनाज्यूको पदोन्नति गराइदिने भएको छ (पृ. १२७)।

प्रस्तुत उपन्यासमा नारी चरित्र प्रायः अरूकै परिचयबाट परिचित देखिन्छ। आमा र दिदीहरू अनुराधाका सम्बन्धबाट परिचित छन्। रत्नमानका काकीहरूको पनि काकी हुनुभन्दा पर अर्को परिचय छैन तर अनुराधा भने आफ्नै परिचयका माध्यमले परिचित छ। उसलाई चिनाउनका लागि कसैसँगको सम्बन्धलाई अगाडि सारिरहनु पर्दैन, उसका क्रियाकलापहरू नै पर्याप्त छन्।

### ५.४.६.१ अनुराधा

अनुराधा प्रस्तुत उपन्यासकी केन्द्रीय नारी चरित्र हो। सिङ्गो उपन्यासको विषयवस्तु उसकै वरिपरि घुमेको छ। उपन्यासका बाँकी सबै पात्रहरू उसकै चरित्रका इतिवृत्तका रूपमा प्रस्तुत भएका छन्। उसका आमा र दिदीहरू उसको नवोन्मेषशील भूमिकालाई क्रमशः अपकर्षतर्फ तान्नका लागि निरन्तर क्रियाशील देखिन्छन्। उनीहरूले उसलाई जति कज्याउन खोजे ऊ उति नै नियन्त्रणबाहिर गएकी छ। यही नियन्त्रण उल्लङ्घनको क्रम बढ्दै जाँदा ऊ स्वयंकै नियन्त्रणभन्दा पनि बाहिर पुगेकी छ र ऊ विक्षिप्त बन्नु यसैको परिणाम हो। नियन्त्रणकारी भूमिकामा आएका पात्रहरू उसका प्रतिकूल रहेका छन् भने सहयोगी भूमिकामा आएका उसका पिता र कोमलमान अनुकूल रहेका छन्। नियन्त्रणकारीका बिचमा प्रकट हुन नसकेको अनुराधाका स्वभावको सौहार्द्रता, कोमलता, निर्दोषितता र भावुकता अनुकूल रहेका पात्र (कोमलमान)का सान्निध्यमा प्रकट भएका छन्। उसको चरित्रको पूर्ण प्रकटीकरणकै लागि नै उपन्यासमा अनुकूल र प्रतिकूल दुईथरि पात्रको तारतम्य मिलाइएको पाइन्छ।

अनुराधा अनुशासनहीन नारी पक्कै होइन तापनि तत्कालीन काठमाडौंली नेपाली समाजले उसको आचरणलाई त्यही संज्ञा दिएको छ। अनुराधाको जीवनशैली र रुचि पनि आम नारीको भन्दा भिन्न देखिन्छ। परम्परागत नारीहरू आफ्ना हैसियतले भ्याउनेसम्मका गरगहना लगाउँछन् तर धनाढ्य बाबुकी छोरी भएर पनि ऊ हल्काफुल्का एकाध गहना मात्र लगाउँछे। अरू नारीहरू खासगरी रातो रङ रुचाउँछन् तर ऊ भने सेतो, कालो, नीलो रङ मन पराउँछे। उसको सबभन्दा मन पर्ने रङ त अझ सेतो हो र प्रायः ऊ सेतै रङ्का लुगा लगाउँछे। कोमलमानले उसलाई सर्वप्रथम स्टेसनमा भेट्दा उसले सेतो रङको सारी लगाएकी थिई (पृ.२८), सिमरामा पनि एकदिन नीलो सारीसँग सेतै ब्लाउज लगाएकी थिई (पृ.३८), गुह्येश्वरीमा भएको स्वयम्वर काण्डका दिन

पनि उसले सेतै सारी लगाएकी थिई र त्यसलाई ऊ आफूलाई अत्यन्त सुहाउने रङ्का रूपमा लिन्छे (पृ.८८) । यो उसले प्राप्त गरेको शिक्षाको अवसरको परिणाम हो । उसले आफ्ना पिताको सहुलियतमा कालिम्पोङको विद्यालयमा आधुनिक शिक्षा हासिल गरेकी मात्र होइन, उसले आफ्नो चरित्रमा त्यहाँको वातावरणको आधुनिकतालाई पनि बोकेकी छ। यसैले काठमाडौंका अन्य नारीको भन्दा उसको सोचाइ विकसित रहेको छ। काठमाडौंलीहरूले भने उसको सोचाइको स्तरलाई रुचाउन र पचाउन नसकी अमर्यादित र अनुशासनहीनको संज्ञा दिएका छन्। अनुराधाले लड्नुपरेको लडाइँ त्यही चेतनाको लडाइँ हो । दाम्पत्य जीवन प्रारम्भ गर्ने शैली र सम्बन्धका बारेमा अनुराधाको सोचाइ बेग्लै छ र त्यो तत्कालीन नेपाली समाजको भन्दा भिन्न छ। यही भिन्नताले गर्दा नै अनुराधा उत्पीडित बनेकी हो ।

अस्मितालाई ऊ आफ्नो जीवनको सार सम्झन्छे। बाबुआमाले उसले भने भनेको सबै पुऱ्याइदिनाले एकातिर उसको स्वभाव जिद्दी किसिमको बन्न पुगेको छ (पृ.७५) भने अर्कातिर उसमा परम्पराभिन्न नवीन सोचको पनि विकास भइराखेको छ। स्वयम्वरका सिलसिलामा उसको अस्मितामाथि प्रहार भएपछि उसमा अस्मिताबोध पनि जुर्मुरायो। आफूलाई पत्तै नदिई आफ्नो स्वयम्वर गर्ने बन्दोबस्त हुनु अनुराधाजस्ती शिक्षित रूपगर्विता, धनगर्विता नारीका लागि चानचुने आघात बन्न पुगेन। अनुराधाको जीवनादर्श रूपमतीको भन्दा नितान्त भिन्न किसिमको छ । ऊ अस्मिताको सुरक्षा हुने सर्तमा मात्र कसैको आज्ञा मान्न तयार हुनसक्छे। अस्मिताको हनन भएकैले उसले आमासँग सम्झौता गर्न सकिन र रत्नमानसँग बदला लिन प्रयत्नरत देखिई। यस क्रममा उसले शिक्षाआर्जन गर्ने सिलसिला र व्यक्तित्व विकास गर्ने सन्दर्भलाई पनि बरु माया मार्न सकी तर अस्तित्वमाथि भएको प्रहारलाई सहन सकिन । तत्कालीन समाजको पश्चगामी स्वभाव र अझै चरित्रमा रहेको अपरिपक्वताले गर्दा ऊ आफ्नो अभियानमा सफल हुन सकिन र उल्टै आफै विक्षिप्त बन्न पुगी । अस्मिताका रक्षाका क्रममा विक्षिप्तता वा मृत्युलाई समेत पनि उसले नगण्य सम्झेकी छ (पृ. १५२) । आफ्नो विक्षिप्ततामा पनि रत्नमानले भने आफूलाई छुनै नपाओस् भन्ने उसको आकाङ्क्षा छ (पृ. १६१-१६२) ।

अनुराधा अत्यन्त इखालु नारी हो र इख अस्मितासचेत व्यक्तिको पहिचान हो। ऊ अस्मितासचेत नभइदिएकी भए रत्नमानको व्यवहारलाई पनि आफ्नो रूपको पूजा नै सम्झने थिई तर उसले बलजफतको प्राप्तिको त्यस शैलीलाई स्विकार्नै सकिन। उसलाई हरेक सुखसुविधा जुटाइदिँदा पनि र ऊ विक्षिप्त हुँदा गरेको हेरचाह एवं स्वास्थ्योपचारको सहयोगले पनि उसले रत्नमानलाई माफ गर्नै सकिन, उसमा पलाएको बदलाको भावना सेलाउनै सकेन। एक वर्षसम्म आफ्ना पिताका सान्निध्यमा कालिम्पोङ्मा रहँदा पनि उसलाई बदला लिने भावनाले छोडेन र ऊ बदला लिनका लागि मात्र एक्लै काठमाडौंतर्फ प्रस्थित भई। आफ्नै आमा भएर पनि आफूमाथि षड्यन्त्र गरेको कुरालाई प्रथमतः उसले सहनै सकिन। त्यसपछि उसले त्यसलाई भुल्न पनि सकिन र एक साँझ अब कहिल्यै त्यस घरमा नफर्कने प्रतिज्ञा गरेर त्यहाँबाट बाहिरिदिई (पृ.१०)। त्यसपछि ऊ कहिल्यै त्यस घरमा फर्किन। उसले आफ्नो अस्मितामाथि प्रहार गर्नेहरूसँग सम्झौता गरेर पुनः सम्बन्ध विकसित गर्ने चेष्टा कहिल्यै देखाइन। उसको इख यति धेरै कठोर छ

कि त्यसको साधनाका क्रममा निर्दोष व्यक्ति (समुद्रमान) पिंसिंदासमेत उसले दु:ख मानिन। त्यस क्रममा आफ्नै जीवन ध्वस्त हुँदा पनि उसले किञ्चित मानिन। बरु आफूले इखसाधना गर्न नसकिरहेकामा भने ऊ चिन्तित बनेकी छ।

जीवनमा घटित भएको त्यसै दुर्घटनाले उसमा अनेक किसिमका मनोग्रन्थिको विकास भएको देखिन्छ। एक्लै बदला लिने सुर कस्नु, छुरी रोपेर हत्या गर्ने प्रयास गर्नु, परिवार र समाजले हुँदै नभएको कुरालाई सत्य सावित गर्न खोज्नु, उसका विरोधीहरूले आफूलाई विजयी बनाउनका निम्ति भूठको सहारा लिन पनि पछि नपर्नु, कैयौं दिन बितिसक्दा पनि आफूले चाहेजसरी बदला लिन नसक्नु जस्ता कुराले अनुराधामा अनेक मनोविकार जन्मन्छन् र अनेक किसिमका मनोग्रन्थिहरू विकसित हुन पुग्छन्। पहिला त उसमा परपीडक मनोग्रन्थि विकसित हुन्छ। भौतिक रूपमा रत्नमानसँग बदला लिन नसकेपछि अब ऊ मानसिक बदला लिन उद्दत देखिन्छे। रत्नमानकै भाइ समुद्रमानसँग एकतर्फी प्रेमको नाटक रच्छे। समुद्रमान भने उसलाई भाउजुकै रूपमा व्यवहार गर्छ तर ऊ भने रत्नमानलाई दुत्कारेर र समुद्रमानसँग भ्याम्मिएर रत्नमानलाई आघात पुऱ्याउन चाहन्छे। यस अभियानमा ऊ सफल पनि हुन्छे। फलस्वरूप रत्नमान उनीहरूको निकटतामा बन्देज लगाउने प्रयत्न गर्छ, अनुराधा दह्रो प्रतिकार गर्छे र यसको मार समुद्रमानमाथि पर्छ। ऊ त्यो मार खप्न नसकेर काठमाडौंबाट भाग्छ र विराटनगरको आफ्नो मौजा सम्हाल्ने निहुँमा त्यहाँ बसेर अनेक कुलतसहितको स्तरहीन जिन्दगी गुजार्न थाल्दछ।

समुद्रमानलाई अवलम्वन बनाएर गरिएको बदलाको प्रयत्नमा आफूलाई असफल देखेपछि ऊ रत्नमानलाई छुरीले प्रहार गर्छे तर त्यसबाट आफैं घाइते हुन्छे। मानसिक आघातको त्यस चरम स्थितिमा पुगेपछि भने उसको परपीडक प्रवृत्ति निराश बन्छ र उसको मानसिक विक्षिप्तता सुरु हुन्छ।

उसमा बढी स्पष्ट रूपमा परपीडक मनोग्रन्थि देखिन्छ भने त्यसको अर्को किनारामा आत्मपीडक प्रवृत्ति पनि भल्कन्छ। यो प्रवृत्ति भने अघिल्लो प्रवृत्ति जत्तिको स्पष्ट देखिंदैन। आफू दुब्लाउनु, बिरामी हुनुसँगभन्दा पनि बदला लिनुसँग चाहिँ उसको चासो छ। आफ्नो स्वास्थ्यस्थिति बिग्रिएकैमा उसलाई त्यति चिन्ता छैन, त्यसले बदला लिने अभियानमा बाधा पुऱ्याउने हो कि भन्ने चिन्ता चाहिँ छ। यातना दिनु र यातना पाउनु, यही नै उसको बानी भइसकेको छ (पृ. १५६)।

अनुराधा शारीरिक रूपमा अत्यन्त सुन्दर छ। अनुराधा सुन्दर आँखा, घुँघुरिएको कपाल, मोहक मुस्कान, आकर्षक हिंडाइ-चलाइ (पृ.२) भएकी युवती हो। उसको वेशभूषा पनि आधुनिक ढाँचाको छरितो छ- "जर्जेटको सेतो सारी र गुलाफी ब्लाउज, हातमा सानो नाडी घडी र पातलै एक-दुई चुरा, छोट्याइएको र घुँगुरिएको कपाल, ललाटनेरको कपाल पनि अलि सानो पारेर कत्रेको। अरू कुनै गहनाहरू जीउमा थिएनन्" (पृ. २८)। यस युवतीमा रहेको मानिसलाई सहजै तान्न सक्ने कुनै एउटा अनौठो आकर्षणले कोमलमानलाई पनि आकर्षित गरेको छ (पृ. ३५)। जुन बेलाको अनुराधाको रूपले कोमलमान आकर्षित हुन थालेको छ, अनुराधाले भने त्यसबेलाको

आफ्नो रूपलाई बाँदरको जस्तो (पृ. ७६) भन्न थालेकी छ। यसबाट पनि ऊ अत्यन्तै सुन्दरी भएको कुरा सिद्ध हुन्छ। कोमलमान भन्छ, "तिनको अनुहारको बाँयापट्टिको भाग, आँखा र गालाका पाटा विस्तारै विनोदपूर्ण ढङ्गले हाँसेको देखें। त्यो मन्द मुस्कानले म एकदम अत्तालिएँ र मेरो भन्ने कुरा भाषामा परिवर्तित हुनसकेन" (पृ.४२)। अनुराधा पनि अनुभव गर्छे, "मेरो सौन्दर्य नै मेरो काल भएको थियो" (पृ. १५१)। १८ वर्षको उमेरमा काठमाडौं आउँदा आमा उसलाई देखेर छक्क परेकी थिई। अनुराधा आफ्नो त्यतिखेरको सौन्दर्यको स्मरण यसरी गर्छे, "सौन्दर्यको साकार मूर्ति थिएँ। दिदीहरू घरबाट माइत आए, बहिनीलाई हेर्न भनी। मेरो रूपको प्रशंसा नगर्ने कुटुम्बमा कोही पनि थिएनन् तर त्यही विष थियो" (पृ. ७९)। उसका शिक्षकहरू उसलाई केटाकेटीमा अति सुन्दर, अति प्रिय मानेर काखकाखमा लिई म्वाइँ खान्थे, खेलाउँथे, खेल्थे (पृ.७५)।

अनुराधा तत्कालीन नेपाली समाजका आम नारीभन्दा फरक थिई। उसले अवसर र सहुलियत पनि फरक नै पाएकी थिई। कोमलमानलाई उसको क्रियाकलाप अनौठो लागेको थियो, व्यवहार पनि अनौठो नै लागेको थियो र स्वभाव सहज लागेको थियो (पृ.३५)। ऊ मनको प्रवाहमा त्यत्तिकै हुत्तिएर व्यवहार गर्ने खालकी नारी थिइन। ऊ कुनै कारणविना केही गर्न पनि सक्दिन, केही गर्दा पनि गर्दिन (पृ.४२)। आफू हुर्केको वातावरणले गर्दा ऊ स्वच्छन्द, स्वतन्त्र प्रकृतिकी बनेकी थिई (पृ.८०)। आत्मरतिमा लीन उसलाई अरूका जीवनको सरोकार थिएन तर उसका जीवनमाथि षड्यन्त्र हुन थालेपछि भने उसमा पनि वातावरण र परिस्थितिले गर्दा षड्यन्त्रकारीको मनोवृत्ति र चतुरता स्वतः विकसित हुँदै गइरहेको थियो र विभिन्न प्रकारका घटनाहरूका आन्तरिक प्रतिक्रियाहरूले गर्दा ऊ स्वयं पनि त्यसमा सिद्धहस्त हुँदै गइरहेकी थिई (पृ. १२९)।

अनुराधाका चरित्रको चुरो भनेको उसको अस्मिताचेत नै हो। ऊ आफ्नो अस्तित्वप्रति साह्रै सचेत छ। काठमाडौंका सडकहरूमा हिंड्दा आफ्ना शरीरमा युवकहरूका भोका आँखाहरू टाँसिएको अनुभव गर्दा उसलाई लाग्थ्यो "मेरो यौवनमा जरुर मादकता थियो तर के त्यही मात्र म थिएँ ! के मेरो मनको, इच्छाको सत्ता थिएन ?" (पृ. ८०)। नेपाली नारीहरू गोटीभन्दा बढ्ता थिएनन् तर उसलाई आफ्नो अस्तित्व गोटीजस्तो भएको खप्न असह्य हुन्थ्यो। ऊ आफूलाई गोटी होइन खेलाडी सावित गर्न चाहन्थी (पृ. ८५)। त्यही खेलाडी सावित गर्नकै लागि ऊ समाजले तिरस्कार गरेको निर्धन व्यक्तिलाई आफ्नो श्रीमान् भनेर घोषित गर्न चाहन्थी, आफूलाई यसबाट जे होला, यसको किञ्चित पनि पर्वाह गरेकी थिइन (पृ.९९)। ऊ भन्छे, "मैले त्यसै गर्नुपर्थ्यो जसबाट म आफ्नो सत्तालाई राम्ररी कायम गर्न सक्दथें र आत्मतृप्ति पनि पाउँथें ! बर्बाद भएकी भए पनि आफ्नै इच्छाको त्यो प्रतिफल हुने थियो, आफ्नै कार्यको परिणाम" (पृ.९९)।

अनुराधामा अनौठो चारित्रिक स्थिति देखिएको छ। ऊ आफै भोक्ता पनि हो र आफै मनोविश्लेषक पनि। ऊ आफ्ना जीवनका परिस्थितिहरूको व्याख्या र विश्लेषण गर्न सक्षम देखिन्छे। उसको जीवनको इतिवृत्त उसैले कोमलमानलाई सुनाउने क्रममा यस उपन्यासमा व्यक्त भएको छ। त्यस क्रममा ऊ कुनै अर्कै व्यक्तिको जीवनकथालाई झैं विश्लेषण गरी-गरीकन

सुनाउँछे मानौं ऊ कुनै मनोविश्लेषक हो । उसलाई आफ्नो जीवनका हरेक अवस्था र मोडहरूको कारणबारे स्पष्ट ज्ञान रहेको देखिन्छ । आफ्ना जीवनका पुराना कथाहरूका बारेमा त त्यसरी विश्लेषण गर्न सकिन्छ तर आफूले वर्तमानमै भोगिरहेका कुराहरूको त्यसरी विश्लेषण गर्दागर्दै फेरि विक्षिप्त बन्नु भनेको उसको चरित्रमा देखिएको अस्वाभाविकता हो किनभने आफ्ना समस्याको यसरी विश्लेषण गर्नसक्ने मानिस विक्षिप्त बन्दैन । ऊ आफ्ना बारेमा भन्छे-

> हत्या, म हत्या गर्न सक्दिन, यही कमजोरी र दुर्बलताले गर्दा मलाई आघात परेको हुनसक्छ । मैले उसलाई अकस्मात् छुरीले हानेर मारेको भए म सायद बहुलाउँदिनथें हुँला या आफैलाई कोपरेर धुज्याएको भए म मर्थें तर बहुलाउँदिनथें । यही दुर्बलताहरूले गर्दा मेरा सारा क्रियाकलापहरू मेरा निम्ति पश्चाताप र दुःखका विषयहरू भए होलान्, मैले बिर्सन सकिनँ । यसकै फलस्वरूप शरीरले मलाई धोका दियो, बिर्साइदियो । म बौल्हाएँ । ...मैले त्यसबखत मार्न मात्र सकेको भए, म अपराधिनी, ज्यानमारा हुन्थे तर यस प्रकारको विकृत नारी बन्दिनथें (पृ. १५१) ।

उसका जीवनका घटनाक्रमहरूको अध्ययन गर्दा देखिने अरूको विश्लेषण र उसैको विश्लेषणमा कुनै अन्तर देखिँदैन ।

तत्कालीन मात्र होइन, वर्तमान नेपाली समाजमा पनि नारीलाई नैतिकताको बन्धनले साह्रै कडासँग कज्याइराखेको देखिन्छ । अरू कुनै माध्यमबाट उनीहरूलाई नियन्त्रणमा राख्न सकिएन भने नैतिकताको सहारा लिइन्छ । अनुराधालाई पनि यही माध्यमले कज्याउन खोजियो । समुद्रमानसँगको निकटतालाई लिएर उसमाथि चारित्रिक लाञ्छना लगाइयो तर उसले यस माध्यमलाई सजिलै लत्याइदिई । ऊ झूठो नैतिकताको बन्धनसँग बिल्कुलै डराइन, बरु त्यसलाई चुनौती दिँदै भनी, “ए म वेश्या हुँ, मलाई छोडिदेऊ” (पृ.१५०) ।

समाजको पितृसत्तात्मक संरचनाअनुरूप नेपाली नारीहरूको परिचय पुरुषका केन्द्रीयताबाट निसृत हुन्छ र त्यो स्थापनासँग अनुराधा सन्तुष्ट छैन । ऊ आफ्नो परिचय आफैबाट भएको रुचाउँछे । झन् रत्नमानसँगको वैवाहिक सम्बन्ध त झूठो हो जसलाई अनुराधाजस्ती अस्मितासचेत नारीले स्विकार्न सक्ने कुरै भएन । अनुराधाको यस सोचलाई नारीवादी चेतनाको नाम दिनु उपयुक्त हुन्छ किनभने नारीकै केन्द्रबाट नारीको परिचयको चाहना राख्नु नारीवादी चेतनाको अत्यन्त महत्त्वपूर्ण पक्ष हो र यसलाई अनुराधाको चरित्रमार्फत यस उपन्यासमा समेटिएको पाइन्छ । यस चेतनालाई प्रकट गर्ने अनुराधाको अभिव्यक्तिको एउटा नमुना यसप्रकार छ-

> मिथ्या, कृत्रिम, विवाहित अनुराधा नभएर म स्वयं अनुराधा मात्र हुन चाहन्छु । आफ्नो वास्तविक यथार्थ अस्तित्वलाई झूठो र मिथ्याको आवरणले ढाकिएर म कहिलेसम्म चैन पाउँछु ? म आफै मात्र हुन चाहन्छु तर समाज, परिवार र मनुष्यहरू मलाई मिथ्यामय श्रीमती अनुराधाभन्दा बढी केही हेर्न चाहँदैनन् । म मिथ्या नै बनुँ, उनीहरूलाई त्यतिकैले सन्तुष्टि छ । अझै पनि मलाई आफू मात्र कोही बन्न दिँदैनन् (पृ. १५४) ।

सोचाइको यसै बिन्दुबाट उसका जीवनका सङ्घर्षहरू प्रारम्भ भएका छन् र ऊ विक्षिप्तावस्थामा पुगेकी छ। उसको यस कथनबाट तत्कालीन नेपाली परिवार र समाज दुवै नेपाली नारीका जीवनका परिवर्तनका अवरोध मात्रै हुन्, सहयोगी होइनन् भन्ने स्पष्ट हुन्छ।

प्रस्तुत उपन्यासकी सर्वप्रमुख नारी पात्र अनुराधाको चरित्रले कथानकीय केन्द्रीयता प्राप्त गरेको छ। यस उपन्यासका प्रत्येक अन्य पात्र उसकै महत्तालाई स्थापित गर्न प्रस्तुत भएका छन्, चाहे ती अनुकूल हुन् वा चाहे प्रतिकूल। उसको स्पष्ट नारीवादी चरित्र (व्यक्तिगत रूपमै भए पनि) निर्माणमा अनुकूल पात्रको भन्दा पनि प्रतिकूल पात्रको भूमिका टड्कारो रहेको छ। उसकी आमा, दिदीहरू र रत्नमानको स्वयम्वररूपी चक्रव्यूहमा नफसेकी भए उसको जीवन पहिलाका झैं सरलरेखामै अघि बढ्दै जाने कुरामा कुनै सन्देह देखिंदैन। बरु कोमलमानको चारित्रिक अनुकूलताले उसको चरित्रको गतिशीलतालाई स्थिरता प्रदान गर्न लागेको देखिन्छ र ऊ स्वयं पनि त्यसतर्फ आकर्षित देखिन्छे।

एकातिर एक्ली नारी र अर्कातिर सिङ्गो परिवार एवं समाजका बिचको द्वन्द्व नै अनुराधाको अस्मिताचेत र जीवनशैलीको कसी हो जसमा ऊ खरो उत्रिएकी छ। उसका पिताका रूपमा परिवार र कोमलमानका रूपमा समाज उसँगको प्रतिद्वन्द्विताको रूप छाडेर समन्वयतर्फ क्रियाशील देखिन्छ। यस अर्थमा अनुराधाले विक्षिप्त बनेर पनि विजय हासिल गरेकी छ जसले नारीका जीवनका विसङ्गतिलाई एउटा अर्थ प्रदान गरेको छ। तत्कालीन नेपाली सामाजिक परिवेशमा अनुराधाजस्ती एक्ली योद्धाको नियति मर्नु वा बौल्हाउनुभन्दा अर्को हुन सक्तैनथ्यो। अनुराधा स्वयंले पनि आफ्नो अभीष्ट पूरा गर्नका लागि बौल्हाउनुभन्दा मर्नु नै निको ठानेकी छ। उसका विचारमा अस्मिता नै नारी जीवनको आधारभूत कुरा हो। अस्मिताहीन भएर सबै कुरा पाउनुलाई भन्दा अस्मितायुक्त रहेर सबै कुरा गुमाउनुलाई श्रेयस्कर ठान्छे र आफू पनि त्यसै मार्गमा यात्रारत छ। उपन्यासको कथानकलाई सुखान्तक परिणतितर्फ उन्मुख भएको देखाउनु भनेको उसको चेतनाको विजयको सङ्केत हो। यस उपन्यासमा अनुराधा जम्माजम्मीमा गतिशील विद्रोही, नारीवादी चेतयुक्त, बढी यथार्थ, नवोन्मेषशील प्रमुख चरित्रका रूपमा स्थापित छ। पुरुषकेन्द्री भाषिक संरचनालाई भत्काएर भन्ने हो भने अनुराधा नायिका नभएर नायक चाहिं हो र परम्परागत नायिकाको स्वरूपमा भने कोमलमान स्थापित छ।

### ५.४.६.२ आमा

**अनुराधा** उपन्यासमा आमा सम्बोधित नारी अनुराधा नामकी प्रमुख नारी पात्रकी आफ्नै आमा हो र उपन्यासको वर्तमानमा ऊ प्रौढ भइसकेकी छ। उसको छोरो पितासँगै व्यापारमा सहयोगी बनेर हिंड्ने भइसकेको छ भने अन्य दुईवटी छोरीहरूको विवाह भइसकेको छ। कान्छी छोरी अनुराधा पनि युवती भइसकेकी छ र उसले कलेजको पढाइ प्रारम्भ गरिसकेकी छ मात्र होइन केटाहरूले छेडखानी गर्ने हुनाले उसलाई काठमाडौंका सडकहरूमा हिँड्न कठिन भइसकेको छ। रक्तचाप एवं मुटुका रोगको प्रारम्भ हुनु पनि प्रौढताकै अभिलक्षण मानिन्छ (अधिकांशतः) र यस क्रमको थालनी अनुराधाकी आमाका जीवनमा पनि भइसकेको छ।

अनुराधाकी आमाको आफ्नो कुनै स्वतन्त्र व्यक्तित्व देखिँदैन जसका माध्यमबाट उसलाई चिनियोस् । उपन्यासमा उसको त नामसम्म पनि उल्लिखित छैन । उसको परिचय भनेको प्रायः काठमाडौंबाहिरै रहने धनाढ्य व्यापारीकी विवाहित पत्नी हुनु हो । त्यसभन्दा पनि बढी त ऊ अनुराधाकै नामले चिनिन्छे । अनुराधाकी आमा  घरको चार पर्खालभित्र सीमित पाँच छोराछोरीकी आमा, एक धनाढ्य व्यापारीकी पत्नी हो जोसँग अनुराधा पठनपाठनका सिलसिलामा सानैदेखि छुट्टिएकी छ । उपन्यासमा उसको भूमिका अनुराधाको भन्दा पछाडिको दोस्रो महत्त्वपूर्ण स्थानमा रहेको छ र उसको औपन्यासिक चरित्र प्रतिकूल किसिमको छ ।

घरमा अनुराधाका पिता वा अन्य बुज्रुग कोही नहुनाले उही नै परिवारमा सर्वेसर्वा थिई । सधैं एक्लै साना केटाकेटी हुर्काउँदै बस्नु परेकाले उसको स्वभाव पनि त्यसैअनुकूल बन्दै गएको देखिन्छ । श्रीमान् अधिकांशतः काठमाडौंबाहिरै बस्नाले उसमा उपेक्षाबोध पनि रहेको भेटिन्छ । उसमा एक किसिमको नयाँ मनोग्रन्थि विकसित भएको देखिन्छ जसबाट यस उपन्यासका घटनाक्रमहरू प्रभावित बन्न पुगेका छन् ।

तत्कालीन प्रचलित सामाजिक मान्यता अनुकूलकै परम्परागत सोच राखे तापनि उसको स्वभाव आम नारीको भन्दा भिन्न किसिमको देखिन्छ । अनुराधा भन्छे ,

> मेरी आमासँग घरमा सबैजना तर्सन्थे, दिदीहरू बोल्नसम्म सक्तैनथे । म एउटी थिएँ जो विदेशमा पढ्न बसेकी हुनाले उहाँको कठोर शासनमा परेकी थिइनँ । यसैले उहाँसँग डराउनु तर्सनुपर्ने मलाई आवश्यकता नै परेको थिएन तर मेरी आमा अत्यन्त कठोर, रिसाहा, हठी अभिमानिनी हुनुहुन्छ भन्ने मलाई थाहा थियो (पृ. ९१) ।

आफ्नो जीवनको त्यस निर्णायक दुर्घटनालाई उसले आफ्नै आमाको कठोर शासनको फल ठानेकी छ । त्यस दुर्घटना पश्चात्को आफ्नो विक्षिप्तताको जिम्मेवार पनि ऊ आमालाई नै ठान्छे । आफ्ना दुःखको सुनुवाई आमासँग हुन नसक्नुलाई ऊ त्यस विक्षिप्तताको कारण भन्छे (पृ.९१) । यसरी अनुराधाद्वारा भएको उसकी आमाको चरित्रविश्लेषणले उसलाई निर्मम प्राणीको रूपमा परिचित गराएको छ ।

छोरीमार्फत नै अनुराधाकी आमाको सम्पूर्ण परिचय आएको देखिन्छ । ऊ भन्छे “उहाँ आफ्नो टेकमा अड्ने त्यस प्रकारको गर्विली नारी हुनुहुन्छ भन्ने मलाई थाहा थियो” (पृ.९८) । घरमा उसकै मात्र एकाधिकार थियो र त्यो एकाधिकार पनि उसकै कुण्ठाद्वारा पर्याप्त प्रभावित थियो । श्रीमान्सँग आफू चाहिँ सधैं टाढा हुनु तर कान्छी छोरी भने बाबुसँगसँगै रहनुले उसको मन अस्वस्थ हुन पुगेको देखिन्छ । उसको मनको यही अस्वस्थता नै मूल रूपमा अनुराधामाथि र त्यसका साथै अरूमाथि पनि कठोरता बनेर बर्सिएको थियो (पृ. १००) । यस अर्थमा उसलाई पनि उसको चारित्रिक वैशिष्ट्यका निम्ति दोषी ठान्न सकिने देखिदैन । एकातिर त चेतनाको आँखा खोल्ने शिक्षाबाट ऊ बञ्चित छ जसले गर्दा नारीको परम्परागत नैतिक बन्धनलाई यथावत् स्विकार्छे मात्र होइन, शासकीय (पारिवारिक तहमा) अहंले गर्दा ऊ आफ्नी शिक्षित-सचेत छोरी अनुराधालाई पनि त्यसै बाटामा हिँडाउन प्रयत्न गर्दछे । त्यसपछिका उसका व्यवहारहरू पनि यसै

परम्पराभिरुताबाट निर्देशित देखिन्छ । जीवनमा भोग्नुपरेका विविध परिस्थितिद्वारा निर्देशित उसका व्यवहारले उसलाई एउटी प्रतिकूल नारी-चरित्रका रूपमा उभ्याएको छ। उसका चारित्रिक कमजोरीको दोष उसले जीवनमा भोग्नुपरेका परिस्थितिकै थाप्लामा खन्याउनुपर्ने हुन्छ जुन माध्यमले उसको चरित्र सहानुभूतिको पात्र बन्न पुग्छ। दाया-बायाँका कुराको ख्याल नगरीकन उपन्यासमा प्रस्तुत उसकै चरित्रलाई मात्र हेर्दा भने त्यस आमा पात्रलाई सत् चरित्रका रूपमा लिन सकिँदैन । यसरी पितृसत्तात्मक समाज व्यवस्थामा एउटी नारी आफूले थाहै नपाईकन सजिलै असत्-चरित्रका रूपमा स्थापित हुन पुग्दछे जसरी अनुराधाकी आमा त्यस अवस्थामा पुगेकी छ ।

### ५.४.६.३ दिदीहरू

**अनुराधा** उपन्यासमा दिदीहरू भन्नाले अनुराधाका दिदीहरू भन्ने बुझिन्छ, किनभने यो अनुराधाकेन्द्री उपन्यास हो । दिदीहरू पनि अनुराधाविरोधी षड्यन्त्रमा आमाकै मोर्चामा सामेल छन् । उनीहरूमा एउटै कोखबाट जन्मिए तापनि कान्छी बहिनीले चाहिँ शिक्षा र घुमफिरको अवसर पाएको तर आफूहरू चाहिँ विवाहबन्धनमा बाँधिएर घर सम्हालेर बस्नु परेकोमा कताकता ईर्ष्याको भाव छ (पृ.१००) एकातिर भने अर्कातिर आफ्नो श्रीमान्को सम्बन्धी रत्नमानको इच्छा (अनुराधालाई प्राप्त गर्ने इच्छा) पुऱ्याइदिएर आफ्नो दुनो पनि सोझ्याउनु परेको छ (सानो भिनाज्यूको पदोन्नति) । यस अर्थमा उनीहरूको प्रवृत्ति स्वार्थी किसिमको देखिन्छ जो आफ्नो स्वार्थपूर्तिका लागि अरूको स्वार्थका विरोधमा जान हिच्किचाउँदैनन् ।

ठूलदिदीको भ्यात्ले अनुहार (पृ. १०६) छ जसबाट ऊ मोटीघाटी नै भएको बुझिन्छ । सानदिदीको शारीरिक बनोटको कुनै सङ्केत उपन्यासमा पाइँदैन तापनि उसको स्वभावको दिग्दर्शन भने राम्रोसँग भएको छ। आमाको कुण्ठित मनोविज्ञानलाई सानदिदीले आफ्नो स्वार्थका पक्षमा राम्रोसँग प्रयोग गरेकी छ। श्रीमान्को पदोन्नति गराउने क्षुद्र स्वार्थको वशीभूत भएर उसले रत्नमानका प्रलोभनमा परेर अनुराधाका जीवनमाथि षड्यन्त्र गरेकी छ। उसले आफ्नो षड्यन्त्र कुशलताले आमा र दिदीलाई पूरा हातमा लिएकी छ । आमाको कुण्ठाले मात्र अनुराधाका जीवनमा हुण्डरी मच्चिने थिएन । अनुराधाका जीवनमा आमालाई शत्रुका रूपमा उभ्याउने काम सानदिदीकै देखिन्छ। अनुराधाले सबैका अगाडि स्वयम्वरको माला च्यातचुत पारेर त्यहाँबाट हिँडेपछि पनि उसले हार मानेकी छैन। त्यस काण्डपछि घरमा अनुराधालाई घोचपेच गरेर दिक्दार बनाई रत्नमानका घरमा जाने वातावरण बनाउने क्रममा पनि उसको भूमिका प्रमुख देखिन्छ। यसरी दुईवटी दिदीमध्ये सानदिदीकै चरित्र बढी टड्कारो देखिन्छ ।

सानदिदीको चरित्रको निर्माणमा उसको आर्थिक वर्गको भूमिका निर्णायक देखिन्छ। उसलाई बिहान-बेलुका छाक जुटाउन पनि धौ-धौ पर्छ (पृ. ९५) । उसमा आधुनिक सोचको प्रवेश भएको पाइँदैन । ऊ विवाह गर्ने केटो सम्पन्न हुनुभन्दा पर उसको अर्को योग्यता नखोजिने परम्परागत सोचले ग्रस्त देखिन्छे। ऊ अनुराधाले रत्नमानलाई स्वीकार गर्नु नपर्ने कुनै कारण नै देख्दिन। रत्नमान धनी छ र ठूलो पद (डाइरेक्टर)मा बसेको छ। उसले बस् यत्तिलाई यथेष्ट देखेकी छ। यसरी हेर्दा सानदिदी पूर्णतया प्रतिकूल चरित्र र असत् पात्रका रूपमा देखिन्छे। मानवको

भावनालाई परिमार्जित तुल्याउने शिक्षा प्राप्त गर्न नपाएकी, सानै उमेरमा विवाहबन्धनमा बाँधिएर सङ्कुचित जीवन व्यतित गरिरहेकी, अर्थाभावमा बाँचेकी र अर्थोपार्जनको कुनै अवलम्व हासिल गर्ने सम्भावना नभएकी सानदिदी, उसले गरेको षड्यन्त्रका कारणले प्रतिभाशाली देखिन्छे तापनि उसको क्षमता असत् पक्षमा गएकाले उसको क्षमतालाई प्रतिभाका रूपमा लिन सकिन्न । आफ्नो प्रतिभालाई सत् पक्षमा डोऱ्याउने क्षमता भने उसमा देखिँदैन । ऊ जीवनको परिस्थिति र वातावरणले जता डोऱ्यायो, त्यतै डोरिन्छे । यस अर्थमा ऊ सहज विकसितभन्दा पनि निर्मित चरित्र बढी लाग्छे ।

प्रस्तुत उपन्यासमा यसरी लगभग एक दर्जनजति नारी पात्रहरू रहे तापनि सक्रिय र अस्तित्वयुक्त भूमिकामा भने अनुराधा, उसकी आमा र सानदिदी गरी तीनजना मात्र देखिएका छन् । उपन्यासको मूल प्रवाह यिनकै केन्द्रीयताबाट निसृत देखिन्छ । यीमध्ये पनि अनुराधा सर्वप्रमुख भूमिकामा प्रस्तुत भएकी छ । ऊ यस उपन्यासका नारीहरूमध्ये मात्र नभएर समग्र पात्रमध्येकै प्रमुख हो । द्वितीय भूमिकामा आएका छन् आमा र सानदिदी ।

**अनुराधा** उपन्यासमा यीबाहेक अरू नारी पात्र पनि छन् जसलाई उपन्यासमा आएको उनीहरूका भूमिका हेरी विभिन्न स्थानमा राख्न सकिन्छ । ठूलदिदी, कोमलमानकी आमा, भाउज्यू, भाउज्यूकी बहिनी आदि गौण पात्रमा पर्छन् जसको प्रत्यक्ष सक्रियता उपन्यासमा देखिएको छैन तापनि उपन्यासका विभिन्न घटनाक्रमलाई भने यिनले प्रभावित तुल्याएको देखिन्छ । रमा, रत्नमानका काकीहरू, अनुराधाकी आमाका घरका छिमेकी आइमाईहरू, उसकी फुपुकी छोरी निर्मला आदिको उपन्यासमा मञ्चीय उपस्थिति रहे तापनि यिनको भूमिका भने गौणभित्रै पर्दछ । यिनले उपन्यासको मूल कथानकलाई प्रवाहित तुल्याउन झिनै भए पनि मद्दत पुऱ्याएका छन् । यस अर्थमा यिनको उपस्थिति निरर्थक देखिँदैन ।

### ५.४.७ नारी–नारीका बिचको सम्बन्ध

प्रस्तुत उपन्यासमा काठमाडौं भित्रका मुख्य दुई स्थानगत केन्द्र (१. अनुराधाकी आमाको घर, २. रत्नमानको घर) र काठमाडौं बाहिरका पनि मुख्य दई स्थानगत केन्द्र (१. सिमरा, २. कालिम्पोङ) को सानो पारिवारिक घेराभित्र नारीहरूको एउटा सानो संसार उभ्याइएको छ । यीमध्ये पनि नारी-नारीका बिचको सम्बन्धका दृष्टिले सिमरा र कालिम्पोङ उल्लेखनीय छैनन् किनभने त्यहाँ नारीका रूपमा एक्ली अनुराधाको मात्र उपस्थिति रहेको छ । काठमाडौंमा पनि रत्नमानका घरका नारीहरूको उपस्थिति हैसियतयुक्त देखिँदैन । उनीहरू रत्नमानको आशयबमोजिम नै अनुराधासँग व्यवहार गर्दछन् । उनीहरूको अनुराधासँगको सम्बन्ध सेवाकारी रहेको छ, ऊ निर्धक्क उनीहरूलाई काम अह्राउँछे (पृ.१३८) ।

उक्त उपन्यासमा नारी-नारीका बिचको उल्लेखनीय सम्बन्ध भने अनुराधाको आफ्नै घर अर्थात् उसकी आमाको घरभित्रै र त्यो पनि निकटतम रक्तसम्बन्धका बिचमा देखिएको छ । सामान्यतः यस्तो किसिमको रक्तसम्बन्ध (आमाछोरी, दिदीबहिनी) का बिचमा रहने नारीसम्बन्ध प्रायः सुमधुर नै हुने गर्छ । यदाकदा परिवार एवं समाजमा उपर्युक्त किसिमका सम्बन्धका बिचमा

पनि सीमान्त कटुता देखिने गर्छ र उपन्यासकारले यस उपन्यासमा त्यसै सन्दर्भलाई टिपेर महत्त्वका साथ, अझ निर्णायक उपस्थिति दिएर प्रस्तुत गरेका छन् र यो नेपाली उपन्यास जगत्मा भेटिएको नारी-नारीको बिचको सम्बन्धको नौलो आयाम पनि हो । यस उपन्यासमा नारी-नारीका बिचको सम्बन्धलाई नकारात्मक कोणबाट प्रस्तुत गरिएको छ। सामाजिकतामा भन्दा पनि पारिवारिकतामा आधारित व्यक्तिगत नारी सम्बन्धलाई यस उपन्यासमार्फत अध्ययन गर्न सकिन्छ । यस उपन्यासभित्रका नारीहरूको आपसी सम्बन्ध पूर्णरूपमा कटु किसिमको रहेको छ र मृदु सम्बन्धको भने अस्तित्व नै छैन । यस उपन्यासमा प्रस्तुत नारीको आपसी सम्बन्धलाई एकातिर आमा-छोरीका सम्बन्धका बिचमा हेर्न सकिन्छ भने अर्कातिर सहोदर दिदी बहिनीका सम्बन्धका बिचमा हेर्न सकिन्छ ।

अब प्रस्तुत **अनुराधा** उपन्यासका पात्रगत नारीनारीका बिचको सम्बन्धका दुई मुख्य पक्षस्वरूप आमाछोरीको र दिदीबहिनीको पारिवारिक सम्बन्धबारे तल चर्चा गरिएको छ (५.४.७.१-५.४.७.२) ।

### ५.४.७.१ आमा छोरीको सम्बन्ध

बाहिरबाट सरक्क हेर्दा सानैदेखि आफूसँग बस्न नपाएकी कान्छी छोरीसँगको आमाको सम्बन्ध अत्यन्त सौहार्द्र हुनुपर्ने हो । एक अर्कासँगको निकटताको चाहनाले उनीहरू दुवैथरि चरम भावुकतामा पुग्नुपर्ने हो तापनि यस उपन्यासमा भने स्थिति उल्टो देखिएको छ। अनुराधाका आमाछोरीका बिचमा कुनै पनि किसिमको भावुकता भेटिँदैन । अनुराधाले त आफ्नी आमालाई लोककथामा सुनेकी आमाका रूपमा लिएकी हो र आमा बसेको घर नै वास्तवमा आफ्नो घर हो भन्ने पनि ठानेकी हो । सानैदेखि टाढा भएकाले व्यावहारिक रूपमा उसले आमाछोरीका बिचको सम्बन्धको अर्थ नै बुझेको देखिंदैन । उसले आफ्नी आमालाई एउटा निस्पृह सम्मान प्रदान गरेकी हो र उसले आमाप्रति कर्तव्यबोध पनि गरेकै हो । ऊ आमा बिरामी भएको तार पाउनासाथ लखनौबाट पढाइ-सढाइको वास्तै नगरीकन तुरुन्तै आएबाट उसको त्यही कर्तव्यबोध झल्कन्छ (पृ. ८६) । उसले आमा र छोरीका बिचमा पनि कुटिलताले प्रवेश पाउँछ भन्ने अनुमान गर्न सकेकी छैन र उसले आफ्नो यही अबोधताले पर्याप्त दुःख पाएकी छ । उसले आमालाई एउटा मिथकका रूपमा लिएकी छ ।

आमाछोरीको सम्बन्धलाई भावुकतापूर्ण बनाउने जिम्मेवारी आमाको हो तापनि त्यो जिम्मेवारी अनुराधाकी आमाले बहन गरेकी छैन । शिक्षारम्भ गर्ने समय (लगभग पाँच वर्षको उमेर)मा अनुराधालाई आमाभन्दा धेरै टाढा कालिम्पोङमा पुऱ्याइएको छ र उसले व्यापारका सिलसिलामा त्यहाँ पुग्ने पिता तथा दाजुको संरक्षणमा छात्रावासमा बसेर अध्ययन गर्न थालेकी छ । उसकी आमा एकचोटि पनि त्यहाँ पुगेको देखिंदैन । यसरी पारिवारिक स्नेहबाट अनुराधा लगभग बञ्चित भएकै देखिन्छ । यस्तो परिवेशमा हुर्केकी र बढेकी अनुराधालाई पारिवारिक स्नेह सिकाउने काम उसकी आमाको हो र छोरी १८ वर्षका उमेरमा सिनियर क्याम्ब्रिज सकेर फर्केपछि उसले त्यो अवसर पाएकी पनि हो तापनि त्यसको उपयोग भएको देखिँदैन । अनुराधालाई घरमा

बसुँबसुँ लाग्ने किसिमको वातावरण प्राप्त नै भएन र ऊ अरू थप अध्ययनका लागि लखनौतिर लागी ।

आमाले अनुराधालाई आफ्नी नभएर 'बाबुकी छोरी'का रूपमा लिएको देखिन्छ । यसरी छोरीलाई सानैदेखि घरबाहिर राखेर पढाएको पनि उसलाई चित्त बुझेको छैन । आफूले, आफ्ना अन्य छोरीले, समाजका अन्य नारीले नपढेर भएको छ भने अनुराधाले मात्र चाहे जति किन पढ्नुपरेको छ भन्ने आशय उसको व्यवहारबाट झल्कन्छ । उसमा नारीले परम्पराभिन्न जीवनमार्ग रोजेको सहने ताकत छैन । बाबुले छोरीलाई दिन खोजेको नारी जीवनको नवआयाममाथि उसले रत्नमानसँग स्वयम्वरको षड्यन्त्र रचेर कुठाराघात गरेकी छ । यसरी यस उपन्यासमा नारी-जीवनको प्रमुख बाधकका रूपमा नारी (आमा) नै देखा परेकी छ । आमा चाहिँले त्यसरी बाधा नहालेकी भए अनुराधा पर्याप्त उच्चशिक्षा हासिल गरेर तत्कालीन नेपाली समाजको उल्लेखनीय नारी बन्न सक्ने पर्याप्त सम्भावना थियो किनभने शिक्षार्जनलाई नै जीवनको एक मात्र उद्देश्य सम्झेर ऊ त्यसैमा निमग्न बनेकी थिई । उसकी आमाका हृदयमा 'आइमाईले पढेर के काम !' भन्ने धारणा रहेको हुनुपर्छ जसले उसलाई विवाह बन्धनमा बाँधिदिने हतारो लगायो ।

अनुराधाकी आमाले उसप्रति विद्वेषपूर्ण व्यवहार गरेकी छ । स्वयम्वरको माला चुँडालेर छोरीले विद्रोहपूर्ण असहमति जनाइसकेपछि पनि उसको भावनाको कदर नगरी उल्टै त्यसलाई आफ्नो आत्मसम्मान माथिको धक्का सम्झनुले आमाले छोरीप्रति वात्सल्यपूर्ण भावना नराखेकै देखिन्छ । वात्सल्यशून्य आमाछोरीको सम्बन्धलाई आदर्श मान्न मिल्दैन र अनुराधाका आमाछोरीका बिचको सम्बन्ध पनि आदर्श थिएन । यसैले त्यस सम्बन्धका बिचमा त्यति धेरै कटुता उम्रन पुग्यो । आमाछोरीका सम्बन्धका बिचमा हठ बढी बलशाली हुनपुग्यो जसका अगाडि स्नेहको नामोनिसान रहेन । आमाले देखाएको जबर्जस्ती र हठले छोरीको हठलाई पनि अग्रसर गरायो । दुईतिरको हठको टकराइमा अनुराधा चेप्टिन पुगी, किनभने उसैको जीवन दुई हठका बिचको च्याँखेमा परेको थियो । विक्षिप्तता उसको उपलब्धि बन्यो । ऊ नारीका जीवनको नवोन्मेषशील स्वाधीन भूमिकालाई स्विकार्नै नसक्ने र नचाहने नारी हो ।

आमाको आफूप्रतिको व्यवहारको मूल्याङ्कन गरेर अनुराधाले त्यसको राम्रो विश्लेषण गरेकी छ र आमाको आफूप्रतिको भावनालाई 'सौताको जस्तो' भन्ने नाम दिएकी छ । यस विश्लेषणले आमाको विवशताको दिग्दर्शन पनि गरेको छ र अझै पनि छोरीका मनमा भने आमाको हठी चरित्रप्रति नकारात्मक टिप्पणी रहे पनि अवस्थाप्रति भने सहानुभूति नै रहेको देखिन्छ । यसलाई शिक्षाले जीवनमा ल्याएको भिन्नताका रूपमा लिन सकिन्छ । 'जो होचो उसको मुखमा घोचो' भने झैं हुने गर्छ नेपाली समाजमा, किनभने पितृसत्तात्मक समाज-व्यवस्थामा नारीहरू होचा हुने गर्छन् । 'अग्लो पुरुष' सहजै दोषमुक्त बन्छ तर पुरुषको दोषको भागी पनि नारीले नै बन्नुपर्छ । नारीलाई सौता पुरुषले भित्र्याउँछ तर कोपभाजन बन्नुपर्छ त्यही सौता बनेर भित्रिने नारीले । यहाँ पनि दाम्पत्य जीवनलाई भन्दा व्यापारी जीवनलाई महत्त्वपूर्ण देखेर अनुराधाको पिता घरमा भन्दा धेरै बढी समय विदेशमा बिताउँछ र त्यही क्रममा छोरीलाई पनि कालिम्पोङ (तत्कालीन शिक्षाकेन्द्र)मा पढाउन लैजान्छ । आफू भने आफ्नो श्रीमान्सँग नजिक बस्न नपाउनु तर छोरी

भने नजिक हुनु- यस परिस्थितिले आमाका मनमा छोरीप्रति विद्वेष उम्रन्छ (पृ. १००) र ऊ छोरीलाई बाबुबाट टाढा पुऱ्याउने प्रयत्नको फलस्वरूप काठमाडौंनिवासी रत्नमानसँग उसको विवाहको तारतम्य मिलाउँछे तापनि त्यो तारतम्य उसले सोचेजस्तो सजिलो भइदिंदैन । यहीनिर अनुराधाले आफ्नी आमामा आफूप्रति सौतेनी भाव ब्युँझेको अनुभव गरेकी छ ।

उपन्यासमा सारा दुर्घटनाहरू घटित भइसकेपछि पनि आमाछोरीको सम्बन्ध सुध्रन सकेन । अनुराधाले रत्नमानका घरमा जाने बेलामा त्यस घरमा (आमाको घरमा) फेरि पाइलै हाल्दिन भनेर गरेको प्रतिज्ञा (पृ.११०) कहिल्यै भङ्ग भएन । ऊ आफ्ना पिताको साथ लागेर रत्नमानका घरबाट सिधै कालिम्पोङ गई, आमाको घरमा छिरिन । कालिम्पोङमा एक वर्ष बसेर काठमाडौ फर्कने क्रममा पनि ऊ रत्नमानका घरमा बदला लिनका लागि जान लागेकी हो, आमाका घरमा होइन । यसरी अनुराधा र उसकी आमाका बिचमा मृदु सम्बन्धको झल्कोसमेत पनि भेटिँदैन ।

### ५.४.७.२ दिदी बहिनीको सम्बन्ध

झगडाको निहूँ भनेको अधिकांशतः धन हुने गर्छ र त्यसैले दाजुभाइका बिचको सम्बन्धलाई कटु तुल्याउँछ । छोरीले पिताको सम्पत्ति नपाउने र रित्तो हात अर्काको घरमा भित्रिनुपर्ने तथा अधिकांश नारीको पीडा एउटै किसिमको हुने हुनाले दिदीबहिनी नै एक अर्काका निम्ति पीडा पोख्ने उपयुक्त माध्यम बन्दछन् र उनीहरूका बिचको सम्बन्ध सौहार्द्रपूर्ण बन्न जान्छ तर यस उपन्यासमा भने स्थिति फरक देखिएको छ । दिदी बहिनीका बिचमा मृदु सम्बन्ध स्थापित हुन सकेको छैन । यसमा पनि दुईवटी दिदीले शिक्षाको अवसर नपाउनु तर कान्छी बहिनी (अनुराधा) ले भने उक्त अवसर पाएकोबाट सम्बन्ध बिग्रिएको देखिन्छ । अनुराधाको जीवन पनि उनीहरूको जस्तै भएको भए उनीहरूको सम्बन्ध नबिग्रन पनि सक्थ्यो । नारीको प्रतिस्पर्धा नारीसँगै हुने गरेकाले पनि यस्तो स्थितिको सिर्जना भएको हो । शिक्षार्जनको अवसर उनीहरूको भाइले पनि पाइराखेको छ तर त्यसतिर उनीहरूको ध्यान खिचिएकै छैन ।

उनीहरू अनुराधालाई जसरी भए पनि बुहार्तनमा जाक्न चाहन्छन् र उसको शिक्षार्जनको अभिलाषालाई कुण्ठित तुल्याएर सन्तुष्टि लिन चाहन्छन् । अनुराधाले पढेको, देश-विदेश घुमेको, राम्रा-राम्रा आधुनिक पहिरन पहिरेको, मिठो-मिठो खाएको, मनलाग्दो खर्च गरी हिँडेको सबै कुरासँग ईर्ष्या छ र त्यो उनीहरूले बहिनीप्रति गरेको 'मिमनी'को सम्बोधनमार्फत प्रकट भएको छ (पृ.१०६) । उनीहरूले प्रयोग गरेको 'मिमनी' शब्द अनुराधाप्रतिको विद्वेषको चरम रूप हो । स्वयम्वर-काण्डपश्चात् उनीहरूले बहिनीलाई घरबाट चिढ्याएर रत्नमानका घरमा लखेट्नका निम्ति यस शब्दको प्रयोग निकै पटक गरेका छन् । अनुराधालाई पनि यस शब्दले पर्याप्त चिढ्याएको छ (पृ.१०५-१०६) । कान्छी बहिनी सुन्दरीसमेत हुनुले पनि उनीहरूमा ईर्ष्या उम्रेको छ (पृ.१००) । दिदीबहिनीका बिचको सम्बन्ध विद्वेषपूर्ण बन्नुमा अग्रसरता भने अनुराधाको नभएर उसका दिदीहरूकै देखिन्छ । दुईटी दिदीमध्ये पनि सानदिदी यस क्रममा बढी सक्रिय देखिन्छे ।

**अनुराधा** उपन्यासमा नारीविद्वेषले एक ढङ्गको साङ्गठनिक रूप नै लिएको छ । दिदीहरूको ईर्ष्या र आमाको ईर्ष्या एकै ठाउँमा मिसिएर अनुराधामाथिको षड्यन्त्रको त्यस रूपको सिर्जना

भएको छ। आमा र दिदीहरू गरी तीनजना मोर्चाको एकतर्फ खडा छन् भने अनुराधा एक्लै एउटा मोर्चा सम्हालिरहेकी छ। सङ्गठनका विरुद्ध एक्लाको लडाइँ निस्तेज बन्नु स्वाभाविकै हो। अनुराधाको विक्षिप्तता यसैको प्रमाण हो।

नारीहरू शिक्षित एवं सचेत हुने हो भने पितृसत्ताको जालो च्यात्नका निम्ति पनि उनीहरूका बिचमा सौहार्द्र सम्बन्ध कायम हुनु उपयुक्त हुन्छ तर अशिक्षित एवं असचेत नारीहरूका बिचमा त्यो सम्भव छैन। उनीहरूले आफ्नो जीवनको मूल्य देखेकै हुँदैनन् र कुनै नारी जीवन मूल्यको सम्बर्द्धन गर्नतर्फ प्रवृत्त भई भने अरू नारी उसलाई पथविचलित तुल्याउन हरसम्भव उपाय गर्दछन्। अविकसित समाजको लक्षण नै यही हो र यही लक्षण प्रस्तुत उपन्यासमा पनि देखिएको छ। नारीहरू नै बाधक नबनिदिएका भए र शिक्षार्जनको क्रमलाई खण्डित नतुल्याई दिएको भए अनुराधाको जीवनको स्वरूप नै अर्कै हुनसक्थ्यो।

अनुराधाले स्वयं अग्रसर भएर न त आमासँगको सम्बन्धलाई नै विद्वेषपूर्ण ढङ्गले लिएकी छ न त दिदीहरूसँगको सम्बन्धलाई नै। उनीहरूले नै दुश्मनीपूर्ण व्यवहार गरेपछि भने उसले पनि सम्बन्धलाई सुमधुर रङ्ग प्रदान गर्न सकेकी छैन। उसले आफैलाई सताएर, आफैलाई वेश्या घोषित गरेर, छुरीले दिदीलाई आक्रमण गर्न खोजेर, आमाका घरमा कहिल्यै नफर्कने प्रतिज्ञा सुनाएर, समुद्रमानसँग प्रेम गरेको स्वाङ रचेर आमा दिदीहरूको विद्वेषपूर्ण व्यवहारको जवाफ दिएकी छ। त्यसपछि पनि बहुलाउनु भनेको आफूले दिएको जवाफमा आफैलाई सन्तुष्टि नहुनु हो। परोक्षमा पितृसत्ता कारण रहे तापनि प्रत्यक्षमा भने अनुराधा अन्य नारी (आमा र दिदीहरू) कै कारणले विक्षिप्त बन्न पुगेकी हो।

### ५.४.८ नारीप्रतिको पुरुषको दृष्टिकोण

प्रस्तुत उपन्यासमा नारीप्रतिको पुरुषको दृष्टिकोण पनि नारीको नारीप्रतिको दृष्टिकोणको समानान्तर स्वरूपमा नै आएको छ। नारीप्रतिको पुरुषको दृष्टिकोणलाई पनि उपन्यासकारले निकै महत्त्वका साथ प्रस्तुत गरेका छन्। यस उपन्यासमा नारीप्रतिको दुईथरि दृष्टिकोण प्रस्तुत भएका छन्- नकारात्मक र सकारात्मक। यिनैलाई अर्को शब्दमा परम्परागत र नवीन सोच पनि भन्न सकिन्छ। जुन-जुन पुरुष नारीलाई परम्परागत रूपमा हेर्छन् तिनको दृष्टिकोण पनि नकारात्मक देखिन्छ र जुन-जुन पुरुष नारीलाई परम्पराभन्दा भिन्न राखेर हेर्छन् तिनको दृष्टिकोण सकारात्मक देखिन्छ। यसबाट नेपाली समाजको नारीप्रतिको परम्परागत दृष्टिकोणमा पर्याप्त त्रुटि रहेको कुरा स्पष्ट हुन्छ जसबाट नारीहरू पीडित बन्न पुग्दछन्। नारीप्रतिको नवीन दृष्टिकोणले भने उनीहरूलाई नवोन्मेषशील बनाउन मद्दत गरेको देखिन्छ।

प्रस्तुत उपन्यासकी प्रमुख नारी पात्र अनुराधाप्रतिको पुरुषहरूको दृष्टिकोण नै यसका पुरुषको नारीप्रतिको दृष्टिकोण हो। यहाँ अनुराधाका पिता र कोमलमान अनुराधाप्रति सकारात्मक नवीन दृष्टिकोण राख्छन्। उनीहरू दुवै नारी शिक्षा र स्वाधीनताका पक्षमा देखिन्छन्। समुद्रमान पनि अनुराधाप्रति अनुराधाको नाटकीय व्यवहारले गर्दा उसप्रति सकारात्मक दृष्टिकोण राख्ने भएको छ। अनुराधा स्वयं अग्रसर भएर उसलाई निकट नल्याइञ्जेल ऊ दाजु रत्नमानका पक्षमा

रहेर अनुराधाप्रति विद्वेषको भाव राख्दथ्यो। यीबाहेक अनुराधाको दाजु र कोमलमानको कामदार हरि पनि नारीप्रति सकारात्मक दृष्टिकोण राख्दछन् तापनि तिनको भूमिका गौण रहेको छ। यस उपन्यासमा प्रमुख पुरुष पात्र रत्नमानको नारीप्रतिको दृष्टिकोण अत्यन्त नकारात्मक रहेको छ जो नारीलाई वस्तु सम्झने भूल गर्दछ।

### ५.४.८.१ नारीप्रतिको पुरुषको नकारात्मक दृष्टिकोण

रत्नमान यस उपन्यासको प्रमुख पुरुष पात्र हो जो अनुराधाको रूपसँग पहिलेदेखि नै मोहित भएको देखिन्छ । उसले अनुराधाको रूपसँग दाँजिनका लागि आफू पनि रूपवान् हुनुपर्छ भन्ने आवश्यकता देखेको छैन। उसको शारीरिक व्यक्तित्व अनाकर्षक छ (पृ.११७) तापनि उसले आफू पुरुष हुनु नै आफ्नो सर्वोपरि योग्यता सम्झेको छ। अनुराधाको आन्तरिक सुन्दरता वा कुरूपताको उसले ख्याल गरेको छैन। बाहिरी आँखाले देखिने उसको त्वचागत सुन्दरतामाथि आफ्नो हैकम जमाउनका लागि ऊ लालायित छ। उसले अनुराधाको मासुको थुप्राको मात्र मूल्याङ्कन गरेर नारीप्रतिको परम्परागत दृष्टिकोणलाई निरन्तरता दिएको छ। बाहिरबाट देखिने स्त्रीस्वरूपभित्र अर्कै नारीको अस्तित्व विद्यमान हुन्छ भन्ने कोणबाट उसले सोचेकै देखिँदैन। यसैले त पहिला-पहिला बाटो ढुकेर बस्ने उसले पछि विवाहका लागि घरमा प्रस्तावसमेत पठायो। अनुराधाको अस्वीकारलाई उसले कुनै मूल्य दिएन र उसको शारीरिक सुन्दरतामाथि हैकम जमाउने प्रयत्न जारी राख्यो। उसले अनुराधाका दिदी र आमासँग मिलेर उसलाई षड्यन्त्रपूर्वक प्राप्त गर्ने कोसिस गऱ्यो। यसरी उसले अनुराधाको शरीर मात्र हासिल गर्न सक्तथ्यो। यसबाट पनि उसले अनुराधाको अस्तित्वको सम्पूर्णतालाई शरीरमा मात्र आँकेको देखिन्छ। यसबाट उसको नारीप्रतिको दृष्टिकोण परम्परागत ढङ्गको सङ्कीर्ण देखिन्छ।

धनका आडमा नारीलाई वशीभूत गर्न सकिन्छ भन्ने रत्नमानको सोच छ। यसैले त ऊ अनेक लुगागहनाहरू पठाइरहन्छ र त्यो कुरा दिएको हो कि होइन भनेर अनुराधाले सुन्ने गरेर भन्ने पनि गर्छ (पृ.१२१)। आफ्नो सम्पन्नताको आकलन गर्न नसकेरै होला अनुराधाले आफूलाई नटेरेको भन्ने उसको ख्याल छ। यसैले ऊ हरतरहले आफ्नो सम्पन्नता प्रमाणित गर्न उद्दत छ। ऊ अनुराधाका कोठामा पसेर भन्छ "यो कोठा मन पऱ्यो ? गहनाहरू पठाइदिया कस्तो लाग्यो ? मन नपरे अर्को पठाइदिउँला, चाहिएको भन्ने गर, जे चाहिन्छ तिमीले फिक्री मान्नु पर्दैन" (पृ.१२३)। अनुराधाभित्र भिन्न किसिमका आकाङ्क्षाहरू होलान् भन्नेतर्फ उसले ध्यानै दिएन। उसले आफ्नो सत्ता (पितृसत्ता)को उपयोग गरेर अनुराधालाई अधीनस्थ गर्न खोज्यो। उसले अनुराधालाई कज्याउनका निम्ति जुन गलत नीति अख्तियार गऱ्यो त्यसैले ऊ असफल भयो। आफू असफल भइसकेर पनि उसले अनुराधालाई अनेक लाञ्छना लगाउन बाँकी राखेन जसबाट उसको नारीप्रतिको अनादरको भावनालाई नै देखाउँछ। अस्मितासचेत नारीका लागि धनसम्पत्तिभन्दा स्वाधीनता बढी महत्त्वपूर्ण हुन्छ भन्ने कुरा उसले बुझ्नै सकेको छैन। रत्नमान मन जित्न सके पनि नसके पनि शरीर जित्न सके पुग्छ भन्ने पुरुष दृष्टिकोणले ग्रस्त मान्छे हो

(पृ. १५०)। अनुराधाले रत्नमानको नारीप्रतिको दृष्टिकोणको मूल्याङ्कन यसरी अत्यन्त सुहाउँदो किसिमले गरेकी छ जसबाट ऊ अरू थप चिनिनु आवश्यक देखिँदैन–

> उसले आफ्नो सारा क्रियाकलाप, व्यवहार र आचरणबाट मलाई हरतरहले कृतज्ञ बनाउन कोशिस गरिरहेको थियो। मलाई ऊ विस्तारै थाहा नपाउने गरी आत्मसमर्पण गराउने चेष्टामा जुटेको थियो। मेरो दरो आत्माभिमानलाई दोब्र्याएर विस्तारै भाँच्ने सुरमा थियो। म उसको हरेक चालमा सतर्क थिएँ (पृ.१२६)।

उक्त उपन्यासभरिको नारीप्रतिको नकारात्मक दृष्टिकोणको चरम स्वरूप रत्नमानका चरित्रमा व्यक्तिएको पाइन्छ। दोबाटामा बसेर केटाहरूले केटी जिस्क्याउने प्रवृत्ति पनि नारी-जीवनको मूल्यलाई शरीरमा मात्र आँक्ने दृष्टिकोणकै प्रतिफल हो। अनुराधा काठमाडौंमा आएका बखत घरबाहिर निस्कँदा उसले पुरुषका कामुक आँखाहरूले आफूलाई पछ्याएको अनुभव गर्नुपऱ्यो। उसको यौवनमा जरुर मादकता थियो तर त्यही मात्र ऊ थिइन। उसको मनको, इच्छाको सत्ता पनि थियो तर त्यतापट्टि कुनै पुरुषले ध्यान दिएन। एकचोटि झण्डै ऊ सामूहिक बलात्कारमा परेकी थिई (पृ. ८०)। यो पनि उसको रूपको सुन्दरता र यौवनको मादकतालाई नै उसको अस्तित्वको सम्पूर्णता ठान्ने पुरुष दृष्टिकोणको प्रकटीकरण थियो। ऊ कालिम्पोङमा र लखनौमा पढ्दाताका थुप्रै युवाहरूले प्रेमप्रस्ताव गरेका थिए (पृ.८८)। तिनले अनुराधाको बाहिरी स्वरूपलाई नै महत्त्व दिएका थिए वा उसको आन्तरिक स्वरूपलाई चिनेर नजिकिन खोजेका थिए भन्ने कुरा चाहिँ स्पष्ट छैन।

### ५.४.८.२ नारीप्रतिको पुरुषको सकारात्मक दृष्टिकोण

**अनुराधा** उपन्यासमा पुरुषहरूको अर्को एउटा पङ्क्ति छ जो नारीप्रति सकारात्मक दृष्टिकोण राख्छ। यस उपन्यासमा उक्त सकारात्मक दृष्टिकोणको अर्थ नारीका इच्छा-आकाङ्क्षाको उचित कदर गर्नु हो। यस्तो दृष्टिकोण राख्नेहरूको अग्र पङ्क्तिमा अनुराधाको पिता पर्दछ। काठमाडौंली नेपाली समाजमा नारी शिक्षाको व्यापक प्रचलन आइसकेको थिएन। नारी शिक्षाको पक्षपाती नारीले मात्र होइन, पुरुषले पनि पर्याप्त सङ्घर्ष गर्नु पर्दथ्यो। उसले व्यापारका क्रममा भारतका कालिम्पोङ र कलकत्तामा नारी शिक्षाको लहर देखेको थियो होला जसबाट प्रभावित भएर उसले आफ्नी कान्छी छोरीलाई सानैदेखि कालिम्पोङ पुऱ्याएर शिक्षा दिलायो। उसले त्यति मात्र नगरी उसका स्वाधीन हुन चाहने आकाङ्क्षाको पनि कदर गरेर उसलाई पर्याप्त खर्चबर्च जुटाइदियो जसले छुट्टीका समयमा भारतका विभिन्न ठाउँमा घुम्नका निम्ति अनुराधालाई अनुकूल भयो। लवाइ-खवाइ सबै कुरामा उसले छोरीलाई स्वतन्त्र छाडिदियो जसले गर्दा उसले आमा र दिदीहरूबाट मिमनी भनाइनुपऱ्यो। ऊ काठमाडौंमा भइदिएको भए उसले छोरीमाथि त्यस्तो षड्यन्त्र हुन दिने थिएन भन्ने कुराको पुष्टि सबैले दोषी ठहऱ्याइएकी अनुराधालाई निर्दोष मानेर आफ्नै साथमा कालिम्पोङ लैजानुबाट (पृ.१५२) मिल्दछ। उसले छोरीको इच्छामाथि हस्तक्षेप गरेन जसको फलस्वरूप अनुराधा एक्लै कालिम्पोङबाट काठमाडौं जानका लागि हिंड्न पाई। कोमलमानका साथमा रहँदा छोरीले भरोसाको अनुभव गरेको थाहा पाएपछि उसले छोरीलाई

निर्धक्क सिमरामै छाडिदिएको छ । ऊ जत्तिखेर पनि छोरीलाई साथसहयोग दिन तयार छ । उसमा नारी समुदायप्रति सकारात्मक दृष्टिकोण नभएको भए छोरीप्रति पनि अवश्यै सद्व्यवहार गर्ने थिएन । अर्थात् अनुराधाका आमा र बाबुको दृष्टिकोणमा भिन्नता रहने थिएन । आफ्ना पिताले प्रदान गरेको अवसर र सुविधाले नै अनुराधालाई अस्मिताचेतयुक्त बनाएको हो ।

पहिलो भेटमा मानिस एक अर्काको सुन्दरताबाट आकर्षित हुनु र कुरूपताबाट विकर्षित हुनु स्वाभाविक प्रक्रिया हो र कोमलमान पनि यस प्रक्रियाबाट नै गुज्रिएको छ। कोमलमानको अभिव्यक्तिबाट उसमा र रत्नमानमा खासै भिन्नता नरहेको जस्तो देखिन्छ । उः भन्छ,"उनी उही प्रकारले हाँसिरहेकी थिइन् । मेरो अघिदेखिको बेचैनीको समाधान भए झैं, म एकदम शिथिल भएँ, त्यही मुस्कान र सौन्दर्य थियो जसको चाह मलाई थियो" (पृ.६१) ।

ऊ पुनः पुनः अनुराधाको सुन्दरतालाई नियालिरहन चाहन्छ र उसको अनुहारमा उम्रने मोहक मुस्कान देख्न प्रतीक्षारत देखिन्छ । यति भएर पनि ऊ अनुराधालाई बलात् प्राप्त गर्न भने इच्छुक छैन । ऊ त अनुराधाको आन्तरिक इच्छाको परख गर्छ, आफूलाई उसका इच्छा पूरा गर्न सक्षम पाउँछ, उसले पनि आफूप्रति आशक्ति देखाएको अनुभव गर्छ। यसपछि मात्र उसले अनुराधालाई प्राप्त गर्ने स्वप्न देख्न थालेको हो । उसले पनि आफ्नो मरुभूमि पल्टिएको हृदयमा अनुराधासँगको सामीप्यले बहार आएको महसुस गरेको हो (पृ.१६६) । अनुराधाले रत्नमानको जस्तो अवस्था भोग्नुपरेको भए तपाईं के गर्नुहुन्थ्यो भनेर सोधेको प्रश्नमा ऊ भन्छ " म त्यस्तो स्थितिमा पर्ने नै थिइनँ । परेको भए हत्या गर्थें, उसको या आफ्नो" (पृ.९६) । यसबाट ऊ नारीभित्रकी अर्की नारीको अस्तित्व बुझ्ने र कदर गर्ने पुरुषका रूपमा परिचित भएको छ। उसको "एउटी आइमाईको जिन्दगीमा के मात्र गुज्रन, के मात्र घट्न सक्तैन !" (पृ.१५३) भन्ने अभिव्यक्तिबाट उसले पितृसत्तात्मक समाज व्यवस्थाका नारीका जीवनका अथाह-असीमित पीडालाई राम्ररी बुझेको देखिन्छ । ऊ यस बुझाइका आडमा नारीप्रति सहानुभूतिशील मात्र बन्दैन, उनीहरूको अस्मिताको कदर पनि गर्दछ। अनुराधाप्रतिको उसको प्रेमभावना यही सहानुभूति र कदरको सम्मिश्रित रूप हो। अन्यथा आफू दोषी नभएरै पनि समाजमा पर्याप्त बदनाम भइसकेकी अनुराधालाई हासिल गर्ने इच्छा उसमा जाग्रत हुने थिएन । पुरुषको सत्ता कायम भएको समाजकी नारी न त आफै बिग्रन नै सक्छे न त सप्रन नै सक्छे भन्ने कुरा उसले भलिभाँती बुझेको देखिन्छ ।

ऊ अनुराधाप्रति मात्र होइन, अन्य नारीप्रति पनि सकारात्मक दृष्टिकोण नै राख्छ। ऊ विधवा आमाको लालनपालनमा हुर्किएको मान्छे हो र आमाका कुरा उसका निम्ति सबथोक हुन्थे (पृ.२३) । अकस्मात् आमा दिवङ्गगत भएपछि उसले आफूलाई अनाथ अनुभव गऱ्यो मात्र होइन, त्यसैताका भाउज्यूले विवाहका लागि (आफ्नी बहिनीसँग) राखेको प्रस्तावसँग भागी हिँड्यो । भाउज्यूको कुरा काट्न पनि ऊ सक्तैन (पृ.२४) र विवाह गर्नुलाई दिवङ्गत आमाको ममतालाई दिएको धोखा सम्झन्छ (पृ. २४) । ऊ भाउज्यूकी बहिनी शिलासँग पनि रीस गर्दैन । यी सब सन्दर्भबाट ऊ नारीलाई सत् दृष्टिकोणले हेर्ने पुरुष पात्रका रूपमा चिनिएको छ ।

कोमलमानको नारीप्रतिको सकारात्मक दृष्टिकोणले नै विक्षिप्त र विश्रृङ्खलित बनेको अनुराधाको जीवनमा एउटा सुखद् भविष्यले चिहाइरहेको देखिन्थ्यो । उपन्यासको कथानकलाई सुखान्तीय परिणतितर्फ उन्मुख गराउने श्रेय कोमलमानको यसै दृष्टिकोणले पाउँछ ।

समुद्रमान पनि नारीप्रति सकारात्मक दृष्टिकोण राख्ने पुरुष हो । यस्ता पुरुषहरू समाजमा भलाद्मीका रूपमा चिनिन्छन् र तिनैमध्येको एक हो समुद्रमान । लक्का जवान भएर पनि ऊ दोबाटो ढुकेर केटी पनि जिस्क्याउँदैन र उनीहरूलाई अन्य ढङ्गले अपमानित पनि गर्दैन । सुरु-सुरुमा ऊ भ्रातृस्नेहले अनुराधाविमुख थियो तर अनुराधाले उसँग निकटता देखाउन थालेपछि उसको पहिलाको कटु भावना त्यसै हराएर गएको छ । अनुराधासँग जतिसुकै निकट भए पनि ऊ अन्यथा सोच्दैन, भाउज्यूका रूपमा आदर गरिरहन्छ (पृ. १३५) तर नेपाली समाज यति विकृत बन्दै गइरहेछ कि भलाद्मीहरू बदमास ठहरिन्छन् र बदमासहरू चाहिँ भलाद्मी ठहरिन्छन् । रत्नमान भलाद्मी र समुद्रमान बदमास ठहरिनुमा त्यही समाजको प्रभाव झल्कन्छ । आफू दोषी नभएर पनि दोषी ठहरिँदा उसको मनमा विद्रोह उत्पन्न हुन्छ र समुद्रमान नारीहरूमाथि अत्याचार गर्न थाल्छ । विराटनगरमा पलायित बनेको ऊ अनेक नारीलाई आफ्ना घरमा ल्याएर दुई-चार दिन राख्दै निकाल्दै गर्दछ (पृ.१५०) । नारीलाई आदर गर्ने समुद्रमान उसलाई भोग्या तुल्याएर अनादर गर्ने पात्रका रूपमा रूपान्तरित हुन पुगेको छ ।

कोमलमानको कामदार हरिले बिरामी अनुराधाको खुब स्याहारसुसार गर्नु, हरेक कुराको ख्याल राख्नु, उसको प्रशंसा गर्नु (पृ.५८), सम्मानजनक बोलीव्यवहार गर्नु उसको नारीप्रतिको सकारात्मक दृष्टिकोणकै प्रतिफल हो ।

उपन्यासका अन्त्यमा नारीप्रति खराब दृष्टिकोण राख्ने पुरुष रत्नमानको पराजय र असल दृष्टिकोण राख्ने पुरुष (अनुराधाको पिता +कोमलमान)को विजय देखाएर नारीप्रति सद्व्यवहार गर्न नसक्दा आफ्नै कुभलो हुन्छ भन्ने आशय व्यक्त गरिएको छ ।

## ५.४.९ पुरुषप्रतिको नारीको दृष्टिकोण

**अनुराधा** मूल रूपमा पारिवारिक घेरा र व्यवहारहरूमा आधारित मनोविश्लेषणात्मक उपन्यास हो । यहाँका पुरुषहरूले पारिवारिक घेरा नाघेर बाहिरी समाजमा चलखेल गरे तापनि नारीहरू भने घरपरिवारको घेराभित्रै सीमित छन् । अनुराधा एउटी शिक्षार्जनका कारणले शिक्षालय र भारतीय भूमिसम्म पुगेकी छ र पारिवारिकताका कुराहरू उसले उतिसारो बुझ्न पाएकी छैन तर उसले गर्नुपरेको सङ्घर्ष भने पारिवारिक किसिमको छ । उसका विरुद्ध समाजको बलियो पृष्ठाधार रहे तापनि सङ्घर्ष भने पारिवारिक र व्यक्तिगत किसिमको छ । यसो हुनु व्यक्ति मनोविज्ञानमा आधारित उपन्यासको अभिलक्षण नै हो र उक्त अभिलक्षण **अनुराधा** उपन्यासमा पनि प्रकट भएको छ । यसैले यस उपन्यासका नरनारीका अधिकांश पक्ष पारिवारिक सम्बन्ध र

सन्दर्भहरूसँग सम्बन्धित हुन पुगेका छन् । यसैले नरसँगको नारीको सम्बन्ध र दृष्टिकोण पनि थोरै सामाजिक र धेरै पारिवारिक हुन पुगेको छ ।

अनुराधाबाहेकका अन्य नारीको पुरुषप्रतिको दृष्टिकोण परम्पराभिन्न देखिँदैन । उनीहरूका विचारमा पुरुष हुनु एउटा योग्यता हो भने त्यसमाथि सम्पन्न हुनु अर्को महायोग्यता हो । यी दुई योग्यताका अगाडि नारीहरू नतमस्तक हुनैपर्छ भन्ने धारणा यस उपन्यासका अन्य महिलाको छ जसको वशीभूत भएर उनीहरूले अनुराधाको जीवनलाई सङ्घर्षमय तुल्याइदिएका छन् । अनुराधाको जीवन एउटा पुरुषसँग बदला लिन नसक्नाले विक्षिप्त बनेको भए तापनि ऊ सम्पूर्ण पुरुष समुदायप्रति भने विद्वेष राख्दिन । जुन पुरुष उसका दृष्टिकोणमा खराब जँच्दछ उसैप्रति मात्र उसका मनमा विद्वेष छ । उसलाई असल लागेको पुरुषप्रति उसका मनमा कुनै दुर्भावना रहेको देखिँदैन ।

प्रस्तुत उपन्यास कथानकीय दृष्टिकोणले नारीप्रधान रहेको छ र नारीले पुरुषसँग अस्तित्वका निम्ति द्वन्द्व गरेको देखाइएको छ । समाजको पितृसत्तात्मक संरचनाको फलस्वरूप सामान्यतः पुरुष शोषक-पीडक रही आएको छ र नारी चाहिँ शोषित-पीडित छन् । अनुराधा बाहेकका अन्य नारी यस वास्तविकतालाई अत्यन्त स्वाभाविक ढङ्गले लिन्छन् । यसैले पुरुषसँग उनीहरूको द्वन्द्वको स्थिति देखा पर्दैन तर अनुराधा शिक्षित एवं सचेत भएका कारणले उपर्युक्त वास्तविकतालाई स्विकार्ने पक्षमा छैन । यसैले ऊ द्वन्द्वरत छ र त्यो द्वन्द्व एक हदसम्म पुरुषको शोषक प्रवृत्तिका संरक्षक नारीसँग पनि छ भने मूल रूपमा चाहिँ पुरुषसँग नै रही आएको छ । यस उपन्यासका अन्य नारी पुरुषसँग सहकारिताको भाव राख्दछन् भने अनुराधा कुनै पुरुषसँग सहकारिताको र कुनैसँग द्वन्द्वको भाव राख्छे । अनुराधाको यही भाव वा दृष्टिकोण नै उपन्यासको कथानकको मूल मेरुदण्ड हो । पुरुषले नारीसँग समयको बदलिँदो प्रवाह अनुकूलको व्यवहार गरिदिने हो भने र आफ्नो आचरणमा परिवर्तन ल्याउने हो भने नारीले पुरुषप्रति द्वन्द्वभाव राखिरहने आवश्यकता पर्ने छैन भन्ने दृष्टिकोणलाई यस उपन्यासले अनुराधा र कोमलमानको सम्बन्धको स्वरूपमार्फत सम्प्रेषित गरेको छ ।

उपर्युक्त उपन्यासमा अनुराधा नवीन दृष्टिकोणको स्थापना र सामाजिक परिवर्तनका निम्ति माध्यम बनाइएकी प्रमुख नारी चरित्र हो । नारीहरू आफ्नो जीवनप्रति सचेत नै छैनन् । यसैले आफ्ना जीवनका उकाली-ओरालीलाई उनीहरू सही ढङ्गले परिभाषित गर्न पनि सक्तैनन् । समाजको पितृसत्तात्मक संरचनाले परिवार र समाजको सम्पूर्ण हैकम पुरुषका मुट्ठीभित्र कैद गरिदिएको छ । यसैले पुरुष अत्यन्त निरङ्कुश ढङ्गले प्रभुत्वशाली रही आएको छ जसलाई नारीहरूले शिक्षा र चेतनाका अभावले स्वाभाविक मान्दै आएका छन् । विना अस्मिताचेतले अनुराधालाई द्वन्द्वका मोर्चामा उभ्याएको छ र त्यस मोर्चामा ऊ एक्लै सङ्घर्षरत रही आएकी छ । यस द्वन्द्वले सङ्गठित स्वरूप लिन सकेको छैन । यसैले अनुराधा स्वयं विक्षिप्त बन्न पुगेकी छ जुन द्वन्द्वका प्रारम्भिक कालको लक्षण नै हो ।

प्रमुख नारी चरित्र अनुराधाको द्वन्द्व नारीसँग पनि रहेको छ तापनि मूल द्वन्द्व भने पुरुषसँग नै छ। आफ्नो जीवन साथीको चयन आफैले गर्न पाउनुपर्छ भन्ने मान्यता बोकेकी अनुराधाले आफ्नो अस्तित्वको मूल्यबोध पनि पर्याप्त गरेकी छ। स्वयम्वररूपी षड्यन्त्रमार्फत उसका यी दुवै कुरामाथि आघात पुगेको छ। उसले मन नपराएर पहिले नै अस्वीकार गरेको पुरुष रत्नमानले आफ्नो धन र पदका तुजुकका भरमा अनुराधाको स्वीकार/अस्वीकारको कुनै ख्याल नै नराखी झुक्याएर स्वयम्वर गर्न खोज्नु, अनुराधाका तर्फबाट स्वयम्वर भाँडिइसकेपछि पनि विधिपूर्वक विवाह सम्पन्न भएको प्रचार गरिनु, वैवाहिक सम्बन्धलाई मान्यता नदिएर अनुराधा आमाका घरमा बसेको र फेरि लखनौ फर्कने मानसिक तयारी गरिरहेका बखत उसलाई रत्नमानका घरमा पठाउनका निम्ति रत्नमानले धम्कीपूर्ण चिठी लेख्नु, टोलछिमेकमार्फत डरत्रास देखाउनु, अनुराधाले चर्को रूपमा अस्मिताबोध गर्नु र त्यसको रक्षार्थ रत्नमानको हत्या गर्ने योजना बनाउनु र त्यसैका लागि उसका घरमा प्रवेश गर्नु, त्यस घरमा एक रात त्यसै बितेपछि उसले वैवाहिक सम्बन्ध स्विकारेको ठहरिनु, रत्नमानका तर्फबाट भोजभतेर गरिनु, उसलाई वशीभूत गर्न लुगा-गहनालाई माध्यम बनाउनु, उसले आफूलाई हरेक ढङ्गले असल र अनुराधालाई भने दोषी सावित गर्न खोज्नु र त्यसले सामाजिक मान्यता पाउँदै जानु आदि नै अनुराधाको रत्नमानप्रतिको दृष्टिकोण द्वन्द्वपूर्ण हुनुका कारण हुन्। ऊ स्वयंले पनि हत्याको योजनाको असफलतालाई द्वन्द्व चर्किनु र स्वयं विक्षिप्त बन्न जानुको अर्को कारण मानेकी छ (पृ.७३)। रत्नमानप्रतिको उसको रोष यति चरम रूपमा पुगिसकेको छ कि ऊ विक्षिप्त भएका अवस्थामा समेत पनि उसको छाँयासम्म सहन नसक्ने अवस्थामा पुगी (पृ.१६०)। दोस्रो पटक सिमरामा बहुलाउँदा पनि ऊ हरेक पुरुषमा रत्नमानलाई देख्थी र कुट्ने-लुछ्ने आदि गर्दथी (पृ.१६४,९)। एक वर्ष कालिम्पोङमा बस्दा पनि उसले आफूमाथिका रत्नमानका ज्यादतिलाई बिर्सन नसकेपछि हत्या गरेर बदला लिने उद्देश्यले फेरि काठमाडौं जान लागेकी थिई (पृ.१५२) तर बिच बाटैमा बिरामी भएपछि उपन्यास टुङ्गिएको छ। उपन्यासका अन्त्यमा ऊ कोमलमानका सल्लाह अनुसार रत्नमानसँग पारपाचुके गर्ने मनस्थितिमा पुगेकी छ जसद्वारा द्वन्द्वको स्वरूपमा परिवर्तन आएको छ।

पितृसत्तात्मक समाजमा नारीहरू पुरुषद्वारा जसरी खेलाइन्छन् त्यसैगरी रत्नमानको भाइ समुद्रमान पनि अनुराधाद्वारा खेलाइएको छ। समुद्रमान निर्दोष छ र अनुराधाको पनि उसैलाई प्रताडित गर्ने लक्ष्य थिएन। अनुराधाले प्रेमी वा श्रीमान् बनाउने मापदण्डभित्रको पुरुष पनि ऊ होइन (पृ. १३०, १६०) तापनि उसँग प्रेमको नाटक रचिएको छ। समुद्रमानले त्यसलाई भाउज्यूले देवरप्रति राख्ने सद्भाव सम्झेको छ जसलाई उसको मूर्खता नै मान्नुपर्छ। आफूले रत्नमानको हत्या गर्न नसकेपछि अनुराधा उसलाई मानसिक उत्पीडन दिएर बदला लिन प्रयत्नरत बन्दछे र सिधासादा युवक समुद्रमान त्यसको माध्यम बन्दछ। ऊ समुद्रमानसँग प्रेम गरेको स्वाङ रचेर उसको आवश्यकताभन्दा बढी नै वास्ता गरेको (कोठा मिलाइदिएको, काकीहरूसँग उसका खानपानका सम्बन्धमा खोजीनिन्दा गरेको, उसको कोठामा आफ्नो फोटोसमेत झुण्ड्याइदिएर, उसँग सिनेमा गएर, घुमफिर गरेर, हमेसा उसकै निकट रहेर) देखाएर ऊ रत्नमानका मनमा असीम क्रोध उत्पन्न गराई त्यसबाट आनन्द लिन चाहन्छे तर प्रतिफल उल्टो हुन्छ। रत्नमान

क्रोधित त बन्दछ तर त्यसको मार समुद्रमान र स्वयं अनुराधामाथि बज्रन्छ। समुद्रमान त्यहाँ टिक्न नसकेर खेती हेर्ने बहानामा विराटनगर लाग्छ र विसङ्गगत जीवन (रक्सी +आइमाई) बिताउन थाल्छ (पृ. १५०) भने यता अनुराधा रत्नमानमाथि प्रहार गरेको छुरीले स्वयं घाइते हुन्छे र अन्त्यतः बहुलाउँछे। व्यक्तिगत रूपमा अनुराधामा समुद्रमानप्रति मायाभन्दा पनि दयाभाव नै रहेको देखिन्छ (पृ. १३०, १३६)।

अनुराधा कालिम्पोङमा र लखनौमा अध्ययनरत रहँदा उसमा एकातिर रूपको घमण्ड थियो भने अर्कातिर धनको तुजुक थियो। कति केटाहरू उसका पछि लागेका पनि हुन् तर उसले त्यसबेला ती कसैलाई पनि आफूयोग्य नठानेकाले तिरस्कार गरी। ऊ पुरुषलाई लैङ्गिक नाताले आफूभन्दा ठूलो मान्दिनथी। बरु तिनलाई आफूसमानै ठान्थी र सोहीअनुरुप व्यवहार गर्थी। रुप र धनको नसा उत्रिएपछिका अवस्थामा उसले केही युवकलाई गरेको तिरस्कार र अस्वीकारका लागि पश्चातापजस्तो भाव पनि व्यक्त गरेकी छ। यसरी पुरुषलाई नगण्य ठान्ने अनुराधाले रत्नमानका कपटपूर्ण व्यवहारलाई सहन नसक्नु अस्वाभाविक होइन।

अनुराधा कुनै पनि पुरुषप्रति ऊ पुरुष भएकै कारणले विद्वेष लिने नारी होइन भन्ने कुरा उसको अन्य पुरुषप्रतिको व्यवहारले सिद्ध गरेको छ। उसको आफ्ना दाजुभाइप्रति कुनै गुनासो छैन। ऊ पितामाथि असाध्यै भरोसा राख्छे र ऊ काठमाडौंमा भएको भए रत्नमानको षड्यन्त्रमा पर्नुपर्ने थिएन भन्ने उसको विश्वास छ (पृ.९८)। यो भरोसा र विश्वास पिताको उसप्रतिको व्यवहारले उब्जाएको हो। एकचोटि बहुलाएर उपचारपश्चात् ठीक भएकी ऊ पितासँग भेट भएपछि खुरुक्क काठमाडौं छाडेर कालिम्पोङमा गएर बसिदिन्छे। यस अर्थमा उसले पितामाथि श्रद्धा राखेको देखिन्छ।

प्रस्तुत उपन्यासमा रत्नमानपछिको महत्त्वपूर्ण पुरुष पात्र कोमलमान हो। ऊ अनुराधासँग विना कुनै पूर्वयोजना र नातासम्बन्ध अनायास नै यात्राक्रममा भेटिएको युवक हो जससँग उसको सौहार्द्रतापूर्ण सम्बन्ध कायम रहेको छ। कोमलमानप्रतिको दृष्टिकोणको प्रारम्भ कृतज्ञताबाट भएको छ। बिरामी भएर स्टेसनमा अलपत्र परेकी आफूलाई घरमा ल्याएकोमा ऊ आभार प्रकट गर्छे (पृ.३३)। कसो-कसो कोमलमानको व्यवहार उसलाई मन पर्दै जान्छ र आफ्ना जीवनका सारा कथा उसलाई सुनाउन उत्कण्ठित बन्दछे। अनुराधा उससँग टहलिन निस्कन्छे र एक/दुई दिनको बसउठपछि आफ्ना सारा कथा सुझबुझयुक्त विश्लेषणसहित उसलाई सुनाउँछे। त्यति मात्र होइन, ऊ कोमलमानको स्पर्श रुचाउने भएकी छ र उसका हात आफ्ना हातमा लिएर खेलाउने भएकी छ (पृ.१६१)। त्यतिमात्र होइन, काठमाडौंमा पनि उसँगै जान र बिचमा ऊ बिरामी भए (बहुलाए) रत्नमानलाई छुनै नदिई आफ्नै साथमा ल्याउन आग्रहसमेत गर्छे (पृ. १६१-१६२)। ऊ कोमलमानसँगको सम्बन्धलाई लिएर स्वप्नशील बनेकी छ र अरू कसैलाई नसुनाएको आफ्नो जीवनको स्वप्न पनि उसलाई सुनाउन पुगेकी छ (पृ.१५७)। उसले आफू विक्षिप्त बन्नुअघि कोमलमानसँग नयाँ जीवन बिताउने आकाङ्क्षासमेत प्रकट गरेकी छ। कोमलमान उसको रूपबाट रिझिएर उसप्रति आकर्षित भए तापनि ऊ नारी अस्मिताको कदर गर्दछ र नारी

स्वाधीनताको वकालत गर्दछ। एउटा अर्को पुरुषप्रतिको चरम द्वन्द्वमा रहेकी अनुराधा यिनै सद्‌गुणले गर्दा कोमलमानप्रति सद्‌भाव राख्ने भएकी छ।

कोमलमानको घरायसी कामदार हरिप्रति पनि उसको सहृदयता नै छ। अनुराधा र हरि दुवैथरि एकअर्काबाट प्रभावित छन् र असल दृष्टिकोण राख्दछन्, बाटो ढुकेर आफूलाई जिस्क्याउने र बलात्कारको प्रयाससमेत गर्ने पुरुषप्रति भने उसमा चरम घृणा छ (पृ. ८०, ८१)।

समग्रमा अनुराधामा पुरुष समुदायप्रति एउटै प्रकारको बनिबनाऊ दृष्टिकोण रहेको पाइँदैन। उसको पुरुषप्रतिको दृष्टिकोण निर्माण गर्ने काम पुरुषकै व्यवहारद्वारा निर्देशित रहेको देखिन्छ। उसका दृष्टिमा पुरुष भएर जन्मनु कुनै पनि व्यक्तिको अपराध होइन तर समयको परिवर्तित सन्दर्भअनुरूप नारीप्रति सद्व्यवहार नगर्नु चाहिँ तिनको अपराध हो। त्यसैले यस उपन्यासमा उसबाट सद्‌भाव एवं दुर्भाव पाउने दुवै किसिमका पुरुषको उपस्थिति देखिन्छ।

**अनुराधा** उपन्यासमा नरनारीका बिचको द्वन्द्वको स्थिति अनुराधाका बाबुआमाका बिचमा पनि छ तापनि त्यो अनुराधाकै जस्तो स्पष्ट रूपमा प्रकट भएको छैन। आफ्नो श्रीमान्‌ले आफूसँग अधिक समय व्यतित नगरेकामा अनुराधाकी आमा रुष्ट छ र छोरीलाई देशबाहिर लगेर शिक्षादीक्षा दिलाएकामा पनि ऊ सन्तुष्ट छैन। परम्परागत समाजभीरु अशिक्षित नारीले श्रीमान्‌सँगको द्वन्द्वलाई प्रकट गर्नु तत्कालीन समाजमा सम्भव पनि थिएन एकातिर भने अर्कातिर यथेष्ट सम्पत्तिको भोगचलन गर्न पाएकाले पनि उसले त्यो साहस जुटाउन सकेकी थिइन। श्रीमान्‌प्रतिको असन्तुष्टिले उसभित्र अर्कै किसिमको मनोग्रन्थिको निर्माण गरिरहेको थियो। रत्नमानको आग्रह र दुई छोरीहरूको उक्साहटमा उसभित्र विद्यमान श्रीमान्‌द्वेषले निकासको अवसर पायो। लखनौमा पढ्दै गरेकी छोरीलाई हठात् बोलाएर श्रीमान्‌को सहमतिबेगर नै स्वयम्वर गरी छोरीको पढाइ टुङ्ग्याउन पाउँदा उसले श्रीमान्‌प्रतिको बदलाको तृष्णाले सन्तुष्टि पाउने आशा गरेकी थिई। अनुराधाले आफ्नी आमाबाट प्राप्त गरेको आघात उसका पितालाई दिन खोजिएको थियो, ऊ साँढेको जुधाइमा मिचिएकी बाछी मात्रै बनेकी हो र उसकै जीवन भने दुरुह बनिदियो। यहाँनिर अनुराधा र समुद्रमानको स्थिति समतुल्य प्रतीत हुन्छ। अनुराधाकी आमाले श्रीमान्‌को दूरत्वबाट उपेक्षाबोध गरेकी छ र अनुराधाका माध्यमबाट उसले त्यसै उपेक्षाको बदला लिने प्रयत्न गरेकी हो। त्यही उपेक्षाबोधले ऊ हठी, क्रोधी र कठोर बनेको देखिन्छ।

समयको बदलिँदो प्रवाह, शिक्षाको प्रसार र नारी शिक्षाको अवसर, राजनीतिक र सामाजिक खुलापन, नारीमा अस्मिताचेतको प्रवेश, अनेक सन्दर्भले विदेशसँगको सम्पर्क आदि कारणले नारीहरूमा हरेक सन्दर्भप्रतिको दृष्टिकोण बदलिँदो अवस्थामा भेटिन्छ। यही क्रममा उनीहरूको पुरुषप्रतिको दृष्टिकोण पनि बदलिने क्रममा रहेको छ। यस क्रमलाई नबुझ्ने पुरुषले नारीप्रति पुरातन किसिमकै शोषण एवं दमनमूलक व्यवहार गर्नु भनेको नारी जगत्‌को असल दृष्टिकोण प्राप्त गर्न नसक्नु हो। समयसन्दर्भले आफूलाई हिर्काउने लात्तीलाई कष्ट पुग्यो कि भनी मायासाथ सुम्सुम्याउने नारी प्रवृत्तिमा परिवर्तन आइसकेको कुरा नबुझ्नु पुरुषले नारीको असल दृष्टिकोण

प्राप्त गर्न नसक्ने प्रमुख आधार हो र त्यही कुरालाई अनुराधाबाट रत्नमान र कोमलमानप्रति राखिएको पृथक् दृष्टिकोणले प्रमाणित गरेको छ ।

### ५.४.१० समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति

**अनुराधा** उपन्यास सङ्क्रमणकालीन काठमाडौंली समाजको चित्रण भएकाले यस उपन्यासमा नारीको अवस्थिति पनि सङ्क्रमणशील रहेको छ । यो उपन्यास लेखिएको बेलामा नेपालको सामाजिक अवस्थामा निरन्तर परिवर्तन देखा परिरहेको थियो । राणाशासनको अन्त्यले नेपालीहरू निकै फुक्का भएका थिए । त्यसपछि नेपाली समाजमा शिक्षाको प्रचारप्रसार बढ्नुका अतिरिक्त राजनीतिक सक्रियता, समाजसुधारका अभियान, उद्योगधन्दा, व्यापार, देशविदेशको प्रभावले जीवनशैलीमा नवीनता (मोटरसाइकल, साइकल, गाडी, लुगागहनाको आधुनिक विविधता आदि) जस्ता कुराहरू देखा परिरहेथे । नारी जतिसुकै परम्परागत र घरेलु जीवनका घेराभित्र सीमित रहे तापनि उपर्युक्त सङ्क्रमणशीलताको प्रभाव तिनका जीवनमा पनि देखा परेको छ । यस उपन्यासका सम्पूर्ण नारीसम्बद्ध द्वन्द्वहरू त्यसै सङ्क्रमणशीलताबाट उद्‌बुद्ध भएका हुन् । आधुनिक अनुराधाको मात्र नभएर परम्परागत आमा र दिदीहरूको जीवन पनि सङ्क्रमणशीलताबाट पर्याप्त प्रभावित बन्न पुगेको देखिन्छ । परम्परा र आधुनिकताका बिचको चापप्रतिचापमा यस उपन्यासका नारी पात्रको अवस्थिति भेटिन्छ ।

त्यसबेलाका नारीहरू न त स्वयं नै नारीशिक्षाको आवश्यकता बुझ्ने भएका थिए न त बुझेरै पनि त्यसलाई प्राप्त गर्ने हौसला जुटाउन सक्तथे । त्यसबेला जति पनि आधुनिकता आएको थियो त्यो अधिकांशत पुरुष समुदायमा सीमित थियो । नारीले परम्परागत रूपमा सम्हाल्दै आएका घरायसी जिम्मेवारी मात्र नारीको जिम्मेवारी मानिन्थ्यो र त्यसलाई सम्हाल्न आजसम्म शिक्षाको जरुरत परेन भने अब चाहिँ किन चाहियो भन्ने किसिमको मानसिकता त्यसबेलाका नरनारी दुवैको थियो । त्यसताका एकाध नारीले मात्र शिक्षाको अवसर पाउँथे र अनुराधा तिनैमध्येकी थिई । एकातिर परम्पराभिन्न रूपमा नारीलाई देख्नै नचाहने परिवार एवं समाज रहेको छ र अर्कातिर कन्भेन्टको शिक्षा प्राप्त गरेकी अनुराधा र उसका परम्पराभिन्न विचारहरू रहेका छन् । यिनै दुई कुराका बिचको द्वन्द्वशीलता नै अनुराधाका जीवनको औपन्यासिक अवस्थिति हो ।

उपन्यासकालीन समयताका बिहेमा नारीको आफ्नो निर्णयको कुनै मूल्य नै रहँदैनथ्यो । बाबुआमाले केटो खोजिदिन्थे र उनीहरूले नै केटाको योग्यता खुट्याउँथे, केटाले केटी हेर्थ्यो, बस् । केटीले न त केटो हेर्नु नै आवश्यक हुन्थ्यो न त उसको रुचिको नै सोधखोज हुन्थ्यो । बाबुआमाले दिएको केटासँग चुपचाप पछि लाग्नु नै उसको कर्तव्य ठानिन्थ्यो । अन्यथा कुलका मर्यादामा खोट लागेको सम्झिइन्थ्यो । अनुराधाको जीवनमा पनि यही कुरा घटित भयो, शिक्षित छोरीको सुझबुझको कुनै ख्याल गरिएन, उसको अस्वीकारको कुनै मूल्य देखिएन र उसलाई थाहापत्तै नदिईकन स्वयम्वरको आयोजना गरियो । अनुराधाले स्वयम्वरको माला चुँडालेको कुरालाई कुलमर्यादा माथिको घात सम्झेर गुपचुप राखियो र विवाह विधिपूर्वक सम्पन्न भएको प्रचार गरियो । अनेक षड्यन्त्रपूर्ण तारतम्यद्वारा उसलाई समाजमा रत्नमानकी श्रीमतीका रूपमा परिचित

गराइयो। नेपाली नारीको तत्कालीन सामाजिक अवस्थितिको चित्र यस सन्दर्भमार्फत प्रस्तुत उपन्यासमा जस्ताको तस्तै उतारिएको छ। सो परिवेशमा स्वयम्वरको माला चुँडाउनु अनुराधाको महामूर्खता ठानियो (पृ.९४)।

तत्कालीन नेपाली समाजको प्रतिबिम्ब अनुरूप **अनुराधा** उपन्यासमा पनि नारीको अस्तित्व शरीरभन्दा पनि पर छ भन्ने ठानिँदैनथ्यो र त्यही शरीरका वरिपरि उसको अस्तित्वको आकलन गरिन्थ्यो। यसै कारणले गर्दा सम्पन्न वरप्राप्तिभन्दा पर नारीको अर्को लक्ष्य नै देखिँदैनथ्यो। सम्पन्न वरप्राप्तिको उद्देश्य खान-लगाउन पाउनुसँग जोडिएको हुन्थ्यो। अर्थात् खान-लाउन पाएपछि नारी जीवनका आकाङ्क्षा पूर्ण भएको ठानिन्थ्यो। राम्रोसँग मिठो-मिठो खान पाउनु र राम्रा-राम्रा लुगागहना लगाउन पाउनुलाई नारीको आकाङ्क्षातृप्तिभन्दा पनि कुलको इज्जत ठानिन्थ्यो र त्यसभित्र नारी स्वयंको अस्तित्व भने कतै बाँकी रहँदैनथ्यो। नारी-जीवनको सम्पूर्ण सार, सन्तुष्टि र सफलता यसैमा निहित मानिन्थ्यो। परिवार र समाजद्वारा अन्य नारीलाई झैं अनुराधालाई प्राप्त भएको अवस्थिति पनि यही हो। उसका आमा र दिदीहरू अनुराधाको खानेलाउने राम्रो व्यवस्था गरिदिन सक्ने घर भेटिनु उसको ठूलो सौभाग्य सम्झन्थे, किनभने ती दिदीहरू यिनै आकाङ्क्षाको अतृप्तिले कुण्ठित थिए। यसबाट उसका आमा-दिदीहरू परम्पराले दिएको नारी जीवनको यही अवस्थितिमा सन्तुष्ट देखिन्छन् भन्ने कुरा प्रकट भएको छ तर अनुराधा जीवनको अर्कै अवस्थितिको खोजीमा छ। शैक्षिक चेतना र आधुनिक सोचले उसलाई खानेलगाउने कुराभन्दा माथि उठाइसकेको छ र त्यही नै अनुराधाको स्वआर्जित औपन्यासिक अवस्थिति हो।

परम्परागत नेपाली समाजमा नारीले दोषी ठहरिन वास्तवमैं दोषी भइराख्नु पर्दैन (पृ. ९८)। पितृसत्तात्मक संरचनामा समाजले एउटी नारीलाई जे जस्तो पनि बनाउन सक्छ। एउटी सतीसाध्वी नारीलाई वेश्या र वेश्यालाई सतीसाध्वी बनाउनु त यसको बायाँ हातको खेल हो। नारीलाई ध्वस्त गर्ने अभियानमा समाजले जो कोहीलाई सजिलै साथ दिन्छ जुन पितृसत्तात्मकताको पहिचान हो। नारीलाई ध्वस्त गर्न पुरुषलाई तहसनहस गर्न जति कठिन छैन किनभने समाजमा पुरुषको सत्ता स्थापित छ , ऊ समाजको सत्ताधारी हो। एउटा सरल रेखामा हिँडिरहेको अनुराधाको जीवनमा पनि यस्तै भयो। उसका आमा, दिदी र रत्नमानका इच्छा र कुप्रचारलाई समाजले सहजै मान्यता दियो र सती अनुराधा सजिलै वेश्या ठहरिई (पृ. १०२-१०२)। उसलाई परम्पराबाट प्राप्त अवस्थिति यही हो तर ऊ यसमा बसिरहन चाहिन। ऊ हायलकायल भएर आफू वेश्या नभएको प्रमाणित गर्नतर्फ प्रवृत्त भइन। परिवारले उसलाई रत्नमानका कज्याइमा पार्न त्यस्तो आरोप लगाएको थियो तर उसले त्यही आरोप स्वीकार गरेर उक्त कज्याइबाट आफूलाई मुक्त गर्न खोजी र दुईथरिका बिचको द्वन्द्व चरम अवस्थातर्फ अग्रसर भयो। **अनुराधा** उपन्यासमा नारीले प्राप्त गरेको यो नवीन अवस्थिति हो र यो आफू जबर्जस्ती रत्नमानकी पत्नी घोषित हुनुका विरुद्धको अनुराधाको सङ्घर्ष हो।

लोकलाजका साङ्लामा बेरिएर अस्तित्वहीन बन्नु नेपाली नारीको नियति हो जसलाई उनीहरूले यत्नपूर्वक स्विकारेका हुन्छन्। उनीहरूमा आफ्नो चरित्रमाथि कसैले औँला ठड्याउन

नपाओस् भन्ने ध्याउन्न सधैं हुन्छ । अनुराधाकी आमा श्रीमान्बाट तिरस्कृत भएको महसुस गर्छे तर यस्तो श्रीमान्लाई परित्याग गरेर आफ्नो मनोनुकूल व्यवस्था गर्न सक्तिन, आ-आफ्ना श्रीमान्को विपन्नतासँग उसका दिदीहरू असन्तुष्ट छन् र सम्पन्न रत्नमानसँग बहिनीको विवाह गराइदिएर ती दिदीहरू परोक्ष परितृप्ति लिने प्रयत्न गर्छन् तर अन्य विकल्पको खोजी गर्दैनन् । अनुराधाले आमा-दिदीहरूले गरिदिएको वैवाहिक बन्दोबस्तलाई लत्याउनु उनीहरूका दृष्टिमा अक्षम्य अपराध ठहरिएको छ किनभने अनुराधाको कदमले लोकलाजको मर्यादा राख्न सकेको छैन ।

नेपाली समाजमा नारीको कुनै आर्थिक हैसियत छैन । विवाह गरेपछि आफ्ना हैसियत अनुसार खान लगाउन पुऱ्याउनु श्रीमान्को कर्तव्य हुन जान्थ्यो । अनुराधाबाहेकका बाँकी सबै नारी पात्रको जीवनशैली पनि त्यस्तै छ तर अनुराधा भिन्न प्रवृत्तिकी छ । एकातिर उसबाट त्यस्तै आत्मसमर्पणको अपेक्षा गर्नेहरूको जमात छ भने अर्कातिर आत्मसमर्पण नगर्ने अठोटमा बसेकी एक्ली अनुराधा छ । यस उपन्यासमा नारीहरूले यिनै दुईवटा अवस्थिति प्राप्त गरेका छन् ।

आफूमा अस्मिताबोध प्रचूर हुनु तर समाज एवं परिवारमा त्यसले मान्यता नपाउनु मात्र होइन, अझ त्यस अस्मिताबोधको उच्छेद गर्ने प्रयत्न चाहिँ हुन्छ भने त्यस्तो अवस्थामा अस्मिताचेतयुक्त नारीबाट अमानुषिक व्यवहार हुने प्रयत्न हुनु अस्वाभाविक होइन । स्वअस्मिताको रक्षा गर्ने उद्देश्यले नै ऊ रत्नमानको हत्या गर्न तम्सिएकी हो । रत्नमानका घरमा पुगेकी पनि यही हत्याकै उद्देश्यले हो । उसको एउटा रात रत्नमानका घरमा हत्या गर्न नसकेरै बित्छ र हत्या नगरिञ्जेल उसका अरू रातहरू पनि त्यहीं बित्दै जान्छन् । रत्नमानका घरमा रात नबिताउञ्जेल उसको हार र अरूको जित भएको थिएन । त्यस घरमा रात बिताउनु अनुराधाको हार र अरूको जितको पहिलो कदम बन्यो । शरीरभन्दा पर नारीको अस्तित्व नै नदेख्ने समाजकी नारीले एक रात अरूका घरमा शरीर बिसाउनु भनेको पतनको सीमान्त स्थितिमा पुग्नु हो । यसैले अनुराधाको उक्त बसाइले उसले रत्नमानको पत्नीत्व स्विकारेको ठहरियो । ऊ विवाह भएकै होइन भनेर जतिसुकै चिच्याए पनि आफ्नो बोली अर्थयुक्त नहुने स्थितिमा पुगी । उसभित्र निहित मानवताले न त उसले रत्नमानको हत्या नै गर्न सकी (पृ.१५४) न त उसलाई श्रीमान् स्विकारेर आनन्दसँग बस्न सकी । यस्तो परिस्थितिका नारीलाई न त माइतीले नै साथ दिन्छन् न त समाजले नै टेवा दिन्छ । यस्तो स्थितिमा आत्महत्या नगरेपछि पागलपन उसको निर्विकल्प नियति बन्यो । एउटी स्वाभिमानी नारीलाई बहुलाउनका निम्ति यसभन्दा अर्को कारण चाहिँदैन । अनुराधा अन्य कारणले बनेकी सहज  बहुलाही होइन, परिवार र समाजद्वारा बनाइएकी बहुलाही हो (पृ.११७) ।

प्रस्तुत उपन्यासमा अनुराधा, कोमलमान र समुद्रमानका माध्यमले नारी र नरका कुण्ठालाई समान रूपमा प्रस्तुत गरिएको छ । एक्लै घरभन्दा टाढा रहेर पनि जीवन बिताउन सक्ने सामाजिक सहुलियतले गर्दा कोमलमान र समुद्रमान घर छाडेर हिँडेका छन् तर नारी भएका नाताले अनुराधालाई यो सुविधा प्राप्त छैन । अनुराधा रत्नमानसँग बदला लिनका लागि उसकै घरमा आश्रित बन्न पुग्नु नेपाली नारी हुनुका नाताले प्राप्त सामाजिक अवस्थितिकै परिणाम हो, किनभने पितृघरमा आमा दिदीहरूले टिक्न खान दिएका छैनन् जसले गर्दा उसले त्यहाँ पाइलै नहाल्ने प्रतिज्ञा गरेकी छ । त्यति गरेर पनि योजनामा असफल बनेपछि भने उसँग आत्महत्या र

पागलपन मात्रै जीवनका विकल्प बनेका छन्। बदलाको आगोले उसलाई आत्महत्याबाट त जोगाएको छ तर पागलपनबाट जोगाउन सकेको छैन। यस उपन्यासकी प्रमुख नारी चरित्रले प्राप्त गरेको औपन्यासिक अवस्थिति यही नै हो। जतिसुकै विद्रोह गरेतापनि उसको आकाङ्क्षित अवस्थिति प्राप्त हुन सकेको छैन। ऊ बहुलाएकी छ तर सङ्घर्षको परित्याग गरेकी छैन। यही सङ्घर्षपरिपूर्णता नै उसको नवीन सामाजिक अवस्थिति बन्न पुगेको छ जुन उसका आमा-दिदीहरूले प्राप्त गरेका छैनन्।

समग्रमा सिङ्गो उपन्यासभरिमा त्यहाँका नारी पात्रको दुई किसिमको अवस्थिति देखिन्छ- परम्परागत र परम्पराभिन्न। अनुराधाबाहेकका सबै नारीहरू परम्परागत अवस्थितिमा छन् भने अनुराधा परम्पराभिन्न अवस्थितिमा छ। वेश्याको लाञ्छनालाई अरू नारीहरू नारी जीवनको समाप्ति ठान्छन् भने अनुराधा त्यसैलाई जीवनको प्रारम्भ बनाउन उद्दत छ। उसको चाहना छ- रत्नमानले उसलाई वेश्या भनेर छाडिदेओस् र ऊ नयाँ जिन्दगी बिताउन सकोस्। ऊ लोकलाजका अग्निमा जीवनको बलि दिन चाहन्न, कालिम्पोङदेखि काठमाडौंसम्मको यात्रा एक्लै तय गर्न लागेकी छ, नारी भएर पनि हत्या जस्तो नृशंस कार्यका लागि प्रयत्नशील बनेकी छ, पुरुषले झैं अन्य पुरुषसँग निर्धक्क प्रेमको नाटक रच्छे। यो समाजले आफ्नो अनुकूलता र प्रतिकूलता हेरी-हेरी उसलाई प्रदान गरेको नभई उसको स्वआर्जित अवस्थिति हो। यसरी **अनुराधा** उपन्यासमा अनुराधालाई स्वाभिमानपूर्ण, नवोन्मेषशील, द्वन्द्वशील भूमिकामा नितान्त भिन्न अवस्थिति प्रदान गरिएको छ र सम्पूर्ण उपन्यास यसैका केन्द्रीयतामा रचिएको छ। अनुराधाको अवस्थिति परम्परागत सामाजिक अवस्थितिभन्दा बाहिर निस्कन खोजेको तर सफलता हासिल नभई सकेको सङ्घर्षमय रहेको छ।

## ५.४.११ **नारीप्रतिको लेखकीय दृष्टि**

नारीकेन्द्री उपन्यास **अनुराधा**मा उपन्यासकार विजय मल्लले प्रमुख नारी चरित्र अनुराधालाई शिक्षित, सचेत, नवोन्मेषशील अग्रगामी चरित्रका रूपमा प्रस्तुत गरेका छन्। पुरुष समुदायको अनुशासनहीनता, असामाजिक, अहङ्कारी र नारी-उत्पीडक आचरणले नारीसचेतता र अस्मिताबोध कुण्ठित बन्न पुग्दछ। उक्त कुण्ठा निवारणका लागि नारीको सचेत अग्रगामिता मात्रै पर्याप्त नभई पुरुषको चारित्रिक परिवर्तनको पनि आवश्यकता पर्दछ भन्ने लेखकीय दृष्टिकोण रहेको छ। नारीको तत्कालीन जीवनस्थितिप्रति उनी सन्तुष्ट छैनन् र आफूलाई मन नपरेका नारीसम्बन्धी पारिवारिक-सामाजिक आचरणको विरोधका लागि नै उनले अनुराधा नामक नारी चरित्रका केन्द्रीयतामा उक्त उपन्यासको रचना गरेको देखिन्छ।

नारीकेन्द्री उपन्यासहरू विभिन्न कारणले लेखिन्छन्। कोही विषयको रोचकताका कारणले, कोही भावुकतावश, कोही लयालु संवेदनशीलता प्रकट गरेर आफ्नो उदारता र महानता प्रदर्शित गर्न, कोही समाजका नारीलाई अस्मिताचेत प्रदान गर्न, कोही पुरुषलाई महान् देखाउन नारीकेन्द्री उपन्यासको रचना गर्छन्। विजय मल्लले भने नारीकुण्ठाको उत्खनन गर्ने हेतुले **अनुराधा** उपन्यासको रचना गरेको देखिन्छ। मल्लले यस उपन्यासमार्फत नारीका समस्यालाई नगण्य ठानी

त्यसको विश्लेषण गर्नतर्फ अग्रसर नै नहुने तर सतही रूपमा उल्टै उसैलाई लाञ्छित-तिरस्कृत गर्ने सामाजिक परिपाटीका विरुद्ध शङ्खघोष गरेका छन् ।

उपन्यासकार 'पितृसत्ता' भन्ने शब्दको प्रयोग पनि गरेका छैनन् र त्यसको विरोधी भाव पनि व्यक्त गरेका छैनन् तर उनले नेपाली समाज नारीअनुकूल छैन भन्ने बुझेका छन् । यस्तो सामाजिक परिवेशमा कुनै पनि नारी आफ्नै मात्र प्रयत्नले असल वा खराब बन्न सक्दिन भन्ने लेखकीय ठहर छ । नेपाली समाजको परम्पराले भने अनुराधाका जीवनको कायापलट हुनुमा उसैलाई दोषी देख्छ तर उपन्यासकारले यस प्रवृत्तिको विपरीत आशय प्रस्तुत गरेका छन् । त्यत्तिकै सहज रूपमा अनुराधा न त हत्यारिणी बन्न खोज्ने नारी हो न त बहुलाउने र आफूले नपत्याएको मानिससँग (समुद्रमान) पनि प्रेमको स्वाङ् रचिरहने खालकी नारी हो । अरूहरूले कष्ट र यातना दिँदादिँदा मनुष्यबाट खसाएर अनुराधामा एक हत्यारिणी बन्न सक्ने विकृति पैदा गरिदिएका थिए (पृ.१०८) । उनी यसमा नारीलाई कठपुतलीझैं नचाउन खोज्ने सामाजिक आकाङ्क्षालाई दोषी देख्छन् ।

नारीप्रति लेखकको सकारात्मक सोच रहेको छ । समाजमा नारीको महत्ता स्थापित गर्नकै लागि नै अनुराधाको सङ्घर्षप्रिय चारित्रिक बुनोट गरेको देखिन्छ । उनले नारीहरू स्वयंमा रहेको परम्पराग्रस्त सोचमा परिवर्तन ल्याउन चाहेका छन् । उनले विवाहका लागि सम्पन्नतानै केटाको एक मात्र योग्यता ठान्ने र श्रीमान्का अस्तित्वका छाँयामा आफूलाई पूर्ण रूपमा अस्तित्वहीन तुल्याउने नारीहरूको प्रवृत्तिप्रति असन्तुष्टि जनाउँदै त्यसका विरुद्ध लड्नका लागि अनुराधाको यस किसिमको चारित्रिक बुनोट गरेका छन् । एकातिर परम्परागत सोच राख्नेहरूको समूह छ भने अर्कातिर जीवनको नवीन सोचलाई अगाडि सार्दै व्यावहारीकृत गर्न खोज्ने अनुराधा एक्लै छ । आफूले अपेक्षित सफलता प्राप्त नगरे तापनि आफ्ना प्रतिद्वन्द्वीहरूलाई पनि विजयी हुने अवसर दिएकी छैन । परम्परागत सोचवालाहरूले विक्षोभ प्राप्त गरेका छन् भने अनुराधाले विक्षिप्तता हासिल गरेकी छ । एक्ली नारीले परिस्थितिलाई यसरी डाबाडोल पारेको देखाउनु नारीलाई सशक्त देखाउनु हो । नारी अलिकति मात्र सचेत र हिम्मतिला हुने हुन् भने उनीहरूको जीवनस्थितिमा सजिलै परिवर्तन आउन सक्छ भन्ने लेखकीय सोचलाई अनुराधाको चरित्रले बहन गरेको छ ।

नारीप्रतिको पुरुषको दृष्टिकोण गलत भएकाले नारीले दुःख पाउने गरेकी हो भन्ने लेखकीय सोच देखिन्छ । आफू सम्पन्न र उच्च पदीय हैसियतको भएकाले जस्तासुकै नारीका लागि पनि आफू लायक भएको सम्झनु पुरुषको अहङ्कार हो । रत्नमानको त्यही अहङ्कारले अनुराधाले दुःख पाएकी छ । आफू व्यक्तित्वहीन भएको कुराको उसले ख्यालै राखेन तर अनुराधाको सौन्दर्यपूर्ण व्यक्तित्वबाट प्रभावित भएर बाटो ढुक्नेदेखि लिएर घरमा विवाहको प्रस्ताव पठाउने, अनुराधाको अस्वीकृतिपश्चात् पनि उसका दिदीभिनाज्यूलाई प्रलोभन दिएर अनुराधालाई हात पार्नका लागि षड्यन्त्र गर्न लगाउने आदि कार्य गर्‍यो । यस उपन्यासमा पुरुषको प्रस्तावलाई नारीले कुल्चनै नहुने भन्ने अहङ्कारले ग्रस्त रत्नमान नेपाली समाजका पुरुषहरूको प्रतिनिधिका रूपमा आएको छ र यस्तो पुरुषप्रवृत्ति नारी पीडाको कारक हो भन्ने आशय प्रस्तुत गर्दै त्यस्तो चरित्रलाई हतोत्साहित गर्ने किसिमको कथानकीय आयोजन गरिएको छ । अनुराधामाथि अनेक चारित्रिक

लाञ्छना लगाउँदै उसका बाबुलाई पत्र पठाउनु रत्नमानको पराजित मानसिकताको परिचय हो। रत्नमानको प्रवृत्तिलाई पराजित देखाउनु लेखकको नारी पक्षधरता नै हो।

प्रस्तुत उपन्यासमा समाजको सङ्क्रमणशीलता नारीका निम्ति चुनौति हो भन्ने आशय व्यक्तिएको छ। अनुराधाले बेहोरेको जस्तो सङ्क्रमणशीलता अझै चुनौतिपूर्ण हुन्छ। समाजका बाँकी पक्षमा र पुरुषका सन्दर्भमा परिवर्तनको अपेक्षा गर्ने तर नारीका सन्दर्भमा भने अलिकति पनि परिवर्तन नसहने सामाजिक प्रवृत्ति नवोन्मेषशील नारीका निम्ति बन्धन मात्र हो। यसै कारणले अनुराधाको जीवन सङ्घर्षमय बनेको छ। सङ्घर्षमा पराजित भएर शत्रुपक्षसँग आत्मसमर्पण गर्नुभन्दा मर्नुलाई नै श्रेयस्कर ठान्ने अनुराधामा चर्को अस्मिताबोध छ। ऊ आफैलाई अनेक पीडा दिन्छे तर अस्मितामाथिको आघात सहन सक्तिन। उसका हृदयमा अझै पनि मलाई आफू मात्र कोही बन्न दिँदैनन् (पृ. १५४) भन्ने गहिरो क्षोभ छ र रत्नमानसँग बदला नलिइञ्जेल बहुलाउन चाहन्न, किनभने त्यसरी बहुलाउँदा आफ्नो अस्मिता लोप हुनसक्छ भन्ने उसको चिन्ता छ (पृ. १५५)। तत्कालीन सामाजिक परिवेशमा अनुराधाजस्ती अस्मितासचेत जिउँदीजाग्दी नारी चरित्रमा आधारित उपन्यासको रचना गर्नु लेखकको समेत विद्रोह नै हो। उपन्यासकारले समाजको सङ्क्रमणशीलतालाई चिर्न यस्तै नारी चरित्रको आवश्यकताबोध गरेका छन्।

अनुराधाले आफ्नो जीवन क्षतविक्षत भइसक्दासमेत पनि अस्मितारक्षार्थ सङ्घर्ष गरिरहेको देखाएर उनले उसकै जस्तो चरित्रको वकालत गरेको देखिन्छ। सङ्घर्षमय जीवनमा दुःख नगण्य ठानिन्छन्, घोडा चढ्ने नै लड्छ, सङ्घर्ष गर्नेले केही अवश्यै गुमाउँछन् तर त्यसका साथमा उसले केही अवश्यै प्राप्त गर्छ। केही नयाँ पाउनका लागि केही पुराना कुरा अवश्यै गुमाउनुपर्छ। त्यसमाथि पनि यस्तो सामाजिक परिस्थितिका नारीले थोरै प्राप्तिका निम्ति धेरै गुमाउनुपर्छ र सङ्घर्ष झेल्ने तथा पीडा भोग्ने काम पनि धेरै गर्नुपर्छ। यति भएर पनि अस्मितारक्षार्थ गरिने सङ्घर्षलाई भने छाड्नु हुँदैन भन्दै उपन्यासकारले सङघर्षशील नारी व्यक्तित्वलाई अनुकरणीय सावित गरेका छन्। यसका साथै उनले अनुराधाका जीवनको सुखद् परिणतिको सङ्केत गरेर सङ्घर्ष त्यसै खेर जाँदैन भन्ने दृष्टिनिक्षेप पनि गरेका छन्।

कोमलमान उपन्यासकारको मुखपात्र हो र यो पात्र सङ्घर्षका धापमा फस्दै गएको अनुराधाको जीवनलाई त्यसबाट उकास्ने त्राणका रूपमा प्रस्तुत भएको छ। लेखकले अनुराधाजस्ती नारीको सङ्घर्षमा ऐक्यबद्धता जनाउनकै लागि कोमलमानजस्ता पात्रको सिर्जना गरेका छन्। कोमलमान भनेकै विजय मल्ल हुन् भन्ने कुरालाई उपन्यासका प्रारम्भिक केही पृष्ठले पुष्टि गरेका छन् जहाँ ऊ (कोमलमान) आफैले कल्पना गरेकी पात्र अनुराधाको चारित्रिकताले स्वयंसमेत विक्षिप्त बन्न लागेको अनुभव गर्दैछ र उसलाई त्यस पात्रको प्रस्तुति दिने हतारो असाध्यै लागेको छ। त्यस पात्रलाई मस्तिष्कमा मात्र बोकिञ्जेल उसलाई ब्रोमाइड नखाई निद्रै नलाग्ने भएको छ (पृ.४)। यसबाट लेखक स्वयंले नै अनुराधाको चारित्रिक सशक्तताको बखान गरेको देखिन्छ। उसको "एउटी आइमाईको जिन्दगीमा के मात्र गुञ्जन, के मात्र घट्न सक्तैन !" (पृ. १५३) भन्ने अभिव्यक्तिमार्फत तत्कालीन सामाजिक परिवेशमा नारी जीवन सीमान्त कण्टकमय रहेको आशय झल्कन्छ र लेखकको यही ठम्याइ प्रस्तुत उपन्यासको सार वाक्य र पृष्ठाधार हो। बाँकी सिङ्गो

उपन्यास यसैको विस्तार हो । नारीलाई शरीरका कोणबाट मात्र मूल्याङ्कन गर्ने परिपाटीका विरुद्ध लेखकले विद्रोह जनाएका छन् र शरीरमा देखिएकी नारीको नभएर अन्तरहृदयमा रहेकी नारीको खोज र कदर गर्नतर्फ (पृ. १५४) आफ्ना पाठकलाई प्रवृत्त गराउन खोजेका छन्। पहिला अनुराधाको रूपबाट आकर्षित बनेको कोमलमान उसको जीवनकथा सम्पूर्ण सुनेपछि त्यही बहुलाही अनुराधालाई प्रेम गर्न थाल्नु नयाँ कोणबाट गरेको नारीसम्मान हो र यही नै लेखकीय अभीष्ट पनि हो । आफ्नो दृष्टिकोण समाजमा सुपाच्य नबन्ला कि भन्ने पनि उनलाई डर छ भन्ने कुरा कोमलमानमार्फत गरिएको "मेरा यी कुराहरूले कोही पनि मलाई बेसुरे, विकृत बौलाहा भन्ने दावा नगरून्" (पृ.४) भन्ने अभिव्यक्तिबाट झल्कन्छ। यस उपन्यासमार्फत लेखकले नारीअस्तित्वको खोजी गरेका छन् र गतिहीन नारीजीवनलाई मृत्युमय ठानेका छन् (पृ.१०)। कोमलमान प्रेम गर्नलाई अनुराधाको अनुमति पर्खिरहेको छ। यस कुरामार्फत पनि नारी अस्तित्वको कदर भएको देखिन्छ ।

प्रस्तुत उपन्यासका केन्द्रमा नारी विद्रोहलाई उभ्याइनु नारीपक्षीय कोणबाट हेर्दा सकारात्मक प्रयत्न हो तापनि त्यस विद्रोहको माध्यमका रूपमा आएको विषयगत सन्दर्भ भने अलि फराकिलो हुन सकेको छैन । यो विवाहका सन्दर्भमा मात्र सीमित भएकाले यसले सामाजिक बहुआयामलाई समेट्न सकेको छैन । विवाह पनि नारी जीवनमा विद्रोह गरिनुपर्ने एउटा महत्त्वपूर्ण पक्ष हो तापनि यो एक मात्रै सर्वोपरि महत्त्वको विषय भने होइन। नारीहरूले विद्रोह गर्नुपर्ने प्रमुख कुरो हो पितृसत्ता जसको उच्छेदपश्चात् समग्र लैङ्गिक विषमताहरू समाप्त हुन्छन् तर मूल कुरालाई नछोईकन हाँगाबिँगामा मात्र सङ्घर्ष केन्द्रित गर्दा ऊर्जाको क्षय नै बढी हुनपुग्दछ। यस उपन्यासमा पितृसत्ताका विरुद्ध नभएर त्यसबाट निसृत एउटा समस्यामा मात्र नारी विद्रोहलाई केन्द्रित गरिएको छ। अनुराधा सामाजिक नारी अस्मिताका पक्षमा भन्दा पनि व्यक्ति नारी अस्मिताका पक्षमा उभ्याइएकी छ र उसको मनोकुण्ठाको विश्लेषण गरेर उपन्यासलाई व्यक्ति मनोविज्ञानमा आधारित बनाइएको छ ।

परिवारको जबर्जस्तीविना नै उसले आफूले चाहेको समयमा रुचाएको केटासँग विवाह गर्न पाएकी भए अनुराधाको चरित्र सङ्घर्षशील हुन्थ्यो कि हुँदैनथ्यो ? भन्ने प्रश्न लेखकीय दृष्टिकोणतर्फ उठ्छ। अनुराधा पुरुषलाई लुरे, कातर, षड्यन्त्रकारी र सहिष्णु रूपमा स्विकार्नै चाहन्न। उसले रत्नमानलाई मन नपराउनुका कारण मध्येमा यो पनि पर्दछ। उसका अनुसार पुरुष पौरुषयुक्त हुनुपर्दछ। पुरुषको सशक्तताको वकालत गरेर यस उपन्यासले पुरुषवादी चेत प्रकट गरेको छ जुन लेखक पुरुष हुनुको परिणाम हो। यो आफू अस्तित्वहीन रहेर श्रीमान्का माध्यमले चिनिन रुचाउने नारीमा हुने खालको भावना हो। त्यो आफू आफू मात्रै भएर बाँच्न रुचाउने अरू (खासगरी श्रीमान्)का माध्यमले चिनिन नरुचाउने अनुराधाका चरित्रसँग मेल खाने आकाङ्क्षा होइन ।

यति भएर पनि यस उपन्यासमा अरू केही कुरा छन् जसले नारी चेतनाका कुरालाई अगाडि सारेको छ र त्यो सार्ने व्यक्ति नारी हो। नेपालको सामाजिक परम्परामा नारी कुण्ठालाई मूल्यहीन ठान्ने गरिए तापनि यस उपन्यासमा भने त्यसलाई सर्वोपरि महत्त्वका साथ प्रस्तुत गरिएको छ।

पीडित नारी आफै सक्रिय भएर त्यस कुण्ठाका विरुद्ध विद्रोह गरेकी मात्र होइन, त्यसमा दृढतापूर्वक समर्पित पनि बनेकी छ । पितृसत्तात्मक समाजमा नारीविद्रोह सहज होइन भन्ने कुरा अनुराधाको विक्षिप्ततामार्फत दिग्दर्शित गरिएको छ । तत्कालीन नेपाली उपन्यास जगत्मै अनुराधाजत्तिकी सशक्त नारी चरित्र थोरै मात्र भेटिने गर्छन् र यो उपन्यासकार मल्लको नारीपक्षीय चेतनाकै उपज हो तापनि अनुराधाको यो सशक्तता ठीक ढङ्गले ठीक स्थानमा प्रकट हुन भने सकेको छैन । यस उपन्यासमा प्राप्त नारीवादी चेतना मनोविश्लेषणात्मक नारीवादसँग सम्बद्ध छ र यस्ता उपन्यासका पात्रमा समाज चेतनाका सट्टा व्यक्ति चेतना नै प्रबल रहने गर्छ । यस उपन्यासकी प्रमुख नारी चरित्र अनुराधा पनि त्यही व्यक्ति चेतनाले सम्पन्न छ । अनुराधाको त्यस व्यक्ति चेतनालाई नारीका पक्षबाट प्रस्तुत गरिएको छ र उसको चारित्रिक सशक्तताको मापन गर्ने कोण पनि त्यही नै हो । अनुराधा त्यहाँ सशक्ततापूर्वक उपस्थित भएकी छ ।

### ५.४.१२ **निष्कर्ष**

नेपालमा शिक्षाको लहर आइनसकेको, सामन्ती जमिनदारी प्रथा कायम भएको, नारी भावनाको कदरै नहुने समय सन्दर्भको नारीकेन्द्री उपन्यासमा काठमाडौं उपत्यकाको उच्च वर्गीय नारीका जीवनको कथालाई प्रस्तुत गरिएको छ । नारीको मूल्य मांसल सौन्दर्यमा आँकिनु, समाज पूरै सामन्ती संस्कारमा डुबेको हुनु, नारीशिक्षा नै समस्या मानिनु, उच्च वर्गीय नारीका समस्या झन् विकराल हुनु, नारीले पाएको अवसर देखेर नारी नै ईर्ष्यालु बन्नुजस्ता कुराले यस उपन्यासकी प्रमुख नारी चरित्र अनुराधामा मनोवैज्ञानिक समस्याको सिर्जना हुन पुगेको देखाइएको छ ।

प्रस्तुत उपन्यासको लक्ष्य नारीमुक्ति र समाजसुधार होइन । यस उपन्यासकी प्रमुख नारी चरित्रले भोगेका यावत् समस्यामार्फत कारणहरू खोजेर तिनको निराकरण गर्ने प्रयत्न नगरी ती कारणबाट मूल चरित्रलाई नै टाढा पुऱ्याएर उसलाई समस्यामुक्त बनाएको देखाइएको छ । यस उपन्यासमा प्रस्तुत भएका समस्याबाट समाज होइन व्यक्ति ग्रस्त बनेको देखाइएको छ र उसको त्यो ग्रस्तता विक्षिप्ततासम्म पुगेको छ । उपन्यासका अन्त्यमा प्रमुख चरित्रले विक्षिप्तताबाट उन्मुक्ति त हासिल गरेको छैन तर उन्मुक्तितर्फको उन्मुखता भने देखाइएको छ ।

परम्परामुखी र परम्पराविमुखी दुईथरि नारी पात्र खडा गरी तिनका बिचमा मनोमालिन्य सिर्जना गरी त्यसलाई जयपराजयका बिन्दुसम्म पुऱ्याइएको यस उपन्यासका नारीहरूको आपसी सम्बन्ध प्रशंसालायक छैन र त्यसका माध्यमले अनुराधाबाहेकका अन्य नारीको तेजोवध नै गरिएको छ तापनि अनुराधाको चारित्रिक प्रस्तुतिका माध्यमले भने पुरुषको नारीप्रति रहेको गलत दृष्टिकोण नै नारी समस्याको मूल जरो हो भन्ने कुरा प्रस्तुत गरेर लेखक नारी पक्षधर देखिएका छन् र मनोविश्लेषणात्मक नेपाली उपन्यासका संसारको यो महत्त्वपूर्ण उपलब्धि हो ।

मनोविश्लेषणात्मक उपन्यासमा विक्षिप्तावस्थामा पुग्ने चरित्रलाई सशक्त मान्न सकिँदैन । यावत् समस्यासँग जुधेर पनि, भित्रभित्रै सल्केर पनि बाहिर ऊ सतिसाल झैं ठिङ्गो हुन सकेकी भए उसलाई सशक्त मान्न सकिन्थ्यो । कसै गरे पनि, आफू जतिसुकै निरीहावस्थामा पुगे तापनि रत्नमानका अगाडि आत्मसमर्पण नगर्ने दृढताले मात्र उसको स्वाभिमानलाई बचाएको छ ।

विक्षिप्तता नारीको (कसैको पनि) विजय होइन, पराजय मात्र हो तापनि अनुराधा विक्षिप्त हुँदाहुँदै पनि जुन दृढताका साथ सङ्घर्ष गर्छे , भीरु चरित्रकी छैन, आफ्ना समस्याको विश्लेषण गर्न सक्छे, यी यावत् कुराले लेखकको नारी पक्षधरता नै प्रकट भएको छ। उपन्यासमा सबै परिस्थितिहरू अनुराधाकै कोणबाट प्रस्तुत भएका छन् र ती मनोवैज्ञानिक किसिमका छन्। यी कुरालाई नारीवादी चिन्तनका कोणबाट समष्टिमा मनोविश्लेषणात्मक नारीवादी चेतना भनेर सम्बोधन गर्नु पर्दछ र त्यो चेतना यस उपन्यासकी प्रमुख नारी चरित्र अनुराधाका परिवृत्तमा समेटिएको छ।

## ५.५ 'तीन घुम्ती' उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण

यहाँ विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (वि.सं.२०२५) उपन्यासलाई पृष्ठभूमि, औपन्यासिक शीर्षक, औपन्यासिक स्थानगत-कालगत र वर्गीय सन्दर्भका साथै मूल नारी समस्याका विभिन्न पक्ष, औपन्यासिक परिणति र सन्देश, प्रमुख नारी चरित्रको विश्लेषण, नारीजगत्, नारीपुरुष दृष्टिकोण, औपन्यासिक समष्टि नारी अवस्थिति र लेखकीय नारी दृष्टिकोणजस्ता कोणबाट नारीवादी साहित्यिक समालोचनात्मक प्रविधिबाट क्रमशः केलाई मूल्याङ्कन प्रस्तुत गरिएको छ (५.५.१-५.५.११)।

### ५.५.१ पृष्ठभूमि

हिन्दी भाषामा कविता, कथा र निबन्धमार्फत वि.सं. १९८५ मा नै प्रकाशनारम्भ गरिसकेका विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९)ले १९९१ सालमा कथा विधामार्फत नेपाली साहित्यमा प्रवेश गरेका हुन्। यिनले २०२५ सालमा आएर **तीन घुम्ती**मार्फत उपन्यास सिर्जनाको कार्य प्रारम्भ गरेका हुन्। आफ्ना उपन्यासमा नारी सत्ताको एउटा विशिष्ट स्थितिलाई उद्घाटन गर्ने विश्वेश्वरले गोविन्द गोठाले, विजय मल्ल, पारिजात आदिकै मनोविश्लेषणात्मक परिपाटीलाई पछ्याएका छन्। विश्वेश्वर मूल रूपमा यौन मनोविज्ञानका पारखी उपन्यासकारका रूपमा परिचित छन्। परम्परागत पितृसत्तात्मक रुढ नेपाली समाजका नारी जीवनका अनावृत जटिलतालाई केलाएर विश्लेषण गर्नेतर्फ विशेष रुचिशील कोइरालाको औपन्यासिक प्रवृत्ति मूल रूपमा अस्तित्ववादी रहेको छ।

विश्वेश्वरका उपन्यासमा एकाध निम्न वर्गीय पात्रको उपस्थिति रहे तापनि अधिकांशतः मध्यम र उच्च वर्गीय जीवनकै चित्र बढी मुखरित रहेको छ। आधुनिकोन्मुख सामाजिक प्रचेष्टा र परम्पराभिन्न समाजका द्वन्द्वका बिचमा अवस्थित व्यक्तिजीवनका कुण्ठाका निवारणका निम्ति सङ्घर्षशील युवापुस्ताका जीवनका इतिवृत्तलाई कथ्य बनाएर सिर्जनारत उपन्यासकार कोइरालाका जम्मा छवटा उपन्यास प्रकाशित भएका छन् र ती यसप्रकारका छन्- **तीन घुम्ती** (२०२५), **नरेन्द्र दाइ** (२०२७), **सुम्निमा** (२०२७), **मोदिआइन** (२०३६), **हिटलर र यहूदी** (२०४०) र **बाबु, आमा र छोरा** (२०४५)। उपर्युक्त छवटै उपन्यास तत्कालीन नेपाली समाजमा नारीहरूले विवशतापूर्वक

भोगिरहेका व्यथाहरूको मनोविश्लेषणात्मक अस्तित्ववादी प्रकटीकरणको परिचय बोक्न सफल रहेका छन् । नारीको व्यक्तिगत जीवनमा रहेको सामाजिक नियन्त्रण र हस्तक्षेपका विरुद्ध यी उपन्यासका कथावस्तुको गुम्फन भएको छ ।

कोइरालाको प्रथम प्रकाशित उपन्यास **तीन घुम्ती** नारीकेन्द्री उपन्यास हो र यसको नामकरण पनि नारीकै जीवन कथामा आधारित छ । यस उपन्यासका तीन घुम्ती प्रमुख नारी चरित्र इन्द्रमायाका जीवनका घुम्तीहरू हुन् र तिनले उसको समग्र जीवनलाई समेटेका छन् । यस उपन्यासका उपन्यासकारको अभीष्ट उपन्यासकी प्रमुख नारी चरित्र इन्द्रमायाले जीवनमा लिएका पत्नीत्व, प्रियात्व र मातृत्वका तीन निर्णयले उसको जीवन स्थितिमा ल्याएको आमूल परिवर्तनलाई पूर्ण सहानुभूति र समर्थनका साथ प्रस्तुत गर्नु रहेको देखिन्छ । पुरुषपक्षीय मूल्यमान्यता बोकेको नेपाली समाजकी अस्तित्वचेतयुक्त सङ्घर्षशील नारीले गरेको आत्मपर्यवेक्षणको कथावस्तुमा आधारित पुरुषलिखित यस उपन्यासमा भोक्ता र पर्यवेक्षक दुवैका स्थानमा नारी (इन्द्रमाया) नै अवस्थित छ। परम्पराविरुद्ध गरेको नारी-सङ्घर्षको स्वरूप र परिणतिको प्रस्तुति नै यस उपन्यासको कथानकीय मूल केन्द्र हो ।

कोइरालाकै अर्को उपन्यास **नरेन्द्र दाइ** शीर्षक हेर्दा पुरुषकेन्द्री रहे तापनि मूल रूपमा नारी समस्यामाथि आधारित छ । नारी प्रिया र पत्नी दुवै रूपमा उत्तिकै महत्त्वपूर्ण छ र नारीका ती दुवै रूप पुरुषका आवश्यकता हुन् भन्ने कुरा नरेन्द्रले पारिवारिक आदेशमा गौरीसँग विवाह गरेको तर उसलाई प्रेम भने गर्न नसकेको, उसले गौरीलाई त्याग गरेर मुनरियालाई प्रेम गरी लिएर हिंडेको, पछि आफू अशक्त भएपछि मुनरियासँग बारम्बार गौरीको चर्चा गरेको, घर फर्कने कुरा गरेको र पछि आफै पत्नीको आश्रय प्राप्त गर्नका निम्ति घर फर्की उसैका अगाडि देहविसर्जन गरेको घटनाका माध्यमले प्रस्तुत गरिएको छ । नारीको प्रिया स्वरूपको महत्त्व यौवनको अवधिभरि र पत्नीस्वरूपको महत्त्व आजीवन रहने तथ्यलाई नरेन्द्रका जीवनमा रहेको मुनरिया र गौरीको अस्तित्वमार्फत प्रस्तुत गरिएको छ। नारीको जीवन स्वयंका लागि नभएर प्रेमी वा श्रीमान्‌का लागि मात्र हुने गरेको र त्यस कारणले प्राप्त हुने क्षोभ वा दुःख भने उसका नितान्त निजी दुःख हुन पुग्ने कुरालाई नरेन्द्रलाई छाडेर जौहरीसँग विवाह गरेकी मुनरिया र नरेन्द्रले मुनरियालाई लिएर हिंडेपछिको तथा नरेन्द्र फेरि फर्केर आएर मरेपछिको गौरीका माध्यमले व्यक्त गरिएको छ । नारी आफ्नो गल्तीविना नै पारिवारिक एवं सामाजिक परिस्थितिले दण्डित बन्न पुग्ने तथ्यलाई यस उपन्यासले प्रकाशित गरेको छ ।

कोइरालाको अर्को उपन्यास **सुम्निमा** शीर्षकदेखि नै नारीकेन्द्री छ र किरातबाला सुम्निमा नै यस उपन्यासकी केन्द्रीय चरित्र हो जो लैङ्गिक दृष्टिले हेर्दा नारी हो । यस उपन्यासमा भौतिक जीवनलाई सर्वोच्च ठान्ने अनार्य संस्कृति र भौतिक जीवनलाई तुच्छ ठानी त्यसलाई वंशको निरन्तरतासम्म मात्र सीमित राखी आध्यात्मिक जीवनलाई सर्वोपरि ठान्ने आर्य संस्कृतिका बिचको द्वन्द्व र अन्ततः त्यस्तो आर्य संस्कृतिलाई अव्यावहारिक ठहऱ्याई उक्त संस्कृति व्यावहारिक ठहरिएको अनार्य संस्कृतिमा विलीन हुन पुगेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस क्रममा प्रमुख पुरुष पात्र सोमदत्त पराजयी र नारी पात्र सुम्निमा विजयी हुन पुगेको कुरालाई सोमदत्तको छोराले

सुम्निमाकी छोरीसँग विवाह गरी घरज्वाईं बस्न गएको तथा सोमदत्तको आश्रम जङ्गलमा विलीन हुन पुगेको सन्दर्भले पुष्टि गरेको छ । यस उपन्यासमा केन्द्रीयता पनि नारी (सुम्निमा)कै र विजय पनि नारीकै देखिए तापनि यसले नारीपरक चिन्तनको नभई संस्कृतिपरक चिन्तनको दृष्टिकोण चाहिँ बहन गरेकाले नारीवादी चेतनाको अध्ययनका कोणबाट यो उपन्यास उपयुक्त देखिँदैन किनभने पुलोमाका सन्दर्भमा धेरथोर उठाए तापनि केन्द्रीय नारी चरित्र सुम्निमाका सन्दर्भमा भने लैङ्गिक सन्दर्भको चर्चा गरिएको छैन । यति हुँदाहुँदै पनि आर्य संस्कृतिमा भन्दा अनार्य संस्कृतिमा नारी जगत्को सार्वभौमिकता सुरक्षित रहेको तथ्य भने यस उपन्यासले प्रकट गरेकै छ ।

कोइरालाको चौथो उपन्यास **मोदिआइन** पनि शीर्षकदेखि नै नारीकेन्द्री नै छ र भारतको दरभङ्गाको एउटा मिठाइ पसलकी मालिक मोदिआइन यस उपन्यासकी केन्द्रीय चरित्र हो जो लैङ्गिक दृष्टिले हेर्दा स्त्री समुदायमा पर्दछे। यस उपन्यासमा उक्त केन्द्रीय नारी पात्रलाई पुराणकालीन महाभारत युद्धको पर्यवेक्षकका रूपमा प्रस्तुत गरिएको छ । अर्थात् मोदिआइन नामक नारी चरित्रको महाभारत युद्धमाथिको दृष्टिकोणलाई यस उपन्यासले प्रमुख कथ्य बनाएको छ। उक्त पर्यवेक्षणका क्रममा मोदिआइन यति धेरै तन्मय-मन्मय बन्न पुगेकी छ कि ऊ स्वयं नै महाभारतकालीन नारी पात्र मधुवारिनमा आत्मसात् बन्न पुगेको कुराको हेक्कासमेत राख्न असमर्थ भएकी छ। यो उपन्यास महाभारत युद्धकालीन नारीका पीडाको समेत मनग्य प्रतिनिधित्व गर्न सफल देखिएकाले र नरलाई भन्दा नारीलाई बढी शान्तिप्रिय एवं जिम्मेवार देखाउने उपन्यासकारको दृष्टिकोणसमेतले गर्दा नारीवादी चेतनाका कोणबाट हेर्दा उपन्यास सकारात्मक रहे तापनि लैङ्गिक समस्यामा केन्द्रित हुनु भने यस उपन्यासको लक्ष्य होइन ।

कोइरालाको पाँचौं उपन्यास **हिटलर र यहुदी** नारीकेन्द्री उपन्यास होइन, न त यो नारीको जीवन कथामा आधारित उपन्यास नै हो । यो द्वितीय विश्वयुद्धले मानवजीवनमा छाडेका नमेटिने प्रभावको अङ्कनका उद्देश्यले लेखिएको उपन्यास हो । समग्र मानवतामाथि नै चुनौती बनेर आएको उक्त युद्धको प्रभाव पुरुषका जीवनमा पनि परेकै छ र त्यो नारीका जीवनमा अझै चोटिलो ढङ्गले बज्रिएको छ भन्ने यथार्थलाई यस उपन्यासले प्रस्तुत गरेको छ। नारीकेन्द्री नभईकन पनि यसले नारीका जीवनका समस्यालाई बढी मार्मिक ढङ्गले टिपोट गरेको छ। यसमा परेका नारी पात्रमध्ये लक्ष्मी र रेवा दुईवटी प्रमुख छन् र तिनले दुई पृथक् संस्कारको प्रतिनिधित्व गरेका छन् । लगभग यिनकै समकक्षीजस्ता थियोडोरा र इल्जे दुई अन्य नारी चरित्र छन् जसले अघिल्ला दुई नारी चरित्रको भन्दा बढी मर्मस्पर्शी जीवनकथा बोकेका छन् । यी पछिल्ला दुई चरित्र बढी नै विवश र बाध्य किसिमको जीवन दशामा समेटिएका छन् । यसरी कोइरालाको यो उपन्यास नारीकेन्द्री नभएर पनि नारीपक्षीय कोणबाट हेर्दा उल्लेखनीय रहेको छ। यस उपन्यासले नारी अस्मिताको प्रश्नलाई भने भौतिक धरातलमै राखेर हेरेको छ ।

कोइरालाको अन्तिम उपन्यास **बाबु, आमा र छोरा**मा त्रय नायकत्वको स्थिति छ र तीमध्येको एउटा समान हैसियत उमाका रूपमा नारीले प्राप्त गरेकी छ। यी तीनै चरित्रहरू एक आपसमा प्रगाढ रूपले सम्बन्धित छन् र त्यसमध्ये पनि केन्द्रीयता भने नारी चरित्र (उमा)ले प्राप्त गरेकी छ । यति भएर पनि नारीको स्वरूप स्वअस्तित्व चेतप्रखर नभएर विवशताजन्य मात्र रहेको

छ। "उनी अत्यन्त कमजोर, अत्यन्त कमलो हृदयकी र परिस्थितिसँग सजिलै सम्झौता गर्ने स्वास्नीमान्छेका रूपमा देखिन्छिन्" (शर्मा, २०५३ : पृ. २३)। नारीको सङ्घर्षहीन चरित्रले कहिल्यै पनि उसको अस्तित्वको वर्चस्व कायम गर्न सक्दैन। उमा यस उपन्यासमा पुरुष पात्रकै समकक्षी भूमिकामा प्रस्तुत भए तापनि ऊ कोइरालाका छवटै उपन्यासमध्येकी सबैभन्दा कमजोर र गौरवहीन नारी चरित्रका रूपमा स्थापित हुन पुगेकी छ। उमाको चरित्रको प्रस्तुतिले कोइरालाको ऊर्जाहीन बन्न पुगेको स्रष्टा व्यक्तित्वको परिचय प्रदान गरेको छ।

कोइरालाका छवटै उपन्यासहरूको अवलोकन गर्दा चारित्रिक महत्त्वका दृष्टिले गरिमामय लाग्ने ढङ्गले नरनारी दुवैथरि पात्रको लगभग समानुपातिक उपस्थिति नै रहेको भेटिन्छ। नारी चरित्रलाई बढी महत्त्व दिने लेखकीय प्रवृत्तिले गर्दा पनि नारी पात्रको उपस्थिति उल्लेखनीय हुन गएको हो। उनले नारीको चरित्रलाई परम्परागत सामाजिक नैतिक आदर्शका कोणबाट भन्दा पनि नरनारीको यौनजन्य सम्बन्धका कोणबाट पर्गेलेका छन्। परम्परागत नेपाली समाजमा नारीले भोग्नुपरेका यौनजन्य जटिलताहरूको अङ्कन उपन्यासकारको अभीष्ट रहेकाले उनका उपन्यासका नारीहरू अधिकांशतः प्रेमिका र पत्नीका भूमिकामा अवतरित भएका छन्।

उपन्यासकार कोइरालाले आफ्ना उपन्यासमा प्रयोग गरेका विभिन्न नारी चरित्रमध्ये इन्द्रमाया, गौरी, मुनरिया, सुम्निमा, पुलोमा, मोदिआइन, लक्ष्मी, रेवा, थियोडोरा, इल्जे र उमा प्रमुख महत्त्वपूर्ण भूमिकामा आएका छन्। यी सबै नारी चरित्रहरूले उपन्यासकार एवं पाठकको पर्याप्त सहानुभूति हासिल गरे तापनि नारी आस्तित्विक चेतनाका दृष्टिले भने इन्द्रमाया, गौरी, मुनरिया, मोदिआइन, लक्ष्मी र रेवा बढी उल्लेखनीय छन्। यति भएर पनि सबै नारी पात्रहरू नियतिको भर पर्नाले नियतिले प्रदान गरेभन्दा बढी गतिशीलता स्वसङ्घर्षले आर्जन गर्न अक्षम रहेका भेटिन्छन्। उनका प्रायः सबै नारी पात्रहरू श्रीमान् या प्रेमीका रूपमा पुरुष अस्तित्वप्रति समर्पित छन् र त्यसै कारणले तिनको जीवन कष्टकर बन्न पुगेको छ। उनीहरू नियति ठान्दै आ-आफ्ना कष्टलाई भोग गर्दछन् तर कष्ट निवारणका निम्ति सङ्घर्ष गर्दैनन्। उनका समग्र नारी पात्रमध्ये इन्द्रमाया त्यस्ती नारी चरित्र हो जो आफ्ना जीवनका परिस्थितिलाई विविध स्वनिर्णयमार्फत गति प्रदान गर्न उद्दत रहेकी छ र आफ्ना निर्णयले प्राप्त गरेका दुःखलाई खुसीसाथ वरण गर्दछे। यसैले उसको चरित्र सङ्घर्षशील रही आएको छ र त्यसै कारणले गतिशीलसमेत बनेको छ। यति भएर पनि बेलाबखत ऊ नियतिमाथि भर परेको देखिनाले उसको चरित्र हुनुपर्ने जति बलिष्ठ हुनसकेको छैन। नारी चरित्र प्रमुख मात्र नभएर मूलरूपमै नारी समस्यामा केन्द्रित र कोइरालाकै उपन्यासमध्ये सर्वाधिक अस्तित्वयुक्त नारी चरित्र बोकेका कारणले पनि **तीन घुम्ती** नै विश्वेश्वरका सबै उपन्यासमध्ये नारी चेतनाका कोणबाट नियाल्दा बढी प्रखर रहेकाले नारीवादी प्रवृत्तिको विश्लेषणको प्रयोजनका निम्ति वरणीय बन्न पुगेको छ।

### ५.५.२ शीर्षक

प्रस्तुत **तीन घुम्ती** उपन्यासको नामकरण यसै उपन्यासकी केन्द्रीय नारी चरित्र (नायिका) इन्द्रमायाका जीवनका निर्णायक तीन मोडमा आधारित छ। उक्त नामकरणले यस उपन्यासको

विषयवस्तुको नारी केन्द्रीयताको सङ्केत गरेको छ। प्रस्तुत उपन्यासको प्रकाशन काल (वि.सं.२०२५) र उपन्यासभित्रका कथावस्तुगत पात्रगत समय सूचनालाई समेत ध्यानमा राखी हेर्दा इन्द्रमाया १६ वर्षकी भएदेखि ४५ वर्ष हुँदासम्मको (पुस्तक प्रकाशन कालसँग मिलाउँदा वि.सं. १९९६ देखि २०२५ सालसम्मका) १९ वर्ष अवधिको तत्कालीन नेपाली समाजको नेवार परिवारको नारी संसार (आम होइन-उच्चमध्यम वर्गीय सीमित विद्रोही नारीको मात्र)को पारिवारिक-सामाजिक अवस्थितितर्फ पाठकलाई डोऱ्याइएको छ। शीर्षकले इन्द्रमायाका जीवनका तीन आधारभूत परिदृश्यलाई बहन गरी आफ्नो लक्ष्यलाई समेत त्यतिमै सीमित गर्ने कुरा सङ्केत गरेको छ र नारीको पारिवारिक सेरोफेरोको व्यक्तिगत अस्तित्वमा आधारित विद्रोहको वकालत गर्दै त्यसको महत्तालाई समाजमा स्थापित गर्ने प्रयत्नतर्फ पनि सङ्केत गरेको छ। यस उपन्यासको शीर्षकले लेखकको नारी विद्रोहशीलतातर्फको दृष्टिकोण र नारी समस्या समाधानार्थ नारीकै तर्फबाट भएको प्रयत्नको चित्राङ्कन गरेको छ। नारीका लागि आफ्नै सङ्घर्ष र त्यसमार्फत प्राप्त हुने सुखदुःख नै अत्यधिक महत्त्वपूर्ण हुन्छ तथा त्यसैले नै उसको स्वाभिमानपूर्ण अस्तित्वको जगेर्नासमेत गर्दछ भन्ने तथ्यसङ्केत गर्नु यो उपन्यास र यसको शीर्षक दुवैको सर्वोपरि लक्ष्य रहेको छ। नारी अस्मिता तर्फको यो उद्‌बोधन त्यसताकाका केही उपन्यासमार्फत देखिन थालेको क्रान्तिकारी स्वरूपसमेत हो।

नेपाली समाजको परम्परागत आदर्श अनुसार **तीन घुम्ती**की इन्द्रमाया सती नारीको परिभाषाभित्र आउँदिन। उसको चरित्रमार्फत सतीत्वको नवीन परिभाषालाई अगाडि सारिएको छ। श्रीमान्प्रतिको इमानदारिता र जैविक आवश्यकतालाई बेग्लाबेग्लै कित्तामा स्थापित गरिएको छ। विवाहमार्फत प्राप्त भएको पारिवारिक बन्धनको मर्यादा कर्तव्यपालनाले राख्न सक्तछ। जैविक आवश्यकतामाथिको दमन अकर्तव्यभित्र पर्दछ। त्यस्तै पत्नीत्वको अस्तित्व रक्षार्थ बालक पुत्रीको परित्याग पनि अकर्तव्य नै हुनजान्छ। यसर्थ यस उपन्यासको शीर्षकले इन्द्रमायाका जीवनका तीन घुम्तीलाई उसको कर्तव्यपालनाका तीन विविध खुड्किलाका रूपमा प्रस्तुत गरेर नारी जीवनको नवीन परिभाषालाई अगाडि सारेको छ। यस उपन्यासको शीर्षकले इन्द्रमायाका जीवनका तीनैवटा घुम्तीहरू स्थापित नेपाली सामाजिक मान्यताका विरुद्धका विद्रोह हुन् र ऊ स्वयं दरो हुन नसक्ने हो भने यस्तो एउटै मात्र विद्रोह पनि उसको जीवनलाई ध्वस्त गर्न समर्थ हुनसक्छ भन्ने आशयका साथ नारी चरित्रको विद्रोहभन्दा पनि त्यसप्रतिको दृढतालाई अझ महत्त्वका साथ प्रस्तुत गरेको छ । यसर्थ यो उपन्यास शीर्षकदेखि नै नारीपक्षीय रहेको देखिन्छ।

## ५.५.३. औपन्यासिक सामाजिक परिवेश र नारीजगत्

अब यहाँ **तीन घुम्ती** उपन्यासको सामाजिक परिवेश र नारीजगत्को विवेचना क्रमशः स्थानगत, कालगत र वर्गगत सन्दर्भमा गरिने छ (५.५.३.१-५.५.३.३)।

### ५.५.३.१ स्थानगत सन्दर्भ

प्रकाशनका सन्दर्भमा पञ्चायती व्यवस्थाको आरम्भको आठ वर्षपछिको (२०२५सालको) यस उपन्यासमा इन्द्रमायाको १६ वर्षको उमेर (वि.सं. १९९६) यताको २९ वर्षको समयावधिलाई

समेटिएको छ। त्यस अवधिमा नेपालमा राणाहरूले 'श्री ३' का उपाधिले हुकुमी शासन चलाइरहेको, त्यस शासनका विरुद्ध जनआक्रोशले उभार लिइरहेको, समय-समयमा विभिन्न काण्डहरू मच्चिरहेको, त्यसै क्रममा १९९७ सालमा सहिदकाण्ड र २००७ सालमा राजनीतिक परिवर्तन पनि भएको देखिन्छ। नेपालका सन्दर्भमा राणाशासन भनेको चौतर्फी ढङ्गले गुम्सिएको सामाजिक परिवेश हो जहाँ जनताको मात्र होइन राजाको समेत जीवनको कुनै मूल्यै थिएन। त्यही मूल्य खोज्ने क्रममा २००७ सालको परिवर्तन भयो। यसपछिको एक दशक अवधि पनि राम्रोसँग व्यतित हुन नपाउँदै नेपालमा फेरि पञ्चायती व्यवस्थाका स्वरुपमा अलिअलि परिवर्तित रूपमा शाह शासनका नाममा उही राणा शासनकै पुनरागमन भयो। उपन्यास टुङ्गिएको समयमा उक्त शासन आफ्नो पूर्ण यौवनमा थियो। यसै राजनीतिक परिवृत्तका काठमाडौंली सामाजिक परिवेशको नारीको जीवन स्थितिको चित्र उभिने गरी र अझ त्यस परिवेशकी नारीलाई अग्रगामी सोचका साथ उभ्याएर **तीन घुम्ती** उपन्यासको रचना गरिएको हो।

**तीन घुम्ती** उपन्यासको विषयवस्तु मूल रूपमा तत्कालीन राणा कालीन (१९९६-२००६ सालसम्मको) र गौण रूपमा त्यस पश्चात्को कालिक परिवेशको काठमाडौंको स्थानीय बासिन्दा मध्यम वर्गीय नेवार  परिवार र काठमाडौंमा भर्खरै पहाडतिरबाट झरेको निर्धन पर्वते बाहुन (कोइराला, २०५५ : ३, १५) को दाम्पत्य जीवनका परिवृत्तको एउटा कथा हो। यस उपन्यासको स्थानगत मुख्य केन्द्रमा तत्कालीन काठमाडौंका उपान्तीय बस्ती कालीथान (हालको कालिकास्थान किनभने त्यस ठाउँमा सिंहदरबार हुँदै उकालो चढेर बाँसघारी छिचोल्दै आइपुगिन्छ- पृ. ४८) मा पहाडबाट (पहाड मात्र भनिएको, नामोल्लेख नभएको- पृ.१४) शिक्षार्जनका क्रममा राजधानी झरेको पर्वते बाहुन पीताम्बरको घर छ जहाँ ऊ एक्लै बस्छ। उसको पुर्ख्यौली थलो नेपालको कुनै पहाडी भूभाग हो जहाँ उसले आफ्नो सम्बन्धलाई जीवित राखेको छैन (पृ. १४)। इन्द्रमायाका जीवनका तीनवटै घुम्तीहरू यसै स्थानका केन्द्रीयतामा अडेको छ। उसको पहिलो निर्णयको कार्यान्वयन आमाबुबाको घर छाडेर सदाका लागि पीताम्बरको यही कालीथानको घरमा भित्रिएपछि भएको थियो। पीताम्बर जेल परेपछि आफ्नो श्रीमान्प्रति श्रीमतीले राख्ने निष्ठा राख्दाराख्दै पनि जैविक आवश्यकताको पूर्ति र रमेशप्रतिको प्रेमपूर्ण आकर्षणसमेतले गर्दा उसले हार्दिक प्रेम मात्र होइन शरीरसमेत समर्पण गर्ने दोस्रो निर्णय र त्यसको कार्यान्वयन पनि त्यसै घरमा गरेकी हो। उसले रमेशसँगको सम्बन्धलाई स्थायी किसिमले कहिल्यै पनि स्विकारिन। पछि छोरी पाइसकेपछि पीताम्बरले कि छोरीलाई त्याग्नुपर्ने कि त आफूलाई त्याग्नुपर्ने कुरा गरेपछि उसले पीताम्बरलाई नै त्याग्ने निर्णय गरेको घर पनि यही हो। रमेश र इन्द्रमायाको चिनजान, पीताम्बर र अरूको पनि राजनीतिक सक्रियता, इन्द्रमायाको गृहस्थी जीवन र लगभग सन्यासससमकक्षी जीवनको आरम्भ आदि सबै कुराको मुख्य केन्द्र कालीथानको पीताम्बरको घर नै हो।

कालीथान पछिको दोस्रो महत्त्वपूर्ण स्थानमा काठमाडौंको केन्द्रमा रहेको रक्तकाली (पृ. ३३) आउँछ जहाँ इन्द्रमायाको माइतघर रहेको छ। विष्णुमती र टुँडिखेलका बिचको भागमा तत्कालीन समयमा नेवारहरू बाक्लै घर बनाएर बस्दथे र काठमाडौंबाहिरबाट यहाँ भित्रिनेहरू प्रायः यस

क्षेत्रभन्दा बाहिर बसोबास गर्दथे। इन्द्रमायाको माइती परिवार काठमाडौंको मध्य सहरी क्षेत्रको पुरानो बासिन्दा हो र यो नेवार समुदायको परिवार हो। जातीय कट्टरता र शासक वर्गसँगको निकटता (पृ. ७) अधिकांशतः यस समुदायको विशिष्टता हो र त्यो प्रवृत्ति त्यस परिवारमा पनि देखिएको छ। त्यति भएर पनि त्यो परिवार स्त्रीशिक्षाका पक्षमा देखिन्छ, किनभने इन्द्रमायाले शिक्षाको अवसर पाएकी छ र सहपाठी भएको नाताले नै पीताम्बरसँग उसको सम्बन्ध स्थापित हुन पुगेको हो।

काठमाडौंकै सेरोफेरोमा सीमित यस उपन्यासमा जीविकाका सन्दर्भमा इन्द्रमाया अमेरिकी योजनामा काम गर्न केही समय नारायणगढमा रहेको (पृ.८६) भन्नेबाहेक काठमाडौं बाहिरको अन्य कुनै स्थानको नामोल्लेख भएको देखिँदैन। यस उपन्यासमा कालीथान र रक्तकालीभन्दा बाहेकका अन्य स्थानमा पनि काठमाडौं उपत्यकाकै नाम आएका छन्। इन्द्रमाया रक्तकालीबाट सधैंका लागि कालीथान आउने क्रममा टुँडिखेलको बाटो हिंडेकी छ (पृ. ९) र पछि यहाँ रमेशसँग घुम्न पनि आएकी छ (पृ.४३)। इन्द्रमाया पीताम्बरकहाँ आउँदा पुतली सडकको बाटो भएर आएकी हो (पृ.९) र उसकी साथी पद्माको माइत पनि यहीँ छ जहाँ उसले पसल्नी बूढीका हातमा पीताम्बर जेल परेको  खबर पुऱ्याउने प्रयत्न गरेकी थिई (पृ.३३)। डिल्लीबजारको नाम पनि ऊ कालीथान आउँदा हिंडेको बाटाका रूपमा एकचोटि (पृ.९) र पछि कन्या विद्यालयमा शिक्षक भएको भन्ने सन्दर्भमा दुईपटक उल्लेख भएको छ। शिक्षिका भएको सन्दर्भ भने पद्मकन्या विद्याश्रम डिल्लीबजारमा पर्ने र त्यो नै सबभन्दा पुरानो कन्या विद्यालय भएकाले सो अनुमान गर्न सकिन्छ। पीताम्बरलाई थुनेको ठाउँका रूपमा दरबारको गारत (पृ.३६); इन्द्रमाया र रमेश हिंडडुल गरेको स्थानमा नयाँ सडक, सिंहदरबार, बाँसको झ्याङ् (पृ.४८); इन्द्रमाया एक्लै जाने गरेको ठाउँमा वागमती-पशुपति आएका छन्।

उपर्युक्त उपन्यास मूल रूपमा सामाजिक यथार्थसँग जेलिएको व्यक्ति जीवनका यथार्थसँग गाँसिएको हुनाले यसले स्थानगत चित्रणलाई खासै महत्त्व दिएको देखिँदैन। यस उपन्यासमा जे जति स्थानगत चित्रण भएको छ  त्यसले न्यूनतम औपन्यासिक आवश्यकता मात्र पूर्ति गरेको छ। त्यति भएर पनि पात्रगत चरित्र निर्माणका निम्ति पृष्ठभूमि प्रदान गर्ने र तिनको सङ्घर्षलाई निर्देशित गर्ने सन्दर्भमा यहाँ चित्रित स्थानहरूको महत्त्व रहेको छ। स्थानगत भेदअनुरूप नै संस्कारगत भेद पनि रहेका हुन्छन्। कुन स्थानको मानिसको संस्कार कस्तो रहेको हुन्छ भन्ने पहिचानलाई पूर्णता दिन ती स्थानको नामोल्लेख गरिन्छ र यस उपन्यासमा पनि काठमाडौंली मध्यवित्तीय नेवार परिवारको संस्कार र त्यसप्रति विद्रोह गर्न के कस्तो सङ्घर्ष आवश्यक हुन्छ तथा त्यसको परिणाम कसरी नारी समुदायले मात्र भोग्न बाध्य हुनुपर्छ भन्ने कुराको पुष्टि हुन पुगेको छ। काठमाडौंली  स्थानगत परिवेशको प्रस्तुतिले इन्द्रमायाको सङ्घर्षको स्वरूप निर्धारण गरेको छ। काठमाडौंको मध्यवित्तीय नेवार परिवारमा जन्मेकाले शिक्षाको अवसर पाई त्यसकै माध्यमले प्राप्त आत्मनिर्भरता हुनसक्ने योग्यताले आत्मबलसमेत वृद्धि हुन गएकाले इन्द्रमाया त्यस्ता किसिमका निर्णय लिन र स्वाभिमानपूर्वक आफ्ना निर्णयमा पश्चातापहीन र दृढ रहन सकी। काठमाडौं बाहिरको पाखापर्वतमा त्यसताका जन्मिएकी एउटी नारीमा यस किसिमको

योग्यता जन्मन सम्भव थिएन। यसर्थ इन्द्रमायाको चरित्रनिर्माणमा यस उपन्यासको स्थानगत केन्द्रको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। इन्द्रमाया स्वयंको सङ्घर्षको चासो स्थानगत परिवेशसँगभन्दा पनि आफ्नै व्यक्तिगत पारिवारिक परिवेशसँग गरेको भए तापनि यस उपन्यासको स्थानगत सन्दर्भ उसको चारित्रिक पृष्ठभूमिका सन्दर्भमा विशेष उल्लेखनीय रहेको छ। यस उपन्यासको मूल कथानकीय विषयवस्तु यिनै दुई नेवार र ब्राह्मण परिवारका दुई व्यक्ति (इन्द्रमाया+पीताम्बर)सँग जोडिई त्यसमा पनि मुख्यतः इन्द्रमायाकै जीवनका विविध सङ्घर्षमय मोडहरूमा केन्द्रित रहेको छ र तिनको स्थानगत केन्द्रमा काठमाडौंकै कालीथान, रक्तकालीलगायतका विभिन्न स्थान रहेका छन्।

### ५.५.३.२ कालगत सन्दर्भ

इन्द्रमाया लगभग १६ वर्षकी भएपछि (पृ.४) उपन्यासको मूल कथानक अगाडि बढेको छ। यस उपन्यासको सिङ्गो कथानक ४५ वर्षीया इन्द्रमायाको बिहान छोरीले आफ्नो हुनेवाला जीवनसाथीलाई आमासँग भेट गराउन ल्याउँछु भनेर हिँडेपछि साँझमा उनीहरू आइपुगुञ्जेलसम्मको दिनभरिको समयावधिमा एक्लै बिछ्यौनामा पल्टेर गरेको पूर्वस्मृतिमा आधारित छ। आफूले व्यतित गरेको जीवन अवधिको समीक्षात्मक स्मृतिस्वरूप उनिएको यस उपन्यासमा ऊ १६ वर्षकी भएदेखिको कथा समेटिएको छ। इन्द्रमाया १६ वर्षकी भएदेखि उसको विवाहको कुरा चल्न थाल्छ। ऊ आफ्नो अबोध कैशोर्यको परिणामस्वरूप आमालाई सहजै भनिदिन्छे, ‘पीताम्बर छँदै छ नि !’। उसको जीवनको सङ्घर्षको आरम्भ यहींदेखि हुन्छ र उपन्यासको सघन विषयवस्तुको थालनी पनि यहींदेखि हुन्छ। १६ वर्षको उमेरमा स्वेच्छाले पीताम्बरसँग दाम्पत्य-जीवन सुरु गरेकी इन्द्रमाया ४५ वर्षकी हुँदा उसकी छोरी रमा २० वर्षकी भएकी छ। १६ वर्षको उमेरयता इन्द्रमायाले २९ वर्षको समयावधि व्यतित गरिसकेकी छ र त्यस क्रममा उसको जीवनमा पर्याप्त उथलपुथल आइसकेको छ। यस उपन्यासको खास समयावधि भनेको त्यही २९ वर्ष हो र त्यो यसकी प्रमुख नारी चरित्र इन्द्रमायाका सेरोफेरोमा घुमेको छ।

उपन्यासको प्रकाशन काल (२०२५साल)लाई आधार मानेर हेर्दा उपन्यासको कथानकीय अन्त्यमा ४५ वर्षकी भएकी इन्द्रमायाको जन्म वि.सं. १९८० मा भएको देखिन्छ। ऊ १६ वर्षकी हुँदा पीताम्बरसँग दाम्पत्य जीवनमा बाँधिई र यो १९९६ सालतिरको घटना हुन आउँछ। त्यसताका राणाविरोधी आन्दोलन निकै चर्किएको थियो। उसले त्यसै वर्षको चैत्र महिनामा आमाबाबुको घर परित्याग गरेको कुरालाई उपन्यासमा गरिएको मौसमको वर्णनले यसरी पुष्टि गरेको छ-

> टुँडिखेल छेउछाउका रुखहरू दिनभरिको हुरीमा आफ्ना धेरै पात भूईमा झरेर अहिले सन्ध्याको विश्राम पाइरहेका थिए। सुकेका पात हावाले बढारिएर सडकछेउका नालीमा पङ्क्तिबद्ध भई थुप्रेका थिए। वायुमा तुवाँलो भरिएको थियो (पृ.८)।

त्यसबेला राणाविरोधी आन्दोलनमा लाग्नेहरूको ज्यान सधैं जोखिममा हुन्थ्यो भन्ने कुराको पुष्टिका निम्ति, अर्को उद्धरणलाई अगाडि सार्न सकिन्छ- “तिम्रै सुखको निम्ति पनि उसका प्रति

दरबारको त्यस्तो कुभावना छ भने तिम्रै सुखका लागि पनि मैले भन्नुपर्छ, कति दिनसम्म ऊ बाँची बाँची हिंड्ला र ?" (पृ.७)। त्यसकै आसपासको समयमा चारजना विद्रोहीहरू सहिद भएको सन्दर्भले पनि तत्कालीन राजनीतिक परिस्थितिको पुष्टि गरेको छ।

इन्द्रमायाकी छोरी रमाको जन्म २०२५ सालमा २० वर्षकी भएकी हिसाबले २००५ सालमा भएको देखिन्छ र २००४ सालको आश्वीनमा ऊ गर्भवती भएको दुई महिना भएको छ (पृ. ५६,५८)। यस अनुसार उसको जन्म २००५ सालको वैशाख जेठतिर भएको देखिन्छ। यसबेला उसको विवाह भएको नौ वर्ष भइसकेको हुन्छ र यस अवधिमा उसले आफ्नो कोख रित्तो भएको गुनासो पीताम्बरसँग गरिसकेकी छ (पृ.२३)। यसैबिचमा पीताम्बर जेल पर्छ र इन्द्रमायाले छोरी पाएकै दिन ऊ रिहा हुन्छ। ऊ जेल पर्दा जाडो मौसम थियो किनभने पीताम्बरले कोट लगाएको छ र उसलाई मुख-हात धुन इन्द्रमायाले पानी तताइदिएकी छ (पृ. २२)। सामान्य एउटा कोटले मात्र धान्ने मफलर-स्वेटर नचाहिने भनेको मङ्सिरको जाडो हो। त्यसको केही महिना पछिसम्म पनि रमेशका लागि नुहाउनलाई पानी तताइदिने काम इन्द्रमायाले यथावत् राखेकी छ। यस अर्थमा पनि पीताम्बर जाडाका सुरुका दिनतिरै जेल परेको थियो। त्यसको ११ महिनापश्चात् इन्द्रमायाले आफू गर्भवती भएको दुई महिना भइसकेको कुरा चाल पाई (पृ. ५८)। त्यसको सात महिनापश्चात् छोरी जन्मेकै दिन पीताम्बर रिहा हुँदा ऊ जेल परेको १८ महिना भइसकेको थियो।

उपन्यासका अन्त्यमा इन्द्रमायाले पीताम्बरको घर छाडेको १८ वर्ष भइसकेको छ (पृ. ८६)। यस हिसाबले उसले २००७ सालमा पहिलो गृहत्यागको ११ वर्षपछि पुनः अर्को पटक गृहत्याग गरी। उसले छोरीलाई एउटा फ्रक लगाएर लिएर हिंडेकी छ, त्यसमाथि थप न्यानो लुगाको आवश्यकता परेको छैन। राजनीतिमा सक्रिय पुरुष पात्र उभ्याइएको यस उपन्यासमा त्यसबेलासम्म २००७ सालको सङ्घर्षको चर्चा नगरिनुले पनि इन्द्रमायाले गृष्मऋतुतिरै गृहत्याग गरेको देखिन्छ। त्यसबेलासम्म छोरी ट्याउँ-ट्याउँ बोल्ने र आफ्ना अनुभूति व्यक्त गर्ने भइसकेकी छ (पृ. ८५)।

उपन्यासको अन्त्यमा समयको हिसाबकिताबमा उपन्यासकार स्वयंले गडबड गरेका छन्। छोरीको वर्तमान उमेर २० वर्षको छ र २०-२१ वर्ष पहिले इन्द्रमायाले छोरीको वर्तमान उमेरमा पहिलो पटक गृहत्याग गरेको उल्लेख गरेका छन् (पृ.८८)। त्यस हिसाबले इन्द्रमायाको वर्तमान उमेर ४०-४१ वर्षको मात्र देखिन्छ। ऊ २०-२१ वर्ष पहिले नभएर २९ वर्ष पहिले पीताम्बरका घरमा गएकी थिई- आफ्नो १६ वर्षको उमेरमा। फेरि उपन्यासको प्रारम्भमा नै उनले इन्द्रमायाको उमेर ४५ वर्ष भनेर किटेर लेखेका छन् (पृ.१)। उसको ४५ वर्षको उमेर हुँदा २० वर्षकी भएकी छारीलाई उसले २५ वर्षको उमेरमा जन्म दिएको कुरा सिद्ध हुन्छ।

**तीन घुम्ती** उपन्यासमा पुरानै, लगभग अन्तिम राणाकालीन र पञ्चायत व्यवस्थाको प्रारम्भकालीन नेपालको राजनीतिक, सामाजिक अवस्था र त्यसै अवधिको नारी जीवनको चित्र उत्रिएको छ। यहाँ उत्रिएको समाजको एउटा पाटो भनेको नेपालको प्रजातन्त्रपूर्वको (२००७ साल) काठमाडौं उपत्यकाको एउटा झलक हो। त्यसबेला काठमाडौंमा शिक्षाको चेतना भर्खरै खुलेको

थियो तापनि त्यसले आम रूप लिन सकेको थिएन । त्यस्तो अवस्थामा नारी शिक्षाको चेतना खुलेको थिएन । मध्यम वर्गीयहरूमध्ये कसैकसैले छोरीलाई पढ्न पठाउँथे । इन्द्रमाया त्यस्तै अपवादमध्येकी एक हो । नारी शिक्षाको चेतनै नभएको बखत छुट्टै नारी विद्यालयको व्यवस्था हुने कुरै थिएन एउटा कुरो र अर्को कुरो पीताम्बर उसको सहपाठी थियो । यस अर्थमा उसले सहशिक्षालयमा नै शिक्षार्जन गरेको देखिन्छ ।

काठमाडौंमा सिनेमा हेर्ने प्रचलन १९९५-९६ सालतिरै आइसकेको र अझ युवाहरूको मनोरञ्जनको मूल साधनसमेत त्यही रहेको देखिन्छ । इन्द्रमाया र उसका साथीहरू समूह मिलेर सिनेमा हेर्न जान्छन् (पृ.५,९), विवाहअघि इन्द्रमाया पीताम्बरसँग सिनेमा हेर्न जान्थी (पृ. ३) । इन्द्रमाया र रमेश पनि सिनेमा हेरेर मनोरञ्जन गर्छन् (पृ.४३) । त्यसताका जातीय कट्टरता पनि निकै भेटिन्छ । यस उपन्यासमा इन्द्रमायाको सन्दर्भमार्फत नेवार परिवारको जातीय कट्टरतालाई प्रस्तुत गरिएको छ । इन्द्रमायाका आमाबुबाले पीताम्बरसँगको छोरीको विवाहलाई नस्विकार्नुका दुई कारणमध्ये एउटा पार्टी राजनीतितर्फको उसको संलग्नता हो भने अर्कोचाहिं ऊ पर्वते बाहुन हुनु हो (पृ.३,७) । त्यसताकाको वयस्क पुस्ता जातीय कट्टरतामै अडेको भए तापनि युवापुस्तालाई भने विस्तारै नयाँ हावाले छुन थालेको प्रमाण इन्द्रमाया र पीताम्बरले जातीय कट्टरतालाई कुनै महत्त्व नदिएबाट मिलेको छ ।

त्यसताका राजनीतिक चलहपहल विशेष खालको थियो र पुरुषहरू त्यसमा बढी सक्रिय थिए । एकाध महिलाहरू पनि त्यसतर्फ तानिएका थिए जसमध्ये एकथरि आफ्नो राजनीतितर्फको चासोलाई गफगाफमै सीमित गर्दथे भने अर्काथरि पार्टी राजनीतिमा सक्रिय पनि हुन्थे । यस उपन्यासभित्र इन्द्रमाया अघिल्लो कोटिकी नारी हो भने पीताम्बरकी दोस्री पत्नी पछिल्लो कोटिकी नारी हो ।

तत्कालीन काठमाडौंमा फेसनमा पनि विविधता थिएन । पुरुषहरू लबेदा-सुरुवाल, कोट पहिरिन्थे । बाहिरफेर घुमेर घरमा आइपुगेपछि पीताम्बर कोट फुकाल्छ (पृ.२२), पीताम्बरलाई पक्रेर लैजाने बेलामा इन्द्रमाया उसले लगाएको कोट र सुरुवाल तानतुन पारिदिन्छे (पृ.३१), इन्द्रमाया रमेशलाई नुहाएपछि फेर्नका लागि पीताम्बरको मयलपोश-सुरुवाल दिन्छे (पृ.३९), इन्द्रमाया जेल परेको पीताम्बरका लागि कोगटीको मयलपोश-सुरुवाल सिउन दिन्छु भन्ने सोच्छे (पृ.४७), पीताम्बर बाहिरबाट आएपछि ओछ्यानमा बसेर सुरुवाल खोल्छ (पृ.७८) । यस उपन्यासको अन्य कुनै पुरुष पात्रको इतर वस्त्रको उल्लेख कतै पनि भएको छैन । नारीहरू धोती-चोलो लगाउँछन् । यस उपन्यासका कुनै पनि नारी पात्रले धोतीचोलोभन्दा फरक किसिमको परिधान पहिरेको चर्चा भएको भेटिँदैन । पीताम्बरलाई पक्रेर लैजाने बेलामा इन्द्रमायाले आफ्नो साडीको फुर्कोले उसको जुत्ता पुछिदिई (पृ.३३), ऊ भात पकाउने काम सकिएपछि धोतीको टुप्पोले मुख पुस्छे (पृ.४०), पीताम्बर जेल परेको धेरै दिनपछि रमेशका आग्रहमा ऊ नुहाउँछे र साडीचोलो फेर्छे (पृ.४०), ऊ धोती बोकेर बाग्मती नुहाउन जान्छे (पृ.५२) । यी सबै रमा जन्मिनु अघिका सन्दर्भ हुन् (राणा कालका) जुन समयावधि जनताका कोणबाट हेर्दा नवोन्मेषहीन थियो र उनीहरूका पहिरनमा पनि यही कुरा देखियो । एकातिर राजधानीको बसाइ र अर्कातिर शिक्षित

व्यक्ति भएकाले उनीहरूको पहिरन यति स्तरीय भएको हो, अन्यथा गाउँघरतिर त त्यसताका कछाड मात्र लगाउँथे । सहरिया सभ्यताको प्रभावस्वरूप यहाँका पात्रलाई सफासुग्घर हुने चासो खुब छ, खासगरी इन्द्रमायालाई । ऊ आफू पनि दिनदिनै नुहाइ-धुवाइ गर्छे र पीताम्बर एवं रमेशलाई पनि त्यसतर्फ उत्प्रेरित गरिरहन्छे ।

पहिरनमा पुरातनता रहेर पनि सजधजतर्फको चासो भने यस उपन्यासका पात्रमा निकै देखिन्छ । पीताम्बरमा त त्यो रुचि देखिँदैन तर इन्द्रमाया र रमेशमा भने त्यो निकै देखिन्छ । सौन्दर्य प्रसाधनतर्फको उन्मुखता र सक्रियता त अझ रमेशमा चाहिँ बढी देखिन्छ । ऊ इन्द्रमायालाई भन्छ, “केही राम्री भएर त बस्नोस् !” (पृ. ३८) । त्यति मात्र होइन, ऊ श्रृङ्गारका सामग्रीसमेत किनेर ल्याइदिन्छ (पृ. ३९) । इन्द्रमाया नुहाइ-धुवाइ, सफासुग्घर, कोरीबाटी भएको देख्दा ऊ भन्छ, “वाह ! कति राम्री । हो, यस्तै भएर बस्ने गर्नोस् भनेको भाउजु” (पृ. ४१) । यी सब उदाहरणबाट त्यसबेलाका सहरिया मानिसमा सौन्दर्य चेतना पनि आइसकेको देखिन्छ ।

व्यापार-व्यवसाय चलेकै भए तापनि त्यसताका गाडीको चलन भने थिएन । सामान ओसार्ने काममा खर्पनको प्रचलन थियो (पृ.४०) । सिंहदरबारकेन्द्री जागिरको पनि प्रचलन थियो र त्यो पुरुष समुदायमा सीमित थियो । आर्थिक बन्दोबस्तको जिम्मा पुरुषमा थियो र घरायसी व्यवस्थापनको जिम्मा नारीमा थियो । इन्द्रमायाको दाम्पत्य जीवन सुरु भएदेखि नै चियाको पर्याप्त प्रचलन रहेको र त्यो पाहुना सत्कारको भरपर्दो साधनसमेत बनिसकेको देखिन्छ । पीताम्बरका घरमा जम्मा हुने उसका साथीलाई इन्द्रमाया चियाले सत्कार गर्छे (पृ.१२) ।

नैतिकताको सवाल त्यसबेला निकै चर्को थियो र त्यो खासगरी यौन सन्दर्भसँग जोडिएको थियो । त्यो बन्धन पुरुषलाई नभएर नारीलाई मात्र थियो । इन्द्रमाया र पीताम्बर एवं इन्द्रमाया र रमेश दुवै उत्तिकै क्रियाशील रहेका सन्दर्भमा पनि समाजको औंलो भने इन्द्रमायामाथि मात्र उठेको देखिन्छ । इन्द्रमाया पीताम्बरसँग दाम्पत्य जीवनमा बाँधिनु इन्द्रमायाको वेश्याचरण ठानियो (पृ.११) । रमेशसँग अस्थायी प्रेम र यौन सम्बन्ध राखी मातृत्व हासिल गर्नु अनैतिक ठहरियो । यिनै सन्दर्भका सापेक्षतामा पछिल्लो जीवनखण्डमा इन्द्रमाया जागिरे भई जसलाई पक्कै पनि नैतिक कार्य मानिएन होला भन्ने कुराको सहज अनुमान गर्न सकिन्छ । उपन्यासकालीन समयसम्म राजधानीमा अस्पतालको व्यवस्था भइसकेको देखिन्छ । इन्द्रमाया सुत्केरी हुन अस्पताल गएको, डाक्टर-नर्सले सेवा गरेको सन्दर्भबाट अस्पतालको प्रसङ्गको उल्लेख भएको छ । २००७ साल अगाडिसम्म बिजुलीबत्तीको बन्दोबस्त भएको देखिँदैन (पृ.२२) ।

इन्द्रमाया छोरीलाई लिएर हिंडेदेखि (२००७ सालदेखि) यताको १८ वर्ष अवधिको समयाङ्कन उपन्यासमा स्पष्ट देखिएको छैन । त्यस अवधिमा जीवन गुजाराको बाध्यताले इन्द्रमायाले सिंहदरबारमा टाइपिस्ट भएको, विदेशी योजनामा जागिर खाएको, शिक्षण कार्य गर्ने गरेको देखाएर पुरुषको एकाधिकार रहेका यस्ता क्षेत्रमा महिलाको प्रवेश भएको देखाइएको छ । यो उपन्यास २००७ सालबाट एकैचोटि २०२५ सालमा पुगेको छ जुन बेलासम्म जनताका घरघरमा बिजुलीबत्ती पुगिसकेको थियो (पृ.८७) । वैवाहिक स्वतन्त्रता आउन थालिसकेको थियो । आफ्नी

छोरी रमाले आफ्नो जीवनसाथी आफै चयन गरेकोमा इन्द्रमाया अप्रसन्न देखिएकी छैन। त्यसबेलासम्म जातीय कट्टरता पनि हट्दै गएको देखिन्छ। ऊ आफ्नो ज्वाइँ हुने केटो कुन जातको हो भनेर सोध्दै सोध्दिन (पृ.८८)। 'भाग्यमानी भए' (पृ. ८) भन्ने आशीर्वाद दिएर ऊ एकैचोटि सहमति जनाउँछे।

सङ्क्रमणशीलता सचेत समाजको वैशिष्ट्य हो र त्यो प्रवृत्ति यस उपन्यासमा पनि देखिएको छ। नेपाली समाजमा समयको यस्तो सङ्क्रमणशीलता अधिकांशतः पुरुष समुदायका प्रयोजनका निम्ति नै सीमित हुन्थ्यो र महिलाका सन्दर्भमा त्यो श्रृङ्गार-प्रसाधनसम्म मात्र सीमित बन्थ्यो। यस उपन्यासमा भने सङ्क्रमणशीलताले त्यस सीमाको अतिक्रमण गरेको छ। यस उपन्यासको उक्त प्रवृत्ति नारी जीवनतर्फ बढी लक्षित छ। इन्द्रमायाको चरित्रले तत्कालीन नेपालको सामाजिक प्रवृत्तिको समसामयिकताको उल्लङ्घन गरेको छ। उसले शिक्षाको अवसर पाएकी छ, आत्मनिर्भर बनेकी छ, सक्कली स्वयम्वर गरेकी छ, हृदयको आग्रहको कदर गरेर रमेशसँग विशेष सम्बन्ध गाँसेकी छ, अस्मिताका सवालमा दृढ देखिएकी छ र आफ्नो निर्णय र कार्यको आदरका निम्ति पीताम्बरलाई त्यागेर छोरीलाई अँगालेकी छ। यसरी हेर्दा समयद्वारा इन्द्रमायाको चरित्र निर्देशित नभएर उसको चरित्रद्वारा चाहिँ समयको प्रवाहलाई निर्देशित गर्न खोजिएको छ। समयभन्दा इन्द्रमाया बढी अग्रगामी छ जुन यस उपन्यासको वैशिष्ट्य नै हो।

### ५.५.३.३ वर्गीय सन्दर्भ

**तीन घुम्ती** उपन्यास वर्गगत नभएर लिङ्गगत सन्दर्भसँग गाँसिएकाले यसमा वर्गीय सन्दर्भको निर्णायक उपस्थिति देखिँदैन। यस उपन्यासका पात्रको वर्गीय पहिचान पनि त्यति स्पष्ट छैन। यस उपन्यासका आधारभूत समस्याहरू आर्थिक वर्गसँग नभएर व्यक्तिगत मानवीय अस्मितासँग सम्बन्धित छन्। नेपाली समाजका कुनै पनि वर्गका नारीले समान रूपमा भोग्नेजस्ता समस्या यहाँ प्रस्तुत भएका छन्। मानिसका व्यक्तिगत स्वभाव र प्रवृत्तिलाई विशेष प्राथमिकता दिइएको यस उपन्यासमा आर्थिक किसिमका आरोह-अवरोहले महत्त्व पाएका छैनन् यद्यपि झिनो रूपमा भने यहाँका पात्रले अर्थगत उकाली-ओराली बेहोरेकै छन्।

प्रस्तुत उपन्यासमा मूल रूपमा दुई आर्थिक वर्गका मानिस रहेका भेटिन्छन्- मध्यम वर्ग र निम्न वर्ग। यस उपन्यासका हरेक पात्रहरू पारिवारिक आर्थिक वृत्तको झिनो आभासमा व्यक्तिगत हैसियतमा आएका छन्। यस उपन्यासका तीन प्रमुख पात्र (इन्द्रमाया, पीताम्बर र रमेश) ले स्वपारिवारिक वित्तीय प्रवाहलाई आफ्ना जीवनको मूल गति मानेका छैनन्। यति भएर पनि तिनको पारिवारिक वित्तीय परिस्थितिले अप्रभावित रहन नसकेका तिनको संस्कार सो अनुकूल नै निर्मित भएको छ।

उक्त उपन्यासकी प्रमुख चरित्र इन्द्रमायाका माइतीको आर्थिक हैसियत मध्यवित्तीय रहेको छ जसको सम्बन्ध दरबारसँग घनिष्ट रहेको छ र विरोधी राजनीति एवं त्यसका कार्यकर्तासँग दूरत्व मात्र नभई घृणासमेत गर्नु उनीहरूको संस्कारका रूपमा स्थापित छ (पृ.७)। उनीहरूले पीताम्बरसँगको इन्द्रमायाको सम्बन्धलाई अस्वीकार गर्नुका पछाडि जातीय र राजनीतिक कारणका

अतिरिक्त वर्गीय कारण पनि एक हो भन्ने सन्दर्भलाई इन्द्रमाया स्वयंले समेत यसरी खुट्याइसकेको देखिन्छ-

> बाबुआमाका आग्रहलाई नटारेको भए के उसको जीवनले अर्को मोड लिने थिएन र ? के ऊ पनि आफ्नी बहिनीसरह एउटा मध्यवित्त परिवारकी नारीमा अवतीर्ण हुन्नथिई जसको जीवनलाई समाजका नियम-विधिहरूले केही अंशमा पूर्वनिश्चित गरिदिएका हुन्थे र जसका सन्तानद्वारा घर भरिभराउ हुन्थ्यो र सबै इष्टमित्र नातागोताहरू उसलाई भाग्यमानी नारी भन्थे ? (पृ.२६)।

मध्यवित्तीय परिवारका मानिसहरूको स्वभाव उच्च वर्गीय र निम्न वर्गीय दुवै संस्कारबाट प्रभावित हुने हुनाले नै उच्च वर्गीय देखासिकीमा राणा कालीन नेपालमा जन्मिएकी इन्द्रमायाले छोरी भएर पनि शिक्षार्जनको अवसर पाएको देखिन्छ। यही शिक्षाका कारणले सचेत हुन पुगेकी इन्द्रमाया व्यक्तिगत स्वभावको भिन्नता अनुरूप आम नेपाली नारीहरूभन्दा भिन्न रूपमा स्थापित हुन पुगेकी हो। इन्द्रमायाका माइती काठमाडौंको पनि प्रमुख स्थान रक्तकालीमा बस्दै आएको यहाँका स्थानीय नेवार परिवारको हो र उसको वित्तीय हैसियत नवआर्जित नभएर खानदानी किसिमको रहिआएकाले पनि भर्खरै पहाडतिरबाट झरेको निम्न वर्गीय पर्वते पीताम्बर उनीहरूको समर्थनको दायराभित्र समेटिन सक्दैन। यसै कारणले पनि इन्द्रमाया माइततिरबाट पूरै उखेलिएर मात्र दाम्पत्य जीवनमा स्थापित हुन सकेकी हो।

पीताम्बर नेपालको कुनै पहाडबाट झरेको मातापिताविहीन र नातागोताको सम्बन्धबाट चुँडिएको एक्लो गरिब ब्राम्हण थियो (पृ.३,४,१४,१५) जो शिक्षार्जनका सिलसिलामा काठमाडौं भित्रिई यहाँको कालीथानमा एउटा आफ्नै बासस्थानमा बस्ने गर्दथ्यो (पृ.५७)। ऊ आफ्नै आर्जनमा सामान्य जीवनयापन गर्दै राजनीतिप्रति समर्पित बनेको शिक्षित युवक थियो। ऊ आफ्नो वर्गीय हैसियतलाई ध्यानमा राखीराखीकन चल्ने मानिस हो भन्ने कुरा उसले इन्द्रमायालाई मन पराई-पराईकन पनि आफ्नो विपन्न अवस्थाका कारणले विवाहको प्रस्ताव राख्न नसकेकोबाट स्पष्ट हुन्छ। पीताम्बर आफ्नो आर्थिक विवशता यसरी प्रकट गर्छ, "मैले पनि धेरै दिनसम्म सोचें तर निर्णय लिन सकेको थिइनँ, तिम्रा आमा-बाबु, समाज र स्वयं तिम्रो पनि विचार आउँथ्यो मलाई" (पृ.१३)। पीताम्बरको यो वर्गीय चेतनालाई स्वाभाविक मान्दै इन्द्रमाया भन्छे, "पीता, पुरुषले धेरै कुराको विचार राख्नुपर्छ। हेरन, तिमीले मेरोसम्मको पनि विचार गर्नुपरेकोले निर्णय लिन हिच्किचाउनुपर्थ्यो" (पृ.१३-१४)। नारीले पुरुषमाथि निर्भर हुनुपर्ने नेपाली सामन्ती आर्थिक संरचनामा विवाहका निम्ति पुरुषको वर्गीय अवस्थिति पर्याप्त निर्णायक रहन्छ र खासगरी कन्यापक्षका अभिभावकले यस्ता कुरामा ध्यान पुऱ्याउँछन्। पीताम्बरको इन्द्रमायाका माइतीका समकक्ष नरहेको यही वर्गीय अवस्थितिसमेत उसको इन्द्रमायासँग दाम्पत्य सम्बन्ध सहज ढङ्गले स्थापित हुन नसक्नुको एउटा मूल कारण बनेको देखिन्छ। इन्द्रमाया भागेर पीताम्बरसँग आइसकेपछि उसकी आमाले उसको आर्थिक अवस्थामाथि दया गरेर खानेलाउने कुराका पोकाहरू र रूपैयाँ-पैसा पनि पठाइदिने गर्थी (पृ.११) जसले पीताम्बरको विपन्नताकै प्रमाण दिएको छ। पीताम्बरको आर्थिक हैसियत इन्द्रमायाको प्रेमसम्बन्ध रमेशसँग स्थापित हुनुको एउटा कारण

बन्न पुगेको देखिन्छ । पीताम्बर जेल परेपछि इन्द्रमायालाई बिहान-बेलुकाको छाक जुटाउनसमेत मुश्किल परेकाले आफ्ना घरछेवैमा सानो पसल गरेर बसेकी बूढीसँग कानका मुन्द्री दिएर आलुचिउरा लिन जान्छे तर बूढीले मुन्द्री लिन नमानेपछि ऊ उधारैमा ल्याएर खाने गर्छे (पृ.३५) । यस्तो परिस्थितिमा चाँडै जेलबाट छुटेर आएको रमेशको आर्थिक सहयोगमाथिको निर्भरता उसको विवशता नै बन्न पुग्यो । मनको कुनै अभेद्य गर्तमा रमेशप्रतिको आकर्षण लुकेको भए तापनि ऊ आफ्नै तर्फबाट त्यसलाई कुनै पनि हालतमा प्रकट गर्ने थिइन । रमेशले आफ्नो प्रेमलाई निकै दाबाका साथ अगाडि सार्‍यो र दुर्दिनमा सहयोग गर्ने रमेशप्रतिको कृतज्ञताको भावनाले रमेशको उक्त प्रस्तावलाई स्वीकार गर्न परोक्ष रूपमा प्रेरित नै गर्‍यो । यसरी पीताम्बरको वर्गीय स्थितिद्वारा इन्द्रमायाका जीवनका निर्णयहरू केही मात्रामा प्रभावित रहेका छन् ।

रमेश मध्यवित्तीय परिवारको व्यक्ति देखिन्छ । उसले कतै आयआर्जनको काम गरेको पनि देखिँदैन तर खर्च भने निर्धक्क गर्दछ । यस अर्थमा उसँग पुर्ख्यौली सम्पत्ति नै पर्याप्त रहेको देखिन्छ । उसका पिता दरबारमा सरदार थिए (पृ.८२-८३) जसका कारणले उसको आर्थिक हैसियत बलियो बनेको थियो । ऊ विपक्षी राजनीतिमा संलग्न रहे तापनि उसका पिताको जागिर र आर्थिक स्थिति उसका साथीहरूले उसको अपत्यार गर्ने माध्यम बनेको थियो । पीताम्बर जेल परेका बेलामा इन्द्रमायाको मात्र होइन, पीताम्बरकै समेत चाँजोपाँजो रमेशकै आर्थिक सहयोगमा निर्भर छ । उसले इन्द्रमायाका खाने-लगाउने आधारभूत आवश्यकता मात्र पूरा नगरी विलासी जीवनतर्फ समेत अभिमुख गराइरहेको थियो । श्रृङ्गार-प्रसाधनको बन्दोबस्त गरिदिनु (पृ.३९), साँझ बिहान न्युरोड र टुँडिखेलतिर घुमाउन लैजानु, मनोरञ्जनको इच्छा सिनेमा हेरेर पूरा गर्नु (पृ.४३), जेलमा पीताम्बरलाई कपडा र खानेकुराको अभाव हुन नदिनु, इन्द्रमायाको सुसारका निम्ति पसले बूढीकी नातिनीलाई खटाउनु (पृ.६३), उसलाई सुत्केरी व्यथा लागेको थाहा पाउनासाथ अस्पताल पुर्‍याउनु (पृ.६५) र त्यहाँको सम्पूर्ण खर्चबर्चको जिम्मा लिनु (पृ.७०), छोरीको जिम्मेवारी लिन तयार हुनु (पृ. ८४) आदि सबै उसका सम्पन्नताका लक्षण हुन् । उसको सम्पन्नता पछिसम्म पनि कायमै रहेको कुरा इन्द्रमायाको "रमेश पनि सम्पन्न र सुखी छ रे । बाबुसँग झगडा गरेर आफ्नो अंश लिएर छुट्टियो रे ऊ, आजकल संसद्को सदस्य छ रे" (पृ. ७८) भन्ने अभिव्यक्तिबाट स्पष्ट हुन्छ । तत्कालीन राजनीतिक परिस्थितिमा संसद्को सदस्य हुनुले ऊ २००३-४ सालमा साथीहरूको पोल लगाएर जेलबाट उम्किएको कुरा पनि छर्लङ्ग हुन्छ र यो उच्च मध्यम वर्गीय व्यक्तिमा देखिने सामान्य कुरा नै हो । उपर्युक्त सम्पूर्ण सन्दर्भको अध्ययनपश्चात् रमेशको आर्थिक हैसियत इन्द्रमायाको माइतीको भन्दा पनि उच्च रहेको पुष्टि हुन्छ ।

आर्थिक हैसियत पनि अन्य सामाजिक हैसियतले नै निर्धारण गर्ने कुरा हो । नारीले पुरुषकेन्द्रनिसृत हैसियत मात्र प्राप्त गर्न सक्ने पितृसत्तात्मक समाज व्यवस्थामा यस उपन्यासका नारीको आफ्नै अस्तित्व अत्यन्त झिनो छ । यस उपन्यासकी उल्लेखनीय नारी पात्र भनेको इन्द्रमाया नै हो र विवाहअघिको उसको आर्थिक हैसियत भनेको उसका पिताको हैसियत हो । यसैले विवाहअघि ऊ मध्यम वर्गीय पात्र हो र मातापिताको यही वर्गकै परिणामस्वरूप उसमा नवोन्मेषशील सम्भावनाहरूको प्रादुर्भाव भएको हो । उनीहरूको आर्थिक हैसियत राम्रो नभएको

भए उसले शिक्षाको अवसर पाउने थिइन र उसमा अस्मिता रक्षार्थ स्वनिर्णयको ठूलो महत्त्व छ भन्ने ज्ञान पनि पलाउने थिएन, अनि पीताम्बरसँगको दाम्पत्य जीवनको सम्भावना पनि रहने थिएन। विवाहपछि पीताम्बरको निम्न वर्गीय आर्थिक हैसियत नै उसको वर्गीय परिचायक बन्न पुग्यो। इन्द्रमाया पूर्णतः परनिर्भर बन्नुको परिणामस्वरूप पीताम्बर जेल परेपछि छाक टार्नेसम्मको न्यूनतम मानवीय समस्याबाट ग्रस्त बन्छे जसबाट उसको हैसियतहीनताकै प्रमाण मिल्दछ। यसैको परिणामस्वरूप उसलाई हरेक ढङ्गले सहयोग गर्न तत्पर रमेशको सान्निध्य उसका निम्ति अपरिहार्य बन्दछ र पहिलेदेखि नै आफ्नो अभ्यन्तरमा कतै विशिष्ट स्थान बनाइसकेको रमेश देवरबाट प्रेमीको स्थानमा अवतरित हुन्छ। उसको पहिलो र दोस्रो निर्णय उक्त दुई भिन्न वर्गीय स्थितिका परिणति थिए। उसको तेस्रो निर्णयपश्चात् भने इन्द्रमायामा निजी वर्गीय परिस्थितिको सिर्जना भएको देखिन्छ। यसपछि भने ऊ आफ्नै अस्तित्वको चौतारीमा अवतीर्ण हुन्छे। एउटी नारी जसले धेरै पढेकी पनि छैन र आफूसँग पुर्ख्यौली सम्पत्ति पनि केही छैन, सङ्घर्ष गरेर आफू पनि पालिँदै छोरीलाई समेत हुर्काई-बढाई शिक्षादीक्षा दिलाउनु छ भने उसको वर्गीय स्थिति निम्न नै हुन्छ। यो इन्द्रमायाको नितान्त आफ्नै वर्गीय अवस्थिति हो। यस उपन्यासको सामाजिकता अलि भिन्न किसिमको छ। यसमा पारिवारिक कौटुम्बिकताको घेरा छिन्नभिन्न भई राजनीतिक कौटुम्बिकताको घेरा विकसित भएको छ। इन्द्रमाया र पीताम्बर दुवै यही स्थितिमा छन् भने रमेशद्वारा पारिवारिक र राजनीतिक दुवै किसिमको कौटुम्बिकताको निर्वाह भएको देखिन्छ। इन्द्रमायामा अपरिमित आत्मविश्वास, द्विविधारहित निर्णय र त्यसमाथिको दृढता देखिन्छ, जुन मध्यम वर्गीय व्यक्तिको वैशिष्ट्य हो। वर्गीय संस्कृतिको स्वभाव अनुकूल नै मानिसले आफू अनुकूल राजनीतिक व्यवस्था रुचाउँछ र त्यसमा उमेरगत एवं लैङ्गिक सन्दर्भले पनि पर्याप्त प्रभाव पारेको हुन्छ। पीताम्बरका घरमा जम्मा हुने उसका साथीहरू 'आतङ्कवादी विचारका युवक थिए र इन्द्रमायालाई भने आतङ्कवाद र हत्या राजनीतिको हितकर साधन होइन भन्ने विश्वास थियो" (पृ.१२) र यस्तो विचार हुनु भनेको उमेर र वर्गमाथिको लैङ्गिक मनोभावनाको हस्तक्षेप हो। उमेरद्वारा वर्ग प्रभावित हुने स्थिति पनि धेरै देखिने गर्छ र त्यो इन्द्रमायामा पनि देखिएको छ। वर्गद्वारा व्यक्ति प्रभावित भएको भए इन्द्रमाया आफ्नै माइतीको आर्थिक वर्ग मिल्ने कुनै मध्यम वर्गीय घरानाकी बुहारी बनेर परम्परागत आदर्श अनुकूलको जिन्दगी बिताउने थिई। यसरी यस उपन्यासमा पात्रको वर्गीय स्थितिलाई त्यति धेरै महत्त्व नदिँदा-नदिँदै पनि यसले उपन्यासका घटनाक्रमको आरोह-अवरोहमा भने महत्त्वपूर्ण भूमिका निर्वाह गर्न पुगेको देखिन्छ।

**तीन घुम्ती** उपन्यासमा आएका उपर्युक्त तीनवटै नेवार एवं ब्राम्हण परिवारका युवाहरू आर्थिक कोणबाट हेर्दा मध्यम र निम्नस्तरीय छन्। पुरुष पात्रमा आ-आफ्ना परिवारको संस्कारको सङ्क्रमित स्वरूप भेटिन्छ। राणाकालको अन्तिम दशकको प्रारम्भदेखि पञ्चायतकालको प्रारम्भको प्रथम दशकको उत्तरार्धसम्मको सहरिया परिवेशको नेवार र ब्राम्हण दुवै परिवारसँग सम्बन्धित रहेकी सामाजिक, सांस्कृतिक-धार्मिक कुलाचारका घेरा बाहिरकी नारीको चरित्रचित्रण प्रस्तुत उपन्यासको ध्येय हो। यस उपन्यासमा फेसनमा मात्र नभएर विचारमा नै नवोन्मेषशील नारीको चित्रण भएको छ। लैङ्गिक असमानतापूर्ण ज्यादती भोग्दाभोग्दा थङ्थिलो भएपछि नारीहरूले कसरी

पारिवारिक संस्कार र आदर्शलाई समेत लत्याइदिन्छन् र यस क्रममा नारी क्रमशः सामाजिकबाट पारिवारिक र त्यसबाट अझ व्यक्तिगत हैसियतमा पुग्दछे भन्ने कुरा नै यस उपन्यासको लेखकीय आशय हो । यस उपन्यासमा शैक्षिक संस्कारले वर्गीय पारिवारिक संस्कारमाथि हस्तक्षेप गर्नसक्ने सन्दर्भलाई अगाडि सारिएको छ ।

उपन्यासकारले आदर्श ठहऱ्याएको मूल्य इन्द्रमायाका जीवनका पुरातन संस्कृतिमाथिको अतिक्रमणपूर्ण साहसिक नवीन स्थापना हो भने उनले हेय ठहऱ्याएको मूल्य भनेको पीताम्बर र रमेशका स्वार्थी एवं लैङ्गिक कोणबाट आग्रहपूर्ण रहेको विधिव्यवहार हो । यिनै दुई मूल्यलाई एकै ठाउँमा समानान्तर रूपमा उभ्याएर तुलनात्मक कसीमा घोट्ने आधार भनेको इन्द्रमायाको बहिर्गमन हो जसमार्फत उसले उपन्यासकारले हेय ठहऱ्याएको जीवन मूल्यलाई लत्याएकी छ । यिनै विविध सामाजिक-पारिवारिक संस्कारद्वारा उत्प्रेरित व्यक्तिजन्य सांस्कारिक परिवेशमा इन्द्रमायाको विजयी चरित्रमार्फत मानवीय रूपमा सज्जन र व्यक्तिगत रूपमा नवोन्मेषशील क्रान्तिकारी मूल्यको स्थापना गर्न रुचाएका छन् ।

पीताम्बरको घर **तीन घुम्ती** उपन्यासको मुख्य कार्यस्थल वा कार्यपीठिका बनेको छ जहाँ ऊ स्वयं, इन्द्रमाया र परिवारकै सदस्यसरह बनेको रमेश गरी तीनजना पात्र मात्र प्रमुख रूपमा उपस्थित हुन पुगेका छन् । यीमध्ये पनि इन्द्रमाया सर्वप्रमुख चरित्र हो र उपन्यासका सारा घटनाक्रमहरू उसकै परिवृत्तमा घुमेका छन् । इन्द्रमाया पीताम्बर र रमेशविना पनि अस्तित्ववान् छ तर इन्द्रमायाविना उनीहरूको भने अस्तित्व छैन । इन्द्रमायाको बहिर्गमनपश्चात् उसको स्मृतिका घेराभित्र मात्र ती दुईको अस्तित्व बाँचेको छ । पुरुषमा मात्र सीमित बाहिरबाट कमाएर ल्याउने जिम्मेवारी इन्द्रमायाले आफ्ना काँधमा जुरुक्क बोकेकी छ र परम्परागत जिम्मेवारी यथावत् छँदैछ । यस अर्थमा अन्य दुई पुरुष पात्रका तुलनामा ऊ धेरै जिम्मेवार, साहसी र अस्तित्वशाली दृष्टिगत भएकी छ । इन्द्रमायाद्वारा घरको बलेसीको चौघेराभित्रको एउटा सानो संसार अतिक्रमित बन्न पुगेर नै ऊ अस्तित्वशाली बन्न पुगेको देखिन्छ । यस उपन्यासमा नेपाली समाजको परम्परागत पारिवारिक संस्कारभन्दा भिन्न संस्कारको निर्माणका निम्ति प्रयत्नशील इन्द्रमाया एक मात्र प्रमुख नारी पात्रका रूपमा उपस्थित छ ।

### ५.५.४ मूल नारी समस्या

**तीन घुम्ती** नारी समस्यामा केन्द्रित उपन्यास भएर पनि यसले जीवनको सीमित पक्षलाई मात्र समेटेको हुनाले यसले नारी समस्याका बहुआयामलाई समेट्न भ्याएको देखिँदैन । यस उपन्यासले एउटी नेपाली नारीले परम्परागत पारिवारिक संरचनामा भोग्नुपर्ने पारम्परिकभन्दा अलि बेग्लै किसिमका समस्यालाई प्रस्तुतिको आधार बनाएको छ । यस उपन्यासमा थोरै अन्य केही नारी पात्र रहे तापनि यसकी मुख्य नारी पात्र इन्द्रमायाका जीवनका समस्या नै यस उपन्यासका मूल नारी समस्या हुन् । इन्द्रमायाले दुःख पाउनु नारी समस्या अस्तित्ववान् बन्नु हो र ऊ दुःखमुक्त बन्नु भनेको नारी समस्याको निराकरण हुनु हो । समस्याको उठानसँगै उपन्यासको प्रारम्भ भएको छ र समस्याको बैठानसँगै त्यसको अन्त्य भएको छ । नारीका समस्यालाई

सामाजिक समस्याका रूपमा नलिई उसका व्यक्तिगत समस्याका रूपमा लिने चलनलाई आधार बनाएर लेखिएको यस उपन्यासका नारी समस्या सामाजिक हुन नसकेका समस्या हुन् । नारीलाई समाज नमान्ने परम्परागत दृष्टिकोणले गर्दा नै नारीका समस्या सामाजिक ठानिन नसकेका हुन् ।

प्रत्येक सामाजिक विद्रोह प्रारम्भमा यस्तै असामाजिक देखिने गर्छ । त्यस्ता विद्रोहीहरूको सङ्ख्या बढ्दै गएपछि त्यो क्रमशः सामाजिकोन्मुख बन्दै जान्छ र यतातिरको सङ्ख्या अधिक बन्न पुगेपछि यो विद्रोह स्वयं सामाजिक प्रस्थापना बन्न पुग्दछ, अर्को परम्परादेखि सामाजिक ठानिँदै आएको पक्ष चाहिँ असामाजिक ठानिन पुग्छ। विद्रोह सधैं असामाजिक कहलिन्छ। यसैले इन्द्रमायाको विद्रोह पनि असामाजिक देखियो, त्यस अर्थमा त्यो व्यक्तिगतमा सीमित रह्यो। इन्द्रमायाले खुरुखुरु परम्परागत शैलीका पछाडि जीवनयात्रा चलाएकी भए उसले लैङ्गिक ढङ्गले भोग्नुपर्ने समस्या पृथक् अर्थात् परम्परादेखि सबै नारीले भोग्दै आएका किसिमकै हुन्थे तर उसले परम्पराभिन्न जीवनशैली अँगाल्नाले समस्या पनि परम्पराभिन्न किसिमकै प्रादुर्भूत भएका छन् । आफूले गरेका निर्णयमाथिको पश्चातापहीनता उसको अस्तित्वको मूल शक्ति हो । उपन्यासभरि इन्द्रमाया एक्लैले आफ्ना नवीन प्रस्थापनाका पक्षमा सङ्घर्ष गरेकी छ । आ-आफ्ना ढङ्गले आ-आफ्ना ठाउँमा आ-आफ्नै तर इन्द्रमायाका समस्यासँग बिल्कुलै मेल खाने समस्या यस उपन्यासका कुनै पनि नारीले झेलेको देखिँदैन । उसले उपन्यासका अन्त्यमा मात्र आफ्नी छोरीले रोजेर ल्याएको उसको जीवनसाथीलाई ‘भाग्यमानी भए !’ भन्ने आशीर्वाद दिएर आफ्नो विद्रोहलाई सामाजिक विस्तार दिएकी छ । पितृसत्तात्मक समाजले नारीलाई महत्त्व नदिने हुनाले समाजको भन्दा भिन्न गतिको काममा उसले सामाजिक सहयोग पनि प्राप्त गरेकी छैन । यस उपन्यासले नारीका यस्तै एक्ला सङ्घर्षलाई इन्द्रमाया र उसमा केन्द्रित समस्याका माध्यमले प्रस्तुत गरेको छ । यसरी यस उपन्यासमा नेपाली शिक्षित सहरिया नारीका बेग्लै किसिमका समस्याको उठान भएको छ ।

अब क्रमशः यस उपन्यासले रेखाङ्कित गरेका नारीको आस्तित्विक चेतना, प्रेमपथतर्फको अग्रसरता, वैवाहिक सन्दर्भ, सतीत्वको प्रश्न, मातृत्वको अधिकारप्रतिको सजगता र नारीको स्वनिर्णयजस्ता प्रमुख समस्याका बारेमा चर्चा गरिन्छ (५.४.४.१-५.४.४.६) ।

### ५.५.४.१ नारीको आस्तित्विक चेतना

नेपाली नारी आफ्नो अस्तित्वप्रति सचेत हुनु सबभन्दा ठूलो समस्या हो र यसैका केन्द्रीयतामा अन्य अनन्त समस्याहरू उत्पन्न हुन पुग्छन् । त्यसो त नारीमा अस्तित्वचेतना ठ्याम्मै शून्य हुँदा पनि समस्या नदेखिने होइनन् तर त्यस अवस्थाका समस्या बेग्लै हुन्छन् र आम नेपाली नारीले भोग्ने समस्या त्यस कोटिका हुन्छन् । जब कुनै नेपाली नारीले आफ्ना जीवनका हरेक कुरालाई अस्तित्वचेतनायुक्त भएर पर्गेल्न थाल्छे त्यसबेला उसले भोग्ने समस्या आम नारीका भन्दा बेग्लै हुन्छन् । यी नवीन कोटिका समस्याका अगाडि पुराना कोटिका समस्या नगन्यजस्ता देखिन्छन् । यस उपन्यासकी प्रमुख नारी पात्र इन्द्रमायाका माध्यमले प्रस्तुत भएका नारी समस्या पनि सुन्दा अचम्म लाग्ने खालका र नेपाली समाजमा सहज ढङ्गले सुपाच्य नहुने किसिमका नवीन

कोटिका छन् । आस्तित्विक कोणबाट हेर्दा परम्परादेखि चल्दैआएका नारीसँग सम्बन्धित प्रायः हरेक कुरा विमतिजन्य नै रहेका हुन्छन् । इन्द्रमायाले आफ्नो अस्तित्व चेतनालाई भुसुक्क बिर्सिदिने हो भने उसका सबै समस्या स्वतः समाधानका बिन्दुमा पुग्न सक्छन् । तसर्थ इन्द्रमायाको अस्तित्वचेतना नै यस उपन्यासमा देखिएका नारी समस्यामध्येको सर्वप्रमुख समस्या हो । यसै चेतनाका केन्द्रीयतामा यस उपन्यासमा प्रेम, विवाह, दाम्पत्य, सतीत्व र मातृत्वजस्ता विषयका नवीन प्रस्थापनाजन्य नारी समस्या देखिएका छन् ।

### ५.५.४.२ प्रेमपथतर्फको अग्रसरता

परम्परागत नेपाली समाजमा प्रेममार्ग नारी समुदायका निम्ति कण्टकमय रहिआएको छ- त्यसमा अग्रसरता चाहे पुरुषकै रहेको किन नहोस् । झन् त्यसमाथि यस उपन्यासमा त अग्रसरतासमेत नारीकै रहेको अवस्थामा उक्त नारी सोही कारणबाट अझ बढी समस्याग्रस्त बन्नु नौलो कुरो होइन । इन्द्रमायाको जीवनको समस्याग्रस्तताको प्रारम्भ प्रेमसन्दर्भबाटै भएको देखिन्छ । उसले आफ्नी आमाका अगाडि विवाहका लागि पीताम्बरलाई प्रस्तावित गरेपश्चात् उसका जीवनका सङ्कटहरूको प्रादुर्भाव भयो । त्यही प्रेमपथको दृढताले उसले पितृघर परित्याग गर्नुपर्‍यो । यी सन्दर्भलाई निम्नलिखित उद्धरणमा स्पष्टसँग देख्न सकिन्छ-

> अहिले जुन अवस्थामा ऊ चाँच्चाँडो पगले हिंडिरहेकी थिई त्यसमा त्यो संसार जसलाई उसले आजसम्म चिनेकी थिई, मासिंदै थियो । आमा-बाबु, सखी-सहेली, इष्टमित्र, नाता-गोता, यहाँसम्म कि अहिले दृष्टिपथमा परिरहेको वस्तुजगत् सबै अस्पष्टतर हुँदै धूमिल प्रदेशमा बिलाइरहेका थिए (पृ.९) ।

**तीन घुम्ती** उपन्यासकी प्रमुख नारी चरित्रका लागि समस्याग्रस्त बनेको प्रेम भनेको युवा नरनारीका बिचको प्रेम हो जसको अन्तिम टुङ्गोका रूपमा विवाहलाई लिने कि नलिने भन्ने बहस जारी छ । यस उपन्यासमा परिभाषित प्रेम भनेको युवा नर र नारीका बिचको विशिष्ट सम्बन्ध हो जससँग आत्मिक मात्र नभएर भौतिकतासमेत गाँसिएरै आएको छ । इन्द्रमायाका जीवनमा प्रेम दुई पटक देखा परेको छ र दुवै पटकका प्रेमले उसका जीवनमा अपूर्व घुम्तीहरूको निर्माण गरेका छन् । पहिलो, प्रेम उसले अविवाहित अवस्थामा पीताम्बरसँग गरेकी छ र आजीवन त्यसै प्रेमका छहारीमा बस्ने टुङ्गो गरेकी छ तर जातीय कट्टरता, वर्गीय अहं, राजनीतिक पूर्वाग्रहका साथै छोरीले आफ्नै वरणमा प्रेमसम्बन्ध गाँसेको स्विकार्नै नसक्ने परम्परागत सङ्कुचित मानसिकता समेतले गर्दा प्रेमपथतर्फको अग्रसरता उसका लागि महान् समस्या र निर्णायक घडीसमेत बन्न गएको छ । समस्यापूर्ण भएकै कारणले त्यस मार्गको परित्याग नगरी ऊ झन् माइती-साथीसङ्गीसमेतको परित्याग गरी सम्पूर्ण रूपमा त्यसैप्रति समर्पित बनेकी छ । दोस्रो, प्रेम उसले विवाहित अवस्थामा पीताम्बर राजनीतिक कारणले जेल परेपछि आफ्नै श्रीमान्को विशेष विश्वासपात्र र आफूलाई समेत श्रीमान्का अरू साथीभन्दा विशेष निकट लागेको रमेशसँग गरेकी छ । यस प्रेमसम्बन्धपश्चात् पनि उसले पीताम्बरप्रतिको प्रेम र कर्तव्यलाई ज्यूँका त्यूँ राखेकी मात्र होइन, तिनमा अझ पाइनसमेत थपिंदै गरेको महसुस गरेकी छ । इन्द्रमायाले रमेशसँगको

सम्बन्धलाई शरीरको चाहनासम्म मात्र सीमित नराखी यो सम्बन्ध पीताम्बर जेलबाट नछुटुञ्जेलसम्मका लागि मात्र हो भन्ने यथार्थबोध गरी-गरीकन पनि प्रेमभावले समेत ढपक्क ढाकेकी छ। इन्द्रमायाको यस सम्बन्धमार्फत पनि श्रीमान्प्रतिको श्रीमतीको निष्ठाले पुनः परिभाषित हुनुपर्ने आवश्यकतातर्फ इङ्गित गरेको छ। पीताम्बरका अन्य साथी र पीताम्बर स्वयंसमेत इन्द्रमाया र रमेशको उक्त सम्बन्धप्रति असन्तुष्ट र प्रश्नशील रहेका छन् र इन्द्रमायाका लागि यो सम्बन्ध समस्यापूर्ण बन्न पुगेको छ। न त इन्द्रमायासँगको यस सम्बन्धले रमेशलाई समस्याग्रस्त बनाएको छ न त इन्द्रमायाबाहेकका अरू नारीसँगको प्रेम सम्बन्धले पीताम्बर नै समस्याग्रस्त बन्न पुगेको छ तर इन्द्रमाया भने आफूले पीताम्बरलाई उत्तिकै प्रेम गर्दागर्दै पनि उसबाट भने उपेक्षित बन्न पुगेकी छ। रमेशसँग सम्बन्ध स्थापित नभएको भए ऊ पुत्रीवती पनि बन्ने थिइन र पुत्री एवं श्रीमान्मध्ये एउटालाई मात्र रोज्नुपर्ने सङ्कटपूर्ण घडीको सामना गर्दै ऊ पीताम्बरसँगको वियोगमा पनि पर्ने थिइन। पितृसत्तात्मक समाजको विशिष्टताअनुरूप नै ऊ प्रेम सम्बन्धका कारणले आम नेपाली नारीझैँ समस्याग्रस्त बन्न पुगे तापनि उसले आफूलाई समाजभीरु नबनाई सङ्घर्षपूर्ण नै बनाएकी छ र त्यसमार्फत प्राप्त आघातलाई साहसपूर्वक वरण गरेकी छ।

### ५.५.४.३ वैवाहिक सम्बन्ध

पितृसत्तात्मक समाजको विशिष्टता र नेपाली समाजको परम्परागत एवं रुढिवादी स्वरूपको फलस्वरूप विवाह पुरुषका लागि समाधान र नारीका लागि समस्या हुने गरेको देखिन्छ। नेपाली नारी सदैव सहनशील, सुशील, प्रसन्न, सुरुचिसम्पन्न देखिनुपर्छ, अन्यथा त्यो नारी नारीजन्य योग्यताका कोणबाट हीन सावित हुन्छे भन्ने परम्परागत आदर्शको अनुसरणले उसका कुण्ठाका भक्कानाहरू सबैका सामु उद्घाटित हुन सक्दैनन्। त्यसैले ऊ समस्याहीनजस्ती देखिन्छे। यदाकदा जो जसका त्यस्ता समस्या उद्घाटित हुन्छन्, ती त्यसै एक व्यक्तिका मात्र समस्या ठहऱ्याइन्छन्। फलस्वरूप सिङ्गो समाजका लागि मात्र होइन, स्वयं नारीकै लागि समेत उसका कुण्ठाहरू अभेद्य र अगोचर बन्न पुग्दछन्। यही अभेद्यता र अगोचरताको परिणामस्वरूप नै विवाहलाई नारीका जीवनको एउटा समाधान र एउटा गन्तव्य ठहऱ्याई मातापितासमेत पनि उसको यौवनावस्थाको प्रारम्भसँगै विवाहका लागि हतारिन्छन् र विवाह गरिदिएपछि ढुक्क हुन्छन्। नारीको खुला समाजतर्फको अग्रसरतालाई समाज सधैँ यौनजन्य लाञ्छनाका नेल ठोक्छ र त्यो उसका मातापिता सुन्न चाहँदैनन्। बरु उसका चाहनाले पखेटा हाल्नुअगावै विवाहरूपी साङ्लाले जकड्याइहाल्छन्। इन्द्रमायाका जीवनमा पनि यही भएको छ। ऊ १६ वर्षकी हुनासाथै उसका मातापिता वरको खोजीमा लाग्छन्। त्यसबेलासम्म ऊ पीताम्बरसँगको सान्निध्यलाई मीठो-रमाइलो त मान्न थालिसकेकी छ तर त्यो प्रेम हो भन्ने उसले बुझेकी छैन। आमाले विवाहको कुरा अघि सार्दा उसलाई कसो-कसो पीताम्बरसँग टाढिन नपाए हुन्थ्यो, बरु उसैसँग विवाह गर्न पाए निकटता सधैँ रहिरहन सक्थ्यो भन्ने भावले ऊ आमासँग हठात् भन्न पुग्छे, "पीताम्बर छँदैछ नि !" (पृ.३)। इन्द्रमाया र पीताम्बरका बिचमा प्रेम प्रकट नभइसकेकै भए तापनि उसकी आमाले भने त्यो कुरा बुझ्दिन र छोरीलाई पीताम्बरसँग विवाह नगर्नका लागि सम्झाउँछे तथा अन्यत्र

विवाह गरेर पठाउनका लागि हतारिन्छे जसको फलस्वरूप इन्द्रमाया आफै पितृगृहबाट भागेर पीताम्बरसँग दाम्पत्य-जीवन प्रारम्भ गर्छे ।

वैवाहिक जीवनका प्रारम्भसँगै उसका जीवनका अन्य सम्भावनाहरूको गति अवरुद्ध भएको छ । त्यतिखेर आमाबाबुहरूले विवाह गरिदिने हतारो नदेखाइदिएको भए उसको शिक्षार्जनको क्रम जारी हुनसक्थ्यो र उसले आफ्नो व्यक्तित्व निर्माण गरी आत्मनिर्भरता हासिल गर्न सक्ने थिई । पीताम्बरका घरमा भित्रिनासाथ ऊ तुरुन्तै गृहिणीमा रूपान्तरित भई (पृ.११) जसले गर्दा उसले आफ्नो व्यक्तित्वका बारेमा सोच्नै भ्याइन । उसले आफूले रुचाएको जस्तो बोली-व्यवहार गर्नसमेत सतर्क रहनुपर्ने भयो, पीताम्बर उसको आचरणमा त्यत्तिकै शङ्का-उपशङ्का गर्ने भयो ( पृ.१७) । परम्परागत आदर्श र केटाकेटीदेखिकै लैङ्गिक ढङ्गले विषम कोटिको तालिमले गर्दा विवाहित नारी न त आफ्नो व्यक्तित्व निर्माणका बारेमा सोच्न जान्दछे न त घरपरिवारको चारपर्खालभन्दा बाहिर उभिन नै जान्दछे । उसलाई त हरबखत घरगृहस्थीका कामकाज र परिवारका सबै व्यक्तिको हेरचाहबाटै अन्य कुरा सोच्ने फुर्सद हुँदैन । दक्षिण एसियामा व्यक्तित्वशाली बन्न सकेका महिलामध्ये धेरै सङ्ख्या अविवाहित र विधवाहरूको रहेबाट पनि यही कुरा प्रष्टिन्छ । इन्द्रमाया नै पनि जब वैवाहिक जीवनबाट बाहिरिई, त्यसपछि उसको परनिर्भरता समाप्त भयो, छाक टार्नका निम्ति कानका मुन्द्री बेच्न जानुपर्ने विवशता (पृ.३५) हरायो, ऊ सहज ढङ्गले स्वेच्छामा आफ्नो जीवन सञ्चालन गर्नसक्ने भई । यस अर्थमा विवाह नेपाली नारीका निम्ति दासता भएकाले समस्या हो र इन्द्रमायाको जीवन कथाबाट पनि यो नारी समस्याका रूपमा नै प्रस्तुत भएको छ ।

### ५.५.४.४ सतीत्वको प्रश्न

मानव-समाज मातृसत्तात्मक अवस्थाबाट पितृसत्तात्मक अवस्थामा झरेपछि, सम्पत्तिको मालिक पुरुष बन्न थालेपछि त्यसै सम्पत्तिको व्यवस्थापनका लागि र उत्तराधिकार समेतका लागि पुरुषले आफ्नै रक्तसम्बन्धको आवश्यकताबोध गर्न थाल्यो तर गर्भ उसँग नभएकाले उसले यसका लागि नारीमाथि निर्भर रहनुपर्ने भयो । उसले आफ्नो आकाङ्क्षातृप्तिका लागि नारीको गर्भमाथि अङ्कुश लगायो र त्यसलाई पुरुषको अधीनस्थ गर्नका लागि सतीत्वको कुरा उठायो । यसरी सतीत्व पुरुषस्वार्थको केन्द्रबाट निसृत सामाजिक प्रावधान बन्न पुग्यो र यहीँदेखि नै मानववंश पुरुषका नामबाट गणना हुन थालेपछिदेखि नारीको अस्तित्व मेटिँदै गयो । यही सतीत्वको प्रावधानले कैयौं नेपाली नारीको ज्यानै गुमेको छ । पुरुषले बलात्कार गर्छ र प्रश्नचिन्ह नारीमाथि लाग्छ, नरनारी दुवैको सहमतिमा वा पुरुषको एकल इच्छामा भएको सम्बन्धपश्चात् नारी गर्भवती भएपश्चात् औंलो नारीमाथि ठडिन्छ पुरुषको भूमिकाको कसैले ख्यालै गर्दैन, अनेक परिस्थितिले सती हुँदाहुँदै पनि सतीत्वहीनताको लाञ्छना पनि नारीलाई नै लाग्छ, परपुरुषको आँखामा आँखा जुधाएर कुरा गऱ्यो भने पनि प्रश्न सतीत्वकै उठ्छ । सङ्घर्षशील चरित्र विकसित गर्नै नसकेका नेपाली नारीका निम्ति आत्महत्या मात्र त्यसको निकास बन्दछ ।

**तीन घुम्ती** उपन्यासकी इन्द्रमायाले पनि दाम्पत्य जीवनको प्रारम्भदेखि नै सतीत्वको प्रश्नसँग जुध्नु परेको छ । स्वेच्छाले पतिवरण गर्ने इन्द्रमाया रुढिग्रस्त संस्कारले बाँधिएको आफ्नै पिताका दृष्टिमा पनि लगभग वेश्या नै ठहरिएकी छ । ऊ भन्छ, "मेरा लागि इन्द्रमाया मरिसकेकी छ । नगर त्यसका कुरा, नभन मलाई कि ऊ कालीथानमा बस्छे कि कहाँ बस्छे र कोसँग" (पृ. ११) । उसका साथीका बाबुआमाहरूले पनि आफ्ना छोरीहरूलाई "त्यो बेस्सेकहाँ नजानू" (पृ.११) भनेर निषेध गरेका थिए । वेश्याचरणको मर्म र परिभाषा नै नखुट्याई तथा त्यसको छ्यानविचारतर्फ प्रवृत्त नै नभई वेश्या नै नभएकी इन्द्रमाया वेश्या भनिएकी छ । रमेशसँगको सम्बन्धलाई लिएर पीताम्बरले पनि यस्तै खालको कुरा गरेको छ र अरूका औंला पनि इन्द्रमायापट्टि ठडिएका छन् । इन्द्रमाया स्वनिर्णय गर्न सक्ने, निर्णयमा दृढ रहन सक्ने र सङ्घर्षशील नारी चरित्र भएर पनि सतीत्वको प्रश्न उसका लागि एउटा समस्याका रूपमा आएको छ । उपन्यासकारले पनि यस उपन्यासमा सतीत्वको प्रश्नलाई महत्त्वपूर्ण नारी समस्याका रूपमा नै प्रस्तुत गरेका छन् ।

### ५.५.४.५. मातृत्व अधिकारप्रतिको सजगता

मातृत्व नारीको चासो र अधिकारको कुरा हो । परिवार र समाजले त्यसको स्वायत्तताको जगेर्ना र सम्मान गर्न सक्नुपर्ने हो । मातृत्व नारीको योग्यता र संवेदना हो तापनि यसलाई त्यस रूपमा नअर्थ्याई पुरुषको अधिकारका रूपमा अर्थ्याइन्छ । मातृत्वअधिकारबाट वञ्चित हुनु नारीको चाहिँ दुःख हो तर बन्ध्या भई भनेर ऊ नै सौता पाउँछे या घरबाटै गलहत्याइन्छे । नारीगर्भमा पुरुषले कब्जा गरेपछि मातृत्वअधिकारको इच्छा नै नारीका निम्ति भयङ्कर समस्या बनेर देखा परेको छ । पीताम्बरसँगको सम्बन्धबाट इन्द्रमायाले मातृत्व प्राप्त नगरेपछि त्यसको गुनासो श्रीमान्सँग गर्दा पुरुष यस कोणबाट कहिल्यै अयोग्य हुँदैन झैं गरेर ऊ नै 'बन्ध्या' शब्दले लाञ्छित बन्दछे (पृ.२३) । मातृत्व उसको अधिकारको कुरा हो, बस् । बीजाधान जोसुकैले गरोस्, त्यो वंशपरम्परामा अस्तित्व नै नभएकी नारीको सरोकारको विषय होइन । इन्द्रमायाले पनि यही सोची र रमेशसँगको सम्बन्धबाट गर्भवती भएकोमा खिन्नता महसुस गरिन । इन्द्रमाया धर्तीमा बाली जोसुकैले लगाए पनि त्यसलाई उमार्नु र फल दिनु उसको (धर्तीको) धर्म हो भन्ने तर्कद्वारा ढुक्क थिई (पृ. ६२) ।

नारीको मातृत्वको अधिकारको कुरालाई लिएर इन्द्रमाया र पीताम्बर बेग्लाबेग्लै ध्रुवमा उभिएका छन् । यस विषयलाई लिएर इन्द्रमायाको दृष्टिकोण नारीवादी प्रकृतिको र पीताम्बरको दृष्टिकोण पुरुषवादी किसिमको रहेको देखिन्छ । इन्द्रमायाका लागि ऊ आमा बन्न पाउनु ठूलो कुरा हो भने पीताम्बरका लागि बीजाधान कसले गऱ्यो भन्ने कुरा ठूलो हो । यसबाट उसले नारीको अस्तित्व पुरुषवंशको सेरोफेरोभन्दा पर गएर पहिल्याउन नखोजेको मात्र होइन अस्वीकार नै गरेको देखिन्छ भने इन्द्रमाया मातृत्वका सम्बन्धमा परम्पराभिन्न दृष्टिकोण मात्र नराखी त्यसलाई कार्यरूपमा समेत परिणत गर्छे । ऊ त पीताम्बर जेल परेका बेलामा एक्लै यत्रो जिम्मेवारी बोकेर आफूहरू दुईजनाको शून्य घरलाई सन्तानको उपस्थिति दिएर रमाइलो बनाउने

काम गरेकोमा मक्ख परेकी छ। अझ ऊ त अभ्यन्तरमा कतै आफू पुत्रीवती बनेकै दिन जेलबाट रिहा भएको पीताम्बरबाट स्याबासी पाउने स्वप्नसमेत सँगाल्छे (पृ. ६३-६४)। आफू माता बनेकै दिन पीताम्बर रिहा भएको खबर सुन्दा ऊ आल्हादित बन्दै भन्छे, "नर्स ! जीवन बडो रमाइलो छ, बडो सुखदायी छ, होइन ?" (पृ. ६६) तर मातृत्वका सम्बन्धमा उसका विपरीत ध्रुवमा उभिएको पीताम्बरको उपेक्षा पाएपछि, अनि घरमा पनि उसले छोरी रमालाई वास्ता नगरेको मात्र नभई घृणा गरेबाट (पृ. ७६) र छोरीलाई रमेशको जिम्मा लगाए वा कुनै अनाथालयमा लगेर राखे आफूहरूबिचको सम्बन्ध फेरि सुध्रन सक्ने (पृ. ७८) कुरा बताएपछि भने इन्द्रमाया अनैसर्गिक पत्नीत्वको अधिकारलाई लत्याएर नैसर्गिक मातृत्व अधिकारको रक्षा गर्ने निर्णय गर्दछे। मातृत्वको अधिकारको चाहना इन्द्रमायाका लागि समस्या भएर उठ्यो र यसैका कारणले उसको दाम्पत्यजीवन भताभुङ्ग पनि भयो। परम्परा र समाजले मातृत्व अधिकारको कुरालाई नारी समस्याका रूपमा नै उठाउन खोजेको हो र ती दुईका दृष्टिमा इन्द्रमाया त्यसै समस्याले ग्रस्त भएको पनि देखिएको हो तर इन्द्रमायाले भने ती दुवैलाई मातृत्वका पक्षमा निर्णय लिएर पराजित गरी। इन्द्रमाया एउटी त्यस समस्याभन्दा माथि उठ्न सकेकी भए तापनि मातृत्व अधिकारको इच्छा आम नेपाली नारीहरूको समाधान हुन नसकेको ठूलो समस्या हो र यस उपन्यासमा पनि उपन्यासकारद्वारा त्यसलाई समस्याकै रूपमा प्रस्तुत गरिएको छ। इन्द्रमाया त्यस समस्याका गर्तमा गाडिनु वा उत्रिनु बेग्लै कुरा हो।

### ५.५.४.६ नारीको स्वनिर्णय

नेपाली नारी स्वनिर्णयको अधिकारबाट वञ्चित छ। स्वनिर्णय गर्न खोज्ने महिलालाई 'जान्नु न बुझ्नुसँग', 'पोथी बासेको' आदि भन्दै हतोत्साहित गरिन्छ, हरतरहले उसको उक्त अग्रसरतालाई असफल बनाइन्छ र 'बढ्ता जान्ने भएपछि त्यस्तै हुन्छ' भन्दै उल्टै वेदनाले निस्कन खोज्ने नारीको उच्छ्वासलाई समेत दबाइन्छ। इन्द्रमायाका सन्दर्भमा पनि यस्तै भएको छ। बाबुआमाले नै केटो खोजेर बिहे गरिदिएको भए पनि यसरी नै उसको दाम्पत्य जीवन दुर्घटित हुनसक्थ्यो, किनभने पितृसत्तात्मक सामाजिकताले निर्माण गर्ने पुरुषको संस्कार पीताम्बरकै जस्तो हुने हो तर यहाँ इन्द्रमायाले पीताम्बरसँग विवाह गर्ने स्वनिर्णय गरेर यस्तो भएको हो भनिन्छ। रमेशसँगका सम्बन्धमा पनि उक्साहट रमेशको भए तापनि निर्णय भने इन्द्रमायाले लिएकी हो। त्यसबाट पनि उसले दुःख नै बेहोर्नु पऱ्यो। पछि पत्नीत्व र मातृत्वमध्ये मातृत्वकै चयन गरेपश्चात् पनि उसले जीविकाका लागि दुःख नै बेहोरेकी छ। नारीले स्वनिर्णय गरी भने उसले अवश्यै दुःख पाउँछे भन्ने समाजको दृष्टिकोण देखिन्छ र इन्द्रमायाले स्वनिर्णय लिनु यस्तो पारिवारिक सामाजिक परिवेशमा नारी समस्या नै हो, किनभने समाजको विपरीत दिशातर्फ कुद्न खोज्दा समस्याग्रस्त बन्नु स्वाभाविक नै हो।

**तीन घुम्ती** उपन्यासमा देखिएका नारीका समस्याहरू तत्कालीन समय-सन्दर्भमा आम नेपाली नारीका समस्या थिएनन् किनभने त्यतिखेर आम नेपालीहरू न त शिक्षित नै बनेका थिए न त सचेत नै। शिक्षा र चेतनाविना नारीमा सङ्घर्षशील व्यक्तित्वको विकास हुन पनि सक्दैन।

यस उपन्यासमा जेजस्ता नारी समस्या देखिएका छन् ती सब आत्मविश्वासी सङ्घर्षशील नारीले झेल्नुपर्ने समस्या हुन् । नेपाली नारीहरू जतिजति शिक्षित र सचेत हुँदै जान्छन्, उतिउति यस किसिमका समस्या पनि व्यापक हुँदै जान्छन् र खास एउटा बिन्दुमा पुगेपछि ती र त्यस्ता समस्या नै रहँदैनन् । यस उपन्यासमा नारी समस्याको प्रस्तुतिका क्रममा आम नेपाली अशिक्षित नारीलाई नभएर थोरै तर शिक्षित नेपाली नारीलाई दृष्टिकेन्द्रमा राखिएको छ ।

समग्रमा सिङ्गो उपन्यासको विषयवस्तु नारीको आस्तित्विक चेतना, प्रेमपथतर्फको अग्रसरता, वैवाहिक सम्बन्ध, सतीत्वको प्रश्न, मातृत्वको अधिकारप्रतिको सजगता र नारीको स्वनिर्णय गरी छवटा प्रमुख समस्यामा केन्द्रित रहेको छ । यिनै छवटा प्रमुख नारी समस्याको उठान गरी तिनकै समाधानका सन्दर्भमा उपन्यासको प्रारम्भ र अन्त्यसमेत भएको छ । तत्कालीन सङ्क्रमणशील नेपाली सामन्ती समाजका नारीका उत्पीडनलाई यस उपन्यासले राम्रोसँग अभिव्यक्त गरेको छ । यस उपन्यासले तत्कालीन पारिवारिक-सामाजिक परिस्थितिमा अस्तित्वको जगेर्ना गर्न खोज्दा उल्टै त्यसैलाई गुमाउनुपर्ने संवेदनशील सङ्कटको घडीमा यात्रारत सङ्कटापन्न नारीको संवेदनालाई राम्रोसँग प्रस्तुत गरेको छ ।

### ५.५.५ परिणति र सन्देश पक्ष

प्रस्तुत **तीन घुम्ती** उपन्यासको घटनात्मक अन्तिम परिणति र त्यसले दिने विशेषतः नारीपरक सन्देशबारे तल क्रमशः चर्चा गरिएको छ (५.५.५.१-५.५.५.२) ।

#### ५.५.५.१ परिणति

**तीन घुम्ती** उपन्यासको परिणति मूल नारी चरित्र इन्द्रमायाकै केन्द्रीयतामा देखा परेको छ । उपन्यासका प्रारम्भदेखि देखा पर्दै, पुराना समस्या ओझेल पर्दै, नयाँ समस्या देखिँदै उपन्यासका अन्त्यमा नवीन समस्या थपिने क्रमको अन्त्य भएको छ । इन्द्रमायाका जीवनका हरेक पुरातन र नवीन समस्याहरू यस उपन्यासका अन्त्यमा देखा परेको औपन्यासिक परिणतितर्फ नै उन्मुख छन् । हरेक समस्याले इन्द्रमायालाई त्यसै परिणतितर्फ डोऱ्याएका छन् । उपन्यास अन्त्यबाट सुरु भएको छ । अर्थात्, उपन्यासले अन्तिम परिणतिका चरणमा टेक्ने बेलामा यस उपन्यासकी प्रमुख नारी चरित्र इन्द्रमायाको पूर्वस्मृतिका रूपमा उसका जीवनका प्रमुख महत्त्वपूर्ण घटनाहरू उपस्थित भएका छन् । अन्तिम औपन्यासिक परिणतिका प्रहरमा स्मरण गरिएका हरेक घटनाक्रम त्यसै परिणतिसँग सम्बन्धित, त्यसैतर्फ उन्मुख र त्यसैको पुष्टिका निम्ति प्रस्तुत भएका छन् । यसैले परिणतिसँग असम्बन्धितजस्तो लाग्ने कुनै घटना पनि यस उपन्यासमा आएको छैन ।

नारी-अस्तित्व र स्वतन्त्रताको मूल्य नै नबुझी इन्द्रमाया १६ वर्षकी हुनासाथ उसको विवाहको निम्ति तयारी गर्ने आमाबाबुको चाहनाका विरुद्ध नचिनेको व्यक्तिसँग जीवन बिताउन अस्वीकार गरी आफ्नो सहपाठी र भेट्दा पनि रमाइलो लाग्ने व्यक्ति पीताम्बरलाई नै जीवनसाथीका रूपमा आमाका अगाडि प्रस्तावित गरेपछि (पृ.३) नै उपन्यासको नवीन परिणतिको सङ्केत मिल्न थालेको छ । औपन्यासिक परिणति भन्नु नै इन्द्रमायाका जीवनको परिणति हो ।

इन्द्रमायाले जीवनमा मूल रूपमा तीनवटा निर्णय गरी र ती तीनैवटा निर्णयले तीनवटा घुम्तीको निर्माण गरे। अनि तीनैवटा घुम्तीपश्चात् उसले छुट्टाछुट्टै तीनवटा परिणतिहरू प्राप्त गरी। उपन्यासको अन्तिम बिन्दुमा उसले यी तीनैवटा परिणतिको निचोडस्वरूप अर्को एउटा परिणति प्राप्त गरी जुन अघिल्ला तीन घुम्तीका तीन परिणतिको समेत लक्ष्य रहेको बोध हुन्छ।

इन्द्रमायाले प्रथम निर्णय आफ्नो सहपाठी, आफूलाई सुन्दरसमेत लागेको एउटा पर्वते बाहुन पीताम्बरलाई जीवनसाथीका स्थानमा स्थापित गरेर १६ वर्षको उमेरमा लिई (पृ.३)। इन्द्रमायाजस्ती अत्यन्त कलिलो उमेरकी नवयुवतीलाई आमाबाबुको चाहनाविपरीत निर्णय लिनु सारै कठिन कार्य हो तापनि उसले सो निर्णय लिएर आफूलाई परम्पराभिन्न नारीका रूपमा स्थापित गरी। यस निर्णयबाट उसले दुईथरि परिणति प्राप्त गरी। यसपश्चात् उसले एकातिर आफ्नो जन्मघर र साथीहरू गुमाई भने अर्कातिर आफूले रुचाएको जीवनसाथीको न्यानो माया र श्रीमान्का साथीहरूसँगको सान्निध्य पाई। उसको प्रथम निर्णयस्वरूप प्राप्त परिणतिमा घाटानाफा बराबर रह्यो।

इन्द्रमायाले द्वितीय निर्णय आफू विवाहित हुँदाहुँदै पनि रमेशसँगको आत्मीय सम्बन्धमा शरीरको बाधासमेत फुकाइदिने निर्णय गरेर २३ वर्षको उमेरतिर लिई (पृ. ५१)। एउटी विवाहित नारीले परपुरुषसँग आत्मीय मित्रता कायम गर्नसमेत सुपाच्य नहुने पितृसत्तात्मक सामाजिक आदर्शमा इन्द्रमायाले पीताम्बर जेल परेका समयमा रमेशसँग आत्मिक मात्र नभएर दैहिक सम्बन्ध नै स्थापित गर्नु अक्षम्य अपराध नै थियो जसलाई ऊ स्वयंले भने अत्यन्त सहज-स्वाभाविक रूपमा वरण गरेकी थिई। यस घुम्तीको यात्राको परिणामस्वरूप उसले एकातिर श्रीमान् एवं उसका साथीहरूको विश्वास गुमाई, गर्भवती भएपछि रमेशैको सान्निध्य पनि गुमाई, सामाजिक मर्यादा पनि गुमाई र यी सबैको मूल्यमा उसले पीताम्बरसँगको सहजीवनमा प्राप्त गर्न नसकेको मातृत्व हासिल गरी र त्यसैमा सन्तुष्टि लिई। यस घुम्तीमा उसले त्यति धेरै घाटा भएको अनुभव गरिन र मातृत्वबाहेक पनि रमेशसँगको सम्बन्धमा हासिल गरेको सुखबोधलाई समेत पनि उपलब्धि नै मानी।

अन्दाजी २७ वर्षको उमेरतिर इन्द्रमायाले फेरि अर्को एउटा निर्णय लिनुपर्‍यो, जसले उसका जीवनमा तेस्रो घुम्तीको निर्माण गर्‍यो र यही नै यस उपन्यासले समेटेको उसका जीवनको अन्तिम घुम्ती थियो (पृ.८५)। आफ्नो गर्भमाथि आफ्नै आधिपत्य कायम गर्न खोज्ने नारी इन्द्रमाया र पत्नीका गर्भमाथि श्रीमान्का हैसियतले आफ्नो प्रभुत्व जमाउन खोज्ने पितृसत्तात्मक सामन्ती समाज व्यवस्थाको पुरुष पीताम्बरका बिचको दृष्टिभेदले गर्दा उसले जीवनमा तेस्रो कठोर निर्णय पनि लिई। पत्नीत्वमा भन्दा मातृत्वमा उसको अस्मिताले आफ्नो वर्चस्व देख्यो र त्यसैको अनुसरणतर्फ प्रवृत्त भयो। यस घुम्तीको यात्राको परिणामस्वरूप उसले श्रीमान् पनि गुमाई, श्रीमान्गृह पनि गुमाई र तिनीहरूसँग सम्बन्धित समाज पनि गुमाई तथा यी सबैको मूल्यमा उसले मातृत्व र आजीवन हासिल गर्न नसकेको स्वतन्त्र व्यक्तित्व प्राप्त गरी।

इन्द्रमायाका जीवनका प्रत्येक निर्णय र प्रत्येक घुम्ती पृथक् घटनाक्रमका पृथक् सन्दर्भले पृथक् परिणतिका बाहक बनेका छन् । हरेक घुम्तीमा उसले पहिला पाइराखेका कुरा गुमाई र नयाँ कुरा हासिल गरी । तिनै नवीन प्राप्तिका मूल्यमा पुराना कुरालाई जानी-जानी बिसर्जन गरी । ऊ पुरानोलाई पाइराख्ने लोभमा सम्झौतापरस्त भइन र सधैंभरि नवीनताकै वरण गरी । सधैंभरि पुरानैसँग सम्झौता गरिरहनाले नेपाली नारीको जीवनले नयाँ घुम्ती भेट्न नसकेको हो भन्ने बोध गरेकी इन्द्रमायाले नवीनताप्रतिको आकर्षणले सङ्घर्षलाई नै निम्त्याउने हो भन्ने बुझी-बुझीकन पनि त्यतैतिरको यात्रा गरेकी छ। जतिसुकै भौतिक दुःखकष्ट झेल्नु परे तापनि त्यसबाट आत्मसन्तुष्टि र आत्मविश्वाससमेत प्राप्त हुने हुनाले इन्द्रमायाका दृष्टिमा ती दुःखकष्ट नगन्य छन् ।

औपन्यासिक परिणति पनि सापेक्ष कुरा हो र आ-आफ्ना दृष्टिकोण अनुसार त्यसलाई सुखान्तीय र दुःखान्तीय भन्ने संज्ञा दिने गरिन्छ । पुरातन पुरुषवादी कोणबाट हेर्दा सारा सम्बन्धी र सामाजिक मूल्यमान्यता गुमाएर इन्द्रमायाले एक्लो जीवन बिताउनु दुःखान्तीय परिणति हो । नवीन एवं नारीवादी कोणबाट हेर्दा सारा सम्बन्धीहरू र सामाजिक मर्यादा गुमाएर पनि स्वआर्जनमा मातापुत्रीको निर्वाह गर्दै स्वअस्तित्वको जगेर्ना गर्न सक्नु सुखान्तीय परिणति हो किनभने ऊ कम्तिमा पनि आफ्ना निर्णयबाट आफै निराश भएर आत्महत्यातर्फ अग्रसर भइन ।

इन्द्रमायाका जीवनका तीन घुम्तीका थरिथरिका परिणतिका समष्टिमा यस्तो अर्को एउटा परिणति देखा परेको छ जसद्वारा ऊ पुरस्कृत भएकी छ। इन्द्रमाया परम्पराका रूपमा स्थापित भएकी छ र उसको अनुसरणको क्रमको थालनी भएको छ। उसकी छोरी रमा आफूले चयन गरेको जीवनसाथीसँग आमाको भेट गराउँछे र त्यो युवक आशीर्वाद माग्छ (पृ.८) । 'भाग्यमानी भए !' भन्ने आशीर्वादद्वारा ऊ पुरानो पुस्ताद्वारा नवीन पुस्ताको अनुमोदन गर्नुपर्ने कुरा अगाडि सार्छे । उसले प्रदान गरेको आशीर्वादमा एकातिर उसकै आफ्नो दुःखको संस्मरण छ र आफ्नो यस्तै एउटा निर्णयमा बाबुआमाद्वारा ठेस लागेको र त्यहींदेखि नै आफ्ना जीवनमा अपत्यारिला मोडको आरम्भ भएको कुराको सङ्केत छ भने अर्कातिर आफूले जीवनप्रति नवीन सोच पाल्दा कष्ट झेल्नु परे तापनि आफ्नी छोरी रमाले भने दुःखी हुनु नपरोस् भन्ने शुभकामना पनि छ। छोरी र ज्वाइँले नवजीवनको आरम्भमा ऊसँग आशीर्वाद माग्नु भनेको नवपरम्पराका सिरानमा उसलाई स्थापित गर्नु हो । यसबाट एकातिर इन्द्रमाया समयको सुल्टै गतिमा बगेकी थिई, बरु समाजले पो उसलाई उल्टो गतितर्फ प्रवाहित गर्ने प्रयत्न गरेको थियो भन्ने बुझिन्छ भने अर्कातिर उपन्यासकारले इन्द्रमायाका माध्यमले स्थापित गर्न चाहेको नवीन जीवन मूल्यको स्थापना र उनले हेय ठहऱ्याएको परम्परागत जीवन मूल्यको विस्थापनमार्फत नवीन जीवन मूल्यको वकालत गरेको पाइन्छ। आफ्नो जीवनको गतिमा बाधा पुऱ्याउनेहरूको अस्तित्वलाई बेवास्ता गरेर नै इन्द्रमाया नवीन आदर्शका रूपमा उभिने प्रयत्नमा छ। परम्परागत समाजले पितृसत्तात्मक दृष्टिकोणबाट हेर्दा रमाको यस पाइलालाई बिग्रिएकी आमाकी छोरीको गलत क्रियाकलापका रूपमा पनि अर्थ्याउन सक्छ जसबाट इन्द्रमाया पुरस्कृत नभएर दण्डित भएको ठहरिन्छ। समाजका दृष्टिमा यो थप दुर्घटना हो। पुरुषका कोणबाट दुर्घटित लाग्ने यो परिणति नारी

अस्मिताका कोणबाट भने सुघटित लाग्छ र इन्द्रमाया पुरस्कृत भएकै ठहरिन्छ किनभने मानव-अस्मिता सबैभन्दा ठूलो कुरा हो। अस्मिता गुमाएर सबैथोक पाउनुभन्दा सबैथोक गुमाएर अस्मिताको जगेर्ना गर्नु नै जीवनको सर्वाधिक ठूलो उपलब्धि हो। इन्द्रमायाको जीवन-आदर्श पनि यही नै हो। यस उपन्यासमा नारी अस्तित्वका प्रियातत्त्व, पत्नीत्व र मातृत्व गरी तीनवटा सन्दर्भको प्रस्तुति भएको छ जसको सम्मानरक्षार्थ इन्द्रमायाले अनौठा-अनौठा निर्णयहरू लिन कम्मर कसेकी छ र औपन्यासिक परिणति पनि यसै कम्मर कसाइको सेरोफेरोमा घुमेको छ।

### ५.५.५.२ सन्देश

जीवनका नवीन प्रस्थापनालाई प्रस्तुत गर्ने सन्दर्भमा लेखिएको यस उपन्यासका परिणतिले दुई किसिमका अर्थ बोकेझैं सन्देश पक्षले पनि दोहोरो अर्थ बोकेको छ। सुख-दुःखको सापेक्षित परिभाषाअनुसार इन्द्रमायाले स्वनिर्णयको फलस्वरूप दुःख पाएको सम्झनेहरू यस उपन्यासले पनि 'नारीहरूले परम्परागत सामाजिक आदर्शसँग विद्रोह गरे भने यसरी नै दुःख पाउँछन्' भन्ने नकारात्मक सन्देश दिएको ठान्छन् भने उसले सुख पाएको सम्झनेहरू यसबाट 'नारीले विचलित नभईकन र जीविकोपार्जनका कष्टहरूसँग नदबीकन नवीन जीवनको प्राप्तिका निम्ति सङ्घर्ष गरे भने सुपरिणति अवश्यै प्राप्त हुन्छ' भन्ने सन्देश प्रवाहित भएको भेट्दछन्।

नवीन जीवनको आग्रह भनेको परम्परागत प्राप्तिलाई अप्राप्तिका रूपमा लिनु हो। यसैले ती परम्परागत प्राप्तिले बाहिरी सुख दिएकै भए तापनि अस्तित्वप्रेमीले तिनलाई विनाहिच्किचाहट त्याग्न सक्नुपर्छ भन्ने सन्देश पनि यस उपन्यासबाट प्राप्त भएको छ। इन्द्रमायाले अस्तित्वको जगेर्नाकै निम्ति पुरातनतालाई त्यागेर नवीनताका पक्षमा उभिँदा पर्याप्त दुःख झेले तापनि नवीनताप्रतिको उसको आस्थामा विचलन आएको छैन। यसै अर्थको सन्देश प्रवाहका निम्ति दृष्टान्तका रूपमा इन्द्रमायाको जीवनकथालाई प्रस्तुत गरिएको छ।

प्रस्तुत उपन्यासबाट आफ्नो जीवनको निर्णय आफै लिन साहस गर्ने व्यक्तिले त्यसबाट प्राप्त हुने जस्तोसुकै परिणतिलाई पनि खुसीसाथ वरण गर्नुपर्छ भन्ने अर्को सन्देश पनि प्राप्त भएको छ। दुःख आफ्नो कर्मबाट प्राप्त हुने परिणाममा नभएर आफ्नै मनमा रहेको हुन्छ। माइतमा हुँदा झेल्नु नपरेको छाकको समस्या इन्द्रमायाले पीताम्बर जेल परेपछि झेल्नुपर्‍यो तर त्यसबाट आत्तिएर ऊ माइतीका शरणमा गइन, खबरसम्म मात्र पठाई। पीताम्बरसँग बस्दा उसलाई भोजन र वस्त्रको समस्या नहुने कुरा उसले बुझेकी थिई तापनि उसले त्यतिकै लागि स्वाभिमानको लिलामी स्विकार्न सकिन र आफ्नो थोरै शिक्षाका आधारमा कर्मक्षेत्रमा हेलिई। श्रीमान् जेलमा भएका बखतमा रमेशबाट गर्भवती भएपछि उसले न त आत्महत्याको पहल गरी न त छोरी जन्मनासाथ त्यसको परित्याग नै गरी। बरु त्यसमा उसले आफ्नो माता बन्न सक्ने योग्यता प्रमाणित भएको र मातृत्वको गौरव प्राप्त भएको सुखबोध गरी। आफ्ना निर्णयमा उसले थप अभाव र दुःख झेल्दै जानु परे तापनि त्यसका निम्ति उसले कसैप्रति गुनासो पालिन र

कसैलाई दोष पनि लगाइन। बस्, यही हो सुख र सुखको मुहान भन्ने कुरालाई इन्द्रमायाले भलिभाँती बुझेकी थिई। नारीले कुण्ठारहित जीवन बाँच्न पाउनका लागि सङ्घर्ष गर्नु अत्यावश्यक छ तर नारीका क्रान्तिकारी कदमलाई परिवार एवं समाजले साथ नदिने कुरा पनि निश्चित छ र त्यस परिस्थितिले पुनः उसमा कुण्ठा नै उम्रने अवश्यम्भाविता पनि छँदैछ। यति भएर पनि नारीले सङ्घर्ष गर्नु र त्यसपश्चात् जेजस्तो परिणति प्राप्त भए तापनि त्यसलाई खुसीसाथ वरण गर्नुमा नै उसको कल्याण निहित छ भन्नु नै यस उपन्यासबाट प्राप्त हुने सर्वोपरि सन्देश हो। परिवार र समाजले उसका निर्णयका लागि उसलाई जतिसुकै दुत्कारे तापनि ऊ भने आफ्ना निर्णय र तिनका प्राप्तिमा निमग्न बनेकी देखाएर उपन्यासमा नारी जीवनको नवीन मूल्यको स्थापना गर्ने प्रयत्न भएको छ र त्यस्तो जीवनादर्शप्रतिको आह्वान अर्को सन्देश हो।

## ५.५.६ प्रमुख नारी चरित्र

**तीन घुम्ती** उपन्यासमा मूल रूपमा उपन्यासको प्रकाशन काल (वि.सं.२०२५) ताका टुङ्गिने र सोभन्दा अघिको वि.सं. १९९६-२०२५ का अवधिको (इन्द्रमायाको विवाहभन्दा अगाडिको १६ वर्षका घटनाक्रमको उल्लेख नभई १६ वर्षको उमेरमा पीताम्बरसँग सहजीवन प्रारम्भ गर्ने सन्दर्भभन्दा पछिदेखिका घटनाक्रम मात्र प्रस्तुत भएका छन्।) तीन दशक जतिको राणा कालीन र पञ्चायतकालीन समयको सम्पूर्णतः काठमाडौं उपत्यकाको नेपाली समाजको खासगरी मध्यम र निम्न वर्गीय नेवार तथा ब्राम्हण परिवारको त्यतिखेर विद्यमान पारिवारिक र सामाजिक नारी जीवनलाई नै तिनका विशेषतासहित अग्रगामी पाइलाको पहिचानसहित प्रस्तुत गरिएको छ। पितृसत्तात्मक व्यवस्थामा समाज भनेकै पुरुष भन्ने बुझिने हुनाले नारी जीवनकै पनि हरेक उकालीओरालीमा पुरुषको भूमिका महत्त्वपूर्ण रहिआएको हुन्छ। यस उपन्यासका हरेक घटनाक्रमको केन्द्रीयता नारीपरक भए तापनि नारीलाई निर्णायक क्षणमा पुऱ्याउने कार्य भने पुरुषबाटै भएको छ। नारीलाई महत्त्वका साथ प्रस्तुत गर्दै मूलतः परम्परानुगत र थोरै मात्र नवोन्मेषशील (त्यो पनि नारीबाहेकका सन्दर्भमा मात्र) त्यस समाजमा नारी अस्तित्व पुरुष अस्तित्वकै केन्द्रीयतामा जीवित रहने परिपाटीका विरुद्ध नारी आफ्नै केन्द्रीयतामा पनि सञ्चालित हुनसक्छे, पुरुष अस्तित्वको परिधिभन्दा बाहिर छुट्टै आफ्नो अस्तित्वलाई जीवित राख्न सक्छे जसरी आजसम्म नारी पुरुषका निम्ति सहायकका रूपमा मात्र सीमित थिई त्यसैगरी पुरुष अस्तित्व पनि उसका निम्ति सर्वस्व नभएर एउटा सहायक सन्दर्भ मात्र हो भन्ने भाव सम्प्रेषित गर्नुलाई नै यस उपन्यासको यथार्थका रूपमा लिनुपर्ने हुन्छ।

प्रस्तुत उपन्यासका नारी चरित्रको घरभित्र र बाहिर दुवैतिर दोहोरो भूमिका रहेको देखिन्छ यद्यपि तत्कालीन समाजको वैशिष्ट्य अनुरूप नारीको संसार भनेको घरभित्रको संसार नै हो। तत्कालीन सामन्ती समाज व्यवस्थामा नारीहरूले घरबाहिर सक्रिय हुनु एक ढङ्गले अपराधजस्तै ठानिए तापनि ग्रामीण समाजका तुलनामा केही बढी खुला रहेको काठमाडौंली समाजका सीमित नारीहरूले शिक्षार्जनको अवसर पाउँथे र साथीहरू मिलेर एकअर्काका घरमा जाने तथा सिनेमा हेर्न जाने छुट पाउँथे। इन्द्रमाया यिनै दुई छुटको उपभोग गर्दै हुर्केकी हो जसले विवाहपश्चात् विशुद्ध

शिक्षित गृहिणीको भूमिका निर्वाह गरे तापनि जीवनमा आएका विविध घटनाक्रमले उसको घरभित्र सीमित संसार रोजगारीका क्रममा फराकिएको छ र घरायसी जिम्मेवारीबाट छुटकारा पाउने अवस्थाको प्राप्तिलाई उसको आर्थिक हैसियतले बाधित गरेको छ। यस उपन्यासकी प्रमुख नारी चरित्र इन्द्रमायाका माध्यमले घरबाहिरको संसारतर्फको अग्रसारिताले नारीको जिम्मेवारी थपिएको र दुवैतर्फ कर्तव्य बाँडिने संस्कृतिको प्रारम्भ भएको कुरा देखाइएको छ।

उक्त उपन्यासमा मूल रूपमा तीन पुस्ताका नारी चरित्रहरू उपस्थित छन् : युवती- इन्द्रमाया (पहिलेकी), उसका साथीहरू, रमा, उसका साथीहरू, पसले बूढीकी नातिनी; प्रौढा– इन्द्रमायाकी आमा, पछिल्लो चरणकी इन्द्रमाया, वृद्धा– पसले बूढी। यस उपन्यासकी उल्लेखनीय नारी चरित्र भनेको इन्द्रमाया मात्रै हो। अरू सबै नारीहरू गौण भूमिकामा प्रस्तुत भएका छन्। यस उपन्यासमा इन्द्रमाया पुत्री, पत्नी, प्रेमिका र माता गरी चारवटा पारिवारिक भूमिका र निम्नवित्तीय कर्मचारीको गैरपारिवारिक भूमिकामा आएकी छ। आफ्ना साहसिक निर्णयहरूले लगभग समाजच्युतजस्तै भएकी इन्द्रमायाको खासै सामाजिक चहलपहल पनि देखिँदैन। इन्द्रमायाकै जीवनको ३० वर्ष लामो अवधिमा व्याप्त बनेको यस उपन्यासकी इन्द्रमाया प्रारम्भमा नवयुवतीका रूपमा देखा परेकी छ र उपन्यासका अन्त्यमा ऊ प्रौढामा परिणत भइसकेकी छ तथा उसको पूर्वरूप उसकै छोरी रमाले प्राप्त गरेकी छ। उसको जीवन एउटा थान्कोमा पुगेको र उसकी छोरीको जीवनारम्भ भएको देखाएर दोहोरिँदै जाने इतिहासको क्रमलाई प्रस्तुत गरिएको छ।

वर्गीय आर्थिक कोणबाट हेर्दा **तीन घुम्ती** उपन्यासमा मध्यम र निम्न दुई आर्थिक वर्गका नारी पात्रहरू रहेका भेटिन्छन्। इन्द्रमायाकी आमा, बहिनी, उसका साथीहरू सबै मध्यवित्तीय परिवारका छन्। इन्द्रमाया स्वेच्छाले निम्नवित्तीय आर्थिक अवस्थामा झरी र यो पीताम्बरसँगको वैवाहिक जीवनको प्राप्ति हो। रमेशसँगको सम्बन्धको लगभग डेढ वर्षको अवधिमा उसले उपभोग गरेको उच्चमध्यम वर्गीय आर्थिक सुविधा अस्थायी मात्र थियो। पीताम्बरबाट छोरी लिएर छुट्टिएपछि उसले व्यतित गरेको जीवनको हैसियत पनि निम्न वर्गीय नै हो। नारीको छुट्टै आर्थिक हैसियत नहुने सामाजिक संरचनामा पनि यस उपन्यासमा इन्द्रमाया र पसले बूढीको स्वतन्त्र आर्थिक हैसियत रहेको छ। पसले बूढीले बाध्यताका रूपमा र इन्द्रमायाले आर्थिक परनिर्भरता स्विकार्न नचाहेर उनीहरू स्वतन्त्र आर्थिक हैसियतमा अवतीर्ण भएका हुन्। यस उपन्यासमा परोक्ष चर्चाका क्रममा पीताम्बरकी कान्छी श्रीमती र रमेशकी श्रीमती आएका छन् जसको कुनै स्वतन्त्र व्यक्तित्व छैन। यस उपन्यासमा धेरै नारी चरित्रको उपस्थिति दिनुभन्दा एउटै नारीको चारित्रिक भूमिकालाई गहनतासाथ पर्गेल्नुलाई बढी महत्त्व दिइएको छ र यहाँको विशेष उल्लेखनीय नारी पात्र भनेको इन्द्रमाया मात्रै हो।

इन्द्रमाया प्रस्तुत उपन्यासकी केन्द्रीय नारी चरित्र हो। सिङ्गो उपन्यासको विषयवस्तु उसकै वरिपरि घुमेको छ। उपन्यासका बाँकी अरू सबै नारी र नरपात्रहरू उसकै चरित्रलाई प्रष्ट्याउने भूमिकामा मात्र प्रस्तुत भएका छन्। उसका बाबुआमाको प्रस्तुति उसको विद्रोही भावनालाई प्रकट गराउने सहायकका रूपमा भएको छ भने पीताम्बरको प्रस्तुति इन्द्रमायाको नवोन्मेषशील

जीवनदृष्टिलाई बाधित गरेर चर्को रूपमा भड्काउने सन्दर्भमा भएको छ र रमेशको प्रस्तुति इन्द्रमायाको सतीत्वको किल्ला भत्काउने तथा त्यसलाई नवीन ढङ्गले परिभाषित गर्नका लागि वातावरण तयार गर्ने सन्दर्भमा भएको छ। यी सबैले इन्द्रमायाको परम्पराभिन्न विद्रोही नारी चरित्रको स्थापनार्थ सहयोग पुऱ्याएका छन्।

इन्द्रमाया हरतरहले स्वाधीन प्रवृत्तिकी दृढनिश्चयी नारी चरित्र हो। इन्द्रमाया अनुशासनहीन नारी नभए तापनि उसले आफूले अनुसरण गर्ने अनुशासनको परम्पराभिन्न परिभाषा निर्माण गरी त्यसैअनुरूप आफ्नो जीवन-सञ्चालन गरेकाले तत्कालीन काठमाडौंली आम नेपाली नारीका जीवनशैलीका सापेक्षतामा उसको जीवनशैली अनुशासनहीन ठहरिन पुगेको हो। समाजले उसलाई पुरुषभिन्न लैङ्गिक अनुशासनले बाँध्न खोज्यो तर उसले नारी भएर भन्दा पनि मनुष्य भएर सोची र सग्लो मानव भएर बाँच्न चाही। मानव-मानवका बिचको लैङ्गिक विभेद र विभेदपूर्ण अनुशासनको लक्ष्मणरेखालाई उसले महत्त्व दिइन। त्यसैले नै हो पीताम्बरले अन्य नारीसँगको आफ्नो सम्बन्धलाई लिएको जसरी नै उसले रमेशसँगको सम्बन्धलाई सहज रूपमा लिन सकेको। बरु रमेशले चाहिँ पितृसत्तात्मक समाजको पुरुष भएर पनि इन्द्रमायासँगको सम्बन्धलाई सहज रूपले लिन सकेन।

इन्द्रमाया बालककालदेखि नै विद्रोही भएको कुराको सङ्केत उपन्यासमा कतै पनि भएको छैन। उसले आफ्नो जीवनमा लिएको प्रथम निर्णय नै विद्रोह सावित हुन पुगे तापनि उसले उक्त निर्णय विद्रोहका आशयले लिएको नभई त्यो अबोध कैशोर्यको प्रतिफल थियो। पीताम्बर र उसका बिचमा दोहोरो प्रेमसम्बन्ध रहेको पनि थिएन र विवाहकै स्थितिसम्म उनीहरूको सोच झ्याङ्गिने सम्भावना त झन् हुने कुरा नै भएन। बस्, पीताम्बरका सान्निध्यमा ऊ रमाउँथी भन्ने कुरालाई निम्नलिखित उद्धरणले स्पष्ट गरेको छ -

> पीताम्बर उसलाई अरू युवकभन्दा राम्रो पनि लाग्दथ्यो- अग्लो, सिनित्त परेको, छरितो। र, एकदिन उसले भनेकी थिई- 'तिमीसँग सिनेमा जाँदा मलाई रमाइलो लाग्छ। अरूसँग उति रमाइलो हुन्न' (पृ. २-३)।

घरमा उसको विवाहको कुरा चल्नासाथ अचानक उसका हृदयमा विवाहसँग पीताम्बरको सम्झना टाँसिन पुग्यो। आमासँग पीताम्बरसँग विवाह गर्छु भन्नु बालिकाजन्य सरलता नै थियो (पृ.४)। उसका आमाबाबुबाट त्यस कुराको विरोध भएपछि भने उसका अन्तरमा निहित पीताम्बरप्रतिको प्रेम भावनाले अड्डी लिन थाल्यो। उसले आमासँग भनी- "तर म अरू कसैसँग पनि सुखी हुन सक्तिनँ" (पृ.३) र ऊ आफ्नो अन्तरात्माको यसै अभिव्यक्तिमा दृढ रही। यसपश्चात् उसले सोची- "आमाबाबुको संसार जसमा अहिलेसम्म ऊ सास फेरिरहेकी थिई, त्यो त बिरानो मुलुक पो रहेछ" (पृ.३)। उसले आफ्नो मनको आवाजका अगाडि परम्परागत पारिवारिक-सामाजिक आदर्शलाई नगण्य ठहऱ्याई र पीताम्बरलाई समेत चकित पारेर ऊ त्यस घरमा दुलही भएर भित्रिई। मनको आवाजलाई मस्तिष्कले नियन्त्रण नगरी जीवन चलाउने परिपाटी उसले यहींबाट सुरु गरी र उसको यस पहिचानमा कहिल्यै परिवर्तन देखा परेन।

तत्कालीन नेपाली काठमाडौंली परम्पराका अनुकूल नभएका उसका चाहनालाई न त समाजले स्विकार्न सक्थ्यो न त ऊ नै समाजको चाहनाको अनुकूल चल्न सक्थी । यहीँदेखि उसको विद्रोही परिचय स्थापित हुनपुग्यो ।

इन्द्रमाया धनसम्पत्तिलाई महत्त्व दिन्न, अन्यथा विपन्न पीताम्बर (पृ.४) लाई रोजेर त्यही विपन्नता भोग्न अग्रसर हुने थिइन । बाबुआमाका इच्छा अनुसार विवाह गरेकी भए उसले खानलगाउनकै निम्ति दुःख भोल्नुपर्ने थिएन । पीताम्बर वास्तवमै विपन्न थियो । ऊ जेल परेपछि इन्द्रमायाले जे भेटिन्छ त्यही खाएर सन्तोष गर्दा पनि सात दिनभन्दा बढी निर्वाह हुन सकेन । त्यसपछि सास धान्नकै निम्ति समेत उसले कानको मुन्द्रीसमेत बेच्न लैजानु पऱ्यो तैपनि उसले पीताम्बरको गरिबीलाई सरापिन । सम्पन्न रमेश उसलाई त्यस्तै दुर्दिनमा काम लागेको थियो तापनि उसको सम्पत्ति देखेर इन्द्रमाया उसँग नजिकिएकी थिइन । पछि पीताम्बरले उसलाई छोरी त्यागे आफूसँग राख्ने बताउँदा ऊ त्यसमा राजी भइन । पीताम्बरसँग बसेकी भए रोजीरोटीको समस्या उसैले टार्थ्यो, इन्द्रमायाले सङ्घर्ष गर्नुपर्ने थिएन तापनि स्वाभिमान बन्धक राख्न ऊ अग्रसर भइन । उसका लागि मनको चाहना नै सम्पत्तिभन्दा माथि रह्यो र उसले त्यसैको जगेर्नामा नै स्वाभिमानको रक्षा हुने ठानी ।

इन्द्रमायाको चारित्रिक स्वरूप सङ्क्रमणशील किसिमको रहेको छ । ऊ एकातर्फ जीवनका नवोन्मेषशील निर्णयहरूलाई अगाडि सार्छे भने अर्कातिर परम्परागत गृहिणी धर्मको पालना पनि उत्तिकै मनोयोगका साथ गर्छे । त्यस्ता परम्पराविरोधी निर्णय लिनसक्ने इन्द्रमायाले यथावत् परम्परागत जिम्मेवारी त्रुटिहीन पाराले सम्हालेको देखाइनु त्यति सुहाउँदो देखिँदैन । पीताम्बरका घरमा भित्रिएको भोलिपल्टैदेखि ऊ गृहिणीका रूपमा अवतीर्ण हुँदै गई (पृ.११) । निम्नलिखित उद्धरणले उसको गृहिणी स्वरूपको पहिचानलाई प्रस्तुत गरेको छ-

> पीताम्बरका सबै सानातिना आवश्यकता उपर ऊ आफ्नो दृष्टि पुऱ्याउँदथी र उसले आवश्यकताको अनुभव गर्नुभन्दा पहिला नै ती पूरा भइसकेका हुन्थे । उसको खानपिनको, लुगाफाटाको र अन्य सब प्रकारका सुविधाको इन्द्रमाया सतर्कतापूर्वक विचार गर्दथी (पृ.१३) ।

पीताम्बरका साथीहरू घरमा जम्मा हुँदा चिया पकाएर खुवाउने काम पनि सधैं ऊ नै गर्छे, पीताम्बरले चियासम्म पनि पकाएको देखिँदैन (पृ. १६-१७) । शिक्षित भएर पनि इन्द्रमाया घरभित्रै सीमित बनेर बसेकी छ र त्यो फुर्सदले उसलाई प्रायः चिमोट्ने गर्छ (पृ. २१) । पीताम्बरलाई मुखहात धुन पानी तताउनेदेखि भातभान्सा तयार गर्ने, खाइसकेपछि भान्साको सारा काम भ्याउने आदि सबै इन्द्रमाया कुशलतापूर्वक गर्दछे (पृ. २२) । रमेश जेलबाट छुटेर आएका दिन पनि ऊ अत्यन्त कुशल गृहिणीमा अवतरित भएकी छ (पृ.३९) । "मैले पाकेको भोजनलाई चुल्होबाट भिकें र धोतीको टुप्पोले मुख पुछ्दै भनें, 'म पनि भट्ट नुहाएर आइपुग्छु" (पृ.४०) भन्ने इन्द्रमायाको अभिव्यक्तिले उसको भान्साको चित्र र उसकै गृहिणीत्वको परिपक्वतालाई परिलक्षित गरेको छ । उसलाई गृहस्थीकर्ममा अत्यन्त रुचि पनि छ र ऊ पीताम्बरप्रतिको प्रेमलाई गृहस्थीकर्मकै

माध्यमले प्रकट गर्न चाहन्छे भन्ने कुरा उसले पीताम्बरलाई अचार-तरकारी बनाएर दिनदिनै जेलमा पठाउने कुरा रमेशसँग प्रस्तावित गरेबाट छर्लङ्गिन्छ (पृ.४२)। रमेश जेलबाट आएयता इन्द्रमाया रमेश र पीताम्बरप्रतिको जिम्मेवारी निर्वाहका क्रममा गृहस्थीकर्ममा चुर्लुम्म डुबेकी छ, उसलाई फुर्सद छँदैछैन (पृ.४२)। साँझपख अलि व्यस्तता घटे पनि फेरि रातिको भाँडाकुँडा सफा गरी नसकिञ्जेल बिहानको व्यस्तता फेरि दोहोरिन्थ्यो (पृ.४३)। रमेशका आचरणगत धृष्टताबाट जोगिनका लागि पनि इन्द्रमायालाई भान्साको कामले सहयोग पुऱ्याउँथ्यो (पृ.४४)। यति भएर पनि गृहस्थीकर्ममा यति धेरै डुबेर पनि उसलाई आफूले सफलतापूर्वक गृहिणीधर्म निर्वाह गर्न सकिनँ भन्ने ग्लानिले छोप्ने गर्छ (पृ.४७) र ऊ दिनपरदिन बढीभन्दा बढी गृहिणीधर्म पालन गर्न अग्रसर बन्दछे।

चारित्रिक सङ्क्रमणशीलताले गर्दा उसका सोचाइ र अभिव्यक्तिमा पुरुषवादी चेतनाले पकड जमाएको देखिन्छ। ऊ नारीका बारेमा पुरुषकै दृष्टिकोणबाट अभिव्यक्ति दिन्छे। ऊ भन्छे, “त्यो मेरो कुनै ठूलो साहस थिएन पीता, नारीसुलभ हठ र नारीसुलभ प्रेम थियो त्यो” (पृ.१४)। नारीको हठ र नारीको प्रेम भनेर त्यसलाई पुरुषभिन्न ढङ्गले परिभाषित गर्नु पितृसत्तात्मक समाजकै वैशिष्ट्य हो र इन्द्रमायाले पनि त्यही बोली दोहोऱ्याएर नारीका बारेमा उसको आफ्नै मौलिक सोच नभएको कुराकै पुष्टि गरेकी छ। पुरुषस्वभाव र नारी स्वभावलाई अर्थ्याउने क्रममा पनि ऊ पुरुष दृष्टिकोणबाटै किचिएकी भेटिन्छे (पृ.१८)। नारीको श्रीमान्प्रतिको प्रेम ईर्ष्यारहित र एकोहोरो उत्सर्गमय हुनुपर्छ भन्ने उसको सोचमा पनि त्यही पुरुष दृष्टिकोण नै प्रकट भएको छ (पृ.१९)।

इन्द्रमायाका तीनवटा निर्णयलाई हेर्दा ऊ नितान्त परम्पराविरोधी नारी चरित्रका रूपमा देखा परेकी छ तापनि तिनै निर्णयभन्दा बाहेकका बाँकी सम्पूर्ण कुरामा भने ऊ परम्परावादी नै देखिएकी छ। उसमा धार्मिक भावना पनि प्रचूर रहेको छ। ऊ भाग्यवादी दृष्टिकोण राख्छे र आफ्ना दुर्दिनमा एक्कासि रमेश प्रकट हुनुलाई देवता प्रकट भएझैं ठान्छे (पृ.३५)। धार्मिक भावना भएको मानिसले मात्र सहयोगीलाई देवताका रूपमा लिन्छ। ऊ आफूलाई हिन्दू नारीको संज्ञा दिएर पनि त्यही धार्मिक भावनाकै परिचय दिन पुग्छे (पृ.३६)। रमेशसँगको दैहिक सम्बन्धपश्चात् ऊ आफूमा उम्रिएको विषादलाई मेटाउन दिनदिनै पशुपतिमा नुहाउन र दर्शन गर्न जान थाल्छे (पृ.५२)। आफ्ना अन्तरमा निहित यही धार्मिक भावनाले गर्दा ऊ रमेशसँगको सम्बन्धमा पापबोध गर्छे र त्यसैको कटनीका निम्ति आफू नित्य पशुपति जाने गरेको विश्लेषण प्रस्तुत गर्छे। इन्द्रमाया प्रेममा कायादानको अनिवार्यता पनि देख्छे (पृ.५५) र साथै पापबोध पनि गर्छे। इन्द्रमाया यही दोहोरो दृष्टिकोणका चापप्रतिचापमा पेलिएकी छ। गैरधार्मिक आचरण पनि अँगाल्नु र धार्मिक चित्तवृत्तिका पछि पनि कुद्नु उसमा निहित धर्मभीरुताकै परिणाम हो।

इन्द्रमाया रमेशसँगको सम्बन्धमा पापबोध त गर्छे तर साथसाथै ऊ त्यसमा निमग्न पनि छ। रमेशको एकोहोरो करकापले मात्र ऊ यस सम्बन्धतर्फ तानिएकी होइन। रमेशप्रति ऊ पहिल्यैदेखि आकर्षित छ र पीताम्बर जेल पर्नु अघिसम्म त्यो सम्बन्ध अपरिभाषित थियो। रमेशकै पहलले त्यो परिभाषित बन्न पुग्यो र उनीहरू प्रेमी-प्रेमिकामा रूपान्तरित हुन पुगे। उनीहरूको सम्बन्ध प्रारम्भ भएपछिको पहिलो बिहान “शरीरले न्यानो आनन्दको भोग गरिरहेको उसलाई

लाग्यो । जीउ हलुका भएको थियो, मानौ कुनै ठूलो बोझ मिल्काएर ऊ रातभरि कतै बिसाइरहेकी थिई" (पृ.५१) । त्यसपछि पनि प्रत्येक बिहान उठ्दा उसलाई जीवन सार्थक हुँदैछ जस्तो लाग्थ्यो (पृ.५३) । रमेशसँगको सम्बन्धमा निमग्न भएर ऊ सोच्छे, "रमेशसँगको निर्बाध रमाइलो सहवासमा मैले सुख पाइनँ भनेर म कसरी भनूँ ?" (पृ.५४) । उसको यही रसमग्नताले उक्त सम्बन्धलाई वेश्याचरण हुनबाट जोगाएको छ, किनभने प्रेमविना रसमग्नता सम्भव छैन र वेश्याचरणमा प्रेम सम्भव हुँदैन । पीताम्बर स्वयंले पनि इन्द्रमायाले रुपियाँ-पैसाको खाँचो परेर रमेशसँग त्यस किसिमको सम्बन्ध राखेकी हो भनेर (पृ.७४) उनीहरूको सम्बन्धलाई वेश्याचरणका कोटिमा झारेको छ तापनि इन्द्रमायाको दृष्टिकोण भने परम्पराभिन्न किसिमको छ । ऊ लोकाचार पार्दिन, आफूलाई ठीक लागेका बाटामा निर्धक्क भएर हिंड्छे । रमेशसँगको सम्बन्धबाट गर्भवती भएर पनि ऊ पीताम्बरप्रति अनुरक्त छ जुन कुरा समाजले स्विकार्दैन र स्वयं पीताम्बरैले पनि स्विकारेको छैन । इन्द्रमाया विद्रोही स्वभावकी छ । रमेशसँग सहवास गर्नासाथ लोकका नजरमा उसको अघिल्लो वैवाहिक सम्बन्ध समाप्त भयो तर ऊ यो मान्दिन (पृ. ७२-७३) । नैतिकता समाजको कुरा हो र त्यो आडम्बरी हुन्छ । समाज मान्छे नैतिक रह्यो कि रहेन भन्दा पनि नैतिक देखियो कि देखिएन भन्ने कुरासँग सरोकार राख्छ तर इन्द्रमायालाई यस्तो लोकाचार मन पर्दैन । यसैले ऊ कसले के भन्छ भनेर चासो नै राख्दिन ।

इन्द्रमाया खुला स्वभावकी छ । त्यति भएर पनि यदाकदा उसलाई कुरालाई मनमै गुम्स्याउनुपर्ने बाध्यता पनि आइपर्छ । पहिलेदेखि नै अर्थ लाग्न नसकेको रमेशप्रतिको आफ्नो भावनाको अर्थ लागिसकेर पनि र उसँग आफू अनुरक्त भइसक्दा पनि ऊ त्यस कुरालाई मनमै गुम्स्याइराख्छे, रमेशका अगाडि आफूले व्यक्त नगर्ने मात्र होइन उसले व्यक्त गरिसक्दा पनि ऊ त्यसलाई स्विकार्न हिच्किचाउँछे (पृ.४४) । यो उसको चरित्रमा देखिएको परम्परागत नैतिक संस्कारकै प्रभाव हो जसलाई समाजको पितृसत्तात्मक संरचनाले बलियो बनाएको छ । रमेशले उक्त सम्बन्धलाई स्पष्ट अर्थ दिन खोज्दा ऊ "तर सर नभन । तिमीले कता लैजान आँटेका छौ कुन्नि मलाई र आफूलाई पनि" (पृ.४८) भनेर इन्द्रमाया अन्जानमा नै नैतिकताको परम्परागत बन्धनलाई स्विकारिरहेकी छ जुन उसको विद्रोही रूपमा स्थापित हुन खोज्ने चरित्रको अपरिपक्वता नै हो ।

इन्द्रमायाको चरित्र सङ्क्रमणशील छ । पुरातन नैतिक मूल्यमान्यताका कोणबाट ऊ विस्थापित बनिसकेकी छ भने नवीन नैतिक मूल्यमान्यताका कोणबाट स्थापित हुन सकेकी छैन । यसका लागि उसमा निहित संस्कार बाधक बनेको छ । पुरातन नैतिकतालाई नियतिवादले सर्वाधिक बलियो संरक्षण प्रदान गरेको छ र नियतिको बन्धनलाई इन्द्रमायाले विनाहिच्किचाहट स्विकारेकी छ । नियतिवादको जरो नकाटीकन सामाजिक विद्रोह सम्भव हुँदैन । यसैले उसको विद्रोह सामाजिक बन्न नसकी व्यक्तिगत स्वेच्छाचारितामा सीमित बन्न पुगेको छ । नियतिवादले इन्द्रमायालाई विद्रोहका मार्गमा पनि स्थापित हुनबाट बञ्चित गरी उल्टै उसको महत्तालाई खस्काएको छ । त्यस्ता साहसिक निर्णय लिइसकेपछि त्यसको जिम्मेवारी पनि उसले नियतिका थाप्लामा नथोपरेर आफ्नै काँधमा बोक्न सक्नुपर्थ्यो । युवावस्थाकी इन्द्रमायाले जे सोची र जे गरी

त्यसले उसलाई एउटा छुट्टै स्थापना प्रदान गरेको हो तापनि प्रौढा इन्द्रमायाको नियतिवादी सोचले उक्त स्थापनालाई विस्थापित गरिदिएको छ। प्रौढा इन्द्रमाया सोच्छे-"जुन कुरालाई उसले तन्नेरी अवस्थाको अहङ्कार या 'मेरो आफ्नो स्वयंको निर्णय हो' भनेकी थिई सायद त्यो स्वेच्छाले गरेको निर्णय थिएन। ... उसले निर्णय लिएको भनेको नियतिले कोरेको बाटोमा हिंडेको हो" (पृ.२५)। उसको यस सोचाइले उसको जीवनको अस्तित्वको सारका रूपमा रहेका तीनवटा निर्णयलाई केवल 'यौवनको जोश र उमङ्ग' मा सीमित गरिदिएको छ। आफ्नो दोस्रो निर्णयलाई उसले नियतिको निर्देशन मानेकी थिई भने तेस्रो निर्णयलाई ईश्वरको खटन मानी। ऊ भन्छे, "हे परमपिता परमेश्वर' किन तिमीले मेरो यत्रो भीषण अग्निपरीक्षा लियौ, किन श्रीमान् र पुत्री दुवैलाई आफूसँगै राख्न नसक्ने पारेर जन्मायौं मलाई ? किन मैले त्यत्रो भीषण निर्णय लिन बाध्य हुनुपऱ्यो ?" (पृ.२९)। यसरी प्रौढा इन्द्रमायाले ईश्वर र नियतिका नाममा आफ्नै अस्तित्वमाथि प्रश्नचिन्ह लगाएकी छ। बार्धक्यमा पुगेपछि नियतिको आड लिए तापनि त्यो संस्कार उसमा त्यसबखत मात्र उद्‌बुद्ध भएको होइन। ऊ पशुपति जानु नियतिवादमाथिको आस्थाकै प्रकटीकरण थियो भने रमेशसँगको सम्बन्धपश्चात् उसमा एकैचोटि जागृत हुने गरेका सुख र विषादका भावना (पृ. ५२, ५३, ५४, ५६) ले उसको दृष्टिकोणमा रहेको द्विविधाकै परिचय दिएको छ।

इन्द्रमाया वैवाहिक आदर्शप्रति आस्थाशील नारी हो। यसैले ऊ वैवाहिक जीवनको अखण्डितता रुचाउँछे। रमेशसँगको सम्बन्धलाई ऊ आफ्नो व्यक्तिगत स्वार्थका रूपमा लिन्छे र जेलका चार पर्खालभित्र बन्दी बनेको पीताम्बरप्रति अरू बढी कर्तव्यबोध गर्छे। इन्द्रमाया घरमै बसेर गर्न सकिने पीताम्बरको सीमान्त सेवा गर्छे। घरमा आफूले जे जस्तो खाए पनि उसलाई मीठो-मीठो खानेकुरा पकाएर पुऱ्याउन पठाउँछे, मैला लुगा ल्याएर धोइदिन्छे र सफा लुगा पठाइदिन्छे, नयाँ-नयाँ लगाउने सामानहरू किनिदिन्छे, मयलपोश सुरुवाल सिलाउन लगाउँछे। यतिसम्म कि आफू रमेशबाट गर्भवती हुँदासमेत पीताम्बर र आफ्नो संयुक्त जिम्मेवारीलाई आफू एक्लैले पूरा गरेको ठानेर मक्ख पर्छे। विवाहित नारीका हृदयमा भएको परपुरुषको सुमधुर प्रवेशलाई ऊ पत्नीको पूर्णाङ्ग सुन्दरतामा लागेको खोट सम्झन्छे (पृ.१९)। "किन श्रीमान् र पुत्री दुवैलाई, आफूसँगै राख्न नसक्ने पारेर जन्मायौं मलाई ?" (पृ. २९) भन्ने इन्द्रमायाको उच्छ्वासपूर्ण अभिव्यक्तिले पनि वैवाहिक जीवन आस्थालाई नै झल्काउँछ। रमेशसँग हरेक किसिमको सम्बन्धमा बाँधिइसकेपछि पनि ऊ पीताम्बरप्रति उत्तिकै मात्र नभई अझ बढी समर्पित भएकी छ। "घर आएर उसले बडो आयोजनाका साथ पीताम्बरका लागि खानेकुरा पकाई। भँडारबाट ठूलो किस्ती झिकेर त्यसैमा राम्ररी खानेकुरा सजाई। जेलका उसका साथीहरूले पनि हेरून् कि पीताम्बरको घरमा एउटी श्रद्धावती नारी उसलाई पर्खेर बसेकी छ" (पृ.५६)। उसका यी सब काम र भावनामा कर्तव्य मात्र नभई प्रेमसमेत झल्किएको देखिन्छ। रमेशसँग प्रेममा आकण्ठ डुबेर पनि ऊ "हे पशुपतिनाथ ! पीताम्बरलाई चाँडै मनजिकै पारिदेऊ।" (पृ. ५६) भनेर प्रार्थना गर्छे। रमेशसँगको सम्बन्ध अस्थायी हो, पूरा जीवन त पीताम्बरसँगै बिताउनुपर्छ भन्ने कुरामा ऊ स्पष्ट छ र रमेशसँगको सुखबोधमा ऊ कतै पनि पीताम्बर र उसको स्मृतिलाई बाधाका रूपमा लिन्न। बरु

इन्द्रमायाको पीताम्बरप्रतिको समर्पण देखेर रमेशचाहिँ खिन्नताबोध गर्छ (पृ.३८)। इन्द्रमाया रमेशसँग आफ्ना भावना नलुकाईकन भन्छे-

> उदास त छु, तर के आनन्द पनि छैन र ? सुख पूरा पाइरहेकी छु तर के वेदना पनि छैन र मनमा ? हेर रमेश, तिमीले मलाई पुरुषले दिने प्रेम दियौ, मैले पनि नारीले पाउने सुख पाएँ। तर के मेरो अन्तरात्माले यो कहिले पनि बिर्सन सक्छ कि म यत्रो सुखमा पनि एउटी बिछुडिएकी नारी हुँ, मेरा आफ्ना- मेरा पीताम्बरबाट ? (पृ.५६)।

ऊ रमेशसँग आफ्ना कुनै पनि भावना लुकाउन चाहन्न। ऊ अझ स्पष्ट ढङ्गले भन्छे -

> मेरो आजको स्थितिमा मेरा स्वामी जब जेलमा छन्-यत्रो ठूलो सुख मलाई सह्य हुने थिएन यदि यो अस्थायी हो भन्ने मलाई विश्वास नभएको भए। आखिर म दिनरात पर्खेर बसेकी छु पीताम्बर छुट्लान्, उनी कहिले यो आफ्नो घरमा आउलान् भनेर (पृ.५७)।

अब यहींतिर उसको सतीत्वका बारेको प्रश्न उठ्छ र यहींनिर उसको अस्तित्वको प्रश्न पनि उठ्दछ। ऊ नरनारी सम्बन्धलाई अलि बेग्लै ढङ्गले सोच्छे र यहींनिर नै उसको आम नारीको भन्दा फरक व्यक्तित्व अस्तित्ववान् बन्न पुगेको छ। पितृसत्तात्मक नेपाली समाजले निर्देशित गरेको सतीत्वको आचरणलाई ऊ पछ्याउँदिन। उसले गरेको विद्रोह मूलरूपमा यही सतीत्वको प्रश्नसँग सम्बन्धित छ। सतीत्व शरीरसँग सम्बन्धित कुरा हो र मन चाहिँ बाँडेर शरीर मात्र अविभाज्य राख्दैमा श्रीमान्प्रति इमानदार रहेको ठहरिँदैन भन्ने उसको दृष्टिकोण रहेको छ। प्रेमशून्य शरीरदानलाई ऊ वेश्याचरण नै ठान्दछे जसलाई ऊ न त रमेशका सन्दर्भमा स्विकार्न सक्छे न त पीताम्बरका सन्दर्भमा (पृ.५०)। ऊ मानिसको चोखोपन शरीरमा नभएर भावनामा सुरक्षित रहने कुरालाई यसरी व्यक्त गर्छे-“पापबोध किन ? के शरीरदान भयो भनेर ? तर के शरीर दान दिनुभन्दा पहिला अरू यावत् कुरा मैले रमेशलाई दिइसकेकी थिइनँ र ? केवल शरीर दिइनँ भन्दैमा आफूलाई चोखी भनेर किन सम्झिनु ?” (पृ.५४)। उसका धारणामा प्रेमका अगाडि शरीर साधारण कुरा हो। ऊ त्यसै साधारण कुराका माध्यमले मातृत्व हासिल गरेपश्चात् श्रीमान्प्रतिको प्रेमले पूर्णता पाएको ठान्छे (पृ.७३) तर उसको यो सोचले नेपाली परम्परा र पीताम्बरसँग मेल खाँदैन। फलस्वरूप परम्पराभिन्न सोच पाल्ने इन्द्रमाया चाहिँ प्रताडित हुन पुग्दछे।

मानिसको यौनसम्बन्ध समाजद्वारा नियन्त्रित हुनुहुँदैन भन्ने उसको स्पष्ट धारणा छ। त्यति मात्र होइन श्रीमान्ले समेत पनि पत्नीको यौन स्वतन्त्रतालाई नियन्त्रित गर्नुहुँदैन जसरी उसले श्रीमान्को अन्य नारीसँगको यौन सम्बन्धलाई नियन्त्रित गरेकी छैन भन्ने उसको दृष्टिकोण छ। आफ्नो र रमेशको सम्बन्धलाई लिएर पीताम्बरले बारम्बार प्रश्न उठाउन थालेपछि इन्द्रमाया श्रीमान्सँग यसरी छिचोलेर कुरा राख्दछे जसरी कुनै पनि तत्कालीन नारी आफूलाई व्यक्त गर्न सक्दिन। इन्द्रमायाको दृष्टिकोण पत्नीको यौन सम्बन्धमाथिको श्रीमान्को हस्तक्षेपले आफ्नो दाम्पत्य जीवन चिसिन गएको हो भन्ने छ। ऊ भन्छे-

> एउटा कुरा नबुझेर हाम्रो सम्बन्धमा यो कठिनता प्रायः एकदम नै असम्भवता उपस्थित हुन गएको हो । त्यो के भने-मेरो सतीत्व तिम्रो खाँचोको विषय नै होइन, पटक्कै होइन, त्यो त मेरो विषय पो हो, मेरो आस्थासँग सम्बन्ध राख्ने सती या असती जे हुन्छु त्यो म पो हुन्छु, त्यसकारण म सती भएँ वा असती भएँ भन्ने कुरा त मैले निर्णय दिने कुरा पो हो । तिम्रो वास्ता त मेरो प्रेमसँग मात्र हुने होइन त पीताम्बर ? (पृ.८०) ।

इन्द्रमायाको यो अभिव्यक्ति उसका चरित्रको चुरो हो र यो उपन्यासको पनि चुरो हो । वास्तवमा इन्द्रमायाको चरित्र र यस उपन्यासको निर्माण नै उक्त दृष्टिकोणको व्याख्या र विश्लेषणका निम्ति भएको हो । यससँग असम्बन्धित सन्दर्भ यस उपन्यासमा एउटा पनि आएको छैन । पुरुषको यौनगत चरित्र प्रश्न र टिप्पणीको तहभन्दा माथि रहनु तर नारीको भने सधैं तिनैका घेराभित्र आबद्ध रहनु असमान सामाजिक न्याय हो र इन्द्रमायाले आफ्नो आचरण एवं शब्दद्वारा यही असमान स्थितिप्रति प्रश्न उठाएकी छ । इन्द्रमायाले पनि नारीको सतीत्व माथिको नियन्त्रण पुरुष स्वार्थद्वारा अभिप्रेरित रहेको तथ्यबोध गरेकी छ । यस उपन्यासको यसै सारबिन्दुमा देखा परेको इन्द्रमायाको लैङ्गिक सचेतताले उसलाई नारीवादी चरित्रका रूपमा परिचित गराएको छ । उसले कतै पनि नारी भन्ने शब्दको झण्डा उठाएर नारी अधिकारको दावी गरेकी छैन । बरु स्वयं नै नारी शब्द भएर उभिएकी छ र आफ्नो त्यसै शब्दशरीरकै परिपार्श्वमा व्यक्तिगत अधिकार र स्वतन्त्रताको दावा गरेकी छ जुन स्वतः नारीको लैङ्गिक अधिकारको दाबी हुन पुगेको छ । लैङ्गिक विषमताका विरुद्धको सङ्घर्ष नै यस उपन्यासको मूल द्वन्द्व हो । श्रीमान् र श्रीमतीका बिचको यौनजन्य एकनिष्ठतालाई भङ्ग गरेका आफ्ना कैंयन् उदाहरण हुँदाहुँदै पनि पीताम्बर इन्द्रमायाले गरेको एकनिष्ठता माथिको एउटै अतिक्रमणलाई पनि सहन सक्दैन । त्यस अतिक्रमणमार्फत प्राप्त सन्तानको परित्याग गर्न लगाएर ऊ त्यसलाई इन्द्रमायाको प्रायश्चित्तका रूपमा लिएर स्वयंलाई सान्त्वना दिने प्रयत्न गर्दछ तापनि इन्द्रमायाको अविचलित अस्तित्वबोधले आफूलाई पीताम्बरका आग्रहका कुहिरोले छोप्न रुचाउँदैन ।

इन्द्रमायाको चारित्रिक बुनोटले नै उसका हरेक क्रियाकलापले लैङ्गिक समानताको माग गरिराखेको स्पष्ट हुन्छ तापनि त्यो यौनजन्य सन्दर्भमा मात्र सीमित छ । बाँकी परम्परागत लैङ्गिक कार्य विभाजनलाई भने उसले यथावत् स्विकारेकी छ । यस अर्थमा उसको लैङ्गिक विद्रोह यौन स्वतन्त्रतासँग मात्र सम्बन्धित देखिन्छ । इन्द्रमायाको अस्तित्वबोध नारीको यौन व्यवहारको उन्मुक्तताका पक्षमा मात्र सचेत देखिएको छ । यौन उन्मुक्तताले मात्र नारी सम्पूर्ण रूपमा मुक्त हुन सक्तिन भन्ने तथ्यबोध उसलाई नभएकै देखिन्छ । यौन सन्दर्भको सङ्घर्ष नै उसका निम्ति सम्पूर्ण नारीमुक्ति युद्ध बन्न पुगेको छ ।

वास्तवमा इन्द्रमायाको चारित्रिक बुनोट विसङ्गत देखिन्छ । सतीत्वको परम्परागत डोरीलाई चुँडाल्नु, त्यसलाई नवीन ढङ्गको परिभाषा दिनु, रहस्यमय बनिरहेका नारी जीवनका यौन सन्दर्भलाई उदङ्ग्याउनु, मातृत्वप्राप्तिका निम्ति दाम्पत्य जीवनभन्दा बाहिरको यौन सम्बन्ध पनि समाजस्वीकार्य हुनुपर्ने ठहऱ्याउनु, इतर व्यक्तिलाई मनले प्रेम गरेर पनि शरीरदान नगरिञ्जेल आफू पवित्र रहेको भ्रमपूर्ण धारणाको विरोध गरी नरनारीको दैहिक सम्बन्धलाई असाधारण ठान्ने

परम्पराका विरुद्ध उभिनुजस्ता उसका कार्यलाई नवयुगको प्रतिनिधि एवं नवोन्मेषशील मान्न सकिन्छ तापनि यसरी यौनका सन्दर्भमा अग्रगामी दृष्टिकोण अघि सारी त्यसलाई व्यवहारमा समेत लागू गर्ने इन्द्रमायाले समाजका अन्य असमान लैङ्गिक आदर्शलाई भने जस्ताको तस्तै स्विकार्नुले उसको चरित्र विसङ्गत देखिएको छ। उसको दृष्टिकोण नवोन्मेषशील हो भने जीवनका यावत् परिदृश्यमा त्यो व्यापक बन्न सक्नुपर्थ्यो। उसको स्वभाव विद्रोही हो भने जीवनका अरू सन्दर्भलाई पनि त्यसले समेट्न सक्नुपर्थ्यो। ऊ पीताम्बरका साथीहरूबाट बहसका क्रममा नारी समुदायमाथि आक्षेप आउँदा (पृ.१२) पनि त्यसको कडा प्रतिवाद गर्दिन। सबै पुरुषमण्डली राजनीतिक बहस र कार्य योजनामा व्यस्त बन्दछन् तर ऊ भने तिनका खानपान-सुखसुविधाको ख्यालमा स्वयंलाई निमग्न बनाउँछे र ती जिम्मेवारीबाट उब्रेको समयमा मात्र आफूलाई बहस-छलफलमा सहभागी बनाउँछे। उसले स्वयंलाई सहधर्मिणीका रूपमा नभएर पीताम्बरकी सेविकाका रूपमा स्थापित गरेकी छ र त्यसमा ऊ प्रसन्न पनि छ। पीताम्बरका घरव्यवहारमा भित्रिएपछि नारीत्वको पार्थक्यको सूक्ष्मबोध उसलाई भयो र त्यसप्रति उसले कहिल्यै असन्तुष्टि व्यक्त गरिन (पृ.१३), यौनगत सन्दर्भमा बाहेक। उसले आफ्नो कार्यतत्परताले कुनै पुरुष (रमेश/पीताम्बर)लाई पनि टीकाटिप्पणीको अवसर दिएकी छैन। बरु उसलाई पुतलीजस्तै चिटिक्क देख्ने रमेशको चाहनालाई पनि उसले पीताम्बरको यसै सन्दर्भको अभाव पक्षसँग तुलना गर्दै खुसीसाथ वरण गरेकी छ र यसले इन्द्रमायाको शारीरिक आकर्षणमै आफ्ना जीवनको महत्तालाई सीमित गर्ने उसको सोचको परिचय दिएको छ (पृ.४१)। इन्द्रमायाको चारित्रिक बुनोटमार्फत जीवनको समग्रतालाई यौनजन्य सन्दर्भमा सीमित गर्न खोजेको छ।

इन्द्रमायाका चरित्रमा देखिएको एउटा आधारभूत विसङ्गति नै उसको दुःखको कारक बनेको देखिन्छ। पीताम्बरको चरित्र र दृष्टिकोणलाई राम्रोसँग बुझेर पनि त्यस बुझाइलाई विस्मृत गरिदिनु र आफ्नैजस्तो दृष्टिकोणको अपेक्षा पीताम्बरबाट गर्नु उसको चारित्रिक त्रुटि हो। उसकै उपस्थितिमा आफ्ना साथीहरूद्वारा इन्द्रमाया दिदी-बहिनी-भाउज्यू-छोरीजस्ता साइनामा सम्मानित हुनुलाई नै असह्य ठान्ने र ईर्ष्या व्यक्त गर्ने (पृ.१६) पीताम्बरबाट अर्कैको गर्भाधानबाट गर्भवती भएकी इन्द्रमायाले आफू र आफ्नो सन्तानका निम्ति प्रेमाकाङ्क्षा सँगाल्नु सुल्टो कुरा अवश्यै होइन। अस्पताल र घरमा समेत पनि आफू र अझ खासगरी छोरी पीताम्बरबाट तिरस्कृत भएकोमा दुःख मान्नु इन्द्रमायाकै चारित्रिक कमजोरी हो। इन्द्रमाया आफ्नो श्रीमान्‌बाट अपेक्षै गर्न नसकिने कुरा अपेक्षा गरेर व्यर्थै दुःखी भएकी हो, किनभने पीताम्बरको चरित्र उसले त्यस्तो अपेक्षा गर्न सक्ने खालकै छैन। आफ्ना चारित्रिक प्रस्तुतिका अतिरिक्त उसले एकाध स्थानमा लैङ्गिक सचेतताका कुरा पनि व्यक्त नगरेकी होइन। आफैले पीताम्बरसँगको सहजीवनका निम्ति प्रथम पाइला चालेकामा गौरवान्वित हुँदै ऊ भन्छे, "प्रेममा पहिलो पाइलो नारीले त चाल्नुपर्छ नि ! र जीवनपर्यन्त यो प्रथम चालले स्थापित गरेको सम्बन्धमा नारीले नै अगुवा भइरहनु पर्छ, प्रकृति हो यो, यस्तै छ नारी-स्वभाव" (पृ.१४)। लैङ्गिक कार्य विभाजनप्रति खासै असन्तुष्टि नरहे तापनि विपरीतलिङ्गीको जीवनस्थिति प्रतिको पुरुषको संवेदनहीनताप्रति भने इन्द्रमाया असन्तुष्ट देखिन्छे र यसलाई नारी समुदायगत सचेतता नै मान्नुपर्छ। ऊ भन्छे, "तिमी पुरुषहरूलाई बाहिरको

काम रहन्छ, व्यस्त रहन्छौ तिमीहरू- त्यस उसले घरको शून्य कस्तो विरक्तिलाग्दो हुन्छ बुझ्दैनौ" (पृ.२३) ।

उपर्युक्त उपन्यासमा पहिल्याइएका नारीतत्त्वका दुई पक्ष छन्- प्रियातत्त्व र मातृतत्त्व । उसले प्रियातत्त्व समाजसँग सङ्घर्ष गरेर प्राप्त गरी । पीताम्बरका घरमा उसको अकस्मात्को आगमन त्यही प्रियातत्त्वको वरण थियो । समाज एवं पीताम्बर स्वयंका दृष्टिमा ऊ पत्नी बने तापनि उसले पत्नी हुनुका सम्पूर्ण परम्परागत कर्तव्य पूरा गरेर पनि उसले आफूलाई प्रियाका स्थानमै राख्न रुचाई । पत्नीत्व सामाजिक आदर्शले एउटा सीमित रेखाभित्र कल्पना गरेको नारीत्वको सम्बन्ध हो जुन संस्कृति भएर समग्र नेपाली नारीमाथि लादिएको छ । इन्द्रमायामाथि पनि यो लादिएको त छ तर उसले आफूलाई यसभित्र अटाउन सकेकी छैन । ऊ प्रेमलाई त्यसकै नैसर्गिक मूल्यबोधमा स्विकार्छे जसका अगाडि सामाजिक मर्यादा तुच्छ सावित भएको छ । एउटी विवाहित नारीले प्रियातत्त्व पत्नीतत्त्वभित्र अटाउन नसकेको महसुस गर्नु, विवाहित भएर पनि परपुरुषसँग प्रेम सम्बन्धमा गाँसिनु, त्यसबाट प्राप्त सन्तानबाट मातृत्वको रक्षा भएको ठान्नु इन्द्रमायाले गरेको प्रेमको अतिरिक्त परिभाषा हो । ऊ प्रेमको वैवाहिक र विवाहेतर गरी दुईथरि अस्तित्वलाई स्विकार्छे- पीताम्बर र रमेशसँगको प्रेम सम्बन्धका माध्यमले । ऊ वैवाहिक प्रेमको आयु जीवनपर्यन्त र विवाहेतर प्रेमको आयु सावधिक हुने ठान्छे (पृ.५७) । उसले रमेशसँग प्रेमसम्बन्ध गाँसेको जिन्दगी बिताउनलाई नभएर पीताम्बरको अनुपस्थितिले ओइलाउन लागेको प्रेमलाई ताजा पारिराख्नलाई हो भन्ने उसको दृष्टिकोण आफू गर्भवती भएपछि उसले व्यग्रतासाथ पीताम्बरको आगमनको प्रतीक्षा गरेबाट झल्कन्छ (पृ.५६) । वास्तवमा रमेशसँगको प्रेम अस्थायी भएर नै उसले त्यसलाई सहन गर्न सकेको देखिन्छ (पृ.५८) ।

प्रेम र यौनका सम्बन्धमा पनि इन्द्रमायाको आफ्नै दृष्टिकोण छ जसअनुसार प्रेम बद्लिइरहन सक्छ तर श्रीमान् एउटै हुन्छ । यौन सम्बन्ध कायम गर्नासाथ त्यो पुरुष श्रीमान् हुन सक्दैन । यसैले ऊ पीताम्बरलाई छाडेर रमेशसँग घरजम गर्न जान्न (पृ.७९) । इन्द्रमाया प्रेमको आडम्वरहीन नैसर्गिक मूल्यको खोजी गर्छे । इन्द्रमाया यौन व्यक्तिको निजी जैविक आवश्यकताको विषय भएको हुँदा समाजको मर्यादासँग जोडियो भने यसबाट मानिसमा मनोवैज्ञानिक विघटन पैदा हुन्छ भन्ने फ्रायडीय धारणा (शर्मा, २०५३ : ८१) को संवाहक बनेकी छ । प्रियातत्त्वहीन श्रीमान् र श्रीमतीको सम्बन्धलाई एक ढङ्गले ऊ वेश्याचरणको संज्ञा दिन्छे । प्रेमले प्रेमपात्रको असल-खराबको छ्यानविचार गरिराख्दैन र छोरीलाई बाधक मान्ने पीताम्बरबाट उसले चाहेको जस्तो प्रेमको अपेक्षा पूर्ण हुन सक्दैन भन्ने उसको दृष्टिकोण रहेको छ (पृ.७९) । इन्द्रमायाको सोचाइ आफ्नो अस्तित्व स्विकार्न नसक्ने श्रीमान् प्रेमी हुनसक्दैन र त्यस्तो श्रीमान्सँग बस्नु परान्नभोजी दासीमा परिणत हुनु हो भन्ने छ (पृ.७८) जसलाई उसले श्रीमान् र घरको परित्यागद्वारा व्यवहारमा समेत परिणत गराएकी छ ।

इन्द्रमायाको व्यक्तित्वको अर्को पाटो हो मातृत्व जसलाई उसले पीताम्बरसँगको सम्बन्धबाट प्राप्त गर्न नसकेपछि त्यसलाई रमेशसँगको सम्बन्धमार्फत प्राप्त गरेकी छ र ऊ सामाजिक मर्यादाको पालन नगर्ने व्यक्ति भएकाले नै उसलाई यसबाट गौरवबोध हुन सकेको हो । "धरतीको

सार्थकता बाली उमार्नुमा नै निहित छ, कसको बाली ? भन्ने प्रश्न उमार्ने कार्यका तुलनामा गौण हो । नारीत्त्वको पूर्ण सार्थकता सन्तान जन्माउन सक्नामा छ, चाहे त्यो सन्तान जोसुकै पुरुषको किन नहोस्" (पृ.४२) । गर्भाधान गर्ने पुरुष को हो भन्नु पुरुषको चाहिँ सरोकार र स्वार्थको विषय हो, नारीको होइन । यसैले गर्भवती भएपछि ऊ रमाइलो मान्छे (पृ.६२) र यो भनाइमा उसको नारीवादी चेत प्रकट भएको छ । अन्यथा तत्कालीन सामाजिक परिस्थितिमा उसले रमाइलो मान्न सक्ने आधार नै हुँदैन ।

मातृत्वको प्रथम आभासले नै ऊ पुलकित बनी (पृ.५५) । आफू गर्भवती भएको कुरो डाक्टरबाट सुनेपछि सडकमा आएर उसले चुनौतीको स्वरमा भनेकी थिई- 'बुझ्यौ ! अब म माता !' (पृ.६२) । उसले बच्चाको चाहना पोख्दा पीताम्बरले उसकै बन्ध्यापनको लाञ्छना लगाउँदा (पृ.२३) उसका मनमा उम्रिएको ग्लानि बल्ल यो समाचारले मेटियो । माता र पत्नी हुनुमा पूर्ण सन्तुष्ट छ इन्द्रमाया- उसकी छोरी जन्मिएकै दिनमा पीताम्बर पनि जेलबाट छुटेको खबर पाएर (पृ.६६) । नर्सले बारम्बार 'राम्री छोरी !' भने तापनि उसको मातृत्व छोरीको राम्री हुनु र नराम्री हुनुको विवेचनाभन्दा धेरै माथि उठेको थियो । त्यतिखेर उसका मानसमा पूर्ण परितृप्तिको, सन्तोषको र आफ्नो सार्थकताको भावना मात्र जागृत भएको थियो (पृ.६७) तर पीताम्बरले जब "इन्द्रमायाको मातृरचनाको आयोजनलाई आग्रहहीन रिक्त दृष्टिपात गर्छ त्यसबेला ऊ तिरस्कारको हृदयभेदी अनुभव गर्छे" (पृ.७०) । जब जब पीताम्बरबाट छोरीको मर्यादामाथि आघात पुगेको ठान्छे तब तब ऊ आफ्नो मातृत्व विचलित भएको अनुभव गर्छे र पीताम्बरलाई असंयत भएर तीखो उत्तर दिन्छे (पृ.७२) । इन्द्रमाया आमा हुनेबित्तिकै नारीका जीवनको रमाइलो सकिने र सन्तानका हरेक क्रियाकलापमा गाढा सुखको अनुभूति हुने ठान्छे (पृ.७५) । त्यति मात्र होइन, इन्द्रमायालाई मातृअनुभवले नारीलाई प्रेम गर्न जान्ने बनाउँछ भन्ने पनि लाग्छ (पृ.७६) । यसर्थ नारीका जीवनमा मातृत्व पूर्णतातर्फको आह्वान पनि हो । प्रियातत्त्व र मातृत्व दुवै उत्तिकै प्रिय रहेकी इन्द्रमायालाई उपर्युक्त दुई कुरामध्ये एउटा मात्र रोज्न पाउने बाध्यता आइपर्दा उसले आफ्नो नारीतत्त्व खण्डित हुन लागेको अनुभव गरेकी थिई (पृ.८१) र मातृत्वको रक्षाका पक्षमा निर्णय लिएकी थई (पृ.८५) ।

इन्द्रमायाको चरित्रको चुरो भनेको उसको अस्तित्ववादी चेत नै हो जुन उसकै दृष्टिकोणमा विरोधाभास हुँदाहुँदै पनि प्रकाशित भएको छ । उसले आफ्ना जीवनमा लिएका तीन महत्त्वपूर्ण निर्णयको परिणामस्वरूप उसका जीवनमा तीनवटा घुम्तीहरू आविर्भूत भए । अघिल्ला दुई निर्णयले उसले प्रियातत्त्वको संरक्षण गरेकी थिई भने अन्तिम निर्णयले प्रियातत्त्वको बाध्यतापूर्वक परित्याग गरी मातृत्त्वको संरक्षण गरेकी थिई । प्रत्येक निर्णय लिने बखतमा उसले पर्याप्त कठिनताबोध गरी । यस बोधको अर्थ हो- उसले आफ्नो जीवनलाई पुरुषकेन्द्री दृष्टिकोणबाट मुक्त गर्ने प्रयत्न गर्नु र नारीकेन्द्री दृष्टिकोण अनुसार सञ्चालन गर्न खोज्नु । यहीं उसको अस्तित्ववादी चेतना प्रकट भएको छ र त्यसैका गर्भमा आएको छ नारीको लैङ्गिक चेतना पनि । हद दर्जाको लैङ्गिक विषमता भएको मुलुककी नारीले गरेको विद्रोह स्वाभाविक रूपमा नै नारी समस्यासँग सम्बन्धित हुन्छ र त्यसले नारीवादी स्वरूप पनि पाएको हुनसक्छ । यस उपन्यासको विद्रोही चरित्र

नारी भएकाले र ऊ समाजको परम्परागत आदर्शका विरोधी आचरण अँगाल्ने भएकाले उसको विचारले आफ्ना तीनवटा निर्णयका सेरोफेरोमा पुरुष केन्द्रीयतालाई भङ्ग गरेकाले उसका प्रेम, पत्नीत्व, मातृत्व, सतीत्वजस्ता सन्दर्भका चर्चाहरू नारीवादी सचेतताले युक्त लाग्छन् । खासगरी उसको सतीत्वसम्बन्धी तर्कवितर्कले नारीवादी विचारको उचाइ छुन पुगेको देखिन्छ ।

इन्द्रमायाको विचार मूल रूपमा नारी आन्दोलनजनित नभएर अकुण्ठित मनुष्यत्वका निम्तिको पहल हो । उसले नारी भएर भन्दा पनि मान्छे भएर सोचेकी छ र व्यक्तिगत स्वतन्त्रता प्राप्तिका निम्ति एवं व्यक्तिगत मनोकाङ्क्षा पूर्तिका निम्ति विद्रोह गरेकी छ । उसले प्रेम, सतीत्व, मातृत्वजस्ता सन्दर्भमा परम्परावादी दृष्टिकोणको विरोध गरेकी छ जुन विरोधमा नारी अस्मिताजन्य भावना सहज रूपमा प्रकट हुन पुगेको छ । अकुण्ठित मनुष्यताको पहल नारीबाट भएकाले त्यो अलि भिन्न अर्थात् पुरुषले गर्ने पहलभन्दा केही मात्रामा फरक देखियो र त्यहींनिरको उसको अस्तित्वबोध नारीपरक भएर देखापर्‍यो । यसरी यस उपन्यासमा नारीपक्षीय चेतना देखापर्‍यो जसलाई नारीवादी चेतना पनि भन्न सकिन्छ । नारीका जीवनका सन्दर्भलाई पुरुषस्वार्थको पृष्ठपोषण गर्ने कोणबाट नभएर नारीकेन्द्री कोणबाट नियाल्दा प्रकट हुने भाव नै नारीवादी चेतना हुने भएकाले इन्द्रमायाको चरित्र उसका जीवनका सम्पूर्णतामा नभए तापनि ती तीनवटा निर्णयका सन्दर्भमा भने नारीवादी चेतयुक्त नै देखिएको छ । पितृसत्तात्मक दृष्टिकोणबाट हेर्दा इन्द्रमाया अन्ततः दण्डित भएको देखिन्छ किनभने ऊ आफै जान्ने भएर निस्किएकाले श्रीमान्को जिम्मेवारीसमेत थपिएकाले ऊ थप दुःखी भएकी छ तर नारीवादी कोणबाट हेर्दा भने ऊ पुरस्कृत भएको देखिन्छ किनभने स्वाभिमान रक्षाका लागि उसले जस्तासुकै अभाव र कष्ट पनि झेलेकी छ र उसको मातृत्वले एउटा सफल परिणति प्राप्त गरेको छ । छोरी रमाको नवजीवनारम्भ हुनु इन्द्रमाया पुरस्कृत हुनु हो । तत्कालीन सामाजिक-आर्थिक-सांस्कृतिक परिस्थितिमा नारीले स्वअस्तित्वको जगेर्ना गर्नका निम्ति सङ्घर्ष गर्नु भनेको स्वयंलाई झन् बढी पीडित तुल्याउनु हो भन्ने कुरा बुझेरै इन्द्रमाया त्यसतर्फ प्रवृत्त भएकी छ र एकपछि अर्को निर्णय लिँदै गएकी छ । तिनै निर्णयले नै आफ्नो जीवनलाई विशिष्टता प्रदान गरेको सम्झने ऊ यस अर्थमा ४५ वर्षको प्रौढावस्थामा आइपुगेर पूर्वजीवनको मूल्याङ्कन गर्दा पश्चातापरहित देखिएकी छ जुन उसले प्राप्त गरेको पुरस्कार नै हो । उसले स्वयंलाई आम नेपाली नारीभन्दा विशिष्ट बनाउन सक्नु नै उसको चरित्रको वरण्यता हो । जम्माजम्मीमा इन्द्रमाया स्थिर, अचल नारी चरित्र हो जसलाई परम्परागत सामाजिक दृष्टिकोणबाट अधीर र अनादर्श मानिन्छ तापनि नवीन नारीवादी दृष्टिकोणले भने धीर र आदर्श मानिन्छ ।

### ५.५.७ नारी-नारीका बिचको सम्बन्ध

प्रस्तुत उपन्यासमा एउटै मात्र स्थानगत केन्द्र काठमाडौंको पारिवारिक घेराभित्रकी एउटी नारीको जीवन परिवेशलाई उभ्याइएको छ जसमा नारीहरू एक अर्कासँग त्यति सघन रूपमा स्पर्शित हुनुपर्ने परिस्थितिको सिर्जना नै भएको छैन । यस उपन्यासमा सङ्ख्यात्मक दृष्टिले साह्रै न्यून नारीहरू एक अर्कासँग साह्रै झिनो रूपमा स्पर्शित छन् र यो स्पर्श दुःखद् रहेको छैन ।

उपन्यासमा मूल रूपमा नारी र नरका बिचका सम्बन्धलाई उल्लेखनीय रूपमा प्रस्तुत गरिएको छ। नारी-नारीका बिचको सम्बन्धलाई केलाउनु यस उपन्यासको उद्देश्यभित्र समेटिँदैन जसले गर्दा पारिवारिक-सामाजिक सम्बन्धभित्रका नारीहरूको चरित्रसमेत प्रस्तुत हुन सकेको छैन। अर्थात् इन्द्रमाया एकजना नै नारी उपस्थितिका निम्ति पर्याप्त मानिएकी छ।

**तीन घुम्ती** उपन्यासमा नारीका बाल, किशोर, युवा, प्रौढ र वृद्ध पुस्ता गरी पाँच तह देखिएका छन् र तीमध्ये पारिवारिक मेरुदण्ड बनेका युवा पुस्ताको अर्थपूर्ण उपस्थिति रहेको छ। उपन्यासका प्रारम्भमा देखिएको युवा पुस्ता (इन्द्रमाया) उपन्यासका अन्त्यमा प्रौढ पुस्तामा पुगेको छ। त्यस्तै उपन्यासका उत्तर-मध्यतिर देखिएको बाल पुस्ता (रमा) उपन्यासका अन्त्यमा युवा पुस्तामा रूपान्तरित भएको छ। यस उपन्यासमा एउटै उमेरमा मात्र देखिएका केही नारी पनि छन्। जस्तो -इन्द्रमायाकी आमा प्रौढावस्थामा मात्र देखा परी, पसले बूढी वृद्धावस्थामा र उसकी नातिनी किशोरावस्थामा। यस उपन्यासमा प्रस्तुत भएका सबै नारी प्रमुख नारी चरित्र इन्द्रमायाका प्रयोजनका निमित्त उसको केन्द्रीयतामा आएका छन्। अन्यथा तिनको उपस्थितिको कुनै अर्थ छैन।

इन्द्रमायाको युवाकाल माइत र घर दुवैतर्फ विभाजित छ। उसको विद्रोही चरित्रको सुरुआत र जीवनको पहिलो घुम्ती अकस्मात् माइतबाटै सुरु भयो र त्यसै घुम्तीले उसको सम्बन्ध माइततर्फ विच्छेद हुन पुगी पीताम्बरको घरमा स्थापित हुन पुगेको छ। यस उपन्यासमा यसै बिन्दुमा प्रथम पटक दुई नारीका बिचको सम्बन्ध प्रकट हुन पुगेको छ र इन्द्रमायाको विवाहको सन्दर्भ त्यसको माध्यम बनेको छ। पीताम्वरसँग विवाह गर्ने इन्द्रमायाको आकाङ्क्षामा उसकी आमा पहिलो बाधा बनेर देखा परेकी छ, किनभने यहाँ इन्द्रमायाले पीताम्बरप्रतिको दृष्टिकोण पनि आमालाई नै सुनाएकी छ र त्यस सम्बन्धको विरोध पनि आमाबाटै भएको छ तापनि यो बाहिर देखिन गएको सत्य मात्र हो। यथार्थमा त उसकी आमाले आफ्ना श्रीमान्को दृष्टिकोण छोरीसम्म ओसारिदिएकी मात्र हो। तत्कालीन समय-परिस्थितिमा छोरीसँग उसका विवाहको कुरा आमाले नै गर्नुथ्र्यो र छोरीले पनि यस सम्बन्धमा आमासँग मात्र त्यो पनि धक मानी-मानी कुरा गर्न सक्थी। समाज र परिवारको सत्ता बाबुले नै सम्हालेको थियो। उसैले नै इन्द्रमायाको विवाहको कुरा चलाएको र पत्नीमार्फत पीताम्बरको कुरा सुनेपछि छोरीलाई सामाजिक नियम र मर्यादाको रक्षाखातिर घरबाहिरको संसारबाट वियुक्त गराएको पनि हो। राजनीतिक ढङ्गले पनि पीताम्बरसँगको सम्बन्ध बाधक छ भन्ने कुरा "कुनै छक्का-पञ्जा नजान्ने र अहिले त छोरीका प्रति उत्पन्न ममताले झन् सोझी भएकी आमाले" (पृ.७) बुझ्न सकिन। बस्, छोरीले पीर मानेको देख्दा उल्टै उसको मन अमिलो हुन्थ्यो र भन्थी, "छोरी, किन यस्तो गरेकी ? कुनै कुरामा पनि तँ रमाइलो मान्दिनस्। एक्लै कोठामा बसिरहन्छेस्, भात पनि राम्ररी खान्नस्" (पृ.६)। आमाले हृदयभरिको ममता पोखेर भनेका यी कुराको जवाफ इन्द्रमायाले के दिन सक्थी र ! "आफ्ना ठूल्ठूला आँखालाई आमातिर पल्टाई र आमालाई आफ्नो कपाल सुम्सुम्याउन दिइरही" (पृ.६)। इन्द्रमायाको पनि आमासँग कुनै द्वेष थिएन, अन्यथा उसले आफ्ना हृदयभरिका पीडालाई सोहोरेर थुपारेका आँखा आमालाई किन देखाउनु ? तथा किन आफ्नो कपाल सुम्सुम्याउन दिइरहनु।

उसले आमाको निरीहतालाई बुझेकी थिई । इन्द्रमाया सुटुक्क पीताम्बरकहाँ आएर उसले आमाप्रति द्वेष प्रदर्शन गरेकी नभएर आफ्नो जिन्दगीको निर्णय आफै गरेकी मात्र हो जुन निर्णयले उसलाई उसकी ममतामयी आमाबाट अलग्यायो । उसको बाबुलाई सामाजिक मर्यादाको मात्र माया थियो, छोरीको होइन । यसैले उसले इन्द्रमायाले स्वेच्छाले पीताम्बरको साहचर्य वरण गरेपछि सजिलैसँग "मेरा लागि इन्द्रमाया मरिसकी" (पृ. ११) भन्न सक्यो तर आमालाई भने सामाजिक मर्यादाको भन्दा छोरीकै माया थियो तापनि नारी जीवनको निरीहता र पराधीनतावश ऊ आफ्नो मायाको पीडालाई उदाङ्गो गरेर देखाउन पाउँदिनथी । इन्द्रमाया आफ्नी आमालाई यसरी स्नेहपूर्वक सम्झना गर्छे -"आमा भने आँसु चुहाउनु हुन्थ्यो रे, बाको डरले कुनामा बसेर नदेख्ने गरी । कहिले लुकाएर धाईआमाको हात खानेलाउने कुराका पोकाहरू र रूपैयाँ-पैसा पनि पठाइदिनु हुन्थ्यो" (पृ. ११) । इन्द्रमाया र उसकी आमाको सम्बन्ध आम नेपाली आमाछोरीको झैं सौहार्द्र रहेको भेटिन्छ र यसको कारण पितृसत्तात्मक समाजका उत्पीडित समुदायको सामूहिक संवेदना हो ।

इन्द्रमायाले छोरीकै कारणले तेस्रो कठोर निर्णय लिनुपऱ्यो र बेघर भएर रोजीरोटीका निम्ति सङ्घर्ष गर्नुपऱ्यो तापनि यी सब छोरीले आफै अग्रसर भएर दिएको नभई उसले पुत्रीस्नेह र मर्यादा रक्षाका खातिर स्वयंले ग्रहण गरेका कुरा हुन् । समाज र पीताम्बर स्वयंका दृष्टिमा छोरी रमा रमेशको अवैध गर्भाधानबाट जन्मिएकीले त्याज्य ठहरिई तर उक्त गर्भाधानमार्फत आफ्नो मातृत्वको रक्षा भएकाले इन्द्रमायाका निम्ति अत्याज्य ठहरिई । इन्द्रमायाको दृष्टिकोण वास्तवमा वीर्य जोसुकैको होस् आमालाई के चासो ! आमाको महत्ता त माता हुनसक्नु र पाउनुमा छ भन्ने छ । उसको छोरीप्रति हरेक आमाको जस्तो स्वाभाविक माया त छँदैछ । त्यसका अतिरिक्त समाजभीरु पीताम्बरले छोरीको चरम उपेक्षा गरेकाले (पृ.७०-८१) इन्द्रमाया यसरी छोरीको मर्यादारक्षाको जिम्मेवारीसमेत थपिएको अनुभव गर्छे –

> उसलाई लाग्थ्यो कि छोरी नभएकी भए जीवनमा अब उसको कुनै भविष्य बाँकी रहन जाने थिएन जतातिर ऊ उत्सुकतासँग उन्मुख हुन सकोस् । त्यसकारण एकातिर विरक्तिले गर्दा र अर्कातिर छोरीको मर्यादाका लागि ऊ कहिले असंयत भएर तीखो उत्तर दिन्थी (पृ. ७२) ।

उसले छोरीलाई कहिल्यै पनि बोझका रूपमा लिइन । छोरी रमाको पनि बालककालदेखि नै ऊ यसरी केन्द्रीय आस्थापुञ्ज बनेकी छ –

> ऊ आफ्नी आमालाई छाडेर एकछिन पनि बस्न मान्दिनथी । पीताम्बरको सामुन्ने पर्नासाथ ऊ कहालिएर रुन लाग्थी । उसको स्वास्थ्य पनि राम्रो थिएन । यसप्रकार इन्द्रमाया र रमा आपसमा मात्र केन्द्रित भएर एउटाले अर्काको आश्रयमा आश्वासित भएर, त्यो घरबाट मानो अलगजस्तो भएर रहन लागेका थिए । इन्द्रमाया दिनभरि कोठा थुनेर छोरीसँग बस्न लागी । आमाको सान्निध्यमा आश्वस्त भएर छोरी या सुतिरहन्थी या रमाइलो मानेर कोठामा खेल्ने गर्थी (पृ.८१) ।

इन्द्रमायाले आफूले अनेकन् हन्डर खपेर भए पनि छोरीलाई भने सधैँभरि यही आश्वस्तता प्रदान गरिरही । यसैले नै उसले आफैले जीवनसाथी छानेर निर्धक्कसँग आमासँग भेट गराउन

ल्याएकी हो (पृ.८६)। इन्द्रमायालाई सामाजिक नियम र मर्यादाको पर्वाह छैन। बस्, उसले त विशुद्ध एउटी आमा भएर छोरीलाई चोखो माया दिन जानेकी छ। ऊ सहजै छोरीका जोडीलाई 'भाग्यमानी भए !' (पृ.८८) भनेर आशीर्वाद दिन्छे जसभित्र आफ्ना जीवनका जस्ता बिघ्नबाधा छोरीले बेहोर्नु नपरोस् भन्ने छद्म कामना अभिगुञ्जित भएको छ।

इन्द्रमायाको सम्बन्ध घरभित्रैका उपर्युक्त दुई नारीबाहेक कार्यकारण शृङ्खलाले घरबाहिरका अन्य नारीसँग पनि गाँसिन पुगेको छ र ती नारी हुन् -पसले बूढी र उसकी नातिनी। यी दुवैसँग उसको सौहार्द्र सम्बन्ध छ। पसले बूढी पीताम्बर जेल परेपछि आपद्ग्रस्त बनेकी इन्द्रमायालाई सहयोग गर्ने एक मात्र व्यक्ति हो जसले आफ्नो पसलमा बेच्न राखेको विनापैसा आलुचिउरा खुवाएर छाक टारिदिएकी थिई। माइती, साथीसँगी सबै आधार छुटेकी र घरतर्फका कुनै सम्बन्धी नभएकी इन्द्रमायाले पसले बूढीको सहारा नपाएकी भए उसलाई साह्रै कठिन हुने थियो। दुःखका ती घडीमा पसले बूढीको "अब तिमी के गर्छ्यौ नानी ?" (पृ.३३) भन्ने प्रश्नले उसलाई एक्कासि पगालिदियो "मानौं दिनभरिको दुःखको उम्लिएको बाफ अब कसैको बाधा नमानेर निस्कन आँट्यो। मैले बलपूर्वक आँसु थामेर भनें, 'आमा - जो परिआउँछ बेहोर्नै पर्छ' " (पृ.३३)। यो परिणति एउटी नारीका हृदयमा हुन गएको अर्की नारीको दुःखको साधारणीकरण हो। यसले बूढीकी नातिनी रमेशमार्फत इन्द्रमायाको सहयोगीका भूमिकामा देखा परेकी छ। खासगरी इन्द्रमाया गर्भवती भएपछि र रमेशको आगमन पातलो हुन थालेपछि उक्त किशोरीलाई रमेशले इन्द्रमायाको सुसारका निम्ति खटाएको हो। ऊ इन्द्रमायासँगको सम्बन्धमा निस्पृह देखा परेकी छ। रमेश र इन्द्रमायाको खबर एकापसमा ओसारपसार गरिदिने, पीताम्बर जेलबाट छुटेको खबर इन्द्रमायालाई र इन्द्रमाया अस्पताल भर्ना भएको खबर पीताम्बरलाई दिने काम गर्ने उक्त केटीको इन्द्रमायासँगको सम्बन्ध सहयोगात्मक रहेको छ। यसरी यस उपन्यासमा नारी-नारीका बिचको सम्बन्धलाई सकारात्मक कोणबाट मात्र प्रस्तुत गरेको देखिन्छ।

## ५.५.८ नारीप्रतिको पुरुषको दृष्टिकोण

नारीप्रति राखिने दृष्टिकोणका सन्दर्भमा यस उपन्यासका पुरुष पात्रहरू सबै प्रतिकूल किसिमका छन्। इन्द्रमायाको चरित्र उपन्यासकारले उचित ठहऱ्याएको जीवनमूल्य हो र पुरुष पात्रहरू उक्त मूल्यलाई बाधित र प्रताडित गर्ने सन्दर्भमा प्रस्तुत भएका छन्। पुरुष समाजको शासक समुदाय हो र यस उपन्यासका पुरुषले पनि त्यही शासक मानसिकता धारण गरेका छन्। अन्य सन्दर्भमा आधुनिक र विद्रोही देखिएका पुरुष पनि नारीका सन्दर्भमा भने परम्पराभीरु नै देखिएका छन्। पीताम्बर र रमेश विद्रोही राजनीतिमा संलग्न छन्, देशमा परिवर्तन ल्याउनका लागि आफूहरूले जेलनेल बेहोर्ने परिस्थिति आइपर्नुलाई गौरवका रूपमा स्विकार्छन् तर नारीका सन्दर्भमा भने जस्ताको तस्तै छन्, उनीहरूमा परिवर्तन त के सुधारसम्म पनि आएको छैन। यसको अर्थ उनीहरूलाई यस समाजका नारीले भोग्नुपरेको उकुसमुकुसको सुदूर आभाससम्म पनि नहुनु हो। नेपाली समाजका पुरुषहरू संस्कृतिको संरक्षण गर्ने ठेक्का नारीकै हो भन्ने ठान्छन्। यसैले त सामाजिक र पारिवारिक आदर्श र मर्यादाको प्रतिकूल इन्द्रमायाले पीताम्बरलाई पतिवरण

गरेपछि उसको पिता भन्छ, "मेरा लागि इन्द्रमाया मरिसकेकी छ। नगर त्यसका कुरा, नभन मलाई कि ऊ कालीथानमा बस्छे कि कहाँ बस्छे- कोसँग" (पृ.११) । यो नेपाली समाजका पुरुषको प्रतिनिधि आवाज हो ।

### ५.५.८.१ इन्द्रमायाप्रतिको पीताम्बरको दृष्टिकोण

**तीन घुम्ती** उपन्यासमा इन्द्रमायापछि समानान्तर महत्त्वका साथ आएका दुई पुरुष पात्र छन् -पीताम्बर र रमेश। पीताम्बर इन्द्रमायालाई मनमनै प्रेम गरेर र त्यसलाई प्रकट नगरीकन उसका निकटमा रहेर चुपचाप बसेको व्यक्ति हो। इन्द्रमायाको समाज, उसका आमाबाबु र स्वयं इन्द्रमायाको समेत विचार गरेर उसले विवाह गर्ने निर्णय गर्न सकेको थिएन (पृ.१३) तर इन्द्रमाया हिम्मतका साथ आफ्नै मात्र एक्लो निर्णयले उसका घरमा भित्रिन आएपछि भने उसले प्रेमपूर्वक साथ दिएको थियो। उसको परिवार थिएन तर उसँग एउटा राजनीतिक समाज थियो जसमा इन्द्रमाया पूर्णरूपमा घुलमिल हुन पुगेकी थिई। त्यस समाजमा सबै पुरुष थिए र सबैले इन्द्रमायासँग आ-आफ्नो अनुकूलका साइनोसम्बन्ध गाँसेका थिए। यस परिस्थितिप्रति पीताम्बर ईर्ष्याग्रस्त बनेको थियो (पृ.१६) जसमार्फत उसको नारीप्रतिको सङ्कीर्णता प्रकट भएको थियो। कुनै पनि दृष्टिकोणले (नारी इन्द्रमाया)को महत्त्व बढेको कुरा उसलाई सह्य हुँदैन भन्ने कुरालाई अभिव्यक्त गर्ने उसको भनाइ छ - "किन नरम्नु त , यत्रो पुरुषको समाजमा तिमी मात्रै त एउटी नारी छौ नि ! त्यसैले तिम्रो मूल्य, तिमीलाई लाग्दो हो, धेरै बढ्न गएको छ, कसो ?" (पृ.१६)। उसको यस्तो भनाइ उक्त एकपटक मात्र आएको होइन, यसभन्दा पहिला पनि ऊ यसरी भन्ने गर्थ्यो- "इन्द्राको गोडा आजकाल भूइँमा छैन। दिदीबहिनी, भाउज्यू आदि पुरुषकण्ठे सम्बोधनले उसलाई पखेटा हालिदिएको छ" (पृ.१७)।

इन्द्रमायाप्रतिको ईर्ष्याले विस्तारै कुण्ठाग्रस्त बन्दै गएर अब ऊ झर्कोफर्को गर्ने पनि हुँदै गएको छ। इन्द्रमायाप्रति ऊ विस्तारै प्रेमविहीन बन्दै गएको छ भन्ने कुरालाई पत्नीले सप्रेम गरेको कुराकानीका प्रत्युत्तरमा भनेको निम्नलिखित अभिव्यक्तिले पुष्टि दिन्छ। ऊ भन्छ, "घरमा पहिले साँझको बत्ती त बलोस् अनि मात्र कसैले आफूलाई हेर्न सक्छ ऊ कति दुब्लाएछ भनेर" (पृ.२२)। ऊ सधैं आफूलाई दोषहीन र नारीहरूलाई दोषी ठान्छ भन्ने कुरा पनि उसको इन्द्रमायाप्रतिको अभिव्यक्तिले यसरी स्पष्ट पारेको छ, "तिमी नै होइन आँखा राम्ररी उघारेर यो जीवन ग्रहण गर्न मकहाँ आएकी ?" (पृ.२३)।

पीताम्बरमा पौरुष अहङ्कार पर्याप्त छ जो इन्द्रमायाका अगाडि दिनपरदिन बलशाली भएर देखा परिरहेको छ। उसमा पत्नीका प्रति सौहार्द्रता त बाँकी छैन नै, तैपनि ऊ लोकाचार भने पारिरहन्छ। इन्द्रमायाले उसको लोकाचारी व्यवहारको विरोध गर्दा ऊ नारीलाई धेरै तल खसालेर र नरलाई आवश्यकताभन्दा धेरै बढी माथि उचालेर भन्छ, "मेरो पनि आफ्नो कर्तव्य छ र त्यसको मैले विचार गर्नैपर्छ। तिमीजस्तो, तिमीहरू स्वास्नी मानिसजस्तो अनुत्तरदायी हामी पुरुष कहाँ हुनसक्छौं र ?" (पृ.७१)। पुरुषले नारीलाई, श्रीमान्ले श्रीमतीलाई प्रेम गर्दैन। प्रेम गरेको जस्तो जे देखिने गर्छ त्यो लोकको प्रशंसा लुट्नका लागि आफैप्रतिको प्रेमले गरेको आडम्बरी

व्यवहार हो । यस तथ्यलाई पीताम्बरले यसरी व्यक्त गरेको छ "कर्तव्य म आफ्ना लागि गर्छु तिमीलाई रिझाउँला भनेर होइन-आफ्नै सन्तोषका लागि । अस्पतालमा तिम्रो खर्चबर्चको व्यवस्था मिलाउने मेरो धर्म थियो" (पृ.७१) ।

पीताम्बर खुला दृष्टिकोण भएकी इन्द्रमायाको श्रीमान् हुन सुहाउने व्यक्ति नै होइन । ऊ आफू श्रीमान् हुनुको हैसियतलाई श्रीमतीका शरीरमा खोज्छ । इन्द्रमायालाई उसले बुझ्नै सकेको छैन । इन्द्रमाया  प्रेमलाई लुकाउन खोज्दा हुने विकृतिबाट जोगिन पीताम्बरका अगाडि खुलस्त भएकी हो तर इन्द्रमायाले चाहेको जस्तो प्रेम हुर्कनै नसकेको परम्परागत नेपाली समाजको बन्द संस्कार पाएको पीताम्बरका धारणा पनि उसका अनुकूल छैनन् । ऊ त रमेशसँगको इन्द्रमायाको सम्बन्धलाई यसरी वेश्याचरणकै संज्ञा दिनपुग्छ, "म समातिएपछि तिमीमाथि ठूलो विपत्ति पऱ्यो, तिमीलाई रूपैयाँ-पैसाको खाँचो परेको थियो होला" (पृ.७४) ।

पीताम्बरलाई नारीभावना र चाहनासँग कुनै सरोकार छैन । इन्द्रमायाले बताउँदा पनि उसले त्यस (मातृत्व) सन्दर्भको संवेदनालाई पहिल्याउन सकेको छैन । जेल पर्नुअगाडि पनि उसले उक्त मर्मको ख्याल गरेन र आफू जेलबाट फर्केपछि तथा इन्द्रमाया आफ्नै मात्र प्रयासले आमा बनिसकेपछि पनि त्यस कुरालाई ठम्याउन सकेन । पुरुषले कहिल्यै पनि मातृत्वको संवेदना बुझ्न सक्तैन । त्यही कारणले नै पीताम्बरले पत्नीलाई "इन्द्रमाया, एउटा कुरा गर । तिमी आफ्नी छोरीलाई रमेशको जिम्मा लगाइदेऊ, अनि सब ठीक हुँदै जान्छ" (पृ.७८) भनेको देखिन्छ । पुरुषले (श्रीमान्ले) नारीका (श्रीमतीका) अगाडि अहङ्कारी कुरा मात्र गर्नुपर्छ भन्ने मानसिकता बोकेको पीताम्बर इन्द्रमायासँग "अहङ्कार र स्पर्धाका कुरो  मात्र गर्थ्यो"(पृ.८१) । नारीका प्रति पीताम्बरको दोहोरो दृष्टिकोण थियो । एकातिर ऊ स्वयं चाहिँ घरबाहिरका बहुनारीसँग दैहिक सम्बन्ध स्थापित गरिहिंड्थ्यो तर आफ्नी पत्नीले चाहिँ रमेश एकजनासँग उक्त सम्बन्ध कायम गरेकोसमेत नसही कहिले 'रुपियाँ -पैसाको खाँचोले' भन्ने अर्थ लगाउँछ, कहिले 'रमेशसँगको सम्बन्ध रसमय थियो कि थिएन ?' भन्छ । अनि कहिले 'छोरी रमेशका जिम्मा लगाइदेऊ' भन्छ त कहिले 'तिमी आफै रमेशसँग किन जान्नौं' भन्छ । कहिले चाहिँ 'रमेश पोलाहा भएकाले उनीहरूको सम्बन्ध आफूलाई स्वीकार्य नभएको' भन्छ । उसको इन्द्रमायाप्रतिको दृष्टिकोण त एउटै छ -उसले रमेशसँग दैहिक सम्बन्ध स्थापित गरेर ठीक गरिन भन्ने तर आफ्नो उक्त दृष्टिकोणलाई पुष्टि गर्नका लागि दिएका तर्कहरू भने स्थिर छैनन् र उसका ती तर्क इन्द्रमायाका तर्कका अगाडि टिक्न नसकेर अस्थिर बनेका देखिन्छन् । ऊ पत्नीरूपी नारीबाट प्रेम होइन चाकरी रुचाउँछ । यसैले इन्द्रमायासँग प्रसन्न रहन नसकेको पीताम्बर अर्की पत्नीसँग सुखी बनेको छ किनभने दुलही पनि सिपालु छ -गृहकाजमा निपूण र दुलाहालाई रिझाएकी पनि छ (पृ.७८) । रिझाउनुको अर्थ हो चाकरी गर्नु जुन उसले इन्द्रमायाबाट प्राप्त गर्न सकेन। यही कारणले उसले इन्द्रमायासँगको पारिवारिक विखण्डनलाई रुचायो । पीताम्बर कुनै मानेमा पनि नारीप्रति उदार देखिएको छैन । उसले जति नै प्रगतिशील भएर नेवारकी छोरीसँग बिहे गरे तापनि उक्त कार्यले उसको नारीप्रतिको दृष्टिकोणलाई भने फराकिलो क्षितिज प्रदान गर्न सकेको छैन । नारीका सम्बन्धमा नयाँ किसिमले सोच्नुपर्छ,

पुराना सामाजिक मर्यादाहरू भत्काउनुपर्छ भन्नेतर्फ ऊ अलिकति पनि सचेष्ट छैन भन्ने कुरा ऊ इन्द्रमायासँगको पारिवारिक विखण्डनलाई ननिम्त्याउन प्रयत्नशील नदेखिएबाट पुष्टि हुन्छ ।

### ५.५.८.२ इन्द्रमायाप्रतिको रमेशको दृष्टिकोण

रमेश पीताम्बरको राजनीतिक साथीमध्येको एक र उसको सबैभन्दा पत्यारिलो साथी हो जसलाई उसले आफू जेल पर्नलाग्दा इन्द्रमायाको जिम्मेवारी सुम्पिएको छ "केही परिआयो भने रमेशलाई भन्नू" (पृ.३२) भनेर । रमेश पीताम्बरबाट सर्वाधिक राजनीतिक विश्वास पाएको साथी हो (पृ.७३) जो सुरुदेखि नै इन्द्रमायासँग विशेष झ्याम्मिन्थ्यो भाउज्यूको साइनो गाँसेर । इन्द्रमायाको आज्ञा शिरोपर गर्थ्यो र बेलाबखत उनीहरूकै घरमा बस्ने गर्थ्यो (पृ.१६) । पीताम्बरसँगै जेल परेको रमेश अरूभन्दा चाँडै जेलबाट छुटेपछि सिधै इन्द्रमायाकहाँ आयो । "पछिसम्म उसले भनिरह्यो 'इन्द्रमाया भाउज्यू'- र पछि-पछि त 'भाउज्यू' पनि उसको सम्बोधनबाट लुप्त हुँदै गयो" (पृ.३६) ।

एउटा विवाहित युवक रमेश जेलबाट छुटेपछि सिधै आफ्ना घर नगएर इन्द्रमायाको घरमा आउनु र उसको सामान्य हेरविचार मात्र नगरी पूरै जिम्मेवारी थाप्लामा बोक्नु तथा ढुक्कसँग त्यही घरमा बसेको बसेकै गर्नुले इन्द्रमायाप्रति उसका मनमा पहिल्यैदेखि कुत्सित भावना थियो र पीताम्बरको जेलजीवनले त्यसलाई वातावरण प्रदान गर्‍यो भन्ने स्पष्ट हुन्छ । जेलबाट छुटेकै भोलिपल्ट ऊ इन्द्रमायालाई भन्छ, "बरु आफू लुगासुगा फेरेर सुग्घर हुनोस्, - केही राम्री भएर त बस्नोस्' ! (पृ.३८) भन्छ मात्र होइन जेलमा पीताम्बरलाई सरसामान पुर्‍याएर फर्कंदा घरमा आवश्यक पर्ने चामल, दाल, घिउ, तेल, तरकारी, मरमसलाहरू बोकाएर ल्याउँछ (पृ.४०) र त्यसका साथमा इन्द्रमायाका निम्ति साबुन, तेल, पाउडर, स्नो, लिपस्टिक, सेन्ट आदि श्रृङ्गारका साधनहरू पनि  ल्याउँछ (पृ.३९) । इन्द्रमायालाई सिंगार्ने, सजाउने कुरामा पीताम्बरले नदेखाएको चासो उसले देखाएको देखिन्छ । पीताम्बर श्रीमान् भएको हैसियतले सबै कुरा हासिल गर्न चाहन्थ्यो र गरिरहेको थियो भने रमेश चाहिँ यस्ता व्यवहारले इन्द्रमायाको मन बिस्तारै जितेर आफ्नो उसप्रतिको आकर्षणद्वारा जन्मिएको अभीष्ट चाहनाको पूर्ति गर्न चाहन्थ्यो । इन्द्रमायाले नुहाइधुवाइ-कोरीबाटी गरेर आएको देखेपछि रमेश भन्छ, "वाह ! कति राम्री । हो, यस्तै भएर बस्ने गर्नोस् भनेको भाउजु । तपाईंलाई देखेर मन त्यसै खुसी हुन्छ" (पृ.४१) । यो उसको इन्द्रमायाप्रतिको स्वतः प्रकट हुन पुगेको प्रेम थियो ।

रमेशले इन्द्रमायालाई हरतरहले आफूप्रति आकर्षित त गरिरहेकै थियो, त्यसका अतिरिक्त जेलको पीताम्बरतर्फ कुदिराख्ने उसको मनलाई पनि तर्कका अङ्कुशेले तानेर यसरी आफैतर्फ फर्काउने प्रयत्न गर्छ, "तपाईंको पीताम्बर दाइ नि बाँचेकै हुनुहुन्छ र तपाईंले यो बिर्सन हुन्न कि तपाईका अरू पनि धेरै माया गर्ने मानिस होलान्-पीताम्बरको जस्तो नभए पनि ......"(पृ.३८) । फेरि अर्को पटक पनि इन्द्रमायाले पीताम्बरले के खाए होलान् भन्दा ऊ उत्तिकै उतर्सिएर भन्छ, "हामीले पनि त यहाँ कुनै छत्तीस व्यञ्जनको ज्यूनार गरिरहेका छैनौं" (पृ.४२) । इन्द्रमायासँगको साहचर्यलाई ऊ सधैंभरि रमाइलो पार्ने प्रयत्नमा हुन्थ्यो । यसैले त त्यस रमाइलोका निम्ति -

उसका मनमा केही योजना, प्लान आइरहन्थ्यो। कहिले भन्थ्यो-सिनेमा जाऔं। कहिले भन्थ्यो -जाऔं भाउजु पिकनिक। कहिले चाहिँ त्यसै नयाँसडक घुम्न जाऔं रे। अथवा, जाऔं हावा खान टुँडिखेल। भान्सामा आएर पनि के पकाएको छ के छैन हेरेर जान्थ्यो (पृ.४३)।

ऊ इन्द्रमायालाई हरतरहले आफ्नो उपस्थितिको तीखो बोध गराइरहन्थ्यो। ऊ इन्द्रमायालाई आफूलाई बिर्सेर पीताम्बरलाई सम्झिरहने वातावरण दिन चाहँदैनथ्यो। ऊ हरेक ढङ्गले इन्द्रमायालाई रिझाएर आफूतर्फ आकर्षित गर्न चाहन्थ्यो। यसैले ऊ हरेक पटक बाहिरबाट आउँदा इन्द्रमायाका लागि केही न केही लिएरै आउँथ्यो। केही नभए एक थुँगा फूल नै भए पनि सम्झेर ल्याउँथ्यो (पृ.४४) र, एकदिन त उसले इन्द्रमायाको आफूप्रतिको व्यवहार खुला नभएकोमा टिप्पणी गर्दै खुलस्तै यसरी मनका कुरा पोखेको थियो, "इन्द्रमाया भाउजु ! यो कस्तो पर्दा हो ?" (पृ.४४)। "र त्यही दिन बोल्दाबोल्दै 'तपाईं' बाट 'तिमी' र भाउजु' बाट 'इन्द्रमाया'को घनिष्टतामा उसलाई बाँध्न पुग्यो ऊ" (पृ.४५)।

विस्तारै-विस्तारै अब ऊ इन्द्रमायाका मनको पीताम्बरको स्थान खोस्न तम्सिरहेको जस्तो देखिन्थ्यो। जेलमा सामान लगिदेऊ भन्दा उसले झर्केर भनेको थियो," लग्दिनँ मालमत्ता कसैकहाँ बोकेर। ...जहिले पनि पीताम्बर, पीताम्बर, मानौं दुनियाँमा अरू कोही छँदै छैन" (पृ.४६)। त्यसपश्चात् उसले "फेरि एक्कैचोटि रन्केर भन्यो, 'इन्द्रमाया, तिमीले यसरी विधवाको जस्तो व्यवहार गरेको म सहन सक्दिनँ। म तिमीलाई माया गर्छु, बुझ्यौ ?' "(पृ.४६)। इन्द्रमायालाई पीताम्बरबाट आफूतर्फ फर्काउनका निम्ति व्यवहार र तर्क कुनै पनि कोणबाट उसले कुनै पनि अवसरलाई खेर जान दिएन र अन्ततः एकदिन सफल भएरै छाड्यो। यति भएर पनि उनीहरूको सम्बन्धलाई इन्द्रमायाले अस्थायी भनेकामा अस्वीकारको तर्क गर्ने क्षमता भने उसमा देखिएन (पृ.५७)।

इन्द्रमाया गर्भवती भएदेखि नै रमेशको आचरणमा परिवर्तन आउन थाल्यो (पृ.६१) जसले उसको चरित्रको स्वार्थीपनालाई झल्काएको छ। उक्त सम्बन्धमा रमेशको दृष्टिकोण इन्द्रमायाको झैं खुला र स्पष्ट थिएन। रमेशले उक्त सम्बन्धलाई गोप्य रूपमा लिएको थियो अर्थात् उसको प्रेममा अरू व्यक्तिसँग सामना गर्नसक्ने आँट थिएन। यसैले जेल परेका साथीहरू भकाभक छुटेर आउन थालेकाले पनि उसको इन्द्रमायाकहाँ आउने क्रम पातलिएको थियो (पृ.६१)।

इन्द्रमायासँग सम्बन्ध टुक्रिसकेपछि पनि रमेश पसले बूढीका नातिनीका हातमा आफूले साथीहरूलाई नपोलेको र त्यो इन्द्रमायासँगको उसको निकटता देखेर उल्टै साथीहरूले रीस पोखेको (पृ.८३), इन्द्रमायासँग बस्दा उसको विवाह भइसके तापनि लज्जाले भन्न नसकेकोमा क्षमाप्रार्थी भएको (पृ.८३), आफू छोरीको बन्दोबस्त गर्न तयार भएको (पृ.८४) जस्ता खबर पठाइरहन्थ्यो जसमार्फत उसको नारीप्रतिको दृष्टिकोण पनि पीताम्बरकै समान मात्र रहेको र इन्द्रमायाको जति अग्रगामी हुन नसकेकै प्रमाणित हुन्छ। रमेशले आफ्नै अग्रसरता र विशेष आग्रहमा इन्द्रमायासँग प्रेमसम्बन्ध गाँसेको भए तापनि उसले त्यसलाई नरनारीको मौलिक सम्बन्धका रूपमा नलिएकाले उसमा पश्चातापको भावना देखिएको हो। उसले इन्द्रमायाका

अगाडि अनेकन् स्पष्टीकरण प्रेषित गरिरहनु उसको पश्चातापकै प्रतिफल हो। यही सम्बन्धको पश्चातापले उसलाई आफ्नो वैवाहिक जीवनमा अनुशासित तुल्यायो। यसैले ऊ आफ्नो बाँकी जीवनमा सम्पन्न र सुखीसमेत बन्यो (पृ.८७)।

उपर्युक्त उपन्यासमा मूल पात्रका क्रियाकलापलाई अगाडि बढाउन अन्य केही नरनारीको उपस्थिति भएतापनि मूल पात्र भनेका तीनवटा मात्रै छन्, - इन्द्रमाया, पीताम्बर र रमेश। यीमध्ये पनि उल्लेखनीय नारी पात्र भनेको इन्द्रमाया नै हो जो यस उपन्यासमा प्रमुख नारी चरित्रका रूपमा आएकी छ। ऊ बाहेक अरू नारी चरित्रको सार्वभौम अस्तित्व छैन। यसैले **तीन घुम्ती** उपन्यासमा नारीप्रतिको दृष्टिकोण भन्नाले इन्द्रमायाप्रतिको दृष्टिकोण भन्ने नै बुझिन आउँछ। यस उपन्यासमा आएका पुरुष चरित्रमध्ये सार्वभौम अस्तित्वले युक्त रहेका भनेका पीताम्बर र रमेश नै हुन्। यसकारण पुरुषको दृष्टिकोण भन्नाले तिनीहरूकै दृष्टिकोण भन्ने बुझिन्छ। आफ्नो स्वभावमा पूर्ण विकसित भएका पुरुष पात्र पनि तिनीहरू मात्रै हुन्। यसैले **तीन घुम्ती** उपन्यासमा नरको नारीप्रतिको दृष्टिकोण केलाउने क्रममा पीताम्बर र रमेशको इन्द्रमाया प्रतिको दृष्टिकोण केलाइएको हो। जम्माजम्मीमा यस उपन्यासका नरको नारीप्रतिको दृष्टिकोण अनुदार, सङ्कुचित एवं सामन्ती प्रवृत्तिकै देखिन्छ जसले इन्द्रमायाको दृष्टिकोणको सामना गर्नै नसकी पराजय भोग्नुपरेको छ। आफ्नै दृष्टिकोणकै फलस्वरूप उनीहरू दुवैजना इन्द्रमायाबाट टाढा पुगेपछि मात्र खुसी र सुखी हुन सकेका छन्। अर्थात् उनीहरू इन्द्रमायाजस्तो अग्रगामी र उन्नत सोचकी नारीसँग सुखी र खुसी हुनसक्ने पुरुष हुँदै होइनन्। उनीहरूका दृष्टिकोणमा श्रीमती हुने नारी इन्द्रमायाजस्तो स्वाभिमानी र अस्तित्वचेतयुक्त हुनुहुँदैन। रिझाएर श्रीमान्को प्रेम आर्जन गर्न प्रयत्नशील रहने नारी उनीहरूको दृष्टिकोण र आचरणका अनुकूल हुन्छन्। यसरी उनीहरूको नारीप्रतिको दृष्टिकोण परम्पराग्रस्त नै देखिन्छ। यस उपन्यासका पुरुषहरू आफूले अरू नारीसँग जति नै खेलबाड गरे तापनि  नारीहरूले भने परम्परागत लैङ्गिक आचारसंहितालाई पालन गर्नैपर्ने र पुरुषका सापेक्षतामा आफूलाई निम्नकोटिको सम्झनैपर्ने भन्ने दृष्टिकोण राख्छन्। यस अर्थमा नारीलाई हेर्ने दृष्टिकोणबाट मूल्याङ्कन गर्दा उनीहरू आम नेपाली परम्परागत पुरुषभन्दा ठ्याम्मै भिन्न देखिँदैनन्।

## ५.५.९ पुरुषप्रतिको नारीको दृष्टिकोण

**तीन घुम्ती** मूल रूपमा युवा नरनारीका सम्बन्धका दायरामा सीमित अस्तित्ववादी उपन्यास हो। वैवाहिक घेराभित्र रहुञ्जेल यहाँकी नारी (इन्द्रमाया)को जीवन पारिवारिक घेराभित्रै सीमित छ तापनि पुरुषको जीवन भने घरबाहिरकै क्रियाकलापमा सक्रिय छ। यिनीहरूको यो सक्रियता यौन क्रियाकलापसम्म पनि पुगेको छ। यस उपन्यासको मुख्य ध्येय इन्द्रमाया पारिवारिक जीवनमा हुँदै खेरिको अवस्थालाई मूल रूपमा र ऊ उक्त पारिवारिक जीवनबाट स्वाधीन बनेको अवस्थालाई गौण रूपमा देखाउनु रहेकाले पनि स्वाधीन इन्द्रमाया केवल कथा प्रस्तोता मात्र रहेकी छ तथा पारिवारिक घेराभित्रकी इन्द्रमाया मूल कथ्य बनेर आएकी छ। यसैले नरसँगको नारीको सम्बन्ध र दृष्टिकोण पनि यही घेरामा सीमित छ। आफू बाँचेको सामाजिक परम्परा जे जस्तो किसिमको रहे

तापनि इन्द्रमाया छुट्टै प्रकृतिकी नारी हो जसले पुरुषप्रति नवीन दृष्टिकोण राखेकी छ र त्यो फराकिलो किसिमको छ। प्रतिदानमा पुरुषबाट उसले त्यस्तै फराकिलो दृष्टिकोण प्राप्त गर्न नसकेकाले बाध्य भएर उसले आफ्नो श्रीमान् बनेको पुरुषसँगको सम्बन्धलाई अविच्छिन्न राख्न नसकेकी हो। परम्परागत रूपमा पुरुषप्रतिको दृष्टिकोणको जुन भारी नारीहरूमाथि लादिएको छ त्यसलाई भने इन्द्रमायाले वहन गर्नका निम्ति अस्वीकार गरेकी छ। यस उपन्यासमा स्पष्ट र सशक्त दृष्टिकोण अँगाल्ने नारी भनेको इन्द्रमाया नै हो। यसैले यस उपन्यासका मुख्य पुरुषद्वय पीताम्बर र रमेशप्रतिको इन्द्रमायाको दृष्टिकोण नै नरप्रतिको नारीको दृष्टिकोण हो।

प्रस्तुत उपन्यास कथानकीय दृष्टिकोणले नारीप्रधान रहेको छ र यस प्रधानताले नारीको पुरुषसँगको अस्तित्वको द्वन्द्व देखाएको छ। यहाँ अघिल्लो चरणमा पुरुषसँग नारीको सहकारिता, प्रेम र समर्पणको स्वरूप देखाइएको छ र त्यसै अवस्थामा पनि दृष्टिकोणगत पृथकताले गर्दा द्वन्द्वको प्रवेश पनि भइसकेको छ। उक्त द्वन्द्वले नरको नारीप्रतिको प्रेमलाई समाप्त पारे तापनि नारी (इन्द्रमाया)को नरप्रतिको प्रेम भने अन्त्यसम्म पनि कायमै देखिन्छ र त्यो प्रेमपात्र पीताम्बर हो।

### ५.५.९.१ पीताम्बरप्रतिको इन्द्रमायाको दृष्टिकोण

पीताम्बर इन्द्रमायाले १६ वर्षे केटौले उमेरमा आफ्नो परिवार र समाजसँग सङ्घर्ष गरी तिनको परित्यागसमेत गरेर वरण गरेको श्रीमान् हो जो निर्धन भएर पनि आकर्षक र आफ्नो मनलाई रमाइलो पार्न सक्ने व्यक्तित्वका रूपमा उसको चयनको घेराभित्र परेको थियो। पीताम्बरसँग प्रेमभावना व्यक्त नगरीकन र उसको आशय बुझ्ने आवश्यताको महसुस पनि नगरीकन परिवारका करकापले अन्यत्र कतै कुनै अपरिचित केटासँग विवाह गर्नुपर्ने बाध्यताका विरुद्ध उसले प्रथम ऐतिहासिक निर्णय गरेर एकतर्फी रूपमा उसलाई श्रीमान्का रूपमा वरण गरेकी थिई। यसरी इन्द्रमायासँग सम्बन्धित हुन आउने प्रथम पुरुष पीताम्बर नै हो र ऊ इन्द्रमायाको सर्वाधिक निकटसम्बन्धी पुरुष पनि हो।

विवाहपूर्व नै उसको अबोध किशोर मन पीताम्बरप्रति पूर्ण रूपमा समर्पित थियो। उसका बाबुआमाले विवाहको कुरा चलाउनुलाई ऊ व्यर्थ सम्झन्छे। उसका विचारमा पीताम्बर नभए पो त उनीहरूले त्यस्तो सोचाइ बनाउनुपर्ने हो। यसैले ऊ आमालाई बिर्सेको कुरा सम्झाए झैं गरी फ्यास्सै भनिदिन्छे, "पीताम्बर छँदै छ नि !" (पृ.३)। आमाले उक्त कुरामा असहमति जाहेर गरेपछि ऊ आफ्नो हृदयको यथार्थलाई अठोटका रूपमा व्यक्त गरिदिन्छे , "तर म अरू कसैसँग पनि सुखी हुन सक्दिनँ" (पृ.३)। पीताम्बर पार्टीको मानिस हो, दरबारले उसलाई फुटेको आँखाले पनि हेर्न सक्दैन, यसैले ऊ धेरै दिन बाँच्न पाउँदैन भनेर आमाले अवरोध तेर्स्याउन खोज्दा ऊ अझ बढी दृढ र निर्भीक भएर भन्छे, "के त्यसो भए झन् मेरो स्थान पीताम्बरको छेउमा नै हुनुपर्ने होइन र ?" (पृ.७)। उसका उपर्युक्त तीनवटा अभिव्यक्तिले उसले पीताम्बरप्रति विकल्पहीन आस्था बिसाएको भेटिन्छ र यो आस्था पीताम्बरलाई पुरुषका रूपमा हेरेरभन्दा पनि प्रेमीका रूपमा हेरेर बिसाएकी हो। स्वाभाविक अवस्थामा एउटी नारीको प्रेमी पुरुष नै हुने

भएकाले र इन्द्रमायाको प्रेम त्यस्तै स्वाभाविक किसिमकै रहेकाले उसको प्रेमपात्रका रूपमा पीताम्बर (पुरुष) आएको हो । यसैले उसका उपर्युक्त अभिव्यक्ति एउटा पुरुषप्रति लक्षित रहेर पनि निर्लैङ्गिक किसिमले व्यक्त भएका देखिन्छन् ।

इन्द्रमाया श्रीमतीले श्रीमान्का व्यक्तिगत कामहरू सबै गरिदिनुपर्छ, उसका सुविधा-असुविधाको ख्याल राखिदिनुपर्छ भन्ने सोच राख्छे र त्यसै अनुरूपको व्यवहार पनि गर्दछे (पृ.१३) । यसरी ऊ आम परम्परागत नेपाली नारी झैं देखिन्छे । फरक यत्ति हो, अरू नारी आफ्नो गाँसबासको व्यवस्थाका लागि दाम्पत्य सम्बन्धका बिचमा प्रेम नामेट हुँदा पनि उक्त जिम्मेवारी पूरा गरिरहन्छन् र इन्द्रमाया चाहि श्रीमान् श्रीमतीका बिच दोहोरो प्रेम सम्बन्ध कायम रहुञ्जेल मात्र त्यसलाई उपयुक्त सम्झन्छे । आम आँखाले बाहिरबाट सरक्क हेर्दा भने उसमा र अरू महिलामा खासै कुनै अन्तर देखिँदैन । यो अन्तर त्यसबेला मात्र प्रष्ट हुन्छ जब ऊ पीताम्बरको आफूप्रतिको प्रेम मृतप्रायः भइसकेको बोध गरेपछि गाँस-बास-कपासको वास्ता नगरी छोरीसहित पीताम्बरको घर परित्याग गर्दछे । इन्द्रमायाको आफ्नो व्यवहार र दृष्टिकोणबाट प्रेममा श्रीमतीले श्रीमान्को व्यक्तिगत सेवा गर्नुलाई उसले दासत्व सम्झेको देखिंदैन ।

इन्द्रमाया नारी अस्तित्वको मर्यादाप्रति मात्र सचेत नभएर पुरुष मर्यादाप्रति पनि सचेत छ । नारी मर्यादालाई जतिसक्दो लत्याउन सक्नुमा नै आफ्नो पुरुषार्थ देख्ने पितृसत्तात्मक सामन्ती समाजका पुरुषको अहङ्कारलाई उसले राम्रोसँग चिनेकी छ । यस्तो समाजको पुरुषलाई उसको हीनत्व निर्देशित गरिदिँदा ऊ चकनाचूर हुनसक्ने सम्भावनालाई बुझेकी इन्द्रमाया पीताम्बरको हीनत्वलाई ढाकछोप गर्दै सान्त्वना दिन सिपालु छ । प्रेम त पीताम्बर पनि गर्थ्यो इन्द्रमायालाई तर उसले हिम्मत प्रदर्शन गर्न सकेको थिएन तर जब उसले प्रदर्शन गर्न नसकेको हिम्मत इन्द्रमायाबाट प्रदर्शित भयो त्यसबखत उसले आफ्नो निरीहता स्वीकार गऱ्यो तर त्यसलाई इन्द्रमायाले निरीहता सावित हुन दिइन । उसले त अझ उल्टै पीताम्बरलाई महान् र आफूलाई तुच्छ संज्ञा दिँदै भनी-

> पीता पुरुषले धेरै कुराको विचार राख्नुपर्छ । हेरन, तिमीले मेरोसम्मको पनि विचार गर्नुपरेकाले निर्णय लिन हिच्किचाउनुपऱ्यो । ...हामी नारी, हामीमा एकोहोरो प्रवृत्ति हुन्छ, एकोहोरो हठ । त्यसो हुनाले मलाई 'हँ' या 'न' को निर्णय लिन धेरै समय चाहिएन । हठले बलपूर्वक 'हँ' को बाटोमा तान्दै ल्याइहाल्यो । फेरि, प्रेमले पनि मेरो यात्रा धेरै सजिलो पारिदियो । त्यो मेरो कुनै ठूलो साहस थिएन पीता, नारीसुलभ हठ र नारीसुलभ प्रेम थियो त्यो (पृ.१३-१४) ।

पुरुष समुदायमा नारीप्रति दुर्लभ हुने भावना इन्द्रमायाले पीताम्बरप्रति प्रदर्शित गरेकी थिई जसले गर्दा उसप्रति पीताम्बरका मनमा स्वतः प्रेम उब्जने वातावरण तयार भएको थियो ।

पीताम्बरको बाहिरका महिला मित्रहरूसँगको बसउठका बारेमा रमेशबाट सुनेपछि पनि ऊ ईर्ष्यालु नबनी सोच्छे, "उसको प्रेरणा आत्मसमर्पणको अझै माग रहेछ, उसले अझै दिन पुगेको रहेन छ । त्यही निरन्तरको दिइरहने प्रक्रियामा आत्मसमर्पण गर्दागर्दै उसका हृदयमा ईर्ष्याले स्थान

पाउन सकेको थिएन" (पृ.१७) । वास्तवमा यो इन्द्रमायाको आफ्नो श्रीमान्प्रतिको एकोहोरो आस्था र सीमातीत प्रेमकै अभिव्यक्ति हो । अन्यथा कुनै पनि नारीले त्यस्तो परिस्थितिमा त्यस्तो सोचाइ राख्न सक्तिन । प्रेमपूर्ण दाम्पत्यिक परिस्थितिमा इन्द्रमायाको अस्तित्वबोध जाग्रत भएकै देखिँदैन ।

इन्द्रमायाको पीताम्बरप्रतिको अचम्मैलाग्दो आत्मसमर्पण रहेको भेटिन्छ। ऊ श्रीमान्का हरेक हीनता र क्षुद्रतालाई सम्मानपूर्ण अर्थ प्रदान गरिरहन्छे। उसका घरमा जम्मा हुने मित्रमण्डलीमा सबै पुरुष छन् र इन्द्रमाया एक्ली नारी छ । ऊ पनि उनीहरूका बिचमा बहस-छलफलमा भाग लिन्छे, अरू पुरुषहरूले पनि उसलाई उत्तिकै महत्ता प्रदान गर्दै एक-एकवटा आ-आफ्ना किसिमका साइनामार्फत अपनत्व प्रदर्शन गर्दछन्। त्यसमा पीताम्बर ईर्ष्या गर्दछ र अन्त्यतः एकदिन त्यसलाई वाणी पनि दिन्छ, "साथीहरूको भेलामा तिमीलाई बडो आनन्द आउँछ हगि ? ... किन नरम्नु त, यत्रो पुरुषको समाजमा तिमी मात्रै त एउटी नारी छौ नि। त्यसैले तिम्रो मूल्य, तिमीलाई लाग्दो हो, धेरै बढ्न गएको छ -कसो ?" (पृ.१७) । ऊ पीताम्बरको यस्तो ईर्ष्यालाई पनि नकारात्मक ढङ्गले अर्थ्याउँदिन । उसलाई लाग्छ पीताम्बरको ईर्ष्या उसको प्रेमको प्रमाण हो जुन प्रेमले उसका उपर पुरुषको आफ्नो शासनाधिकारको बार-बार दावा राखिरहन्छ (पृ.१८) । इन्द्रमाया आफ्ना श्रीमान्का प्रति यति धेरै उदार छ कि उसको बहुनारी सम्बन्धलाई पुरुषाधिकारभित्रैको कुरा देख्छे (पृ.१९) ।

इन्द्रमाया एकोहोरो श्रीमान्का प्रेममा निमग्न भएकाले गर्दा ऊ श्रीमान्का कमीकमजोरीलाई प्रेमले ढपक्क ढाकेर व्याख्या गर्दछे। इन्द्रमायाप्रतिको ईर्ष्याको कारणले हो वा आफ्नै बहुनारी सम्बन्धले गर्दा हो पछिल्ला दिनहरूमा ऊ आफ्नी श्रीमतीका निम्ति रुखो बन्दै गएको थियो। श्रीमतीप्रतिको बेवास्तापन र चिड्चिडाहट दिनपरदिन बढिरहेको थियो। श्रीमतीको प्रेमपूर्ण सम्बोधनको पनि ऊ उपहास गर्छ (पृ.२१)। ऊ श्रीमतीको कुनै पनि कुरालाई सकारात्मक कोणबाट अर्थ्याउँदैन । यस्तो परिस्थितिमा पनि इन्द्रमाया सोच्छे "यो सबै धपेडीको परिणाम हो" ( पृ.२०) । वास्तवमा यस्तो धारणा श्रीमान्प्रतिको उसको प्रेमको सीमान्त स्थिति हो ।

पीताम्बर जेल परेपछि उसप्रतिको इन्द्रमायाको प्रेमले कर्तव्यको रूप धारण गरेको छ। ऊ एक्लै हुँदा पनि उसले विभिन्न कार्यालयहरूमा गएर जेल परेको पीताम्बरको खोजी गरेकी हो (पृ. ३४) । जब रमेश जेलमुक्त भएर उसकहाँ आयो, त्यसपछि भने उसले रमेशका सहुलियतमा प्राप्त गरेको आर्थिक सुपरिस्थितिका माध्यमले बाहिरैबाट श्रीमान्को खाने लगाउने कुराको यथोचित प्रबन्ध मात्र नगरी रमेशसँग प्रथम सहवास गरिसकेपछि पनि, आफूहरूले खाँदा-घुम्दा हरेक परिस्थितिमा उसले पीताम्बरको प्रेमपूर्ण स्मरण गरेकी छ। रमेशसँगको प्रेमपूर्ण सम्बन्धलाई उसले नितान्त निजी कुरा सम्भ्केकी छ। त्यसलाई उसको दृष्टिकोणले श्रीमान्प्रतिको विश्वासघात ठानेको भए इन्द्रमाया त्यस्तो किसिमको व्यवहार गर्ने नारी नै होइन। यतिसम्म कि रमेशबाट आफू गर्भवती हुँदासमेत ऊ पिताम्बर र आफू मिलेर पूरा गर्नुपर्ने जिम्मेवारी आफू एक्लैले पूरा गरेको ठानेर मक्ख पर्छे र व्यग्रतासाथ श्रीमान्को प्रतीक्षा गर्दछे (पृ.५६)। रमेशसँग प्रेमपूर्ण सम्बन्ध स्थापित भएर पनि ऊ श्रीमान्सँग सम्बन्ध टुक्र्याउने कुरा सोच्दिन । उसले पीताम्बरसँगकै सम्बन्धलाई जीवनभरिको स्थायी सम्बन्ध मानेकी छ र रमेशसँगको सम्बन्ध सुखदायी भए तापनि

त्यसलाई अस्थायी सम्बन्ध मात्र मानेकी छ (पृ.५७) । उसले आफूलाई पीताम्बरले दावा गरिरहनु नपर्ने अधिकारकै रूपमा लिएकी छ (पृ.५७) । रमेशसँगको यो सम्बन्ध अस्थायी भएकै कारणले इन्द्रमायालाई सह्य भएको हो, पीताम्बर जेलमा होस् कि बाहिर, ऊ छँदाछँदै अरू पुरुषसँगको स्थायी प्रेमसम्बन्ध इन्द्रमायालाई सह्य हुन सक्तैन (पृ.५८) । यो इन्द्रमायाको आफ्नो श्रीमान्प्रतिको प्रेमपूर्ण निष्ठा हो ।

इन्द्रमाया नेपाली समाजको दृष्टिकोणसँग नसुहाउँदो सोच राख्ने नारी हो । ऊ एकदमै पृथक् किसिमकी नारी हो । रमेशसँगको प्रेमसम्बन्ध पश्चात् आफू गर्भवती भएको थाहा पाएपछि ऊ सोच्छे-

> पीताम्बरप्रति मेरो प्रेम मानौँ उम्लिएर मेरो सारा समयलाई व्याप्त गरिरहेजस्तो मलाई भान पर्न लागेको थियो । प्रेमिकाको ठाउँलाई अब माताले ओगट्न लागेकी थिई, त्यसैले होला मलाई श्रीमान्को बढ्ता खाँचो हुन लागेको थियो । पीताम्बरलाई प्रेम त म पहिले पनि एकनिष्ठ भएरै गर्थें, तर अब जुन प्रेमको मलाई अनुभव भइरहेको थियो त्यो श्रीमान्प्रेममा सन्तानका पिताको समेत खोजी हुन गएकाले त्यो प्रेम अनौठो शक्तिसम्पन्न थियो । भारी जिउ लिएर एक्लै कोठामा बसेकी म भन्थें 'पीताम्बर, चाँडो आऊ' (पृ.६४) ।

इन्द्रमाया एकोहोरो श्रीमान्प्रेममा अन्धी भएर नै यस्तो सोच्न पुगेकी हो । आफूले गरेको जस्तो प्रेम श्रीमान्बाट पाएकी छ कि छैन भन्ने कुरामा उसको पूर्णरूपमा बेवास्ता देखिएको छ । जबसम्म उसले पीताम्बरबाट छोरीको मर्यादा हनन भएको देख्दिन त्यसबेलासम्म ऊ पीताम्बरको दृष्टिकोण र व्यवहारप्रति द्वन्द्वभाव राख्दिन । ऊ आफूलाई सहकारिताकै स्वरूपमा उभ्याइराख्छे । ऊ त पीताम्बरले छोरीलाई तिरस्कार गरेको देखेर पनि त्यसलाई प्रेममा बदल्ने प्रयत्न गर्छे (पृ. ७६) । पीताम्बरबाट उसको मातृत्व र पुत्रीप्रतिको अनादरको भावना उसलाई असह्य हुन गएको कुरा हो । त्यसपछि मात्र उसले बुझी-

> समर्पणमा मर्यादाको अवसान भने कदापि हुँदैन रहेछ, बरु त्यसको झन् विस्तारित उदय हुँदोरहेछ प्रेममा । मर्यादालाई उसले अक्षुण्ण राख्नुपर्छ । त्यसैले अचेल पुत्रीका प्रति किञ्चित् मात्र पनि अनादरको शङ्का हुन लागेको थाहा पाई भने ऊ चुप्प लागेर बस्दिनथी (पृ. ७७) ।

इन्द्रमायाले पीताम्बरसँग यसअघि द्वन्द्व नै गर्नुपर्ने आवश्यकताबोध गरेकी थिइन किनभने "पहिले पहिले आइपरेका जीवनका समस्याहरू त्यस्ता मौलिक थिएनन् जसका प्रति जीवनको गहिराइको अन्तिम सतहमा पुगेर भेट्टाएको सत्यको शिलाखण्डमा उभिएर उसले विचार गर्नुपरेको होस्" (पृ.७७) तर अब उसले आफ्नो अस्तित्वको रक्षाकै निम्ति पनि द्वन्द्व गर्नुपर्ने भएको छ । ऊ सोच्छे-

> उसले गरेको समाजत्याग, त्यसपछि उसले गरेको पीताम्बरको वरण र उसका प्रतिको प्रेम, रमेशबाट प्राप्त गरेको त्यो तुष्टिदायी आनन्द, आफ्नो गर्भको गौरव र अहिले चाहि माताका

> मर्यादा ...इन्द्रमायालाई लाग्यो कि उसले कम से कम यी सब प्राप्तिको संरक्षणका लागि पनि चुप्प लागेर बस्न हुन्न (पृ.७८)।

श्रीमान् श्रीमतीका बिच द्वन्द्वको सिर्जना नभइञ्जेल पीताम्बरले दिएको भोजन र वस्त्र उसका लागि स्वीकार्य थियो तर जब दुईजनाका बिचको दृष्टिभेदले चरम कटुता पैदा गऱ्यो त्यसपछि भने उसले अस्तित्व लोप गराएर प्राप्त गरेको भोजन र वस्त्रलाई स्विकार्न सकिन ( पृ.८१)। पीताम्बरबाट श्रीमान् र पुत्रीमध्ये एउटालाई मात्र रोज्न पाउने सर्त राखिएपछि भने उसले मातृत्वकै चयन गरेर छोरीसहित गृहत्याग गरेकी थिई (पृ.८५) जुन उनीहरूका बिचको द्वन्द्वको चरम स्थिति थियो तर एउटा कुरा उल्लेखनीय के छ भने यति द्वन्द्व र परिणतिपश्चात् पनि इन्द्रमायाले श्रीमान्प्रतिको आफ्नो प्रेम यथावत् रहने उल्लेख गरेर (पृ.८६) पीताम्बरका तुलनामा आफूलाई महान् सावित गर्ने कोसिस गरेकी छ। उसँग छुट्टिएको केही महिनामा नै पीताम्बरले चाहिँ अर्को विवाह गर्नु (पृ.८६) तर इन्द्रमायाले चाहिँ नगर्नुबाट पनि त्यही कुराको पुष्टि भएको छ। यसरी इन्द्रमायाको पीताम्बर (श्रीमान्)प्रतिको दृष्टिकोण अघिल्लो समयमा प्रेमपूर्ण, सहयोगात्मक रहेको छ भने पछिल्लो समयमा चाहिँ द्वन्द्वपूर्ण र त्यसको परिणामस्वरूप विच्छेद्य हुन पुगेको छ। औपन्यासिक तारतम्यले यो द्वन्द्व र सम्बन्ध विच्छेदका निम्ति इन्द्रमायालाई नभई पीताम्बरलाई नै जिम्मेवार ठहऱ्याएको छ।

### ५.५.९.२ रमेशप्रतिको इन्द्रमायाको दृष्टिकोण

रमेश पीताम्बरको सबैभन्दा मन परेको राजनीतिक मित्र, विवाहपछि भेट भएको र इन्द्रमायाको दोस्रो प्रेमी, सम्पन्न घरानाको र इन्द्रमायाको कोखलाई सार्थक बनाउन सफल भएको काठमाडौंको बासिन्दा हो जो विवाहित भइसकेपछि इन्द्रमायासँगको प्रेममा आबद्ध बनेको थियो र इन्द्रमाया गर्भवती भएपछि एवं अन्य साथीहरू जेलबाट छुट्दै गएपछि तथा पीताम्बर पनि निकट भविष्यमा छुट्ने भएपछि इन्द्रमायासँग टाढिँदै गएको थियो। टाढिएर पनि उसले इन्द्रमायाको रेखदेख गर्न (आवश्यकता जुटाइदिएर, सहयोगी खटाइदिएर, अस्पतालमा भर्ना गरिदिएर, अस्पतालको पैसासमेत तिरिदिएर, छोरीको जिम्मा लिन तयार भएको खबर पठाएर) भने छाडेको छैन, बरु इन्द्रमायाले नै उसका स्पष्टीकरणहरू र रेखदेखको आवश्यकता देखेकी छैन। पीताम्बर घरमै हुँदा पनि इन्द्रमाया श्रीमान्का अरू साथीसँग भन्दा पनि रमेशसँग आत्मीयताबोध गर्थी। अरू सबै इन्द्रमायासँग एउटा-एउटा स्पष्ट साइनामा बाँधिएका थिए। भन्न त रमेश पनि इन्द्रमायालाई भाउज्यू भनेर सम्बोधन गर्थ्यो तापनि-

> केवल रमेशका सम्बन्धमा भने उसका अस्पष्ट भावना थिए। उसलाई सामाजिक सम्बन्धको स्पष्ट कोठामा राख्न सक्दिनथी। ऊ उसलाई अरूभन्दा बढी माया गर्दथी र श्रीमान्को पनि ऊ सर्वप्रिय साथी भएकाले झण्डै-झण्डै देवरका रूपमा पाउन खोज्दथी। एक-दुई पटक उसले देवर भनेर उसलाई बोलाएकी पनि थिई तर किन हो कुन्नि यस सम्बन्धले उसको हृदयको भावनाको पूरा व्याख्या गर्दैनथ्यो (पृ. १५)।

यस उद्धरणबाट उसको रमेशप्रति पहिल्यैदेखि अनुराग थियो तर त्यसले झ्याङ्गिने वातावरण मात्र पाएको थिएन भन्ने स्पष्ट हुन्छ ।

पीताम्बर र उसका साथीहरूसमेत थुनिएपछि जब ऊ एक्ली र अभावग्रस्त भई त्यसबेला फेरि त्यही इन्द्रमायाको विशेष अनुरागको पात्र रमेश उसका अगाडि झुल्किन आइपुग्यो र अत्याहटमा उसले रमेशलाई 'देवता !' भनेर सम्बोधन गरी (पृ.३५) । वास्तवमा त्यतिखेर रमेशका स्थानमा अरू नै आइपुगेको भए तापनि इन्द्रमायाको चरम सङ्कटग्रस्तताले गर्दा सहज-स्वाभाविक रूपमा 'देवता' भन्ने सम्बोधनले सम्बोधित हुन सक्तथ्यो । पीताम्बरको जेलयात्रा, रमेश एक्लैको उसको सहयोगीका रूपमा भएको अवतरण आदिले गर्दा ती दुईको विशिष्ट सम्बन्ध स्थापना हुनका निम्ति वातावरण तयार गरेको थियो ।

इन्द्रमाया भित्र मनमा कता-कता नजानिँदो ढङ्गले असन्तुष्टिबोध गर्दथी जसको स्पष्ट ज्ञान ऊ स्वयंलाई पनि थिएन । उसको मनले नजानिँदो किसिमले ती अभावको पूर्ति रमेशमा देखेको थियो । यसैले पीताम्बरमा रहेको अभावपक्ष जतिको पूर्तिका निम्ति त्यत्तिकै उसमा रमेशप्रति अनुरागको भावना उम्रिएको थियो र ऊ रमेशका सान्निध्यमा रमाइलो बोध गर्दथी । यो अनुरागको भावना रमेशले राम्रैसँग पढिसकेको थियो र इन्द्रमायाले रमेशको प्रेमको प्रकटीकरणलाई बुझ्न सकिनँ भन्दा ऊ भन्छ " यदि तपाईंले पर्दाको कुरा नबुझेको भए भन्ठान्नोस् आफैसँग पनि पर्दा रहेछ तपाईंको" (पृ.४४) ।

वास्तवमा रमेशले अत्यन्त यथार्थ कुरा व्यक्त गरेको थियो । पीताम्बर जेल परेपछि जब ती दुई एकाघरमा बस्न थाले त्यसबेला उसले रमेशका मनको मात्र होइन आफ्ना मनको आग्रह पनि बुझेकी थिई तर सायद उसलाई एकचोटि समाजको अवज्ञा गरिसकेर पनि समाजको कारणले, पीताम्बरप्रति निष्ठा राख्नका लागि र सायद विवाहित नारीले फेरि अर्को व्यक्तिसँग प्रेमसम्बन्ध गाँस्न उचित नसम्झेर वास्तवमा इन्द्रमाया आफैप्रति पनि पर्दा राखिरहेकी थिई । ऊ रमेशका छद्म र खुला दुवै किसिमका प्रेम प्रस्तावलाई अस्वीकार गरिरहेकी थिई । उसका आचरणबाट ऊ रमेशसँग रमाइलो मात्र अनुभव गरिरहन चाहन्थी, स्पष्ट रूपमा प्रेमीको स्थान दिन चाहन्नथी भन्ने कुरा झल्कन्छ । भनौं, हार्दिक प्रेम ऊ पर्याप्त गरिरहेकी थिई तर त्यसलाई व्यक्त गर्न चाहन्नथी । यसैले त रमेशको स्पष्ट प्रेमाभिव्यक्तिको जवाफ ऊ यसरी दिन्छे, "के एउटी एक्ली नारी छ भनेर बलात्कारमा उद्दत भएका छौ तिमी, रमेश ?" (पृ.४६) ।

रमेशको प्रस्तावलाई उसले बाहिर यसरी स्पष्ट रूपमा अस्वीकार गरिराखे तापनि उसको मनमा भने रमेशसँगको सम्बन्धलाई लिएर उथलपुथल मच्चिरहेको थियो जुन उसभित्र विद्यमान प्रेमकै परिणाम थियो । समय क्रममा ऊ विस्तारै रमेशसँग एकमत हुन लागी । रमेश उसको वास्तविक यथार्थको मूल्याङ्कन गर्दै भन्छ, "तिमी पनि मलाई प्रेम गर्छ्यौ । त्यसको आग्रह र दावालाई आफ्नो हठले अस्वीकार गर्न खोज्दा सम्बन्धमा तिक्तता आउन गएको हो । ल, भइगयो तिक्तता भन्दिनँ, सहजताको अभाव भन्छु । र त्यसैले हाम्रो घरको वातावरण बिच-बिचमा क्षुब्ध हुनजान्छ" (पृ.४८-४९) । वास्तवमा इन्द्रमायाको स्थिति यही नै हो । रमेशसँगको प्रेमलाई उसले

मुखले मात्र स्विकार्न नसकेकी हो । यसैले त रमेशको उक्त भनाइको जवाफमा उसले यति मात्र भन्न सकी “रमेश मलाई बडो रमाइलो लागेको  छ यावत् कुराले” (पृ.४९) ।

> उसले केवल आफ्नो शरीरको मांस प्राचीर खडा गराइराखेकी थिई रमेशको र आफ्नो माभमा । समय-समयमा उनीहरूका बिच भइरहने भनाभन यही मांसप्राचीरका  छेकबारले समागमको सुगमतामा बाधा पुऱ्याएको हुँदा हुन्थ्यो । जब आस्थाको आत्मा नै मृत भइसकेको थियो भने शरीरले मात्र आफ्नो आस्थालाई यसरी टेवा दिइराख्नु के एउटा बञ्चना होइन ? केवल एउटा आडम्बर होइन र ? (पृ.४९) ।

यस्तो सोच्दासोच्दै अन्त्यतः इन्द्रमायाले एउटा निर्णय लिई “ अब म हठ गर्दिन” (पृ.५१) । यही नै उसको दोस्रो निर्णय थियो जसद्वारा उसले रमेशलाई सम्पूर्ण रूपमा वरण गरेकी थिई - श्रीमान् होइन प्रेमीका रूपमा । रमेशसँग निर्बाध प्रेम सम्बन्ध स्थापित भइसकेपछि उसलाई लाग्यो, “जीवन सार्थक हुँदैछ” (पृ.५३) । उसले रमेशसँगको सम्बन्धमा पीताम्बरसँगभन्दा पनि बढी परम सुखको अनुभव गरेकी छ । यति भएर पनि ऊ रमेशलाई पीताम्बरकै स्थानमा राख्न भने सक्दिन । रमेशका प्रेममा आकण्ठ डुबेर पनि ऊ रमेशलाई सजिलै भनिदिन्छे–

> तिमी पाहुनाजस्तो छौ यो घरमा, स्वामी होइनौं । यो हाम्रो प्रेम जतिसुकै सुखदायी भए तापनि सहयात्रीसँगको अस्थायी सम्बन्ध हो । आनन्द छ यसमा, चरम सुख पनि छ यसमा  तर यो कुनै  निश्चित थलोमा पुगिएको होइन, यो आवास होइन, यो निश्चिन्तता  होइन (पृ.५७)  ।

इन्द्रमायाले रमेशसँग निर्बाध प्रेमसम्बन्ध राखेर पनि त्यो सम्बन्ध वेश्याचरण थिएन । न त उसले रमेशको आर्थिक सहयोगका बदलामा रसहीन दैहिक सम्बन्ध कायम गरेकी थिई, न त त्यसलाई गोप्य राख्ने प्रयास नै गरेकी थिई । उक्त सम्बन्धमा उसको मनले रमाइलो मानेको थियो र परम तृप्ति अनुभव गरेको थियो । उसको र रमेशका बिचको जस्तो सम्बन्धलाई ऊ नरनारीको बिचको मौलिक सम्बन्धका रूपमा लिन्छे र त्यस्तो सम्बन्धमाथि प्रश्न गरिरहनु नै निरर्थक सम्भन्छे । उक्त कुरालाई आफ्नो बार्धक्यमा पुगेर सम्भना गर्दा त्यसलाई ऊ नियतिको निर्देशन ठान्छे र आफूलाई दोषमुक्त गर्छे । ४५ वर्षे उमेरमा ऊ सोच्छे-

> उसले निर्णय लिएको भनेको नियतिले कोरेको बाटोमा हिंडेको हो । नत्र, तिनताका रमेश   मात्र किन उसको सामुन्ने परिरहन्थ्यो त? किन त्यो दुर्दिनमा ऊ मात्र उसको काम लाग्ने व्यक्ति बन्न गयो त ? ... यदि पीताम्बर बन्दी नभएको भए र यदि इन्द्रमायाको जीवन यसरी विश्रृङ्खल नभएको भए, हुनसक्छ उसको मनको सानो कुनाबाट रमेश यसरी कहिल्यै पनि बाहिर आउन सक्ने थिएन (पृ. २५) ।

वास्तवमा यथार्थ पनि त्यस्तै थियो ।

रमेशसँगको सम्बन्धमा इन्द्रमाया पापबोध गर्छे  । रमेशसँग निर्बाध सम्बन्ध स्थापित गरेर त्यसमा परमसुखको अनुभूति सँगालेर पनि ऊ आफूलाई दोषमुक्त ठहऱ्याउन सक्तिन । रमेशसँगको सम्बन्धमा उसलाई यस्तो लाग्थ्यो– “उसले प्रथम कदम चालिन, केवल आफूलाई भेट्टिन दिई । के

पर्खेर बस्नु, आफू भेट्टिउँ भन्ने दुरुत्साहन होइन र ? हो भने इन्द्रमाया आफूलाई त्यति अंशमा दोषी भन्ठान्थी" (पृ.२८)। त्यस सम्बन्धपश्चात् उसले एक्कासि वागमती नुहाउन जाने गर्नु र पशुपतिको दर्शन गर्ने आकाङ्क्षा जाग्नु पापबोध पश्चात्को मुक्तिको चाहना थियो तर जब उसले आफू गर्भवती भएको चाल पाई त्यसपश्चात् भने मातृत्व प्राप्तिको अभिमानले त्यो भावना हराएर गयो। त्यति मात्रै होइन, अब उसलाई पीताम्बरको व्यग्र प्रतीक्षा हुन थाल्यो। उसले सन्तानको पिताको खोजी रमेशमा गर्न सकिन। रमेशलाई पितृत्व दिन रुचाइन, किनभने त्यो सन्तानकी आमाको श्रीमान्ले पाउने स्थान हो र रमेश उसको श्रीमान् होइन केवल प्रेमी हो। श्रीमान्का स्थानमा ऊ पीताम्बरको एकलौटी अधिकार रहेको ठान्छे। पीताम्बरबाट प्राप्त हुन नसकेको मातृत्व रमेशबाट प्राप्त भइसकेपछि भने उसलाई अब रमेशसँगको सम्बन्धको औचित्य समाप्त भइसकेको अनुभव हुन्छ। रमेश उसका जीवनबाट विस्तार-विस्तार बिलाउँदै जाँदा ऊ ठान्थी – "कुनै अन्याय गरेको जस्तो लागेन किनभने यो घर उसको थिएन कि ऊ यहाँ सदा मेरै भएर बस्न सकोस्" (पृ.६३)। अब उसलाई रमेश त्यस घरका निम्ति अनावश्यक, उसको सन्तानका निम्ति बाधा र उसको श्रीमान्प्रतिको एकाग्रतामा समेत पनि बाधाजस्तो बनेको महसुस हुँदै गएकाले उसले आफ्नो त्यस अनन्य प्रेमीलाई मनले कुनै दुःख नै अनुभव नगरीकन सजिलै पन्छ्याइदिई।

यति सब भएर पनि ऊ रमेशसँगको सम्बन्धको अनादर भने गर्न सक्तिन। रमेशमार्फत प्राप्त भएकी छोरीलाई रमेशका जिम्मा पनि नलगाउनु र अनाथालयमा पनि नराख्नु, पीताम्बरको मन राख्नका निम्ति उक्त सम्बन्धलाई रसहीन पनि नमान्नु, मुख्य कुरा त उक्त सम्बन्धलाई उसले हरतरहले वेश्याचरण थिएन भनेर प्रमाणित गरिरहनु रमेशसँगको सम्बन्धको सम्मान नै हो।

इन्द्रमायाले रमेश र आफू छुट्टिइसकेपछि पनि रमेशले आफूलाई अनेक सन्दर्भमा बारम्बार स्पष्टीकरण पठाइरहनुलाई कमजोर हृदयको परिचय ठानेकी छ। उसलाई लाग्छ– "रमेश पनि आफ्ना सफाइ पठाएर सम्बन्धको छिपछिपे स्तरपट्टि मात्र उसको ध्यान रहेछ भन्ने प्रमाणित गरिरहेको थियो" (पृ.८३)। पुरुषहरू सधैँभरि प्रेमको सतहमै सीमित हुँदारहेछन् भन्ने आफ्नो दृष्टिकोणलाई इन्द्रमाया यसरी अगाडि सार्छे– "पीताम्बर र रमेश दुवैको सदृश दृष्टिकोण रहेछ" (पृ.८४)। पीताम्बर त उसको आस्थाको डिलबाट झरि नै सकेको थियो। अब बेलाबेलामा अनावश्यक स्पष्टीकरणहरू प्रेषित गरेर रमेश पनि आस्थाको डिलबाट खस्न पुग्यो। अन्यतः उसले ती दुवै पुरुषलाई एउटै देखी। अर्थात् नारीका दृष्टिमा पितृसत्तात्मक समाजका सबै पुरुषहरू एकै कोटिका हुन्छन्। ती दुवै पुरुषहरू इन्द्रमायाको प्रेमको उचाइमा पुग्नै सकेनन् जसले केवल शरीरलाई महत्त्व दिए, भावनालाई होइन। जम्माजम्मीमा रमेश इन्द्रमायाका दृष्टिकोणमा एउटी नारीलाई रमाइलो पार्न सक्ने, प्रेमको सुख त प्रदान गर्न सक्ने तर प्रेमको उचाइमा पुग्न नसक्ने निर्बल पुरुष ठहरिएको छ।

**तीन घुम्ती** उपन्यासका मुख्य पात्रमा एउटी नारी (इन्द्रमाया) र दुईवटा पुरुषहरू (पीताम्बर र रमेश) छन्। यसकारण यस उपन्यासका नारीको पुरुषप्रतिको दृष्टिकोण भनेकै इन्द्रमायाको पीताम्बर र रमेशप्रतिको दृष्टिकोण हो। पीताम्बरसँगको सम्बन्ध भनेको घरभित्रकै पुरुषसँगको सम्बन्ध हो जुन पहिला सहकारितामूलक र पछि द्वन्द्वमूलक रहेको छ। रमेशसँगको सम्बन्ध भनेको

घरबाहिरको पुरुषसँगको र पीताम्बरसँगको सम्बन्ध भनेको घरभित्रको पुरुषसँगको सम्बन्ध हो जुन सम्बन्ध जीवित रहुञ्जेल प्रेमपूर्ण रहेको छ र प्रेमको समाप्तिसँगै सम्बन्ध पनि समाप्त भएको छ। इन्द्रमायाले श्रीमान्को स्थानलाई सम्मानपूर्ण मानेकी छ र त्यसलाई रमेशसँग साझा गर्न रुचाएकी छैन। ती दुवैलाई उसले प्रेम गरेकी छ तर उसका दृष्टिमा ती दुवै प्रेमका छिपछिपे तहमै छन् र उनीहरूले इन्द्रमायाले गरे झैं प्रेम गर्न सकेका छैनन्। जम्माजम्मीमा नेपाली समाजका पुरुष नारीका भावनाका अनुकूल हुन सकेका छैनन् भन्नु नै इन्द्रमायाको पुरुषप्रतिको दृष्टिकोण हो।

## ५.५.१०. समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति

**तीन घुम्ती** उपन्यासकी नारी चरित्र (इन्द्रमाया) ले पाएको संसार पनि बलेसीभित्रकै हो तापनि उसले त्यसै संसारभित्र बसेर पनि उधुम मच्चाएकी छ किनभने एउटी नारीले सामाजिक प्रस्थापनाका विरुद्धको जीवनशैली अँगाल्नु र त्यसलाई विभिन्न तर्कद्वारा उचित सावित गर्ने प्रयत्न गर्दै तिनै तर्कमा दृढ रहनु तत्कालीन सामाजिक परिवेशका सन्दर्भमा नारीका निमित्त उधुम नै हो। त्यति गरिसकेपछि भने ऊ आमाछोरीको जीविकोपार्जनका क्रममा बलेसी बाहिरको संसारमा अवतरित भएकी छ। आफ्ना जीवनमा उसले दुईपटक बलेसीको अतिक्रमण गरेकी छ- एकचोटि पीताम्बरलाई वरण गर्ने क्रममा माइतको बलेसी नाघेकी छ र अर्कोचोटि पीताम्बरलाई त्याग्ने क्रममा श्रीमान्का घरको बलेसी नाघेकी छ। ऊ पहिलो पटकको बलेसीको अतिक्रमणबाट फेरि पनि अर्को बलेसीभित्र सीमित हुन पुगेकी छ भने दोस्रो पटक चाहिँ रोजीरोटी कमाउने उद्देश्यमै सीमित भए तापनि बलेसीबाहिर उभिन पुगेकी छ। समुच्चा औपन्यासिक परिवेशमा **तीन घुम्ती**की नारीको अवस्थितिको स्वरूप यही नै हो।

उपर्युक्त बलेसीभित्रको संसारमा पनि नारी पुरुषको ईर्ष्याको सिकार, समाजको दपेटाइ र आफ्नै संस्कारग्रस्तताले पीडित बनेकी छ। इन्द्रमायाले विवाहका लागि आफ्ना कुलीन संस्कारका विरुद्ध एउटा गरिब तथा पार्टीको राजनीतिमा लागेको पर्वते बाहुन पीताम्बरलाई चयन गरेकामा शैक्षिक उद्देश्यका लागि घरबाहिर जाने काम पनि कटौतीमा परेको छ र ऊ घरभित्रै एक किसिमकी बन्दी झैं बनेकी छ (पृ. ६)। पीताम्बर इन्द्रमायाले आफ्ना साथीसँग हेलमेल गरेकामा ईर्ष्याले ग्रस्त बन्दछ (पृ.१६)। रमेश पनि इन्द्रमायाले पीताम्बरलाई भेट्न जेलमा आफू पनि जान्छु भन्दा “कहाँ जाने भाउज्यू तपाईं, सिपाइहरूको हूलमा। म पुऱ्याइदिइहाल्छु नि। बरु आफू लुगासुगा फेरेर सुग्घर हुनोस्, केही राम्री भएर त बस्नोस्” (पृ.३८ ) भनेर इन्द्रमायाको संसारलाई साँघुरोबाट पनि साँघुरो पार्ने प्रयत्न गर्छ र इन्द्रमाया पनि निर्णायक क्षणमा नपुगिञ्जेल चुपचाप, विनाप्रतिवाद त्यस्ता प्रयत्नलाई स्विकारिरहन्छे।

आफ्नो सानो संसारमा आफ्नै रुचिको स्थापना गर्न खोज्दा ऊ परिवारबाट बिखण्डित र समाजबाट विस्थापित बनेकी छ। परिवार र समाजमा त उसले कुनै उथलपुथल ल्याउन सकेकी छैन, इन्द्रमायासँग सम्बन्ध भाँचिएर पनि पीताम्बर र रमेश दुवैका घरगृहस्थी जमेकै छन् (पृ.८७) तर उसको आफ्नै जिन्दगीमा भने पर्याप्त उथलपुथल आएको छ जसको परिणामस्वरूप उसकी

छोरी रमाको जीवनको अवस्थितिमा परिवर्तन देखा परेको छ। छोरी रमा उपन्यासका अन्त्यमा त्यही बिन्दुमा उभिएकी छ जहाँबाट इन्द्रमायाको जिन्दगीको सङ्घर्षमय पाटाको आरम्भ भएको थियो तर इन्द्रमायाको जीवनस्थितिका विपरीत छोरी रमाको भने सङ्घर्षरहित जीवनारम्भ भएको छ। इन्द्रमायाको एकल प्रयत्नले प्राप्त एउटी नेपाली नारीको जीवनस्थिति हो यो जसलाई यस उपन्यासको प्राप्ति मान्नुपर्ने हुन्छ।

इन्द्रमायाले आफू पीताम्बरजत्तिकै शिक्षित भएर पनि घरबाहिरको संसारमा जानका निम्ति रत्तिभर प्रयत्न नगरी चुपचाप बस्नु, आफ्नो व्यक्तित्व विकासप्रति सचेत नदेखिनु, नारीको घरभित्रको सीमिततालाई स्वाभाविक सम्झनु, त्यस साँघुरो संसारमा शून्यताबोध गर्नु र त्यस बोधको उपचारका निम्ति सन्तानेच्छा प्रकट गर्नु, पीताम्बरबाट आफ्नो यौनेच्छासमेत कुण्ठित भएर पनि आफू एकनिष्ठतामै अटल रहनु तर पनि रमेशको प्रयत्नद्वारा पीताम्बरप्रतिको एकनिष्ठता भङ्ग गर्न तयार हुनु इन्द्रमायाका जीवनले प्राप्त गरेको औपन्यासिक अवस्थिति हो जुन उसले प्राप्त गरेको परम्परागत संस्कारद्वारा निर्देशित छ। मातृत्वलाई नेपाली सामाजिक परम्पराले नारीको ठूलो मौलिक अधिकारका रूपमा लिएको छ र इन्द्रमाया पनि त्यस घेराबाट मुक्त हुन सकेकी छैन। मातृत्व रक्षाका पक्षमा लड्दा उसले बाँकी सबै कुरालाई च्याँखेमा थापेकी छ र मातृत्व जितेर बाँकी सबै कुरा हारेकी छ।

प्रस्तुत उपन्यासमा नारीत्वका दुई पाटाको परिचय दिइएको छ - मातृत्व र प्रियातत्त्व। इन्द्रमायाले मातृत्वरक्षार्थ बाँकी सबै कुरा परित्याग गरेबाट मातृत्वलाई नै नारीत्वको सर्वोपरि परिचय मानेको देखिन्छ। इन्द्रमाया गर्भको अधिकार खोज्छे । हुन त ऊ “यो गर्भ त उसको पो त थियो” (पृ.६२) भन्न पनि पछि परेकी छैन तापनि त्यो उसको सांस्कारिक अभिव्यक्ति मात्र थियो मौलिक थिएन र त्यस्तो सोचाइ एकपल्ट मात्र देखिएको छ। उसले आफूलाई बाली जसले लगाए पनि हरियो हुने धरतीका रूपमा लिएकी छ (पृ.६२)। यसैले उसले गर्भाधान गर्ने व्यक्ति जोसुकै भए पनि फरक नपर्ने मान्यता अघि सारेकी छ। सतीत्वको प्रश्न यही मातृत्वको सहवर्ती भएर आएको छ तर यो परम्पराभिन्न रूपमा आएको छ। नेपाली सामाजिक परम्पराले नारीको सतीत्वलाई आफ्नो नियन्त्रणको कुरा मानेको छ तर इन्द्रमायाले भने यसको ठीक विपरीत सतीत्वलाई समाजलाई मात्र होइन, श्रीमान् हुने व्यक्तिलाई समेत चासो नहुने विषयका रूपमा प्रस्तुत गरेकी छ जसले केट मिलेटको नारीवादी प्रस्थापनासँग मेल खाएको छ।

नारीको जीवन यति धेरै परतन्त्र छ कि उसभित्र समाज मात्र बाँचिरहेको हुन्छ। प्रेम, ईर्ष्या सबै कुरा परतन्त्र व्यक्तिका निम्ति नभएर स्वतन्त्र व्यक्तिका निम्ति हुन्। यसैले यी कुरा पीताम्बरसँग छन् तर इन्द्रमायासँग छैनन्। इन्द्रमाया पीताम्बरको बहुनारी सम्बन्ध थाहा पाएर पनि ईर्ष्याहीन बन्दछे र त्यसलाई ऊ आफ्नो निस्वार्थ प्रेमको संज्ञा दिन्छे तर उता पीताम्बर भने इन्द्रमायाले श्रीमान्का साथीसँग त्यत्तिकै गफगाफ मात्रै गर्दा पनि ईर्ष्याले जल्दछ। इन्द्रमायाले प्रेम गरेको त देखिएको छ तर त्यो पनि परतन्त्र छ। पहिला पीताम्बरसँग प्रेम गर्दा ऊ परिवार र समाजबाट बहिष्कृत बनी, रमेशसँग प्रेम गर्दा पछि आर्जन गरेको समाज र श्रीमान्बाट पनि बहिष्कृत बनी। यसबाट नारीलाई नियन्त्रित प्रेम गर्ने मात्र छुट हुन्छ अन्यथा ती नारीको स्थिति

इन्द्रमायाको जस्तै हुन्छ भन्ने कुराको पुष्टि हुन्छ । सामाजिक प्रस्थापनासँग विद्रोह गर्ने नारीको जीवन असहज र अस्वाभाविक बन्दछ भन्ने दृष्टिकोण प्रस्तुत गर्ने माध्यम बनेको यस उपन्यासकी नारीको औपन्यासिक अवस्थिति पनि सहज र स्वाभाविक देखिएको छैन ।

उपर्युक्त कुराहरू हुँदाहुँदै पनि यस उपन्यासमा नारीको केन्द्रीय अवस्थिति रहेको छ र यसले नायकत्व हासिल गरेको छ । यस उपन्यासका सबै पात्रहरू उसकै परिपार्श्वमा विचरण गर्दछन् र ती सबै आ-आफ्ना आवश्यकताले नभएर इन्द्रमायाको चारित्रिक केन्द्रीयताका आवश्यकताले उपन्यासमा प्रकट हुन पुगेका हुन् । यस उपन्यासका दुई पुरुष पात्र (पीताम्बर र रमेश) का कारणले उसका जीवनमा पर्याप्त उथलपुथल आएको छ, इन्द्रमाया तिनका नियन्त्रणमा रहेको देखिएको छ तापनि ती दुवैले नायकत्वको गरिमा भने प्राप्त गर्न सकेका छैनन्, ती नायकत्व प्राप्त गरेकी चरित्र इन्द्रमायाको सहायक चरित्रका रूपमा आएका छन् । ती इन्द्रमायाको जीवनमा नवीन घुम्ती सिर्जना गर्न सघाउने सहयोगी मात्र हुन्, तिनका आफ्नै लागि कुनै मूल्य र महत्ता देखिँदैन । यस अर्थमा **तीन घुम्ती** उपन्यासमा नारीको अत्युच्च अवस्थिति रहेको भेटिन्छ ।

### ५.५.११ नारीप्रतिको लेखकीय दृष्टि

परम्परागत नेपाली समाजले भ्रष्ट ठहऱ्याउने किसिमको चरित्र बोकेकी इन्द्रमाया उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाकी वैचारिक भूमिकी मुख पात्र हो । उपन्यासकार कोइरालाले नेपाली समाजलाई सुपाच्य नहुने किसिमको चरित्र बोकेकी अस्वाभाविक लाग्ने नारी पात्रका प्रस्तुतिका माध्यमले र उपन्यासका अन्त्यमा आमाकै आदर्शअनुरूप छोरीको जीवनारम्भ भएको सन्दर्भबाट उसको विजय गराएर 'नवोन्मेषशीलता र सङ्घर्षशीलता नै नारीको आदर्श हुनुपर्छ, जसबाट नारीको अस्तित्वको जगेर्ना हुन सकोस्' भन्ने मान्यता स्थापित गर्न खोजेका छन् । उनले इन्द्रमाया असफल नभएको देखाएर सङ्घर्ष गर्न सक्यो भने नारीको जीवन दशाले कोल्टे फेर्न पनि सक्छ भन्ने तर्क प्रस्तुत गरेका छन् । तत्कालीन सामाजिक परिस्थितिमा यौन जीवनका सन्दर्भमा पुरुषभन्दा धेरै सचेत इन्द्रमायाजस्ती बलिष्ठ नारी पात्रको सिर्जना र प्रस्तुति प्रशंसायोग्य कुरा हो । यहाँ इन्द्रमायाको नवोन्मेषशील सङ्घर्ष परिपूर्णताको एउटा व्यक्तित्वको निर्माण गरिएको छ । यसभित्र उसले कतै पनि स्वअस्तित्वलाई बिर्सेर सम्झौता गरेकी छैन । जहाँ-जहाँ ऊ स्वअस्तित्वको सम्झनाविरत हुन नसकेर सम्झौताबाट पलायित भएकी छ, त्यही नै उसको निर्णयको कोसेढुङ्गो हुन पुगेको छ र तिनैले नै उसका जीवनमा नवीन घुम्तीको निर्माण गरेका छन् । उपन्यासमा इन्द्रमायाका चरित्रका केन्द्रीयतामा प्राप्त सुपरिणति उसकै सङ्घर्षशीलता र क्रियाशीलताले प्राप्त भएको हो तापनि उसले आफ्नो उत्तरवयमा सोचेको "उसले निर्णय लिएको भनेको नियतिले कोरेको बाटोमा हिंडेको हो" (पृ.२५) भन्ने अभिव्यक्तिले भने उसको चारित्रिक महत्तालाई न्यून गराएको छ । ईश्वरका छहारीमा आफ्नो जीवनको अस्तित्वको जगेर्ना गर्ने प्रयत्न गर्नु उसका जीवनको परिचय बनेको छ । नारीले जतिसुकै सामाजिक मान्यतालाई अतिक्रमण गर्ने किसिमका व्यवहार अँगाले तापनि ईश्वर भने उसको आस्थाको केन्द्रमा अवस्थित भएकै हुन्छ भन्ने ईश्वरवादी दृष्टिकोणले नारीको सबलतालाई चुनौती दिएको छ । ईश्वरप्रतिको

आस्थाले मनुष्य मात्रको संसारलाई एउटा परिधिभित्र सीमित गरिदिएको छ जुन परिधिको अतिक्रमण जतिसुकै सङ्घर्षशील नारीबाट पनि सम्भव छैन भन्ने दृष्टिकोणले नारीपक्षीय हुन खोज्ने उपन्यासकारको दृष्टिकोणलाई प्रभावित गरेको छ ।

**तीन घुम्ती** उपन्यास यसकी एक्ली सशक्त नारी चरित्र इन्द्रमायाले ४५ वर्षका उमेरमा पुगेर तटस्थ ढङ्गले आफ्नो विगत जीवनमाथि गरेको विहङ्गावलोकन हो जसले आफ्ना प्रत्येक निर्णय त्यतिखेर पर्याप्त मानसिक सङ्घर्ष गरेर लिएको भए तापनि यतिखेर भने त्यसलाई नियतिको खटनका रूपमा लिन पुगेकी छ जुन उपन्यासकारको समेत बार्धक्यको प्रभावको परिणाम हो । उपन्यासकारले नारीको ४५ वर्षको उमेरलाई एक ढङ्गले सक्रिय जीवनको परिसमाप्तिकै रूपमा लिएका छन् । उनी लेख्छन्, “४५ वर्षको उमेर पुगेपछि सायद स्वास्नी मानिसलाई कुनै निश्चित थलोमा पुगेकोजस्तो लाग्छ जहाँबाट अगाडिको सफर गर्नुपर्ने आवश्यकताको अनुभव हुँदैन, मानौं जीवनले भार बिसाएर विश्रामको शान्ति पाउँछ” (पृ.१) । वास्तवमा सक्रियता र क्रियाशीलता नै जीवनका पर्याय नभई बाध्यताका रूपमा रहेका व्यक्तिले जीवनका निश्चित मोडमा पुगेर सँगाल्ने अनुभूति पनि यही हो । सक्रिय उमेरको यो सीमाङ्कन आजका क्रियाशील नारीका लागि उपयोगी नभए तापनि आजभन्दा तीस वर्ष अगाडिकी र घरेलु भूमिकामा रमाउने इन्द्रमायाका लागि भने त्यति धेरै अस्वाभाविक देखिँदैन ।

पितृसत्तात्मक समाजका नारीले आफ्नो अस्तित्व स्थापित गर्नका निम्ति आफ्ना जीवनमा उसले केही विशिष्ट कामहरू नै गर्नुपर्छ, अन्यथा ऊ पनि आम नेपाली नारी भैँ अस्तित्वहीन बन्न पुग्दछे भन्ने उपन्यासकारको सोचले नारीवादी आदर्शको स्पर्श गर्न सकेको देखिन्छ। उपन्यासकारले आफ्नो यो सोच ४५ वर्षीया इन्द्रमायाका मुखबाट व्यक्त गर्न लगाएको देखिन्छ (पृ.२) । यो सिङ्गो उपन्यास एवं इन्द्रमाया स्वयंको चरित्रसमेत यसै दृष्टिकोणद्वारा निर्मित हुन पुगेको देखिन्छ । इन्द्रमायाद्वारा लिइएका तीनवटा निर्णय नै त्यस्तो विशिष्ट कार्य बन्न पुगेको थियो जसले उसको अस्तित्वलाई आम नारीको भन्दा पृथक् र अलग्गै चिनिने किसिमको बनायो । आम मानव समुद्रमा इन्द्रमायारूपी थोपाको पहिचान सजिलै हुनसक्ने भएको छ। यस्तै अलग पहिचानका दृष्टिले उनले नारी चरित्रको सिर्जना गरेका छन् जहाँनिर अस्तित्ववादी नारीवाद प्रकट हुन पुगेको छ र उनको यो सिद्धान्त नियतिवादद्वारा निर्देशितसमेत रहेको छ ।

तत्कालीन नेपाली समाजमा निःसन्तान हुनु र पुत्री नै पुत्रीको जन्म हुनुलाई केवल नारीकै दोष मानिन्थ्यो र आफूतर्फ हेर्दै नहेरी उल्टै इन्द्रमायालाई बन्ध्या भएको दोषारोपण गरेर (पृ.२३) शिक्षित एवं राजनीतिक ढङ्गले सचेत मात्र नभई सक्रियसमेत रहेको पीताम्बरले त्यसै सामाजिक प्रवृत्तिको प्रतिनिधित्व गरेको छ। इन्द्रमाया पीताम्बरको दोषारोपणको प्रतिवाद गर्दै भन्छे, “सन्तान भनेको पति-पत्नीको सम्मिलित सहयोगको सुन्दर रचना हो। खोइ यता त्यो सहयोग ?” (पृ.२३) । वास्तवमा उसलाई आफ्नो दोषको बोध भइसकेको छ तर ऊ त्यस कुरालाई श्रीमतीबाट लुकाउने प्रयत्न गरिरहेको छ भन्ने कुराको पुष्टि ऊ पत्नीसँग तर्की हिंडेबाट भएको छ। इन्द्रमायाभन्दा पछिकी पत्नीबाट पनि पीताम्बर सन्तानवान् भएको सङ्केत नगरेर उपन्यासकारले पनि पीताम्बरको चरित्रमार्फत आफ्नो दोषसमेत नारीका थाप्लामा

खन्याउन खोज्ने पुरुष प्रवृत्तिको उद्घाटन गरेका छन् जसले उनलाई सजिलैसँग नारीका पक्षमा उभ्याएको छ ।

उपन्यासकारले नारीको मातृत्व अधिकारको निकै नै वकालत गरेका छन् र इन्द्रमायाको अन्तिम तेस्रो निर्णय पनि यसैका केन्द्रीयतामा भएको छ जसले इन्द्रमायालाई आफ्ना पूर्वपरिचित सम्पूर्ण सन्दर्भबाट चटक्क चुँडाएर एउटा अर्कै परिस्थितिमा अवतीर्ण गराएको छ । उपन्यासकारले मातृत्वको जिम्मेवारीको गहनतालाई पनि बुझेका छन् । उनी लेख्छन्, "जीवनको रमाइलो अब सिद्धिएजस्तो लाग्थ्यो उसलाई, त्यो त आमा हुने बित्तिकै सिद्धिन्छ क्यार ! अब त केवल रहन गएको छ गाढा सुखको एउटा चिन्तन अनुभव" (पृ.७५) । मातृत्व प्राप्त गर्नु नारीको अधिकारको कुरा हो र त्यो श्रीमान्बाट मात्र प्राप्त हुनुपर्छ अन्यथा त्यो अवैध हुन्छ भन्नु सामाजिक नियम हो जसले व्यर्थै नारीलाई कज्याइरहेको छ भन्ने उपन्यासकारको दृष्टिकोण छ । इन्द्रमाया यसै दृष्टिकोणबाट डोरिएकी छ र ऊ रमेशबाट गर्भवती भएर पनि पीताम्बरमा शिशुका पिताको खोजी गरिरहेकी छ । ऊ रमेशसँगको सामाजिक मर्यादा विपरीतको सम्बन्धबाट गर्भवती भएर पनि अप्रसन्न छैन । बरु ऊ पीताम्बरबाट पूरा हुन नसकेको कार्य आफू एक्लैको जिम्मेवारीमा पूरा भएकोमा गद्गद् भएकी छ (पृ.६२) । इन्द्रमायाको चारित्रिक निर्मिति पुरुषको अक्षमताको सजाय नारीले किन भोग्ने भन्ने प्रश्नबाट उत्प्रेरित छ । उपन्यासकार आफ्नो मातृत्वलाई कुण्ठित गर्ने सामाजिकताको मर्यादालाई सम्मान गरिरहनु आवश्यक ठान्दैनन् र उनको यो दृष्टिकोण इन्द्रमायामार्फत व्यक्त भएको छ । सधैंभरि पुरुषपक्षीय सोचले मात्र प्राथमिकता पाउने गरेकामा उपन्यासकार विश्वेश्वरले यस उपन्यासमार्फत नारीपक्षीय सोचलाई अगाडि सारेका छन् । परम्पराको विखण्डन नगरी नारीपक्षीय सोचले प्रश्रय पाउन सक्तैन र त्यो विखण्डनको मार सोझै नारीमाथि नै पर्छ जसरी इन्द्रमायामाथि परेको छ । सामाजिक मारमा पर्नु सजायको भागीदार बन्नु होइन, बरु आफूलाई त्यसरी मारमा पार्ने आफ्ना कार्यप्रति पश्चातापको भाव नअँगाल्नु चाहिँ पुरस्कृत हुनु हो र त्यही पुरस्कार इन्द्रमायाले प्राप्त गरेकी छ र यो उपन्यासकारको नारीपक्षीय सोचकै
परिणति हो ।

सामाजिक नीतिनियमको उल्लङ्घन नगरीकन नारीपक्षीय सोच अघि बढ्नै सक्तैन, किनभने तीमध्ये कुनै कुरा पनि नारीका हितका कोणबाट निर्मित भएका छैनन्, बरु उल्टै सधैं तिनले पुरुषकै अहङ्कारको रक्षा मात्र गरेका छन् । यिनले पुरुषका आचरणलाई त खासै प्रभावित पारेका छैनन्  तर नारीका आचरणका निम्ति भने ती नेल-हथकडी बनेका छन् । स्त्री पुरुषको सम्बन्धका सन्दर्भमा पनि यही कुरा लागू हुनजान्छ । पुरुषले जतिवटी स्त्रीसँग जेजस्तो सम्बन्ध राखे पनि उसमाथि समाजको औंलो ठडिन्न तर नारीले भने त्यस्तै क्रियाकलाप अँगालेमा उसको जीवन भने तहसनहस भएरै छाड्छ । पीताम्बरका यस्ता किसिमका सम्बन्धमा इन्द्रमायालाई प्रश्न गर्न नलगाएर र आफ्नो रमेशसँगको सम्बन्धलाई पनि "मौलिक सम्बन्धको अजेय आग्रह" (पृ.८४) को संज्ञा दिन लगाएर उपन्यासकारले नारीका कोणबाट सोच्ने परिपाटीको प्रारम्भ गराएका छन् जुन उनको नारीपक्षीय सोचकै परिणाम हो  ।

सम्पत्तिमाथिको नारीको अधिकारहीनताले पनि उपन्यासकारका हृदयमा चिमोटेको देखिन्छ। बाबुको घर छाडेर आएपछि पनि इन्द्रमाया अर्थाभावले ग्रस्त बनेकी छ भने पीताम्बरको घर परित्याग गर्ने बेलामा पनि उसले लैजान सक्ने कुरा केही छैन भन्ने कुराको पुष्टि यस उद्धरणले गरेको छ। "इन्द्रमायाले लुगाफाटोको एउटा सानो पोको पारी। आफ्नो भन्ने नै के थियो र उसँग। बस्, एक जोर लाउने लुगा" (पृ.८५)। पुरुषले आफ्नो गोडामा उभिने चाहना गर्दा उसले केही न केही आर्थिक आधार पाएकै हुन्छ तर नारीले भने त्यस चाहनाको पूर्ति शून्याधारबाट गर्नुपर्दछ र यो विवशता इन्द्रमायाले पनि भोगेकी छ। यसैले नरका सापेक्षतामा नारीको प्रत्येक सङ्घर्ष बढी कष्टकर हुने गर्दछ। उपन्यासकारलाई यस्तो अनुभूति हुनु र त्यसले इन्द्रमायाले एउटा सानो पोको काखी च्यापेर घरबाट निस्केका संवेदनशील क्षणमा संवेदनशील ढङ्गले नै अभिव्यक्ति पाउनु पनि नारीपक्षीय सोच नै हो। नारीपक्षीय सोच नराख्नेका निम्ति यस्तो सन्दर्भ उल्लेखनीय नै ठहरिँदैन।

नारी-नर एकसाथ सुख दुःखका साथ जीवन भोग गर्छन् तापनि त्यसको एकोहोरो असर भने केवल नारीका थाप्लामा दूरगामी ढङ्गले पर्दछ। जीवनको कुनै एउटा सुदूर कुनामा नारीले नरकै साथमा गरेको सामाजिक मान्यता विपरीतको कामको परिणामको असर नरको त वर्तमानमै समेत पनि त्यति स्पष्ट ढङ्गले नपर्न सक्छ तर नारीको भने जीवनको अन्तिम घडीसम्म पनि त्यसले पछ्याउन छाड्दैन। उपन्यासकारले यस कटुसत्यलाई महसुस गरेका छन् भन्ने कुरा निम्नलिखित अभिव्यक्तिबाट स्पष्ट हुन्छ-

> आजकाल पीताम्बर एउटा दलको नेता भएर सम्मानको पदमा आसीन छ। उसले गृहत्याग गरेको केही महिनापछि एउटा राजनीतिक अनुगामिनीसँग उसले बिहा गऱ्यो रे। सुखसँग छ रे। दुलही पनि सिपालु छ रे -गृहकाजमा निपूर्ण र दुलाहालाई रिझाएकी छ रे। रमेश पनि सम्पन्न र सुखी छ रे। बाबुसँग झगडा गरेर आफ्नो अंश लिएर छुट्टियो रे ऊ, आजकल संसद्का सदस्य छ रे, मनग्य छोराछोरी पनि छन् रे उसका (पृ.८७)।

दुःखी र एक्लो जीवन बित्यो त केवल इन्द्रमायाको मात्रै किनभने पितृसत्तात्मक समाज नारीको नभएर नरको मात्र हो। नारीका कोणबाट नारीका दुःखको मूल्याङ्कन गर्नु भनेको पितृसत्तात्मक आदर्श (अनादर्श ?) माथिको चुनौती हो र यो चुनौती उपन्यासकार कोइरालाले दिएका छन्।

**तीन घुम्ती** उपन्यासमा चित्रित सबै नारी चरित्रको आपसी सम्बन्धलाई सकारात्मक कोणबाट मात्र प्रस्तुत गर्नु उपन्यासकारको नारीप्रतिको सद्भाव नै हो। अन्यथा नेपाली समाजका पुरुष लेखकहरू 'नारीहरूको आपसमा कटुतापूर्ण सम्बन्ध मात्रै हुन्छ' भन्ने पूर्वाग्रह राखेर लेख्न बस्छन्। यही सद्भाव र सकारात्मकता इन्द्रमायाका सन्दर्भमा पनि प्रदर्शित भएको छ। इन्द्रमाया परम्परागत नेपाली समाजका दृष्टिमा भ्रष्ट ठहरिए तापनि लेखकको भने उसप्रति पूर्ण सहानुभूति छ। नवीन सामाजिक मूल्यमान्यताको स्थापनाका सन्दर्भमा इन्द्रमायाको चारित्रिक उपस्थापन हुन पुगेको छ। इन्द्रमाया सामाजिक सङ्घर्षका मैदानमा एक सदस्यीय सेनाको एक्लो सेनाध्यक्ष बनेकी

छ। उपन्यासकारले संवेदनशील परिस्थितिको निर्माण गरेर इन्द्रमायाको चरित्रलाई विजयी तुल्याएका छन्। लेखकको सहानुभूति नपाएकी भए इन्द्रमाया पतित सावित हुनसक्थी। जीवनका परिस्थितिले निर्माण गरेको गोरेटामा हिंड्दा नारी एक्लै दोषभागी हुने देशकालकी इन्द्रमायाको चारित्रिक गरिमा उठाउने काम लेखकले नै गरेका हुन्। यस्तै जीवन स्थितिका कैयौं नेपाली नारीहरू साहित्यमा अधिकांशतः नकारात्मक कोणबाटै प्रस्तुत हुने गरेको इतिहास छँदैछ।

उपन्यासकार कोइराला प्रकृतिलाई शाश्वत मान्छन्। **तीन घुम्ती** उपन्यासमा पनि नारी प्रकृति र पुरुष प्रकृतिका रूपमा यही दृष्टिकोण आएको छ। एक अर्काबाट दैहिक सुख प्राप्त गर्नुलाई उनी स्त्री पुरुषका बिचको मौलिकता ठान्दछन् जुन उनको प्रकृतिवादी दृष्टिकोणबाट निर्देशित छ। इन्द्रमायाको दृष्टिकोण पनि यही हो। संस्कारवश ऊ पापबोध गर्छे तर चेतनाको तर्कवितर्कद्वारा भने त्यसलाई स्वाभाविक मान्दछे। सहज आकर्षणद्वारा निर्देशित स्त्रीपुरुष सम्बन्धलाई ऊ वरण्य ठान्दछे। यही दृष्टिकोणले ऊ पीताम्बरसँग पनि रमेशसँगको सम्बन्धको कुरा लुकाउँदिन, छोरीको जन्मलाई अवैध ठान्दिन र स्त्रीपुरुषको मौलिक सम्बन्धलाई स्वाभाविक रूपमा स्विकार्न ऊ पीताम्बरलाई समेत आग्रह गर्दछे। पीताम्बरलाई छोरी स्विकार्न आग्रह गर्नु यसै दृष्टिकोणको परिणाम हो।

इन्द्रमाया संस्कारका सन्दर्भमा परम्परागत नै हो। छोरीले प्रेम गरेको केटासँग बाबुआमाले विवाह नगरिदिनु र छोरीले बाबुआमाको घर परित्याग गरेर प्रेमीलाई श्रीमान्का रूपमा वरण गर्नु पनि नेपाली समाजको परम्परा नै बनिसकेको छ। यस अर्थमा इन्द्रमायाको पहिलो निर्णय परम्पराकै निर्वाह हो। प्रथमका सापेक्षतामा द्वितीय निर्णय जटिल हो तापनि यो नेपाली समाजको असम्भवताभित्र पर्दैन। एउटा श्रीमान् हुँदाहुँदै परपुरुषसँग सम्बन्ध स्थापित गर्नु पनि आफ्नी श्रीमती एकनिष्ठ होस् तर अरूका श्रीमतीसँग आफूले सम्बन्ध राख्न पाइयोस् भन्ने पितृसत्तात्मक दृष्टिकोण भएको नेपाली समाजका लागि नौलो कुरो होइन तापनि इन्द्रमायाले झैं त्यस्तो सम्बन्धलाई हाकाहाकी स्विकार्ने प्रवृत्ति भने आम होइन। यहीँनिर उपन्यासकारले आफ्नो प्रकृतवादी दृष्टिकोणलाई इन्द्रमायामा प्रक्षेपित गरेका छन् र यसै दृष्टिकोणमार्फत इन्द्रमाया तर्कशील, सहज र जुझारु बनेकी छ। इन्द्रमाया कुनै पनि नरनारीमा स्वाभाविक आकर्षणवश दैहिक सम्बन्ध स्थापित हुनु र त्यसमा रसहीनताको अनुभव नहुनुलाई नरनारीको मौलिकता ठान्दछे र यस्तो मौलिकतापूर्ण सम्बन्ध स्थापित हुनुलाई इन्द्रमाया अस्वाभाविक ठान्दिन। यस अर्थमा इन्द्रमायाको चारित्रिक प्रस्तुति नेपाली उपन्यास जगत्कै सापेक्षतामा नौलो हो जसका माध्यमले नारीले नवीन औपन्यासिक प्रस्थापना प्राप्त गरेकी छ। यो लेखकको नारीप्रतिको नवीन दृष्टिकोण हो जसले नारीको सतीत्व र मातृत्वका बारेमा चर्चा गरेको छ। सतीत्वलाई नारीकै मात्र सरोकारको विषय ठानिनु र इन्द्रमायालाई त्यसै पक्षमा तर्कशील र सङ्घर्षशील तुल्याउनु लेखकको नारीप्रतिको नवोन्मेषशील सकारात्मक दृष्टिकोण हो।

नर र नारीका बिचको प्रेम सम्बन्धलाई मौलिक ठान्ने उपन्यासकार परपुरुष वा परस्त्रीसँग सम्बन्ध गाँस्नुलाई भन्दा पनि त्यसलाई हेर्ने दृष्टिकोणलाई बढी महत्त्वपूर्ण ठहर्‍याउँछन्। इन्द्रमायाले रमेशसँग सम्बन्ध गाँस्नुलाई त्यही मौलिकताका रूपमा स्विकारेकी छ र पीताम्बरको

परनारीसँगको सम्बन्धलाई पनि त्यही दर्जा दिएकी छ तर पीताम्बरले भने इन्द्रमायाको रमेशसँगको सम्बन्धलाई अवैध र आफ्नो अन्य नारीसँगको सम्बन्धलाई वैध ठानेको छ। त्यस्तै रमेशले आफ्नै ढिपीले इन्द्रमायासँग दैहिक सम्बन्ध स्थापित गरेको भए तापनि त्यसमा उसले पर्याप्त सङ्कोच अनुभव गरेकाले त्यस सम्बन्धलाई सम्मान दिन नसकेको बुझिन्छ। परम्परागत नेपाली दृष्टिकोणबाट नियाल्दा इन्द्रमाया, पीताम्बर र रमेश तीनैजना अमर्यादित लागे तापनि उपन्यासकार कोइरालाको नरनारीका बिचको प्रेमलाई परिभाषित गर्ने नवीन प्रस्थापनाले भने ती दुई पुरुष पात्रका सापेक्षतामा नारी पात्र इन्द्रमायालाई पवित्र ठहऱ्याएको छ। परम्परागत नेपाली समाजले इन्द्रमायाको जस्तो चरित्रलाई वेश्याचरणकै संज्ञा दिने गरेको भए तापनि उपन्यासकार कोइरालाले भने विवाहित नारीले परपुरुषसँग प्रेमसम्बन्ध राख्दैमा त्यो वेश्याचरण ठहरिन्न भन्ने दृष्टिकोण अघि सारेका छन्। इन्द्रमायालाई रमेशसँगको सम्बन्धमा पटक-पटक सुखबोध भन्न लगाएर त्यसलाई वेश्याचरणभन्दा उपल्लो दर्जा प्रदान गर्दै अतिरिक्त मूल्यवत्ता प्रदान गरेका छन् जसले नारीलाई एक्लै बहन गर्दै आउन बाध्य हुनु परेको दोषभागिताबाट मुक्त गर्दै पुरुषका तुलनामा उपल्लो कोटिमा स्थापित गरिएको छ।

उपन्यासकार कोइरालाले इन्द्रमायाका रूपमा निकै बलियी नारी चरित्रको स्थापना गर्ने प्रयत्न गरेका हुन् तापनि उनको नियतिवादले भने त्यस चरित्रलाई हुनसक्ने जति बलियी हुनमा बन्देज लगाएको छ। लेखकको नियतिवादले इन्द्रमायाको चरित्रलाई फितलो बनाएको छ। जुन उमेरमा इन्द्रमायाले आफ्ना जीवनका तीनवटा घुम्तीहरू पार गरी, त्यसबेला त उसले नियतिका चौतारामा निर्णयको भारी बिसाएकी छैन तर पूर्वजीवनका समग्र घटनालाई स्मरण गरिरहेकी ४५ वर्षीया प्रौढ इन्द्रमायाले भने नियतिको शरण लिएर ती निर्णय लिनुका पछाडिको बलिष्ठतालाई फितलो सावित गर्न पुगेकी छ। लेखकको नियतिवादले नारीको अकुण्ठित मनुष्यत्वको पहललाई निर्बल तुल्याएकाले नारीमाथि न्याय पुग्न नसकेकै देखिन्छ।

उपन्यासकार कोइरालामा निहित व्यक्तिवादी दृष्टिकोणले पनि इन्द्रमायालाई चारित्रिक गरिमाको सम्भाव्यताबाट च्युत गराएको छ। इन्द्रमायाको चरित्रमा निहित साहस र दृढतालाई सामाजिक हैसियत प्रदान गरिएको भए ऊ नेपाली उपन्यास जगत्की एक अब्बल दर्जाकी नारी पात्र बन्न सक्ने थिई। यसरी **तीन घुम्ती** उपन्यासकी प्रमुख नारी चरित्र इन्द्रमाया उपन्यासकारको व्यक्तिवादी चिन्तनले गर्दा क्रान्तिकारी नभएर स्वेच्छाचारी चाहिँ बन्न पुगेकी छ।

उपन्यासकार पुरुष हुनाले पनि उसको नारीप्रतिको दृष्टिकोणलाई पर्याप्त प्रभावित गरेको छ। इन्द्रमायामार्फत नारीका चरित्रको व्याख्या गराएर पुरुषलाई श्रेष्ठ र नारीलाई हीन सावित गर्ने प्रयत्न पनि भएको छ जुन लेखकमा रहेको पितृसत्तात्मक दृष्टिकोणकै परिणाम हो। यसले उनलाई सचेत रूपमा नारीपक्षीय हुन खोज्दाखोज्दै पनि असचेत रूपमा भने पुरुषपक्षीय नै बनाएको छ। उनी इन्द्रमायालाई नारीमा एकोहोरो हठ हुन्छ त भन्न लगाउँछन् तर त्यसो हुनुको कारणको विश्लेषण गरिरहने आवश्यकता भने देख्दैनन्। इन्द्रमाया आवश्यक हुँदासमेत पनि असिहष्णु बन्न सकेकी छैन, ऊ आफूलाई श्रीमान् (पिताम्बर) र प्रेमी (रमेश) दुवैकी सेविका ठान्छे र सोही अनुरूप आचरण अँगाल्छे, घरभित्रका कामको दायित्व आफू एक्लैको ठान्छे र श्रीमान्जत्तिकै

शिक्षित भएर पनि गृहस्थीकर्ममै समर्पित र सन्तुष्ट हुन्छे। त्यहाँबाट बाहिर निस्केर समाजलाई स्वव्यक्तित्वको पहिचान दिलाउने प्रयत्न गर्दिन। प्रेमको दाता र कर्तासमेत ऊ पुरुषलाई नै ठान्छे। यी सब कुरामा लेखकको पुरुषवादी संस्कार नै जिम्मेवार देखिन्छ। यदि उसका जीवनमा ती तीनवटा निर्णयले तीनवटा घुम्तीको निर्माण नगरेको भए उसको जीवनचरित्र आम नेपाली नारीको भन्दा पृथक् हुने थिएन। उसका अघिल्ला दुईवटा निर्णयले परिस्थितिको अनुकूलताको निर्माण गरेका छन्। उसको तेस्रो निर्णयले मात्र उसलाई सही अर्थमा व्यक्तित्वशाली तुल्याएको छ।

पीताम्बरको दृष्टिकोण र चरित्र पहिले नै प्रष्ट भइसकेर पनि उसबाट पुत्री तिरस्कृत हुँदा इन्द्रमायाले दुःख मान्नु व्यर्थ हो र यो व्यर्थता उसका तीनवटा निर्णयका अगाडि नसुहाउँदो कुरा हो। यस उपन्यासमा यो प्रसङ्ग निरर्थक देखिन्छ। अवैध ढङ्गले जन्मिएकी छोरीका निम्ति पीताम्बरजस्तो परम्पराभीरु व्यक्तिबाट प्रेमको अपेक्षा गर्नु इन्द्रमायाको मूर्खता हो। यस प्रसङ्गमा इन्द्रमाया लेखकको सतर्कताहीनताले मूर्ख बनाइएकी छ।

इन्द्रमायाको चरित्रलाई नारीवादी कोणबाट मसिनोसित विश्लेषण गर्ने हो भने त्यहाँ पर्याप्त त्रुटि भेटिन्छन् तापनि उसले गरेका तीनवटा ठूला निर्णयले तिनलाई ढपक्क ढाकिदिएका छन्। वास्तवमा एउटा पुरुष स्रष्टाले नारीगरिमाको स्थापनाका क्रममा सूक्ष्म पाराले प्रस्तुत हुन नसक्नु अस्वाभाविक कुरा होइन। इन्द्रमायाका सापेक्षतामा पीताम्बर र रमेश दुवै निरीह सावित हुन पुग्नुले लेखक सांस्कारिक रूपमा जे जस्तो रहे तापनि सचेत रूपमा भने नारीपक्षीय नै देखा परेका छन्। परम्पराभीरु, धर्मभीरु, पितृसत्तात्मक समाजको पुरुषले नारीका पक्षबाट यत्तिको साहसिलो र बौद्धिक चरित्रको निर्माण गर्नु चानचुने कुरा होइन।

मनुष्यत्वका कोणबाट हेर्दा नारी उत्पीडित छ र त्यस उत्पीडनका निम्ति उपचारको आवश्यकता छ भन्ने बोध लेखकमा देखिन्छ। त्यसका निम्ति परमेश्वरको भर र सहनशीलताको आधारलाई यिनले पनि पछ्याउन छाडेका छैनन्। यस उपन्यासमा उत्पीडित नारीको आत्मनिर्भरतातर्फको प्रयाण भने उसको उत्पीडन मुक्तिको सर्वोत्तम कार्य हुन पुगेको छ। यसका माध्यमले उसको स्वाभिमानको रक्षा हुन सकेको छ। यसरी नियाल्दा यस उपन्यासमा लैङ्गिक चेतना पनि झल्कन्छ र नारीमाथि नैतिकताको एकपक्षीय बन्धन लादिएकाले ऊ पीडित भएकी हो भन्ने बोध पनि प्रकट भएको छ। गाँसबासभन्दा स्वाभिमानरक्षा ठूलो हो भन्ने दर्शनद्वारा उत्प्रेरित दृष्टिकोण र उत्पीडनकारीको परित्याग एवं आत्मनिर्भरताको वरणका माध्यमले नारी उत्पीडनरूपी समस्याको समाधान खोजिएको छ। नारीका समस्याको समाधानका सन्दर्भसँग गाँसिएर आएको भए तापनि इन्द्रमायाको आत्मनिर्भरताको प्रश्नले भने नेपाली समाजको समसामयिक यथार्थलाई राम्रोसँग पक्रन सकेको देखिन्छ। परनिर्भरता नारीका जीवनका समस्याको कारक हो भन्ने यथार्थलाई उपन्यासकारले राम्रैसँग अनुभूत गरेको र त्यस सत्यतथ्यलाई यस उपन्यासमा समेत व्यक्त गरेको देखिन्छ। नारीका सतीत्व-मातृत्वजस्ता यावत् कुराको परिभाषाको आधारसमेत त्यही परनिर्भरता बनेको कुरालाई लेखकले आंशिक रूपमा मात्र अनुभूत गरेको देखिन्छ। यस उपन्यासमा नारी समस्याको समाधान सामाजिक ढङ्गमा भन्दा पनि व्यक्तिगत ढङ्गमा खोजिएको

छ । सामाजिक चेतनाभन्दा पनि व्यक्ति चेतनामा आधारित समाधान प्रस्तुत गर्नु यस उपन्यासको लक्ष्य हो ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले **तीन घुम्ती** उपन्यासमा मूल नारी चरित्र इन्द्रमायाका केन्द्रीयतामा नारीपक्षीय दृष्टिकोण प्रस्तुत गरेका छन् । उनले नारी सन्दर्भलाई पूर्ण मनुष्यत्वका कोणबाट प्रस्तुत गरेका छन् र यसको मार्गदर्शन अस्तित्ववादी चिन्तनबाट प्राप्त भएको छ । कोइरालाले नेपाली समाजका नारीहरूको जीवन समस्याग्रस्त छ भन्ने कुरा अल्प मात्रामै भए पनि बुझेका छन् तर त्यसको कारकको खोजी नगर्ने आफ्नो प्रवृत्तिले उनलाई समाजको पितृसत्तात्मक संरचनाको विश्लेषणसम्म पुग्न दिएको छैन । उपन्यासकारको उक्त नारी पक्षधरताले समग्र नारीको सामाजिक मुक्तिसँग नभएर व्यक्ति नारीको मुक्तिसँग मात्र सरोकार राखेको छ र त्यो पनि यौन सन्दर्भमा मात्र केन्द्रित छ । नारीको व्यक्तिगत यौन स्वतन्त्रताको वकालत गर्ने यस उपन्यासको नारी पक्षधरता अस्तित्ववादसँग जोडिएको छ । यसैले प्रस्तुत उपन्यासमा प्रकट भएको नारीवादलाई अस्तित्ववादी नारीवादको संज्ञा दिनु उपयुक्त हुन्छ ।

### ५.५.१२ **निष्कर्ष**

राणा शासनकालका अन्तिम समय सन्दर्भतिरको लगभग ११ वर्ष अवधिको मूल औपन्यासिक सक्रिय समय रहेको (वि.सं.१९९६-२००७) **तीन घुम्ती** उपन्यास काठमाडौंकै परिवृत्तमा सीमित छ । यो पुरुषको तत्कालीन सामन्ती संस्कारजन्य सोच र नारीको समयभन्दा निकै अग्रगामी तथा देश-काल-परिस्थितिसँग नसुहाउँदो सोचका बिचको सङ्घर्षका कारणले दाम्पत्य जीवनमा परेको दुष्प्रभाव एवं त्यसैको परिणामस्वरूप प्रभावित बनेको नारीको जीवन स्थितिलाई नारीकै कोणबाट प्रस्तुत गरिएको उपन्यास हो । उपन्यासको आदि, मध्य र अन्त्य सर्वत्र प्रमुख भूमिकामा नारी (इन्द्रमाया) नै प्रस्तुत भएकी छ र उपन्यासको समग्र चिन्तनलाई नारीकै दृष्टिकोणबाट प्रस्तुत गरिएको छ । मूल रूपमा त्यस नारीको आस्तित्विक चेतना र त्यसैसँग जोडिएर आएको सतीत्वको नवीन परिभाषा एवं आफ्नो जीवन-चिन्तनप्रतिको दृढ आस्थाका कारणले त्यस नारी चरित्रको जीवन सङ्कटग्रस्त बनेको छ ।

आफ्नो जीवनमाथिको आफ्नै नयाँ परिभाषा, सो अनुसारको जीवन प्राप्तिका निम्तिको सक्रियता र त्यसपश्चात् प्राप्त परिणतिको स्वीकार नै इन्द्रमायाका जीवनका पहिचान हुन् । ऊ पूर्ण मानव अर्थात् पुरुषजस्तै पूर्ण भएर बाँच्न चाही तर परिस्थितिले साथ दिएन । जीवन कष्टपूर्ण हुँदा पनि ऊ विचलित भइन र नारी जीवनको नयाँ मूल्य स्थापना गर्ने प्रयत्नतर्फ समर्पित भइरही । अर्थात् उसले पुरुषको अस्तित्वको झैं नारीअस्तित्वको पनि जगेर्ना गर्न चाही ।

प्रस्तुत उपन्यास सामाजिक चेतनामा नभएर व्यक्तिचेतनामा आधारित रहेको, नारी समस्याको विश्लेषण सामाजिक सन्दर्भमा नभएर व्यक्तिगत सन्दर्भमा भएको र नारी समुदायको मुक्तिभन्दा पनि व्यक्ति नारीको स्वच्छन्द जीवन-परिभाषालाई महत्त्व दिएर लेखिएको यस उपन्यासको चिन्तनको धरातल अस्तित्ववादी किसिमको छ । त्यही चिन्तनलाई नारीका कोणबाट

प्रस्तुत गर्दा त्यो अस्तित्ववादी नारीवाद बन्न पुगेको छ र यो **तीन घुम्ती** उपन्यासकी इन्द्रमायाका चरित्रचित्रणमा प्रकट भएको छ ।

## ५.६ 'अनिँदो पहाडसँगै' उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण

यहाँ पारिजातको **अनिँदो पहाडसँगै** उपन्यास (वि.सं.२०३९)लाई पृष्ठभूमि, औपन्यासिक शीर्षक, औपन्यासिक स्थानगत-कालगत र वर्गीय सन्दर्भका साथै मूल नारी समस्याका विभिन्न पक्ष, औपन्यासिक परिणति र सन्देश, प्रमुख नारी चरित्रको विश्लेषण, नारीजगत्, नारीपुरुष दृष्टिकोण, औपन्यासिक समष्टि नारी अवस्थिति र लेखकीय नारी दृष्टिकोणजस्ता कोणबाट नारीवादी साहित्यिक समालोचनाका आधारमा क्रमशः केलाई मूल्याङ्कन प्रस्तुत गरिएको छ (५.६.१-५.६.११) ।

### ५.६.१ पृष्ठभूमि

पारिजात (विष्णुकुमारी वाइवा, जीवनकाल : वि.सं.१९९०-२०५०) ले वि.सं. २०२२ मा **शिरीषको फूल** उपन्यास प्रकाशित गरेर नेपाली उपन्यास जगत्मा विसङ्गतिमूलक तथा निस्सारतावादी पहिचानसहित प्रवेश गरेकी हुन् । उनको यो उपन्यासलगायत **महत्ताहीन**(२०२५), **बैंसको मान्छे** (२०२९), **तोरीबारी, बाटा र सपनाहरू** (२०३३), **अन्तर्मुखी** (२०३५), **उसले रोजेको बाटो** (२०३५), **पर्खालभित्र र बाहिर** (२०३५), **अनिँदो पहाडसँगै** (२०३९), **परिभाषित आँखाहरू** (२०४६) र **बोनी** (२०४८) गरी जम्मा दसवटा उपन्यासको प्रकाशन भएको देखिन्छ ।

पारिजातको प्रथम प्रकाशित उपन्यास **शिरीषको फूल** शीर्षकदेखि नै निस्सारतावादी रहेको छ । प्रस्तुत उपन्यासका केन्द्रमा नारी नै अवस्थित छ र सकम्बरी यसकी प्रमुख नारी चरित्र हो । कसैलाई पनि नटेर्ने र कसैसँग पनि नदबीकन व्यवहार गर्ने सकम्बरीको बुलेट पड्किएजस्तो आवाजसमेत भएको चरित्रचित्रणले त नारीलाई महिमाशाली रूपमा नै प्रस्तुत गरिएको आभास हुन्छ तर उपन्यासको शीर्षकको अर्थसँग सकम्बरीको जीवनको समतुल्यताले भने यहाँ नारीगरिमा नभएर नारीलघिमा चाहिँ प्रकटित हुन पुगेको छ । ऊ आफ्नो शोषण गर्न आउने भमरालाई आफूभित्र थुनेर मार्ने सुनगाभाको आदर्शको महिमागान त गर्छे तर आफू त्यस्ती हुन सक्तिन । ऊ भमराको एउटै पादप्रहारमा झर्ने शिरीषको फूल बन्न पुगेकी छ किनभने ऊ सुयोगवीरको एउटा चुम्बनको पीडाले मरेकी छ । सिङ्गो मानवजीवनलाई नै निस्सार अनुभव गर्ने पारिजातले नारी जीवनलाई पनि सोही सारमा प्रस्तुत गरेकी छन्  र सो निस्सारताभित्र नारीवादी दृष्टिकोणको स्थान हुँदैन ।

पारिजातको दोस्रो उपन्यास **महत्ताहीन** जीवनको महत्ताहीनताको अर्थ बोकेर आएको छ । पुरुष पात्र (म पात्र)का केन्द्रीयतामा रचित यस उपन्यासका के नारी ? के पुरुष ? सबै अर्थहीन

जीवन बाँचिरहेछन् र मर्नेले पनि अर्थहीन मृत्युवरण नै गरेका छन् । म पात्रकी पत्नीले अर्थहीन मृत्यु पाएकी छ । म पात्र, भट्टीमा आउने विभिन्न पुरुष पात्रहरू, जोगी, शिया, शियाकी धर्मआमा सबै अर्थहीन बाँचिरहेछन् । कतै कुनै जीवनवादी अर्थ नै प्रक्षेपित हुन नसकेको यस उपन्यासमा नारी पात्रको जीवनको विशिष्टता खोजिनु अर्को अर्थहीन, महत्ताहीन काम हो ।

पारिजातको तेस्रो उपन्यास **बैंसको मान्छे** पुरुषकेन्द्री उपन्यास हो । यसमा म पात्र (नायक) र पियन केटो दुवै पुरुष पात्रहरू उपन्यासको केन्द्रीय भूमिकामा प्रस्तुत भएका छन् । एउटा अल्पशिक्षित (आइ.ए.उत्तीर्ण नभएको) बेरोजगार निर्धन युवा (म पात्र) देशका कुव्यवस्थाको घट्टमा पिंधिदा-पिंधिदा अन्त्यमा हार खाएर ज्यानमारासम्म बन्न पुगेको यथार्थ एकातिर र अर्कातिर कुनै सरकारी कार्यालयको पियन (जसले गान्टे मूलाको झोल र भात आधा पेट मात्र खान पाउँछ) केटो जो कुपोषणले क्षयरोगी बनी अन्त्यमा उपचार नपाएर मर्नु परेको यथार्थलाई उपन्यासको मूल कथ्य बनाइएको छ । यस उपन्यासका सहायक पात्रका रूपमा मात्र तरुणी आमा ('म' पात्रकी आमा), स्यामो र गोल्ड्याङ्ग्री आएका छन् । यी तीनैजना नारी पात्रले पनि नेपाली समाजको विसङ्गतिको चित्रण त गरेका छन् तर त्यसका  विरुद्ध नजुधी तिनीहरू उल्टै त्यसका सिकार मात्र भएका छन् । तत्कालीन नेपाली समाजको विसङ्गतिको भण्डाफोर गर्ने उद्देश्यले लेखिएको यस उपन्यासको दृष्टिकोण मानवतावादी रहेको छ ।

पारिजातको अर्को उपन्यास **तोरीबारी, बाटा र सपनाहरू** नारीकेन्द्री उपन्यास हो । यसमा 'म' पात्रका रूपमा आएकी नारीको केन्द्रीय भूमिकाका परिसरमा बूढीआमा, आमा, भाउज्यू आदि सहायक र भान्से बज्यै, म पात्रकी विद्यार्थी जीवनकी साथी, होटेलवाल्नीहरू गौण नारी पात्रका रूपमा प्रस्तुत भएका छन् । पुरुषमध्येमा उल्लेखनीय पात्र 'म' पात्रको दाइ हो । उसबाहेक भाइ, यात्राका क्रममा भेटिएका केही पुरुषहरू क्षणिक उपस्थितिमा रहेका छन् । यस उपन्यासकी प्रमुख नारी पात्रका चारित्रिक वैशिष्ट्य नेपालको जस्तो बन्द समाजकी एउटी छोरीले स्वतन्त्र यायावरीय आकाङ्क्षा पाल्नु, जीवनलाई उन्मुक्ततामा भोग्न चाहनु, विवाहलाई बन्धनका रूपमा अर्थ्याउनु र आफू सो बन्धनमा नपर्नु, आर्थिक ढङ्गले आत्मनिर्भर हुने आकाङ्क्षा राख्नु नै हुन् । उसले आफ्ना इच्छाका पक्षमा समाजसँग सङ्घर्ष गर्ने क्रममा दाजुको भरथेग प्राप्त गरेकी छ र ऊ सफल पनि भएकी छ । समग्रमा यो उपन्यास नारीको आत्मनिर्णयको वकालत गर्ने उद्देश्यले लेखिएको देखिन्छ र त्यो कुरा सपनाका स्वरूपमा प्रकट भएको छ ।

यिनै पारिजातको अर्को उपन्यास **अन्तर्मुखी** विशुद्ध नारीकेन्द्री उपन्यास हो । विविध स्तरका नारी चरित्रका पृष्ठभूमिमा लेखिएको यस उपन्यासले एकातिर नारीमाथिका चौतर्फी शोषण उत्पीडनका कुराहरू व्यक्त गरेको छ भने अर्कातिर नारी चरित्रका स्तरहीनताका कुराहरू पनि उठाएको छ । उपर्युक्त दुवै सन्दर्भ नेपाली समाजका विशिष्टता हुन् । यस्तो बन्द समाजमा यस्तै घटना-दुर्घटनाहरू भइरहन्छन् । सरला (प्रमुख नारी पात्र)को चरित्र निर्माणको पृष्ठभूमि पनि नेपाली समाज नै हो । नेपाली समाजका अधिकांश नारी चरित्रका सम्भावनालाई यस उपन्यासले प्रस्तुत गरेको छ । समाजको आमूल परिवर्तनविना नारीको जीवन स्थितिमा पनि परिवर्तन आउँदैन भन्दै यसका लागि राजनीतिक परिवर्तन आवश्यक हुन्छ भन्ने सन्देश मुखरित गराउनकै लागि

समर नामक पुरुष पात्रलाई उपस्थित गराइएको छ। यस उपन्यासकी प्रमुख नारी पात्र सरला जीवनमा असीमित सङ्घर्ष त गर्छे तर त्यो सङ्घर्ष नारी मुक्ति वा सामाजिक मुक्तिका लागि नभएर जीवनको यथास्थिति भोग्नका लागि मात्र गरिएको छ। उपन्यासका अन्त्यमा उसलाई जीवनको सोद्देश्यताप्रति उन्मुख भएको सम्म देखाइएको छ।

उपन्यासकार पारिजातको अर्को उपन्यास **उसले रोजेको बाटो** राजनीतिक उद्देश्यप्रति लक्षित छ र यो पुरुषकेन्द्री उपन्यास हो। यस कृतिले प्रमुख पुरुष पात्र ज्ञानेको जीवनको आर्थिक र सामाजिक सङ्घर्षका अनेक आयामलाई प्रस्तुत गर्दै तिनकै पृष्ठभूमिमा ऊ क्रान्तिमा पूर्णकालिक भएर लागेको कथानक प्रस्तुत गरेको छ। ज्ञाने व्यक्ति पात्र नभएर प्रतिनिधि पात्रका रूपमा आएको छ। निम्न आर्थिक वर्गका नेपाली पुरुषहरूले गर्ने जीवन सङ्घर्ष र त्यसैको परिणामस्वरूप देखा परेको क्रान्तितर्फको उन्मुखतालाई यस उपन्यासले प्रस्तुत गरेको छ। यस उपन्यासमा स्पष्ट रूपमा देखा परेको नारी चरित्र गङ्गा मात्रै हो जसको उपस्थिति केन्द्रीय महत्त्वको नभएर सहायक मात्र रहेको छ। नारीका जीवनका समस्या खोतल्ने र तिनको समाधान गर्नेतर्फ यो उपन्यास क्रियाशील नरहेकाले यसलाई नारीवादी चिन्तन बोकेको उपन्यास मान्न सकिँदैन।

**पर्खालभित्र र बाहिर** उपन्यासकार पारिजातको अर्को एउटा राजनीतिक उपन्यास हो। यो पुरुषकेन्द्री उपन्यास हो र रमेश भन्ने रामबहादुर यसको नायक हो। अन्य महत्त्वपूर्ण पुरुष पात्रमा ज्वाला र क्यूरी पर्दछन्। बाटुली रमेशकी पत्नी हो। उपन्यास राजनीतिक भएकाले यसमा रमेशको भूमिका प्रमुख हुन पुगेको छ। यो उपन्यास सामाजिक भएको भए बाटुलीकै भूमिका प्रमुख हुने थियो। यति भएर पनि सर्वहारावर्गीय नारी जीवनका पीडाहरूलाई भने यस उपन्यासले राम्रोसँग प्रस्तुत गरेको छ र बाटुलीको चरित्र नायकत्वको भ्रम दिन पनि सफल छ। यस उपन्यासमा लैङ्गिक समस्यालाई नभएर राजनीतिक समस्यालाई प्रमुख रूपमा प्रस्तुत गरिएको छ।

**अनिँदो पहाडसँगै** पनि अघिल्ला केही उपन्यासहरू झैं राजनीतिक उपन्यास हो तापनि ती उपन्यासका केन्द्रमा पुरुष पात्र अवस्थित थिए भने यस उपन्यासका केन्द्रमा नारी पात्र अवस्थित छन्। औपन्यासिक व्याप्तिका दृष्टिले गोरीमाया प्रमुख देखिन्छे भने भूमिकागत बलियोपनका कोणबाट हेर्दा सुवानी प्रमुख नारी पात्र देखिन्छे। यिनीहरूका अतिरिक्त चन्द्रकान्ताको चारित्रिक प्रस्तुति पनि उत्तिकै महत्त्वपूर्ण देखिन्छ। यस उपन्यासमा लैङ्गिक सन्दर्भलाई पनि राजनीतिक सन्दर्भकै हाराहारीमा प्रस्तुत गरिएको छ। लैङ्गिक समस्यालाई व्यक्तिगत समस्याका रूपमा नभएर सामाजिक समस्याका रूपमा हेरिएको यस उपन्यासमा ती समस्याको समाधान गर्न राजनीतिक परिवर्तन मात्र सक्षम हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ। सामाजिक उत्पीडन पुरुषले भन्दा नारीले भोग्नुपर्ने बाध्यताका कारणले राजनीतिक परिवर्तन नारीका लागि अझै बढी अपेक्षित छ। त्यसैले त्यसका लागि नारीले प्रमुख भूमिका र पुरुषले सहयोगीको भूमिका निर्वाह गर्नुपर्छ भन्ने दृष्टिकोणलाई औपन्यासिक आवरणमा प्रस्तुत गर्ने उद्देश्यले रचिएको यस कृतिमा लाले, एम्. आर. आदि पुरुष पात्रहरू सहयोगीका रूपमा आएका छन्। गाउँका सुन्तली, जमुनी आदि महिलालाई प्रमुख रूपमा अग्रसर गराइएको छ भने पुरुषहरूलाई तिनको सहयोगीको भूमिकामा प्रस्तुत गरिएको छ। यसैले यो नारीकेन्द्री उपन्यास हो।

पारिजातको अर्को उपन्यास **परिभाषित आँखाहरू** नारीकेन्द्री रहेको छ । विज्जीको करुणामय जीवन र त्रासद् अन्त्य नै यसको कथानकीय केन्द्र हो । यस उपन्यासको लक्ष्य अबोध बालिका र किशोरीहरूमाथिको बहुआयामिक शोषण-उत्पीडनका स्वरूपको चिनारी दिनु तथा तिनका विरुद्ध चालिनुपर्ने कदमका लागि आह्वान गर्नु देखिन्छ । यस उपन्यासकी मूल नारी पात्र विज्जी हो र सहपात्र वसन्तिया हो । वसन्तिया स्वयं पनि उत्पीडित पात्र हो र ऊ आफूभन्दा निकै बढी उत्पीडित पात्र बिज्जीको उद्धार र उसको हत्यापश्चात् त्यसको बदला लिने धुनमा पारिवारिक एवं पेसागत जिम्मेवारीसमेत बिर्सने नारी पात्र हो । यस्ता विसङ्गतिका विरुद्ध जुध्न व्यक्तिगत प्रयास मात्र पर्याप्त नहुने निष्कर्षमा  टुङ्गिएको यस उपन्यासले नेपाली समाजको सर्वाधिक उत्पीडित समुदायको सही पहिचान प्रस्तुत गरेको छ । महिला उत्पीडनका विरुद्ध महिला जागरुकता, महिला उत्पीडनका प्रमुख कारक पितृसत्ता र समाजको सामन्ती संरचना, महिलाहरूको आपसमा सहयोगी भूमिका, महिला उत्पीडनविरोधी सत् पुरुष पात्रहरू आदि कुराको संयोजनबाट प्रस्तुत उपन्यासको संरचना तयार भएको देखिन्छ । महिला उत्पीडनविरोधी आवाज बुलन्द गर्नु नै प्रस्तुत उपन्यासको लक्ष्य दृष्टिगत हुन्छ ।

पारिजातको अन्तिम उपन्यास **बोनी** कुनै एक खास लिङ्गका मानिसलाई सम्बोधन गरिएको उपन्यास होइन । यस उपन्यासको बोनी भन्ने पात्र कहिले पुरुष भएर देखा परेको छ भने कहिले नारी भएर देखा परेको छ। यसमा लैङ्गिक समस्यालाई नभएर युवा समुदायको सामूहिक समस्यालाई प्रस्तुत गरिएको छ ।

पारिजातका उपर्युक्त दसवटा उपन्यासमध्ये **शिरीषको फूल, तोरीबारी बाटा र सपनाहरू, अन्तर्मुखी, अनिँदो पहाडसँगै** र **परिभाषित आँखाहरू** गरी जम्मा पाँचवटा उपन्यासहरू नारीकेन्द्री रहेका छन् । यी पाँचवटामध्ये पनि **अनिँदो पहाडसँगै** र **परिभाषित आँखाहरू**को नारीप्रस्तुति बाँकी अरू तीनवटा उपन्यासको भन्दा विशिष्ट किसिमको छ । **शिरीषको फूल** र **अन्तर्मुखी** उपन्यासमा पराजित नारीका व्यथाकथा समेटिएका छन् । **तोरीबारी, बाटा र सपनाहरू**की मूल नारी पात्र अघिल्ला दुई उपन्यासका नारी पात्रभन्दा अग्रगामी प्रवृत्तिकी छ। अन्तिम दुईवटामध्ये पनि **परिभाषित आँखाहरू**को नारीप्रस्तुति अलि बढी पराधीन किसिमको छ। यस उपन्यासको नारीप्रस्तुतिले पुरुषपछिको सहायक भूमिका मात्र प्राप्त गरेको छ । बिज्जीले आफ्नो उत्पीडनका विरुद्ध विद्रोह गरे तापनि ऊ असफल मात्र भएकी छैन, उसलाई दुःखद् मृत्युसमेत प्राप्त भएको छ । अर्की पात्र वसन्तिया आफ्नो श्रीमान् (राजेन्द्र अधिकारी) भन्दा साहसी र व्यवहारकुशल त छ तर त्यही साहसिकता प्रदर्शनको निर्णायक घडीमा आइपुगेपछि ऊ असफल ठहरिएकी छ। कञ्चनपुरमा पढेको विद्यालयको प्रधानाध्यापक र उसकै श्रीमान् मिलेर विज्जी हत्याविरोधी वसन्तियाको अभियानलाई असफल बनाइदिएका छन् । यसबाट नारीहरू साहस त गर्छन् तर त्यो बौद्धिक र तर्कयुक्त हुन सक्तैन भन्ने निष्कर्ष निस्किएको छ । यस निष्कर्षले नारी अस्तित्वलाई नेपाली समाजको यथास्थितिभन्दा अघि  बढ्न दिएको छैन । यसैले पारिजातका उपर्युक्त छवटा उपन्यासमध्ये वस्तुसङ्गठन तथा चरित्रनिर्माण दुवै दृष्टिले बढी सफल रहेको र राजनीतिक एवं महिला विषयलाई समानान्तर महत्त्वका साथ प्रस्तुत गरिएकाले यहाँ नारीवादी औपन्यासिक

विश्लेषणका प्रयोजनका निम्ति उनको प्रतिनिधि उपन्यासका रूपमा **अनिँदो पहाडसँगै**को चयन गरिएको छ । पारिजातका अन्य उपन्यासका तुलनामा यस उपन्यासका नारी चरित्रको निर्मिति बढी गरिमायुक्त रहेकाले पनि उपर्युक्त प्रयोजनका निम्ति उनको नारीकेन्द्री मुख्य उपन्यासका रूपमा **अनिँदो पहाडसँगै**को चयन बढी सान्दर्भिक रहेको छ ।

### ५.६.२ शीर्षक

**अनिँदो पहाडसँगै** उपन्यासको शीर्षकले इङ्गित गरेको अर्थ राजनीतिक हो र यो सोझै राजनीतिकर्मीसँग जोडिएको छ । यस उपन्यासले बोकेको राजनीति राजनीतिकै लागि गरिने राजनीति नभएर परिवर्तनको राजनीति हो । यो सामाजिक विषमताका विरुद्धको राजनीति हो । यसैले यो स्वतः लैङ्गिक विषमताका विरुद्धको राजनीति पनि हो ।

आफू बाँचेको समाजमा विषमता कायम रहुन्जेल समाजप्रति जिम्मेवारीबोध गर्ने सचेत मानिसहरू निदाउन सक्दैनन् । ननिदाउनु भनेको जागरुक भइरहनु हो । पहाड कहिल्यै सुत्दैन, सधैं जागरम बस्छ । यसैले पहाड पनि जागरुकताको प्रतीक हो । पारिजातले उक्त उपन्यासमा लेखेकी छन्- "परिवर्तनको इतिहास अनिँदो पहाडसँगै जागरम बसेको हुन्छ" (पारिजात, २०५४ : २४४) । यसैले परिवर्तनका हिमायतीहरू पनि अनिँदो पहाडसँगै जागरम बसेका हुन्छन् । यो उपन्यास त्यही परिवर्तनको इतिहास रच्नेहरूको कथा हो । यस समूहभित्र महिला र पुरुष दुवै छन् ।

उक्त समूहभित्रकै एउटा पात्रको नाम सुवानी हो जसको केन्द्रमा यो उपन्यास रचिएको छ । पहाड थकाइ लाग्यो भनेर सुत्दैन-रातदिन ठाडै बस्छ । पहाड सुत्यो भने अनिष्ट हुन्छ । त्यस्तै परिवर्तनका हिमायतीहरू पनि सुते भने अनिष्ट हुन्छ । सुवानी पनि परिवर्तनका निम्ति रातदिन अनिँदो पहाडसँगै जागरम बसेकी छ । अर्थात् ऊ दिनमा मात्र होइन, रातमा पनि परिवर्तनका निम्ति काममा जुटिरहन्छे-अथक मेहनत गरिरहन्छे । उसले आफ्नो घरपरिवार भनेकी छैन, पढाइ भनेकी छैन, व्यक्तिगत जीवनका बारेमा कुनै सपना साँचेकी छैन । उसले काठमाडौंमा मात्र नभएर तराईको एउटा पिछडिएको गाउँसम्म पुगेर ( पृ.२१९) आफ्नो भागमा परेको दायित्वको निर्वाह गरेकी छ । यस्ता काममा ज्यान जानसक्छ भन्ने बुझेरै पनि उसले त्यो जोखिम उठाएकी छ र नभन्दै एकदिन उसको जघन्य हत्यासमेत भएको छ (पृ.३२८) । नयाँ इतिहास रच्ने क्रममा पहाडजस्तै रातमा पनि अनिंदो बसेर काम गरिरहेका बेला उसको हत्या भएको छ । यस उपन्यासका एम् आर., लाल, सुवानी आदि सबै क्रान्तिकारीहरूको प्रतीकात्मक अर्थ **अनिँदो पहाडसँगै** शीर्षकले बोके (पृ.२५२) तापनि औपन्यासिक कथ्यको केन्द्रमा भने सुवानी रहेकी छ । पहाडको अनिँदो भन्ने विशेषतालाई सुवानीकै चाहिँ विशेषता हो भन्ने कुरामा उपन्यासका पाठकलाई ढुक्क बनाउनकै लागि उपन्यासकारले सुवानीका आँखालाई 'निद्रालु' भन्ने संज्ञा प्रदान गरेकी छन् (पृ.२५४, २६७) । यसैले यस शीर्षकसँग मूल तादात्म्य राख्ने पात्र सुवानी नै हो । शीर्षकले उसकै गहन चारित्रिक अवस्थितिलाई आफूमा समेटेको छ ।

## ५.६.३ औपन्यासिक सामाजिक परिवेश र नारीजगत्

अब यहाँ **अनिँदो पहाडसँगै** उपन्यासको सामाजिक परिवेश र नारीजगत्को विवेचना क्रमशः स्थानगत, कालगत र वर्गगत सन्दर्भमा गरिने छ (५.६.३.१-५.६.३.३)।

### ५.६.३.१ स्थानगत सन्दर्भ

**अनिँदो पहाडसँगै** २०३७ सालको आम निर्वाचनको नतिजा निस्किएसम्मको पञ्चायती व्यवस्थाको रजगजको चरमोत्कर्ष र २०३५-३६ को ऐतिहासिक विद्यार्थी आन्दोलनका सेरोफेरोको लगभग दुई वर्षको समयगत परिवेश बोकेको उपन्यास हो। नेपालका लागि पञ्चायतकाल भनेको राजाको निरङ्कुश शासन चलेको समाज व्यवस्थाको सामन्तकाल हो। पञ्चायतकाल महिला उत्पीडनका दृष्टिले राणाकाल पछिको अर्को चरम अवस्था हो। महिलाहरूले कतै कुनै पक्षमा उन्मुक्तिको सास फेर्न नपाएको तर उनीहरूमा त्यसको चेतना भने क्रमशः जाग्दै आएको त्यस समयावधिमा राजनीतिक क्रियाकलापका समानान्तर बिन्दुमा महिला समस्याको उठान गरी तत्कालीन सामाजिक परिवेशको चित्र उभिने गरी सही राजनीतिक परिवर्तनविना महिला उन्मुक्ति सम्भव छैन भन्ने दृष्टिकोणका साथ **अनिँदो पहाडसँगैं** उपन्यासको रचना गरिएको हो।

**अनिँदो पहाडसँगैं** उपन्यासको विषयवस्तु तत्कालीन पञ्चायतकालीन वि.स. २०३५-३७ तिरको कालिक परिवेशको वामपन्थी राजनीतिका पक्षधर विद्यार्थीहरूको आन्दोलनकालीन परिवृत्तको एउटा कथा हो। यस उपन्यासका स्थानगत मुख्य केन्द्रमा काठमाडौंको केन्द्रकै पूर्वी परिपार्श्ववर्ती स्थान ज्ञानेश्वरमा डि.एस्. पी. भीष्मबहादुर आलेको एउटा परिवार छ (पृ.२११)। डि.एस. पी. की श्रीमती चन्द्रकान्ताको पुर्ख्यौली थलो पूर्वी नेपाल रहेको र टुहुरी भएपछि जीविकाका सिलसिलामा सङ्घर्ष गरेको स्थान भारतको दार्जिलिङ् (पृ.२१३) हो र ती स्थानसँग पछि उसको कुनै साइनोसम्बन्ध नै बाँकी नरहेको देखिन्छ। त्यस्तै काठमाडौंको केन्द्रकै पश्चिमी परिपार्श्ववर्ती स्थान क्षेत्रपाटीको एउटा गल्लीमा यस उपन्यासकी प्रमुख नारी पात्र सुवानीको डेरा र त्यसकै अर्को गल्लीमा मुख्य पुरुष पात्र एम्.आर.को डेरा रहेको छ (पृ.२२३)। सुवानी पूर्व पाँचथर जिल्लाको याशोक गाउँबाट अध्ययनका लागि काठमाडौं आएर एक्लै डेरा गरेर बसेकी छ। एम्. आर. को जन्मथलो पश्चिम नेपाल भएको उल्लेख गरिए तापनि खास स्थानको भने किटान गरिएको छैन र लगभग चार वर्षदेखि उसको घरतिरको आवतजावतसमेत टुटिसकेको देखिन्छ (पृ.२४०)। त्यस्तै काठमाडौं केन्द्रमा नै साहु पुष्परत्नको फर्निचर उद्योगको कार्यालय छ (पृ.२४३) जहाँ आन्दोलनकारी विद्यार्थीहरू बेला-बेलामा भेला हुने, बहस गर्ने, गोप्य कागजातहरू लुकाउने गर्छन्। विद्यार्थी प्रदीप शर्माको डेरा पनि नरदेवीमा नै रहेको छ (पृ.२५२) र जन्मले ऊ पनि पश्चिम नेपालको हो (पृ.२८०)। ऊ मन नपरेको दाम्पत्य जीवनबाट पलायित भएर काठमाडौं आयो (पृ.२८१) र फेरि अर्को पटक राजनीतिक जीवनबाट पलायित भयो र उतै फर्क्यो (पृ.३१८)।

काठमाडौंबाहेक प्रत्यक्ष चित्रणमा आएको स्थान हो नुवाकोटको चिन्डे गाउँ। यहीँबाट गोरीमायाको सन्दर्भमार्फत उपन्यासको आरम्भ भएको छ। गाउँमा जालीहरूको षड्यन्त्रमा फसेर हन्डर-ठक्कर खाइसकेपछि र त्यहाँ टिकीखान नसकेपछि गोरीमाया काठमाडौं पसेकी हो। अझै

पनि पुरानै शैलीका जालीहरूले खुट्टा घुमाइरहेको र कुनै पनि किसिमका विकासका गतिविधि नभएकाले रोजगारीका अवसरहरू पनि नभएको गाउँका रूपमा चिन्डे गाउँको प्रस्तुति भएको छ। त्यहाँबाट मसला, तेल किन्नका लागि काठमाडौंसम्म पुग्नुपर्ने बाध्यता बाँकी नै छ (पृ.२२३)।

काठमाडौं बाहेकको अर्को स्पष्ट उल्लेख भएको स्थान हो सर्लाही जिल्लाको एउटा गाउँ जहाँ अभावग्रस्त झुप्राहरूको संयोगबाट टोल बनेको छ (पृ.३२२)। रोग, भोक र अशिक्षा त्यस गाउँको पहिचान हो जहाँ सुवानी चेतना फैलाउने साङ्गठनिक अभिभारा लिएर पुगेकी छ। सुवानीले सुमती नामधारण गरेर विविध आयाममा आफूलाई विभक्त गरेर क्रियाशील रहेको त्यसै गाउँमा बसाइका क्रममा नै ऊ निर्मम प्रहरी दमनमा मारिएकी छ। चेतनाको राँको बालेर उठ्न खोजिरहेको गाउँ पञ्चायती शासकहरूको आँखाको तारो बन्नु त्यतिखेरको समयको पहिचान नै हो।

साहु पुष्परत्नको मानसिक बनोट र ललिताको चारित्रिक अवस्थितिले काठमाडौंका स्थानीय बासिन्दाको परिचय प्रस्तुत गरेको छ। सुवानी, एम.,आर, प्रदीप आदि सबै पात्रहरू राजधानीबाहिरबाट काठमाडौं आई यहाँको राजनीतिक क्रियाकलापका मियो बनेका छन्। काठमाडौंका स्थानीय बासिन्दाभन्दा नेपालको ग्रामीण भेकका जनतामा चेतनाको रन्को बढी स्पष्ट सुनिन्छ। शिक्षार्जन र रोजगारीका सिलसिलामा सबै सुविधा एकत्र भएको काठमाडौंमा गाउँहरूबाट मान्छे ओइरिएको तथा तिनीहरूमार्फत नै सुविधासम्पन्न भएर पनि सचेत हुन नसकेका स्थानीय बासिन्दाका बिचमा राजनीतिक चेतना फैलाउने कार्य देखाउने सन्दर्भमा काठमाडौंको चित्रण सबभन्दा बढी हुन पुगेको देखिन्छ। उपन्यासका मूल घटनाक्रमहरू ज्ञानेश्वर, क्षेत्रपाटी र नरदेवीका अतिरिक्त अस्कल, कालीमाटी, नयाँ सडक, स्वयम्भू, पाटन औद्योगिक क्षेत्र, राजधानीको उत्तर पश्चिमतिरको गाउँ (बालाजु ?) आदिसँग सम्बन्धित रहेका छन्। नुवाकोट र सर्लाहीका राजनीतिक क्रियाकलाप र सामाजिक जनजीवनसँग जोडिएको यस उपन्यासको विषयवस्तु मुख्यतः सुवानी, चन्द्रकान्ता, गोरीमाया, ललिता, जमुनी, सुन्तली आदि नारी पात्रका राजनीतिक अभिमुखीकरण र व्यक्तिगत सुखदुःखसँग बढी सम्बन्धित देखिन्छ। यस उपन्यासमा प्रस्तुत भएका स्थानगत सन्दर्भले औपन्यासिक अभीष्टलाई नै बढीभन्दा बढी चोटिलो र प्रामाणिक हुन मद्दत पुऱ्याएको देखिन्छ ।

### ५.६.३.२ कालगत सन्दर्भ

**अनिँदो पहाडसँगै** उपन्याससँग २०३५-३६ सालको विद्यार्थी आन्दोलनको सेरोफेरोको एउटा वर्तमान छ। यो वर्तमान नुवाकोट जिल्लाको चिन्डे गाउँबाट एउटी अबोध युवती गोरीमायासँग सुरु भएको छ र यसले आफ्नो २२ महिने आयतनभित्र विभिन्न राजनीतिक एवं हत्याहिंसासँग सम्बन्धित घटना उपघटनाहरूलाई उदरस्थ गरेर २०३७ सालको जेठ महिनामा एउटी दृढप्रतिज्ञ गोरीमायामा पुगेर आफूलाई टुङ्ग्याएको छ। यस अवधिको मूल घटनाक्रम भनेको २०३५-३६ सालको विद्यार्थी आन्दोलन र त्यसका पृष्ठभूमिमा सम्पन्न जनमत-सङ्ग्रह नै हो। त्यही राजनीतिक धारकी एक अग्रणी विद्यार्थी नेता हो सुवानी जो एम्.आर्.का मार्ग दर्शनमार्फत विस्तारै नेतृत्वको तहमा पुगेकी छ। सुवानी गोरीमायाभन्दा जेठी लगभग लालबहादुरकै समवयस्क

(सुवानीको उमेर कतै कुनै सन्दर्भमा पनि खुलेको छैन ।) नारी पात्र हो । यी विद्यार्थीभन्दा उमेरमा र सुझबुझमा समेत परिपक्व रहेको एम्.आर.ले उनीहरूको अभिभावकीय भूमिका निर्वाह गरेको छ । प्रदीप बिचैमा पलायित भएको छ । यसैले उक्त आन्दोलनका मूल संवाहकका रूपमा सुवानी र लालबहादुर नै देखिएका छन् ।

उपन्यासको सक्रिय वर्तमानमा गोरीमाया विवाह गरेर गएको घरबाट रातारात भागेर २०३५ सालको श्रावण महिनामा चिन्डे गाउँमा फर्किएकी छ (पृ.२०४) । त्यसको लगत्तै पछि ऊ चन्द्रकान्ताका घरमा कामदारको हैसियतमा भित्रिएकी छ । त्यसपछि सुवानीसँग उसको परिचय, आन्दोलनका विभिन्न घटनाक्रमहरू, सुकुम्बासी आन्दोलनमा डि.एस्.पि.भीष्म आलेको हत्या, चन्द्रकान्ताको वैधव्य, लालबहादुरको हत्या, सुवानीको भूमिगत जीवन, सुवानीको बिरामी, उसकै बलात्कार, नेपालको पूर्वी तराई भागमा राजनीतिक उद्देश्यको उसको गमन, गाउँमा भएको आगलागी र सुवानीले प्रदर्शन गरेको साहसिकता, जङ्गलमा घेराउमा पारी अन्य दुईजनासहित सुवानीको हत्या, जनमत-सङ्ग्रह एवं त्यसको धाँधलीपूर्ण नतिजा प्रकाशनजस्ता घटनाक्रमको सिलसिला नै यस उपन्यासको वर्तमान हो । पाटन औद्योगिक क्षेत्रको परिसरमा लालबहादुरको हत्या भएको ठाउँमा रोपिएका बोटमा फुलेका गुलाफका दुईवटा राता थुँगामा हत्याको एक वर्षपछि चन्द्रकान्ताले आँसुको श्रद्धाञ्जलि चढाएको घटनासँगै उपन्यास टुङ्गिएको छ ।

उपन्यासको प्रारम्भ हुँदा १८ वर्ष व्यतित गरिसकेकी गोरीमायामा रहेका अत्याचारविरोधी आक्रोशले काठमाडौं आएर सुवानी र लालको सङ्गतमा राजनीतिक स्पर्श पाइसकेपछि व्यक्तिगत बदलाको भावनाबाट सामाजिक रूपान्तरणको भावनामा फेरिने अवसर हासिल गरेको छ । उपन्यासको २२ महिनाको अवधिमा गोरीमायामा तात्त्विक अन्तर आइसकेको छ जसले वाम राजनीतिलाई सामाजिक रूपान्तरणको मूल कडीका रूपमा प्रस्तुत गरेको छ । यस अवधिसँग जोडिन आएका अन्य चन्द्रकान्ता, जमुनी, सुन्तली आदि पात्रहरू पनि सामाजिक परिवर्तनलाई राजनीतिक परिवर्तनसँगै गाँसेर लैजाने सन्दर्भ हुन् ।

**अनिँदो पहाडसँगै** उपन्याससँग वि.सं. १९९० देखिको एउटा विगत पनि छ जुन चन्द्रकान्तासँग जोडिएको छ । यस सन्दर्भबाट हेर्दा यस उपन्याससँग ४५ वर्ष (चन्द्रकान्ताको उमेरको)को अवधि पृष्ठभूमि बनेर जोडिएको छ । २७ वर्षका उमेर (२०१७ सालमा आलेसँग सम्बन्ध नगाँसिञ्जेल) सम्मका चन्द्रकान्ताका जीवनका यावत् हविगतहरू यसै उपन्यासको पृष्ठभूमि बनेर आएका छन् । नेपालमा पञ्चायती व्यवस्था र चन्द्रकान्ता (छोरो लालसहित)को आगमन सँगसँगै भएको छ ।

उपर्युक्त उपन्यासको तत्कालीन वर्तमान भनेको तत्कालीन राजा वीरेन्द्रले पिताको विरासतस्वरूप प्राप्त गरेको पञ्चायती शासनको चरमोत्कर्षको अवधि थियो । २०२८ सालदेखि नै पटक-पटक सो व्यवस्थाविरोधी आन्दोलनहरू उठिरहेका थिए र २०३५-३६ को विद्यार्थी आन्दोलन त्यसै क्रमको एउटा निर्णायक आन्दोलन थियो जसलाई जनमत सङ्ग्रहका नाममा निस्तेज पार्ने काम भएको थियो । फेरि पनि नेपालको राजनीतिक परिदृश्यमा यसले पारेको प्रभाव दशकौं

दशकसम्म जीवन्त रहिआएको छ । यसैले नै २०४६ सालको आन्दोलनका लागि एउटा सशक्त पृष्ठभूमि तयार पारेको थियो । यसरी यस उपन्यासले मूलतः २०३५ श्रावणदेखि २०३६ जेठसम्मको जम्माजम्मी २२ महिनाको समय सीमाभित्रको राजनीति र सामाजिकतालाई समेटेको छ ।

उक्त उपन्यासमा यसरी आधुनिक नेपालको राजनीतिक परिदृश्यभित्र सहरी र ग्रामीण समाजको चित्र उत्रिएको पाइन्छ । यहाँ उत्रिएको समाज भनेको सामन्ती मानसिकताको पञ्चायतकालीन समाज हो । यहाँ उत्रिएको राजनीति भनेको जनविरोधी निरङ्कुश पञ्चायती व्यवस्था र त्यसविरुद्ध उठिरहेको जनलहर नै हो । समयको आधुनिक स्पर्शसँगै फैलिरहेको शिक्षाको प्रकाश एवं विदेशी प्रभावसँगै नेपाली जनताको चेतनाको स्तर उकासिइरहेको थियो । खासगरी पञ्चायतविरोधी वाम राजनीतिक उठानसँगै जनचेतना फैलने गतिमा तीव्रता आइरहेको थियो र निम्न वर्गीय जनतामा यसको प्रभावको तीव्रता महसुस भइरहेको थियो । अर्कातिर पञ्चायतका विरोधमा तर धनाढ्यहरूको पायक पर्ने र पाश्चात्य विकृतिको ठाडो समर्थन गर्ने परिपाटीको धार पनि निकै प्रभावशाली रूपमा नेपाली समाजमा कायम थियो । भनौं नेपाली समाज यसरी पञ्चायती, काङ्ग्रेसी र कम्युनिस्ट गरी तीनवटा धारमा विभाजित भएर अगाडि बढिरहेको थियो । पुरानो व्यवस्था पनि रुचिकर नभएको र नयाँ व्यवस्थाको स्वरूपको निक्यौल पनि नभएको सङ्क्रमणशील नेपाली समाजको चित्र उत्रिएको यस उपन्यासमा पुरुषहरू मात्र होइन महिलाहरू पनि नयाँ हावाले छोइएका  छन् । एकातिर महिलामाथि हुने गरेका परम्परागत उत्पीडन पनि यथावत् छन् र अर्कातिर उनीहरू नवीन चेतनाले ओतप्रोत बन्ने क्रम पनि बढ्दो छ । भनौं, उपन्यासले टिपेको यो एउटा यस्तो कालखण्ड हो जसले एउटा लामो फड्को मार्ने सम्भावनालाई नजिकैबाट चिहाइएको छ ।

समाजका मानिसहरूमा परिवर्तनको सङ्केत देखिने क्रम बढिरहेको भए तापनि पाश्चात्यकरणको प्रभावस्वरूप आधुनिकताका आवरणीय ढाँचाकाँचाको प्रदर्शन हुन थाले तापनि चेतनाको तहमा भने आधुनिकताले खासै असर नगरिरहेको उक्त स्थितिमा समाजको सामन्ती प्रकृतिले पराजय भोगिसकेको स्थिति पनि थिएन । खासगरी महिलामाथिको परम्परागत उत्पीडन र निम्नवर्गमाथिको शोषणको स्थितिमा केही सुधार आएको थिएन । गोरीमायाले चिन्डे गाउँमा भेल्नुपरेको समस्या, सुवानीले पाएको बलात्कारको पीडा, जमुनी र सुन्तलीले भोग्नुपरेका अर्थाभावका पीडा आदिको चित्रणले समाजको बाहिरी तहमा जे जस्ता भिन्नता देखिए तापनि भित्री तहमा भने त्यसको प्रभाव नपुगेको समयगत सन्दर्भलाई नै यस उपन्यासले अघि सारेको छ । नेपालको राजनीतिक परिदृश्यले समाजको सामन्ती संरचनाको जग खोतल्न खोजिरहेको, त्यसलाई भत्काउने प्रयत्न गरिरहेको र त्यस प्रयत्नमा प्रयत्न गर्नेहरूले नै बढी क्षति बेहोरिरहेको एउटा तीतो यथार्थलाई यस उपन्यासले अगाडि सारेको छ ।

### ५.६.३.३ **वर्गीय सन्दर्भ**

विद्यार्थी आन्दोलनका केन्द्रमा लेखिएकाले यस उपन्यासका प्रमुख लगायतका पात्रहरू पारिवारिक भूमिकामा भन्दा पनि एकल भूमिकामा आएका छन् । साहु पुष्परत्न, चन्द्रकान्ता,

गोरीमाया र सुन्तलीहरू पारिवारिक किसिमले उपस्थित भएका छन् । पुष्परत्नको बाहेक बाँकी अरू परिवार उपन्यासको अन्त्यसम्म पुग्दा छिन्नभिन्न भएर व्यक्तिका तहमा पुगेका छन् ।

उपर्युक्त उपन्यासमा उच्च, मध्यम र निम्न तीनैवटा आर्थिक वर्गका पात्रहरूको उपस्थिति रहेको छ । उच्च वर्गमा साहु पुष्परत्नको परिवार, सुवानी र ललिता पर्दछन् भने मध्यम वर्गमा प्रदीप शर्मा र चन्द्रकान्ताको परिवार पर्दछ । त्यस्तै गोरीमाया, सुन्तली र जमुनी निम्न वर्गीय चरित्र हुन् ।

साहु पुष्परत्न सहरिया उच्च वर्गीय परिवारको व्यक्ति हो । काठमाडौंको केन्द्र नरदेवीमा उसको फर्निचर उद्योगको कार्यालय छ (पृ.२४३) र ऊ उद्योगमा कामदार राखेर आफू चाहिँ कार्यालयमा रेडियो सुनेर, राजनीतिका बहसहरूमा सक्रिय रूपमा भाग लिएर समय व्यतित गर्दछ । जनपक्षीय राजनीतिमा उसको समर्थन छ र ऊ आर्थिकलगायत विभिन्न ढङ्गले सहयोग पनि गर्दछ । उसको पारिवारिक पृष्ठभूमिको खास कुनै उल्लेख नहुनु र अधिकांशतः काठमाडौंका रैथानेहरूकै मात्र नरदेवीमा बसोबास हुने गरेकाले ऊ पनि यहींकै पुरानो बासिन्दा देखिन्छ । ऊ आन्दोलनमा होमिएका अरू विद्यार्थीहरूलाई भरथेग गर्ने मात्र नभएर हौस्याउनेसमेत गर्दछ तर आफ्ना छोराहरूले भने राजनीतिक छलफलसमेत नसुनून् भन्ने चाहन्छ (पृ.२४३) । प्रहरी दमनको कुरा सुन्दा ऊ बेस्सरी अत्तालिन्छ (पृ.२५८) र आफ्नो छोराले पक्राउ खाएको कुरा सुन्दा छोरालाई छुटाउन डि.एस्.पी.सँग सहयोग माग्ने इच्छा व्यक्त गर्दछ (पृ.२६१) । राजधानीका उच्च वर्गीय स्थानीय बासिन्दाको चारित्रिक वैशिष्ट्यलाई साहु पुष्परत्नले यथावत् बोकेको छ ।

सहरिया उच्च वर्गीय हैसियतकै अर्को चरित्रका रूपमा ललिता उपस्थित भएकी छ । उसले राजनीतिको पञ्चायती र जनपक्षेतर धारको प्रतिनिधित्व गरेकी छ । उसको चरित्रमार्फत स्वतन्त्रताको एउटा छुट्टै किसिमको नमुनालाई प्रस्तुत गरिएको छ । ऊ व्यक्तिहित र व्यक्ति स्वतन्त्रताको वकालत गर्दै त्यसैलाई प्रजातन्त्रको सक्कली स्वरूप प्रमाणित गर्न उद्दत देखिन्छे ( पृ.२३६) । जीवनलाई सम्पन्नताको घेराभित्र मात्र परिभाषित गर्न जानेकी ललिता पाश्चात्य विकृतिहरूलाई आफ्नो जीवनशैली मान्छे र उसको परिवारले पनि उसको विचारलाई पूरापूर सहयोग गरेको छ । अन्यथा अङ्ग्रेजी गीतलाई ठूलो स्वरमा घन्काएर पाश्चात्य अर्धनग्न परिधानमा कोठाभित्र एक्लै बहुलाहीजस्तो नाचिरहने अवसर उसले नपाउनुपर्ने हो (पृ.२३५) ।

सुवानी पनि उच्च वर्गीय परिवारकी केटी हो । ललिताका शब्दमा सुवानी किपटवाला (बिर्तावाला) सुब्बाकी छोरी हो (पृ.२३६) । एम.आर. का अनुसार पनि "आफ्नो वर्गको खोल च्यातेर उसले क्रान्तिमय जीवन" (पृ.३२८) बाँचेकी छ । सुवानीले उच्च वर्गीय परिवारको सदस्य भएकै कारणले राजधानी सहरमा बसेर उच्चशिक्षा आर्जन गर्ने अवसर पाएकी छ । अन्यथा उसको उमेर समूहका ग्रामीण युवतीहरूको जीवनको परिस्थिति यसै उपन्यासका नारी पात्र सुन्तली र जमुनीको भन्दा फरक हुने थिएन ।

साहु पुष्परत्न, ललिता र सुवानीको आर्थिक वर्गमा समानता पाइन्छ तापनि तिनको आचरणमा भने भिन्नता पाइन्छ । ललिता र सुवानीका बिचमा जुन चारित्रिक अन्तर देखिएको छ

त्यो एकातिर उनीहरूले प्राप्त गरेको स्थानगत भेदका कारणले देखिएको हो भने अर्कातिर उनीहरूले वरण गरेको जीवनदृष्टिले देखिएको हो। सुवानी र पुष्परत्नका बिचमा एउटै जीवनदृष्टि अँगालेर पनि जुन चारित्रिक भिन्नता देखिएको छ त्यो पुस्तागत, स्थानगत र शैक्षिक हैसियतका अन्तरका कारणले देखिएको हो। त्यस्तै ललिता र पुष्परत्नका बिचमा वर्गगत र स्थानगत भिन्नता नरहेर पनि चारित्रिक भिन्नता भने टड्कारो देखिनुको कारण उनीहरूमा रहेको जीवनदृष्टिको अन्तर नै हो। यिनै कारणहरूले गर्दा यी तीनजना एउटै वर्गका भएर पनि यिनमा आधारभूत भिन्नता देखा परेको हो।

लालबहादुर मध्यम वर्गीय पात्र हो। उसको बाबु (आमाको श्रीमान् भएका कारणले बाबु भनिएको) को जीविकाको माध्यम जागिर (प्रहरीमा) रहेको छ र काठमाडौं सहरमा बस्नका लागि आफ्नै घर छ , माललाई पढाउने खर्च छ तथा घरमा सहयोगी पाल्न सक्ने क्षमता छ। यी सबै कारणले लालको आर्थिक वर्ग मध्यम किसिमको देखिन्छ। उसको परिवारमा न त फालाफाल सम्पत्ति नै छ न के खाउँ के लाउँ भन्ने समस्या नै छ। दरिद्रताको कुनै पनि अनुभव लालसँग छैन।

प्रदीप शर्माको पारिवारिक पृष्ठभूमि पनि मध्यम किसिमकै छ र उसको चारित्रिक अवस्थिति पनि लगभग त्यही अनुरूप छ। मध्यम वर्गीय परिवारका व्यक्तिहरूमा प्रायः वैचारिक स्थिरता भेटिंदैन। एउटै दृढ निश्चय बोकेर उनीहरूको जीवन चल्दैन। प्रदीपको चरित्रमा यही ढुलमुनेपना देखिएको छ। क्रान्तिको मार्गमा अग्रसर हुनु, घरपरिवारबाट विमुख हुनु, नयनताराको प्रेममा क्रान्तिकारिता गुमाउनु, प्रेममा वियुक्त भएपछि फेरि पहाडकै घरतर्फ फर्कनुजस्ता क्रियाकलापले उसको चारित्रिक ढुलमुलेपनकै परिचय दिएका छन्। प्रदीपको चरित्रबाट क्रान्तिका लागि मध्यम वर्ग त्यति सारो उपयुक्त नहुने कुराको दृष्टान्त मिलेको छ।

**अनिँदो पहाडसँगै** उपन्यासमा निम्न वर्गीय नारी पात्रको पनि टड्कारो उपस्थिति रहेको छ। यस उपन्यासको आदिदेखि अन्त्यसम्म छाएकी गोरीमाया निम्न वर्गीय आर्थिक अवस्थाकी नारी पात्र हो। विवाह गरेर जाँदा एक जोडा मात्र हेर्न हुने लुगा, कानमा मुन्द्रो, नाकमा फुली र गोडामा चप्पल लगाउन पाएकी (पृ.२०३) गोरीमायाका बाबुछोरीसँग सुत्ने ओछ्यानका नाममा भुत्रे गुन्द्री मात्रै छ (पृ.२०५)। अन्नले केही महिना मात्रै छाक धान्ने उनीहरू कर्कलाको फाँडो खाएर जीवन धान्दछन् (पृ.२०६)। नुवाकोटको चिन्डे गाउँबाट काठमाडौं आउँदा पनि उसले 'फाटेको चौबन्दी चोली र फाटेको फरिया' लगाएकी थिई (पृ.२१०)। गोरीमाया आलेको घरमा धन्दा गर्न बसेपछि घ्याबरिङ बूढा (गोरीमायाको बाबुले आलेका जडाउरी लुगाहरू लगाउन पाएको थियो (पृ.२२०)। गोरीमाया गाउँमा हुँदा खुराक नपुगेर टाक्सिएकी थिई। गोरीमाया आलेका घरको खान्कीले अर्कै भएकी थिई (पृ. २२१)।

गोरीमायाजस्तै सुन्तली पनि अति विपन्न घरकी नारी हो। ऊ राती चटाइमा सुत्छे र नानीहरू पनि नाङ्गाभुतुङ्ग छन्। उसका घरका खाने भाँडा भनेका सिलवरका थाल र कचौरा हुन् (पृ.३२०)। श्रीमान् जेल परेकाले गरिबीमाथि महागरिबी थपिएको छ। क्षयरोगले ग्रस्त

उसले पोषणयुक्त खाना खान नपाए पनि औषधिसम्म चाहिँ मुस्किलले खाइरहेकी थिई (पृ.३२२)। उसको शरीरमा सास अल्झेकोसम्म मात्र छ। सुमती (सुवानी) को हत्याको खबर पनि उसको निर्धो शरीरले पचाउन सकेन र ऊ मूर्च्छा परी (पृ.३२८)। उसको यो अवस्था नितान्त गरिबीको उदाहरण नै हो।

जमुनी पनि निम्न वर्गीय परिवारकी नारी हो। यही गरिबीकै कारणले ऊ निसन्तान हुनुको कारण खोज्न डाक्टरकहाँ जान सकेकी छैन र यो कुरो बुझेकी सुमतीले उसलाई काठमाडौं जाने मौका पाउँदा डाक्टरकहाँ जँचाउन लैजाने आश्वासन दिएकी छ (पृ.३२४)।

सुमतीले आफ्नो कार्यस्थल बनाएको सर्लाहीको त्यो गाउँ गरिबीको मारमा परेको अनिकाले बस्ती हो जहाँका महिलाहरू पशुवत् जीवन बाँच्न बाध्य छन्। उनीहरूले जीवनमा गरिबी र श्रमबाहेक अरू कुरा चिनेका छैनन् (पृ.३२२)।

उपन्यासकार पारिजातले मान्छेको शील, स्वभाव र संस्कारलाई निर्धारित गर्ने महत्त्वपूर्ण कारकका रूपमा विचारलाई लिएकी छन्। स्वाभाविक रूपमा नै विपन्न घरका मानिसहरूले गरिबीसँग जुधेर खेर फाल्नुपर्ने समयलाई सम्पन्न घरका मानिसहरूले अन्य काममा उपयोग गर्ने अवसर पाउँछन्। शिक्षा र स्वास्थ्यमा पनि उनीहरूकै मात्र यथेष्ट पहुँच हुन्छ। आर्थिक कोणबाट सम्पन्न भएर पनि मानिस यदि सही दृष्टिकोणबाट टाढा छ भने त्यस सम्पन्नताले मानिसलाई विकृत बनाउँछ भन्ने कुराको उदाहरण ललिताको चरित्रमार्फत प्रस्तुत गरिएको छ। त्यस्तै मानिस विपन्न भएर पनि उसले सही विचार ग्रहण गरेको छ भने उसको जीवन सार्थक बन्न सक्तछ भन्ने कुराको उदाहरण जमुनी, सुन्तली र उनीहरूका गाउँका मानिसहरूको आचरणमार्फत प्रस्तुत गरिएको छ।

प्रस्तुत उपन्यासमा उच्च, मध्यम र निम्न तीनै वर्गका पात्रको उपस्थिति रहे तापनि यिनीहरूका बिचमा टड्कारो विभेद उत्पन्न गर्ने काम आर्थिक अवस्थाले नगरेर विचारले गरेको देखाइएको छ। साहु पुष्परत्नले असल विचार बोकेको छ। यसैले ऊ परिवर्तनको पक्षमा छ। आफूलाई सबैथोक पुगीसरी आएपछि सामाजिक परिवर्तनका निम्तिको आन्दोलनप्रति सरोकारै नराख्ने (पृ.२३६-२३८) ललिताजस्ता पात्र पनि छन्। सुवानीजस्ता पात्र पनि छन् जो विचारकै कारणले गर्दा सुन्तलीजस्ता दरिद्रताग्रस्त महिलाहरूसँग पनि आत्मीय सम्बन्ध कायम गर्न दत्तचित्त छन्। यस उपन्यासले यसरी मानिसको चरित्रनिर्धारण आर्थिक कारणले भन्दा पनि वैचारिक कारणले हुन्छ भन्ने तथ्यलाई आफ्ना मानवीय (सुवानी, लाल, गोरीमाया, पुष्परत्न, जमुनी आदि) र अमानवीय (प्रवेश सुब्बा, चिन्डे गाउँको सतासी बाजे, कृष्ण कार्की, ललिता आदि) पात्रका माध्यमले प्रस्तुत गरेको छ।

उपन्यासकारले आदर्श ठह्याएको मूल्य सुवानी, लाल, गोरीमाया, एम.आर.को क्रान्तिप्रतिको निष्ठागत आदर्श हो भने उनले हेय ठह्याएको मूल्य ललिता, प्रदीप, नयनतारा आदिको सतही जीवनदृष्टि नै हो। यिनै दुई फरक मूल्यलाई एकै ठाउँमा समानान्तर रूपमा ल्याएर तुलनात्मक कसीमा घोट्ने आधार भने सुवानीको चरित्रमार्फत प्राप्त भएको छ जुन एम्. आर., लाल एवं

गोरीमायाको सजातीय तथा ललिता, प्रदीप आदिको विजातीय सांस्कारिक मूल्यका सङ्क्रमण बिन्दुमा अवस्थित छ। उपन्यासकारले यिनै विविध चारित्रिक मूल्यका परिपार्श्वमा सुवानीको विजयी चरित्रमार्फत नारीपक्षीय आत्मसम्मानयुक्त जनपक्षीय क्रान्तिका निम्तिको निष्ठाको मूल्यलाई स्थापित गर्न रुचाएकी छन्।

**अनिँदो पहाडसँगै** उपन्यासको मुख्य कार्यस्थल वा कार्यपीठिका काठमाडौंको ज्ञानेश्वरस्थित चन्द्रकान्ताको घर बनेको छ जहाँ लाल बस्छ, गोरीमायाले आश्रय लिएकी छ, सुवानीले पनि लालमार्फत सम्पर्कबिन्दु बनाएकी छ। भीष्म आले र लाल दुवैको मृत्युपश्चात् यो घर सबै क्रान्तिकारीहरूका निम्ति दरो आश्रयस्थल बनेको छ। यही घरकै परिवृत्तमा उपन्यासको सिङ्गो विषयवस्तु आधारित छ।

सहायक कार्यस्थल सर्लाहीको एउटा गाउँमा अवस्थित सुन्तलीको घर बनेको छ जहाँ सुवानी (सुमती)ले आश्रय लिएकी छ र उसका गाउँकेन्द्री कार्यक्रमहरू जमुनी, सुन्तली आदिसँगकै सहकार्यका रूपमा त्यसै बिन्दुबाट परिचालित छन्।

चिन्डे गाउँमा अवस्थित घ्यावरिङ बूढाको घर अर्को सहायक कार्यस्थल हो जसले गोरीमायाको केन्द्रीयतामा उपन्यासको विषयवस्तुलाई एउटा बलियो पृष्ठभूमि प्रदान गरेको छ।

सबै कार्यस्थलले यस उपन्यासका प्रमुख नारी पात्रहरूको चारित्रिक अवस्थितिलाई महत्त्वका साथ प्रकाशित गर्ने काम गरेका छन्।

### ५.६.४ मूल नारी समस्या

**अनिँदो पहाडसँगै** नारी समस्यामा केन्द्रित उपन्यास भएर पनि यो व्यापक राजनीतिक वृत्तमा रचिएको राजनीतिक उपन्यास हो। त्यति भएर पनि यस उपन्यासले नारी समस्याको आधारभूत सन्दर्भलाई भने राम्ररी समेट्न सकेको छ। प्रस्तुत उपन्यासमा अविवाहित र विवाहित दुवैथरि नारीले सामाजिक आयाममा भोग्नुपर्ने समस्यालाई आफ्नो प्रस्तुतिको आधार बनाइएको छ। उपन्यासमा विविध प्रकारका नारी पात्रहरू रहेका छन् र सबै प्रमुख नारी पात्रका समस्यालाई उत्तिकै महत्त्व प्रदान गरिएको छ। तीमध्ये पनि सुवानी, गोरीमाया र चन्द्रकान्ताका समस्या नै यस उपन्यासका मूल नारी समस्या हुन्। ती पात्रले दुःख पाउनु यस उपन्यासका नारी समस्याहरू अस्तित्ववान् हुनु हो र तिनले सुख पाउनु ती समस्याको निराकरण हुनु हो। हरेक सामाजिक समस्या नारीका पनि समस्या हुन्। सत्ता पुरुषको हुनुको कारणले ती समस्याको नकारात्मक असर अझ बढी मात्रामा नारीमा नै पर्ने गर्छ। यी बाहेक उनीहरूसँग नारी भएकै नाताले बेहोर्नु परेका छुट्टै खाले समस्याहरूको चाङ पनि हुने गर्छ। यस उपन्यासको प्रारम्भसँगै नारी समस्याहरूको उठान भएको छ र उपन्यासका अन्त्यमा तिनको समाधानका निम्तिको प्रयत्नले गोरीमाया र जमुनीमार्फत निरन्तरता पाएको छ। सामाजिक परिवर्तनविना नै नारी समस्याको समाधान हुनु भनेको व्यक्तिगत समाधान हो र व्यक्तिगत समाधानले समस्याहरू प्रत्येक नारीका तहमा ब्युँझिरहने गर्छन्।

अब क्रमशः यस उपन्यासले रेखाङ्कित गरेका पितृसत्तात्मक सामाजिक संरचना, गरिबी,अशिक्षा, पुरुषअहङ्कार र बीरपूजाको आदर्शजस्ता प्रमुख समस्याका बारेमा चर्चा गरिने छ (५.६.४.१-५.६.४.५) ।

### ५.६.४.१ पितृसत्तात्मक सामाजिक संरचना

एकातिर समाजको संरचना पितृसत्तात्मक हुनु र अर्कातिर यहाँका हरेक विधिविधान त्यसैलाई बलियो बनाउनकै लागि रचिएको हुनुले गर्दा महिलाहरू चौतर्फी ढङ्गले उत्पीडनमा परेका छन् । महिलाका अधिकांश समस्याहरू पितृसत्तासँग जोडिन पुग्दछन् । सामाजिक सत्ता केन्द्रीकृत रहेको छ र त्यसका केन्द्रमा पुरुष विराजमान छ । सामाजिक सत्ताका केन्द्रमा पुरुष एक्लै गजधम्म बसेपछि नारी त्यस घेराबाहिर पर्छे । यही कारणले गर्दा मान्छेका जम्मा दुईवटा जातमा पनि एउटा जात (पुरुष) शासक बनेको छ भने अर्को जात शासित बनेको छ । मानिस शासक र शासित हुनासाथ त्यो शोषणकेन्द्री रहेकै हुन्छ । पुरुष सत्ताको केन्द्रमा रहेकाले ऊ शोषक हो र महिला सत्ताबाहिर रहेकाले ऊ शोषित हो । यही सामाजिक सत्ताका आधारमा दृष्टिकोण निर्माण हुने हुँदा समाजमा पुरुषदृष्टिकोण नै स्थापित छ । यसैले महिलाको परिभाषा पनि पुरुष दृष्टिकोणद्वारा नै गरिएको छ । केन्द्रीकृत सत्ता टिकाउने मुख्य आधार भनेको सामन्ती दृष्टिकोण नै हो । यसैले समाजको पितृसत्तात्मक संरचनाका जडमा यावत् नारी समस्याहरू उम्रिरहेका छन् । यस उपन्यासका हरेक नारी पात्रले भोगेका समस्यामध्ये केही त्यही पितृसत्ताका जडबाट उम्रेका छन् त कतिपय पितृसत्ताका भरणपोषणले महिलाका लागि विशेष पीडाकारक बनेका छन् । यसैले यस उपन्यासका सर्वप्रमुख नारी समस्या भनेको समाजको पितृसत्तात्मक संरचना नै हो ।

### ५.६.४.२ गरिबी

वर्गविभक्त समाजमा गरिबी हरेक निम्न वर्गीय परिवारको समस्या हो । त्यसो भएर पनि कतिपय कारणले त्यो महिलाहरूका निम्ति बढी निर्मम बन्ने गरेको छ र यसो हुनुमा प्रमुख कारण पितृसत्तात्मक सामाजिक संरचना नै हो । गरिबीको फरक मार्मिक प्रहार भोग्ने यस उपन्यासका महिलामा गोरीमाया चन्द्रकान्ता, सुन्तली, जमुनी पर्दछन् । एउटै परिवारका सदस्य भएर पनि, अभाव उत्तिकै भएर पनि घ्याबरिङ बूढाले भन्दा गोरीमायाले गरिबीको मार बढी खेपेकी छ । गरिब महिला भएकै कारणले उसले जालीझेलीका षड्यन्त्रमा परेर बहुलाकी श्रीमती भएर जानुपऱ्यो । गरिब हुनु, जनजाति परिवार (तामाङ) की हुनु र महिला हुनु अर्थात् गरिब जनजाति महिला हुनुका कारणले उसले सम्पन्न कथित माथिल्लो जातिका पुरुषबाट बाटाघाटामा समेत अपमानित हुनुपरेको छ । प्रधानपञ्च भन्छ, “यी आइमाईका जात भनेका पैसाका पुतली हुन्, यै भोटिनी पनि के फुर्ति लाउँछे मैले चाहें भने यसलाई म ओछ्यान बनाइदिन्छु ओछ्यान” (पृ.२२२) । गरिब जनजाति परिवारकै भएर पनि पुरुषले भने यस किसिमका समस्या भोग्नुपर्दैन ।

गरिब महिला हुनुको अर्को किसिमको समस्या सुन्तलीले भोगेकी छ। महिलाको स्वास्थ्य प्रजनन कार्यसँग जोडिएकाले गरिबीले गर्दा बढी समस्याग्रस्त बन्दछ। गर्भावस्था र प्रसूति अवस्थामा महिलाहरूलाई बढी खुराक र हेरचाहको आवश्यकता पर्दछ। सुन्तलीको घरको आर्थिक अवस्था बलियो भएको भए उसको श्रीमान् जेल परेरै पनि उसले शारीरिक कष्ट बेहोर्नु पर्ने थिएन तर अति निम्नकोटिको आर्थिक अवस्थाकी र तीनवटा सन्तानकी आमा सुन्तली टि.बी. रोगले ग्रस्त छ। खुराक खान नपाएरै टि.बी.ले ग्रस्त बनेकी सुन्तलीले त्यसपछि पनि खुराक खान पाउने कुनै सम्भावना रहेन। खुराकविनाको औषधिसम्म चाहिं उसले जसोतसो खाएकी छ (पृ.३२२)। यसरी गरिबी महिलाका लागि जैविक कारणले पनि बढी पीडादायी बन्दछ।

जमुनी पनि गरिबीले ग्रस्त नारी हो। आर्थिक अवस्था उसकै पनि खास राम्रो देखिंदैन। विवाह गरेको आठ वर्षसम्म पनि ऊ निःसन्तान छ। सन्तानको अत्यधिक रहर भएर पनि गरिबीले गर्दा उसले स्वास्थ्यजाँच गराउन सकेकी छैन (पृ.३२५)।

प्रस्तुत उपन्यासका नारी पात्रमध्ये चन्द्रकान्ता गरिबीको सबैभन्दा बढी चोट सहन बाध्य नारी हो। पूर्वी नेपालमा जन्मेकी (पृ.२१३) चन्द्रकान्ता दार्जिलिङमा टुहुरो जीवन बिताउन विवश छ। टुहुरी हुनु र सम्पत्ति नहुनुजस्ता दुईवटा विवशताका पासामा अल्झिएर ऊ होटल थाप्ने, रक्सीको अवैध व्यापार गर्ने तथा आफ्नो शरीरसमेत बेच्ने कार्यमा संलग्न हुन्छे। हातमुख जोड्ने सिलसिलामा यावत् क्रियाकलापमा संलग्न हुँदा नै ऊ एउटा पुलिस अफिसरद्वारा गर्भवती भए तापनि उक्त अफिसरले उसको सन्तानलाई स्विकारेन। उसको गरिबीमा सन्तानको लालनपालन समेतको जिम्मेवारी थपिन्छ। खाली एउटा भौतिक शरीर बचाउनकै निम्ति गरिबीका बाध्यताले उसले यावत् अनिच्छित कामहरू गर्ने बाध्यता आइलागेको छ र यति धेरै कष्टहरू उसले २१ वर्षको उमेरसम्ममा उठाइसकेकी छ (पृ.२१४)। भीष्म आलेसँग काठमाडौं आइसकेपछि भने उसले गरिबीबाट मुक्ति पाएकी छ।

### ५.६.४.३ अशिक्षा

शिक्षाको अवसरबाट बञ्चित हुनु नेपाली नारीको ठूलो समस्या हो र यो एकातिर सिधैं विपन्नतासँग गाँसिएको छ भने अर्कातिर सामाजिक मनोविज्ञानसँग पनि गाँसिएको छ। विपन्नतामा शिक्षाभन्दा अगाडि पेट र आङकै समस्या बढी महत्त्वपूर्ण रूपमा देखा पर्छ। सामाजिक सन्दर्भमा हेर्दा नेपाली समाज नारी शिक्षाको जरुरत नै देख्दैन। पढेलेखेका नारीहरूका भूमिकामा (बच्चा स्याहार्ने, भात पकाउने, भाँडा माझ्ने आदि गृहस्थीका जिम्मेवारीमा) कुनै अन्तर नआएका कारणले सामाजिक मनोविज्ञान नारी शिक्षाका विपरीत उभिएको हो एकातिर भने अर्कातिर पढेलेखेपछि नारीहरू सचेत हुन्छन् र उनीहरूलाई हेप्न पाइँदैन भनेर पनि समाज नारी शिक्षाको विरोधी भएको हो।

उपर्युक्त उपन्यासका केही प्रमुख नारी (सुवानी, ललिता) शिक्षित छन् भने केही (चन्द्रकान्ता, गोरी, सुन्तली र जमुनी) अशिक्षित छन्। यिनीहरूको यो अवस्था सामाजिक मनोविज्ञानसँग नभएर गरिबीसँग जोडिएको छ। मुग्लानमा टुहुरी बनेर सानै उमेरदेखि जीविकाका लागि सङ्घर्ष

गर्न बाध्य चन्द्रकान्ताका जीवनमा शिक्षार्जनको कुराले कुनै महत्त्व नै पाएन। गोरीमाया पढ्न चाहन्थी तर पहाडमा त्यो सम्भव भएन। काठमाडौं आएपछि पनि उसले विद्यालयमा पढ्ने अवसर पाएकी छैन। घरमै चन्द्रकान्ताको सहयोगमा साक्षर हुनेसम्मको अवसर पाएकी छ। सर्लाहीका सुन्तली र जमुनीले शिक्षाका बारेमा सोच्नै भ्याएका छैनन्। यसरी यी नारीहरूले एकातिर गरिबीका कारणले शिक्षार्जनको अवसर पाएका छैनन् भने अर्कातिर त्यही अवसर नपाउनाले उनीहरू आफ्नै प्रयत्नमा गरिबीको मारबाट उम्कन सक्ने परिस्थितिबाट विमुख बनेका छन्। शिक्षाहीन चन्द्रकान्ता भीष्ममाथि आश्रित बन्न बाध्य छ भने शिक्षाहीन गोरीमाया गलैंचा कारखानामा मजदुरी गर्न गएकी छ। यी दुवैले शिक्षाका अभावमा आत्मसम्मानपूर्ण जीवन बाँच्न पाएका छैनन्। अशिक्षित भएकै कारण (चन्द्रकान्ता र गोरीमाया दुवै साक्षर मात्रै छन्, शिक्षित छैनन्।) ले यिनीहरूले आफ्ना जीवनका समस्याहरूको समाधानको बाटो पहिल्याउन सकेका छैनन्, पूर्ण रूपले अरूमा आश्रित बनेका छन्।

### ५.६.४.४. पुरुष अहङ्कार

शासकहरू शासितका अगाडि अहङ्कार गर्ने गर्छन्। पितृसत्तात्मक समाज व्यवस्थाका शासक पुरुषहरू पनि शासित नारीका अगाडि दम्भ गर्छन्। उनीहरूका इच्छा नारीले स्वीकार नगर्दा उनीहरू आफ्नो अहम्मा ठेस लागेको अनुभव गर्दछन् र हरतरहले त्यस ठेसको मूल्य चुकाउन प्रयत्नरत रहन्छन्। त्यसका लागि जस्तासुकै गलत कार्य गर्न पनि उनीहरू पछि पर्दैनन्। सत्ता पुरुषको भएका कारणले उनीहरूले गरेको गलत कार्यका परिणाम उनीहरूको सट्टा नारीहरूले भोग्नुपर्छ। यस उपन्यासकी प्रमुख नारी पात्र सुवानीका जीवनमा पनि यही भएको छ। प्रवेश सुब्बा भन्ने युवकले निकै लामो समयदेखि सुवानीलाई एकतर्फी प्रेम गरेर थुप्रै चिठीहरू पठाउने, ऊ हिंड्ने बाटो ढुकेर पछ्याउने जस्ता अनेकन् कार्य गर्दा पनि प्रयास असफल भएपछि ऊ आफ्ना साथीहरूसहित भएर सुवानीको सामूहिक बलात्कार गर्दछ । यस्तो परिस्थितिमा दोषी पुरुष चोखै उम्कने तर उल्टै परिस्थितिको सिकार बनेकी नारीले त्यसका लागि सामाजिक अवहेलना एवं लाञ्छना खप्नुपर्ने कारणले सुवानीलाई पनि आफ्नो उक्त अपमानको चोट सहन मुश्किल पर्दछ। फेरि पनि सुवानीले अँगालेको समाज परिवर्तनका निम्तिको सही विचारका आदर्शले उसलाई जोगाएको छ। यसरी पितृसत्ताका आडमा पुरुषमा मौलाएको अहङ्कार नारीका निम्ति एउटा ठूलो समस्या बनेको छ।

### ५.६.४.५ वीरपूजाको आदर्श

आफूमा निहित अल्पज्ञानले क्रान्तिप्रति समर्पित हुन चाहनेहरूलाई धोका दिन्छ। समाजमा आमूल परिवर्तनका पक्षधरहरूले अँगालेको राजनीतिमा नीति प्रमुख मानिन्छ, नेता होइन । जसले नीतिलाई प्रमुख मानेको हुन्छ उसले नेतामा असफलता रहँदारहँदै पनि नीति छाडेको हुँदैन तर नीतिबाट डोरिएर नभई नेताका क्रियाकलापबाट डोरिएर राजनीतिमा सामेल हुनेहरूको राजनीतिक अभियान दिगो हुँदैन। यो समस्या कतिपय नारीहरूमा (पुरुषमै पनि देखिन्छ। यहाँ सन्दर्भ नारीको भएकाले मात्र पुरुषको पक्ष प्रस्तुत नगरिएको हो ।) देखिन्छ । यस उपन्यासकी

नारी पात्र नयनताराले प्रदीप शर्माका राजनीतिक क्रियाकलापबाट प्रभावित भएर राजनीतिमा हाम फालेकी थिई तर प्रदीपले आफ्नो नेतृत्व क्षमताको विकास गर्न नसकेपछि वीरपूजाका आदर्शले डोरिएर प्रेम गरिएको प्रदीपलाई अस्वीकार गरिदिन्छे। पितृसत्तात्मक सामाजिक संरचनाका कारणले यस कुराको असर उसको आफ्नै जीवनमा पनि नकारात्मक किसिमले पर्ने नै भयो। यसरी यस उपन्यासमा वीरपूजाको सो आदर्शलाई पनि नारी समस्याका रूपमा प्रस्तुत गरिएको छ।

प्रस्तुत उपन्यासले नारी समस्यालाई व्यक्तिगत रूपमा नभएर सामाजिक रूपमा हेरेको छ। यस उपन्यासमा समस्या व्यक्ति नारीले भोग्नुपरेको भए तापनि तिनको उत्पत्ति सामाजिक तहमा भए समाधान पनि सामाजिक तहमा खोजिनुपर्ने धारणा व्यक्त भएको छ। समाजको यही संरचनामा अन्य समस्यालगायत नारी समस्याको स्थायी समाधान पनि असम्भव छ। सामाजिक परिवर्तन राजनीतिक परिवर्तनविना सम्भव छैन। समाजको आमूल परिवर्तनको खाँचो महिलालाई बढी छ। यसैले जुन राजनीति समाजको आमूल परिवर्तनप्रति कटिबद्ध छ त्यसप्रति समर्पित हुनु महिलाका लागि अझ बढी अपरिहार्य देखिन्छ।

उपर्युक्त सबै समस्याबाट उन्मुक्त हुनु भनेकै नारीमुक्ति हासिल गर्नु हो। यस उपन्यासमा पितृसत्ताको वाहक अवश्यै पनि पुरुष बनेका छन् तापनि मूलमा दोषी पुरुष नभएर पितृसत्ता हो भन्ने दृष्टिकोण प्रस्तुत भएको छ। पुरुषहरू (एम. आर, लाल आदि) महिला मुक्तिका लागि सहयोगी भएको देखाउनु सोही कुराको दृष्टान्त हो। महिलाहरूले पितृसत्ताको आतङ्कबाट बाँच्नका लागि सामाजिक मुक्ति अभियानमा संलग्न हुनुपर्छ। यसका लागि राजनीतिक सचेतता जरुरी छ। राजनीतिक परिवर्तनले सामाजिक मुक्तिका निम्ति बाटो खोल्दछ र यावत् सामाजिक विषमताको निर्मूलीकरणसँगै लैङ्गिक विषमताको पनि निर्मूलीकरण सम्भव छ। यसैले नारीका पनि व्यक्तिगतभन्दा सामूहिक समस्याको निराकरण गर्नतर्फ प्रयत्न गरियो भने समस्याको जरो उखेलिन्छ। अन्यथा व्यक्ति-व्यक्तिका एउटा-एउटा समस्याका पछि लाग्न थालियो भने समस्या जहाँको त्यहीँ रहन्छ। कुनै समस्याबाट एउटी नारी ग्रस्त भई भने त्यसबाट उसको उन्मुक्तिको मात्र प्रयास नगरी त्यस्ता समस्याबाट भविष्यमा अरू नारीले समेत पनि ग्रस्त हुनु नपरोस् भन्ने दृष्टिकोणबाट कार्यक्रमलाई अघि बढाउनुपर्छ। यसैलाई सामाजिक मुक्ति आन्दोलन भनिन्छ। नारीमुक्ति आन्दोलनलाई पनि सामाजिक मुक्ति आन्दोलनसँग गाँसेर अगाडि बढाउँदा मात्र साँचो अर्थमा नारीमुक्ति सम्भव हुन्छ भन्ने दृष्टिकोणबाट यो उपन्यास लेखिएको हो। यसैले यसमा एकातिर नारी समस्या प्रस्तुत गरिएका छन् भने अर्कातिर सामाजिक परिवर्तनका निम्तिको राजनीतिक अभियानलाई प्रस्तुत गरिएको छ। यस उपन्यासमा नारी समस्यालाई राजनीतिक सन्दर्भबाट अलग्याएर त्यसलाई छुट्टै पहिचान गरी छुट्टै समाधान गर्ने कुरा असम्भवप्रायः हुन्छ भन्ने अभिव्यक्ति दिइएको छ।

### ५.६.५ परिणति र सन्देश पक्ष

प्रस्तुत **अनिँदो पहाडसँगै** उपन्यासको घटनात्मक अन्तिम परिणति र त्यसले दिने विशेषतः नारीपरक सन्देशबारे तल क्रमशः चर्चा गरिएको छ (५.६.५.१-५.६.५.२) ।

#### ५.६.५.१ परिणति

चन्द्रकान्ता, सुवानी र गोरीमाया-तीनैवटी प्रमुख नारी चरित्रका समस्यालाई उत्तिकै महत्त्वका साथ सम्बोधन गरिएको यस उपन्यासले चन्द्रकान्ताको समस्यालाई भीष्म आलेसँग उसको घरजम गराएर समाधान भएको देखाइएको छ । भीष्म सामाजिक विसङ्गतिका विरुद्ध सिधै सङ्घर्ष गर्ने काम त गर्दैन तर त्यही विसङ्गतिका दलदलमा फसेकी एउटी नारी चन्द्रकान्तालाई साथ दिएर विसङ्गतिप्रति असहमति भने जनाउँछ । सुधारवादी प्रवृत्तिको भीष्म व्यक्तिवादी समाधानका पक्षमा छ र उसको यही दृष्टिकोण अनुसार व्यक्ति चन्द्रकान्ताको समस्याको समाधान भएको छ ।  उसले समस्याको समाधानका निम्ति समाजवादी पहल नगरेकाले यस्ता समस्याले ग्रस्त प्रत्येक नारीका निम्ति छुट्टाछुट्टै प्रयत्न गर्नुपर्ने अवस्था देखिएको छ । नारीहरू फेरि यस्ता समस्यामा नपर्ने किसिमको पहल यस समाधानले गरेको छैन ।

सुवानीको समस्यालाई समाजवादी समाधान दिन खोजिएको छ । ऊ र उसका साथीहरू बलात्कारी प्रवेश सुब्बासँग मात्रै नरुमलिई समाजको आमूल परिवर्तनका पक्षमा अझ दृढ भएर लागेका छन् । सुवानी साथीहरूसँगको सल्लाहले पढाइसमेत छाडेर सिङ्गै देशमा परिवर्तन ल्याउनका लागि अझ बढी समर्पित भएर गाउँमा पुगेकी छ जसलाई उसको जीवनको त्यस दुर्घटनाको परिणति मान्नुपर्छ । उसको त्यही समर्पणको परिणतिस्वरूप उसको हत्या भएको छ । व्यक्तिवादी धारणाले यो उपन्यास लेखिएको भए त्यस हत्यालाई दुष्परिणति नै मान्नुपर्दथ्यो तर समाजवादी धारणाले लेखिएको यस उपन्यासमा भने व्यक्ति सुवानीको हत्यालाई क्रान्तिप्रति समर्पितहरूको समूहले रक्तबीजका रूपमा लिएको छ । जमुनीका आँखामा अर्कै डरलाग्दो अठोट देखिएको छ र गाउँलेहरूले शरीरमा अन्तिम थोपा रगत छउञ्जेल शोषकहरूसँग  लड्ने कसम खाएका छन् (पृ.३२८) जुन समाजवादी क्रान्तिका निम्ति अत्यन्त सकारात्मक परिणति हो ।

एकातिर गोरीमायालाई दुःख दिने चिन्डे गाउँका फटाहाहरूको दुर्गति भएको छ भने अर्कातिर गाउँमा त्यसरी दुःख पाउनाले नै उसका मनमा त्यस्ता बदमासहरूप्रति कहिल्यै नमेटिने आक्रोश जन्मेको छ । त्यसैको परिणतिस्वरूप नै लाल र सुवानीका सङ्गतमा ऊ पनि सामाजिक क्रान्तिप्रति समर्पित बनेकी छ । गोरीमायाको परिवर्तित जीवन आदर्शले उत्पीडनबाट नै एउटा दृढ क्रान्तिकारी जन्मन सक्छ भन्ने कुरालाई प्रमाणित गरेको छ । सुवानी र लालको सहादतपछि गोरीमाया क्रान्तिप्रति पूर्ण रूपमा समर्पित भएकी छ । एउटा क्रान्तिकारी मर्दा अन्य कैयन् क्रान्तिकारीको जन्म हुन्छ भन्ने क्रान्तिदर्शनअनुरूप नै यस उपन्यासमा पनि सकारात्मक परिणति प्राप्त भएका छन् । क्रान्तिकारी व्यक्तिले सहादत प्राप्त गरेपछि क्रान्तिको धार अझ तिखारिन्छ र क्रान्तिको सफलता झन्झन् निकट परिलक्षित हुन्छ । उपन्यासमा दिग्दर्शित सबै परिणतिले परिवर्तनको सम्भावनालाई अझ बढी प्रष्ट पारेका छन् ।

#### ५.६.५.२ सन्देश

**अनिँदो पहाडसँगै** उपन्यासले चिन्डे गाउँका प्रधानपञ्च र कृष्णे कार्कीको दुर्गति देखाएर त्यस्तो फटाहा काम गर्नु हुँदैन, अन्यथा त्यस्तै परिणति भोग्नुपर्छ भन्ने सन्देश प्रवाहित गरेको छ। गोरीमायाको सन्दर्भमार्फत शोषित समुदाय अलिकति वातावरण पाउनासाथ शोषक वर्गमाथि खनिइहाल्छ र त्यही नै क्रान्तिको चरित्र पनि हो भन्ने सन्देश दिइएको छ। व्यक्तिगत राग-विरागमा चुर्लुम्म डुबेर तत्काल निर्णय लिइहाल्ने सुवानीको अधीर बानीलाई एम्.आर्.ले आवश्यक तालिम दिई क्रान्तिका लागि उपयुक्त हुने गरेर उसको चरित्र-निर्माण गरिसकेपछि गाउँमा पठाएको छ। सुवानीको सहादतमार्फत क्रान्तिका लागि सकेसम्म जोगिने, केही नलागे प्राणाहुति दिनसमेत पछि नपर्ने मानसिकता नै क्रान्तिको सफलताका निम्ति सहायक हुन्छ भन्ने सन्देश दिइएको छ। यसरी सम्पूर्णमा उपन्यासले उपर्युक्त नारी पात्रका समस्या र तिनले प्राप्त गरेका परिणतिमार्फत समाजको आमूल परिवर्तनद्वारा नै व्यक्तिगत रूपले भोग्नुपरेका समस्याहरूको समेत पनि समाधान प्राप्त हुन सक्छ भन्दै समाजवादी क्रान्तिको सन्देश दिएको छ।

### ५.६.६ प्रमुख नारी चरित्र

**अनिँदो पहाडसँगै** उपन्यासमा मूल रूपमा २०३७ सालको जनमत सङ्ग्रहको नतिजा प्रकाशनमा पुगेर टुङ्गिएको समयदेखि लगत्तै अघिको २०३५ श्रावणदेखिको २२ महिना अवधिको पञ्चायतकालीन समयको मुख्यतः काठमाडौं उपत्यकाको र अंशतः पश्चिमी पहाड (नुवाकोटको चिन्डे गाउँ) तथा पूर्वी मधेशको सर्लाही क्षेत्रको नेपाली समाजको उच्च, मध्यम र निम्न वर्गका क्षत्री (चन्द्रकान्ता) तथा जनजाति परिवारको त्यतिखेर विद्यमान सामाजिक (अंशतः पारिवारिक पनि) नारी जीवनलाई नै तिनका विशेषतासहित याथार्थिक रूपमा प्रस्तुत गरिएको छ। नारीमुक्ति र सामाजिक परिवर्तनका लागि नारी-नर दुवैथरीको सहभागिता अत्यावश्यक हुने हुनाले पुरुष चरित्रको पनि सशक्त उपस्थिति गराइएको छ। सक्रियताका आधारमा हेर्दा यस उपन्यासमा नारी चरित्र नै अगाडि छन्। उपन्यासमा नारीलाई उसको आफ्नै केन्द्रीयतामा प्रस्तुत गर्ने प्रयास भएको छ। यस उपन्यासका नारी पात्रहरू मूलतः नवोन्मेषशील भूमिकामा र अंशतः परम्परागत (चन्द्रकान्ताका सन्दर्भमा) भूमिकामा प्रस्तुत भएका छन्। समाज र परिवार दुवैतिर पुरुष केन्द्रीयताको परिहार नभइसकेको उपर्युक्त परिस्थितिमा सबैतिर किनारा लगाइएका महिलालाई पनि केन्द्रतिर तान्ने प्रयत्न गर्नुलाई नै यस उपन्यासले मूल अभीष्ट बनाएको छ।

उपर्युक्त उपन्यासका नारी चरित्रमध्ये चन्द्रकान्ताको भूमिका खासगरी घरको चार पर्खालभित्रको सानो पारिवारिक संसारभित्र सीमित छ तापनि सुवानी, गोरीमाया, जमुनी, सुन्तली आदि पात्रको भूमिकाले सो बन्धनलाई छिचोलेको छ। उनीहरू शिक्षालयदेखि राजनीतिक वृत्तसम्म फिंजारिएका छन्। यस उपन्यासका नारीहरू खराब या असल जे भएका छन् दुवै नेपालको सामाजिक संरचनाका सीमाभित्रै भएका छन्। सबै प्रमुख नारीले नारी हुनुका नाताले व्यक्तिगत उत्पीडन त भोगेका छन् तर त्यसको उपचार उनीहरूले व्यक्तिगत तहमा नभएर सामाजिक परिवर्तनको आन्दोलनमार्फत सामाजिक तहमा खोजेका छन्। दैनिक गुजाराका समस्याले ग्रस्त

सुन्तलीले पनि आफ्नोसमेत दुःख निवारणको उपचार हासिल गर्ने क्रममा सोही आन्दोलनलाई पछ्याएकी छ । यस उपन्यासमा सुवानी सो आन्दोलनकी प्रमुख अभियन्ता बनेकी नारी पात्र हो र उसैको मियोमा अन्य नारी पात्रहरू पनि घुमेका छन् ।

उक्त उपन्यासमा मूल रूपमा दुई पुस्ताका नारी चरित्रहरू उपस्थित छन्– प्रौढा : चन्द्रकान्ता , युवा : सुवानी, गोरीमाया, ललिता, सुन्तली र जमुनी । चन्द्रकान्ता आमा र पत्नीको दोहोरो भूमिकामा आएकी छ । सुवानी, गोरीमाया र ललिता अविवाहित युवतिहरू हुन् भने सुन्तली पत्नी, बुहारी एवं आमाका भूमिकामा तथा जमुनी पत्नीका भूमिकामा आएकी छ । चन्द्रकान्ताले घरायसी भूमिका मात्र सम्हालेकी छ, सामाजिक भूमिका उसको श्रीमान् भीष्म आलेले सम्हालेको छ । सुवानीले विद्यार्थी राजनीतिको भूमिका सम्हालेकी छ भने गोरीमाया सुरुमा गाउँले युवती, पछि घरेलु कामदार र पछि विस्तारै कारखानाको मजदुर एवं राजनीतिक कार्यकर्ताको सङ्क्रमणशील भूमिकामा देखा परेकी छ । सुन्तली र जमुनी दुवैले घरभित्र र बाहिर दुवैतिरको दोहोरो भूमिका सम्हालेका छन् ।

वर्गीय आर्थिक कोणबाट हेर्दा **अनिँदो पहाडसँगै** उपन्यासमा उच्च, मध्यम र निम्न तीनै वर्गका नारी पात्रहरू रहेका भेटिन्छन् । यस उपन्यासका प्रमुख नारी पात्र सुवानी र अर्को सहायक पात्र ललिता र गौण पात्र पुष्परत्नकी पत्नी उच्च वर्गमा पर्दछन् । चन्द्रकान्ता (भीष्म आलेसँग घरजम गरेपछि ) मध्यम वर्गकी तथा गोरीमाया, सुन्तली र जमुनी निम्न वर्गका नारी पात्र हुन् । सुवानीले आफ्नो परिवारको उच्च वर्गीय स्थितिको सहुलियतस्वरूप काठमाडौंमा बसेर उच्चशिक्षा हासिल गर्ने अवसर पाएकी भए तापनि सर्वहारावर्गीय राजनीतिको समर्थन गरेका कारणले हुनुपर्छ उसमा वर्गीय अहङ्कारका भावनाको गन्धसमेत पनि पाइँदैन तर ललितामा भने उच्च वर्गीय अहङ्कार पर्याप्त मात्रामा रहेको छ । साहु पुष्परत्नकी पत्नी पारिवारिक कारणले उच्च वर्गीय ठहरिए तापनि व्यक्तिगत अस्तित्वका कोणबाट भने ऊ निम्न वर्गीय हो र ऊ घरमा चाकरको हैसियतमा जीवन धानिरहेकी छ । चन्द्रकान्ता विवाहअघि त निम्न वर्गकी हो, विवाहपछि भने भीष्म आलेको मध्यम वर्गीय हैसियतमा उक्लिएकी छ र घरभित्र उसकै हैकम कायम छ । निम्न वर्गीय सुन्तली र जमुनीसँग त घरमा हैकम जमाउने कुरा पनि छैन, त्यसैले हैकम पनि छैन । उनीहरूका घरमा जीवनका आधारभूत आवश्यकताको पूर्तिसमेत पनि अथक परिश्रमपश्चात् त्यो पनि आंशिक रूपमा मात्र हुन्छ । रोग, भोक, अशिक्षाजस्ता सबै समस्यासँग उनीहरूले बाध्य भएर जुध्नैपर्छ । गोरीमाया पनि यही स्तरकी नारी हो जो आर्थिकका अतिरिक्त सामाजिक समस्या समेतले गर्दा आफ्नो घरै छाडेर सहरमा चन्द्रकान्ताका घरमा घरेलु कामदार बनेकी छ ।

प्रस्तुत उपन्यासमा सुवानी, गोरीमाया, चन्द्रकान्ताबाहेक अन्य केही प्रासङ्गिक नारी पात्र पनि छन् जसमध्ये कोही मञ्चीय भूमिकामा आएका छन् भने कोही नेपथ्य भूमिकामा आएका छन् । मञ्चीय भूमिकामा आउनेमा एम्.आर. की फुपू, चिन्डे गाउँकी गाउँले बूढी र सर्लाहीको एउटा गाउँका महिलाहरू पर्दछन् । त्यस्तै नेपथ्यको भूमिकामा देखा पर्नेमा नयनतारा, प्रदीप शर्माका आमा र पत्नी, गुण्डाहरूले सुवानीलाई जिस्क्याउँदा उल्टै सुवानीको विरोध गर्ने महिलाहरू, एम्.आर.की आमा, गोरीमायाकी सासू आदि पर्दछन् । यी सबै महिलाको भूमिका गौण रहेको छ ।

यसपछि अब क्रमशः प्रस्तुत **अनिँदो पहाडसँगै** उपन्यासका सुवानी, गोरीमाया र चन्द्रकान्ताजस्ता प्रमुख नारी पात्रको चारित्रिक विश्लेषण तल प्रस्तुत गरिएको छ (५.६.६.१-५.६.६.३) ।

### ५.६.६.१ सुवानी

सुवानी प्रस्तुत उपन्यासकी केन्द्रीय नारी चरित्र हो । सिङ्गो उपन्यासका प्रमुख पात्रहरू कुनै न कुनै रूपमा उससँग स्पर्शित भएका छन् । सुवानीको चरित्रलाई प्रष्ट्याउने अर्थमा नै अन्य प्रमुख पात्रको जोरजाम भएको छ । सुवानीको वर्गीय दम्भरहितता र सामाजिक परिवर्तनका निम्ति गरिएको क्रान्तिप्रतिको समर्पणलाई अझ उजिल्याउने सन्दर्भमा नै अरू पात्र आएका छन् । एम्.आर्.ले सुवानीको क्रान्तिचेतलाई सुदृढ बनाएको छ, लालको चरित्रले उसलाई आत्मीयतापूर्वक सो मार्गमा क्रियाशील हुन भरथेग गरेको छ, गोरीमायाको चरित्रले उसको सङ्गठन विस्तारको क्षमतालाई झल्काएको छ, ललिताको चरित्रले उसको चारित्रिक स्वरूपको उत्कृष्टता सावित गरेको छ, चन्द्रकान्ताको चरित्रले उसको हार्दिकताको परिचय दिएको छ, सुन्तली र जमुनीमार्फत उसको दम्भरहित विनयशीलतालाई प्रस्तुत गरेको छ र नयनताराको चरित्रले उसको सुझबुझलाई प्रकट गर्ने काम गरेको छ । यसरी अन्य सबै पात्रहरूले सुवानीको चारित्रिक वैशिष्ट्यलाई पूर्णतामा परिचित गराउने काम गरेका छन् ।

सुवानी पूर्व पाँचथर जिल्ला यासोक गाउँकी लिम्बुनी (पृ.२३०) हो र ऊ अझ आफूलाई लिम्बुनी शब्दका साथमा काँचो शब्दसमेत थपेर चिनाउँछे । २०३३ सालमा प्रवीणता प्रमाणपत्र तह पढ्न प्रारम्भ गरेकी सुवानी (पृ.२५५) उपन्यासको प्रारम्भतिर स्नातक तहकी विद्यार्थी थिई । सामान्यतः नेपालीहरूले प्रवेशिका उत्तीर्ण गर्ने उमेर लगभग १८ वर्षको हुनेगर्छ । यस अनुसार २०३३ सालमा १८ वर्ष उमेर भएकी सुवानीको जन्म २०१५ सालतिर भएको देखिन्छ । २०३५ साल श्रावणदेखि कथानक प्रारम्भ भएको यस उपन्यासको अन्त्य २०३७ साल जेठमा (जनमत सङ्ग्रहको परिणाम आएको समय) गएर भएको देखिन्छ । यस अनुसार सुवानीको उमेरको २० देखि २२ वर्षका बिचको लगभग २० महिना अवधिको समय यस उपन्यासमा परेको छ । यस अर्थमा **अनिँदो पहाडसँगै** उपन्यास नवयुवा सुवानीको सामाजिक परिवर्तनका निम्तिको राजनीतिक सचेतता, क्रियाशीलता र जीवनोत्सर्ग हुँदासम्मको कथा हो ।

बैंसको प्रारम्भिक वयतिरैदेखि राजनीतिक संसर्गमा आएकी सुवानी बाहिरी र भित्री दुवै सौन्दर्यले युक्त थिई । पहेंलो अनुहार, निद्रालु आँखा भएकी अग्ली, गोरी र जापानी पुतलीजस्तै राम्री लिम्बुनी सुवानीको कम्मरसम्म लर्केको कपालको चुल्ठो थियो । यसैले ऊ रूपको भोको (पृ.३१३) प्रवेश सुब्बाको आकर्षणकी केन्द्र बनेकी थिई । सुवानी सबैतिरबाट प्रशंसित रूपकी धनी भएर पनि उसले आफ्नो बाहिरी सौन्दर्यलाई कुनै महत्त्व दिएकी छैन । यसैले झुक्किएर पनि उसबाट रूपको अहङ्कार व्यक्त भएको छैन । यसबाट सुवानी मानिसको आन्तरिक सौन्दर्यमा मात्र जीवनको सार देख्ने नारी चरित्र हो भन्ने कुराको पुष्टि भएको छ ।

क्रमिक चारित्रिक विकास हुँदै गएका कारणले ऊ चारित्रिक आयामिकताका दृष्टिले गोलो चरित्र हो। सुरुमा कल्पनाशील र साना कुरामा पनि उत्तेजित हुने (पृ.२५६) जङ्गली आवेश भएकी (पृ.२९१), सुवानी एम्.आर्. र लालसँगको निरन्तरको साहचर्यले व्यवहारकुशल हुँदै गएकी छ। प्रारम्भतिर सुवानी धेरै र चर्को बोल्थी (पृ.२३०)। त्यति मात्र होइन "सुवानी गीत सुनेर रून्छे, उपन्यास पढेर रून्छे, बिहेमा छोरी अन्माएको दृश्य देखेर रून्छे, कोही उसको अघि रोयो कि ऊ रून्छे" (पृ.२३३)। ऊ रिसाउनुको बेर न हाँस्नुको बेर भएकी, ईख पनि नभएकी विष पनि नभएकी लिम्बुनी हो (पृ.२७३)। यसरी उपन्यासको प्रारम्भतिर उमेर पनि कलिलो र धनी परिवारकी छोरी भएका नाताले दुःखकष्टको अनुभव पनि नभएको हुनाले उसको स्वभावमा पर्याप्त आलोकाँचोपन भेटिन्छ। सुरुतिर आफूभित्रका मनोभावहरू उसकै लागि पनि अपरिभाषित छन् तर तिनै मनोभावहरू पछि एम्.आर्.सँगका सहकार्यबाट देशप्रतिको उत्तरदायित्वबोधको भावनासँग मिसिएर परिभाषित बनेका छन् (पृ.२२६)। उपन्यासमा प्रवेश गरेदेखि सहादत प्राप्त नगरेसम्म उसमा निरन्तर सक्रियता देखिएको छ। यही सक्रियताले उसको चारित्रिक विकास देखाएको छ। सुरुमा झडङ्ग रिसाउने (पृ.२२४), प्रतिक्रिया व्यक्त गरिहाल्ने (पृ.२२४), आवेशमा निर्णय लिइहाल्ने (पृ.२२५), निर्भीक र हठी तथा थुप्रै अप्ठ्यारा बानीहरू भएकी (पृ.२२५) केटी विस्तारै क्रान्तिकारी सिद्धान्त र व्यवहारका कसीमा घोटिँदै जाँदा उसमा पर्याप्त परिवर्तन देखा परेको छ। पछिल्ला दिनहरूमा एउटा भूमिगत राजनीतिक कार्यकर्ताका निम्ति आवश्यक हुने सबै गुणहरू उसमा विकसित भइसकेका देखिन्छन्। वैचारिक आस्था र व्यवहारले खारिँदै जाँदा उसलाई अत्यन्तै दुःखाउने विगतको विभत्स घटनाले पनि दुःख हुन छाडेको थियो र ऊ आफैलाई पनि आफ्नो परिस्थिति केही भरपर्दो भइसकेको लाग्न थालेको थियो (पृ.३२६)।

सुवानी कार्यगत आधारमा हेर्दा यस उपन्यासका नारी पात्रमध्येकी मात्र नभएर सिङ्गो उपन्यासकै प्रमुख पात्र हो। ग्राम्य परिवेश (पूर्वको यासोक गाउँ)मा जन्मीहुर्की उच्च शिक्षार्जनका क्रममा सहरी परिवेश (राजधानी काठमाडौं)मा आई त्यहीँ राजनीतिक प्रशिक्षणसमेत प्राप्त गरी सामाजिक परिवर्तनका निम्तिको क्रान्तिमा समाहित भई त्यसको व्यावहारीकरणका सिलसिलामा पूर्वी तराईको सर्लाहीको एउटा ग्रामीण परिवेशमा कार्यरत रहेकै अवस्थामा सहादत प्राप्त गरेकी सुवानीले आफ्नो जीवनको वैचारिक रूपान्तरणको महत्त्वपूर्ण समयावधि भने सहरी परिवेशमै व्यतित गरेको देखिन्छ।

जीवनका परिस्थिति एवं घटनाक्रमले पछि अन्तर्मुखी बन्न पुगेकी भए तापनि उसको मूल स्वभाव भने बहिर्मुखी किसिमको छ। उसको बोलीचाली र व्यवहारले एउटा मात्र जाति (लिम्बू) र क्षेत्र (यासोक गाउँ)को प्रतिनिधित्व नगरी त्यो सार्वदेशिक र सार्वभौम किसिमको रहेको छ। उपन्यासमा उसको उपस्थिति प्रारम्भ भएदेखि अन्त्यसम्म नै मञ्चीय रहेको छ।

प्रस्तुत उपन्यासमा सुवानीको चरित्र सफल महिला नेताको रूपमा प्रस्तुत भएको छ। ऊ विद्यार्थीका बिचमा पनि सफल छ र उसले विद्यार्थी आन्दोलनको नेतृत्व गरेकी छ। उसले प्रगतिशील विचारको प्रतिनिधित्व गरेकी छ। राजनीतिक, प्रशासनिक दबाबका बिचमा पनि ऊ कहिल्यै हतास भएकी छैन। फरक मत भएका साथीसँग (ललिता) पनि उसले कार्यगत एकताको

प्रयास गरेकी छ (पृ.२३४-२३९)। उसले विद्यार्थीका बिचमा मात्र नभएर मजदुर (पृ.३२०-३३०) तथा विपन्न गाउँलेका बिचमा पनि काम गरेकी छ र त्यसै क्रममा गौरवपूर्ण मृत्युवरण गरेकी छ। सुवानीका चरित्रमार्फत राजनीतिक चेतना र सामाजिक दायित्वबोध भएका नारीहरू पनि पुरुषजस्तै क्रान्तिकारी भएर जनसङ्घर्षमा लाग्न सक्छन् भन्ने उदाहरण प्रस्तुत भएको छ।

सुवानी क्रान्तिकारी विचार र व्यवहार भएकी केटी हो। एक्लो व्यक्तिले क्रान्ति गर्न सक्तैन, क्रान्तिका निम्ति सङ्गठनको आवश्यकता हुन्छ भन्ने सुवानी सङ्गठनमाथि अगाध आस्था राख्छे। "सङ्गठनले फालिदिएको जीवन गल्लीको भुसिया कुकुरको जस्तो निराश्रित र असुरक्षित हुन्छ, त्यसैले कारण पर्न गएर सङ्गठनले मलाई फालिदिएछ भने म आत्महत्या गर्छु" (पृ.२९०) भन्ने सुवानी स्वास्थ्यको समेत ख्याल नगरी सङ्गठनको काममा लागिरहन्छे (पृ.२५४ )। ऊ कुनै पनि समस्याको समाधान साङ्गठनिक रूपमा मात्र गर्न सकिन्छ भन्ने विचार राख्छे (पृ.२८७)। ऊ दुःखी मान्छेलाई दुःखको कारण औंल्याएर चेतनाले ओतप्रोत तुल्याइदिएर सङ्गठित गर्न सिपालु छ। गोरीमायालाई पनि उसले यसैगरी सङ्गठनमा बाँधेकी छ र सर्लाहीका दुःखी गाउँले (खासगरी महिला)का बिचमा पनि उसले यसै गरेकी छ (पृ.३२३)।

सुवानी वर्गचरित्र हो। ऊ उच्च वर्गकी (किपटवाला सुब्बाकी - पृ.२३६) छोरी भए तापनि उसले आफ्नो उक्त वर्गको खोल च्यातेकी छ (पृ.३२८)। सर्वहारापक्षीय राजनीतिक दृष्टिकोणप्रति आस्थावान् बन्नु र उक्त पारिवारिक उच्च वर्गीय खोल च्यात्नु -उसका जीवनमा एकैसाथ भएका कुरा हुन्। उसले पारिवारिक तहदेखि नै विद्रोह देखाएकी छ। उच्चशिक्षाका लागि राजधानीमा आएर एक्लै डेरा गरेर बस्दादेखि प्रदर्शित हुन थालेको उसको विद्रोहको पृष्ठभूमिमा उसमा विद्यमान असीमित साहस क्रियाशील देखिन्छ र त्यस साहसले क्रान्तिकारिताको मार्ग पक्रेको छ। यसैले ऊ विद्रोही, साहसी र क्रान्तिचेत भएका नारीकी प्रतिनिधि हो। ऊ वर्गहितकी हिमायती छ (पृ.२३६)।

सुवानी अत्यन्त साहसी युवती हो। बाटामा हिंडिरहेका बखत आफूलाई जिस्क्याउने केटाहरूको हूलमा गएर उसले तिनलाई कुटेकी छ (पृ.२२४)। आफू डेरा गरेर बसेको माथिल्लो कोठामा गएर श्रीमती कुटिरहेको पुरुषलाई लछारपछार पारेकी छ (पृ.२२६)। उसमा विद्यमान जोखिम मोल्न सक्ने साहसले नै उसबाट ती कार्य हुन गएका हुन्। प्रशासनिक दमन भइराखेका बेलामा उसले बसमा खुला रूपमा व्यवस्थाविरोधी पर्चा छरेकी छ (पृ.२५४)। उसको जङ्गली आवेश पनि उसको साहसकै परिणाम हो (पृ.२९१)। सुवानीका साथीहरू उसको अतिरिक्त साहसलाई नियन्त्रण गर्ने सल्लाह दिन्छन् (पृ.२९७)। पाटन औद्योगिक क्षेत्रमा भएको चरम दमनको क्षणमा आफ्नै अगाडि गोली लागेर ढलेको आफ्नो साथी लालबहादुरको रक्ताम्य शरीर समाउने प्रयास गर्नु, दमनमा परेको आतङ्कित र त्रसित समूहको बिचबाट बाटो बनाउँदै बाहिर निस्केर भूमिगत हुनु (पृ.३०५) उसमा विद्यमान साहसकै उदाहरण हुन्। अपरिमित उत्साह र साहस बोकेकी यो युवती क्रान्तिप्रति पूर्ण रूपमा समर्पित थिई (पृ.३१२)। आफूलाई एकान्तमा हातपात गर्ने पुरुषलाई हिर्काएर-नङ्ग्र्याएर हतास पार्न सक्ने क्षमता उसमा देखिन्छ (पृ.३१३)। उसभित्र निहित यही साहसले नै उसले दन्दनी बलिरहेको छाप्रोभित्र आगाका लप्कालाई चिर्दै भित्र

पसेर अधमरो भइसकेको बूढालाई बोकेर बाहिर ल्याउन सकेकी हो (पृ.३२७)। सामाजिक परिवर्तनका निम्तिको क्रान्तिप्रति समर्पित बन्नु यी सबैभन्दा अझ माथिल्लो दर्जाको साहसको काम हो। यी सबै सन्दर्भहरूले सुवानीलाई एउटी आँटिली महिलाका रूपमा प्रस्तुत गरेका छन्।

सुवानीको चरित्रमा निहित यही साहसिकताले उसमा  हठीपन पनि देखिन्थ्यो। ऊ हार स्वीकार नगर्ने केटी थिई (पृ.३१३)। ऊ आवेशमा आएर निर्णय लिन्थी र त्यही निर्णयमा हठपूर्वक जमिरहने प्रयत्न गर्थी। यही हठीपनाले उसलाई भयङ्कर व्यक्तिवादी र विवेकहीन बनाउला भनेर एम् आर. सधैँ सतर्क रहन्थ्यो (पृ.२२७)।  सुवानी विवशतालाई नै विवश बनाउन प्रयत्न गर्ने युवती थिई (पृ.२२८)। मुखले हार स्वीकार नगरे तापनि उचित कुराको समझदारीमा आउने बुझ्झकीपन पनि उसमा थियो जुन कारणले गर्दा आफूले उक्त डेरामा फर्केर नजाने भनेर गरेको निर्णयका विरुद्ध एम्. आर. ले सम्झाएपछि उसले आफ्नो कुरा सच्याएकी छ र कसैको साथ सहयोगको अपेक्षा नगरी एक्लै फर्केकी पनि छ (पृ.२२८)।

सुवानी स्वतन्त्र विचार र व्यवहारकी केटी हो। यही कारणले ऊ घरपरिवारको दबाबसँग जुधेर राजधानी आएर एक्लै डेरा गरेर बसेकी छ। ऊ आफूमाथि हस्तक्षेप भएको रुचाउँदिन। प्रवेश सुब्बाले राखेको प्रेम प्रस्तावलाई उसले आफ्नो स्वतन्त्रतामा बाधा भएको ठानेकी छ (पृ.२७४)। यति भएर पनि उसको स्वतन्त्रता ललिताको जस्तो उच्छृङ्खल प्रवृत्तिको नभएर समाजप्रतिको जिम्मेवारीले युक्त रहेको छ। विदेशी संस्कृतिमा डुबेर सोही श्रृङ्गार-प्रसाधनको दास भएर अर्धनग्न कपडा लगाएर विदेशी  धुनमा एक्लै नाच्ने कुरालाई ऊ स्वतन्त्रताको सही परिभाषा मान्दिन (पृ.१३२)। सामाजिक परिवर्तनका निम्ति त्याग र बलिदानका प्रतिमूर्ति बनेका केटीहरू स्वभावैले सद्चरित्र हुन्छन् र सुवानी पनि त्यस्तै छ। जनहित र राष्ट्रप्रेम नै एक मात्र उद्देश्य भएकी सद्चरित्र युवती सुवानी उपन्यासमा कहीं कतै पनि रतिरागका भावनाले युक्त देखिएकी छैन। समवयस्क युवकहरूसँग निरन्तरको साहचर्यले पनि उसलाई विचलित तुल्याउन सकेको छैन। एम्. आर. सँगको उसको घनिष्टतालाई लिएर कसैले गलत अर्थ लगाएको महसुस भएपछि ऊ त्यसका विरुद्ध आत्महत्या गर्ने कुरा व्यक्त गर्छे (पृ.२९०)।

सुवानी प्रचूर मानवीय संवेदना भएकी क्रान्तिकारी युवती हो। आफूभित्र निहित यही संवेदनशीलताका कारणले नै ऊ सामाजिक र राजनीतिक परिवर्तनको अभियानमा सामेल भएकी देखिन्छे। चन्द्रकान्ता र गोरीमायासँगको सम्बन्ध आत्मीयतामा परिणत हुनुमा पनि उसको सोही भावनाको भूमिका देखिन्छ। चन्द्रकान्ताप्रति उसको यति धेरै ममता छ कि ऊ आफू बलात्कृत भएको कुरा उसले थाहा नपाओस् भन्ने चाहन्छे। आफू असक्त भएका अवस्थामा समेत पनि ऊ चन्द्रकान्ताको दाम्पत्य वियोगको घाउमा मलम लगाउन पुग्छे। पछि फेरि पुत्रवियोगले विक्षिप्त भएकी चन्द्रकान्तालाई सम्हाल्ने क्रममा पनि उसकै भूमिका सर्वाधिक महत्त्वपूर्ण देखिन्छ। सर्लाहीको गाउँमा उसले आइमाई, केटाकेटी र बूढाबूढीलाई साथ दिएकी छ। सुन्तलीकी त ऊ साँच्चैकी नन्द भएकी छ (पृ.३२२)। ऱ्याले बूढो, क्षयरोगी सुत्केरी र कुपोषित केटाकेटीको सेवा गरेर उसले आफूमा निहित मानवतावादी भावनाको परिचय दिएकी छ। निश्छल र मानवताप्रति

इमानदार (पृ.२२५) सुवानीले आफूले आगलागीबाट उद्धार गरेको बूढाको आँसुमा आफूलाई धन्य सम्झेकी छ (पृ.३२७)।

सुवानीको जीवनमा पलायनलाई कुनै ठाउँ छैन। आफू बलात्कृत हुँदा उसले जीवनमा पहिलोपल्ट विरक्ति अनुभव गरे तापनि त्यसलाई हारमा परिणत हुन दिएकी छैन। बलात्कृत भएर अस्पतालमा उपचार गराइराखेका बखत भेट्न आएको आत्मीय साथी एम.आर.सँग पहिलो साक्षात्कार हुँदा ऊ भन्छे, "एम्. आर. अब मेरो जिउने रहर पुग्यो" (पृ.३१६)। त्यो उसको पीडाको तात्कालिक अभिव्यक्ति मात्र थियो। गाउँमा गएर काम गर्न थालेपछि उसलाई त्यस घाउले पीडा नदिने भइसकेको छ। आफ्नो आत्मीय साथी लालबहादुर आफ्नै अगाडि गोली लागेर मर्दा ऊ आफ्नो शैली मात्र (खुला राजनीतिबाट भूमिगत हुनु) परिवर्तन गर्छे, क्रान्तिको मैदान छाडेर भाग्दिन (पृ.३०५)। व्यापक धरपकड र दमन हुँदा ऊ पलायित हुन्न, झन्-झन् क्रान्तिप्रति समर्पित बन्छे। कस्तै बाधा व्यवधानले पनि उसलाई हल्लाउन सकेको देखिंदैन, सङ्घर्षकै मैदानमा उसको मृत्यु भएको छ।

आफूले रोजेको बाटोमा इमानदारीपूर्वक लाग्ने सुवानी बेइमानहरूसँग सम्झौता गर्ने पक्षमा छैन, बरु मेहनत गर्छु (पृ.२३९) भन्छे। उसको झुक्न नजान्ने स्वाभिमानले ललिता, प्रवेश सुब्बाजस्ताका अगाडि उसको व्यक्तित्वलाई उच्च बनाएको छ। ऊ व्यावहारिक पनि उत्तिकै छ भन्ने कुरा चन्द्रकान्ताका घरमा बैठक, भान्सा सबैतिर उसले देखाएको र सक्रियताले पुष्टि गरेको छ (पृ.२६८)। उसको जाँगरीपनको नमुना देखाउने एउटा उद्धरण यस्तो छ- "ऊ कामको राक्षस हो, सक्तिनस् भनेको काममा ऊ झन् तुजुक गर्छे र बल फ्याल्ने काम ऊ बढी रुचाउँछे" (पृ.३०९)। आफूमा निहित इमानदारिता, स्वाभिमान र श्रमप्रतिको सम्मानभावकै कारणले नै ऊ नारीहित, स्वतन्त्रता र आत्मनिर्भरताको पक्षपाती देखिएकी छ। उसको नारीप्रतिको यो दृष्टिकोण उसका आफ्नै सन्दर्भमा मात्र नभएर आम महिलाका सन्दर्भमा प्रकट भएको छ। नारीहरू आत्मनिर्भर हुनुपर्छ भन्ने कुरामा उसको जोड छ र ऊ यस सन्दर्भमा चन्द्रकान्तालाई पनि सघाउँछे। यो कुरा गोरीमायाका सन्दर्भमा अझ स्पष्ट रूपमा प्रकट भएको छ (पृ.२८६)। नारी उत्पीडनका विरुद्ध पनि ऊ उत्तिकै आक्रामक देखिन्छे जुन कुरा उसँगै डेरा गरेर बस्ने श्रीमती कुट्ने पुरुषका विरुद्धको आक्रमणमार्फत प्रकट भएको छ। उसको यही नारी पक्षधरताका कारणले नै प्रदीपले आफूले गाउँमा विवाहित पत्नी परित्याग गरेको कुरा उसँग लुकाएको हो (पृ.२८१)।

प्रेमप्रतिको उसको दृष्टिकोण पनि आम नेपाली युवतीहरूको भन्दा पृथक् छ, बैंसका हरेक क्षण प्रेमका निम्ति हुन् भन्ने दृष्टिकोणलाई ऊ स्विकार्दिन र ऊ प्रेम सम्बन्धको विरोधी पनि होइन। जहिलेसुकै र जतासुकै पोखिने भावनालाई ऊ प्रेम मान्दिन। पुरुषले महिलालाई मन पराउनु नै प्राप्तिको अन्तिम सत्य ठानिने, महिलाको भावनाको वास्ता नगरिने कुराको पनि ऊ विरोधी छ, ऊ प्रेमलाई अत्यन्त मूल्यवान् कुरा मान्छे (पृ.२७४)।

सुवानी जुन मूल्यमान्यताको आदर्श गोरेटोमा हिंडेकी थिई त्यो गोरेटो उसको मृत्युपछि पनि आवाद नै रहने बन्दोबस्त उसको क्रान्तिमय जीवनचरित्रले गरेको थियो। उसको मृत्युपश्चात्

उसको अभिभारा उता काठमाडौंमा गोरीमायाहरूले र यता सर्लाहीको गाउँमा जमुनीहरूले बोकेका छन् । प्रगतिवादी उपन्यास सुनौलो भविष्यको सम्भावनाको दिग्दर्शनमा टुङ्गिन्छन् । क्रान्तिकारी चरित्रको मृत्युमा क्रान्तिको सम्भावना अझ बलियो बन्दछ र सुवानीको मृत्युले सोही सम्भावना देखाएको छ ।

सुवानी व्यक्तिगत कुराको ख्याल ठ्याम्मै गर्दिन । एम्.आर. ले ऊ दुब्लाएको टिप्पणी गर्दा भन्छे, “दुब्लाउन दिनुहोस् । यहाँ शरीरको ख्याल राख्ने फुर्सद कहाँ ?” (पृ.२५४) । त्यस उमेरका अधिकांश युवतीहरू प्रेम र विवाहका बारेमा सोचेर कहिल्यै अघाउँदैनन् तर ऊ भन्छे, “बिहे गर्ने कुरा त मैले अझसम्म सोचेकी छैन बैनी”(२८७) । यसरी उसले आफ्नो व्यक्तिगत जीवनलाई पूरै बिर्सिदिएकी थिई । उसको चरित्र यस्तो थियो–

> सुवानी क्रान्तितिर एकतर्फी भएर अघि बढिरहेकी थिई । उसले जीवनको कुनै पनि पक्षलाई वास्ता राख्न छाडिदिई, शायद उसलाई फुर्सद पनि थिएन । जीवनमा मात्र काम थियो र दौडधूप थियो । बिसाउँदा उसलाई भोक लागेको हुन्थ्यो र कतै यसो ढल्न पाएपछि प्रगाढ निद्रामा पुगिहाल्थी (पृ.२९६) ।

सुवानीले आफू सङ्घर्षमा खारिँदै जाने क्रममा आफैलाई भुल्ने अभियानमा सफलता प्राप्त गर्दै गएको देखिन्छ । प्रारम्भको उसको आदर्शपूर्ण जीवनशैलीमा क्रमशः परिवर्तन देखा परेको छ र पछि ऊ एउटा सफल क्रान्तिकारी चरित्रमा परिणत हुन पुगेकी छ । क्रान्तिप्रतिको सम्पूर्ण समर्पण र निस्वार्थ जीवनीभित्र उसको अस्तित्वचेत जीवित र पुरस्कृतसमेत भएको देखिन्छ । उसको लासलाई हेरेर हत्याराले “सि.डि.ओ. साबले गाउँमा एउटा डङ्गिनी पसेकी छ भन्थे त्यही रहिछ क्यारे” (पृ.३२८) भन्नु क्रान्तिकारी चरित्र भएकी सुवानीको उच्च मूल्याङ्कन हुनु हो र यो उसले प्राप्त गरेको उत्कृष्ट पुरस्कारसमेत हो । तत्कालीन समय सन्दर्भमा नारीले यस्तो क्रान्तिकारी चरित्र वरण गर्नु स्वाभाविक कुरा थिएन । यसैले सत्तापक्षका आँखामा ऊ डङ्गिनी ठहरिई । तत्कालीन सामाजिक-राजनीतिक-आर्थिक-सांस्कृतिक परिस्थितिमा नारीले आफूलाई क्रान्तिमा होम्नु भनेको स्वयंलाई झन् बढी पीडित तुल्याउनु हुनजान्थ्यो । यस्तो परिस्थितिमा पलायनवादीहरू परमात्माको शरणमा जान्छन् भने जीवनवादीहरू आफ्ना व्यक्तिगत कुराहरू समेत भुलेर क्रान्तिमा समर्पित बन्छन् । यसैले उसले पुलिसको कुटाइ खाई, बलात्कृत भई र अन्त्यमा मारिई । नेपालजस्तो मुलुकमा सुवानीजस्ता क्रान्तिकारी नारीले पाउने बलात्कार एवं मृत्युभन्दा भयानक अरू भोगाइ हुँदैनन् र सुवानीले यी दुवै कुरा भोगी । सुवानी सामाजिक परिवर्तनका लागि समर्पित भएकी हुनाले उसको मृत्युले गोरीमाया र जमुनीजस्ता उत्तराधिकारी हासिल गर्नु त्यस मृत्युको उल्लेखनीय उपलब्धि नै हो । क्रान्तिकारी सुवानीको मृत्युले पनि त्यही नाफा हासिल गरेको छ ।

प्रस्तुत उपन्यासमा चरम क्रान्तिकारिता भएको अत्यन्त सहज र सचेत नारी व्यक्तित्वको सफलता सुवानीको व्यक्तित्वमार्फत स्थापित भएको छ । आफ्नो क्रान्तिकारिता र निस्वार्थ कर्मशीलता नै उसको परिताप (बलात्कारको पीडा) को निवारक र सन्तुष्टिको कारक बनेको

देखाइएको । जम्माजम्मीमा सुवानी परिवर्तनशील, धीरा र क्रान्तिकारी महिला नायकका रूपमा स्थापित भएकी छ। बदलिँदो समय सन्दर्भमा ललिता, नयनतारा, चन्द्रकान्ताका सापेक्षतामा सुवानीकै चरित्र बढी उपयुक्त देखिएको छ। सुवानीको जस्तो अत्यन्त स्वाभाविक, क्रान्तिकारी एवं अनुकरणीय नारी व्यक्तित्वको निर्माण भएको अर्को उपन्यास नेपाली साहित्यमा लेखिएको छैन। क्रान्तिमय जीवन बाँचेकी र महिमामय मृत्युवरण गरेकी सुवानी सिङ्गो नेपाली साहित्यको इतिहासकै सबैभन्दा बढी गौरवशाली नारी चरित्र हो।

### ५.६.६.२ गोरीमाया

गोरीमाया **अनिँदो पहाडसँगै** उपन्यासका प्रमुख नारी चरित्रमध्येकी एक र सुवानीपछिको चारित्रिक महत्त्व भएकी पात्र हो। उपन्यासको कथावस्तुलाई प्रारम्भ र विकास गरी एउटा निश्चित लक्ष्यप्राप्तिको सङ्केत गर्नेसम्मको कामका लागि गोरीमायाको चारित्रिक प्रस्तुतिले महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ।

नेपालको पश्चिम जिल्ला नुवाकोटको चिन्डे गाउँमा (पृ.२०५) जन्मेकी र सानैमा आमा गुमाएकीले बाबुको स्नेहमा हुर्किएकी गोरीमायाको दाजुसमेत पनि बेपत्ता भएपछि दुई बाबुछोरीको मात्र परिवार छ। गोरीमाया पिछडिएको गाउँकी गरिब अशिक्षित केटी हो जो बाबुको निमुखापनले गाउँका जाली फटाहाका जालमा परेर बहुलाहाकी श्रीमती बन्न पुगी। त्यहाँबाट (बहुलाहा श्रीमान् र कर्कशा सासूको फन्दाबाट) ज्यान बचाएर राती चिहानघारी हुँदै भागेर बाबुको छहारीमा फर्किएकी छ। त्यसपछि गाउँमा घर खान नसकेको भनी घोचपेच हुन थालेपछि ऊ रोजगारीका सिलसिलामा भीष्म आलेका घरमा नोकर बन्न पुगी। त्यहीँ चन्द्रकान्ताको स्नेह, लालेको शुभेच्छा एवं सुवानीको मार्गदर्शनमा उसले जीवनको नौलो मार्ग पहिल्याई र त्यो मार्ग थियो- सामाजिक परिवर्तनका निम्तिको क्रान्तिकारी मार्ग। सुवानी र लालको मृत्युपछि उसले आफ्नो बाँकी सम्पूर्ण जीवन क्रान्तिप्रति समर्पित गर्ने दृढता व्यक्त गरेकी छ (पृ.३२९)।

गोरीमायाको रोगन गोरो छ। यही भएर उसकी आमाले न्वारनमा उसको नाम म्हार म्हेन्दो (घ्यूको फूल) राखिदिई (पृ.२११)। पहिलो पटक देख्नासाथ चन्द्रकान्ताले पनि उसलाई "कस्ती राम्री नौनी घ्यूको फूलजस्ती छ" (पृ.२१२) भनेकी छ। उसको लाम्चिलो अनुहारमा साना-साना आँखा छन्, सानु नाक, सानु पाकेको आरुबखडाजस्ता ओठ छन् (पृ.२११)। गोरीमाया तामाङ्की छोरी हो (पृ.२११,३१३)। यसरी उज्यालो अनुहारकी (पृ.२९९) गोरीमायाको गणना नराम्रा मान्छे मध्येमा हुँदैनथ्यो।

गोरीमाया सिधासादा ग्रामीण बाला हो। चिन्डे गाउँमा १८ वर्ष बिताएर ऊ काठमाडौं आएकी हो। उसको स्वभाव निम्नलिखित उद्धरणका माध्यमले छर्लङ्ग हुन्छ-

> यस वाक्पटु केटीलाई गाउँका बूढापाकाहरू यस्ती बाठी भोटिनी भनी जिल्ल पर्छन्।... कुरा-कुरामा उसको किरिया हाल्ने बानी 'आकाशको ताराले देखेको छ, खोलाको माछाले सुनेको छ लौ मैले ढाँटेकी भए,' उसको कुलकुले खोलाको ध्वनिजस्तो हाँसो जतातत

छरिन्थ्यो। ऊ गीत कत्थी, गाउँथी, सुनाउँथी राङ सेरोको थेगो राखेर। बिहे एकदिन गर्नैपर्छ भने मन मिलेकोसँग हैं भन्ने ऊ आफ्नो मनको पाना पल्टाएर लेख्ने गर्थी राङ सेम रो (मन मिलेको साथी) (पृ.२०५-२०६)।

गोरीमायाको स्वभाव व्यथालाई मनभित्र गुम्स्याएर मुसुक्क हाँस्न सक्ने खालको थिएन। उसका मनका व्यथाहरू सबै उसका आँखामै सहजै पढ्न सकिन्थ्यो। उसको भावना र व्यवहार एउटै थियो। सहरमा आएर पनि उसले सहरी कृत्रिमता सिकेकी थिइन (पृ.२३२)। गोरीमायामा साहेबनीको स्वभावको असर क्रमशः पर्न थालेको थियो किनभने दुवैको स्वभाव उस्तै-उस्तै थियो (पृ.२१९)। समयको अन्तरालमा उसको चोट मरिसकेको थियो र ऊ पुरानो स्वभावमा फर्किसकेकी थिई। त्यसैले ऊ गलैंचा कारखानाका आफ्ना सङ्गीहरूबिच लोकप्रिय हुनथाली (पृ.२९९)। समष्टिमा उसको स्वभाव अकृत्रिम, फरासिलो र मिलनसार थियो।

गोरीमायाको स्वभावमा जीवनमुखी आशावादिता पाइन्छ। भुङ्ग्रोमा परेको आफ्नो जीवनलाई उसले त्यहाँबाट यत्नपूर्वक निकालेकी छ। उसले जिन्दगीका सपनाहरूलाई जोरजाम गर्ने क्रममा आफ्नो बाबुसँग फेरि बाख्रा ल्याउने प्रस्ताव राखेकी छ (पृ.२०८)। श्रम नै जिन्दगीको आधारस्तम्भ हो भन्ने बुझेकी गोरीमाया भन्छे, "जति दुःख गर्दा पनि खान लाउन पुग्दैन भनी हातखुट्टा छोडेर बस्न भएन क्यारे" (पृ.२०८)। उसले आत्मप्रेरणावश दुईपटक गरेका महत्त्वपूर्ण निर्णयहरू (बिहा गरेर गएको घरबाट भागेर माइत आउने काम र काठमाडौंमा काम गर्न जाने अठोट) ले पनि उसको जीवनमुखी प्रवृत्तिलाई नै चिनाएका छन्। आन्दोलनमा कृष्णे कार्की र सतासी बाजे (प्रधानपञ्च) मारिएको खबर सुनेपछि अन्याय र अत्याचार गर्नेलाई जनताले सजाय दिँदारहेछन् भनेर पनि ऊ जीवनप्रति आशावादी बनेकी छ र यही आशावादिताले उसलाई समाजकै र देशकै परिस्थिति फेर्ने अभियानतर्फ उन्मुख र सक्रिय बनाएको छ।

पहिला ग्राम्य र पछि सहरिया बनेकी गोरीमाया मञ्चीय पात्र हो। गोरीमाया वर्गीय पात्र हो। ऊ निम्न वर्गीय नेपाली नारी जीवनकी प्रतिनिधि हो। यस वर्गका नारीहरूले उसले जस्तै शोषण र उत्पीडन भोग्नुपर्छ। जीवनका आधारभूत आवश्यकता (गाँस, बास, कपास, उपचार) को पूर्तिका लागि नै उसले आलेका घरमा नोकर बस्नुपरेको छ। राजधानी सहर काठमाडौं आउँदा पनि फाटेको चौबन्दी चोली र फाटेको फरिया नै लगाउन विवश (पृ.२१०) गोरीमायाले सुकिलो ओढ्ने ओछ्याउने उपभोग गर्ने पहिलो अवसर आले साहेबको घरमा पाएकी हो (पृ.२१२)। पिछडिएको गाउँकी गरिब आशिक्षित गोरीमाया शोषणको इतिहासको एउटा नमुना हो (पृ.२७२)। उसले वर्गीय र लैङ्गिक दुवै शोषणलाई बराबरीमै भोगेकी छ। दुवै शोषणलाई उत्तिकै चर्को रूपमा भोगेकी उसले यसको कारण वर्गीय विभेद हो भन्ने महसुस गरिसकेको कुरा निम्नलिखित उद्धरणबाट स्पष्ट हुन्छ। ऊ भन्छे, "मेरो उमेरकी उनकी छोरी काठमाडौंमा बसेर पढ्छे। ल उनको छोरीलाई यो गाउँमा कसैले एक वचन भनोस् त खोल्साघरेलाई जस्तो काटेर मिल्काइदिन्छ। म गरिबको छोरीलाई भने चारजनाको अघि बेइज्जत गर्छ" (पृ.२२२)। सुवानीका सन्दर्भमा उसले सोचेको "पैसावालहरू त सुखको धेरै नजिक हुँदा रहेछन्, धनीका छोरीहरूका त

राङ्सिम रो कर्मखोटा नहुँदा रहेछन्" (पृ. २३१) भन्ने कुराबाट पनि उसमा वर्गबोध स्पष्ट रहेको देखिन्छ ।

गाउँबाट आउँदा सामान्य साक्षर मात्र भएकी (पृ.२१७) गोरीमायालाई लालजत्तिकै शिक्षित सुवानीको उन्मुक्त जीवन देखेपछि शिक्षाप्रतिको उत्कण्ठा अझ बढ्छ (पृ.२३१,२३३) । पहिला गोरीमाया शिक्षालाई मनको बह पोख्ने माध्यम ठान्थी तर पछि चन्द्रकान्ता र सुवानीका सहयोगमा पढ्ने-लेख्ने सामर्थ्यको विकास गरेपछि शिक्षा उसका लागि चेतना हासिल गर्ने माध्यम बन्यो ।

गोरीमाया आत्मनिर्भरतापछि मात्र नारीहरू सामन्ती उत्पीडनबाट मुक्त हुन सक्छन् भन्ने कुराको एउटा उदाहरण हो । पहिला गाउँमा जसले जति भने पनि बहसमा नउत्रिने गोरीमाया घरेलु कामदारकै हैसियतमा भए पनि आत्मनिर्भर भएपछि आफूलाई हेपेर बोल्ने प्रधानपञ्चलाई भुइँमा कुरा खस्न नदिईकन जवाफ फर्काउने भएकी छ (पृ.२२१, २२२) । बहिर्मुखी स्वभावकी वाक्पटु गोरीमायाले मानिस वर्गीय कारणले शोषित हुन विवश हुन्छ भन्ने कुरा बुझ्दै आएकी छ । खासगरी प्रधानपञ्चकी छोरी र सुवानीको जीवन देखेपछि उसलाई आफू तल्लै तहको हेपाइ सहन बाध्य भएको कुरा छर्लङ्ग भएको छ (पृ. २८८) । यी सबै कारणले उसले आले साहेबका घरको आफ्नो उपस्थितिलाई निकै महत्त्वका साथ लिएकी छ। उसको बाहिरी स्वरूपले उसलाई नोकरका रूपमा चिनाउँदैन । त्यो चन्द्रकान्ताका मानवीय व्यवहारको परिणाम हो। ऊ त्यस घरकी इमानदार नोकर थिई (पृ.२२९) । मालिकका घरको दुःखलाई ऊ आफ्नै दुःख ठान्थी । आले साहेबको मृत्युपछि र लालको मृत्युपछि उसले प्रदर्शन गरेको आत्मीयतापूर्ण व्यवहारले यही कुरा बताएको छ ।

गोरीमायाको जीवन गतिशील छ । अशिक्षित र पछौटे विचारकी गोरीमाया विस्तारै शिक्षित, सचेत, आधुनिक र मुखर बन्दै गएकी छ। उसले चन्द्रकान्ता र सुवानीबाट सिकेर आफ्नो जीवनका नयाँ आयामहरूको आविष्कार गरेकी छ। चन्द्रकान्ताबाट आत्मीयता र फरासिलो व्यवहार, लालबाट साहस र दिशानिर्देश, सुवानीबाट चेतना र कर्म पाएकी छ। उसले यिनै कुराहरूमा आफ्ना जीवनको डाहा र उत्पीडनलाई भुल्ने अवसर पाएकी छ। ऊ सुवानीजस्तो उच्चशिक्षित नभएकीले त्यति सचेत त छैन तरै पनि आफ्नै जीवनभोगाइका फलस्वरूप शोषण र अन्यायप्रति असहिष्णु र विद्रोही भने छ (पृ.२२३) । आफ्नो व्यक्तिगत उत्पीडनबाट सामाजिक उत्पीडनसमेत बुझेकी गोरीमाया लाल र सुवानीको मार्गदर्शनबाट सामाजिक परिवर्तनप्रति उत्कण्ठित छ र प्रगतिशील विचारकी संवाहकसमेत बनेकी छ । ऊ स्वयं पनि समाज परिवर्तनका निम्तिको आधार वर्ग हो र ऊ त्यही आधार वर्गका बिचमा चेतना फैलाउने काममा सक्रिय बनेकी छ। पारिजात लेख्छिन्- "सुवानीको संरक्षणमा गोरीमाया हंसराजको दिगो फूलजस्तै झरी असिनासँग टक्कर खाँदै एकैचोटि बोटसँग झर्ने अठोट लिएर आफू बाँचेको समाजलाई फेर्ने क्रम बुझ्दै थिई र लगनशील भएर सिक्दै थिई" (पृ.२९५) । उद्देश्यपूर्ण जीवन बाँच्न थालेकी उसले चूल्होचौकाको भन्दा बाहिरफेरको कामको महत्त्व बुझ्न थालेकी छ (पृ.२९९) । ऊ आफै पनि चन्द्रकान्ताका घरको चुल्होचौकाको कामभन्दा बाहिर निस्केर कारखानामा मजदुर बनेर अन्य मजदुरहरूलाई आफ्ना हक र अधिकारप्रति सचेत बनाउने काममा लागेकी छ। मजदुर र अन्य

निम्नवर्ग सचेत नभईकन सामाजिक परिवर्तन हुन सक्तैन भन्ने दृष्टिकोणको स्थापनाकै लागि गोरीमायाको चरित्रलाई प्रस्तुत गरिएको छ। यस्ता पात्रको व्यापक प्रस्तुतिविना प्रगतिवादी उपन्यास सफल हुन सक्दैन। गोरीमाया यस उपन्यासको सफलताको आधार हो। उसको मात्र प्रस्तुतिमा उपन्यास प्रगतिशील मात्र बन्न सक्थ्यो, यसमा सुवानीसमेत थपिएपछि त्यो प्रगतिवादी बन्न पुगेको छ। उपन्यासव्यापी चरित्र बोकेकी गोरीमाया सामूहिक प्रयत्नले नै सामाजिक मुक्ति प्राप्त हुन्छ भन्ने निष्कर्षमा पुगेपछि उसको चरित्रमा क्रान्तिकारी रूपान्तरण भएको छ।

उपर्युक्त उपन्यासमा नारी व्यक्तित्वको क्रान्तिकारी चारित्रिक रूपान्तरणको नमुना गोरीमायाको चरित्रमार्फत स्थापित भएको छ। उसको त्यही रूपान्तरण नै उसले जीवनमा बेहोरेको चरम शोषण एवं उत्पीडनको परितापको निवारक र उद्देश्यपूर्ण जीवनदृष्टि आर्जनको कारक बनेको देखाइएको छ। सम्पूर्णमा गोरीमाया चारित्रिक गतिशीलताका कारणले क्रान्तिकारी पात्रका रूपमा परिचित हुन पुगेकी छ र त्यही गतिशीलताकै कारणले ऊ समसामयिक नारी पात्रसमेत बन्न पुगेकी छ। यस उपन्यासमा सम्पूर्ण नारी पात्रमध्ये सुवानीपछिको महत्त्व उसकै चरित्रमा झल्किएको छ। उसको चरित्रमा क्रान्तिकारी रूपान्तरणको स्वाभाविकता भेटिन्छ। प्रमुख पात्रको मृत्यु देखाएपछि उपन्यासलाई क्रान्तिकारी आशावादितामा टुङ्ग्याउने परिस्थिति निर्माणका सन्दर्भमा पनि गोरीमायाको चारित्रिक उपस्थिति बढी अर्थपूर्ण देखिन्छ।

### ५.६.६.३ चन्द्रकान्ता

सामाजिक परिवर्तनका निम्तिको उद्देश्यले लेखिएको यस उपन्यासमा चन्द्रकान्ता प्रारम्भमा आफ्नै जीवनको परिस्थिति अर्थात् आफू अशिक्षित हुनु, सामाजिक-राजनीतिक कुनै पनि क्रियाकलापमा संलग्न नहुनु र आफ्नो श्रीमान् पुलिस हुनुले क्रान्तिप्रति नकारात्मक (अनुल्लेखनीय रूपमा भए पनि) र पछि परिस्थितिवश अर्थात् आफूले असीम माया गरेको छोरो लालले क्रान्तिप्रति जीवन उत्सर्ग गरेपछि, गरिबदुःखीको जीवनदशामा परिवर्तन ल्याउने क्रान्तिको उद्देश्य बुझेपछि, पढेलेखेकी ज्ञानी सुवानीले पनि त्यही बाटो समातेपछि, गोरीमाया पनि त्यतै अग्रसर भएपछि, आफ्नो छोराको सहादतपछि आफूलाई श्रद्धाञ्जलि दिन आएको शिक्षितहरूको समूहबाट आफू सम्मानित भएपछि प्राप्त हुँदै गएको चेतनाले क्रान्तिप्रति सकारात्मक बनेकी चरित्र हो। उपन्यासको सम्पूर्ण विषयवस्तुका निम्ति उसको चरित्र कार्यपीठिकाका रूपमा प्रस्तुत भएको छ। यस उपन्यासका महत्त्वपूर्ण पात्रहरू लाल, सुवानी, गोरीमाया सबै चन्द्रकान्तासँग अविच्छेद्य रूपमा जोडिएका छन्। यस उपन्यासमा भीष्म आलेको चरित्र पनि चन्द्रकान्ताको आयतनले ओगटे जति मात्र प्रस्तुत भएको छ। यसैले यस उपन्यासमा उसको उपस्थिति महत्त्वपूर्ण रहेको छ।

**अनिँदो पहाडसँगै** उपन्यासमा चन्द्रकान्ताका जीवनका तीनवटा आयामहरू देखिएका छन्। पहिलो आयाममा उसले दार्जिलिङमा बाँचेको पतित जीवन पर्दछ। १९९० सालमा पूर्वी नेपालमा कटुवाल क्षत्री परिवारमा जन्मेकी चन्द्रकान्ता आफ्नो अज्ञान अवस्थामा परिवारसँग मुग्लान पुगी। उसको प्रवास जीवनका बारेमा पारिजात लेख्छिन्-

मुग्लानमा दुर्गति भयो, टुहुरी भई, एक्ली भई, दुःख पाई, पचासौं हण्डर खाएर तरुनी भई, थुप्रै-थुप्रै लोग्नेमान्छेहरूले उसलाई शोषण गरे, हेपे र एक्काईस वर्षको छँदा उसले दार्जिलिङको एउटा गल्छेंडोमा यो छोरो पाई। छोरोको बाबु एउटा सम्मानित पुलिस अधिकारीले उसलाई ग्रहण गरेन, किनकि ऊ समाजको प्रथा अनुकूल बाइफाले रण्डीमा दरिइसकेकी थिई (पृ.२१३)।

यस बखत उसको गल्लीको कुकुरले झैं जीवन धान्नुभन्दा पर अर्को लक्ष्य थिएन। जीवनमा लालबहादुरको प्रवेशले उसको जिम्मेवारी बढेको थियो, त्यत्ति हो।

चन्द्रकान्ताको जीवनको दोस्रो आयाममा भीष्म आलेसँग गाँसिएको उसको जीवन पर्दछ र अघिल्लै आयाममा प्रारम्भ भएको छोरो लालको जिम्मेवारीले अहिले पनि निरन्तरता पाइआएको छ। दार्जिलिङको एउटा गल्लीको उसको भट्टीको रक्सी र सितन चाख्न गएको इन्स्पेक्टर भीष्म आलेले एक हप्तासम्मको निरन्तरको सम्पर्कपछि राखेको बिहेको प्रस्ताव र छोरालाई समेत स्विकार्ने वचन (पृ.२१४)ले चन्द्रकान्ताले भीष्मसँगै जीवन आरम्भ गरेदेखि ऊ विधवा नभइञ्जेलसम्मको अवधि नै उसको जीवनको दोस्रो आयाम हो। बाबु र छोराको विपरीत दिशातर्फ फर्किएको जीवनले मात्र उसलाई दुःख दिएको थियो। अन्यथा उसले मायालु श्रीमान्का साथमा एउटा सन्तुष्ट जिन्दगी बाँच्न पाएकी थिई। उसका जीवनमा राम्री भएर बस्नु, श्रीमान्लाई जसरी पनि रिझाउनमा तल्लीन हुनु र छोरालाई माया गर्नु-यति तीनवटा काम थिए। उसले एउटी गृहिणीको सुखी-सन्तुष्ट जीवन बाँच्न पाएकी थिई। अरू सामाजिक उतार-चढाउसँग उसको कुनै सरोकार थिएन।

अकस्मात्को वैधव्यपछि उसको जीवनको तेस्रो आयामको प्रारम्भ भएको छ। देख्नेहरूले उसको जीवनको तेस्रो आयामको प्रारम्भपछि दोस्रो आयामको अर्थ बुझेका छन्। चन्द्रकान्ताको जीवनको बाह्य र आन्तरिक दुवै स्वरूपमा स्पष्ट परिवर्तन देखेपछि दोस्रो आयामको अर्थ खुलेको हो। मूल रूपमा यो भिन्नताको बोध लाल (पृ.२६३) एवं गोरीमायाले (पृ.३११) गरेका छन् र सुवानीले केही गोरीमायामार्फत तथा केही आफैले बुझेकी छ। चन्द्रकान्ता स्वयंले पनि श्रीमान्को मृत्युसँगै आफ्नो सुखसम्मानको जीवनको अन्त्य भएको बोध गरेकी छ (पृ.२६५)। २०१७ साल (भीष्मसँग काठमाडौं आए)देखि २०३६ जेठसम्म (भीष्मको मृत्युसम्म) लगभग १९ वर्षको अवधि नै चन्द्रकान्ताका जीवनका सुवर्णमय दिनहरू थिए। त्यसअघिका २७ वर्ष (१९९० देखि २०१७ सम्म) पीडादायी थिए।

चन्द्रकान्ताको जीवनका प्रथम र तृतीय दुवै आयाम पीडादायी थिए तापनि ती दुवै पीडामा भने अन्तर छ। उसको अघिल्लो पीडासँग अपमानजनक मूल्यहीन जीवनस्थिति गाँसिएको थियो। त्यसबेला उसमाथि जसले पनि चाहेजति शोषण, अत्याचार, व्यभिचार र अपमान गर्न सक्थे किनभने ती कुराहरू उसको आजीविकासँग गाँसिएर उसको पोल्टामा परेका थिए। पितृसत्तात्मक समाजकी निराधार अशिक्षित नारीले गतिलो जीवनस्थिति भोग्न पाउने सम्भावना पनि हुँदैन। पछिल्लो पीडासँग सम्मानजनक मूल्यवान् जीवन स्थिति गाँसिएको थियो किनभने ऊ भीष्म आलेको डी.एस.पी. हुनुको पदीय हैसियतको र छोरा लालको गौरवपूर्ण सहादतको सम्मानकी एक

मात्र अधिकारी थिई । पितृसत्तात्मक समाजमा श्रीमान् र पुत्रका माध्यमले प्राप्त हुने कुरा नै उसको सर्वस्व थियो । कम्तिमा पनि चन्द्रकान्ताजस्ती गृहिणीका लागि स्वआर्जनका कुराको सम्भावना थिएन । यसैले उसको जीवनको पछिल्लो आयामको दु:ख मात्रै होइन, त्यससँग गाँसिएको आत्मसम्मान दुवै श्रीमान् र पुत्र (भीष्म र लाल)सँग सम्बन्धित छन् ।

चन्द्रकान्ताले आफ्नो जीवनको दोस्रो आयाममा भौतिक दु:ख भोग्नु नपरेको भए तापनि मानसिक दु:खको अनुभव भने गर्नुपरेको थियो । यो दु:ख पनि उसको स्वआर्जन नभएर पुत्रसँग सम्बन्धित थियो । श्रीमान्बाट त उसले पर्याप्त स्नेह र सद्भाव पाएकी थिई तर छोराले भीष्मलाई बाबुको सम्बोधन र सम्मान नदिएर भीष्मको उदारताको ऋण तिरिन नसकिएका कारणले चन्द्रकान्ताको सुखानुभूतिमा ग्रहण लागेको थियो । ऊ आफूले सामाजिक अवगालको समेत वास्ता नराखी जन्माई-हुकाई गरेको छोरासँग आफूले अपेक्षा गरेजस्तो र नेपाली सामाजिक चलनचल्तीमा रहेको जस्तो अभिन्नताबोध र आत्मीयताबोध गर्न नपाएपछि दु:खी हुन थालेकी हो । भीष्म आलेको मृत्युपछिको आर्थिक सङ्घर्षमा उसले छोरासँग कुनै कुरा नगर्ने अठोट गर्नु आमाछोराका बिचको त्यही दूरीको परिणाम थियो । चन्द्रकान्ताको अन्त्यर्भावना प्रस्तुत गर्दै पारिजात लेख्छिन्-

> छोरासँगको भविष्यको कल्पना ऊ कहिलेकाहीं गर्न खोज्थी तर त्यो छरपष्टिन्थ्यो, जोडजाड पार्नै नसकिने गरी । आफ्नो मानसमा छोरालाई ऊ सँधै धमिलो देख्थी । सोच्दा-सोच्दै ऊ एउटा टुङ्गोमा पुगेरै छोडी । ...उसले अठोट गरी जति दु:ख भए पनि अब ऊ लालेलाई देखाउने छैन, छोरो उसको निम्ति यसै दुर्लभ भयो उसै दुर्लभ भयो (पृ.२७८) ।

सुवानीसँग आफ्नो छोराका बारेमा सोध्नुपरेको क्षणले पनि छोरासँगको उसको दूरीको अर्थ लगाएको छ । चन्द्रकान्ता छोरा आफूबाट टाढा भएकामा विरक्त हुँदै सोच्छे,

> यस्तो बिरानु छोराको मायामा अल्झेर बाँच्न परेकोमा चन्द्रकान्तालाई नमिठो लाग्यो, आँखाहरू त्यसै-त्यसै भिजेर आए, सोची आफूले जन्म दिएको छोराको विषयमा पराया स्वास्नीमान्छेसँग जानकारी लिनुपर्छ, आफ्नो छहारी नै फापिलो भएनछ क्यारे छोरालाई अलच्छिनी रहिछु, सबैका छोरा त यस्ता हुँदैनन् क्यारे (२८५) ।

त्यसैले त छोराको मृत्युको खबर सुनेपछि उसले सोची, “अब लाले यस संसारमा छैन, त्यस अथाह रित्तोपनालाई उसले स्वीकार गरी । कारण त्यहाँ लालेसँगसँगै लाले आउला कि भन्ने एउटा फलहीन पर्खाइको पनि मृत्यु भइसकेको थियो” (पृ.३०६) ।

चन्द्रकान्ताको श्रीमान् आले आफ्नो सन्तान नभएर पनि आफ्नी श्रीमतीको सन्तान लाललाई पितृवत् स्नेह र संरक्षण दिन पछि परेको थिएन तर दार्जिलिङमा रहँदा आफ्नो बालवयमा आफ्नी आमामाथि पुलिसहरूले अत्याचार गरेको देखेको लालेले फेरि अर्को पुलिस (आलेसाहेब)लाई बाबुको सम्मान प्रदान गर्न सकेन । उसले आलेलाई एउटा पुलिसभन्दा बढी देखेन र बाबुको सट्टा साहेब भनेर सम्बोधन गरिरह्यो । पहिला त लालले आफ्नी आमाको जीवनको विवशता बुझ्नेन (पृ.२४२) । अलि पछिदेखि लालले आमाको त्यो विवशता बुझ्न थालेको थियो (पृ.२४६) । यति भएर पनि उसले आफ्नी आमाको विवशताको उपचारको चासो भने

कहिल्यै देखाएन। आलेको मृत्युपछि एउटै पात्रमा दुई ज्यानको मायाको भीख माग्न पर्ने चन्द्रकान्ताले आफ्नो विवशताको एउटा बन्धन भाँचिएको अनुभव गरी (पृ. २६६)।

चन्द्रकान्ताका यी सबका अतिरिक्त पनि केही निजी पहिचान नभएका होइनन्। एक ढङ्गले आवारा भएरै कैशोर बिताएकी र यौवन भोगेकी चन्द्रकान्ताले सभ्य समाजका शिष्टताहरू सिक्न सकेकी छैन। आफ्ना बोली-व्यवहारले गर्दा ऊ आफ्नै छोराका दृष्टिमा पनि 'मात्तिएकी पुलिसनी' (पृ.३१२) ठहरिएकी छ। निम्नलिखित उद्धरणले उसको चरित्रलाई सटिक रूपमा प्रस्तुत गरेको छ, "पेटमा कुरा नराख्ने, तौलेर नबोल्ने बतौरी-फरासिली चन्द्रकान्ता लालजस्तो अबोला छोरालाई समेत पनि भित्तो पुऱ्याएर जिस्क्याउन बाँकी राख्दिन" (पृ.३११)।

चन्द्रकान्तामा यति भएर पनि मानवीय सद्भावको भने खाँचो थिएन। उसको यो प्रवृत्ति खासगरी उसले गोरीमायासँग गरेको व्यवहारमार्फत प्रकट भएको छ। उसले गोरीमायालाई कहिल्यै पनि नोकर भनेर हेपेकी छैन। ऊ आफैले पनि आफ्नो स्वभाव बुझेकी छ र त्यसको व्याख्या गर्दै गोरीमायासँग भन्छे -"मान्छे कामले मर्दैन खानले मर्छ। काममा पछि नहट म तँलाई खानमा मार्दिनँ। चोरेर छलेर नखा सोधेर खा, म अरूजस्तो होइन, खानेलाई खायो भन्दिनँ। हेर नानी म त प्याचप्याच्ती भन्छु, पेटमा कुहाएर राख्दिनँ" ( पृ.२१३)।

चन्द्रकान्ताको स्वभावको अर्को एउटा पक्ष पनि थियो जसको पहिचान आलेलाई थियो। काँडैकाँडाको बिचमा हाँसेर फुल्नसक्ने क्याक्टससँग उसले चन्द्रकान्तालाई समतुल्य देखेको थियो। यसैले त उसले भऱ्याङका दुईतिर राखिएका क्याक्टसको नाम नै चन्द्रकान्ता राखिदिएको थियो।

अगाडिकी त्यस्ती बतौरी चन्द्रकान्ता आलेसाहेबको मृत्युपछि एकान्तबासी भएकी थिई (पृ.२९६)। यसअघि थोरै मात्र आफ्नो जीवन आफैले बोकेकी चन्द्रकान्ताले यसपछि भने त्यसलाई पूरै आफैले मात्र बोकी, छोरासँग बाँडिन। यही कारणले उसमा धैर्यको संचरण पनि भइरहेको थियो। छोराको मृत्युको खबर पाएर बेहोश भएर त ढली तर अरूका अगाडि आत्मपीडाको प्रदर्शन गरिन। "मलाई मेरो लालेको बोक्रो शरीरसँग कुनै मोह छैन, तपाईंहरू फर्कनुस्" (पृ.३०६) भन्नुमा उसको त्यही असीम धैर्य झल्किएको छ। आफ्नो दुःखको सीमा पुगिसकेको ठान्ने चन्द्रकान्ता आफूमा उम्रिएको त्यही धैर्यका कारणले आफ्नो पीडाको उपचार गर्न आफै तयार भई (पृ.३०८)। जीवनमा अचाक्ली दुःख खपेकाहरूसँग यस्तो ताकत विद्यमान हुन्छ भन्ने कुराको पुष्टि चन्द्रकान्ताको चरित्रले गरेको छ।

चन्द्रकान्ता जीवनमुखी पात्र हो। उसले आले साहेबको मृत्युपछि आर्थिक जोहो गर्नका लागि आफूले पहिले सिकेको स्वेटर बुन्ने सिपको उपयोग गर्ने योजना बनाउनु त्यसैको परिणाम हो। उदाउँदो सूर्य हेरेर आफ्नो दुःखलाई परिभाषा दिन खोज्नु, त्यसको रातो रङ्गमा लाल जसरी मर्नेहरूको रङ्ग देख्नु र त्यसमा लालेको रगतको हिस्सा देख्नु (पृ.३०६) पनि उसले जीवनमुखी चेष्टा देखाउनु हो। एक जमात विद्यार्थीहरूले लालको मृत्युमा उसलाई समवेदना दिएर गएपछि ऊ झन् जीवनमुखी भएकी छ। उसमा आएको परिवर्तन यस्तो छ, "मिर्मिरे बिहानीको रातो रङ्गमा छोराको रगतको हिस्सा देख्ने स्वास्नीमान्छेले यतिखेर एउटा भिन्न रङ्ग देख्नुको अनुभव

गरिरहेकी थिई । उसले आभास पाई त्यो रङ्गमा जीवनदायी केही चीज अवश्य पनि छ" (पृ.३०८-३०९) । छोराको नामबाट आफू सम्मानित भएपछि उसलाई आफूले विगतमा सहेको कहालीलाग्दो दुःखको पनि औचित्यबोध भएको छ (पृ.३०९) । छोरा लालको सहादत, उसका क्रान्तिकारी साथीहरूसँगको सम्पर्क आदिका कारणले उसले जिन्दगीको गूढ रहस्यलाई अर्कै किसिमले बुझी र श्रीमान् एवं छोरो दुवैजनाको मृत्युपश्चात् आफूलाई रित्तो अनुभव गर्न थालेकी उसले रित्तो मान्छेको परिपूर्णताको सम्भावना समूहमा हुन्छ भन्ने ठहऱ्याई (पृ.३०९) ।

चन्द्रकान्ताको जीवनमा जीवनको जिम्मेवारीको बोझ वैधव्यसँगै प्रवेश गरेको थियो र त्यस प्रथम घडीदेखि नै उसले पलायन अँगालिन । स्वेटर बुनेर आजीविका चलाउने आकाङ्क्षा प्रकट हुनुसँगै उसको जिजीविषाले एउटा आकार ग्रहण गरेको देखिन्छ । उसले जिन्दगीलाई साहसपूर्वक त्यसका उकाली ओरालीसहित स्विकारेकी छ । तत्कालीन नेपाली समाजका महिलाहरूले पिरले चेपिएर नखाईनखाई सुकेर मर्नुपर्ने परिस्थितिकी चन्द्रकान्ताले 'डुब्न लागेकालाई त्यान्द्राको सहारा' भनेझैं आफ्नो स्वेटर बुन्ने सिपको उपयोग गरेर जीवनको दियो उकास्ने प्रयत्न गरेकी छ । क्रान्तिमा नै सुवानीको जीवनको समेत आहुति भएपछि ऊ फेरि अर्को पटक क्षतविक्षत भएकी छ तापनि जीवनविमुख हुने सोच भने उसमा पलाएको छैन । जीवनका यावत् अनुभवहरूले उसलाई सामाजिक परिवर्तनको खाँचो महसुस गराएका छन् । त्यसका लागि एउटी साधारण गृहिणी चन्द्रकान्ताले समेत पनि क्रान्तिको आवश्यकता बोध गरेकी छ । यो कुरा लालको सहादत भएको ठाउँमा फुलेका राता दुईवटा गुलाबलाई एउटा लालको र अर्को सुवानीको अनुहार सम्झेर "मरेर पनि नमर्दा रहेछन् यस्ता अनुहार" (पृ.३३०) भन्ने अभिव्यक्ति दिएबाट स्पष्ट भएको छ । क्रान्तिको आदर्श बोकेका मानिसहरू पलायनवादी हुँदैनन् भन्ने दृष्टान्त प्रस्तुत गर्नकै निम्ति अथाह दुःखमा जेलिएर पनि जीवनमुखी रहेकी चन्द्रकान्ताको चरित्रलाई प्रस्तुत गरिएको देखिन्छ ।

दार्जिलिङमा रहँदाखेरिको विसङ्गतिपूर्ण जीवन बचाइका क्षणमा होस् या भीष्म आलेसँग काठमाडौं आएपछि होस् ऊ घरको चार पर्खालभित्र सीमित छ । त्यही सीमितताभित्र उसँग गाँसिएका र छोइन आइपुगेका मानिसका स्वरूपमा उसले भेटेको सम्पर्क र उसले तिनीहरूसँग गरेको व्यवहार नै उसको सामाजिकता हो । भट्टी पसले, पत्नी र आमाको रूपमा उसले जे जति मानिससँग सम्पर्कित हुने अवसर पाएकी छ त्यही नै उसको समाज हो । दाम्पत्य जीवनको सुख प्राप्त भइञ्जेल उसलाई सामाजिक सम्बन्धको आवश्यकताबोध भएन । वैधव्यपछि पनि उसले लाल, सुवानी र गोरीमाया गरी तीनजनासँगको सम्बन्धलाई नै पर्याप्त ठानेकी छ । लालको सहादतपछि भने उसले समूहमा आफ्नो रित्तोपनको क्षतिपूर्ति हुनसक्ने ठानेकी छ र ऊ पहिला जीवनमुखी र त्यसपछि क्रमशः समाजमुखीसमेत बन्दै गएकी छ । समग्रमा भन्नुपर्दा ऊ घरको चारपर्खालभित्र सीमित र विस्तारै त्यसबाहिर पाइला सार्न प्रयत्न गरिरहेकी पूर्ण रूपमा अनुकूल चरित्र हो । परिवार र सम्पर्कमा रहेका अन्य व्यक्तिका लागि अनुकूल रहेकी ऊ उपन्यासका अन्त्यमा आइपुग्दा क्रान्तिका लागि समेत पनि अनुकूल बनिसकेको (पृ.३३०) देखिन्छ ।

उपर्युक्त उपन्यासमा चरित्रको अनुकूलता-प्रतिकूलता जाँच्ने कसी भनेको क्रान्ति हो । यस उपन्यासका समग्र नारी पात्रमध्ये ललिता मात्र प्रतिकूल पात्र हो । नयनतारा अनुकूल हुन खोजेर

पनि सफल नभएकी मात्रै हो, प्रतिकूलै चाहिं होइन । जमुनी, सुन्तली मात्रै होइन, अन्य गौण नारी पात्रहरूसमेत पनि अनुकूल छन् । यस उपन्यासका सुवानी, गोरीमाया र चन्द्रकान्ता तीनैजना प्रमुख नारी पात्रहरू अनुकूल छन् । उनीहरू त केवल खलपात्र र व्यवस्थाका लागि प्रतिकूल छन् । सुवानी प्रवेश सुब्बा प्रवृत्तिका लागि र गोरीमाया प्रधानपञ्च एवं कृष्णे कार्की प्रवृत्तिका लागि प्रतिकूल छन् । यिनीहरू राजनीतिक व्यवस्थाविरोधी अभियानमा सक्रिय छन् । यसैले यस कोणबाट पनि यिनीहरू प्रतिकूल छन् । यी प्रतिकूलता समाज परिवर्तनका लागि आवश्यक अनुकूलता हुन् । चन्द्रकान्ताका चरित्रमा त अझ दुष्ट र दुष्ट्याइँप्रति समेत पनि प्रतिकूलता भेटिँदैन । उसको चरित्र प्रतिरोधको झञ्झट बेहोर्न चाहँदैन भन्ने कुरा उसले लाललाई बाबु नचिनाइदिएबाट स्पष्ट हुन्छ । यसैले क्रान्तिका कोणबाट हेर्दा ऊ क्रमशः अनुकूल बनिरहेकी पात्र हो ।

प्रस्तुत उपन्यासमा उपन्यासकारले विभिन्न कोणबाट नयाँ किसिमको नारी आदर्शको स्थापना गर्न खोजेको देखिन्छ र यस क्रममा प्रमुख आदर्श सुवानीका चरित्रमा देखाइएको छ । त्यसपछि गोरीमाया र चन्द्रकान्ता नयाँ नारी आदर्शका भिन्न-भिन्न स्वरूप बोकेर उपस्थित भएका छन् । क्रान्तिकारीको सहादतले अरू थप व्यक्तिहरूलाई क्रान्तिकारी बनाउने हुनाले क्रान्तिका कोणबाट हेर्दा गौरवपूर्ण मृत्यु क्रान्तिको आदर्श हो । यसैले सुवानीले मरेर पनि हारेकी छैन । तत्कालीन व्यवस्थाका जल्लादहरूका षड्यन्त्रमा परेर मारिनु उसको असफलता होइन, त्यस व्यवस्थाको चाहिं मनोआतङ्क हो । गोरीमाया एवं चन्द्रकान्ताले (गौण पात्र जमुनीले समेत) त्यस जितलाई सुनिश्चितता प्रदान गर्ने काम गरेका छन् र यही नै सुवानीका चरित्रले प्राप्त गरेको महत्तम पुरस्कार हो ।

### ५.६.७ नारी–नारीका बिचको सम्बन्ध

**अनिँदो पहाडसँगै** उपन्यासमा मुख्य तीन स्थानगत केन्द्र (१. राजधानी उपत्यका/क्षेत्रपाटी /पाटन, २. सर्लाही, ३. नुवाकोट /चिन्डे गाउँ)का सामाजिक राजनीतिक घेराभित्र नारीहरूको एउटा सानो संसार उभ्याइएको छ जसमा नारीहरू एक-अर्कासँग स्पर्शित रहेका छन् र यो स्पर्श साह्रै कम्ति स्थानमा मात्र दुःखद् देखिएको छ । उपन्यासमा एकातिर पुरुष र नारीका बिचको मैत्रीपूर्ण एवं शोषणमूलक दुवै स्थिति देखाइएको छ भने अर्कातिर नारीगत सहकारितालाई (मूल रूपमा) विविध सामाजिक सन्दर्भसहित प्रस्तुत गरिएको छ । यस उपन्यासमा कतै नारीमा निहित प्रचूर मानवीयताको भावनाले, कतै वर्गीय पक्षधरताका कारणले, कतै लैङ्गिक सहअस्तित्वबोधका कारणले र कतै क्रान्तिकारी मूल्यमान्यताको अनुसरणका कारणले यो सहकारिताको स्थितिको सिर्जना गरेको छ । यस उपन्यासमा व्यक्ति-व्यक्तिमा स्वभावजन्य पृथकता रहँदारहँदै पनि नारी-नारी बिचका मृदु सम्बन्धहरू प्रकट हुन पुगेका देखिन्छन् ।

एकाधबाहेक अधिकांशतः सत् चारित्रिक वैशिष्ट्य बोकेको यस उपन्यासको आदिमा सत् पात्र दुःखी छन् । मध्यमा पुग्दा तिनका समस्याका बन्धन खुकुलिएका छन् र अन्त्यमा तिनले सामाजिक परिवर्तनका निम्तिको सङ्घर्षको मैदानमा हाम फालेका छन् । उपन्यासभरि प्रायः कतै

व्यक्तिगत जीवन  नबाँचेकी सुवानीको जीवन कतै पनि कर्तव्य एवं सङ्घर्षले खाली छैन र यही सङ्घर्षै-सङ्घर्षका बिचमा नै उसको जीवनको अन्त्यसमेत भएको छ। यिनै औपन्यासिक परिस्थितिहरूले उपन्यासका विविध नारीहरूका बिचको आपसी सम्बन्धलाई पूर्णरूपमा प्रभावित तुल्याएका छन्।

**अनिँदो पहाडसँगै** उपन्यासमा नारीका युवा पुस्ता र वयस्क पुस्ता गरी पुस्तागत दुई तह देखिएका छन् र तीमध्ये सामाजिक मेरूदण्ड बनेको युवा पुस्ताको अर्थपूर्ण उपस्थिति रहेको छ। यस उपन्यासमा २० महिनाको मात्र कालगत अन्तराल देखिएकाले उपन्यासका प्रारम्भमा देखिएको युवा पुस्ता (सुवानी र गोरीमाया) अन्त्यमा पनि युवा नै छन् र वयस्क पुस्ता (चन्द्रकान्ता) पनि वृद्ध पुस्तामा रूपान्तरित भएको छैन।

उपर्युक्त उपन्यास राजनीतिक उद्देश्यले सामाजिक सन्दर्भमा लेखिएकाले यहाँका नारी पात्रका पारिवारिक वृत्त (घर/माइती) का सन्दर्भले महत्त्व पाएका छैनन्। यस उपन्यासका गौण नारी पात्र साहु पुष्परत्नकी पत्नी र प्रदीपकी पत्नीले बाहेक अन्य नारीले जति पनि उत्पीडन भोगेका छन् ती सामाजिक छन्। सामाजिक सन्दर्भको उत्पीडन मूल रूपमा लैङ्गिक र वर्गीय गरी दुई किसिमको देखिएको छ। गोरीमाया र चन्द्रकान्ताले गरिब महिला हुनुका कारणले उत्पीडन बेहोर्नु परेको छ भने सुवानीले सम्पन्न परिवारकी भएर पनि महिला भएका नाताले लैङ्गिक उत्पीडन बेहोर्नुपरेको छ। यहाँ लैङ्गिकभन्दा पनि वर्गीय उत्पीडनलाई चर्को रूपमा देखाइएको छ। गोरीमाया र चन्द्रकान्ता नारी मात्र नभएर गरिबसमेत भएकाले बढी उत्पीडित छन् भने सुवानीले सम्पन्न परिवारकी भएकाले कम उत्पीडन सहनुपरेको छ। उसको जीवन बढी सङ्घर्षपूर्ण बनेको र सङ्घर्षकै बिचमा सहादत प्राप्त गरेको त उसको क्रान्तिकारी आचरणले गर्दा हो। समाजमा बढी सक्रियता र प्रभुत्व पुरुषको रहेको हुन्छ। त्यसै कारणले कम सक्रियता भएकी प्रभुत्वहीन नारीले बेहोर्ने सामाजिक उत्पीडनका कारक अधिकांशतः पितृसत्ताका वाहकहरू नै हुन्छन् र यस्ता वाहक भनेका अधिकांशतः पुरुष नै हुन्छन्। पुरुषबाहेक नारी पनि पितृसत्ताका संवाहक बनेका हुन्छन्  र त्यस्ता नारी-नारीका भन्दा पुरुषका पक्षपोषक हुन्छन्। पारिजातले राजनीतिक उद्देश्यको यस उपन्यासमा यस किसिमका नारीलाई प्रस्तुत गरेकी छैनन्। पितृसत्ताका संवाहक नबनेका प्रमुख नारी चरित्रका नारी-नारीका बिचको सम्बन्ध सहकार्यमूलक हुन्छ र पारिजातले यस उपन्यासमा त्यही तथ्यलाई प्रस्तुत गरेकी छन्।

प्रस्तुत उपन्यासमा लिङ्गगत एकोहोरो (प्रमुख नारी पात्रका सन्दर्भमा सामाजिक मात्र) शोषणको स्थिति देखाइएको छ। यस्तो शोषणबाट मुक्ति पाउने एक मात्र उपाय सङ्घर्ष हो। त्यस सङ्घर्षले नारीलाई मुक्ति पाउनका लागि राजनीतिक परिवर्तनलाई पर्खन सिकाउँछ र समाजको आमूल परिवर्तनको अपेक्षा गर्ने नारीहरू स्वतः राजनीतिक क्रियाकलापमा संलग्न हुन्छन्। त्यस क्रममा कुटाइ र जेलनेलको यातना भोग्नु तथा सहादत प्राप्त गर्नुजस्ता कुरा स्वाभाविक हुन्छन्। प्रगतिवादी उपन्यासकार पारिजातले औपन्यासिक आदर्शीकरणका सन्दर्भमा नारीको स्वभाव पक्षभन्दा पनि चेतना पक्षको चित्रण बढी गरेकी छन्। **अनिँदो पहाडसँगै** राजनीतिक उपन्यास भएकाले यसमा सामाजिक/राजनीतिक वृत्तभित्रका नारीजगत्को आपसी

सम्बन्धलाई केलाइएको छ। यस उपन्यासमा नारीहरूको पारिवारिक सम्बन्धको कुनै पनि किसिमको चर्चा उपचर्चा भएको छैन।

अब प्रस्तुत **अनिँदो पहाडसँगै** उपन्यासका पात्रगत नारी-नारीका बिचको सम्बन्धका मुख्य पक्षस्वरूप सुवानीको अरू नारीसँगको, गोरीमायाको अरू नारीसँगको र चन्द्रकान्ताको अरू नारीसँगको सामाजिक सम्बन्धबारे तल चर्चा गरिएको छ (५.६.७.१-५.६.७.३)।

### ५.६.७.१ सुवानीको अरू नारीसँगको सम्बन्ध

#### क) गोरीमायासँगको सम्बन्ध

श्रमलाई सम्मान गर्नेहरू श्रमजीवीलाई पनि सम्मान गर्छन्। गोरीमाया अर्काको घरधन्दा गरेर जीविका गर्ने केटी भए तापनि समाजका अन्य सोच र संस्कारका मानिसले नदिने 'तपाईं' सम्बोधनको सम्मान सुवानीले उसलाई दिएकी छ (पृ.२३०)। ऊ गोरीमायालाई नामका साथमा बहिनीसमेत जोडेर सम्मानपूर्वक सम्बोधन गर्छे। यसरी उनीहरूको प्रारम्भिक परिचयका क्षणदेखि नै सम्बन्धको दिगोपन देखिएको छ। एउटाले अर्कालाई सम्मान गरिरहने र अर्काले भने त्यस सम्मानदाताको अपमान गरेर एकोहोरो सम्मान ग्रहण गरिरहने परिस्थितिका सामाजिक सम्बन्धहरू अधिकांशतः दीर्घजीवी हुँदैनन्। सुवानीले आफ्नो राजनीतिक चरित्रको अनुकूल गोरीमायालाई प्रारम्भदेखि नै महत्त्व दिएकी छ। पहिलो दिनको भेटपछि छुट्टिने बेलामा सुवानीले गोरीमायालाई 'माया नमार्नु होला' भन्नुले सोही कुराको पुष्टि गरेको छ (पृ.२३१)।

आफू गतिलो बने पुग्यो, अरू जेसुकै गरून् भन्ने किसिमको स्वार्थी सोच नभएकी सुवानी आफूले पाएको चेतना र जीवनको ज्ञानले ऊ गोरीलाई पनि सुसज्जित गर्न चाहन्छे। ऊ अशिक्षित गोरीमायालाई आत्मनिर्भर बनाउने क्रममा घरको चार पर्खाल र भातभान्साको संसारबाट बाहिर निकालेर उसको बुद्धिको बिर्को खोलिदिन चाहन्छे। संसार नदेखेकी र नबुझेकी गोरीमायालाई विभिन्न देशका महिलाहरूले गरेका पुरुष सरहका उन्नतिका कथा सुनाएर उसलाई जीवनको फराकिलो गोरेटोतर्फ आकर्षित बनाउन प्रयत्न गर्छे (पृ.२८६)। उसले गोरीमायालाई एउटा सेतो कागजका रूपमा पाएकी छ जसलाई ऊ आफ्नो चाहना अनुसार रङ्गाउन चाहन्छे। गोरीमायाका प्राकृतिक विद्रोहलाई ऊ अनुशासन प्रदान गर्न चाहन्छे। यसका लागि प्रथमतः ऊ गोरीमायाका आत्मपीडाका निम्ति समवेदना प्रकट गर्छे र सँगसँगै गाँसेर ऊ यस देशको दुरवस्थाको जड भनेको यहाँको शासनव्यवस्था नै हो भनेर उसलाई सचेत बनाउने क्रमको थालनी पनि गर्छे। सङ्घर्ष गर्ने तरिका सिकाउँदै ऊ भन्छे,

> काटेर रगत पिउनपर्छ गोरी बैनी यस्ताहरूको तर त्यस्ता जाली-फटाहाहरूलाई पोस्ने यो अपराधी व्यवस्थालाई जरैदेखि नउखेले त के र ? यस्ताहरूलाई बदला लिने तरिका हुन्छ, एक्लै-एक्लै जुधेर हुँदैन, मिलेर जुध्नुपर्छ, समय आउँछ (पृ.२८७)।

यी दुईवटी युवतीका बिचको सम्बन्धलाई अझ प्रष्ट पार्ने एउटा उद्धरण यस्तो छ- "सुवानीले गोरीमायामाथि आफ्नो दिमागी मेहनत पनि खन्याइरहेकी थिई, गोरीमाया उसको अघि

उसकै हातले रोपेर मलजल पाइरहेकी बिरुवाजस्तै भएकी थिई"(पृ.२९६)। यस्तै प्रकृतिको अर्को उद्धरणमा यसरी लेखिएको छ-

> राजधानीको कृत्रिम समूहमा थुप्रै-थुप्रै विसङ्गतिहरू झेल्दै काम गर्नपर्ने सुवानीलाई यस सरलहृदयी पहाडी बाला गोरीमायाले आकृष्ट गरेकी थिई। त्यसैले यी दुईजनाबिच स्वाभाविक माया र घनिष्टता ओझेल भएर हुर्किसकेको थियो (पृ.२९९)।

सुवानीले गोरीमायालाई सहोदर बहिनीलाई जस्तै माया गरेकी छ र अनन्त शुभकामनाहरू दिएकी छ। सुवानीको गोरीमायाप्रतिको भावनामा कतै कुनै खोट देखिँदैन। आफू राजधानीभन्दा निकै टाढाको गाउँ (सर्लाही)मा कार्यरत रहेका बेलामा गोरीमायाले पठाएको पत्रलाई दोहोऱ्याई-तेहऱ्याई पढेबाट पनि सो भावनात्मक निश्छलता  व्यक्त भएको छ। गोरीमायाले पढाइ-लेखाइमा गरेको उन्नति तथा मजदुर आन्दोलनमा देखाएको सफल सहभागिताको श्रेय सुवानीलाई नै जान्छ।

**ख) चन्द्रकान्तासँगको सम्बन्ध**

सुवानीलाई आफ्नो सहपाठी मित्र लालकी आमाका रूपमा परोक्षबाट मात्र चिनेकी चन्द्रकान्तासँग भेट्ने संयोग आले साहेबको मृत्युले जुटाइदिएको देखिन्छ। प्रत्यक्ष देखभेट नभएकी चन्द्रकान्ताप्रतिको कर्तव्यबोधले डोरिएर ऊ आफू बिरामी भएका बखत ज्वरले अलिकति छाडेको मौका पारी दौडिएर समवेदना दिन आइपुग्नु (पृ.२६७) उसप्रतिको सुवानीको सद्भाव नै हो। आले साहेबको हत्या भएको छोटो अवधिपछि नै लालबहादुरको समेत हत्या भएको लगत्तै भूमिगत बसेकी सुवानी दोस्रो पटक चन्द्रकान्तालाई भेट्न गएकी छ (पृ.३०७)। यसदिन ऊ साँच्चैको समवेदना दिन आएकी थिई (पृ.३०८), रोएर दुःख पखाल्न आएकी थिई (पृ.३०७)। चन्द्रकान्तालाई समवेदना दिन आएका विद्यार्थीहरूले आ-आफ्ना कुरा भनिसकेपछि अन्त्यमा सुवानीले भनी, "चन्द्रकान्ताको काख रित्तो छैन तथा छाती रुखो छैन, त्यहाँ वात्सल्य र ममता पोखिँदो छ, त्यस वात्सल्य र ममताका अधिकारी यतिका विद्यार्थीहरू छन्, चन्द्रकान्ता एउटी विशालहृदया आमाकी प्रतीक हुन्" (पृ.३०८)। उसले भनेका कुरा चन्द्रकान्ताको वेदना घटाएर उसलाई जीवनमुखी बनाउन सफल भए। सुवानीको चन्द्रकान्ताप्रति पनि असीमित शुभेच्छा छ। आन्दोलनमाथि भएको चर्को दमन र लालको मृत्युले सुवानी स्वयं पनि अधिक दुःखी थिई। सुवानी चन्द्रकान्तालाई जीवनको गोरेटोमा हिंडाउन सफल भई (पृ.३१२)।

**ग) अन्य महिलासँगको सम्बन्ध**

हृदयमा दुष्टता नभएकी नारी भएकाले आफूजस्ता अन्य नारीसँग उसको सम्बन्ध गाँसिन र त्यसले आत्मीयताको स्वरूप ग्रहण गर्न बेरै लाग्दैन। एम्.आर.की फुपूसँग भेट हुँदाको घटनालाई यसको उदाहरणका रूपमा लिन सकिन्छ-

> दुवै महिलाहरू फर्स्याइला किसिमका थिए, त्यसैले त्यहाँ कुराकानीका निम्ति कुनै बाधा भएन। एकैछिनमा नै दुवै महिलाहरू पूर्वपरिचितजस्तै गफ गर्न थाले। ...भोलि बिहानै फुपूलाई लिन आउने वचन दिएर त्यहाँबाट (सुवानी) बिदा भई (पृ.२३९)।

सुवानीमा महिला पक्षधरताको भावना बेजोड देखिन्छ। ऊ आफ्नाअगाडि कुनै पनि महिला अन्यायमा परेको देख्न वा सुन्नसमेत सक्तिन। प्रदीप घरमा श्रीमतीलाई तिरस्कार गरेर हिंडेको थियो तर उसले त्यो कुरा सुवानीका अगाडि व्यक्त गर्ने हिम्मत गरेन। सुवानीको यही प्रवृत्तिले गर्दा काठमाडौंका गोरीमाया र चन्द्रकान्ता हुन् वा सर्लाहीका सुन्तली र जमुनी हुन्, सबैसँग उसको आत्मीयता कायम हुन सकेको छ। ऊ महिलाका समस्याको विश्लेषण गर्दै तिनका निराकरणका उपायसमेत पनि बताउँदै महिलालाई सचेत पार्ने कुरामा पनि उत्तिकै अग्रसर हुन्छे। कुनै महिला उत्पीडित भएको देखी भने ऊ उत्पीडकमाथि भौतिक कारवाही गर्नसमेत पछि पर्दिन (पृ.२२६)।

सुवानी यति भएर पनि महिला पक्षधरताका नाममा उनीहरूका गलत कुराको ढाकछोप भने गर्दिन। आफू क्षेत्रपाटीको एउटा गल्लीमा हिँडिराखेका बखत केटाहरूले उसलाई जिस्क्याउँदा बाटाकी अर्की महिलाले उल्टै केटाहरूको पक्ष लिएर आफूलाई गाली गरेको सुनेपछि सुवानी त्यस महिलासँग आगो भएकी छ र उसले त्यहाँबाट सुइँकुच्चा नठोकेकी भए सुवानीबाट अवश्यै पनि कुटाइ भेट्थी (पृ.२२४)।

सुवानी आफ्नी सहपाठी साथी ललितासँग भने प्रतिद्वन्द्विताको भाव राख्छे। यो उनीहरू दुईका बिचको पृथक् राजनीतिक धरातल र जीवनदर्शनका कारणले भएको हो। सुवानी मार्क्सवादी विश्वदृष्टिकोणलाई अँगाल्ने केटी भएकाले उसको जीवनशैली पनि सरल किसिमको छ तर ललिता राजनीतिमा पुँजीवादी विश्वदृष्टिकोणको अनुयायी भएकाले ऊ नितान्त व्यक्तिवादी र उपभोक्तावादी संस्कृतिको कट्टर समर्थक मात्र नभई उसको सम्पूर्ण जीवनशैलीसमेत पनि सोही साँचोमा ढालिएको छ। यही विपरीतमार्गी यात्रु भएकाले ती दुईका बिचमा २०३६ सालको आन्दोलन गर्नका लागि विद्यार्थी एकताका उद्देश्यका लागि सम्झौता गर्न गएकी सुवानी असफल भएर फर्केकी छ। ऊ ललिताले अँगालेको जस्तो प्रवृत्तिकी कट्टर विरोधी छ। ऊ त्यस्ता खोस्टे र कृत्रिम व्यक्तित्व भएकाहरूसँग सम्झौता नगर्ने, बरु मेहनत गरेर आफूहरू मात्रै आन्दोलनमा जाने निष्कर्षमा पुगेकी छ (पृ.२३९)।

समग्रमा भन्दा सुवानी सत् प्रवृत्तिकी भएकीले एकातिर ऊ त्यस्तै सत्चरित्र भएकाहरूसँग नै हिमचिम गर्छे भने अर्कातिर ऊ सम्पूर्ण महिलाप्रति सधैं सद्भाव मात्रै राख्छे। यसैले यस उपन्यासका अधिकांश महिलाहरूसँग उसको आत्मीयतापूर्ण सम्बन्ध कायम हुन सकेको देखिन्छ। यति भएर पनि सामाजिक हितको ठ्याम्मै ख्याल नराख्ने र पाश्चात्य कुसंस्कृतिका अनुयायी स्वार्थी महिला (ललिता)सँग भने उसको आत्मीयता गाँसिन सकेको देखिदैन। अन्यथा सुवानी सहरमा बस्दा होस् वा गाउँमा, उसको जीवन राजनीतिक-सामाजिक परिवर्तनप्रति समर्पित छ र महिलाका विषयमा ऊ बढी नै रुचिशील देखिन्छे, व्यक्तिगत जोखिम मोलेरै भए पनि महिलाका पक्षमा

लड्दछे। ऊ एउटा खास दर्शन र दृष्टिकोणकी हिमायती भएकाले त्यस उद्देश्यमा बाधा नपुऱ्याउने हरेक महिलासँग उसको सहकार्यकै स्थिति रहेको छ र ऊ नै अझ अगाडि बढेर त्यस्ता महिलाका सहयोगका खातिर हर्दम क्रियाशील रहेकी छ। निष्कर्षमा सुवानी नारीको हितचिन्तक मात्रै नभएर त्यसका लागि बौद्धिक, भौतिक, राजनीतिक हरेक ढङ्गले लागिपर्ने प्रगतिशील विद्यार्थी नेता हो।

### ५.६.७.२ गोरीमायाको अरू नारीसँगको सम्बन्ध

गोरीमाया मूलमा पनि असल नारी चरित्र हो र सुवानीको सान्निध्यमा आफूलाई माझ्न-खार्न पाएपछि ऊ अझै बढी असल बनेकी छ  तथा ऊ पनि सामाजिक परिवर्तनका निम्ति सम्पूर्ण रूपले समर्पित बनेकी छ। उससँग सर्वाधिक निकट सम्बन्ध भएका महिला भनेका सुवानी र चन्द्रकान्ता नै हुन्। पछि ऊ ऊन कारखानाको मजदुर भएपछि भने उसको त्यहाँका महिलाहरूसँग विशेष सम्बन्ध गाँसिन पुगेको देखिन्छ -

> सङ्गातीहरूबिच उसले स्वास्नीमान्छेहरूको व्यथाकथालाई आँसु र हृदयमा चोबेर भन्न थाली। आफ्नो सुस्केरामा अरू सुस्केराको ताल मिलाउन थाली। साथै आफ्नो उद्देश्यमा अरूको उद्देश्य जम्मा गर्न थाली। गलैंचा कारखानामा गोरीमाया एउटा मिलनसार नाउँ प्रचलित हुन थाल्यो (पृ.२९९)।

#### क) सुवानीसँगको सम्बन्ध

नारी-नरको सम्बन्धलाई पुरातन दृष्टिकोणबाट मात्र हेर्न जानेकी गोरीमायाले सुवानीलाई पहिलोचोटि देख्दा लालबहादुरकी प्रेमिका भनिठानेकी छ (पृ.२२९)। एउटा अविकसित गाउँबाट राजधानीमा भित्रिएकी र आफ्नो गरिबी, अशिक्षा आदि कारणले हीनताबोधले ग्रस्त भएकी गोरीमाया सुकिली-शिक्षित सुवानीसँग गफ गर्न लजाउँछे (पृ.२३०)। गोरीमायामा आफूभन्दा थोरै मात्र उमेरले जेठी सुवानीलाई लालसँग यसरी हाँसखेल गर्दै हिंडेको देख्दा वर्गीय ईर्ष्या जाग्दछ। गरिब नारी हुनुका कारणले आफू उत्पीडित हुनु परेको तीतो यथार्थलाई सम्झँदै ऊ सोच्छे, “धनीका छोरीहरूका त राडसिम रो कर्मखोटा नहुँदा रहेछन्” (पृ.२३१)। लाल र सुवानी बराबरी भएर बोलेको-हिंडेको देख्दा उसलाई ईर्ष्या लाग्छ, सुवानीको सुकिलो-स्वतन्त्र शिक्षित जीवनको पनि उसलाई ईर्ष्या नै लाग्छ। आफूले बौलाहासँग विवाह गर्नुपरेको तर सुवानीले लालजस्तो मान्छे जोडा भेटेकोमा उसलाई लाग्छ “धनीहरूलाई सबैथोक जुरेको हुन्छ” (पृ.२३२)।

लाल र सुवानीलाई जोडाका रूपमा कल्पना गर्दा गोरीमायालाई हृदयमा पीडा भएको  र उसको खस्केको अनुहार देखेर लालले “तिमीलाई सञ्चो भएन कि क्या हो ?” भनेर सोध्दा उसले आफ्नो मनको सम्पूर्ण पीडाको सार निकाल्दै काम्दो स्वरमा भनेकी छ, “धूलोमूलो घामपानी पचाइसकेकी गरिबकी छोरी हत्तपत्त के थला पर्थी र दाइ !” यति भनिसक्नासाथ ऊ मुख छोपेर रुन्छे। उसले आफू गरिब भएकाले पढ्न नपाएको र त्यही कारणले सुवानीजस्तो हुन नसकेको भन्ने बुझेर लालसँग भनेकी छ, “चार अक्षर पढेर यसो मनको बह बिर्साउनुहुन्थ्यो दाइ, त्यही पनि

भएन"। उसले यसो भनेर एक प्रकारले सुवानीको सुकिलो जीवनप्रतिको ईर्ष्या पोखेकी छ (पृ.२३३)। गोरीमायाले चन्द्रकान्तासँग भनी, "अस्ति नै साहेबनीहरू बाहिर जानुभएको बेला एकजना राम्री तरूनी लालबहादुर दाइसँग आएकी थिई र दिनभरि बसेर गएकी थिई, हो त्यही तरूनीले आज पनि लगेर गई, दाइ त पाँच मिनट पनि सुत्न पाउनु भएन" (पृ.२४८)। गोरीमायाको उक्त अभिव्यक्तिको अन्तिमको "दाइ त पाँच मिनट पनि सुत्न पाउनु भएन" मा सुवानीप्रतिको उसको रोषसमेत प्रकट भएको देखिन्छ।

सुवानीलाई देखेपछि गोरीमायाको वर्गबोध चर्कोसँग जागेको छ र त्यो कुरासमेत मिसिएर सुवानीप्रतिको ईर्ष्या अझ बढी घनीभूत भएको छ। लाल सुवानीसँग त्यसरी झ्याम्मिएको देख्दा उसलाई कता-कता आफ्नो तिरस्कार भएको बोध भएको छ। त्यस कुरालाई उसले सुवानीलाई "लाले दाइकी तरूणी" भनेर सम्बोधन गरेबाट (सुवानीका परोक्षमा) अझ बढी स्पष्ट भएको छ। ऊ सोच्छे-

> आज मेरो साहेबनीलाई यस्तो विपद् पऱ्यो तर मैले के गर्ने मेरो औकातले भियाएन। म र लाले दाइकी तरूनीमा कति फरक छ, म जाबो भाँडा माझ्ने खाने, नोकरको जात मैले त भनेको पनि सुहाउँदैन, बोलेको पनि बढ्ता हुन्छ (पृ.२६८)।

गोरीमायाको उक्त सोचाइले सुवानीप्रतिको उसको दृष्टिकोणलाई उदाङ्गो पारेको छ। उसले महिला वर्गीय कारणले नै उत्पीडित हुने गरेका हुन्, सम्पन्न घरका महिलाले आफूजसरी उत्पीडित हुनुपर्दैन भन्ने बुझेकी छ भन्ने कुरा "सुवानी र उसको हेलमेल देखेर गोरीमायालाई सबै तरूनी भावीले ठगिएका हुँदैनन् भन्ने कुरामा पत्यार पर्न थालिसकेको थियो" (पृ.२६९) भन्ने पङ्क्तिबाट स्पष्ट हुन्छ।

गोरीमाया सुवानीसँग नजिकिन थालेपछि भने उनीहरूका बिचमा कुराकानी हुन थाल्यो। त्यसपछि भने विस्तारै सुवानीप्रतिको गोरीमायाको ईर्ष्या घट्दै गयो। परिस्थिति फेरिएको थियो र "सुवानीका कुराहरूमा गोरीमायालाई विश्वास पर्दै जाँदै थियो, ऊ सुवानीबाट आँटभरोसा पाइरहेकी थिई" (पृ.२८८)। आफूले सुवानी र लालको मित्रतालाई कसरी बुझेकी छ भन्ने कुरा पनि सुवानीलाई भन्छे। आफूहरू विवाह गर्ने उद्देश्यले बाँधिएको जोडा नभएको कुरा सुवानीले भन्दा गोरीमाया सहजै विश्वास गर्न सक्तिन। त्यति भनेर पनि उनीहरू ढोका थुनेर कोठाभित्र बसेको देखेपछि भने गोरीमाया "सहरतिरको कुरा हामी पाखेले के थाहा पाउनु ? ढाँट कुरा गर्ने रहिछ यो दिदी" (पृ.२८९) भन्ने निष्कर्ष निकाल्छे।

आले साहेबको मृत्युले सुवानीलाई चन्द्रकान्ताका घरमा आउने ढोका बेरोकटोक खुल्छ र गोरीमायासँगको सम्बन्धले विस्तारै आत्मीयताको स्वरूप ग्रहण गर्न थाल्छ। सुवानीले उसलाई कारखानामा काम लगाइदिएपछि र साथसाथै चेतनाको पाठ पढाउँदै लगेपछि गोरीमायाको दृष्टिकोणमा परिवर्तन आउँछ, ईर्ष्याको ठाउँ श्रद्धाले लिन्छ। सुरुसुरुमा सुवानी लालको कोठामा एक्लै बसेको, लालसँग घुमफिर गरेको देख्दा ईर्ष्या गर्ने गोरीमाया पछि गएर सुवानीको उच्च नैतिक मनोबल र महान् उद्देश्यसँग परिचित भएपछि उसलाई आफ्नो सच्चा मार्गदर्शकका रूपमा

स्वीकार गर्छे । सुवानी काठमाडौं छाडेर सर्लाही गएपछि “गोरीमायालाई भने गुलाफी फूल लागेको आरूको रुखमुनि घाम तापिरहेको लालबहादुर र सुवानीको जोडाको झझल्को आँखाअघि आउन छाडेन” (पृ.३१९) । सुवानीको सहादतको कुरा सुनेर ऊ मर्माहत भएकी छ । सुवानी उसको उच्च आदर्श बनेको कुरा सुवानीको शोकसभामा “उसले सुवानी र लालबहादुरलाई एकसाथ झल्झली देखी र मुठ्ठी कसेर आफ्नो अठोटलाई दोहोऱ्याई, जनक्रान्ति र अठोटको भाषा आँसुका अक्षरहरू भएर आँखाको डिल नाघ्दै तलतिर खसे” (पृ.३२९) भन्ने सन्दर्भबाट स्पष्ट भएको छ । गोरीमायाको सुवानीसँगको सम्बन्ध जनताको मुक्तिको महान् उद्देश्यले नारीहरूका आपसी सम्बन्धलाई प्रगाढ आत्मीयतामा ढालिदिन सक्छ भन्ने कुराको उदाहरण हो ।

**ख) चन्द्रकान्तासँगको सम्बन्ध**

गोरीमायाको चन्द्रकान्तासँगको सम्बन्ध आश्रयदाता अन्नदातासँगको सम्बन्ध हो । “यो ज्यानलाई एकचोटि दाग लाग्यो भन्दै रोएर कति बसूँ, भैगो नेपालै जान्छु । मुखेनीलाई रिझाएर खान्छु, कर्मै दुःखीया भएपछि के लाग्छ र ?”(पृ.२१०) भन्दै काठमाडौं भित्रिएकी गोरीमायाले सधैंभरि चन्द्रकान्तालाई रिझाउने उद्देश्य बोकेकी छ । त्यस घरमा भित्रिएकै दिन चन्द्रकान्ताका ठट्टा सुनेपछि “मेरो आबा, कस्तो उत्ताउलो घरमा आइपुगिछु, के हुने हो” (पृ.२१२) भनेर ऊ आत्तिएकी छ तर पछि रहँदै बस्दै गएपछि उसले चन्द्रकान्ताको निष्पाप हृदय र फर्स्याइलो स्वभावलाई चिनेकी छ तथा आफूले उसबाट पाएको मानवतापूर्ण व्यवहारको प्रतिदानस्वरूप माया गर्न थालेकी छ । “साहेबनीको फतर-फतर बोल्ने तथा कुरैकुरामा उदाङ्गिने स्वभावको गोरीमायामा क्रमशः असर पर्न थालेको थियो । उसको पनि स्वभाव यस्तै थियो” (पृ.२१९) । यही स्वभाव मिलेका कारणले पनि गोरीमायालाई चन्द्रकान्ता मन पर्थ्यो । गोरीमाया आफ्नी मालिक्नीप्रति स्नेहार्द्र थिई । “आफ्नो छोरो आफूसँग टाढा-टाढा हुँदै गएको देखेर चन्द्रकान्ता दुःखी बनेको देख्दा स्थिति स्पष्ट नबुझे पनि उसको मन आफ्नो साहेबनीप्रतिको सहानुभूतिले एक पत्र भिज्यो” (पृ.२४८) । गोरीमायाले साहेबको मृत्युपछि सुवानीसँग चन्द्रकान्ताका विगतका दिन सम्झेर कुरा गर्दा पनि साहेबनीप्रतिको उसको अपार स्नेह छताछुल्ल भएको छ (पृ.३११) । यसरी गोरीमायाको चन्द्रकान्तासँगको सम्बन्ध कतै पनि विद्वेषमूलक देखिएको छैन ।

### ५.६.७.३ चन्द्रकान्ताको अरू नारीसँगको सम्बन्ध

**क) सुवानीसँगको सम्बन्ध**

चन्द्रकान्ताले सुवानीलाई दुई स्थानमा मैयाँ भनेबाहेक (पृ.२८४-२८५) आत्मीयतादर्शक कतै कुनै सम्बोधन गरेकी छैन तर सुवानीले भने उसलाई निर्बाध रूपले आमा भनेर सम्बोधन गरेकी छ । सुवानी उसको छोरो लालकी साथी भएकाले सो अधिकार उसलाई प्राप्त पनि छ । पहिलो पटक (आले साहेबको मृत्युपश्चात्) भेटेदेखिनै ऊ सुवानीसँग अनुरक्त छ र त्यो भाव उसको “तर यो केटी मेरी बुहारी होइन” (पृ.२३७) भन्ने अभिव्यक्तिबाट स्पष्ट भएको छ । पहिलो भेटमै ऊ सुवानीको रूप र स्वभावको प्रशंसक बनिसकेकी छ । आफूमाथि यसरी प्रभाव जमाउने त्यस

केटीलाई ऊ 'जादुगर्नी' को संज्ञासमेत दिन्छे। "तर यो केटी मेरी बुहारी होइन" भन्ने अभिव्यक्तिमा त्यस्ती गतिली केटी आफ्नी बुहारी नभएकामा पीडाबोध व्यक्त भएको छ। पहिलो भेटदेखि नै सुवानीसँग उसलाई आत्मीयताबोध भएको छ। त्यसदिन सुवानी बिदाबादी भएर जाँदाको चन्द्रकान्ताको अनुभूति यस्तो छ- "चन्द्रकान्तालाई लाग्यो, सुवानीसँग घरको अन्तिम सजीवता पनि निस्केर गयो, एउटा अप्राप्य सपनाले उसलाई एक क्षण लोभ देखाएर गयो" (पृ.२६८)।

चन्द्रकान्ता सुवानीको रूपले रिझिएकी छ र लालका तुलनामा सुवानीको रूपलाई उत्कृष्ट ठहऱ्याएकी छ (पृ.२८४)। ऊ सुवानीको सौन्दर्य र सादापनको प्रशंसा गर्दै भन्छे-

> हेर्नुस् मैयाँ, म कति वर्ष दार्जिलिङको लिम्बू गाउँमा बसें तर तपाईंजस्ती राम्री लम्बुनी त मैले देखिनँ। होइन यी लिम्बुनीहरू त अग्घोर स्वाङ्गपारा पो हुन्छन् खै तपाईं त यो उमेरमा पनि स्वाङ्ग पार्नुहुन्न (पृ.२८४)।

चन्द्रकान्ता सुवानीको रूप र स्वभावले रिझिएकी मात्र नभएर उसमाथि भरोसा पनि गर्छे भन्ने कुराको प्रमाण उसले सुवानीलाई "मलाई एउटा स्वेटर बन्ने मेसिन किनेर ल्याइदिनुस्" (पृ.३११) भनेबाट प्राप्त हुन्छ। रहर त उसलाई लालेसँगै सुवानीलाई पनि पाउने हो तर छोराको मृत्युपछि त्यस केटीलाई पाएकोमा उसले उक्त मृत्युको क्षतिपूर्तिबोध गरेको जस्तो देखिन्छ। "मेरो लाले बाँचेको भए मैले यस केटीलाई पाउने थिइनँ, लाले नभएर मात्र यो केटी मेरो भागमा लेखेको रहेछ" (पृ.३११) भन्ने चन्द्रकान्ताको सोचाइले सुवानीले पुत्रवियोगको घाउमा मलम लगाउन सकेको देखिन्छ। पुत्रवियोगमा जलिरहेकी एउटी आमाले कुनै पराई केटीका बारेमा यति सोच्नु कम भरोसाको कुरा होइन। सुवानीकै क्रियाकलापले चन्द्रकान्ता पनि विस्तारै उनीहरूले रोजेकै बाटोमा विश्वास गर्ने भएकी छ। यसैले त चन्द्रकान्ताले छोरो लाले र सुवानीको नाउँमा आफ्नो घर नै समर्पण गरी (पृ.३१९)।

चन्द्रकान्ताले सुवानीसँग पहिलो पटक भेट्दा "तर यो केटी मेरी बुहारी होइन" (पृ.२६७) भनेको आशय नै लाल र सुवानी दुवैको मृत्युपछि लालले सहादत प्राप्त गरेको कारखानाको प्राङ्गणमा सँगसँगै फुलेका दुईवटा राता रङ्गका गुलाफका फूललाई लाल र सुवानीका रूपमा कल्पना गरेबाट पनि प्रकट भएको छ (पृ.३३०)। चन्द्रकान्ताले सुवानीमाथि आफ्नो छोरामाथिभन्दा बढी आस्था र भरोसा प्रकट गरेको देखिएको छ किनभने लालसँग उसले कुनै पनि सहयोगको माग गरेकी छैन तर सुवानीसँग सो अपेक्षा गरेकी छ (पृ.३११)। यसरी चन्द्रकान्ताले कतै पनि सुवानीसँग विद्वेषपूर्ण भाव राखेको देखिँदैन। उसले सुवानीलाई सधैंभरि स्नेहपूर्वक नै व्यवहार गरेकी छ र आत्मीयताको अटुट बन्धनमा अल्झाइ राख्नका लागि बुहारी बनाउने कल्पना तथा लालद्वारा त्यस कुराको अस्वीकार भएपछि क्षोभसमेत अनुभव गरेकी छ। सुवानीले गोरीमायाप्रति चासो राख्दा उसले कुनै आपत्ति नजनाएको मात्र नभई पूर्ण भरोसाका साथ जिम्मा नै जस्तो लगाएकी छ। यदि उसले सुवानीमाथि भरोसा नगरेकी भए गोरीमायाले न त कारखानामा काम

गर्ने अवसर नै पाउँथी, न त क्रान्तिकारी चेतनायुक्त भएर वाम आन्दोलनमा समर्पित हुने दृढ अठोट नै गर्न सक्थी ।

**ख) गोरीमायासँगको सम्बन्ध**

गोरीमाया चन्द्रकान्ताकी घरेलु कामदार हो । शरीरभरि दरिद्रता बोकेर उसका घरमा भित्रिएकी गोरीमायालाई उसले नोकर हो भनेर छुट्याउनै नसकिने गरी राखेकी छ (पृ.२२९) । गोरीमायाले काममा नठगोस्, आफू पनि खान दिनमा ठग्दिन भनेर त उसले प्रारम्भमै घोषणासमेत गरेकी छ (पृ.२१३) । दिनभरि घरमा चन्द्रकान्ता र गोरीमाया मात्रै हुन्छन् । ऊ गोरीमायासँग आफ्ना दुःखसुखका अनुभव पनि बाँड्छे, नोकर भनेर काममा मात्रै दलाएर राख्दिन, आफै अग्रसर भएर नयाँ शैलीको कपाल काटिदिन्छे, टाउकाको जुम्रा मारिदिन्छे (पृ.२१६) । उसको गोरीमायालाई मात्र काममा लगाएर आफू चाहिँ सुती-सुती खाने प्रवृत्ति छैन । ऊ पनि गोरीमायासँगसँगै फूलबारी र करेसाबारीको काम गर्छे (पृ.२१९) । साहेबनीको यही आत्मीय व्यवहार र फरासिलो बोलीचालीले गर्दा उसले आफ्नो कहालीलाग्दो अतीतका सबै कुरा बताएकी थिई (पृ.२२०) ।

चन्द्रकान्ताका घरमा आएपछि लाल र सुवानीका सम्पर्कमा गोरीमायाको जीवनीले एउटा छुट्टै मोड प्राप्त गरेको थियो । अब ऊ पहिलाकी जस्ती थिइन । गोरीमायाको जीवन्तताले चन्द्रकान्ताको जीवनलाई पनि सरस बनाइदिएको थियो (पृ.२९५) । यसबाट चन्द्रकान्ताले गोरीमायालाई सन्तानवत् स्नेह गरेको देखिन्छ । यही कारणले उसले गोरीमायालाई पनि स्वतन्त्रता दिएकी थिई । उसले गोरीमायालाई सुवानीले भनेको गोरेटोमा हिंड्न बाधा दिइन (पृ.२९६) । आले साहेब र लाल दुवैको मृत्युपछि विदीर्ण भएकी चन्द्रकान्तालाई गोरीमायाले एक्लै घरमा नछाड्न खोजेकी थिई तर चन्द्रकान्ताले त्यसो गर्न दिइन (पृ.३०८) । चन्द्रकान्ताको त्यही मानवताले भरिपूर्ण स्नेहपूर्ण व्यवहारले गर्दा उसका एक्लोपनाका दिनहरूमा गोरीमाया उसको अँध्यारो जीवन मार्गको बत्ती बनेकी छ, अथाह पीडाले फितलो बनेको शरीरका लागि वैशाखी बनेकी छ । यी सबै कुरा चन्द्रकान्ताको गोरीमायाप्रतिको सद्व्यवहारको प्रतिदानस्वरूप भएका हुन् ।

घरको चार पर्खाल नाघेर बाहिर ननिस्किएकी महिला चन्द्रकान्ताको सम्बन्ध अरू महिलासम्म विस्तारित हुन पाएको छैन । उसका घरमा पस्न नआएका भए सुवानी र गोरीमायासँग पनि उसको सम्बन्ध गाँसिने स्थिति देखिँदैन । उसको स्वभाव बहिर्मुखी भएर पनि जतासुकै जोसुकैसँग सम्बन्ध गाँस्दै हिड्ने रुचि उसमा देखिँदैन । ऊ आफ्नै घरगृहस्थीको सेरोफेरोमा नै सन्तुष्ट देखिन्छे ।

उपर्युक्त उपन्यासमा नारी-नारीका बिचको बेमेलको स्थिति साह्रै थोरै मात्र देखाइएको छ । प्रमुख नारी पात्र त कुनै पनि नारीद्वेषी प्रवृत्तिका छैनन् । अन्य नारीमा ललितामा सो भावना रहेको छ र त्यो सुवानीमाथि पोखिएको देखाइएको छ । यसबाहेक सो नारीद्वेष अत्यन्त गौण नारी पात्रमा देखिएको छ । क्षेत्रपाटीका बाटामा आवारा केटाहरूले सुवानीलाई जिस्क्याउँदा केटाहरूको पक्ष लिई सुवानीकै दोष देखाउने नारीहरू नारीद्वेषी नै हुन् । यी नारीहरूको उपस्थिति अत्यन्त क्षणिक

भए तापनि यिनले देखाएको नारीविद्वेष भने घातक किसिमको छ । यो नेपाली समाजका असचेत जनताका बिचमा आम रूपमा देखिने नारीको आपसी विद्वेषको नमुना नै हो ।

**अनिँदो पहाडसँगै** उपन्यासको उल्लेखनीय पक्ष भनेको नारीको आपसी विद्वेष नभएर प्रेम नै हो । यस उपन्यासका प्रमुख नारी पात्रका बिचको आपसी प्रेम अत्यन्तै सकारात्मक छ र त्यसले उनीहरूलाई समुचित परिणाम प्रदान गरेको छ र त्यस क्रममा यी पात्रहरू समाजका लागि उदाहरणीयसमेत बन्न सक्ने देखिन्छ । एक अर्काबाट प्राप्त सद्भावले उनीहरूलाई जीवनशक्ति प्राप्त भएको छ र सुवानी, गोरीमाया एवं चन्द्रकान्ता तीनैजना त्यसबाट लाभान्वित बनेका छन् । यो सद्भाव प्रमुख नारी पात्र र अन्य नारी पात्रका आपसी सम्बन्धमा पनि देखा परेको छ । सुन्तली, जमुनी, गाउँका सम्पूर्ण दुःखी गरिब महिला र सुवानीका बिचको सम्बन्धमा पनि र गोरीमाया एवं कारखानाका मजदुर महिलाका बिचको सम्बन्धमा पनि उल्लेखनीय आपसी सद्भाव कायम भएको देखाइएको छ । नारीप्रति आपसी सद्भाव राख्ने यी सबै नारी पात्रहरू नारीमुक्ति आन्दोलनका कार्यकर्ताहरू हुन् र सामाजिक मुक्ति आन्दोलनसँग गाँसेर मात्र नारीमुक्ति हासिल गर्न सकिन्छ भन्ने यिनको विश्वास छ । यस उपन्यासमा नारीहरूको आपसी सद्भाव नै नारी मुक्तिको शिखरप्राप्तिका निम्तिको पहिलो सोपान हो भन्ने कुरा दिग्दर्शित गर्नकै निम्ति त्यस्तो किसिमको सम्बन्ध देखाइएको हो ।

## ५.६.८ नारीप्रतिको पुरुषको दृष्टिकोण

नारीप्रति राखिने दृष्टिकोणका सन्दर्भमा यस उपन्यासका अधिकांश पुरुष पात्रहरू नारी हितकामी नै देखिएका छन् । नारीद्वेषी दृष्टिकोण राख्ने पुरुष पात्रका रूपमा प्रवेश सुब्बा आएको छ भने प्रदीप  शर्मा उपर्युक्त दुई प्रवृत्तिका बिचोबिच अवस्थित छ । यस उपन्यासमा मूल रूपमा समाजको परिवर्तनको चाहना र क्रान्तिकारी चेतनामा नारी अस्तित्वको आकलन गरिएको छ । एम्.आर. र लाल हरेक नारीमा तिनै कुराको अपेक्षा  गर्दछन् । भीष्मको नारीप्रतिको दृष्टिकोण आदर्शवादी किसिमको छ । प्रदीप नारीप्रति विद्वेष नै त राख्दैन तर पनि उसबाट पूर्ण रूपमा नारीको हित भने भएको देखिँदैन । यीबाहेक क्रान्तिकारी राजनीतिका कार्यकर्ताहरू पूर्ण रूपमा नारी हितकामी नै रहेका छन् भने राज्यसत्ताका कार्यकर्ताहरू नारीद्वेषी छन् । यस उपन्यासका पुरुष पात्रहरूलाई नारीप्रतिका दृष्टिकोणका आधारमा सत् र असत् भनेर छुट्याउन सकिन्छ । नारीप्रति सद्भाव राख्ने पुरुष सत् पात्र हुन् भने दुर्भाव राख्ने पुरुष असत् पात्र हुन् ।

**अनिँदो पहाडसँगै** उपन्यासका प्रमुख पुरुष पात्रका नारीप्रतिको दृष्टिकोण मूलतः मार्क्सवादी विश्वदृष्टिकोणमा आधारित क्रान्तिकारी लैङ्गिक मूल्यमान्यताका सीमा रेखाभित्र अटाउने किसिमका छन् । पितृसत्तात्मक स्वरूप बोकेको नेपाली समाजको परम्परागत संरचनाले पुरुषलाई मात्र योग्य नागरिकको दर्जा दिने गरेको भएतापनि यस उपन्यासका प्रमुख पुरुष पात्र भने चेतनाको अवसर प्रदान गरेर उत्प्रेरित गर्ने हो भने नारीहरू पुरुषभन्दा अझ बढी जिम्मेवारीपूर्वक सामाजिक परिवर्तनको आन्दोलनमा सक्रिय हुन सक्छन् भन्ने ठान्छन्, किनभने नारीहरूसँग लैङ्गिक उत्पीडनको ऊर्जासमेत रहेको हुन्छ जुन कुरा पुरुषसँग (अधिकांशतः) हुँदैन ।

नेपाली साहित्यमा पुलिसलाई अधिकांशतः नारी हितको पक्षधरका रूपमा चित्रित नगर्ने गरिए तापनि डि.एस्.पी. भीष्म आलेले भने पुलिस भएर पनि चारित्रिक हिसाबले सम्मानजनक अवस्थिति प्राप्त गरेको देखिन्छ। ऊ न त अन्य भ्रष्टाचारका मामलामा नै सन्दिग्ध छ न त नारीका कोणबाट नै कलङ्कित छ। भ्रष्टाचारको जालोमा एउटा सज्जन आइपुग्यो भने उसको जुन दुर्गति हुन्छ त्यो भीष्मको पनि भएको छ। सुकुम्बासीद्वारा मारिएको भन्ने नाउँमा ऊ यही कारणले पुलिसबाट नै धोखापूर्वक मारिएको देखिन्छ (पृ.२७६)। ऊ मरेको केही समयपछि नै चन्द्रकान्ताले रोजगारीको जोहो गर्न बाध्य हुनु भीष्म भ्रष्टाचारी नभएकै कुराको प्रमाण हो। ऊ मगर हो र सो जातिमा मद्यपानमा प्रतिबन्ध हुँदैन। रक्सी बनाएर बेच्ने, अनेकन् कुपुरुषहरूका सङ्गतमा परेकी तथा एउटा अवैध सन्तानसमेत भएकी नारीलाई जीवन सँगिनीका रूपमा स्वीकार गरेर आफूसँगै काठमाडौं ल्याउनु र जीवनपर्यन्त उत्तिकै स्नेह र आत्मसम्मानका साथ बाँच्ने अवसर प्रदान गर्नु उसको नारीप्रतिको मानवीय दृष्टिकोण र अत्यन्त सकारात्मक सोच हो। आफूले श्रीमती स्वीकार गरेकी नारीको सन्तानबाट आफूले कहिल्यै पनि बाबुको सम्बोधन र सम्मान नपाएरै पनि उसलाई भने पुत्रवत् स्नेह प्रदान गर्दै कर्तव्यपालन गर्नु उसले श्रीमतीको आत्मसम्मानको कदर गर्नु हो। आफ्ना घरमा आश्रित गोरीमायाप्रति पनि उसले कहिल्यै कुभावनाको प्रदर्शन गरेन। यसरी डि.एस.पी. भीष्म आलेको नारीप्रतिको दृष्टिकोण सुधारवादी र सम्मानजनक रहेको देखिन्छ।

### ५.६.८.१ नारीप्रतिको एम.आर.को दृष्टिकोण

विशुद्ध वाम राजनीतिक कार्यकर्ता एम.आर.घरजमसमेत नगरी पूर्णकालिक कार्यकर्ता भएर काम गरिरहेको व्यक्ति हो र विद्यार्थीका फाँटको राजनीतिक जिम्मेवारी पनि उसैले पाएको देखिन्छ। यस सिलसिलामा उसका अनेकन् नारीहरूसँग पनि कार्यगत सम्पर्क भइराख्छ। ऊ नैतिक मूल्यमान्यताको पक्षधर भएकाले अनैतिक क्रियाकलापलाई उसको जीवनमा कुनै स्थान छैन। पुरुष एक्लैले क्रान्ति हाँक्न सक्छ भन्ने दृष्टिकोण नभएको एम्. आर. नारीलाई पनि सकेसम्म बढी नै त्यसमा सामेल गराउन चाहन्छ। यसैको फलस्वरूप नै ऊ सुवानीको राजनीतिक गुरु बनेको हो। पर्याप्त सुझबुझ र परिपक्वता भएको एम् आर.ले सुवानीलाई पाइलापाइलामा मार्गनिर्देशन दिने गरेको देखिन्छ । उसको सफा व्यवहारले गर्दा सुवानीलाई पनि उसप्रति कुनै धुकचुक छैन। यति भएर पनि, नारीप्रति खराब नियत नराख्दा-नराख्दै पनि उसका मनमा सुवानीप्रति नजानिँदो कोमल भावुकता भने जाग्रत भएको छ, सुवानीले आफूलाई एम्.आर. को नामसँग जोडेर कसैले लाञ्छित गऱ्यो भने आफूले आत्महत्या गर्ने अभिव्यक्ति दिएको कुरा ढोका बाहिरैबाट सुनेपछि उसलाई चोटको पनि अनुभव भएको छ।

> मनको भित्री तहमा सुवानीप्रति एउटा अव्यक्त आकाङ्क्षा साँचेर बाँचिरहेको एम्.आर.ले त्यस आकाङ्क्षालाई आफूभित्र ज्यूँदै सल्काएर मार्ने प्रण गऱ्यो र मनमनमा दोहोऱ्यायो, सुवानी तिम्रो आत्मसम्मान सुरक्षित रहोस् भन्ने मेरो पनि अटुट कामना छ (पृ.२१९)।

उसले यस्तो सोचाइ राख्नु नारीप्रतिको दृष्टिकोणको सकारात्मकता नै हो। उसका सान्निध्यमा सुवानीले यस भावनाको कहिल्यै भनकसम्म पाइन। सुवानी बलात्कृत भइसकेपछि

अस्पतालमा रहेका बखत आफ्नो राजनीतिक परिस्थिति भूमिगत रहँदारहँदै पनि सबैभन्दा पहिले भेट गर्न जाने (पृ.३१५), अस्पतालबाट डेरामा लैजाने (पृ.३१७) र पछि सुवानीलाई काम गर्ने सहजता प्रदान गर्न तराईतिर पठाउने आदि सबै कामको चाँजोपाँजो उसैले मिलाएको छ (पृ.३१८-३१९)। गाउँमा गइसकेपछि पनि पत्रमार्फत जीवन्त सम्बन्ध कायम राख्ने सुवानीले आगलागी काण्डमा देखाएको साहसको कुराले अभिभूत हुने र सुवानी सहिद भएको सुनेपछि आफ्नो सम्पूर्ण हार्दिकता खन्याएर सुवानीलाई मौन श्रद्धाञ्जलि चढाउने पनि उही नै थियो। यसरी उसले नाता सम्बन्धले कोही नभएर पनि क्रान्तिकारी सम्बन्धका कारणले सुवानीको दाजुको भूमिका निर्वाह गरेको देखिन्छ।

एम्.आर.ले सुवानीको हठ र आवेशमा निर्णय लिने बानीका विरुद्ध जुध्ने(पृ.२२६), पलायन होइन सङ्घर्ष गर्न उत्प्रेरित गर्ने (पृ.२२७), विद्यार्थी आन्दोलनमा रातदिन खटेकी सुवानी दुब्लाएको याद गर्ने (पृ.२५४), उसको जङ्गली आवेशको नियन्त्रणको प्रयत्न गर्ने (पृ.२५५),अतिरिक्त साहसलाई नियन्त्रणमा राख्न सल्लाह दिने (पृ.२९७), बलात्कृत भएपछि पराजित मानसिकता अँगाल्न पुगेकी सुवानीलाई हौसला दिने (पृ.३१६) आत्मीय पुरुष साथीको भूमिका निर्वाह गरेको छ। जीवनका कठिन परिस्थितिले कठोर बनेको एम्.आर. सुवानीका सन्दर्भमा नरम भएको देखिन्छ। सुवानीको अतिरिक्त साहसका लागि आफूले आलोचना गरेको पचाउन नसकी ऊ नबोलेरै हिँडेपछि एम्.आर. दुःखी भयो (पृ.२५६)।  त्यस्तै बलात्कृत भएर अस्पतालको शैय्यामा सुतेकी सुवानीलाई भेट्न जाँदा उसले सुवानीको बायाँ हातलाई आफ्नो हातमा लिएर आत्मीयता प्रकट गर्‍यो (पृ.३१५)। सुवानी रोएको देखेपछि ऊ स्वयं पनि विचलित भयो। सुवानी गाउँमा गएपछि उसले शून्यताबोध गर्‍यो (पृ.३१९)। सुवानीको मृत्युपछि उसप्रतिका सम्पूर्ण नरम भावनाहरू श्रद्धाञ्जलिका स्वरूपमा प्रकट भए (पृ.३२८)। क्रान्तिको कठोर मार्गमा समर्पित भएको यस खरो युवकका हृदयमा सुवानीप्रति यति नरम भावना सित्तीमित्ती जाग्रत भएको थिएन। सुवानी क्रान्तिका बारीमा ऊ आफैले रोपेर मलजल गरी हुर्काएकी फक्रँदो कोपिला थिई। त्यसैले सुवानीलाई बिर्सने काम एम्.आर.का निम्ति अत्यन्त असहज थियो (पृ.३२९)।

यस उपन्यासमा उसका दृष्टिकोण सुवानीबाहेक अरू दुईवटी नारीका सम्बन्धमा पनि उल्लेखनीय छन्। आफूलाई विवाह गर्न कर गर्ने, केटी खोजीवरीकन विवाहका लागि छोरो पर्खेर बस्ने, छोराले नमानेपछि रुने र पछि आफै चित्त बुझाउने आफ्नी आमाका बारेको उसको टिप्पणी अत्यन्त सहानुभूतिजन्य छ। ऊ भन्छ, “कुरा नबुझेसम्म त मेरो छोरो जोगी भएर हिँड्न लाग्यो भन्थिन्। आखिर घरभित्र र बाहिरको कामले थङ्थिलो भएकी आइमाई जात हुन् कुरा नबुझून् पनि किन ?” (पृ.२४०) प्रदीपले विवाह गरेर गाउँमा छाडेकी नारीका बारेमा पनि उसले त्यस्तै न्यायपूर्ण अभिव्यक्ति दिएको छ। ऊ भन्छ, “त्यो केटी निरपराध छे विवश छे, त्यस केटीलाई तपाईंले यसरी लात मार्नु न्यायसङ्गत हुँदैन। उसलाई बनाउनुस् आफ्नो बाटोमा लाउनुस्, यही नै तपाईंको प्रगतिशील कदम हुनेछ” (पृ.२८२)। यसै सम्बन्धमा फेरि अर्को पटक टिप्पणी गर्छ-

हेर्नुस् प्रदीपजी तपाईंको स्वास्नीप्रतिको तपाईंको दृष्टिकोण फेरिन नि सक्दछ। त्यसैले तपाईं आफ्नो मन त्यही स्वास्नीको निमित्त सुरक्षित राख्नोस्।.. थाहा पाई-पाई कसैको जीवनलाई बरबाद हुन किन दिने ?(पृ.२८३)।

यसरी जम्माजम्मीमा एम्.आर.को चरित्र नारीका दृष्टिकोणबाट हेर्दा अत्यन्त सकारात्मक र अनुकरणीय देखिन्छ।

## ५.६.८.२ नारीप्रतिको लालबहादुरको दृष्टिकोण

### क) आमाप्रतिको लालबहादुरको दृष्टिकोण

लालको खास बाबुले आमालाई स्वीकार गरेन। त्यही कारणले उसले आफूलाई सात वर्षका उमेरमा छोरो स्वीकार गर्ने आलेलाई पनि बाबुको मान्यता दिएन। ऊ आफ्नी आमालाई असाध्यै माया गर्छ। विद्यार्थी आन्दोलनमा जेल परेर छुटेपछि आलेले उसलाई राजनीतिमा सक्रिय हुन निषेध गरेको छ, त्यसैले ऊ भूमिगत राजनीतिमा लागेको छ।

मितभाषी लाललाई आमाको मुखमा जे आयो त्यही बोल्ने स्वभाव मन पर्दैन। गोरीमाया त्यस घरमा भित्रिएको पहिलो क्षणमा चन्द्रकान्ताले सबैका सामुन्ने “यसैलाई बुहारी बनाउँ कि कसो ए लाले ?” (पृ.२१२) भनेर जिस्कँदा ऊ मनमनै भन्छ, “मात्तिएकी पुलिसनी, यत्तिको जीवनमा एक पैसाको सोमत पनि सिकिनन्”(पृ.२१२)। ऊ आमाले गफ गरिरहेको ठाउँमा बस्न हच्किन्छ।

लाललाई आमाको जीवनशैली मन परेको छैन। उसका विचारमा त्यति धेरै अत्याचार सहेको मान्छेको जीवनपद्धति विद्रोही किसिमको हुनुपर्ने हो। यस अभिव्यक्तिले अत्याचारी पुरुष वर्गका विरुद्ध हुङ्कार नगर्ने आफ्नी आमाको जीवन बचाइलाई ऊ व्यर्थ सम्झन्छ भन्ने प्रष्ट हुन्छ।

ऊ आमाका पेटमा कुरा अडिँदैन भन्ने जान्दछ। यसैले ऊ चाहेर पनि आफ्ना व्यक्तिगत कुरा आमालाई केही पनि भन्दैन। आलेको र उसको बाटो विपरीत छ। यसैले उसका कुनै पनि कुराको सुइँको नूनको सोझो गर्ने आलेले पाउनु हुँदैन। आमालाई भनेका कुरा आले साहेबले पक्कै थाहा पाउँछ भनेरै उसले आमालाई पनि आफ्ना गतिविधिका बारेमा केही नभनेको हो (पृ.२४१)। यसैले ऊ आमाका लागि रहस्यमय बनेको छ। उसले आफ्नी आमाले शब्दोच्चारण नगरी आँसुका धाराले खोजेको प्रत्युत्तर दिन चाहेन। आफ्नी आमाको बोलीचालीको शैली मन नपरे तापनि, आफ्ना कुराहरू उसबाट लुकाए तापनि ऊ आफ्नी आमालाई अगाध माया गर्छ। आलेसाहेब दमनमा र लाल विद्यार्थी आन्दोलनमा सक्रिय भइराखेको एक दिन उसले आमाको मायालु छायाँमा बसेर पेटभरि भात खायो (पृ.२४७)। आले साहेबको मृत्युको खबर सुनेर शोकग्रस्त बनेकी चन्द्रकान्तालाई उसले एक्कासि बूढी देख्यो। आफ्नी आमा समाजबाट लुटिएकी, ठगिएकी छन् भन्ने कुराले ऊ मनमनै पीडित हुन्थ्यो। झन् यता आलेसाहेब पनि पुलिसद्वारा नै प्रतिशोधवश मारिएको खबर थाहा पाएपछि आमा फेरि पनि ठगिएको देख्यो (पृ.२७७)। आजसम्म अनेकन्

आपत्-विपत् खपेकी चन्द्रकान्ताले अवश्यै पनि यो धोखा सहन सक्ने थिइनन्। यही बुझेको लालले आमालाई यस कुराको सुईंको दिएन।

सँधैभरि झ्याम्मिएर आमासँगै लुटुपुटु परेर नबसे तापनि र आमाको जे पायो त्यही बोल्ने स्वभावको कटु आलोचक रहे तापनि लाल आफ्नी आमालाई निकै माया गर्ने मानिस हो। आले साहेब पुलिस भएको र आफू क्रान्तिकारी भएका कारणले पनि उसले आमालाई आफ्ना सबै कुरा खोलेर भन्न नसकेको हो, आमाप्रतिको विद्वेषको कारणले होइन। चन्द्रकान्ताको दार्जिलिङमा रहँदाको जीवनको यथार्थबारे सबै कुरा थाहा पाएको लाल आमालाई घृणा गर्दैन, बरु आमाको परिस्थितिगत बाध्यता-विवशता बुझेर दयामाया नै गर्दछ।

**ख) सुवानीप्रतिको लालको दृष्टिकोण**

आफ्ना बाबुआमाले समेत पनि विश्वास गरेको (पृ.२१५) लालबहादुर साँच्चैको भलाद्मी पुरुष थियो भन्ने कुरा उसको सुवानीप्रतिको दृष्टिकोण र व्यवहारले पुष्टि गरेको छ। सुवानी उसकी सहपाठी हो (पृ.२३०), उनीहरू दुईजना मात्र ढोका थुनेर कोठामा एकान्त गरेर पनि बस्छन् (पृ.२३१), ढिला हुँदा ऊ सुवानीलाई डेरासम्म पुऱ्याउन जान्छ (पृ.२७०), आफ्ना घरमा आएर फर्कंदा बसस्टपसम्म पुऱ्याउन पनि जान्छ (पृ.२३१,२६८), सुवानी ज्वरोले थलिएका बेलामा पसलबाट औषधि र बिस्कुट पनि किनेर ल्याइदिन्छ (पृ.२६१)। यी सन्दर्भबाट उनीहरू घनिष्ट मित्र हुन् भन्ने कुरा स्पष्ट हुन्छ। उनीहरूको घनिष्टता प्रगतिशीलपक्षीय विद्यार्थी आन्दोलनका केन्द्रीयतामा जमेको थियो, उनीहरू व्यक्तिगत कारणले घनिष्ट बनेका थिएनन् भन्ने कुरा लाल सुवानीको मनको अग्घोर भावुक पक्षसँग परिचित हुन नपाएको सन्दर्भले पुष्टि गरेको छ (पृ.२९१)। आन्दोलनकै क्रममा सुवानीले बेलाबखत व्यक्त गर्ने गरेका कुरामार्फत लालले उसको जङ्गली आवेशको भने परिचय पाइसकेको थियो। त्यस आवेशलाई बेलैमा भड्काइएन भने त्यसबाट उपद्रव निम्तिन सक्ने सम्भावना पनि उसले देखेको थियो (पृ.२९१)। सुवानीसँग यति धेरै निकट भएर पनि आमाको प्याच्प्याच्ती बोल्ने बानीले गर्दा सुवानीको आत्मसम्मानमा ठेस लाग्ला भनेर आमाको उपस्थितिमा लालले उसलाई घरमा नल्याएको हो (२३३)।

दुई युवाका बिचमा त्यति धेरै आत्मीयता भएर पनि उनीहरूको सम्बन्धमा वासनात्मकताको सङ्केतसम्म पनि पाइँदैन। उनीहरू व्यक्तिगत आधारमा नभएर विद्यार्थी आन्दोलनका सन्दर्भमा घनिष्ट भएको र त्यसमा पनि आमूल परिवर्तनका पक्षधर विद्यार्थीहरूको सङ्गठनमा आबद्ध भएको र उनीहरू त्यस समूहको आचारसंहिताको पूर्णतः पालना गर्नेमध्येमा परेका कारणले उनीहरूको सम्बन्ध खोट लगाउन नसकिने खालमै पर्दछ। घरको चार पर्खालभन्दा बाहिर चिहाउन नसकेका चन्द्रकान्ता र गोरीमायाले सुरुसुरुमा उनीहरूको सम्बन्धलाई प्रेमसम्बन्ध भनेर अड्कल काटे तापनि र चन्द्रकान्ताले त अझ स्पष्ट शब्दमा बुहारी भित्र्याउनेसम्मको कुरा गरेपछि लाल आमाको उक्त कुराको विरोध गर्छ (पृ.२५६)। यसले लाल र सुवानीको सम्बन्धको स्पष्ट चित्र प्रस्तुत गरेको छ। लालले सुवानीप्रति राखेको दृष्टिकोणले नेपालमा युवा केटा-केटीको सम्बन्धलाई

खाली यौनका सन्दर्भबाट मात्र पर्गेल्ने सामन्ती मानसिकतालाई चुनौती दिँदै त्यसको उपहास गरेको छ ।

**ग) गोरीमायाप्रतिको लालको दृष्टिकोण**

गोरीमाया आले साहेबको घरमा भित्रिएकै दिन लालले उसलाई तपाईं भनेर सम्बोधन गरेको छ (पृ.२१२) । आफ्नी आमाको स्वभावका कारणले गोरीमायासँग धेरै गफ गर्न नसके तापनि लाल उसप्रति निस्पृह नै चाहिँ थिएन (२१७) । गोरीमायासँगको पहिलो कुराकानीमा नै लालले उसको शिक्षाका बारेमा जिज्ञासा राख्दा गोरीमायाले उहिल्यै गाउँमा अलिअलि अक्षर चिनेको कुरा गरेपछि लालले उसलाई साहेबनीसँग पढाई माग्ने सल्लाह दिएको छ। ऊ गोरीमायाको भावनाको ख्याल राख्छ। भातभान्साका बारेमा गोरीमायाले जिज्ञासा राख्दा ऊ आफ्नो इच्छा र निर्णय लाद्दैन (पृ.२३२) । ऊ गोरीमायाको अनुहार खस्केको देख्दा (पृ.२३३) सोधपुछ गर्छ। ऊ गोरीमाया शिक्षित र सचेत भएको हेर्न चाहन्छ मात्र होइन, नेपाली महिलाहरूको परम्परागत जीवनपद्धति नस्विकार्ने सल्लाह पनि दिँदै चार अक्षर पढेर मनको बह बिर्साउन खोज्ने गोरीमायालाई भन्छ-

> फुर्सदको समय खालि साहेबनीसँग गफ गरेर बिताउँछ्यौ, यसो पढ्ने गरे त हुन्छ नि ! फेरि पढेर मनको बह बिर्साउने हो र ? पढ्नु भनेको त केही सिक्नु, जान्नु, बुझ्नु हो, ज्ञान पाउनु हो, साहेबनीलाई भनेर स्कूल पठाइदिउँ भने यति ठुली भइसक्यौ, घरमै कोसिस गरे भइहाल्छ नि रुनुपर्छ र ? (पृ.२३३) ।

सुवानीले लालसँग गफगाफ गरेको देखेपछि त्यस दिन रोएकी गोरीमायाको रुवाइलाई लालले सहानुभूतिपूर्वक अर्थ्याएको छ । ऊ पितृसत्ताको अहङ्कार बोकेर 'आइमाई यस्तै हुन्' भन्दैन । उसले यस रुवाइको अर्थ लगाउने क्रममा सुवानी र गोरीमाया दुवैप्रति पर्याप्त स्नेह र सहानुभूति प्रकट गर्दै सुवानीलाई आफूले घरमा ल्याएकै दिन यस्तो भएकोमा (गोरीमाया रोएकोमा) आश्चर्यसमेत प्रकट गर्दै मनमनै गुनेको छ-

> तर आज गोरीमायाको गुनासोले बाँध किन तोड्यो ? हिजो अस्ति किन तोडेन ? के सुवानी देखेर उसलाई हीनताबोध त भएन ? ईर्ष्याको भावना त यो होइन तर यो स्वाभाविक पनि त छ । यदि यसै हो भने मैले गोरीमायालाई अवश्यै आश्वस्त गराउनुपर्छ, यो मेरो कर्तव्य हो । जे होस्, यी दुईटै स्वास्नीमान्छेहरू निश्छल छन्, मायालाग्दा छन् । फरक यत्ति हो सुवानीसँग पैसा छ, गोरीमायासँग छैन । गोरीमाया सुवानी हुन सक्तिन किनकि सुवानीको धरातल उसको होइन, त्यसले आज ऊ ईर्ष्यावश रोई (पृ.२३४) ।

आले साहेबको मृत्युको शोकमा डुबेको घरमा घरधन्दा गरिदिने नाताले बसेकी गोरीमाया पनि त्यस शोकमा डुबेको देख्दा लाल आफूले भने त्यस केटीको कुनै पर्वाह नगरेकामा पछुतो मान्छ । यो अपराधबोध उसमा निहित महिलाप्रतिको सद्भावकै प्रकटीकरण हो । आफ्ना घरमा भाँडा माझ्नकै लागि भित्रिएकी गोरीमायाले त्यही काममा मात्र जीवन समाप्त गर्नु हुँदैन भन्ने

सोच्दै ऊ भन्छ, “स्वास्नीमान्छेले सधैं चूल्हाचौकामा अल्झेर हुँदैन, भाँडा मात्र माझेर हुँदैन । तिमी पनि बाहिरफेर काम गर्न जानुपर्छ” (पृ.२६९) ।

लालबहादुरको सामाजिक परिवर्तनका निम्तिको समर्पण सिद्धान्तमा मात्र सीमित नभएर व्यवहारमा समेत देखिन्छ। सुवानी र गोरीमायामा मात्र होइन ऊ आफ्नी आमामा पनि परम्परागत लैङ्गिक भूमिकामा फेरबदल आएको हेर्न चाहन्छ। उसले आमाको जीवनलाई ‘लम्पट जीवन’ (पृ.२१८) भनेर असन्तुष्टि प्रकट गर्नुको अर्थ पनि यही हो। ऊ महिलाको परम्परागत सामाजिक भूमिकाको परिवर्तनलाई पनि समाजमा आमूल परिवर्तन ल्याउने सिलसिलाकै एउटा कडी सम्झन्छ। यसरी लालको समग्र महिलाप्रतिको दृष्टिकोण अत्यन्त सकारात्मक र सहयोगी किसिमको रहेको देखिन्छ।

### ५.६.८.३ नारीप्रतिको अरू पुरुषको दृष्टिकोण

उपर्युक्त प्रमुख तीन पुरुष पात्रबाहेक प्रदीप शर्मा नाम गरेको अर्को एउटा पुरुष पात्र पनि छ जो समाजको आमूल परिवर्तनका पक्षमा सङ्घर्षरत छ तापनि ऊ वैचारिक धरातलमा भने फितलो देखिन्छ जसले गर्दा उसको व्यावहारिक पक्ष पनि लड्खडाएको छ। आफ्नो यही लड्खडाहटले गर्दा ऊ आफ्ना पारिवारिक समस्या पुरुष साथी (एम्.आर.र लाल)लाई त खुलस्त बताउँछ तर सुवानीलाई बताउन भने डराउँछ (पृ.२८१)। बाबुआमाले गाउँमा विवाह गरिदिएकी पत्नीलाई उसले स्विकार्न सकेको छैन। त्यसरी एउटी नारीमाथि अन्याय गर्न पाइँदैन भन्दा ऊ आफूलाई त्यस नारीमाथि शोषण गर्न नचाहने पुरुषका रूपमा प्रस्तुत गर्दै भन्छ–

> मनले नस्विकारेको केटीलाई शरीरले शुद्ध स्वास्नी भनेर म कसरी स्वीकार गरूँ गुरु ? तपाई आफै भन्नुस् न। के त्यो केटी खेलौना हो मेरो ? के म त्यसको शारीरिक शोषण गरूँ ? (पृ.२८२)।

प्रदीपले आफ्नी विवाहित पत्नीलाई अस्वीकार गर्नुको औचित्य जति नै सावित गर्न खोजे पनि उक्त केटीको आफ्नो दोष नहुँदा पनि त्यही विवाहकै कारणले जीवनको मार्ग नै अवरुद्ध हुन पुगेको कारणले गर्दा प्रदीपलाई पूर्ण रूपमा नारी हितकामी पुरुषका रूपमा लिन सकिँदैन। घरमा पत्नी हुँदाहुदै पनि उसले नयनतारासँग प्रेम सम्बन्ध गाँसेको छ, त्यही कारणले ऊ आन्दोलनमा नेतृत्व दिन अक्षम ठहरिन पुगेको छ, त्यसको पनि कारणले वीरपूजा गर्ने नयनताराले त्यस सम्बन्धलाई टुक्र्याइदिएकी छ। समाजमा आफूले महत्त्व पाइञ्जेल स्वीकार नगरेकी पत्नीलाई सो महत्त्व गुमाएपछि स्वीकार गर्नु (घर फर्कनुको अर्थ त्यही हुन्छ।)मा प्रदीपको अवसरवादिता नै झल्कन्छ। त्यागेकी पत्नीलाई फेरि स्वीकार गरेको भनेर उसको चारित्रिक महानता देखाउन मिल्दैन।

काठमाडौंका क्रान्तिकारी विद्यार्थीहरू, गोरीमायाको सानिमाको छोरो साइँलो, घ्यावरिङ बूढा र सर्लाहीको गाउँका क्रान्तिका पक्षधर पुरुषहरू पनि नारी हितकामी नै देखिएका छन्। गाउँका महिलालाई सचेत बनाउने अभियानमा पालो-पहरा दिएर र सुवानी त्यस क्रममा राती-राती

यताउता हिंड्नुपर्दा साथ दिएर गाउँका पुरुषहरूले सामाजिक परिवर्तनका लागि नारीका पक्षमा सहयोग गरेको देखिन्छ ।

उपर्युक्त उपन्यासमा नारीद्वेषी पुरुष पात्र पनि छन् जसमध्ये प्रवेश सुब्बा सर्वप्रमुख रहेको छ । जाति, शिक्षा, पेसा, उमेर, रूप र धनमा सुवानीको समकक्षी भएको प्रवेश सुब्बाले सुवानीलाई जीवनसंगिनी बनाउन चाहेको थियो । अनेकन् पत्रहरूका माध्यमले उसले प्रेमको प्रस्ताव राख्ने, घुर्की लगाउने र धम्की दिने समेतका कामका अतिरिक्त अन्य युवकहरूसँग दाँजिएर हिंडेकामा आक्रोशसमेत पोख्ने गरेको थियो (पृ.२७३) । सुवानीले तिरस्कार गरेपछि धनी बाबुको गुण्डो छोरो प्रवेश सुब्बा अब सुवानीप्रति प्रेमको याचनाका स्थानमा भयङ्कर जङ्गलीपना आँखामा बोकेर सुवानीका अघिपछि लाग्न थाल्यो (पृ.२९७) । सुवानीलाई प्रेमले हासिल गर्न नसकेको प्रवेशले अब शरीरले हासिल गर्ने प्रयत्नस्वरूप साँझको एकान्त पारेर अन्य चार जनासहित भएर सुवानीको सामूहिक बलात्कार गर्‍यो (पृ.३१३) । यस उपन्यासमा प्रवेश सुब्बा जत्तिको निकृष्ट तहको नारीद्वेषी पुरुष अर्को देखिएको छैन ।

नुवाकोटको चिन्डे गाउँका कृष्णे कार्की र प्रधानपञ्च अर्को स्तरका नारीद्वेषी हुन् । कृष्णेले पैसाका लागि गरिब निमुखा बूढाकी युवती छोरी गोरीमायालाई बहुलाहाकी श्रीमती बनाएको छ (पृ.२०६) । स्त्रीलम्पट प्रधानपञ्चले बाटामा गोरीमायाको अपमान गरेको छ (पृ.२२१-२२२) । गाउँका हरेक निम्छरा-निमुखालाई दुःख दिने यी दुईजना नारीद्वेषी हुन् र त्यही कारणले समाजद्वेषी पनि हुन् । यीबाहेक दार्जिलिङमा चन्द्रकान्ताको शोषण गर्ने पुलिसहरू, सहरमा बाटामा सुवानीलाई जिस्क्याउने आवाराहरू, गुण्डागर्दी गर्ने र सुवानीको हत्यासमेत गर्ने तत्कालीन राज्यसत्ताका परिपोषित कार्यकर्ताहरू सबै नारीद्वेषी पुरुष चरित्रका रूपमा प्रस्तुत भएका छन् । जम्मा एउटा मात्रै टिप्पणीकर्ताका माध्यमले उपस्थित भएको गृह मन्त्रालयको एउटा कर्मचारी पनि पूर्ण नारी विरोधीका रूपमा प्रस्तुत भएको छ (पृ.३१४) ।

राजाले राज्य चलाइरहेको एकीकृत शासन प्रणाली भएको अर्धसामन्ती मुलुक नेपालमा नारी पीडक पुरुषहरूको बिग्बिगी हुनु र पुरुषप्रदत्त उत्पीडन नै नारीको प्रमुख समस्याजस्तो देखिनु अनौठो कुरो होइन । समाजको त्यही स्वरूपमा आमूल परिवर्तन ल्याएर सिङ्गै समाजलाई सामन्ती उत्पीडनबाट मुक्त तुल्याउन प्रयत्नरत पुरुषहरूको सङ्ख्या पनि दिनपरदिन बढिरहेको छ । त्यस्ता पुरुषहरूले सामाजिक मुक्तिकै एउटा अङ्गका रूपमा नारीमुक्तिलाई पनि लिने र त्यसका निम्ति प्रयत्नरतसमेत रहने गरेकाले नारी हितकामी पुरुषहरूको सङ्ख्या पनि कम छैन । यस उपन्यासमा यस्ता दुवैथरि पुरुष पात्रहरूको उपस्थिति रहेको छ र यीमध्ये नारी हितकामी पुरुषलाई उत्कृष्ट रूपमा प्रस्तुत गरिएको छ ।

## ५.६.९ पुरुषप्रतिको नारीको दृष्टिकोण

**अनिँदो पहाडसँगै** घरपरिवारको घेराबाहिर केन्द्रित (मूल रूपमा) प्रगतिवादी उपन्यास हो । यस उपन्यासका सबै पुरुषको जीवनले पारिवारिक घेरा नाघेर बाहिरी संसारमा चलखेल गरे तापनि नारी चाहिँ केही त्यस घेराभित्रै सीमित छन् भने केही चाहिँ घेराबाहिर पुगेका छन् । यसैले

घरभित्र सीमित नारी (चन्द्रकान्ता)को जीवनको हरेक पक्ष पारिवारिक सम्बन्ध र सन्दर्भहरूसँग मात्र सम्बन्धित रहेको छ भने बाहिरी संसारमा निस्केका नारीका जीवनको हरेक पक्ष सामाजिक सम्बन्ध र सन्दर्भहरूसँग सम्बन्धित छ। यसैले यस उपन्यासका नारीको पुरुषप्रतिको दृष्टिकोणमा विविधता पाइन्छ। परम्परागत रूपमा पुरुषप्रतिको दृष्टिकोणको जुन भारी उनीहरूमाथि लादिएको छ त्यसलाई कसैले (चन्द्रकान्ताले) इमानदारिताका साथ बहन गरेको देखिन्छ भने कसैले चाहिँ परिवर्तित दृष्टिकोण अँगालेका छन्।

### ५.६.९.१ चन्द्रकान्ताको श्रीमान्प्रतिको दृष्टिकोण

उपर्युक्त उपन्यास कथानकीय दृष्टिकोणले नारीप्रधान रहेको छ र नारीद्वेषी पुरुषसँग मात्र नारीको अस्तित्वको द्वन्द्व देखाइएको छ। नारी हितकामी पुरुषसँग भने अधिकांशतः सहकारिताकै स्वरूप देखाइएको छ। यहाँ नारी र पुरुषका बिचमा प्रमुख नारी पात्रका सन्दर्भमा चन्द्रकान्ताको आले साहेबप्रतिको दृष्टिकोणमा मात्र समर्पणको भाव देखाइएको छ। श्रीमान्ले आफूलाई पतित जीवनबाट उद्धार गरेर एउटा सम्मानजनक जीवन प्रदान गरेको कृतज्ञतास्वरूप चन्द्रकान्ता उसप्रति सधैं समर्पणको भाव राख्छे (पृ.२१४)। सात वर्षको अनाथ बच्चालाई आफ्नो जात ओढाएर संरक्षण दिने बाबुप्रतिको लालको अस्वीकृतिले आले र चन्द्रकान्ताको दाम्पत्य जीवनमा असहजता ल्याइदिएको छ। त्यस असहजताका विरुद्ध उनीहरू यसरी जुध्छन्-

> भीष्मबहादुर एकान्तमा दुःखी हुन्छ र चन्द्रकान्ता आफ्नो सारा संवेदनशीलता पोखेर लोग्नेको छेउमा रुने गर्छे र बैगुनी छोराको तर्फबाट माफी माग्छे, यही भीष्मबहादुर उसको आँसु पुछि दिने गर्छ। चन्द्रकान्ताले यस लोग्नेका निम्ति छोरो पाइदिन गर्नु प्रयत्न गरी तर नभएपछि के लाग्छ। यही बिन्दुमा आएर चन्द्रकान्ता जीवनलाई चुनौती दिन अक्षम हुन्छे, आफूलाई कायर पाउँछे (पृ.२१५)।

भीष्मको रूप त चन्द्रकान्तालाई नै पनि राम्रो लाग्दैन। ऊ भन्छे, "मेरो साहेबलाई अँध्यारोमा देखिस् भने त तँ तर्सिन्छेस् गोरीमाया, कालो, तालुखुइले...त्यस्तो भएरै के र आफ्नो त मन परेको मान्छे" (पृ.२१६)। उसको यस अभिव्यक्तिबाट चन्द्रकान्ताको श्रमिान्प्रतिको दृष्टिकोण छर्लङ्ग हुन्छ। यिनै आले साहेबको सम्भना मात्र गर्दा पनि चन्द्रकान्ताका आँखाहरू मायालु भएर आउँछन् (पृ.२१६)। उपन्यासमा लेखिएको छ, "थकान बढी भएको बेला आले साहेब अलिक पिउने गर्थ्यो तर चन्द्रकान्ता भने रक्सी सुँघ्नसम्म रुचाउँदिन थिई तथापि लोग्नेलाई पिलाउन र मनोरञ्जन दिन भने ऊ पछि पर्दिनथिई" (२१९)।

चन्द्रकान्ताको आफ्नो श्रीमान्सँग अलिकति असन्तुष्टि भनेको उसको पुलिस हुनुसँग थियो। हुन त ऊ आफ्नो छोराको कार्यक्रमसँग अनभिज्ञ थिई तैपनि विद्यार्थी आन्दोलनमा आफ्नो छोराको संलग्नता र सरकारी दमनमा श्रीमान्को संलग्नता रहेको अनुमानले ऊ आलेको 'पुलिस हुनु'सँग आतङ्कित हुन्छे। यसरी आफ्नो त्यस्तो मन परेको श्रीमान् माथिको प्रेमलाई पुत्रप्रेमले चुनौती दिइरहेको देखिन्छ (पृ.२५१)। श्रीमान् र छोराका विपरीत ध्रुवीय आचरणका कारणले चन्द्रकान्ता समस्याग्रस्त बनेकी छ। "त्यसैले उसले आज घुमाएर आफ्नो गुनासो प्रकट गरी, 'यो

पुलिसको जातसँग बिहे गरेर मैले गल्ती गरिछु साहेब, अब त जीवन काँडैकाँडामा सुतेको जस्तो हुनथाल्यो'" (पृ.२५६)। छोराको कुरालाई लिएर एकाधपटक यसरी श्रीमान्‌को 'पुलिस हुनु'सँग प्रतिवाद गरे तापनि उसको आलेप्रतिको दृष्टिकोण भनेको कृतज्ञताको हो, समर्पणको हो, श्रद्धाको हो र हो असीम प्रेमको। यसैले त उसको मृत्यु भएपछि चन्द्रकान्ताको जीवन्ततकै समाप्ति भएको छ र ऊ अचानक बूढी देखिएकी छ (पृ.२६५)। भीष्म आलेकै कारणले उसको जीवनमा भित्रिएको जीवन्तता उसकै मृत्युको कारणले खोसिएको छ।

## ५.६.९.२ चन्द्रकान्ताको छोराप्रतिको दृष्टिकोण

चन्द्रकान्ताको अघिल्लो जीवनमा (दार्जिलिङमा रहँदाको) थुप्रै पुरुषहरू आए तापनि जीवनको यो पछिल्लो मोडमा एउटा श्रीमान् भीष्म र अर्को छोरो लाल गरी दुईवटा पुरुष छन् र ऊ ती दुवैलाई भलाद्मी मान्छेका रूपमा स्विकार्छे (पृ.२९५)। श्रीमान्‌लाई झैं छोरालाई पनि ऊ असीम माया गर्छे तर छोराले भने त्यसको प्रतिदान नदिएको उसको गुनासो छ। चन्द्रकान्ता छोरालाई घुसघुसे र कप्टीको संज्ञा दिन्छे (पृ.२१८)। रातभरि बेपत्ता भएर बिहान झिस्मिसेमै घरमा भित्रिन आउने छोराको गतिविधिले उसलाई रुवाउनसम्म रुवाएको छ (पृ.२४६) र त्यो रोदन उसको छोराप्रतिको अगाध स्नेहकै प्रतिफल हो। छोरो घरमा बस्दा, आफ्‌ना अगाडि बसेर खाइदिँदा, आफ्‌नो कोठामा पसेर सुतिरहँदा उसलाई प्रसन्नता हुन्छ (पृ.२४७)।

उसलाई छोराको माया त थियो तर भरोसा थिएन र यो लालबहादुरकै व्यवहारले जन्माएको भाव थियो। उसलाई लाग्छ-

> उसलाई विश्वास छ कि उसको व्यक्तिगत निजी जीवनलाई लिएर छोराले कुनै कार्यक्रम दिने छैन। उसलाई थाहा छ कि लालबहादुर उसको मायाको हाँगामा बसेको चरा मात्र हो, कुनै पनि समय उडिदिन सक्छ। उसको आँसु र व्यथाले छेकाबार हाल्न सक्ने छैन, ऊ छोडिदिने छ निर्जीव रुखजस्तै (पृ.२६६)।

छोरो त आफ्‌नो हुन्छ। यो आफ्‌नो हुन नसकेको मान्छे छोरो होइन देउता हो भनेर ऊ चित्त बुझाउन खोज्छे तर उसका आँखाहरू वर्षाको पोखरीजस्तो भरिएर आउँछन् (पृ.२६७)। यसैले त सुवानीले "जवान छोरो छँदैछ, छोराको मुख हेरेर बाँच्नपर्छ।" भन्दा चन्द्रकान्ता अविश्वासले फिसिक्क हाँसी मात्र, केही भनिन (पृ.२६७)।

छोरा लालले आमाप्रति जिम्मेवारीबोध गरेको छ भन्ने कुरामा त चन्द्रकान्ताको भरोसा थिएन तर उसको आचरणको निर्मलताका सम्बन्धमा भने ऊ ढुक्क थिई। छोराका सम्बन्धमा उसको भावना यस्तो थियो-

> राजनीतिक कार्यक्रम भलै केही नबुझोस् तर लालबहादुर कस्तो मान्छे हो भनी कसैले उसलाई सोध्यो भने यो घोसे, कप्टी, घुसघुसे, अँध्यारे चाहे जे होस् तर गरिबको निम्ति बोल्ने मान्छे हो भनी विश्वाससाथ भन्न सक्थी। एक पटक आले साहेबले तिम्रो छोरा कम्युनिस्ट भइसक्यो भनेको थियो तर चन्द्रकान्ताले यो कुरा विश्वास गरिन। ...त्यसैले

> उसले आले साहेबसँग तर्क गरेकी थिई 'कि ती जँड्याहाहरू कम्युनिस्ट होइनन् कि मेरो लाले कम्युनिस्ट होइन' (पृ.२७२) ।

आले साहेबको मृत्युपछि आएको आर्थिक सङ्कटलाई उसले यसरी एक्लै झेल्ने विचार गरी- "उसले अठोट गरी जति दुःख भए पनि अब ऊ लालेलाई देखाउने छैन, छोरो उसको निम्ति यसै दुर्लभ भयो उसै दुर्लभ भयो" (पृ.२७८) । छोरो घरमा नआएको लगातार चार दिन भएपछि सुवानीसँग त्यसको जानकारी खोज्दा ऊ दुःखी हुँदै सोच्छे–

> आफूले जन्म दिएको छोराको विषयमा पराया स्वास्नीमान्छेसँग जानकारी लिनुपर्छ, आफ्नो छहारी नै फापिलो भएनछ क्यारे छोरालाई, अलच्छिनी रहिछु, सबैका छोरा त यस्ता हुँदैनन् क्यारे (पृ.२८५) ।

आलेको मृत्युले उसको हृदयको केही अंश रित्तिएको थियो भने लालेको मृत्युले सम्पूर्ण हृदय रित्तो भयो । यही रित्तो हृदयले सूर्योदयको रातो रङ्गमा लालेको रगतको पनि हिस्सा छ भन्ने ठान्यो (पृ.३०६) । लालको मृत्युमा एक जमात शिक्षितहरू समवेदना दिन आएपछि चन्द्रकान्ताको जीवन प्रतिको दृष्टिकोण नै बद्लियो । उसलाई लाग्यो-

> पुरुषहरूको प्रताडना, तिरस्कार, हेपाइ, लात र शोषण भोगेर बाँचेको उसका बैंसका दिन र रातहरू फलीभूत भएका छन् । आज उसलाई त्यस्तो लाग्यो, एक जमात शिक्षित समुदायबिच ऊ आज सम्मानित छे , गरिमामयी छे, उसको अँध्यारो घोसे छोरो दुनियाँको अघि बत्ती झैं बलेको रहेछ, दुनियाँले पाएको रहेछ उसको छोरालाई (पृ.३०९) ।

यसभन्दा अघि छोरालाई आफूले चाहेजसरी निकट नपाउँदा उसले देवताको संज्ञा दिएर चित्त बुझाउने कोसिस गरेकी थिई तर आज छोराप्रतिको उसको दृष्टिकोण बदलिएको छ र आज मात्र उसले आफ्नो छोराका बारेमा सही यथार्थ दृष्टिकोण बनाउन सकेकी छ। ऊ आफ्नो श्रीमान्लाई पनि असीमित माया नै गर्छे। छोरालाई त अझ त्यसभन्दा कैयौं गुणा बढी माया गर्छे। कतै कुनै कोणबाट अविश्वास गर्न नसकेको आफ्नो श्रीमान्माथि उसले छोराका कोणबाट अविश्वास गरेकी छ। बाबुछोरा दुवैको मृत्युपछि पनि त्यस्तै भएको छ, सपनामा ऊ लालेलाई मात्र देख्छे, साहेबलाई देख्दिन (पृ.३२६) । उपन्यासको अन्त्यमा आइपुग्दा उसले "मरेर पनि नमर्दा रहेछन् यस्ता अनुहारहरू" (पृ.३३०) भन्ने अभिव्यक्तिमार्फत आफ्नो छोराले मृत्युलाई पनि जित्ने काम गरेको छ भन्ने आफ्नो विश्वास अगाडि सारेकी छ।

चन्द्रकान्ताको पुरुषप्रतिको दृष्टिकोण भनेको आफ्नै परिवार भित्रका यिनै दुई बाबुछोराप्रतिको दृष्टिकोण हो। उसको परिवारभन्दा बाहिरका पुरुषप्रतिको दृष्टिकोण भनेको दार्जिलिङमा उसले भट्टी थापेका बखत रक्सी खान आउने पुलिसप्रतिको दृष्टिकोण हो। त्यतिखेर उसले तिनलाई जीविकोपार्जनको आधार ठानेर सहेकी थिई भने पछि त उसका मनमा तिनीहरूप्रति घृणा मात्र बाँकी थियो ।

### ५.६.९.३ सुवानीको एम.आर.प्रतिको दृष्टिकोण

सुवानीसँग सम्पर्कित हुन आएका सबै पुरुष पारिवारिक घेराभन्दा बाहिरका छन् तर ती प्रमुख पुरुष पात्रहरू विचारको एउटा सूत्रले भने बाँधिएका छन् । एम्. आर. उसको राजनीतिक गुरु हो भन्ने कुरा "सुवानीले देशप्रतिको उत्तरदायित्व बोधबारे आफूभित्र रहेका अपरिभाषित मनोभावहरूलाई एम्.आर् को बौद्धिक संरक्षणमा केलाउने तथा तह लगाउने मौका पाएकी छ भन्ने सन्तुष्टि एम् आर्. कै अघि व्यक्त गरिसकेकी थिई" (पृ.२२६) भन्ने अभिव्यक्तिबाट स्पष्ट भएको छ । ऊ आफ्ना समस्याहरू लिएर सोभ्कै एम्. आर्. लाई भेट्न जान्छे र यसो गर्नु एम.आर.माथि भरोसा हुनुकै परिणाम हो । सुवानीलाई अस्पतालमा स्नेहसाथ भेट्न जाने र डेरामा ल्याउने तयारीका क्रममा नर्सले उससँगको सम्बन्ध सोध्दा उसले 'प्रेमी होइन' भनेर जवाफ दिएकी छ (पृ.३१७) । उसको मनमा एम्. आर.प्रति अभिभावकमाथि जस्तो अपार भर, पत्यार, विश्वास र श्रद्धा छ । एम्.आर्. सुवानीको हरेक समस्याको समाधान हो । त्यसैले त उसले तराईमा काम गर्न गएका बखत आकाशका जून तारा देखेपछि आफ्नो मनमा परेको शान्त प्रकृतिको असरलाई मेटाउनुपर्छ भन्ने विचारका साथ उसले सोची, "त्यहाँ ऊ शान्तिको खोजीमा आएकी होइन ऊ त यहाँ अशान्तहरूसँग जुध्न आएकी थिई" (पृ.३१९) । आफ्नो यस मनस्थितिमा उसलाई एक पटक एम्. आर्.को सम्भना आयो । नजिक भएकी भए त ऊ एम्.आर.लाई भेट्न पुगिसक्थी । यति धेरै आत्मीयता वैचारिक एकताका कारणले हुन गएको हो र सुवानीले त्यसलाई कहिल्यै पनि नारी-पुरुषको प्राकृतिक सम्बन्धका अर्थमा लिएकी छैन । नरनारीका बिचमा पनि नर-नर वा नारी-नारीका बिचमा जस्तै सम्बन्ध कायम हुन सक्छ भन्ने दृष्टान्त सुवानीको एम्. आर. प्रतिको दृष्टिकोणले अगाडि सारेको छ ।

### ५.६.९.४ सुवानीको लालप्रतिको दृष्टिकोण

सुवानीको लालप्रतिको दृष्टिकोण पनि एम्. आर्.प्रति भ्कैं स्वच्छ किसिमको छ । एम्.आर.प्रति अभिभावकीय श्रद्धा थियो भने लालप्रति मित्रवत् स्नेह र विश्वास छ । ऊ लाललाई आफ्नी आमालाई समेत पनि आफ्ना कार्यक्रमबारे केही नबताउने नपाउनुकै गम्भीर व्यक्तिका रूपमा लिन्छे (पृ.२८५) । पाटन औद्योगिक क्षेत्रमा लाल मारिँदा उसप्रतिको सुवानीको आत्मीयता यसरी प्रकट भएको छ- "सुवानीले आफूलाई बिर्सी, वास्तविकता बिर्सी र आक्रोशले ग्रस्त भएर मञ्चको पछिल्तिरबाट लालबहादुरको रगताम्मे शरीरसम्म पुग्ने असफल प्रयास गरी" (पृ.३०५) । सँगै पढेको, सँगै आन्दोलनका योजनाहरू बनाएको, आन्दोलनमा कुदेको र आफूलाई सधैं सहयोग गर्ने साथी मारिँदा उसले आफूलाई बिर्सनु स्वाभाविक थियो । सुवानीको लालप्रतिको दृष्टिकोणलाई उपन्यासकारका निम्न लिखित वाक्यले अभ्क स्पष्ट पारेका छन्-

> ऊ चन्द्रकान्ताको आँसु पुछिदिन मात्र होइन आफ्नो मनको बाफ पनि बर्साउन आएकी थिई । आजसम्म उसको भ्कल्कोमा रातो भ्कण्डामुनि धराशायी हुँदै गरेको लालबहादुर मेटिएको थिएन । एकान्त पऱ्यो कि ऊ त्यही सोच्थी, सपनामा पनि ऊ त्यही देख्थी । ऊ मनभित्र भनिरहन्थी, कति छोटो अवधिको रहेछ लालबहादुरसँगको साथ (पृ.३०७) ।

उसले चन्द्रकान्ता र गोरीमायासँगै लालबहादुरलाई प्रशस्त आँसुको श्रद्धाञ्जलि चढाई (पृ.३०८)।

### ५.६.९.५ सुवानीको अन्य पुरुषप्रतिको दृष्टिकोण

सुवानी सत् पुरुषप्रति सधैं सहकारिताकै भाव राख्छे तर असत् पुरुषप्रति भने ठ्याम्मै समन्वयको भाव राख्न सक्तिन भन्ने कुरा उसले आफ्नो डेरा नजिकैको श्रीमती कुट्ने श्रीमान्लाई लछारपछार पारेबाट (पृ.२२६), बाटामा आफूलाई जिस्क्याउने केटालाई कुटेबाट (पृ.२२४) र उसको आशय नबुझी प्रेम हासिल गर्न खोज्ने प्रवेश सुब्बालाई तिरस्कार गरेबाट (पृ.२९७) स्पष्ट हुन्छ। प्रवेश सुब्बा र उसका गुण्डा साथीहरूले उसको बलात्कार गरेपछि उसले बाँच्ने रहर पुगेको कुरा त गरी तर त्यसैलाई आधार बनाएर सम्पूर्ण पुरुषलाई नै दोषी देख्ने दृष्टिकोण भने अँगालिन। यसबाट पुरुषप्रतिको उसको दृष्टिकोण सन्तुलित, विवेकसम्मत र औचित्यपूर्ण रहेको देखिन्छ। महिला र पुरुषका बिचमा हुने प्रेमसम्बन्धलाई पनि ऊ पूरै नकार्दिन। ऊ प्रेमका बारेमा सोच्छे, "ऊ ठान्दथी प्रेमको एउटा निश्चित समय र निश्चित मान्छे हुन्छ। ...ठट्टा कुरा हो यो प्रेमको आदानप्रदान ?" (पृ.२७४)। उसका जीवनमा सम्पर्कित हुन पुगेका पुरुषमध्ये उसले कसैसँग पनि प्रेमसम्बन्ध भने गाँसेकी छैन।

### ५.६.९.६ गोरीमायाको बाबुप्रतिको दृष्टिकोण

आफू सानै छँदा आमा मरेकी गोरीमाया आफ्नो बाबु घ्याबरिङ बूढालाई असाध्यै माया गर्छे। जिन्दगीमा ऊ एकचोटि आफ्नो बाबुसँग रिसाएकी छ। ऊ भन्छे, "जन्मँदै त्रिशुली गङ्गामा फालिदिनुपर्थ्यो मेरा आबा, साठी रुपियाँमा छोरीलाई जेमराजको हातमा बेचिदियौ, दुई बोतल छोरीको रगत रक्सी तुल्याएर खाइसक्यौ होइन ?" (पृ.२०५) रीसको झोकमा यति भने तापनि बूढो बाबुसँग ऊ यसरी चाँडै द्रवित हुँदै भन्छे- "फाँडो खाँदाखाँदै गोरीमायाले आबाको मुखमा नियालेर हेरी, यो बिचमा उसको बूढो बा दुब्लाइसकेछ, के गरिबस्यो होला यतिका दिन एक्लै धुम्धुम्ती" (पृ.२०६)। आफ्नो बूढो बाबुले नजानिँदो अपराधबोध गरेको अन्दाज गरेपछि गोरीमायाको चित्त फाटेर आयो। उसले मलिन स्वरमा भनी, "भैगो आबा अब पीर नगर, कृष्णे जालीको चिप्लो कुराले तिमीलाई फसायो। कर्ममै यस्तो भएपछि तिम्रो पनि के दोष" (पृ.२०६)। उसलाई काठमाडौंमा पनि घरधन्दा सकिएपछि छतमा गएर पश्चिमपट्टि हेर्ने, बाबुलाई सम्झने बानी परिसकेको छ (२२९)। घर जाँदा बाबुलाई कोसेली लगिदिने रहर उसको पितृप्रेमकै परिणाम हो। ऊ अझ बाबुलाई पनि काठमाडौंमा नै लगेर पाल्ने सपनासमेत बुन्छे।

### ५.६.९.७ गोरीमायाको लालप्रतिको दृष्टिकोण

आफू धन्दा गर्न बसेका घरको मालिकको छोरो भएका कारणले र अझ पहिलो भेटमा नै चन्द्रकान्ताले "यसैलाई बुहारी बनाउँ कि कसो ए लाले ?" (पृ.२१२) भन्नाले कता-कता उसको मनमा लालबहादुरप्रति नजानिँदो आशक्तिले जन्म लिएको कुरा पछिका घटनाक्रमहरूले पुष्टि गरेका छन्। घरमा बाबुआमा नभएका बेलामा लालबहादुरले सुवानीलाई घरमा ल्याएपछि

गोरीमायाका मनमा यस किसिमका प्रतिक्रियाहरूले जन्म लिएका छन् - "कस्तो मज्जाले हाँस्तै कुरा गर्दै आएका छन्, बुहारी त हेरिसकेकै त रहेछन् नि लालबहादुर दाइले । ...हामीसँग बोल्दा त मुखै दुख्लाजस्तो गर्छन् ए गाँठे लालबहादुर दाइ त" (पृ.२२९) । उसका यी सोचाइका पृष्ठभूमिमा लालले कुनै अर्की युवती लिएर घर आउनुसँग गुनासो देखिन्छ । यसैले साहेबनीको बोलीमा लोली मिलाउँदै ऊ पनि लाललाई घुस्घुसेको संज्ञा दिँदै मनमनै भन्छे, "लालबहादुर दाइ पनि मान्छे पक्कै घुस्घुसे हो, साहेबनी नभएको बेला खुसुक्क तरुनी लिएर आए" (पृ.२३०) । उसले आफ्ना जीवनका यावत् घटनाक्रमहरूलाई लिएर आफ्नो मूल्याङ्कन गरी र आफूलाई हीन अवस्थामा पाई । सुवानीको लालसँगको घनिष्टता देखेपछिको उसको हीनताबोध यसरी प्रकट भएको छ –

> उसलाई कता-कता यो सुकिलो, शिक्षित र सन्तुष्ट जोडाप्रतिको ईर्ष्याभावले कोतर्न थाल्यो, यसो भनौं उसलाई लोभ लाग्यो शिक्षित सुकिलो जीवनको। ...पैसावालहरू त सुखको धेरै नजिक हुँदा रहेछन्, धनीका छोरीहरूका त राङ्सिम रो कर्मखोटा नहुँदा रहेछन्" ( पृ.२३१) ।

उसले आफूलाई लालबहादुरले उपेक्षा गरेको छैन भन्ने पनि बुझेकी छ। गोरीमायालाई बाहिरफेर काम गर्ने बन्दोबस्त मिलाउने लालको आश्वासनमा उसले आफूप्रति एउटा निश्छल मायाको आभास पाई (पृ.२६९) । उसले लालमाथि भरोसायोग्य अरू केही सङ्केत पनि पाएकी छ (पृ.२६९) । उसले लालप्रतिको विश्वास र भरोसाको यो अनुभव पटक-पटक गरेकी छ (पृ.२७२) । ऊ लालप्रति नजानिँदो आशक्तिको बोध गर्छे । त्यही बोधले विश्वास र भरोसालाई टेवा दिएको छ भने विश्वास र भरोसाले त्यस बोधलाई अझ उकासेको छ। यस कुराको पुष्टि गर्ने एउटा उदाहरण यस्तो छ-

> सुवानी भन्छे- तपाईंको लालदाइले तपाईंकै विषयमा मसँग केही कुरा गर्नुभएको थियो भन्ने कुरा सुवानीको मुखबाट सुन्नासाथ गोरीमायाको अनुहार अचानक गुलाफी भयो, ऊ लाज मानेर निहुरिई। उसले सोची कमभन्दा कम लाल दाइले उसलाई माया मारेको रहेनछ, यो कुरा उसको निम्ति निकै महत्त्वपूर्ण भइदियो (२८६) ।

सुवानीले उसलाई कारखानामा काममा लगाइदिने कुरा गर्दा ऊ लालको आशय बुझ्न खोज्छे र सकारात्मक जवाफ पाएपछि भन्छे, "हुन्छ नि दिदी लालदाइले जसो भन्नुभयो त्यसै गर्नुपर्ला, उहाँ अरूको कुभलो चाहने मान्छे होइन" (पृ.२८७) । ऊ सुवानीमा भन्दा लालमा बढी विश्वास र भरोसा राख्छे र उसले भनेको जे काम पनि गर्न अग्रसर हुन्छे भन्ने कुरा उसको माथिको अभिव्यक्तिबाट स्पष्ट हुन्छ। लालबहादुरको अचानकको मृत्युमा उसले यिनै विश्वास र भरोसाको आँसुले श्रद्धाञ्जलि दिएकी छ (पृ.३०८) ।

प्रस्तुत उपन्यासका नारीहरूमध्ये चन्द्रकान्ता व्यक्तित्व विकासका हिसाबले असचेत छ, गोरीमायालाई त्यसका निम्ति लाल एवं सुवानीले उत्प्रेरित गर्नुपर्छ र सुवानी सामाजिक परिवर्तनका निम्तिको आन्दोलनप्रति समर्पित छ तथा त्यही समर्पणको मात्राका आधारमा आन्दोलनसँगै उसको व्यक्तित्व उठेको छ। अर्थात् व्यक्तित्व उठाउनलाई ऊ आन्दोलनमा लागेकी

होइन, आन्दोलनमा लागेपछि उसको व्यक्तित्व उठेको हो र पुरुषहरू त्यसका निम्ति सहयोगी रहेका छन् । यसैले यी तीनैजना प्रमुख नारी पात्रको सद्चरित्र पुरुष समुदायसँग कुनै प्रतिद्वन्द्विता नदेखिएर सम्मानजनक र मित्रवत् व्यवहार नै देखिएको छ । प्रमुख नारी पात्र मध्येका गोरीमायाले कृष्णे कार्की एवं प्रधानपञ्चसँग र सुवानीले प्रवेश सुब्बासँग वैमनस्य राख्ने बाध्यता ती पुरुषहरूकै दुश्चरित्रताले गर्दा हो । यस क्रममा यी नारीहरूले ती पुरुषहरूसँगै जुध्ने क्रममा आफ्नो ऊर्जाको क्षय नगरी बरु आ-आफ्ना स्थान नै परिवर्तन गरेका छन्, गोरीमाया चिन्डे गाउँ छाडेर काठमाडौं आएकी छ भने सुवानी काठमाडौं छाडेर सर्लाही गएकी छ । यो कार्य ती नारीले पलायन गर्ने उद्देश्यले नभएर शुभचिन्तकहरूको सल्लाहअनुसार जीवनको ऊर्जालाई सही किसिमले प्रयोग गर्ने अभिप्रायले गरेका हुन् । यो उपन्यास प्रगतिवादी भएकाले पनि यसमा स्वाभाविक रूपमा नै व्यक्तिगतभन्दा सामाजिक प्रवृत्तिसँगको अन्तरविरोधले नै अभिव्यक्ति पाएको हो । गोरीमाया र सुवानीको ती पुरुषसँगको वैमनस्य पितृसत्तात्मक सामन्ती सामाजिक संरचनाका कारणले उब्जिएको हो र त्यो ती नारीले नभएर पुरुषले चाहिँ नारीप्रति देखाएको विद्वेषका कारणले जन्मिएको हो ।

### ५.६.९.८ गोरीमायाको अन्य पुरुषप्रतिको दृष्टिकोण

सुवानीले झैं गोरीमायाले पनि असल खराब दुवैथरि पुरुषको व्यवहार बेहोरेकी छ । उसका जीवनमा सम्पर्कित हुन पुगेका पुरुषमध्ये धेरैजना असल छन् र थोरै खराब छन् । खराब व्यक्ति थोरै भेटिएपनि तिनले उसका जीवनमा स्पष्ट अन्तर ल्याइदिएका छन् । कृष्णे कार्कीले जालझेल गरेर उसलाई बहुलाहाकी श्रीमती बन्न विवश नबनाएको भए उसले आफ्नो साहस तौलने अवसर नै पाउने थिइन एकातिर भने अर्कातिर उसले चिन्डे गाउँ छाडेर काठमाडौं आउने परिस्थितिको निर्माण पनि सोही कारणले भएको छ । ऊ काठमाडौं नआएकी भए जीवनका थप आयामहरूको अध्ययन गर्न पाउने थिइन र गोरीमायाका रूपमा क्रान्तिको दृढता भएको एउटा नारी पात्रको निर्माण हुने थिएन । यसैले कृष्णे कार्कीका कारणले प्रत्यक्षतः उसले दुःख झेल्नु परे तापनि परोक्ष भने उसले लाभ नै हासिल गरेकी छ । गोरीमायाले यस परोक्ष लाभको जस कृष्णे कार्कीलाई दिएकी छैन । खालि प्रत्यक्ष दुःखका निम्ति सरापेकी मात्रै छ । आन्दोलनका समयमा जनताले कृष्णे कार्कीलाई मारेर फालेको खबर उसले खुसीसाथ साहेबनीलाई र सुवानीलाई सुनाएकी छ । कृष्णेसँग मिलेर षड्यन्त्र गर्नेमा गाउँको प्रधानपञ्च पनि थियो । यसैले गोरीमाया उससँग पनि अदबको व्यवहार गर्दिन, उसको शेखी झार्ने गरी जवाफ दिन्छे (पृ.२२१,२२२) । बौलाहाले बलेको अगुल्टाले हान्न आएपछि चिहानघारी हुँदै भागेर ऊ बाबुको घरमा आइपुगेकी छ (पृ.२०५) ।

कृष्णे कार्की, प्रधानपञ्च र बहुलाहा तीनजनाले सताएकी गोरीमायाको आम पुरुषप्रतिको दृष्टिकोण नै धमिलो बनेको कुरालाई निम्नलिखित उद्धरणमार्फत बुझ्न सकिन्छ – “दुःख, घृणा र अपमानले उसको नौ नारी गलेर आयो, लोग्नेमान्छेको जातको नाउँमा उसले थुकी र विश्वास गरी उसको राङ्सेम रो छैन, कुनै तरुनीको पनि हुँदैन,” (पृ.२०६) । सिङ्गो पुरुष समुदायप्रति नै

उसको अविश्वास जाग्रत भएको छ। यसैले त ऊ घरमा टिक्न नसकेको भनेर छेडपेच गर्ने युवासँग पनि उसलाई सवालजवाफ गर्न मन लाग्दैन (पृ.२०७)। कृष्णे कार्कीले दिएको दुःख सम्झेर उसको प्रतिक्रिया यस्तो हुन्छ- "फेरि पनि कृष्णे कार्की नाउँ लिँदै उसले लोग्नेमान्छेलाई घृणा ओकलेर थुकी" (पृ.२१६)। यसरी संसार नदेखेकी र समस्या विश्लेषणको चेतना र क्षमता नभएकी गोरीमाया पुरुषबाट सताइएका कारण आम पुरुषप्रति नै घृणा ओकल्ने भएकी छ।

विस्तारै लालबहादुरको सङ्गत पाउन थालेपछि र साहेबको सद्भावना हासिल गर्न थालेपछि ऊ आफैले समेत थाहा नपाईकन पुरुषप्रतिको उसको दृष्टिकोणमा परिवर्तन आएको छ। केही समय काठमाडौंमा बसेर फर्केपछि नै ऊ प्रधानपञ्चसँग व्यङ्ग्य गर्दै भन्छे, "सबै मान्छे राक्षस हुँदा रहेनछन् सतासी बाजे" (पृ.२२१)।

### ५.६.१०. समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति

**अनिँदो पहाडसँगै** उपन्यासका नारी पात्रमध्ये सुवानीले सङ्घर्ष गरेर आत्म निर्णयको अधिकार प्राप्त गरेकी छ र ललितालाई त्यो स्वतः प्राप्त छ। चन्द्रकान्तालाई आत्मनिर्णय गर्ने परिस्थिति नै प्राप्त छैन, ऊ जीवनमा जे जस्ता परिस्थिति आइलाग्छन् तिनलाई यथावत् बेहोर्दै जाने पात्र हो भने गोरीमायाले बाध्यात्मक कठिन परिस्थितिले गर्दा आत्मनिर्णय गरेकी छ। साहु पुष्परत्नकी पत्नीसँग त्यो अधिकार छैन र सुन्तली अशिक्षा, चेतनाहीनता, चरम गरिबी, रोग आदिले आत्मनिर्णयको कुरै बुझ्दिन र जमुनी बालबच्चाको जिम्मेवारीबाट मुक्त रहेकी र अन्याय/अत्याचारको उन्मूलनको तीव्र आकाङ्क्षासमेतले गर्दा आत्मनिर्णय लिन सक्षम देखिएकी छ र सुमती (सुवानी)को मृत्युपछि उसले क्रान्तिप्रति समर्पित हुने अठोट गरेकी छ।

उपर्उल्लिखित नारीले पारिवारिक पितृसत्तात्मक हैकमभन्दा (अपवाद-साहु पुष्परत्नकी पत्नी) पनि सिङ्गो समाजको सामन्ती हैकमको उत्पीडन बढी भोग्नुपरेको छ। यीमध्ये सुवानी स्वीकृत सामाजिक मूल्यमान्यताविरोधी अग्रगामी फड्को मार्ने र अरू नारीलाई पनि त्यसप्रति उत्प्रेरित गर्ने नारी चरित्र हो भने चन्द्रकान्ता, गोरीमाया, सुन्तली, जमुनी उसकै मार्गनिर्देशनमा जीवनको नवोन्मेष हासिल गर्न कोसिस गरिरहेका नारी हुन्। ललिता राज्यको मूल धारले अङ्गीकार गरेको पुँजीवादी मूल्यमान्यतालाई प्रजातन्त्रका नाममा आत्मसात् गर्नुमा जीवनको सार देख्ने चरित्र हो भने पुष्परत्नकी पत्नी चुपचाप घरगृहस्थी चलाउँदै, गुठीपर्व धान्दै जीवन बितेको पत्तै नपाउने नारी चरित्र हो। यसरी यस उपन्यासका प्रमुख र अन्य नारी पात्रहरू भिन्न-भिन्न अवस्थितिमा प्रकट भएका छन्।

सुवानी आजको नेपाली समाजको त्यो युवा पुस्ताकी नारीमा पर्दछे जसको अघिल्लो पुस्ताले राजनीतिमा संलग्न हुनु भनेको पञ्चायती राजनीतिको संरचनाभित्र क्रियाशील हुनु भन्ने बुझ्दछ, नयाँ राजनीतिलाई ऊ बुझ्दै बुझ्दैन र त्यसलाई उच्छृङ्खलताको संज्ञा दिई आफ्ना सन्तानलाई त्यतातिर संलग्न हुनबाट रोक्न प्रयत्नशील रहन्छ। सुवानी उच्च शिक्षा आर्जनका लागि परिवारसँग सङ्घर्ष गरेर काठमाडौं आई एक्लै डेरा गरेर बसेकी छ र त्यही स्वतन्त्रताको उपभोग गर्दै उसले सुझबुझ प्राप्त गरी तन्मयताका साथ विद्यार्थी राजनीति हुँदै राष्ट्रिय राजनीतिमा पूर्ण

रूपले समर्पित भएकी छ। त्यसबेला राजनीतिमा लाग्ने महिलाहरूले चारित्रिक लाञ्छना खप्नु, बलात्कारको सिकार हुनु, हत्या गरिनुजस्ता यावत् पितृसत्तात्मक अहङ्कारलाई बेहोर्नु पर्दथ्यो र सुवानीले पनि त्यस्ता बिघ्नहरू भोलेकी छ। राजनीतिमा संलग्न हुनका लागि नारी हुनु र पुरुष हुनुले धेरै फरक पार्दथ्यो र सुवानीले त्यो फरक हुनुको पीडा बेहोरेकी छ। पुरुषका लागि चरित्रहीनता नै पनि फुइँ लगाउने एउटा माध्यम बन्ने तर महिलाका लागि भूठो चारित्रिक लाञ्छनासमेत पनि जीवनमरणको कुरा बनिदिने परिस्थितिमा सुवानी अग्रगामी निष्कर्ष हासिल गर्न इच्छुक राजनीतिमा सक्रिय भएकी छ। तत्कालीन समयकै विशेषता अनुसार मार्क्सवादी विश्व दृष्टिकोणलाई अँगाल्नेहरूले राजनीतिमा सक्रिय हुनुअघि नै जीवन-मरणको हिसाबकिताबलाई पहिला परित्याग गर्नुपर्दथ्यो र सुवानीले पनि त्यसै गरेकी छ। कुनै पनि समय वैरीहरूको फन्दामा परेर जीवन गुमाउनुपर्ने सम्भावनालाई शिरोधार्य गर्नेहरूले मात्र राजनीतिक जीवनलाई मूल्यवान् तुल्याउन सक्थे। सुवानीले त्यसै गरेकी छ र आत्मबलिदानी सङ्घर्षकै परिणामस्वरूप उसको मृत्यु गौरवपूर्ण बन्न पुगेको छ। पुरुषले मात्र चुनौतीपूर्ण जीवन स्विकार्दछन् भन्ने सामाजिक मान्यताका विपरीत यस उपन्यासले प्रस्तुत गरेको गौरवपूर्ण मृत्यु वरण गर्ने एउटा नारी पात्रको चारित्रिक अवस्थितिले चुनौतिलाई स्वीकार गरेर त्यसकै आदर्शमा जीवनलाई हिँडाउन सक्ने नारी सामर्थ्यलाई प्रस्तुत गरेको छ।

गोरीमाया आजको नेपाली समाजको त्यो युवा पुस्ताकी नारीमा पर्दछे जो शोषणका इतिहासमा एउटा पक्षको प्रतिनिधित्व गर्दछे। एकातिर सीमित सङ्ख्याका शोषकहरू छन् र अर्कातिर गोरीमायाहरूको लावालस्कर छ। गोरीमाया सत्ताको शक्तिले सम्पन्न शोषकहरूको जमातसँग सधैं सङ्घर्ष गरिरहनुपर्ने वर्गकी एउटी सदस्य हो। उसले एकातिर यो वर्गीय साभा समस्यासँग जुध्नुपरेको छ भने अर्कातिर लैङ्गिक उत्पीडन पनि बेहोर्नुपरेको छ। लैङ्गिक उत्पीडनको मात्रा उसको वर्गीय स्थितिमा आधारित छ। अति निम्न वर्गीय स्थिति भएका नारीले बेहोर्नुपर्ने लैङ्गिक उत्पीडन सबैभन्दा चर्को हुन्छ र गोरीमायाले त्यही भोगेकी छ। प्रधानपञ्चसँगको मिलेमतोमा कृष्णे कार्कीले कङ्गाल घ्याबरिङ बूढालाई दुई बोतल रक्सी र साठी रुपियाँ पैसा दिएर (पृ.२०५) फास्लाङ्फुस्लुङ् पारेर गोरीमायालाई षड्यन्त्रपूर्वक बहुलाकी श्रीमती बनाउनु सो उत्पीडनको एउटा स्वरूप हो। चरम गरिब परिवारका चेलीको गाउँका यौनपिपासु ठालुहरूले बाटाघाटामै अरू मान्छेका अगाडि नै हुर्मत लिन्छन् तर तिनीहरूमाथि औंला ठड्याउने हिम्मत कसैको हुँदैन। गोरीमाया यस्तै परिस्थितिको सिकार भएकी छ, प्रधानपञ्चले उसको यसैगरी अपमान गरेको छ ( पृ.२२१-२२२)।

गोरीमायाको जिन्दगीका तीनवटा पाटा छन् जसले ऊ जस्ता नेपाली नारीका तीनवटा अवस्थितिको प्रतिनिधित्व गरेका छन्। पहिलो पाटाले चिन्डे गाउँमा रहँदाको जिन्दगीको स्वरूप प्रकट गरेको छ जसमा उसले सर्वाधिक चर्को लैङ्गिक उत्पीडन बेहोरेकी छ। दोस्रो पाटामा ऊ चन्द्रकान्ताको घरकी कामदार मात्र रहेकी छ जहाँ उसले लैङ्गिक उत्पीडन बेहोर्नु परेको छैन र उसले यसरी सहरका धनी घरमा घरेलु कामदार बनेका आम नवयुवतीले भोग्ने गरेका शोषणको प्रतिनिधित्व गर्न सकेकी छैन। उसले मालिक-मालिक्नीका रूपमा भलाद्मीहरूको सङ्गत भेटेकी

छ। तेस्रो पाटामा पुग्दा त उसले जीवनका दुवै पाटाका तुलनामा उत्कृष्ट स्थिति हासिल गरेकी छ। घरमा चन्द्रकान्ता र गोरीमाया मात्र बाँकी छन्। लाल र सुवानीका सहयोगले उसले एकातिर राजनीतिक चेतना प्राप्त गरेकी छ भने अर्कातिर कारखानामा मजदुरी गर्ने अवसरले गर्दा उसले घरेलु कामदारको भन्दा उपल्लो दर्जा हासिल गरेकी छ। त्यति मात्र होइन, आफूले प्राप्त गरेको राजनीतिक चेतनाका कारणले उसले मजदुरको नेतृत्व गर्ने हैसियत पनि प्राप्त गरेकी छ। आम शोषित-पीडित मजदुर महिलाले भोग्ने लैङ्गिक उत्पीडनको प्रतिनिधित्व गर्ने अवसर भएर पनि उसको चरित्रले त्यो गरेको छैन। यसैले लैङ्गिक उत्पीडनको प्रतिनिधित्वका हिसाबले गोरीमायाको जीवनको पहिलो पाटो मात्रै सकारात्मक छ। बाँकी दुईवटा पाटाहरू व्यक्ति गोरीमायाका कोणबाट हेर्दा राम्रा छन् तर तिनले त्यस्तो परिस्थितिको नेपाली नारीको जीवनको अवस्थितिलाई प्रस्तुत गर्न नसकेकाले ती असफल पनि भएका छन्।

चन्द्रकान्ता नेपाली समाजको त्यो युवा र प्रौढ पुस्ताकी नारीमा पर्दछे जो पितृसत्तात्मक सामाजिक संरचनाकी दोस्रो दर्जाकी निर्णयाधिकारविहीन मानव हो। ऊ जीवनमा पुरुषकी लाचार छाया हुनसम्ममा मात्र सीमित छ। उसका पनि जीवनमा तीनवटा आयाम देखा परेका छन्। पहिलो आयाममा ऊ यस समाजमा अभिभावकहीन आम नवयुवतीले भोग्न बाध्य हुनुपर्ने खालकै परिस्थितिको सिकार भएकी छ। बिहान-बेलुका मुखमा माड लगाउनकै निम्ति उसले रक्सीसँगै शरीर पनि बेच्नुपरेको छ। यहाँ उसले वर्गीय कारणले भोग्नुपर्ने सीमान्त लैङ्गिक उत्पीडन भोगेकी छ र ऊ त्यस्ता नारीहरूकी प्रतिनिधि हो। दोस्रो आयाममा उसले त्यस्ता नारीहरूका जीवनको प्रतिनिधित्व गरेकी छ जो श्रीमान्को आर्जनपौरखमा पालिएर, उनीहरूलाई हरतरहले रिझाएर र उनीहरूको गृहस्थी राम्रोसँग चलाइदिएर बाहिरी कुराहरूमा कुनै सरोकारै नराखी हैसियत अनुसारको श्रृङ्गारपटार गरेर जीवन बिताउँछन्। पत्नी र आमाको भन्दा अर्को परिचय हासिल नगरेकी चन्द्रकान्ताको जीवनको तेस्रो पाटो श्रीमान् र पुत्र दुवै गुमाएपछि शून्य बन्न पुगेको छ। खास समयमा आफ्नो व्यक्तित्वनिर्माण गर्ने प्रयास नगरेका नारीहरूले यस्तै गुमनाम जिन्दगी बिताउनुपर्छ जसरी चन्द्रकान्ताले बिताएकी छ। चन्द्रकान्ताको जीवनको यो अन्तिम अवस्थितिले धेरैजसो नेपाली नारीहरूको वृद्धावस्थाको चित्रलाई प्रस्तुत गरेको छ।

उपर्युक्त तीनवटी प्रमुख नारीहरूको भूमिका यस उपन्यासमा सशक्त रहेको छ। यिनीहरूकै केन्द्रीयतामा उपन्यास प्रारम्भ भएको, अगाडि बढेको र टुङ्गिएको छ। उपन्यासको प्रारम्भले यिनका जीवनका प्रारम्भिक सामाजिक अवस्थितिलाई जनाएको छ भने मध्यले विभिन्न कारणले त्यसमा आउन लागेको परिवर्तनलाई देखाएको छ। अन्त्यले पनि गोरीमाया, चन्द्रकान्ता र मरिसकेकी सुवानीलाई समेत उपन्यासको केन्द्रीय महत्त्व प्रदान गरेको छ। उपन्यासको कथानकले एम्.आर्., लाल, प्रदीप, आलेसाहेब कसैका जीवनको गोरेटोमा नहिँडी गोरीमायासँग चिन्डेदेखि काठमाडौं, सुवानीसँग काठमाडौंदेखि सर्लाही र चन्द्रकान्तासँग दार्जिलिङ्देखि काठमाडौंसम्म चहारेको छ। महिलालाई महिलाले दुत्कार्ने सामाजिक परिस्थिति भएर पनि यस उपन्यासमा भने महिलाका निम्ति महिला सबभन्दा बढी सहयोगी देखिएका छन् जसले नारीवादी दृष्टिकोणलाई प्रस्तुत गरेको छ। यी तीनवटी नारीमध्ये पनि सुवानीको चारित्रिक प्रस्तुतिले त यस उपन्यासमा नारीको

अवस्थितिलाई सर्वोच्चता प्रदान गरेको छ। सुवानीका चरित्रमा आजसम्मको नेपाली उपन्यासले नारी पात्रमा कुँद्ने गरेकोभन्दा विशिष्ट खालको नवीन आदर्श कुँदिएको छ जसले उसलाई सर्वाधिक गौरवशाली पात्र बनाएको छ।

उपर्युक्त प्रमुख तीन नारी चरित्रबाहेक अन्य चार नारी चरित्र पनि छन् जसलाई यस उपन्यासका नारीहरूको अवस्थिति केलाउने क्रममा उल्लेख गर्नैपर्ने हुन्छ। साहु पुष्परत्नकी पत्नी एउटी त्यस्ती नारी हो जसको तुलना यस उपन्यासका अन्य नारी पात्रसँग हुनै सक्तैन। ऊ एउटा छुट्टै तर नेपाली समाज, अझ त्यसमाथि काठमाडौंको रैथाने नेवारी समाजकी त्यस्ती महिला हो जसको जीवनको सीमा बलेसीमा गएर टुङ्गिन्छ, जसले कुनै पनि विषयमा आफ्नो राय दिनुको कुनै अर्थ हुँदैन। साहु पुष्परत्नकी पत्नीको औपन्यासिक अवस्थिति खुट्याउन सहयोग गर्ने एउटा उद्धरण यस्तो छ-

> उसको अति मन परेका परिकारहरूलाई एकातिर पन्छ्याएर साहु कार्यालयतिर लाग्यो। उसको आँखाबाट आँसु चुहुला-चुहुलाजस्तो भइरहेको थियो। उसकी निमछरी, निमुखा स्वास्नीले लोग्ने मान्छेलाई सरसल्लाह अथवा सान्त्वना दिने कुनै चलन नै थिएन। बज्यै बाजेको नोकर्नी थिई भने आमा बाबुको नोकर्नी र हालकी साहुनी पनि साहुको नोकर्नी नै थिई। बरा गरोस् के ? खुइय्या गरेर उसले आफ्नो पनि भाग पन्छाई, लोग्नेले नखाएपछि आफूले कसरी खाने ? (पृ.२५९-२६०)

समाजमा, देशमा जतिसुकै हलचल किन नहोस्, उथलपुथल किन नमच्चियोस् त्यससँग साहुनीको कुनै साइनोसम्बन्ध नै देखिँदैन। साहु पुष्परत्न आफू त राजनीतिमा निकै चासो राख्छ, अनेक किसिमका सहयोग पनि गर्छ तर उसकी पत्नीको जीवन परिस्थिति भने यस्तो छ- “उसकी निमुखा स्वास्नी अव्यक्त पीडासँग आफैभित्र ठक्कर खाँदै भात पकाउँदै थिई, भाँडा माझ्दै थिई, गुठी पर्व धान्दै थिई” (पृ.२७१)। साहु पुष्परत्न घरायसी कार्यक्रममा समेत पनि पत्नीसँगको सरसल्लाहको मूल्य देख्दैनथ्यो। यसैले उसले छोराहरूको बिहे गर्ने निधो त गऱ्यो तर त्यसका लागि खर्च पुष्परत्नले जुटाए तापनि व्यवस्थापनको बोझ भने उसकी पत्नीमा मात्र परेको देखिन्छ।

> साहुनीलाई छोराहरूको बिहे अब मरौमा कात्रो भएर खापियो। यसै पनि शरीरको प्रमुख कलपुर्जा नबिग्रेसम्म उसको यो घरमा मुक्ति सम्भव थिएन। मरेपछि मात्र छुट्टी पाउँछु भन्ने उसलाई सबै जानकारी थियो। देशको राजनीतिक परिवर्तनले उसको स्थितिलाई एउटा रौंसम्म पनि हल्लाएको थिएन तर ऊ गरोस् के घर झ्यालखाना थियो उसको निम्ति” (पृ.२९८)। यसरी पारिजातले यस उपन्यासमा साहु पुष्परत्नकी पत्नीमार्फत कसैको ध्याननगएका नारीको नेपथ्यको सामाजिक अवस्थितिलाई हुबहु उतारेकी छन्।

सर्लाहीको एउटा मधेशी गाउँका सुन्तली र जमुनी दुवैको अवस्थिति लगभग उस्तै-उस्तै छ। दुवैजना अति विपन्न परिवारका सदस्य हुन् र त्यस विपन्नताबाट मुक्ति पाउने साधनकै रूपमा उनीहरूले सुवानीले देखाएको राजनीतिक गोरेटोलाई स्विकारेका छन्। जीवनका सीमान्त

विवशताहरूले मात्रै उनीहरूलाई राजनीतिक क्रियाकलापमा सक्रिय तुल्याएको हो। यसैले उनीहरूको राजनीतिक आस्था अविचलित नहुने खालको छ र यही किसिमको आस्था लिएर गाउँका अन्य असचेत, अशिक्षित, रोगग्रस्त, अभावग्रस्त महिलाहरू पनि सुवानीको होस्टेमा हैंसे भनिरहेका छन्। उनीहरूको मुक्तिकामी संवेदनालाई सुवानीले आफ्नो राजनीतिक उद्देश्यको आधार बनाएकी छ। यो यस उपन्यासका नारीहरूको एउटा छुट्टै अवस्थिति हो।

नेपाली समाजको नारी अवस्थितिको अर्को ढाँचालाई ललिताको चरित्रमार्फत प्रस्तुत गरिएको छ। समाजको अग्रगामी परिवर्तनको अपेक्षा सँगाल्नेहरूले अधिकांशतः पारिवारिक सहयोग प्राप्त गरेका हुँदैनन्, उनीहरू बाहिरी सहयोगी र आत्मबलका भरमा अगाडि बढेका हुन्छन् तर पुँजीवादी संस्कृतिका नाममा त्यसका यावत् विकृतिलाई बढी महत्त्व दिँदै आत्मसात् गर्नेहरू प्रायः धनाढ्य परिवारका सन्तान हुन्छन् र तिनले पर्याप्त पारिवारिक सहयोग प्राप्त गरेका हुन्छन्। यस्ता मानिसले न त कहिल्यै जीवनको अभावग्रस्ततासँग सम्झौता गर्नुपरेको हुन्छ न त यिनीहरू बहुसङ्ख्यक शोषित-पीडित जनताको व्यथा बुझ्न नै सक्षम हुन्छन्। यस्ताहरूलाई अनुशासन स्वीकार्य हुँदैन र त्यसकै विरोध गर्नका लागि उनीहरू प्रजातन्त्रका नाममा व्यक्तिगत स्वतन्त्रताको वकालत गर्दछन्। बहुसङ्ख्यक शोषितपीडितको वकालत गर्नेहरू सडकमा सङ्घर्ष गर्छन्, अपाङ्ग हुन्छन् र जीवनसमेत गुमाउँछन् तर विश्वमा पुँजीवादी हैकम कायम भएकाले अल्पसङ्ख्यक सुविधाभोगीहरू नै परिबन्द मिलाएर सत्तामा उक्लिन्छन्। यस उपन्यासकी ललिताले सोही वर्गको प्रतिनिधित्व गरेकी छ। यसैले ऊ विद्यार्थी आन्दोलनमा सहभागी हुन बोलाउन आएकी सुवानीलाई असहयोग गर्दछे। यस चरित्रका आधारमा महिलाको सामाजिक अवस्थितिको आधार उसको आर्थिक वर्ग नै हो भन्ने स्पष्ट भएको छ। सुवानीले भने आफ्नो पारिवारिक वर्गको परित्याग गरेर आफूलाई बहुसङ्ख्यक शोषितपीडित जनताको पक्षमा उभ्याएकी छ।

उक्त उपन्यासका नारी पात्रका सन्दर्भमा नेपाली समाजका नारीको सामाजिक अवस्थितिलाई नै उभ्याइएको छ। नेपाली समाजको यथार्थ चित्र खिच्दै लेखिएको यस उपन्यासमा नारीका सन्दर्भका अनेकन् झिनामसिना कुरालाई पनि टिपिएको देखिन्छ। नेपालका बहुसङ्ख्यक नारीले कहिल्यै पनि समाजको आडभरोसा पाएका हुँदैनन्। उनीहरूले जीवनमा सफलता पाउने भनेको समाजसँग सङ्घर्ष गरेर उसलाई पराजित गरिसकेपछि मात्रै हो। यसैले त गोरीमाया समाजसित भयभीत हुँदै सोच्छे, “रातै लुगा लगाएर टिमटिम पर्दै दुलही भएर गएकी थिई बतुरी गोरीमाया हेर हेर एकदिन पनि टिकिन। अब यो सङ्घार नाघेपछि सामना गर्नुपर्छ उसले गाउँलाई समाजलाई कठै !”(पृ.२०५) यस्तो परिस्थितिमा अधिकांशतः महिलाहरू पलायनलाई अँगाल्छन् र गोरीमायाले पनि त्यसै गरेकी छ। काठमाडौंमा अर्काको घरमा भान्छे बन्न आउनु उसको पलायन नै हो। दसैं मनाउन गाउँमा आएका बेलामा कृष्णे कार्की र सतासी बाजेको घोचपेचले गोरीमायाको दसैंलाई आँसुमा डुबाइदियो (पृ.२२३) र ऊ भोलिपल्टै काठमाडौं हिँडी। यसपटक पनि उसले फटाहाहरूसँग जुध्ने आँट गरेको देखिँदैन। काठमाडौं उसका लागि जीवनलाई अन्याय अत्याचाररूपी चर्को घामबाट जोगाउने शीतल छहारी बनेको देखिन्छ।

नारी स्वयं गर्भवती हुन्न तर समाजको संरचना पितृसत्तात्मक हुनका कारणले अविवाहित नारी गर्भवती हुँदा नारी मात्रै कलङ्कित हुन्छे, त्यसले पुरुषलाई 'बाह्र हातको टाँगाले पनि छुँदैन'। चन्द्रकान्ताले लाललाई जन्माउने सन्दर्भमा यही परिस्थिति भोगेकी छ (पृ.२६६)। घरमा बुहारी भित्र्याउनु भनेको कामदार भित्र्याउनु हो भन्ने सामाजिक अभिप्रायलाई गोरीमायाको सोचाइमार्फत यसरी प्रस्तुत गरिएको छ- "लाले दाइले बुहारी ल्याउनुभयो भने त मेरो घरमा कुनै काम पनि त हुँदैन।"(पृ.२६८) बलियाबाङ्गा शिक्षित नारीले पनि सहरमा रातसाँझ पुरुषको संरक्षणमा मात्र हिँड्नुपर्ने बाध्यता छ (पृ.२७०)। गाउँमा उमेर पुगेका केटाकेटीले एउटै कोठामा बसेर कुरा गरे भने बात लगाउँछन् (पृ.२८८)। केटीहरू बलात्कृत हुँदा पनि दोष पुरुषलाई नगएर त्यही नारीलाई जान्छ (पृ.३१४)। नेपाली समाजका नारीहरू बिहेको अर्थ एउटा घरदेखि अर्को घरमा काम गर्न जानु र त्यहाँ एक पेट खानु भन्ने बुझ्छन् (पृ.३२२)। नारीहरूले पुरुषसरह अग्रगामी चिन्तन अँगाल्नु र सोही किसिमको व्यवहार गर्नु उनीहरू डङ्किनी बनेको ठहरिन्छ (पृ.३२८)। यसरी यस उपन्यासले विविध सन्दर्भका माध्यमले नारीको यथार्थ सामाजिक अवस्थितिलाई प्रस्तुत गरेको छ। नेपाली नारीको सामाजिक अवस्थिति न्यायपूर्ण नरहे तापनि यस उपन्यासमा उपन्यासका नारी पात्रलाई प्रदान गरेको अवस्थिति भने न्यायपूर्ण रहेको छ।

तत्कालीन समयसन्दर्भमा जीवनको यथार्थ धरातलमा उपन्यासीय कथानकलाई उभ्याउँदा प्रगतिवादी उपन्यासकार पारिजातबाट बहुसङ्ख्यक शोषितपीडित जनताकै लहरमा नारीपक्षीय क्रान्तिकारी परिवर्तनकारी चेतसमेत प्रकट भएको छ। नारी पीडालाई अन्य सामाजिक पीडाकै हाराहारीमा उभ्याएर प्रस्तुत गरिनाले यस उपन्यासमा लैङ्गिक ढङ्गले सर्वाधिक महत्त्वपूर्ण अवस्थिति नारीले नै प्राप्त गरेकी छ।

### ५.६.११ नारीप्रतिको लेखकीय दृष्टिकोण

**अनिँदो पहाडसँगै** उच्च, मध्यम र निम्न तीनैवटा वर्गका निरक्षर, साक्षर र शिक्षित तीनवटा तहका नारीहरूका जीवनको निष्कर्षस्वरूप तीनवटा प्रतिनिधि चरित्र चयन गर्दै नारी पक्षधरता प्रदर्शन गर्दै समाज परिवर्तनप्रतिको प्रतिबद्धतासहित लेखिएको उपन्यास हो। यस क्रममा नेपाली समाजका नारीका जीवनको यथार्थ स्थितिको अङ्कन गर्दै त्यो र त्यस्तै अन्य परिस्थितिका कारणले डोरिएर सामाजिक परिवर्तनका निम्तिको क्रान्तिमा होमिइसकेका तथा त्यसतर्फ अग्रसर हुने क्रममा रहेका नारीका जीवनका विशिष्टताको द्योतन गर्ने किसिमले नारी चरित्रको निर्माण गरिएको छ। यही बिन्दुमा टेकेर पारिजातको नारीप्रतिको दृष्टिकोणको मूल्याङ्कन गर्नुपर्दछ। झ्वाट्ट हेर्दा यो प्रगतिवादी उपन्यास जस्तो मात्र लागे तापनि यसमा उनको नारीवादी दृष्टिकोण पनि सन्निहित छ। यो उपन्यास मार्क्सवादी विश्वदृष्टिकोणसँग गाँसिएको मात्र नभई यसमा त्यसै चिन्तनद्वारा निर्देशित नारीवादी चेतना नै प्रकट भएको छ।

जीवन-व्यवहारमा त सुवानीजस्ता चरित्र धेरै छन् तर पुरुष लेखकले पुरुषलाई मात्र उल्लेखनीय देख्ने र पात्र रोज्ने गरेको नेपाली साहित्यको इतिहास छ। पारिजातले भने पुरुष कलमले नरोजेका तर यथार्थ पात्र मध्येकै सुवानीलाई पात्रका रूपमा रोजेर र त्यसै नारी पात्रलाई

औपन्यासिक नायकत्व प्रदान गरेर नारी पक्षधरता देखाएकी छन् । सामन्ती संस्कृतिले आदर्श ठहऱ्याएको भूमिकामा त अन्य उपन्यासकारका कलममार्फत पनि नारीले नायकत्व हासिल नगरेकी होइन तर सामाजिक न्यायका निम्तिको बलिदानी क्रान्तिकारी सङ्घर्षका अभियानमा भने नारीलाई नायकत्व प्रदान गरिएको नेपाली उपन्यास लेखिएको थिएन । नारीको चरित्रचित्रणका क्रममा परम्पराभञ्जन गरिएको यस उपन्यासमा नारीलाई विशिष्ट भूमिकामा प्रस्तुत गर्नुमा उपन्यासकार पारिजातको मौलिकता र विशिष्टतासमेत झल्कन्छ ।

पुरुष मात्रै सचेत, सङ्गठित र क्रान्तिप्रति समर्पित बनेर सामाजिक परिवर्तन सम्भव छैन । यो उपन्यास सीमान्त शोषण र उत्पीडन भोगेका नारी पनि सचेत, सङ्गठित र क्रान्तिकारी बन्नु आवश्यक हुन्छ भन्ने दृष्टिकोणबाट लेखिएको हो । यो क्रान्तिकारीहरूले समेत पनि महिलालाई उपेक्षा गर्ने गरेको सन्दर्भप्रतिसमेत सचेत हुँदै लेखिएको उपन्यास हो जसमा क्रान्तिका सन्दर्भको महिलाको अहम् भूमिकालाई प्रस्तुत गरिएको छ । यो उपन्यास सामाजिक परिवर्तनका सन्दर्भमा आधारस्तम्भका रूपमा पुरुषको भन्दा पनि महिलाको भूमिका बढी महत्त्वपूर्ण छ भन्ने ठम्याइएको परिणामस्वरूप लेखिएको हो । सामान्य मध्यम वर्गीय गृहिणी (चन्द्रकान्ता), निम्न वर्गीय किसान महिला (सुन्तली,जुमनी), निम्न वर्गीय अशिक्षित युवती (गोरीमाया), शिक्षित-सचेत युवती (सुवानी) सबैको भूमिका क्रान्तिका लागि आ-आफ्ना ठाउँबाट उत्तिकै महत्त्वपूर्ण हुनसक्छ । कुनै पनि तह र तप्काका महिलाको जीवन मूल्यहीन हुँदैन तर समाजको पितृसत्तात्मक संरचनाले गर्दा शासितको कोटिमा परेका सत्ताहीन महिलाहरूको योगदानको उचित मूल्याङ्कन हुने गरेको छैन । पारिजातले यो उपन्यास लेखेर सो शृङ्खलालाई भाँचिदिएकी छन् ।

**अनिँदो पहाडसँगै** उपन्यासमा पारिजातले राजनीतिक र लैङ्गिक समस्यालाई समानान्तर रूपमा चित्रण गरेकी छन् । राजनीतिक समस्याका अगाडि लैङ्गिक समस्यालाई साधारण गणना गर्ने गरिएको परम्परामा पारिजातले यो उपन्यास लेखेर लैङ्गिक (नारी) समस्या यस देशको राजनीतिक समस्याजस्तै जटिल रहेको र सो समस्या समाधान गर्नका निम्ति देशमा अपेक्षित राजनीतिक सुनिश्चितता जरुरी भएको तथ्यलाई अगाडि सारेकी छन् । पारिजातको नारीप्रतिको दृष्टिकोण अरू उपन्यासकारका तुलनामा धेरै बढी स्पष्ट छ र यो नारीवादी चेतनाले युक्त छ । उनका पछिल्लो चरणतिरका उपन्यासमा यो  चेतना अझ बढी छर्लङ्गिएको छ ।

नारीका चुनौतिहरू पुरुषका भन्दा दोब्बर हुन्छन् । पुरुषलाई  पुरुष हुनुका कारणले सङ्घर्ष गर्नु पर्दैन तर नारीलाई नारी हुनुका कारणले नै अनेकौं समस्यामा फसेर व्यक्तित्वविकास गर्न कठिन हुन्छ । नारीको जीवन विषाक्त बन्दा समाजको आधा भाग विषाक्त बनेको हुन्छ । नारीहरू एकातिर आफ्ना समुदायका पीडाका विरुद्ध लडिराखेका हुन्छन् भने अर्कातिर समग्र सामाजिक एवं राष्ट्रिय समस्याका विरुद्ध पनि लडिराखेका हुन्छन् भन्ने उदाहरणस्वरूप नै पारिजातले **अनिँदो पहाडसँगै** उपन्यासमा सुवानी, गोरीमाया, सुन्तली, जमुनीजस्ता चरित्रलाई उभ्याएकी छन् । नारी समस्या नारी स्वयंले गर्दा नभएर सामाजिक-सांस्कृतिक-धार्मिक-जातीय-वर्गीय आदि कारणले उब्जिएका हुन्  र यी कारणको उच्छेदविना नारी समस्याको निराकरण सम्भव छैन भन्ने कुराको

पहिचान पारिजातले नारीवादी चेतले युक्त भएर सही ढङ्गले गरेकी छन् र त्यो चेत मार्क्सवादी विश्वदर्शननिबद्ध रहेर प्रस्तुत भएको छ ।

हरेक नारी पात्रका विचार र क्रियाकलापमा उपन्यासकार पारिजातको नारी पक्षधरता झल्किएको छ। सिङ्गो उपन्यासको कथानकीय तारतम्य नै सोही कोणबाट मिलाइएको छ। अनुकूल चरित्र मात्र नभएर प्रतिकूल चरित्रहरूसमेतले पनि उपन्यासकारको नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई मलजल गर्ने काम नै गरेका छन् ।

उपर्युक्त उपन्यासका नारी चरित्रमा नारीवादी दृष्टिकोण नै प्रकट भएको पाइन्छ । आफ्नो उपन्यासको नारीचित्रणमा उपन्यासकार पारिजातले नेपाली समाजका यथार्थ पात्र टिपेर तिनलाई नारीवर्गीय सन्दर्भमा अग्रगामी सोचले सुसज्जित गरी प्रस्तुत गरेकी छन् । उनले साधारण नारी जीवनका परम्परागत उत्पीडनलाई मात्र नपक्री अग्रगामी चिन्तन अँगाल्ने नारीका पीडालाई अझ बढी सम्बोधन गरी उत्पीडनका सही कारण पहिल्याउँदै तिनका निराकरणका निम्ति राजनीतिक परिवर्तन जरुरी भएको र त्यसका निम्ति नारीहरूले अझ बढी उत्सर्गित हुनुपर्ने आवश्यकता औंल्याएकी छन् । सिङ्गो  समाजको मुक्तिविना नारीको मात्रै मुक्ति सम्भव नदेख्ने पारिजातले नारी मुक्तिका लागि नारीलाई नै सामाजिक मुक्तिका अभियानमा सक्रिय बनाएकी छन् । पारिजातले नारी मुक्तिकामीहरूले आफ्नो आन्दोलनलाई सामाजिक मुक्तिआन्दोलनसँग जोडेर मात्र सफलता हासिल गर्न सक्छन् भन्ने दृष्टिकोणसहितको नारीवादी सोचलाई अगाडि सारेकी छन् । नारीलाई जतिसुकै सशक्त देखाए तापनि सधैं पुरुषभन्दा निम्नकोटिमै राख्ने परम्परालाई भाँचेर पारिजातले यस उपन्यासमा पुरुषलाई भन्दा नारीलाई उच्चता प्रदान गरेकी छन् । नारीलाई दोस्रो दर्जाबाट उकालेर पहिलो दर्जामा पुऱ्याउने पारिजातको नारीप्रतिको दृष्टिकोण अत्यन्त सकारात्मक रहेको भेटिन्छ ।

उपन्यासकार पारिजातले **अनिँदो पहाडसँगै** उपन्यासमा आफ्नो स्पष्ट राजनीतिक चिन्तनका जगमा नारीको स्वरूपको प्रस्तुति पुरुषभन्दा महिमामय रूपमा गरेकी छन् । समाज परिवर्तनका निम्तिको समर्पण, विपरीतलिङ्गीसँगको निस्पृह सम्बन्ध र जीवनका आयामलाई केलाउने सही दृष्टिकोणका कसीमा घोट्दा यस उपन्यासकी प्रमुख पात्र सुवानी बाँकी सबै पात्रभन्दा श्रेष्ठ ठहरिन्छे । मार्गदर्शक त पुरुषलाई (एम्.आर्.लाई) देखाइएको छ तर त्यस मार्गमा हिंड्नेमा सुवानी उक्त मार्गदर्शकभन्दा खरो उत्रिएकी छ ।

नारीलाई असल, सचेत र सक्षम बनाउनेमा त पुरुषले श्रेय लिएको देखिन्छ तर पितृसत्तात्मक समाज व्यवस्थामा नारी खराब हुँदा त्यसको अपजस पनि पुरुषले नै लिनुपर्छ भन्नेतर्फ भने कसैको पनि सोचाइ नगइरहेको परिस्थितिमा पारिजातले यस उपन्यासमार्फत त्यसतर्फ पनि सोच्न प्रेरित गरेकी छन्। नारीहरू समस्याग्रस्त छन् तर त्यसलाई अर्थ्याउने दृष्टिकोण फरक-फरक छन् । नारी समस्याका निम्ति नारीलाई नै दोषी ठहऱ्याउने पितृसत्तात्मक दृष्टिकोणलाई उल्ट्याएर पारिजातले सही दोषीको पहिचान प्रस्तुत गरेकी छन् । निम्नवर्गकी युवती गोरीमायालाई पैसा खाएर धनी परिवारको बहुलाहासँग विवाह गराइदिने कृष्णे कार्कीको मतियार

प्रधानपञ्च यसका निम्ति गोरीमायालाई नै दोषी ठहर गर्दै भन्छ, “तेरा मुखछाडा भोटिनी, यस्तै बेगतिको कुरा गर्छेस् र त भेट्टाइस् हावा बिग्रेको पोइ” (पृ.:२११)। समाजका यस्ता विसङ्गतिपूर्ण परिस्थितिलाई चुपचाप सहेर बस्नु हुँदैन भन्ने लेखकीय आकाङ्क्षास्वरूप नै गोरीमाया प्रधानपञ्चलाई व्यङ्ग्यात्मक पाराले जवाफ दिँदै भन्छे, “त्यही पनि सतासी बाजे र कृष्णेकाजीको दयामाया नभएको भए के भेट्टाइन्थ्यो, यसै पनि कर्मको खोटो” (पृ.:२२२)। यसरी पीडित पक्षलाई पीडकका विरुद्ध मुखर बनाउनुमा उपन्यासकारको नारी पात्रलाई स्वाभिमानी स्वरूपमा प्रस्तुत गर्ने आकाङ्क्षा झल्किएको छ। नारीप्रति पर्याप्त सद्भाव राख्ने, सामाजिक परिवर्तनका निम्तिको राजनीतिक अभियानका क्रममा नारी शक्तिलाई विशेष महत्त्व प्रदान गर्ने, उनीहरूमाथिको शोषण र अन्यायका विरुद्ध बोल्ने, उनीहरूका साहसिक र अन्यायविरोधी कामको खुलेर प्रशंसा गर्ने पुरुष पात्रको तारतम्य मिलाउनुमा प्रकट भएको पारिजातको चिन्तनले उनलाई नारीवादका पक्षधरका रूपमा नै चिनाएको देखिन्छ।

पितृसत्तात्मक अर्द्धसामन्ती समाजमा सतीत्वको प्रश्न नारीको सबभन्दा ठूलो बन्धन बनेको छ। सामाजिक आचारसंहिता पितृसत्ताका शासितहरूका निम्ति मात्र व्यवस्था गरिएका सन्दर्भमा नारीहरू मात्र सो प्रावधानले डामिने गरेको परिस्थितिमा पारिजातजस्ती सचेत उपन्यासकारले सो विषयमा आफ्नो धारणा प्रस्तुत गर्नु आवश्यक देखिन्छ र उनले त्यसो गरेकी पनि छन्। मार्क्सवादी विश्वदृष्टिकोण सामाजिक हित एवं स्वतन्त्रताका पक्षमा उभिएको हुन्छ र त्यसले व्यक्तिगत उच्छृङ्खलतालाई मान्यता दिँदैन। यसैले यो दर्शन यौनलाई पनि मर्यादित रूपमा मात्र स्विकार्छ। सोही विश्वदृष्टिकोणकै मार्गदर्शक सिद्धान्तअनुसार **अनिँदो पहाडसँगै** उपन्यास रचेकी पारिजातले नारीको सतीत्वका सम्बन्धमा आफ्नो विचार प्रकट गर्न भुलेकी छैनन्। महिलाहरूमाथि सबैभन्दा बढी शोषण यौनका सन्दर्भमा हुँदै आएको पितृसत्तात्मक सामन्ती समाजको स्वरूपमाथि प्रश्न गर्ने क्रममै पारिजातका धारणाहरू प्रकट भएका छन्।

नेपाली समाजको आम धारणा अनुसार नारीले कुनै बाध्यताको चेपमा परेरै भए पनि सतीत्व गुमाई भने उसको सम्पूर्ण गुण-गरिमा समाप्त हुन्छ (पृ.२०७)। यही सामाजिक संस्कार बुझेकी सुवानी जीवनमा आफू बलात्कृत भएको घटना सम्झेर विरक्तिको अनुभव गर्दछे (पृ.३१५) र आफ्नो जिउने रहर पुगेको घोषणासमेत गर्दछे (पृ.३१६)। सुवानीजस्ती शारीरिक रूपले मात्र नभएर मानसिक रूपले समेत बलिष्ठ नारीलाई त्यस्ता अभिव्यक्ति दिन लगाएर पारिजातले सतीत्वका सम्बन्धमा आफ्नो मत व्यक्त गर्ने वातावरण तयार गरेकी छन्। प्रवेश सुब्बा हुरुक्क भएर आफ्नो पछि लागेको सन्दर्भमा सुवानीले प्रेममा पुरुषको बलजफ्ती चल्न नसक्ने उद्घोष गरेकी छ। ऊ प्रेम भइसकेपछि आफ्नो शरीर पुरुषलाई सुम्पनुपर्ने भएकाले प्रेम गर्नुलाई ठट्टाको विषय मान्दिन (पृ.२७४)। यसरी पारिजात सतीत्वको मर्यादाका पक्षमा त देखिन्छिन् तर बलात्कृत भएकोमा भने सतीत्व बिटुलिएको ठान्दिनन् जुन कुरालाई उनको अर्को मुखपात्र एम्.आर.को निम्नलिखित अभिव्यक्तिले पुष्टि गरेको छ- “घटनाले तपाईंको नैतिकता र चरित्रमाथि कदापि आँच पुऱ्याउन सक्तैन” (पृ.३१६)। यसरी पारिजातले सतीत्वलाई परम्परागत रुढिका अर्थमा नभएर यौनगत उच्छृङ्खलताको विरोधी जीवनमूल्यका रूपमा स्विकारेको पाइन्छ।

विकल्पहरू पर्याप्त भएर पनि नारीहरू यौन दुराचरणमा संलग्न हुने गरेका सन्दर्भहरू समाजमा भेटिने गरेकै भए तापनि पारिजातले भने नारी परिस्थितिको सिकार नभई वेश्या बन्दिन भन्ने कुरा अगाडि सारेकी छन्। गोरीमायाले चाहेकी भए ऊ कृष्णे कार्की र प्रधानपञ्चका इसारामा नाच्न सक्थी। गाउँमै निरूपाय भएर बस्नु परेको भए ऊ आफ्नो चाहनाविपरीत पनि अनैतिक क्रियाकलापमा संलग्न हुनसक्थी तर विकल्पका रूपमा जीविकोपार्जनका क्रममा काठमाडौं जाने अवसर पाएपछि उसले आफ्नो चाहनाका विपरीत हिँड्नुपरेको छैन।

चन्द्रकान्ताको जीवनका सन्दर्भमा पारिजातको नारी आचरणसम्बन्धी दृष्टिकोण अझ बढी व्याख्यायित भएको छ। चन्द्रकान्ताले दार्जिलिङमा चरम पतित जीवन बिताएको कुराको उल्लेख यस उपन्यासमा गरिएको छ (पृ.२१३)। उसको छोरो लालबहादुर त्यसै पतित जीवनको शेषस्मृति हो जसलाई आले साहेबले आफ्नो पितृवत् आवरणले ढाकेर सम्मानित जीवन प्रदान गरेको छ। टुहुरी र एक्ली कङ्गाल नारीले पितृसत्तात्मक सामाजिक व्यवस्थामा स्वदेशमै पनि कुनै सजिलो जीवन बाँच्न पाउने गरेको इतिहास नेपालमा छैन भने त्यस्तो अवस्थाकी नारीले मुग्लानमा त झन् के पो सुजीवन भोग्न पाउँथी र ! यही नियति चन्द्रकान्ताले पनि भोगी। तरुनी हुने बेलासम्ममा त उसले पचासौं हण्डर भोगिसक्नुपरेको थियो। पितृसत्तात्मक समाजको स्वभावलाई पारिजातले यसरी प्रस्तुत गरेकी छन्-"घरबारविनाकी असहाय स्वास्नीमान्छेलाई लोग्नेमान्छेले बालिका भन्दैन, सानी देख्दैन। काम गर्न बसेको ठाउँमा मालिकले उसलाई आँखाबाट निल्नथाल्छ, घर बाहिर एकान्त पारेर हातपात गर्छ" (पृ.२१३)। यस्ता परिस्थितिको सिकार बनेका महिला आफूले समेत पत्तै नपाईकन समाजका आँखामा वेश्या ठहरिइसकेका हुन्छन्। आत्महत्या गर्नु या नखाई-नखाईकन सुकेर मर्नुको विकल्पमा वेश्यावृत्तिबाहेक अर्को उपाय नहुने सामाजिक परिस्थितिका नारीका पक्षमा आफ्नो विचार प्रकट गर्नकै लागि पारिजातले चन्द्रकान्ताको पूर्वजीवनको झल्को प्रस्तुत गरेको देखिन्छ। सामाजिक सत्ता जसका हातमा हुन्छ उसैले हरेक सामाजिक परिणतिको जिम्मा लिनुपर्दछ। यसैले महिला बिग्रे भनेर उनीहरूलाई गाली गर्नुहुँदैन, उनीहरूलाई बिगार्ने समाज र सामाजिक परिस्थिति हो भन्ने आशय पारिजातले स्पष्ट रूपमा नै प्रकट गरेकी छन्। पितृसत्ताका आडमा पुरुषले गरेका ज्यादतीमा समेत पनि उल्टै महिलालाई नै दोषी ठहऱ्याउने (महिलाले समेत पनि) नेपाली सामाजिक परम्परा (पृ.२२५) लाई भाँच्दै पारिजातले भने सो परिस्थितिको चिरफार गरेर आफूले मात्र महिलाको पक्ष नलिई आफ्ना पाठकलाई समेत पनि महिलामैत्री बनाउने वातावरणको निर्माण गरिदिएकी छन्। पितृसत्ताले निर्माण गरेको नारी आदर्शलाई अनुसरण गर्नेहरूद्वारा नारीमाथि प्रायः अन्याय नै भइराखेको हुन्छ, त्यसैले नयाँ नारी आदर्श रचिनुपर्छ भन्ने दृष्टिकोण नै चन्द्रकान्ताको चारित्रिक प्रस्तुतिको निचोड रहेको छ। पारिजातले ऊ पछिल्लो जीवनखण्डमा आदर्श गृहिणी बन्नुका पछाडि आले साहेबका स्वरूपमा पितृसत्ताले जसरी जस लिएको छ ठीक त्यसैगरी ऊ वेश्या बन्नुका पछाडि पनि पितृसत्ताले नै अपजस लिनुपर्छ र यही नै न्यायसङ्गत हो भन्ने दृष्टिकोण प्रस्तुत गरेकी छन्। यस अर्थमा पारिजात पितृसत्ताको विचारको भरिया नबनेको देखिन्छ।

कुनै पनि नारीको पारिवारिक नाताभन्दा बाहिरका पुरुषसँगको सम्बन्धलाई यौनका दृष्टिकोणबाट मात्र नियाल्ने र सतीत्व महिलाले मात्र कायम राख्नुपर्ने (पुरुषले सत्‌मा बस्नु नपर्ने) भन्ने सामाजिक मान्यताले महिला अझै बढी बन्धनमा परेका छन् भन्ने बुझेकी पारिजातले त्यसमाथि प्रहार गर्दै महिलामा त्यस्ता विकृतिका विरुद्ध जुध्ने सङ्घर्षशीलताको आव्हान गर्दै सुवानीका सन्दर्भमा भनेकी छन्-"हिलो छेपाईसँग जुध्न सक्नुपर्छ" (पृ.२९१)। यहाँनिर महिलाले चुपचाप सहिदिनाले पितृसत्ता निरङ्‌कुश बनेको हो भन्ने आशय प्रकट भएको छ।

चिन्डे गाउँकी एउटी प्रौढ विधवाको "आइमाईको जातलाई त गाह्रो पो छ, यो ज्यानै आइमाईको दुश्मन हो।"(पृ.२०७) भन्ने अभिव्यक्तिमा पारिजातले महिला शरीरका माध्यमले मात्र परिचित र मूल्याङ्कित हुने गरेको सन्दर्भलाई औंल्याएकी छन्। 'नारी राम्री छ कि छैन ?', 'उसको सतीत्व डगेको छ कि छैन ?' आदि प्रश्नमार्फत नारीको मूल्याङ्कन गर्ने कामको प्रारम्भ गरिन्छ जसले नारीको जीवनको मूल्यलाई शरीरमा सीमित राखेको छ।

नारीको सतीत्व नष्ट गर्ने पुरुष हो र त्यसैलाई उसको मूल्याङ्कनको कसी बनाउने पितृसत्ता हो। पितृसत्ताका आडमा पुरुषले महिलामाथि ज्यादती गर्ने गरेको तथ्यलाई यस्ता सन्दर्भले पुष्टि गर्दछन्। यसरी नारीको तेजोबध गर्ने हतियार नै उसको शरीर र शरीरमा अडेको सतीत्व हुने गरेको देखिन्छ। नारी जतिसुकै सतीत्वमा बसेकी भए पनि समाजले उसलाई सजिलै वेश्या प्रमाणित गरिदिन सक्छ। आफ्नो कुनै दोषविना पनि बलात्कृत नारीले समाजको दण्डको भागी हुने परिस्थितिले पनि पितृसत्ताको निरङ्कुश ज्यादतीको चित्र खिच्दछ। यी प्रस्तुतिमार्फत पारिजातले नारीको मूल्याङ्कनका क्रममा शरीरलाई आधार बनाउने कुराको खुलेर विरोध गरेकी छन्।

**अनिँदो पहाडसँगै** उपन्यासमा पारिजातले महिलाको पक्ष लिएर बोल्ने सानोभन्दा सानो अवसरको समेत पनि उपयोग गरेकी छन्  मात्रै होइन, त्यस अवसरमा जति बढी कुरा भन्न सकिन्छ, त्यति भन्न बाँकी राखेकी छैनन्। जस्तो - एम्.आर्. आफूलाई बिहे गरिदिन केटी खोजेर राखिदिने आमाका सन्दर्भमा भन्छ- "आखिर घरभित्र र बाहिरको कामले थङ्थिलो भएकी आइमाई जात हुन् , कुरा नबुझून् पनि किन ?" (पृ.२४०)। यहाँनिर पारिजातले मौका छोप्दै महिलाले दोहोरो जिम्मेवारी बोक्न बाध्य हुनुपरेको सामाजिक परिस्थितिप्रति असन्तुष्टि प्रकट गरेकी छन्।

पारिजातले आफ्नो मुखपात्र सुवानीमार्फत आफ्नो नारीवादी चेतनालाई एकातिर उसका नारीप्रतिका क्रियाकलाप र अर्कातिर नारीले भोगेका विभिन्न परिस्थितिमाथि व्याख्यान दिन लगाएर प्रकट गरेकी छन्। रक्सी खाएर आफ्नै श्रीमती कुट्ने बदमाश श्रीमान्‌माथि जाई लागेर (पृ.२२६), चन्द्रकान्ताका दुःखहरूमा साथ दिएर, गाउँले रोगी महिलाहरूलाई दुःखसुखमा मद्दत गरेर, गोरीमायालाई पर्याप्त स्नेहसाथ स्वावलम्वनका बाटामा अग्रसर गराएर सुवानीले आफ्ना क्रियाकलापजन्य नारी पक्षधरता देखाएकी छ। राजनीतिक उद्देश्य लिएर तराईका गाउँहरूमा कार्यरत रहँदा सुवानीले अधिकांशतः महिलाहरूका बिचमा काम गर्नुले पनि उसको नारी समुदायप्रतिको कर्तव्यबोध र आस्था नै झल्कन्छ। सुवानी आफ्ना क्रियाकलापमार्फत देखाएको नारी पक्षधरताले मात्र चित्त नबुझेपछि व्याख्यानका तहमा ओर्लन्छे। गोरीमायासँगको कुराकानीका

क्रममा उसले महिला सशक्तीकरणका विदेशी उदाहरण दिँदै नेपाली महिलाहरू पनि चूल्होचौको छाडेर स्वावलम्वी बनी पुरुषका दाँजा पुगेपछि मात्र पुरुषले हेप्न सक्तैनन् भन्ने कुरा बुझाएर उसलाई स्वावलम्वी बन्न उक्साउने क्रममा सानोतिनो भाषण नै गरेकी छ (पृ.२८६) । यति भनेर पनि धीत नमरेपछि सुवानी (सुमती)का स्वरूपमा लगभग पारिजात नै उपस्थित भएको बोध हुनेगरी र उपन्यासकारलाई नारीवादी संज्ञा दिन अन्कनाइरहनु नै नपर्ने गरी यस्तो अभिव्यक्ति आएको छ -

> सुमतीले देखी र बुझी स्वास्नीमान्छेको निम्ति रचिएका भावुक परिभाषा, विशेषण, अर्थ तथा काव्यहरू साराका सारा बकवास हुन्, झूठ हुन्, महलभित्र सुखसयलमा बाँच्ने स्वास्नीमान्छेहरूलाई लिएर यतिका कपोलकल्पित परिभाषाहरू लेख्ने यो समाजलाई कुनै अधिकार छैन। ऊ सोच्थी, आगो लगाइदिए हुन्छ यी सबै। आइमाईहरूको सही परिभाषा लेखिनुपर्छ (पृ.३२३) ।

यहाँनिर महिलाका बारेमा जे जति कुरा भन्ने गरिएका छन् ती सब झूठा हुन् भन्दै अब महिला महिलाकै अनुभूतिका दृष्टिकोणबाट परिभाषित हुनुपर्छ भन्ने आशय प्रकट गरिएको छ जुन नारीवादी सिद्धान्तको चुरो नै हो र यस उपन्यासको नारी चिन्तनको निचोड पनि लगभग यही नै हो ।

पारिजातको नारी पक्षधरताको परिणामस्वरूप नै यस उपन्यासमा लैङ्गिक दृष्टिले सामाजिक सहुलियत पाउनेले नपाउनेलाई सहयोग गर्नुपर्छ भन्ने आशयलाई बलात्कृत सुवानीका भग्न मनोदशामा एम्.आर.ले मलम लगाइराखेको सन्दर्भमार्फत प्रस्तुत गरिएको छ (पृ.३१६)। पितृसत्तात्मक समाज व्यवस्थाका पुरुष भन्दैमा सबै खराब हुँदैनन्, सामाजिक न्यायका पक्षधर पुरुष असल हुन्छन् भन्ने लेखकीय दृष्टिकोणलाई लालबहादुर र एम्.आर.को चारित्रिक प्रस्तुतिले पुष्टि गरेको छ। त्यस्ता पुरुषलाई असल मात्रै नभएर नारीको उत्थानका निमित्त प्रयत्नशीलसमेत देखाउनुले पारिजातलाई उग्र नारीवादीका रूपमा देखाएको छैन। मानवीय कमजोरीसहितकी पात्र सुवानीलाई सबल बनाउने काम एम्. आर्. ले गरेको छ। एम्.आर्.ले सुवानीका समस्यालाई समाज र क्रान्तिसँग जोडेर व्याख्या गरी तिनसँग टक्कर लिनका लागि हौस्याउने काम मात्र नगरी उसलाई अझ सक्रिय र जुझारु बनाउनका निम्ति गाउँमा पठाउने तारतम्यसमेत मिलाएको छ। यस उपन्यासले लाल पनि सुवानीप्रति उत्तिकै सहयोगी र गोरीमायाको व्यक्तित्व निर्माणका लागि पनि उत्तिकै प्रयत्नशील भएको देखाएर पितृसत्ताका भएर पनि सामाजिक न्यायका पक्षधर पुरुष असल हुनसक्छन् भन्ने उदाहरण प्रस्तुत गरेको छ जसले पारिजातलाई मार्क्सवादी नारीवादी उपन्यासकारका रूपमा परिचित गराएको छ।

सुवानीको बलात्कारका सन्दर्भमा अमुक पुरुष पात्रमार्फत "त्यस्ता (बलात्कारी)हरूलाई पब्लिक स्क्वायरमा ढुङ्गाले हिर्काएर मार्नपर्छ" (पृ.३१४) भनाएर, त्यस्तै अर्को पुरुष पात्रमार्फत "यस्ता डरलाग्दा अपराधीहरूलाई किन हो प्रशासनले बढी नरम तरिकाले लिइरहेको छ, उपहासपूर्ण छ" (पृ.३१५) भनेर बलात्कृत नारीलाई दण्डित गर्ने सामाजिक परम्परालाई चुनौती

दिएर र गोरीमायाको सन्दर्भमार्फत वर्गीय शोषण महिलामाथि अझै बढी चर्को हुने यथार्थको खुलासा गरेर (पृ.२८०) पनि पारिजातको नारीप्रतिको सकारात्मक चेतना प्रकट भएको छ। यति मात्र नभएर उपन्यासकार पारिजातले पुरुषको शरीरमा निहित मूढेबल नारी पुरुषद्वारा शासित हुनुको कारण हो भन्ने कुरा पहिल्याएकी छन्। एकातिर नारीको सतीत्वलाई उसको प्रमुख योग्यता मानिनु, अर्कातिर नारीलाई विनयी बनाउने पितृसत्ताको जाल रचिनु र अझ अर्कातिर पुरुषलाई मूढेबलरूपी आफ्नो मौलिक शक्तिको उपयोगका निम्ति पितृसत्ताले वातावरण तयार गरिदिनु नै नारी उत्पीडनका प्रमुख कारण हुन् भन्ने कुरा पारिजातले खुट्याएको देखिन्छ। पुरुषको मूढेबलले नारीमाथि शासन गर्छ। नारीको भन्दा बढ्ता पुरुषमा भएको योग्यता भनेकै यही बल हो। त्यसैका आधारमा पुरुषको उच्च मूल्याङ्कन हुँदै आएको छ। पारिजातले सुवानीले मुढेबलमा प्रवेशलाई जित्न नसकेर नै बलात्कृत भएकी हो भन्ने भाव प्रकट गर्दै सो बलमा कमजोर देखिनुमा नारीको अयोग्यता नझल्कने विश्वास प्रस्तुत गरेकी छन्। गोरीमाया बहुलाहाकी श्रीमती बन्न पुगेको घटनामार्फत पारिजातले एक त पुरुष, त्यसमाथि सम्पन्न हुनु भनेको उसमा सबै योग्यता परिपूर्ण हुनु हो, यी दुई कुरा भएको पुरुषले विपन्न महिलालाई सजिलै कब्जामा लिन सक्तछ भन्ने सामाजिक तथ्यको उद्घाटन गर्नुले पनि पारिजातको नारीवादी चेतनालाई नै प्रकट गरेको छ।

सुवानीको जीवन चरित्रमार्फत क्रान्तिमय जीवनतर्फको अग्रसरता सबैभन्दा चुनौतीपूर्ण हुन्छ (पृ.३२१) भन्ने आशय प्रकट गरेर पारिजातले महिलालाई साँचो जीवन चूल्होचौकोभन्दा बाहिरै खोजिनुपर्छ भन्ने सन्देश दिएकी छन्। वातावरण नपाएर मात्र महिलाको आकाश सङ्कीर्ण बनिरहेको हो, पुरुषसरह अवसर पाउने हो भने नारीले अझ बढी उत्कृष्टता हासिल गर्न सक्छन् भन्ने कुरालाई सुवानीले हासिल गरेको उपलब्धिमार्फत प्रस्तुत गरिएको छ। नारीका जस्तासुकै महान् कार्यले समेत पनि महत्ता नपाइरहेका परिस्थितिमा सुवानीले महिमाशाली मृत्युवरण गरेको कुरालाई केन्द्रीय महत्त्व दिई पारिजातले नारीवादी चेतना नै प्रकट गरेकी हुन्।

प्रस्तुत उपन्यासमा एकातिर मार्क्सवादी चेतना प्रकट भएको छ भने अर्कातिर नारीवादी चेतना प्रकट भएको छ। यो मार्क्सवादगर्भित नारीवाद वा मार्क्सवादी नारीवादका कोणबाट लेखिएको उपन्यास हो। यसमा नारीवाद टड्कारो रूपमा प्रकट भएको छ र त्यो मार्क्सवादका सीमा रेखाभन्दा बाहिर गएको छैन। यसमा पुरुषलाई भन्दा पितृसत्ता र आर्थिक सत्तालाई नारी पीडाको प्रमुख कारण मानिएको छ जुन मार्क्सवादले पहिल्याएकै कुरा हो। यस उपन्यासमा नारीवादका अन्य सैद्धान्तिक मान्यताहरू (उदार, उग्र आदि) अटाउँदैनन्। यसमा प्रकट भएको नारीवाद तर्कयुक्त छ। नारीवाद प्रकट गर्न नारी पीडाको विश्लेषण हुनुपर्छ, त्यस क्रममा पीडाको कारकको खोजी हुनुपर्छ। **अनिँदो पहाडसँगै** उपन्यासले त्यो खोजी गरेको छ र पितृसत्ता एवं अर्थसत्तालाई त्यसको कारक ठहऱ्याएको छ। पुरुष नारीपीडक हुनुको कारणको पनि खोजी गरिएको छ र पितृसत्तालाई कारणका रूपमा प्रस्तुत गरिएको छ। यसभन्दा पनि अझ सूक्ष्मतातर्फ गएर पितृसत्ताको उद्भवको कारणसमेत पहिल्याइएको छ र पुरुषको शरीरमा निहित मूढे बललाई त्यसको कारक मानिएको छ। पितृसत्ताको संरक्षण पाएपछि मूढेबलले युक्त सम्पन्न पुरुष

राक्षसभन्दा कम हुँदैन भन्ने उदाहरणका रूपमा सुवानीको बलात्कार गर्ने प्रवेश सुब्बालाई प्रस्तुत गरिएको छ ।

मार्क्सवादी नारीवाद मार्क्सवादको आधारभूत दर्शनमै टेकेर नारीवादको बाटो हिँड्दछ । यस्तो किसिमको नारीवाद पुरुषको नभएर पितृसत्ताको चाहिँ विरोधी भएकाले यसले आँखा चिम्लेर सबै पुरुषप्रति द्रोह भाव पाल्दैन । सबै पुरुष खराब हुँदैनन्, पितृसत्ताको मात नचढेका असल पुरुषको पनि समाजमा कमी हुँदैन भन्ने लेखकीय दृष्टिकोणको फलस्वरूप नै यस उपन्यासमा एम्. आर. र लालजस्ता पुरुष पात्रको प्रस्तुति भएको देखिन्छ ।

### ५.६.१२ निष्कर्ष

नारी र नरको सहकारितामा नै समुन्नत समाजको निर्माण हुनसक्छ भन्ने मार्क्सवादी नारीवादले पितृसत्ताको उच्छेद भएको त हेर्न चाहन्छ तर मातृसत्ताको स्थापनाको कामना गर्दैन । मानिस शासक र शासित दुई वर्गमा विभाजित हुनुपर्ने समाज व्यवस्थाको खारेजी नै प्रमुख लक्ष्य रहेको मार्क्सवादसँग आबद्ध नारीवादले ठीक यस उपन्यासमा जस्तै गरी सही अर्थमा नारीमुक्तिको गोरेटो कोरेको हुन्छ । समाजमा कोही पनि शोषित बाँकी नरहेपछि नारीले पनि स्वतः शोषणबाट मुक्ति प्राप्त गर्दछे । यसैले साम्यवादमा पुगेपछि पूर्ण नारीमुक्ति प्राप्त हुन्छ किनभने त्यहाँ पुगेपछि अन्य सत्ताका साथमा पितृसत्ताको पनि उच्छेद भइसकेको हुन्छ तर समाजवादसम्म चाहिँ नारीमुक्तिको सङ्घर्ष धेरथोर बाँकी नै रहन्छ । यसरी **अनिँदो पहाडसँगै** उपन्यासमा समाजवादी उद्देश्यसहितको नारीवादी चेतना प्रकट भएको छ जुन विशुद्ध नारीवादभन्दा नितान्त भिन्न प्रकृतिको छ ।

## ५.७. विश्लेषित उपन्यासको तुलनात्मक निष्कर्ष : आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतनाको स्वरूप

आधुनिक नेपाली उपन्यासको प्रारम्भ रुद्रराज पाण्डेको **रूपमती** उपन्यासबाट भएको मानिन्छ । यस शोधप्रबन्धमा आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना खुट्याउने क्रममा साहित्यिक हैसियत प्राप्त भएका नारीकेन्द्री र नारी समस्याकेन्द्री उपन्यासको विश्लेषण गर्ने क्रममा १९९१ सालको **रूपमती**देखि २०३९ सालको **अनिँदो पहाडसँगै**सम्मका पुरुष एवं महिला उपन्यासकारद्वारा लिखित छवटा नेपाली उपन्यासलाई समावेश गरिएको छ जसमध्ये महिला उपन्यासकारमा पारिजातलाई मात्र समावेश गरिएको छ ।

उपर्युक्त छवटै उपन्यास नेपाली साहित्यमा नारीवादी चेतनाले आफ्नो प्रभाव विस्तार गर्नुभन्दा अगाडि नै लेखिएका हुन् तापनि तिनमा रहेको नारी पक्षधरतालाई तदनुकूल केही प्रतिमानहरूको निर्माण गरी तिनैका आधारमा विश्लेषण गर्दा पाइएको नारीवादी चेतनाको स्वरूपलाई वैशिष्ट्यगत निकटताका आधारमा विविध नारीवादको संज्ञा प्रदान गरिएको छ । पाश्चात्य नारीवादको सग्लो स्वरूप यी उपन्यासमा नपाइए तापनि नेपाली साहित्यमा २०५८ सालसम्म लेखिएका उपन्यासमध्येमा सर्वाधिक स्पष्ट नारीवादी चेतना पाइने उपन्यास भने तिनै

छवटा (**रूपमती, स्वास्नीमान्छे, शान्ति, अनुराधा, तीन घुम्ती र अनिंदो पहाडसँगै**) उपन्यास नै हुन् । ती उपन्यासमा क्रमश : उदार, समाजवादी, स्वच्छन्दतावादी, मनोविश्लेषणात्मक, अस्तित्ववादी र मार्क्सवादी नारीवादका स्वरूप प्रकट भएका छन् ।

माथि (दोस्रो परिच्छेदमा) पाश्चात्य नारीवादका प्रमुख धारा र सहायक धाराको प्रस्तुतिका क्रममा स्वच्छन्दतावादी र अस्तित्ववादी नारीवादको नाम उल्लेख नभए तापनि **शान्ति** उपन्यासको नारी पक्षधरता स्वच्छन्दतावादी प्रकृतिको र **तीन घुम्ती** उपन्यासको नारी पक्षधरता अस्तित्ववादी प्रकृतिको भएकाले ती नारीवादी स्वरूपलाई स्वच्छन्दतावादी नारीवाद र अस्तित्ववादी नारीवादको संज्ञा दिइएको हो । यसै पनि नारीवादको आफ्नै मौलिक समालोचना पद्धति नभएको र यसको समालोचना अन्तरअनुशासनात्मक विधिमा आधारित हुने भएकाले उपर्युक्त दुई उपन्यासका स्वरूपलाई ती नाम दिनु अनुपयुक्त ठहर्दैन । उपर्युक्त उपन्यासहरूले तत् तत् समयका साहित्यिक प्रवृत्तिको प्रतिनिधित्वसमेत गरेका छन् ।

नेपाली उपन्यासमा नारीवादी चेतनाको विश्लेषणका क्रममा नारीपुरुष दुवैथरि लेखकका उपन्यासलाई समावेश गरिएको छ । दुवैथरि लेखकले नारी चरित्रको प्रस्तुतिमा आफूलाई बढीभन्दा बढी नारीपक्षधर देखाउने प्रयत्न गरेका छन् र एक हदसम्म तिनलाई सफलता पनि मिलेको छ । त्यति हुँदाहुँदै पनि ती दुईथरि लेखकका प्रस्तुतिमा तात्त्विक अन्तर भने देखिएरै छाडेको छ । रुद्रराज पाण्डे, हृदयचन्द्रसिंह प्रधान, लीलाध्वज थापा, विजय मल्ल र विश्वेश्वरप्रसाद कोइराला आफू पुरुष हुन् र तिनका लागि महिला 'आफू' नभएर 'अरू' नै हुन् । त्यसैले उनीहरूको नारी चरित्रको प्रस्तुति पनि 'अन्य' को भावमा आएको छ र त्यो अन्यको भावमा आएको प्रस्तुतिलाई पर्यवेक्षकीय भन्नुपर्छ । त्यस्तै पारिजात स्वयं महिला हुन् र उनका लागि महिला अन्य नभएर आफू नै हुन् । त्यसैले उनको नारी चरित्रको प्रस्तुति पनि आफूको भावमा आएको छ र त्यो आफूको भावमा आएको प्रस्तुतिलाई अनुभवात्मक (स्वकीय र अनुभावकीय ; स्वकीय र परकीय ) भन्नुपर्छ । दुःख र वेदना भन्ने शब्दमा भएको जस्तो अन्तर नै पुरुषको नारीवादी चेत र नारीको नारीवादी चेतका बिचको अन्तर हो । उपर्युक्त पाँचजना पुरुष उपन्यासकार र एकजना नारी उपन्यासकारका बिचको भिन्नता पनि त्यही नै हो । यसै तथ्यका आधारमा पुरुष उपन्यासकारका कृतिमा देखिएको भन्दा नारी उपन्यासकारका कृतिमा देखिएको नारीवादी चेतना नै आधिकारिक हुन्छ भन्न सकिन्छ । उपर्युक्त पाँचजना पुरुष उपन्यासकारको ध्येय नारी पक्षधरता प्रदर्शन गर्नु रहेर र पारिजातको ध्येय प्रथमतः राजनीतिक चेतना प्रस्तुत गर्नु र द्वितीयतः नारी पक्षधरता प्रस्तुत गर्नु हुँदाहुँदै पनि उपर्युक्त (२.४) सम्पूर्ण प्रतिमानका आधारमा यी सबै उपन्यासहरूको विश्लेषण गर्दा तुलनात्मक रूपमा भने पारिजातकै उपन्यास (**अनिंदो पहाडसँगै**) को नारी पक्षधरता बढी सशक्त र आधिकारिक देखिएको छ ।

पारिजातले प्रस्तुत गरेको सुवानी भन्ने नारी पात्रका स्तरको नारी चरित्रलाई यी अन्य पुरुष उपन्यासकारले प्रस्तुत गर्न सकेका छैनन् । **रूपमती** उपन्यासकी रूपमती पितृसत्तात्मक मूल्यमान्यताकी अनुयायी हो । मोतीमाया **स्वास्नीमान्छे** उपन्यासकै सहायक नारी चरित्र मैयाँनानीजत्तिकी सशक्त छैन । **शान्ति** उपन्यासकी शान्ति स्वाभाविकभन्दा बढी नै उपन्यासकारकी

कठपुतली बन्न पुगेकी छ। **अनुराधा** उपन्यासकी अनुराधाको विक्षिप्तताले उसको सङ्घर्षलाई पराजयकै संज्ञा दिनुपर्ने अवस्थाको सिर्जना गरेको छ यद्यपि उपन्यासले उसको विजयको सम्भावनाको दिग्दर्शन गराउन भने भुलेको छैन। **तीन घुम्ती** उपन्यासकी इन्द्रमायाको चरित्रको समाजनिरपेक्षताले उसलाई विशिष्ट बन्न दिएको छैन। **अनिंदो पहाडसँगै** उपन्यासकी सुवानीमा उपर्युक्त नारी चरित्रमा देखिने कुनै पनि अभाव पक्ष भेटिंदैन। ऊ सर्वथा यथार्थ र स्वाधीन चरित्रका रूपमा उक्त उपन्यासमा प्रस्तुत भएकी छ। यसैले नारीवादी चेतनाका कोणबाट हेर्दा आधुनिक नेपाली उपन्यासकी अब्बल नारी चरित्रका रूपमा पारिजातद्वारा लिखित **अनिंदो पहाडसँगै** उपन्यासकी सुवानीलाई लिनुपर्दछ र यही आधारमा उक्त उपन्यासलाई उपर्युक्त छवटा उपन्यासमध्ये नारीवादी चेतनाका कोणबाट विशिष्ट उपन्यास मान्नु पर्दछ।

छैटौं परिच्छेद

# उपसंहार : सारांश तथा निष्कर्ष

प्रस्तुत शोधकार्यको **उपसंहार : सारांश तथा निष्कर्ष** नामक अन्तिम तथा छैटौं परिच्छेदमा प्रथमतः यस शोधप्रबन्धका विगत (१-५) परिच्छेदहरूको प्रतिपादनको समीक्षा गरी त्यसपछि प्रस्तुत शोधकार्यको निष्कर्षलाई रेखाङ्कित गरिएको छ (६.१ र ६.२) ।

## ६.१ पूर्वपरिच्छेदगत विवेचनाको सारांश

प्रस्तुत शोधप्रबन्धको यस परिच्छेदमा शोधको उपसंहारका सन्दर्भमा परिच्छेदगत निष्कर्षलाई प्रस्तुत गरिएको छ । यस क्रममा तत् तत् आधुनिक नेपाली उपन्यासमा नारीलाई प्रदान गरिएको अवस्थिति नारीवादी प्रकृतिको रहे नरहेको कुराको समेत निष्कर्ष निकालिएको छ ।

**आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना** शीर्षकको प्रस्तुत शोधप्रबन्धमा पाश्चात्य नारीवादी सिद्धान्तका आलोकमा आधुनिक नेपाली उपन्यासहरूको मूल्याङ्कन गरिएको छ । यस सम्बन्धमा प्रस्तुत शोधप्रबन्धका मूल पाठका जम्मा छ परिच्छेदहरूमा आबद्ध तथ्य-विश्लेषणको समीक्षालाई यहाँ प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको प्रथम परिच्छेद **शोधपरिचय** शीर्षकमा केन्द्रित रहेको छ । यस शोधप्रबन्धले आधुनिक नेपाली उपन्यासको नारीवादी चेतनाका कोणबाट अध्ययन र मूल्याङ्कन गर्ने कार्यलाई मूल प्राज्ञिक समस्याका रूपमा लिएको छ । यस प्राज्ञिक समस्याअन्तर्गत तीनवटा प्राज्ञिक प्रश्नहरू रहेका छन् र ती हुन्- १. पश्चिममा साहित्यिक फाँटमा नारी चेतनाको प्रारम्भ कहिलेदेखि भयो ? २. पश्चिममा नारीवादी चिन्तनले साहित्यिक सिद्धान्तको स्वरूप कहिलेदेखि ग्रहण गऱ्यो र त्यो के कस्तो स्वरूपमा रहेको छ ? ३. आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतनाको स्वरूप के कस्तो रहेको छ ? । यिनै समस्याहरूको समाधान गरी निष्कर्षसम्म पुग्नु प्रस्तुत शोधप्रबन्धको उद्देश्य रहेको छ । नेपाली साहित्यमा नारीवाद नौलो विषय भएकाले यस सम्बन्धमा पूर्वकार्यको खास पृष्ठाधार प्राप्त गर्न सकिएन । यस शोधप्रबन्धको नेपाली औपन्यासिक सर्वेक्षणको समयगत सीमाङ्कन उपन्यासको विषय, विचार र शिल्पका आधारमा नारीवादी प्रवृत्तिको विश्लेषणका सन्दर्भमा **रूपमती** उपन्यास (१९९१)देखि **अनिँदो पहाडसँगै** (२०३९) उपन्याससम्म गरिएको छ जसले ४८ वर्षको समयावधि ओगटेको छ । पुस्तकालयीय अध्ययनपद्धतिमा आधारित यस शोधप्रबन्धलाई छवटा परिच्छेदमा विभाजन गरिएको छ ।

शोधप्रबन्धको दोस्रो परिच्छेदमा पाश्चात्य नारीवादी सन्दर्भ र सैद्धान्तिक मान्यताको अध्ययनलाई प्रस्तुत गरिएको छ । यस क्रममा अमेरिकामा महिलाहरूले अमेरिकाली क्रान्तिताका (सन् १७७५-८३) नै मताधिकार र सामाजिक समानताको आवाज उठाइएको थियो । त्यहाँ प्रत्येक असफलताले महिलालाई अझ बढी सङ्घर्षशील बनाउँदै लग्यो र अमेरिकी महिलाहरूको सङ्घर्षले

विश्वव्यापी रूप धारण गऱ्यो। युरोपमा फ्रान्सेली क्रान्तिसँगै सङ्गठित महिला आन्दोलनको प्रारम्भ भयो। पाश्चात्य जगत्का महिलाहरूले मताधिकार प्राप्तिका निम्ति सबैभन्दा बढी समय खर्च गरेको देखिन्छ। विभिन्न प्रकारका अधिकारका निम्ति गरिएको सङ्घर्षको निरन्तरताले अन्त्यतः नारीवादको जन्म गरायो। यसको प्रारम्भताका मेरी एल्स्टन क्राफ्टको, पछि विस्तारै सिमोन द बुभायरको नाम जोडिँदै नारीवादले आफ्नो स्पष्ट स्वरूप ग्रहण गर्दै गयो। साहित्यको सिर्जनामा पनि नारीवादी चिन्तन त देखा पऱ्यो तर त्यसले नारीवाद भन्ने संज्ञा भने पाएन। सन् १९६० को दशकको प्रारम्भदेखि साहित्यिक-सांस्कृतिक विश्लेषणका सन्दर्भमा नारीवादी समालोचना र सिद्धान्तको स्थापना भयो। साहित्यमा नारीवादी मान्यता त्यसपछिको निकै छोटो समयमा समृद्ध बन्यो। यसका चरणहरू छुट्टिए र नारीवादी सिद्धान्तका विभिन्न हाँगाबिँगा पलाए। नारीवादले किनाराका महिलालाई केन्द्रमा तान्ने काम गर्दै सम्पूर्ण लैङ्गिक विभेदका विरुद्ध आवाज बुलन्द गऱ्यो। महिलामाथि एकोहोरो लादिएका घरेलु जिम्मेवारीको प्रश्नलाई नारीवादले प्रारम्भदेखि नै उठाउँदै आएको छ र त्यो अद्यापि कायम छ। महिलाको समान अधिकारको खोजीमा गरिएको सामाजिक आन्दोलन नै नारीवाद हो भनेर नारीवादलाई अर्थ्याउने गरिएको पाइन्छ। अध्ययनको सुविधाका निम्ति पाश्चात्य नारीवादी सिद्धान्तलाई मूल, सहायक र गौण गरी तीनवटा धारामा विभाजन गरिएको छ। मूल धाराअन्तर्गत उदार, मार्क्सवादी, आमूल र समाजवादी गरी चारवटा नारीवादी समालोचना सिद्धान्तलाई राखिएको छ। त्यस्तै सहायक धाराअन्तर्गत मनोविश्लेषणात्मक, उत्तरआधुनिक र उत्तरसंरचनावादी गरी तीनवटा समालोचना सिद्धान्तलाई राखिएको छ। त्यस्तै अन्य धाराअन्तर्गत चाहिँ जातीय/जनजातीय र सांस्कृतिक, कालावादी, नारीसमलैङ्गिक, उत्तरउपनिवेशवादी, उत्तरनारीवादी धारा एवं नारीवादी तेस्रो धार आदि रहेका छन्। नारीवादको मूल धारा समाजतिर फर्किएको पाइन्छ र यस धारका नारीवादीहरूले नरनारीका बिचको सामाजिक भिन्नताको उत्खनन गर्दै त्यसको समाप्तिका निम्ति आवाज उठाएका छन्। यी सहायक धाराले चाहिँ नारीवादी चिन्तनलाई स्थूलताबाट सूक्ष्मतातर्फ अग्रसर गराउँदै व्यक्तिकेन्द्री लैङ्गिक बनाइरहेका छन्। त्यस्तै मनोविश्लेषणात्मक तथा सांस्कृतिकसमेत तेस्रो धाराको नारीवादले महिलाहरूका बिचको भिन्नता र उत्पीडनलाई केलाएको छ। यस शोधप्रबन्धमा पाश्चात्य नारीवादी चिन्तनका यी विभिन्न प्रकारका धारालाई सूक्ष्मतापूर्वक प्रस्तुत गरिएको छ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा प्रथमतः नेपालमा नारी-जागरण र नारीवादी चेतनाको विकासलाई परम्परागत समाजदेखि नै अध्ययन गर्दै महिलामा प्रारम्भिक कालदेखि देखिएको तर अति सीमित मात्राको सामाजिक एवं राजनीतिक क्रियाशीलताको सन्दर्भलाई प्रस्तुत गरिएको छ। महिलामा राजनीतिक जागरण लिच्छविकालदेखि नै भए पनि सामाजिक जागरण भने २० औं शताब्दीको उत्तरार्धकी योगमायाबाट मात्र प्रारम्भ भएको देखिन्छ। नेपालमा नारी जागरण देखिनुमा एसियाकै भारत, चीन आदि मुलुक र पाश्चात्य मुलुकको प्रभाव स्पष्ट रूपमा परेको छ। नेपालमा नारीवादको विकास राजनीतिक, सामाजिक र शैक्षिक क्षेत्रमा भइसकेपछि मात्र बौद्धिक, सांस्कृतिक र साहित्यिक फाँटमा भएको हो। खासगरी नेपालको साहित्यिक फाँटमा यसको प्रवेश

२०४० को दशकको उत्तरार्द्धमा आइपुगेपछि मात्र हुन सकेको देखिन्छ । यस क्रममा **अस्मिता** पत्रिकाको योगदान सबैभन्दा महत्त्वपूर्ण छ । यसका अतिरिक्त महिला-अध्ययन, समाजशास्त्र विषयको पठनपाठन, विश्वविद्यालयको अङ्ग्रेजी र नेपाली विषयको पठनपाठनअन्तर्गत नारीवादसम्बन्धी पाठ्यांशको समावेश, अङ्ग्रेजी पुस्तकको आयात, गैरसरकारी संस्थाहरूको सक्रियता आदिले पनि नेपालमा नारीवादको विकास गर्न मद्दत पुऱ्याएका छन् । नेपालमा सांस्कृतिक फाँटमा नारीवादको विकास गर्ने क्रममा यहाँ भएको मार्क्सवादी चिन्तनको प्रसारले सर्वोपरि भूमिका खेलेको छ । साहित्यिक सिर्जनाका फाँटमा सर्वप्रथम पारिजातले र त्यसपछि सुधा त्रिपाठीले (खासगरी एकाङ्कीमार्फत) तथा कुन्ता शर्माले (कविता विधामा) यसलाई भित्र्याएको देखिन्छ । समालोचनाका फाँटमा कृष्ण गौतम (गौतम,२०५०:पृ.३६७)ले यसलाई भित्र्याएको देखिए तापनि उनको समालोचकीय मूल प्रवृत्ति भने नारीवादी होइन । नेपाली साहित्यमा नारीवादलाई चौतर्फी ढङ्ग (महिला साहित्यकारको छुट्टै इतिहासको लेखनारम्भ,पुरुषलिखित साहित्यमा नारी प्रस्तुतिको समीक्षा, नारीवादी सिर्जना र समीक्षा, नेपाली संस्कृतिको नारीवादी समीक्षा आदि) ले स्थापित गर्ने क्रममा सुधा त्रिपाठीको योगदान बढी महत्त्वपूर्ण रहेको छ । केशवप्रसाद उपाध्याय, ऋषिराज बराल, रमेश भट्टराई, नन्दमाया नकर्मी, ज्ञानु पाण्डे, रमा सिवाकोटी आदिले पनि नारीवादी समालोचनाका सन्दर्भमा फाट्टफुट्ट कलम चलाएका छन् । पछिल्लो दशकमा नारीवादी साहित्यिक सिर्जनाका फाँटमा गीता केशरीको नाम अग्र पङ्क्तिमा आउँछ भने उनका अतिरिक्त मञ्जु काँचुली, बेञ्जु शर्मा, पद्मावती सिंह, माया ठकुरी, जलेश्वरी श्रेष्ठ, भागीरथी श्रेष्ठ आदिले पनि यस क्षेत्रमा सोद्देश्य सक्रियता देखाएको भेटिन्छ । हाल आएर नारीवाद नेपाली साहित्यको मूल प्रवृत्तिमध्येको एक बनिसकेको छ र यसलाई सकारात्मक कोणबाट बुझेर ग्रहण गर्नेहरूको सङ्ख्यामा पनि दिनप्रतिदिन वृद्धि भइरहेको छ ।

शोधप्रबन्धको चौथो परिच्छेदमा नारीकेन्द्री एवं नारी समस्याकेन्द्री आधुनिककालीन नेपाली उपन्यासको सर्वेक्षण प्रस्तुत गरिएको छ । यस क्रममा पुरुष उपन्यासकारद्वारा लिखित उपन्यास लगभग साढे तीन दर्जन र महिला उपन्यासकारद्वारा लिखित उपन्यास त्यस्तै लगभग डेढ दर्जनजति यस सर्वेक्षणअन्तर्गत समावेश हुन सकेका छन् । पुरुष उपन्यासकारले आफूलाई जतिसुकै नारीपक्षधर बनाउन प्रयत्न गरे तापनि उनीहरूको संस्कारमा जमेर बसेको पितृसत्तात्मक संस्कारले भने उनीहरूलाई धोका दिएको देखिन्छ जसले गर्दा नारीपक्षीय चिन्तन नारीकै दृष्टिकोणबाट नियाल्दा त्रुटिपूर्ण हुन गएको छ । यति भएर पनि उनीहरूको नारीपक्षीय दृष्टिकोण अँगाल्ने प्रयत्न भने स्तुत्य छ । नारी उपन्यासकारका निम्ति नारी समस्याको प्रस्तुति विशेष रुचिकर रहेको छ । त्यस क्रममा नारी पक्षधरता अँगाल्ने सन्दर्भमा आफू बाँचेको सामाजिक परिवेशका कारणले उनीहरूमा हिच्किचाहट पनि देखिएको छ जसका कारणले उनीहरूको दृष्टिकोण तटस्थ बन्न पुगेको छ । यस क्रममा सामाजिक रूपान्तरणको जिम्मेवारीसहितको स्पष्ट दृष्टिकोण सबैभन्दा बढी पारिजातका उपन्यासमा देखिएको छ । त्यसपछि वानीरा गिरी र गीता केशरीको नाम विशेष उल्लेख्य छ ।

शोधप्रबन्धको पाँचौं परिच्छेदमा आधुनिक नेपाली साहित्यमा विभिन्न धाराका उपन्यासमध्येका छवटा उपन्यासको विश्लेषण नारीवादी चिन्तनका कोणबाट गरिएको छ। यस क्रममा उपन्यासकार रुद्रराज पाण्डे, हृदयचन्द्रसिंह प्रधान, लीलाध्वज थापा, विजय मल्ल, विश्वेश्वरप्रसाद कोइराला र पारिजातका क्रमशः **रूपमती, स्वास्नीमान्छे, शान्ति, अनुराधा, तीन घुम्ती र अनिँदो पहाडसँगै** उपन्यास समेटिएका छन्। १९९१ देखि २०३९ सालको समयसीमाभित्रका यी उपन्यासमा पारिजात एकजनाबाहेक बाँकी पाँचजना पुरुष उपन्यासकार परेका छन्।

नेपाली उपन्यासमा आधुनिकताको प्रारम्भ गर्ने **रूपमती** (वि.सं.१९९१) उपन्यास (रुद्रराज पाण्डेद्वारा लिखित)मा तत्कालीन समय-सन्दर्भमा हेर्दा लैङ्गिक चेतना पनि झल्कन्छ, उपन्यासकारमा नारी उत्पीडित छ भन्ने बोध पनि छ तर त्यो उत्पीडनको निवारण भने क्रान्तिकारी ढङ्गबाट नभएर नीतिवादी-सुधारवादी परम्परित मध्यममार्गबाट हुने ठहऱ्याइएको छ। वर्तमान संरचनाभित्रै महिलासमानता सम्भव छ भन्दै परम्परागत पुरुषप्रधान सामाजिक-पारिवारिक ढाँचाप्रति कुनै किसिमको चुनौति नदिइएको **रूपमती** उपन्यासमा झल्किएको नारीवादी चेतना उदार नारीवादी धाराको निकट छ।

नारीप्रति सर्वथा सकारात्मक दृष्टिकोण राख्ने हृदयचन्द्रसिंह प्रधानको उपन्यास **स्वास्नीमान्छे** (वि.सं.२०१५)मा तत्कालीन समाज व्यवस्थाका आलोकमा नारी चरित्रको प्रस्तुति गरिएको छ। यस उपन्यासमा उपन्यासकारले नारी-सङ्घर्षलाई आत्मबलिदानका तहसम्म उकाल्दै नारी समुदायले अस्तित्वको लडाइँलाई नै जीवनको प्रथम कर्तव्य सम्झनुपर्छ भन्ने निचोड प्रस्तुत गरेका छन्। पश्चिमी जगत्मा नारीवादी साहित्य-सिद्धान्तको प्रारम्भ हुनुभन्दा केही वर्षअघि नै प्रकाशित यस उपन्यासमा देखिएको यो चिन्तन मार्क्सवादी कोणबाट उत्प्रेरित छ, स्वच्छन्दतावादी प्रवृत्तिको क्रान्तिकारिता प्रस्तुत भएको छ र यसले नारीवादी स्वरूप पनि अँगालेको छ। यस उपन्यासको अभीष्ट सामाजिक रूपान्तरण हो र नारीसँग जोडिएर पनि त्यही कुरा अगाडि आएको छ। यतिसम्म कि वेश्याचरणजस्तो निकृष्टतालाई त्यो निकृष्टता हो भनेर बुझीकन पनि त्यसलाई सामाजिक परिवर्तनको साधनका रूपमा प्रयोग गरिएको छ। यसैले यस उपन्यासमा प्रकट भएको नारीपक्षीय चिन्तनलाई क्रान्तिकारी स्वच्छन्दतावादी नारीवादको संज्ञा दिन सकिन्छ।

लीलाध्वज थापाले आफ्नो उपन्यास **शान्ति** (वि.सं.२०१५)मा महिलाको मात्रै छुट्टै संस्था खडा गरेर भन्दा महिला-पुरुष दुवैको संयुक्त संस्था खडा गरेर महिलालाई पनि समान (सके त बढी नै) हैसियत र अवसर प्रदान गर्दा मात्रै महिलाको उपयुक्त विकास हुन सम्भव छ भन्ने दृष्टिकोण अगाडि सारेका छन्। उपन्यासमा अत्याचार पुरुषले गर्छन् तर सजाय व्यर्थैमा महिलाले भोग्छन् भन्ने दृष्टिकोण अगाडि सार्दै त्यसरी व्यर्थैमा प्रताडित महिलाले न्याय पाउनुपर्छ भन्ने कुरालाई यस उपन्यासकी प्रमुख नारी चरित्र शान्तिले न्याय पाएको उदाहरणमार्फत प्रस्तुत गरिएको छ। यसरी यस उपन्यासमा नारीवादी चेतनाकै पक्षपोषण भएको छ। यस उपन्यासको स्वरूप स्वच्छन्दतावादी प्रकृतिको छ र यहाँ प्रस्तुत भएको नारीपक्षीय चिन्तन स्वच्छन्दतावादउत्प्रेरित उदार नारीवादी प्रकृतिको छ।

उपन्यासकार विजय मल्लद्वारा लिखित **अनुराधा** (वि.सं.२०१८) नारीकेन्द्री र नारी समस्याकेन्द्री उपन्यास हो। नेपालको सामन्तवादी परम्पराले नारीकुण्ठाको कुनै मूल्याङ्कन नगर्ने भए तापनि यस उपन्यासमा भने त्यसलाई सर्वोपरि महत्त्वका साथ प्रस्तुत गरिएको छ। अनुराधाले पुरुषका योग्यता (लुरे, कातर, षड्यन्त्रकारी र सहिष्णु नहुनु)को जुन मापदण्ड तय गरेकी छ त्यो आफू अस्तित्वहीन रहेर श्रीमान्का माध्यमले चिनिन रुचाउने नारीमा हुने खालको भावना हो जसलाई उपन्यासकारले आफूमा संस्कारका रूपमा रहेको पितृसत्तात्मक प्रभावका कारणले प्रकट गर्न पुगेका हुन्। अन्यथा उनको दृष्टिकोण प्रत्यक्ष रूपमा भने नारीपक्षीय नै रहेको छ। केन्द्रीय पात्र अनुराधामार्फत पीडित नारी आफै सक्रिय भएर आफ्ना कुण्ठाका विरुद्ध दृढतापूर्वक समर्पित भएर विद्रोह गरेको देखाउनु तत्कालीन समय-परिस्थितिमा कठिन कुरा हो र त्यही कठिनाइको मात्रालाई यस उपन्यासमा अनुराधाको मानसिक विक्षिप्ततामार्फत प्रस्तुत गरिएको छ। यस उपन्यासमा प्रकट भएको नारीपक्षीय चेतनालाई मनोविश्लेषणात्मक नारीवादी चेतना भनेर चिनाउन सकिन्छ।

विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो उपन्यास **तीन घुम्ती** (वि.सं.२०२५)मा आफ्नो नारीपक्षीय दृष्टिकोणलाई पूर्ण मनुष्यत्वका कोणबाट प्रस्तुत गरेका छन् र यो कोण अस्तित्ववादसँग जोडिएको छ। नेपाली समाजमा नारी उत्पीडित छ भन्ने बोध उपन्यासकारले गरेका छन् र त्यसको उपचार नारीको आत्मनिर्भरतातर्फको प्रयाणमा खोजेका छन्। यसरी एकातिर नारी पीडाको उपचार हुन्छ भने अर्कातिर उसको स्वाभिमानको जगेर्ना पनि हुनसक्छ। गाँसबासभन्दा स्वाभिमानरक्षा ठूलो हो भन्दै यस उपन्यासमा प्रमुख नारी चरित्र इन्द्रमायाका माध्यमले नारीमाथि एकपक्षीय रूपमा लादिएको नैतिकताको बन्धनलाई खुला चुनौती दिइएको छ। नारीको सतीत्व-मातृत्वसम्बन्धी कुरा उसको परनिर्भरताको मापदण्डद्वारा परिभाषित भएको कुरालाई आंशिक रूपमा बुझेका उपन्यासकार कोइरालाले नारी समस्याको समाधान सामाजिक ढङ्गमा भन्दा पनि व्यक्तिगत ढङ्गमा खोजेकाले यो व्यक्तिचेतनामा आधारित उपन्यास हो। यस उपन्यासमा प्रकट भएको नारी पक्षधरता नारीवादी प्रकृतिको छ र यसलाई अस्तित्ववादी नारीवादी चेतना भनेर चिनाउन सकिन्छ।

उपन्यासकार पारिजातद्वारा लिखित उपन्यास **अनिँदो पहाडसँगै** (वि.सं.२०३९) ले समाजवादी लक्ष्य बोकेको छ र उपन्यासकारको नारी पक्षधरता पनि त्यसैभित्र अटाएको छ। उपन्यासकारको समाजवादी चिन्तनले विभेदरहित समाज व्यवस्थाको अपेक्षा गरेको छ। घट्नुपर्ने उत्पीडनको मात्रा पुरुषसँग भन्दा महिलासँग बढी भएकाले समाजवादी व्यवस्थाको आगमनले महिलालाई नै बढी फाइदा हुन्छ। समाजवादी क्रान्तिका क्रममा महिलालाई जुन विश्वासका साथ पुरुषलाई भन्दा बढी जिम्मेवारी दिइन्छ त्यो उसको अस्तित्वको उच्च मूल्याङ्कन र सम्मान हो। मार्क्सवादले नारीलाई सामाजिक हैसियत प्रदान गर्दै उसका समस्यालाई उसकै मात्र व्यक्तिगत समस्याका रूपमा नभएर सामाजिक समस्याका रूपमा लिन्छ। यस उपन्यासमा पनि थुप्रै नारी समस्यालाई प्रस्तुत गरिएको छ र ती सामाजिक समस्याका रूपमा आएका छन्। यस उपन्यासमा पुरुष पात्रभन्दा पनि सशक्त रूपमा सुवानीलाई प्रस्तुत गरिएको छ। यस उपन्यासका सुवानी,

चन्द्रकान्ता, गोरीमाया र अन्य नारी पात्रमार्फत उपन्यासकारको नारीपक्षीय दृष्टिकोण प्रकट भएको छ र त्यो दृष्टिकोण मार्क्सवादी प्रकृतिको छ। यसैले यस उपन्यासमा प्रस्तुत भएको नारीवादी चिन्तनलाई मार्क्सवादी नारीवादको संज्ञा दिन सकिन्छ।

## ६.२ शोधकार्यको निष्कर्ष

पाश्चात्य जगत्मा नारी जागरणको सामाजिक एवं राजनीतिक अभियान व्यक्तिगत तहमा १८ औं शताब्दीदेखि र सङ्गठित रूपमा १९ औ शताब्दीको मध्यदेखि (सन् १८४८ को 'सेनेका फल्स कन्भेन्सन' बाट) देखिएको हो। महिलातर्फ साहित्य सिर्जनाका तहमा ई. पू. छैटौं शताब्दीकी प्राचीन ग्रिसेली गीतिप्रतिभा सफ्फो प्रारम्भबिन्दु मानिन्छिन्। सफ्फोदेखि थालिएको पश्चिमी जगत्को महिला साहित्यिक लेखनको इतिहासले अलिअलि निरन्तरता पाइरह्यो र क्रमशः विश्वप्रसिद्ध थुप्रै महिला स्रष्टाको उदय पनि भयो। पाश्चात्य साहित्य लेखनमा नारीवादी चेतनाको प्रारम्भ भने बेलायतकी मेरी उल्स्टन क्राफ्टको सन् १७९२ को **ए भिन्डिकेसन अफ द राइट्स अफ उमन** भन्ने ग्रन्थबाट भएको हो र यो प्रवृत्ति भर्जिनिया उल्फ, सिमोन दि बुभायर हुँदै अघि बढ्यो।

नारी जागरण अभियान र नारीवादी आन्दोलन प्रारम्भ भएको निकै समयपछि मात्रै नारीवाद भन्ने शब्दको प्रयोग हुन थालेको देखिन्छ। नारीवादले समालोचना सिद्धान्तको स्वरूप भने सन् १९६० ताकादेखि मात्रै प्राप्त गऱ्यो र यसको श्रेय बेट्टी फ्राइडन, मेरी इलमन, केट मिलेट, जर्माइन ग्रिर, जुलिया क्रिस्तेवा, हेलेन सिक्सस आदिलाई दिने गरिएको छ। नारीवादी आन्दोलनमध्ये सन् १९६० भन्दा अघिकोलाई प्रथम चरण, १९६० पछिकोलाई दोस्रो चरण र १९८० पछिकोलाई तेस्रो चरणमा विभाजन गर्ने गरिएको छ। दिनप्रतिदिन नारीवादका नवीन सिद्धान्तहरूको जन्म भइरहेको छ र यो क्रमशः सूक्ष्मतातर्फ लम्किरहेको छ। यही कारणले यसमा उदार नारीवाददेखि उत्तर नारीवादसम्मका अनेकौं हाँगाहरू देखा परेका छन्। नेपाली साहित्यमा नारीवादी चिन्तनको औपचारिक प्रवेश वि.सं.२०४० को दशकको अन्त्यतिर मात्रै भए पनि त्यसभन्दा अगाडि पनि थुप्रै नेपाली उपन्यासकारले नारी पक्षधरतासहित नारी समस्यापरक उपन्यास लेखेका छन् र तीमध्ये कतिपय उपन्यास नारीवादका वर्तमान स्वरूपको परिचय झल्काउने खालका पनि छन्। यस क्रममा आधुनिक नेपाली उपन्यासको प्रारम्भबिन्दु मानिएको **रूपमती** (१९९१) देखि वि.सं.२०५८ सम्मका नारीकेन्द्री र नारी समस्याकेन्द्री उपन्यासमध्ये नारीवादी प्रवृत्ति विशेष मुखर रहेका छवटा उपन्यासको विश्लेषण गर्ने क्रममा **रूपमती**मा उदारवादी नारीवाद, **स्वास्नीमान्छे**मा स्वच्छन्दतावादउत्प्रेरित क्रान्तिकारी नारीवाद, **शान्ति**मा स्वच्छन्दतावादउत्प्रेरित उदार नारीवाद, **अनुराधा**मा मनोविश्लेषणात्मक नारीवाद, **तीन घुम्ती**मा अस्तित्ववादी नारीवाद र **अनिंदो पहाडसँगै**मा मार्क्सवादी नारीवादका स्वरूप फेला परे।

नारीकेन्द्री र नारी समस्याकेन्द्री आधुनिक नेपाली उपन्यासहरूको सर्वेक्षण र विश्लेषण गर्दा नेपाली साहित्यिक फाँटमा पाश्चात्य नारीवादी चिन्तनको औपचारिक प्रवेश अहिलेभन्दा लगभग डेढ दशकअघि मात्रै भए तापनि साहित्य सिर्जनामा भने नारीवादी चिन्तनको मौलिक किसिमको

विकास आधुनिक कालको प्रारम्भदेखि नै हुन थालेको र पछिल्ला दिनमा त्यो झन्झन् खारिँदो अवस्थामा रहेको निष्कर्ष प्रस्तुत शोधकार्यबाट निस्किएको छ ।

## ६.३ भावी शोधकार्यका लागि प्रस्तावित शीर्षकहरू

प्रस्तुत शोधकार्य विद्यावारिधि उपाधिका लागि नारीवादी सिद्धान्तमा आधारित नेपाली विषयको पहिलो सामग्री हो । यसैले यस क्षेत्रमा भावी शोधकार्यका लागि पर्याप्त कामहरू बाँकी छन् । तीमध्येका केही कामलाई शोधशीर्षकका ढाँचामा ढालेर प्राथमिकता क्रमका आधारमा प्रस्तुत गरिएको छ -

१ आधुनिक नेपाली उपन्यास (२०५०सालपछिका)मा नारीवादी चेतना
२ नारीवादी चेतनाका दृष्टिले पारिजातका उपन्यासको अध्ययन
३ नारीवादी चेतनाका दृष्टिले वानीरा गिरीका उपन्यासको अध्ययन
४ नारीवादी चेतनाका दृष्टिले गीता केशरीका उपन्यासको अध्ययन
५ कृष्ण धराबासीको उपन्यासको नारीवादी अध्ययन
६ विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासको नारीवादी अध्ययन
७ प्रगतिवादी नेपाली उपन्यासको नारीवादी अध्ययन
८ नेपाली नारीवादी उपन्यास लेखनमा महिला उपन्यासकारको योगदान
९ नेपाली नारीवादी उपन्यास लेखनमा पुरुष उपन्यासकारको योगदान

## प्रमुख सन्दर्भसामग्री सूची

यहाँ प्रस्तुत शोधकार्यका क्रममा प्रयोग भएका प्रमुख सन्दर्भसामग्री सूचीमध्ये देवनागरी र रोमेली लिपिका (अङ्ग्रेजी भाषाका) सन्दर्भ सामग्रिको सूची तल क्रमशः प्रस्तुत गरिएको छ ।

**(क) देवनागरी लिपिका सन्दर्भसामग्री**


अधिकारी, डि.पी. (२०२५), *आशमाया,* विराटनगर : पुस्तक संसार ।

अनामिका (सन् २००१), *स्त्रीत्व का मानचित्र,* दिल्ली : सारांश प्रकाशन प्रा.लि. ।

इन्सेक (२०५३), *राजनीतिक महिला परिचय,* काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

उपाध्याय, केशवप्रसाद (२०५०), *विचार र व्याख्या* (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

______________ (२०५२), "नारीवादी लेखन र गोपालप्रसाद रिमाल", **गरिमा**, (वर्ष १३, अङ्क ६),पृ. १२-२२ ।

उप्रेती, डिल्लीराज (२०४६), अनु. *नेपाली हिन्दू अधिराज्यको इतिहास* (दोस्रो खण्ड), ललितपुर : हिमाल किताब ।

एङ्गेल्स, फ्रेडरिख (२०४६), अनु. *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति* (दो.सं.), काठमाडौं : प्रगति प्रकाशन ।

______________ (२०४३), *परिवार, निजी सम्पत्ति और राज्य की उत्पत्ति,* मास्को : पिपुल्स पब्लिसिङ हाउस ।

कात्यायनी (२०४९), *महिला मुक्ति आन्दोलन,* (अनु. मदनमोहन जोशी), चितवन : जोशिलो प्रकाशन ।

कुँवर, आर.बी. (२०४८), *मुक्तिको वेदीतिर,* काठमाडौं : चिन्तन प्रकाशन (प्रा.) लि. ।

कुमार, राकेश (२०६१), *नारीवादी विमर्श,* हरियाणा : आधार प्रकाशन प्रा.लि. ।

केशरी, गीता (२०४६), *सौगात,* काठमाडौं : भारद्वाज प्रकाशन ।

______________ (२०४७), *आवाज,* काठमाडौं : भारद्वाज प्रकाशन ।

______________ (२०५०), *खोज,* काठमाडौं : भारद्वाज प्रकाशन ।

______________ (२०५२), *विश्वास,* काठमाडौं : लेखक स्वयं ।

कोइराला, खेम (२०४७), *उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला,* काठमाडौं : लेखक स्वयं ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५०), *तीन घुम्ती* (चौ.सं.), ललितपुर : साझा प्रकाशन ।

______________ (२०२७), *नरेन्द्र दाइ,* काठमाडौं : प्रतिनिधि साहित्य प्रकाशन ।

खरेल, भारती (२०५१), *कुमारी आमा,* काठमाडौं : दीपक खरेल ।

गर्तौला, प्रयास (२०५०), *विवशताको पासो,* काठमाडौं : भीष्म गर्तौला ।

गिरी, वानीरा (२०३४), *कारागार,* काठमाडौं : साझा प्रकाशन ।

______________ (२०४२), *निर्बन्ध,* काठमाडौं : साझा प्रकाशन ।

गोठाले, गोविन्दबहादुर मल्ल (२०५२), *पल्लो घरको झ्याल* (नवौं सं.), काठमाडौं : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

_____________ (२०४७),"पारिजातः मैले नजन्माएको छोरो कथामा," *गरिमा,* (पूर्णाङ्क९६), पृ. १६-२२ ।

चापागाईं, नरेन्द्र (२०३३), *उपन्यास शिल्प र विश्लेषण,* विराटनगर : जानुका प्रकाशन ।

_____________ (२०३८), *केही कृति केही प्रतिकृति,* ललितपुर : साझा प्रकाशन ।

_____________ (२०४५), *पूर्वाञ्चल समालोचना सङ्ग्रह,* विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

चापागाईं, निनु र सङ्ग्रौला,खगेन्द्र (२०५१),*पारिजात स्मृति ग्रन्थ,* काठमाडौंःपारिजात स्मृति केन्द्र ।

चापागाईं, निनु (२०५९), *सन्दर्भ : संस्कृति र सांस्कृतिक रूपान्तरण,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

चौंलागाईं, तिलकप्रसादसमेत (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौं : न्यू हीरा बुक्स इन्टरप्राइजेज ।

छेत्री, शरद् (२०५४), *डाक बङ्गला : पर्यावलोकन,* दार्जिलिङ : वैशालु प्रकाशन ।

तिम्सिना, मातृकासमेत (२०५७), *योगमाया* (सम्पा.), काठमाडौं : नेपाल अध्ययन केन्द्र ।

त्रिपाठी, जगन्नाथ (२०३७), " 'शिरीषको फूल' एक परीक्षण ", *प्रज्ञा* , (अङ्क ३३), पृ.१५-५१ ।

त्रिपाठी, वासुदेव (२०६५), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १ र २* (क्रमशः छैटौं र पाँचौं सं.),ललितपुरः साझा प्रकाशन ।

_____________ (२०२७), *विचरण,* काठमाडौं : भानु प्रकाशन ।

_____________ (२०५१), "पारिजातले सिर्जेको साहित्यिक शिखरशृङ्खला : एक चर्चा", *पारिजात स्मृतिग्रन्थ २०५१,* काठमाडौं : पारिजात स्मृतिकेन्द्र , पृ.१९२-२१० ।

त्रिपाठी, सुधा (२०५८), *दृष्टिचौतारी* , ललितपुर : साझा प्रकाशन ।

_____________ (२०६२), *महिला समालोचक र नेपाली समालोचना(सम्पा.),* ललितपुर : साझा प्रकाशन ।

_____________ (२०५०), "नेपाली साहित्याकाशमा नारी", *अस्मिता* (अङ्क १८), पृ.४६-५० ।

_____________ (२०५१), "भानुभक्तको नारीविद्वेष", *अस्मिता* (अङ्क २५), पृ.४८-५१ ।

_____________ (२०५१), "नेपाली साहित्यमा नारीको अधकल्चो छवि",*अस्मिता* (अङ्क २६) पृ.६-११ ।

तुम्बाहाङ्फे, शिवमाया (२०५९), *नेपालमा महिला आन्दोलन,* काठमाडौं : अखिल नेपाल महिला सङ्घ, नेपाल ।

थापा, लीलाध्वज (२०५०), *पूर्वस्मृति* (पाँ.सं.), काठमाडौं : साझा प्रकाशन ।

__________ (२०३५), *मन* (साझा प्रकाशनबाट प्रथम सं.), ललितपुर : साझा प्रकाशन ।

__________ (२०१५), *शान्ति* (साझा प्रकाशनबाट प्रथम सं.), ललितपुर : साझा प्रकाशन ।

थापा क्षेत्रबहादुर (२०२७), *नौली दुलही,* रामघाट : लेखक स्वयं ।

थापा, भीमचरण (२०४८), *कल्पना,* वीरगञ्ज : देवी थापा ।

दाहाल, पेशल (२०५७), *नेपालको इतिहास,* काठमाडौं : एम्.के. पब्लिसर्स ।

दाहाल, मोहन पि.(२०५०), *आधुनिक नेपाली उपन्यास,* दार्जिलिङ : दार्जिलिङ ग्रन्थकार सहकारी समिति ।

दीक्षित, नरेन्द्रमणि आचार्य (२०६३), *अङ्ग्रेजी नेपाली साझा सङ्क्षिप्त शब्दकोश,* ललितपुर : साझा प्रकाशन ।

दीक्षित, मदनमणि (२०५१), *त्रिदेवी,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

देवसा, सावित्री (२०३८), *चोइटिएको उपासना,* वाराणसी : सरिता प्रकाशन ।

देवी, पवनकुमारी (२०१७), *प्रतिज्ञा,* वाराणसी : सरिता प्रकाशन ।

देवकोटा, राजेश्वर (२०४३), *पूर्वकथा,* ललितपुर : साझा प्रकाशन ।

धराबासी, कृष्ण (२०४८), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यास,* झापा : जीविका इन्टरप्राइजेज ।

नासननी, कन्हैया (२०४७), *क्लियोपाट्रा,* काठमाडौं : सुश्री मन्दिरा नासननी ।

निरौला, पुण्य (२०४३), *पार्वती,* विराटनगर : राजन निरौला ।

__________ (२०४२), *तक्दीर,* विराटनगर : मोहन निरौला ।

नेपाल, केशव (२०४५), *बेचिएकी चेली,* काठमाडौं : निरन्तर प्रकाशन ।

__________(२०५६), *लाहुरेको चिठ्ठी,* काठमाडौं : निरन्तर प्रकाशन ।

__________ (२०५६), *टुहुरीको जिन्दगी,* काठमाडौं : निरन्तर प्रकाशन ।

पाण्डे, रुद्रराज (२०४९), *रूपमती* (१६ औं सं.), ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, उषा (२०१६), *मध्ययुगीन हिन्दी साहित्य में नारी-भावना,* दिल्ली : हिन्दी साहित्य संसार ।

पारिजात (२०३३), *तोरीबारी, बाटा र सपनाहरू,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

__________ (२०५४), *अन्तर्मुखी,* दक्षिण सिक्किम : निर्माण प्रकाशन ।

__________ (२०५४), *पर्खालभित्र र बाहिर,* दक्षिण सिक्किम : निर्माण प्रकाशन ।

__________ (२०५४), *अनिंदो पहाडसँगै,* दक्षिण सिक्किम : निर्माण प्रकाशन ।

__________ (२०४६), *परिभाषित आँखाहरू,* काठमाडौं : स्यो-म्हेन्दो प्रकाशन ।

पुष्पलाल (२०५३), *छानिएका रचनाहरू,* काठमाडौं : मदन-आश्रित प्रतिष्ठान ।

पोखरेल, डी.आर.(२०६२), *पारिजातको साहित्यिक मूल्याङ्कन* , काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

पौडेल, तुलसीराम (२०५९), *लैङ्गिक अध्ययनको रूपरेखा* (दो.सं.), काठमाडौं : निमा पुस्तक प्रकाशन ।

पौड्याल, हीरामणि शर्मा (२०४१), *समालोचनाको बाटोमा,* पर्वत : इन्दिरा शर्मा पौड्याल ।

पौडेल, तोयनिधि (२०२८), *नारी,* काठमाडौं : रत्नपुस्तक भण्डार ।
प्रभात, विष्णु (२०५२), *मातृत्व,* काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।
प्रधान, कृष्णचन्द्रसिंह (२०४०), *सिर्जनाको सेरोफेरो,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
प्रधान, प्रतापचन्द्र (२०४०), *नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि,* दार्जिलिङ : दीपा प्रकाशन ।
प्रधान, राजनारायण (२०३०), *केही कृति केही स्मृति,* दार्जिलिङ : नेपाली साहित्य परिषद्का निम्ति श्याम ब्रदर्श ।
प्रधान, परशु (२०५२), *सबै बिर्सिएका अनुहारहरू* (ते.सं.), ललितपुर : साझा प्रकाशन ।
प्रधान, हृदयचन्द्रसिंह (२०४६), *स्वास्नीमान्छे* (सा.सं.), काठमाडौं : साझा प्रकाशन ।
बराल, ईश्वर (२०५६), *छरिएका समीक्षा* (सं.शरद्चन्द्र शर्मा भट्टराई),ललितपुर : साझा प्रकाशन ।
__________(२०५८), *आख्यानको उद्भव* (दो.सं.),ललितपुर : साझा प्रकाशन ।
बराल, ऋषिराज (२०५२), *मार्क्सवाद र उत्तरआधुनिकतावाद,* विराटनगर : सविता बराल ।
__________ (२०५२), "नारीवादी समालोचना कि नारीमुक्ति समालोचना", **गरिमा**, (वर्ष १३, अङ्क ६), पृ. १८-२२ ।
__________ (२०६४), *साहित्य र समाज,* ललितपुर : साझा प्रकाशन ।
बराल, ईश्वर र अन्य (२०५५), *नेपाली साहित्यकोश* (सम्पा.), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
ब्राम्हण, पूर्णप्रसाद (२०४४), *अध्यक्ष उमा,* काठमाडौं : लेखक स्वयं ।
बुभायर, सिमोन द (२०४७), *स्त्री उपेक्षिता,* दिल्ली : हिन्द पाकेट बुक्स ।
भसिन, कमला (२०५६), *केटी के हो ? केटा के हो ?* , काठमाडौं : स्त्री शक्ति ।
भट्टराई, रमेशप्रसाद (२०५१), "नारीवाद र कोइरालाका नारी पात्र", *अस्मिता* (वर्ष ७, पूर्णाङ्क २६), पृ.३८-४० ।
__________ (२०६४), "पाश्चात्य साहित्यमा महिला लेखनको इतिहास", *नागार्जुन,* (वर्ष ६, अङ्क १), पृ. ५३-७० ।
मजगैयाँ, बलदेव (२०५४), *चारू* , काठमाडौं : सावित्री शर्मा ।
मल्ल, विजय (२०३९), *कुमारी शोभा* , काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
__________ (२०४९), *अनुराधा* (सातौं सं.),ललितपुर : साझा प्रकाशन ।
मल्ल, मोहनबहादुर (२०१५) , *समयको हुरी,* काठमाडौं : लेखक स्वयं ।
__________ (२००८), *उजेली छायामा* काठमाडौं : लेखक स्वयं ।
यमी, हिसिला र भट्टराई, बाबुराम (२०५७) , *मार्क्सवाद र महिला मुक्ति,* (स्थान ?): उत्प्रेरक प्रकाशन ।
राणा, डायमनशमशेर (२००६), *वसन्ती,* काठमाडौं : रत्नपुस्तक भण्डार ।
__________ (२०४३), *अनिता,* दार्जिलिङ : नेपाली साहित्य सञ्चयिका ।
राल्फा, मञ्जुल (२०२६), *छेकुडोल्मा,* ओखलढुङ्गा : गोपाल पुस्तक भण्डार ।

राई, इन्द्रबहादुर (२०३१), *नेपाली उपन्यासका आधारहरू,* दार्जिलिङ् : नेपाली साहित्य परिषद् ।
___________ (२०३३), *टिपेका टिप्पणीहरू,* दार्जिलिङ : नेपाली साहित्य संचयिका ।
राई, कृष्णकुमारी (२०२९), *समर्पिताको अस्तित्व,* ललितपुर : साझा प्रकाशन ।
रेग्मी, मुरारिप्रसाद (२०३४), *जीवन क्यानभासको वृत्तचित्र,* ललितपुर : साझा प्रकाशन ।
___________ (२०४०), *मनोविश्लेषणात्मक समालोचना,* ललितपुर : साझा प्रकाशन ।
लम्साल, नन्दराम (२०३९), *आरम्भ,* नेपालगञ्ज : भेरी साहित्य विकास समिति ।
वाङ्देल, लैनसिंह (२०५४), *मुलुक बाहिर,* काठमाडौं : रत्नपुस्तक भण्डार ।
___________ (२०५६), *माइतघर* (१६ औं सं.), काठमाडौं : रत्नपुस्तक भण्डार ।
विकल, रमेश (२०५२), *सागर उर्लन्छ सगरमाथा छुन,* ललितपुर : साझा प्रकाशन ।
विष्ट,दौलतविक्रम(२०४५),*ज्योति ज्योति महाज्योति,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
___________ (२०४५), *थाकेको आकाश* (दो.सं), ललितपुर : साझा प्रकाशन ।
शर्मा, गीता (२०४९), *खुशबू,* गान्तोक : देवेन्द्र शर्मा ।
शर्मा, देवी (२०४५) *शोध र समीक्षा,* काठमाडौं : नेपाल नारी साहित्य सेवा केन्द्र ।
शर्मा, पुष्पनाथ (२०४०), *स्नेहलता,* वाराणसी : नवीन प्रकाशन ।
___________ (२०४२), *बिहानको खोजी,* काठमाडौं : श्रीमती नर्वदा शर्मा ।
शर्मा, गोपीकृष्ण (२०४४), *अवलोकन र विवेचना* , काठमाडौं : रत्नपुस्तक भण्डार ।
शाह, प्रेमा (२०४२), *मम्मी,* काठमाडौं : रत्नपुस्तक भण्डार ।
श्रेष्ठ, भागीरथी (२०३४), *मालती,* भैरहवा : दुर्गाप्रसाद श्रेष्ठ ।
___________(२०४६), *यस्तो एउटा आकाश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
श्रेष्ठ, तुलसीनारायण (२०३९), *देवी,* ललितपुर : निलन श्रेष्ठ, सजन श्रेष्ठ ।
श्रेष्ठ, बमप्रसाद (२०३९), *रश्मि,* ललितपुर : कमला प्रकाशन ।
श्रेष्ठ, रामप्रसाद (२०४५), *यथार्थवाद र तीन घुम्ती,* अज्ञात : अज्ञात ।
सङ्ग्रौला, खगेन्द्र (२०२७) *चेतनाको पहिलो डाक,* काठमाडौं : भानु प्रकाशन ।
___________ (२०५६), *जूनकीरीको सङ्गीत,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।
सायमी, धुस्वाँ (२०२१), *गंकी,* काठमाडौं : रत्नपुस्तक भण्डार ।
___________ (२०४२), *अग्निगर्भ* , काठमाडौं : साहित्य घर/पुस्तक र पुस्तकहरू ।
सिंह, मोहनविक्रम (२०४९), *अन्तर्राष्ट्रिय महिला आन्दोलन र सम्पत्तिमा महिलाहरूको समान अधिकारको प्रश्न,* अर्घाखाँची : कल्पना पोखरेल ।
सिंह, रूपनारायण (२०४७), *भ्रमर* (छैटौं सं.), खर्साङ : कर्नेल शमशेरजङ्ग सिंह ।
सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* वाराणसी : भूमिका प्रकाशन ।
सुनुवार, रमेश(२०६३),*महिलाहरूको मुक्तिको बारेमा* (अनु,ते.सं.), काठमाडौं : प्रगति पुस्तक सदन ।
सेन, सुब (२०४५), *शिखर,* काठमाडौं : भट्टराई बन्धु प्रकाशन ।

सुब्बा, मायादेवी (२०२०), *पश्चाताप,* गोरखपुर : विष्णु राई ।

**ख) रोमेली लिपि (अङ्ग्रेजी भाषा)का सन्दर्भसामग्री**

Abrams, MH (1971), *Glossary of Literary Terms,* Macmillan India Ltd.
Allot, Mirriam (1962), *Novelist on the Novel,* Routledge and Kegan Paul Ltd. Broadway House.
Andrew, Michael Roberts (1994), *The Novel Forms Its Origins to the Present Day ,* Bloomsbury.
Ashcroft, Bill (2004) , *Key Concepts in Post-Colonial Studies ,* London and New york : Routledge.
Baldick, Chris (1990), *The Conscise Oxford Dictionary of Literary Terms* ,New York: Oxford University press.
Barker, Chris (2000), *Cultural Studies,* London-California-New Delhi : SAGE Publications.
Barry, Peter (2000), *Beginning Theory,* Manchester and New York : Manchester University Press.
Beasley, Chris (1999), *What is Feminism ?,* London –Thousand Oaks–New Delhi : SAGE Publications.
__________ (2005) , *Gender & Sexuality* , London-Thousand Oaks-New Delhi : SAGE Publication.
Benstock, Shari & Others (2002), *A Handbook of Literary Feminisms* , New York & Oxford : Oxford University Press.
Bhasin Kamala (1994), *Some Questions on Feminism and Its Relevance in South Asia*, New Delhi : Kali for Women.
__________ (1993), *What is Patriarchy ?,* New Delhi : Kali for Women.
Blackwell, Basil(1990),*British Feminist Thought A Reader*, U.k.:Basil Blackwell Ltd.
Blamires, Harry (2001), *A History of Literary Criticism,* India : Macmillan India Ltd.
Brant, Clare & Purkiss, Diane (1992), *Women, Texts & Histories 1575–1760,* London and New York : Routledge.
Cuddon, J.A. (1980), *A Dictionary of Literary Terms* , Clasion Books .
Davis, Robert Can and Schleifer, Ronald (1998), *Contemporary Literary Criticism* (4th ed), U.S. : Addison Wesley Longman .

Eagleton, Terry and Milne, Drew (1996), *Marxist Literary Theory A Reader* , U.S.A. : Blackwell Publishers Ltd.

Edgar, Andrew and Sedgwick, Peter (2004) , *Key Concept in Cultural Theory* , India : Routledge.

Editors of Encyclopedia Britannica (2004), *Britannica Ready Reference Encyclopedia* (Volume 4&10), New Delhi : Encyclopedia Britannica (India) Pvt. Ltd .

Felski, Rita (1990), *Beyond Feminist Asthetic :Feminist Literature and Social Change*, New York : Cambridge.

Forster, E.M. (1990), *Aspects of The Novel,* London : Penguin Books .

Fox Genoves, Elizabeth (1991), *Feminism Without Illusion a Critique of Individualism*, North Carolina : The University of North Carolina.

Francis, Becky (2005), *Reassessing Gender and Achievement,* London and New York : Routledge.

Freedman, Jane (2002), *Feminism* , India : VIVA Books private Limited.

Gilbert, Sandra (1986), *Feminist Criticism : Women as Contemporary Critics* Grighton : Eng Haruester.

Glover, David and Kaplan, Cora (2007), *Genders* (1st Indian Reprint), India : Routledge

Goodman, Libeth (1996), *Literature and Gender* , London : Routledge in Association With the Open University.

Greene, Gayle and Coppelia (1994), *Making a Difference : Feminist Literary Criticism,* London : Routledge.

Greenblati, Stephen (1992), *Redrawing the Boundaris,* New York : The Modern Language Association of America.

Groden, Michael and Kreiswirth, Martin (1994), *The Johns Hopkins Guide to Literary Theory & Criticism,* Baltimore and London : The Johns Hopkins University Press.

Guerin Wilfred & Others (1999), *A Handbook of Critical Approaches to Literature* (4th edition) , New York : Oxford University Press.

Habib , M. A.R. (2006), *A History of Literary Criticism* (1st Indian reprint), U.S.A., U.K. , Australia : Blackwell Publishing.

Harasym, Sarah (1990), *The Postcolonial Critic,* New York & London : Routledge.

Hawthorn, Jeremy (2000), *A Glossary of Contemporary Literary Theory* (4th edition*),* London : Arnold.

Helen Vendeler (1990), *Feminism and Literature,* New York : Review of Books.

Heywood, Leslie l. (2007), *The Women's Movement Today,* (Indian Reprint, Volume 1+2) , U.S.A. : Greenwood Publishing Group.

Hornby, A. S. (2000), *Oxford Advanced Learner's Dictionary* (6th edition), New York : Oxford University Press.

Jeanne C. Reesman, R Willingham John (1992), *A Handbook of Critical Approches to Literature* (3rd edition) , New York : Oxford University Press.

Jefferson, Ann and Robey David (ed.1986) , *Mordern Literary Theory* (2nd edition), London : B.T. Batsford Ltd.

Judith, Harlan (1998), *Feminism a Reference Handbook,* Santa Barbara, California, Denver : Colorado Oxford .

Kaplan, Sydney Janet (1976), *Feminine Consciousness in The Mordern British Novel* Urbana, Chicago, London :Uuniversity of Illinois Press.

Klages, Mary (2008), *Literary Theory, A Guide for The Perplexed* , New York : Continuum International Publishing Group.

Knellwolf, Christa and Norris, Christopher (2001), *Literary Criticism,* London : Cambridge University Press.

Lee, Jen-der (March 1993), "The life of women in The Six Dynasties", *Journal of Women and Gender Studies, p. 47-77.*

Lodge, David (1988), *Mordern Criticism and Theory*, London and New York : Longman.

Lorber, Judith (2005), *Gender Inequality (3rd edition),* California : Roxbury Publising Company.

Lu, Yu-hsia (March 1993), "Sex Role Attitude and The Employment of Married Women*", Journal of Women and Gender Studies,* P. 137-172.

Madsen, Deborah L. (2000), *Feminist Theory and Literary Practice* ,London, Sterling, Virginia : Pluto Press.

Mcglen, Nancy E& O'connor, Karen (1995), *Women, Politics and American Society ,*

New Jersey : Prentice Hall.
Millet, Katte (1977), *Sexual Politics,* London : Virago
Morton, Stephen (2007) *Gayatri Chakravorty Spivak* (1st Indin reprint) , New York: Routledge.
Murfin, Ross & Ray Supryia M. (2003), *The Bedford Glossary of Critical and Literary Terms* (2nd edition), U.S.A. : Bedforst.Martin's.
Myers, Kristen A. & Others (1997), *Feminist Foundations,* Thousand Oaks, London, New Delhi : SAGE Publications.
Newton, K.M. (1997)*, Twentieth –Century Literary Theory* , Hampshire & London : Macmillan Press Ltd.
Newton, Judith & Rosenfelt ,Deborah (1985), *Feminist Criticism and Social Change.* Newyork and London : Methuen.
Payne, Michael (2000), *A Dictionary of Cultural and Critical Theory ,* U.K. : Blackwell Publishers Ltd.
Prior, Mary (1996), *Women in English Society 1500-1800 ,* New York : Routledge.
Ren, Hai, (March 1993), "Postmodernism, Feminism and Their Debate", *Journal of Women and Gender Studies, P. 245-259.*
Robinson, Lillian (1978), *Class and Culture,* Indiana : Bloomingtion .
Ruthven, K.K. (1991), *Feminist Literary Studies (reprinted)*, New york, Port Chester, Melbourne, Sydney : Cambridge University Press.
Ruth, Sheila (1990), *Issues in Feminism* (2nd edtion) , California, London, Toronto : Mayfield Publishing Company .
Ryan, Michael (2004), *Literary Theory* (2nd Indian reprint), U.S.A : Blackwell Publishers Inc.
Sarup, Madan (1993), *An Introductory Guide to Poststructuralism and Post Modernism* (2nd ed.), England : Pearson Education Limited .
Selden, Raman & Others (2006), *A Reader's Guide to Contemporary Literary Theory* (5th ed.), India : Dorling Kindersley Pvt.Ltd .
Showalter, Elaine, (ed 1981), *Feminist Criticism in The Wilderness, Critical Inquairy, Special Issue on Writing Difference* .NewYork: Panthon.
Simons, Jon (2005), *Contemporary Critical Theorists From Lacan to Said*, (1st Indian Reprint) , New Delhi : Atlantic.
Tyson, Lois (1999),*Critical Theory Today ,* New York and London : Garland

Publishing.

Tuna, Nancy & Tong Rosemarie (1995), *Feminism and Philosopy* ,Boulder, San Francisco, Oxford : Westview Press.

Walters, Margaret (2007), *Feminism, A Very Short Introduction* (1st Indian edition) , New Delhi : Oxford University press.

Watkins, Alice & Others (1999) , *Introducing Feminism*, Australia : Allen & Unwin Pvt. Ltd.

Waugh, Patricia (2006), *Literary Theory and Criticism*, Oxford : Oxford university Press.

Weedon, Chris (1992), *Feminist Practice & Poststcructuralist Theory* (reprinted), Oxford : Blackwell Publishers.

Wiesner -Hanks, Merry E .(2001), *Gender in History,* USA : Blackwell Publishers.

Wnang, Ya-Ko (March 1993), "Contested Accommodation : Student Feminist at Two Catholic Campuses", *Journal of Women and Gender Studies*, P.81-108.

Wolfreys, Julian (2001), *Introducing Literary Theories, A Guide and Glossary* , Edinburgh : Edinburgh university press Ltd.

Wolfreys, Julian & Bakers, William (1996), *Literary Theories ,* Hampshire and London : Macmillan press Ltd .